# सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा

खुला विद्यालय कक्षा ११ र १२ सरह

स्वाध्याय सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

# सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा

*(खुला विद्यालय कक्षा ११ र १२ सरह)*

## स्वाध्याय सामग्री


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०८०

# भूमिका

खुला विद्यालय शिक्षा कार्यक्रमले शिक्षाको पहुँच विस्तारका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । खुला शिक्षा पद्धतिको मुख्य उद्देश्य आर्थिक, सामाजिक, भौगोलिक तथा अन्य कारणबाट विद्यालय शिक्षा पूरा गर्न नसकेका बालबालिका तथा विद्यालय उमेर कटिसकेका व्यक्तिलाई शिक्षाको मूल धारमा ल्याउनु रहेको छ । विद्यालय शिक्षाको पाठ्यक्रममा आधारित भएर विभिन्न विषयका सामग्रीहरू विकास गरी सार्वजनिकीकरण गरिएको छ । माध्यमिक तहको नयाँ पाठ्यक्रमअनुसार कक्षा ११ र १२ को समकक्षता हुने गरी अनिवार्य सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयको स्वाध्याय सामग्री विकास गरिएको छ ।

औपचारिक शिक्षा कक्षा ११ र १२ का अनिवार्य विषयमध्ये 'सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा' विषयको पाठ्यक्रमका आधारमा खुला विद्यालयतर्फका लागि यो स्वाध्याय सामग्री विकास गरिएको छ । कक्षा १० पूरा गरेका व्यक्तिले दुई वर्षसम्मको स्वाध्ययपछि कक्षा ११ र १२ को परीक्षामा सहभागी हुने गरी कक्षा ११ र १२ का सक्षमतालाई समेट्ी विषयवस्तुहरूलाई यस सामग्रीमा समावेश गरिएको छ । सामग्रीमा विद्यार्थीले आफैँले पढेर सिक्नका लागि सरल र व्यावहारिक विषयवस्तु तथा सिकारुमैत्री क्रियाकलापहरू यथासम्भव गरिएका छन् । यो सामग्री पाठ्यपुस्तकको सट्टामा नभई परिपूरक पाठ्यसामग्रीका रूपमा रहने गरी विकास गरिएको छ ।

यस स्वाध्याय सामग्रीको लेखन सूर्यबहादुर गुरुङ र दीपिका शर्माबाट भएको हो । सामग्री विकास कार्यको संयोजन केन्द्रका उपमहानिर्देशक रुद्रप्रसाद अधिकारी, समन्वय तथा व्यवस्थापन निर्देशक सविता दङ्गाल र शाखा अधिकृत भीमादेवी कोइरालाबाट भएको हो । यसको विषयवस्तु सम्पादन हेमराज खतिवडा र भाषा सम्पादन चिनाकुमारी निरौला तथा चित्र र लेआउट डिजाइन जयराम कुइँकेलबाट भएको हो । सामग्रीको विकास कार्यमा संलग्न सबैलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद प्रकट गर्दछ । सामग्रीलाई अझै परिष्कृत पार्नका लागि प्राप्त हुने रचनात्मक सुझाव तथा प्रतिक्रियाका लागि केन्द्र सदैव स्वागत गर्दछ ।

महानिर्देशक

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची


| भाग एक : कक्षा ११ | | १ |
|---|---|---|
| एकाइ/पाठ | विषय | पृष्ठ सङ्ख्या |
| एकाइ १ | सामाजिक तथा जीवनोपयोगी शिक्षाको अवधारणा | २ |
| पाठ १ | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अर्थ, स्वरूप र महत्त्व | ३ |
| पाठ २ | सामाजिक अध्ययन, सामाजिक शिक्षा र सामाजिक विज्ञानको अन्तरसम्बन्ध | ८ |
| पाठ ३ | सामाजिक अध्ययनका सिप र जीवनोपयोगी सिपको अवधारणा | १२ |
| एकाइ २ | जीवनोपयोगी सिपका रूपमा डिजिटल सिप तथा सामान्य अनुसन्धान सिप | १५ |
| पाठ १ | डिजिटल साक्षरता | १६ |
| पाठ २ | सञ्चार एप्लिकेसनहरूको प्रयोग | २३ |
| पाठ ३ | अनलाइन भुक्तानी | ३० |
| पाठ ४ | इन्टरनेट र सामाजिक सञ्जालको उत्तरदायी प्रयोग | ३४ |
| एकाइ ३ | जीवनोपयोगी सिप | ३८ |
| पाठ १ | निर्णय प्रक्रिया | ३९ |
| पाठ २ | समस्या समाधान | ४४ |
| पाठ ३ | सञ्चार सिप | ४७ |
| पाठ ४ | तनाव व्यवस्थापन | ५३ |
| पाठ ५ | अन्तरवैयक्तिक सिपहरू | ५७ |
| एकाइ ४ | मानव समाजको उद्भव र दर्शन | ६१ |
| पाठ १ | मानव जातिको उद्भव र विकासक्रम | ६२ |
| पाठ २ | मानव तथा समाजको उद्भव र विकास | ६८ |
| पाठ ३ | ढुङ्गे युगको संस्कृति | ७२ |
| पाठ ४ | कृषि युगको सुरुआत र विकास | ७६ |
| पाठ ५ | पुँजीवादी र औद्योगिक विश्व | ७९ |
| पाठ ६ | वर्तमान विश्व परिवेश र सामाजिक व्यवहार | ८३ |
| एकाइ ५ | भूगोल र सामाजिक जीवन | ८७ |
| पाठ १ | विश्व मानचित्रमा नेपाल | ८८ |
| पाठ २ | मानव र वातावरण | ९१ |

| | | |
|---|---|---|
| पाठ ३ | भौगोलिक विविधताले समाजमा पारेको प्रभावहरू | ९५ |
| पाठ ४ | नेपालका पर्यावरणीय क्षेत्रहरूका विविध आयाम र तिनका विशेषताहरू | ९९ |
| एकाइ ६ | विश्वको इतिहास | १०३ |
| पाठ १ | विश्वको इतिहासको लेखन र मूल प्रवृत्ति | १०४ |
| पाठ २ | मध्यकालीन एसियाको आर्थिक उदय र सङ्कुचन | १०९ |
| पाठ ३ | औद्योगिक क्रान्ति | ११४ |
| पाठ ४ | लोकतन्त्रको उदय र विकास | ११८ |
| एकाइ ७ | नेपालमा जात प्रथा | १२२ |
| पाठ १ | बहुजातीयता, बहुसांस्कृतिकता र सामाजिक एकता | १२३ |
| पाठ २ | नेपालमा जात प्रथा | १२७ |
| पाठ ३ | जाति जनजाति | १३० |
| पाठ ४ | दलित सवाल | १३४ |
| एकाइ ८ | संविधान र नागरिक चेतना | १३९ |
| पाठ १ | नेपालको संविधान विगत र वर्तमान | १४० |
| पाठ २ | वर्तमान संविधानको राजनीतिक, कानुनी, आर्थिक र सांस्कृतिक विशेषता | १४४ |
| पाठ ३ | नेपालमा निर्वाचन प्रणाली | १४८ |
| पाठ ४ | राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सुरक्षा | १५३ |
| एकाइ ९ | बस्ती, जनसङ्ख्या र विकास | १५८ |
| पाठ १ | मानव बस्ती | १६१ |
| पाठ २ | जनसङ्ख्या र विकास | १६४ |
| पाठ ३ | जनसङ्ख्याको सङ्क्रमण, उमेर संरचनाको सङ्क्रमण र ............ | १६८ |
| पाठ ४ | जनसङ्ख्या व्यवस्थापन | १७२ |
| एकाइ १० | अर्थतन्त्र र विकास | १७५ |
| पाठ १ | नेपालको अर्थतन्त्रका आधार र विशेषताहरू | १७६ |
| पाठ २ | सार्वजनिक, निजी तथा सहकारी क्षेत्र | १८३ |
| पाठ ३ | स्थानीय, औपचारिक र अनौपचारिक कारोबार | १८८ |
| पाठ ४ | कृषि, उद्योग, निर्माण र सामाजिक क्षेत्रले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव | १९३ |
| पाठ ५ | नेपालमा श्रमशक्ति, रोजगारी र उद्यमशीलता | १९८ |
| पाठ ६ | विप्रेषण र नेपाली अर्थतन्त्र | २०३ |

| | | |
|---|---|---|
| पाठ ७ | सरकारी वित्त | २०७ |
| एकाइ ११ | स्वास्थ्य सेवा र सामाजिक विकास | २१२ |
| पाठ १ | नेपालमा स्वास्थ्य सेवा | २१३ |
| पाठ २ | आधुनिक र परम्परागत स्वास्थ्य सेवा पद्धति | २१८ |
| पाठ ३ | स्वस्थ जीवनशैली र सामाजिक जीवन | २२२ |
| पाठ ४ | योग तथा ध्यानको महत्त्व र अभ्यास | २२८ |
| पााठ ५ | स्वस्थ जीवनशैली र हाम्रो दैनिकी | २३४ |
| पाठ ६ | मितव्ययी जीवनशैली र आर्थिक व्यवस्थापन | २३८ |

| भाग दुई : | कक्षा १२ | २४१ |
|---|---|---|
| एकाइ/पाठ | विषय | पृष्ठ सङ्ख्या |
| एकाइ १ | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अवधारणा | २४२ |
| पाठ १ | सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अन्तरसम्बन्ध | २४३ |
| पाठ २ | जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ ............. | २४६ |
| एकाइ २ | जीवनोपयोगी सिपका रूपमा डिजिटल सिप तथा सामान्य अनुसन्धान सिप | २५४ |
| पाठ १ | सामाजिक अध्ययनमा खोज तथा अनुसन्धान | २५५ |
| पाठ २ | सामाजिक अध्ययनमा सहसम्बन्ध तथा कार्यकारण सम्बन्धको अवधारणा | २६० |
| पाठ ३ | लेखन कार्यमा अरूको लेख रचनाको प्रयोग गर्दा ध्यान दिनुपर्ने नैतिक पक्ष | २६२ |
| पाठ ४ | सामाजिक अध्ययनका लागि समस्या निर्माण, अध्ययन विधि र साधन | २६५ |
| पाठ ५ | तथ्याङ्क र सूचनाको विश्लेषण र प्रस्तुतीकरण | २७१ |
| पाठ ६ | तथ्याङ्क प्रशोधन र विश्लेषणमा माइक्रोसफ्ट एक्सेल (Ms Excel) को प्रयोग | २७७ |
| पाठ ७ | शाब्दिक जानकारीलाई प्रस्तुत गर्ने तरिका | २८२ |
| एकाइ ३ | जीवनोपयोगी सिप | २८५ |
| पाठ १ | जीवनोपयोगी सिपको ऐतिहासिक पृष्ठभूमि, वर्गीकरण र अभ्यास | २८६ |
| पाठ २ | जीवनोपयोगी सिप र तिनको व्यावहारिक प्रयोग | २८९ |
| पाठ ३ | सिर्जनात्मक चिन्तन | २९८ |
| पाठ ४ | समानुभूति | ३०३ |
| पाठ ५ | आत्मबोध | ३०७ |

| | | |
|---|---|---|
| पाठ ६ | संवेग व्यवस्थापन | ३१५ |
| **एकाइ ४** | **समाजको विकास र दर्शन** | **३२१** |
| पाठ १ | वर्तमान विश्वका सामाजिक विविधता र विशेषता | ३२२ |
| पाठ २ | सामाजिक सम्बन्धहरूको विकास र सामाजिक अन्तर्निर्भरता | ३२६ |
| पाठ ३ | जीवन दर्शन, सामाजिक मूल्य मान्यता र सामाजिक व्यवहार | ३३१ |
| पाठ ४ | समुदायमा आएका परिवर्तन र सामाजिक रूपान्तरण | ३३७ |
| **एकाइ ५** | **भूगोल र सामाजिक जीवन** | **३४१** |
| पाठ १ | नेपालका प्रशासनिक प्रदेशको परिचय र तिनका विशेषता | ३४२ |
| पाठ २ | अन्तरप्रादेशिक सम्बन्धका आयाम | ३५५ |
| पाठ ३ | नेपालमा विपत् | ३५९ |
| पाठ ४ | भूगोल र सामाजिक जीवनमा सूचना प्रविधि | ३६५ |
| पाठ ५ | सामाजिक नक्साङ्कनमा भूसूचना प्रणालीको प्रयोग | ३७१ |
| **एकाइ ६** | **नेपालको इतिहास** | **३७४** |
| पाठ १ | नेपालको प्राचीन इतिहास | ३७५ |
| पाठ २ | मध्यकालीन राजनीतिक अवस्था | ३८४ |
| पाठ ३ | मध्यकालीन अर्थतन्त्र, कानुन, संस्कृति र कलाकौशल | ३९३ |
| पाठ ४ | आधुनिक कालको राजनीतिक अवस्था | ३९८ |
| पाठ ५ | आधुनिक काल: राज्यसत्ता अर्थतन्त्र, कानुन, संस्कृति र कलाकौशल | ४११ |
| **एकाइ ७** | **सामाजिक पहिचान र विविधता** | **४१९** |
| पाठ १ | सामाजिक वर्ग, वर्ग विभाजन र सामाजिक रूपान्तरण | ४२० |
| पाठ २ | धार्मिक तथा क्षेत्रीय पहिचान र समावेशीकरण | ४२४ |
| पाठ ३ | लैङ्गिक सवाल | ४३२ |
| **एकाइ ८** | **संविधान र नागरिक चेतना** | **४३९** |
| पाठ १ | सरकारको गठन प्रक्रिया | ४४० |
| पाठ २ | सरकारका काम कर्तव्य र अधिकार | ४४७ |
| पाठ ३ | नागरिक अधिकार र कर्तव्य | ४५७ |
| पाठ ४ | मुलुकी संहिता | ४६७ |

| | | |
|---|---|---|
| पाठ ५ | सूचनाको हक | ४८२ |
| पाठ ६ | सदाचार र सामाजिक जवाफदेही | ४८७ |
| एकाइ ९ | सहरीकरण र बसाइँसराइ | ४९४ |
| पाठ १ | सहरीकरण | ४९५ |
| पाठ २ | नेपालमा सहरीकरणका मापदण्ड, विस्तार र प्रवृत्ति | ४९९ |
| पाठ ३ | गाउँ सहर सम्बन्ध | ५०५ |
| पाठ ४ | बसाइँसराइ | ५०९ |
| पाठ ५ | बसाइँसराइको प्रवृत्ति र प्रभाव | ५१४ |
| पाठ ६ | सुरक्षित एवम् मर्यादित आप्रवासन | ५१९ |
| एकाइ १० | अर्थतन्त्र र विकास | ५२४ |
| पाठ १ | नेपालको अर्थतन्त्र र विकास | ५२४ |
| पाठ २ | नेपालको विदेश नीति र नेपाल भारत तथा नेपाल चीन सम्बन्ध | ५३२ |
| पाठ ३ | नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध | ५३९ |
| पाठ ४ | नेपालको वैदेशिक व्यापार | ५४७ |
| पाठ ५ | नेपालको वैदेशिक श्रमसम्बन्धी नीति | ५५२ |
| पाठ ६ | नेपालमा गरिबी चक्र र सम्बोधनका उपायहरू | ५५६ |
| एकाइ ११ | शिक्षा र सामाजिक विकास | ५६१ |
| पाठ १ | शिक्षा र मानव संसाधन विकास | ५६२ |
| पाठ २ | शिक्षामा पहुँच र समावेशिता | ५६७ |
| पाठ ३ | शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तन | ५७२ |
| पाठ ४ | शिक्षामा समुदायको सहभागिता | ५७८ |
| पाठ ५ | शिक्षा र रोजगार | ५८३ |

# भाग एक

# कक्षा ११

## एकाइ १ सामाजिक तथा जीवनोपयोगी शिक्षाको अवधारणा

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धिहरू हासिल गर्ने लक्ष्य राखिएको छ :

१. सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अर्थ, स्वरूप र महत्त्व बताउन

२. सामाजिक अध्ययन, सामाजिक शिक्षा र सामाजिक विज्ञानको अन्तरसम्बन्ध खोजी गर्न

३. सामाजिक अध्ययनका सिप र जीवनोपयोगी सिपको अवधारणा उल्लेख गर्न





# पाठ १ सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अर्थ, स्वरूप र महत्त्व

मानिस सामाजिक प्राणी हो । ऊ समाजमा जन्मन्छ, समाजमा नै हुर्कन्छ र अन्त्य पनि समाजमा नै हुन्छ । सामान्यतया महिला र पुरुषबिचको वैवाहिक सम्बन्ध स्थापित भएपछि मानिसको जन्मले समाजमा वैधता प्राप्त गर्छ । मानिसको मृत्युपछि पनि मृत्यु संस्कारसँग सम्बन्धीत विभिन्न क्रियाकलापहरू समाजमा नै गरिन्छ । समाजको अध्ययनबाट समाजका विभिन्न आयामहरूका बारेमा थाहा पाइन्छ । समाजको प्रकृतिअनुसारको जीवनोपयोगी सिपहरूको प्रयोग गरी मानव जीवनलाई सार्थक बनाउन सकिन्छ । यस पाठमा हामी सामाजिक अध्ययन र जीवनोपयोगी सिपका बारेमा चर्चा गर्ने छौँ ।

## १. सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अर्थ

सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा दुई भिन्ना भिन्नै विषय भए तापनि एकअर्कासँग सम्बन्धीत छन् । सामाजिक अध्ययन समुदाय तथा वातावरणमा मानवले पार्ने प्रभाव र वातावरण तथा समुदायले मानवको जीवनमा पार्ने प्रभावका बारेमा दोहोरो अध्ययन गर्ने विषय हो । जीवनोपयोगी शिक्षा मानिसलाई समाजमा सफल हुन आवश्यक पर्ने विभिन्न व्यावहारिक सिपहरूका बारेमा ज्ञान दिने विषय हो । यी दुई विषयहरूका अर्थ छुट्टाछुट्टै चर्चा गर्नु राम्रो हुन्छ ।

### सामाजिक अध्ययनको अर्थ

सामान्य अर्थमा सामाजिक अध्ययन भन्नाले समाजसँग सम्बन्धीत विभिन्न पक्षका बारेमा खोजी गर्नु, अध्ययन गर्नु, विश्लेषण गर्नु भन्ने बुझिन्छ । यसको व्यापक अर्थ मानव र उसको भौतिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा आर्थिक वातावरणसँगको सम्बन्धका बारेमा अध्ययन गर्नु हो । सामाजिक अध्ययनका बारेमा दिइएका केही परिभाषाहरू यसप्रकार छन् :

१. "सामाजिक अध्ययनले मानव र उसको सामाजिक तथा भौतिक वातावरणसँगको अन्तरक्रिया तथा मानवीय सम्बन्धको व्याख्या गर्छ ।"- जोन माइकल

२. "सामाजिक अध्ययन नागरिक सक्षमता विकास गर्नका लागि गरिने सामाजिक विज्ञानको एकीकृत अध्ययन हो । यसले विद्यालय कार्यक्रमअन्तर्गत भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, मनोविज्ञान, धर्म, संस्कृति, कला मात्र होइन कि गणित र विज्ञानसमेतका उपयुक्त विषयवस्तुहरूको समन्वयात्मक र व्यवस्थित अध्ययन गर्छ ।शसामाजिक अध्ययनको पहिलो उद्देश्य विद्यार्थीलाई यस अन्तरसम्बन्धीत विश्वमा सार्वजनिक भलाइका लागि सांस्कृतिक विविधता एवम् प्रजातान्त्रिक समाजका बारेमा सुसूचित गराउनु र तर्कपूर्ण निर्णय लिन सहयोग गर्नु हो ।" स्रोत : ***NATIONAL COUNCIL FOR THE SOCIAL STUDIES*** *(NCSS)-US*

उपर्युक्त परिभाषाहरूको अध्ययन र विश्लेषण गर्दा सामाजिक अध्ययन भन्नाले निम्न कुराहरू पर्छन् :

१. सामाजिक अध्ययन मानिस र वातावरणबिचको सम्बन्ध व्याख्या गर्ने विषय हो ।
२. यो नागरिक सक्षमता विकास गर्नका लागि गरिने सामाजिक विज्ञान जस्तैः भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र आदिको एकीकृत अध्ययन हो ।

## जीवनोपयोगी शिक्षाको अर्थ

जीवन सफल हुनका लागि मानिसलाई विभिन्न मनोसामाजिक तथा अन्तरवैयक्तिक सिपहरूको आवश्यकता पर्छ । सञ्चार सिप, सहकार्य, सहयोग, सिर्जनात्मक सिप, समस्या समाधान सिप, नेतृत्व सिप, सूचना प्रविधि सिप आदि जीवनोपयोगी सिपहरू हुन् । यी सिपले मानिसलाई जीवनमा आइपर्ने कुनै पनि समस्याको समाधान गर्न सक्षम बनाउँछन् । यसले व्यक्तिमा आफ्नो विचारले समाजको नेतृत्व गर्न सक्ने बनाउँछ । यसरी व्यक्तिको व्यक्तित्वलाई प्रभावकारी बनाउने विभिन्न कला, सिप र क्षमताको विकासमा सहयोग पुऱ्याउने शिक्षा जीवनोपयोगी शिक्षा हो ।

## सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको स्वरूप

सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा फरक प्रकृति भएका विषयहरू हुन् । यिनीहरूका स्वरूप अन्य विषयका भन्दा फरक छन् । सामाजिक अध्ययन र जीपनोपयोगी शिक्षाका स्वरूपलाई निम्नानुसार छुट्टाछुट्टै वर्णन गरिन्छ :

## सामाजिक अध्ययनको स्वरूप

सामाजिक अध्ययन एक बहुविषयक तथा बहुआयामिक विषय हो । यसले भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्रलगायतका विभिन्न सामाजिक विज्ञानहरूका व्यावहारिक पक्षका विषयवस्तुहरूलाई समेटेको छ । यो वास्तवमा हरेक नागरिकले अध्ययन गर्नुपर्ने व्यापक क्षेत्र भएको विषय हो । यसको क्षेत्र सीमित गर्न सकिँदैन । व्यक्ति, परिवार, समुदाय, समाज, राष्ट्र हुँदै विश्व परिवेशका मानिसको जीवनसँग सम्बन्धीत सबै विषयवस्तु यसको क्षेत्रभित्र पर्छन् । यसको अध्ययनको क्षेत्र व्यक्तिबाट सुरु भएर विश्वसम्म फैलिएको हुन्छ भने विश्वको कुनै पनि कुराले राष्ट्र, समाज हुँदै व्यक्तिसम्मलाई प्रभाव पारेको हुन्छ । विषयवस्तुको ज्ञान, लोकतान्त्रिक आचरण, सार्थक अभिवृत्तिको विकास, सामाजिकीकरण, राष्ट्रियताको भावना, सांस्कृतिक सम्मान, पर्यावरण संरक्षण आदि सामाजिक अध्ययनका आयामहरू हुन् । सामाजिक अध्ययनका क्षेत्र र आयामहरू निम्नलिखित तालिकाबाट पनि प्रस्ट पार्न सकिन्छ । यसको अध्ययनबाट सामाजिक अध्ययनको स्वरूप प्रस्ट हुन्छ :







## जीवनोपयोगी शिक्षाको स्वरूप

जीवनोपयोगी शिक्षा मानिसलाई विभिन्न खालका जीवनोपयोगी सिप सिकाउने एक नयाँ विषय हो । यसले अन्तरक्रियात्मक तथा सहभागितामूलक सिकाइ विधिहरूको प्रयोग गरी हरेक व्यक्तिलाई जीवनोपयोगी ज्ञान र सिप सिकाइले उसमा सकारात्मक अभिवृत्तिको विकास गराउँछ । यसले विश्व परिवेशअनुसार मानिसहरूबिच सम्बन्ध स्थापित गर्दै समयअनुकूल सफल जीवनयापन गर्न विभिन्न सिपहरू सिकाउँछ । जीवनोपयोगी शिक्षाका स्वरूपलाई निम्नलिखित बुँदामा प्रस्ट पार्न सकिन्छ :

१. मस्तिष्क मन्थन, भूमिका निर्वाह, घटना अध्ययन आदि जस्ता प्रयोगात्मक तथा सहभागितामूलक विधिहरूको प्रयोग गरी यस विषयको शिक्षण सिकाइ सम्पन्न हुन्छ ।

२. आत्मसम्मान, आत्मविश्वास, तनाव व्यवस्थापन, दृढता, स्वचेतना आदि वैयक्तिक सिपहरू हुन् । सञ्चार, समानुभूति, द्वन्द्व व्यवस्थापन, अन्तरवैयक्तिक सम्बन्ध आदि अन्तरवैयक्तिक सिपहरू हुन् । जीवनोपयोगी शिक्षामा यी दुवैको सम्मिश्रण हुन्छ ।

३. जीवनोपयोगी शिक्षाले ज्ञान मात्र नदिई विभिन्न व्यवहारकुशल सिपहरूको विकासमा जोड दिन्छ ।

४. यो विषय एक गतिशील विषय हो ।

५. विभिन्न क्षेत्र, परिवेश, समाज, धर्म, संस्कृतिअनुसार जीवनोपयोगी शिक्षाको अवधारणा फरक हुन्छ । किनकि विभिन्न परिस्थितिमा आवश्यक पर्ने जीवनोपयोगी सिपहरू फरक हुन्छ ।

## सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको महत्त्व

सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा दुवै महत्त्वपूर्ण विषयहरू हुन् । दुवै विषय मानिसलाई समाजमा सहज जीवनयापन गरी सफलता प्राप्त गर्न सहयोग गर्ने विषय हुन् । सामाजिक अध्ययन विषयको सिकाइ क्रियाकलाप तथा परियोजना कार्य गर्दा पनि जीवनोपयोगी सिप हासिल हुन्छन् । त्यस क्रममा समूहमा काम गर्ने, एकअर्कामा कुराकानी गर्ने, सहकार्य गर्ने, सहयोग गर्ने, नेतृत्व गर्ने, समस्या समाधान गर्ने एवम् सिर्जनात्मक कार्य गर्ने प्रशस्त अवसर हुन्छ । सामाजिक अध्ययन र जीवनोपयोगी सिप एकअर्काकासँग सम्बन्धीत विषय हुन् । त्यसैले यस विषयलाई सामाजिक अध्ययन तथा जीवनोपायोगी शिक्षा विषयका रूपमा एकीकृत गरिएको हो ।

सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाले विभिन्न ज्ञान र सिप प्रदान गर्दै मानिसमा सकारात्मक अभिवृत्तिको विकास गराउँछ । व्यक्तिलाई आफ्नो देशको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, राजनीतिक अवस्थाका बारेमा जानकारी गराई त्यसमा समायोजन हुन सिकाउँछ । असल, सक्षम, सिर्जनशील, देशप्रेमी नागरिक तयार गरी देशको योजनाकार, प्रशासक, प्राविधिक, नेतृत्वकर्तालगायत देश हाँक्ने जनशक्ति उत्पादन गर्न सहयोग गर्छ । यस विषयले प्रजातान्त्रिक मूल्य र मान्यता तथा सकारात्मक सोच भएका चरित्रवान्, मिहिनेती, इमानदार, उत्तरदायी जनशक्ति उत्पादनमा सहयोग पुऱ्याउँछ । हाम्रा संस्कृति, मौलिक परम्परा, राष्ट्रिय सम्पदाहरू आदिको संरक्षण गर्दै सभ्य समाज निर्माण गर्न सहयोग गर्छ । आफ्नो समाजमा हुने विविध प्रंकारका गतिविधिहरूको अध्ययन गरी तिनको कारण खोज्न, बुझ्न, विश्लेषण गर्न र सोअनुसार समायोजन हुन पनि सिकाउँछ ।

### क्रियाकलाप

१. पाठमा दिइएका सामाजिक अध्ययनका आयामहरूका बारेमा विभिन्न स्रोतहरूबाट अध्ययन गर्नुहोस् र सम्पर्क कक्षामा आफूले जानेका कुराहरू सहपाठी साथीहरूलाई भन्नुहोस् । अरू साथीहरूले भनेका कुराहरू पनि सुन्नुहोस् र अन्तरक्रियामा आएका महत्त्वपूर्ण कुराहरू बुँदा टिपोट गर्नुहोस् ।

२. सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षाका स्वरूपहरू आफ्नै शब्दमा वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् र आफ्नो सिकाइ समूहमा सुझावका लागि पठाउनुहोस् ।

*(यस क्रियाकलापका लागि म्यासेन्जर, भाइबर, गुगल क्लास रुम आदि जस्ता कुनै सामाजिक सञ्जालमा सिकाइ समूह निर्माण गरी आवश्यक विषयवस्तुहरू आदानप्रदान गरिन्छ भन्ने अपेक्षा गरिएको छ । सामाजिक सञ्जालमा सिकाइ समूह निर्माण गरिदिन सबै सम्पर्क विद्यालयका सहजकर्ताज्यूहरूलाई अनुरोध गरिन्छ । पछिल्ला पाठहरूमा पनि यस्तो क्रियाकलापहरू हुने हुनाले यसलाई अनिवार्य गराइदिनुहुन अनुरोध गरिन्छ ।)*

### अभ्यास

अति छोटा उत्तर आउने प्रश्नहरू

(क) सामाजिक अध्ययन भनेको के हो ?

(ख) सामाजिक अध्ययन कस्तो विषय हो ? यसको स्वरूपका बारेमा तपाईँलाई के थाहा छ ?

(ग) कक्षा ११ मा सामाजिक अध्ययन विषयको अध्ययन किन आवश्यक छ ?

(घ) जीवनोपयोगी शिक्षाका बारेमा तपाईँलाई के थाहा छ ? एक वाक्यमा लेख्नुहोस् ।

(ङ) जीवनोपयोगी शिक्षाले मानिसको जीवनमा कस्तो परिवर्तन ल्याउला ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) सामाजिक अध्ययनको अर्थ र विशेषता आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ख) सामाजिक अध्ययनको क्षेत्र व्यापक छ । भन्ने कुरा पाठमा दिइएको चार्ट अध्ययन गरी प्रस्ट पार्नुहोस् ।

(ग) सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षाको महत्त्व वर्णन गर्नुहोस् ।

(घ) सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षाबिचको सम्बन्ध उल्लेख गर्नुहोस् ।

(ङ) जीवनोपयोगी शिक्षाका स्वरूपको वर्णन गर्नुहोस् ।

(च) "सामाजिक अध्ययन एक बहुविषयक तथा बहुआयामिक विषय हो ।" यो भनाइलाई आफ्नै शब्दमा पुष्टि गर्नुहोस् ।

## पाठ २ सामाजिक अध्ययन, सामाजिक शिक्षा र सामाजिक विज्ञानको भिन्नता र अन्तरसम्बन्ध

सामाजिक अध्ययन, सामाजिक शिक्षा र सामाजिक विज्ञान भिन्नाभिन्नै विषयहरू हुन् । यी तीनओटै विषयले मानव जीवनका विभिन्न पक्षहरूको अध्ययन, खोज र अनुसन्धान गर्छन् । एकै प्रकृतिका विषयहरू भए तापनि यिनीहरूबिच विभिन्न आधारमा भिन्नताहरू छन् । सामाजिक अध्ययन (मूल विषय) सँगको सामाजिक अध्ययन र सामाजिक विज्ञानको भिन्नता निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### सामाजिक अध्ययन र सामाजिक विज्ञानबिचको भिन्नता

मानविकी तथा समाजशास्त्रअन्तर्गत अध्ययन गरिने भूगोल, अर्थशास्त्र, मानवशास्त्र, नगारिकशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्रलगायतका विषयहरू सामाजिक विज्ञानहरू हुन् । यिनीहरूले मानव समाज र मानव सम्बन्धहरूको वैज्ञानिक एवम् व्यवस्थित अध्ययन गर्छन् । सामाजिक अध्ययनमा समाजको आवश्यकता, राष्ट्रको माग तथा सम्पूर्ण मानव समुदायको चाहनाअनुरूपका विभिन्न सामाजिक विज्ञानहरूका व्यावहारिक विषयवस्तुहरू समावेश गरिएको हुन्छ ।

| आधार | सामाजिक अध्ययन | सामाजिक विज्ञान |
|---|---|---|
| परिचय | मानव र उसको सामाजिक तथा भौतिक वातावरणसँगको अन्तरक्रिया तथा मानवीय सम्बन्धको व्याख्या गर्ने विषय सामाजिक अध्ययन हो । | मानव समाज र मानव सम्बन्धहरूको वैज्ञानिक एवम् व्यवस्थित अध्ययन गर्ने शास्त्र सामाजिक विज्ञान हो । |
| अस्तित्व | विभिन्न सामाजिक विज्ञानका विषयहरूको एकीकृत रूप सामाजिक अध्ययन हो । | स्वतन्त्र अस्तित्व भएको पूर्ण विकसित विज्ञान सामाजिक विज्ञान हो । |
| उपयोग | सामाजिक अध्ययन ज्ञानको उपयोगसँग सम्बन्धीत व्यावहारिक विषय हो । | सामाजिक विज्ञान ज्ञानको उत्पादनसँग सम्बन्धीत बढी सैद्धान्तिक विषय हो । |
| अध्ययनको प्रकृति | सामाजिक अध्ययनमा विषयवस्तुको सामान्य अध्ययन गरिन्छ । | सामाजिक विज्ञानमा विषयवस्तुको गहिरो अध्ययन गरिन्छ । |
| उद्देश्य | सामाजिक अध्ययनको उद्देश्य असल, सक्षम, सिर्जनशील सभ्य नागरिक तयार पार्ने हो । | यसको उद्देश्य विषय विज्ञ तयार गर्ने हो । |
| लक्षित समूह | सामाजिक अध्ययनको लक्षित समूह व्यापक हुन्छ । | सामाजिक विज्ञानको लक्षित समूह सीमित हुन्छ । |

## सामाजिक शिक्षा र सामाजिक अध्ययनबिचको फरक

मानिस चेतनशील सामाजिक प्राणी हो । उसले जन्मदेखि मृत्युपर्यन्त विभिन्न सामाजिक ज्ञान, सिप र अभिवृत्तिको विकास गरिरहेको हुन्छ । मानव जीवनका लागि आवश्यक यस्ता सामाजिक ज्ञान, सिप र अभिवृत्ति उसले निरन्तर रूपमा समाजका विविध गतिविधिबाट निरन्तर रूपमा सिकिरहेको हुन्छ । समाजमा विविध गतिविधिबाट सिकिने नियम, अनुशासन, रहनसहन, संस्कृति र व्यावहारिक कुराहरू नै सामाजिक शिक्षा हो । परिवार, समाज, राष्ट्रिय अन्तर्राष्ट्रिय गतिविधि, समसामयिक परिस्थिति तथा व्यक्तिगत भोगाइबाट हुने सिकाइ नै सामाजिक शिक्षा हो । सामाजिक शिक्षा निरन्तर रूपमा समाजमा विविध गतिविधिबाट हुने सिकाइ हो । सामाजिक शिक्षा अनौपचारिक रूपमा सिकिने ज्ञान, सिप र अभिवृत्ति हो । यो पढेरभन्दा परेर जानिने कुरा हो । सुन्दा एउटै लगे तापनि सामाजिक अध्ययन र सामाजिक शिक्षा फरक विषयहरू हुन् । यिनीहरूका बिचको फरकलाई निम्नानुसार उल्लेख गरिन्छ :


| आधार | सामाजिक अध्ययन | सामाजिक शिक्षा |
|---|---|---|
| परिचय | सामाजिक अध्ययन मानव र उसको सामाजिक तथा भौतिक वातावरणसँगको अन्तरक्रिया औपचारिक रूपमा अध्ययन गर्ने विषय हो । | मानिसले जीवनयापनका क्रममा जन्मदेखि मृत्युपर्यन्त अनौपचारिक रूपमा गरिने विभिन्न सामाजिक ज्ञान, सिप र अभिवृत्तिको सिकाइ नै सामाजिक शिक्षा हो । |
| सिकाइको आधार | यसको सिकाइ निश्चित पाठ्यक्रममा आधारित हुन्छ । | यसको सिकाइ खुला सिकाइका रूपमा हुन्छ । |
| सिक्ने प्रक्रिया | सामाजिक अध्ययनका विषयवस्तु सिकारु र सहजकर्ताबिचको अन्तरक्रिया र सहकार्यबाट सिकिन्छ । | सामाजिक शिक्षा जुनसुकै व्यक्ति, स्थान, र समयमा सिक्न सकिन्छ । |
| उद्देश्य | सामाजिक अध्ययनको उद्देश्य औपचारिक रूपमा विभिन्न सामाजिक विज्ञानका व्यावहारिक ज्ञानको शिक्षणमार्फत असल नागरिक निर्माण गर्नु हो । | सामाजिक शिक्षाको मुख्य उद्देश्य सामाजिक मूल्यमान्यता सिकाइ व्यक्तिको सामाजिकीकरण गर्नु हो । |
| क्षेत्र | यो एक स्थापित विषय भएकाले यसको क्षेत्र निश्चित र सीमित हुन्छ । | यो सामाजिकीकरण प्रक्रिया मात्र भएकाले यसको क्षेत्रको कुनै सीमा हुँदैन । |

## सामाजिक अध्ययन, सामाजिक शिक्षा र सामाजिक विज्ञानको अन्तरसम्बन्ध

सामाजिक अध्ययन, सामाजिक विज्ञान र सामाजिक शिक्षाबिच गहिरो सम्बन्ध छ । यी तीनैओटा विषय व्यक्तिको सामाजिकीकरणसँग सम्बन्धीत छन् । हरेक व्यक्तिलाई समाजमा समायोजन भई सफल जीवनयापनका लागि चाहिने ज्ञान, सिप र अभिवृत्तिका विकास र तिनको व्यावहारिक जीवनमा प्रयोगमा यिनै विषयहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यी विषयहरू एकअर्काका पूरक हुन् । सामाजिक विज्ञानले समाज विकासका लागि चाहिने भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, मनोविज्ञान आदि जस्ता विभिन्न सैद्धान्तिक विषय समेट्छ । सामाजिक अध्ययनका लागि चाहिने विभिन्न विषयवस्तु यिनै सामाजिक विज्ञानबाट नै प्राप्त हुन्छ । सामाजिक अध्ययन र सामाजिक विज्ञानबाट औपचारिक रूपमा सिकेका विषयवस्तुहरूको व्यावहारिक प्रयोग गर्न आवश्यक ज्ञान, सिप र अभिवृत्तिको विकास गर्ने कार्य सामाजिक शिक्षाले गर्छ । उदाहरणका लागि नेपालमा ग्रीष्ममा मौसमी वायुको प्रभावले पानी पर्छ भन्ने ज्ञान भूगोल (सामाजिक विज्ञान) ले सिकाउँछ । यस मौसममा छाता, रेनकोट, सेखु आदि जस्ता पानीबाट जोगाउने वस्तुहरूको व्यवस्था र प्रयोग गर्ने कुरा सामाजिक अध्ययनले सिकाउँछ । त्यसै गरी यी वस्तुहरूको उचित प्रयोग र संरक्षणका लागि आवश्यक ज्ञान, सिप र अभिवृत्तिको विकास सामाजिक शिक्षाले गराउँछ । त्यसैले सामाजिक विज्ञानबाट प्राप्त सैद्धान्तिक ज्ञानको व्यावहारिक प्रयोग गर्न सामाजिक अध्ययनले सिकाउँछ भने त्यसको व्यावहारिक अभ्यास सामाजिक शिक्षाले गराउँछ । यसै उदाहरणलाई आधार मान्दा कहिले पानी पर्छ भन्ने कुरा सामाजिक विज्ञानबाट थाहा हुन्छ भने के गर्ने भन्ने कुरा सामाजिक अध्ययनले सिकाउँछ । त्यसै गरी कसरी गर्ने भन्ने कुरा सामाजिक शिक्षाले सिकाउँछ, जस्तै: असार साउनमा पानी पर्ने कुरा सामाजिक विज्ञानबाट थाहा पाइन्छ । छाता किन्ने र ओड्ने कुरा सामाजिक अध्ययनले सिकाउँछ भने छाता राम्रोसँग ओड्ने, ओडिसकेपछि सुकाएर राख्ने र त्यसलाई जोगाउने कुरा सामाजिक शिक्षाले सिकाउँछ । यसबाट यो स्पष्ट हुन्छ कि यी तीनै विषयहरू एकको अभावमा अर्कोको अस्तित्व रहँदैन किनकि ज्ञानको अभावमा सिप र व्यावहारिक प्रयोगको अभावमा ज्ञान र सिपको कुनै अर्थ रहँदैन ।

### क्रियाकलाप

१. तलको तालिकाका आधारमा सामाजिक अध्ययन र विभिन्न सामाजिक विज्ञानहरूबिचको सम्बन्ध स्पष्ट पार्नुहोस् ।




२. पाठमा दिइएको जस्तै कुनै एक व्यावहारिक उदाहरणको प्रयोग गरी सामाजिक अध्ययन, सामाजिक शिक्षा र सामाजिक विज्ञानको अन्तरसम्बन्ध एक अनुच्छेदमा प्रस्ट पार्नुहोस् ।

## अभ्यास

अति छोटा उत्तर आउने प्रश्नहरू

(क) सामाजिक विज्ञान भनेको के हो ?

(ख) सामाजिक अध्ययनका कुनै दुई क्षेत्र लेख्नुहोस् ।

(ग) सामाजिक विज्ञान र सामाजिक अध्ययनबिचको सम्बन्ध एक वाक्यमा लेख्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) "सामाजिक विज्ञान सामाजिक अध्ययनको आधार हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ख) सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षाअन्तर्गतका विभिन्न एकाइ कुन कुन सामाजिक विज्ञानसँग सम्बन्धीत छन् ? पत्ता लगाउनुहोस् र केका आधारमा तिनीहरू सम्बन्धीत छन्, वर्णन गर्नुहोस् ।

(ग) सामाजिक अध्ययन, सामाजिक शिक्षा र सामाजिक विज्ञानबिचको अन्तरसम्बन्ध देखाउनुहोस् ।

(घ) सामाजिक अध्ययन र सामाजिक शिक्षाबिचको भिन्नता आफ्नै शब्दमा लेख्नुहोस् ।

(ङ) सामाजिक अध्ययन, सामाजिक शिक्षा र सामाजिक विज्ञानबिचको तुलना गर्नुहोस् ।

# पाठ ३ सामाजिक अध्ययनका सिप र जीवनोपयोगी सिपको अवधारणा

सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा वर्तमान विषय विद्यालय शिक्षामा समावेश गरिएको एक महत्त्वपूर्ण विषय हो । यसको मूल उद्देश्य देशको चौतर्फी विकासका लागि असल, देशभक्त, सक्षम र सिर्जनशील नागरिक तयार पार्नु हो । सैद्धान्तिक ज्ञानको मात्र आधारमा यो उद्देश्य पूरा गर्न सकिँदैन । यसका लागि सिकारुमा विभिन्न प्रकारका जीवनोपयोगी सिप, सिर्जनशील सिप र केही विषयगत सिपहरू पनि हासिल हुनुपर्छ । त्यसैले यस पाठमा हामी सामाजिक अध्ययनका सिप र जीवनोपयोगी सिपका अवधारणाका बारेमा अध्ययन गर्ने छौँ ।

## सामाजिक अध्ययनका सिप

सामाजिक अध्ययन एक बहुआयामिक विषय हो । यसले भूगोल, इतिहास, अर्थशास्त्रलगायतका सामाजिक विज्ञानका व्यावहारिक विषयवस्तुहरूलाई समावेश गरेको छ । सामाजिक अध्ययनले यसमा समावेश भएका सामाजिक विज्ञानका विषयवस्तुहरू जस्ताको त्यस्तै अध्ययन नगरी त्यसको समाजमा परेको प्रभावलाई समेट्छ । त्यसैले सामाजिक अध्ययन पढेर कण्ठ गर्ने र परीक्षा पास गर्ने मात्र विषय होइन । यो त व्यक्तिमा विभिन्न सामाजिक सिपहरूको विकास गरी समाजमा समायोजित गराउने विषय हो । त्यसैले व्यक्तिलाई समाजयोग्य बनाउन आवश्यक पर्ने विभिन्न सिप यसअन्तर्गत पर्छन् । सामाजिक अध्ययनका केही महत्त्वपूर्ण सिपहरू यस प्रकार छन् :

१. खोज/अनुसन्धान सिप : सर्वेक्षण, क्षेत्र भ्रमण, अन्तर्वार्ता, अवलोकनको योजना बनाउने, कार्य सम्पादन गर्ने र प्रतिवेदन बनाउने

२. नक्सासम्बन्धी सिप : नक्सा कोर्ने, नक्सा अध्ययन गर्ने र नक्सामार्फत सूचना अदानप्रदान गर्ने

३. सिर्जनात्मक सिप : गीत, कविता, चित्र, निबन्ध, संवाद, नाटक, चिठी आदि लेख्ने र प्रस्तुत गर्ने

४. सञ्चारसम्बन्धी सिप : समाचार सङ्कलन, लेखन र प्रस्तुतीकरण गर्ने, सम्पादकीय लेख्ने आदि

५. तथ्याङ्क प्रस्तुति सिप : स्तम्भचित्र, रेखाचित्र, चक्रचित्र, ग्राफ आदि निर्माण गर्ने र विश्लेषण गर्ने

६. ऐतिहासिक घटना अध्ययन र प्रस्तुतीकरण गर्ने सिप : समय रेखा, वंशावली वा वंश वृक्ष, व्यक्ति वृत्त आदि

७. अभिव्यक्ति सिप : प्रस्तुति गर्ने, प्रदर्शनी गर्ने, प्रवचन दिने, वक्तृत्वकला, कार्यपत्र लेखन तथा प्रस्तुतीकरण आदि ।

## जीवनोपयोगी सिप

मानिसलाई फलदायी जीवनयापनका लागि आवश्यक सक्षमतालाई जीवनोपयोगी सिप भनिन्छ । साधारण अर्थमा भन्ने हो भने जीवनका लागि उपयोगी हुने सिप नै जीवनोपयोगी सिप हुन् । यस अर्थमा हेर्ने हो भने मानव जीवनमा सबै सिप कुनै न कुनै अवस्थामा उपयोगी हुन्छन् । तसर्थ व्यक्तिगत तथा सामाजिक जीवनका लागि आवश्यक सूचना, अनुभव, ज्ञान, सिप, अभिवृत्ति आदिसँग सम्बन्धीत सिप नै जीवनोपयोगी सिप हुन् । केही जीवनोपयोगी सिप श्रममा आधारित हुन्छन् भने केही सिप मनोवैज्ञानिक तथा संवेगमा आधारित हुन्छन् । श्रमसँग सम्बन्धीत सिप देखिने खालका हुन्छन् भने मनोवैज्ञानिक सिप बाहिर खासै देखिँदैनन् तर हरेक व्यक्तिको व्यक्तित्व विकास गर्छ । यसले व्यक्तिलाई समाजमा उत्कृष्ट जीवन जिउन मदत गर्छ । पछिल्लो चरणमा यी सिपहरूलाई एकाइसौँ शताब्दीका सिप, नरम सिप (soft skills), व्यापक सिप (transversal skill) का रूपमा पनि व्याख्या गर्ने गरिएको छ । व्यक्तिको सामाजिकीकरणमा सकारात्मक भूमिका निर्वाह गर्दै जुनसुकै मानव समाजमा समायोजन हुन यस्ता सिपले सहयोग गर्छन् । जीवनमा सफलता हुन, व्यक्तिको क्षमता विकास गर्न, अनुशासित तथा सक्षम नागरिक भई समाज, राष्ट्र र विश्व समुदायको भलाइका लागि कार्य गर्न प्रेरित हुन जीवनोपयोगी सिपले मदत गर्छ । हाम्रो सामाजिक जीवनमा प्रयोग हुँदै आएको निम्नलिखित सिपहरू एकाइसौँ शताब्दीका जीवनोपयोगी सिप हुन् :

१. समस्या समाधान सिप तथा निर्णय निर्माण
२. सञ्चार सिप
३. सूचना प्रविधि सिप
४. सहकार्य सिप
५. समालोचनात्मक सोचाइ सिप
६. अध्ययन सिप
७. सहभागिता र छलफल
८. सिर्जनात्मकता
९. जिम्मेवारी र नव प्रवर्धन
१०. नेतृत्व सिप

## क्रियाकलाप

१. कुनै एक स्थानीय घटना वा गतिविधिमा आधारित भई जीवनोपयोगी सिपको प्रयोगबाट सफलता हासिल गर्न सकिन्छ भन्ने आशय व्यक्त गर्ने कुनै गीत वा कविता तयार गर्नुहोस् र वाचन गर्ने अभ्यास गर्नुहोस् ।

२. समूहमा बसेर सामाजिक सञ्जालको प्रयोग गरी कुनै एक सामाजिक मुद्दामा सर्वेक्षण गर्नुहोस् । उक्त सर्वेक्षणबाट आएको तथ्याङ्कलाई चक्रचित्र वा स्तम्भचित्रमा प्रस्तुत गरी सोको प्रतिवेदनसमेत तयार पार्नुहोस् ।

## अभ्यास

अति छोटा उत्तर आउने प्रश्नहरू

(क) सामाजिक अध्ययनका सिप भनेको के हो ।

(ख) सामाजिक अध्ययन सिपभित्र पर्ने कुनै चारओटा सिप लेख्नुहोस् ।

(ग) जीवनोपयोगी सिपका बारेमा तपाईँलाई के थाहा छ ? एक वाक्यमा लेख्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) सामाजिक अध्ययनका सिपको महत्त्व आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ख जीवनोपयोगी सिप भनेको के हो ? यसको महत्त्व छोटकरीमा वर्णन गर्नुहोस् ।

(ग) जीवनोपयोगी सिप र सामाजिक अध्ययनका सिपबिचका समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

(घ) तपाईँको जीवनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका विभिन्न सामाजिक सिपको सूची तयार पारी कुनै दुईको वर्णन गर्नुहोस् ।

(ङ) सामाजिक अध्ययनअन्तर्गतका सिप छोटकरीमा वर्णन गर्नुहोस् ।

(च) जीपानोपयोगी शिक्षाअन्तर्गतका मुख्य सिप के के हुन् ? सबैको सूची बनाउनुहोस् ।

(छ) “जीवनोपयोगी सिप जीवन निर्वाहका लागि अत्यावश्यक छन् ।” उक्त भनाइलाई आफ्नै शब्दमा पुष्टि गर्नुहोस् ।

## एकाइ २ जीवनोपयोगी सिपका रूपमा डिजिटल सिप तथा सामान्य अनुसन्धान सिप

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको छ :

१. डिजिटल साक्षरताका आधारभूत सिप दैनिक तथा व्यावसायिक जीवनमा प्रयोग गन

२. सञ्चार एवम् डिजिटल एप्लिकेसनहरूको व्यावहारिक प्रयोग गर्न

३. इन्टरनेटको प्रयोगबाट सूचना, तथ्याङ्क, अध्ययन सामग्रीको खोजी र उत्तरदायी प्रयोग

४. इन्टरनेटको प्रयोगबाट सूचना, तथ्याङ्क, अध्ययन सामग्रीको खोजी र प्रयोग,

५. इन्टरनेट र सामाजिक सञ्जालको उत्तरदायी प्रयोग (साइबर कानुन, अपराधको जानकारीसहित)






## पाठ १ डिजिटल साक्षरता

### पृष्ठभूमि

मानव समाजले विकासका विभिन्न चरणहरू पार गर्दै आजको यो एक्काइसौँ शताब्दीमा आइपुग्दा विज्ञान र प्रविधिको विकास भएको छ । त्यसैले यस युगलाई विज्ञान र प्रविधिको युग मानिन्छ । यस २१ औँ शताब्दीको विज्ञान र प्रविधिको युगमा सबैभन्दा छिटो विकास भएको क्षेत्र सूचना र प्रविधि हो । नेपालमा पनि हिजोआज सबैभन्दा छिटो विकास सूचना र प्रविधिकै क्षेत्रमा भएको छ । नेपालमा सन् १९७२ (वि.सं. २०२८) मा पहिलो पटक कम्प्युटरको प्रयोग भएको हो । जनगणनाको तथ्याङ्क प्रशोधनका लागि IMB 1401 Mainframe कम्प्युटरको प्रयोग गरिएको थियो । यसको करिब एक दशकपछि मात्र नेपालका विभिन्न ठाउँहरूमा कम्प्युटरको प्रयोग हुन थालेको हो । यहाँ सन् १९६० को दशकमा इन्टरनेटको विकास भएपछि सूचना तथा सञ्चार प्रविधिको छिटो विकास हुँदै आएको छ । सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा भएका नवीनतम विकास र तिनको प्रयोगले सबै क्षेत्रलाई प्रभावित पारेको छ । शिक्षा, उद्योग, व्यापार, पर्यटन, कृषि, चिकित्सा, इन्जिनियरिङलगायतका हरेक क्षेत्रमा पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोगले मानिसको जीवनलाई सरल बनाएको छ ।

सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी कुनै पनि सूचना प्राप्त गर्ने, मूल्याङ्कन गर्ने, सिर्जना गर्ने र सञ्चार गर्ने क्षमतालाई डिजिटल साक्षरता भनिन्छ । यो मानिसको कम्प्युटर, स्मार्ट फोन, ट्याबजस्ता डिजिटल उपकरणहरूको उचित तरिकाले प्रयोग गरेर विभिन्न डिजिटल सामग्रीहरू हेर्ने, बुझ्ने, निर्माण गर्ने तथा एकआपसमा आदानप्रदान गर्न सक्ने क्षमता हो । डिजिटल सामग्री प्राप्त गर्न, उपयोग गर्ने, सिर्जना गर्ने र वितरण गर्ने डिजिटल साक्षरताका तीन पक्षहरू हुन्छन् । डिजिटल साक्षरताभित्र सूचना तथा सञ्चार प्रविधिसम्बन्धी प्राविधिक ज्ञान र सिप दुवै पर्छन् । कम्प्युटर, प्रिन्टर, सञ्चार एप्लिकेसनहरू आदिको प्रयोग डिजिटल साक्षरताका सिपहरू हुन् । इन्टरनेटसँग सञ्चार स्थापना, ब्राउजरको प्रयोग, सामाजिक सञ्जाल र इमेलको प्रयोग पनि डिजिटल साक्षरताभित्रै पर्छन् । आजको वैज्ञानिक युगमा जीवनका हरेक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भइरहेको छ । हाल कुनै पनि क्षेत्रमा सफल हुन डिजिटल साक्षरता नभई नहुने अवस्था आएको छ । त्यसैले हरेक व्यक्तिले यी ज्ञान र सिपहरू प्राप्त गर्नै पर्ने भएको छ । त्यसैले यहाँ डिजिटल साक्षरता बढाउनका लागि यससँग सम्बन्धीत केही कुराहरू चर्चा गरिने छ ।

### कम्प्युटर र प्रिन्टरको प्रयोग

कम्प्युटर र प्रिन्टर आजको आधुनिक समाजका लागि आवश्यक उपकरणहरू हुन् । हिजोआज काम र अध्ययनको लगभग हरेक क्षेत्रमा कम्प्युटरको प्रयोग सामान्य भइसकेको छ । कागजातहरू तस्बिरहरू र अन्य कुराहरू कागजमा छाप्नका लागि प्रिन्टरहरू प्रयोग गरिन्छ । वर्तमान युगमा कम्प्युटर र प्रिन्टरको प्रयोग मानव जीवनको एक महत्त्वपूर्ण पक्ष बनिसकेको छ । कम्प्युटर र प्रिन्टरको प्रयोग व्यक्तिगत तथा व्यावसायिक प्रयोगका लागि अति नै उपयोगी मानिन्छ ।

कम्प्युटरमा सफ्टवेयर र हार्डवेयर गरी दुई ओटा अङ्गहरू हुन्छन् । कम्प्युटरको मनिटर, सिपियु, प्रिन्टर आदि हार्डवेयरअन्तर्गत पर्छन् । विभिन्न खालका कम्प्युटर प्रोग्रामहरू जस्तैः माइक्रोसफ्ट अफिस, विइन्डो, गुगल क्रोम, माइक्रोसफ्ट एज, जुम, स्काइप आदि सफ्टवेयरअन्तर्गत पर्छन् । कम्प्युटरमा राखिएका विभिन्न डकुमेन्टहरू आवश्यकताअनुसार कागजमा छाप्ने काम प्रिन्टरको हो । यो कम्प्युटरको हार्डवेयरभित्र पर्छ ।

कप्युटरमा हामीले प्रयोग गर्ने मुख्य हार्डवेयरहरू Central Processing Unit (CPU), मोनिटर, किबोर्ड र माउस हुन् । यी हार्डवेयरहरूलाई एउटै उपकरणमा एकीकृत गरिएको हुन्छ । कम्प्युटर हार्डवेयरलाई निम्न चार उपकरणहरूमा वर्गीकरण गरिन्छ ।

१. इन्पुट उपकरण : कम्प्युटरमा कुनै तथ्याङ्क वा निर्देशन प्रविष्ट गराउन प्रयोग हुने उपकरणहरूलाई इन्पुट उपकरण भनिन्छ । माउस, किबोर्ड, क्यामेरा माइक्रोफोन आदि इन्पुट उपकरणहरू हुन् ।

२. प्रशोधन उपकरण : कम्प्युटरमा प्रविष्ट भएका तथ्याङ्क तथा सूचनाहरूलाई निर्देशनअनुसार गणना वा प्रशोधन गर्न प्रयोग गरिने उपकरणहरूलाई प्रशोधन उपकरण भनिन्छ । Central Processing Unit (CPU) कम्प्युटरको एक महत्त्वपूर्ण प्रशोधन उपकरण हो ।

३. आउटपुट उपकरण : कम्प्युटरमा भएका सूचनाहरू देखाउन प्रयोग हुने उपकरणलाई आउटपुट उपकरण भनिन्छ । स्पिकर, मनिटर, प्रिन्टर आदि आउटपुट उपकरणहरू हुन् ।

४. भण्डारण उपकरण : कम्प्युटरमा प्रविष्ट भएका तथ्याङ्क तथा सूचनालाई पछि आवश्यक परेका वेलामा प्रयोग गर्नका लागि सुरक्षित रूपमा फाइल नाम दिएर भण्डारण गरिन्छ । कम्प्युटरमा तथ्याङ्क र सूचनाहरू भण्डारण गर्नका लागि प्रयोग हुने उपकरणहरूलाई भण्डारण उपकरण भनिन्छ । मेमेरी कार्ड, सिडी, हार्डडिक्स, पेनड्राइभ आदि भण्डारण उपकरणहरू हुन् ।

आवश्यकताअनुसार यिनै विभिन्न कम्प्युटर उपकरणहरूको प्रयोग गर्ने कार्य नै कम्प्युटरको प्रयोग हो । वर्तमान समयमा कम्प्युटरको प्रयोग विभिन्न क्षेत्रमा व्यापक रूपमा भएको पाइन्छ । कम्प्युटरको प्रयोग हुने केही क्षेत्रहरू यस प्रकार छन् :

१. शिक्षण क्षेत्र : कम्प्युटरको प्रयोग शिक्षण क्षेत्रमा व्यापक रूपमा भएको पाइन्छ । विभिन्न पठनपाठनका सामग्रीहरू उत्पादन गर्न, विद्यार्थीको रेकर्ड राख्न, तालिमहरू सञ्चालन गर्न कम्प्युटरकै प्रयोग गरिन्छ । शिक्षक विद्यार्थी दुवैले विभिन्न सिकाइ सामग्रीहरू खोज्न, भण्डारण गर्न र आदानप्रदान गर्न कम्प्युटरकै प्रयोग गर्न सक्छन् ।

२. स्वास्थ्य क्षेत्र : अस्पतालमा बिरामीहरूको विभिन्न खालका रेकर्डहरू राख्नका लागि कम्प्युटरको प्रयोग गरिन्छ ।

३. मनोरञ्जनको क्षेत्र : हिजोआज कम्प्युटर एक मनोरञ्जनको साधन बनेको छ । इन्टरनेटको प्रयोग गरी विभिन्न गीतहरू सुन्न, फिल्महरू हेर्न आदिका लागि कम्प्युटरको प्रयोग गरिन्छ ।

४. सरकारी तथा गैरसरकारी क्षेत्र : सरकारी तथा गैरसरकारी कार्यालयहरूमा विभिन्न रेकर्डहरू राख्नका लागि कम्प्युटरको प्रयोग गरिन्छ । हिजोआज अनलाइन तथा अफलाइन विभिन्न खालका फराम भर्नका लागि कम्प्युटरको प्रयोग गरिन्छ ।

५. घर तथा व्यक्तिगत प्रयोजन : घर तथा व्यक्तिगत प्रयोजनका लागि कम्प्युटरको प्रयोग गरिन्छ । विभिन्न खालका गीतहरू सुन्ने, फिल्महरू हेर्ने, विभिन्न कार्यालयका अनलाइन विलहरू तिर्ने आदि कामका लागि कम्प्युटरको प्रयोग गरिन्छ ।


६. व्यापार क्षेत्र : कम्प्युटरको व्यापक रूपमा प्रयोग हुने क्षेत्र वाणिज्य तथा व्यापारको क्षेत्र हो । यस क्षेत्रमा विभिन्न वस्तुहरूको विज्ञापन गर्न, सामानहरू अनलाइन अर्डर गर्न, ग्राहक र व्यापारीबिचको सम्पर्क बढाउन कम्प्युटरको प्रयोग गरिन्छ ।


## Micro Soft (MS) Word मा कागजात तयार गर्ने तरिका

कम्प्युटरमा धेरै प्रकारका सफ्टवेयरहरू हुन्छन् । तीमध्ये माइक्रोसफ्ट वर्ड एक महत्त्वपूर्ण सफ्टवेयर हो । यस सफ्टवेयरमार्फत विभिन्न कागजात तयार पार्न, सम्पादन गर्न, प्रस्तुति तयार गर्न र रेकर्ड राख्ने कम्प्युटरको प्रयोग गरिन्छ । हामीले विभिन्न सफ्टवेयरहरू चलाउन जान्नुपर्छ । यसका लागि यहाँ माइक्रोसफ्ट वर्ड चलाउने तरिकाहरू चर्चा गरिएको छ ।


### १. माइक्रोसफ्ट वर्ड खोल्ने र टाइप गर्ने


सबैभन्दा पहिला कम्प्युटर वा ल्यापटप स्विचलाई थिची कम्प्युटर सुचारु गर्नुहोस् । कम्प्युटरको बायाँपट्टि सबैभन्दा तल रहेको स्टार्ट मेनु (Start Menu) मा क्लिक गर्नुहोस् । यहाँ चित्रमा देखाइएको जस्तै window देखिन्छ । Microsft Office Word 2007 वा Word 2013 वा Word 2016 नदेखिएसम्म स्क्रोल (Scroll) गर्नुहोस् । देखिएपछि त्यसमा क्लिक गर्नुहोस् Word को Blank Document खुल्छ । अब अङ्ग्रेजी भाषामा टाइप गर्ने भए टाइप गर्न सुरु गर्नुहोस् । नेपाली भाषामा टाइप गर्ने भए Fonts मा नेपाली भाषाका Preeti, Sagarmatha जस्ता नेपाली फन्ट छनोट गर्नुहोस् । आवश्यकताअनुसार Fonts, यसको आकार, अलाइन्मेन्ट, Spacing आदि मिलाउनका लागि टाइप भएको Text लाई Select गरेर मिलाउनुहोस् । यसमा आवश्यक फन्ट र साइज छनोट गरी आफूलाई आवश्यक परेका कुराहरू टाइप गर्न सकिन्छ ।






माइक्रोसफ्ट अपिस प्याकेजमा Microsoft word बाहेक Microsoft Powerpoint र Microsoft Excel पर्छन् । यी प्रोग्रामहरू अत्यन्तै आवश्यक मानिन्छ । यी प्रोग्रामहरूमा पनि विभिन्न डकुमेन्टहरू बनाउन र Save गर्न सकिन्छ । Microsoft Powerpoint मा विभिन्न प्रस्तुतिका लागि स्लाइडहरू बनाउने र प्रस्तुत गर्न गरिन्छ । Microsoft Excel मा विभिन्न तथ्याङ्कीय विवरणहरू राख्न सकिन्छ ।






## २. नयाँ Document लाई सेभ गर्ने

आफूलाई आवश्यक परेका डकुमेन्ट तयार भएपछि save गर्नका लागि सबैभन्दा माथि बायाँतर्फ रहेको File tab मा क्लिक गर्नुहोस् । त्यसपछि Save वा Save As मा क्लिक गर्नुहोस् । Save मा क्लिक गरेपछि आफूलाई सम्झन सजिलो हुने नाम राखेर save गरौँ । सिधै Save गर्दा हामीले टाइप गरेको विषयवस्तु Document मा गएर Save हुन्छ । Save As गर्दा विभिन्न Option हरू Display हुन्छ । त्यसपछि This PC मा क्लिक गर्नुहोस् र आफ्नो कम्प्युटरभित्रको उपयुक्त ड्राइभ वा Desktop मा क्लिक गर्नुहोस् । अब हामीलाई चाहेको window खुल्छ । त्यसपछि आफूले चाहेको Folder छनोट गरी File name भनेको ठाउँमा फाइलको नाम टाइप गर्नुहोस् । अनि Save बटनमा क्लिक गर्नुहोस् । यसरी save भएको Document आफूले चाहेका वेला खोलेर सम्पादन गर्न र प्रिन्ट गर्न सकिन्छ । यस्तो Document मा सम्पादन गर्दा सम्पादन गर्ने बित्तिकै सेभ गर्न सिधै Ctrl र S एकै पटक थिचेर वा File Menu को माथि दिइएको कम्प्युटर जस्तो आइकन थिचेर पुनः save गर्न सकिन्छ ।





## ३. कागजात प्रिन्ट गर्ने तरिका

कम्प्युटरमा Save भएका डकुमेन्टलाई आवश्यकताअनुसार प्रिन्टर प्रयोग गरेर प्रिन्ट गर्न सकिन्छ । त्यसका लागि सबैभन्दा पहिले कम्प्युटर वा ल्यापटप सम्बन्धीत प्रिन्टरसँग Connect भएको हुनुपर्छ । यसका लागि सम्बन्धीत प्रिन्टरको Software/Driver इन्स्टल (Install) गर्नुपर्छ । हिजोआज कम्प्युटर अनलाइन भएका वेलामा प्रिन्टर जोडेपछि आफैँ connect हुन्छ । प्रिन्टका लागि निम्न प्रक्रिया अपनाउनुपर्छ :

- सबैभन्दा पहिला प्रिन्ट गर्नुपर्ने Word फाइल खोल्नुहोस् । यस्तो खालको Display हुन्छ ।




- अब File Option मा क्लिक गर्ने र Print Option मा क्लिक गर्ने । पेज कस्तो छ हेर्नका लागि Preview मा जान सकिन्छ । आवश्यक सेटिङहरू गरी सकेपछि डकुमेन्ट प्रिन्ट गर्न सकिन्छ ।




## क्रियाकलाप

१. कक्षामा सहपाठी साथीहरूलाई MS-Word मा विभिन्न विषयवस्तु टाइप गरी प्रिन्ट गरेर देखाउनुहोस् र त्यसको प्रक्रियाका बारेमा छलफल गर्नुहोस् ।

२. डिजिटल साक्षरताको अवधारणाका बारेमा विभिन्न विषयवस्तु सङ्कलन गरी Powerpoint Slide बनाउनुहोस् र सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) डिजिटल साक्षरता भनेको के हो ?

(ख) कम्प्युटरमा प्रयोग हुने कुनै दुई इन्पुट उपकरण लेख्नुहोस् ।

(ग) कम्प्युटरका आउटपुट उपकरणहरूले के काम गर्छन् ? कुनै दुईओटा काम उल्लेख गर्नुहोस् ।

(घ) कम्प्युटरमा file save गर्न प्रयोग हुने shortcut key हरू के के हुन् ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) डिजिटल साक्षरताको परिचय दिई यसका विभिन्न सिपहरू उल्लेख गर्नुहोस् ।

(ख) “कम्प्युटर र प्रिन्टर आजको आधुनिक समाजका लागि आवश्यक उपकरणहरू हुन् ।” यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) कम्प्युटर सफ्टवेयर र हार्डवेयरबिचको फरक लेख्नुहोस् ।

(घ) कम्प्युटरको भण्डारण उपकरणहरूको उल्लेख गरी कुनै दुईको वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) MS–Word मा डकुमेन्ट टाइप गरी save गर्ने प्रक्रिया उल्लेख गर्नुहोस् ।

(ख) विभिन्न क्षेत्रमा कम्प्युटरको प्रयोग के के प्रयोजनका लागि गरिन्छ ? उदाहरणसहित कुनै चारओटा क्षेत्रमा हुने कम्प्युटरको प्रयोग उल्लेख गर्नुहोस् ।

# पाठ २ सञ्चार एप्लिकेसनहरूको प्रयोग




हामीले सञ्चार एप्लिकेसनहरूको प्रयोग विभिन्न डिजिटल डाटाहरू आदान प्रदानका लागि गरिन्छ । इमेल, युट्युब, फेसबुक, ट्विटर आदि जस्ता एप्लिकेसनहरू महत्त्वपूर्ण सञ्चार एप्लिकेसनहरू हुन् । यसका लागि इन्टरनेटको प्रयोग गरिन्छ । इन्टरनेटको सहायताले प्रयोग गर्न सकिने यिनै एप्लिकेसनहरूको दैनिक जीवनमा प्रयोगका बारेमा थप जानकारी लिन आवश्यक भएकाले यस पाठमा निम्नानुसारका सञ्चार एप्लिकेसनहरूका बारेमा चर्चा गर्ने छौँ ।

## ब्राउजर र यसको प्रयोग

कम्प्युटरमा प्रयोग हुने विभिन्न एप्लिकेसनहरूमध्ये ब्राउजर एक महत्त्वपूर्ण एप्लिकेसन हो । यसको माध्यमबाट इन्टरनेट चलाउन सकिन्छ । त्यसैले ब्राउजर इन्टरनेट चलाउन आवश्यक पर्ने एप्लिकेसन हो । Google Chrome, Opera, Mozilla Firefox आदि इन्टरनेट ब्राउजरहरू हुन् । Microsoft Windows भएको कम्प्युटरमा Microsoft Edge तथा Apple को Mac कम्प्युटरमा Safari पहिले नै ब्राउजर Installed हुन्छ । Mozila firefox, Microsoft edge र Safari चाहिँ Microsoft Default browser हुन् । यी ब्राउजरहरू विश्वका धेरै मानिसले चलाउने लोकप्रिय ब्राउजर हुन् ।

## इन्टरनेटसँग सम्पर्क स्थापना

इन्टरनेट संसारभरिका कम्प्युटरहरू जोडिएको एउटा विद्युतीय सञ्जाल हो । यसमा विभिन्न सफ्टवेयर एप्लिकेसनहरूको प्रयोग गरी इन्टरनेटमा जोडिएका कम्प्युटरहरूबिच सम्बन्ध स्थापित गरिन्छ । इन्टरनेटको माध्यमबाट सञ्चार एप्लिकेसनहरूको प्रयोग गरी हामीले निम्न कुराहरू गर्न सक्छौँ :

१. लेख, रचना, पुस्तक तथा तथ्याङ्कहरू प्राप्त गर्न


२. अनलाइनमार्फत विभिन्न सरसामानहरू अडर गरी किनबेच गर्न


३. विश्वका विभिन्न ठाउँमा बस्ने मानिसबिच इमेल, अडियो भिडियो च्याट गर्न

४. गीत, सङ्गीत, कलाकृति, साहित्यिक कृति आदिको प्रसारण गर्न वा प्राप्त गर्न, यसको माध्यमबाट सूचनाका आदानप्रदान गर्ने आदि

अब हामीले विश्वमा प्रचलित लोकप्रिय वेब ब्राउजर गुगल क्रोम (Google Chrome) बाट इन्टरनेट कसरी चलाउने भन्ने कुरा सिकौं ।

सबैभन्दा पहिला इन्टरनेट ब्राउजर Google Chrome खोल्ने, त्यसपछि Address Bar मा आफूलाई चाहिएको Web-address टाइप गर्ने जस्तैः www.youtube.com र Enter Key थिच्ने । यदि Web-address थाहा छैन भने Key-word टाइप गरेर पनि आफूलाई चाहेको कुराहरू खोज्न सकिन्छ । जस्तैः Address Bar मा Nepali song लेखेर Enter Key थिच्ने, त्यसपछि नेपाली गीतहरूको सूची दिन्छ । तीमध्ये आफूले चाहेको गीत छनोट गर्ने ।




यसै गरी हामीले आफूलाई चाहिएका सूचना लिन सकिन्छ । Facebook, Yahoo, Gmail जस्ता website मा जोडिएर आवश्यक कार्य गर्न सकिन्छ ।

### इन्टरनेटमा आफ्नो व्यक्तिगत E–mail खाता तयार गर्ने तरिका

इमेल एक प्रकारको विद्युतीय हुलाक हो । यसका माध्यमबाट हामीले आफ्ना साथीहरू, आफन्तहरू र अन्य व्यक्तिहरूसँग पत्रचार गर्न सक्छौं । यसका लागि हामीले पहिला इन्टरनटेका सहायताले इमेल खाता तयार पार्नुपर्छ । इमेल खाताका लागि याहु, जिमेल, हटमेल जस्ता विभिन्न इमेल सेवा प्रदायकहरूमध्ये आफूलाई सजिलो लाग्ने कुनै एकमा आफ्नो इमेल खाता खोल्नुपर्छ । यसलाई इमेल ठेगाना भनिन्छ । अब हामी जिमेलमा इमेल खाता खोल्ने तरिका सिकौं ।

१. कुनै पनि इन्टरनेट ब्राउजरको प्रयोग गरी address Bar मा www.gmail.com टाइप गरौं र Enter Key थिचौं । Window देखिन्छ ।

२. त्यसपछि Gmail को home page मा 'Create account' मा क्लिक गर्ने, अर्को Window खुल्छ ।

३. Sign-up फर्ममा आफ्नो व्यक्तिगत विवरण जस्तैः आफ्नो नाम (First name) र थर (Last name) भर्ने, आफूलाई मनपर्ने वा आफूले सम्झन सक्ने Username नाम भर्ने जस्तै : parudatta@gmail.com आफ्नो नामसँग मिल्दो नाम भर्ने ।

४. यदि हामीले लेखेको नाम पहिले नै छ भने हामीले केही अक्षर वा शब्द परिवर्तन गरेर जुन available हुन्छ, त्यही राख्ने । त्यसपछि आफूले सम्झन सक्ने पासवर्ड राख्ने तर पासवर्ड राख्न अरूले सजिलै अन्दाज गर्न नसक्ने खालको राख्ने । सामान्यतया पासवर्ड ८ अक्षर (charecter) राख्नुपर्छ । पासवर्ड बनाउन सकभर Capital letter, Small letter, सङ्ख्या, सङ्केत आदिको प्रयोग गर्ने, जस्तै : Mohan@321#

५. त्यसपछि Next मा क्लिक गर्ने अर्को Window मा आफ्नो फोन न. टाइप गर्ने र फेरि 'Next' मा click गर्ने त्यसपछि मोबाइल फोनमा ६ अङ्कको कोड न.भएको सन्देश आउँछ ।

६. आफ्नो फोनको म्यासेज बक्मा आएको प्रमाणीकरण सङ्केत न.(Verification Code) कम्प्युटरमा टाइप गर्ने र Verify मा क्लिक गर्ने

७. अब अर्को Window खुल्छ । त्यसमा आवश्यक विवरण भर्ने र Next मा क्लिक गर्ने

८. त्यसपछि Gogle Privacy and Terms खुल्छ । I agree मा क्लिक गर्ने


९. अब जिमेल खाता तयार भयो । तपाईँको Inbox मा Welcome Message आउँछ ।

माथिको विवरण भर्दा Display हुने widow को चित्र राख्ने, जस्तैः address bar मा www.gmail.com, create account, व्यक्तिगत विवरण भर्ने form आदि ।

### आफ्नो जिमेल खाताबाट इमेल हेर्ने र पठाउने तरिका


आफ्नो इमेल खाता भएको व्यक्तिले अर्को इमेल खाता भएको व्यक्तिसँग इमेलमार्फत सूचना, समाचार तथा अन्य जानकारीहरू आदानप्रदान गर्न सकिन्छ । यसका लागि निम्न चरणहरू पूरा गर्नुपर्छ :

१. कुनै पनि इन्टरनेट ब्राउजर खोलेर Address Bar मा www.gmail.com टाइप गर्ने यसपछि google को विवरणसहितको window खुल्छ । त्यसमा google sign in मा क्लिक गरेपछि यस्तो window खुल्छ ।




- त्यहाँ आफ्नो gmail account name टाइप गरेपछि next मा क्लिक गर्न र पासवर्ड लेख्ने बक्स आउँछ । त्यसमा पासवर्ड लेखेपछि हाम्रो gmail खातामा sign in हुन्छ । त्यहाँ bold letter मा नयाँ इमेलहरू हुन्छन् । आफ्नो अनुकूल हामीले पढ्न सक्छौँ ।

२. त्यसैगरी कसैलाई इमेल पठाउनु छ भने माथिको सबै प्रक्रिया पूरा गरी हाम्रो इमेल साइन इन भइसकेपछि यस्तो window खुल्छ ।



३. त्यसपछि compose बटन थिच्ने र To मा आफूले इमेल पठाउन चाहेको व्यक्ति वा संस्थाको इमेल ठेगाना टाइप गर्ने र आफ्नो सूचना वा massage box मा टाइप गरी send बटन थिचेर इमेल पठाउन सकिन्छ ।




## सामाजिक सञ्जालको सुरक्षित प्रयोग

सामाजिक सञ्जाल भनेको सञ्चारका एप्लिकेसनहरूको प्रयोग गरी विभिन्न विचार तथा जानकारी आदानप्रदान गर्नका लागि निर्माण गरिएका विभिन्न समूहहरू हुन् । फेसबुक, ट्विटर, इन्स्टाग्राम, टिकटक, युट्युब आदि हाम्रो देशमा प्रचलित विभिन्न सामाजिक सञ्जालहरू हुन् । यिनै सञ्जालहरूका माध्यमबाट मानिसले सूचना आदान प्रदान गर्ने गर्छन् । आफ्ना विचारहरू पोस्ट गरेर धेरै मानिसका बिच पुऱ्याउने माध्यमका रूपमा यी सञ्जालहरूको प्रयोग गरिन्छ । यसबाट मानिसबिच सम्पर्क पनि बढेको छ । सामाजिक सञ्जालको सही सुदपयोगले मानिसहरू धेरैभन्दा धेरै फाइदा लिएका छन् । तर यसको प्रयोग सुरक्षित भएन भने ठुला ठुला दुर्घटना पनि निम्त्याउन सक्छ । त्यसैले सामाजिक सञ्जालको सुरक्षित प्रयोग गर्नुपर्छ । सामाजिक सञ्जालको सुरक्षित तथा सावधानीपूर्वक प्रयोगका लागि निम्न कुराहरूमा ध्यान दिनुपर्छ :

२. सामाजिक सञ्जालमा आफ्ना गोप्य व्यक्तिगत जानकारीहरू नराख्ने

३. सामाजिक सञ्जालमा कुनै पनि मालवेयर कार्यक्रम वा एपहरू डाउनलोड नगर्ने

४. इन्टरनेट सुरक्षाका लागि पासवर्ड प्रयोग गर्ने गरिन्छ । यस्ता पासवर्डहरू अक्षरहरू, सङ्ख्याहरू र विशेष चिह्नहरू मिश्रण गरी कसैले नबुझ्ने खालको लामो राख्ने र वेला वेलामा परिवर्तन गर्ने

५. कुनै पनि सामान अनलाइन खरिद गर्दा हाम्रो क्रेडिट कार्ड वा बैङ्क खाताको जानकारी सुरक्षित विश्वासिलो साइटहरूलाई मात्र दिने

६. कुनै पनि कुरा ट्विट गर्दा वा टिप्पणी गर्दा विचार गरेर मात्र गर्ने ।

## साइबर अपराध

इन्टरनेटको प्रयोगमार्फत कसैको चरित्र हत्या गर्ने, हिंसा फैलाउने, अश्लील भिडियो पोस्ट गर्ने, व्यक्तिको मानहानि हुने कार्य गर्ने आदि कार्यहरू साइबर अपराधअन्तर्गत पर्छन् । साइबर अपराध भनेको व्यक्तिको इच्छा र अनुमतिबिना विभिन्न किसिमका सामग्री विद्युतीय माध्यम र सामाजिक सञ्जालमार्फत दुरुपयोग गर्ने कार्य हो । नक्कली आइडी प्रयोग गरी अरूलाई दुःख दिने, पासवर्डको चोरी गर्ने, अरूको बेइज्जत गर्ने आदि जस्ता क्रियाकलापहरू साइबर अपराधभित्र पर्छन् । यसै गरी बैङ्किङ, अनलाइन, एटिएम र वेबसाइट ह्याक गर्ने अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कलगायतमा क्षति पुऱ्याउने जस्ता क्रियाकलापहरू साइबर अपराधभित्रै पर्छन् ।




हिजोआज इन्टरनेटको प्रयोग दिनानुदिन बढेको छ । अधिकांश इन्टरनेट तथा कम्प्युटर प्रयोगकर्तामा साइबर अपराधसम्बन्धी आधारभूत जानकारी छैन् । यससम्बन्धी जानकारहरू पनि त्यसको व्यावहारिक प्रयोग गर्दैनन् । समाजमा बढ्दो साइबर अपराधको खतराको सम्भावनालाई पुष्टि हुने किसिमका विभिन्न घटनाहरू देखा परिसकेका छन् । सामाजिक सञ्जालमा प्रविधिको दुरुपयोग गर्दै गरिने मानहानि, ब्ल्याकमेललगायतका कुराहरू जताततै देखिन थालेका छन् । विदेशमा बसेर नेपालमा सामाजिक सञ्जालमा गलत क्रियाकलापहरू गराउँदै आएका घटनाहरू पनि प्रशस्त छन् । त्यसैले गर्दा हिजोआज साइबर सुरक्षाको चुनौती बढ्दै गएको हो ।

हामी सबैले साइबर अपराध नियन्त्रण गर्न प्रयास गर्नुपर्छ । सामाजिक सञ्जाल र इन्टरनेटको प्रयोग गर्दा सावधानी अपनाउनुपर्छ । त्यसको दुरुपयोग हुन नदिन सबैले मिलेर काम गर्नुपर्छ । नेपालमा साइबर अपराधसम्बन्धी घटनाको अनुसन्धान र कारबाही विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गत हुन्छ । साइबर अपराधसम्बन्धी मुद्दा काठमाडौँ जिल्ला अदालत गर्छ । यसको जानकारी सबैलाई हुनुपर्छ । समाजमा हिंसा तथा अपराध फैलाउने सामग्री सामाजिक सञ्जालमा प्रकाशन, प्रसारण र पोस्ट गर्नु हुँदैन ।

### क्रियाकलाप

१. इन्टरनेटमा आफ्नो व्यक्तिगत इमेल खाता कसरी तयार गर्न सकिछ ? आफूले जानेका कुराहरू लेख्नुहोस् ।

२. सामाजिक सञ्जालको सुरक्षित प्रयोगका बारेमा तपाईँलाई के थाहा छ ? बुँदा टिपोट गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) सञ्चार एप्लिकेसन भनेको के हा ?

(ख) तपाईँले प्रयोग गर्ने कुनै दुई इन्टरनेट ब्राउजर उल्लेख गर्नुहोस् ।

(ग) सामाजिक सञ्जाल भनेको के हो ? आफ्नै शब्दमा लेख्नुहोस् ।

(घ) साइबर अपराध भनेको के हो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा प्रचलित सञ्चार एप्लिकेसनहरू कुन कुन हुन् ? तपाईँले प्रयोग गर्ने एप्लिकेसनहरूका बारेमा लेख्नुहोस् ।

(ख) इन्टरनेटको माध्यमबाट सञ्चार एप्लिकेसनहरूको प्रयोग गरी हामीले गर्न सक्ने कुन चारओटा कामहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा बढ्दै गएको साइबर अपराधको घटना कम गर्न के गर्नुपर्ला, उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सञ्चार एप्लिकेसनहरूको प्रयोग गर्दा हुने फाइदा र बेफाइदाहरूका बारेमा दुई सहपाठीहरूका बिच संवाद तयार पार्नुहोस् ।

(ख) सामाजिक सञ्जालको फाइदा र बेफाइदाका बारेमा उल्लेख गर्दै विदेशमा रहेका आफ्ना परिवारका सदस्यहरूमध्ये कुनै एक जनालाई इमेल लेख्नुहोस् ।

### परियोजना कार्य

इन्टरनेटमा आफ्नो व्यक्तिगत Email खाता तयार गर्न, आफ्नो इमेल हेर्न र इमेल पठाउन अपनाइने चरणहरू उल्लेख गर्नुहोस् । उक्त विभिन्न चरणहरूमा display हुने window समेत राखी एक प्रतिवेदन तयार पार्नुहोस् ।

## पाठ ३ अनलाइन भुक्तानी

इन्टरनेट र विद्युतीय उपकरणमार्फत वित्तीय लेनदेन गर्ने प्रक्रियालाई अनलाइन भुक्तानी भनिन्छ । यसले व्यक्ति र व्यवसायीहरूलाई भौतिक नगद वा चेकबिना विद्युतीय रूपमा रकम स्थानान्तरण गर्न सजिलो बनाउँछ । हिजोआज मोबाइल बैङ्किङ र डिजिटल वालेटहरूको वृद्धिका कारण भुक्तानीको यो विधि बढ्दो रूपमा लोकप्रिय भइरहेको छ । धेरै प्रकारका अनलाइन भुक्तानी विधिहरू हुन्छन् । तीमध्ये केही भुक्तानीका माध्यमहरू यस प्रकार छन् :

**क्रेडिट/डेबिट कार्डहरू :** क्रेडिट तथा डेबिड कार्डमार्फत अनलाइन भुक्तानी गर्नु सबैभन्दा सामान्य सजिलो विधि हो । विभिन्न बैङ्कहरूले आफ्ना ग्राहकहरूलाई सजिलै रकम भुक्तानी गर्नका लागि क्रेडिट तथा डेबिट कार्डहरू प्रदान गरेका हुन्छन् । यसमार्फत खातावाला ग्राहकहरूले आफ्नो अनुकूलतामा रकम झिक्न र विभिन्न ठाउँमा रकम भुक्तानी गर्न सक्छन् । बैङ्कहरूले विभिन्न ठाउँहरूमा ए. टि. एम. मेसिनहरू राखेका हुन्छन् । त्यहाँबाट क्रेडिट तथा डेबिड कार्डहरू प्रयोग गरी रकम झिक्न सकिन्छ । त्यसै गरी विभिन्न सपिङ सेन्टरहरूमा कार्डबाट पैसा भुक्तानी गर्ने व्यवस्था मिलाइएको हुन्छ ।

**डिजिटल वालेटहरू :** अनलाइन रकम भुक्तानीका लागि नेपालमा खल्ती, इसेवा, आइएमइ पे आदि डिजिटल वालेटहरू प्रयोगमा छन् । विभिन्न बैङ्कहरूले पनि आफ्ना ग्राहकहरूलाई डिजिटल वालेटहरूको प्रयोग गर्न दिएका छन् । त्यसैले हिजोआज यस्ता डिजिटल वालेट प्रयोगकर्ताहरूको सङ्ख्या बढ्दो छ । डिजिटल वालेट प्रयोगकर्ताहरूले यसको प्रयोगका लागि सम्बन्धीत बैङ्क वा कम्पनीहरूमा व्यक्तिगत विवरणसहित डिजिटल वालेट फर्म भर्नुपर्छ र बैङ्क वा कम्पनीहरूको अनुमति पाएपछि डिजिटल वालेटको सुविधा उपभोग गर्न पाउँछन् । प्रयोगकर्ताले सुरक्षित रूपमा भर्चुअल वालेटमा रकम भण्डारण गर्न सक्छन् । PIN code प्रयोग गरेर वा बायोमेट्रिक प्रमाणीकरण प्रयोग गरेर भुक्तानी गर्न सक्छन् ।

**कनेक्ट आइपीएस :** कनेक्ट आइपीएस नेपाल क्लियरिङ हाउस लिमिटेडले निर्माण गरेको एक भुक्तानी गर्ने प्लेटफर्म हो । यसलाई एक बैङ्कको खाताबाट अर्को बैङ्कको खाता वा एउटै बैङ्कको भिन्न खातामा रकम स्थान्तरण गर्न प्रयोग गरिन्छ । कनेक्ट आइपीएस सेवा नेपाल राष्ट्र बैङ्कबाट इजाजत (Licence) दिइएको छ । यसबाट पैसा स्थानान्तरण गर्दा केही समयमा नै स्थानान्तरण गरेको खातामा पैसा जम्मा हुन्छ ।

हिजोआज क्रेडिट तथा डेबिट कार्ड र डिजिटल वालेटहरूबाहेक पनि इन्टरनेटको प्रयोग गरी बैङ्कहरूबाट अनलाइन रकम भुक्तानी गरिन्छ । अनलाइन भुक्तानी सुविधाजनक, छिटो र सुरक्षित पैसाको कारोबार गर्ने विधि हो । धेरैजसो अनलाइन भुक्तानी प्रणालीहरूले लेनदेनको समयमा संवेदनशील वित्तीय जानकारी सुरक्षित गर्न विभिन्न सुरक्षा उपायहरू प्रयोग गर्छन् । आफ्ना ग्राहकहरूको रकमका सुरक्षाका लागि पिनकोड र पासवर्डको पनि प्रयोग गरिन्छ । घरमै बसीबसी रकम स्थानान्तरण गर्न, विद्युत्, टेलिफोन र पानीको बिल तिर्न, विद्यालय तथा कलेजको शुल्क तिर्न अनलाइन भुक्तानीले हामीलाई सजिलो बनाएको छ । अनलाइन भुक्तानीका माध्यमबाट हामीले

बस, रेल, हवाइजहाज आदिको टिकट काट्न पनि सजिलो भएको छ। त्यसैले अनलाइ भुक्तानीले वित्तीय लेनदेन गर्ने तरिकामा क्रान्तिकारी परिवर्तन ल्याएको छ । यसले हरेक व्यक्ति र व्यवसायीहरूलाई सजिलो बनाएको छ । यसले विभिन्न बिल तिर्दा सेवा प्रदायककहाँ जानुपर्ने, लाइनमा बस्नुपर्ने आदि काम कम गरेको छ । छिटो, छरितो र विश्वासनीय रूपमा रकम स्थानान्तरण गर्न सहज भएको छ। नगद बोक्नुपर्ने झन्झटबाट मुक्त गराएको छ। यसका साथै अनलाइन सेवाबापत छुट्टै शुल्क तिर्नुपर्ने, अफलाइनमा कारोबार नहुने, साइबर अपराधीहरूले ह्याक गरेर रकम दुरुपयोग गर्न सक्ने आदि जस्ता चुनौतीहरू पनि छन् । त्यसैले सुरक्षित अनलाइन भुक्तानीका लागि निम्न कुराहरूमा ध्यान दिनुपर्छ :

१. इन्टरनेटमा सर्च गरेर कुनै पनि वस्तु वा सेवाबारे पूर्ण जानकारी लिएर विश्वासनीय कम्पनीबाट मात्र अनलाइन खरिद गर्ने

२. कुनै पनि कारोबार गर्दा आफ्नै डिभाइस प्रयोग गरी आवश्यक विवरणहरू, पासवर्ड र रकम आफैँ टाइप गर्ने

३. अनलाइन भुक्तानीका लागि छुट्टै इमेल खाता र पासवर्ड प्रयोग गर्ने

४. आफ्नो पासवर्ड कसैलाई पनि नदिन र अति गोप्य राख्ने

५. सार्वजनिक Wi-Fi प्रयोग गर्दा विवरणहरू सेयर हुने भएकाले त्यस्तो Wi-Fi प्रयोग नगर्ने

६. विश्वासनीय एप मात्र प्रयोग गर्ने आदि ।

### अनलाइन भुक्तानीका लागि गर्नुपर्ने तयारी

अनलाइन भुक्तानीको तयारीका लागि निम्नलिखित प्रक्रिया अपनाउन सकिन्छ :

१. सुरुमा मोबाइलको प्ले स्टोरमा गई आफ्नो खाता भएको कुनै बैङ्कको मोबाइल एप डाउन लोड गर्ने

२. एप डाउलोड भएपछि मोबाइल बैङ्किङ सर्भिस एक्टिभेट गर्ने

३. एक्टिभेट सर्भिसमा आफ्नो मोबाइल र खाता नम्बर राखी 'Next' गर्ने

४. त्यसपछि मोबाइलनमा OTP आउँछ। OTP (One Time Password) प्राप्त भएपछि आफ्नो खाता valid did गरी आफ्नो पासवर्ड सेटअप गर्ने

५. त्यसपछि लग इन पासवर्ड सेटअप गर्ने र ट्रान्जेक्सन पिन सेटअप गरी Finish गर्ने

६. त्यसपछि बैङ्कको online Service मा लग इन हुन्छ र अब मोबाइल एपको प्रयोग गरी दिइएको निर्देशनअनुसार विभिन्न बिलहरूको रकम भुक्तानी गर्ने

### डिजिटल एप्लिकेसनको प्रयोग

विभिन्न काममा सेवा प्रदान गर्ने इन्टरनेटको कार्यक्रमलाई डिजिटल एप्लिकेसन भनिन्छ । विश्वमा कम्प्युटर र इन्टरनेटको विकाससँगै घर, कार्यालय, अस्पताल, यातायात आदिमा पनि डिजिटल एप्लिकेसनको प्रयोग बढिरहेको छ । कम्प्युटर, स्मार्ट टेलिभिजन, वाइफाइ राउटर, माइक्रोओभन, लुगा धुने मेसिन, डिजिटल कुकर आदि घरायसी कामका लागि प्रयोग हुने डिजिटल एप्लिकेसनहरू हुन् । त्यसै गरी डिजिटल ताल्चाहरू (Locks), अनुहार तथा आवाज चिन्न सक्ने एप्लिकेसनहरू पनि घरमा नै प्रयोग गर्न सकिन्छ । डिजिटल हाजिरी, कार्डबाट ताल्चा खोल्ने, कार्डबाटै भाडा तथा बिल तिर्ने जस्ता कार्यहरू विभिन्न डिजिटल एप्लिकेसनहरू कार्यालय, अस्पताल, यातायात, बैङ्क आदिमा प्रयोग भइरहेका छन् । विभिन्न कार्यालयहरूमा हुने डिजिटल एप्लिकेसनहरू प्रयोग यस प्रकार छन् :

१. समय तालिका, परीक्षाफल, शुल्कलगायत विभिन्न जानकारीहरू सम्बन्धीत अभिभावक, विद्यार्थी, शिक्षक आदिलाई दिनका लागि विद्यालयहरूमा डिजिटल एप्लिकेसनहरूको प्रयोग गरिन्छ ।

२. विभिन्न बैङ्किङ कारोबार, पैसा ट्रान्सफर र पानी, बत्ती, एन्टरनेट, फोन आदिलगायत विभिन्न बिलहरू तिर्न बैङ्कहरूमा डिजिटल एप्लिकेसनहरूको प्रयोग गरिन्छ ।

३. विभिन्न समाचारहरू तुरुन्तै पढ्न, सुन्न र हेर्नका लागि विभिन्न मिडियाहरूले डिजिटल एप्लिकेसनहरूको प्रयोग गर्छन् ।

४. गीत सुन्न, फिल्म हेर्न, गेम खेल्न र टिकटक बनाउन विभिन्न मनोरञ्जनका एप्लिकेसनहरू प्रयोग हुन्छ ।

५. विभिन्न सङ्घसङ्गठनका मिटिङ, सेमिनार तथा छलफल चलाउन जुम, गुगल मिट, म्यासेन्जर आदि विभिन्न डिजिटल एप्लिकेसनहरू प्रयोग हुन्छ ।

६. विभिन्न कार्यालयहरूमा सम्बन्धीत कार्यालयले प्रदान गर्ने सेवाहरूको जानकारी गराउन, नागरिक बडापत्रलगायत अन्य सेवासम्बन्धी जानकारी गराउनका लागि पनि कार्यालयहरूमा डिजिटल एप्लिकेसनहरूको प्रयोग गरिन्छ ।

विभिन्न ठाउँमा विभिन्न प्रयोजनका लागि डिजिटल एप्लिकेसनहरूको प्रयोग गरिन्छ । यिनै डिजिटल एप्लिकेसनहरूको प्रयोगका कारण हिजोआज सार्वजानिक सेवाका कार्यहरू छिटो र छरितो भएको छ । यसले हाम्रो दैनिक जीवनमा सहजता प्रदान गरेको छ तर डिजिटल एप्लिकेसनहरूको प्रयोग गर्दा निम्नलिखित कुराहरूको ध्यान दिन जरुरी हुन्छ :

१. कुनै नयाँ डिजिटल उपकरण (Appliance) प्रयोग गर्दा उक्त उपकरणहरूको निर्देशिका (User Mannual) राम्ररी पढेर मात्र त्यसलाई प्रयोग गर्ने

२. नयाँ उपकरण (Appliance) को प्रयोगबारे घरका सदस्यहरूलाई जानकारी दिने

३. साना बालबालिकाहरूलाई डिजिटल लत लाग्ने गरी यस्ता उपकरणहरू चलाउन नदिने

४. कुनै पनि उपकरणहरू बालबालिकाको पहुँचभन्दा बाहिर राख्ने र उनीहरूलाई चलाउन नदिने

५. कार्यालय, यातायात, बैङ्क, अस्पताल आदिमा रहेको डिजिटल उपकरण (Appliance) चलाउनु पर्ने भएमा दिइएका निर्देशन पढेर वा कर्मचारीहरूलाई सोधेर मात्र चलाउने

## क्रियाकलाप

१. तपाईंले प्रयोग गर्नुभएको डिजिटल एप्लिकेसन र तिनीहरूको प्रयोगले मानव जीवनमा आएको परिवर्तनका बारेमा आफ्नो विचार लेख्नुहोस् ।

२. तपाईंको घरमा परिवारका सदस्यहरूबिच मोबाइल एपको प्रयोग गरी फोन पे गर्ने अभ्यास गर्नुहोस् ।

३. विभिन्न पसलहरूमा विभिन्न बैङ्कको क्युआर कोर्डको प्रयोग गरी भुक्तानी गर्दाको तपाईंको अनुभव अरूलाई सुनाउनुहोस् र अरूका अनुभव पनि सुन्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) अनलाइन भुक्तानी भनेको के हो ?

(ख) तपाईंले प्रयोग गर्ने कुनै दुई अनलाइन भुक्तानीका माध्यम उल्लेख गर्नुहोस् ।

(ग) तपाईंका घरमा प्रयोग हुन डिजिटल एप्लिकेसनहरू के के हुन्, वर्णन गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) अनलाइन भुक्तानीका फाइदा र बेफाइदाहरू उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा अनलाइन भुक्तानीका चुनौतीहरू के के छन् ? सूची तयार पार्नुहोस् ।

(ग) "डिजिटल एप्लिकेसनको प्रयोगले समय र श्रमको बचत हुन्छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) इसेवाबाट मोबाइल रिचार्ज कसरी गर्न सकिन्छ ? सुरुदेखिकै प्रक्रिया उल्लेख गर्नुहोस् ।

(ख) तपाईंको घरमा प्रयोग हुने विभिन्न डिजिटल एप्लिकेसनहरू उल्लेख गरी कुनै दुईको वर्णन गर्नुहोस् ।

# पाठ ४ इन्टरनेट र सामाजिक सञ्जालको उत्तरदायी प्रयोग

हिजोआज विभिन्न सूचना तथा जानकारीका लागि इन्टरनेट एक महत्त्वपूर्ण माध्यम बनेको छ । यो अहिलेको आधुनिक विश्वका मानिसहरूबिचको एक महत्त्वपूर्ण सम्पर्कको साधनको रूपमा प्रयोग भएको छ । अधिकांश मानिस इन्टरनेटमा विभिन्न सूचना, तथ्याङ्क तथा विभिन्न अध्ययन सामग्रीहरू इन्टरनेटमा नै खोज्छन् तर इन्टरनेटमा भएका सामग्रीहरू सबै सही नै हुन्छन् भन्ने छैन । त्यसैले इन्टरनेटको प्रयोगबाट सही सूचना, तथ्याङ्क र अध्ययन सामग्रीको खोजी र प्रयोगका बारेमा केही जानकारी लिनु आवश्यक हुन्छ ।

## इन्टरनेटको प्रयोगबाट सूचना, तथ्याङ्क र अध्ययन सामग्रीको खोजी र प्रयोग

इन्टरनेट विश्वका मानिसहरूबिच सम्बन्ध स्थापित गर्ने एक विश्वव्यापी कम्प्युटर सञ्जाल हो । यसको प्रयोग गरी विभिन्न सूचना, तथ्याङ्क र अध्ययन सामग्रीहरू खोजी गर्न अत्यन्तै सहज हुन्छ । यसका लागि विभिन्न सर्च इन्जिनहरूको प्रयोग गरिन्छ । Google Chrome, Mozilla, Firefox, Torch, Microsoft Edge, Opera आदि प्रचलित सर्च इन्जिनहरू हुन् । यिनै सर्च इन्जिनहरूको सहायताले इन्टरनेटमा विभिन्न सूचना, तथ्याङ्क र अध्ययन सामग्रीहरू खोज्न सकिन्छ । यसका लागि सर्च इन्जिनमा उचित tab (जस्तैः Image tab, Video tab आदि) को प्रयोग गर्ने, सर्च बक्समा मूल शब्द टाइप गर्ने, आफूले चाहेको सूचना नपाउँदासम्म विभिन्न सम्भावित मूल शब्दहरू सर्च बक्समा टाइप गर्दै खोजी गर्ने गर्नुपर्छ । आफूले खोज्न चाहेको सूचनाको मूल शब्द " " चिह्न राखेर खोज्ने र असहयोगी शब्दहरू - चिह्न राखेर टाइप गर्दा खोजी गरेको लिस्टबाट ती शब्दहरू हट्छ । यसले विषयवस्तुको खोजी कार्यलाई सहज र छिटो बनाउँछ । त्यसै गरी आफूले खोजेको सूचना तथा विषयवस्तुको विश्वासनीयता थाहा पाउनका लागि निम्नलिखित मूल्याङ्कनका आधारहरू अपनाउन सकिन्छ :

१. शिक्षा, सरकार र सङ्घसंस्थाहरूका साइटहरू बढी विश्वासनीय हुन्छन् । यस्ता साइटहरू .org, .gov, .edu जस्ता शब्दहरूको प्रयोग भएको हुन्छ ।

२. वास्तविक नाम भएका योग्य तथा परिचित लेखकहरूको लेख बढी विश्वासनीय हुन्छ ।

३. कसैको लेखलाई स्रोतका रूपमा लिँदा citation भएका लेखहरू बढी विश्वासनीय हुन्छन् ।

४. गैरनाफामूलक संस्थाहरूका वेबसाइटहरू बढी विश्वासिलो हुन्छन् ।

५. लेखमा भाषागत त्रुटिहरू कम भएका लेखहरू बढी राम्रो तथा स्तरीय मानिन्छन् ।

## सामाजिक सञ्जालको उत्तरदायी प्रयोग

वर्तमान विश्वमा इन्टरनेट र सामाजिक सञ्जाल बढी प्रयोग भएको पाइन्छ । कहिलेकाहीँ सामाजिक सञ्जालको सदुपयोग नभई दुरुपयोग भएको पाइन्छ । यसका दुरुपयोगले समाजमा व्यक्तिको मर्यादामा आँच आउनुका साथै कहिलेकाहीँ गम्भीर आपराधिक घटनाहरूसमेत घट्न

सक्छन् । इन्टरनेट र कम्प्युटरको प्रयोग गरेर गरिने गैरकानुनी, अनैतिक वा असामाजिक कार्यलाई साइबर अपराध भनिन्छ । गोप्य सूचना चोरी गर्नु, इन्टरनेट ठगी गर्नु, ह्याकिङ गर्नु, कम्प्युटर भाइरसको आक्रमण, डर त्रास दिने आदि कार्य साइबर अपराध हुन् । त्यसै गरी इन्टरनेट र सामाजिक सञ्जालमा गरिने असल व्यवहारलाई साइबर नैतिकता भनिन्छ । यो कम्प्युटर र इन्टरनेटको प्रयोग गर्दा यससम्बन्धी नीतिनियमहरूको पालना गर्ने कार्य हो । हामीले इन्टरनेट र सामाजिक सञ्जालको प्रयोग गर्दा कसैलाई धोका हुने, नोक्सान पर्ने वा प्रतिष्ठामा आँच आउने काम गर्नु हुँदैन । कसैको गोप्य सूचना हेर्ने, पोस्ट गर्ने, सार्ने आदि पनि गर्नु हुँदैन । सामाजिक सञ्जालहरूमा झुटा समाचारहरू सम्प्रेषण गर्ने, अर्काको लेख रचना चोरी गर्ने आदि जस्ता कामहरू गर्न हुँदैन । यी कुराहरू साइबर अपराधभित्र पर्छन् । यसका लागि आफ्नो देशको साइबर कानुनका बारेमा जानकारी लिनु जरुरी छ ।

नेपालमा साइबर अपराधलाई नियन्त्रण गर्नका लागि विद्युतीय कारोबार ऐन, २०६३ बनाई लागु गरिएको छ । यस ऐनका अनुसार गर्न नहुने केही काम र सजाय यहाँ प्रस्तुत गरिएको छ । यसको अध्ययन गरी व्यवहारमा लागु गर्ने प्रयास गरौँ :

१. प्रचलित कानुनले कम्प्युटर स्रोतको सङ्केत (सोर्स कोड) लाई यथावत् राख्ने गरी तत्काल व्यवस्था गरेको अवस्थामा कुनै व्यक्तिले कुनै कम्प्युटर, स्रोतको सङ्केत (सोर्स कोड) लाई जानी जानी वा बदनियत राखी चोरी गरेमा, नष्ट गरेमा, परिवर्तन गरेमा वा त्यस्तो काम गर्न लगाएमा निजलाई तीन वर्षसम्म कैद वा दुई लाख रुपियाँसम्म जरिबाना वा दुवै सजाय हुने छ ।

२. बिनाअख्तियारी कुनै कार्यक्रम, सूचना वा तथ्याङ्कमा पहुँच प्राप्त गर्ने उद्देश्यले कुनै कार्य गरेमा दुई लाख रुपियाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने छ ।

३. कम्प्युटर सम्पदामा रहेका कुनै सूचनालाई कुनै पनि व्यहोराबाट नष्ट गरेमा, क्षति पुऱ्याएमा, मेटाएमा, हेरफेर गरेमा, काम नलाग्ने बनाएमा वा त्यस्ता सूचनाको मूल्य र प्रयोगको महत्त्वलाई ह्रास गराएमा वा हानिकारक प्रभाव पारेमा वा कसैलाई त्यस्तो काम गर्न लगाएमा दुई लाख रुपियाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने छ ।

४. कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चार माध्यमहरूमा गैरकानुनी सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाति र सम्प्रदायबिचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमका अमर्यादित कार्य गर्ने वा गर्न लगाउनेलाई एक लाख रुपियाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने छ ।

५. आधिकारिक रूपमा पहुँच प्राप्त गरेका कुनै व्यक्तिले कुनै अनधिकृत व्यक्तिलाई विद्युतीय अभिलेख, किताब, रजिस्टर, पत्र व्यवहार, सूचना, कागजात वा सामग्रीको गोपनीयता भङ्ग गरेमा वा भङ्ग गर्न लगाएमा एक लाख रुपियाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने छ ।

६. कुनै विद्युतीय सूचना जानीजानी लुकाएमा वा ढाँटेमा वा जानाजानी झुट्टा व्यहोरा पेस वा दाखिला गरेमा एक लाख रुपियाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने छ ।

७. झुट्टा इजाजतपत्र वा प्रमाणपत्र पेस गरेमा वा देखाएमा एक लाख रुपियाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने छ ।

८. तोकिएका विवरण वा कागजात दाखिला नगरेमा वा सुरक्षित राख्नुपर्ने विवरण वा कागजात सुरक्षित नराखेमा पचास हजार रुपियाँसम्म जरिवाना हुने छ ।

९. नक्कली डिजिटल हस्ताक्षर प्रमाणपत्र सिर्जना गरेमा, प्रकाशन गरेमा वा अन्य व्यहोराले उपलब्ध गराएमा वा कुनै बिलको भुक्तानी रकम, कसैको खाताको बाँकी रकम वा ए.टी.एम.कार्डमा मिलोमतो गरी वा अन्य कुनै तरिकाले जालसाजी गरी लाभ उठाएमा बिगो कायम गरी सम्बन्धीत पक्षलाई कसुर गर्नेबाट भरपाई त्यस्ता कसुरदारलाई एक लाख रुपियाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने छ ।

१०. कम्प्युटरसम्बन्धी कुनै कसुर गर्न कसैलाई दुरुत्साहन गरेमा वा त्यस्तो कसुर गर्ने उद्योग गरेमा वा षड्यन्त्रमा सामेल भएमा पचास हजार रुपियाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने छ ।

११. कम्प्युटरसम्बन्धी कसुर गर्न सघाएमा वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गरेमा मुख्य कसुरदारलाई भएको सजायको आधा सजाय हुने छ ।

१२. नेपाल राज्यबाहिर कम्प्युटरसम्बन्धी कसुर गरेमा त्यस्तो कसुर गरिएको कम्प्युटर, कम्प्युटर प्रणाली वा कम्प्युटर नेटवर्क प्रणाली नेपालमा अवस्थित भएमा नेपालमा भएसरह सजाय हुने छ ।

१३. कम्प्युटरसम्बन्धी कुनै कसुर ठहर्ने कुनै कसुर गर्न प्रयोग गरिएका कुनै पनि कम्प्युटर, कम्प्युटर प्रणाली, फ्लपी, कम्प्याक्ट डिक्स, टेप ड्राइभ, सफ्टवेयर वा अन्य सहायक उपकरणहरू जफत हुने छ ।

१४. सङ्गठित संस्थाका नाममा कम्प्युटरसम्बन्धी कसुर गरेमा संस्थाको सञ्चालनका लागि प्रमुख रूपमा जिम्मेवार व्यक्तिलाई सजाय हुने छ ।

१५. पीडित व्यक्तिका हकमा कसुरदारबाट मनासिब क्षतिपूर्ति भराई दिन सक्ने छ ।

माथि उल्लिखित सजायहरू कानुनमा नै व्यवस्था गरिएको हुनाले कानुनको पालना सबैले गर्नुपर्छ । हरेकले दिइएका कानुनको पालना गर्नु हरेकको कर्तव्य हो ।

### क्रियाकलाप

१. विभिन्न सुरक्षा निकायको वेबसाइटबाट साइबर अपराधसम्बन्धी घटनाहरूको विवरण सङ्कलन गरी बुँदा टिपोट गर्नुहोस् ।

२. साइबर नैतिकता विषयमा दुई सहपाठीहरूबिच भएको संवादको नमुना तयार पार्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) सर्च इन्जिन भनेको के हो ?

(ख) नेपालमा सबैभन्दा बढी कुन सर्च इन्जित प्रयोग हुन्छ ? आफ्नो तर्कसमेत एक वाक्यमा लेख्नुहोस् ।

(ग) साइबर नैतिकता भन्नाले के बुझिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(घ) साइबर नैतिकताअनुसार गर्न नहुने कुनै दुईओटा कार्य उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) इन्टरनेटको प्रयोग गरी आफूलाई चाहिने विषयवस्तु कसरी खोज्न सकिन्छ ? सबै प्रक्रिया आफ्नै शब्दमा लेख्नुहोस् ।

(ख) कस्ता अपराधहरू साइबर अपराधअन्तर्गत पर्छन् ? खोजी गरी लेख्नुहोस् ।

(ग) साइबर अपराधबाट बच्न अपनाउन सकिने कुनै चारओटा उपायहरू उल्लेख गर्नुहोस् ।

(घ) सामाजिक सञ्जालको उत्तरदायी प्रयोगका लागि के गर्न सकिन्छ ? छोटकरीमा वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) “सर्च इन्जिनहरू र यसको व्यावहारिक प्रयोग” भन्ने शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् ।

(ख) सामाजिक सञ्जाल प्रयोगबाट हुने फाइदा र बेफाइदा उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको छिमेकमा कोही अधिवक्ता हुनुहोला, उहाँलाई भेटी नेपालमा साइबर अपराधसम्बन्धी कानुन र त्यसको प्रभावकारिताका बारेमा छलफल गर्नुहोस् । छलफलमा उठेका बुँदाहरूलाई समेटी एक प्रतिवेदन लेख्नुहोस् ।

# एकाइ ३ जीवनोपयोगी सिप

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धिहरू हासिल गर्ने लक्ष्य राखिएको छ :

१. जीवनोपयोगी सिपको व्याख्या गर्न

२. सामाजिक तथा पेसागत जीवनमा तिनको प्रयोग गर्न





## पाठ १ निर्णय प्रक्रिया

### (क) निर्णयको परिचय

| |
|---|
| १. जर्ज टेरी (George Terry) ले निर्णय प्रक्रियालाई "निर्णय प्रक्रिया भनेको उपलब्ध विकल्पहरूबाट एउटा सबैभन्दा राम्रो विकल्पको छनोट गर्नु हो ।" भनी परिभाषित गरेका छन् । |
| २. हेरोल्ड कुन्ज र हेन्ज वेरिचका अनुसार "विकल्पहरूबिचको छनोट कार्यका साथै योजना तर्जुमाको जग नै निर्णय हो ।" |
| ३. ग्रिफिनका शब्दमा "विभिन्न विकल्पहरूमध्येमा एक विकल्प छान्ने कार्य नै निर्णय प्रक्रिया हो ।" |

हाम्रो जीवनमा हामीले विभिन्न अवस्थाहरू भोगिरहेका हुन्छौँ । हाम्रो जीवनका भोगाइहरू हामीले गरेको निर्णयको फल हो । प्रसिद्ध लेखक बेनेट टि रोयले मानिसको भाग्यलाई उसको निर्णयले निर्धारण गर्छ भनेका छन् । उनले भने जस्तै सही निर्णय गर्दा हामी सफल हुन्छौँ भने गलत निर्णय गर्दा हामीले दुःख पाइरहेका हुन्छौँ । त्यसैले जीवनमा कुनै पनि निर्णय गर्दा विचार गरेर मात्र निर्णय गर्नुपर्छ । कुनै काम गर्नुपूर्व त्यो काम गर्ने वा नगर्ने भनी विचारपूर्वक गरिएको निष्कर्ष नै निर्णय (Decision ) हो । सामान्यतया विगतको अनुभवलाई आधार बनाएर निर्णय गरेका हुन्छौँ । के के गर्ने, किन गर्ने, कसरी गर्ने, कहाँ गर्ने, कहिले गर्नेलगायतका प्रश्नहरूका उत्तरका आधारमा निष्कर्षमा पुग्छौँ । तसर्थ निर्णय विभिन्न विकल्पहरूमध्येको हामीलाई लागेको उपयुक्त विकल्प निर्णय हो । निर्णयमा पुग्नका लागि हामीले गरेको सोच, विचार, खोज, अनुसन्धान, छलफल आदि निर्णय प्रक्रिया हो । कुनै पनि समस्याको समाधान खोज्दा विभिन्न विकल्पहरू पहिचान गरी हाम्रो अवस्था र आवश्यकतालाई मध्यनजर गरी उत्तम विकल्प छनोट गर्ने कार्य नै निर्णय प्रक्रिया हो ।

### निर्णयका प्रकारहरू

निर्णय गर्ने प्रक्रिया, यसको प्रकृति, निर्णय प्रक्रियामा सहभागितालगायत विभिन्न आधारमा निर्णय प्रक्रियालाई निम्नानुसार वर्गीकरण गरिन्छ :


| आधारहरू | निर्णयका प्रकारहरू |
|---|---|
| १. निर्णय प्रक्रियामा सहभागिता वा निर्णयकर्ता | १. व्यक्तिगत निर्णय : व्यक्ति स्वयम्ले आफैँलाई मात्र प्रभाव पार्ने किसिमले गरेको निर्णय व्यक्तिगत निर्णय हो ।<br>२. सामूहिक निर्णय : सामूहिक भलाइका निम्ति दुई वा धेरै व्यक्तिहरूको छलफलबाट गरिएको निर्णय सामूहिक निर्णय हो ।<br>३. संस्थागत निर्णय : यस्तो निर्णय समूहको फाइदाका लागि |

| | |
|---|---|
| | गरिन्छ । कुनै सङ्घसंस्थाको अधिकार प्राप्त व्यक्ति वा व्यक्ति समूहबाट संस्थाको हितका लागि गरिने निर्णयलाई संस्थागत निर्णय भनिन्छ । यस्ता निर्णयहरू संस्थाका नीतिनियमका आधारमा संस्थाका भलाइका निम्ति गरिन्छ । |
| २. निर्णयको प्रभाव रहने समय | (क) दैनिक निर्णय : हाम्रो दैनिक जीवनमा गरिरहनुपर्ने निर्णयहरू दैनिक निर्णय हुन् ।<br>(ख) अल्पकालीन निर्णय : निर्णयको प्रभाव छोटो समयसम्म मात्र रहने निर्णय अल्पकालीन निर्णय हो ।<br>(ग) दीर्घकालीन निर्णय : निर्णयको प्रभाव लामो समयसम्म रहने निर्णयहरू दीर्घकालीन निर्णय हुन् । |
| ३. निर्णयको महत्त्व | (क) सामान्य निर्णय : कम महत्त्व बोकेका विषयहरूमा गरिने निर्णयहरू सामान्य निर्णय हुन् ।<br>(ख) विशेष निर्णय : महत्त्वपूर्ण विषयमा गरिने निर्णयहरूलाई विशेष निर्णय भनिन्छ । |
| ४. निर्णयको प्रक्रिया | (क) विवेकशील निर्णय : विभिन्न विकल्पहरूको पहिचान गरी तथ्य तथा प्रमाणहरूको विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा उपयुक्त तथा सर्वोत्तम विकल्पको छनोट गरी गरिने निर्णय विवेकशील निर्णय हो ।<br>(ख) अन्तर्ज्ञान निर्णय : यो अन्तरबोध वा अन्तर्मनबाट उचित ठानेको वा मनमा विश्वास लागेका आधारमा गरिने निर्णय हो । यसमा निर्णयकर्ताले तत्काल आफूलाई जे कुरा ठिक लागेको छ । त्यसैलाई निर्णयका रूपमा प्रस्तुत गर्छ ।<br>(ग) परिस्थितिगत निर्णय : वर्तमानमा घटिरहेका घटनाहरूको विश्लेषण गरी त्यसबाट सिर्जना भएका समस्यालाई समाधान गर्न वा समयानुकूल हुने परिवर्तनलाई आत्मसात् गरी सोबाट अवसर तथा लाभ लिन परिस्थिति अनुकूल हुने गरी निर्णय लिइन्छ ।<br>(घ) सहभागितामूलक निर्णय : लक्षित समूह, लाभग्राही वा सरोकारवालाहरू निर्णय प्रक्रियामा सहभागी गराई उनीहरूकै फाइदाका गरिने निर्णय हो । |
| ५. निर्णयको प्रकृति | (क) नीतिगत निर्णय : सङ्घसस्था सञ्चालनका लागि आवश्यक नीति निर्माणका सम्बन्धमा गरिने निर्णयहरू नीतिगत |

| | |
|---|---|
| | निर्णयहरू हुन् ।<br>(ख) कार्यगत वा प्रशासनिक निर्णय : नीतिनियम वा ऐन कानुनको कार्यान्वयनका लागि गरिने निर्णयहरू कार्यगत वा प्रशासनिक निर्णय हुन् । |

## (ख) निर्णय प्रक्रियाका चरणहरू

जीवनमा कुनै पनि निर्णय गर्दा विचार गरेर मात्र निर्णय गर्नुपर्ने भएकाले विभिन्न चरणहरू पूरा गरी निर्णय गर्नुपर्छ । समस्याको पहिचान, समस्याको विश्लेषण, विकल्पहरूको पहिचान, विकल्पहरूको विश्लेषण गरी राम्रो विकल्पको छनोट गर्नुपर्छ । छनोट भएका विकल्पहरूलाई कार्यान्वयन गर्ने र त्यसको पुनरवलोकन गर्ने काम गर्नुपर्छ । यी सबै चरणका कार्यहरू पूरा गरी लिइएको निर्णय यथार्थपरक र कार्यान्वयन गर्न सकिने हुन्छ । निर्णय प्रक्रियाका चरणहरूलाई निम्नानुसार चक्रमा प्रस्तुत गर्न सकिन्छ :




माथि उल्लेख गरिएको निर्णय प्रक्रियालाई निम्नानुसार वर्णन गर्न सकिन्छ :

१. समस्याको पहिचान : निर्णय प्रक्रियाको यो पहिलो चरण हो । यस चरणमा निर्णय लिनुपर्ने समस्या के हो ? पत्ता लगाइन्छ । जस्तै : एसइई पास भइसकेपछि कक्षा ११ र १२ पढ्ने वा नपढ्ने, पढ्ने हो भने कसरी पढ्ने, कुन विद्यालयमा पढ्ने, कुन कुन विषयहरू लिएर पढ्ने आदि ।

२. समस्याको विश्लेषण : कहिलेकाहीँ समस्या वास्तविक हो होइन पत्ता लगाउन गाह्रो हुन्छ । त्यसैले समस्याहरूको विश्लेषण गर्नुपर्छ । यस चरणमा वास्तविक समस्या

पत्ता लगाई समाधानका लागि निर्णय प्रक्रियामा समावेश गरिन्छ, जस्तै : पढ्न त पढ्ने नै हो, आफूले नै पढिरहेको विद्यालयमा नै पढ्ने हो तर यसमा कुन विषय लिएर पढ्ने हो भन्ने मुख्य समस्या हुन सक्छ ।

३. विकल्पको पहिचान : समधान गर्नुपर्ने समस्याहरूको छनोट गरिसकेपछि त्यसका समाधानका विकल्प पहिचान यस चरणमा गरिन्छ, जस्तै : मानविकी तर्फका विषयहरू, व्यवस्थापनतर्फका विषयहरू, शिक्षातर्फका विषयहरू र विज्ञानतर्फका विषयहरू विभिन्न विकल्पहरू सक्छन् ।

४. विकल्पहरूको विश्लेषण: कुनै एउटा समस्या समाधानका लागि विभिन्न उपायहरू हुन्छन् । विभिन्न विकल्पहरूका विश्लेषण यस चरणमा गरिन्छ, जस्तै: आफ्नो आवश्यकता, क्षमता, अनुकूलता, भविष्यको उद्देश्य आदिका आधारमा यी विकल्पहरूको विश्लेषण गर्ने

५. विकल्पको छनोट : विकल्पहरूको विश्लेषणको चरण सकिएपछि उपयुक्त विकल्पको छनोट गरिन्छ । त्यस विकल्प नै समस्या समाधानका लगि हामीले गर्ने निर्णय हो । जस्तै : माथि उल्लिखित विभिन्न विषयहरूमध्ये कुनै एउटा रोज्ने ।

६. निर्णयको कार्यान्वयन : यस चरणमा छनोट भएका विकल्पको कार्यान्वयन गरिन्छ । आफूले रोजेको विषय पढ्न विद्यालयमा भर्ना हुने ।

७. पुनरवलोकन तथा मूल्याङ्कन: आफूले छनोट गरेको विकल्प ठिक भएको छ छैन, त्यसको कार्यान्वयन कस्तो भइरहेको छ ? आदि जस्ता कार्य यस चरणमा गरिन्छ । मूल्याङ्कनका आधारमा आवश्यकताअनुसार सम्भव भएका कुराहरू पुनरवलोकन गर्ने गरिन्छ । आफूले पढिरहेको विषयको आफूले सोचेअनुरूप भए नभएको, आफ्नो क्षमताअनुरूप भए नभएको मूल्याङ्कन गर्ने र सम्भव भएका कुराहरू सुधार गर्दै लैजाने ।

(ग) अनिर्णित हुने अवस्था

कुनै किसिमको निर्णय गर्दा विविध कारणले निर्णयमा पुग्न नसक्ने अवस्था आउन सक्छ । यसैलाई अनिर्णित हुने अवस्था भनिन्छ । निर्णय गर्न नसक्नु, अन्यौलमा पर्नु, दोधारमा रहनु वा निष्कर्षमा पुग्न नसक्नु नै अनिर्णितको अवस्था हो । यो समयमै निर्णय हुन नसकेको अवस्था हो । कुनै काम गर्दा अनिर्णयमा पुग्नु भनेको खराब निर्णय जस्तै घातक हुन सक्छ । त्यसैले हामीले कुनै कुराको निर्णय समयमै गर्नुपर्छ । निम्न कारणहरूले गर्दा अनिर्णित हुने अवस्था सिर्जना हुन सक्छ :

– स्पष्ट लक्ष्य नहुनु - खराब परिणामको डर - प्रयाप्त सूचनाको अभाव

– तत्कालको परिस्थिति वा वातावरण निर्णय गर्न योग्य नुहुन

– स्रोतसाधनको उपलब्धता नहुनु

- निर्णय गर्ने अधिकार नहुनु धेरै विकल्पहरू हुनु

- विकल्पहरूका बारेमा प्रशस्त समय नहुनु आदि ।

### क्रियाकलाप

१. बिन्दुले मनकामना मा. वि.बाट हालसालै एसइई पास गरेकी छिन् । उनले कक्षा ११ र १२ पनि सोही विद्यालयमा पढ्ने निधो गरिन् । विद्यालयमा व्यवस्थित ल्याब, पुस्तकालय, चमेना गृह र शौचालयलगायत पढाइका लागि राम्रो वातावरण छ । यस विद्यालयबाट १२ कक्षा पूरा गरेमा भविष्यका लागि राम्रो अवसर पनि पाइन्छ भन्ने उनले विश्वास लिएकी छिन् ।

| घटनासँग सम्बन्धीत समस्या | समस्या समाधानका विकल्पहरू | विकल्पको छनोट | विकल्पका राम्रा पक्ष | विकल्पका नराम्रा पक्ष |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) निर्णय भनेको के हो ? आफ्नै शब्दमा लेख्नुहोस् ।

(ख) व्यक्तिगत निर्णय भन्नाले के बुझ्नुहुन्छ ?

(ग) निर्णय प्रक्रियामा समस्याको पहिचान किन गर्नुपर्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(घ) कस्तो अवस्थालाई अनिर्णित हुने अवस्था भनिन्छ ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) निर्णय गर्दा के के कुरामा ध्यान दिनुपर्ने हुन्छ ? आफूले जानेका कुराहरूको सूची तयार गर्नुहोस् ।

(ख) निर्णय प्रक्रियामा विकल्प किन महत्त्वपूर्ण मानिन्छ होला ? आफ्नो तर्क लेख्नुहोस् ।

(ग) के निर्णय निर्माण जटिल र व्यावहारिक काम हो ? आफ्नो तर्कसहित उत्तर लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) निर्णय निर्माणका प्रकारहरू उदाहरणसहित वर्णन गर्नुहोस् ।

(ख) अनिर्णित हुने अवस्था सिर्जना गर्ने कारणहरू के के हुन् ? कुनै दुईको वर्णन गर्नुहोस् ।

# पाठ २ समस्या समाधान

## समस्याको परिचय र पहिचान

समस्या जीवनमा आइपर्ने एक व्यावहारिक कठिनाइ हो । यो एक अनिच्छित, अप्ठेरो र दैनिक जीवनमा खतरा उत्पन्न गराउन सक्ने एक अवस्था हो । मानव जीवनमा कुनै न कुनै खालका समस्याहरूसँग जुध्नुपर्ने हुन सक्छ । यस्ता समस्याहरू समयमा नै समाधान गर्न नसके समस्या जटिल बन्दै जान्छ । यसले हाम्रो गतिशीलता र सिर्जनात्मक क्षमतालाई प्रभाव पार्न थाल्छ । जसले गर्दा हाम्रो सोचाइ, व्यवहार आदि कुरामा नकारात्मक वा प्रतिकूल असर देखिन थाल्छ । यसले हामीलाई तनाव सिर्जना गर्न सक्छ । जसले भौतिक वा आर्थिक नोक्सानी पनि गर्न सक्छ । समस्याको समाधान पनि हुन्छ र गर्न सकिन्छ । यसका लागि हामीमा समस्यालाई पहिचान गर्ने तथा समस्यासँगै समाधान खोज्ने बानीको विकास हुनु आवश्यक छ ।

समस्या हाम्रो जीवनमा आउने एक प्रकारको बाधा सिर्जना गर्ने असहज परिस्थिति हो । यो वर्तमान अवस्था र व्यक्तिको चाहनाबिचको अन्तर हो । कुनै व्यक्तिको चाहना पूरा गर्न बाधा सिर्जना गर्ने तत्त्व नै समस्या हो । समस्या वातावरण, समय र परिस्थिति वा अवस्थाले निर्धारण गर्छ त्यसैले यसलाई कुनै निश्चत परिस्थिति, वस्तु वा घटनालाई तोकेर परिभाषित गर्न सकिँदैन । एउटा व्यक्तिलाई असहज बनाउने कुरा अर्काका लागि समस्या नहुन सक्छ । त्यसैले जसलाई समस्या परेको हो, उसैले पहिला समास्याको समाधानका उपायहरू खोज्नुपर्छ । समस्या समाधानका क्रममा आवश्यक परेको सहयोग अरूले गर्नुपर्छ । समस्या के हो ? कसरी उत्पन्न र विकसित हुन्छ ? भन्ने कुरा बुझ्नका लागि समस्या समाधान गर्ने सिपको आवश्यकता पर्छ । यसका लागि समस्या समाधानका चरणहरूका बारेमा जान्नु राम्रो हुन्छ ।

## समस्या समाधानका चरण

कुनै पनि ताल्चा बनाउने उद्योगले चाबीबिना ताल्चाको उत्पादन गर्दैन भने जस्तै समाधान बिनाको समस्या पनि हुँदैन । समस्या समाधान विभिन्न चरणहरू हुन्छन् । ती चरणहरूलाई क्रमशः अपनाउँदै गएमा जस्तोसुकै समस्या पनि सहजै समाधान हुन सक्छ । समस्या समाधानका चरणहरू यस प्रकार छन् :

(क) **समस्याको पहिचान :** समस्याको पहिचान समस्या समाधानको पहिलो चरण हो । यस चरमा समस्या के हो ? यो कसरी सिर्जना भयो ? र किन भयो ? भन्ने प्रश्नको उत्तर खोजी गर्दै समस्याको कारण पहिचान गरिन्छ ।

(ख) **विकल्पहरूको खोजी :** यो समस्या समाधानको दोस्रो चरण हो । यस चरणमा समस्या समाधानका लागि विकल्पहरूको खोजी गरिन्छ । यसका लागि विगतमा सम्बन्धीत समस्यासँग मिल्दोजुल्दो समस्याहरू आउँदा कसरी समाधान गरिएको थियो भन्ने सम्बन्धमा अध्ययन गरिन्छ । यस चरणमा अन्य सम्बन्धीत व्यक्तिहरूसँग पनि छलफल गरिन्छ र आवश्यकताअनुसार विभिन्न कानुनी र अन्य दस्ताबेजहरू अध्ययन गरिन्छ । यसरी हरेक क्षेत्रबाट प्राप्त हुने विकल्पहरूको सूची यसै चरणमा तयार गरिन्छ ।

(ग) **उत्तम विकल्पको छनोट :** समस्या समाधानको तेस्रो चरणमा पहिचान गरिएका विकल्पहरूको विभिन्न तथ्य र सूचनामा आधारित भई विश्लेषण गरिन्छ । कुनै एक उत्तम विकाल्पको छनोट गर्ने कार्य पनि यस चरणमा नै गरिन्छ ।

(घ) **विकल्पको कार्यान्वयन :** समस्या समाधानको चौथो चरणमा छनोट भएका उत्तम विकल्पलाई कार्यान्वयन ल्याउने काम गरिन्छ । स्थानीय वातावरण वा परिवेशअनुसार समस्या समाधानका कार्यान्वयनको विधि र तरिका समस्याको प्रकृतिअनुसार फरक फरक हुन सक्छन् । कुनै अवस्थामा एउटै विकल्पले काम गर्न सक्छ भने कुनै समस्या समाधानका लागि दुई वा दुईभन्दा बढी विकल्पलाई एकैसाथ वा क्रमशः कार्यान्वयन पनि गर्न सकिन्छ । प्रत्येक समस्याका समाधानका लागि समयरेखा तयार गरी कार्यान्वयन गर्नुपर्छ । कुनै पनि कार्य योजना कार्यान्वयनको क्रममा सम्बन्धीत सरोकारवालाहरूको सहयोग र सहकार्य आवश्यकता पर्ने हुनाले सबैको सहभागितामा कार्यान्वयन गरिन्छ ।

(ङ) **मूल्याङ्कन र पृष्ठपोषण :** मूल्याङ्कन र पृष्ठपोषणलाई समस्या समाधानको अन्तिम चरणका रूपमा लिइन्छ । यस चरणमा समस्या समाधानका निम्ति कस्ता उपायहरूको प्रयोग गरिएको थियो भन्ने सम्बन्धमा लेखाजोखा गरिन्छ ।.समस्याको समाधान भयो भएन ? समस्या समाधान भएको भए कसरी भयो ? समस्या समाधान नभएको भए किन भएन ? आदि कुराको लेखाजोखा गरी समस्या समाधानको उपायहरू अपनाउँदै अघि बढ्दै गरिन्छ । पूर्ण रूपले समाधान नभएसम थप विकल्पहरू अवलम्बन गर्दै पुनः समाधानको प्रयास गरी समस्या समाधान गरिन्छ ।

### क्रियाकलाप

१. पाठमा उल्लिखित समस्या समाधानका चरणहरू प्रयोग गरेर तपाईंको समुदायमा लामो समयदेखि देखा परेको कुनै एक समस्यालाई समाधान गर्ने प्रयास गर्नुहोस् । उक्त समस्या समाधानमा तपाईंले खेलेको भूमिकासमेत समेटी एक अनुच्छेद लेख्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) समस्याको भनेको के हो ?

(ख) समस्या समाधान भन्नाले के बुझिन्छ ?

(ग) तपाईंको विचारमा समुदायमा समस्या उत्पन्न हुनुका मुख्य कारण के हुन सक्छ ? कुनै एक कारण लेख्नुहोस् ।

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) समुदायमा समस्या छ भन्ने कुरा कसरी पत्ता लगाउन सकिन्छ ? कुनै तीन तरिका उल्लेख गर्नुहोस् ।

(ख) समुदायमा उत्पन्न समस्या कसरी समाधान गर्न सकिन्छ ? वर्णन गर्नुहोस् ।

(ग) कुनै पनि समस्याको निष्कर्ष निकाल्ने साझा तरिका उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) समस्या समाधानका मुख्य चरणहरू के के हुन् ? यसको प्रक्रिया तालिकामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ३ सञ्चार सिप

तलको घटना अध्ययन गर्नुहोस् :

रोशनी दैनिक उपभोग्य वस्तुहरू खरिद बिक्री गर्ने एक व्यापारी हुनुहुन्छ । उहाँको बोलीबचन मिठो छ । उहाँ आफ्नो पसलमा आउने ग्राहकसँग राम्रोसँग बोल्नुहुन्छ । उहाँ ग्राहकका कुरा सुन्ने र ग्राहकले सोधेका हरेक कुराको नरिसाईकन जवाफ दिने गर्नुहुन्छ । उहाँले आफ्नो पसलमा सामानहरू राम्रोसँग मिलाएर राख्नुहुन्छ । ग्राहकले खोजेका सामानहरू आफ्नो पसलमा नभए अन्तबाट मगाई सहयोग गर्नुहुन्छ । उहाँको ठुला व्यापारीहरू (होलसेलर)सँग राम्रो सम्बन्ध छ । उहाँको पसलमा नभएका सामान उहाँ अन्तबाट तुरुन्तै मगाउन सक्नुहुन्छ । उहाँले फोन, मोबाइल, भाइबर, म्यासेन्जर आदिका माध्यमबाट व्यापारीहरूसँग सम्पर्क गर्नुहुन्छ । उहाँले आफ्नो पसलको व्यापार बढाउनका लागि अनलाइनमा विज्ञापन पनि गर्नुभएको छ । उहाँको सञ्चार सिपका कारण उहाँको पसलमा ग्राहकको भिड लाग्छ र व्यापार पनि धेरै हुन्छ । उहाँ एक सफल व्यापारी हुनुहुन्छ । बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन भने झैँ आफ्नो सञ्चार सिपका कारण बिना सफल हुनुभएको छ ।

माथिको घटनाबाट यो प्रस्ट हुन्छ कि हरेक व्यक्तिको सफलतामा सञ्चार सिपको महत्त्वपूर्ण भूमिका रहन्छ । यसका लागि हामीले सञ्चार सिपका बारेमा अध्ययन गरी व्यवहारमा उपयोग गर्नुपर्छ । सञ्चार सिप जीवनमा सफलता प्राप्त गर्न आवश्यक सिप हो । यो एक प्रकारको व्यवहार कुशल सिप पनि हो । मानिसका बिच सूचना आदान प्रदान गर्ने र अर्थ बुझ्ने प्रक्रिया नै सञ्चार हो । यो एक पक्षले अर्को पक्षलाई कुनै जानकारी पठाउने प्रक्रिया नै सञ्चार हो । सञ्चार व्यक्ति व्यक्ति, समूह समूह र संस्था संस्थाबिचमा हुने गर्छ । प्रश्न सोध्ने, तर्क गर्ने, अरूका कुरा सुन्ने, सही तरिकाले विश्लेषण गर्ने र वर्णन गर्ने गर्नाले सञ्चार सिपको विकास हुन्छ । त्यसैले सबैले सञ्चारका विषयमा बोल्ने, सुन्ने, पढ्ने, लेख्ने आदि क्रियाकलापहरू गर्नुपर्छ । सञ्चारका बारेमा विभिन्न विद्वान्हरूको भनाइ यस प्रकार छ :

- "सञ्चार भनेको कुनै अर्थलाई एक स्थानबाट अर्को स्थानमा पठाउनु तथा त्यसको मतलब बुझ्नु हो ।" -एस पि. रोबिन्स (S.P. Robbins)
- "अरूको मस्तिष्कसँग समझदारी कायम गर्नका लागि व्यक्तिले गर्ने सबै कार्यको योग हो । यो अर्थको संवाहक हो । यो भन्ने, सुन्ने र तात्पर्य बुझ्ने एक व्यवस्थित तथा निरन्तर चलिरहने प्रक्रिया हो । " - एल ए एलेन (L.A. Allen)

यी परिभाषाहरूबाट पनि यो प्रस्ट हुन्छ कि सञ्चार भनेको दुई पक्षहरूबिच हुने एक व्यवस्थित संवादको प्रक्रिया हो । सञ्चार एक प्रकारको जीवनोपयोगी सिप वा कला हो । यसमा सूचना जानकारी, विचार र भावनाहरू पठाउने, प्राप्त गर्ने तथा बुझ्ने कार्य गरिन्छ । सञ्चारको माध्ययमबाट नै एकले अर्कोको इच्छा, चाहना र भाव बुझ्न सकिन्छ ।

## सञ्चारका प्रकारहरू

सञ्चार कुनै कुरा एकअर्कामा बुझ्ने र बुझाउने प्रक्रिया हो । सञ्चार विभिन्न तरिकाले गरिन्छ । यसैका आधारमा सञ्चारलाई निम्नानुसार वर्गीकरण गरिन्छ :

१. मौखिक सञ्चार : व्यक्तिले आफ्नो कुरा कुनै भाषा प्रयोग गरी मौखिक रूपमा बोलेर सूचना वा सन्देश आदानप्रदान गर्छ । यस्तो सञ्चालाई मौखिक सञ्चार भनिन्छ । यो सबैभन्दा प्रचलित, सरल र महत्त्वपूर्ण सञ्चार विधि हो । मौखिक सञ्चार प्रत्यक्ष भेटघाट र सञ्चारका साधन प्रयोग गरी दुई किसिमले गरिन्छ ।

२. साङ्केतिक सञ्चार : कुनै साझा रूपमा बुझिने सङ्केतको प्रयोग गरी गरिने सञ्चारलाई साङ्केतिक सञ्चार भनिन्छ । यो कुनै पनि भाषाको प्रयोग नगरी गरिने सञ्चार हो । साङ्केतिक सञ्चारमा कुनै भाषा वा शब्द प्रयोग नगरी सन्देश वा सूचना आदानप्रदान गरिन्छ । यस्तो सञ्चारमा चिह्न, सङ्केत, इसारा, शारीरिक हाउभाउ, अनुहारको अभिव्यक्ति आदिका माध्यमबाट सञ्चार गरिन्छ । चिनजानका मानिससँग भेट हुँदा मुस्काउने, खुसी महसुस गर्ने, हातको इसाराले बोलाउने, टाउको हल्लाएर हो वा होइन भन्नु साकङ्केतिक सञ्चार हो ।

३. लिखित सञ्चार : मानिसहरूबिच विभिन्न सूचना, जानकारी तथा सन्देशहरू विभिन्न माध्यमबाट लेखेर आदानप्रदान गरिन्छ । यसरी व्यक्तिहरूबिच लिखित रूपमा हुने सञ्चारलाई लिखित सञ्चार भनिन्छ । लिखित सञ्चार एक भरपर्दो, विश्वासिलो तथा प्रभावकारी सञ्चार विधि हो । लिखित सञ्चार पछिका लागि पनि सुरक्षित गर्न सकिन्छ । यस सञ्चारले सूचना आदानप्रदानमा भएको कुरा आवश्यक प्रमाणका रूपमा प्रयोग पनि गर्न सकिन्छ । बोलेका कुरा बिर्सन पनि सकिन्छ भने लिखित कुरा पछि आवश्यक परेका बेलामा प्रयोग गर्न सकिन्छ । चिठी, इमेल, प्रतिवेदन, ऐनकानुन, पत्रपत्रिका, पुस्तक आदि लिखित सञ्चारका स्वरूपहरू हुन् ।

४. औपचारिक सञ्चार : मानिसबिच कुनै औपचारिक कामका लागि गरिने सूचनाको आदान प्रदानलाई औपचारिक सञ्चार भनिन्छ । औपचारिक सञ्चार सामान्यतया लिखित रूपले गरिन्छ । कुनै सभा, सम्मेलन, तालिम आदिका लागि गरिने सूचना औपचारिक सञ्चार हो ।

५. अनौपचारिक सञ्चार : सामान्य बोलीचालीमार्फत सूचना आदानप्रदान गरिने सञ्चारलाई अनौपचारिक सञ्चार भनिन्छ । मानिसबिच हुने सामान्य भलाकुसारी अनौपचारिक सञ्चार हो ।

६. एकोहोरो सञ्चार : मानिसले विभिन्न सञ्चार माध्यमबाट सूचना प्रवाह गर्ने, आफ्ना विचार अरूलाई सुनाउने गर्दछ । यस्तो अवस्थामा सूचना लिने र दिनेहरूका बिच भेटघाट हुँदैन । यसरी प्रेषक र प्रापकका बिच भेटघाट नै नभई एकोहोरो रूपमा गरिने सञ्चारलाई एकोहोरो सञ्चार भनिन्छ । रेडियो, टिभी, फिल्म आदिबाट प्रवाह हुने सञ्चार यसका उदाहरण हुन् ।

७. दोहोरो सञ्चार : सूचना दिने र लिने व्यक्तिहरूबिच हुने अन्तरक्रियालाई दोहोरो सञ्चार भनिन्छ । विभिन्न खालका समस्याहरू समाधान गर्न, आपसी सम्बन्ध विस्तार गर्न र एकअर्काको भावना बुझ्न दोहोरो सञ्चारको प्रयोग गरिन्छ ।

## सञ्चारका अवरोधहरू

सञ्चार दोहोरो तथा खुला हुनुपर्छ । सञ्चार प्रक्रियामा कुनै पनि खालका अवरोध हुनु हुँदैन तर कहिलेकाहीँ सूचना आदान प्रदान गर्ने क्रममा विभिन्न प्रकारका बाधा उत्पन्न हुन्छ । सञ्चारमा बाधा उत्पन्न हुने अवस्थालाई सञ्चारका अवरोध भनिन्छ । प्रभावकारी सञ्चारका क्रममा देखापर्ने प्रमुख अवरोधहरू निम्नानुसार छन् :

१. संवेगात्मक अवरोध : करुणा, उत्तेजना, रिस, खुसी, दुःख आदि विभिन्न प्रकारका संवेगहरू हुन् । यस्ता संवेगहरूले सञ्चारमा बाधा उत्पन्न गराउँछ । संवेगात्मक अवरोध एक प्रकारको मनोवैज्ञानिक अवरोध हो ।

२. मनोवैज्ञानिक अवरोध : व्यक्तिका विभिन्न मनोवैज्ञानिक अवस्थाका कारण सञ्चारमा अवरोध उत्पन्न हुन्छ । कसैलाई समूहमा अगाडि गएर बोल्न डर लाग्ने हुन्छ । कसैले आफूभन्दा ठुला मानिसका अगाडि बोल्न सक्दैन । कोही माइकमा बोल्न नसक्ने हुन्छ भने कोही क्यामराको अगाडि बोल्न नसक्ने हुन्छ । मानिसका यी विभिन्न खालका मनोवैज्ञानिक कारणले सञ्चारमा अवरोध उत्पन्न गराउँछ । त्यसैलाई मनोवैज्ञानिक अवरोध भनिन्छ ।

३ भाषिक अवरोध : भाषा सञ्चारको एक महत्त्वपूर्ण माध्यम हो । नेपाल भाषिक विविधता भएको देश हो । यहाँ विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदायका मानिसको आआफ्नै भाषा हुन्छ । विभिन्न भौगोलिक क्षेत्र तथा देशहरूको पनि विभिन्न भाषा हुन्छ । एकले अर्काको भाषा नबुझेका कारण सञ्चारमा अवरोध उत्पन्न हुन्छ । यसलाई भाषिक अवरोध भनिन्छ ।

४. भौतिक अवरोध : विभिन्न भौगोलिक अवस्थाले सञ्चारमा अवरोध उत्पन्न गराउँछ । भौगोलिक रूपमा टाढा हुँदा, भौगोलिक अवस्था अनुकूल नहुँदा सञ्चार प्रक्रियामा अवरोध उत्पन्न हुन सक्छ । यसैलाई भौतिक अवरोध भनिन्छ ।

५. सङ्गठनात्मक अवरोध : कुनै पनि सङ्घसंस्थामा हुने सङ्गठनिक संरचनाका कारण पनि सञ्चारमा अवरोध उत्पन्न गराउन सक्छ । त्यसैलाई सङ्गठनात्मक अवरोध भनिन्छ । सङ्गठनभित्र विभिन्न तहका मानिसबिच राम्रो सम्बन्ध नहुँदा सञ्चारमा नकरात्मक प्रभाव पार्छ । यसले संस्थाको कार्यमा नराम्रो असर पार्न सक्छ ।

## प्रभावकारी सञ्चारका माध्यम र अभ्यास

सूचना र सञ्चार मानिसको जीवनमा नभई नहुने कुरा हो । सूचना र सञ्चारको अभावमा मानिसको जीवन चल्न सक्दैन । सूचना र सञ्चारको आदान प्रदानका लागि विभिन्न माध्यमको आवश्यकता पर्छ । प्रत्यक्ष भेटघाट, टेलिफोन, मोबाइल, रेडियो, टेलिभिजन, चिठीपत्र, पत्रपत्रिका, इन्टरनेट आदि सञ्चारका माध्यम हुन् । विभिन्न अवस्थामा आवश्यकताअनुसार यिनै सञ्चारका माध्यमहरूबाट सूचनाको आदानप्रदान गरिन्छ ।

प्राचीन कालदेखि नै मानिसले विभिन्न माध्यमबाट सूचना आदानप्रदान गर्दै आएको छ । आफ्ना भावनाहरू व्यक्त गर्न होओस् वा व्यवसाय सञ्चालन गर्न होओस् मानिसले समयको माग र आफ्ना आवश्यकताअनुसार विभिन्न सञ्चारका माध्यमहरूको प्रयोग गर्दै आएको छ । वर्तमान समयमा प्रविधिको विकाससँगै सञ्चार माध्यमको प्रयोग र अभ्यासमा आमूल परिवर्तन आएको छ । सबैजसो मानिस मोबाइल फोन, इन्टरनेट, विभिन्न सामाजिक सञ्जालको प्रयोग गरी आफ्ना कुराहरू आदानप्रदान गर्छन् । आफ्नो सम्बन्धलाई प्रभावकारी बनाउन मोबाइल फोन र इन्टरनेट सुविधाको उपयोग गर्दै विभिन्न एपहरू जस्तै : मेसेन्जर, भाइबर, फेसबुक, ट्विटर, इन्स्टाग्रामलगायतका सामाजिक सञ्जालको प्रयोग गर्छन् ।

## सामाजिक सञ्जालको सदुपयोग

आजको युग विज्ञान र प्रविधिको युग हो । विज्ञान र प्रविधिको विकाससँगै विभिन्न सञ्चारका साधनहरूको अविष्कार भएका छन् । विभिन्न सञ्चारका साधनहरूको प्रयोग गरी विश्वका मानिसका बिच सम्बन्ध विस्तार गर्न सजिलो भएको छ । विभिन्न सञ्चार माध्यमको प्रयोगसँगै इन्टरनेटको प्रयोग पनि एक महत्त्वपूर्ण प्रयोग हो । मानिसको सम्बन्ध विस्तारका लागि इन्टरनेटमा आधारित विभिन्न वेबसाइट वा एपको प्रयोग गरिन्छ । यस्ता वेबसाइट वा एपको प्रयोग गरी आफ्ना साथीहरू, परिवारजन, अन्य मानिसबिच साझा इच्छाहरूको आदान प्रदान गरिन्छ । मानिसबिचको सम्बन्ध विस्तार र सूचना आदान प्रदानका लगि गरिने इन्टरनेटमा आधारित वेबसाइट वा एपको प्रयोगलाई नै सामाजिक सञ्जाल भनिन्छ । सामाजिक उद्देश्य, व्यावसायिक उद्देश्य, वा दुवैका लागि सामाजिक सञ्जालको प्रयोग  गरिन्छ । सामाजिक सञ्जालले विभिन्न तह र तप्काका मानिसबिच सम्बन्ध स्थापित गर्न र आफ्ना विचार र अनुभव साटासाट गर्न उपयोगी हुन्छ । फेसबुक, ट्विटर, लिंक्डइन, ह्वाट्सएप, वीचाट, क्युजोन, टम्ब्लर, ल्फिकर, युट्युब र इन्स्ट्राग्राम आदि हाल प्रचलित सामाजिक सञ्जालका माध्यमहरू हुन् । यिनै माध्यमको सही सदुपयोग गरी हामीले निम्न कुराहरू गर्न सक्छौँ :

१. सामाजिक सञ्जालको प्रयोग गरी आफ्ना साथीहरू र आफन्तहरूसँग सम्पर्क गर्न सकिन्छ ।

२. विभिन्न व्यवसाय सञ्चालन गर्नका लागि मानिससँग सम्पर्क गरी सम्बन्ध विस्तार गर्न सामाजिक सञ्जालको प्रयोग गर्न सकिन्छ ।

३. शिक्षा, स्वास्थ्य, मानवीय सेवा आदि कामका लागि पनि सामाजिक सञ्जालको सदुपयोग गरिन्छ ।

४. सामाजिक सञ्जालको प्रयोग गरी विभिन्न देशहरूबिचको कूटनीतिक सम्बन्ध विस्तार र संस्कृति आदान प्रदानको वातावरण सिर्जना गर्न सकिन्छ ।

५. सामाजिक सञ्जालको प्रयोग गरी लिखित, मौखिक वा श्रव्यदृष्य सामग्रीमार्फत आफ्ना विचार सम्प्रेषण गर्न सकिन्छ ।

६. आफन्त तथा साथीहरूबिच व्यक्तिगत सूचनाहरू आदान प्रदान गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिसम्बन्धी समाचार आदान प्रदान गर्न सामाजिक सञ्जालको प्रयोग गर्न सकिन्छ ।

## क्रियाकलाप

१. तलको अनुच्छेद अध्ययन गरी आफ्ना मनमा उब्जेका कुराहरू बुँदामा लेख्नुहोस् ।

मनिस यादव खुला विद्यालयअन्तर्गत कक्षा ११ मा पढ्ने साह्रै मिलनसार र सहयोगी सहभागी हुन् । उहाँ छरछिमेक र विद्यालयमा पनि सबैसँग मिलेर बस्नुहुन्छ । उहाँ हाल एक स्थानीय व्यवसायी पनि हुनुहुन्छ । उहाँले मोबाइलको प्रयोग गरी परिवारका सदस्य, साथीभाइ, इष्टमित्रहरू र आफ्ना ग्राहकहरूसँग कुराकानी गर्नुहुन्छ । देश विदेशका समाचारहरू थाहा पाउन, विभिन्न व्यक्तिहरूसँग सूचना आदानप्रदान गर्न, आफ्ना ग्राहकहरूसँग सम्बन्ध विस्तार गर्न उहाँले सामाजिक सञ्जालको प्रयोग गर्नुहुन्छ । उहाँले आफ्ना सहपाठीहरूसँग मिलेर फेसबुकमा ग्रुप (समूह) बनाउनुभएको छ । समूहमा एकआपसमा नजानेका कुराहरू छलफल गर्ने, शैक्षिक सामग्रीहरू आदान प्रदान गर्ने गर्नुहुन्छ । इन्टरनेटमा पढ्नु पर्ने विषयवस्तुसँग सम्बन्धीत सामग्रीहरू, चित्रहरू र भिडियोहरू खोजेर त्यही समूहमा आदान प्रदान गर्न गर्नुहुन्छ । यसबाट उहाँलाई खुला विद्यालयका कक्षामा छलफल गरिएका विषयवस्तुहरू बुझ्न निकै सजिलो भएको छ ।

२. शारीरिक हाउभाउ, उचित शब्द चयन, उज्यालो र हँसिलो अनुहार साथै आकर्षक व्यक्तित्व आदिको ख्याल राख्दै सम्पर्क कक्षामा सञ्चार सिपको महत्त्वका बारेमा आफूले जानेका कुराहरू बोल्नुहोस् । आफूले बोलेका कुराहरू र आफ्नो अभिनय मिलेको थियो वा थिएन सहपाठीहरूसँग सोध्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) सञ्चार भनेको के हो ?

(ख) सञ्चार सिपको परिभाषा आफ्नै शब्दमा लेख्नुहोस् ।

(ग) कस्तो परिस्थितिलाई सञ्चारको अवरोध भनिन्छ ?

(घ) सामाजिक सञ्जाल भन्नाले के बुझ्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) प्रभावकारी सञ्चारका अवरोधहरू उल्लेख गर्नुहोस् ।

(ख) प्रभावकारी सञ्चार महत्त्व एक अनुच्छेदमा लेख्नुहोस् ।

(ग) सञ्चार अवरोध भनेको के हो ? यसले पार्ने प्रभाव उल्लेख गर्नुहोस् ।

तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :

(क) सञ्चार कति प्रकारका हुन्छन् ? सूची बनाई छोटकरीमा सबैको परिचय दिनुहोस् ।

(ख) तपाईंको जीवनमा सामाजिक सञ्जालको प्रयोग र यसको प्रभाव कस्तो छ, वर्णन गर्नुहोस् ।

# पाठ ४ तनाव व्यवस्थापन

सीमित स्रोतसाधनबाट मानिसका असिमित आवश्यकताहरू परिपूर्ति गर्न सधैँ सम्भव हुँदैन । आफ्ना स्वभावका कारण मानिसका चाहना पूरा हुँदा खुसी हुने र पूरा नहुँदा दुःखी हुने गर्छ । मानिस दुःखी हुनुका विभिन्न कारणहरू हुन्छन् । गरिबी, घरपरिवारमा बेमेल, आफूभन्दा ठुलाको दबाब, छोराछोरीमा आएको नकारात्मक परिवर्तन, द्वन्द्व आदिका कारण दुःखी हुने परिस्थिति बन्दै जान्छ । यसले मानिसमा तनाव सिर्जना गर्छ । तनाव भनेकै व्यक्तिमा उत्पन्न हुने मानसिक दबाबको अवस्था हो । यसले व्यक्तिको मानसिक, शारीरिक, सामाजिक तथा संवेगात्मक अवस्थामा नकारात्मक असर पार्छ । तनावका कारण मानिसको दैनिक क्रियाकलापमा समेत नकारात्मक असर पार्छ । यसले मानिसको स्नायु तथा ग्रन्थि प्रणालीमा समेत नकारात्मक असर पार्ने हुनाले बिरामीसमेत बनाउँछ । त्यसैले व्यक्तिको सहनशीलतामा चुनौती दिने व्यक्तिमा देखिएको नकारात्मक शारीरिक तथा मानसिक परिवर्तनको स्थिति नै तनाव हो

## तनाव सिर्जना हुने अवस्था

मानिसको जीवनमा तनाव सिर्जत हुने विभिन्न अवस्थाहरू हुन्छन् । गरिबी, थकान, कामको चाप, झगडा विभिन्न खालका अभावका कारण तनावको सिर्जना हुन्छ । तनावका कारणलाई आन्तरिक तथा बाह्य कारणमा वर्गीकरण गर्न सकिन्छ । वातावरणमा होहल्ला, भिडभाड, गलत व्यक्तिको सङ्गत आदि बाह्य कारणहरू हुन् । व्यक्तिगत स्वभाव, विभिन्न रोगहरू लाग्नु, चेतनाको कमी, चिन्ता आदि आन्तरिक कारणहरू हुन् । यी जुनसुकै कारणहरूले मानिसलाई तनाव सिर्जना गराउँछ । तनावलाई तीव्र र दीर्घकालीन गरी दुई भागमा विभाजन गर्न सकिन्छ । मानिसको दैनिक जीवनमा हुने विभिन्न गतिविधिका कारण छोटो समयका लागि उत्पन्न हुने तनाव तीव्र तनाव हो । यस्तो तनाव छिटै सिर्जना हुन्छ र छिटै हराउँछ । मानिसको जीवनमा लामो समयसम्म रहिरहने तनाव दीर्घकालीन तनाव हो । यस्तो तनावलाई जीर्ण तनाव भनिन्छ । यस्तो खालका तनाव मानिसको व्यक्तिगत जीवनमा निकै हानिकारक हुन्छ । तनावले मानिसको स्नायु, मांसपेशी, श्वासप्रश्वास, रक्तसञ्चार र पाचन प्रणालीमा नकारात्मक असर पार्छ । यसले मुटुको धड्कन बढाउने, रक्तचाप बढाउने, टाउको दुख्ने, निद्रा नलाग्ने आदि समस्या देखिन्छ । त्यस्तै जिउ दुख्ने, हातखुट्टाका मांसपेशीहरू बाँउडिने, सास फेर्न गाह्रो हुने, खाना नपच्ने आदि पनि तनावकै कारण उत्पन्न हुन सक्छ । पुरुषमा नपुंसकता र महिलामा महिनावारीको गडबडी हुने पनि तनावकै कारणले हुन सक्छ ।

## तनाव व्यवस्थापन

कुनै पनि प्रकारका तनावलाई बढ्न नदिने वा यसको निराकरण गर्ने उपायहरू अवलम्बन गर्नुलाई तनाव व्यवस्थापन भनिन्छ । व्यक्तिमा सकारात्मक सोचको विकास भएमा तनाव व्यवस्थापन गर्न सकिन्छ । परिवर्तित वातावरण अनुकूल व्यक्तिको व्यवहार पनि रूपान्तरण गर्ने र तनावलाई सिर्जनात्मक र रचनात्मक बनाई व्यक्तिको शारीरिक एवम् मानसिक सन्तुलन कायम राख्ने कामले तनाव व्यवस्थापन गर्न सहयोग पुग्छ । सरल जीवनशैली, सकारात्मक सोच, सहयोगी

भावना, सङ्कल्पको भाव, नियामित योग, प्राणायाम र ध्यान, उचित आहारविहार आदिले तनाव व्यवस्थापनमा सहयोग गर्छ । निम्नलिखित उपायहरू अपनाएर तनाव व्यवस्थापन गर्न सकिन्छ :

१. समर्पण : समर्पण तनाव व्यवस्थापनको अल्पकालीन उपाय हो । यस उपायमा तनाव सिर्जना गर्ने कारकलाई नै स्वीकार गरिन्छ । आफूलाई तनाव दिने काम, विचार सन्दर्भलाई प्रतिवाद गर्न नसक्दा त्यसलाई स्वीकार गर्नु पर्ने अवस्था आउँदा यो उपाय अपनाइन्छ । यसमा केही समयका लागि भने पनि शान्तिपूर्ण निकास निकाल्नका लागि आफूलाई तनाव दिने वस्तु वा पक्षसँग समर्पण गरिन्छ । यो उपाय दीर्घकालीन समाधानका लागि उपयुक्त हुँदैन ।

२. प्रतिरोध : प्रतिरोध तनाव उत्पन्न गर्ने वस्तु, व्यक्ति, परिवेशप्रति बदलाको भावना लिई प्रतिकार गर्ने उपाय हो । यो उपाय अपनाउँदा कारकप्रति रिस पोख्ने, भौतिक रूपमा आक्रमण गर्ने आदि गरिन्छ । यो उपायबाट क्षणिक रूपमा तनाव कम भए तापनि यसले दीर्घकालीन रूपमा सकारात्मक काम गर्दैन । यो तनाव व्यवस्थापन गर्ने नकारात्मक तरिका हो ।

३. सम्झौता : दीर्घकालीन रूपमा तनाव व्यवस्थापन गर्ने महत्त्वपूर्ण उपाय सम्झौता हो । यसले तनाव उत्पन्न गर्ने पक्षसँग मेलमिलापको वातावरण तयार पार्छ । तनाव दिने पक्ष र पीडित पक्षहरूबिच समझदारी कायम गरिन्छ । दुवै पक्षको लचकताले तनाव व्यवस्थापन सजिलो हुन्छ । यस उपायले तनाव व्यवस्थापनमा सकारात्मक प्रभाव पार्छ ।

## तनाव व्यवस्थापनका रणनीतिहरू

कुनै पनि खालका तनावको उचित व्यवस्थापन गर्नु मानव जीवनको एक महत्त्वपूर्ण कार्य हो । तनाव व्यवस्थापनमा विभिन्न परिस्थितिअनुसार विभिन्न खालका रणनीतिहरू अपनाउन सकिन्छ । माथि उल्लिखित समर्पण, प्रतिरोध र सम्झौता पनि तनाव व्यवस्थापनको रणनीतिहरू हुन् । तनाव व्यवस्थापनमा अपनाउन सकिने राणनीतिहरू यस प्रकार छन् :

१. आफूले दैनिक गर्नुपर्ने कामहरूको सूची बनाई प्राथमिकताका आधारमा प्रत्येक कामलाई पूरा गर्ने,

२. अरूका सही कुरा स्वीकार्ने र आफूलाई मन नपरेको कुरामा असहमति जनाउने

३. नकारात्मक सोच राख्ने मानिसबाट टाढै रहने

४. सन्तुलित भोजन, शारीरिक व्यायाम, प्रशस्त पानी पिउने आदि बानीलाई आत्मसात् गर्ने

५. सबैसँग सुमधुर सम्बन्ध विस्तार गर्ने

६. अनावश्यक तनावलाई त्याग्ने र त्याग्न नसक्ने तनावहरूसँग अनुकूलन हुने

७. कुनै पनि तनावको परिस्थितिहरूलाई परिवर्तन गर्ने

८. परिवर्तन गर्न नसक्ने तनावका परिस्थितिहरूलाई स्वीकार्न र तनाव कम गर्दै लैजाने ।

## द्वन्द्व, द्वन्द्व रूपान्तरण र व्यवस्थापनको प्रक्रिया र अभ्यास

कुनै दुई व्यक्ति तथा समूहबिच विचार, आवश्यकता, दृष्टिकोण, स्वार्थमा हुने भिन्नताका कारण सिर्जित अवस्था नै द्वन्द्व भनिन्छ । द्वन्द्व सानो, मझौला र बृहत् तह गरी तीन तहको हुन्छ । एक व्यक्तिले अर्को व्यक्तिको उद्देश्य प्राप्त गर्न नदिई बाधा सिर्जना गर्दा द्वन्द्व सिर्जना हुन्छ । द्वन्द्व सकारात्मक र नकारात्मक दुवै खालको हुन्छ । सकारात्मक द्वन्द्वका कारण नयाँ कुराको आविष्कार भई समाजमा सकारात्मक प्रभाव पार्छ । केही द्वन्द्वले समाजमा नकारात्मक प्रभाव पार्छ । विवाद, झगडा र युद्ध समाजमा नकारात्मक प्रभाव पार्ने द्वन्द्व हुन् । द्वन्द्वलाई शान्तिमा बदल्ने प्रक्रियालाई द्वन्द्व रूपान्तरण भनिन्छ । यो एक प्रकारको द्वन्द्व व्यवस्थापन हो । द्वन्द्व व्यवस्थापनका लागि निम्नलिखित अभ्यास गर्नपर्छ :

१. द्वन्द्वरत पक्षहरूबिच संवाद सुरु गरी कुन कुन कुरामा असहमत रहेको हो प्रस्ट भन्ने र सुन्ने

२. दुवै पक्षका मान्य हुने साझा उद्देश्यहरू निर्धारण गर्ने

३. उक्त उद्देश्यहरू प्राप्तिका उपायहरूको खोजी गरी विश्लेषण गर्ने

४. दुवै पक्षका बिच साझा उद्देश्य प्राप्तिका लागि सहमति गर्ने र कार्यान्वयन गर्ने ।

तनाव एक प्रकारको मनोसामाजिक समस्या हो । मानिसको जीवनमा आउने विभिन्न दुःखका क्षणहरूले तनाव उत्पन्न गर्छ । कतिपय अवस्थाहरू मानिसको आफ्नो नियन्त्रणभन्दा बाहिर हुन्छ । मृत्यु, विपत्, रोगव्याधि, दुर्घटना आदि मानिसको नियन्त्रणभन्दा बाहिरका घटनाहरू हुन् । यस्ता घटनाहरूले मानिसको जीवनमा नकारात्मक असर पार्छ । यस्ता घटनाहरूका कारण उत्पन्न हुने तनाव व्यवस्थापनमा मनोपरामर्शको आवश्यकता पर्छ । त्यसै गरी योग, प्राणायाम र ध्यानले तनाव कम गर्नुका साथै यसले पारेको नकारात्मक असरहरूको समेत समाधान गर्छ । तनाव व्यवस्थापनमा मनोपरामर्श, योग र ध्यानको प्रयोगका बारेमा छोटो चर्चा गरौँ ।

कुनै पनि व्यक्ति तथा समूहलाई मानसिक तनाव कम गर्नका लागि दिइने सल्लाह वा परामर्शलाई मनोपरामर्श भनिन्छ । मानिसको मनोविज्ञानमा नकारात्मक असर पार्ने वातावरण, संवेग, समस्या आदिको प्रभावका कारण सिर्जना भएको समस्या समाधानका लागि मनोपरामर्श दिने गरिन्छ । यसले मानिसको शारीरिक तथा मानसिक समस्याहरूको निराकरणमा सहयोग गर्छ । विभिन्न प्रकारका संवेग, बानी व्यवहार, समाजिक सम्बन्ध सुधारका लागि मनोपरामर्श एक उत्तम उपाय हो । तनावमुक्त गर्नका लागि मानिसलाई मनोपरामर्शका साथसाथै योग, ध्यान र प्राणायामको पनि आवश्यकता पर्छ । योग एक प्रकारको शारीरिक अभ्यास हो । यसले शरीरलाई सन्तुलनमा राख्न मदत गर्छ । तालिम प्राप्त योग प्रशिक्षकको सहायताले योग अभ्यास गर्नु तनाव व्यवस्थापनको उत्तम उपाय हो । प्राणायाम भनेको श्वासलाई नियन्त्रणमा राखेर आफू अनुकूल बनाउने एक अभ्यास हो । प्राणायामले मनमा सन्तुलन कायम गरी चञ्चल मनलाई नियन्त्रण गर्न सहयोग गर्छ । यसले तनाव व्यवस्थापनमा सकारात्मक प्रभाव पार्छ । त्यसै गरी ध्यानले आत्म शान्तिका लागि महत्त्वपूर्ण योगदान प्रदान गर्छ । यसले मनभित्रको सकारात्मक ऊर्जालाई जगाइराख्न मदत

गर्छ । ध्यानबाट शारीरिक ऊर्जा, श्वासप्रश्वासमा नियन्त्रण, विचारमा शुद्धता ल्याउन सकिन्छ । यसले सकारात्मक बानी व्यवहारको विकास भई तनाव व्यवस्थापनमा सहयोग गर्छ ।



## क्रियाकलाप

१. तनाव उत्पन्न हुनाका विभिन्न कारणहरू र तिनको समाधानका लागि गर्न सकिने क्रियाकलापहरूका बारेमा आफ्नो विचार लेख्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) तनाव भनेको के हो ?

(ख) तनावका उत्पन्न हुनुका कुनै दुई कारणहरू उल्लेख गर्नुहोस् ।

(ग) मनोपरामर्श भनेको के हो ?

(घ) योगको परिभाषा आफ्नै शब्दमा लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) व्यक्तिका स्वभाव र दैनिक क्रियाकलाप कसरी तनावको कारण बन्न पुग्छ ? छोटकरीमा वर्णन गर्नुहोस् ।

(ख) तनावका आन्तरिक र बाह्य कारणहरू के के हुन्, लेख्नुहोस् ।

(ग) तीव्र तनाव र जीर्ण तनावमध्ये कुन चाहिँ बढी खतरा हुन्छ ? कारणसहित पुष्टि गर्नुहोस् ।

(घ) तनाव व्यवस्थापनमा मनोपरामर्शको महव वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) द्वन्द्व, द्वन्द्व रूपान्तरण र व्यवस्थापनको प्रक्रियाका बारेमा आफूले जानेका कुराहरू लेख्नुहोस् ।

(ख) तनाव व्यवस्थापनमा योग, प्राणायाम र ध्यानको भूमिका वर्णन गर्नुहोस् ।

## पाठ ५ अन्तरवैयक्तिक सिपहरू

समाजमा सफल व्यक्ति बन्नका लागि आफ्ना कुरा स्पष्टसँग राख्न र अरूका कुरा पनि सुनेर बुझ्न सक्नुपर्छ । सबैसँग अन्तरक्रिया र सुमधुर सम्बन्ध स्थापित गर्न सक्नुपर्छ । आफूले बुझाउन खोजेको कुरा प्रस्ट रूपमा व्यक्त गर्न सक्नुपर्छ । यी कुरा प्रभावकारी सञ्चार, समन्वय, सहयोग, सद्भाव आदिका माध्यमबाट मात्र सम्भव हुन्छ । एक व्यक्तिले अर्को व्यक्तिसँग प्रभावकारी रूपमा सञ्चार र समन्वय गर्नु, सहयोग तथा सद्भाव कायम गर्न सक्षम हुन आवश्यक सिपलाई अन्तरवैयक्तिक सिप भनिन्छ । अन्तरवैयक्तिक सिप व्यक्तिलाई आफ्नो जीवन सार्थक र सफल बनाउन आवश्यक पर्ने सिप हो । प्रभावकारी सञ्चार र अन्तरक्रिया गर्ने सिप, साथीहरूसँग घुलमिल हुने बानी र सहयोग गर्ने तत्परता आदि अन्तरवैयक्तिक सिपअन्तर्गत पर्छन् । यस सिपको माध्यमबाट आफ्नो व्यक्तिगत र पेसागत जीवन सफल र मर्यादित बनाउन सकिन्छ । अन्तरवैयक्तिक सिपअन्तर्गत सञ्चार, बौद्धिक, समूहगत, द्वन्द्व व्यवस्थापन, समस्या समाधान जस्ता व्यवहार कुशल सिपहरू पर्छन् । यिनै व्यवहार कुशल सिपहरूको माध्यमबाट व्यक्तिले आफ्ना कुरा अरूलाई भन्ने, अरूको भावना बुझ्ने, सबैसँग मिलेर काम गर्ने आदि गर्न सक्छन् । यसले व्यक्तिलाई आफ्नो इच्छा अनुकूल नतिजा निकाल्ने, अन्तरवैयक्तिक बेमेलहरूलाई समाधान गर्न सक्छन् । अतः सबैसँग सम्बन्ध विस्तार गरेर अघि बढ्न सक्ने क्षमता नै अन्तरवैयक्तिक सिप हो ।

### अन्तरवैयक्तिक सिपको महत्त्व

अन्तरवैयक्तिक सिप हरेक मानिसको सफल तथा प्रभावकारी जीवनयापनका लागि नभई नहुने सिप हो । यो सिप सबैसँग घुलमिल भएर व्यक्तिगत तथा पेसागत जीवन सफल बनाउन महत्त्वपूर्ण मानिन्छ । यस सिपको महत्त्व निम्नानुसार छ :

१. अन्तरवैयक्तिक सिपले व्यक्तिको जीवनमा सहयोग, सहानुभूति, प्रेरणा र आत्मबल जस्ता कुराहरूको अभाव हुन दिँदैन ।

२. अन्तरवैयक्तिक सिपले गर्दा व्यक्तिको अन्य मानिसहरूसँग शत्रुता कम र मित्रता बढी हुने हुनाले धेरै मानिसको सहयोग प्राप्त भई सार्वजनिक क्षेत्रमा अघि बढ्न पनि सहयोग पुग्छ ।

३. प्रभावकारी अन्तरवैयक्तिक सिपसँगै प्रभावकारी सञ्चार सिप हुने हुनाले कुनै पनि खालका विवाद, द्वन्द्व समाधानमा सहयोग पुग्छ ।

४. अन्तरवैयक्तिक सिपले व्यक्तिमा नेतृत्व विकास, जिम्मेवारी बोध, सुमधुर सम्बन्ध विस्तार आदिमा सहयोग गर्छ ।

## अन्तरवैयक्तिक सम्बन्ध सुधारका उपायहरू



परिवार, समुदाय र समाजमा व्यक्तिले अन्यसँग स्थापित गरेको सम्बन्ध नै अन्तरवैयक्तिक सम्बन्ध हो । यो म भन्ने भावनाबाट माथि उठेर हामी भन्ने भावना विकास गराउने सम्बन्ध हो । यो सम्बन्ध मानिसहरूबिचको आपसी माया, प्रेम, विश्वास, सद्भाव र सहकार्यमा आधारित भई विकसित हुन्छ । व्यक्तिमा अन्तरवैयक्तिक सम्बन्ध स्थापना गर्ने सिपको कुशलता नहुँदा व्यक्ति स्वयम् समाजबाट प्राप्त हुन सक्ने कैयौं अवसर र सहयोगबाट वञ्चित हुन पुग्छ । त्यसैले हरेक व्यक्तिले अन्तरवैयक्तिक सम्बन्धमा सुधार ल्याउन आवश्यक छ । निम्न उपायहरू अपनाएर अन्तरवैयक्तिक सम्बन्ध सुधार गर्न सकिन्छ :

१. समुदायका मानिसहरूबिच सुमधुर सम्बन्ध स्थापित गर्न आफ्नो बोलीबचन मिठो बनाउने

२. भेदभावपूर्ण व्यवहारलाई त्यागी नि:स्वार्थ भावले सबैलाई सहयोग गर्ने

३. आफ्ना कुरा स्पष्ट राख्ने र अरूका कुरा पनि सुन्ने

४. समूहमा घुलमिल भई सबैसँग भाइचारको सम्बन्ध स्थापित गर्ने

५. अरूलाई होच्याउने, अपमान गर्न, भेदभाव गर्ने आदि कहिल्यै नगर्ने

६. सामूहिक काम गर्दा समूहमा आचारसंहिताको पालना गर्ने

७. अरूको क्षमतालाई सम्मान गर्दै आफ्नो क्षमता प्रस्तुत गर्ने ।

## अन्तरवैयक्तिक सम्बन्ध र सामाजिक सञ्जाल

हामी इन्टरनेटमार्फत आफ्ना साथीहरू, परिवारजन, अन्य मानिसबिच साझा इच्छाहरूको आदान प्रदान गर्छौं । यसका लागि विभिन्न इन्टरनेटमा आधारित वेबसाइट वा एपको प्रयोग गर्छौं । त्यसलाई नै सामाजिक सञ्जाल भनिन्छ । सामाजिक सञ्जालको प्रयोग सामाजिक उद्देश्य, व्यावसायिक उद्देश्य वा दुवैका लागि गरिन्छ । सामाजिक सञ्जाल मानिसबिच अन्तरवैयक्तिक सम्बन्ध स्थापित गर्न र आफ्ना विचार र अनुभव साटासाट गर्न उपयोगी देखिन्छ । फेसबुक, ट्विटर, लिंक्डइन, ह्वाट्सएप, विचाट, क्युजोन, टम्ब्लर, ल्फिकर, युट्युब र इन्स्टाग्राम आदि हाल प्रचलित सामाजिक सञ्जालका माध्यमहरू हुन् । विभिन्न व्यक्तिहरूका बिच राम्रो सम्बन्ध स्थापना गर्न सामाजिक सञ्जालले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । सामाजिक सञ्जाल सामाजिक सम्बन्ध र अन्तरवैयक्तिक सम्बन्ध कायम गर्ने सशक्त माध्यम हो । यसको प्रयोगबाट हामीले आफूले चिनेका वा नचिनेका मानिसहरूसँग सम्पर्क गरी अन्तरवैयक्तिक सिपको विकास गर्न र सम्बन्ध विस्तार गर्न सक्छौं । यसले हाम्रो व्यक्तिगत तथा पेसागत जीवनमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

## असल नेतृत्वका लागि अन्तरवैयक्तिक सम्बन्ध व्यवस्थापन

नेतृत्व सङ्गठनको लक्ष्य प्राप्त गर्ने अरू व्यक्ति तथा समूहलाई उत्प्रेरित गर्ने एक व्यावसायिक प्रक्रिया हो । नेतृत्वले कुनै सङ्गठनमा आबद्ध विभिन्न व्यक्तिहरूले गर्ने क्रियाकलापमा प्रभाव पार्न सक्ने एक प्रकारको क्षमता तथा कला पनि हो । यो व्यक्ति, समूह र सङ्गठनको अगुवाइ गर्ने कार्य हो । नेतृत्वले सङ्गठनको उद्देश्य प्राप्तिका लागि अरूलाई उत्प्रेरित गर्छ । हरेक व्यक्तिमा नेतृत्व विकास गर्नका लागि इच्छा शक्ति, सिर्जनात्मकता र विनम्र भाव चाहिन्छ । आत्मानुशासन, नियमको पालना, सहनशीलता र धीरताको विकास गर्नुपर्छ । त्यसै गरी नेतृत्वमा बुद्धि, स्वच्छता र सार्वजनिक व्यक्तित्व हुनु पनि आवश्यक छ ।

अन्तरवैयक्तिक सम्बन्ध स्थापित गर्ने सिप नेतृत्वको व्यवहार कुशल सिपअन्तर्गत पर्छ । यो सिप नेतृत्वका लागि नभई नहुने सिप हो । नेतृत्वले अन्तरवैयक्तिक सम्बन्ध व्यवस्थापन गर्न सक्नुपर्छ । असल नेतृत्वका लागि सामाजिक र संवेगात्मक अन्तरक्रिया आवश्यक छ । यो एक व्यक्तिले अरूसँग मित्रता, पारिवारिक सम्बन्ध, पेसागत सम्बन्ध, मायाममता, भ्रातृत्व र समभाव विकास गर्ने आधार हो । असल नेतृत्वले सर्वप्रथम आफूलाई सामूहिक विचारलाई सम्मान गर्दै विभिन्न क्षेत्रमा काम गर्न सक्ने सक्रिय समूह निर्माण गर्न सक्नुपर्छ । समूहबिचमा वैयक्तिक र अन्तरवैयक्तिक सञ्चार, समन्वय र सहयोगको वातावरण विकास गर्नुपर्छ । निर्णय गर्ने क्षमता र समस्या समाधान गर्नु शिल्प पनि परिष्कृत बनाउनुपर्छ । आफू, व्यक्ति व्यक्ति र समूहका बिचमा सम्बन्ध विस्तार गरी कार्य गर्न सक्नुपर्छ । नेतृत्वले अरूलाई सम्मान गर्न, सकारात्मक पृष्ठपोषण ग्रहण गर्न, गुनासा सुन्न र अरूका असल कामको प्रशंसा गर्न जान्नुपर्छ । असल नेतृत्वका लागि यी सबै गुणहरू आवश्यक छ । अत: नेतृत्वका लागि अन्तरवैयक्ति सम्बन्ध व्यवस्थापन गर्न आवश्यक छ ।

## टोलीकार्य र नेतृत्व विकास

टोलीकार्य समूहमा काम गर्ने सिप हो । समूहमा काम गर्दा व्यवस्थापक र कामदार व्यक्ति आफैँ हुन्छ । काम गर्दागर्दै मानिसले सिक्छन् र त्यसलाई नेतृत्वका रूपमा परिणत गर्छन् । टोली कार्य संवाद, योजना, बैठक र सहकार्यमा अरूसँग मिलेर काम गर्ने क्षमता हो । टोली कार्य र नेतृत्व विकास कुनै पनि व्यक्ति सफल हुनाका लागि आवश्यक पर्छ । टोली कार्य र नेतृत्व विकासले सहयोग र सञ्चारको वातावरण सिर्जना गर्न मदत गर्छ । यसले सङ्गठनको बलियो र प्रभावकारी व्यवस्थापन र सङ्गठनात्मक संरचना सुनिश्चित गर्न मदत गर्छ । टोलीकार्य र नेतृत्व विकास गर्नका लागि निम्न कुराहरू गर्न सकिन्छ :

१. हरेक टोलीको सामूहिक लक्ष्य निर्धारण गर्नुपर्छ ।

२. समूहमा सबैले खुला र इमानदारीपूर्वक काम गर्नुपर्छ ।

३. आफ्नो टोलीका सबैलाई समस्या समाधानमा सहभागी बनाउनुपर्छ ।

४. समूहमा व्यक्ति व्यक्तिबिच सम्बन्ध विस्तार गर्नुपर्छ ।

५. समूहमा सबैलाई सम्मान गर्नुपर्छ ।

### क्रियाकलाप

१. सामाजिक सञ्जाल र अन्तरवैयक्तिक सिपबिचको सम्बन्धका बारेमा कक्षामा छलफल गर्नुहोस् । छलफलमा आएका राम्रा बुँदाहरू टिपोट गर्नुहोस् ।

२. टोलीकार्य र नेतृत्व विकासका लागि अन्तरवैयक्तिक सिपको महत्त्वका बारेमा आफ्नो विचार राख्दै एक वक्तृता तयार पार्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) अन्तरवैयक्तिक सिप भनेको के हो ?

(ख) अन्तरवैयक्तिक सिपभित्र पर्ने कुनै दुईओटा व्यवहार कुशल सिपहरू के के हुन् ?

(ग) अन्तरवैयक्तिक सिपको मदतबाट हामीले गर्नसक्ने कुनै दुईओटा काम उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) अन्तरवैयक्तिक सिपको महत्त्व आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ख) अन्तरवैयक्तिक सम्बन्ध भनेको के हो ? यसको सुधारका लागि के गर्न सकिन्छ ? वर्णन गर्नुहोस् ।

(ग) अन्तरवैयक्तिक सम्बन्ध सुधारका लागि सामाजिक सञ्जाललाई कसरी प्रयोग गर्नुपर्छ ? आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(घ) असल नेतृत्वका लागि अन्तरवैयक्तिक सम्बन्ध व्यवस्थापनको महत्त्व आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ङ) टोलीकार्य भनेको के हो र यसबाट कसरी नेतृत्व विकास हुन्छ ?

### परियोजना कार्य


तपाइँको वडा कार्यालयमा जानुहोस् र त्यहाँको गतिविधिहरू नजिकबाट नियाल्नुहोस् । उक्त कार्यालयका कर्मचारीहरूको अन्तरवैयक्तिक सिपको प्रयोगको अवस्था अध्ययन गर्नुहोस् । तपाइँले अध्ययनमा गरेका विभिन्न गतिविधिहरू समेटी एक प्रतिवेदन लेख्नुहोस् ।

# एकाइ ४ मानव समाजको उद्भव र दर्शन

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धिहरू हासिल गर्ने लक्ष्य राखिएको छ :

१. मानव जातिको उद्भव र मानव समाजको विकासक्रमको व्याख्या गर्न

२. वर्तमान विश्व परिवेशसँग परिचित हुन र सोअनुरूपको सामाजिक व्यवहार अवलम्बन गर्न



## पाठ १ मानव जातिको उद्भव र विकासक्रम

### मानव जैविकीय उद्विकास

मानव जातिको उत्पत्तिको विषयमा विभिन्न खालका विचार आएका छन् । धर्मशास्त्रअनुसार ब्रह्माण्डको उत्पत्तिपछि परमात्माले पृथ्वीमा प्राणीको उत्पत्ति गरेका हुन् । यसै क्रममा अन्य प्राणीहरूका साथसाथै मानव जातिको पनि उत्पत्ति गरेका हुन् भन्ने छ । तर यस विचारमा प्रशस्त वैज्ञानिक आधारहरू नभएकाले विज्ञानले प्रमाणित गरेको भने पाइँदैन । आधुनिक जीव विज्ञानले पृथ्वीमा जीवको उत्पत्ति एककोषीय प्राणीबाट भएको हो । यिनै एककोषीय जीव विकसित हुँदै जाँदा आजको मानवको विकास भएको हो । चार्ल्स डार्बिनले कुनै एक जीव विकसित हुँदै नरवानर बन्यो र नरवानर विकसित हुँदै मानव बन्न गएको हो भनेका छन् । यसैलाई आधार मानेर कतिपयले मानवका पुर्खा बाँदर वा नरवानर हुन् भन्ने विचार राखेका छन् तर पछिल्लो वैज्ञानिक अध्ययनबाट मानवको उद्विकास बाँदर (monkey) वा नरवानर (ape) बाट नभई नरवानर जस्तै देखिने (ape-like) पुर्खाबाट भएको थियो भन्ने कुरा प्रमाणित गरिसकेको छ । जैविकीय उद्विकास भनेको जीवहरूमा आफ्ना पुर्खाहरूको वंशाणुगत गुणमा परिवर्तन भई नयाँ नयाँ स्वरूपमा विकसित हुँदै जानु हो । विभिन्न जीवहरूको पुस्तामा विकसित जैविकीय विशेषताहरूमा परिवर्तन आउनु नै जैविकीय उदविकास हो । कुनै पनि जीवको विशेषताहरूको विकासात्मक संशोधन आनुवंशिक (Gene) उत्परिवर्तन वा पुन: संयोजकद्वारा हुन्छ वा कुनै विशेषता जुन प्राकृतिक चयन वा आनुवंशिक बहावद्वारा हटाइन्छ । अत: नरवानर जस्तै देखिने पुर्खाबाट उद्विकास भई क्रमिक रूपमा अहिलेको मानवका रूपमा विकसित भएको प्रक्रियालाई नै मानवको जैविकीय उद्विकास भनिन्छ ।

### मानव जैविकीय विकासक्रम

मानवको जैविकीय विकासक्रमको सन्दर्भमा ठाडो जिउडाल, दुई खुट्टाले हिँड्न सक्ने क्षमताको विकास र तुलनात्मक रूपमा ठुलो मस्तिष्कलाई मानवले हासिल गरेका सबैभन्दा महत्त्वपूर्ण विशेषताका रूपमा चित्रित गर्ने गरिन्छ । अवशेषशास्त्रीहरू (palentologists) तथा शारीरिक मानवशास्त्री (physical anthropologists) लगायतका वैज्ञानिकहरूका अनुसार करिब ६० लाख वर्ष अगाडिबाट नरवानरहरू जस्तै आफ्ना पुर्खाहरूबाट उद्विकास हुने क्रममा वर्तमान मानवका पुर्खाले यिनै विशेषताहरू क्रमिक रूपमा विकास गरी परिष्कृत बनाउँदै लगेको पाइन्छ । यिनै विशिष्ट गुणहरूको उद्विकासले गर्दा नै अहिलेका मानव नरवानरहरूभन्दा निकै विशिष्ट रूपमा विकसित भएका छन् ।

नरवानरहरू जस्तै आफ्ना पुर्खाहरूबाट छुट्टिइसकेपछि दुई खुट्टाले हिँड्न सक्ने क्षमताको विकास गर्न सुरुआत गर्दै गरेको मानवका पुर्खालाई होमिनिड (hominid) भन्ने साझा नामले चिन्ने गरिन्छ । वैज्ञानिक वर्गीकरणका आधारमा मानवको जाति 'होमो' (Homo) र प्रजाति 'सेपियन्स' (Sapiens) हो । मानव जातिले जैविकीय उद्विकासको प्रक्रियाद्वारा नै आफ्ना नरवानरजस्तै पुर्खाबाट छुट्टिई अहिलेको 'होमो' जाति को 'सेपियन्स' प्रजातिसम्म आइपुगेको हो । मानव जातिको उद्विकास र

विकासक्रमका सम्बन्धमा हालसम्म भएको खोज तथा अनुसन्धानअनुसार मानवको विकास पाँच चरणमा भएको मानिएको छ :

१. अस्ट्रालोपिथेकस *(Australopithecus)*

२. होमो ह्याबिलिस *(Homo habilis)*

३. होमो इरेक्टस *(Homo erectus)*

४. होमो नियन्डरथलेन्सिस *(Homo neanderthalensis)*

५. होमो सेपियन्स *(Homo sapiens)*

## १. अस्ट्रालोपिथेकस *(Australopithecus)*


हालसम्मका खोजहरूबाट भेटिएका अवशेषहरूका आधारमा अस्ट्रालोपिथेकसलाई सबैभन्दा पुरानो होमिनिड मान्ने गरिन्छ । मानव अवशेषशास्त्रीहरूका अनुसार अस्ट्रालोपिथेकसले आजभन्दा करिब ४० लाख वर्ष अगाडिदेखि १० लाख वर्ष अगाडिसम्म पृथ्वीमा बसोबास गरेको थियो । पहिलो पटक सन् १९२४ दक्षिण अफ्रिकाको टङ्ग (Taung) भन्ने ठाउँको चुनखानीमा यसको अवशेष भेटिएको थियो । यसबाहेक अस्ट्रालोपिथेकसका अवशेषहरू पूर्वी अफ्रिकाका केन्या, तान्जानिया र इथियोपिया तथा मध्य अफ्रिकाको चाडमा समेत भेटिएका छन । सीधा जिउ बनाएर दुई खुट्टाले हिँड्ने, मस्तिष्कको औसत आयतन ५०० क्यु.से.मि. नरवानर (ape) हरूसँग मिल्दो खप्परको आकार, मानवको भन्दा निकै ठुलो बंङ्गराहरूसहित मानवका जस्तै दाँतका स्वरूप, औसत उचाइ ४-५ फिट तथा औसत तौल ३०-८० के. जी. आदि अस्ट्रालोपिथेकसका मुख्य विशेषता हुन् । पोथीहरूको भन्दा भालेहरूको जिउ ठुलो भएका यी अस्ट्रालोपिथेकसका अनुहारबाट केही अगाडि निस्किएको च्यापु चिउँडोरहित थियो ।

### अस्ट्रालोपिथेकसका प्रकारहरू

वैज्ञानिक खोजका क्रममा हालसम्म प्राप्त भएका अवशेषहरूले अस्ट्रालोपिथेकसका आठओटा प्रजातिहरूले विभिन्न काल खण्डमा अफ्रिका महादेशका विभिन्न स्थानहरूलाई आफ्नो वासस्थान बनाएको तथ्य प्राप्त भएको छ । शारीरिक विशेषताका आधारमा अस्ट्रालोपिथेकसका आठओटा प्रजातिहरूलाई ग्रेसाइल (Gracile) र रोबस्ट (Robust) गरी दुई प्रकारमा बाँडिएको छ । एनामेन्सिस (Anamensis), अफरेन्सिस (Afarensis), अफ्रिकानस (Afrocanus), गार्ही (Garhi) र बहरेलगाजली (Bahrelghazali) ग्रेसाइल अस्ट्रालोपिथेकसहरू हुन् भने एथियोपिकस (Aethiopicus), बोइसी(Boisei) र रोबस्टस (Robustus) रोबस्ट अस्ट्रालोपिथेकसहरू हुन् ।

| अस्ट्रालोपिथेकसका आठओटा प्रजातिहरू | |
|---|---|
| **ग्रेसाइल (Gracile) वर्ग** | **रोबस्ट (Robust) वर्ग** |
| १. एनामेन्सिस (Anamensis),<br>२. अफरेन्सिस (Afarensis),<br>३. अफ्रिकानस (Afrocanus),<br>४. गार्ही (Garhi)<br>५. बहरेलगाजली (Bahrelghazali) | १. एथियोपिकस (Aethiopicus)<br>२. बोइसी (Boisei)<br>३. रोबस्टस (Robustus) |

अस्ट्रालोपिथेकसको सबैभन्दा अन्तिम अवशेष करिब १० लाख वर्ष पुरानो भएको पाइएको छ । वैज्ञानिक खोजहरूअनुसार अस्ट्रालोपिथेकसबाट करिब २०-२५ लाख वर्ष अगाडि होमो जातिको उद्विकास भएको देखिन्छ । अहिलेसम्मका खोजहरूबाट प्राप्त होमो जातिका अवशेषहरूंध्ये सबैभन्दा पुरानो अवशेष होमो ह्याबिलिस हो जुन करिब २३ लाख वर्ष पुरानो भएको पाइएको छ । त्यसै गरी होमो इरेक्टसका भेटिएका अवशेषहरूमध्ये सबैभन्दा पुरानो करिब १८ लाख वर्ष अगाडिको छ । त्यसैले केही समय होमो ह्याबिलिस र होमो इरेक्टस सँगसँगै बाँचेर अस्ट्रालोपिथेकस लोप भएर गएको देखिन्छ ।




## २. होमो (Homo)

ल्याटिन भाषाको होमो शब्दको अर्थ मानव भन्ने बुझिन्छ । त्यसैले होमो मानवको जातिअन्तर्गत पर्छ । यस जातिमा पर्ने मानव मात्र एक्लो जिउँदो सदस्य हो । यस जातिमै पर्ने अन्य प्रजातिहरू धेरै पहिले लोप भइसकेकाले अवशेषमा मात्र उपलब्ध छन् । होमो जातिमा पर्ने प्रजातिहरूलाई सिधा जिउ, दुई खुट्टे हिँडाइ, ठुलो खोपडी तथा दिमाग, अन्य चार औँलाबाट पूर्ण रूपमा छुट्टिएको बुढीऔँला र हतियार बनाउन सक्ने जस्ता विशिष्ट

गुणहरूका आधारमा अन्य होमिनिडहरूबाट छुट्याउन सकिन्छ । हालसम्म भेटिएका होमो जातिका अवशेषहरूमध्ये सबैभन्दा पुरानो अवशेष २३ देखि २५ लाख वर्ष पुरानो रहेको तथ्य अध्ययनबाट खुलेको छ । यस जातिअन्तर्गत होमो ह्याबिलिस, होमो इरेक्टस, होमो नियन्डरथलेन्सिस र होमो सेपियन्स गरी जम्मा चारओटा प्रजाति पर्छन् ।

(क) होमो ह्याबिलिस ***(Homo habilis)***

होमो ह्याबिलिसलाई होमो जातिको पहिलो प्रजाति मानिन्छ । यसको अवशेषको पहिलो नमुना सन् १९६० मा तान्जानियाको ओल्दुभाइ गर्ज (Olduvai Gorge) मा फेला परेको थियो । यसपश्चात् यसका अन्य अवशेषहरू अफ्रिकाका अन्य स्थानहरूबाट समेत प्राप्त भएका छन् । ह्याबिलिस आजभन्दा २३ लाख वर्ष अगिदेखि १५ लाख वर्ष अगिसम्म अस्तित्वमा थियो । जिउ सिधा हुनु, दुई खुट्टाले हिँड्नु, दिमागको औसत आकार ५००-७५० क्य. से.मि. हुनु यिनका विशेषता हुन् । यिनीहरूको बङ्गराहरूको आकार होमिनिडहरूको भन्दा केही सानो र खप्परका हड्डीहरू अस्ट्रालोपिथेकसका भन्दा पातला र गोलो आकारको थियो । समूहमा बस्ने ह्याबिलिसको प्रमुख जीवनशैली घुमन्ते खालको नै थियो भने संस्कृतिको खासै विकास भइसकेको थिएन ।

ह्याबिलिसले ढुङ्गाको हतियार नबनाए तापनि ससाना ढुङ्गालाई सिकार खेल्नका लागि हतियारका रूपमा प्रयोग गर्थ्यो । घाँसे मैदानमा लट्ठीले खनेर कन्दमूल निकाल्न र जनावरलाई सिकार गर्न सक्षम भएकाले यसलाई सिपालु (handy) मानव पनि भनिन्छ । यो जाति अघिको अस्ट्रालोपिथेकस र यस पछिको होमो इरेक्टरबिचको मानव थियो भन्ने दाबी गरिएको छ ।

(ख) होमो इरेक्टस ( ***Homo erectus)***

अफ्रिका महादेशबाट बाहिरिएको पहिलो मानव मानिने होमो इरेक्टसलाई मानव उद्‌विकासको सन्दर्भमा निकै महत्त्वका साथ लिने गरिन्छ । यसका अवशेषहरू अफ्रिका महादेशका मुलुकहरू जस्तै : दक्षिण अफ्रिका, केन्या, इथियोपिया र तान्जानियाका साथै एसिया महादेशका इन्डोनेसियाको जाभा र चीनको पेकिङ ( हालको बेइजिङ) तथा युरोपका विभिन्न ठाउँहरूबाट प्राप्त भएको छ । यसको पहिलो अवशेष सन् १८९० मा डच एनाटोमिस्ट युजिन डुबोइसले इन्डोनेसियाको जाभामा प्राप्त गरेका थिए । होमो इरेक्टसको जिउ पूर्ण रूपमा सिधा थियो भने तिनीहरू पनि अगिल्ला होमिनिडहरू जस्तै दुई खुट्टाले हिँड्थे । आँखामाथिका ब्रो रिजहरू (Brow-ridge) प्रस्ट देखिने, खप्पर अहिलेका मानिसको जत्तिकै माथि नउठेका, अस्ट्रालोपिथेकसका भन्दा साना र होमो सेपियन्सका भन्दा ठुला आकारका दाँतहरू, औसत उचाइ ५-६ फिट तथा औसत तौल ५०-६० के.जि. हुनु आदि इरेक्टसका विशेषताहरू हुन् । होमो इरेक्टसका बङ्गराहरूको आकार अगिल्ला होमिनिडहरूको भन्दा अझ सानो थियो । यसले यिनीहरूको खानेकुरा र खाने तरिकामा आएको परिवर्तनलाई प्रस्टसँग सङ्केत गर्छ । यिनीहरूका गालाका हड्डीहरू र च्यापुहरू

अहिलेको मानिसको भन्दा ठुलो आकारका थिए भने चिउँडोको विकास भइसकेको थिएन ।

(ग) होमो नियन्डरथलेन्सिस *(Homo neanderthalensis)*

होमो नियन्डरथलेन्सिसलाई नियन्डरथल मानव भनेर चिनिन्छ । युरोप तथा पश्चिम एसियाका विभिन्न मुलुकहरूबाट प्राप्त भएका यसका अवशेषहरू विश्लेषण गर्दा आजभन्दा करिब १,५०,००० वर्ष अगाडिदेखि ३०,००० वर्ष अगाडिसम्म नियन्डरथलले पृथ्वीमा बसोबास गरेका पाइन्छ । नियन्डरथल मानव अहिलेका मानवहरूभन्दा होचा र गठिला थिए । यिनीहरूको औसत उचाइ ५-५.५ फिट, दिमागको आकार १३००-१७५० क्यु. से.मि., आँखामाथिका ब्रो रिजहरू प्रस्ट देखिने खालको थियो । यिनीहरूका इरेक्टसका भन्दा साना तर होमो सेपियन्सका भन्दा ठुला आकारका दाँतहरू, लाम्चो खप्पर थियो ।

मध्य पाषाण युगलाई नियन्डरथलको युग मान्ने गरिन्छ । इरेक्टसको जस्तै ढुङ्गाबाट विभिन्न खाले हतियार बनाउनुलाई नियन्डरथलको संस्कृतिको प्रमुख विशेषता मानिन्छ । नियन्डरथलको ढुङ्गाबाट हतियार बनाउने तरिकालाई मस्तेरियन (Mousterian) संस्कृति भनिन्छ । नियन्डरथलले आगाको प्रयोगलाई अझै व्यापक बनाउँदै पकाउनुका अतिरिक्त उज्यालाका लागि, तताउनका लागि र जङ्गली जनावरहरूलाई भगाउनका लागि आगाको प्रयोग गर्ने गर्थे ।

(घ) होमो सेपियन्स *(Home sapiens)*

मानवको जैविक विकासको विभिन्न चरणहरू पार गरी विकसित भएको अहिलेको मानवको पुर्खा नै होमो सेपियन्स हो । यसको उद्‌विकास करिब १ लाख ५० हजार वर्षअगाडि भएको मानिन्छ । शारीरिक तथा मानसिक रूपले अहिलेको मानव जतिकै भएकाले यसलाई मेधावी मानव पनि भनिन्छ । विभिन्न अध्ययनहरूका अनुसार केही समय नियन्डरथल मानव र आधुनिक मानव सँगसँगै बाँचेका थिए । ठुलो खप्पर, चौडा अनुहार, ठुलो र चुच्चे नाक, उचाइ औसतमा ५ फिट ११ इन्च आदि यी मानवका विशेषताहरू हुन् ।

### क्रियाकलाप

१. तल दिइएको पाठांश अध्ययन गर्नुहोस् र निम्न प्रश्नहरूको उत्तर खोज्ने कोसिस गर्नुहोस् :

अफ्रिका महादेशबाट बाहिरिएको होमो इरेक्टसलाई पहिलो मानव मानिन्छ । करिब १० लाख वर्ष अगाडि इरेक्टसले अफ्रिकाबाट उत्तरतर्फ लाग्दै युरोप प्रवेश गरेको थियो । त्यहाँबाट क्रमशः एसियातर्फ समेत लाग्यो । करिब सात लाख वर्षअगाडि मध्यपाषाण युगको सुरुआतमा आइपुग्दा अस्ट्रालोपिथेकस तथा होमो ह्याबिलिस लोप भइसकेका थिए । यस काल खण्डमा बाँच्ने एक्लो होमोनिड केवल इरेक्टस मात्रै थियो । ढुङ्गे युगको प्रमुख मानव इरेक्टस नै थियो जसले ढुङ्गाबाट विभिन्न किसिमका हतियारहरू बनाएर सिकार खेल्ने तथा अन्य कार्यहरूमा प्रयोग गर्ने गर्थ्यो । ढुङ्गाबाट हतियार बनाउने होमो इरेक्टसको तरिकालाई

अफ्रिकामा ओल्दुवान संस्कृति र एसिया तथा युरोपमा अचेलियन संस्कृति भनिन्छ । ढुङ्गे हतियारको प्रयोग गरी ठुला ठुला जनावरको सिकार गर्नमा इरेक्टस पारङ्गत थिए । आगालाई नियन्त्रणपूर्वक उपयोगमा ल्याउने श्रेय पनि इरेक्टसलाई दिने गरिन्छ । खानालाई पकाएर खाने चलनको सुरुआतसमेत यसैले गरेको थियो । हिमयुगको अत्यधिक चिसो समयमा समेत आफूलाई अनुकूलित बनाउन सकेकाले नै कैयन् जीवजन्तुहरू लोप हुँदासमेत मानवको अस्तित्व बचाउने श्रेयसमेत होमो इरेक्टसलाई जान्छ ।

(क) मानव उद्विकासको सन्दर्भमा होमो इरेक्टसलाई किन पहिलो मानव मानिएको होला ? आफ्नो तर्क अभ्यास पुस्तिकामा लेख्नुहोस् ।

(ख) मानव जातिको उत्पत्ति र विकासक्रमका सम्बन्धमा खोजी गरी मानव जातिको उद्विकासका चरणहरू झल्काउने पोस्टर वा स्लाइड तयार पार्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) चार्ल्स डार्बिनका अनुसार मानव जातिको उत्पत्ति कसरी भएको हो ?

(ख) वैज्ञानिक वर्गीकरणका आधारमा मानवको जाति र प्रजाति के के हुन् ?

(ग) होमो ह्याबिलिसको अवशेषको पहिलो नमुना कहिले र कहाँ फेला पारिएको थियो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) मानवको जैविकीय उद्विकासको छोटो परिचय लेख्नुहोस् ।

(ख) नियन्डरथल मानवको विशेषता उल्लेख गर्दै आफ्नो साथीलाई चिठी लेख्नुहोस् ।

(ग) तपाईंको पाँच पुस्तासम्मको पारिवारिक वंशावली तयार पारी आफ्नो परिवारिक विकासक्रमका बारेमा लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) अस्ट्रालोपिथेकस र होमो ह्याबिलिसबिचको समानता र फरक प्रस्ट पार्नुहोस् ।

(ख) होमो जातिअन्तर्गत प्रजातिहरू कुन कुन हुन् ? कुनै दुईको वर्णन गर्नुहोस् ।

## पाठ २ मानव तथा समाजको उद्भव र विकास

मानिस सामाजिक प्राणी हो । मानव समाजको उत्पत्ति कहिले र कसरी भयो भन्ने कुरा यकिन गर्न गाह्रो छ । आदिम मानवको चेतनाको विकाससँगै समाजको उत्पत्ति भएको मान्न सकिन्छ । सुरुको अवस्थामा मानिस जङ्गली जनावरहरू जस्तै जङ्गलमा बस्थे । कन्दमूल खाने, रुखका बोक्रा लगाउने, सिकार गरी काचै मासु खाने, ओडार तथा गुफामा बस्ने गर्थे । समयको परिवर्तनसँगै मानव समाजको विकास हुँदै जाँदा अहिलेको विकसित अवस्थामा आइपुगेको हो । खोजकर्ताहरूका अनुसार आदिम मानवका पुर्खाहरूमध्ये अस्ट्रालोपिथेकस र होमो ह्याबिलिस झुन्ड बनाएर बस्थे । यसै गरी घुमन्ते प्रकारको जीवनशैली भएको होमो इरेक्टस र नियन्डरथल पनि झुन्ड बनाई बस्थे तर उनीहरू अलि विकसित भई वनजङ्गल, नदीका किनारहरू तथा गुफाहरूमा बस्थे । इरेक्टसहरू पनि समूह बनाई ढुङ्गे हतियारको प्रयोग गरी ठुला ठुला जनावरका समेत सिकार गर्नमा पारङ्गत बनेका थिए । समूहमा मिलेर गरिएका सिकार तथा जङ्गलमा खोजेका खानेकुरा समूहमा बाँडेर खाने गर्थे । नियन्डरथलले मरेका व्यक्तिहरूलाई गाड्ने गरेको प्रमाण भेटिएकाले यिनीहरूमा सामाजिक संस्कारहरूका समेत विकास भएको मान्ने गरिन्छ । त्यति बेला अहिलेको जस्तो भाषाको विकास भएको थिएन तर पनि यिनीहरू साङ्केतिक रूपमा कुराकानी गर्थे । अहिलेका समाजमा रहेका सामाजिक विशेषताहरू भने आधुनिक मानव अर्थात् होमो सेपियन्सले नै विकास गरेको हो ।

मानव समाजको विकासको सन्दर्भमा विभिन्न विद्वान्हरूले समाज विकास विभिन्न चरणहरू पार गरी यस अवस्थामा आएको भनी बताएका छन् । कार्ल मार्क्सले अहिलेको समाजको विकास निम्नानुसारका चरणहरू पार गर्दै भएको हो भनी व्याख्या गरेका छन् :

१. आदिम साम्यवाद : कार्ल मार्क्सले ढुङ्गे युगलाई आदिम साम्यवाद भनेर व्याख्या गरेका छन् । सिकारी समाज पनि भनेर चिनिने यस काल खण्डमा प्रारम्भिक मानिसले खानाका लागि जङ्गली जनावरहरूको सिकार गर्ने र अन्नलगायत विभिन्न खाद्यजन्य वनस्पतिहरूको खोजी गर्ने गर्थ्यो । एउटा सामाजिक प्रणालीको रूपमा आदिम साम्यवाद कुनै पनि अरू प्रणालीहरूभन्दा धेरै लामो समयसम्म रहेको थियो । यस समाजमा प्रमुख उत्पादक शक्ति मानिसका आफ्ना उत्पादन कौशल र प्रविधिहरू थिए । यस प्रणालीमा व्यक्तिगत सम्पत्तिको अवधारणा थिएन, साझा श्रम थियो, उत्पादनको साधन र उत्पादनहरूमाथि साझा स्वामित्व थियो । यसैले मानिसबिच समान खालको सामाजिक सम्बन्ध र हैसियत थियो । परिवार, विवाह जस्ता आधारभूत सामाजिक संस्थाहरूको विकास भइसकेको थिएन ।

२. दासप्रथा : आदिम साम्यवाद पछिको यस चरणमा आइपुग्दा मानिसमा व्यक्तिगत सम्पत्तिको भावनाको विकास भयो । बिस्तारै सम्पत्ति हुने र नहुने गरी फरक फरक वर्गको विकास भयो । जसले गर्दा समाजमा दासहरू र तिनका मालिक गरी मुख्य दुई वर्गहरू सिर्जना भए । यस प्रणालीमा उत्पादनको साधनका रूपमा दासहरू थिए, जसलाई तिनीहरूका मालिकहरूले औजारको रूपमा प्रयोग गर्ने गर्थे । दासहरूमाथि उनीहरूका मालिकहरूको पूर्ण स्वामित्व रहने गर्थ्यो । दास प्रणालीको क्रुरताहरूको बावजुद यसले नयाँ

उन्नत सिप तथा उत्पादक शक्तिहरूलाई फस्टाउने अवसरसमेत दिएको थियो । जसका कारण सामन्तवादी समाज निर्माणको वातावरण तयार भयो ।

३. सामन्तवादी समाज : दासप्रथापछि आएको यस समाजमा उत्पादनका साधनहरू परिवर्तन भए । उत्पादनको प्रमुख स्रोतका रूपमा रहेको कृषि कार्यमा मानव श्रमको सट्टा उत्पादन बढाउन यन्त्रको प्रयोग गरिन थालियो । यसले गर्दा समाजमा जग्गा हुने वर्ग र सो जग्गामा खेतीपाती गर्ने वर्गका बिचमा शोषणमूलक सम्बन्धको विकास भयो । यस प्रणालीमा जमिनदार र साना किसानहरू गरी दुईओटा वर्गहरू सिर्जना भयो । यो समाज मुलतः कृषिमा आधारित थियो । उत्पादनका लागि कृषि भूमिमा काम गर्ने किसानहरू जमिनका मालिक होइनन् । उनीहरूले जमिनका मालिकले छुट्याइदिएको हिस्सामा चित्त बुझाउने गर्थे । यस प्रणालीमा उत्पादनहरू विस्तार एवम् विशिष्टीकृत हुँदै जाँदा निर्माण हुँदै गरेका सहरलाई मागहरूको यथेष्ट आपूर्ति हुन पुगेको थियो । युरोपको औद्योगिक क्रान्तिले यस व्यवस्थाको अन्त्य गरेको थियो ।

४. पुँजीवादी समाज : औद्योगिक क्रान्तिले स्थापित गरेको यस समाज अहिलेसम्म पनि जारी छ । विभिन्न क्षेत्रमा द्रुतगतिमा भएको विकाससँगै यो समाज अझ शक्तिशाली बन्दै गएको छ । यस व्यवस्थामा पुँजीपति र कामदार गरी दुई वर्गहरू रहने गर्छन् । यसमा उत्पादनका साधन र उत्पादन प्रणालीहरू पुँजीपतिहरूको नियन्त्रणमा हुने गर्छन् । आफ्नो श्रम बेच्ने सहरी कामदारहरूसमेत उत्पादनका साधनहरू नै हुन् । पुँजीपतिको प्रमुख ध्येय नै आफ्नो मुनाफा बढाउनु हुने गर्छ । जसका लागि उनीहरूले कामदार र श्रमिकहरूका समेत शोषण गर्ने गर्छन् । पुँजीपतिको यही प्रवृत्तिले गर्दा यस व्यवस्थामा वर्ग सङ्घर्ष पनि चल्ने गर्छ ।





यसै गरी मानवशास्त्रीहरू ई.बी. टाइलर र ए. एल. मोर्गानका अनुसार समाजको विकास निम्नलिखित तीन चरणमा भएको मानिन्छ :

१. प्रारम्भिक चरण (जङ्गली वा ढुङ्गे युग) : टेलर र मोर्गानका लागि यो मानव समाजको पहिलो वा सुरुको अवस्था हो । यस युगमा मानिस भोजन र आश्रयको खोजीमा घुमन्ते जीवन बाँच्ने गर्थे । यिनीहरूसँग कपडा, स्थायी बास र निजी सम्पत्तिको स्वामित्व जस्ता कुराका बारेमा कुनै विचार थिएन । यिनीहरूले सिकारका लागि ढुङ्गे औजारहरू प्रयोग गर्थे । सानो समूहमा बस्ने यिनीहरू सिकार पनि सामूहिक रूपमा नै गर्ने गर्थे । यसै चरणमा नै आगो र साङ्केतिक भाषाको प्रयोग गर्न थालिएको थियो ।

२. मध्य चरण (बर्बर युग) : यो मानव समाज र संस्कृतिको दोस्रो चरण हो । यसमा परिवार, स्थायी बसोबास, पशुपालन र कृषिको अवधारणा मान्छेहरूमा विकसित भएको थियो । यसै गरी यिनीहरूले यस चरणमा भाषा, कला र नातेदारी प्रथाको पनि विकास गरे । यस चरणको प्रारम्भिक चरणमा माटाका भाँडाकुडाहरू र फलामे हतियारहरू आविष्कार गरेको पाइन्छ ।

३. आधुनिक चरण (सभ्य युग) : यो मानव संस्कृति र समाजको अन्तिम वा वर्तमान चरण हो । यस चरणमा मानिसले विभिन्न प्रकारका वैज्ञानिक उपकरणहरू र प्रविधिहरूको विकास गर्न सकेको छ । धेरै खाले सामाजिक संस्थाहरूको स्थापना गरिएको छ । मानिसमा प्राकृतिक घटनाहरूलाई तर्कहरूको आधारमा विश्लेषण गर्ने क्षमता बढेको छ । त्यसै गरी यस चरणमा विज्ञान, कला, सङ्गीत, भाषाहरू आदिको राम्रो विकास भएको छ ।

## क्रियाकलाप

१. पाठमा दिइएका विषयवस्तु अध्ययन गरी कार्ल मार्क्स र ई.बी. टाइलर र ए. एल. मोर्गानको समाजका विकासका चरणहरूबिचको समानता र भिन्नता पहिल्याउनुहोस् ।

२. "आजको मानव समाज लाखौँ वर्षदेखिको क्रमबद्ध विकासको परिणाम हो ।" भन्ने शीर्षकमा एक वक्तृता तयार पार्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) सुरुको अवस्थामा मानिस कहाँ बस्थे ?

(ख) सुरुको अवस्थामा कुन कुन आदिम मानव झुन्ड बनाएर बस्थे ?

(ग) आदिम साम्यवादका कुनै दुई विशेषता उल्लेख गर्नुहोस् ।

(घ) मानव विकासको कुन युगमा आगोको विकास भएको हो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) मानव समाजको उद्विकासका बारेमा आफूले जानेका कुराहरू बुँदामा लेख्नुहोस् ।

(ख) तपाईं बस्ने समाज विकासका कुन चरणसँग मिल्दोजुल्दो छ ? आफ्नो तर्क लेख्नुहोस् ।

(ग) तपाईं बस्ने समाज वा क्षेत्रको उत्पत्ति र विकास सम्बन्धमा आफूले जानेका कुराहरू लेख्नुहोस् ।

**लामो उत्तर आउने प्रश्नहरू**

(क) कार्ल मार्क्सकाअनुसार समाजको विकासका चरणहरू कुन कुन हुन् ? कुनै दुईको वर्णन गर्नुहोस् ।

(ख) कार्ल मार्क्सको समाज विकासका चरणहरू र ई. बी. टाइलर र ए. एल. मोर्गानका समाज विकासका चरणहरूबिचको समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

विभिन्न स्रोतबाट मानव समाजको उत्पत्ति र विकासक्रमका बारेमा सूक्ष्म अध्ययन गर्नुहोस् । तपाईंको अध्ययनका आधारमा 'मानव समाजको उत्पत्ति र विकासक्रम' शीर्षकमा एउटा लेख तयार गर्नुहोस् ।

## पाठ ३ ढुङ्गे युगको संस्कृति

आज भद्रकाली माध्यमिक विद्यालयमा खुला विद्यालयअन्तर्गतको कक्षा ११ को सम्पर्क कक्षामा सहभागीहरूका फरक खालको सिकाइ वातावरण बनेको छ । यस कक्षाका सहभागीहरूले खुला विद्यालयको पाठ्यक्रमअनुसार ढुङ्गे युगको संस्कृतिका बारेमा घरमा नै विभिन्न स्रोतहरूको अध्ययन गरी तयारी गरेर उपस्थित हुनुभएको छ । उहाँहरूले तयारीका क्रममा सहपाठीहरूसँग र सहजकर्ता शिक्षकसँग केही कुरा अनलाइनमार्फत छलफल पनि गरिसक्नुभएको छ । सानु विश्वकर्माले कार्यक्रम सञ्चालन गर्नुभएको छ भने अन्य सहभागीहरूले आआफ्ना पालामा ढुङ्गे युगको संस्कृतिका बारेमा आफूले तयारी गरेका विषयवस्तु प्रस्तुत गर्नुभएको छ । उहाँहरूले जस्तै तपाईँहरू पनि यस्तै कार्यक्रम सञ्चालन गरी ढुङ्गे युगको संस्कृतिका बारेमा जानकारी लिनुहोस् ।

सानु वि.क. : आदरणीय सहजकर्ता, गुरुआमा र सहपाठी साथीहरूमा म सानु वि.क.को नमस्कार । आज हामी अगिल्लो हप्ताको सल्लाहबमोजिम ढुङ्गे युगको संस्कृतिका बारेमा गोलमेच छलफलमा उपस्थित भइसकेका छौँ । यहाँहरूले आफूले जानेका कुराहरू पालैपालो प्रस्तुत गरिदिनुहुन अनुरोध गर्छु ।

विष्णु श्रेष्ठ : नमस्कार, जोजोलोपा म ढुङ्गे युगको संस्कृतिको पृष्ठभूमि भन्न चाहन्छु ।



संस्कृति समाजमा मानिसले अपनाएको जीवनशैली हो । जीवनयापनका क्रममा मानिसले गरेका भौतिक एवम् अभौतिक सिर्जनाहरू मिलेर संस्कृति बन्छ । मानव संस्कृतिको उद्विकास ढुङ्गे युगबाट भएको हो । त्यसैले यस युगलाई मानव संस्कृतिको जननीका रूपमा लिइन्छ । मानव समाज यस युगमा पूर्ण रूपमा ढुङ्गामा आश्रित थियो । यस युगमा ढुङ्गाबाट विभिन्न खालका औजार एवम् हतियार बनाई गुजारा गर्ने, ढुङ्गाकै ओडारभित्र बस्ने, ढुङ्गाहरू ठोक्काएर आगो बाल्ने गरिन्थ्यो । ढुङ्गामा आश्रित मानव संस्कृति भएकाले यसलाई ढुङ्गे युगको संस्कृति भनिएको हो । होमो ह्याबिलिस, होमो इरेक्टस र नियन्डरथललगायतका आदिम मानवले ढुङ्गे युगको संस्कृतिको विकास गरेका थिए । आजभन्दा लगभग २५ लाख वर्षअगाडि सुरु भई करिब ५०००-७००० वर्ष अगाडिसम्म यो युग कायम थियो । धातुको आविष्कार भएपछि ढुङ्गे युगको अन्त्य भएको मानिन्छ । वनका कन्दमूल खोजेर खाने, ढुङ्गाको औजारहरूबाट जनावरको सिकार गर्ने र ओडारमा बस्ने ढुङ्गे युगका मानव संस्कृतिको मुख्य विशेषताहरू हुन् । पुरातत्त्वविद्हरूले ढुङ्गे युगको संस्कृतिलाई निम्नानुसारका तीन चरणहरूमा विभाजन गरेका छन् :

१. पूरापाषाण संस्कृति (Paleolithic Culture)

२. मध्यपाषाण संस्कृति (Mesolithic culture)

३. **नवपाषाण संस्कृति** (Neolithic culture)

**समुद्र गुरुङ :** (आफ्नो विचार राख्न अनुमति माग्दै ) म पुरापाषण संस्कृतिको जीवन पद्धतिका बारेमा केही भन्न चाहन्छु । पुरापाषण युगलाई नव, मध्य र उच्च पूरापाषण युग गरी तीन भागमा विभाजन गरिएको पाइन्छ । यस बेलाका मानिसले ढुङ्गाका हतियार बनाउँथे । मानव जातिले विकास गरेको सबैभन्दा पुरानो ढुङ्गे औजार बनाउने संस्कृतिलाई ओल्दुभाइ गल्छीको नामबाट नामकरण गरिएको हो । यस संस्कृतिमा बनेका ढुङ्गे औजार प्राय: सरल र भद्दा खालका थिए । कङ्कड, चुच्चे तथा धारिला हतियाहरू र हाते बञ्चराको प्रयोग गरी सिकार गर्थे । उनीहरूका ढुङ्गाका हतियारहरू त्यति परिष्कृत थिएन । प्राय: जसो ढुङ्गा फुटाल्दा निस्केका चोइटाबाट औजार बनाइन्थ्यो । होमो इरेक्टस (Homo erectus) यी हतिहारहरू निर्माण र प्रयोग गर्न पाराङ्गत थिए । पुरापाषाण संस्कृतिको अन्तिम अर्थात् नवपाषाण संस्कृतिको अवस्थामा बसोबासका लागि वासस्थानको निर्माण, कपडा लगाउने बानी, जङ्गली जनावरलाई छोपेर पाल्ने कामको सुरुआत आदि सुरुआत भएको थियो । मैले यस बारेमा बुझेको यत्ति नै हो तर मलाई पूरापाषाण युगका विभिन्न संस्कृतिहरूका बारेमा जान्ने इच्छा छ ।

**सानु वि.क.:** धन्यवाद समुद्र जी, वास्तवमा गोलमेच छलफल भनेकै आफूले जानेको कुरा भन्ने र अरूले भनेका कुराहरू सुनेर बुझ्नु नै हो । म यस विषयमा कसैलाई जानकारी भएका भए बताइदिन आग्रह गर्छु ।

**विनोद सुवेदी :** (हात उठाउँदै ) पूरापाषाण युगमा विकसित भएका संस्कृतिहरूलाई नै पूरापाषाण संस्कृति भनेर चिनिन्छ । त्यति बेलाका नियन्डथल र होमो इरेक्टस जस्ता आदिम मानवले यस संस्कृतिको विकास गरेका थिए । ओल्दुभाइ (Olduvai), मस्तेरियन (**Mousterian**), लेभालोइसिइन (**Levalloisian**), औरिग्नसियन (Aurignacian), पेरिगोर्डियन (Périgordian), सोलुट्रियन (solutrean) र म्याग्दालेनियन (Magdalenian) ढुङ्गे औजार/हतियार बनाउने संस्कृति निकै चर्चित छन् ।

**राजु थापा :** मैले बुझेअनुसार ढुङ्गे युगको समाज समतावादी थियो तापनि समूहका पाका उमेरका मानिस प्रभावशाली थिए । कृषि र पशुपालनको सुरु हुनुभन्दा अगाडि सबै जना सिकार गर्थे । कसैले पनि कमाउने, सम्पत्ति जम्मा पार्ने आदि जस्ता कुराहरू सोच्ने थिएन । सिकारबाट प्राप्त खानेकुरा बाढेरै खान्थे । आफू बसेको ठाउँका खानेकुराहरू सकिएपछि अर्को ठाउँमा बसाइँ सरेर जान्थे । त्यसैले स्थायी बसोबास भन्ने हुँदैनथ्यो । बरु आगाको आविष्कारका बारेमा कसैलाई थाहा थियो कि ?

**राधेश्याम यादव :** म भनूँ ? (कार्यक्रम सञ्चालिकाबाट अनुमति पाएपछि) आगाको आविष्कार मानव समाजको विकासको महत्त्वपूर्ण उपलब्धि हो । होमो इरेक्टसको समयमा आगोको आविष्कार भएको कुरा खोजहरूबाट पत्ता लागेको छ । न्यानोपान, वन्यजन्तुको आक्रमणबाट सुरक्षा, सिकारका लागि औजारको निर्माण, खाना बनाउने तरिका आदिमा परिवर्तन ल्यायो । मानिसले उज्यालो प्राप्त गऱ्यो । यसले जाडाको समय र रातको समयमा पनि सामान्य काम गर्न सहज बनायो । यसले मानव समाजको विकासमा राम्रो योगदान पुऱ्यायो । अँ त के आदिम मानवले ढुङ्गे युगमा घर बनाएनन् ?

सहजकर्ता : राम्रो प्रश्न गर्नुभयो राधेश्यमज्यूले । हुन त करिब २० लाख वर्ष पहिले होमो ह्याबिलिसहरूले पहिलो मानव निर्मित संरचना बनाएका हुन् भन्ने विश्वास गरिन्छ । करिब १४ लाख पहिले अफ्रिकामा बस्ने आदिम मानवले ओत लाग्ने छाप्रो र शरीर ढाक्ने जनावरका छाला वा रुखका बोक्राबाट बनेका वस्तुको प्रयोग गरेका थिए । अफ्रिकाका विभिन्न ठाउँहरूमा यसका अवशेषहरू पाइएका छन् । लौ त आज धेरै नै छलफल भयो । ढुँङ्गे युग संस्कृतिको सम्बन्धमा यहाँहरूले बुझ्नु भएको कुरा राम्रै छ । मानव समाजको विकासको सन्दर्भमा ढुँङ्गे युग लामो समय थियो । यस समयमा आदिम मानवले खाद्यान्न सङ्कलनदेखि बिस्तारै उत्पादन कार्यतर्फ उन्मुख भएको पाइन्छ । उत्पादन कार्यको सुरुभएदेखि ढुङ्गे युगको अन्त्य भएको मानिन्छ । कृषि तथा पशुपालन युगको सम्बन्धमा हामी अर्को सम्पर्क कक्षामा छलफल गरौँला । म अहिले हामी अनौपचारिक छलफलमा सहभागी भए तापनि उद्घोषकज्यूलाई कार्यक्रम समापन गरिदिनुहुन अनुरोध गर्छु ।

सानु वि.क. : धन्यवाद गुरुआमा । सहपाठी साथीहरू सबैलाई म कार्यक्रम सञ्चालिकाको तर्फबाट धन्यवाद छ । यहाँहरूले ढुङ्गे युगको सस्कृतिका बारेमा गर्नुभएको अध्ययन र प्रस्तुत गर्नुभएको विचारले हामी सबैलाई धेरै जानकारी प्राप्त भएको छ । आउँदाका दिनहरूमा पनि यस्तै खालको सहभागिताको अपेक्षा गर्छु । कार्यक्रम सञ्चालनको क्रममा केही त्रुटि भएको भए क्षमा चाहन्छु । धन्यवाद !

*(कक्षा सकिएपछि सबै जना आआफ्ना घरतर्फ लागे । )*

## क्रियाकलाप

१. ढुङ्गे युगको संस्कृतिका विभिन्न चरणका विशेषता टिप्नुहोस् र तलको तालिका पूरा गर्नुहोस् :

| ढुङ्गे युगको संस्कृतिका चरणहरू | विशेषताहरू |
|---|---|
| १. पूरापाषाण संस्कृति | |
| २. मध्यपाषाण संस्कृति | |
| ३. नवपाषाण संस्कृति | |

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) संस्कृति भनेको के हो ?

(ख) ढुङ्गे युगको संस्कृति कहिले अस्तित्वमा आएको हो ?

(ग) ढुङ्गे युगका मानिस आगो कसरी बाल्थे ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) विभिन्न स्रोतबाट ढुङ्गे युगको संस्कृतिका बारेमा अध्ययन गरी एक विश्लेषणात्मक अनुच्छेद तयार गर्नुहोस् ।

(ख) पूरापाषाण युगका मानिसले विकास गरेका सस्कृतिका बारेमा उल्लेख गर्नुहोस् ।

(ग) "नवपाषाण युग (Neolithic period) लाई क्रान्तिकारी युग भनिन्छ ।" आफ्नो तर्कसहित पुष्टि गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) ढुङ्गे युगका मानव र अहिलेको मानिसको जीवनशैलीबिच निम्नलिखित बुँदामा तुलना गरी तलको तालिका भर्नुहोस् :

| क्र.स. | तुलनाका आधार | ढुङ्गे युगका मानव | अहिलेको मानिस |
|---|---|---|---|
| १. | मानव समाजको विशेषता | | |
| २. | मानवको जीवनशैली | | |
| ३. | सम्पत्तिको स्वामित्व | | |
| ४. | मानिसले प्रयोग गर्ने आवास | | |

### परियोजना कार्य

पाषाण युगका विभिन्न चरणहरू झल्काउने चित्रहरू समावेश गरी एक पोस्टर तयार पार्नुहोस् ।

## पाठ ४ कृषि युगको सुरुआत र विकास

नवपाषाण युगको अन्त्यतिर मानिसले कृषि कार्यको सुरुआात गरिसकेका थिए । आजभन्दा करिब १०००० वर्ष पहिलेदेखि नै कृषि युगको सुरुआत भएको पाइन्छ । त्यति वेला मानिसले विभिन्न खालका अन्नबालीहरू उत्पादन गर्थे । जङ्गलमा बस्ने क्रममा त्यति बेलाका आदिम मानवले विभिन्न खालका अन्नहरूको पहिचान गरिसकेका थिए । उनीहरूले खाना हुने र खाना नहुने अन्न छुट्याइसकेका थिए । खाना हुने अन्न आफू बसेको वरपर उमार्न सफल भएका थिए । हिमयुगको अन्त्यसँगै तातिँदै गएको वातावरणीय अवस्थाले कृषि उत्पादनमा ठुलो भूमिका खेलेको थियो । विभिन्न औजारहरूलाई अझै बढी पालिस गरी खन्न, काट्न, बुन्न, काठको काम गर्न आदि कामहरूमा प्रयोग गर्न मिल्ने बनाइसकेका थिए । कृषिको व्यवस्थित सुरुआत भइसकेकाले कृषि फारामका लागि आवश्यक टोकरी, नाङ्लो, पाथीलगायतका सामग्रीका समेत यस युगमा निर्माण गरिएको थियो । आजभन्दा करिब ९००० वर्ष पहिलेको नवपाषाण युगको अन्त्य भइसकेको थियो । त्यसपछि पूर्ण रूपमा कृषि युगको सुरुआत भयो । त्यसैले ९००० वर्ष यताको समयलाई कृषि युगको नामले चिनिन्छ ।

जीवन जिउने क्रममा मानिसले नदी किनारमा मलिलो माटो, सिँचाइका लागि पानीको व्यवस्था, समथर जमिनको उपलब्धताका कारण त्यही बसोबास गर्न थाले । उनीहरूले कृषिको विकास त्यही नदी किनारमा नै गर्न थाले । अफ्रिकाको नाइल नदी, चीनको ह्वाङ्हो, भारतको गङ्गा, इटालीको टाइबर, उत्तर अमेरिकाको मिसिसिपी आदि नदी किनार त्यस युगको कृषि केन्द्रका रूपमा विकसित भए । यहाँ विभिन्न खालका कृषि बालीहरू उत्पादन गर्न थालियो । यसरी नै विश्वका विभिन्न ठाउँहरूमा विभिन्न बालीहरू लगाइयो । मेसोपोटामिया, जोर्डन र इजिप्टलगायतका स्थानहरूमा गहुँ, जौ, दलहनलगायतका बाली लगाइएको थियो । चीनमा मुख्यतया कोदो र धान लगाइन्थ्यो । त्यस्तै अफ्रिकामा कोदो, धान, तरुल आदिको खेती गरिएको थियो भने अमेरिकामा मकै, भटमास, आलु आदि खेती गरिन्थ्यो ।



कृषिको विकाससँगै त्यति बेलाका मानिसले शान्त स्वभावका कुकुर, बाख्रा, भैंसी, घोडा, सँगुर आदि जस्ता जङ्गली जनावरहरू आफैंसँग राखेर पाल्न थालेका थिए । कुकुरबाट सुरु गरिएको जङ्गली जनावरलाई घरपालुवा बनाउने क्रममा गाई, भैंसी, सुँगुर, भेडा आदिलाई पनि क्रमश: पाल्न थालिएको हो । यी जनवारबाट आफूलाई उपयोगी हुने मासु, दुधलगायत विभिन्न वस्तुहरू उत्पादन गर्न सफल भए । त्यसैले नवपाषाण युगको अन्त्यपछि पशुपालन र कृषि सँगसँगै विकास भएको पाइन्छ ।

खेतीपाती र पशुपालनको व्यापक विकाससँगै नवपाषाण युगको समाजले अनेकौं सामाजिक र सांस्कृतिक परिवर्तनहरू देख्न पाए । कपडा लगाउने बानीको विकास भयो । स्थायी बसोबास तथा खेतीपाती गर्नका लागि जमिन ओगट्ने क्रम बढ्दै गयो । यसले गर्दा मानिसले व्यक्तिगत सम्पत्तिलाई अधिक महत्त्व दिन थाल्यो । कृषि र पशुपालनमा प्रतिस्पर्धा हुन थाल्यो । यसले गर्दा समाजमा असमानताका समेत विकास हुन थाल्यो । धेरै पशु पाल्नेहरू पशुका मालिक बने । धेरै जमिन ओगट्न सफल मानिस जमिनदार भए । जमिन ओगट्न नसक्नेहरू तिनै जमिनदारकहाँ काम गर्ने दास बने । दासप्रथाको सुरुआत हुन थाल्यो । धेरै पशु पाल्न नसक्नेहरू त्यहाँका नोकर बने । यसले समाजमा मानिसलाई धनी र गरिब दुई वर्ग विभाजन गर्न थाल्यो । समाजमा धर्मकर्म संस्थागत हुँदै गए भने राजनीतिक चेतनाको विकास सँगै ससाना राज्य र रजौटाहरूले शासन गर्ने पद्धतिसमेत सुरु हुँदै गयो ।

### कृषि युगका विशेषताहरू

कृषि युग नवपाषाण युगको अन्त्य र औद्योगिक क्रान्ति पूर्वको समय हो । करिब ९००० वर्षदेखि १८ औँ शताब्दीसम्मको अवधिलाई कृषि युग मानिन्छ । यस समयमा मानव समाजका विशेषताहरू यस प्रकार छन् :

१. विभिन्न झुन्ड बनाएर फिरन्ते जीवन बिताउने मानव स्थायी बसोबास गर्न थाले ।

२. सामान्य खालका कृषि औजारहरूको प्रयोग हुन थाल्यो ।

३. खेतीपाती र पशुपालनको काम सँगसँगै गर्न थालियो ।

४. समाजका मानिसहरू धनी र गरिब दुई वर्गमा विभाजित भयो ।

५. पुरुष र महिलाहरूबिच सामान्य श्रम विभाजन भयो । त्यति वेला खन्ने, जोत्ने आदि जस्ता कामहरू पुरुषले र रोप्ने, काट्ने, गोड्ने आदि कामहरू महिलाले गर्न थाले ।

६. कृषि र पशुपालन कार्य दैनिक गुजाराका लागि मात्र गरिन्थ्यो ।

कृषि युगमा कृषिको विकासका क्रममा समाज पनि विकसित हुन थाल्यो । स्थायी बसोबासका लागि घरहरूको निर्माण हुन थाले पछि मानिसमा नयाँ नयाँ प्रविधिको खोज र प्रयोग गर्ने सोचमा विकास भयो । कृषिका लागि जनशक्तिको आवश्यकता पर्ने हुनाले परिवारको आकार बढ्दै गयो । यसले विश्वमा जनसङ्ख्या वृद्धि तीव्र रूपमा हुन थाल्यो । समाजमा विभिन्न वर्गको जन्मसँगै वर्ग विभाजन हुन थाल्यो । यसले सामान्ती समाजको जन्म गरायो । बिस्तारै साम्यवादी समाज पुँजीवादी र औद्योगिक समाजमा रूपान्तरित हुँदै गयो ।

### क्रियाकलाप

१. विभिन्न स्रोतहरूबाट कृषि युगका बारेमा अध्ययन गर्नुहोस् र यसका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

२. कृषि तथा पशुपालन युगको समाजको अवस्थाबारे आफूले जानेका कुराहरू बुँदा टिपोट गर्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) कृषि युगको सुरुआत कहिलेदेखि भएको हो ?

(ख) कृषि युगमा प्रयोग भएका कुनै दुई कृषि औजारहरू उल्लेख गर्नुहोस् ।

(ग) सबैभन्दा पहिला कुन पशुलाई आफैँसँग राखी पशुपालनका सुरुआत गरिएको थियो ?

(घ) सुरुका अवस्थामा कृषि र पशुपालन केका लागि गरिन्थ्यो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) "नवपाषाण युग नै कृषि युगको आधार थियो ।" यस भनाइलाई आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ख) कृषि समाजको विकासका बारेमा आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

(ग) "कृषि युगमा स्थायी बसोबास र मानव समाजको विकास गऱ्यो ।" उक्त भनाइलाई आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) ढुङ्गे युग र कृषि युगका चार चारओटा समानता र भिन्नता लेख्नुहोस् ।

(ख) कृषि र पशुपालन युगको विशेषताहरू छोटकरीमा विश्लेषण गर्नुहोस् ।

# पाठ ५ पुँजीवादी र औद्योगिक विश्व

(यस पाठमा सहरमा समाजशास्त्र विषय अध्ययन गर्दै गरेका दाइले गाउँको विद्यालयमा कक्षा ११ मा पढ्ने बहिनीलाई लेखेको इमेल राखिएको छ । उक्त इमेल पढेर तपाईँ पनि पुँजीवादी र औद्योगिक समाजका बारेमा जानकारी लिनुहोस् ।)

बहिनी मनिषा

धेरै धेरै माया र सम्झना ।

हिजो बुबाआमासँग मेसेन्जरमा कुराकानी गरेको थिएँ । तिमी विद्यालयबाट घर फर्किनसकेकाले बोल्ने मौका पाइनँ । अस्ति तिमीले पठाएको इमेलमा पुँजीवादी र औद्योगिक विश्वका बारेमा जिज्ञासा राखेकी थियौ । त्यसैको उत्तर लेख्दै छु । सर्वप्रथम त विज्ञान विषय सङ्कायमा सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा अध्ययन गर्ने तिम्रो निर्णय सही भएको कुरा जानकारी गराउँछु । सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा जुनसुकै सङ्कायमा पनि अनिवार्य रूपमा पढ्ने विषय हो । पढाइ सकेर सोहीअनुसारको विभिन्न क्षेत्रमा काम गर्दा विभिन्न समुदाय, हाम्रा समाज, राष्ट्र र विश्व परिवेश आदिको व्यावहारिक ज्ञानको आवश्यकता पर्छ । विभिन्न समुदायका मानिससँग व्यवहार गर्नुपर्ने हुन्छ । विभिन्न नीति नियमका बारेमा जान्नुपर्ने हुन्छ । त्यसै गरी हरेक पेसामा २१ औँ शताब्दीको व्यवहार कुशल सिपको आवश्यकता पर्छ । विभिन्न वर्ग, समुदाय, जातजाति, भाषाभाषीका मानिससँग जस्तोसुकै परिस्थितिमा पनि काम गर्न सक्नुपर्छ । यस्तो खालको व्यावहारिक ज्ञान, सिप र अभिवृत्तिको विकास सामाजिक अध्ययन तथा जीवनोपयोगी सिपको अध्ययनबाट मात्रै सम्भव छ । यसै विषयको एकाइ चारअन्तर्गतको मानव समाजको विकासक्रमको व्याख्या गर्न भन्ने उद्देश्य पूरा गर्न राखिएको समाजका विकासक्रमअन्तर्गतको यो पाठ अत्यन्तै महत्त्वपूर्ण पाठ हो । यो पाठ साधारण तरिकाले बुझ्न सकिने हिसाबले सामान्य जानकारी दिँदै छु । यसको अध्ययन गरी बुझ्ने कोसिस गर्नुहोला ।

बहिनी, सामान्य अर्थमा पुँजीवाद उत्पादनको क्षेत्रमा निजी लगानी रहने अर्थ व्यवस्था हो । पुँजीवादी अर्थ व्यवस्था भएको समाजलाई पुँजीवादी समाज भनिन्छ । यस्तो समाजमा निजी सम्पत्तिको निकै ठुलो महत्त्व हुने हुनाले उत्पादनका साधनहरूमा निजी स्वामित्व कायम रहन्छ । यस्तो समाजमा वस्तुको वितरण र विकास स्वतन्त्र बजारको अवधारणामा आधारित हुन्छ । यस्तो व्यापार प्रणालीमा प्रत्येक व्यक्तिले प्रतिस्पर्धामार्फत बढीभन्दा बढी मुनाफा कमाउने प्रयासमा लाग्ने गर्छन् । त्यसैले पुँजीवादी समाजमा बजार खुला अर्थतन्त्रमा आधारित हुन्छ । धेरै कमाउनेले राज्यलाई धेरै कर तिर्छ र थोरै कमाउनेले राज्यलाई थोरै कर तिर्छ । राज्यको काम उत्पादनमा लगानी गर्नेभन्दा पनि नीति नियम निर्माण गर्ने, बजारलाई नीति नियममार्फत नियन्त्रणमा लिने र कर उठाउने हुन्छ ।

पुँजीवादी समाजका विशेषताहरू यस प्रकार छन् :

१. पुँजीवादी समाज खास गरी औद्योगिक उत्पादनमा आधारित हुन्छ ।

२. गुजारामुखी उत्पादन प्रणालीलाई ठुलो मात्रामा वस्तुको उत्पादन गर्ने प्रणालीद्वारा प्रतिस्थापन गरेको हुन्छ ।

३. उत्पादनमा सरकारको लगानी नभई निजी क्षेत्रको लगानीलाई महत्त्व दिइन्छ ।

४. पुँजीवादी समाजमा पुँजीपति र श्रमिक वर्गमा विभाजित हुन्छ ।

५. उत्पादनका साधनहरू राज्यको भन्दा पनि निजी क्षेत्रको नियन्त्रण बढी हुन्छ ।

६. समाजमा भौतिक लगानी र भौतिक वस्तुको उपभोगमा बढी जोड दिइन्छ ।

७. पुँजीवादी समाज प्रतिस्पर्धात्मक हुन्छ ।

बहिनी, अब म तिमीलाई औद्योगिक समाजका बारेमा जानकारी गराउन चाहन्छु ।

मानव समाजको विकासको क्रममा सामन्ती समाजको विकास हुने क्रममा पुँजीवादको जन्म भयो । यो पुँजीवाद नै औद्योगिक समाजको थालनी हो । १८ औँ शताब्दीको युरोपको औद्योगिक क्रान्तिपश्चात् विकसित भएको समाजलाई औद्योगिक समाज भनिन्छ । कृषिमा आधारित समान सामाजिक सम्बन्धहरूको चरम विकासपछि औद्योगिक समाज विकसित भएको हो । युरोपबाट सुरुआत भएको यस समाजले तीव्र रूपमा फैलिँदै संसारका अन्य भागमा समेत आफ्नो दूरगामी प्रभाव छोड्न सफल भएको छ ।

पुँजीवादी समाजको विकास हुँदै जाँदा उत्पादनको दर र मात्रा बढाउनका लागि जीवाश्म (Fossil) इन्धनबाट चल्ने मेसिनरीको तीव्र विकास भयो । मेसिन तथा औजारहरूको व्यापक प्रयोगले औद्योगिक सहरहरूको विकास हुँदै गयो । ती सहरहरूमा जनसङ्ख्या तीव्र रूपमा बढ्न थाल्यो । औद्योगिक विकासले सहरीकरण प्रक्रियालाई अझ व्यापक बनायो । फलस्वरूप सहरमा विभिन्न खालका सुविधाको विकास हुन थाल्यो । सन् १९०० को सुरुआतसम्म आइपुग्दा रेलमार्गको विकास भइसकेको थियो । समुद्रमा पानीजहाज चलाउन थालिसकेको थियो । यसले आवतजावत र दैनिकीमा ठुलो परिवर्तन ल्यायो । मानिसहरू गाउँबाट बिस्तारै सहरतिर पस्न थाले । सहर र सहरिया जीवनशैलीले बढीभन्दा बढी जनसङ्ख्यालाई गाउँबाट सहरतर्फ तान्न थाल्यो । सहरमा सुविधाहरू थपिँदै जाँदा सञ्चारको विकाससमेत व्यापक रूपमा हुन थाल्यो । मानिसले टेलिफोन, रेडियो, टिभी र इन्टरनेट जस्ता विभिन्न सञ्चारका साधनहरूको प्रयोग गर्न थाले । त्यसै गरी शिक्षा क्षेत्रमा आएको परिवर्तनले शिक्षित जनसङ्ख्या बढ्दै गयो । योग्यता भएका मानव संसाधनहरूको उत्पादन हुन थाले । यसले मानव समाजमा शिक्षाको महत्त्व बढायो । औद्योगिक समाजको विकासक्रममा विश्वमा केही सकारात्मक र केही नकारात्मक परिवर्तनहरू देखिन थाले । मानिसको जीवन स्तरमा सकरात्मक परिवर्तन, स्वास्थ्य सुविधा तथा उपचार पद्धतिमा विकास, नयाँ राजनीतिक प्रणालीहरूको विकास आदि सकारात्मक परिवर्तन हुन् । औद्योगिक समाज विकसित बन्दै जाँदा बिस्तारै आधुनिक समाजको जग पनि बलियो बन्दै गयो । महिला सशक्तीकरणको

अवधारणलाई विकास गऱ्यो । त्यसै गरी व्यक्तिवादी तथा उपभोगवादी सोचमा वृद्धि, अव्यवस्थित बसाइँसराइ, उत्पादनमा पुँजीपतिको नियन्त्रण आदि जस्ता नकारात्मक प्रभावहरू हुन् । यसरी पुँजीवादी र औद्योगिक समाजले एक मिश्रित समाजको निर्माण गर्दै विश्वमा विस्तार हुँदै गइरहेको छ । विश्वका अधिकांश देशहरूमा यस्तै मिश्रित समाज रहेको छ । बहिनी आजलाई यत्ति, बाँकी कुरा अर्को इमेलमा गरौँला ।

उही तिम्रो दाजु

सागर अधिकारी

## क्रियाकलाप

१. पुँजीवादी र औद्योगिक समाजको विकासले विश्वमा ल्याएको सकारात्मक र नकारात्मक परिवर्तनहरू निम्नलिखित तालिकामा टिप्नुहोस् :

| सकारात्मक परिवर्तनहरू | नकारात्मक परिवर्तनहरू |
|---|---|
| १.<br>२.<br>३.<br>४.. | १.<br>२.<br>३.<br>४. |

२ . औद्योगिक समाजको विकासले महिला सशक्तीकरणमा कसरी सहयोग पुऱ्याएको छ ? बुँदा टिपोट गरी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) पुँजीवाद भनेको के हो ?

(ख) पुँजीवादी समाजका कुनै दुई विशेषता उल्लेख गर्नुहोस् ।

(ग) रेलको विकास कहिले भएको थियो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) युरोपको औद्योगिक क्रान्ति र यसले मानव समाजमा पारेको प्रभाव उल्लेख गर्दै एक संवाद तयार गर्नुहोस् ।

(ख) पुँजीवादी समाज र औद्योगिकीकरण बिच कस्तो सम्बन्ध छ, प्रस्ट पार्नुहोस् ।

(ग) पुँजीवादी समाजको विशेषता उल्लेख गर्दै साथीलाई चिठी लेख्नुहोस् ।

(घ) पुँजीवादी समाजमा निजी सम्पत्तिको महत्त्व बढी हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) पुँजीवादी समाज र साम्यवादी समाजबिचको चार /चार ओटा समानता र भिन्नताहरू लेख्नुहोस् ।

(ख) पुँजीवादी र औद्योगिक समाजको मानव जीवनमा परेको सकारात्मक र नकारात्मक प्रभावहरू उल्लेख गर्नुहोस् ।

# पाठ ६ वर्तमान विश्व परिवेश र सामाजिक व्यवहार

आदिम कालमा मानिस जङ्गलमा बस्थे । जङ्गलका कन्दमूलहरू खोजेर, जङ्गली जनावरहरू सिकार गरेर काँचै खान्थे । अहिले मानिसको जीवनमा थुप्रै सकारात्मक परिवर्तनहरू आइसकेका छन् । विभिन्न स्रोतसाधनहरूको विकासले अहिलेका विश्व नागरिकले धेरै सुविधा पाएका छन् । यसले सामाजिक जनजीवनमा धेरै सुधार ल्याएको छ । हामीले अगिल्ला पाठहरूबाट मानव समाज धेरै लामो सङ्घर्षका साथ ढुङ्गे युगको त्यस्तो जङ्गली अवस्थाबाट आजको आधुनिक अवस्थासम्म आइपुगेको कुरा स्पष्ट हुन्छ । यस पाठमा अहिलेको विश्व परिवेश र सोहीअनुसारको सामाजिक व्यवहारका बारेमा छलफल गर्ने छौँ ।

विश्वमा विभिन्न गतिविधि झल्काउने विभिन्न वस्तुहरूले सिर्जना गरेको विश्वको हालको सामाजिक, आर्थिक, राजनीतिक वातावरण नै विश्व परिवेश हो । आमसञ्चारका साधनहरू, सामाजिक सञ्जाल तथा यातायातको सुविधाले सिङ्गो पृथ्वी नै एक बृहत् परिवार जस्तै बन्दै गएको छ । विश्वव्यापीकरण अझ व्यापक बन्दै गएको छ । भौगोलिक रूपमा निकै टाढा रहेका मानिस एवम् समाजहरू पनि एकआपसमा नजिक भएका छन् । प्रविधिमा आएको उच्चतम विकासले यसलाई सम्भव तुल्याएको छ । विश्व परिवेशमा मिश्रित अर्थतन्त्र, भाषा, धर्म, संस्कृति र सामाजिक परिवर्तनसँगै अगाडि बढेको छ । वर्तमान विश्व परिवेशलाई नियाल्दा यसका केही मुख्य विशेषताहरू निम्नानुसार छन् :

१. बढ्दो सहरीकरण : विभिन्न विकासका पूर्वाधारहरूको विकाससँगै विभिन्न सुविधाहरूका कारण जनसङ्ख्याको वृद्धि भई सहरी क्षेत्रको विस्तार हुँदै जाने प्रक्रियालाई सहरीकरण भनिन्छ । वर्तमान विश्व परिवेशमा आधाभन्दा बढी मानिसहरू सहरमा बस्छन् । सहरहरूको सङ्ख्या र सहरी जनसङ्ख्या दिन प्रतिदिन बढदै गएको छ ।

२. विश्वव्यापीकरण : कुनै पनि वस्तु तथा सेवाको विश्व परिवेशमा गरिने प्रयोग एवम् सञ्चालन प्रक्रिया विश्वव्यापीकरण हो । विश्वव्यापीकरण अहिलेको विश्वको अर्को प्रमुख विशेषता हो । यातायात, सञ्चार, विज्ञान तथा प्रविधिलगायतका क्षेत्रमा भएको विकाससँग विश्व नै एउटा गाउँका रूपमा परिवर्तन हुँदै गएको छ । कुनै मुलुकको एक ठाउँको उत्पादन सजिलै विश्वको कुनै पनि कुनामा पुगेको छ । विश्वको कुनै एक ठाउँमा बसेर विश्वका सम्पूर्ण गतिविधिका बारेमा थाहा पाउन सक्छौँ । यसले समाजमा धेरै ठुलो प्रभाव पारेको छ ।

३. बसाइँसराइ : बसोबासका लागि एक ठाउँबाट अर्को ठाउँमा सरेर जाने प्रक्रियालाई बसाइँसराइ भनिन्छ । हिजोआज संसारभर नै बसाइँसराइको दर बढ्दै गएको छ । आजको विश्व परिवेशमा मानिस गाउँबाट सहरतिर, कम विकसित तथा विकासशील देशहरूबाट आर्थिक रूपले विकसित देशहरूमा बसाइँ सरेर जाने गर्छन् । बसाइँसराइले विश्वमा जनसाङ्ख्यिकी, सांस्कृतिक, आर्थिक, राजनीतिक परिदृश्य नै परिवर्तन हुँदै छ ।

४. प्रविधिको पहुँचमा विस्तार : हिजोआज प्रविधिको तीव्र विकाससँगै विश्वका कुनाकाप्चामा छरिएको जनसङ्ख्यासम्म प्रविधिको पहुँचसमेत व्यापक रूपमा वृद्धि भएको छ । प्रविधिको परिवर्तन एवम् विस्तारका कारण सञ्चार, स्वास्थ्य, शिक्षा, यातायातलगायत धेरै पक्षहरूमा आमूल परिवर्तनहरू आएका छन् । विशेष गरी यातायात, सञ्चार, स्वास्थ्य आदि क्षेत्रमा भएको प्रविधिको विकासले अहिलेको विश्व परिवेशमा महत्त्वपूर्ण प्रभाव पारेको छ ।

५. पुँजीवादी चरित्र : अहिलेको विश्वमा विश्वव्यापीकरणले परनिर्भरता बढाएको छ । बिस्तारै समाजमा पुँजीवादी चरित्रको विकास हुँदै गएको छ । पुँजीवादी उत्पादन मजबुत बन्दै जाँदा समाजमा विद्यमान वर्गहरूबिचको असमानता झन बढ्दै गएको छ । यसले समाज, सामाजिक सम्बन्ध र वैयक्तिक जीवनमा बहुआयामिक परिवर्तनहरू आएका छन् ।

६. व्यक्तिवादी प्रवृत्तिमा वृद्धि : समाजमा बढ्दो आधुनिकता, प्रविधिको विस्तार, यातायात र सञ्चारको विकास आदिका कारण व्यक्तिवादी प्रवृत्तिमा बढ्दै गएको छ । आफ्नो फाइदालाई केन्द्रमा राखेर काम गर्ने प्रवृत्तिको विकास हुँदै गएको छ । व्यक्तिहरूमा परिवार तथा नातासम्बन्धको प्रभाव कमजोर बन्दै गएको छ । त्यसैले व्यक्तिवादी प्रवृत्तिमा वृद्धि आजको समाजको विशेषता हो ।

७. बहुसांस्कृतिकता : समाजमा भिन्नभिन्न सांस्कृतिक विशेषताहरू देखिने प्रक्रियालाई बहुसांस्कृतिकता भनिन्छ । विश्वमा बढ्दो विश्वव्यापीकरण र बसाइँसराइका कारण समाजमा बहुसांस्कृतिक वातावरण बन्दै गएका छन् । फरक फरक सामाजिक तथा सांस्कृतिक विशेषता भएका मानिसहरूबिच अन्तरघुलन भएको छ । यसले सामाजिक तथा सांस्कृतिक आदानप्रदानलाई सहजीकरण गरेको छ । कुनै एक मुलुकका मौलिक सामाजिक र सांस्कृतिक अर्को मुलुकमा समेत देखिन थालेको छ । क्रिसमस विश्वका धेरै मुलुकहरूमा मनाउन थालेको छ । दसैं, तिहार जस्ता हाम्रा चाडपर्वहरू अमेरिका, अस्ट्रेलिया, क्यानडालगायतका मुलुकहरूमा समेत मनाउन थालिएको छ । बहुसांस्कृतिकताले विश्वमा सामाजिक विविधता बढेको छ । विश्वको जनसङ्ख्याको कम्तीमा १ प्रतिशतभन्दा बढीले आस्था राख्ने धर्महरू हिन्दु, बौद्ध इसाई र इस्लाम, हुन् । संसारमा हाल करिब ६,५०० थरी भाषा बोलिन्छन् । समकालीन विश्वमा भाषिक, धार्मिक, वर्गीय, लैङ्गिक र राजनीतिक प्रणालीगत विविधता जस्ता सामाजिक विविधताहरू मुख्य रूपमा देख्न सकिन्छ । आर्थिक वर्गको विभाजनअनुसार समाज उच्च, मध्यम तथा निम्न वर्गमा विभाजित छन् । पूर्वीय सभ्यताको परम्परागत समाजहरूमा संयुक्त परिवारहरू पाइन्छन् भने पश्चिमेली मुलुकका समाजहरूमा एकल परिवारहरू पाइन्छन् ।

## सामाजिक व्यवहार

सामाजिक संरचना र सामाजिक सम्बन्धको एकीकृत स्वरूपलाई नै समाज भनिन्छ । समाजमा मानिसहरूबिच विभिन्न सामाजिक प्रक्रियाहरूमार्फत सामाजिक सम्बन्धहरू स्थापित हुन्छन् । समाजमा सामाजिक सम्बन्ध स्थापना गर्नका लागि विभिन्न व्यवहारहरू प्रदर्शन गर्छन् । यसैलाई सामाजिक व्यवहार भनिन्छ । परिवारका सदस्यहरूबिचको सम्बन्ध, साथीहरूबिचको सम्बन्ध, छिमेकीहरूबिचको सम्बन्ध, सहकर्मीहरूबिचको सम्बन्ध, परिवार परिवारबिचको सम्बन्ध आदि

सामाजिक सम्बन्धका केही उदाहरणहरू हुन् । मानिसका बहुआयामिक आर्थिक, सामाजिक एवम् सांस्कृतिक आवश्यकताहरू हुन्छन् । मानिसका तिनै आवश्यकताहरू परिपूर्ति गर्ने क्रममा नै सामाजिक सम्बन्धहरू विकसित हुन्छ । समाजमा मानिस एकअर्कामा परनिर्भर हुनुपर्ने हुनाले सामाजिक सम्बन्ध स्थापित भएका हुन् । डाक्टरलाई खानाको आवश्यकता पर्छ भने किसानलाई औषधी उपचार गर्नुपर्छ । समुदायमा ऐँचोपैँचो गरेर आफ्नो खाँचो टार्नुपर्ने हुन्छ । यस्ता सामाजिक लेनदेनहरू दोहोरिँदै जाँदा सामाजिक प्रक्रियाको रूप लिन्छन् । यस क्रममा लेनदेनमा आबद्ध हुने व्यक्ति वा संस्थाहरूबिचमा सामाजिक सम्बन्ध स्थापित हुन्छ ।

सामाजिक सम्बन्धलाई वैयक्तिक सम्बन्ध (Personal relationship), पारिवारिक सम्बध (Family relationship), संस्थागत सम्बन्ध (institutional relationship) मा विभाजन गरी बुझ्न पनि सकिन्छ । सामाजिक सम्बन्धहरू जति अपरिहार्य हुन्छन्, त्यसरी नै गतिशील समेत हुन्छन् । खास गरी व्यक्तिको परिवर्तित आवश्यकता पूर्ति गर्न सामाजिक सम्बन्धहरूसमेत परिवर्तन हुने गर्छन् । यसबाहेक समाजमा विद्यमान विभिन्न तत्त्वहरूले सामाजिक सम्बन्धमा समेत परिवर्तन ल्याउँछ । परसंस्कृति ग्रहण, आत्मसात्, एकता, सम्झौता, प्रतिस्पर्धा, सहकार्य, द्वन्द्व र अनुकूलन (adaptation) आदि सामाजिक सम्बन्ध स्थापित गर्न सहयोग गर्ने सामाजिक प्रक्रियाहरू हुन् ।

### क्रियाकलाप

१. आजको विश्वका मूल विशेषताहरू उल्लेख गर्दै सामाजिक अध्ययनका विज्ञ र पत्रकारबिचको संवाद तयार पार्नुहोस् ।

२. हाल विश्व समाजमा देखिएका पुँजीवादी चरित्र र व्यक्तिवादी प्रवृत्तिका बारेमा आफ्नो विचार लेख्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) सामाजिक सम्बन्ध भनेको के हो ?

(ख) वर्तमान विश्वका कुनै दुई महत्त्वपूर्ण विषेशताहरू उल्लेख गर्नुहोस् ।

(ग) सामाजिक सम्बन्ध र सामाजिक अन्तरक्रिया बिचको कुनै एक भिन्नता लेख्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) विश्वव्यापीकरण र बसाइँसराइले बहुसांस्कृतिक समाज निर्माणमा कस्तो प्रभाव पारेको छ ? आफ्नो तर्क दिनुहोस् ।

(ख) समकालीन विश्वको सामाजिक विविधताको समीक्षा गर्दै बुँदा टिपोट गर्नुहोस् ।

(ग) विभिन्न खालका सामाजिक सम्बन्धहरूको छोटो परिचय दिनुहोस् ।

(घ) "सामाजिक सम्बन्धमार्फत मानिसले सामाजिक अन्तरनिर्भरता कायम राख्ने गर्छ ।" के तपाईँ यस भनाइसँग सहमत हुनुहुन्छ ? यदि हुनुहुन्छ भने आफ्नो तर्क दिनुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सामाजिक सम्बन्धको विकासमा सहयोग पुऱ्याउने सामजिक प्रक्रियाहरूको सूची बनाउनुहोस् र तिनीहरूले सामाजिक सम्बन्धको विकासमा कस्तो भूमिका निर्वाह गर्छन्, लेख्नुहोस् ।

(ख) तपाईँको समुदायमा विगत १० वर्षमा आएका परिवर्तन उल्लेख गर्दै त्यसका कारणहरूको वर्णन गर्नुहोस् ।

## परियोजना कार्य

तपाईँ बसेको ठाउँका मानिसबिच सामाजिक सम्बन्धको विकास कसरी भइरहेको छ ? अध्ययन गरी तयार गरेको प्रतिवेदन सम्पर्क कक्षमा प्रस्तुत गर्नुहोस् ।

एकाइ ५

# भूगोल र सामाजिक जीवन

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धिहरू हासिल गर्ने लक्ष्य राखिएको छ :

१. विश्वको भौगोलिक परिचय दिन र विश्व मानचित्रमा नेपालको अवस्थिति उल्लेख गर्न

२. मानव र वातावरणबिचको सम्बन्ध पहिचान गर्न

३. भौगोलिक विविधताले समाजमा पार्ने असरको विश्लेषण गर्न

४. नेपालका पर्यावरणीय क्षेत्रका विविध आयाम र तिनका विशेषताहरू खोजी गर्न





## पाठ १ **विश्व मानचित्रमा नेपाल**

पृथ्वीको कुल क्षेत्रफलको ७१ प्रतिशत पानीले र २९ प्रतिशत जमिनले ढाकेको छ । पृथ्वीको दुई तिहाइ पानीले ढाकेको भागलाई पाँचओटा महासागरमा विभाजित गरिएको छ । पृथ्वीको जल सतहमा प्रशान्त, हिन्द, आन्ध्र, कुमेरु र सुमेरु गरी पाँचओटा महासागरहरू छन् । यसको स्थल सतहमा एसिया, युरोप, अफ्रिका, उत्तर अमेरिका, दक्षिण अमेरिका, अस्ट्रेलिया र अन्टार्टिका गरी सातओटा महादेश रहेका छन् । विश्वका सातओटा महादेशहरूमध्ये छओटा महादेशहरूमा मानव बसोबास रहेको छ ।

नेपाल दक्षिण एसियामा पर्ने एक भूपरिवेष्टित देश हो । यसको पूर्व, पश्चिम र दक्षिणमा भारत पर्छ भने उत्तरमा चीन पर्छ । नेपाल २६° २२' उत्तरी अक्षांशदेखि ३०° २७' उत्तरी अक्षांशसम्म र लगभग ८०° ४' पूर्वी देशान्तरदेखि ८८° १२' पूर्वी देशान्तरसम्म फैलिएको छ । नेपाल समुद्र सतहबाट ५९ मिटरदेखि ८८४८.८६ मिटर उचाइसम्म रहेको छ । नेपालको हालको क्षेत्रफल १,४७,१८१ वर्गकिलोमिटर छ । नेपालको पूर्व पश्चिम लम्बाइ ८८५ किलोमिटर रहेको छ । यसको उत्तर दक्षिणको अधिकतम चौडाइ २४१ कि.मि. र न्यूनतम चौडाइ १४५ कि.मि. छ भने नेपालको औसत चौडाइ १९३ किलोमिटर रहेको छ । नेपालले एसियाको ०.३ प्रतिशत भूभाग र विश्वको ०.०३ प्रतिशत भूभाग ओगटेको छ । यसको होचो भूभाग धनुषाको मुसहरनिया (५९ मि.) र अग्लो भूभाग सगरमाथा (८,८४८.८६ मि.) हुन् ।



नेपाललाई विश्वमा चिनाउने धेरै कुराहरू छन् । नेपाललाई विश्व मानचित्रमा चिनाउने केही भौगोलिक तथा सांस्कृतिक तथ्यहरू यस प्रकार छन् :

## (क) भौगोलिक पक्ष

१. नेपाल मध्य एसियामा पर्ने हिमालय पर्वतको देश भनेर चिनिएको देश हो ।

२. नेपाल धरातलीय विविधता भएको देश हो । यसलाई हिमाल, पहाड र तराई गरी तीन भौगोलिक प्रदेशमा विभाजन गरिएको छ ।

३. नेपाल विश्वकै अग्लो चुचुरो सगरमाथा (८८४८.८६ मिटर ) रहेको देश हो । विश्वकै तेस्रो अग्लो चुचुरो कञ्चनजङ्घा पनि नेपालमै पर्छ ।

४. नेपालमा विश्वमा पाइनेमध्ये धेरै प्रकारका हावापानी र वनस्पतिहरू पाइन्छन् । त्यसैले नेपाललाई जैविक विविधता भएको देश भनेर चिनिन्छ ।

५. समुद्र सतहदेखि ८००० मिटरभन्दा अग्ला विश्वका १४ शिखरमध्ये आठओटा नेपालमा नै पर्छन् । ती शिखरहरू यस प्रकार छन् :

- सगरमाथा (८८४८.८६ मि.)
- कञ्चनजङ्घा (८५८६ मि.)
- लोत्से (८५१६ मि.)
- मकालु (८४६३ मि.)
- चोयु (८२०१ मि.)
- धवलागिरी (८१६७ मि.)
- मनास्लु (८१६३ मि.)
- अन्नपूर्ण (८०९१ मि.)

## (ख) सांस्कृतिक पक्ष

१. क्षेत्रफलको हिसाबले यो ९४ औँ ठुलो राष्ट्र हो भने जनसङ्ख्याको हिसाबले ४९ औँ ठुलो राष्ट्र हो ।

२. नेपाल वीर गोर्खालीहरूको देश हो जो साहसिक लडाकुका रूपमा विश्व प्रसिद्ध छन् । नेपाल अङ्ग्रेज युद्धमा अङ्ग्रेज सेनालाई हायालकायल पारेका गोर्खाली सेना पहिलो र दोस्रो विश्वयुद्धमा कसैसँग नडराउने बहादुर सेनाका रूपमा चिनिएका थिए ।

३. नेपाल शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल हो । बुद्धको जम्मस्थल लुम्बिनी विश्वभरका बौद्ध धर्मावलम्बीहरूको पवित्र तीर्थ स्थल हो । यसका साथै यहाँ बौद्ध अध्ययन केन्द्रका रूपमा चिनिने विहार तथा गुम्बाहरू रहेका छन् ।

४. हिन्दुहरूको आस्थाको केन्द्र आरध्यदेव पशुपतिनाथ, मुक्तिनाथ, जानकी मन्दिरसहित नेपाललाई मन्दिरै मन्दिरको देश भनेर चिनिन्छ । । देशैभरि प्रत्येक गाउँ, टोलमा मन्दिर र देवलहरू रहेका छन् ।

## क्रियाकलाप

१. एटलस हेरेर विश्वको नक्सा कोर्नुहोस् र त्यसमा नेपाल देखाउनुहोस् । उक्त नक्सा सम्पर्क कक्षामा साहपाठी साथीहरूलाई देखाउनुहोस् ।

२.    विश्वको भौगोलिक चिनारी भन्ने शीर्षकमा एक अनुच्छेद लेखेर सम्पर्क कक्षामा सुनाउनुहोस् । साथीहरूसँग सुझाव सङ्कलन गरी त्यसलाई सुधार गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) भूगोलको परिभाषा लेख्नुहोस् ।

(ख) भूगोलले कुन कुन चारओटा परम्परागत पक्षहरूमार्फत संसारलाई बुझ्न मदत गर्छ ?

(ग) भूगोलका शाखाहरू कुन कुन हुन् ?

(घ) पृथ्वीको क्षेत्रफल कति छ ?

(ङ) पृथ्वीको भूमध्यरेखीय र ध्रुवीय परिधि कति छ ?

(च) नेपाल कुन कुन अक्षांश र देशान्तरमा फैलिएको छ ?

(छ) नेपाल कसरी भौगोलिक विविधता भएको देश हो ? आफ्नो तर्क दिनुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) पृथ्वीको छोटकरीमा वर्णन गर्नुहोस् ।

(ख) पृथ्वीका महादेश र महासागरहरूको नाम लेख्नुहोस् ।

(ग) नेपालको भौगोलिक अवस्था छोटकरीमा वर्णन गर्नुहोस् ।

(घ) विश्व मानचित्रमा नेपालको अवस्था छोटकरीमा उल्लेख गर्नुहोस् ।

(ङ) नेपालको सांस्कृतिक विशिष्टताका बारेमा आफ्नो विचार लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) भूगोल कस्तो विषय हो ? यसको विभिन्न शाखाहरूका बारेमा छोटकरीमा लेख्नुहोस् ।

(ख) नेपाललाई विश्वमा चर्चित बनाउन तपाईंको तर्फबाट के के गर्नसक्नुहुन्छ ? आफ्नो योजना वा विचार प्रस्तुत गर्नुहोस् ।

(ग) कुनै एक विदेशीलाई नेपालका बारेमा चिनाउनु परेमा के भनेर चिनाउनुहुन्छ ? छोटकरीमा लेख्नुहोस् ।

### परियोजना कार्य

विभिन्न स्रोतहरूबाट आफू बसेको ठाउँ वा जन्मेको ठाउँलाई चिनाउने विभिन्न विशेषताहरू सङ्कलन गर्नुहोस् । आवश्यकताअनुसार विभिन्न ठाउँका फोटोहरू पनि सङ्कलन गर्नुहोस् । यी सबै कुराहरू समेटेर 'मेरो ठाउँ मेरो गौरव' शीर्षकमा एउटा लेख तयार पार्नुहोस् ।

## पाठ २ मानव र वातावरण

### वातावरणको परिचय

वातावरण शब्द 'वात' र 'आवरण' दुईओटा शब्दबाट बनेको छ । जसमा वातको अर्थ वायु अथवा हावा र आवरणको अर्थ माथिबाट छोपेको वा ढाकेको भन्ने हुन्छ । वायु जहाँसम्म फैलन्छ, त्यहाँसम्मको सम्पूर्ण क्षेत्रलाई वातावरण भनिन्छ । जल, स्थल, वायुमण्डल र यससँग सम्बन्धीत सबै पक्षहरूको संयुक्त स्वरूपले वातावरणलाई जनाउँछ । उदाहरणका लागि मानिसको वरिपरि रहेका सम्पूण सजीव, निर्जीव, वस्तुहरू जस्तै: हावा, पानी, माटो, वनस्पति जीव, जीवाणु आदि जसले मानिसलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेका हुन्छन् । ती सबैलाई वातावरण भनिन्छ । अत: हाम्रा वरपर भएका मानव निर्मित तथा प्राकृतिक सबै पक्षलाई समष्टिगत रूपमा वातावरण भनिन्छ । जसअन्तर्गत सजीव, निर्जीव, दृश्य अदृश्य, ठोस, तरल, ग्याँस, छुन सकिने, छुन र देखन नसकिने, अुनभव गर्न सकिने र नसकिने आदि सबै वस्तुहरू पर्छन् ।

वातावरण प्राकृतिक र सांस्कृतिक गरी दुई प्रकारका हुन्छन् । प्रकृतिद्वारा निर्धारित वातावरणलाई प्राकृतिक वातावराण भनिन्छ । मानिसद्वारा निर्मित वातावरणलाई सांस्कृतिक वातावरण भनिन्छ । नदी, ताल, पहाड, माटो, खनिज आदि प्रकृतिक वातावरणका तत्त्वहरू हुन् । त्यसै गरी यातायात, सञ्चार, बस्ती, खोज, अनुसन्धान, धर्म, उद्योग व्यवसाय, आदि सांस्कृतिक वातावरणका तत्त्वहरू हुन् ।

### वातावरणको महत्त्व

हामीलाई चाहिने सम्पूर्ण स्रोत तथा सामग्रीहरू हाम्रो वरिपरिको वातावरणबाट नै प्राप्त हुन्छ । हाम्रा सम्पूर्ण आर्थिक क्रियाकलापहरू प्रकृति दोहन गरेर प्राप्त हुन्छ । हाम्रो वातावरणले हामीलाई प्राकृतिक आनन्द प्रदान गर्छ । मानवीय प्रजाति, हामीहरूले प्रयोग गर्ने सामग्री तथा हाम्रो अस्तित्व नै वातावरणमा गएर विलिन हुन्छ । वातावरणीय परिवर्तनका कारणले नै मानव जातिको अस्तित्व सम्भव भएको हो । मानिसका सबै प्रकारका आवश्यकताहरूको परिपूर्ति गर्ने स्रोत वातावरण हो । मानव जीवनका लागि आवश्यक प्राणवायु अक्सिजन, अन्न, लत्ता कपडा, औषधी आदि वातावरणबाटै प्राप्त हुन्छन् । वातावरणबिना मानव जीवनको परिकल्पना गर्न सकिँदैन ।

### मानिस र वातावरणबिचको सम्बन्ध

मानिस र वातावरणबिच घनिष्ठ सम्बन्ध छ । मानव वातावरणको एक महत्त्वपूर्ण तत्त्व हो । मानिस चेतनशील प्राणी भएकाले उसको क्रियाकलापले वातावरणमा प्रत्यक्ष असर पार्छ । त्यसै गरी वातावरणमा भएको सकारात्मक तथा नकारात्मक परिवर्तनले मानिसमा सोहीअनुसारको असर पार्छ । मानिसले सञ्चालन गर्ने कतिपय क्रियाकलापहरू वन विनाश गर्ने, कीटनाशक औषधीको प्रयोग गर्ने, जथाभाबी फोहोर गर्ने, जमिनमुनिको पानी, बालुवा, गिट्टीको अत्यधिक मात्रामा प्रयोग गर्ने आदिले वातावरणमा नकारात्मक प्रभाव पार्छ । जङ्गली जनावरको चोरी सिकारी गर्ने, डढेलो लगाउने जस्ता क्रियाकलापले पनि वातावरणमा प्रतिकूल असर पार्छ । मानवीय क्रियाकलापबाट वातावरणमा परेको नकारात्मक प्रभावको असरबाट विभिन्न प्राकृतिक

प्रकोप, बाढी, पहिरो, भूक्षय, भूकम्प, ज्वालामुखी विस्फोटन, तापक्रम वृद्धि हुन्छ । त्यसबाट विभिन्न प्रकारका रोगहरूको सिर्जना हुने र तीव्र रूपमा फैलन गई मानव स्वास्थ्यमा विभिन्न प्रकारका सङ्कट आइपर्छन् । मानिस र वातावरणबिचको सम्बन्धलाई निम्नानुसार वर्णन गर्न सकिन्छ :

१. वातावरणले मानिसको शारीरिक बनोट, स्वभाव, बौद्धिक तीक्ष्णता आदिमा प्रभाव पार्छ । बढी गर्मी हुने क्षेत्रमा मानिसमा अलस्यता बढी हुने र रोगव्याधिले आक्रमण गर्ने समस्या हुन्छ । मध्यम खालको हावापानी भएको क्षेत्रमा यस्तो समस्या कम हुन्छ । त्यसैले उष्ण हावापानी भएका क्षेत्रमा बस्ने मानिसभन्दा समशीतोष्ण क्षेत्रमा बस्ने मानिस तुलानात्मक रूपमा बढी जाँगरिला, फुर्तिला र कडा मिहिनेती देखिन्छन् । त्यसै गरी पर्वतीय क्षेत्रमा बसोबास गर्ने मानिस दिनहुँजसो उकालो ओराले गरिरहन पर्ने हुनाले जाँगरिला र फुर्तिला हुन्छन् ।

२. वातावरणले मानिसको शारीरिक बनोटमा प्रत्यक्ष प्रभाव पार्छ । सामान्यतया गर्मी ठाउँका मानिस रातो वर्णका हुनु र जाडो क्षेत्रका मानिस गोरो वर्णको हुनु पनि वातावरणको प्रभाव हो ।

३. मानिसले आफ्ना अनुभव, बौद्धिकता र सिपको प्रयोग गरी वातावरणमा थुप्रै परिवर्तन ल्याएको छ । विभिन्न नयाँ नयाँ आविष्कारहरू गरेको छ । नयाँ नयाँ बस्तीहरू बनेका छन् । प्रकृतिबाट प्राप्त स्रोतहरूको सही परिचालन गरी मानव समुदायमा वातावरणको महत्त्व अझ झन व्यापक बनाएको छ । त्यसै गरी पृथ्वीमा पाइने थुप्रै स्रोतसाधानको दोहन पनि गरेको छ । पहाडलाई काटेर समथर बनाई आवास क्षेत्रको निर्माण गरेको छ । कृषिलाई आधुनिकीकरण गर्ने क्रममा नाममा भूमिको अत्यधिक उपयोग गरी त्यसलाई विषाक्तसमेत बनाएको छ । अनियन्त्रित बसोबासका कारण वातावरणमा धेरै नकारात्मक प्रभाव पारेको छ । यसले गर्दा बाढी, पहिरो, आँधी हुरी, महामारी जस्ता प्राकृतिक विपत् आइलाग्न थालेको छ । यसबाट वातावरण र मानिसबिचको सम्बन्ध बिग्रेको पनि छ । अतः मानिस र वातावरणबिचको सम्बन्ध राम्रो हुँदा मानव जीवनमा सकारात्मक प्रभाव र सम्बन्ध बिग्रँदा नकारात्मक प्रभाव पर्छ । मानिस र वातावरणबिच घनिष्ठ सम्बन्ध हुन्छ । त्यसैले मानव र वातावरण एकअर्काका परिपूरक हुन् ।

## मानव र वातावरणबिचको सम्बन्धका बारेमा आएका विभिन्न विचारहरू

मानव र वातावरणबिच अन्योन्याश्रित सम्बन्ध रहेको छ भन्ने कुरामा कुनै दुईमत छैन तर यी दुईमा कुन बढी प्रभावकारी छ भन्ने कुरामा भने मतभदे पाइन्छ । वातावरणले मानिसका क्रियाकलापलाई कतिसम्म नियन्त्रणमा राख्छ भन्ने प्रश्नको उत्तर पाउन ज्यादै गाह्रो छ । यस सम्बन्धमा विभिन्न विचार आएका छन् । यसको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

१ **नियतिवाद वा वातावरणवाद** (Determinism or Environmentalism )

२. **सम्भववाद** (Possibilism)

३. **नव नियतिवाद** (Neo-determinism )

## १. नियतिवाद वा वातावरणवाद (Determinism or Environmentalism )

नियतिवाद वा वातावरणवाद भौतिक वातावरणलाई सर्वाधिक महत्त्व दिने विचारधारा हो । यस विचारधाराले मानिस प्रकृतिको दास हो । भौतिक वातावरण सर्वशक्तिमान छ । मानिस निष्क्रिय जीव भएकाले प्रकृतिको निर्देशन पालना गर्नपर्छ । मानिसको शरीर, क्रियाकलाप, आचारण, विचार, धर्म आदिमा प्रकृतिको गहिरो प्रभाव छ भन्ने कुरामा जोड दिन्छ । वास्तवमा भन्नुपर्दा यस दृष्टिकोणले मानिस उसको वातावरणको दास हो । "Man is the slave of his environment" भन्ने कुरामा जोड दिन्छ । वातावरणीय नियतिवादको सिद्धान्त जर्मन भूगोलवेत्ता फ्राइडरिच राटजेल (Friedrich Ratzel) र अमेरिकन भूगोलवेत्ता ई. सी. सेम्पल (Ellen C. Semple) ले प्रतिपादन गरेका हुन् । हिप्पोक्रेटस, हिरोडोटस र अरस्तु पनि यसै विचारधाराका हुन् ।

## २. सम्भववाद (Possibilism)

बिसौँ शताब्दीमा आएर नियतिवादको मान्यता कम हुन थाल्यो । भौतिक वातावरण नै सर्वशक्तिमान होइन भन्ने विचार आउन थाल्यो । जसको परिणाम स्वरूप सम्भववादको सिद्धान्त प्रचारमा आयो । यस सिद्धान्तको प्रवर्तकका रूपमा फ्रान्सका भूगोलवेत्ता भिडाल डे ला ब्लाचे (Vidal de la Blache) लाई मानिन्छ । ब्रुन्स (Bruhnes), बोमेन (Bowman), कार्ल सावर (CarlSaver) आदि विद्धानहरू यस सिद्धान्तका पक्षधर हुन् । यस विचारधाराले नियतिवादलाई थप स्पष्टता प्रदान गरेको छ । यस वातावरणको प्रभाव मानिसमा पर्ने कुरालाई स्वीकार्दै मानिस निष्क्रिय प्राणी होइन भन्ने कुरामा जोड दिन्छ । यसले मानिसले वातावरणसँग समायोजन हुनुपर्छ भन्ने कुरालाई जोड दिन्छ ।

## ३.. नव नियतिवाद (Neo-determinism )

नियतिवाद र सम्भववादको सिद्धान्तहरूको मिश्रण गरी आएको सिद्धान्तलाई नव नियतिवाद (Neo-determinism ) भनिन्छ । यस सिद्धान्तले मानिस र प्रकृति दुवै शक्तिको भूमिका र स्थान महत्त्वपूर्ण छ । मानिस र प्रकृति दुवै वातावरणको महत्त्वपूर्ण अङ्गहरू हुन् । यी शक्तिहरू परस्परमा प्रतिद्वन्द्वी नभएर सहयोगी हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ । यस विचारधाराका जन्मदाता Griffith Taylor हुन् । यस विचारधारालाई अगि बढाउन Karl Sawar, Hobertson, Roxby आदिले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

### क्रियाकलाप

१. मानव र वातावरणबिचको सम्बन्धमा आएका विचारहरूका बारेमा आफ्ना धारणा लेख्नुहोस् ।

२. कतिपय मानिस “वातावरण बिग्रिन्छ भनेर विकास नै नगर्ने त” भन्ने विचार राखी विकासका नाममा जथाभाबी वातावरणको ख्यालै नगरी विकास निर्माणका कामहरू गर्छन् । त्यस्ता व्यक्तिहरूलाई कसरी सम्झाउनुहुन्छ ? सबै प्रक्रियासमेत लेखी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) वातावरण भनेको के हो ?

(ख) प्राकृतिक वातावरणको परिभाषा लेख्नुहोस् ।

(ग) प्राकृतिक वातावरण र सांस्कृतिक वातावरणबिचको फरक एक वाक्यमा लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) प्राकृतिक वातावरण र मानिसको सम्बन्ध छोटकरीमा वर्णन गर्नुहोस् ।

(ख) वातावरण संरक्षण नगर्दा मानव जीवनमा पर्ने प्रभाव उल्लेख गर्नुहोस् ।

(ग) वातावरण र मानिसबिचको सम्बन्ध बिग्रदा आउने समस्या उल्लेख गर्नुहोस् ।

(घ) मानिस र वातावरणबिचको सम्बन्धका बारेमा नियतिवाद विचारधाराको विश्लेषण गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) वातावरण संरक्षण गर्दा हुने फाइदा र विनाश गर्दा आइपर्ने समस्याहरूलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

(ख) तपाईंको समुदायमा वातावरणको संरक्षणमा गरिएका प्रयासहरू र त्यसको प्रभावका बारेमा छोटकरीमा लेख्नुहोस् ।

## परियोजना कार्य

समुदायमा आफैँ सक्रिय रूपमा सहभागी भई वातावरण संरक्षणका लागि केही काम गर्नुहोस् । तपाईंले काम गर्दा आएका समस्या, तिनको समाधानमा तपाईंले चालेको कदम र त्यसको प्रभाव समेत समेटी एक अध्ययन प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ३

# भौगोलिक विविधताले समाजमा पारेको प्रभावहरू

विश्व भौगोलिक विविधताले भरिएको छ । धरातलीय स्वरूपका आधारमा विश्वमा मैदानी क्षेत्र, उच्च पर्वतीय क्षेत्र, पर्वतीय क्षेत्र, उच्च समस्थलीहरू र हिउँले ढाकिएका क्षेत्रहरू रहेको देखिन्छ । यहाँको हावापानीको अवस्थालाई हेर्ने हो भने कुनै ठाउँमा वर्षभरि नै पानी पर्छ भने कुनै ठाउँ वर्षभरि नै सुक्खा रहन्छ । विश्वका विभिन्न क्षेत्रमा विशाल पर्वतीय शृङ्खलाहरू रहेका छन् । एसियाको हिमालय पर्वत श्रेणी, युरोपको एटलस पर्वत श्रेणी, युराल पर्वत श्रेणी, उत्तर अमेरिकाको रकी पर्वत श्रेणीलगायत विश्वमा अन्य ससाना पर्वत श्रेणीहरू पनि रहेका छन् । पर्वतीय क्षेत्रमा जनजीवन कठिन हुन्छ । मैदानी क्षेत्रमा जनजीवन सहज हुनुका साथै खेतीपाती, उद्योग, व्यापारलगायतका आर्थिक क्रियाकलापहरू सञ्चालन गर्न सहज हुन्छ ।

उत्तरी क्यानडा र उत्तरी साइबेरियाको चिसो क्षेत्रमा एस्किमो र इन्युट जातिका मानिस बसोबास गर्छन् । उनीहरू हिउँका ढिकाबाट घर बनाएर पनि बस्छन् । यस्तो घरलाई इग्लु भनिन्छ । यहाँ पाइने पेन्गुइन, सिल माछा, हिउँ भालुलगायतका चरा तथा जनावरहरू सिकार गरेर त्यसैका छालाहरूबाट बनेका न्यानो लुगा लगाएर बस्छन् । विश्वमा समशीतोष्ण हावापानीको क्षेत्रमा न्यानो हावापानी पाइने हुँदा जनसङ्ख्याको चाप पनि उच्च रहेको छ । यस क्षेत्रमा ठुला सहरहरू रहेका छन् भने औद्योगिक र व्यापारिक दृष्टिबाट पनि समशीतोष्ण क्षेत्र निकै अगाडि छ । विश्वमा त्यस्ता ठाउँहरू पनि छन् जहाँ वर्षैभरि गर्मी र वर्षा हुने गर्छ । दक्षिण पूर्वी एसियाको क्षेत्र, मध्य अमेरिकी देशहरू, दक्षिण अमेरिकाको उत्तरी क्षेत्र, अफ्रिकाको मध्य भागलगायतका ठाउँहरूमा वर्षैभरि पानी पर्ने भएकाले ती ठाउँमा घना जङ्गलहरू पाइन्छन् । ती ठाउँमा मानिसहरू पशुपालन गर्ने, सिकार खेल्ने व्यवसाय गरेर कठिन जीवन बाँचिरहेका छन् ।

यसरी हेर्दा विश्वमा फरक फरक हावापानीमा फरक फरक जनजीवन भएका क्षेत्रहरू पाइन्छन् । विश्वलाई विभिन्न भौगोलिक र धरातलीय स्वरूपका आधारमा विभाजन गरी मानव व्यवहारको अध्ययन गर्ने गरिन्छ । यहाँ भौगोलिक विविधताले समाजमा पार्ने असरलाई निम्न बुँदामा प्रस्ट्याउने प्रयास गरिएको छ :

### भौगोलिक विविधताले अर्थतन्त्रमा पार्ने असर



भौगोलिक विविधताले अर्थतन्त्रमा प्रत्यक्ष असर पार्छ । मानिसले भौगोलिक अवस्थाअनुसार आर्थिक क्रियाकलाप गरेको हुन्छ । ओसिलो हावापानी र मलिलो माटो भएका .क्षेत्रहरूमा कृषि उत्पादन राम्रो हुन्छ । यस्ता ठाउँहरूमा मानिसले खेतीपातीको काम गर्छन् । हिमाली र पहाडी क्षेत्रमा भन्दा तराईमा कृषि उत्पादन बढी हुनुका कारण भौगोलिक विविधताले गर्दा हो । नदी किनार र समुद्री किनारमा बसोबास गर्ने मानिस माछापालन र व्यापार व्यवसायमा संलग्न भएको हुन्छ । भौगोलिक हिसाबले

विकट क्षेत्रमा विभिन्न खालका विकास निर्माणका कार्यहरू गर्न अप्ठ्यारो पर्ने हुनाले सुगम ठाउँमा भन्दा कम विकास हुन्छ । उद्योगधन्दाका लागि यातायात, सञ्चार, विद्युत्‌लगायतका पूर्वाधारहरूको विस्तार हुन जरुरी छ । यसका लागि भौगोलिक अवस्था राम्रो हुनुपर्छ ।

### भौगोलिक विविधताले जीविकोपार्जनमा पार्ने असर

मानिस र वातावरणबिच गहिरो सम्बन्ध छ । मानिसले भौगोलिक वातावरणको अवस्थाअनुसार विभिन्न खालका जीवनशैली अपनाएका हुन्छन् । समथर जमिन, मलिलो माटो, नदी तथा समुद्र किनारमा जीविकोपार्जनका लागि धेरै अवसर प्राप्त हुन्छ । विभिन्न खालका व्यवसायहरू सञ्चालन गर्न सक्छन् । भौगोलिक वातावरण उपयुक्त नभएका क्षेत्रमा मानिसको जनजीवन कठिन खालको हुन्छ । पहाडी क्षेत्रका मानिस सधैँ उकालो ओरालो गरी जीविका चलाउनुपर्छ भने मैदानमा बसोबास गर्ने मानिसका लागि जीविकोपार्जनका लागि सहज हुन्छ ।

### भौगोलिक विविधताले क्षेत्रीय र प्रादेशिक अन्तरसम्बन्धमा पार्ने असर

भौगोलिक विविधताका कारणले विभिन्न प्रदेश एकअर्कामा निर्भर छन् जस्तै: तराई प्रदेश समथर र मलिलो माटो भएका कारण धेरै अन्नबालीहरू उत्पादन हुन्छन् । त्यसैको अनुपातमा हिमाल र पहाडमा कृषि उत्पादन कम हुन्छ । त्यसका लागि हिमाल र पहाडी प्रदेशका मानिसले तराई प्रदेशबाट अन्न आयात गर्छन् । त्यसै गरी हिमाली प्रदेश पशुपालन, जडीबुटीका, चिसो प्रदेशमा फल्ने फलफूलका लागि उपयुक्त छ । पहाडी प्रदेशले हिमाल र तराईलाई जोड्न सहजता प्रदान गर्न सक्छ । नेपालको भौगोलिक विविधताका कारण यहाँका सबै प्रदेशहरू एकअर्कामा अन्तरनिर्भरता भएकाले यिनीहरूबिचको सम्बन्ध राम्रो हुन जरुरी छ । अन्यथा यी प्रदेशहरूको सन्तुलित विकासमा असर पर्छ ।

### भौगोलिक विविधताले पहुँच र सहजतामा पार्ने असर

भौगोलिक विविधताले पहुँच र सहजतामा प्रत्यक्ष प्रभाव पारको हुन्छ । विश्वमा कुनै ठाउँ मैदानी छन् भने कुनै ठाउँ पहाडी छन् । कुनै ठाउँ समुद्रको नजिक छन् भने कुनै समुद्रदेखि टाढा छ । यस्तै भौगोलिक विविधताका कारण कुनै ठाउँमा विकास निर्माणको काम सरल र सहज ढङ्गले हुन सकेको छ भने कुनै ठाउँमा विकास निर्माणका काममा अप्ठ्यारो छ । त्यसैले हाम्रा हिमाली भेगका अधिकांश ठाउँहरू तराई र पहाडका भन्दा विकट छन् । यहाँ यातायात, स्वास्थ्य, शिक्षा र सञ्चारको विकास हुन सकेको छैन । यहाँ जस्तै भौगोलिक विविधताले विश्वका अधिकांश ठाउँहरूको पहुँच र सहजतामा प्रत्यक्ष असर पारेको छ ।

### भौगोलिक विविधताले पर्यटनमा पार्ने असर



भौगोलिक विविधताले पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्छ । भौगोलिक विविधताका कारण कुनै ठाउँमा प्राकृतिक सुन्दरताले भरिपूर्ण छ भने कुनै ठाउँमा त्यस्तो सुन्दरता छैन । प्राकृतिक रूपमा सम्पन्न भए तापनि भौगोलिक विकटताका कारण पर्यटन व्यवसायको विकास हुन सक्दैन । नेपालको अधिकांश ठाउँहरू पर्यटकीय दृष्टिकोणले अति सुन्दर छ ।

त्यसैले विभिन्न क्षेत्रबाट पर्यटकहरू यहाँ घुम्न आउँछन् । त्यसै गरी नेपालका धेरै पर्यटकीय क्षेत्रहरूमा भौगोलिक विकटताका कारण पर्यटन व्यवसाय फस्टाउन सकेको छैन, जस्तै : रारा तालमा भौगोलिक विकटताका कारण पर्यटन व्यवसाय फस्टाउन सकेको छैन ।

## क्रियाकलाप

१. मानव जीवनको विविध पक्षमा भौगोलिक विविधताको असरबारे बुँदा टिपोट गरी तलको तालिकामा भर्नुहोस् ।

| भौगोलिक विविधताले पारेको असर | | | | |
|---|---|---|---|---|
| अर्थतन्त्रमा | पर्यटन क्षेत्रमा | जीविकोपार्जनमा | क्षेत्रीय र प्रादेशिक अन्तरसम्बन्धमा | पहुँच र सहजतामा |
| | | | | |

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) भौगोलिक विविधता भनेको के हो ?

(ख) विश्वमा भौगोलिक विविधता किन भएको हो ? आफ्नो तर्क एक वाक्यमा दिनुहोस् ।

(ग) भौगोलिक विविधताले तपाईंको जीवनमा पारेको प्रभाव एक वा दुई वाक्यमा लेख्नुहोस् ।

(घ) तपाईं कुन भौगोलिक प्रदेशमा बस्नुहुन्छ ? यहाँको कुनै दुई मुख्य आर्थिक क्रियाकलाप उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) भौगोलिक विविधताले नेपालको कृषि क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्नुहोस् ।

(ख) नेपालीहरूको जनजीवनमा भौगोलिक विविधताको प्रभाव कस्तो छ, उल्लेख गर्नुहोस् ।

(ग) हिमाली र पहाडी क्षेत्रका मनिस किन तराई र बेँसीतर्फ झरिरहेका हुन् ? तर्क दिनुहोस् ।

(घ) नेपालको प्रादेशिक तथा क्षेत्रीय अन्तरसम्बन्धमा भौगोलिक विविधताको प्रभाव उल्लेख गर्नुहोस् ।

**लामो उत्तर आउने प्रश्नहरू**

(क) विश्वमा एकै प्रकारको जनजीवन नहुनुका कारणहरूको खोजी गरी विश्लेषण गर्नुहोस् ।

(ख) नेपालको पर्यटकीय विकासमा भौगोलिक विविधताको प्रभावका बारेमा विश्लेषण गरी एक अनुच्छेद लेख्नुहोस् ।

## सामुदायिक कार्य

तपाईंको समुदायको अर्थतन्त्र तथा जीविकोपार्जनको अवस्थाका बारेमा समुदायका मानिससँग छलफल गर्नुहोस् । छलफलका क्रममा त्यो अवस्था हुनुमा भौगोलिक कारण के के जिम्मेवार होलान् खोजी गर्नुहोस् र अध्ययनका आधारमा प्रतिवेदन तयार पार्नुहोस् ।

## पाठ ४ नेपालका पर्यावरणीय क्षेत्रहरूका विविध आयाम र तिनका विशेषताहरू

नेपाल मध्य एसियामा रहेको हिमालयको काखमा अवस्थित एक भूपरिवेष्टित राष्ट्र हो । भूबनोटका आधारमा नेपाललाई हिमाली, पहाडी र तराई प्रदेश गरी तीन पर्यावरणीय प्रदेशमा विभाजन गरिएको छ । नेपालको दक्षिणमा होचो तराई प्रदेश र उत्तरमा अग्ला हिमालय पर्वतहरू रहेको हिमाली प्रदेश रहेको छ । बिचमा पहाडी प्रदेश रहेको छ । यी तीनओटै प्रदेशहरू पूर्वदेखि पश्चिमसम्म फैलिएका छन् । नेपालको धरातल दक्षिणबाट उत्तरतर्फ अग्लो हुँदै गएको छ । यी पर्यावरणीय क्षेत्रका आयाम र विशेषताहरू यस प्रकार छन् :

| | | पर्यावरणीय क्षेत्रहरू | | |
|---|---|---|---|---|
| | | तराई | पहाड | हिमाल |
| आयामहरू तथा विशेषताहरू | भौगोलिक | • समुद्र सतहबाट ५९ देखि ६०० मिटरसम्म रहेको छ ।<br>• नदीले बगाएर ल्याई थुपारेको मलिलो पाँगो माटोबाट बनेको छ ।<br>• यहाँका अधिकांश भूभाग समथर छ ।<br>• यसले नेपालको १७ प्रतिशत भूभाग ओगटेको छ । | • यो प्रदेश समुद्र सतहबाट ६०० मिटरदेखि २३०० मिटरसम्मको उचाइमा फैलिएको छ ।<br>• तराई प्रदेशदेखि उत्तर र हिमालय पर्वत श्रेणीदेखि दक्षिणमा फैलिएको छ ।<br>• यहाँ पहाड, उपत्यका र बेँसीहरू रहेका छन् । यसका बिच बिचमा नदी, बेँसी, उपत्यकाहरू रहेका छन् ।<br>• नेपालको ६८ प्रतिशत भूभाग यहाँ पर्छ । | • हिमाली प्रदेश नेपालको उत्तरी क्षेत्रमा रहेको छ । यो क्षेत्र ३३०० मिटरदेखि माथिको भूभाग पर्छ ।<br>• हिमाली प्रदेशलाई मुख्य हिमाली र भित्री हिमाली गरी दुई उपक्षेत्रमा विभाजन गर्न सकिन्छ ।<br>• यस प्रदेशले नेपालको १५ प्रतिशत भूभाग |

| | | | | |
|---|---|---|---|---|
| | | | | ओगटेको छ । |
| | जनसाङ्ख्यिक | • जनसङ्ख्या तीव्र गतिमा बढेकको छ ।<br>• जनगणना २०७८ का अनुसार यस क्षेत्रको जनसङ्ख्या १,५६,३४,००६ छ । यो कुल जनसङ्ख्याको ५३.६१ प्रतिशत हो । | • जनगणना २०७८ का अनुसार यस क्षेत्रको जनसङ्ख्या १,१७,५७,६२४ छ । यो कुल जनसङ्ख्याको ४०.३१ प्रतिशत हो । | • जनगणना २०७८ का अनुसार यस क्षेत्रको जनसङ्ख्या १७,७२,९४८ छ । यो कुल जनसङ्ख्याक ो ६.०८ प्रतिशत हो । |
| | आर्थिक | • यस प्रदेशका मानिस कृषि, उद्योग, व्यापार आदि पेसामा संलग्न छन् ।<br>• विराटनगर, लाहान, जनकपुर, वीरगन्ज, भैरहवा, बुटवल, धनगढी नेपालगन्ज यहाँका औद्योगिक तथा व्यापारिक सहरहरू हुन् । | • यस प्रदेशका मानिसको मुख्य व्यवसाय कृषि, उद्योग, व्यवसाय र सेवा हो ।<br>• यस प्रदेशमा काठमाडौँ, पोखरा, धनकुटा,सुर्खेत, दिपायल, डडेलधुरा, गोर्खालगायतका सहर रहेका छन् | • यहाँका मानिसको मुख्य व्यवसाय पशुपालन हो । यहाँ भेडा, च्याङ्ग्रा र चौँरीपालन गरिन्छ ।<br>• यहाँका मानिस पर्यटन व्यवसायमा पनि संलग्न छन् । |
| | सामाजिक तथा सांस्कृतिक | • ब्राह्मण, राजवंशी, यादव, मुसलमान, थारू, | • पूर्वमा राई, लिम्बू, मध्य भागमा तामाङ, नेवार, गुरुङ | • हिमाली प्रदेशमा पूर्वतर्फ शेर्पा |

| | | | | |
|---|---|---|---|---|
| | | मधेसी आदिको बाहुलता रहेको छ ।<br>● पहाडी मूलका ब्राह्मण, क्षत्री, राई, गुरुङ, तामाङ, मगर आदिको पनि बसोबास रहेको छ ।<br>● यहाँ बराह क्षेत्र, जानकी मन्दिर, गढीमाइ, लुम्बिनी, बगेश्वरी मन्दिरलगायतका धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् । यहाँ दसैँ, तिहार, होली, छठ, माघी, इद आदि पर्व मनाइन्छ । | पश्चिममा मगर तथा पूर्वदेखि पश्चिमसम्म बाहुन, क्षत्रीहरू छरिएर रहेका छन् ।<br>● यहाँ दसैँ, तिहार, शिवरात्रि, उँधौली, उँभौली, ल्होसार आदि पर्वहरू मनाइन्छ ।<br>● यहाँ पशुपतिनाथ, बौद्धनाथ, हलेसी महादेव, विन्ध्यवासिनी मन्दिर, देवघाटलगायतका धार्मिक स्थलहरू रहेका छन् । | जातिको बसोबास छ भने मध्य भाग र पश्चिममा शेर्पा थकाली, गुरुङ, डोल्पो, मुगाली, ठकुरी जातिहरूको बसोबास छ ।<br>● हिमाली प्रदेशम ल्होसार, मनिरिम्दु, बुद्ध जयन्ती, दसैँ, तिहारलगायतका चाडपर्व मनाइन्छ । |

## क्रियाकलाप

१. पाठमा दिइएको तीनओटा प्रदेशको जनसङ्ख्यालाई वृत्तचित्रमा प्रस्तुत गर्नुहोस् ।

२. नेपालको तीनओटा भौगोलिक प्रदेशको विशेषता समेटी स्लाइड सो तयार गरी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालको सबैभन्दा होचो र सबैभन्दा अग्लो ठाउँको नाम लेख्नुहोस् ।

(ख) नेपालको सबैभन्दा बढी भूभाग कुन प्रदेशले ओगटेको छ ? यसले देशको कति प्रतिशत भूभाग ओगटेको छ ? लेख्नुहोस् ।

(ग) तपाईं कुन प्रदेशमा बस्नुहुन्छ ? आफ्नो प्रदेशको कुल जनसङ्ख्या लेख्नुहोस् ।

(घ) पहाडी प्रदेशका कुनै दुई धार्मिक स्थलहरूका नाम लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालको हिमाली प्रदेश र पहाडी प्रदेशको तुलना गर्नुहोस् ।

(ख) पहाडी प्रदेश र तराई प्रदेशबिचको भौगोलिक अवस्थाको आधारमा तुलना गर्नुहोस् ।

(ग) तराई प्रदेशलाई किन देशको अन्नको भण्डार भनिन्छ ? कारणसहित वर्णन गर्नुहोस् ।

(घ) हिमाली प्रदेशका व्यक्तिहरूका जीविकोपार्जनका स्रोतहरू के के हुन् ? यहाँको मानिसको जीवन स्तरलाई उकास्न के गर्नुपर्ला ? सुझाव दिनुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालका भौगोलिक प्रदेशहरूको भौगोलिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विशेषता तालिकामा प्रस्तुत गर्नुहोस् ।

(ख) नेपालको तीनओटै प्रदेशको भौगोलिक अवस्थाका बारेमा आफूले जानेको कुराहरू उल्लेख गरी साथीलाई चिठी लेख्नुहोस् ।

### सामुदायिक कार्य

तपाईंको समुदायका मानिससँग त्यहाँको जनजीवनका बारेमा छलफल गर्नुहोस् । छलफलमा आएका जिज्ञासा र त्यसका उत्तरहरू सङ्कलन गर्नुहोस् । त्यसैका आधारमा एक प्रतिवेदन तयार पार्नुहोस् ।

# एकाइ ६ विश्वको इतिहास


सिकाइ उपलब्धि


१. विश्व इतिहास लेखनको सुरुआती अवस्थाको वर्णन गर्न

२. मध्यकालीन एसियाको आर्थिक उदय र त्यसपछिको आर्थिक सङ्कुचनको व्याख्या गर्न

३. औद्योगिक क्रान्तिको परिचय दिई यसका कारण र प्रभावको विश्लेषण गर्न

४. विश्वमा लोकतन्त्रको उदय र त्यसले विकासमा पारेको प्रभावको व्याख्या गर्न





# पाठ १ विश्वको इतिहासको लेखन र मूल प्रवृत्ति



रोनिश खुला विद्यालयमा कक्षा ११ मा अध्ययन गर्छन् । उनी आफ्नो कोठामा बसेर सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषय अध्ययन गरिहेका थिए । त्यसै क्रममा उनको मामा आइपुग्नु हुन्छ । रोनिशका मामा पनि शिक्षक नै हुनुहुन्छ । रोनिश र उनको मामाबिचको कुराकानी हामी पनि सुनौँ है त ।


मामा : रोनिश के गरेर बसिरहेका छौ कोठामा ?

रोनिश : म त झसङ्ग पो भएँ त, नमस्कार ! मामा । कति वेला आउनुभयो ? सन्चै हुनुहुन्छ ?

मामा : म आएको आधा घण्टा जति भयो । तिमीलाई नदेखेर खोज्दै आएको नि । सन्चै छु मत । अनि भान्जा, एक्लै कोठामा बसेर के गरिरहेका छौ ?

रोनिश : मामा यो विश्वको इतिहासको लेखन र मूल प्रवृत्ति भन्ने पाठ पढ्न लागेको बुझ्नै कति गाह्रो । दिन दिनै विद्यालय गएर पढ्ने भए पो शिक्षकले बुझाइदिनु हुन्थ्यो । आफैँ पढ्दा मलाई त अप्ठ्यारो महसुस भइरहेको छ ।

मामा : म बुझाइदिन्छु । विश्व इतिहास लेखनको सुरुआत प्राचीन युरोपको ग्रीसबाट भएको मानिन्छ । सुरु सुरुमा अहिले जस्तो इतिहास लिखित रूपमा हुँदैनथ्यो । मौखिक रूपमा मात्र हुन्थ्यो । विभिन्न कथा, गीत, र कवितामार्फत इतिहासका घटना सुनाउने गरिन्थ्यो । यसरी नै एक पुस्ताबाट अर्को पुस्तासम्म इतिहासको बारेमा बताउँदा बताउँदै विस्तारै सबैलाई इतिहासका बारेमा जानकारी भएको पाइन्छ ।



रोनिश : ए मामा ! त्यस्तो मौखिक रूपमा भनेर पनि इतिहासको जानकारी भएको रहेछ है ? अनि सबैभन्दा पहिले इतिहास लेख्ने काम चाहिँ कसले गरेका हुन् नि ?

मामा : प्राचीन ग्रिसका हेरोडोट्सले ४२५ इसापूर्वमा खोज र अनुसन्धानका आधारमा पहिलो पटक इतिहास लेखन कार्यको सुरुआत गरेका थिए । त्यसैले हेरोडोट्सलाई इतिहासका पिता भनेर चिनिन्छ । यिनले लेखेको पुस्तकलाई हिस्टोरिया भनिन्थ्यो ।

युनानमा हिस्टोरियाको अर्थ सत्यका निम्ति गरिने खोज हो । यिनी जीवनभर सत्यको खोजिमा लागेका थिए भनिन्छ । रोमन राजनीतिज्ञ मार्केस टुल्टिस सिसेरोले हेरोडोट्सलाई इतिहासका पिताका रूपमा सम्मानित गर्ने काम गरेका थिए ।

रोनिश : यहाँ पाठ्यपुस्तकमा त पर्सियन वार पुस्तकका बारेमा पनि कुरा गरिएको छ त मामा, यो के भन्न खोजेको हो नि ?

मामा : जब हेरोडोट्सले इतिहास लेखन कार्यको सुरआत गरे । त्यसपछि उनी इतिहासको खोजी र लेखनका लागि भूमध्यसागरदेखि मिश्र, पर्सिया र युनानका विभिन्न स्थानहरूको भ्रमण गरेका थिए । त्यसबखत पर्सियन (इरान) साम्राज्य पश्चिममा युनान र पूर्वमा सिन्धुघाँटीसम्म फैलिएको थियो । ती ठाउँहरूका संस्कृतिको गहन रूपमा अध्ययन र अनुसन्धान गरे । त्यसकालको इतिहासमा वीर योद्धा, शासक वर्ग, शासक वर्गको वंश, दैवीय शक्ति, धर्म र संस्कृति आदिको चर्चा गरिन्थ्यो । यिनै कुराहरूलाई समेटेर हेरोडोट्सले ई.पू. ४३० मा प्राचीन युनानी भाषा आयोनिकमा पर्सियन वार (युद्ध) नामको पुस्तक लेखे । उक्त पुस्तकमा पर्सियाका राजा डारियसले युनानको एथेन्स र डोसिया राज्यलाई दण्ड दिन गरिएको युद्धको विस्तृत रूपमा वर्णन गरेर लेखिएको थियो । उक्त युद्धमा एथेन्सले पर्सियालाई हराएको भनी उल्लेख गरिएको थियो ।

रोनिश : मामा यि थ्युसिडाइसिस चाहिँ को हुन् नि ?

मामा : थ्युसिडाइसिस पनि हेरोडोट्सका समकक्षी थिए । थ्युसिडाइसिसले इतिहासमा निगमनात्मक पद्धतिलाई जन्म दिएका थिए । यिनले एथेन्स र स्पार्टाबिचको युद्धका बारेमा इतिहासको लेखन गरेका थिए । ई.पू. ४३१ देखि ४०४ सम्म युनानका दुई राज्यहरू एथेन्स र स्पार्टाका बिचमा युद्ध भएको थियो । यस युद्धमा स्पार्टा बिजयी भएको थियो भन्ने कुरा पनि उनले इतिहासमा लेखेका थिए । जसमा उनले हरेक घटना घट्नमा दैवी शक्तिको हात हुँदैन । कुनै विशेष कारणबाट घटनाको जन्म हुन्छ र त्यसबाट केही परिणाम बाहिर निस्कन्छ भनी प्रमाणित गरेर देखाएका थिए । त्यसैले थ्युसिडाइसिसलाई वैज्ञानिक इतिहासका पिता भनिन्छ । थ्युसिडाइसिसका उत्तराधिकारी जेनोफोन हुन् । यिनले आत्मवृत्तान्त लेखनलाई अगि सारेका थिए । त्यस्तै स्ट्राबो अर्का ग्रिक इतिहासकार हुन् । यिनले इतिहासमा भूगोललाई समावेश गरेका थिए । उनले भूगोल र जनसङ्ख्यालाई समेत समावेश गरेर विवरणात्मक इतिहासको लेखन गरेका थिए ।

रोनिश : मामा यसो बुझ्दा त इतिहास लेखन कार्य पनि समयअनुसार परिवर्तन हुँदै गएको रहेछ है ?

मामा : हो नि भान्जा युनानबाट सुरु भएको इतिहास लेखन कार्य त्यति वेला वैज्ञानिक र तथ्यपरकभन्दा पनि दैवी शक्तिमा त्यो पनि परम्परागत र रुढीवादी मान्यतामा आधारित

थियो । थ्युसिडाइसिसले तथ्य र प्रमाणका आधारमा इतिहास लेखन कार्यको सुरुआत गरे । चौधौँ शताब्दीतिर पुर्नजागरण र धर्म सुधार आन्दोलनपश्चात् विज्ञान, कला र साहित्यमा धेरै प्रगति भएपश्चात् वैज्ञानिक इतिहास लेखनको सुरुआत भएको पाइन्छ । अठारौँ शताब्दीमा जब युरोपमा औद्योगिक क्रान्ति, त्यस्तै अमेरिकी स्वतन्त्रता सङ्ग्राम, साम्राज्यवाद, विश्वव्यापीकरण आदिको विकास हुँदै जाँदा इतिहास लेखन कार्यमा पनि विकास भएर एउटा छुट्टै स्वतन्त्र विधाका रूपमा स्थापित भएको पाइन्छ ।

रोनिश : मामा इतिहास लेखनको प्रवृत्ति भनेको के हो नि ?

मामा : इतिहास कसरी, कुन ढाँचा वा शैलीबाट लेखिएको छ भन्नु नै इतिहास लेखनको मूल प्रवृत्ति हो । अगि हामीले छलफल गरेका थियौँ नि । हेरोडोट्सले मौखिक वा कथावाचन पद्धतिलाई अनुसरण गरेर इतिहास लेखन कार्य गरेका थिए । त्यस्तै थ्युसिडाइसिसले तथ्य तथा प्रमाणहरूका आधारमा इतिहास लेखन कार्य गरेका थिए । हो तिनीहरू नै इतिहास लेखनका मूल प्रवृत्तिहरू हुन् ।

रोनिश : मामा इतिहास लेखनका मूल प्रवृत्तिहरू कति प्रकारका छन् नि ?

मामा : इतिहास लेखन प्रवृत्तिलाई सामान्यतया पाँच भागमा विभाजन गरेर अध्ययन गर्दा बुझ्न सजिलो हुन्छ ।

रोनिश : तिनीहरू के के हुन् नि मामा ?

मामा : म क्रमैसँग भन्छु सुन है त ?

सबैभन्दा पहिले मौखिक लेखन प्रवृत्तिको सुरुआत भएको पाइन्छ । यस प्रवृत्तिलाई इतिहास लेखनमा सबैभन्दा पहिलो प्रवृत्ति मानिन्छ । मौखिक लेखन प्रवृत्तिको सुरुआत इतिहासका पिता हेरोडोट्सले नै गरेका थिए । यसअन्तर्गत विगतका घटनाक्रमहरूलाई क्रमबद्ध रूपमा र मौखिक इतिहासलाई कथात्मक इतिहासका रूपमा लेखन गरिन्छ ।

रोनिश : अनि अर्को कुन हो नि मामा ?

मामा : ल सुन है त, अर्को हो पूर्ववर्ती प्रवृत्ति । इतिहास लेखनको पूर्ववर्ती प्रवृत्तिलाई घटना विवरणको प्रवृत्तिका रूपमा अध्ययन र व्याख्या गर्ने गरिन्छ । यस प्रकारबाट इतिहास लेखन गर्दा कुनै एक व्यक्ति, वस्तु वा वंशका हरेक घटनालाई तिथिमितिका आधारमा टिपोट गर्ने र प्रस्तुत गर्ने काम गरिन्छ । योद्धा तथा राजा महाराजाहरूको जीवनीमा आधारित घटनाहरूको सङ्कलनलाई इतिहास लेखनको पूर्ववर्ती प्रवृत्ति भनिन्छ । त्यस्तै गरी अर्को रहेको छ विश्लेषणात्मक प्रवृत्ति । कुनै पनि व्यक्ति वा विषयवस्तुको सकारात्मक वा नकारात्मक पक्षहरूको अध्ययन गरी विचार प्रस्तुत गर्नु नै विश्लेषण हो । इतिहास लेखनको यो प्रवृत्तिमा इतिहासकारहरूले प्राप्त गरेका विभिन्न तथ्य तथ्यांकहरूको वैधता अध्ययन गर्छन् । त्यसपछि उक्त घटना वा तथ्य जहिलेसम्म र जसरी विकसित हुँदै जान्छ तबसम्म त्यसको अध्ययन र विश्लेषण गर्दै इतिहास लेखन गरिन्छ । यस प्रवृत्तिलाई नै इतिहास लेखनको विश्लेषणात्मक प्रवृत्ति भनिन्छ ।

रोनिश : यीबाहेक इतिहास लेखनका अरू दुईओटा प्रवृत्ति पनि छन् है मामा ?

मामा : हो नि, म भन्दै छु तिनिहरूका बारेमा पनि । अर्को हो प्रबन्धात्मक इतिहास लेखन प्रवृत्ति । यस प्रवृत्तिअन्तर्गत विगतका घटना वा विषयवस्तुलाई इतिहासकारको धारणा मिसाएर विशेष लेखका रूपमा प्रस्तुत गरिन्छ । यस प्रवृत्तिबाट लेखिएको इतिहासलाई पाठक वर्गले इतिहासकारकै धारणाअनुसार बुझ्ने गर्दछन् । यो प्रवृत्ति विश्वभर प्रचलित प्रवृत्ति हो । इतिहास लेखनको अर्को पाँचौँ प्रवृत्ति रहेको छ वैज्ञानिक प्रवृत्ति । यस प्रवृत्तिको सुरुआत थ्युसिडाइसिसले गरेको भनिए तापनि पछि १९ औँ शताब्दीमा जर्मन इतिहासकार नैबुर र राँकेले अझ विस्तार गरेको पाइन्छ । यस प्रवृत्तिमा कुनै पनि घटनामा तथ्य तथा प्रमाणहरू खोजी गरी तिनै तथ्य वा प्रमाणहरूका आधारमा विषयवस्तुको व्याख्या विश्लेषण गर्दै इतिहास लेख्ने काम गरिन्छ ।

रोनिश : मामा हजुरलाई धेरै धेरै धन्यवाद । विश्वको इतिहासको लेखन र मूल प्रवृत्तिका सम्बन्धमा सरल तरिकाले व्याख्या गरेर साह्रै राम्रोसँग बुझाइदिनु भयो ।

मामा : ल मलाई पनि धन्यवाद भन्नुपर्छ र ? आखिर म शिक्षक नै हुँ । हरेक विद्यार्थीलाई आफूले जानेको ज्ञान बाँड्नु मेरो कर्तव्य हो ।

### क्रियाकलाप

१. तपाईँका विचारमा नेपालको इतिहास लेखन कार्य भर्खरै हामीले पाठ्यपुस्तकमा अध्ययन गरेका इतिहास लेखन प्रवृत्ति मध्य कुन कुन प्रवृत्तिबाट लेखिएको होला उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

२. तपाईँले नेपालको इतिहास लेखन कार्य गर्ने जिम्मा पाउनु भयो भने कुन प्रवृत्तिको प्रयोग गर्नुहुन्छ ? कुनै एउटा घटनाको उदाहरण दिएर लेख्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) इतिहास भनेको के हो ?

(ख) इतिहासका पिता भनेर कसलाई भनिन्छ ?

(ग) वैज्ञानिक इतिहासका पिता को हुन् ? र उनलाई किन वैज्ञानिक इतिहासका पिता भनिएको हो ?

(घ) तथ्य र प्रमाणहरूका आधारमा इतिहास लेख्ने प्रवृत्तिलाई इतिहास लेखनको कुन प्रवृत्ति भनिन्छ ?

(ङ) इतिहासको अध्ययन किन महत्त्वपूर्ण छ ?

नमुना उत्तर

(घ) तथ्य र प्रमाणहरूका आधारमा इतिहास लेख्ने प्रवृत्तिलाई इतिहास लेखनको कुन प्रवृत्ति भनिन्छ ?

*उत्तर :* तथ्य र प्रमाणहरूका आधारमा इतिहास लेख्ने प्रवृत्तिलाई विश्लेषणत्मक इतिहास लेखन प्रवृत्ति भनिन्छ ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) इतिहास कसरी लेखिन्छ, चर्चा गर्नुहोस् ।

(ख) विश्वको इतिहास लेखन कार्यको मूल प्रवृत्तिहरूका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।

(ग) इतिहास लेखनको सुरुआत कहिलेदेखि भयो ? कुन कुन इतिहासकारहरूले कसरी इतिहासको लेखन गरे सङ्क्षेपमा चर्चा गर्नुहोस् ।

नमुना उत्तर :

(क) इतिहास कसरी लेखिन्छ ? चर्चा गर्नुहोस् ।

विगतका घटनाहरूको सङ्ग्रहलाई इतिहास भनिन्छ । इतिहास लेखन कार्य खोज तथा अनुसन्धानमा आधारित कार्य हो । इतिहास लेखन कार्य गर्दा आवश्यकताअनुसार विज्ञहरूसँग सल्लाह लिई क्रमिक रूपमा लेख्दा व्यवस्थित र भरपर्दो हुन्छ । इतिहास लेखन कार्यका लागि ध्यान दिनुपर्ने कुराहरू निम्नअनुसार रहेका छन् :

(ख) पहिले घटेका घटनाहरूको स्थान, घटनाको प्रवृत्ति र घटना वर्णन

(ग) पहिले घटेका घटनाको समय, तिथि वा मिति

(घ) घटेका घटनाहरूको क्रम मिलाउने

(ङ) घटनासँग सम्बन्धीत पक्षहरू

(च) घटना हुनाका सत्य तथ्य कारण

(छ) घटनाबाट परेको प्रभाव

(ज) घटनासँग सम्बन्धीत चित्र तथा अन्य लिखित वा मौखिक जानकारी

यसरी उल्लिखित प्रक्रियाहरू अपनाएर इतिहास लेख्न सकिन्छ । यसरी लेखिएको इतिहास जो सुकैले पनि सजिलैसँग बुझ्न सक्छ ।

लामो उत्तर आउने प्रश्नहरू

(क) विश्वको इतिहास लेखन कार्यका मूल प्रवृत्तिका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।

## पाठ २ मध्यकालीन एसियाको आर्थिक उदय र सङ्कुचन




प्राचीन इतिहासकालको अवस्था अध्ययन गर्दा एसिया महादेश आर्थिक विकासको क्षेत्रमा अन्य महादेशहरूभन्दा अगि देखिन्छ । मध्यकालीन युग भन्नाले पाँचौँ शताब्दीदेखि पुर्नजागरण काल सुरु हुँदाको चौधौँ शताब्दीसम्मको समयावधिलाई बुझिन्छ । प्राचीनकाल हुँदै मध्यकालसम्म आइपुग्दा पनि मध्य एसियामा चीन, पूर्वी एसियामा जापान र दक्षिण एसियामा भारत आर्थिक समुन्नतिका दृष्टिले निकै अगि देखिएका छन् । अर्थशास्त्री एवम् इतिहासविद् प्रोफेसर एङ्गुस मेडिसनले गरेको अध्ययन अनुसन्धानका आधारमा मध्यकालीन एसियाको आर्थिक योगदान विश्वको कुल गार्हस्थ उत्पादनको ६० प्रतिशत रहेको थियो । प्राचीन कालदेखि नै नेपाल, भारत, चीन तथा जापानको आर्थिक अवस्था निकै राम्रो थियो । यसकालमा व्यापार, उद्योग, कृषि जस्ता गतिविधिहरू मुख्य आर्थिक क्रियाकलापका रूपमा रहेका थिए ।

### मध्यकालीन एसियाको आर्थिक उदय

नेपालको प्राचीन तथा मध्यकालीन इतिहासको समयावधि एसियाको मध्यकालीन युग हो । लिच्छवीकालमा नेपालको आर्थिक अवस्था निकै राम्रो थियो । त्यति वेलाको नेपालको व्यापारको बारेमा भारतीय अर्थशास्त्री कौटिल्यले समेत आफ्नो पुस्तकमा उल्लेख गरेको पाइन्छ । नेपालमा उत्पादित जडीबुटी, तामाका भाँडाकुँडा, कस्तुरीको बिना, उनीका सामान, सुहाग, सोडा आदि जस्ता वस्तुहरू भारत हुँदै समुद्रपारका देशहरूमा समेत निर्यात हुन्थे । नेपालका राजा अंशुवर्माको भारतका राजा हर्षवर्धनसँग निकै राम्रो सम्बन्ध रहेको थियो । यो सम्बन्धले समेत नेपालको अर्थतन्त्र र व्यापारमा सहयोग गरेको थियो । त्यसै समयमा चीनका राजा स्रङ्चङ्गम्पोसँग पनि राम्रो सम्बन्ध थियो । त्यसैकारण स्रङ्चङ्गम्पोको निमन्त्रणामा अरनिको लगायत नेपाली कलाकारका टोली नेपाली वास्तुकला तथा मूर्तिकलाको निर्माणका लागि तिब्बत गएका थिए ।

पहिलो शताब्दीदेखि १६ औँ शताब्दीसम्म मध्यकालीन भारत आर्थिक रूपमा सम्पन्न थियो । उक्त समयमा कृषि, शिल्पी उद्योग, धातु प्रशोधन, व्यापार, वाणिज्य आदि मुख्य आर्थिक क्रियाकलापहरू थिए । उक्त समयमा भारतको सुती कपडाको माग विश्वभरि नै रहेको थियो । त्यति वेला भारतको उडिसादेखि पूर्वी बङ्गालसम्म सुती कपडाको उद्योग मात्र देखिन्थे । त्यस्तै उक्त समयमा भारतको रङ उद्योग, रेसम उद्योगहरूको बारेमा पनि इतिहासकारहरूले उल्लेख गरेको पाइन्छ । मध्यकालीन भारतको लाहोर, फत्तेपुर, आगरा, गुजरात, बनारस, भागलपुर र कासिमर आदि ठाउँमा

रेसम उद्योगहरू सञ्चालनमा थिए । त्यति वेला भारतमा सुती, रेसम, उनी तथा मिश्रित मोटो सुती कपडा बुन्ने गरिन्थ्यो । मध्यकालीन भारतका राज्यहरूमा जमिनबाट प्राप्त राजस्व आम्दानीको मुख्य स्रोत थियो । किसानहरूद्वारा खाद्य र नगदे बाली, फलफूल सब्जी तथा मसला उत्पादन कार्यलाई जोड दिएको देखिन्छ । मध्यकालमा भारतमा धातुको प्रशोधन गर्ने उद्योगहरू पनि रहेका थिए । नुन, सोडा, फिटकिरी आदि व्यापक रूपमा उत्पादन हुन्थ्यो । मध्यकालीन भारतमा व्यापारिक गतिविधि अगाडि बढाउनका लागि हुन्डी, बिमा जस्ता मौद्रिक कारोबारहरू पनि विकास भएको पाइन्छ । त्यस वेला युरोपबाट भारतसँग आउजाउ गर्ने समुद्री बाटो पत्ता नलागेकाले स्थलमार्गबाट नै युरोपसँग सुती कपडाको व्यापार गर्दथ्यो । सन् १४९७ मा भास्को डी गामाले युरोप र भारतका बिचको समुद्री मार्ग पत्ता लगाएका थिए । त्यसपछि झन् भारतको व्यापारमा वृद्धि भएको देखिन्छ ।

प्राचीनकालदेखि नै चीनको आर्थिक अवस्था निकै राम्रो थियो । उक्त समयमा चीनमा कृषि, उद्योग र व्यापारको विकास भएको थियो साथै विज्ञान र प्रविधिको विकासमा पनि चीन अग्रस्थानमा थियो । चीनमा मध्यकालमा हान वंश (२०६ ई.पु.-२२० ई.) को पतनदेखि युवान वंशको उदय भएसम्मको अवधिलाई मानिन्छ । चीनमा हान वंशको सुरुआतसँगै आर्थिक समृद्धि सुरु भएको पाइन्छ । हान वंशको समयमा चीनमा चुम्बकीय कम्पास, पाङ्ग्रा भएको गाडी, फलाम, भूकम्प नाप्ने यन्त्र, पानी घडी आदिको आविष्कार भएको थियो । चीनमा उक्त समयमा कृषि औजारका सामाग्रीहरूको विकास, सिँचाइ सुविधा आदिको कारणले कृषि र पशुपालनको पनि विकास भएको पाइन्छ । चीनले कागजको उत्पादन, प्रयोग र व्यापारमा विश्वलाई जितेको थियो भन्ने इतिहासकारहरूको भनाइ रहेको छ । चीनले उक्त समयमा कागज, कपडा, रेसम, भाँडाकुँडा, जस्ता सामानहरू अन्य मुलुकहरूमा निर्यात गरेको थियो भनिन्छ । यसका साथै मसी, रङ, टायल, पङ्खा, पत्थर, नुन, चिया, मसला आदि सामान पनि उत्पादन र निर्यात गर्ने गरेको थियो । चीनलाई युरोपसँग जोड्ने रेसम मार्गका कारण व्यापार विस्तारमा निकै मदत पुगेको देखिन्छ ।

मध्यकालीन इतिहासको बारेमा चर्चा गर्दा अरब महाद्विपलाई पनि महत्त्वपूर्ण मानिन्छ । मध्यकालमा अरब साम्राज्यमा इस्लाम धर्मको निकै विस्तार भएको थियो । पाँचौं शताब्दीतिर मध्यपूर्वी एसिया साना र कमजोर राज्यहरूमा विभक्त थियो । अहिलेको इरान र इराक भएको ठाउँमा सासानीया, पर्सिया र बाइजान्टियान नाम गरेका शक्तिशाली राज्यहरू थिए । यी राज्यहरूका बिचमा वेला वेलामा द्वन्द्व भइरहन्थ्यो । यीससाना राज्यहरूका बिचमा भएको द्वन्द्वको कारणले सासानिया र पर्सियामा नयाँ शक्तिका रूपमा पैगम्बर महम्मदले इस्लाम राज्यको सुरुआत गरे । उक्त समयबाट नै इस्लामिक स्वर्णयुगको थालनी भएको मानिन्छ । पैगम्बर महम्मदको शासन कालमा कला कौशल तथा विज्ञान र प्रविधि, औषधी विज्ञान, बिजगणित, ज्यामिति, खगोलशास्त्र धर्मशास्त्र आदि क्षेत्रमा निकै प्रगती भएको थियो । नवौं तथा चौंधौं शताब्दीमा मुस्लिम राष्ट्रहरूले आफ्नो आर्थिक प्रणालीमा निकै उन्नति गरेका थिए । उक्त समयमा अर्थतन्त्रलाई सुव्यवस्थित बनाउनका लागि हवाला नामको कर प्रणाली, वाक्फ नामको गुठी प्रणाली, साझा मुद्रा आदिको विकास गरेका थिए । त्यस्तै गरी तीव्र सहरीकरणको विकास, मुस्लिम सेनाहरूलाई पेन्सनको व्यवस्था हुनाको साथै मौद्रिक अर्थतन्त्रको उदय भएको थियो ।

मध्यकालमा जापानको चीन र कोरियासँग राम्रो व्यापारिक सम्बन्ध कायम रहेको इतिहासकारहरूको भनाइ रहेको छ । जापानी सम्राट आसिकागा योसिमित्सुको पालामा चीनसँग राम्रो मित्रता कायम भएको थियो । जसका कारण उक्त समयमा जापान आर्थिक रूपमा समृद्ध रहेको थियो । जापानले आफ्नै मुद्रा प्रचलनमा ल्याएकाले वस्तु विनिमय प्रणाली विस्तारै विस्थापित हुँदै गएर मुद्रा केन्द्रित अर्थव्यवस्थातिर उन्मुख भएको थियो । उक्त समयमा जापानमा चियाखेती, बोन्साई गर्ने कला निकै राम्रो भएको थियो । त्यस्तै जापानी काठ, सल्फर, तामाको धाउ, तरबार आदि चीनमा निर्यात गरिन्थे भने चिनियाँ रेसम, पुस्तक, पोरिसिलिन चीनबाट आयात गरिन्थ्यो ।

### मध्यकालमा एसियामा आर्थिक उदय हुनाका कारणहरू

१. एसिया महादेशको अधिकांश क्षेत्र उष्ण तथा समशितोष्ण मण्डलमा पर्ने भएकाले कृषि योग्य जमिन युरोपमाभन्दा एसियामा धेरै राम्रो थियो । अधिकांश युरोपियन देशहरूमा चिसो हावापानी र कम उब्जाउ योग्य भूमि थिए । यसरी युरोपका देशहरूमा खाद्यान्न बिक्री गरेर पनि एसियाका देशहरूको आर्थिक अवस्था राम्रो थयो ।

२. मध्यकालमा एसियाका अधिकांश देशहरूमा सुदृढ राजनीतिक अवस्था थियो । जसले गर्दा आर्थिक सुदृढीकरणका लागि पनि मदत पुग्यो ।

३. मध्यकाल खोज र अनुसन्धानमूलक काल थियो । यसै क्रममा विभिन्न आविष्कारहरू भएका थिए । जसबाट कृषि, उद्योग, व्यापार, खानी जस्ता क्षेत्रहरूको विकास हुन पुग्यो ।

४. मध्यकालमा एसिया महादेशमा खनिज सम्पदा, वनजङ्गललगायतका प्राकृतिक साधनहरू प्रशस्त मात्रामा थिए । यस्ता सम्पदाहरूको प्रयोगबाट औद्योगिक सामग्रीहरूको उत्पादन, कृषिमा लगानी, घरेलु उद्योगहरूको विकास, गलैंचा, उनी कपडा, उखु, सूर्ती, चिया, कफीलगायतका सामग्रीहरूको माग विश्व बजारमा बढ्नु आदि कारणहरूले मध्यकालीन एसिया विश्वकै प्रमुख व्यापारिक केन्द्रको रूपमा स्थापित हुन सफल भएको पाइन्छ ।

### मध्यकालीन एसियाको आर्थिक सङ्कुचन

मध्यकालको सुरु सुरुमा राम्रो आर्थिक अवस्था भएका एसियाली मुलुकहरूमा विस्तारै आर्थिक मन्दीको अवस्था सिर्जना भएको थियो । मध्यकालीन नेपालमा खस राज्य, सिम्रौनगढ राज्य र नेपाल मण्डल गरी प्रमुख तीन राज्यहरू थिए । चौंधौं सताब्दीबाट यी राज्यहरूका बिचमा हलचल पैदा हुन थाल्यो । फलस्वरूप बाइसी, चौबीसी, मल्ल र सेन राज्यहरूको स्थापना हुन पुग्यो । यी टुक्रे राज्यहरूका बिचमा आन्तरिक कलहका कारणले आर्थिक सङ्कुचनको थालनी भएको देखिन्छ । केही

**मध्यकालीन भारतमा आर्थिक सङ्कुचनका कारणहरु**

(क) किसानको बिद्रोह
(ख) अनिकाल
(ग) कृषिमाथिको अत्याधिक परनिर्भरता
(घ) सामुद्रिक मार्गको अभाव
(ङ) शान्ति सुरक्षाको अभाव
(च) यातायातको साधनको अभाव
(छ) श्रमशक्तिको अभाव
(ज) बजारको अभाव

राज्यहरूले भने भारत र तिब्बतसँग व्यापार गर्थे । भारतमा अङ्ग्रेजहरूको प्रवेश र शासन सञ्चालनको प्रभाव नेपालको अर्थतन्त्रमा पनि परेको देखिन्छ । भारतमा मुगल सम्राज्यको पतनपछि मध्यकालीन आर्थिक विकासमा प्रतिकूल असर पऱ्यो । इतिहासकार ज्याफरी जी विलियमस Jafafrey G Williamson का अनुसार मुगल साम्राज्यको पतन र बेलायती साम्राज्यको उदयभन्दा पहिलेदेखि नै भारतको उद्योग अधोगतितर्फ उन्मुख भएको थियो । यिनका विचारमा मुगल साम्राज्यको पतनपछि कृषि उत्पादनमा पनि ह्रास आयो । मध्यकालीन एसियामा आर्थिक सङ्कुचनको सुरुआत हुनुको प्रमुख कारणका रूपमा युरोपियन उपनिवेशवादको प्रभावलाई पनि मान्न सकिन्छ । युरोपियनहरूको भारत प्रवेशसँगै एसियामा अर्थतन्त्रको दुर्गति सुरु हुन पुग्यो । भारतका राज्यहरूका बिचमा भएको आन्तरिक द्वन्द्व र अङ्ग्रेजको प्रवेशले मुगल साम्राज्यमा प्रभाव परेको थियो । अङ्ग्रेजको चाहना मुगल साम्राज्यको बन्द व्यापार तथा अन्य आर्थिक गतिविधिहरू ध्वस्त पार्नु थियो । यो कुरामा उनीहरू सफल पनि भए । कम्पनी सरकारको स्थापनापछि भारतमा घरेलु उद्योगहरू समेत धराशायी बन्दै गए । त्यसैगरी मराठा साम्राज्य विस्तारका सिलसिलामा पटक पटकका युद्धले समेत भारतको अर्थतन्त्रमा नकारात्मक प्रभाव पऱ्यो । मराठाहरूको आक्रमणबाट हजारौँ मानिस मारिए र पर्सिया एवम् ओटोमन एम्पायर टर्कीबाट युरोपसँग गरिने व्यापार पनि अवरुद्ध भयो ।

मध्यकालको अन्त्यतिर चीनमा मिङ् वंशको शासनकाल पछिको समयावधिदेखि आर्थिक सङ्कुचन सुरुआत भएको देखिन्छ । मिङ वंशको समयमा आएर चीनको बाह्य व्यापार बन्द भयो र विदेशीहरूलाई चीन प्रवेशमा प्रतिबन्ध लगाइएको थियो । यो प्रतिबन्ध निकै समयसम्म कायम रह्यो । चीनले सन् १६३० पछि ठुलो अनिकालको सामना समेत गर्नुपऱ्यो । यही अनिकालकै कारणले मिङ् वंशको पतन भयो । त्यस्तै विभिन्न नदीहरूमा आएको बाढीको कारणले जनजीवन अस्तव्यस्त बन्दै गयो । जनसङ्ख्या वृद्धिका कारणले एकातिर खाद्यान्नको अभाव भयो भने अर्कोतिर वातावरणमा समेत नकारात्मक प्रभाव पऱ्यो । समग्रमा भन्नुपर्दा चीनमा आर्थिक सङ्कुचन पैदा हुनुका कारणहरूमा अनिकाल, उद्योगको ह्रास, कृषि माथिको निर्भरता, व्यापारिक मार्गको अभाव, बाढी पहिरो आदि हुन् भन्न सकिन्छ ।

**मध्यकालीन चीनमा आर्थिक सङ्कुचनका कारणहरू**

(क) किसानहरुको बिद्रोह

(ख) बाढीपहिरो

(ग) कमजोर औद्योगिक व्यवस्थापन

(घ) स्थलमार्गको अत्याधिक प्रयोग

(ङ) जनसङ्ख्या वृद्धि

(च) व्यापारिक मार्गको अभाव

(छ) कृषिमाथिको अत्याधिक निर्भरता

मध्यकालीन जापानमा युरोपको जस्तै सामन्तवादी अर्थव्यवस्था थियो । जापानका सम्राट नाम मात्रका शासक थिए । त्यहाँको सरकार र शासन शक्ति सगुन, डायमो र सामुरायोको हातमा थियो । निरङ्कुश सगुनहरूको रक्षार्थ सामुराय खटाइएको थियो । राज्यकोष समेत यिनीहरूद्वारा सञ्चालित भएकाले जनताको हितमा भन्दा सगुनहरूकै स्वार्थका लागि प्रयोग गरिन्थ्यो ।

## क्रियाकलाप

१. मध्यकालीन नेपालको आर्थिक अवस्था र अहिलेको आर्थिक अवस्थाबिच तुलना गर्नुहोस् ।

२. मध्यकालीन आर्थिक उदय र सङ्कुचनका बारेमा इनटरनेटबाट थप जानकारीहरू खोजी गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) मध्यकालीन एसिया भन्नाले कुन समयावधिलाई भनिन्छ ?

(ख) मध्यकालीन चीनमा कुन कुन क्षेत्रको विकास भएको थियो ?

(ग) आर्थिक सङ्कुचन भनेको के हो ?

(घ) मध्यकालीन एसियामा आर्थिक सङ्कुचनको कुनै एक कारण लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) मध्यकालीन एसियामा आर्थिक उदय हुनाका कारण उल्लेख गर्नुहोस् ।

(ख) मध्यकालीन भारतको आर्थिक अवस्थाका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ग) मध्यकालीन चीनको आर्थिक अवस्थाका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

(घ) मध्यकालीन नेपालको आर्थिक अवस्थाका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ङ) मध्यकालीन एसियाको आर्थिक सङ्कुचनका कारण उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) मध्यकालीन एसियाको आर्थिक सङ्कुचनका कारणको समिक्षा गर्नुहोस् ।

(ख) मध्यकालीन एसियाको आर्थिक उदयका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

## पाठ ३ औद्योगिक क्रान्ति

उद्योग वाणिज्य सङ्घको सभाहलमा औद्योगिक प्रदर्शनी कार्यक्रम सञ्चालन भएको छ । उक्त कार्यक्रममा जिल्लाभित्र उत्पादित घरेलु तथा साना र ठुला उद्योगहरूबाट उत्पादित सामग्रीहरू प्रदर्शनीमा राखिएका छन् । उक्त कार्यक्रममा जिल्लास्थित विभिन्न सर्वसाधारणहरू, उद्योग व्यावसायीहरू र उद्यमीहरूको उपस्थिति रहेको छ ।

औद्योगिक प्रदर्शनी कार्यक्रमको उद्घाटन समारोहमा जिल्लास्थित उद्योग वाणिज्य सङ्घको अध्यक्ष तेजुलाल बखतीको मन्तव्य निम्नअनुसार प्रस्तुत गरिएको छ :


उपस्थित सम्पूर्ण महानुभावहरूमा नमस्कार

म यहाँ आज औद्योगिक क्रान्ति भनेको के हो ? औद्योगिक क्रान्तिका कारणहरू के के थिए भन्ने सम्बन्धमा छोटो प्रस्तुति लिएर उपस्थित भएको छु । सबैभन्दा पहिले क्रान्ति भनेको के हो ? ल एक जनाले भन्नुस् त ? भनी प्रश्न गर्नुभयो । उक्त प्रश्नको जवाफ उपस्थित एक जना वक्ताले दिँदै छोटो समयमा हुने अभूतपूर्व परिवर्तन नै क्रान्ति हो भन्नुभयो ।

**औद्योगिक क्रान्तिका कारणहरू**

१. पुँजीवादको उदय
२. युरोपेली साम्राज्यवाद
३. उपलब्ध भौगोलिक सुविधा
४. बेलायतको राजनीतिक तथा सामाजिक व्यवस्थामा आएको परिवर्तन
५. कृषि क्षेत्रमा आएको क्रान्ति

वक्तालाई धन्यवाद ज्ञापन गर्दै तेजुलालले आफ्नो प्रस्तुतिलाई अगि बढाउँदै भन्नुभयो ।



हो तपाईंले भन्नुभएको सही छ । कुनै पनि क्षेत्र वा देशमा आर्थिक, सामाजिक तथा राजनीतिकलगायतका विभिन्न क्षेत्रमा समयसापेक्ष परिवर्तन ल्याउने प्रक्रिया नै क्रान्ति हो । बेलायतमा सन् १७६० देखि १८४० को समयावधिमा कृषिमा आधारित ग्रामिण समाज औद्योगिक तथा सहरी समाजमा छोटो समयमा नै परिवर्तन भएको थियो त्यसलाई औद्योगिक क्रान्ति भनिन्छ । औद्यागिक क्रान्तिले उद्योगधन्दाको परम्परागत ढाँचामा परिवर्तन ल्यायो । त्यस्तै हातको ठाउँमा वायु र बिजुलीको शक्तिबाट चल्ने मेसिनहरूको आविष्कार भयो । सामान उत्पादनमा मेसिनहरूको प्रयोगले भन्दा कैयौँ बढी उत्पादन हुन थाल्यो ।

उहाँले औद्योगिक क्रान्तिको सुरुआत हुनाका कारणहरूका बारेमा निम्नअनुसार चर्चा गर्नुभयो :

| औद्योगिक क्रान्तिले पारेका प्रभावहरू |
|---|
| १. आर्थिक उन्नति |
| २. उद्योगको स्थापना |
| ३. औद्योगिक श्रमिकका रूपमा काम |
| ४. पुँजीवादको उदय |
| ५. वैज्ञानिक कृषि प्रणालीको सुरुआत |
| ६. गाउँबाट सहरमा बसाइँसराइ |
| ७. वर्गीय विभाजन |
| ८. विज्ञान र प्रविधिको विकास |
| ९. उपनिवेशवादको सुरुआत |
| १०. समाजवादको उदय |
| ११. अन्य क्षेत्रमा परिवर्तन |

इतिहास विद्हरूले औद्योगिक क्रान्तिको सुरुआत हुनाका धेरै कारणहरू पत्ता लगाएका छन् । तीमध्ये म केही कारणहरूका बारेमा बताउन गइरहेको छु । पुँजीवादको उदयका कारणले औद्योगिकीकरणको सुरुआत भएको पाइन्छ ।

पुँजीवादको सुरुआतसँगै व्यक्तिलाई आर्थिक क्रियाकलापमा लगानी गर्न स्वतन्त्रता प्राप्त भयो । त्यसैले धनी बन्ने होडबाजीले प्रशस्त मात्रामा उद्योगहरूमा लगानी गर्न थाले । येसरी उद्योगहरूको सङ्ख्यामा वृद्धि हुँदै जाँदा औद्योगिक क्रान्तिका लागि बाटो खुलेको देखिन्छ । त्यस्तै युरोपेली साम्राज्यवादलाई पनि औद्योगिक क्रान्तिको एउटा कारणको रूपमा लिइएको छ । साम्राज्यवाद भनेको एउटा बलियो र धनी राष्ट्रले अर्को राष्ट्रलाई सैन्य, राजनीतिक वा आर्थिक रूपमा नियन्त्रण गर्नु हो । उक्त समयमा युरोपेली राष्ट्रहरूले युरोपबाहेकका अन्य राष्ट्रहरूमा शासन चलाइरहेका थिए । ती साना राष्ट्रहरूबाट उद्योगका लागि कच्चा पदार्थ प्रयोग गर्ने, ती राष्ट्रहरूमा बजार विस्तार गर्ने र सस्तोमा कामदारहरू प्रयोग गर्ने गर्थे, जस्तै: भारतले बेलायतका लागि चिया, जुट, इन्डिगो तयार पार्थ्यो भने बेलायतले उनबाट बनेका सामान बिक्री गर्दथ्यो ।

युरोपेली राष्ट्रहरूमा भएका विभिन्न भौगोलिक सुविधाहरूका कारणले पनि औद्योगिक क्रान्तिलाई मदत पुऱ्याएको देखिन्छ, जस्तै : त्यस समयमा बेलायतमा प्रशस्त मात्रामा जलसम्पदाहरू थिए । ती जलसम्पदाको उपयोगिता तथा जलविद्युत् उत्पादन गर्न सकिने प्रशस्त सम्भावना भएकाले उक्त सम्भावना अवसरमा परिणत हुँदै जाँदा औद्योगिक क्रान्तिलाई मदत पुऱ्याएको देखिन्छ । बेलायतको राजनीतिक तथा सामाजिक व्यवस्थामा आएको परिवर्तन पनि औद्योगिक क्रान्तिको एउटा कारण हो । उक्त समयमा बेलायतमा राजनीतिक स्थिरता र शान्ति सुव्यवस्था रहेको थियो । सरकारले स्थानीय करहरू हटाएकाले उद्योग स्थापनाका लागि सामाजिक अवस्था पनि अनुकुल थियो । जसले गर्दा उद्योगको विकासको बाटो खुल्यो र औद्योगिक क्रान्तिका लागि वातावरण सिर्जना हुन पुग्यो । कृषि क्षेत्रमा आएको क्रान्तिले पनि औद्यागिकीकरणलाई मदत पुऱ्याएको देखिन्छ । त्यति वेला बेलायतमा मानिसको जीविकोपार्जनको मुख्य माध्याम कृषि थियो । त्यसैले कृषिमा उत्पादन वृद्धिका लागि आधुनिकीकरणतर्फ आकर्षित भएका थिए । यसरी कृषिमा आधुनिकीकरणका लागि उद्योगको पनि विकास हुनुपर्ने समयको मागले औद्योगिक क्रान्तिका लागि वातावरण तयार भयो ।

यहाँहरूमा जिज्ञासा केही भए राख्न अनुरोध गर्दै मेरो प्रस्तुतिलाई यहीँ अन्त्य गर्छु हस् त धन्यवाद भन्दै उहाँले आफ्नो मन्तव्यलाई टुङ्ग्याउनु भयो ।

जिल्लास्थित घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष शैलेन्द्र श्रेष्ठको मन्तव्य निम्नअनुसार रहेको छ :

उपस्थित सम्पूर्णमा नमस्कार

म आज यहाँहरू समक्ष औद्योगिक क्रान्तिले पारेका प्रभावहरूको सम्बन्धमा र युरोपेली उपनिवेशवादका बारेमा प्रस्तुत गर्न गइरहेको छु ।

**युरोपेली उपनिवेशवादको सुरुआतको कारण**

- उद्योग धन्दाको विस्तार
- कच्चा पदार्थको उपलब्धता
- सस्तो श्रम शक्ति
- बजारको आवश्यकता
- आर्थिक लाभ
- श्रम शोषण

औद्योगिक क्रान्तिको प्रभाव सुरुमा बेलायतबाट युरोपका अन्य मुलुकहरूमा र विस्तारै विश्वभरी नै पर्दै गएको देखिन्छ । बेलायतबाट उद्योगको क्षेत्रमा भएको अभूतपूर्व परिवर्तनको प्रभाव पछि युरोपका अन्य देशहरू फ्रान्स, स्पेन, पोर्चुगल र डच रिपब्लिकमा पऱ्यो । उक्त समयमा युरोपका विभिन्न देशहरूका बिचमा प्रतिस्पर्धात्मक रूपमा उद्योगको स्थापना र औद्योगिक वस्तुहरूको उत्पादन भएको थियो । औद्यागिक क्रान्तिले उद्योगधन्दाको परम्परागत ढाँचामा परिवर्तन ल्यायो । त्यस्तै हातको ठाउँमा वायु र बिजुलीको शक्तिबाट चल्ने मेसिनहरूको आविष्कार भयो । विस्तारै उद्योगको क्षेत्रबाट सामाजिक क्षेत्र र कृषिमा समेत परिवर्तन आएको थियो । समग्रमा औद्योगिक क्रान्तिका प्रभावहरू निम्नअनुसार रहेका छन् । औद्यागिक क्रान्तिको सकारात्मक परिणाम भनेको नै आर्थिक उन्नति थियो । कारखानामा उत्पादित वस्तुहरू विभिन्न देशहरूमा निर्यात हुने भएकाले वाणिज्य व्यापार फस्टाउँदै गयो । यातायातको विकासले गर्दा उत्पादित सामाग्रीहरू अन्यत्र ल्याउन लैजान र आवतजावतमा सजिलो हुन थाल्यो । विस्तारै वित्तीय संस्थाहरू खुल्दै जाँदा थप उद्यमीहरूलाई पनि प्रोत्साहन भयो । औद्योगिक क्रान्तिको परिणाम स्वरूप युरोपलगायत विश्वभरि नै तीव्र गतिमा उद्योगहरूको स्थापना हुन थाल्यो ।

उद्योगहरूको स्थापना भएसँगै घरदेखि बाहिर रहेर काम गर्ने परिपाटीको सुरुआत भयो । मानिस उद्योग तथा कलकारखानामा गई श्रमिकका रूपमा काम गर्न थाले । नाफामूलक उद्योग व्यवसाय सञ्चालन गर्ने होडबाजीसँगै पुँजीवादको उदय भयो । परम्परागत कृषि प्रणालीमा परिवर्तन भई वैज्ञानिक कृषि प्रणालीको सुरुआत भएको पाइन्छ । उद्योगको विकासले उन्नत जातको बिउ र रासायनिक मलको प्रयोग हुन थाल्यो । जसबाट उत्पादनमा वृद्धि र कृषिमा आमुल परिवर्तन आयो । ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतिरको बसाइँसराइ सँगसँगै विभिन्न सामाजिक तथा आर्थिक परिवर्तनहरू देखा पर्न थाले, जस्तैः धनी र गरिबका बिचमा खाडलको निर्माण र आपराधिक गतिविधिमा वृद्धि । औद्योगिक क्रान्तिसँगै समाजमा प्रस्ट रूपमा मजदुर र मालिक गरी दुई वर्गमा विभाजन भएको देखिन्छ । औद्योगिक क्रान्तिले आर्थिक क्षेत्रमा मात्र नभई विज्ञान र प्रविधिको क्षेत्रमा पनि विकास भएको थियो, जस्तैः कोइला, फलाम, बिजुली वत्ती आदिको विकासले उद्योगको स्थापनाको साथै प्रविधिको विकासले छिटो छरितो मेसिनबाट सामान उत्पादन हुन थाल्यो । बेलायतलगायत अन्य युरोपेली राष्ट्रहरूले आफ्ना उत्पादनहरूका लागि बजार खोज्दै विभिन्न

देशहरूको भ्रमण गर्न थाले । यतिसम्मकी उनीहरू जहाँ जहाँ पुगे त्यहिँ लगानी गरेर उद्योगधन्दाहरू खोल्न थाले । त्यहाँको राजनीतिक तथा आर्थिक प्रणालीमा हस्तक्षेप गरी शासनसत्ता समेत चलाउन थाले । यसरी औद्योगिक क्रान्तिले उपनिवेशवादको सुरुआत भएको पाइन्छ । पुँजीवादले गर्दा आर्थिक शोषणको चपेटामा परेका श्रमिकलगायत अन्य जनसमुदायहरू मिलेर त्यसको प्रतिकार स्वरूप समाजवादको स्थापना गरे । धनी र गरिबबिचको खाडल पुर्नका लागि समाजवादले समानतामा आधारित समाज निर्माण गरेको देखिन्छ । औद्योगिक क्रान्तिकै कारणले आर्थिक क्षेत्रमा मात्र नभई सामाजिक क्षेत्रहरू जस्तै शिक्षा, स्वास्थ्य, सञ्चार र बैङ्किङ् क्षेत्रमा पनि व्यापक परिवर्तन भएको थियो । अर्कोतिर उद्योगहरूको स्थापना बढ्दै जाँदा उद्योगबाट निस्कने धुवाँ रासायनिक पदार्थ आदिले वातावरणीय प्रदुषण बढ्दै जान थाल्यो भनेर पनि केही इतिहासकारहरूले टिप्पणी गरेको पाइन्छ । यसरी हेर्दा औद्योगिक क्रान्तिले सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पारेको देखिन्छ । जे भएता पनि आज हामीले जे जति विकास र परिवर्तन देखेका छौं । तिनिहरू पनि औद्योगिक क्रान्तिको प्रभावले नै गर्दा हो भन्न सक्छौं । हस् त मेरो प्रस्तुति यहीँ अन्त्य गर्दै बिदा हुन्छु धन्यवाद् ।

### क्रियाकलाप

१. औद्योगिक क्रान्तिको कारण, परिणाम र उक्त समयमा भएका आविष्कारहरूको सम्बन्धमा इन्टरनेटमा खोजी गरी थप जानकारी लिनुहोस् ।

२. उपनिवेशवाद र साम्राज्यवाद औद्योगिक क्रान्तिको उपज थियो । कसरी विभिन्न स्रोत सामग्रीहरूको अध्ययन गरी पुष्टि गर्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) औद्योगिक क्रान्ति भनेको के हो ?

(ख) औद्यागिक क्रान्तिका कुनै दुई सकारात्मक प्रभाव लेख्नुहोस् ।।

(ग) औद्यागिक क्रान्तिका कुनै दुई नकारात्मक प्रभावहरू उल्लेख गर्नुहोस् ।

(घ) औद्यागिक क्रान्तिका कुनै दुई कारण के के हुन् ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) औद्योगिक क्रान्तिको परिचय दिई यसका कारण पनि उल्लेख गर्नुहोस् ।

(ख) औद्यागिक क्रान्तिका कुनै पाँच सकारात्मक प्रभावहरूको व्याख्या गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) औद्यागिक क्रान्तिले विश्वमा पारेका प्रभावहरूको व्याख्या गर्नुहोस् ।

(ख) उपनिवेशवादको सुरुआत र औद्योगिक क्रान्तिको सम्बन्ध प्रस्ट पार्नुहोस् ।

## पाठ ४ लोकतन्त्रको उदय र विकास

प्यारी बहिनी ममता

धेरै धेरै माया ।

तिमीले पठाएको मेल प्राप्त भयो र पढेँ । सबै जना खुसी हुनुहुन्छ भनेको सुन्दा साह्रै खुसी लाग्यो । म बेलायतमा भए पनि मेरो मन नेपालमै र घरपरिवारमा नै छ । बुबाआमाको राम्रो ख्याल गर्नु । तिमीले लोकतन्त्रको उदय र विकास सम्बन्धमा लेखेर पठाइदिनुस् न भनेकी रहिछौ । हस् म तिम्रो जिज्ञासा मेटाउने प्रयत्न गर्ने छु ।

बहिनी, लोकतन्त्र भनेको प्रजातन्त्रको विकसित वा परिवर्तित रूप हो । प्रजातन्त्र वा लोकतन्त्र भनेका जनताका शासन हुन् अर्थात देशमा शासन सञ्चालनका लागि जनताले आफैँ नियम बनाउँछन् । त्यो नियम पनि जनताकै लागि बनाइन्छ र जनताहरूद्वारा नै कार्यान्वायन गरिन्छ । त्यसैले अर्को शब्दमा भन्नुपर्दा, प्रजातन्त्र भनेको जनताद्वारा जनताका लागि जनताले नै तय गरेको विधिद्वारा गरिने शासन पद्धति हो ।

बहिनी, प्राचीनकालमा विश्वमा प्रजातन्त्र थिएन । शासकहरूले आफ्नो इच्छाअनुसारका नियम बनाउँथे र शासन गर्दथे । प्राचीन एथेन्सका कानुनका ज्ञाता तथा गीतकार सोलोनले सबैभन्दा पहिले प्रजातन्त्रको पक्षमा आवाज उठाएका थिए । उनले त्यसबेलाको शासनको विरोध गर्दै "थोरै धनीले धेरै गरिबमाथि शासन गरेका छन्" भनेर व्यङ्ग्यात्मक शैलीमा भनेका थिए । त्यसपछि प्राचीन एथेन्सका नागरिक क्लेसथेन्सले नयाँ शासन व्यवस्था भनेर डेमस र क्रेटस् भनेर नाम दिए । डेमस र क्रेटस् मिलेर डेमोक्रेसी अर्थात प्रजातन्त्र बन्यो । त्यसैले उनलाई प्रजातन्त्रका पिता भनिन्छ ।

आधुनिक विश्वमा लोकतन्त्रको विकास बेलायतबाट भएको मानिन्छ । सन् १२१५ को जुन १५ मा बेलायतका राजा जोनले एउटा नियम पारित गरेका थिए । त्यो नियमलाई म्याग्नाकार्टा भनिन्थ्यो । म्याग्नाकार्टामा "राजाले पनि नियम मान्नुपर्छ, नियमअनुसार देशको शासन चलाउनुपर्छ" भन्ने कुरा उल्लेख गरिएको थियो । म्याग्नाकार्टा जारी भइसक्दा पनि बेलायतमा प्रजातन्त्रको राम्रोसँग अभ्यास हुन सकेको थिएन । त्यसैले सन १६४३ देखि १६६१ सम्म गृहयुद्ध भयो । यो गृहयुद्धका कारणले लोकतन्त्रको विकासको लागि मार्ग प्रशस्त गरेको देखिन्छ किनभने गृहयुद्धपछि बेलायतमा दुईओटा राजनीतिक दलहरू टोरी दल र व्हिग दलको स्थापना भयो । त्यस्तै सन् १६७९ मा बेलायतमा बन्दीप्रत्यक्षीकरण सम्बन्धी नियम पनि पास भयो । बन्दीप्रत्यक्षीकरणको नियमअनुसार कुनै पनि व्यक्तिलाई कानुनबमोजिम मात्र थुनामा राख्न पाइन्छ । हाल विश्वका प्रायः सबै देशमा बन्दीप्रत्यक्षीकरणको नियम लागु भएको छ ।

आधुनिक लोकतन्त्रको थालनी बेलायतबाट भएको भए तापनि लोकतन्त्रको स्थापना र विकासका लागि बेलायतमा कैयौँ सङ्घर्ष र क्रान्तिहरू भएका थिए । बेलायतको गौरवमय क्रान्तिलाई पनि निकै महत्त्वपूर्ण क्रान्ति मानिन्छ । गौरवमय क्रान्ति भनेको रक्तपातरहित क्रान्ति हो । गौरवमय क्रान्तिको समयमा बेलायतमा जेम्स द्वितीय राजा बनेका थिए । राजालाई निरङ्कुश हुनबाट

रोक्नका लागि गौरवमय क्रान्ति भएको थियो । सन् १६८८ मा संसद्बाट नै पारित गरेर राजाका सबै अधिकारहरू कटौती गरिए । त्यसपछि राजा जेम्स द्वितीयलाई देश निकाला गरियो । त्यसपछि जेम्स द्वितीयकी छोरी मेरी र ज्वाइँ विलियमलाई संयुक्त रूपमा राजगद्दी सुम्पिएको थियो । तत्कालीन समयमा जेम्स द्वितीयका ज्वाइँ विलियम हल्यान्डका राजा थिए । संसद्ले उनलाई बेलायत बोलाएर राजा बनाएको थियो । सन् १६८९ मा बेलायतको संसद्ले अधिकारपत्र पास गर्‍यो । यो अधिकार पत्रलाई बिल अफ राइट्स भनिन्छ । बिल अफ राइट्स भनेको बेलायतको राज्य संचालनसम्बन्धी मौलिक नियम थियो । यो नियममा राजा विलियम र रानी मेरीलाई हस्ताक्षर गर्न लगाएर राजाका सबै अधिकार कटौती गरी संसद्लाई शक्तिशाली बनाइएको थियो । यही बिल अफ राइट्सका कारणले गर्दा बेलायतमा संवैधानिक राजतन्त्रको स्थापना भयो । सन् १७२१ मा रोबर्ट वालपोल बेलायतका प्रधानमन्त्री भए । उनी बेलायतका प्रथम प्रधानमन्त्री हुन् । वालपोलले बेलायतका प्रधानमन्त्रीका रूपमा सन् १७४२ सम्म काम गरेका थिए ।

बेलायतबाट सुरु भएको प्रजातन्त्रको लहर अमेरिका, फ्रान्स, चीन, रुस, भारत हुँदै नेपालसम्म आएको थियो । अब म तिमीलाई अमेरिकी स्वतन्त्रता सङ्ग्रामका बारेमा बताउँछु है त । स्पेन, पोर्चुगल, फ्रान्स र बेलायतले अमेरिकालाई आफ्नो उपनिवेश बनाएर राखेका थिए । बेलायतको गौरवमय क्रान्तिले अमेरिकामा पनि प्रभाव पर्‍यो र यही प्रभावले गर्दा अमेरिकामा पनि सन् १७७५ मा आन्दोलन भएको थियो । यो आन्दोलनलाई अमेरिकी स्वतन्त्रता सङ्ग्राम भनिन्छ । अमेरिकी स्वतन्त्रता सङ्ग्राम सन् १७७५ देखि १७८३ सम्म करिब ८ वर्षसम्म चलेको थियो । यो संग्रामको नेतृत्व जर्ज वासिङ्टनले गरेका थिए । ४ जुलाई १७७६ मा अमेरिकी राज्यहरूका बिचमा एकता भएको थियो । एकता भएपछि नै अमेरिकालाई संयुक्त राज्य अमेरिका भनिएको हो । त्यसपछि संयुक्त रूपमा बेलायतका बिरुद्धमा युद्ध गरे । सन् १७८३ सेप्टेम्बर ३ मा अमेरिका र बेलायतका प्रतिनिधिहरूका बिचमा एउटा सन्धि भयो । यही सन्धिअनुसार अमेरिकाले स्वतन्त्रता पायो । त्यसपछि जर्ज वासिङ्टन अमेरिकाका प्रथम राष्ट्रपति भए । यसरी अमेरिकामा पनि लोकतन्त्रको अभ्यास भएको पाइन्छ । अमेरिकी स्वतन्त्रता सङ्ग्राममा फ्रान्सका सेनाहरूले पनि अमेरिकाको पक्षमा युद्ध गरेका थिए ।

यस युद्धबाट फ्रान्सका सैनिक जवानहरू प्रभावित भएका थिए । त्यसैले फ्रान्समा पनि राजतन्त्रको विरुद्ध आन्दोलन गरे । सन् १७८९ मा राजा लुइ १६ औँका पालामा फ्रान्समा राज्य क्रान्ति भयो । यो क्रान्ति हुनुभन्दा पहिला फ्रान्समा राजालाई दैवी अवतार मानिन्थ्यो । त्यस्तै पादरी, कुलीन तथा सामन्त वर्गलाई विशेष अधिकारको व्यवस्था गरिएको थियो । तर यो राज्यक्रान्तिपछि राजतन्त्रको र कुलीन, पादरी र सामन्त वर्गहरू सबैको अधिकारको अन्त्य भयो । यो क्रान्तिले सामन्ती युगको अन्त्य गरेर लोकतान्त्रिक युगको थालनी गरेको थियो । त्यसैले विश्वको इतिहासमा फ्रान्सको राज्यक्रान्तिलाई युगान्तकारी परिवर्तन भनिन्छ ।

उक्त समयमा चीनमा पनि छिङ वंशको निरङ्कुश शासन चलेको थियो । राज्यक्रान्तिपछि सन् १९११ मा चीनबाट पनि राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना भयो । त्यस्तै रुसमा पनि राजतन्त्र थियो । रुसका राजालाई जार भनिन्थ्यो । यहाँका जारहरू निरङ्कुश थिए र यिनीहरूले आफूलाई ईश्वरका अवतार मान्थे । सन् १९१७ मा रुसमा पनि क्रान्ति भयो । यस क्रन्तिपछि रुसबाट जारको शासन अन्त्य भयो । यो क्रान्तिपछि रुसमा साम्यवादी व्यवस्थाको अभ्यास

गरिएको थियो । साम्यवादी व्यवस्था भनेको वर्गविहीन समाजको परिकल्पना गरिएको व्यवस्था हो । वर्गविहीन समाज भनेको जाति, धर्म, पेसा, आर्थिक अवस्था आदिका आधारमा कोही पनि सानो र ठुलो नहुने व्यवस्था हो ।




भारतमा पनि लामो समयसम्म बेलायतीहरूले शासन गरेका थिए । सन् १९४२ बाट भारतमा महात्मा गान्धीको नेतृत्वमा "भारत छोड" आन्दोलन सुरु भयो । दोस्रो विश्वयुद्धले संसार भरिनै परिवर्तनको लहर चलेका कारणले १५ अगस्ट १९४७ मा भारत पनि स्वतन्त्र भयो । दोस्रो विश्वयुद्धपछि नेपालमा पनि राणा विरोधी गतिविधिहरू हुन थाले । विश्वभरि नै प्रजातन्त्रको लहर चलेकाले नेपालमा पनि राणा विरोधी आन्दोलनले गति लिन सफल भयो । फलस्वरूप वि.सं. २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्रको स्थापना भयो । २०६२/०६३ को जनआन्दोलनपछि नेपालमा वि.सं. २०६३ वैशाख ११ मा लोकतन्त्रको स्थापना भयो र वि.सं. २०६५ साल जेठ १५ गते राजतन्त्र समाप्त भई गणतन्त्रको स्थापना भयो । २०७२ को नेपालको संविधानको घोषणापछि संस्थागत रूपमा नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था चलिरहेको छ ।

बहिनी यसरी हेर्दा लोकतन्त्र अहिले विश्वव्यापी रूपमा नै सर्वसम्मत र औचित्यपूर्ण शासन पद्धतिको रूपमा स्थापित भएको देखिन्छ । लोकतन्त्रमा जनता नै राज्यशक्तिका मुख्य स्रोत मानिन्छन् भने जनताले खुला प्रतिस्पर्धाबाट आफ्ना जनप्रतिनिधि चुन्ने अवसर प्राप्त गर्छन् । लोकतान्त्रिक शासनलाई सफल शासन मानिनाका केही कारणहरू पनि म तिमीलाई बताउछु है त ।

१. स्वेच्छाचारी शासनको अन्त्य भएर शासक जनताप्रति उत्तरदायि हुने

२. आम नागरिकहरूले आधारभूत मौलिक हक अधिकारहरू निर्वाध रूपमा प्रयोग गर्न पाउने

३. सुशासन कायम हुने र विकासमा नागरिकको प्रत्यक्ष र समान सहभागिता रहने

४. विभिन्न जाति, वर्ग र समुदायले आफ्नो प्रतिनिधित्व सुनिश्चित गर्ने अवसर प्राप्त गर्ने

५. नागरिक शासन, स्वतन्त्रता र मानवअधिकारको प्रत्याभूति हुने

६. विकासका नयाँ सोच र अवधारणाले महत्त्व पाउने

७. समानुपातिक विकास र समावेशीकरणको सिद्धान्त कार्यान्वयन गरिने

८. आर्थिक नीति तथा कार्यक्रमहरू जनकेन्द्रित हुने र आर्थिक क्रियाकलाप पारदर्शी हुने

ल त बहिनी आजको पत्रबाट तिमीलाई यति जानकारी गराएँ । राम्रोसँग पढाइमा ध्यान दिनु । अरू थप कुराहरू अर्को पत्रमा लेखौँला ।

### क्रियाकलाप

१. लोकतन्त्रको स्थापना र विकास सम्बन्धमा विश्वमा भएका विभिन्न अभ्यासहरूका बारेमा विभिन्न स्रोत सामग्री वा इन्टरनेटमा खोजी गरी थप जानकारी लिनुहोस् ।

२. विश्वको नक्सामा लोकतन्त्रको उदय भएका स्थानहरूको पहिचान गर्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) लोकतन्त्र भनेको के हो ?

(ख) विश्वमा लोकतान्त्रिक आन्दोलन हुनुका कुनै दुई कारण उल्लेख गर्नुहोस् ।

(ग) विश्वमा लोकतन्त्रले ल्याएको कुनै दुई प्रभाव उल्लेख गर्नुहोस् ।

(घ) लोकतान्त्रिक शासनलाई किन जनउत्तरदायी शासन मानिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) विश्वमा लोकतान्त्रिक आन्दोलन हुनुका कारणहरू उल्लेख गर्नुहोस् ।

(ख) गौरवमय क्रान्ति भनेको के हो ? यसका कारण र प्रभावको चर्चा गर्नुहोस् ।

(ग) नेपालमा लोकतन्त्रको स्थापनापश्चात् भएका प्रमुख उपलब्धिहरूलाई समालोचनात्मक विश्लेषण गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) विश्वमा लोकतन्त्रको उदय र त्यसले पारेको प्रभावको समीक्षा गर्नुहोस् ।

(ख) एक देशमा भएको परिवर्तनको प्रभाव अरू देशमा पनि पर्दछ भन्ने सन्दर्भलाई उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

## एकाइ ७ नेपालमा जात प्रथा

### सिकाइ उपलब्धि

१. नेपालका जाति, जनजाति र दलितका विविध पक्षहरूको पहिचान र सवालहरूको विश्लेषण गर्न

२. बहुसांस्कृतिकता र सामाजिक एकताबिचको अन्तरसम्बन्धको समीक्षा गर्न






## पाठ १ बहुजातीयता, बहुसांस्कृतिकता र सामाजिक एकता

विभिन्न जातजातिहरूको समूहलाई बहुजातीयता भनिन्छ । नेपाल आफैँमा बहुजातीय विशेषताको पहिचान बोकेको मुलुक हो । त्यस्तै विभिन्न किसिमका सांस्कृतिक अवस्था हुनुलाई बहुसांस्कृतिकता भनिन्छ । नेपाल बुहसांस्कृतिक मुलुक पनि हो । कुनै एउटा भौगोलिक क्षेत्र वा राष्ट्रभित्र दुई वा दुईभन्दा बढी जातिहरू आफ्नो विशिष्ट जातीय अभ्यास र पहिचानसहित रहनुलाई बहुजातीयता भनिन्छ । यस्ता जाति पिच्छेका छुट्टाछुट्टै मौलिक परम्पराहरूको अभ्यास समाजमा अस्तित्वमा रहनुलाई बहुसांस्कृतिकता भनिन्छ ।

विभिन्न जातजाति, धर्म, क्षेत्र र भाषाका आधारमा नेपाललाई बहुसांस्कृतिक राष्ट्र भन्न सकिन्छ । यस कुरालाई नेपालको संविधानले पनि यसरी उल्लेख गरेको छ । "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो ।" नेपाली समाजमा विविध भाषा, धर्म, संस्कार, चाडपर्व, खानपान, वेशभूषा, नाचगान आदिका आधारमा विविधता कायम रहेको देखिन्छ । यो नै हाम्रो नेपालको पहिचान हो । विविधताबिचको एकताको अवस्थालाई छुट्टाछुट्टै शीर्षकबाट अध्ययन गर्दा अझ बुझ्न सजिलो हुन्छ ।

### (क) सांस्कृतिक विविधता



बहुसांस्कृतिकताका बिचमा एकता कायम हुनु नेपालको राष्ट्रिय पहिचान हो किनभने नेपाली समाजमा कुनै पनि समूह वा समुदायमा संस्कृतिका आधारमा भेदभाव नगरी सबै मिलेर बसेको देखिन्छ । एक संस्कृति मान्ने मानिस र अर्को संस्कृति मान्ने मानिसहरूका बिचमा एकआपसमा आदर सत्कार र सौहार्दपूर्ण वातावरण रहेको देखिन्छ । यस्तो बहुसांस्कृतिकताको अवस्थाले सिर्जनात्मकता र नयाँ प्रवर्धनका लागि प्रोत्साहन गर्न मदत गर्छ । राज्यबाट जनतालाई प्रदान गरिने सेवा सुविधाहरूमा बहुसांस्कृतिकताका आधारमा सामाजिक न्याय, सशक्तीकरण र मूल प्रवाहीकरण गर्न सकिन्छ । बहुसांस्कृतिक अवस्थालाई सही तरिकाले व्यवस्थापन गर्न सकियो भने राज्य विकासका लागि वरदान

बन्न सक्छ । यदि कतै सानो त्रुटि, हेलचेक्र्याइँ वा असावधानी भयो भने राज्य टुक्रिन सक्छ । उग्र राष्ट्रवादका कारण जातीय हिंसा बढ्न सक्छ । साम्प्रदायिक दङ्गा फैलन सक्छ । त्यसैले बहुसांस्कृतिक अवस्थालाई अवसरका रूपमा लिएर सावधानीपूर्ण ढङ्गले राष्ट्रिय एकता कायम गर्नु आजको मुख्य आवश्यकता तथा चुनौती हो ।

### (ख) क्षेत्रीय विविधता

भौगोलिक अवस्थाका आधारमा नेपाललाई हिमाली, पहाडी र तराई गरी तीन भागमा विभाजन गरिएको छ । हरेक क्षेत्रमा जाति, भाषा, धर्म र संस्कृतिका आधारमा विविधता रहेको छ, जस्तैः हिमाली क्षेत्रमा शेर्पा, थकाली, भोटे, मुगाली, डोल्पो जातिहरूको बाहुल्यता रहेको छ । त्यस्तै पहाडीमा ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार, राई, लिम्बु, तामाङ आदिको बाहुल्यता रहेको छ भने तराईमा राजवंशी, थारु, यादव, धिमाल मुसलमान आदिको बाहुल्यता रहेको पाइन्छ । हुन त पछिल्लो समयमा बसाइँसराइ गर्ने प्रवृत्ति बढ्दै जाँदा सबै जातिका मानिस सबै ठाउँमा बसोबास गरेको पाइन्छ र समुदाय नै बहुजातीय र बहुसांस्कृतिक बनेको छ । तर राम्रो पक्ष भनेको सबैले आआफ्नो सांस्कृतिक, भाषिक एवम् क्षेत्रीय पहिचान कायम राख्दै विविधताका बिचमा एकता कायम राखेको देखिन्छ र एक अर्को जाति, भाषा, धर्म र संस्कृतिप्रति सम्मान र समभाव कायम रहेको भेट्न सकिन्छ ।

### (ग) धार्मिक विविधता

नेपाल धर्मका आधारमा पनि विविधतायुक्त मुलुक हो । नेपालमा वि.सं. २०६८ को जनगणनाअनुसार १० ओटा धार्मिक समूहहरू पहिचान गरेको छ । तिनीहरूमा हिन्दु धर्म मान्नेहरूको सङ्ख्या बढी देखिए तापनि नेपाली समाजमा धार्मिक सहिष्णुता कायम रहेको देखिन्छ । सबै धर्मावलम्बीहरू एक आपसमा मिलेर बसेका छन् । नेपालको संविधानमा नेपाल एक धर्म निरपेक्ष राष्ट्र हो भनी उल्लेख गरिएको छ ।

### (घ) जातीय विविधता

नेपाल एक बहुजातीय पहिचान बोकेको मुलुक पनि हो । वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा १४२ ओटा जातजातिहरू रहेका छन् । यी विभिन्न जातजातिका सांस्कृतिक मूल्य मान्यता, रहनसहन र पहिचान फरक फरक छन् । तर यी विविधताका बाबजुद जातीय, धार्मिक, सांस्कृतिक र क्षेत्रीय पहिचानसहित राष्ट्रिय मूल धारमा समाहित हुनु आजको आवश्यकता र समयको माग हो । त्यसैले आआफ्नो पहिचानसहितको समावेशीकरणको व्यवस्था गरी एकताको सुत्रमा बाँधिनुपर्ने आजको प्रमुख राष्ट्रिय आवश्यकता हो । जातीय एकता तबमात्र सम्भव हुन्छ जब विभिन्न जातजातिकाबिच सामाजिक, सांस्कृतिक र आर्थिक सहिष्णुता कायम भएको हुन्छ ।

## सामाजिक एकता

नेपालको संविधानको धारा ५० को उपधारा २ मा "धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवम् राष्ट्रिय गौरब, लोकतन्त्र, जनपक्षीयता, सामाजिक,

सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता, र सामाञ्जस्य कायम गरी राष्टिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य" भनी उल्लेख गरिएको छ ।

एक पटक यो संविधानमा उल्लिखित वाक्यांशको गहिरिएर मनन गर्नुहोस् त । हाम्रो संविधानले पनि विविधतामा एकतालाई राष्ट्रको सम्पत्ति मानेको देखिन्छ । सबै जाति, भाषा, धर्म, लिङ्ग र सम्प्रदायलाई राज्यको मूल धारमा ल्याउने प्रयास गरेको छ । संविधानले नै एक धर्म, भाषा, संस्कृतिलाई अर्कोले सद्भाव गर्ने कुरा उल्लेख गरेको छ । प्राचीन कालदेखि नै हाम्रो देशमा धार्मिक सहिष्णुता कायम थियो । त्यस्तै पृथ्वीनारायण शाहले "नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो । " भनेका थिए । यसबाट पनि विविधतामा एकताको सङ्केत गर्न खोजेको देखिन्छ । हाम्रो राष्ट्रिय गानमा समेटिएको "सयौँ थुङ्गा फूलका हामी एउटै माला नेपाली" भन्ने पङ्क्तिले पनि हाम्रो धार्मिक सहिष्णुता र सामाजिक सद्भावलाई उजागर गरेको छ । नेपाली समाज बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त समाज हो भन्ने त हामीले अगाडि नै अध्ययन गरिसकेका छौँ । यसरी विविधता भए तापनि एक अर्काको फरकपनमा रमाउने संस्कार हामी नेपालीहरूमा बसिसकेको छ । जस्तै तिज पर्व सबै जाति र समुदायका मानिसले मनाउनु, छठ पर्व तराईमा मात्र नभएर हिमाली र पहाडी क्षेत्रका मानिसले पनि मनाउनु, सुदूरपश्चिमको गौरा, ल्होसार पर्वको रौनक विभिन्न ठाउँमा हुनु यसका ज्वलन्त उदाहरणहरू हुन् । त्यस्तै एक अर्काको चाडपर्वमा शुभकामना आदानप्रदान गर्नु पनि धार्मिक तथा सांस्कृतिक सहिष्णुताका उदाहरणहरू हुन् । हामी गर्वका साथ भन्न सक्छौँ कि विविधताबिच एकता हामी नेपालीको पहिचान हो ।

### क्रियाकलाप

(क) नेपाल विविधतामा एकता कायम भएको मुलुक हो भन्ने शीर्षकमा सम्पादकीय तयार गर्नुहोस् ।

(ख) "बहुजातीयता र बहुसांस्कृतिकताबिचको एकता नेपालको पहिचान" भन्ने शीर्षकमा केन्द्रित रहेर दुई साथीबिचको संवाद तयार गर्नुहोस् ।

(ग) तपाईंको समुदायमा कसरी विविधताबिचमा एकता कायम भएको छ पुष्टि गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) बहुजातीयतालाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।

(ख) बहुसांस्कृतिकता भनेको के हो ?

(ग) सहिष्णुता भन्नाले के बुझिन्छ ?

(घ) धर्म निरपेक्षता भनेको के हो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) "बहुसांस्कृतिकता नै नेपालीको पहिचान हो ।" उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(ख) बहुसांस्कृतिक समाजमा कसरी एकता कायम गर्न सकिन्छ, उल्लेख गर्नुहोस् ।

(ग) बहुसांस्कृतिकता र सामाजिक एकताबिचको अन्तरसम्बन्ध उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) "बहुजातीयता, बहुसांस्कृतिकता र सामाजिक एकताबिचको अन्तरसम्बन्ध नेपाली समाज हो ।" भन्ने उदाहरण दिँदै प्रष्ट पार्नुहोस् ।

(ख) "नेपाल एक विविधतामा एकता कायम भएको मुलुक हो" यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

पाठ २

# नेपालमा जात प्रथा

शारीरिक बनावट, आकार, प्रकार, स्वरूप, गुण र विशेषताका आधारमा पहिचान गरिएको समूह वा वर्गलाई जात भन्ने गरेको पाइन्छ । पहिलेदेखि यिनै जातजातिसम्बन्धी समाजमा चल्दै आएको रीतिरिवाज, चालचलन र परम्परागत परिपाटीलाई नै जातप्रथा भनिन्छ । जातका आधारमा गरिने कुनै पनि किसिमको भेदभावजन्य क्रियाकलापहरू जातीय विभेद हुन् । वि.सं. २०२० सालमा बनेको मुलुकी ऐनले जातीय भेदभावलाई कानुनी अपराध मानेको थियो । त्यसपछि बनेका संविधानहरूले पनि जातीय भेदभाव र अपहेलनालाई कानुनी रूपमा दण्डित गर्ने प्रावधानको व्यवस्था गरेका थिए । नेपालको संविधानको धारा २४ मा जातप्रथा सम्बन्धमा यसरी उल्लेख गरिएको छ । "उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाका आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्साउने, जात, जाति वा छुवाछुतका आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।" यस्ता प्रयासहरू हुँदाहुँदै पनि हाम्रो समाजबाट अझै पनि पूर्ण रूपमा जातीय भेदभाव तथा अमानवीय एवम् गैरसामाजिक व्यवहारहरू हट्न सकेका छैनन् ।

जातप्रथाको उत्पत्ति सम्बन्धमा विभिन्न अवधारणाहरू पाइन्छन् । तीमध्ये केही अवधारणाहरूको सम्बन्धमा यहाँ प्रस्तुत गरिएको छ :

### (क) जातको दैवी अवधारणा

दैवी उत्पत्तिका आधारमा गरिएको जातीय विभाजनलाई जातको दैवी अवधारणा भनिन्छ । ऋग्वेदमा दैवी अवधारणाका सम्बन्धमा करिब ३००० वर्ष अगि नै प्रस्तुत गरिएको पाइन्छ । यस सिद्धान्तअनुसार ब्रम्हाले समाजलाई सम्हाल्नका लागि आवश्यक पर्ने विभिन्न सामाजिक कार्यहरू गर्नका लागि मानव शरीरको सिर्जना गरेका हुन् भनिन्छ । जात प्रणालीलाई इश्वरीय उत्पत्ति मान्ने यस सिद्धान्तले मौलिक चार वर्ण प्रणाली नै जाति व्यवस्थाको उत्पत्तिको स्रोत मान्छ । यी चारै वर्णहरू सृष्टिकर्ता ब्रम्हाको शरीरबाट उत्पन्न भएका हुन् । यी चार वर्णहरूमा ब्राम्हाणहरू (पुजारी वर्ग) मुखबाट जन्मेका, क्षत्रीयहरू ( योद्धा वर्ग) हातबाट जन्मिएका, वैश्यहरू (वाणिज्य वा व्यापारी वर्ग) तिघ्रा वा जाँघबाट जन्मिएका, शुद्रहरू (श्रमिक वर्ग) खुट्टाबाट जन्मिएका हुन् भन्ने मान्यता राखेको पाइन्छ । यसै विभाजनका आधारमा ब्राम्हाणहरूले मुखबाट जन्म भएको हुनाले ज्ञान बाँड्ने, पूजापाठ गर्ने जस्ता कार्य गर्न थाले । त्यस्तै क्षत्रीयहरूले हातबाट जन्मेका हुनाले राज्य सञ्चालन र सुरक्षाको जिम्मा लिएर बाहुबलका कार्यहरू गर्न थाले । वैश्यहरू तिघ्रा वा जाँघबाट जन्मिएका हुनाले कृषि, वाणिज्य, पशुपालन आदि व्यवसायहरू सञ्चालन गर्ने कार्य गर्न थाले । शुद्रहरू खुट्टाबाट जन्मिएका हुनाले श्रम र सिपसम्बन्धी काम अर्थात् श्रमिक वर्गमा पर्न गए । त्यति वेला कर्मका आधारमा जात विभाजन गरेको देखिन्छ । कर्मका आधारमा ब्राम्हण पनि शुद्र हुन सक्थ्यो र शुद्र पनि ब्राम्हण हुन सक्थ्यो । समाजले यी सबै कामको समान महत्त्व नबुझेकाले जातीय विभेद सुरु भएको देखिन्छ ।

### (ख) जातको शास्त्रीय अवधारणा

ईसापूर्व ३०० देखि २०० सम्मको समयावधिलाई मनुस्मृतिकाल भनिन्छ । यस अवधारणाअनुसार आदिम समाजमा मानिस सबै समान थिए । मानिस मानिसका बिचमा कुनै किसिमको भेदभाव थिएन । पछि विस्तारै वर्ग विभाजन बढ्दै जाँदा छुवाछुत र जातीय विभेद बढ्दै जान थाल्यो । समाजमा बोल्न सक्ने टाठा बाठाहरू सम्पत्ती आर्जन गर्नतिर लागे । सम्पत्ती धेरै हुनेहरूले आफूलाई उपल्लो जाति मान्न थाले । समाजमा धनीहरूको अवस्था बलियो र गरिबहरूको अवस्था कमजोर हुन थाल्यो । सम्पत्ती धेरै हुनेले सम्पत्ती कम हुनेलाई, बलियाले निर्धालाई, टाठा बाठाले सिधा साधालाई हेप्ने, थिचोमिचो गर्ने र श्रम शोषण गर्ने गर्न थाले । समाजमा तिनै टाठाबाठा भनाउँदाले अरूलाई निच देखाउनका लागि आफूलाई उच्च जाति र छुन नहुने भनी नियम बनाए । यसरी काम र श्रमका आधारमा बनाइएको जातीय विभाजनपछि गएर जन्मका आधारमा कायम हुन थाल्यो र उनीहरूका वंशजहरू आफ्ना पुर्खा जुन जातिका छन् त्यहि जातिका भए । पछि विस्तारै तिनै उच्च जाति भनाउँदाले जातीय विभेदका आधारमा आफैं कानुन बनाएर अरूलाई पालना गर्न लगाए ।

यसरी समाज उच्च जाति र निम्न जातिमा विभाजन भएपछि उच्च जातिकाहरू झन् शक्तिशाली बन्दै गए । राज्य सत्ता उनीहरूको हातमा आयो । आर्थिक रूपले कमजोर, युद्धमा हारेकाहरू, सरसफाइ कम गर्नेहरू जस्तालाई शुद्र वर्गमा समावेश गरियो । शुद्रहरू मिलेर एक जुट भएर प्रतिकार गर्नुको साट्टा उनीहरू आफू आफूमा नै छुवाछुतको व्यवहार गर्न थाले । यसो गर्दै जाँदा समाजमा निम्न जातिका मानिसको अवस्था दिन प्रतिदिन दयनीय र कमजोर बन्दै गयो । शुद्रहरूप्रतिको दृष्टिकोण समाजमा झन् नकारात्मक बन्दै गयो । यस्तै क्रम चल्दै जाँदा परम्परा र संस्कृतिका नाममा विभिन्न किसिमका छुवाछुत र विभेदपूर्ण व्यवहारहरूको विकासले भएको देखिन्छ ।

### (ग) व्यवहारजन्य अवधारणा

परम्परादेखि जातीय अवधारणाको रूपमा समाजमा जुन प्रथा परम्परा चल्दै आएको थियो । उक्त व्यवहारलाई नै पछिल्लो पुस्ताले पनि अनुसरण गर्दै आएर समाजमा जुन जातीय विभेद र छुवाछुत गरिएको थियो त्यसलाई नै व्यवहारजन्य अवधारणा भनिन्छ । जन्मका आधारमा आफ्ना बाबुआमा जुन जातिका थिए छोराछोरीलाई पनि त्यही जातको मान्ने परम्परा नै बसेको थियो । त्यति मात्र हो र जन्मको आधारमा पितापुर्खाकै पेसा ग्रहण गर्नुपर्ने प्रचलन बस्दै आयो । जसका कारणले समाजमा निम्न वर्गका मानिस झन् झन् कमजोर बन्दै गए । उनीहरूका राजनीतिक, सामाजिक, आर्थिक अधिकारहरू कुण्ठित हुँदै गए । उच्च जातिबाट निम्न जाति माथि हुने विभेद झन् मौलाउँदै गयो । वि.सं. १९१० मा जङ्गबहादुर राणाको पालामा आएको मुलुकी ऐनले झन् जातीय प्रथालाई प्रोत्साहन गरेको देखिन्छ । यसरी हेर्दा नेपाली समाजमा देखिएको जातप्रथा जैविक वा धार्मिक नभई सामाजिक तथा आर्थिक वर्ग विभाजनको परिणामस्वरूप विकास भएको कुप्रथाका रूपमा मौलाएको देखिन्छ । यही कुप्रथा नै जनमानसमा व्यवहारका रूपमा विकास भएको देखिन्छ ।

### क्रियाकलाप

१. जातीय भेदभाव र छुवाछुत अमानवीय व्यवहार हो यसलाई जरैदेखि उखेलेर फाल्नुपर्छ भन्ने शीर्षकमा वक्तृता तयार गर्नुहोस् ।

२. जातीय भेदभाव हटाउनका लागि नेपालमा भएका कानुनी व्यवस्थाहरू खोजी गरी लेख्नुहोस् ।

## अभ्यास

अति छोटा उत्तर आउने प्रश्नहरू

(क) जातको परिभाषा लेख्नुहोस् ।

(ख) जातप्रथा भन्नाले के बुझिन्छ ?

(ग) जाती प्रथाले पारेको कुनै दुई नकारात्मक प्रभाव उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) जातको उत्पत्ति सम्बन्धमा दैवी अवधारणाको व्याख्या गर्नुहोस् ।

(ख) जातको उत्पत्ति सम्बन्धमा शास्त्रीय अवधारणा उल्लेख गर्नुहोस् ।

(ग) जातको उत्पत्ति सम्बन्धमा व्यवहारजन्य अवधारणाको प्रस्तुत गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) जातको उत्पत्ति सम्बन्धमा भएका विभिन्न अवधारणाको छोटकरीमा व्याख्या गर्नुहोस् ।

## पाठ ३ जाति जनजाति

### जात, उपजात र आर्थिक विस्तार

जात शब्दलाई अङ्ग्रेजीमा Caste भनिन्छ । Caste शब्द अङ्ग्रजी र पोर्चुगिज शब्दबाट आएको हो । Caste को अर्थ वंश वा जाति हुन्छ । अर्थात यसलाई बृहत् शब्दकोशमा जात भनेको वंश, परम्परा, आकृति, बनोट, बासस्थान आदिका आधारमा विभाजित मनुष्यको वर्गलाई जात मानेको छ । यस्ता जातजातिहरू विशेष प्रकारको धर्म, संस्कार, संस्कृति, मूल्यमान्यता, विश्वास, आस्था, परम्परा चालचलन र सामाजिक अवस्थाका आधारमा बाँधिएका हुन्छन् । नेपालमा जातजाति जन्मका आधारमा स्थापित हुन्छन्, जस्तैः आर्य, मङ्गोल । नेपाल एक बहुजातीय मुलुक हो । वि.सं. २०७८ सालको जनगणनाअनुसार १४२ जातजातिहरू रहेका छन् । सामान्यतया मङ्गोल जातजातिको नाक थेप्चो र कसिलो शारीरिक बनोट हुन्छ । जस्तै गुरुङ तामाङ मगर, राई, लिम्बु शेर्पा आदि जनजातिहरू मङ्गोल हुन् । त्यस्तै आर्यहरू हेर्दा नाक चुच्चो र आँखामा पलक परेका हुन्छन्, जस्तैः ब्राह्मण, क्षेत्री, दलित आदि आर्यअन्तर्गत पर्छन् ।

जातको एक वा सोभन्दा बढी प्रकार र मान्यताहरू अनुसरण गर्ने झुन्डलाई उपजात भनिन्छ । अर्थात् विभिन्न भौगोलिक प्रदेशमा बस्ने उही जातका मानिस बिचको विभाजन उपजात हो । ब्राम्हाण, क्षेत्रीय, वैश्य, शुद्र सबैमा उपजातहरू रहेका छन् । उदाहरणका लागि ब्राम्हाणभित्रका उपजातहरू पूर्वीया, कुमाइ, कान्यकुब्ज, गौर आदि रहेका छन् । त्यस्तै क्षत्रीयभित्रका उपजातहरू थापा, क्षेत्री, बस्नेत, कुँवर आदि छन् । वैश्यभित्रका उपजातहरू गुरुङमा चारघरे, बाह्रघरे, लामा, लामिछाने, घले, घोताने आदि छन् । शुद्रमा पनि यस्तै मिजार, लोहार, परियार, गन्धर्व आदि उपजातहरू रहेका छन् । यी उपजातहरूमा पनि आपसी स्तर कायम भएको देखिन्छ, जस्तैः पूर्वीया ब्राम्हाणहरूले आफूलाई कुमाइ, कान्यकुब्ज र गौर ब्राम्हाणभन्दा उच्च मान्छन् । यसप्रकार वैदिक तथा पौराणिक समाजबाट वर्ण हुँदै जात वा उपजातको सिर्जना भएको पाइन्छ ।

जात उपजातको विभाजन कामका आधारमा भएसँगै आर्थिक विस्तार पनि कामकै आधारमा भएको पाइन्छ । जातजातिअनुसार पेसाको विभाजन भएको थियो । जातीय पेसा भएकै कारणले भावी पुस्ताले पनि त्यही पेसा अँगाल्नुपर्ने हुन्थ्यो, जस्तैः ब्राम्हाणको काम अध्ययन, अध्यापन तथा ज्ञानको आदान प्रदान थियो । यसले गर्दा ब्राम्हाणको समाजमा आर्थिक र सामाजिक अवस्था उच्च थियो । त्यस्तै क्षत्रीयहरू पनि युद्ध, राजनीति तथा प्रशासनिक कार्यमा लाग्ने भएकाले उनीहरूको पनि सामाजिक र आर्थिक अवस्था दुवै राम्रो थियो । क्षत्रीयहरूले कर समेत सङ्कलन गर्ने भएकाले आर्थिक अवस्था त झन् उच्च नै थियो । वैश्यहरू पनि कृषि, व्यापार, पशुपालन गर्ने तथा खानीमा काम गर्ने हुनाले उनीहरूको पनि आर्थिक अवस्था राम्रो थियो तर शुद्र जातिहरूले अन्य जातिहरूको सेवाका लागि काम गर्नुपर्ने हुन्थ्यो त्यसैले शुद्रको सामाजिक र आर्थिक अवस्था निम्नस्तरको थियो ।

## जनजाति

जाति र जनजातिका बिचमा भिन्नता छुट्ट्याउने स्पष्ट आधारहरू त छैनन् । सामान्यतया आदिवासी जनजाति भन्नाले आफ्नै धर्म, भाषा, संस्कृति परम्परा एवम् रीतिरिवाज भएका र कुनै निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने जातिलाई जनजाति भनिन्छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ का अनुसार आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परा, रीतिरिवाज छुट्टै सामाजिक पहिचान छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय सम्झनुपर्छ भनी उल्लेख गरिएको छ । नेपालका विभिन्न ठाउँमा जनजातिहरू यत्रतत्र छरिएर रहेका पाइन्छन्, जस्तै: काठमाडौँ उपत्यकामा नेवारहरू छरिएर रहेका छन् । त्यस्तै पूर्वी पहाडी जिल्लामा राई लिम्बुहरू, शेर्पाहरूको मुख्य बसोबासको क्षेत्र हिमाली क्षेत्र हो भने गुरुङ मगरहरू पहाडी जिल्लाहरूमा छरिएर रहेको पाइन्छ । बिगतमा नेपालमा जातजातिका आधारमा भेदभाव गर्ने गरिन्थ्यो । त्यसैले अधिकांश आदिबासी जनजातिहरू सामाजिक, आर्थिक र राजनीतिक अवस्थाबाट पिछडिएको अवस्थामा थिए भने पछिल्लो समयमा लोकतन्त्रको स्थापनासँगै जातीय भेदभाव अन्त्य गर्न संवैधानिक एवम् कानुनी व्यवस्था गरिएकाले सबैले आफ्नो पहिचान कायम गरी राष्ट्रिय मूलधारमा समावेश हुने अवसर पाएका छन् ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले ५९ आदिवासी जनजातिको पहिचान गरी तिनलाई कानुनी मान्यता प्रदान गरेको छ ।

| | वर्गीकृत समूहहरू | ५९ आदिवासी जनजातिहरू |
|---|---|---|
| (क) | विकसित समूह | नेवार, थकाली |
| (ख) | सुविधाबाट बञ्चित समूह | गुरुङ, मगर, राई, लिम्बु, छैरोतन, ताङ्बे, तीनगाउँले, थकाली, बाह्रगाउँले, मार्फाली, थकाली, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, ब्यासी, ह्योल्सो |
| (ग) | सीमान्तकृत | सुनुवार, काँइच, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गल्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, तोप्केगोला, डोल्पो, फ्री मुगाल, लार्के, ल्होपा, दुरा, बालुङ |
| (घ) | अति सीमान्तकृत समूह | माझी, सियार, ल्होमो, थुदाम, धानुक, चेपाङ, सन्थाल, थामी, झागड, बोटे, दनुवार, बराम |
| (ङ) | लोपोन्मुख समूह | कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, कुशबाडिया |

नेपाल सरकारले २०७७ जेठ ५ मा रानाथारु लाई आदिवासी जनजातिको सूचीमा सूचीकृत गरेको छ । त्यसपछि आदिवासी जनजातिको सङ्ख्या ६० पुगेको छ ।

## पहिचान

नेपाली शब्दकोशका अनुसार पहिचान भन्नाले परिचय वा चिनारीलाई बुझाउँछ । एक व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहलाई चिन्ने आधार भनेकै पहिचान हो । कुनै पनि व्यक्ति वा समूहको आआफ्नै पहिचान हुन्छ । हरेक व्यक्तिले आफ्नो पहिचानकै लागि काम गर्छ, जस्तै : नाम, वंश, लिङ्ग, जाति, धर्म, भौगोलिक क्षेत्र, पेसा, पद, राष्ट्रियता, आदि पहिचानका आधारहरू हुन्, जस्तै : राम भन्ने एक जना व्यक्तिलाई यसरी विभिन्न आधारहरूबाट पहिचान गराउन सकिन्छ ।

राम उसको नाम भयो । राम हरिबहादुर र गीतामायाको छोरा हुन् । उनी नेपाली नागरिक हुन् । उनको जात गुरुङ हो । रामले हिन्दु धर्म मान्छन् । उनी बाग्मती प्रदेशको काभ्रे जिल्लामा बस्छन् । काभ्रे जिल्ला पहाडी प्रदेशमा पर्छ । राम सरकारी वकिल हुन् ।

यसरी एउटा व्यक्तिलाई एउटा मात्र आधारबाट पहिचान गरिन्छ भने त्यो एकल पहिचान हो र एकभन्दा बढी आधारबाट पहिचान गरिन्छ भने त्यो बहुपहिचान हो । हरेक व्यक्ति बहुपहिचानबाट नै चिनिन्छ तर ठाउँ वा समयअनुसार उसको पहिचान पनि फरक फरक हुन सक्छ ।

## मानव अधिकार

नेपालको कुल जनसङ्ख्याको एक तिहाइभन्दा बढी जनजाति भए तापनि उनीहरू राज्यको स्रोत, राजनीतिक अधिकार तथा आर्थिक अवसरको पहुँचबाट बञ्चितीकरणमा परेको अवस्था थियो । यसै मुद्दालाई मध्यनजर गर्दै वि.सं. २०६३ सालमा लोकतन्त्र स्थापनापछि यस सम्बन्धमा आवाजहरू उठ्न थाले । त्यसपछि नेपालको संविधानमा नै जनजातिका हक अधिकार सुनिश्चित गर्नका लागि जनजातिहरूले आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र प्रवर्धन गर्न पाउने अधिकारको व्यवस्था गरिएको छ । आदिवासी जनजातिलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुन पाउने हकको व्यवस्था गरिएको छ । आदिवासी जनजाति नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि विशेष व्यवस्था गर्न सकिने व्यवस्था पनि संविधानमा नै उल्लेख गरिएको छ । त्यस्तै संविधानमा आदिवासी जनजाति आयोगको पनि व्यवस्था गरिएको छ ।

## समावेशीकरण

विभिन्न अवसरबाट बञ्चितिकरणमा परेका वर्गलाई राष्ट्रिय मूलधारमा समाहित गर्ने प्रक्रियालाई समावेशीकरण भनिन्छ । अर्थात् सामाजिक, आर्थिक, राजनीतिक रूपले पछाडि परेका विभिन्न जातजाति, वर्ण, भाषा, क्षेत्र, लिङ्ग एवम् सांस्कृतिक पृष्ठभूमिका मानिसलाई राज्यले प्रदान गर्ने सेवा, सुविधा, रोजगारीलगायत विभिन्न अवसरमा न्यायोचित रूपमा समावेश गरी मूल प्रवाहीकरण गर्ने प्रक्रियालाई समावेशीकरण भनिन्छ । देशको राज्य संयन्त्र तथा शासन व्यवस्था सञ्चालनमा यस्ता कुराहरूको सुनिश्चितता गरिनुपर्छ । यसका लागि राज्यले छुट्टै नीति तथा कार्यक्रमहरू ल्याई कार्यान्वायनमा जोड दिइनु पर्छ । समावेशी समाज निर्माणका लागि निम्नलिखित उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१. सबै जातजाति, लिङ्ग, पहिचान भएका व्यक्ति वा समुदायलाई राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्व हुने परिपाटी सुनिश्चित गर्ने

२. सामाजिक तथा आर्थिक दृष्टिले पछाडि परेका वर्गलाई राज्यले विभिन्न अवसरहरूमा उचित स्थान सुनिश्चित गर्ने

३. सबै जाति, भाषा, धर्म र लिङ्गका व्यक्तिको पहिचानलाई सम्मान गर्ने

४. अपहेलित, पिछडिएका, अशक्त र अपाङ्गहरूका लागि विशेष अवसर प्रदान गर्ने

५. विकास निर्माणको योजना निर्माण र कार्यान्वायनमा सबैको सहभागिता सुनिश्चित गर्ने

६. धार्मिक, सांस्कृतिक र सामाजिक सहिष्णुता र सद्भाव कायम गरी सामाजिक एकताका लागि पहल गर्ने

### क्रियाकलाप

१. आफू बस्ने समुदायमा रहेका विभिन्न जनजातिहरूको सूची तयार पारी उनीहरूका प्रमुख चाडपर्व, वेशभूषा र आर्थिक गतिविधिका बारेमा वर्णन गर्नुहोस् ।

२. आदिवासी जनजातिका सम्बन्धमा आदिवासी जनजाति आयोगको वेबसाइट वा अन्य स्रोत सामाग्रीका माध्यामबाट सूचना सङ्कलन गर्नुहोस् ।

३. संविधानमा जनजाति र समावेशिताका सम्बन्धमा भएका व्यवस्थाहरू अध्ययन गरी टिपोट गर्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) जात भन्नाले के बुझिन्छ ?

(ख) उपजात भनेको के हो ?

(ग) जनजाति भनेको के हो ? उदाहरणसहित लेख्नुहोस् ।

(घ) एउटा व्यक्तिको पहिचान कुन, कुन आधारमा गर्न सकिन्छ ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) समावेशीकरणको अवधारणाले पिछडिएका वर्गलाई कसरी राष्ट्रिय मूलधारमा समाहित गर्न सक्छ, उल्लेख गर्नुहोस् ।


(ख) जात, उपजात र तिनीहरूको आर्थिक विस्तार सम्बन्धमा उल्लेख गर्नुहोस् ।

(ग) पहिचान भन्नाले के बुझिन्छ ? व्यक्तिको एकल पहिचान र बहुपहिचानका सम्बन्धमा छोटकरीमा उल्लेख गर्नुहोस् ।

(घ) समाजमा जातीय र क्षेत्रीय विविधताका कारण प्राप्त हुने अवसरहरूको सूची तयार गर्नुहोस् ।

## पाठ ४ दलित सवाल

दलित भन्नाले हिन्दु वर्णाश्रमको सबैभन्दा तल्लो श्रेणी अर्थात् शुद्र जातिमा पर्ने सामाजिक समूहलाई जनाउँछ । नेपाली बृहत् शब्दकोशअनुसार दलित शब्दको अर्थ समाजका कथित उच्चवर्गको थिचोमिचोमा परेका तथा इज्जतबाट वञ्चित जाति वा वर्ग भन्ने बुझिन्छ । हिन्दु वर्णाश्रम जाति व्यवस्थामा, वि.सं. १९१० को मुलुकी ऐनबाट "पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाति भनी जातीय भेदभाव एवम् समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रूपमा राज्यको मुल प्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित वर्ग भन्ने गरिएको छ ।"



दलितको सम्बन्धमा इतिहासलाई हेर्दा एकथरी मानिस पेसाका आधारमा र अर्काथरी मानिस युद्धमा हारेका कारणले दलित वा शुद्र बन्न पुगेको देखिन्छ । यसलाई पछि समय समयमा कानुन र नियमहरू बनाउँदै कुनै जातलाई तल्लो र कसैलाई माथिल्लो जातमा रूपान्तरण गर्ने काम राज्य वा समाजले गऱ्यो । विगतमा दलित भन्ने शब्द प्रचलनमा थिएन । अछुत, तल्लो जात, पानी नचल्ने जात जस्ता शब्दहरू प्रयोग गरिन्थे । वि.सं. २०२४ सालमा "नेपाल राष्ट्रिय दलित जनविकास परिषद्" को गठन भएपछि दलित शब्द प्रचलनमा आएको हो । वास्तवमा आर्थिक रूपले शोषित, राजनीतिक रूपले उपेक्षित सामाजिक रूपले विभेदमा परेका तथा मनोवैज्ञानिक रूपले दमित हुँदै आएका समुदाय नै दलित हुन् । यो वर्ग सामाजिक असमानताका कारणले पछाडि परेको वर्ग हो ।

राष्ट्रिय दलित आयोगकाअनुसार नेपालमा दलित जातिको सङ्ख्या २६ रहेको छ । जसमध्ये पहाडी दलित ७ र तराईका दलित १९ रहेका छन् । नेवारी दलित पनि रहेका छन् तर यिनिहरूलाई राष्ट्रिय जनगणनामा नेवार समूहमा नै गणना गरिएको थियो ।

दलित वर्ग समाजमा दैनिक एवम् व्यावसायिक रूपले प्रयोग हुने वस्तुहरूको निर्माणकर्ता वा आविष्कारक हुन् किनभने अहिले विभिन्न विश्वविद्यालयहरूमा लाखौं खर्च गरेर हाँसिल हुन नसकेका ज्ञान तथा सिप उनीहरूले परम्परागत पुख्यौंली पेसाका आधारमा गर्दै आएका छन् । यिनीहरूले आफ्ना विशेष किसिमका दक्षता र कलाकौशलबाट सङ्गीत, नृत्य, वस्त्र, सौन्दर्य, वातावरण तथा धातुका क्षेत्रमा समाजलाई समृद्ध बनाउँदै आएका छन् । उनीहरूले आफ्नो परम्परागत पेसालाई व्यावसायिक भन्दा पनि सेवामूलक बनाएकाले प्रशस्त मात्रामा आर्थिक आर्जन गर्न सकेनन् । उनीहरूले थप वृत्ति विकासको अवसर पनि पाएनन् । उनीहरूमाथि भएको दमन, विभेद, हेपाई र आत्मसम्मानको अभावका कारणले आफ्नो क्षमता र प्रतिभालाई दबाएर राख्न बाध्य भए । दलितका समस्याहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

१. छुवाछुत तथा भेदभाव कायम हुनु, शिक्षामा पहुँच नहुनु

२. परम्परागत पेसालाई चाहेर पनि निरन्तरता दिन नसक्नु

३. रोजगारीको अवसरबाट बञ्चित हुनु

४. राजनीतिक एवम् प्रशासनिक क्षेत्रका नीतिनिर्माण र कार्यान्वायन गर्ने निकायमा समानुपातिक उपस्थितिको व्यवस्था नहुनु

नेपालमा दलित जनसङ्ख्याको अवस्था

| क्षेत्र | समूह |
|---|---|
| पहाडी मूल | ७ |
| मधेसी मूल | १९ |
| जम्मा | २६ |

## दलित अधिकार सम्बन्धमा कानुनी तथा संवैधानिक व्यवस्था

१. वि.सं. २०६३ जेठ २१ गते नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा

२. जातीय छुवाछुत तथा भेदभाव ऐन २०६८ जारी

३. नेपालको संविधानमा राष्ट्रिय दलित आयोगको व्यवस्था

४. नेपालको संविधानमा मौलिक हकअन्तर्गत समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, दलितको हक, सामाजिक न्यायको हक आदिद्वारा दलितलाई हक अधिकार प्रदान गर्ने प्रयास गरिएको जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ मा निम्नानुसारको व्यवस्था रहेको छ :

### १ कसुरसम्बन्धी व्यवस्था

कसैले पनि जातीय भेदभाव तथा छुवाछुतको व्यवहार गर्न गराउन नहुने व्यवस्थालाई जोड दिइएको छ । यस ऐनले कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जातजाति, वंश, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै काम गरे वा गराएमा जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गरेको मानिने छ भनी किटान गरेको छ । यसलाई ऐनको उपदफा २ देखि १३ सम्म व्यवस्थित गरिएको छ ।

### २. सजायसम्बन्धी व्यवस्था

निम्नानुसारका भेदभावपूर्ण कार्य गरेमा कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र पचास हजारदेखि दुई लाख रुपियाँसम्म जरिवाना हुन सक्ने छ ।

(क) कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जातजाति, वंश, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव गरेमा

(ख) सार्वजनिक वा निजी स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गरेमा वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाएमा

(ग) व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्कासन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गरेमा

(घ) सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गरेमा

(ङ) सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रूपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गरेमा

(च) कसैले पनि जातीय छुवाछुत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कुनै कार्य गरेमा वा त्यस्तो कुनै क्रियाकलापमा जानी जानी सहभागी भएमा

(छ) कुनै पनि पेसा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेसा वा व्यवसाय गर्न बाध्य पारेमा

(ज) कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गरे वा गराएमा निजामती, सेना, प्रहरीलगायत सरकारी सेवामा समावेशीकरणका लागि दलितलाई निम्नअनुसार आरक्षणको व्यवस्था गरिएको छ ।

| आरक्षणको क्षेत्र | आरक्षणतर्फको ४५% लाई १००% मानिएको |
|---|---|
| निजामती सेवा | ९% |
| शिक्षक सेवा | ९% |
| प्रहरी सेवामा | १५% |
| सशस्त्र प्रहरी सेवामा | १५% |
| सैनिक सेवामा | १५% |

*स्रोत : निजामती ऐन, शिक्षक सेवा नियमावली, नेपाल प्रहरी तथा सैनिक सेवा नियमावली*

परम्परागत रूपमा जरा गाडेर बसेको जातीय भेदभाव र त्यसका कारण उत्पन्न दलितका अवस्थामा सुधार ल्याउन भएका यी प्रयासहरू पर्याप्त त छैनन् तर यिनले पारेको सकारात्मक प्रभावलाई आत्मसात् गर्नुपर्छ । यति हुँदाहुँदै पनि दलितका कतिपय समस्याहरू यथावत् नै देखिन्छन् । केही सहरी क्षेत्रमा बाहिरी रूपमा छुवाछुत र भेदभावमा कमी आएको देखिए तापनि ग्रामीण क्षेत्रमा अझै पुरानै रूपमा सो समस्या कायम रहेको देखिन्छ । दलित माथि गरिने अमानवीय र विभेदपूर्ण व्यवहार पनि हाम्रो समाजको सामाजिक समस्या नै हो । यस्ता समस्याहरूको समाधानको सुरुआत हरेक व्यक्तिले आफैँबाट सुरु गर्नुपर्छ ।

### क्रियाकलाप

१. "छुवाछुत अमानवीय र गैरकानुनी कार्य हो " भन्ने कुरालाई पुष्टि गर्दै सचेतनामूलक लेख तयार गर्नुहोस् ।

२. "दलित हुनु सामाजिक विभेदको परिणति हो ।" त्यसलाई आधार मानेर संवाद तयार गर्नुहोस् ।

३. पाठ्यपुस्तकमा दिइएका बाहेकका दलित अधिकार सम्बन्धमा बनेका कानुनी तथा संवैधानिक व्यवस्थाहरू खोजी गरी लेख्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) दलित भन्नाले के बुझिन्छ ?

(ख) तपाईँको विचारमा हाम्रो समाजबाट छुवाछुत प्रथा हटाउनका लागि के गर्नुपर्ला ? एक वाक्यमा लेख्नुहोस् ।

(ग) नेपालमा दलित शब्दको प्रयोग सबैभन्दा पहिले कहिले भएको थियो ?

(घ) नेपाललाई कानुनी रूपमा छुवाछुतमुक्त राष्ट्र भनेर कहिले घोषणा गरिएको हो ?

(ङ) राष्ट्रिय दलित आयोगअनुसार नेपालमा दलित जातिको सङ्ख्या कति रहेको छ ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) दलितको उत्पत्ति सम्बन्धमा हिन्दु वर्ण व्यवस्था र व्यवहारको आधारमा लेख्नुहोस् ।

(ख) दलितको अधिकार सम्बन्धमा भएका कानुनी व्यवस्थाहरू उल्लेख गर्नुहोस् ।

(ग) छुवाछुत र कसुर सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ ? विश्लेषण गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) 'दलित हुनु सामाजिक विभेदको परिणति हो । त्यसलाई आधार मानेर आफ्नै दाजुभाइ दिदीबहिनीहरू माथि भेदभाव गर्नु दण्डनीय छ भनी छुवाछुत विरुद्ध जनचेतना जगाउने सन्देश दिँदै कुनै एउटा पत्रिकाका लागि सम्पादकीयको नमुना तयार गर्नुहोस् ।

*सम्पादकीयको नमुना*

**सम्पादकीय**

मिति : २०७९/१२/१५

छुवाछुत विरुद्धको जनचेतना

गोरखापत्र राष्ट्रिय दैनिक

नेपालमा दलित जाति माथि गरिने छुवाछुत शोषण र उत्पिडनको इतिहास निकै लामो छ । अझै पनि कतिपय समाजमा जातिप्रथा, भेदभाव र दमन संस्थागत रूपमा नै एकाधिकार जमाएर रहेको देखिन्छ । यसरी मानिसलाई मानिसले नै विभेद गरी अरू मानिस सरह बाँच्न नदिने र उचित व्यवहार नगर्ने सामाजिक कुरीतिलाई मानव अधिकारको उल्लङ्घन मान्न सकिन्छ । सन् १९९० को दशकपछि संयुक्त राष्ट्रसङ्घलगायत अन्य अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले जातिका आधारमा असमान व्यवहारलाई मानव अधिकारको उल्लङ्घन मुद्दा बनाइएको थियो । यी संस्थाहरूले मानव जाति बराबर हुन् र सबैले समान आदर, सम्मान र अधिकार पाउनुपर्ने कुरामा जोड दिएका छन् ।

पछिल्ला वर्षहरूमा नेपालमा दलित समुदायको हकहित र अधिकारका सम्बन्धमा क्रमिक सुधार भएको देख्न सकिन्छ । नेपालको संविधानले जातका आधारमा भेदभाव गर्नेलाई कानुनबमोजिम दण्ड सजाय तोकेको छ । त्यस्तै नेपाल सरकारले अन्तर्राष्ट्रिय प्रतिद्धताप्रति पनि समर्थन जनाएको छ । मुलुकी अपराध संहिता ऐन २०७४ ले जातजातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गरे वा गराएमा सो व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय तोकेको छ । यति हुँदाहुँदै पनि दलित माथि हुने भेदभाव विशेष गरी ग्रामीण समाजमा अझै पनि अवशेष रहेको पाइन्छ । दलित समुदायका व्यक्तिहरूले दैनिक जीवनमा विभिन्न समस्याहरू भोग्नुपरेका घटनाहरू पनि वेलाबखतमा सुनिन्छन् । रोजगारीको अवस्थाबाट बञ्चित हुनु, दलित भएकै कारणले विद्यालय कार्यस्थल वा अन्य सार्वजनिक स्थल वा समारोहमा बेवास्ता, अपहेलना र अपमान सहनुपर्ने, राजनीतिक वा प्रशासनिक क्षेत्रमा वा नीति निर्माण तहमा पहुँच कम हुनु आदि जस्ता भेदभावको सिकार बन्नुपरेको अवस्था छ । यसरी जातका आधारमा ठुलो वा सानो भनेर गरिने भेदभाव वा मानसिक दुरुत्साहनको अन्त्य गर्ने अत्यन्त महत्त्वपूर्ण उपाय भनेकै जनचेतना हुन सक्छ । त्यस्तै गरी विद्यालय तहको पाठ्यक्रममा जातीय व्यवस्थाको मर्म र महत्त्वका बारेमा अध्ययन अध्यापन गराउन आवश्यक देखिन्छ । त्यसै गरी छुवाछुत तथा जातीय भेदभाव विरुद्ध जनचेतना जगाउने गीत, कविता, नाटक जस्ता गतिविधि वा कार्यक्रम स्थानीय स्तरमा आयोजना गर्न सकिन्छ । त्यसैगरी छुवाछुत वा जातीय भेदभाव विरुद्ध बनेका कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वायनमा जोड दिनुपर्ने देखिन्छ ।

(ख) दलितका समस्याहरू पहिचान गरी समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

# एकाइ ८ संविधान र नागरिक चेतना

## सिकाइ उपलब्धि


१. नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको संविधानको प्रस्तावनाको तुलना गर्न

२. नेपालको संविधानका राजनीतिक, कानुनी, आर्थिक र सांस्कृतिक विशेषता उल्लेख गर्न

३. नेपालको संविधानले व्यवस्था गरेको निर्वाचन प्रणालीका विश्लेषण गर्न

४. राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सुरक्षाको अवधारणा प्रस्तुत गर्न






# पाठ १ नेपालको संविधान विगत र वर्तमान

देशको मूल कानुनलाई संविधान भनिन्छ अर्थात् राज्य सञ्चालनको मार्गनिर्देशक दस्तावेज नै संविधान हो । बृहत् नेपाली शब्दकोशले संविधान शब्दको अर्थ- "राज्य, राष्ट्र, कुनै उच्च संस्था आदिको सङ्गठन, विघटन, सञ्चालन, स्थगन आदिको व्यवस्था गर्ने नियमहरू लेखिएको मूल विधान वा मूल कानुन, देशका सम्पूर्ण ऐनकानुनको मूल स्रोत" भनेको छ । संविधानमा उल्लेख गरिएका व्यवस्थालाई पालना गर्नु हामी सबै नागरिकको कर्तव्य हो । नेपालको संविधानको ऐतिहासिक विकासक्रमलाई हेर्ने हो भने वि.सं. २००४ देखि हालसम्म सातओटा संविधान बनिसकेका छन् । नेपालमा हालसम्म जारी भएका संविधानहरू निम्नअनुसार रहेका छन् :

नेपालका संविधानहरू २००४ - २०७२ सम्म

१. नेपाल सरकार वैधानिक कानुन २००४
२. नेपालको अन्तरिम शासन विधान २००७
३. नेपाल अधिराज्यको संविधान २०१५
४. नेपालको संविधान २०१९
५. नेपाल अधिराज्यको संविधान २०४७
६. नेपालको अन्तरिम संविधान २०६३
७. नेपालको संविधान




कुनै पनि पुस्तकको अगाडिको कुनै पृष्ठमा हाम्रो भनाई, प्राक्कथन, भूमिका वा यस्तै शीर्षकअन्तर्गत केही कुराहरू लेखिएको हुन्छ । तपाईंहरूको पाठ्यपुस्तकमा पनि हाम्रो भनाइ खण्ड राखिएको हुन्छ । पुस्तकको यस खण्डमा यो पुस्तक कसका लागि किन तयार गरिएको हो । यस पुस्तकभित्र के कस्ता विषयवस्तुहरू समेटिएका छन् जस्ता विषयहरूमा जानकारी राखिएको छ । ठिक यसरी नै कुनै पनि संविधानको अगिल्लो पृष्ठमा सो संविधानभित्र के कस्ता प्रावधानहरू राखिएका छन्, संविधानले के कस्ता मूलभूत विशेषताहरू समेटेको छ भन्ने जस्ता जानकारीहरू राखिएको हुन्छ । संविधानको यस खण्डलाई प्रस्तावना (Preamble) भनिन्छ । प्रस्तावना भनेको संविधानका मूलभूत पक्षको सार हो ।

### नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावना

स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता नै हो भन्ने तथ्यलाई हृदयङ्गम गरी लोकसम्मति अनुकूल शासन व्यवस्था सञ्चालन गर्ने सङ्कल्प हामीबाट समय समयमा अभिव्यक्त गरिबक्सेको र नेपाली जनताले केही समयअगि भएको जनआन्दोलनका माध्यमबाट संवैधानिक परिवतर्न गर्ने इच्छा व्यक्त गरेकाले सोअनुरूप नेपाली जनतालाई

चिरकालपर्यन्त सामाजिक, राजनीतिक एवम् आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई,

प्रत्येक नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताका आधारमा नेपाली जनताका बिच भातृत्व र एकता कायम गरी बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्न र स्वतन्त्र र सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्न नेपाली जनताको व्यापक सहभागिताबाट बनाइएको यस संविधानलाई घोषित गरी लागु गर्न वाञ्छनीय भएकाले, नेपाली जनताको इच्छाअनुसारको यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौम अधिकार यसै संविधानबमोजिम प्रयोग हुने गरी हामीबाट प्रयोग भई आएको राजकीय सत्ताको प्रयोग गरिबक्सी मन्त्रिपरिषद्को सल्लाह र सम्मतिअनुसार हामी श्री ५ महाराजधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट यो नेपाल अधिराज्यको संविधान घोषणा गरी लागु गरिबक्सेका छौँ ।

## नेपालको संविधानको प्रस्तावना

हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता, नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवम् सहिदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै, सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै :

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विवधितायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यामद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौँ ।

## नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको संविधानको प्रस्तावनाको तुलना

नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको संविधान २०७२ सालमा जारी दुई संविधान फरक राजनीतिक र सामाजिक पृष्ठभूमिबाट जारी गरिएका संविधान हुन् । झन्डै २५ वर्षको अन्तरालमा यी दुई संविधान निर्माण र लागु गरिएका छन् । ३० बर्से लामो पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनःस्थापना भएलगतै नेपाल अधिराज्यको संविधान २०४७ निर्माण गरिएको थियो । संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र यस संविधानका मूलभूत पक्षहरू हुन् । राजतन्त्रलाई संवैधानिक परिधिभित्र बाँधेर नेपाली जनतालाई सार्वभौमसत्ता र राजकीय सत्ताका रूपमा स्थापित गर्नु नै यस संविधानको मुख्य उद्देश्य हो ।

अर्कोतिर नेपालको संविधान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्ने क्रममा नेपालमा पहिलो पटक संविधान सभाबाट जारी गरिएको पहिलो संविधान हो । यिनै विशेषताका आधारमा नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको संविधानको प्रस्तावनाको बिचमा देखिएका समानता र भिन्नतालाई यहाँ प्रस्तुत गरिएको छ ।

### प्रस्तावनामा समानता

१. दुवै संविधानमा जनतामा निहित सार्वभौमसत्ताको प्रावधान राखिएको

२. ऐतिहासिक आन्दोलनमार्फत जनताले अभिव्यक्त गरेका इच्छाहरूको परिणाम स्वरूप प्राप्त भएको र सम्मान गरिएको ।

३. स्वतन्त्र र सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानुनी राज्यको स्थापना गर्ने भनी उल्लेख गरिएको

४. बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था एवम् वालिग मताधिकारको प्रावधान राखिएको

५. नागरिकको आधारभूत मानव अधिकारको प्रत्याभूति गरिएको

६. स्वतन्त्रता र समानतामा आधारित समाजको निर्माण गर्ने कुरा उल्लेख गरिएको

७. नेपाली जनताको विकास, परिवर्तन र स्थायित्वको सम्मान गरिएको

### प्रस्तावनामा भिन्नता

नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको संविधानको प्रस्तावनाबिचमा देखिएका भिन्नताहरू निम्नअनुसार प्रस्तुत गरिएको छ :

| नेपाल अधिराज्यको संविधान २०४७ | नेपालको संविधान |
| --- | --- |
| १. तत्कालीन राजा वीरेन्द्रबाट घोषणा गरी लागु गरिएको | १. संविधान सभाबाट पारीत गरी राष्ट्रपतिबाट जारी गरिएको |
| २. संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्था सुदृढीकरण गर्ने | २. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्ने |

| | |
|---|---|
| ३. समानताका आधारमा नेपाली जनताकाबिच भातृत्व र एकता कायम गर्ने | ३. बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता कायम गर्ने |
| ४. समावेशी सिद्धान्त र समतामूलक समाजको आत्मसाथ नगरेको | ४. समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उल्लेख भएको |
| ५. नेपाल एकमात्र हिन्दु अधिराज्य हो भन्ने कुरा उल्लेख गरिएको | ५. नेपाललाई धर्म निरपेक्ष राज्यका रूपमा स्थापित गरिएको |

### क्रियाकलाप

सम्पर्क कक्षामा सहभागी साथीहरू दुई समूहमा विभाजन गर्नुहोस् र एउटा समूहले नेपाल अधिराज्यको संविधान २०४७ र अर्को समूहले नेपालको संविधानको प्रस्तावनाका बारेमा छलफल गरी टिपोट गर्नुहोस् र पालैपालो प्रस्तुतीकरण गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) संविधान भनेको के हो ?

(ख) नेपालको संविधानलाई किन जनताको संविधान भनिएको हो ?

(ग) संविधानको प्रस्तावना भनेको के हो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा हालसम्म लागु भएका संविधानको सूची बनाउनुहोस् ।

(ख) वर्तमान संविधानको प्रस्तावनामा उल्लेख भएका मूलभूत पक्षहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको संविधानको प्रस्तावनाबिचमा देखिएका समानताहरू उल्लेख गर्नुहोस् ।

(घ) नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको संविधानको प्रस्तावनाबिचमा देखिएका भिन्नताहरू उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

१. नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको संविधानको प्रस्तावनाका बिचमा देखिएका समानता र भिन्नताहरूको तुलना गर्नुहोस् ।

## पाठ २ वर्तमान संविधानको राजनीतिक, कानुनी, आर्थिक र सांस्कृतिक विशेषता

नेपालको संविधान वि.सं. २०७२ साल असोज ३ गते संविधान सभाबाट जारी गरी लागु गरिएको पहिलो संविधान हो । यो संविधानमा ३५ भाग, ३०८ धारा र ९ ओटा अनुसुची छन् । सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई संस्थागत गर्ने क्रममा नेपालको संविधान जारी गरिएको हो । यो संविधान जारी हुँदाका बखत राष्ट्रपतिमा डा. रामवरण यादव, प्रधानमन्त्रीमा सुशील कोइराला र संविधान सभाको अध्यक्षमा सुवासचन्द्र नेम्वाङ्ग हुनुहुन्थ्यो । यस संविधानले नेपाली जनताको सर्वोत्तम हित गर्ने आशा गरिएको छ । नेपालको संविधानले नेपाली जनताका राजनीतिक, कानुनी, आर्थिक र सांस्कृतिक अधिकारको संरक्षण गर्दै नेपाललाई एक सार्वभौम र समृद्ध राष्ट्रका रूपमा सञ्चालन गर्न विशेष भूमिका निर्वाह गर्ने छ ।

### राजनीतिक विशेषता

१. सङ्घीयताको सिद्धान्तअनुरूप राज्यशक्तिलाई विकेन्द्रीकरणको सिद्धान्तबमोजिम निर्धारण गरिएको

२. राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको व्यवस्था गरिएको

३. राज्यशक्तिलाई तीन तह (केन्द्रीय, प्रदेश र स्थानीय तह) मा बाँडफाँड गरिएको

४. गणतान्त्रिक व्यवस्थाअनुरूप राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था रहेको

५. राज्यका तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिचमा शक्ति सन्तुलनको व्यवस्था गरिएको




६. बहुदलीय प्रतिस्पर्धा र वालिक मताधिकारको प्रत्याभूत गरिएको

७. आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, कानुनी शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य मान्यतालाई आत्मसात् गरेको

### कानुनी विशेषता

१. संविधानलाई नेपालको मूल कानुनका रूपमा स्विकार गरिएको र यस कानुनसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने

२. कानुनी तथा विधिको शासनको प्रत्याभूत गरिएको

३. मौलिक हक हनन भएमा संवैधानिक उपचारको हकको व्यवस्था गरिएको

३. न्यायपालिकाका रूपमा केन्द्रमा सर्वोच्च अदालत, प्रदेशमा उच्च अदालत र जिल्लामा जिल्ला अदालत गरी तीन तहको अदालतको व्यवस्था गरिएको

४. सङ्घीय कानुन सङ्घीय संसदले, प्रदेश कानुन सम्बन्धीत प्रदेश सभाले र स्थानीय कानुन सम्बन्धित गाउँ सभा वा नगर सभाले बनाउने

५. संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने र सर्वोच्च अदालतले गरेको निर्णयलाई सबैले पालना गर्नुपर्ने व्यवस्था गरिएको

६. न्याय परिषद्, संवैधानिक अङ्गका रूपमा महान्यायाधिवक्ता र स्थानीय स्तरमा न्यायिक समितिको व्यवस्था गरिएको

७. सङ्घमा राष्ट्रपतिले र प्रदेशमा प्रदेश प्रमुखले मन्त्रिपरिषद्को सिफारीसमा अध्यादेश जारी गर्न सक्ने

## आर्थिक विशेषता

१. कानुनमा उल्लेख भएबमोजिम बाहेक कर लगाउन र कर उठाउन नपाइने व्यवस्था

२. आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ पार्ने

३. समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको परिकल्पना गरिएको

४. उपलब्ध स्रोत साधन र आर्थिक विकासको प्रतिफल न्यायोचित रूपमा वितरण गर्ने

५. राष्ट्रिय वित्तीय तथा स्रोत आयोग र महालेखा परिक्षकलाई संवैधानिक अङ्गका रूपमा व्यवस्था गरिएको

६. मौलिक हकका रूपमा रोजगारीको हकको व्यवस्था गरिएको

७. बजेट पारित गर्ने अधिकार संसदलाई रहेको

८. राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने

९. अर्थतन्त्र, विकास र सुदृढीकरणका लागि सरकारी, निजी र सहकारी क्षेत्रलाई सँगै लैजाने तीन खम्बे नीति अङ्गीकार गरेको छ ।

## सांस्कृतिक विशेषता

१. नेपालमा संविधानमा धार्मिक स्वतन्त्रता र धर्म निरपेक्षताको व्यवस्था गरिएको

२. धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने व्यवस्था

३. बलपूर्वक धर्म परिवर्तन गराउने, अर्काको धर्ममा खलल पुऱ्याउने काम वा व्यवहार गर्ने वा गराउने सजायको प्रावधान

४. कसैले कसैलाई धर्म परम्परा र संस्कृतिका आधारमा भेदभाव र शोषण गर्न नपाइने व्यवस्था रहेको

५. सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामाञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने

६. आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण तथा संरक्षणसम्बन्धी मौलिक हकको व्यवस्था गरिएको

७. राष्ट्रिय तथा मातृभाषाको संवर्धनका लागि भाषा आयोगको व्यवस्था गरिएको

संविधान देशको मूल कानुन अर्थात् राज्यसञ्चालनको मार्गदर्शक महत्त्वपूर्ण दस्तावेज हो । नेपालको संविधानको मुख्य उद्देश्य भनेको कानुनी राज्यको स्थापनाका साथै लोककल्याणकारी राज्य निर्माण गर्नु हो । संविधानले समानुपातिक समावेशिकरणमा विशेष जोड दिएको देखिन्छ । सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, किसान, श्रमिक, सिमान्तकृत र आर्थिक रुपले विपन्न सबैलाई समानुपातिक समावृशि सिद्धान्तको आधारमा राज्यको मूल धारमा ल्याउने कुरा उल्लेख गरेको छ । राज्यमा बसोबास गर्ने सबै नागरिकका लागि सामाजिक न्याय अबलम्बन हुने आशा गर्न सकिन्छ । त्यसैले हामी सबैले संविधानको पालना गर्नु हाम्रो मुख्य दायित्व हुन आउँछ ।

### क्रियाकलाप

१. नेपालको संविधानको पुस्तक अध्ययन गरी त्यसका मुख्य मुख्य विशेषताको सूची बनाउनुहोस् ।

२. नेपालको संविधानमा व्यवस्था गरिएका राजनीतिक, कानुनी, आर्थिक र सांस्कृतिक विशेषताहरूको कार्यान्वायनका लागि राज्य र नागरिकको भूमिका के के हुन सक्छन् । जानकार व्यक्तिसँग सोधखोज गरी लेख्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालको संविधानमा कति भाग, धारा र अनुसूची रहेका छन् ?

(ख) संविधानको महत्त्व दुई वाक्यमा लेख्नुहोस् ।

(ग) संविधानको राजनीतिक विशेषताअन्तर्गत पर्ने कुनै दुई विशेषता लेख्नुहोस् ।

(घ) संविधानको कानुनी विशेषताअन्तर्गत पर्ने कुनै दुई विशेषता लेख्नुहोस् ।

(ङ) संविधानको सांस्कृतिक विशेषताअन्तर्गत पर्ने कुनै दुई विशेषता लेख्नुहोस् ।

(च) संविधानको आर्थिक विशेषताअन्तर्गत पर्ने कुनै दुई विशेषता लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) संविधानका कानुनी विशेषताहरूले प्रत्येक नागरिकलाई कसरी कानुनी राज्यको अनुभूति गराउन सक्छन्, उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(ख) नेपालको संविधानका आर्थिक विशेषताले समृद्ध नेपाल निर्माणका लागि कसरी महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् ? विवेचना गर्नुहोस् ।

(ग) नेपालको बहुसांस्कृतिक पहिचानलाई संविधानले कसरी सम्बोधन गरेको छ, उल्लेख गर्नुहोस् ।

(घ) वर्तमान नेपालको सविधानका राजनीतिक विशेषता उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालको संविधानको कानुनी, राजनीतिक, आर्थिक र सांसकृतिक विशेषताहरूको छुट्टाछुट्टै सूची बनाउनुहोस् ।

(ख) सकारात्मक विभेद भनेको के हो ? वर्तमान संविधानका विशेषताका रूपमा रहेको सकारात्मक विभेदसम्बन्धी व्यवस्थालाई उदाहरण र तथ्यसहित चर्चा गर्नुहोस् ।

(ग) “सङ्घीय शासन प्रणाली राज्यको शक्ति र स्रोत विकेन्द्रीकरणको दरिलो माध्याम हो ।” यस भनाइलाई वर्तमान संविधानले अङ्गीकार गरेका प्रावधानका आधारमा पुष्टि गर्नुहोस् ।

पाठ ३ 

# नेपालमा निर्वाचन प्रणाली




मतदाताले दिएको मतलाई सिटमा रूपान्तरण गर्ने विधि वा तरिकालाई निर्वाचन भनिन्छ । प्रजातान्त्रिक मुलुकमा राज्यका धेरै निकायहरू जनताद्वारा नै निर्वाचित हुन्छन् । नेपालको संविधानले विभिन्न तहको निर्वाचन गर्नका लागि संवैधानिक निकायका रूपमा एक निर्वाचन आयोग रहने व्यवस्था गरेको छ । यसका प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहन्छन् । प्रमुख आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई कामकाज गर्छन् । १८ वर्ष उमेर पुगेका नागरिकहरूको फोटोसहितको मतादाता नामावलीमा नाम लेखाउने, सच्याउने र हटाउने सबै काम निर्वाचन आयोगले गर्छ । मतदाता नामावलीमा नाम नभएका व्यक्तिले मतदानमा भाग लिन पाउने छैनन् ।

निर्वाचन आयोगले संविधान र सङ्घीय कानुनअन्तर्गत रही राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्यहरू, प्रदेश सभाका सदस्यहरू र स्थानीय तहका पदाधिकारीहरूको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने काम गर्छ । यी हरेक निर्वाचनका लागि अलग अलग निर्वाचन प्रणालीको निर्धारण गरिएको छ ।

### नेपालमा निर्वाचन आयोगद्वारा गरिने निर्वाचन र निर्वाचन प्रणालीहरू

| निर्वाचन | निर्वाचन प्रणाली |
|---|---|
| राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन | सङ्घीय संसद् र प्रदेश संसद्का सदस्यहरू मतदाता हुन्छन् र उनीहरूको मतभार फरक फरक हुन्छ । |
| प्रतिनिधि सभाको निर्वाचन | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली |
| राष्ट्रिय सभाको निर्वाचन | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र एकल सङ्क्रमणीय निर्वाचन प्रणाली |
| प्रदेश सभाको निर्वाचन | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली |
| स्थानीय तहको निर्वाचन | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली |

## १. प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन प्रणाली (House of Representative & Provincial Assembly Members electoral system)

यस निर्वाचनका लागि दुई किसिमको निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ । ती प्रणालीहरूका बारेमा यहाँ प्रस्तुत गरिएको छ :

(क) पहिलो हुने निर्वाचित हुने प्रणाली **(First past the post)**

यस निर्वाचन प्रणालीअनुसार एक निर्वाचन क्षेत्र एक पदका आधारमा निर्वाचन हुन्छ । यसमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा निर्वाचित हुन्छन् ।

(ख) समानुपातिक निर्वाचन प्रणाली **(Proportional Representation)**

यस प्रणालीअनुसार प्रतिनिधि सभा सदस्यको हकमा सम्पूर्ण देशलाई र प्रदेश सभा सदस्यका हकमा सम्बन्धीत प्रदेशलाई एक निर्वाचन क्षेत्र मानिन्छ । यस निर्वाचन प्रणालीमा आफूले चाहेको राजनीतिक दललाई मतदान गरिन्छ । प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस दलका तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधिहरू निर्वाचित हुने प्रावधान रहेको छ ।

## २. स्थानीय तहका प्रतिनिधि निर्वाचित हुने निर्वाचन प्रणाली (Local Level Representative electoral system)

स्थानीय तह अर्थात् गाउँपालिका र नगरपालिकामा वडा सदस्यदेखि प्रमुख (गाउँपालिका अध्यक्ष, नगरपालिका मेयर) र उपप्रमुख (गाउँपालिका उपाध्यक्ष, उपमेयर) सम्मका सबै पदको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीद्वारा गरिन्छ ।

## ३. राष्ट्रिय सभा सदस्य निर्वाचन प्रणाली (National Assembely electoral system)

राष्ट्रिय सभा सदस्यको निर्वाचनमा प्रत्यक्ष र एकल सङ्क्रमणीय निर्वाचन प्रणाली अपनाइन्छ । यस निर्वाचनमा स्थानीय तहका प्रमुख र उपप्रमुख एवम् प्रदेश सभाका सदस्यहरू मतदाता हुन्छन् । उनीहरूको मतभार फरक फरक हुन्छ ।

## ४. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन (President & Vice president electoral system) :

यस निर्वाचन प्रणालीमा सङ्घीय संसद् र प्रदेश संसद्का सदस्यहरू मतदाताका रूपमा रहन्छन् । सङ्घीय संसद् र प्रदेश संसद्का सदस्यहरूको मतभार फरक फरक हुन्छ । यस निर्वाचनमा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुने प्रावधान रहेको छ । यदि कुनै पनि उम्मेदवारले कुल खसेको सदर मतको ५० प्रतिशत मत प्राप्त गर्न नसकेको

अवस्थामा पुन: निर्वाचन हुने प्रावधान रहेको छ । उपराष्ट्रपतिको निर्वाचन पनि यही प्रक्रियाबाट नै हुन्छ ।

विभिन्न पदमा उम्मेदवारका लागि न्यूनतम उमेर र सङ्ख्या

| क्र.स. | पद | उमेर | सङ्ख्या |
|---|---|---|---|
| १. | राष्ट्रपति, उपराष्ट्रपतिका | ४५ | १+१ |
| २. | सङ्घीय संसद् : प्रतिनिधि सभा | २५ | २७५ |
| ३. | सङ्घीय संसद् : राष्ट्रिय सभा | ३५ | ५९ |
| ४. | प्रदेश सभा | २५ | ५५० |
| ५. | गाउँ नगरपालिका प्रमुख, उपप्रमुख | २१ | १+१ |
| ६. | वडा अध्यक्ष, सदस्य | २१ | १+४ |

## क्रियाकलाप

१. तपाईंले प्रतिनिधि सभा र प्रदेश सभा वा स्थानीय तहका प्रतिनिधिहरूको निर्वाचन अवश्य देख्नु वा सुन्नु भएको होला, कुन कुन प्रक्रियाबाट ती निर्वाचन सम्पन्न भएका थिए ? देखे वा सुनेका आधारमा लेख्नुहोस् ।

२. तपाईंको समुदायमा गएर मतदान गरेका मतदाताहरूलाई भेटी मतदान गर्नुको कारण र निर्वाचित जनप्रतिनिधिबाट गरेको अपेक्षा सम्बन्धमा सोधखोज गरी प्रतिवेदन तयार गर्नुहोस् ।

३. निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँदली रहित बनाउनका लागि नागरिकको र निर्वाचन आयोगको भूमिका के के हुन सक्छन् छुट्टा छुट्टै लेख्नुहोस् ।

४. निर्वाचनमा मतपत्र बदर भयो भनेको सुन्नुभएकै होला । तपाईंका विचारमा कस्तो अवस्थामा मतपत्र बदर हुन्छन् र मतपत्र बदर नहुनका लागि के के गर्नुपर्ला ।

नमुना उत्तर

४. निर्वाचनमा मतपत्र बदर भयो भनेको सुन्नुभएकै होला । तपाईंको विचारमा कस्तो अवस्थामा मतपत्र बदर हुन्छन् र मतपत्र बदर नहुनका लागि के के गर्नुपर्ला ।

नेपालमा प्रायजसो जुनसुकै निर्वाचनमा पनि मतपत्र बदर भयो भन्ने सुनिन्छ । यसको मुख्य कारण भनेको शिक्षित जनशक्तिको प्रतिशत कम भएकै कारणले हो । शिक्षाको कमीकै कारणले गर्दा राजनीतिक चेतनाको पनि कमी भएको हो भन्न सकिन्छ । जनचेतनाको कमी, जनचासोको अभाव आदिलाई पनि मत पत्र बदर हुनाका कारणका रूपमा लिन सकिन्छ । नेपालमा सामान्यतया मतपत्र बदर हुने केही अवस्थाहरू यहाँ उल्लेख गरिएका छ :

(क) मतपत्रमा उम्मेदवारको नाम अङ्कित कोठाको घेरा बाहिर छाप लगाएमा

(ख) मतपत्रमा उम्मेदवारको कोठाको धर्का छोएमा

(ग) मतपत्रमा उम्मेदवारको अगाडि छापको सट्टा बुढीऔंलाको छाप लगाएमा

(घ) मतपत्रमा दुई उम्मेदवारको कोठाका बिचमा छाप लगाएमा

(ङ) मतपत्रमा लगाएको छाप अस्पष्ट भएमा वा मसी लत्पतिएमा

(च) मतपत्रमा मतदान अधिकृतको सही छुटेमा

(छ) मतपत्रमा स्वस्तिकबाहेक अन्य छाप लगाएमा

मतपत्र बदर नहुनका लागि अवलम्बन गर्न सकिने उपायहरू

१. जनतालाई शिक्षित बनाउनु पर्छ । शिक्षित व्यक्ति मतपत्रमा कसरी छाप लगाउने भन्ने बारेमा सचेत हुन्छन् ।

२. शिक्षित जनसङ्ख्या कम भएका ठाउँमा नक्कली चुनाव गराई अभ्यास गराउन सकिन्छ ।

३. चुनाव हुनुभन्दा ठिक अगाडि पर्चा, पोस्टर, टि.भी. अखबारमार्फत मतदाताहरूलाई मतदान गर्ने तरिका सिकाउनु पर्छ ।

४. राजनीतिक दलका कार्यकर्ताहरूले यसबारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) निर्वाचन भनेको के हो ?

(ख) निर्वाचनमा मत दिनका लागि मतदाता नामावलीमा नाम लेखाउनका लागि कति वर्ष उमेर पूरा भएको हुनुपर्छ ?

(ग) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली भनेको के हो ?

(घ) समानुपातिक निर्वाचन प्रणाली भनेको के हो ?

(ङ) र ाष्ट्रपति, उपराष्ट्रपतिको चुनाबमा भाग लिनको लागि उम्मेदवारको उमेर कति हुनुपर्छ ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको वर्णन गर्नुहोस् ।

(ख) समानुपातिक निर्वाचन प्रणालीका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(ग) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीका समानता र भिन्नताहरू लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा विभिन्न किसिमका चुनावका लागि कस्ता कस्ता किसिमका निर्वाचन प्रणाली प्रचलनमा रहेका छन् ? हरेकको छोटकरीमा व्याख्या गर्नुहोस् ।

## पाठ ४ राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सुरक्षा

### राष्ट्र

**देशका नागरिकले आफ्नो निर्णय आफैँ गर्न पाउने सार्वभौमसत्ता सम्पन्न भएको स्थितिलाई राष्ट्र भनिन्छ । त्यस्तै राष्ट्रलाई जनता भनेर परिभाषित गरेको पनि पाइन्छ । जनतामा निहित सार्वभौमसत्ता सम्पन्न अधिकारलाई पनि राष्ट्र भन्ने गरेको पाइन्छ । यसरी हेर्दा सामान्यतया राष्ट्र भन्नाले जनता, भूमि, सरकार र सार्वभौमसत्ताको संयुक्त रूप भन्न सकिन्छ । नेपालको संविधानमा राष्ट्रलाई निम्नअनुसार परिभाषित गरेको पाइन्छ । "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो ।" त्यस्तै नेपाल राज्यका बारेमा संविधानमा यसरी उल्लेख गरिएको पाइन्छ । "नेपाल स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो ।"**

### राष्ट्रियता

**राष्ट्रियताको भाव झल्कने एउटा कथा सुनौँ है त ।**

*श्याम १२ कक्षा पूरा गरेपछि उच्च शिक्षा अध्ययनका लागि अमेरिका गएका थिए । स्नातक तह पास पास गरेपछि अमेरिकामा नै नोकरी गर्न थालेका थिए । त्यसै समयमा नेपालमा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन आएको थियो । प्रतिनिधि सभा सदस्य पदका लागि श्यामको साथीले पनि निर्वाचनमा उम्मेदवारी दिएका थिए । श्यामलगायत उनका केही साथीहरू उक्त समयमा साथीको चुनावको प्रचार प्रसारका लागि नेपाल आए । उनीहरू लगभग एक महिना जति साथीलाई जिताउनका लागि चुनावमा प्रचार प्रसारका लागि हिँडे । साँच्ची नै उनको साथीले चुनाव पनि जिते । उनको साथी चाहिँ उनीहरू विदेश जाँदा पनि म नेपालकै लागि केही गर्छु देश बनाउनु पर्छ । । देश बनाउने जिम्मा हामी युवा वर्गको हो । म त विदेश जाँदिन भनेर नेपालमै उच्च शिक्षा अध्ययन गरेका थिए । उनले चुनाव जितेपछि श्यामलगायत साथीहरूलाई सम्झाउँदै भने: अब तिमीहरू पनि बिदेश नगई नेपालमै केही गर । नेपालमा पनि प्रशस्त अवसरहरू छन् । अवसर चिन्न चिन्न सक्नेले यहीँ पनि राम्रो गर्न सक्छ । हामी जस्ता युवा बाहिर गयौँ भने यो देशलाई कसले माया गर्छ त ? भनी सम्झाए । त्यति वेला श्यामलाई पनि महसुस भयो कि हामी युवाहरूको यो देशलाई कति खाँचो छ । हामी युवा जति सबै बिदेसियौँ भने यो देशमा बालबालिका र जेष्ठ नागरिकहरू मात्रै हुने छन् । । अनि यहाँ विकास निर्माणका लागि जुट्ने चाहिँ कसले त ? भन्ने जस्ता थुप्रै प्रश्न प्रतिप्रश्न उनको उनको मनमा खेल्न थाल्यो । उनले आफूसँगै आएका अन्य साथीहरूसँग पनि आफ्नो मनमा उब्जेका उब्जेका कुराहरू सुनाए । श्यामका सबै साथीहरू मिलेर अब विदेश नजाने, नेपालमै बसेर आफूले विदेशमा हासिल गरेको शिक्षाको सदुपयोग गर्दै स्वरोजगारका लागि विभिन्न व्यवसायमा लगानी गर्ने गर्ने निधो गरे । उनीहरू विदेश नगई नेपालमै बसेर केही गर्ने इच्छा गरेको सुनेर चुनाव जितेको उनीहरूको साथी पनि निकै खुसी हुँदै श्यामलगायत अन्य साथीहरूलाई धन्यवाद दिए ।*

कुनै पनि व्यक्तिमा भएको आफ्नो देश र राष्ट्रप्रतिको अपनत्व, आस्था र गौरवको भावना नै राष्ट्रियता हो । नेपाली शब्दकोशले 'राष्ट्रियता' शब्दलाई "राष्ट्रको संस्कृति र विशिष्टताप्रति हुने आस्था, राष्ट्रप्रति गौरव गर्ने भावना" भनी परिभाषित गरेको छ । कुनै अर्को देशको नागरिकलाई भेट्दा हामी आफ्नो परिचय हाम्रो राष्ट्र नेपालसँग जोडेर दिन्छौँ । उसले हामीलाई व्यक्तिका रूपमा भन्दा पनि राष्ट्रको प्रतिनिधिका रूपमा चिन्छ । तसर्थ राष्ट्रियताले हामी सबैलाई पहिचान दिलाएको छ । हाम्रो राष्ट्रलाई विश्वमा चिनाउने हाम्रो राष्ट्रिय झन्डा, भाषा, मौलिक संस्कृति, परम्परा, चालचलन, वेशभूषा र वीरतापूर्ण इतिहास आदि हाम्रा




चिनारी हुन् र यिनले हाम्रो देशको गौरव बढाउनुका साथै राष्ट्रियतालाई बोकेका छन् । त्यसैगरी हाम्रो प्राकृतिक सौन्दर्य, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूले पनि हाम्रो देशलाई विश्वमा चिनाएका छन् । हाम्रो देशको पहिचान र गौरवका रूपमा रहेका यस्ता विभिन्न विशिष्टताहरूलाई जगेर्ना गर्नु पनि राष्ट्र र राष्ट्रियताको संरक्षण र संवर्धन गर्नु नै हो । स्वदेशमा रोजगारीका अवसरहरू खोज्ने, स्वदेशी उत्पादनलाई महत्त्व दिने, आफ्नो कला संस्कृतिको संरक्षण गर्ने, विविधताको पहिचान र सम्मान गर्ने, विदेशमा सिकेको ज्ञान, सिप र प्रविधिलाई देशमा उपयोग गर्नु आदि राष्ट्रियताका उदाहरणहरू हुन् ।

### राष्ट्रिय सुरक्षा

'सुरक्षा' शब्दको शाब्दिक अर्थ कुनै पनि कुरालाई 'संरक्षण गर्नु' हो । राष्ट्रिय सुरक्षा शब्दले कुनै पनि राष्ट्र र राष्ट्रियताको संरक्षण गर्नु भन्ने बुझाउँछ । यसरी हेर्दा राष्ट्रिय सुरक्षा भन्नाले देशको सार्वभौमसत्ता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा गर्न वा नागरिकको जिउधन र सम्पत्ति, सुरक्षा एवम् सबै प्रकारका डर, धम्की र त्रासबाट सुरक्षित राख्ने कार्य हो भन्ने बुझिन्छ । व्यापक अर्थमा भन्दा राष्ट्रिय सुरक्षाको अवधारणाले राज्यको सैन्य शक्तिलाई जोड दिँदै सार्वभौमसत्ताको संरक्षण, क्षेत्रगत अखण्डता र आन्तरिक स्थिरतालाई जनाउँछ । नेपालको राष्ट्रिय सुरक्षा भन्नाले

(क) देशको भौतिक सीमाको रक्षा

(ख) नेपालको सार्वभौमसत्ता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा

(ग) नेपालको भौगोलिक सीमाभित्र र सीमाबाहिर रहेका सबै व्यक्ति र नागरिकहरूको सुरक्षा

(घ) नागरिकको जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधताको सुरक्षाका साथै राष्ट्रिय हितको समेत सुरक्षा हो ।

हरेक राष्ट्रले आफ्नो प्राथमिकता र आवश्यकताअनुसार आफ्नै किसिमको सुरक्षा नीति बनाएका हुन्छन् । नेपाल एक भूपरिवेष्ठित राष्ट्र भएकाले नेपालको पनि आफ्नै किसिमको सुरक्षा नीति रहेको छ । नेपालको संविधानमा धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिमा निम्नलिखित तथ्यहरू प्रस्तुत गरिएका छन् :

(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने

(ख) विभिन्न जात, जाति, धर्म, संस्कृति र सम्प्रदायबिच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय एकाइबिच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रदर्शन गर्ने

(ग) राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने ।

(घ) सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने

(ङ) राष्ट्रिय आवश्यकताअनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने

**नेपालमा राष्ट्रिय सुरक्षाका लागि देखिएका चुनौतिहरू**

१. भौगालिक अवस्थिति र खुला सिमाना

२. आतङ्कवाद

३. राजनीतिक अस्थिरता तथा कमजोर सुरक्षा संयन्त्र

४. धार्मिक, भौगोलिक तथा जातीय विषयहरू

५. भूस्वामित्व र बसाइँसराइ

६. सुरक्षाकर्मीहरुद्वारा सिमा सम्बन्धि सन्धी सम्झौताको उल्लङ्घन

७. कानुनी तथा अन्य नियमको अध्ययनको अभाव

८. सिमानाका स्तम्भको संरक्षणको अभाव

९. प्राकृतिक प्रकोप जस्तै : बाढी पहिरो, नदी

हरेक मुलुकलाई आफ्नो राष्ट्रको राष्ट्रिय सुरक्षा कायम गर्नका लागि केही बाधा तथा अप्ठेराहरू हुन्छन् । ती बाधा तथा अप्ठेराहरू नै सो मुलुकको राष्ट्रिय सुरक्षाका चुनौती हुन् । यस्ता बाधा तथा चुनौतीसँग लड्दै नागरिकहरूलाई राष्ट्रिय सुरक्षाको प्रत्याभूति दिलाउने दायित्व राज्यको हो । हरेक मुलकमा राज्यको मुख्य प्राथमिकता भनेको नै राष्ट्रिय सुरक्षा हुने गरेको छ । नेपालको राष्ट्रिय सुरक्षामा रक्षा मन्त्रालय, गृह मन्त्रालय, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभागलगायतका सुरक्षा निकाय र प्रशासनिक निकायहरू क्रियाशील रहेका छन् । नेपालमा राष्ट्रिय सुरक्षा प्रवर्धन गर्ने उपायहरू निम्नअनुसार प्रस्तुत गरिएका छन् :

१. नेपालको संविधानको प्रभावकारी कार्यान्वायन र पालना

२. राष्ट्रिय स्रोत साधनको समुचित उपयोग परिचालन

३. सुरक्षा निकायहरूको व्यावसायीकरण तथा आधुनिकीकरण

४. शान्ति सुरक्षाको प्रत्याभूति

५. नागरिक कर्तव्यको बोध र पालना

६. विश्वसनीय सूचनाको सही मूल्याङ्कन र निरुपणका आधारमा स्थितिको पूर्व जानकारी तथा प्रतिकात्मक उपाय अवलम्बन गर्न सक्ने प्रणालीको विकास

७. सुदृढ यातायात प्रणालीको विकास

८. सीमा सुरक्षा र व्यवस्थापन

९. कुटनीतिक माध्यामबाट द्विपक्षीय र बहुपक्षीय सम्बन्ध र सहयोग वृद्धि गर्दै अन्तर्राष्ट्रिय सहयोगको अभिवृद्धि

### क्रियाकलाप

१. राष्ट्र र राष्ट्रियता संरक्षणमा युवाहरूको भूमिका शीर्षकमा वक्तृत्ता तयार गर्नुहोस् ।

२. नेपालको भारतसँग खुला सिमाना रहेको छ । खुला सिमानाका कारणले नेपाललाई पुग्न गएका फाइदा र बेफाइदाहरू खोजी गरी लेख्नुहोस् ।

३. तपाईंको समुदायमा कहिलेकाहीँ बाढी पहिरो, रोगव्याधी, विद्युत् तथा खानेपानी र बाह्य अतिक्रमणबाट सुरक्षित हुनुपर्ने अवस्था आउन सक्छ । यस्तो समयमा तपाईंको समुदायका नागरिक र स्थानीय तहको दायित्व के के हुन सक्छन् । समुदायका साथीहरूसँग छलफल गरी लेख्नुहोस् ।

४. माथि पाठमा उल्लिखित कथामा कसरी राष्ट्रियताको भाव झल्किएको छ ? टिपोट गर्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) राष्ट्र भन्नाले के बुझिन्छ ?

(ख) राष्ट्रियता भनेको के हो ?

(ग) राष्ट्रिय सुरक्षा भनेको के हो ?

(घ) नेपालको राष्ट्रिय सुरक्षाका लागि गर्नुपर्ने दुईओटा कार्य लेख्नुहोस् ।

(ङ) म त नेपाल बस्दिन यहाँ बसेर के गर्ने हो र ? भने जस्तो काम पनि पाईंदैन, पैसा पनि कमाउन सकिँदैन । भन्ने साथीलाई के सल्लाह दिनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) राष्ट्रियता भनेको के हो ? राष्ट्रियताको भावना विकासका लागि के गर्नुपर्छ ?

(ख) नेपालमा राष्ट्रिय सुरक्षाका लागि देखिएका चुनौतीहरू उल्लेख गर्नुहोस् ।

(ग) नेपालको संविधानमा उल्लिखित राष्ट्रिय सुरक्षासम्बन्धी नीतिहरू लेख्नुहोस् ।

(घ) नेपालमा राष्ट्रिय सुरक्षा प्रवर्धनका उपायहरू के के हुन सक्छन्, सूची बनाउनुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा राष्ट्रिय सुरक्षाका लागि देखिएका चुनौतीहरू र राष्ट्रिय सुरक्षा प्रवर्धनका उपायहरू उल्लेख गर्नुहोस् ।

एकाइ ९

# बस्ती, जनसङ्ख्या र विकास

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको छ :

१. बस्तीको परिचय, वर्गीकरण र विशेषता बताउन
२. बस्तीहरूको प्रकृति र सामाजिक सेवाबिचको तालमेल उल्लेख गर्न
३. बस्ती विकास र पर्यावरणीय क्षेत्रबिचको सम्बन्ध उल्लेख गर्न
४. नेपालको जनसङ्ख्यिकी अवस्था पहिचान गर्न र जनसङ्ख्या व्यवस्थापनका उपायहरू खोजी गर्न





## पाठ १ मानव बस्ती

### परिचय

बस्ती मानिसको प्राथमिक तथा प्रमुख आवश्यकता हो । मानिसले बसोबासका लागि घर, भवन तथा झुपडी निर्माण गर्छन् । त्यसैलाई बस्ती भनिन्छ । मानिसको बसोबास भएको ठाउँ, टोल, गाउँ, सहर आदिलाई पनि मानव बस्ती नै भनिन्छ । यो जमिनमा प्रत्यक्ष रूपमा देख्न सकिने एक सांस्कृतिक भू-स्वरूप हो । मानव बस्तीलाई विद्वान्हरूले फरक फरक तरिकाले परिभाषित गरेका छन् । बस्तीका विषयमा केही विद्वान्हरूको विचार यस प्रकार छन् :

१. "घर मानिसको खानापछिको दोस्रो आवश्यकता हो । उनका विचारमा खाना प्रथम जैविक आवश्यकता हो भने निद्रा दोस्रो जैविक आवश्यकता हो । चाहे त्यो सामान्य झुपडी होस् वा ठुला महल, सुत्नका लागि मानिसलाई घरको आवश्यकता पर्छ ।"- Jean Brunhes

२. "घर मानिसको खाना र कपडा पछिको तेस्रो आवश्यकता हो । यसले आश्रय मात्र दिने होइन जङ्गली जनावर, घाम, पानी, हावा, हुरी आदिबाट जोगाउँछ । "- Ellsworth Huntington

३. "बस्न, प्रयोग गर्न, कुनै कुरा सञ्चित गर्न आदि जुनसुकै उद्देश्यका लागि निर्माण गरिएका घर तथा सडक गल्ली नै बस्ती हो ।"- R.L. Sing

४. "मानिसलाई बस्न तथा काम गर्नका लागि कुनै निश्चित ठाउँमा केही संरचनाहरू जस्तै: घर, भवन, गल्ली तथा सडकको निर्माण गरिन्छ । तिनैलाई बस्ती भनिन्छ ।"-भूगोलविद् चन्द्रबहादुर श्रेष्ठ

यी सबैका भनाइका आधारमा मानिसको बसोबास भएको ठाउँलाई बस्ती भनिन्छ । मानिस बसोबासका लागि उपयोग गर्ने गुफा र ओडारदेखि हिजोआजका आधुनिक घरहरू सबै बस्तीका रूप हुन् । मानव बस्ती सुत्न, आराम गर्न र विभिन्न प्रकोपहरूबाट सुरक्षित हुन मानिसले निर्माण गरेका सांस्कृतिक स्वरूप हुन् ।

### बस्तीका प्रकार

मानव बस्तीको विभिन्न आधारमा निम्नानुसार वर्गीकरण गरिन्छ :

१. अवस्थितिका आधारमा : मैदानी बस्ती, पर्वतीय बस्ती, ताल किनारको बस्ती, समुद्र तटको बस्ती, मरुभूमिको बस्ती आदि

२. घरहरूका बिचको दुरीका आधारमा : एक्लो बस्ती, छिरलिएको बस्ती, गुजुमुज्ज बस्ती आदि

३. समयका आधारमा : अस्थायी बस्ती, स्थायी बस्ती, मौसमअनुसारको बस्ती आदि

४. कामका आधारमा : कृषि बस्ती, औद्योगिक बस्ती, व्यापारी बस्ती आदि

५. आकारका आधारमा : कृषिगृह, हाम्लेट, गाउँ, बजार र सहर

६. आकृतिका आधारमा : रेखाकार, वृत्ताकार, तीर आकार, पङ्खा आकार, तारा आकार आदि

७. विशेषता र कार्यका आधारमा : ग्रामीण बस्ती र सहरी बस्ती

८. सामाजिक पहिचानका आधारमा : थारू बस्ती, मगर बस्ती, नेवार बस्ती, गुरुङ बस्ती आदि

९. भौगोलिक पहिचानका आधारमा : तराई , पहाड र हिमाली बस्ती

### ग्रामीण र सहरी बस्तीका विशेषताहरू

प्राथमिक कार्य जस्तै : कृषि, पशुपालन, खानी व्यवसाय आदिमा आधारित भई विकसित भएको मानव बस्तीलाई ग्रामीण बस्ती भनिन्छ । ग्रामीण बस्तीमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार जस्ता सेवा सुविधा थपिँदै जाँदा ग्रामीण बस्ती विकसित भई सहरको रूप लिन्छ । यसैलाई सहरी बस्ती भनिन्छ । ग्रामीण र सहरी बस्तीका विशेषता यस प्रकार छन् :

| ग्रामीण बस्तीका विशेषताहरू | सहरी बस्तीका विशेषताहरू |
|---|---|
| १. कम जनसङ्ख्या बसोबास गर्ने<br>२. प्राथमिक आर्थिक व्यवसायमा संलग्न मानिसको प्रधानता भएको<br>३. मानिसको मुख्य व्यवसाय कृषि, पशुपालन, कुटिर उद्योग हुने<br>४. प्रकृति र मानिसका बिच नजिकको सम्बन्ध हुने<br>५. मानव समाज विभिन्न जातिका आधारमा विभाजित हुने<br>६. साझा अनुभव, उद्देश्य, चालचलन र परम्परा गाउँमा बसोबास गर्ने मानिसको एकताको आधार हुने<br>७. परम्परागत जीवन शैली, परम्परागत शैलीका घर तथा आवास हुने । | १. एकै ठाउँमा बढी जनसङ्ख्या बसोबास गर्ने<br>२. द्वितीय (Secondary), तृतीय वा सेवामूलक व्यवसायमा आधारित जीवन पद्धति हुने<br>३. मानिसको मुख्य पेसा गैरकृषि हुने<br>४. भवनहरू सघन रूपले एकीकृत भएको<br>५. विकासका पूर्वाधारहरू जस्तै : यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य आदिको विकास भएको<br>६. विभिन्न समुदायका मानिसको बसोबास हुने<br>७. आधुनिक जीवन शैली, आधुनिक शैलीका घर तथा आवास हुने । |

## बस्तीहरूको प्रकृति र सामाजिक सेवाबिचको तालमेल

विश्व गतिशील छ । विश्व जगत्का विभिन्न पक्षहरू जस्तैः सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक आदि पनि गतिशील छन् । यी विभिन्न पक्षहरूमा भएका गतिशीलताको प्रभाव बस्तीमा परेको छ । जब बस्तीका प्रकृतिमा नियमित रूपमा परिवर्तन र विस्तार हुन्छ तब बस्तीको आकार र कार्यमा पनि विस्तार हुन्छ । यसले बस्तीहरूमा जनसङ्ख्याको वृद्धि हुन गई नयाँ नयाँ गतिविधि र सेवाहरू थपिन थाल्छन् । बस्तीको प्रकृति र सामाजिक सेवाबिच गहिरो सम्बन्ध छ । सामाजिक सेवाहरू थपिँदै जाँदा बस्तीको प्रकृति पनि परिवर्तन हुँदै जान्छ । त्यसैले रेखाकार बस्ती भएको ठाउँमा खानेपानी, विद्युत्, सञ्चार आदि जस्ता सेवा प्रवाह गर्न सजिलो हुन्छ तर छरिएर रहेको बस्तीमा सेवा प्रवाह गर्न सजिलो हुँदैन ।

मानव बस्तीका विभिन्न स्वरूपहरू हुन्छन् । बस्तीका स्वरूपअनुसार सामाजिक सेवाको आवश्यकता र उपलब्धता पनि फरक फरक हुन सक्छ । एकाकी बस्ती, हेम्लेट र गाउँका बस्तीहरूमा खानेपानी, बिजुली, सिँचाइ, रेडियो, टेलिभिजन आदि जस्ता आधारभूत सेवाहरू आवश्यकताअनुसार उपलब्ध गरिन्छन् । सहरी बस्तीमा सानो बस्तीहरूमा उपलब्ध भएका विभिन्न सामाजिक सेवाहरूका साथै बैङ्क, बिमा, यातायात, सञ्चार, स्वास्थ्य, शिक्षा जस्ता थप सामाजिक सेवाहरूको व्यापक विकास भएको हुन्छ ।

## बस्ती विकास र पर्यावरणीय क्षेत्रबिचको सम्बन्ध

बस्ती मानिसको एउटा सङ्गठित एकाइ हो, जहाँ उनीहरूले आफ्नो वरिपरिका पर्यावरणसित मिलेर जीवन निर्वाह गरेका हुन्छन् । पर्यावरणीय क्षेत्र कुनै क्षेत्रको वातावरण तथा भौगोलिक अवस्थासँग सम्बन्धीत हुन्छ । सांस्कृतिक तथा प्राकृतिक वातावरण कुनै एक पर्यावरणीय क्षेत्रका मुख्य पक्षहरू हुन् । प्राकृतिक वातावरण प्रकृतिद्वारा निर्मित हुन्छ भने सांस्कृतिक वातावरण मानव निर्मित हुन्छ । मानव बस्तीको पर्यावरणीय क्षेत्रसँग गहिरो सम्बन्ध रहेको छ । मानिसले आफ्नो आवश्यकता, क्षमता तथा रुचिअनुसार प्राकृतिक वातावरणको सीमाभित्र बसेर वातावरणसित अन्तरसम्बन्ध कायम गर्छ । तसर्थ बस्तीको विस्तार, स्वरूप र संरचनामा पर्यावरणले प्रत्यक्ष प्रभाव पर्छ । बस्तीका बारेमा सामान्य अध्ययन गर्दा बस्तीको विकास उर्वरा कृषि भूमिको आसपासबाट भएको अनुमान गर्न सकिन्छ । त्यसै गरी कृषिका लागि प्रतिकूल तर व्यापारका लागि अनुकूल क्षेत्रमा सहरी बस्तीको विकास भएको पाइन्छ । बस्ती विकास र पर्यावरणीय क्षेत्रबिचको सम्बन्धलाई अध्ययन गर्दा विश्वभरि नै उपयुक्त भौगोलिक अवस्था भएका ग्रामीण बस्ती बजार केन्द्रका रूपमा विकसित भएको छ । खनिज स्रोत भएको स्थानमा औद्योगिक सहरका रूपमा विकास भएका छन् । त्यसै गरी सामुद्रिक किनारका मत्स्य गाउँहरू बन्दरगाहसहितका ठुला ठुला व्यापारिक सहरका रूपमा विकास भएको पाइन्छ । भौगोलिक अवस्था विकासमैत्री भएका ठाउँहरूको छिटो विकास र विकास प्रतिकूल भएका ठाउँहरूको ढिलो विकास भएको छ ।



मानव बस्तीका लागि निर्माण सामग्री विभिन्न ठाउँमा उपलब्ध प्राकृतिक वस्तुहरूको प्रयोग हुने हुनाले बस्तीका संरचनाहरू पनि सोहीअनुसार हुन्छ । घना जङ्गल भएका ठाउँहरूमा धेरै काठको प्रयोग भएका घरहरू निर्माण गरिन्छन् भने ढुङ्गा खानीको वरपरका घरहरू ढुङ्गाले छाएका हुन्छन् । भूमध्येरेखीय क्षेत्रमा काठ बढी पाइने हुनाले त्यहाँका घरहरू बढी काठको प्रयोग गरी बनाइएका हुन्छन् । नेपालको पर्यावरणीय क्षेत्रहरू, हिमाल, पहाड र तराईमा विकास भएका बस्तीहरूका पनि आआफ्नै शैलीका छन् । तराई क्षेत्रका पुराना बस्तीहरूमा माटो र छ्वालीले बनेका होचा घरहरू पाइन्छन् । पहाडी प्रदेशमा भिरालो भू धरातल, कम उर्वरायुक्त जमिन आदिका कारणले गर्दा छरिएर रहेका बस्तीहरू छन् । हिमाली प्रदेशमा अत्यन्त चिसो हुने भएकाले यहाँका घरहरूमा अत्यन्त कम झ्यालहरू राखिएको पाइन्छ ।

हावापानी र धरातालले बस्तीको विकासमा प्रत्यक्ष प्रभाव पार्छ । चिसो क्षेत्रका बस्तीमा घरहरू पूर्वतिर फर्केको जमिनमा निर्माण गरिएका हुन्छन् । कमजोर भू-धरातल भएका ठाउँमा हलुका काठबाट निर्मित घरहरूको निर्माण गरी बस्ती विकास गरिन्छ । बलियो भू-धरातल भएका ठाउँमा ठुला ठुला भित्ता भएका घरहरू बनाइन्छ । अत्यन्त चिसो हावापानी भएको ध्रुवीय क्षेत्रमा हिउँबाट निर्माण भएका घरहरू 'इग्लु' को निर्माण गरी मानव बस्ती निर्माण भएको पाइन्छ । त्यसै गरी, मरुस्थलीय क्षेत्रमा अत्यन्त हावा चल्ने हुनाले मरुद्यानको वरिपरि वृत्ताकार तथा सघन बस्तीहरूमा डोम अथवा गोलाकार घरहरू निर्माण गरी बस्तीको विकास भएको पाइन्छ । त्यसै गरी नदीको छेउछाउ र पहाडको फेदीमा रेखाकार र तीर बस्तीहरू पाइन्छन् । समतल मैदानमा वर्गकार र तालका वरपर वृत्ताकार बस्तीको विकास हुन्छ ।

### क्रियाकलाप

१. विभिन्न प्रकृतिका बस्तीको परिचय आफ्नै शब्दमा दिनुहोस् ।

२. तपाईँ बसेको बस्तीको प्रकृति र सामाजिक सेवाहरूबिचको तालमेलका बारेमा आफूले जानेका कुरा समेटी बुँदा टिपोट गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) बस्ती भनेको के हो ?

(ख) अवस्थितिका आधारमा बस्ती कति प्रकारका हुन्छन् ?

(ग) कस्तो बस्तीलाई हाम्लेट भनिन्छ ?

(घ) ईग्लु भनेको के हो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) विभिन्न प्रकारका बस्तीहरूको सूची बनाई प्रत्येकको परिचय दिनुहोस् ।

(ख) हाम्लेट र गाउँका बिचमा के के फरक पाइन्छन् ? उल्लेख गर्नुहोस् ।

(ग) बस्तीको प्रकृति र सामाजिक सेवाबिचको तालमेल व्याख्या गर्नुहोस् ।

(घ) "बस्तीको प्रकृति र सामाजिक सेवाबिच गहिरो सम्बन्ध छ ।" उदाहरणसहित पुष्टि गर्नुहोस् ।

(ङ) बस्ती विकास भनेको के हो ? मानव जीवनमा बस्तीको महत्त्व वर्णन गर्नुहोस् ।

(च) मानव बस्ती र पर्यावरणीय क्षेत्रबिचको सम्बन्ध आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

१. ग्रामीण र सहरी बस्तीका विशेषता उल्लेख गरी आफ्ना आफन्तलाई चिठी लेख्नुहोस् ।

२. तपाईँ बसेको ठाउँको बस्तीको विकासक्रमका बारेमा चर्चा गर्दै छोटो अनुच्छेद लेख्नुहोस् ।

### परियोजना कार्य

तपाईँको नजिकको कुनै एउटा ग्रामीण बस्ती वा सहरी बस्तीको अवलोकन गर्नुहोस् । त्यहाँको अवस्थिति, बस्तीको प्रकृति, विशेषता, जनसङ्ख्या, सेवा तथा सुविधा, पूर्वाधारहरूको विकास आदिको अध्ययन गर्नुहोस् । अन्त्यमा तपाईँको अध्ययनका आधारमा एक अध्ययन प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ २ जनसङ्ख्या र विकास

निश्चित समयमा निश्चित ठाउँमा बसोबास गर्ने मानिसको कुल सङ्ख्यालाई जनसङ्ख्या भनिन्छ । यसले कुनै निश्चित अवधिमा कुनै निश्चित भूगोलमा बसोबास गर्ने बालबालिका, युवायुवती, वयस्क, वृद्धवृद्धाहरूको कुल सङ्ख्यालाई जनाउँछ । अतः जनसङ्ख्या भनेको कुनै एक ठाउँमा निश्चित समयमा भर्खर जन्मेको बच्चादेखि बृद्धबृद्धाको कुल सङ्ख्यालाई जनाउँछ । वर्तमान परिप्रेक्ष्यमा जनसङ्ख्याको परिभाषा व्यापक भइसकेकाले सङ्गठित रूपमा आबद्ध जनसमूहलाई नै जनसङ्ख्या भन्ने गरिन्छ । त्यसै गरी विकास भनेको कुनै पनि क्षेत्रमा भएको सकारात्मक परिवर्तन हो । सामान्य अर्थमा विकास भनेको कुनै क्षेत्रमा भएको उन्नति वा प्रगति हो । कुनै व्यक्ति, समाज, राष्ट्र वा संस्थाको भौतिक, मानसिक, बौद्धिक आदिको दृष्टिले उन्नति हुनुलाई विकास भनिन्छ । मानवीय चाहनाहरू परिपूर्ति गरी सुख, सुविधा बढाउन विद्यमान प्राकृतिक, भौतिक, मानवीय र सांस्कृतिक स्रोतहरूको रचनात्मक, सकारात्मक र सन्तुलित रूपमा प्रयोग गरी जीवनयापनमा सुधार ल्याउनु नै विकास हो ।

विकास एक गतिशील प्रक्रिया हो । जनसङ्ख्या र विकासका बिच अन्योन्याश्रित सम्बन्ध छ । जनसङ्ख्या विकासको आधारभूत तत्त्व हो । जनसङ्ख्याको वृद्धिसँगै मानिसले जीवनयापनका सरलीकृत र वैकल्पिक उपायहरू खोज्ने क्रममा विकास हुन्छ । कुनै पनि देशको विकासका लागि जनसङ्ख्यालाई विकाससँग एकाकार गरेर लैजानुपर्छ । जनसङ्ख्यालाई विकाससँग एकाकार गरेर लैजान सकेकै कारणले कतिपय मुलुकले विकासमा फड्को मारेको छ । विकासमा जनसङ्ख्याको महत्त्व बुझ्न नसक्दा विश्वका अधिकांश देशहरू पछि परेका छन् । विश्वमा जनसङ्ख्या र विकाससम्बन्धी विभिन्न सेमिनार, गोष्ठी, सम्मेलनको आयोजना गर्ने गरिएको छ । जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन इजिप्टको राजधानी कायारोमा सन् १९९४ मा भएको थियो । उक्त सम्मेलन विश्वका १८० भन्दा बढी देशका विभिन्न सङ्घसंस्थाका ११००० प्रतिनिधिहरूले भाग लिएका थिए । त्यसपछि पनि विश्वमा विभिन्न तहमा जनसङ्ख्या र विकाससम्बन्धी सेमिनार, गोस्ठी, सम्मेलनको आयोजना भइरहेका छन् । यस्ता कार्यक्रमहरूमा जनसङ्ख्या र विकासलाई कसरी एकाकार गर्न सकिन्छ ? भन्ने विषयमा छलफल, विचार विमर्श गर्न गरिन्छ ।

## जनसङ्ख्या वितरण, परिवर्तन र प्रादेशिक विकास

विकासको प्राथमिक उद्देश्य भनेको देशको भौतिक, मानवीय, सामाजिक र सांस्कृतिक अवस्थाहरूमा सकारात्मक र रचनात्मक सुधार ल्याउनु हो । विकासको मुख्य उद्देश्य जनतालाई छिटो र सजिलो सेवा प्रदान गर्दै देश विकास गर्नु हो । नेपाल भौगोलिक विषमता भएको भूपरिवेष्टित देश हो । यसको सिमाना पूर्व, पश्चिम र दक्षिणमा भारतसँग र उत्तरमा चीनसँग जोडिएको छ । नेपाल भौगोलिक विविधता भएको देश हो । नेपाललाई प्राकृतिक रूपमा हिमाल पहाड र तराई गरी तीन प्रदेशमा विभाजन गरिएको छ । हिमाल र पहाडभन्दा तराईको भूबनोट विकासका लागि र मानव बस्तीका लागि सहज हुने हुनाले यस प्रदेशमा अन्य प्रदेशहरूबाट मानिस बसाइँ सरेर जान्छन् । यसले गर्दा जनसङ्ख्याको वितरण असमान भएको छ । हिमाल र पहाडमा जनघनत्व कम छ भने तराईमा जनघनत्व बढी छ । जनसङ्ख्याको यो असमान वितरणलाई कम गर्न राष्ट्रलाई विकेन्द्रीकरणको सिद्धान्तअनुसार विभिन्न प्रशासनिक क्षेत्रहरूमा विभाजन गरी

प्रशासनिक तथा विकासका कार्यहरू सञ्चालन गरिन्छ । नेपालमा विकासको सन्दर्भमा प्रादेशिक विकासको अवधारणा डा. हर्क गुरुङले गरेको एक महत्त्वपूर्ण योगदान हो । उहाँको सक्रियतामा प्रादेशिक विकासको स्पष्ट खाकासहितको नेपालमा प्रादेशिक विकास योजना दस्तावेज (१९६९) तयार गरी उनले चौथो योजना (२०२७-२०३२) मा समावेश गरेका थिए । सोहीअनुरूप नेपाललाई विगतमा पाँच विकास क्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएको थियो । यसले प्रादेशिक विकासको अवधारणा लागु गर्न केही मदत पुगेको थियो । जनआन्दोलन २०६२/०६३ पछि नेपालमा सङ्घीय शासन व्यवस्था लागु भयो । यस सङ्घीय शासन व्यवस्थामा प्रादेशिक विकासको अवधारणा लागु गर्न अझ मदत पुगेको छ । यसरी नेपालमा जनसङ्ख्याको असमान वितरणलाई कम गर्न प्रादेशिक विकासको अवधारणाको विकास हुँदै आएको छ । अब नेपालमा जनसङ्ख्याको प्रादेशिक वितरणका बारेमा चर्चा गरौँ ।

## नेपालमा जनसङ्ख्याको प्रादेशिक वितरण र परिवर्तन

कुनै पनि देशको जनसङ्ख्याको प्रादेशिक वितरण भनेको उक्त देशको भौगोलिक तथा प्रशासनिक क्षेत्रका आधारमा छरिएर रहेको जनसङ्ख्या हो । नेपाललाई प्राकृतिक संरचनाका आधारमा हिमाल, पहाड र तराई र सङ्घीय संरचनाका आधारमा सात प्रदेशमा विभाजन गरिएको छ । यी भौगोलिक तथा प्रशासनिक क्षेत्रहरूमा जनसङ्ख्याको वितरण समान छैन । कुनै प्रदेशमा जनसङ्ख्या बढी छ भने कुनै प्रदेशमा जनसङ्ख्या कम छ । नेपालमा जनसङ्ख्याको प्रादेशिक वितरण र परिवर्तन भौगोलिक प्रदेश र सङ्घीय प्रदेशका वि.सं. २०६८ र २०७८ को जनसङ्ख्याको तुलनात्मक अध्ययनबाट प्रस्ट पार्न सकिन्छ ।

### १. भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण र परिवर्तन

नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । जनसङ्ख्या स्थिर नभई समयसँगै परिवर्तनशील हुन्छ । त्यसै गरी धरातलीय स्वरूप, हावापानी, सामाजिक तथा आर्थिक पक्षमा भएको विविधताले जनसङ्ख्याको वितरण र परिवर्तनमा प्रत्यक्ष प्रभाव पार्छ । यिनै विविधताले नेपालको भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण र परिवर्तनमा प्रत्यक्ष प्रभाव पारेको छ । जुन कुरा तलको तालिकाबाट प्रस्ट हुन्छ :

| भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण २०६८ र २०७८ | | | | |
|---|---|---|---|---|
| | जनगणना २०६८ अनुसार | | जनगणना २०७८ अनुसार | |
| क्षेत्र | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| हिमाल | १७,८१,७९२ | ६.७३ | १७,७२,९४८ | ६.०८ |
| पहाड | १,१३,९४,००७ | ४३.०१ | १,१७,५७,६२४ | ४०.३१ |
| तराई | १,३३,१८,७०५ | ५०.२७ | १,५६,३४,००६ | ५३.६१ |
| जम्मा | २,६४,९४,५०४ | १००.०० | २,९१,६४,५७८ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

नेपालमा जनसङ्ख्याको वितरण र परिवर्तनका बारेमा थाहा पाउने मुख्य स्रोत जनगणना हो । नेपालमा पहिलो जनगणना वि.सं. १९६८ सालमा भएको थियो । वि.सं. २०७८ सालको जनगणना १२ औँ जनगणना हो । प्रस्तुत तालिकाअनुसार जनसङ्ख्याको वितरणमा तराईको जनसङ्ख्या २०६८ सालको तुलनामा २०७८ मा वृद्धि भएको छ भने हिमाली क्षेत्रमा जनसङ्ख्या घटेको छ । त्यसै गरी पहाडी क्षेत्रमा जनसङ्ख्या बढेको देखिए तापनि तुलानात्मक रूपमा जनसङ्ख्या प्रतिशतमा कम भएको छ । नेपालको जनसङ्ख्या हिमाल र पहाडमा भन्दा तराईमा बढी छ । भौगोलिक कठिनाइ, गरिबी, यातायातलगायत अन्य विकासका पूर्वाधारहरूको सुविधाको अभाव आदिका कारण जनसङ्ख्याको असमान वितरण देखिएको हो ।

### प्रदेशअनुसार जनसङ्ख्याको वितरण र परिवर्तन

नेपालको संविधानअनुसार नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ । नेपालको प्रदेशअनुसारको जनसङ्ख्याको वितरण र परिवर्तनलाई जनगणना २०६८ र २०७८ को नतिजाअनुसार तुलना गरी तल तालिकामा प्रस्तुत गरिएको छ :

| | जनगणना २०६८ अनुसार | | जनगणना २०७८ अनुसार | |
|---|---|---|---|---|
| प्रदेश | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| कोसी प्रदेश | ४५,३४,९४३ | १७.१२ | ४९६१४१२ | १७.०१ |
| मधेस प्रदेश | ५४,०४,१४५ | २०.४० | ६११४६०० | २०.९७ |
| बागमती प्रदेश | ५५,२९,४५२ | २०.८७ | ६११६८६६ | २०.९७ |
| गण्डकी प्रदेश | २४,०३,७५७ | ९.०७ | २४६६४२७ | ८.४६ |
| लुम्बिनी प्रदेश | ४४,९९,२७२ | १६.९८ | ५१२२०७८ | १७.५६ |
| कर्णाली प्रदेश | १५,७०,४१८ | ५.९२ | १६८८४१२ | ५.७९ |
| सुदूरपश्चिम प्रदेश | २५,५२,५१७ | ९.६३ | २६९४७८३ | ९.२४ |
| नेपाल | २,६४,९४,५०४ | १००.०० | २,९१,६४,५७८ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

माथिको तालिकाअनुसार जनगणना २०६८ मा नेपालको सबैभन्दा बढी जनसङ्ख्या भएको प्रदेश बागमती प्रदेश थियो । यस प्रदेशमा देशको कुल जनसङ्ख्याको २०.८७ प्रतिशत मानिस बस्थे । वि.सं.२०७८ को जनगणनामा सबैभन्दा बढी जनसङ्ख्या भएको प्रदेश बागमती प्रदेश हो । यस प्रदेशमा देशको कुल जनसङ्ख्याको २०.९७ प्रतिशत जनसङ्ख्या (६११६८६६) रहेको छ । दुवै जनगणनाअनुसार कर्णाली प्रदेशमा सबैभन्दा कम जनसङ्ख्या छ । पूर्वाधारको अभाव, विकट भौगोलिक अवस्था, सुविधा र रोजगारीको अवसर कमी आदिका कारण कर्णाली प्रदेशमा जनसङ्ख्याको कमी भएको हो ।

### क्रियाकलाप

१. नेपालको जनसाङ्ख्यिकी अवस्थाका बारेमा बुँदा टिपोट गर्नुहोस् र त्यसकै आधारमा नेपालको जनसाङ्ख्यिकी अवस्थाको व्याख्या गर्नुहोस् ।

२. पाठमा दिइएको भौगोलिक प्रदेशअनुसार जनगणना २०७८ को नेपालको जनसङ्ख्यालाई स्तम्भचित्रमा देखाउनुहोस् ।

### अभ्यास

अति छोटा उत्तर आउने प्रश्नहरू

(क) जनसङ्ख्या भनेको के हो ?

(ख) प्रादेशिक विकास भन्नाले के बुझिन्छ ?

(ग) जनगणना २०७८ का अनुसार सबैभन्दा कम जनसङ्ख्या भएको प्रदेश कुन हो ?

(घ) बागमती प्रदेशमा सबैभन्दा बढी जनसङ्ख्या हुनुको कारण के हो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) "नेपाल भौगोलिक विविधता भएको देश हो ।" आफ्नै शब्दमा पुष्टि गर्नुहोस् ।

(ख) जनसङ्ख्या र विकासका बिचको सम्बन्ध आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ग) नेपालको जनसङ्ख्या सबै प्रदेशमा एकैनास नहुनुका कारणहरू पत्ता लगाई बुँदा टिपोट गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

१. नेपालको जनगणना २०७८ को भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण छोटकारीमा वर्णन गर्नुहोस् ।

२. नेपालको प्रादेशिक विकास तथा जनसङ्ख्याको वितरण र परिवर्तनका सम्बन्ध बारेमा छोटकरीमा वर्णन गर्नुहोस् ।

## पाठ ३ जनसङ्ख्याको सङ्क्रमण, उमेर संरचनाको सङ्क्रमण र जनसाङ्ख्यिकी लाभांशको उपयोग

### जनसङ्ख्याको सङ्क्रमण

जन्म र मृत्यु जस्ता जनसाङ्ख्यिकी घटनाका प्रभावले गर्दा जनसङ्ख्या वृद्धिदर एउटा अवस्थाबाट अर्को अवस्थामा परिवर्तन हुँदै जाने प्रक्रियालाई जनसाङ्ख्यिकी सङ्क्रमण (Demograhpic Transition) भनिन्छ । जन्म र मृत्युले जनसङ्ख्या वृद्धिदर उच्च, निम्न र स्थिर रहने कुरालाई निर्धारण गर्छ । जन्मले जनसङ्ख्या वृद्धि गराउँछ भने मृत्युले जनसङ्ख्या घटाउँछ । जन्मदरभन्दा मृत्युदर कम हुँदा जनसङ्ख्या वृद्धिदर उच्च हुन्छ । जन्मदरभन्दा मृत्युदर बढी हुँदा जनसङ्ख्या वृद्धि नभई घट्छ । त्यसै गरी जन्मदर र मृत्यदरमा फरक नुहँदा जनसङ्ख्याको वृद्धिदर स्थिर हुन्छ । यिनै जन्म र मृत्यु जस्ता जनसाङ्ख्यिकी घटनाका आधारमा हुने जनसङ्ख्याको परिवर्तनको अवस्थालाई जनसङ्ख्याको सङ्क्रमण भनिन्छ । सर्वप्रथम सनं.१९२९ मा Waren Thompson ले विश्वका विभिन्न देशहरूलाई A, B र C तीन समूहमा विभाजन गरी यस सिद्धान्तका अवधारणा प्रस्तुत गरेका थिए । पछि सन् १९३४ मा यस सिद्धान्तका बारेमा व्यवस्थित ढङ्गले Landry ले व्याख्या गरेका थिए तर सन् १९४५ मा मात्र F.W. Notyestein ले पहिलो पटक जनसाङ्ख्यिकी सङ्क्रमण ( Demographic Transition) शब्दको प्रयोग गरेका हुन् ।

जनसाङ्ख्यिकी सङ्क्रमणको अवस्थालाई विभिन्न जनसङ्ख्याविद्हरूले आआफ्ना तरिकाले व्याख्या गरेका छन् । जनसङ्ख्याविद् Landry ले जनसाङ्ख्यिकी सङ्क्रमणको अवस्थालाई परम्परागत, मध्य र आधुनिक गरी तीन भागमा विभाजन गरेर अध्ययन गरेका छन् । थोम्प्सन र नोटेस्टेनले जनसाङ्ख्यिकी सङ्क्रमणको अवस्थालाई पहिलो, दोस्रो र तेस्रो अवस्था गरी तीन भागमा विभाजन गरी अध्ययन गरेका थिए । त्यसै गरी सन् १९४७ मा सी.पी. ब्ल्याकनरले स्थिर, तीव्र, ढिलो, निम्न स्थिर र ह्रासोन्मुख अवस्था गरी जनसाङ्ख्यिकी सङ्क्रमणको अवस्थालाई पाँच भागमा विभाजन गरी अध्ययन गरेका थिए ।

जनसङ्ख्याविद्हरूले गरेको विभाजनलाई अध्ययन गर्दा जनसाङ्ख्यिकी सङ्क्रमणलाई प्रारम्भिक, मध्य र आधुनिक गरी तीन भागमा विभाजन गरी व्याख्या गर्न सकिन्छ । जन्मदर र मृत्युदर दुवै उच्च हुँदा जनसङ्ख्या बिस्तारै वृद्धि भइरहेको हुन्छ । यो जनसङ्ख्यिकी सङ्क्रमणको प्रारम्भिक अवस्था हो । जनसाङ्ख्यिकी सङ्क्रमणको दोस्रो अवस्थामा व्यक्तिहरू शिक्षित हुनुका साथै स्वास्थ्य क्षेत्रमा राम्रो प्रगति भएका कारण मृत्युदरमा निकै कमी आइसकेको हुन्छ तर व्यक्तिका व्यवहारमा खासै परिवर्तन आइनसकेको हुनाले जन्मदर भने उच्च नै रहन्छ । त्यसकारण यस अवस्थामा जनसङ्ख्या तीव्र रूपले वृद्धि भएको हुन्छ । त्यसैले अवस्थालाई विद्वान्हरूले जनसङ्ख्या विष्फोटको अवस्था भनेर भन्ने गरेका छन् । जनसाङ्ख्यिक सङ्क्रमणको आधुनिक अवस्थामा मानिस शिक्षित हुनुका साथै आर्थिक तथा सामाजिक क्षेत्रमा विकास भइसकेका कारण उनीहरू गैरकृषिका क्षेत्रमा संलग्न भएका हुन्छन् । सानो परिवारप्रतिको धारणा लोकप्रिय भइसकेको हुन्छ । जन्मदर र मृत्युदर

दुवै कम भइसकेको हुन्छ । जसको फलस्वरूप जनसङ्ख्या घट्ने क्रममा हुन्छ तर कहिलेकाहीँ जन्मदर र मृत्युदरमा घटबढ पनि हुने गर्छ । यसमा जन्मदर बढी र मृत्युदर कम भएको अवस्थामा जनसङ्ख्या वृद्धि हुन्छ । त्यसै गरी जन्मदर कम र मृत्युदर बढी भएको अवस्थामा जनसङ्ख्या घट्छ ।

### उमेर संरचनाको सङ्क्रमण (Age Structural Transition)

देशको कुल जनसङ्ख्यालाई विभिन्न उमेर समूहअनुसार विभाजन गरी अध्ययन गर्न सकिन्छ । उमेरअनुसार गरिएको जनसङ्ख्याको वितरणलाई जनसङ्ख्याको उमेर संरचना भनिन्छ । नेपालमा कुल जनसङ्ख्यालाई ०-१४ वर्षको उमेर समूह, १५ -५९ वर्षको उमेर समूह र ६० वर्षभन्दा माथिको उमेर समूह गरी तीन समूहमा विभाजन गरी अध्ययन गरिन्छ । यी विभिन्न उमेर समूहमध्ये १५ देखि ५९ वर्ष उमेर समूहलाई सक्रिय जनसङ्ख्या र १४ वर्ष मुनिका उमेर समूहलाई बाल आश्रित र ६० वर्षभन्दा माथिका उमेर समूहलाई वृद्धा आश्रित जनसङ्ख्या भनिन्छ । जनसाङ्ख्यिकी सङ्क्रमणले उमेर संरचनामा प्रत्यक्ष प्रभाव पार्छ । देशमा उच्च मृत्युदर र उच्च प्रजनन दरको अवस्थाबाट न्यून मृत्युदर र न्यून प्रजननदरको जनसाङ्ख्यिकी सङ्क्रमणको अवस्थामा जनसङ्ख्याको सङ्क्रमण सानो उमेर संरचनाबाट ठुलो उमेर संरचनामा परिवर्तन हुन्छ । यस प्रक्रियालाई उमेर संरचनाको सङ्क्रमण भनिन्छ । बाल आश्रित जनसङ्ख्याबाट, आर्थिक रूपले सक्रिय जनसङ्ख्यामा र आर्थिक रूपले सक्रिय जनसङ्ख्याबाट वृद्धा आश्रित जनसङ्ख्यामा परिवर्तन हुने अवस्था नै उमेर संरचनाको जनसाङ्ख्यिकी सङ्क्रमणको अवस्था हो ।

उमेर संरचनाको सङ्क्रमणलाई जनसाङ्ख्यिकी सङ्क्रमणको तीन चरणमा विभाजन अध्ययन गर्न सकिन्छ । पहिलो चरण (मृत्युदर घट्ने र प्रजनन दर बढ्ने) अवस्थामा बालबालिकाको सङ्ख्यामा वृद्धि हुने हुनाले उमेर संरचनाको सङ्क्रमण ठुलो उमेरबाट सानो उमेरतिर सर्छ । दोस्रो अवस्थामा प्रजनन दर पनि घट्ने हुनाले बालबालिकाको सङ्ख्या घट्छ र बच्चा जन्माउन र काम गर्न सक्ने उमेरका जनसङ्ख्यामा वृद्धि हुन्छ । त्यसै गरी तेस्रो अवस्थामा यदि प्रजनन दरको घट्दो अवस्था यथावत् रहिरहेमा बालबालिका र वयस्कहरूको सङ्ख्यामा ह्रास आउँछ भने वृद्धवृद्धाको सङ्ख्या बढ्छ ।

### जनसाङ्ख्यिकी लाभांशको उपयोग

आश्रित जनसङ्ख्याभन्दा आर्थिक रूपले सक्रिय जनसङ्ख्या बढी हुँदा आर्थिक वृद्धिको सम्भावना रहन्छ । यस्तो अवस्थालाई जनसाङ्ख्यिकी लाभांश (Demographic Divident) भनिन्छ । जनसाङ्ख्यिकी सङ्क्रमणको क्रममा प्रजनन दर कम हुने अवस्था निरन्तर रहिरहने अवस्थामा पूर्ववत् अवस्थामा प्रजनन दर उच्च रहेकाले कुनै एक निश्चित समय अवधिसम्म जनसाङ्ख्यिकी लाभांशको अवस्था रहिरहन्छ । यस्तो जनसाङ्ख्यिकी लाभांशको अवस्थाले कुनै पनि देशको आर्थिक उपलब्धि हासिल गर्नलाई अवसर प्रदान गर्ने भएकाले यसलाई जनसाङ्ख्यिकी अवसरको झ्याल ( Demographic Window of Opportunity) भनिन्छ । यस्तो अवस्थाको सही सदुपयोग गर्न सक्ने राष्ट्रहरूमा आर्थिक वृद्धिदर उच्च हुन सक्छ ।

नेपालमा सन् १९८१ देखि सन् २०११ सम्म प्रजनन दर र मृत्युदर घटेको र औसत आयु बढेको देखिन्छ । जनसाङ्ख्यिकी स्थितिको यस अवस्थाले नेपालमा केही वर्षसम्म आश्रित जनसङ्ख्याको अनुपातमा आर्थिक रूपले सक्रिय जनसङ्ख्या बढिरहने छ । यस जनसाङ्ख्यिकी सङ्क्रमणको यस अवस्थाले नेपालमा आर्थिक विकासको सम्भावना रहन्छ । जनसाङ्ख्यिकी अध्ययनका विभिन्न प्रतिवेदनअनुसार नेपालमा जनसाङ्ख्यिकी अवसरको झ्याल (Demograhic Window of Opportunity) करिब ५५ वर्ष (सन् १९९२ देखि सन् २०४७) सम्म रहने अनुमान गरिएको छ । जनसाङ्ख्यिकी अवसरको झ्यालको पूर्ण उपयोग गरी आर्थिक विकासका लागि निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ :

१. देशमा उपलब्ध श्रमशक्तिको अधिकतम उपयोग गरी कुल गार्हस्थ उत्पादन बढाउन प्रयास गर्ने

२. देशको आम्दानी र बचतलाई उचित परिचालन गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने

३. दक्ष जनशक्ति उत्पादनमा उचित लगानी गर्ने

४. भविष्यमा वृद्धि हुने ज्येष्ठ नागरिकको सङ्ख्यालाई अनुमान गरी सामाजिक सुरक्षाको क्षेत्रमा लगानी गर्ने

५. आन्तरिक स्रोतको परिचालन गरी देशलाई आत्मनिर्भर बनाउँदै लैजाने आदि

## क्रियाकलाप

१. नेपालमा जनसाङ्ख्यिकी लाभांशको प्रयाप्त उपयोग गर्न के गर्नुपर्ला ? बुँदा टिपोट गर्नुहोस् ।

२. उमेर संरचनाको सङ्क्रमणका बारेमा तपाईंलाई के थाहा छ ? छोटकरीमा लेख्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) जनसाङ्ख्यिकी सङ्क्रमणको अवस्था भन्नाले के बुझिन्छ ?

(ख) नेपालमा ६० वर्षभन्दा माथिका उमेर समूहलाई के भनिन्छ ?

(ग) जनसाङ्ख्यिकी सङ्क्रमणको कुन अवस्थालाई जनसाङ्ख्यिकी अवसरको झ्याल भनिन्छ ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) विभिन्न विद्वानले जनसाङ्ख्यिकी सङ्क्रमणको अवस्थालाई कसरी विभाजन गरेका छन्, उल्लेख गर्नुहोस् ।

(ख) जनसाङ्ख्यिकी सङ्क्रमणले जनसङ्ख्याको उमेर संरचनालाई कसरी प्रभाव पार्छ ? आफ्नो विचार छोटकरीमा लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) जनसाङ्ख्यिकी सङ्क्रमणका तीन चरणहरू के के हुन् ? सबै चरणहरूको छोटकरीमा वर्णन गर्नुहोस् ।

(ख) जनसाङ्ख्यिकी सङ्क्रमण र उमेर संरचनाको सङ्क्रमणका बिचको सम्बन्ध छोटकरीमा लेख्नुहोस् ।

## पाठ ४ जनसङ्ख्या व्यवस्थापन

सामान्य अर्थमा कुनै पनि देशमा रहेको जनसङ्ख्याको तुलनामा सो जनसङ्ख्यालाई उपभोग गर्न पुग्ने स्रोतसाधनको अनुपात मिल्न गएको अवस्था नै जनसङ्ख्या व्यवस्थापन हो । देशमा उपलब्ध प्राकृतिक स्रोतसाधनअनुसार जनसङ्ख्यालाई सही रूपले वितरण गर्ने कार्यलाई जनसङ्ख्या व्यवस्थापन भनिन्छ । जन्म, मृत्यु र बसाइँसराइ जस्ता जनसाङ्ख्यिकी तत्त्वहरूको प्रभावले गर्दा जनसङ्ख्या स्थिर नभई घटबढ भइरन्छ । हरेक राष्ट्रले उपलब्ध स्रोतसाधनले धान्न नसक्ने गरी जनसङ्ख्या वृद्धि भएको छ भने समयमै जनसङ्ख्या वृद्धि रोक्नुपर्छ । त्यसै गरी प्राकृतिक स्रोत परिचालन गर्न जनशक्ति पनि उपलब्ध नहुने अवस्थामा जनसङ्ख्या वृद्धि गर्न प्रयास गर्नुपर्छ । त्यसैले जनसङ्ख्या घटाउनु मात्र नभई देशमा उपलब्ध स्रोत र साधनको उपलब्धताको आधारमा जनसङ्ख्या बढाउनु वा घटाउनु नै जनसङ्ख्या व्यवस्थापन भनिन्छ । यसका लागि जनसङ्ख्या बढी भएका देशहरूले जनसङ्ख्या व्यवस्थापनका लागि जन्म विरुद्धको नीति (Anti-Natalist Population Policy) अङ्गीकार गर्नुपर्छ भने जनसङ्ख्या कम भएका देशहरूले जन्म पक्षको नीति (Pro-Natalist Population Policy) अङ्गीकार गर्नुपर्छ । नेपालले उपलब्ध स्रोतसाधनको उपलब्धताका तुलनामा जनसङ्ख्याको आकार बढी भएकाले जन्म विरुद्धको जनसङ्ख्या व्यवस्थापन नीति लिएको छ ।

### जनसङ्ख्या व्यवस्थापनका उपायहरू

देशमा विद्यमान स्रोतसाधन र जनसङ्ख्याबिच सन्तुलन कायम गर्नु नै जनसङ्ख्या व्यवस्थापन हो । नेपालमा वि.सं. १९९८ को जनगणना पछि जनसङ्ख्या वृद्धि हुँदै आएको छ । वि.सं. २०१८ जनगणनादेखि वि.सं. २०५८ को जनगणनासम्म जनसङ्ख्या वृद्धिदर उच्च रहेको थियो । जनगणना २०६८ को तथ्याङ्कअनुसार जनसङ्ख्याको वृद्धिदरमा कमी आएको देखिए तापनि नेपालमा जनसङ्ख्या वृद्धि भने रोकिएको छैन । नेपालमा अशिक्षा, बेरोजगारी, गरिबी, कम उमेरमा विवाह र गर्भाधान, उच्च शिशु मृत्युदर आदिका कारण जनसङ्ख्या वृद्धि भइरहेको छ । जनसङ्ख्यामा वृद्धिले गर्दा स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, वातावरण आदिका क्षेत्रमा नकारात्मक असर परेको छ । त्यसैले समयमै जनसङ्ख्या वृद्धिको नियन्त्रण गरी जनसङ्ख्या व्यवस्थापन गर्न जनसङ्ख्या नियन्त्रणका विभिन्न प्रत्यक्ष र अप्रत्यक्ष उपायहरू अवलम्बन गर्न सकिन्छ । जनसङ्ख्या व्यवस्थापनका लागि अवलम्बन गर्न सकिने केही प्रत्यक्ष र अप्रत्यक्ष उपायहरू निम्न प्रकार छन् :

### जनसङ्ख्या नियन्त्रण गर्ने प्रत्यक्ष उपायहरू

प्रत्यक्ष रूपमा जनसङ्ख्या वृद्धिलाई नियन्त्रण गर्न सहयोग पुऱ्याउने उपायहरूलाई जनसङ्ख्या व्यवस्थापनका प्रत्यक्ष उपायहरू भनिन्छ । जनसङ्ख्या नियन्त्रणमा सहयोग पुऱ्याउने केही विभिन्न उपायहरूको सङ्क्षिप्त जानकारी यस प्रकार छन् :

(क) गर्भ निरोधक साधनको प्रयोग : परिवार नियोजनका विभिन्न स्थायी वा अस्थायी गर्भ निरोधक साधनहरूको प्रयोग गरेर जनसङ्ख्यालाई नियन्त्रण गर्न सकिन्छ । त्यसैले परिवार नियोजनका साधनहरूको पहुँचलाई विभिन्न क्षेत्र तथा विभिन्न तहका मानिससम्म विस्तार

गर्न प्रयार गरी जनसङ्ख्या वृद्धिको नियन्त्रण गर्नुपर्छ । यदि जनसङ्ख्या वृद्धि गर्नुपर्ने अवस्था भएमा यस्ता साधनको प्रयोगमा रोक लगाउन सकिन्छ ।

(ख) उचित कानुनी व्यवस्था : जनसङ्ख्या वृद्धिदर नियन्त्रणका लागि उत्प्रेरित गर्ने कानुनी प्रावधानको व्यवस्था गरी प्रत्यक्ष रूपमा जनसङ्ख्या नियन्त्रण गर्न सकिन्छ ।

(ग) उचित जन्मान्तर : एउटा बच्चा जन्मिसकेपछि अर्को बच्चा नजन्मदासम्मको अवधिलाई जन्मान्तर भनिन्छ । उचित जन्मान्तर उपाय अवलम्बन गरी बच्चा जन्मने अवधि ढिलो हुन्छ । यसले जनसङ्ख्या वृद्धि रोक्न सहयोग पुग्छ ।

(घ) उपयुक्त उमेरमा विवाह : विवाह दुई विपरीत लिङ्गबिच पारिवारिक जीवन यापनका निम्ति कानुन, धर्मसंस्कृति, समाज आदिबाट स्वीकृत प्राप्त सम्बन्ध हो । उपयुक्त उमेरमा विवाह गर्दा स्वास्थ्य प्रजनन अवधिको कम उपयोग हुने हुँदा जनसङ्ख्या वृद्धिदरमा कमी ल्याउन सहयोग पुग्छ । त्यसैले उपयुक्त उमेरमा विवाहलाई जनसङ्ख्या नियन्त्रणको एक महत्त्वपूर्ण उपाय मानिन्छ ।

(ङ) बसाइँसराइलाई नियन्त्रण : अनियन्त्रित बसाइँसराइले जनसङ्ख्या व्यवस्थापनमा समस्या उत्पन्न गराउँछ । त्यसैले उपयुक्त नीतिको निर्माण गरी बसाइँसराइलाई नियन्त्रण गर्न सके जनसङ्ख्या व्यवस्थापनमा थप सहयोग पुग्छ ।

### जनसङ्ख्या नियन्त्रण गर्ने अप्रत्यक्ष उपायहरू

जनसङ्ख्या वृद्धिलाई सिधै नियन्त्रण नगरी अप्रत्यक्ष रूपमा सहयोग गर्ने विभिन्न उपायहरू जनसङ्ख्या व्यवस्थापनका अप्रत्यक्ष उपायहरू हुन् । जनसङ्ख्या नियन्त्रण गर्ने विभिन्न अप्रत्यक्ष उपायहरूमध्ये केही उपायहरू यस प्रकार छन् :

(क) जनसङ्ख्या शिक्षा तथा स्वास्थ्य सेवामा सुधार : शिक्षाले मानिसलाई विभिन्न परिस्थितिका बारेमा सचेत गराउँछ । जनसङ्ख्याको वृद्धि र यसको असरका बारेमा जनसङ्ख्या शिक्षाले मानिसलाई सचेत गराउँछ । यसले सानो परिवारको अवधारणाको विकास गराउँछ । त्यसै गरी स्वास्थ्य सेवामा सुधार गर्न सकेमा शिशु मृत्युदरलाई कम गराउन सकिन्छ । यसले अप्रत्यक्ष रूपले जनसङ्ख्याको वृद्धिलाई नियन्त्रण गर्छ ।

(ख) रोजगारीका अवसर सिर्जना गरी गरिबी घटाउने : विभिन्न पेसामा संलग्न जनशक्तिले उचित परिवार योजना गर्छ । उचित परिवार योजनाले ढिलो विवाह, पहिलो गर्भधारण, जन्मान्तर आदि जस्ता विषयमा विशेष ध्यान दिन्छ । रोजगारीको अवसार बढाउँदै जाँदा गरिबी न्यूनीकरण हुन्छ । यसले मानिसको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । यसको मध्ययमबाट जनसङ्ख्या वृद्धिलाई नियन्त्रण गर्न सकिन्छ ।

(ग) सहरीकरणको विकास : सहरीकरणको विकाससँगै मानिसका व्यस्तता बढ्दै जान्छ । मानिसमा एकल परिवारमा बस्ने प्रवृत्तिको विकास हुँदै जान्छ । यसले गर्दा थोरै बच्चा जन्माउने प्रवृत्तिको विकास भई जनसङ्ख्या नियन्त्रणमा सघाउँछ ।

(घ) सामाजिक सुरक्षा भत्ताको प्रबन्ध: सामान्यतय बुढेसकालको सहारा बन्न सक्छ भन्ने मोहले मानिस धेरै बच्चा जन्माउँछन् । यस्तो सोचाइलाई निरुत्साहित गर्न सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्नुपर्छ । यसले अप्रत्यक्ष रूपमा थोरै मात्र सन्तान जन्माउनका लागि मानिसलाई प्रोत्साहन गर्छ ।

(ङ) महिला सशक्तीकरणमा जोड : महिला सशक्तीकरणले महिलालाई शिक्षित र आत्मनिर्भर बनाउन सहयोग गर्छ । यसले गर्दा महिलालाई अरूको इच्छामा बच्चा जन्माउनुभन्दा आफ्नो इच्छा र योजनामा बच्चा जन्माउन प्रेरित गर्छ । त्यसैले शिक्षित र आत्मनिर्भर महिलाले थोरै बच्चा जन्माउँछन् । यसले जनसङ्ख्या नियन्त्रण गरी यसको व्यवस्थापनमा सहयोग
पु¥याउँछ ।

### क्रियाकलाप

१. जनसङ्ख्या नियन्त्रणका प्रत्यक्ष र अप्रत्यक्ष उपायहरू र जनसङ्ख्या व्यवस्थापनमा तिनीहरूको प्रभावका बारेमा कक्षामा छलफल गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) जनसङ्ख्या व्यवस्थापन भनेको के हो ?

(ख) के जनसङ्ख्या वृद्धिदर कम गर्नु मात्र जनसङ्ख्या व्यवस्थापन हो ?

(ग) जन्म विरुद्धको नीति र जन्म पक्षको नीतिबिच के फरक छ ? एक वाक्यमा लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) वि.सं. २०१८ जनगणनादेखि वि.सं. २०५८ सम्म नेपालको जनसङ्ख्या तीव्र हुनुका कारणहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।

(ख) उच्च शिशु मृत्युदरका कारण जनसङ्ख्याको वृद्धि कसरी हुन्छ ? आफ्नो तर्क लेख्नुहोस् ।

(ग) जनसङ्ख्या व्यवस्थापनको महत्त्व आफ्नै शब्दमा बर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) जनसङ्ख्यामा तीव्र वृद्धिका कारणहरू उल्लेख गरी कुनै दुईको वर्णन गर्नुहोस् ।

(ख) जनसङ्ख्या व्यवस्थापनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने उपायहरूको सूची बनाई कुनै दुईको वर्णन गर्नुहोस् ।

एकाइ १०

# अर्थतन्त्र र विकास

सिकाइ उपलब्धि

१. नेपालको अर्थतन्त्रका आधार पहिचान गरी विशेषता विवेचना गर्न

२. समाजका औपचारिक र अनौपचारिक आर्थिक कारोबार पद्धतिहरू खोजी गर्न


३. नेपालको अर्थतन्त्रमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीन खम्बे नीतिको महत्त्व दर्शाउन

४. कृषि, उद्योग, निर्माण र सामाजिक क्षेत्रले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव विश्लेषण गर्न

५. श्रम शक्ति र रोजगारबिचको अन्तरसम्बन्ध बताउन र उद्यमशिलताका लागि अभिप्रेरित हुन

६. नेपालको अर्थतन्त्रमा विप्रेषणको योगदान र यसको सामाजिक, आर्थिक प्रभाव उल्लेख गर्न

७. सरकारी वित्तको स्रोत र वितरण अवस्थासँग परिचित हुन र यसले सामाजिक विकासमा खेलेको भूमिका समीक्षा गर्न







## पाठ १ नेपालको अर्थतन्त्रका आधार र विशेषताहरू

### नेपालको अर्थतन्त्रका आधार

मानिसका आवश्यकता असिमित हुन्छन् । ती असीमित आवश्यकताको परिपूर्तिका लागि स्रोत तथा साधनहरू सीमित हुन्छन् । मानव जातिले आफूसँग भएका सीमित स्रोत साधनहरूको विवेकपूर्ण प्रयोगद्वारा आफ्ना असीमित आवश्यकताहरू क्रमस: पूरा गर्दै जानुपर्ने हुन्छ । मानवले आफ्ना आवश्यकताहरू पूरा गर्ने क्रममा विभिन्न किसिमका आर्थिक गतिविधिहरू (जस्तै : उत्पादन, उपभोग, विनिमय, वितरण आदि) सञ्चालन गर्छन् । यसरी कुनै एउटा समुदाय वा राज्यको वस्तु तथा सेवाहरूको उत्पादन र उपभोगसँग सम्बन्धीत सम्पूर्ण गतिविधिहरूको समग्र पक्षलाई अर्थतन्त्र भनिन्छ ।

नेपाली अर्थतन्त्रका आधार भन्नाले नेपालको समग्र आर्थिक अवस्थामा कुन कुन क्षेत्रले योगदान पुऱ्याउँछ भन्ने कुरालाई बुझाउँछ । अर्थात् नेपाली अर्थतन्त्रमा कस्ता कस्ता आर्थिक गतिविधिहरू सञ्चालन हुन्छन् । ती गतिविधिका क्षेत्रहरू के के छन् भन्ने कुरा यसका आधारहरूले देखाउँछन् । नेपाल प्राकृतिक स्रोतले भरिपूर्ण मुलुकको नामले विश्वमा परिचित छ । विश्वमा पाइने धेरै प्रकारका हावापानी, वनस्पति र धरातलीय स्वरूप यहाँ पाइन्छन् । त्यस्तै प्रशस्त मात्रामा जलविद्युत् उत्पादन गर्न सकिने प्रशस्त सम्भावना रहेका लगभग ६००० नदीनालाहरू रहेका छन् । नेपाल एक कृषि प्रदान देश हो र कृषि क्षेत्रको विकासबाट देशलाई अगि बढाउन सकिने प्रशस्त सम्भावना रहेका छन् । हावापानी, प्राकृतिक र सांस्कृतिक सुन्दरताको कारण पर्यटन व्यवसायको पनि ठुलो सम्भावना रहेको छ । यसरी नेपाली अर्थतन्त्रलाई अगि बढाउन मदत गर्ने केही आधार रहेका छन् । तिनीहरूको बारेमा यहाँ चर्चा गरिने छ ।

### कृषि


नेपाल कृषिको प्रशस्त सम्भावना भएको देश हो । पन्ध्रौँ योजना (२०७६/०७७ - २०८०/०८१) अनुसार यहाँका करिब ६०.४ प्रतिशत जनसङ्ख्या कृषि पेसामा आश्रित छन् । कुल गार्हस्थ उत्पादनमा पनि सबैभन्दा बढी योगदान कृषि क्षेत्रको नै रहेको छ । आर्थिक सर्वेक्षण २०७९/८० अनुसार कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत रहेको छ । कृषि क्षेत्रको विकासले नै देश विकास गर्न र जनताको जीवनस्तर उकास्न आधार प्रदान गर्छ । दैनिक जीवनमा उपभोग गरिने खाद्यान्न कृषि क्षेत्रबाट नै प्राप्त हुन्छ । अधिकांश



उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ पनि कृषिबाट नै प्राप्त हुन्छ । ग्रामीण क्षेत्रमा

बसोबास गर्ने जनताको रोजगारीको मुख्य आधार कृषि नै रहेको छ । देशको आन्तरिक तथा बाह्य व्यापारको अधिकांश हिस्सा पनि कृषि क्षेत्रले नै ओगटेको छ । कृषि देशको अर्थतन्त्रको मेरुदण्ड हो । कृषि क्षेत्रको विकासले देशमा गरिबी न्यूनीकरण गर्न सकिन्छ । त्यस्तै निर्यात व्यापारमा वृद्धि गरी व्यापार घाटा कम गर्न पनि कृषि क्षेत्रमा बढी ध्यान दिनु पर्दछ । कृषि कार्यअन्तर्गत खाद्यान्न बाली, नगदेबाली, पशुपंक्षी पालन, फलफूल खेती आदि पर्दछन् । नेपालमा कृषि क्षेत्रमा कृषि उपजको व्यापार, कृषिजन्य उद्योग एवम् कृषि व्यवसायहरू पनि सञ्चालित छन् ।

## उद्योग



श्रम, पुँजी, सिप र प्रविधिको प्रयोग गरी ठुला तथा साना परिमाणमा वस्तु तथा सेवाको उत्पादन गर्ने कार्यलाई उद्योग भनिन्छ । कुनै पनि देशको विकासका लागि उद्योगको विकास हुनुपर्छ । त्यसैले विश्वका प्रत्येक देशले उद्योगलाई आर्थिक विकासको मूल मेरुदण्डका रूपमा स्थापित गर्न कोसिस गरेको देखिन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने प्राचीन कालमा केही सीमित वस्तुहरू घरेलु तथा साना उद्योगमार्फत उत्पादन गरिन्थे । राणा शासनकालको अन्त्यतिर वि.सं. १९९३ सालमा उद्योग परिषद्को स्थापनापश्चात् नेपालमा औद्योगिकीकरणको सुरुआत भएको देखिन्छ । त्यसपछि वि.सं. १९९३ सालमा नै स्थापना भएको विराटनगर जुटमिललाई नै नेपालको पहिलो आधुनिक उद्योगका रूपमा लिइन्छ । वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापनापश्चात् नेपालमा उद्योगको विकास र विस्तार हुन थालेको पाइन्छ । हाल नेपालमा ग्रामीण क्षेत्रमा घरेलु तथा साना उद्योगको बाहुल्यता रहेको छ भने सहरी क्षेत्रमा ठुला तथा मझौला उद्योग रहेका छन् । औद्योगिक क्षेत्रको विकासका लागि अहिले नेपाल सरकारले विभिन्न ११ ओटा क्षेत्रलाई औद्योगिक क्षेत्रका रूपमा विकास गरेको छ । यसरी कुनै पनि देशको आर्थिक विकासमा औद्योगिक विकासको महत्त्वपूर्ण भूमिका रहन्छ । औद्योगिक क्षेत्रको विकासले अर्थतन्त्रका अन्य सबै क्षेत्रहरू प्रभावकारी रूपमा परिचालित हुन्छन् । आर्थिक सर्वेक्षण २०७९/८० अनुसार कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान १३.५ प्रतिशत रहेको छ । नेपालमा सञ्चालित अधिकांश उद्योगहरू कृषिबाट उत्पादित कच्चा पदार्थका आधारमा सञ्चालित छन् । त्यसैले उद्योगको विकासले कृषि क्षेत्रको विकासमा समेत प्रत्यक्ष प्रभाव पार्नेछ । पछिल्लो समयमा नेपालमा उर्जामूलक उद्योग, सिमेन्ट उद्योग र निर्माण उद्योगतर्फ लगानीकर्ताहरूको आकर्षण बढिरहेको देखिन्छ ।


## व्यापार




लाभ प्राप्त गर्ने उद्देश्यले व्यक्ति वा समूहबिचमा हुने वस्तु तथा सेवाहरूको खरिद बिक्रीको कार्यलाई नै व्यापार भनिन्छ । व्यापार आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । मानव सभ्यताको सुरुआतदेखि नै व्यापारको विकास भएको पाइन्छ । त्यति वेला मुद्रा प्रचलनमा नभए तापनि एक अर्कोबिचमा वस्तु तथा सेवाको साटा साट गरेर व्यापार गरिन्थ्यो । विस्तारै स्थानीय स्तरमा उत्पादित वस्तुहरू सोही ठाउँमा विक्री वितरण गर्ने कार्यको सुरुआत भयो । मुद्राको विकाससँगै व्यापार बढी विकसित र व्यापक बन्दै गएको देखिन्छ ।

व्यापार पनि देशको आर्थिक विकासको महत्त्वपूर्ण आधार हो । व्यापारले वस्तु तथा सेवाको किनबेच सहज बनाउँछ । एक ठाउँमा उत्पादन भएका वस्तुको उपयोग अन्य ठाउँका मानिसले पनि गर्न पाउँछन् । उपभोक्ताहरूले आवश्यकताअनुसारका वस्तु तथा सेवा छनोट गर्ने अवसर प्राप्त गर्दछन् । व्यापारको विकासले देशमा लगानी र उत्पादनको कार्यलाई प्रोत्साहित गर्छ । त्यसैले देशभित्रै प्रशस्त मात्रामा औद्योगिक उत्पादन र कृषि क्षेत्रको उत्पादनमा वृद्धि हुन सक्छ । व्यापारकै कारणले अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार हुने, देशमा प्रशस्त मात्रामा लागानीका अवसर भित्रिने, प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि हुने र विदेशी मुद्रा आर्जन हुने जस्ता सकारात्मक उपलब्धिहरू हाँसिल हुन्छन् । त्यस्तै व्यापारकै कारण देशमा रोजगारी तथा स्वरोजगारीको अवसरमा समेत वृद्धि हुन्छ । परम्परागत कला र सिपमा आधारित सामानहरूको विक्री वितरण भई तिनीहरूको संरक्षणमा मदत पुग्छ । राजस्व सङ्कलनमा वृद्धि भई देशको राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ ।

## पर्यटन



नेपालको अर्थतन्त्रको अर्को महत्त्वपूर्ण आधार पर्यटन हो । नेपाल पर्यटन व्यवसायका लागि निकै सम्भावना बोकेको देश हो । यहाँ विविध प्रकारका हावापानी, प्राकृतिक सौन्दर्यता, धार्मिक तथा सांस्कृतिक सम्पदा र साहसिक पर्यटनका लागि प्रशस्त सम्भावना देखिन्छन् । यस्ता सम्पदाहरूको संरक्षण, प्रवर्धन तथा विविधीकरण गरेर पर्यटकीय स्थलका रूपमा विकास गरी नेपाललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ । बर्सेनि लाखौँ स्वदेशी तथा विदेशी पर्यटकहरूले नेपालको पर्यटकीय क्षेत्रको भ्रमण गर्ने गरेका छन् । यसबाट पर्यटनसँग सम्बन्धीत विभिन्न होटल, रेस्टुरेन्ट, ट्रेकिङ तथा ट्राभल एजेन्सीहरूको स्थापना र सञ्चालन भएका छन् । त्यस्तै राफ्टिङ, पदयात्रा, हिमाल, आरोहण, क्यानोयिङ, माउन्टेन बाइकिङ, बन्जी जम्पिङ, प्यारा ग्लाइडिङ, जस्ता साहसिक पर्यटनको पनि नेपालमा विकास भइसकेको छ ।

यस्ता व्यवसायहरूले पर्यटन प्रवर्धनमार्फत रोजगारी सिर्जना गरी गरिबी निवारणमा समेत मदत पुग्ने देखिन्छ । त्यस्तै गरी पर्यटन उद्योगबाट विदेशी मुद्रासमेत आर्जन भई आर्थिक समृद्धि हाँसिल गर्न सघाउ पुग्छ ।

## जलस्रोत



नेपाल जलस्रोतको दृष्टिले प्रशस्त सम्भावना बोकेको देश हो । त्यसैले जलस्रोत नेपालको अर्थतन्त्रको महत्त्वपूर्ण आधार बन्न सक्छ । नेपालमा ठुला साना गरेर लगभग ६००० नदीनाला र तालतलैयाहरू रहेका छन् । यी जलसम्पदाको प्रयोग गरी प्रशस्त मात्रामा जलविद्युत् उत्पादन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । आर्थिक तथा प्राविधिक क्षमताअनुसार ४२,००० मेघावाट जलविद्युत् उत्पादन गर्न सकिने सम्भावना रहेको भनी विभिन्न अध्ययन अनुसन्धानहरूले पुष्टि गरिसकेका छन् । यसरी जलविद्युत् उत्पादन गरेर निर्यात गर्न सकेमा नेपालको आर्थिक समृद्धिमा मदत पुग्नुका साथै हाल भइरहेको व्यापार घाटा कम गराउन सकिन्छ । देशभित्रै उद्योग धन्दा कलकारखानाहरू सञ्चालन गर्न सकिन्छ । जलसम्पदाकै सदुपयोगबाट सिँचाइ सुविधामा विस्तार गरी कृषि उत्पादकत्वमा पनि वृद्धि गर्न सकिन्छ । वनसम्पदाको संरक्षणका साथै स्वच्छ, सफा र हराभरा वातावरण बनाउन पनि मदत पुग्छ ।

## नेपालको अर्थतन्त्रका विशेषता

नेपाली अर्थतन्त्रलाई प्रत्यक्ष रूपमा यहाँको भूगोल, धर्म, संस्कृति, परम्परा आदिले प्रभाव पारेको छ । नेपालसँगै समान हैसियतका राष्ट्रहरू अहिले विश्वमा विकसित देशका रूपमा रूपान्तरण हुन सफल भइसकेका छन् । त्यसैले नेपालले यस अवस्थालाई गम्भीर रूपमा मनन गरी चिन्तन गर्नुपर्ने आजको मुख्य आवश्यकताका रूपमा रहेको छ । समग्रमा नेपाली अर्थतन्त्रका विशेषतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### (क) न्यून प्रतिव्यक्ति आय

नेपालको प्रतिव्यक्ति आय अन्य देशको तुलनामा अतिकम देखिन्छ । सन् २०२१ को तथ्याङ्कअनुसार नेपालको प्रतिव्यक्ति आय १२०८.२ अमेरिकी डलर रहेको छ । भने सँगै छिमेकी राष्ट्र चीन र भारतको क्रमश: १२५५६.३ र २२५६.६ अमेरिकी डलर रहेको छ ।

### (ख) निर्वाहमुखी कृषि प्रणाली

नेपाल एक कृषि प्रधान देश हो । यहाँको अधिकांश जनसङ्ख्या अहिले पनि कृषि पेसामा आबद्ध छ । व्यावसायिक तथा आधुनिक खेती प्रणालीबाट खेती गरेमा कृषि क्षेत्रको विकास

गर्न सकिन्छ भनिए तापनि अधिकांश कृषकहरूले परम्परागत र निर्वाहमुखी खेती प्रणालीलाई नै अपनाएको पाइन्छ ।

(ग) **औद्योगिकीकरणको सुस्तता**

जुन देशको अर्थतन्त्रमा उद्योग क्षेत्रको विशेष योगदान रहेको छ । ती देशहरू आज विकसित मुलुकका रूपमा चिनिएका छन् । नेपालमा भने उद्योग क्षेत्रको विकास सुस्त गतिमा भएको देखिन्छ भने अर्कोतिर नेपालमा सञ्चालित उद्योगहरू प्रायजसो कृषिजन्य कच्चा पदार्थमा आधारित छन् र घरेलु तथा साना उद्योगको बाहुल्यता देखिन्छ ।

(घ) **प्राकृतिक साधनहरूको न्यून उपयोग**

नेपालका विभिन्न भागमा चुनढुङ्गा, तामा, फलाम, अभ्रख, सिसा, कोइला आदि जस्ता खनिज पदार्थहरू रहेको कुरा अनुसन्धानले देखाएको छ । त्यस्तै जलस्रोतको हिसाबले पनि नेपालमा प्रशस्त सम्भावना रहेका छन् । आधुनिक प्रविधि र दक्ष जनशक्तिको अभावले यस्ता प्राकृतिक साधनको पूर्ण रूपमा विकास हुन सकेको छैन ।

(ङ) **आयातमुखी अर्थतन्त्र**

नेपालमा निर्यातभन्दा बढी मूल्यको आयात गर्नाले दिन प्रतिदिन वैदेशिक व्यापार घाटा वृद्धि हुँदै गएको देखिन्छ । उत्पादनमूलक उद्योगहरूको अभाव, सस्ता वस्तुहरूको निर्यात र महँगा वस्तुको आयातका कारणले नै वैदेशिक व्यापार घाटा रहेको देखिन्छ ।

(च) **न्यून आय तथा जीवनस्तर**

नेपाली अर्थतन्त्रमा गरिबी तथा बेरोजगारी र कृषिमा अर्धबेरोजगारको समस्या व्याप्त रूपमा देखिन्छ । त्यस्तै यसका कारण न्यून आय र जीवनस्तर भएका मानिसको जनसङ्ख्या पनि बढी नै देखिन्छ ।

(छ) **विप्रेषणमा आधारित अर्थव्यवस्था**

नेपाल विप्रेषणमा आधारित अर्थतन्त्र हो । देशमा रोजगारीको अभावले धेरै नेपाली युवाहरू रोजगारीका लागि विदेश जान बाध्य भएका छन् । यसरी विदेशिएका नेपाली युवाहरूबाट बर्सेनि ठुलो रकम विप्रेषणका रूपमा नेपालमा भित्रिएको छ । हालका लागि यो राम्रो भए तापनि दीर्घकालमा घातक हुन सक्छ ।

## क्रियाकलाप

१. तपाईंको विचारमा नेपालको अर्थतन्त्र सुदृढीकरणका लागि चालिनुपर्ने कदमका बारेमा उल्लेख गर्दै कथा /कविता /समाचारको नमुना /सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

२. तपाईंको जिल्लामा आर्थिक विकासका आधार के के हुन सक्छन् सोधखोज गरी लेख्नुहोस् ।

३. नेपाल प्राकृतिक स्रोत साधनले सम्पन्न भएर पनि आशातित उपलब्धि हासिल गर्न सकेको छैन । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

४. नेपालमा जलविद्युत् विकासको सम्भावनासहित विद्युत् विकासका लागि गैरआवासीय नेपालीलाई लगानी गर्न आग्रह गर्दै एक चिठी लेख्नुहोस् ।

### चिठीको नमुना

मिति : २०७९/१२/१५

श्रीमान् अध्यक्षज्यू,
नेपालस्थित गैरआवासीय कार्यालय

काठमाडौँ, नेपाल

विषय : विद्युत् विकासका लागि लगानी गर्ने सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा नेपाल जलस्रोतमा धनी राष्ट्र भएको कुरा सबैमा सर्वविदितै छ । यहाँ साना ठुला गरी लगभग ६००० भन्दा बढी नदीनालाहरू रहेका छन् । त्यसैले जलविद्युत् उत्पादनको प्रशस्त क्षमता रहेको छ भन्न सकिने अवस्था छ । राज्यले वैदेशिक लगानीलाई जलविद्युतको क्षेत्रमा भित्र्याउने लक्ष्यअनुसार काम पनि गरिरहेको छ । नेपालमा उत्पादन भएको विद्युत्बाट नेपालमा हाल भइरहेको उर्जा सङ्कटको समस्यालाई समाधान गरी भारतलगायत अन्य मुलुकमा निर्यात गर्ने प्रशस्त सम्भावना छन् । नेपालमा जलविद्युत्का क्षेत्रमा गरिएको लगानीबाट राम्रो प्रतिफल हासिल गर्न सकिने सम्भावना पनि रहेको छ । त्यसैले विभिन्न मुलुकमा बसोबास गर्ने र आवासीय नेपालीहरूलाई नेपालमा जलविद्युत्को क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्दै लगानी गर्नुहुने छ भन्ने आशाका साथ अनुरोध गर्दछु ।

भवदीय

कमल थानी

श्री महेन्द्र मा.वि., सिन्धुपाल्चोक, चौतारा

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

१. नेपाली अर्थतन्त्रका प्रमुख आधारको सूची बनाउनुहोस् ।

२. नेपाली अर्थतन्त्रलाई किन विप्रेषण अर्थतन्त्र भनिएको हो ?

३. नेपाली अर्थतन्त्रका कुनै दुई विशेषता उल्लेख गर्नुहोस् ।

४. नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान कति रहेको छ ?

५. नेपाली अर्थतन्त्रमा विप्रेषणले पारेको कुनै दुई प्रभाव उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

१. नेपालको अर्थतन्त्रका आधारहरूका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

२. नेपाली अर्थतन्त्रका विशेषताहरूको सूची तयार गरी कुनै दुईको छोटकरीमा व्याख्या गर्नुहोस् ।

३. नेपाली अर्थतन्त्रका सबल र कमजोर पक्षहरू औँल्याउनुहोस् ।

४. कृषि क्षेत्रले नेपाली अर्थतन्त्रमा कसरी योगदान दिन सक्छ, उल्लेख गर्नुहोस् ।


लामो उत्तर आउने प्रश्नहरू

१. नेपाली अर्थतन्त्रका आधारका बारेमा छोटकरीमा व्याख्या गर्दै नेपाली अर्थतन्त्र सोचे जस्तो हुन नसक्नाका कारणहरू चर्चा गर्नुहोस् ।

२. नेपाली अर्थतन्त्रका सबल र कमजोर पक्षहरूको चर्चा गर्दै नेपाली अर्थतन्त्रलाई सुदृढ पार्ने उपायहरू उल्लेख गर्नुहोस् ।

## पाठ २ सार्वजनिक, निजी तथा सहकारी क्षेत्र

मुलुकलाई आर्थिक विकासको बाटामा हिँडाउन सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक सङ्घसंस्था, गैरसरकारी सङ्घसंस्था, नागरिक समाज आदिको सक्रिय भूमिका रहन्छ । आर्थिक विकासका क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्तम्भ नै सार्वजनिक, निजी र सहकारी क्षेत्र हुन् । यो कुरालाई विश्व अर्थतन्त्रले पनि स्वीकार गरेको छ । नेपालको संविधानले बजारद्वारा निर्देशित आर्थिक विकासको सट्टामा मिश्रित आर्थिक प्रणालीअन्तर्गत सरकार, सहकारी र निजी क्षेत्रको भूमिका रहने गरी तीन खम्बे अर्थनीजिको मोडेललाई अङ्गकार गरेको छ । नेपाल जस्तो अल्पविकसित मुलुकका लागि यी तीन क्षेत्रको सहकार्य र समन्वयबाट मात्र सामाजिक र आर्थिक विकासले गति लिन सक्छ ।




### सार्वजनिक क्षेत्र

सार्वजनिक क्षेत्रलाई सरकारी क्षेत्र पनि भनिन्छ । सामान्यतया सरकार वा राज्यको स्वामित्वमा रहेका सम्पूर्ण आर्थिक क्रियाकलापहरू सार्वजनिक क्षेत्रअन्तर्गत पर्छन् । सरकारसँग राष्ट्रको उन्नति र प्रगतिका लागि दुरदृष्ट्रि, योजना, नीति तथा कार्यक्रम र स्रोत साधनहरू रहेका हुन्छन् । उपलब्ध स्रोत साधनको परिचालनका निम्ति कानुनी अधिकार पनि प्राप्त गरेको हुन्छ । त्यस्तै सरकारी आम्दानीको लागि

**आर्थिक विकासमा सार्वजनिक क्षेत्रको भूमिका**

१. सार्वजनिक क्षेत्रको परिचालन गर्ने
२. कानुनी तथा नीतिगत प्रक्रिया सुधार गरी आन्तरिक र बाह्य लगानीको वातावरण तयार गर्ने
३. सरकारी, निजी, गैरसरकारी तथा सामुदायिक क्षेत्रलाई विकास प्रक्रियामा अगि बढाउने
४. आधारभूत क्षेत्रमा आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गर्ने
५. कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, वैज्ञानिकरण र बजारीकरणमा जोड दिने
६. निजी क्षेत्रको विकास र लगानी अभिवृद्धि गर्न आवश्यक नीतिगत, संस्थागत र कानुनी व्यवस्था गर्ने
७. विकासमा जनसहभागिताका लागि प्रोत्साहन गर्ने
८. प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र उपयोग गर्ने ।
९. सामाजिक न्यायसहितको आर्थिक प्रणालीको निर्माण गर्ने ।

सर्वसाधारणबाट राजस्व सङ्कलन गर्ने र बजेट विनियोजनमार्फत राजस्व खर्च गर्ने अधिकार पनि रहन्छ ।

यसरी हेर्दा एकातिर सार्वजनिक क्षेत्रले जनताका लागि वस्तु तथा सेवा उत्पादन, वितरण र आपूर्तिको काम गरेको देखिन्छ । अर्कोतिर निजी र सहकारी क्षेत्रलाई लगानीका लागि उत्प्रेरणा प्रदान गर्ने र लगानीका लागि वातावरण तयार गर्न सहयोग गरेको पाइन्छ । त्यसैले सार्वजनिक क्षेत्र भनेको राष्ट्रिय अर्थतन्त्रको मुख्य अङ्ग हो । सार्वजनिक क्षेत्रले देश विकास प्रक्रियामा सघाउ पुग्ने गरी भौतिक पूर्वाधारहरूको विकास र फराकिलो आर्थिक वृद्धिका लागि लगानीको वातावरण सिर्जना गर्छ । नेपालमा सङ्घीय शासन रहेकाले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार र सार्वजनिक संस्थानहरू सबै सार्वजनिक क्षेत्रअन्तर्गत नै पर्छन् ।

सङ्घीय सरकारले प्रदेश तथा स्थानीय सरकारसँग समन्वय र साझेदारी गरेर अगाडि बढ्नु पर्ने कुरा संविधानमा नै उल्लेख गरिएको छ । त्यसैले सङ्घीय सरकारले केन्द्रीय योजना, नीति निर्माण, नियमन, समन्वय र बृहत् आयोजनाहरूको कार्यान्वायन गर्ने काम गर्छ । रणनीतिक विकास, उत्पादन, सेवा, अनुसन्धान तथा विकासमा सङ्घीय सरकारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । ठुला तथा दीर्घकालमा प्रभाव पार्ने राष्ट्रिय महत्त्वका क्षेत्रहरूमा लगानी गरेर जनतालाई सेवा प्रदान गर्ने काम गर्छ ।

यसैगरी नेपालमा सात प्रदेश रहेका छन् र प्रदेशहरूले सङ्घसँग समन्वय गरेर राष्ट्रिय लक्ष्य र स्रोतअनुसारका कार्यक्रम सञ्चालन गर्छन् । प्रदेश तहको योजना, नीति र कार्यक्रम, तर्जुमा गरी कार्यान्वायन, अनुगमन र मूल्याङ्कन गर्छ । प्रदेशको आर्थिक, सामाजिक विकासका लागि गैरसरकारी, निजी र सहकारी क्षेत्रसँग समन्वय गरेर सेवा प्रवाह गर्ने काम गर्छ । प्रदेश स्तरका सडक आयोजना, खानेपानी, सिँचाइ, शिक्षा, स्वास्थ्यलगायतका मध्यम स्तरका विकास आयोजनाहरूमा लगानी गर्दछ ।

नेपालमा ७५३ स्थानीय तह रहेका छन् । स्थानीय तहहरूले सङ्घ र प्रदेशका विकाससम्बन्धी उद्देश्य, सोच, नीति, लक्ष्य तथा कार्यक्रमहरूको कार्यान्वायनमा समन्वय र सहकार्य गर्छन् । स्थानीय तहको मुख्य लक्ष्य भनेको नै आफ्ना नागरिकहरूलाई आधारभूत सेवा र सुविधा प्रदान गर्नु हो । स्थानीय तहले जनतालाई विकासको प्रत्यक्ष अनुभूति दिलाउनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, सरसफाइलगायतका सेवा सुविधा प्रदान गर्छ । स्थानीय तहले पनि कानुनले तोकेबमोजिम आफैँ राजस्व उठाउने, बजेट बनाउने, कार्यान्वायन गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य पनि गर्दछ ।

### निजी क्षेत्र

निजी व्यक्ति वा समूहको लगानी, स्वामित्व, व्यवस्थापनमा सञ्चालन भएका सम्पूर्ण आर्थिक क्रियाकलापहरू निजी क्षेत्रअन्तर्गत पर्छन् । निजी क्षेत्रको मुख्य उद्देश्य भनेको अधिकतम नाफा कमाउनु हो । नेपालमा आठौँ पञ्चवर्षीय योजनामा खुला तथा उदार अर्थतन्त्रको अवधारणा कार्यान्वायनमा आएपछि निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण बन्दै गएको हो ।

**नेपालको वर्तमान संविधानले पनि निजी क्षेत्रलाई मुलुकको आर्थिक विकासको सम्भोगका रूपमा लिएको पाइन्छ । त्यस्तै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने कुरा उल्लेख गरिएको छ । त्यसैले सरकारको विकाससम्बन्धी सोच, नीति र योजनाबमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न निजी क्षेत्रको पनि सहयोग र सहकार्यको जरुरत पर्छ । निजी क्षेत्र पुँजीवादी अर्थतन्त्रको सबैभन्दा महत्त्वपूर्ण अङ्ग हो । पन्ध्रौं पञ्चवर्षीय योजनाले निजी क्षेत्रबाट ५५.६ प्रतिशत लगानी हुने अपेक्षा गरेको छ । यसका लागि निजी क्षेत्रलाई सहजीकरण र प्रोत्साहनसहित लगानीमैत्री वातावरण सिर्जना गरी नीजि क्षेत्रको प्रतिस्पर्धी क्षमता र लगानी अभिवृद्धिमा योजना केन्द्रित रहने कुरासमेत उल्लेख गरिएको छ । निजी क्षेत्रबाट सार्वजनिक अर्थतन्त्रका लागि आवश्यक राजस्वको आपूर्तीमा महत्त्वपूर्ण योगदान पुगेको छ । राष्ट्रमा निजी क्षेत्रको जति बढी संलग्नता हुन्छ त्यति नै बढी राजस्व सङ्कलन हुन्छ र उक्त राजस्वबाट सार्वजनिक क्षेत्रको लगानीमा वृद्धि भई देशमा भएका स्रोत साधनको सदुपयोग हुनाको साथै रोजगारीका अवसरहरूमा वृद्धि हुन्छ । निजी क्षेत्रको संलग्नतामा गुणस्तरीय वस्तु तथा सेवा उत्पादन र सहज र सुलभ आपूर्ति व्यवस्थापनमा समेत योगदान पुग्न सक्छ । त्यस्तै कृषिमा व्यावसायीकरण, औद्योगिक विकास, व्यापारको विविधिकरण, पूर्वाधार निर्माण र सामाजिक क्षेत्रको विकासमा पनि मदत पुग्छ ।**

**आर्थिक विकासमा निजी  क्षेत्रको भूमिका**

- व्यावसायिक मूल्य र मान्यताका आधारमा व्यवसाय सञ्चालन गर्ने
- वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि र जनतालाई सर्वसुलभ सेवा उपलब्ध गराउने
- प्रतिस्पर्धाको माध्यामबाट लगानी अभिवृद्धि गर्ने
- भौतिक तथा सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गर्न मदत गर्ने
- निजी क्षेत्रसँग सम्बन्धित नीति नियम तर्जुमा गर्न सरकारलाई सहयोग गर्ने
- निजी क्षेत्रसँग भएका आर्थिक साधन, ज्ञान, सिप, प्रविधि र अनुभवको आदान प्रदान गर्दै सार्वजनिक क्षेत्रसँग सहकार्य गर्ने
- मुलुकको आर्थिक वृद्धि, राजस्व परिचालन र उद्यमशीलता वृद्धिमा योगदान गर्ने
- नवीनतम प्रविधि र सोचका साथ लगानी वृद्धि गरी आय आर्जन बढाउने ।

## सहकारी क्षेत्र

**सहकार्य, सहअस्तित्व र सहमतिका मान्यतामा रहेर एकका लागि सबै र सबैका लागि एक भन्ने सिद्धान्तमा आधारित आर्थिक क्षेत्र वा व्यवसायलाई सहकारी भनिन्छ । सहकारीले**

**देशमा छरिएर रहेका श्रम, सिप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व**

**आर्थिक विकासमा सहकारी  क्षेत्रको भूमिका**

१. समुदायमा छरिएर रहेको सानो पुँजीलाई एकत्रित गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्ने ।
२. स्थानीय जनतालाई बचत गर्ने बानीको विकास गराउने ।
३. समुदायको स साना पुँजीलाई समुदायमै लगानी गर्न प्रोत्साहन गर्ने ।
४. आय आर्जन, रोजगारी र सामाजिक आवश्यकता पूर्ती गर्ने ।
५. सहकारी अभियान सञ्चालन मार्फत गरिबी निवारण गर्ने ।

र रोजगारीबाट राज्यलाई योगदान दिन सक्छ । नेपालमा सहकारीताको अवधारणाको विकास लिच्छविकालदेखि नै भएको पाइन्छ, जस्तै : गुठी, धर्मभकारी, पर्म, ढिकुटी आदि जस्ता समाजमा विद्यमान परम्परागत र मौलिक अभ्यासको विकसित रूपलाई नै हालको सहकारी भन्न सकिन्छ । सरकार उपस्थित हुन नसक्ने र निजी क्षेत्र आकर्षित नहुने क्षेत्रमा आधारभूत वस्तु र सेवा प्रवाहलाई सुनिश्चित गर्न सहकारी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ । खास गरी ग्रामीण तथा स्थानीय स्तरमा जनसमुदायलाई सङ्गठित गरी उनीहरूको आर्थिक र सामाजिक रूपान्तरण गर्न र समावेशी आर्थिक वृद्धिका लागि सहकारी क्षेत्रको अग्रणी स्थान हुन्छ । सहकारीको अभियान र शक्तिलाई उद्यमशीलताको विकास, गरिबी निवारण, सामाजिक सुरक्षा र समुदायको विकासमा सक्रिय गराउन सकिन्छ । सहकारीले मानवीय आवश्यकताका वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गर्न सहयोग गर्छ । सहकारीबाट ऋण लिएर आफ्नो सिप, क्षमताअनुसारका व्यवसाय गरेर आय आर्जन गर्न सकिने सम्भावना प्रशस्त मात्रामा रहेको छ ।

## नेपालको आर्थिक तथा सामाजिक विकासमा सार्वजनिक, निजी र सहकारी क्षेत्रबिचको अन्तरसम्बन्ध

कुनै पनि देशको अर्थतन्त्रलाई समृद्धको बाटामा अगाडि बढाउन र चलायमान बनाउनका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रले संयुक्त रूपमा अहम् भूमिका निर्वाह गर्न सक्छन् ।

यसै कुरालाई मध्यनजर गर्दै नेपाल सरकारले यी तीन क्षेत्रलाई अर्थतन्त्रका तीन खम्बाका रूपमा लिएर नीति तथा कार्यक्रम बनाउने गरेको छ । पन्ध्रौँ आर्थिक योजनाले ती तीन क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर "समृद्ध नेपाल सुखी नेपाली" को अभिलाषा पूरा गर्ने लक्ष्य लिएको छ । निजी, सार्वजनिक र सहकारी क्षेत्र अर्थतन्त्रका तीन महत्त्वपूर्ण पाटाका रूपमा लिइन्छन् । यी दुई क्षेत्रहरू एक अर्काका प्रतिस्पर्धी नभएर परिपूरक हुन् । एउटा क्षेत्रले पूरा गर्न नसकेका काम अर्को क्षेत्रले पूरा गरिरहेका हुन्छन् । त्यसैगरी सार्वजनिक र निजी क्षेत्र पुग्न नसकेका ठाउँमा सहकारी क्षेत्रले आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेका हुन्छन् । सार्वजनिक क्षेत्रले भौतिक पूर्वाधारको विकास गर्छ भने निजी क्षेत्रले उत्पादनमूलक क्षेत्रमा लगानी गर्छन् । यस्ता उत्पादनमूलक क्षेत्रहरूका सहायक कार्यहरूमा मानिस सहकारीमार्फत आबद्ध हुन्छन् । यसरी तीनओटै क्षेत्रको संयुक्त प्रयासबाट मात्र आर्थिक समृद्धि हाँसिल गर्न सकिन्छ ।

### क्रियाकलाप

१. तपाईंको स्थानीय तहमा रहेका सार्वजनिक, निजी र सहकारी क्षेत्रहरूको पहिचान गरी तिनीहरूले गाउँ वा नगरको विकासमा कस्तो योगदान पुऱ्याएका छन् ? खोजि गरी विवरण तयार पार्नुहोस् ।

२. तपाईंको समुदायमा वा नजिकै रहेका कुनै सहकारीको भ्रमण गर्नुहोस् र उक्त सहकारीले समुदायको आर्थिक विकासमा पारेका प्रभावहरू समेटी कुनै दैनिक पत्रिकाका लागि समाचारको नमुना तयार गर्नुहोस् ।

३. नेपालको अर्थतन्त्रमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीन खम्बे नीतिको सम्बन्धमा भएका कानुनी व्यवस्थाहरूको बारेमा खोजि गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

१. सार्वजनिक क्षेत्रको परिभाषा लेख्नुहोस् ?

२. तीन खम्बे नीति भन्नाले के बुझ्नुहुन्छ ?

३. निजी क्षेत्रका कुनै दुई विशेषता लेख्नुहोस् ।

४. सार्वजनिक, निजी र सहकारी क्षेत्रबिचको अन्तरसम्बन्ध एक वाक्यमा उल्लेख गर्नुहोस् ।

५. आर्थिक विकासमा सहकारी क्षेत्रले पुऱ्याउने कुनै दुई भूमिका उल्लेख गर्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

१. सार्वजनिक क्षेत्रका विशेषता लेख्नुहोस् ।

२. आर्थिक विकासमा निजी क्षेत्रको भूमिका उल्लेख गर्नुहोस् ।

३. नेपालको अर्थतन्त्रको विकासमा सहकारी क्षेत्रको कस्तो भूमिका रहेको छ ? छोटकरीमा व्याख्या गर्नुहोस् ।

४. "सार्वजनिक, निजी र सहकारी क्षेत्र एक अर्काका परिपूरक हुन् ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

१. नेपालको अर्थतन्त्रमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीन खम्बे नीतिको महत्त्व बारेमा प्रस्ट पार्नुहोस् ।

२. "सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीबाट नै आर्थिक विकास सम्भव हुन सक्छ ।" सार्वजनिक, निजी र सहकारी क्षेत्रबिचको अन्तरसम्बन्धका आधारमा विवेचना गर्नुहोस् ।

पाठ ३

# स्थानीय, औपचारिक र अनौपचारिक कारोबार

नेपाली समाजमा सञ्चालित विभिन्न कारोबारहरूको अध्ययन गरौँ :

**कारोबार न. १**

बुटवल बजारमा हप्ताको दुई दिन शनिबार र बुधबार हाट लाग्ने गरेको छ । यस हाटका कारणले स्थानीय उत्पादनको प्रचार प्रसार हुनुका साथै बजार पाएको छ । स्थानीय किसानहरू र उद्यमीहरूले आफ्नो उत्पादनलाई बेचेर आम्दानी गर्न सफल भएका छन् । त्यस्तै स्थानीय बासिन्दाहरूले आवश्यक परेका सामान सस्तो र सुपथ मूल्यमा हाट बजारमै किन्ने गरेका छन् । कतिपय किसानले आफूले उत्पादन गरेका तरकारी, फलफूल, अन्न आदि दिएर कपडा, नुन, भाँडाकुँडा आदि जस्ता सामानहरू साट्ने समेत गरेका छन् । यसरी स्थानीय हाट बजारका कारणले गाउँको उत्पादन गाउँमै खपत भएको छ । सहरबाट ल्याएका सामान पनि बिक्री वितरण हुने गरेको छ ।

**कारोबार न. २**

सुन्तलीको स्थायी रूपमा कुनै पसल छैन । उनी र उनको श्रीमान् सडक छेउमा कहिले कतै कहिले कतै नाङ्लामा व्यापार गर्छन् । उनले गाउँघरतिर पाइने तरकारी, फलफूल र हरियो मकै पोलेर बेचेर नै परिवारको पालनपोषण गर्दै आएका छन् । उनीहरूलाई व्यापार व्यवसाय सञ्चालनका लागि दर्ता गर्नुपर्छ । कर तिर्नुपर्छ भन्ने पनि थाहा छैन । नगरपालिकाले सडकपेटीमा पसल नराख्नका लागि पटक पटक चेतावनी दिँदा पनि वास्ता नगरी फरक फरक ठाउँ गर्दै व्यापार गरिरहेका छन् ।

**कारोबार न. ३**

कृष्ण महर्जन ललितपुर भैँसेपाटी निवासी थोक विक्रेता हुन् । उनले खाद्यान्न र खुद्रा सामानहरू ललितपुरलगायत नजिकका छिमेकी जिल्लाहरूमा पठाउँछन् । उनले यो व्यवसाय दर्ता गरेर चलाएका हुन् । उनको यस व्यवसायबाट स्थानीय उत्पादनले पनि बजार पाएको छ । केही मानिसले राजगारी पाएका छन् । त्यसैले स्थानीय बासिन्दा निकै नै खुसी छन् । उनले नियमित रूपमा स्थानीय र सङ्घीय सरकारलाई कर बुझाउने गरेका छन् र समयमै नवीकरण पनि गर्छन् । अरू व्यवसायीहरूलाई पनि समयमै कर बुझाएर राज्यप्रतिको आफ्नो कर्तव्य पालना र इमानदारी व्यवसायी बन्नु पर्छ भनी सल्लाह दिने गर्छन् ।

**मस्तिष्क मन्थन गरौँ ।**

यी माथि दिइएका घटनाहरू कुन कुन कारोबारसँग सम्बन्धीत छन् ?

स्थानीय, अनौपचारिक र औपचारिक कारोबार भनेका कस्ता कारोबार हुन् ?

माथि उल्लिखित कारोबार हामी हाम्रै समुदाय वरपर सञ्चालन भएको पाउँछौँ । यस्ता कारोबारहरूले जनताको जीविकोपार्जनका साथै राष्ट्रिय आम्दानीमा समेत मदत पुऱ्याएका हुन्छन् ।

आर्थिक कारोबारअन्तर्गत वस्तु तथा सेवा उत्पादन गर्ने, खरिद विक्री गर्ने, आय आर्जनका निमित्त विभिन्न किसिमका कामहरू गर्ने आदि पर्छन् । जसमा उत्पादन, उपभोग, विनिमय, वितरण र राजस्व समावेश भएका हुन्छन् । समाजमा सञ्चालित यस्ता कारोबारहरू तीन प्रकारका छन् जुन तल दिइएको छ :

## १. स्थानीय कारोबार

स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरू स्थानीय स्तरमा नै विक्री वितरण गर्ने कारोबारलाई स्थानीय कारोबार भनिन्छ । स्थानीय व्यक्तिहरूका बिचमा हुने आपसी लेनदेन, ऐँचोपैँचो, सरसापट, मेलापात, हारगुहार आदि सबै स्थानीय कारोबार हुन्, जस्तै : लुगा सिलाउने, कृषि औजार बनाई विक्री वितरण गर्ने, हाटबजारमा स्थानीय उत्पादन बिक्री वितरण गर्ने, खेती गर्ने, पशुपंक्षी पालन र विक्री वितरण गर्ने आदि सबै स्थानीय कारोबारका उदाहरण हुन् । स्थानीय कारोबारले स्थानीय आवश्यकता पूरा गर्छ । स्थानीय वस्तु तथा सेवाले बजार पाउँछ र त्यसको उपयोग हुन्छ । घरेलु तथा सिपमुलक व्यवसायलाई प्रोत्साहन मिल्छ । स्थानीय स्तरमा नै सरल र सस्तो कारोबार हुन्छ । राष्ट्रिय उत्पादनमा योगदान दिन्छ । स्थानीय कारोबारलाई सरल र प्रभावकारी बनाउन सकेमा यस्ता कारोबारले औपचारिक कारोबार सञ्चालनका लागि आधार प्रदान गर्छ । स्थानीय कारोबारलाई सबल र प्रभावकारी बनाउन निम्नलिखित उपायहरू अवलम्बन गर्न सकिन्छ :

(क) स्थानीय आवश्यकताअनुसारका वस्तुहरू स्थानीय स्तरमा उत्पादन गरी पूर्ति गर्ने

(ख) स्थानीय कारोबारलाई व्यवस्थित बनाउन पायक पर्ने ठाउँमा साप्ताहिक हाटबजारको व्यवस्था मिलाउने

(ग) कृषि उत्पादन, खाद्यान्न, लत्ताकपडा आदि सरसामानका आधारमा वर्गीकरण गरी हाटबजारमा स्थान निर्धारण गर्ने

(घ) हाटबजार लाग्ने स्थानमा व्यापारीहरूबाट हाट शुल्क उठाउने

(ङ) स्थानीय बजारलाई व्यवस्थित गर्न स्थानीय तहले सक्रिय भूमिका निर्वाह गर्ने

(च) हाटबजार लाग्ने स्थानमा व्यापारीहरूबाट हाट शुल्क उठाउने

## २. अनौपचारिक कारोबार

सरकारमा दर्ता नभई लुकी चोरी बिना अभिलेख गरिएको कारोबारलाई अनौपचारिक कारोबार भनिन्छ । यस्ता कारोबारहरू कतै पनि दर्ता भएका हुँदैनन् र यस्ता व्यवसायबाट राज्यलाई कर पनि प्राप्त हुँदैन । अनौपचारिक कारोबारको कतै पनि अभिलेख राखिएको हुँदैन । यस्ता कारोबारहरू बढ्दै गएमा देशको अर्थतन्त्रमा नकारात्मक असर पर्छ । सिमापारीबाट सामान लुकी चोरी ल्याएर बेच्ने, जुवातास खेलाएर आयआर्जन गर्ने कारोबार, साहुमहाजनले तमसुक बनाई चर्को ब्याजदरमा गाउँघरमा मानिसलाई ऋण दिने कारोबार, लागु औषधको अवैध कारोबार आदि जस्ता कारोबारहरू अनौपचारिक कारोबार हुन् । त्यस्तै घुसखोरी, अवैध यौनधन्दा, मानव तथा मानव अङ्ग बेचबिखन, अवैध तरिकाले वैदेशिक रोजगारमा पठाउने धन्दा आदि पनि अनौपचारिक कारोबारकै उदाहरण हुन् । महिलाले गर्ने

घरायसी कामहरू जस्तै घरायसीधन्दा, बालबच्चा स्याहार्ने काम आदि वैध हुँदा हुँदै पनि राष्ट्रिय उत्पादनमा गणना गरिएका हुँदैनन् । यी काम पनि अनौपचारिक कारोबार नै हुन् ।

अनौपचारिक कारोबारले सामाजिक विकृति फैलाउने सम्भावना पनि रहन्छ । त्यसैले यस्ता कारोबारहरूलाई नियन्त्रण गर्न स्थानीय, प्रदेश र सङ्घीय गरी तीनै तहका सरकारको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यस्तै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू, राजनीतिक दल र जनता स्वयम् पनि सचेत हुन जरुरी देखिन्छ । अनौपचारिक कारोबारलाई नियन्त्रण गर्ने उपायहरूको सम्बन्धमा यहाँ चर्चा गरिन्छ ।

(क) भारततर्फको सीमा क्षेत्रमा निगरानी बढाउने

(ख) बिहान सीमा नाका खोल्ने र रातको समयमा बन्द गर्ने समय सार्वजनिक गर्ने

(ग) सीमा नाका बन्द भएको समयमा मालसामान ओसार पोसार गरेको पत्ता लागेमा जरिवानासहित कानुनी सजायको व्यवस्था गर्ने

(घ) अति आवश्यक र उपभोग्य वस्तुहरूको आयात प्रक्रिया सहज बनाउने

(ङ) अवैध कारोबारको नियन्त्रणका लागि सुरक्षा संयन्त्र भरपर्दो र बलियो बनाउने

## ३. औपचारिक कारोबार

कुल राष्ट्रिय उत्पादनमा गणना हुने कारोबारलाई औपचारिक कारोबार भनिन्छ । यस्ता कारोबार सरकारको नियमअन्तर्गत रहेर केन्द्रीय सरकार, जिल्ला कार्यालय वा गाउँपालिका/नगरपालिकामा कानुनबमोजिम दर्ता गरी इजाजत पत्र लिएर सञ्चालन गरिएका हुन्छन् । यिनीहरूले राज्यलाई कुनै न कुनै रूपमा कानुनबमोजिम कर बुझाएका हुन्छन् । यस्ता कारोबारबाट राजस्व वृद्धि हुन्छ । यस्ता कारोबारको सम्बन्धीत निकायमा अभिलेख रहन्छ । हरेक वर्ष नवीकरण गरिएका हुन्छन् । जति धेरै औपचारिक कारोबारहरू सञ्चालन भयो त्यति नै राज्यलाई फाइदा हुन्छ किनभने यस्ता कारोबारबाट राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ । औपचारिक कारोबारलाई अर्थतन्त्र विकासको बलियो आधारका रूपमा पनि लिइन्छ । औपचारिक कारोबारबाट उपभोक्ताहरू ठगिने डर पनि हुँदैन । घरेलु साना तथा ठुला उद्योग, व्यापार व्यवसायहरू, खुद्रा पसल, कपडा पसल आदि जस्ता व्यवसायहरू औपचारिक कारोबार हुन् ।

स्थानीय, अनौपचारिक र औपचारिक कारोबार पद्धतिबिचका भिन्नतालाई तल तालिकामा देखाइएको छ :

| स्थानीय कारोबार | अनौपचारिक कारोबार | औपचारिक कारोबार |
|---|---|---|
| १. राष्ट्रिय उत्पादनमा योगदान दिन्छ ।<br>२. सरकारमा दर्ता भएका हुँदैनन् । | १. राष्ट्रिय आम्दानीमा योगदान दिँदैन ।<br>२. राजस्व वृद्धिमा योगदान हुँदैन । | १. राष्ट्रिय उत्पादनमा योगदान दिन्छ ।<br>२. सरकारी राजस्वमा वृद्धि हुन्छ । |

| | | |
|---|---|---|
| ३. कुनै पनि अभिलेख हुँदैन । | ३. सरकारमा दर्ता भएको हुँदैन । | ३. सरकारमा दर्ता गरेर सञ्चालन भएका हुन्छन् । |
| ४. स्थानीय आवश्यकता पूरा हुन्छ । | ४. कुनै पनि निकायमा अभिलेख हुँदैन । | ४. सम्बन्धीत निकायमा अभिलेख राखिएको हुन्छ । |
| ५. सिपमूलक व्यवसाय र घरेलु व्यवसायलाई सहयोग गर्छ । | ५. स्थानीय आवश्यकता पूरा हुन्छ । | ५. स्थानीय आवश्यकता पूरा हुन्छ । |
| ६. औपचारिक कारोबारलाई आधार प्रदान गर्छ । | ६. घरेलु र सिपमूलक व्यवसायलाई सहयोग पुग्छ । | ६. घरेलु तथा सिपमूलक व्यवसायलाई सहयोग हुन्छ । |
| ७. यो एक किसिमको सरल र सहज कारोबार हो । | ७. औपचारिक कारोबारलाई सहयोग गर्दैन । | ७. कानुनसम्मत सञ्चालन भएका व्यवसाय हुन् । |
| ८. यस्तो कारोबारले सामाजिक विसङ्गति उत्पन्न हुँदैन । | ८. सामाजिक विसङ्गति उत्पन्न हुन सक्छ । | ८. सरल, सस्तो तथा कठिन पनि हुन सक्छ । |
| | ९. सरल र सस्तो भएपनि जोखिमपूर्ण हुन्छ । | ९. यसले देशको अर्थतन्त्र सुदृढ गर्न मदत गर्छ । |

### क्रियाकलाप

१. तपाईंको समुदायमा भएका स्थानीय, औपचारिक र अनौपचारिक कारोबारहरूको खोजी गरी सूची बनाउनुहोस् ।

२. स्थानीय कारोबारलाई व्यवस्थित बनाउन स्थानीय तहको कस्तो भूमिका हुन सक्छ ? कुनै दैनिक पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् ।

३. अनौपचारिक कारोबारका सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गरेका अनुसन्धानहरू खोजी गरी प्रतिवेदन तयार पार्नुहोस् ।

४. नेपालमा अत्याधिक मात्रामा बढ्दै गएका अनौपचारिक कारोबार पद्धतिलाई कसरी औपचारिक पद्धतिमा रूपान्तरण गर्न सकिन्छ, सुझाव दिनुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

१. स्थानीय कारोबार भन्नाले कस्ता कारोबारलाई बुझिन्छ ?

२. अनौपचारिक कारोबार भनेको के हो ?

३. स्थानीय क्षेत्रमा हुने कुनै दुई औपचारिक र अनौपचारिक कारोबारका उदाहरण लेख्नुहोस् ।

४. कुन प्रकारको कारोबार करको दायरामा समावेश हुँदैन ?

५. स्थानीय कारोबारलाई व्यवस्थित बनाउने कुनै दुई उपाय उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

१. स्थानीय कारोबारका विशेषता उल्लेख गर्नुहोस् ।

२. अनौपचारिक कारोबारलाई नियन्त्रण गर्ने उपायहरूको चर्चा गर्नुहोस् ।

३. औपचारिक कारोबार राष्ट्रिय अर्थतन्त्रको बलियो आधार हो । यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

४. अनौपचारिक र औपचारिक कारोबारका बिचमा फरक छुट्याउनुहोस् ।

५. स्थानीय कारोबारलाई सबल र प्रभावकारी बनाउन के गर्नुपर्ला ?

लामो उत्तर आउने प्रश्नहरू

१. अनौपचारिक कारोबार बढ्दै गयो भने राज्यको अर्थतन्त्र डामाडोल हुन्छ र सामाजिक विकृति पैदा हुन्छ । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

२. औपचारिक कारोबार र देशको अर्थतन्त्रबिचको सम्बन्धमा आधारित भई एउटा लेख तयार गर्नुहोस् ।

३. नेपाली अर्थतन्त्रमा अनौपचारिक कारोबार पद्धतिको भूमिकाका बारेमा विश्लेषण गर्दै यसका चुनौतीहरू उल्लेख गर्नुहोस् ।

# पाठ ४ कृषि, उद्योग, निर्माण र सामाजिक क्षेत्रले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव

## कृषि

कृषिले युवाको जीवनमा आएको परिवर्तनको कथा

जीतमान चौधरी र उसकी श्रीमती खेती किसानी गर्दथे । यसबाट जेनतेन उनीहरूको जीवन चलिरहेको थियो । यत्तिकैमा एक दिन उनीहरूको कृषि ज्ञानकेन्द्रका कृषि विशेषज्ञसँग भेट भयो । कृषि विशेषज्ञकै सल्लाहबमोजिम उनीहरू व्यावसायिक तरकारी खेतीको तालिममा सहभागी भए । त्यसपछि कृषि ज्ञानकेन्द्रबाट कृषि अनुदान पाए । त्यस्तै गरी नपुग रकम सहकारीबाट पनि लिए । उक्त रकम लिएर तीन कठ्ठा जमिन भाडामा लिए र व्यावसायिक तरकारी खेती सुरु गरे । सुरु सुरुमा दुई श्रीमान् श्रीमती मिलेर रातदिन नभनी मिहिनेतका साथ काम गर्थे । केही वर्षको महिनेतपछि अहिले अन्य केही मानिसलाई रोजगारी पनि दिएका छन् । जीतमान आफैँले बजारसम्म तरकारी पुऱ्याउने गर्छन् । उनीहरूले उत्पादन गरेका ताजा र स्वच्छ तरकारी मन पराएर कति व्यापारीहरू घरमा नै तरकारी लिन आउनुहुन्छ । तरकारी खेतीबाट कमाएर उक्त भाडामा लिएको तीन कठ्ठा जमिन आफैँले किनिसकेका छन् । त्यस्तै तरकारी ढुवानीका लागि बोलेरो गाडीसमेत किनेका छन् । छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिन पनि सफल भएका छन् । अहिले उनको गाउँपालिका भरि जीतमान सफल व्यवसायीका रूपमा परिचित छन् ।

माथि दिइएको कथा नमुना मात्र हो । नेपालमा कृषिसम्बन्धी यस्तै सफलताका कथाहरू हाम्रो समुदायमा यत्रतत्र छरिएर रहेको पाइन्छन् । कृषि भन्नाले खाद्यबाली, नगदेबाली, फलफूल खेती, पशुपालन, माछापालन, पक्षीपालन, मौरीपालन, कुखुरापालन आदिसँग सम्बन्धीत पेसा वा व्यवसायलाई भनिन्छ । नेपालका अधिकांश मानिस अहिले पनि कृषि पेसामा नै संलग्न रहेको पाइन्छ ।

नेपाली अर्थतन्त्रमा कृषिले पारेका प्रभावहरू

१. जीविकोपार्जनको प्रमुख आधार
२. खाद्यान्नको आपूर्ति
३. रोजगारीको प्रमुख क्षेत्र
४. औद्योगिक कच्चा पदार्थको स्रोत
५. राष्ट्रिय आम्दानीको आधार
६. ग्रामीण विकासको आधार
७. आन्तरिक र बाह्य व्यापारको आधार

कृषि नेपालको अर्थतन्त्रको मूल आधार हो र अर्थतन्त्रको मूल मेरुदण्ड पनि हो किनभने कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढी योगदान नै कृषि क्षेत्रको रहेको छ । त्यसैले कृषि क्षेत्रको विकास भएमा मात्र नेपालको आर्थिक समृद्धि हुन सक्छ । हाम्रो देशमा अझै पनि कतिपय ठाउँहरूमा परम्परागत र निर्वाहमुखी कृषि प्रणाली कायम रहेको देखिन्छ । त्यसैले नेपालमा कृषि क्षेत्रको विकासका लागि कृषिमा आधुनिकीकरण, विविधीकरण, व्यावसायीकरण र औद्योगिकीरणमा जोड दिनुपर्ने देखिन्छ ।

## उद्योग

उद्योग पनि नेपाली अर्थतन्त्रको मुख्य आधारस्तम्भ हो । औद्योगिक क्षेत्रको विकासले अर्थतन्त्रका अन्य सबै क्षेत्रहरू प्रभावकारी रूपमा परिचालित हुन्छन् । देशमा औद्योगिकीकरणकै माध्यमबाट राष्ट्रिय आय तथा उत्पादन, प्रतिव्यक्ति आम्दानी र रोजगारीका अवसरको वृद्धि हुन सक्छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग गर्दछ ।

नेपालमा वि.सं. २०४६ मा प्रजातन्त्रको पुर्नस्थापनासँगै देशले खुला तथा उदार अर्थतन्त्रको अवलम्बन गऱ्यो । त्यसपछि निजी क्षेत्रबाट पनि प्रशस्त उद्योग कलकारखानाहरू खुलेको पाइन्छ । सरकारले पनि अर्थतन्त्रको विकासका लागि निजी र साझेदारीको साझा मोडल अगि सारेको छ । त्यस्तै उद्योगको विकाससँगै वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीका अवसरमा अभिवृद्धि, मुलुकमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालन, आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्दै आत्मनिर्भर उन्मुख अर्थतन्त्रको आधार निर्माण भएको छ । यसरी हेर्दा नेपालको आर्थिक विकासमा उद्योग क्षेत्रको योगदान क्रमिक रूपमा बढ्दै गएको देखिन्छ । नेपालमा परम्परादेखि चलिआएका स्थानीय श्रम र सिपमा आधारित घरेलु उद्योगहरूले पनि स्थानीय आवश्यकतालाई पूरा गर्दै आएका छन् । नेपालको संविधानले पनि अर्थतन्त्रको विकासका लागि उद्योग धन्दा र स्रोत साधनको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी उद्योगलाई प्राथमिकता दिने नीति लिएको छ । यसरी हेर्दा उद्योग क्षेत्रको विकासमा नै मुलुकले उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हाँसिल गर्न सक्छ ।

नेपाली अर्थतन्त्रमा उद्योग क्षेत्रले पारेका प्रभावहरू

१. आर्थिक वृद्धि
२. कृषि क्षेत्रको विकास
३. रोजगारीको अवसर
४. पूर्वाधारको विकास
५. प्राकृतिक स्रोत साधनको उचित प्रयोग
६. सरकारी राजस्वमा वृद्धि
७. वैदेशिक व्यापारमा वृद्धि

## निर्माण

नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिने क्षेत्र निर्माण पनि हो । निर्माण क्षेत्रले सडक, पुल, सार्वजनिक भवन, आवास, जलविद्युत्, विमानस्थल, सिँचाइ आदि क्षेत्रमा हुने निर्माणसम्बन्धी कार्यहरूलाई समेट्छ । मुलुकको आर्थिक तथा सामाजिक विकासलाई गति प्रदान गर्न, सर्वसाधारणको पहुँच वृद्धि गर्न, व्यापार व्यवसाय तथा सेवालाई सहजीकरण गर्न यातायातलगायतका विकासका पूर्वाधारहरूको विकास गर्नुपर्ने हुन्छ । यसरी देशमा पूर्वाधारहरूको विकास, विभिन्न आयोजनहरूको कार्यान्वायन गर्नका लागि भौतिक निर्माण कार्यहरू सञ्चालन गर्नुपर्छ । यस्ता निर्माण कार्यहरूले देशमा उपलब्ध प्राकृतिक, आर्थिक र मानवीय स्रोतहरूलाई परिचालन गर्दै रोजगारीका अवसरहरू सिर्जना गरिरहेका हुन्छन् । त्यसैले औद्योगिक नीति तथा औद्योगिक व्यवसाय ऐनमा निर्माण व्यवसायलाई उद्योगका रूपमा परिभाषित गरिएको छ ।

औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार प्रकृतिका आधारमा निर्माण उद्योगअन्तर्गत पर्ने व्यवसायहरू

औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार प्रकृतिका आधारमा निर्माण उद्योगअन्तर्गत पर्ने व्यवसाय

| | | |
|---|---|---|
| १. सडक, पुल, सुरुङ | ९. खेलकुद गृह, रङ्गशाला, | १८. व्यापारिक कम्प्लेक्स |
| २. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाइडिङकार | १०. सवारी पार्किङ स्थल, पार्किङ गृह | १९. ऊर्जा घर तथा ऊर्जा २० निजी वेयर हाउस |
| ३. हवाई धावन मार्ग /विमानस्थल, | ११. निर्यात प्रशोधन क्षेत्र | २०. इन्धन तथा ग्याँस आपूर्तिको पाइप लाइन जडानको पूर्वाधारको निर्माण, व्यवस्था तथा सञ्चालन |
| ४. औद्योगिक संरचना एवम् पूर्वाधार कम्प्लेक्स | १२. विशेष आर्थिक क्षेत्र | २१. ऊर्जा घर तथा ऊर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण व्यवस्था तथा सञ्चालन |
| ५. सभा सम्मेलन केन्द्र | १३. कार्गो कम्प्लेक्स | |
| ६. ढल तथा ढल निकास | १४. दूषित पानी प्रशोधन केन्द्र | |
| ७. खानेपानी आपूर्ति तथा वितरण | १५. टेलिफोन टावर, अप्टिकल फाइबर नेटवर्क, भूउपग्रह, भूउपग्रह प्रसारण केन्द्र | |
| ८. सिँचाइ पूर्वाधार | १६. घर तथा आवास भवन | |
| | १७. फिल्म सिटी निर्माण, फिल्म स्टुडियो निर्माण | |

### सामाजिक क्षेत्र

सामाजिक क्षेत्र भन्नाले शिक्षा, स्वास्थ्य, रोजगारी, शान्ति, सुरक्षा आदि क्षेत्रहरूलाई जनाउँछ । यी क्षेत्रहरूले कुनै पनि देशको अर्थतन्त्रमा महत्त्वपूर्ण प्रभाव पारेका हुन्छन् ।

(क) **शिक्षा :** शिक्षा विकासको महत्त्वपूर्ण आधार हो । मर्यादित जीवनशैली, सम्मानित रोजगारी तथा उद्यमशीलताको विकासका लागि शिक्षा नभई हुँदैन । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक तथा रोजगारमूलक बनाएर देशमा आर्थिक विकासको गतिलाई तीव् पार्न सकिन्छ ।

(ख) **स्वास्थ्य :** देश विकासका लागि स्वस्थ र उत्पादनशील नागरिकको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसैले स्वास्थ्य क्षेत्रलाई दिगो विकासको बलियो आधार मान्न सकिन्छ । स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँचको सुनिश्चिता गरेर स्वस्थ जनशक्तिको उत्पादनमार्फत आर्थिक समृद्धि हाँसिल गर्न सकिन्छ ।

(ग) **रोजगारी :** नागरिकले आफ्नो योग्यता, क्षमता र आवश्यकताअनुसार काम पाएको अवस्थालाई रोजगारी भनिन्छ । देशमा विद्यमान जनशक्तिले कुनै न कुनै काममा संलग्न भए भने देशमा गरिबी निवारण हुनुका साथै प्रतिव्यक्ति आम्दानी पनि बढ्दै जान्छ । त्यसैले

देशमा गरिबी निवारण तथा रोजगार प्रवर्धनका कार्यक्रमहरूको सञ्चालनमार्फत आर्थिक समृद्धि हाँसिल गर्न सकिन्छ ।

(घ) **शान्ति :** शान्ति विकासको महत्त्वपूर्ण आधार हो । देशमा शान्तिपूर्ण अवस्था कायम भएमा लगानी योग्य वातावरण तयार हुनुका साथै विकास निर्माणका कामहरू सुचारु ढङ्गले सञ्चालन गर्न सकिन्छ ।

(ङ) **सुरक्षा :** कुनै पनि देशका जनतालाई राज्यद्वारा कानुनी शासन तथा सुरक्षाको प्रत्याभूति दिलाउन सकेको खण्डमा मात्र देशमा लगानी योग्य वातावरण कायम हुन्छ र यसबाट प्रत्यक्ष रूपमा आर्थिक क्षेत्रलाई प्रभाव पर्छ ।

### क्रियाकलाप

१. तपाईंको समुदायको कृषि, उद्योग, निर्माण र सामाजिक क्षेत्रको अवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्नुहोस् ।

२. तपाईंको समुदायमा कृषि वा उद्योगको क्षेत्रमा सफलता हासिल गर्न सफल उद्यमीको कथा तयार गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

१. कृषिले नेपाली अर्थतन्त्रमा पारेको कुनै दुई प्रभाव उल्लेख गर्नुहोस् ।

२. उद्योगले नेपाली अर्थतन्त्रमा पारेको कुनै दुई प्रभाव उल्लेख गर्नुहोस् ।

३. सामाजिक क्षेत्र भन्नाले कुन कुन क्षेत्रलाई बुझिन्छ ?

४. नेपालमा औद्योगिकीकरणको सुरुआत कहिले भएको हो ?

५. निर्माण क्षेत्र भनेको के हो ?

छोटो उत्तर आउने प्रश्नहरू

१. नेपाली अर्थतन्त्रमा कृषि क्षेत्रले पारेका प्रभाव बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

२. नेपाली अर्थतन्त्रमा उद्योग क्षेत्रले पारेका प्रभाव बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

३. नेपाली अर्थतन्त्रमा निर्माण क्षेत्रले पारेका प्रभावहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

४. सामाजिक क्षेत्रअन्तर्गत के के पर्दछन् ? प्रत्येकले अर्थतन्त्रमा कसरी प्रभाव पार्दछ उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

१. कृषि, उद्योग, निर्माण र सामाजिक क्षेत्रको विकासमा देखिएका समस्या उल्लेख गर्नुहोस् ।

२. कृषि, उद्योग, निर्माण र सामाजिक क्षेत्रको विकासका लागि के कस्ता उपायहरू अबलम्बन गर्नुपर्ला छुट्टाछुट्टै सूची बनाउनुहोस् ।

३. पढेलेखेका शिक्षित व्यक्तिले खेतीपाती र उद्यम व्यवसाय सञ्चालन गर्नुभन्दा नोकरी गर्नु नै राम्रो हुन्छ भन्ने व्यक्तिहरूलाई कुनै सफल उद्यमीको उदाहरण दिँदै "अरूकामा जागिर खोज्दै हिँड्नुभन्दा कुनै व्यवसाय सञ्चालन गरी अरूलाई समेत रोजगारी दिनु बेस" भन्ने सल्लाह सुझाव दिनुहोस् ।

पाठ ५

# नेपालमा श्रमशक्ति, रोजगारी र उद्यमशीलता

झापा बाहुनडाँगीका स्थानीयबासीलाई आयआर्जनका लागि च्याउ खेतीको तालिम दिएको थियो । त्यसमा हिराकाजीसहित १० जनाले तालिम लिएका थिए । तालिम लिइसकेपछि उनीहरूले ग्रामीण कृषक समूह गठन गरेर च्याउ खेती सुरु गरे । त्यसबाट सफल हुँदै गएपछि हिराकाजीले सहकारीबाट रु ५०००० ऋण लिई आफैँ च्याउ खेती गर्ने व्यवसाय सञ्चालन गरे । २ कट्ठा जमिन भाडामा लिएर कन्ने र गोब्रे जातका च्याउ खेती लगाउन सुरु गरे । सुरुको २ वर्षसम्म साइकलमा राखेर घर घरमा र व्यापारीकामा आफैँ च्याउ बेच्दै हिँड्थे । श्रीमान् श्रीमतीले मिलेर नै व्यवसाय धानेका थिए । बिस्तारै उनले उत्पादन गरेको च्याउको माग बढ्न थाल्यो । प्रचार प्रसार पनि हुँदै गयो । त्यसपछि ४ कट्ठा जमिन थपेर ६ कट्ठामा च्याउ खेती गर्न थाले । उत्पादन र माग बढ्न थालेपछि १५ जनालाई रोजगारी दिए । उनले अहिले दैनिक औसत १५० के.जी. च्याउ उत्पादन गर्दै आएका छन् । कहिलेकाहीँ दिनको ५०० के.जी. सम्म च्याउ उत्पादन गर्ने गरेका छन् । आफ्नै सवारी साधनमा उनी च्याउ विक्री गर्न लैजान्छन् । कतिपय त उनको घरमै च्याउ लिन आउँछन् । अहिले उनी आफैँ च्याउको बिउसमेत उत्पादन गर्छन् । लगभग १२ हजार प्याकेट च्याउको बिउ उनी आफैँलाई लाग्छ । बाँकी बिउ विक्री वितरण गर्छन् । उनले हाल च्याउबाट खर्च कटाएर मासिक रु. १ लाख ५० हजार न्यूनतम कमाई गर्ने गरेका छन् । व्यवसाय सञ्चालनको सुरुआतमा लिएको ऋण पनि तिरिसकेका छन् । च्याउ खेतीबाटै आम्दानी गरेर ३ कट्ठा जमिन समेत जोडिसकेका छन् । उनी यो पेसाबाट पूर्ण रूपमा सन्तुष्ट रहेको बताउँछन् । उनले च्याउ खेती गर्ने सिप सिकेर आफू पनि सफल भएको र १०० जना जतिलाई च्याउ खेती गर्ने सिप सिकाइसकेको बताउँछन् । उनलाई नगरपालिकाले जिल्लाकै नमुना किसानका रूपमा सम्मान समेत गरेको थियो ।

(क) माथि दिइएको कथाबाट श्रम, रोजगारी र उद्यमशीलताको अन्तरसम्बन्ध प्रस्ट पार्नुहोस् ।

आयआर्जन गर्ने उद्देश्यले गरिने कुनै पनि कामलाई श्रम भनिन्छ । त्यसैले जो व्यक्तिले रोजगारीको अवसर पाउँछ उसलाई नै श्रमिक भन्न सकिन्छ । श्रमशक्ति भन्नाले उत्पादनशील जनसङ्ख्यालाई बुझाउँछ । देशको आर्थिक विकासमा श्रम तथा श्रमशक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । श्रमबिना वस्तु तथा सेवाको उत्पादन सम्भव हुँदैन । त्यसैले सङ्ख्यात्मक भन्दा श्रमबजारको आवश्यकताअनुरूपको सिपमूलक श्रमशक्तिको विकास गर्नु आजको आवश्यकता रहेको छ ।

निस्क्रिय रूपमा रहेको पुँजी र साधनको परिचालन गर्ने सक्रिय साधन श्रम हो त्यसैले श्रमिकलाई दक्ष बनाउनका लागि शिक्षा र तालिमको आवश्यकता पर्छ । शिक्षा र तालिमले जनशक्तिलाई दक्ष बनाउँछ । एकातिर दक्ष जनशक्तिका धनी मुलुकहरू जस्तै संयुक्त राज्य अमेरिका, क्यानडा, जापान, बेलायतलगायतका देशले आर्थिक समृद्धि हाँसिल गर्न सफल भएका छन् । अर्कोतिर प्राकृतिक स्रोतसाधन प्रशस्त मात्रामा उपलब्ध हुँदाहुँदै पनि नेपाल जस्ता धेरै अल्पविकसित र विकासोन्मुख देशहरू दक्ष जनशक्तिको अभावमा गरिबी र बेरोजगारीको चपेटामा पिल्सिएको देखिन्छ । त्यसैले देशमा गरिबी, असमानता, परनिर्भरता आदिलाई कम गरी आर्थिक बृद्धि हासिल गर्न दक्ष जनशक्ति अर्थात श्रम शक्तिको उत्पादनमा विशेष जोड दिइनुपर्दछ ।

कुनै पनि देशको अर्थतन्त्रमा रोजगारीको महत्त्वपूर्ण भूमिका हुन्छ । देशमा दिगो र फराकिलो आर्थिक वृद्धिको मुख्य आधार नै रोजगारी हो । उमेर पुगेका जनशक्तिले आफ्नो सिप, श्रम, क्षमता, बुद्धि, विवेक आदि प्रयोग गरेर काम गर्छन् भने त्यसलाई रोजगारीको अवस्था भनिन्छ । रोजगारीले नै देशका जनताको आम्दानी वृद्धि हुन्छ । देशमा उपलब्ध स्रोत साधनको प्रयोग हुन्छ । प्रतिव्यक्ति आम्दानीमा वृद्धि हुन्छ । त्यसैले प्रत्येक देशले आफ्ना देशका नागरिकलाई रोजगारी उपलब्ध गराउने नीति लिनुपर्छ । नेपालले पनि हरेक आवधिक योजना, आर्थिक सर्वेक्षण तथा नीति तथा कार्यक्रमहरूमा रोजगारीलाई प्राथमिकता दिएको देखिन्छ । भनिन्छ रोजगारीले हामीलाई खोज्दैन, हामीले श्रम बजारमा रोजगारी खोज्ने हो । रोजगारी सधैँ अरूबाट मात्र प्राप्त हुन्छ भन्ने धारणा पनि गलत हो । हामीले आफैँ रोजगारीका अवसरहरू पहिचान गरेर रोजगारी सिर्जना गर्दै स्वरोजगार बन्न सक्छौँ । नेपाल रोजगारीका लागि उर्वर भूमि हो । यहाँ रोजगारीका प्रशस्त अवसर रहेका छन् । हजारौँ नेपालिले स्वदेशमा नै रोजगारी तथा स्वरोजगारी गरेर जीविकोपार्जन गर्दै आइरहेका छन्, जस्तैः हाम्रो देशमा व्यावसायिक तथा आधुनिक खेती गरेर पनि स्वरोजगार गर्न सकिन्छ, जस्तैः च्याउ खेती, तरकारी खेती, फलफूल खेती आदि त्यस्तै कुखुरा, गाई, भैँसी, बङ्गुर पालनलगायतका पशुपालनबाट पनि स्वरोजगार गर्न सकिन्छ । त्यस्तै माछापालन, जडीबुटी उत्पादन, पर्यटन व्यवसाय जस्ता प्रशस्त सम्भावना नेपालमा भेट्न सकिन्छ ।

> नेपालमा कुल जनसङ्ख्या मध्य १५ देखि ६४ वर्ष उमेर समूहका श्रम शक्तिको सङ्ख्या झन्डै ८० लाख रहेको श्रमशक्ति सर्वेक्षणले देखाएको छ । उक्त प्रतिवेदनअनुसार ४३.३ प्रतिशत मानिस रोजगार छन् भने ११.४ प्रतिशत बेरोजगार जनशक्ति रहेका छन् । त्यस्तै प्रत्येक वर्ष ५ लाख १२ हजार श्रमशक्ति रोजगारी नपाउँदा वैदेशिक रोजगारीमा जाने गरेको तथ्याङ्कले देखाएको छ । बाँकी ८.९ लाख जनशक्ति सरकारी तथा निजी क्षेत्रहरूमा कार्यरत देखिन्छन् भने १०.१५ लाख श्रमशक्ति अनौपचारिक क्षेत्रमा कार्यरत देखिन्छन् । यसरी हेर्दा नेपालमा कृषि, उद्योग, सरकारी वा निजी क्षेत्र र वैदेशिक रोजगारमार्फत ठुलो हिस्साले रोजगारी प्राप्त गरेको देखिन्छ ।

### श्रम ऐन २०७४ ले रोजगारीलाई पाँच भागमा विभाजन गरेको पाइन्छ

(क) **नियमित रोजगारी :** नियमित रूपमा श्रमशक्ति प्रयोग गरेर मासिक वा साप्ताहिक वा दैनिक पारिश्रमिक तोकिएको रोजगारीलाई नियमित रोजगारी भनिन्छ । यस्तो रोजगारीमा कार्यगत, समयगत, आकस्मिक र आंशिक रोजगारीको अवस्था रहेको हुँदैन, जस्तैः कुनै कार्यालय वा संस्थामा नियमित पारिश्रमिक पाउने गरी तोकिएको काम

(ख) **कार्यगत रोजगारी :** रोजगारदाताले कुनै खास काम वा सेवा किटान गरी सो सम्पन्न गर्न तोकेर दिने वा दिएको रोजगारीलाई कार्यगत रोजगारी भनिन्छ । यस्तो रोजगारीमा काम सकिएपछि रोजगारी पनि सकिन्छ, जस्तैः निर्वाचनको समयमा निर्वाचन अवधिभरका लागि, त्यस्तै राष्ट्रिय जनगणना अवधिभर जनगणना सम्पन्न गर्नका लागि गरिएको नियुक्ति ।

(ग) **समयगत रोजगारी :** रोजगारदाताले श्रमिकलाई निश्चित समयावधि तोकी सो अवधिभित्र कुनै सेवा प्रदान गर्न वा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारीलाई समयगत

रोजगारी भनिन्छ । सो समय समाप्त भएपछि रोजगारी पनि समाप्त हुन्छ, जस्तैः कुनै व्यापारिक कम्प्लेक्सले कुनै चाडपर्वका बेला बढी जनशक्ति राखेर काम सम्पन्न गराउनु ।

(घ) **आकस्मिक रोजगारी :** रोजगारदाताले श्रमिकलाई एक महिनाको अवधिमा सात दिन वा सोभन्दा कम अवधिका लागि कुनै सेवा प्रदान गर्न वा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारी आकस्मिक रोजगारी हो, जस्तैः घरमा रङरोगन गर्ने ।

(ङ) **आंशिक रोजगारी :** हप्तामा पैंतिस घण्टा वा सोभन्दा कम समयमा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारीलाई आंशिक रोजगारी भनिन्छ ।

रोजगार सिर्जनाका लागि नेपालमा भएका प्रयासहरू निम्नअनुसार रहेका छन् :

१. श्रम र रोजगारीलाई व्यवस्थित गर्न वि.सं. २०५६ र २०६२ मा श्रम नीतिको तर्जुमा गरिएको छ ।

२. त्यसै गरी वि.सं. २०७१ मा राष्ट्रिय रोजगार नीति तर्जुमा गरियो ।

३. सरकारले श्रम ऐन २०७४ र बाल श्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-८५ को तर्जुमा गरेको छ । यसबाट श्रमलाई मर्यादित र व्यवस्थित गर्न टेवा पुगेको देखिन्छ ।

४. श्रमिकको न्यूनतम ज्याला दर निर्धारण, निकृष्ट प्रकृतिका श्रममा संलग्न बालश्रमिकको उद्धार, दिवा शिशु स्याहार सञ्चालनलगायतका कार्यक्रम सञ्चालन गरेको छ ।

५. विश्व बैङ्कको सहयोगमा स्थानीय तहमा रोजगारी सेवा केन्द्रको पनि स्थापना भएको छ ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत न्यूनतम १०० दिनको रोजगार कार्यक्रम सञ्चालन भएको छ ।

७. भौतिक पूर्वाधार परियोजनामा युवा तथा महिला रोजगारी कार्यक्रम सञ्चालन भएको छ ।

### उद्यमशीलता

सबैभन्दा पहिले उद्यमशीलता भनेको के हो ? भन्ने बुझ्नका लागि दुईओटा उदाहरणहरूको अध्ययन गरौँ है त ?

सुनिता एक तरकारी व्यापारी हुन् । उनी दैनिक समुदायमा उत्पादन भएका तरकारी खोज्न जान्छिन् । तरकारी खरिद गरेर बजारमा लगेर आफूलाई नाफा राखेर बेच्छिन् ।

लक्ष्मीले तरकारी खेतीका लागि सहकारीबाट ऋण लिएर जग्गा भाडामा लिएकी छन् । उनी आफैँ तरकारी खेती गर्छिन् । कहिले काहिँ काम बढी हुँदा १,२ जना काम गर्ने मानिस पनि राख्छिन् । आफ्नो उत्पादन बाट केही नाफा गरौँला, ऋण तिरौँला भन्ने उद्देश्यले उनी आफैँ बजारमा लगेर आफूलाई नाफा राखेर बेच्छिन् ।

अब सम्झनुहोस् त यी दुई उदाहरणमध्ये कुन चाहिँ उद्यमशिलताको विशेषतासँग मिल्दोजुल्दो छ ? हो पहिलो उदाहरणमा तरकारी खरिद गरेर नाफा कमाउने उद्देश्यले विक्री वितरण गरिएको छ

यसलाई व्यापार भन्न सकिन्छ, यो उद्यमशिलता होइन भने दोस्रो उदाहरणमा लक्ष्मीले ऋण लिएर सानो व्यवसाय सुरु गरेको देखिन्छ । उनीले सानै व्यवसाय सञ्चालन गरेको भए तापनि जोखिम लिन सक्ने आँट राखेर भविष्यको फाइदालाई हेरेर व्यवसाय सञ्चालन गरेकी छन् । त्यसैले यस उदाहरणमा उद्यमशिलताका केही विशेषता मिलेकाले उद्यमशिलता भन्न सकिन्छ । यसरी जोखिम बहन गरेर मुनाफा आर्जन गर्ने उद्देश्यले व्यवसाय सञ्चालन गर्ने व्यक्ति नै उद्यमी हुन् । आफ्नो रुचि क्षमता सिप, स्रोत साधन र अवसरको उपयोग गरी नयाँ ढङ्गले रोजगारीको सिर्जना गर्नु नै उद्यमशिलता हो । त्यस्तै आफ्नो व्यवसायलाई सफल बनाउनका लागि उद्यमीद्वारा गरिने सम्पूर्ण प्रयास तथा खोजमूलक कार्य नै उद्यमशीलता हो । आर्थिक विकासका लागि उद्यमशीलताको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । एउटा व्यक्तिले सञ्चालन गरेको उद्यमबाट अरू व्यक्तिहरू पनि लाभान्वित हुन्छन् । आफू स्वरोजगार भई अरूलाई पनि रोजगारीको अवसर दिन सक्छन् अर्थात् देशमा बढिरहेको बेरोजगारी समस्या समाधान गर्न मदत पुग्छ । फलस्वरूप जनताहरूको जीवनस्तरमा पनि सुधार हुन्छ । त्यस्तै देशमा भएका स्रोत साधनहरूको उपयोग हुन्छ । आर्थिक क्रियाकलापमा वृद्धि भई गरिबी निवारणमा समेत मदत पुग्छ । अझ त्यति मात्र हो र देशमा छरिएर रहेको बचत सङ्कलन भई पुँजी निर्माणमा समेत मदत पुग्छ । यदि व्यक्तिमा उद्यमशीलताको विकास भयो भने पेसा व्यवसायप्रति आकर्षित भई जोखिम वहन गर्न र सिर्जनशील कार्यलाई आर्थिक क्रियाकलापमा आबद्ध गर्न मदत पुग्छ । यसलाई उद्यमशील संस्कृति पनि भनिन्छ । त्यसैले उद्यमशील व्यक्ति खाली हात बस्न सक्दैन । उसको दिमागमा नयाँ नयाँ सोच र योजना आइरहन्छन् । ऊ कहिल्यै पनि हरेस खाँदैन, जस्तोसुकै समस्या आइपरे पनि समस्यासँग जुधेर नयाँ नयाँ उपायको खोजी गरेर अघि बढिरहन्छ । इच्छा शक्ति, क्षमता अभिवृद्धि, जाँगर र जोखिम वहन गर्ने बानी नै उद्यमशीलताका कडी हुन् ।

### क्रियाकलाप

१. तपाईंको समुदायमा हुनुभएका श्रम, रोजगारी र उद्यमशीलताको सम्बन्ध पुष्टि हुने सफल उद्यमी वा व्यवसायीको बारेमा एउटा लेख लेख्नुहोस् ।

२. "गुणस्तरीय श्रम र रोजगार, समृद्ध नेपालको आधार" भन्ने शीर्षकमा कुनै पत्रिकाका लागि समाचार तयार गर्नुहोस् ।

३. कुनै पेसा वा व्यवसाय ठुलो वा सानो हुँदैन, श्रमको सम्मान गर्नुपर्छ भन्ने सन्देश दिँदै सामाजिक सञ्जालमा पोस्ट गर्नका लागि स्टाटस तयार गर्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) श्रम केलाई भनिन्छ ?

(ख) रोजगारले देशको अर्थतन्त्रमा पार्ने कुनै दुई प्रभाव उल्लेख गर्नुहोस् ।

(ग) उद्यमशिलता भनेको के हो ?

(घ) समयगत रोजगारी भनेको कस्तो रोजगारी हो ?

छोटा उत्तर आउने प्रश्नहरू

(क) नेपालमा रोजगार प्रवर्धनका लागि भएका प्रयासहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ख) "गुणस्तरीय श्रम र रोजगार, समृद्ध नेपालको आधार" भन्ने भनाईलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(ग) श्रमशक्ति भनेको के हो ? नेपालमा श्रमशक्तिको अवस्थाका बारेमा छोटो अनुच्छेद लेख्नुहोस् ।

(घ) श्रमशक्ति र रोजगारीको अन्तरसम्बन्ध उल्लेख गर्नुहोस् ।

(ङ) उद्यमशिलताको महत्त्वहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(च) "वैदेशिक रोजगारीका विकल्प देशभित्र नै खोज्नुपर्छ ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) तपाइँ भविष्यमा कुन पेसा गर्न चाहनुहुन्छ र किन ? त्यसका लागि तपाइँले अहिलेदेखि गनुपर्ने कार्यहरूको सूची बनाउनुहोस् ।

(ख) नेपालमा रोजगार प्रवर्धनका उपायहरूको खोजी गरी सूची तयार गर्नुहोस् ।

(ग) "उद्यमशिलता नै रोजगारी सिर्जना गर्ने मुख्य उपाय हो " भन्ने शीर्षकमा निबन्ध तयार गर्नुहोस् ।

पाठ ६

# विप्रेषण र नेपाली अर्थतन्त्र

(वैदेशिक रोजगारीबाट फर्केका हर्क, उनका छोरा र हर्कलाई पढाउनु भएका शिक्षकको अचानक भेट हुन्छ । यसैक्रममा उनीहरू बिचमा भएको कुराकानी हामी पनि सुनौं है त ।)

हर्क : नमस्कार ! सर सन्चै हुनुहुन्छ ?

शिक्षक : नमस्कार ! हर्क । हैन तपाईं त वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया गएको भन्ने सुनेको थिएँ । कहिले फर्कनु भयो ? कि जानु भएकै छैन ?

हर्क : ए..ए.. सर गएको थिएँ नि, म दक्षिण कोरियामै त थिएँ । भर्खर एक महिना त भयो आएको । तीन महिनाको लागि छुट्टीमा आएको हो सर । फेरि दुई महिनापछि त फर्किहाल्छु । सरलाई के कति फुर्सद छ कुन्नि धेरै वर्षपछि हजुरसँग भेट भएको छ । एकछिन चिया खाँदै कुराकानी गरौं न हुँदैन सर ?

शिक्षक : भइहाल्छ नि ल जाउँ हिँड्नुस् । अनि अहिले कतातिर हो त बाबु छोरा मिलेर ? भनेपछि त पैसा पनि राम्रै कमाउनु भएको होला है ?

हर्क : थोरै किनमेल थियो त्यसैले निस्केका हौं सर । ठिकै छ सर ...गएको ऋण तिरें । महिनामा यसोउसो व्यक्तिगत खर्च कटाएर दुई लाख जति बचत गरेर घरमा पठाउने गरेको छु ।

शिक्षक : ओ हो हर्क राम्रो रहेछ त कमाइ त । तपाईंहरू जस्तै वैदेशिक रोजगारीमा जानेले पठाएको विप्रेषण रकम पनि नेपालका लागि राम्रै आम्दानीको स्रोत बन्न पुगेको छ ।

हर्कको छोरा : सर हजुरले भर्खर विप्रेषण भन्नुभयो नि । यो विप्रेषण भनेको के हो ?

शिक्षक : ए बाबु वैदेशिक रोजगारीमा जानेहरूले विदेशमा काम गरेर प्राप्त गरेको पारिश्रमिकलाई आफ्नो घरपरिवार चलाउनका लागि स्वदेशमा पठाएको पैसालाई विप्रेषण भनिन्छ ।

हर्कको छोरा : त्यसो भए त सर हाम्रो बुबाले कोरियाबाट कमाएर पठाएको पैसालाई विप्रेषण भनिने रहेछ है ?

शिक्षक : हो बाबु, तपाईंले ठिक भन्नुभयो । यसरी प्राप्त विप्रेषण रकमले एकातर्फ व्यक्ति र उसको परिवारको दैनिक खर्च चलिरहेको हुन्छ भने अर्कोतर्फ देशको आम्दानी पनि बढ्छ । फेरि विप्रेषण रकमबाट देशका लागि आवश्यक विदेशी मुद्रा पनि प्राप्त भएको छ ।

हर्क : सर अहिले त यसो हेर्दा धेरै नेपाली वैदेशिक रोजगारीप्रति नै आकर्षित भएको देखिन्छ । हाम्रै समुदायमा वैदेशिक रोजगारीका लागि कुनै न कुनै देशमा नगएको घरै छैनन् । साच्चै सर कहिलेदेखि होला है यसरी नेपालीहरू वैदेशिक रोजगारीमा जान थालेका ?

शिक्षक : लाहुर जाने भनेर भारत र बेलायतमा जाने परम्परा त सयौं वर्ष अगिदेखि नै थियो, तपाईंले पनि सुन्नुभएकै होला । पछिल्लो समयमा यसरी वैदेशिक रोजगारमा जानेको सङ्ख्या बढेको चाहिँ वि.सं. २०४६ पछि खुला बजार अर्थनीतिको अवलम्बन पछि हो ।

विगत दुई दशकदेखि आप्रबासन दरमा तीव्र वृद्धि भई विप्रेषण रकम भित्रिने क्रम पनि बढेको हो । अहिले करिब ५० लाख नेपाली विश्वका विभिन्न मुलुकमा वैदेशक रोजगारका लागि गएको तथ्याङ्कले देखाएको छ ।

हर्कको छोरा : सर कुन कुन देशमा गएका छन् र नेपालीहरू वैदेशिक रोजगारीका लागि ?

शिक्षक : ए बाबु, आर्थिक सर्वेक्षण २०७८/०७९ का अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारीका लागि कतार, मलेसिया, साउदी अरब, युएई, कुबेत, बहराइन, ओमान, दक्षिण कोरिया, लेबनान, इजरायल, अफगानिस्तान, जापान र अन्य देश रहेका छन् ।

हर्क : सर विप्रेषणले नेपालको आर्थिक तथा सामाजिक अर्थतन्त्रमा राम्रै प्रभाव परेको छ नि होइन त ? नेपालीको जीवनस्तरमा वृद्धि आएको देखिन्छ । गरिबी निवारणमा पनि यसले मदत पुऱ्याएको छ । मेरो समुदायमा दिनभरी काम गरेर बिहान बेलुका छाक टार्नुपर्ने अवस्थामा रहेका परिवारमा पनि अहिले वैदशिक रोजगारका कारणले आर्थिक रूपमा सक्षम भइसकेका छन् ।

शिक्षक : तपाईंले भन्नुभएको ठिक हो हर्क । विप्रेषणले नेपाली अर्थतन्त्रमा सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पारेको छ, जस्तैः विदेश जाने नेपाली नागरिकहरूले सिकेर आएको श्रम र सिपका कारणले विभिन्न किसिमका व्यवसायहरूको सञ्चालनमा सहयोग पुगेको छ । देशमा उद्योग धन्दा कलकारखानाको विकासमा पनि मदत पुगेको देखिन्छ । नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा पनि सहयोग पुऱ्याएको देखिन्छ । त्यस्तै विभिन्न देशका नागरिकहरूसँग एक अर्को देशको संस्कृति तथा परम्पराको आदान प्रदान भएको छ । आर्थिक सर्वेक्षण २०७८/७९ मा कुल गार्हस्थ उत्पादनमा विप्रेषणको योगदान २०.८ प्रतिशत रहेको थियो ।

हर्कको छोरा : वैदेशिक रोजगारी त राम्रै रहेछ त है सर ? देशलाई यति धेरै फाइदा पुगेको रहेछ ।

शिक्षक : हो, तपाईंले भने जस्तै तत्कालका लागि विप्रेषण रकम नेपाल भित्रिएको देखेर सकारात्मक प्रभाव पारेको छ भन्न सकिन्छ । तर हाम्रो नेपाल जस्तो विकासोन्मुख मुलुकका लागि काम गर्न सक्ने युवा जनशक्तिले आफ्नो बल र उमेर हुँदासम्म विदेशी भूमिमा काम गरेर त्यही देशको विकास हुन्छ । नेपालको विकासका लागि काम गर्ने जनशक्तिको त अभाव भयो नि । त्यसैले विप्रेषणको निर्भरता कम गरी स्वदेशमा नै रोजगार तथा स्वरोजगारको अवसरहरू बढाउनु पर्ने देखिन्छ । विप्रेषण रकम नेपाल भित्रियो भन्दैमा यो भरपर्दो आय स्रोत होइन । कुनै पनि गन्तव्य देशको अर्थतन्त्र कमजोर भयो भने वा सो देशले विदेशी कामदार नराख्ने नीति लियो भने वैदेशिक रोजगार बन्द हुन सक्छ । त्यस्तै विश्वमा कतै ठुलो युद्ध भयो भने वा कोराना भाइरसको माहामारी जस्तै कुनै माहामारी भयो भने पनि अर्काको देशका नागरिक फिर्ता पठाउने नीति लिन सक्छन् । त्यस्तो बेलामा विप्रेषणमा आधारित अर्थतन्त्र धरापमा पर्न सक्छ ।

हर्क : सरकारले विप्रेषण रकमको सदुपयोगका लागि विशेष नीति तथा कार्यक्रमहरू ल्याउनु पर्ने नि । अनि पो विप्रेषण रकम भित्रिँदा राष्ट्रलाई धेरै फाइदा हुन्छ त, होइन त सर ?

शिक्षक : छ त । नेपालको संविधानले नै वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गीकार गरेको छ । श्रम आप्रवासनबाट मौद्रिक विप्रेषण मात्र नभई सामाजिक पुँजीका रूपमा सिप, प्रविधि र अनुभवलाई पनि आर्थिक सामाजिक विकासमा उपयोग गर्ने गरी वैदेशिक रोजगार नीति र राष्ट्रिय रोजगार नीति कार्यान्वायनमा आएको छ । विप्रेषण रकमलाई बचत गरी पुँजी निर्माण गर्न, रोजगारी सिर्जना गर्न, उत्पादन र उत्पादकत्व बढाई राष्ट्रिय अर्थतन्त्रमा योगदान दिने गरी उपयोग गर्न सकिन्छ ।

हर्क : सर के भन्नु यो वैदेशिक रोजगारले धेरैको घर त राम्रो बनाएको छ । जीवनस्तर पनि उकासिएको छ । तर कसै कसैलाई त बर्बाद नै पारेको छ नि । बिचरा मेरो एक जना साथीको घरबार नै उठिबास लाग्यो नि ।

शिक्षक : के भयो र त्यस्तो ?

हर्क : मेरो साथी कतार गएको थियो । ऊ दुई तीन वर्षमा घर आउने जाने गर्दथ्यो । पैसा पनि राम्रै कमाएको छु । अतिरिक्त समयमा समेत काम गरेको छु । पैसा पनि नियमित नै घरमा पठाएको छु तर श्रीमतीले के गर्छिन् के गर्छिन् । केही पनि बचेको छैन भन्छिन् भन्दै मसँग फोनमा गुनासो गर्थ्यो । उता श्रीमती त अर्कैसँग लागेर पैसा पनि उसलाई दिने गरेकी रहिछन् । आखिरमा उ बिदेश भएकै समयमा उसैसँग पो गइछन् । बिचरा छोरा छोरीको बिचल्ली हुन्छ पाएँ भने फिर्ता ल्याउँछु भनेर कत्ति खोजी गऱ्यो कतै पत्ता लगाउन सकेनन् ।

शिक्षक : ओ हो साह्रै नराम्रो दुर्घटना पो भएछ त । त्यही त वैदेशिक रोजगारीका सकारात्मक प्रभाव मात्र होइनन् । नकारात्मक प्रभावहरू पनि रहेका छन् । यस्ता नराम्रा घटनाहरू हाम्रो समाजमा वेला वेलामा सुनिने गरेका छन् । कसैको फेरि श्रीमती वैदेशिक रोजगारमा गएको । अनि श्रीमानले यहाँ अर्कै केटीसँग लागेर सबै पैसा उसकै लागि खर्च गर्ने र उसैसँग बिहे गरेको पनि सुनिन्छ । कसैको फेरि बाबुआमाले वैदेशिक रोजगारमा गएर पैसा कमाएर पठाउने । यहाँ छोरा छोरी भने कुलतमा फसेर आउँदा त छोरा छोरी पनि छैनन् सम्पत्ती पनि छैन । यस्ता घटनाहरू पनि सुनिन्छन् ।

हर्क : हो नि सर, सकेसम्म त घर परिवारबाट छुट्टिएर अर्काको देशमा श्रम, सिप र पसिना बगाएर दुःख गर्नुभन्दा त स्वदेशमा नै घर परिवासँगै बसेर केही व्यवसाय गर्नु नै उचित हो कि जस्तो लाग्न थालेको छ मलाई त । आ अब त जान्न बरु यतै बसेर केही गर्छु भनेर नेपाल आयो अनि फेरि घरपरिवारले यहाँ काम गरेर कति पो पैसा हुन्छ र बाहिर नै कमाइ राम्रो हुन्छ नि भन्छन् । अनि फेरि उतै गइहाल्छु । ल हेर्नु सर मेरो त समय यसरी नै बितेको छ ।

शिक्षक : ल हर्क धेरै वर्षपछि आफ्नो विद्यार्थी भेटेर यसरी कुराकानी गर्न पाउँदा साह्रै खुसी लाग्यो । वैदेशिक रोजगारीमा गएर टन्न पैसा कमाएर आफ्नो मातृभूमि चाहिँ कहिल्यै नबिर्सनु नि ।

हर्क : बिर्सन्न सर । म अब केही वर्ष दुःख गरेपछि यतै केही गरेर बस्ने सोचमा छु ।

शिक्षक : ल अब जाउँ है त घरतिर ।

हर्क : हस् सर कोरिया जानुभन्दा अगाडि फेरि पनि भेट्नु पर्छ सर । हस् त नमस्कार ।

### क्रियाकलाप

१. तपाईंको समुदायमा वैदेशिक रोजगारबाट आएका कोही हुनुहुन्छ होला ? उहाँहरूले वैदेशिक रोजगारमा बस्दा भोग्नु परेका समस्याहरूका बारेमा सोधखोज गर्नुहोस् र ती समस्या समाधानका लागि के गर्नुपर्ला सुझाव दिनुहोस् ।

२. तपाईंको जिल्लामा विप्रेषणले पारेका सकारात्मक र नकारात्मक प्रभावहरूका बारेमा खोजी गरी रिपोर्ट तयार गर्नुहोस् ।

३. नेपालको अर्थतन्त्रमा विप्रेषणको महत्त्वपूर्ण भूमिका रहेको छ । विप्रेषण रकम नभएको भए नेपालको आर्थिक अवस्था कस्तो हुन्थ्यो होला । आफ्ना तर्कहरू दिनुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) विप्रेषण भनेको के हो ?

(ख) विप्रेषणले नेपाली अर्थतन्त्रमा पारेका कुनै दुई प्रभाव उल्लेख गर्नुहोस् ।

(ग) विप्रेषण आय दिगो र भरपर्दो स्रोत होइन, किन ? कुनै दुई कारण उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) विप्रेषण नेपाली अर्थतन्त्रको आधार हो । कसरी पुष्टि गर्नुहोस् ।

(ख) विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा कसरी उपयोग गर्न सकिएला ? पाँच बुँदामा उल्लेख गर्नुहोस् ।

(ग) विप्रेषण अर्थतन्त्रका चार चारओटा सकारात्मक र नकारात्मक प्रभाव लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) तपाईंको समुदायमा विप्रेषण रकम के कस्ता काममा उपयोग हुने गरेका छन् ? यसलाई उपभोगभन्दा उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्नका लागि के कस्ता काम गर्नुपर्ला ? उपयुक्त सुझाव लेख्नुहोस् ।

(ख) विप्रेषणले नेपालको सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभावको व्याख्या गर्नुहोस् ।

पाठ ७

# सरकारी वित्त

हरेक सरकारले राज्य सञ्चालनका लागि आफ्ना जनताहरूलाई सेवा तथा सुविधा दिनुपर्ने हुन्छ । सेवा सुविधा उपलब्ध गराउनका लागि विकास निर्माणका कामहरू गर्ने, दैनिक प्रशासनलाई व्यवस्थित बनाउनु पर्ने जस्ता कामहरू आवश्यक हुन्छन् । त्यस्तै राज्यभित्र शान्ति सुव्यवस्था कायम गर्ने, संवैधानिक अङ्गहरूलाई सहयोग र समन्वय गर्ने, जनताको हक, हित र भलाइका लागि सामाजिक सेवाका कार्यहरू जस्ता विविध कार्यहरू गर्नुपर्ने हुन्छ । यी सबै कार्यहरू गर्नका लागि राज्यलाई खर्चको आवश्यकता पर्छ । उक्त खर्च सङ्कलनका लागि सरकारले जनताबाट विभिन्न शीर्षकमा कर, शुल्क, दण्ड, जरिवाना आदि उठाउने गर्छ । यसरी सरकारले गर्ने आम्दानी र खर्चसम्बन्धी अध्ययन गर्ने विषय नै सार्वजनिक वित्त वा सरकारी वित्त हो ।

सरकारी वित्तलाई दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

## १. सरकारी वित्तको स्रोत (सरकारी आय)

सरकारले आफ्ना दैनिक प्रशासनिक तथा विकासात्मक आवश्यकताहरू पूरा गर्न विभिन्न स्रोतहरूबाट आम्दानी गर्छ । यसरी सरकारले विभिन्न क्षेत्रहरूबाट प्राप्त गर्ने सम्पूर्ण आम्दानीलाई नै सरकारी आय भनिन्छ । सरकारी आयका स्रोतहरूलाई पनि कर राजस्व र गैरकर राजस्व गरी दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

### (क) कर राजस्व

सरकारी आम्दानीको मुख्य र भरपर्दो स्रोत भनेको कर हो । कुनै पनि व्यक्ति वा संस्थाले सरकारलाई अनिवार्य रूपमा भुक्तानी गर्नुपर्ने रकमलाई कर भनिन्छ । कर तिरेबापत कुनै पनि व्यक्ति वा संस्थाले प्रत्यक्ष लाभको आशा गर्न मिल्दैन । यदि कुनै व्यक्ति वा संस्थाले कर भुक्तानी नगरेमा उसले राज्यको प्रचलित कानुनबमोजिम सजाय भोग्न तयार हुनुपर्छ । सरकारले करबाट उठेको रकम जनताको हक हितका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न र समग्र देश विकासका लागि खर्च गर्छ ।

करको प्रकार, तिर्नुपर्ने भार र प्रभावका आधारमा करलाई दुई भागमा विभाजन गरिएको छ :

#### (अ) प्रत्यक्ष कर

सरकारद्वारा कुनै पनि व्यक्ति वा संस्थालाई लगाइएको करको भार अर्को व्यक्ति वा संस्थामा सार्न सकिँदैन भने त्यस्तो करलाई प्रत्यक्ष कर भनिन्छ । यस्तो किसिमको कर प्रणालीमा करको भार एक पक्षबाट अर्को पक्षमा सार्न सम्भव हुँदैन । जुन व्यक्ति वा संस्थाका लागि तोकिएको कर हो उसैले नै अनिवार्य रूपमा कर भुक्तान गर्नुपर्छ र करको अन्तिम भार पनि स्वयम्ले नै बेहोर्नुपर्छ, जस्तै : आय कर, पारिश्रमिक कर, उद्योग, पेसा व्यवसायसम्बन्धी

कर, घरजग्गासम्बन्धी कर, सवारी साधन कर आदि प्रत्यक्ष करका उदाहरणहरू हुन् । प्रत्यक्ष करलाई प्रगतिशील कर भनिन्छ । नेपालको कुल राजस्वको ३० प्रतिशत योगदान प्रत्यक्ष करको रहेको पाइन्छ ।

(आ) अप्रत्यक्ष कर

सरकारद्वारा कुनै पनि व्यक्ति वा संस्थालाई लगाइएको करको भार अर्को व्यक्ति वा संस्थामा सार्न सकिन्छ भने त्यस्तो करलाई अप्रत्यक्ष कर भनिन्छ । सरकारले वस्तु तथा सेवामा अप्रत्यक्ष कर लगाउँछ । यस्तो कर सुरुमा एक व्यक्ति वा संस्थाले तिर्छ तर पछि उक्त कर रकम वा करको भार अरूमाथि सारिन्छ । अन्तिम उपभोक्ताले करको भार बहन गर्छ । जसले वस्तु तथा सेवा प्रयोग गर्छ । उसैलाई यो करको भार पर्दछ, जस्तै : मूल्य अभिवृद्धि कर, बिक्री कर, भन्सार कर, अन्तःशुल्क कर, मनोरञ्जन कर आदि अप्रत्यक्ष करका उदाहरणहरू हुन् । अप्रत्यक्ष करलाई अप्रगतिशील कर भनिन्छ । नेपालको कुल राजस्वको ७० प्रतिशत योगदान अप्रत्यक्ष करको रहेको छ ।

### (ख) गैरकर राजस्व

कर राजस्वबाहेकका करलाई गैरकर राजस्व भनिन्छ, जस्तैः सम्पत्तीबाट प्राप्त आय ( ब्याज, लाभांश, रोयल्टी आदि), वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम, दण्ड जरिवाना र जफतबाट प्राप्त रकम, स्वेच्छिक हस्तान्तरण वा उपहारबाट प्राप्त रकम, कर राजस्वबाहेकका अन्य पुँजीगत राजस्वहरू, वैदेशिक अनुदान, अपुताली सम्पत्ती आदि गैरकर राजस्वका उदाहरणहरू हुन् ।

## २. सरकारी वित्तको विवरण (सरकारी खर्च)

कुनै पनि मुलुकमा दैनिक प्रशासन सञ्चालन गर्न, विकास निर्माणका कामहरू गर्न र नागरिकहरूलाई सेवा प्रदान गर्न आवश्यक पर्ने खर्चलाई सरकारी खर्च भनिन्छ । अर्थात् सरकारले राज्य सञ्चालन गर्दा गर्ने खर्चलाई नै सरकारी खर्च भनिन्छ । सरकारले गर्ने यस्तो खर्च हरेक वर्ष विनियोजन गरिने बजेटमार्फत अथवा आवधिक योजनामार्फत गर्ने गर्दछ । यो सरकारी वित्तको वितरण पक्ष हो । सार्वजनिक खर्चलाई चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थापन गरेर तीन भागमा विभाजन गरिन्छ ।

(अ) चालु खर्च

सरकारले नियमित रूपमा गर्नुपर्ने अनिवार्य खर्चहरूलाई चालु खर्च भनिन्छ । यस्ता खर्चहरूलाई सहयोगी खर्च पनि भनिन्छ । अर्थात पुँजी निर्माणका लागि सहयोगी हुने सबै खर्चहरू यसअन्तर्गत पर्छन् । चालु खर्चलाई निश्चित सीमाभित्र राख्न सकियो भने सरकारी खर्च मितव्ययी बनाउन सकिन्छ ।

(आ) पुँजीगत खर्च

सरकारले राज्यलाई विकसित बनाउन र जनतालाई सुविधा दिलाउनका लागि गर्ने खर्चलाई पुँजीगत खर्च भनिन्छ । अर्थात् पुँजीगत सामान खरिदका लागि गरिने खर्चका साथै निमार्णसँग सम्बन्धीत खर्चलाई पुँजीगत खर्च भनिन्छ । पुँजी निर्माण तथा सार्वजनिक निर्माणसँग सम्बन्धीत क्षेत्रमा खर्च बढ्यो भने मुलुकको विकासमा योगदान पुग्छ ।

सरकारले चालु खर्च र पुँजीगत खर्चका रूपमा गर्ने खर्चलाई तल तालिकामा दिइएको छ :

| चालु खर्च | पुँजीगत खर्च |
|---|---|
| १. आय, मुनाफा र पुँजीगत लाभमा लाग्ने कर | १. सम्पत्तिबाट प्राप्त आय (व्याज, लाभांश, रोयल्टी, आदि) |
| २. पारिश्रमिकमा आधारित कर | २. वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम |
| ३. सम्पत्ति कर | ३. दण्ड, जरिवाना र जफतबाट प्राप्त रकम |
| ४. वस्तु तथा सेवामा आधारित कर (मूल्य अभिवृद्धि कर, | ४. स्वेच्छिक हस्तान्तरण वा उपहारबाट प्राप्त रकम |
| ५. बिक्री कर, भन्सार कर, अन्तःशुल्क आदि) | ५. कर राजस्वबाहेकका अन्य पुँजीगत राजस्वहरू |
| ६. वैदेशिक व्यापारमा आधारित कर | ६. वैदेशिक अनुदान |
| ७. अन्य करहरू (व्यवसायले भुक्तानी गर्ने कर) | ७. नगद मौज्दात तथा बेरुजु असुलीबाट प्राप्त रकम |

(इ) वित्तीय व्यवस्थापनसम्बन्धी खर्च

वित्तीय व्यवस्थापनअन्तर्गत विशेषतः तीन प्रकारका खर्च पर्दछन् । सरकारले गर्ने पूर्वाधारका लगानीसम्बन्धी खर्च, ऋण लगानी र आन्तरिक तथा बाह्य ऋणको सावाँ र ब्याजको भुक्तानी यसअन्तर्गत पर्छन् । आवश्यकताअनुसार राज्यले बाह्य तथा आन्तरिक ऋणमार्फत खर्च जुटाउने तथा ऋण व्यवस्थापन गर्ने कार्य गर्दछ । जसलाई सार्वजनिक खर्चको महत्त्वपूर्ण अङ्ग मानिन्छ ।

## सरकारी वित्तको उपयोगबाट सामाजिक विकास

वास्तवमा भन्ने हो भने सामाजिक विकासको महत्त्वपूर्ण आधार भनेको सरकारी वित्त नै हो किनभने कुनै पनि देशको सरकारले सरकारको आम्दानीकै आधारमा विभिन्न शीर्षकमा खर्च निर्धारण गर्छ । लोक कल्याणकारी अवधारणाअनुसार आफ्ना नागरिकहरूलाई सेवा सुविधा उपलब्ध गराउने दायित्व नै राज्यको हो । राज्य सञ्चालन गर्न, तलब भत्ता उपलब्ध गराउन र विकास निर्माणलगायतका कामका लागि सरकारी वित्तको उपयोग हुन्छ । राज्यले यस्ता कामहरू गर्दा चालु खर्चभन्दा पुँजीगत खर्च बढी बढी हुने गरी गर्न सक्यो भने देशको विकास छिटो हुन्छ । सरकारले आफ्ना नागरिकहरूलाई सेवा सुविधा उपलब्ध गराउने क्रममा निवृत्तिभरण, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित, सीमान्तकृत वर्गका लागि पनि सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । त्यस्तै सरकारले शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका क्षेत्रहरूमा पनि खर्च गर्नुपर्ने हुन्छ । यस्ता खर्चहरूले राज्यको चालु खर्च बढ्छ । खर्च बढे तापनि जनतामा सरकारप्रतिको विश्वास दिलाउनका लागि यस्ता खर्चहरू गर्नैपर्छ ।

सरकारले सार्वजनिक वित्तका माध्यामबाट सामाजिक असमानता कम गराउन पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ, जस्तैः धनीहरूलाई बढी कर लगाएर उक्त रकम गरिबहरूका लागि खर्च गर्न सक्छ । त्यस्तै हानिकारक वस्तुहरू जस्तैः चुरोट, जाँड रक्सी आदि वस्तुहरूमा करको दरमा वृद्धि गर्न र अत्यावश्यक वस्तुहरूमा चाहिँ अनुदान दिन सक्छ । नेपालमा हाल सङ्घीय संरचनाअनुसार केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार रहेको छ । त्यसैले सरकारी वित्तको व्यवस्थापन गर्ने जिम्मेवारी पनि तीनओटै सरकारको बराबरी हुन्छ । तीनओटै सरकारले आआफ्नो खर्च जिम्मेवारीबमोजिम सार्वजनिक स्रोतको सन्तुलित र न्यायोचित विनियोजन गरी सार्वजनिक वित्तको परिचालन गर्नुपर्छ ।

### क्रियाकलाप

१. तपाईँको परिवारले कुन कुन प्रकारको कर तिर्ने गर्नुभएको छ ? सोधखोज गर्नुहोस् र तपाईँको समुदायमा कर तिरेर के पो हुन्छ र हामीले कर तिरे केही पाइने होइन क्यारे भन्ने मानिसलाई के सल्लाह दिनुहुन्छ ? उल्लेख गर्नुहोस् ।

२. जनतालाई कर तिर्न प्रेरित गर्ने किसिमको एक प्रचार सामग्री तयार पार्नुहोस् ।

३. गैरकर आयका स्रोतहरूलाई अझ प्रभावकारी बनाउनका लागि के के गर्न सकिन्छ ? तपाईँको समुदायमा भएका जानकार व्यक्तिलाई सोधखोज गरी प्राप्त प्राप्ति सम्पर्क कक्षामा सुनाउनुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) सरकारी वित्त भनेको के हो ?

(ख) प्रत्यक्ष कर र अप्रत्यक्ष करको दुई दुईओटा उदाहरण लेख्नुहोस् ।

(ग) गैरकर राजस्वका दुईओटा उदाहरण दिनुहोस् ।

(घ) सामाजिक विकासमा सरकारी वित्तको कुनै एक प्रभाव उल्लेख गर्नुहोस् ।

(ङ) वित्तीय व्यस्थापन खर्च कति प्रकारका हुन्छन् ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) प्रत्यक्ष कर र अप्रत्यक्ष करका बचमा फरक छुट्याउनुहोस् ।

(ख) कर तिर्नु नागरिकको दायित्व हो । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) देश निर्माणमा सरकारी खर्चको भूमिका सम्बन्धमा एक लेख तयार गर्नुहोस् ।

(घ) गैरकर आयका स्रोतहरूको सूची बनाउनुहोस् ।

(ङ) सरकारी खर्चको उपयोग पारदर्शी र न्यायोचित गर्नुपर्दछ भन्ने सुझाव दिई तपाइँ बसेको स्थानीय तहलाई सुझाव पत्र लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सरकारी वित्त भनेको के हो ? यसका प्रकारहरूको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) सार्वजनिक खर्चको महत्त्व उल्लेख गर्दै चालु खर्च र पुँजीगत खर्चका बिचमा भिन्नता छुट्याउनुहोस् ।

(ग) सरकारी बित्तको छोटकरीमा व्याख्या गर्दै सरकारी वित्त र सामाजिक विकासको सम्बन्ध उल्लेख गर्नुहोस् ।

एकाइ ११

# स्वास्थ्य सेवा र सामाजिक विकास

**सिकाइ उपलब्धि**

१. नेपालमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र सामुदायिक सहभागिताको अवस्था विश्लेषण गर्न

२. समुदायमा अभ्यासमा आएका आधुनिक र परम्परागत स्वास्थ्य सेवा पद्धतिको खोजी र विश्लेषण गर्न

३. स्वस्थ जीवनशैलीको महत्त्व बोध र अवलम्बन गर्न







पाठ १

# नेपालमा स्वास्थ्य सेवा

सामान्य बोलीचालीको भाषामा शारीरिक वा मानसिक रूपले ठिक रहेको वा तन्दुरुस्त रहेको अवस्थालाई स्वास्थ्य भनिन्छ । विश्व स्वास्थ्य सङ्गठन (World Health Organization- WHO) का अनुसार स्वास्थ्य भनेको रोग र दुर्बलताबाट मात्र मुक्त हुनु नभई शारीरिक, मानसिक वा सामाजिक तवरले पूर्ण तन्दुरुस्त हुनुलाई नै स्वास्थ्य भनिन्छ । यस परिभाषाले स्वास्थ्यका शारीरिक, मानसिक र सामाजिक गरी तीनओटा पक्षलाई समेटेको छ । शारीरिक स्वास्थ्य भन्नाले शरीरमा कुनै पनि रोग नभएको, अङ्गहरू उपयुक्त रूपमा विकास भएको र उपयुक्त काम गर्न सक्ने अवस्थालाई बुझाउँछ । मानसिक स्वास्थ्यले कुनै किसिमको मानसिक रोग, तनाव वा दबाब नभएको, असल खराब छुट्याउन सक्ने र उचित समयमा उचित निर्णय लिन सक्ने अवस्थालाई बुझाउँछ । सामाजिक स्वास्थ्यले मानिसले आफ्नो घर, परिवार, छिमेकी वृद्ध तथा अपाङ्गता भएका व्यक्तिसँग गर्ने सामाजिक व्यवहारलाई बुझाउँछ, जस्तैः खुसी मनले समाज सेवाको काममा तल्लीन हुनुलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । सङ्क्षेपमा शारीरिक रूपमा तन्दुरुस्त, मानसिक रूपमा तनावमुक्त तथा सचेत र सामाजिक रूपमा मिलनसार रहन सक्नु नै स्वस्थ रहनु हो ।

## नेपालमा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच

देशका नागरिकले उपयुक्त स्वास्थ्य सेवा लिन वा दिन सक्ने र स्वास्थ्य प्रदायक सङ्घसंस्थाहरूले स्वास्थ्य सेवा प्रदान गर्न सक्ने अवस्थालाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच भनिन्छ । कुनै पनि देशको स्वास्थ्य सेवा गुणस्तरीय छ कि छैन भनी अध्ययन गर्नका लागि देशको स्वास्थ्यसम्बन्धी नीति तथा कार्यक्रम कस्ता छन् ? स्वास्थ्य सेवासँग सम्बन्धीत औसत आयु, शिशु मृत्युदर, बाल मृत्युदर, मातृमृत्युदरको अवस्था कस्तो छ ? जनताहरू आफ्नो स्वास्थ्यप्रति कत्तिको सचेत छन् ? भन्ने जस्ता कुराको अध्ययन गरिन्छ ।

नेपालको सन्दर्भमा हेर्ने हो भने नेपालको संविधानले नै गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्न पाउने हकको व्यवस्था गरेको छ । त्यस्तै प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारका सम्बन्धमा जानकारी पाउने र स्वास्थ्य सेवामा समान पहुँचको हक पनि उल्लेख गरिएको छ साथै प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकको पनि व्यवस्था गरेको छ । त्यसैगरी नेपाल विश्व स्वास्थ्य सङ्गठनको सदस्यका रूपमा रहेर पनि काम गर्दै आएको छ । नेपालमा गुणस्तरीय स्वास्थ्य सेवामा जनताको पहुँचको अवस्था झल्कने केही आधारहरूलाई यहाँ बुँदागत रूपमा उल्लेख गरिएको छ ।



१. विगतमा नेपाल सरकारबाट ४० प्रकारका औषधी निःशुल्क वितरण गर्दै आएकामा वि.सं. २०७१ बाट चिकित्सकको सिफारिसमा ७० प्रकारको औषधी निःशुल्क वितरण गर्दै आएको छ ।

२. सुरक्षित मातृत्वलाई प्रवर्धन गर्दै आ.व. २०७५/०७६ बाट स्वास्थ्य संस्थामा प्रसुति गराउने महिलालाई भूगोलअनुसार अलग अलग दरमा प्रसुतिका लागि यातायात खर्च उपलब्ध गराउँदै आएको छ । (हिमाली जिल्लामा रु.३ हजार, पहाडी जिल्लामा रु.२ हजार र तराईका जिल्लामा रु. १०००)

३. कुनै पनि नागरिकले विपन्न भएकै कारणले स्वास्थ्य सेवाबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले विपन्न नागरिक औषधी कार्यक्रम कार्यान्वायनमा रहेको छ ।

४. क्यान्सर, मुटु रोग, टाउको तथा स्पाइनल इन्जोरी, अल्जाइमर, पार्किन्सन, सिकल सेल एनेमिया जस्ता भयानक तथा प्रकोपजन्य रोगहरू लागेर उपचार गर्नुपरेमा तोकिएका स्वास्थ्य संस्थाबाट रु.१ लाखसम्मको स्वास्थ्य उपचार निःशुल्क पाउने व्यवस्था छ ।

५. नेपाल सरकारले स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

६. गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्धन गर्ने उद्देश्यले खाद्य ऐन २०२३, नेपाल गुणस्तर प्रमाण चिह्न ऐन २०३७, स्वास्थ्य अनुसन्धान परिषद् ऐन २०४७, नेपाल स्वास्थ्य सेवा ऐन २०५३ र खोप ऐन २०७२ लगायतका थुप्रै ऐनहरू निर्माण गरी कार्यान्वायनमा रहेका छन् ।

७. परिवार नियोजन कार्यक्रम, सुरक्षित मातृत्व तथा नवजात शिशु कार्यक्रम, आमा कार्यक्रम, पोषण कार्यक्रम, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन कार्यक्रम, औलो नियन्त्रण कार्यक्रमलगायतका थुप्रै स्वास्थ्य सेवासम्बन्धी कार्यक्रमहरू कार्यान्वायनमा रहेका छन् ।

नेपालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्धनका लागि यति धेरै प्रयासहरू भएको देखिए तापनि अझै पनि नेपालमा स्वास्थ्य सेवाको क्षेत्रमा विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन् । भौगोलिक विकटताका कारण स्वास्थ्य सेवाको पहुँच देशका सबै भूगोलमा समान हिसाबले पुऱ्याउने कार्य चुनौतीपूर्ण छ । जनताको कमजोर चेतनास्तर, पछौटेपन तथा गरिबी आदिका कारण पनि स्वास्थ्य सेवाको पहुँच विस्तार अपेक्षाकृत रूपमा हुन सकेको छैन । चिकित्सकहरूको सिफारिसबिना औषधीको जथाभावी र आफूखुसी प्रयोग गर्नेको जमात पनि ठुलै देखिन्छ । त्यस्तै नेपालको भारतसँगको खुला सिमानाका कारण सरुवा रोगको प्रकोपको खतरा र लागु औषधको ओसारपोसार पनि नियन्त्रण गर्न नसकेको अवस्था विद्यमान रहेको छ ।

## स्वास्थ्य सेवामा सामुदायिक सहभागिता

### तल दिइएको घटना अध्ययन गरौँ ।

स्याङ्जा जिल्लाको आँधिखोला गाउँपालिकाका मानिसमा आएको स्वास्थ्यसम्बन्धी सचेतनाका कारण उक्त गाउँपालिका अहिले नमुना गाउँपालिकाका रूपमा परिचित छ । गाउँपालिकाले नेपाल रेडक्रस सोसाइटी र स्थानीय क्लबहरूसँग सहकार्य र समन्वय गरेर गाउँलेहरूलाई थुप्रै स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ । विश्व स्वास्थ्य सङ्गठनले पनि गाउँपालिकालाई आर्थिक र प्राविधिक सहयोग गरेको छ । गाउँपालिकाभित्र स्थानीयहरूकै सहभागितामा वेला वेलामा निःशुल्क स्वास्थ्य शिविर, सरसफाइका कार्यक्रमहरू र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन हुने गरेका छन् । गाउँपालिकाभित्र कोही बिरामी पऱ्यो भने सामुदायिक प्रयासबाट घरदैलामा नै स्वास्थ्य सेवा पुऱ्याउनका लागि चिकित्सकहरूको व्यवस्थासमेत गरिएको छ । गाउँमै मातृशिशु स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएकाले गर्भवती आमाको स्वास्थ्य अवस्थामा सुधार आउनुका साथै शिशु मृत्युदरमा पनि कमी आएको छ । उक्त गाउँपालिकालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको छ । त्यसैले विश्व स्वास्थ्य सङ्गठनको आर्थिक सहयोगमा हरेक घरमा आधुनिक शौचालय निर्माण भएका छन् । बाहिर कसैले दिसापिसाब गरेमा उसलाई नै सफा गर्न लगाउने र जरिवाना तिर्नुपर्ने व्यवस्थासमेत गरिएको छ । त्यस्तै गाउँपालिकाका हरेक घरबाट हप्तामा दुई दिन अनिवार्य रूपमा आआफ्नो टोल सरसफाइका लागि जुट्ने गरेका छन् । खालि जमिनमा गाउँलेहरूकै सहभागितामा वृक्षरोपण गरिएको छ ।

यसरी सामुदायिक सहभागिता र विभिन्न सङ्घसंस्थाहरूको सहयोगबाट आँधिखोला गाउँपालिका नमुना गाउँपालिका बनेको खबरले विभिन्न अनुसन्धानकर्ताहरू त्यहाँ अध्ययनका लागि आउने गरेका छन् । वरपरका अन्य छिमेकी गाउँपालिकाहरूमा समेत त्यसको प्रभाव परेकाले स्वास्थ्यसम्बन्धी सचेतना जागरण भएको देखिन्छ ।

समुदायका लागि समुदायकै व्यक्तिहरूले समुदायमा रहेका स्वास्थ्य समस्या पहिचान गरी त्यसको समाधान गर्न एवम् व्यक्तिगत तथा वातावरणीय स्वास्थ्यमा सुधार ल्याउन गरिने क्रियाकलाप नै सामुदायिक स्वास्थ्य हो । सामुदायिक स्वास्थ्य सुधारका लागि व्यक्ति, परिवार, समुदाय र राष्ट्रको संयुक्त प्रयास हुनु जरुरी छ । स्वास्थ्य सेवालाई जनताको घरदैलोसम्म पुऱ्याउन सकेमात्र सामुदायिक स्वास्थ्यमा सुधार हुने अपेक्षा गरी विश्व स्वास्थ्य सङ्गठनले प्राथमिक स्वास्थ्य सेवाको अवधारणालाई अगाडि ल्याएको हो । नेपालले पनि उक्त नारालाई आत्मसात् गरी यस अवधारणालाई राष्ट्रिय कार्यक्रममा नीतिकै रूपमा अवलम्बन गरिसकेको छ । सुरु सुरुमा सामुदायिक स्वास्थ्य शिक्षामा केवल सरसफाइलाई मात्र जोड दिइन्थ्यो । पछि यसको कार्य क्षेत्रमा विस्तार भई निरोधात्मक, उपचारात्मक, संवर्धनात्मक र पुनः स्थापनात्मक स्वास्थ्य सेवालाई समेट्न थालेको पाइन्छ ।

नेपालको सन्दर्भमा हेर्ने हो भने पहिलेदेखि नै स्वास्थ्य सेवामा औपचारिक तथा अनौपचारिक रूपमा स्वास्थ्य सेवामा सामुदायिक सहभागिता भएको पाइन्छ । त्यति वेला तालिम प्राप्त स्वास्थ्कर्मीको अभाव, औषधीको कमी, स्वास्थ्य संस्थाहरू उपकरणको कमी थियो । त्यस्तो अवस्थामा बिरामी हुँदा स्थानीय स्तरका अनुभवी व्यक्तिहरूको सहायताले औषधी उपचार

गरिन्थ्यो, जस्तै तामाङ जातिमा आमा, लिम्बु जातिमा फेदाङ्मा, गुरुङ जातिमा पच्यु, घ्याप्रिङ् आदिबाट उपचार गराइन्थ्यो । त्यस्तै अन्य जातिहरूमा पनि आफ्ना अग्रजहरूसँग भएको शिक्षा, सिप तथा स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको उपयोग गरी उपचार गरिन्थ्यो । हाल आधुनिक चिकित्सा पद्धतिको विकास भइसकेको छ तर पनि नेपालका सबै ठाउँमा सहज रूपमा स्वास्थ्य सेवा पुऱ्याउन सकिएको छैन । यस्तो अवस्थामा समुदायको सहभागिताले स्वास्थ्य सेवा विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ । अहिले सङ्घीयता लागु भइसकेपछि प्रदेश सरकार र स्थानीय तहहरूले स्वास्थ्य सेवा र सामाजिक सेवाको जिम्मेवारी बहन गरेको पाइन्छ । यसैअन्तर्गत स्वास्थ्य स्वयम् सेविका र सामुदायिक स्वास्थ्य कार्यकर्ताहरू परिचालन गरिएका छन् । निजी, सार्वजनिक र गैरसरकारी सङ्घसंस्थाहरूले पनि समुदायको स्वास्थ्य सेवा अभिवृद्धिका लागि आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने काम गरिरहेका छन् । समुदायमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन, मातृशिशु स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन, सरसफाइका कार्यक्रमहरू सञ्चालन, खोप तथा भिटामिन ए खुवाउने कार्यक्रम सञ्चालन जस्ता थुप्रै कामहरू भइरहेका देखिन्छन् । यसरी स्वास्थ्य सेवामा सामुदायिक सहभागिता नै समुदायको स्वास्थ्य अवस्था सुदृढ गर्ने महत्त्वपूर्ण अवधारणाको रूपमा विकसित भएको पाइन्छ ।

### क्रियाकलाप

१. तपाईंको समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्धनका लागि सामुदायिक सहभागिताको अवस्था के कस्तो रहेको छ ? सोधखोज गरी प्रतिवेदन तयार गर्नुहोस् ।

२. विकसित देशहरूमा स्वास्थ्यलाई राज्यको दायित्वअन्तर्गत लिइन्छ भने तत्सम्बन्धी आवश्यक सेवाहरू राज्यले नै नागरिकलाई उपलब्ध गराएको हुन्छ । तर हाम्रो मुलुकमा अझै पनि त्यस्तो अवस्था हुन सकेको छैन । यस्तो अवस्थामा नेपालमा पनि नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन राज्यको के कस्तो भूमिका हुनुपर्छ भन्ने सम्बन्धमा समुदायमा रहेका जानकार व्यक्तिहरूसँग सोधखोज गरी टिपोट गर्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) स्वास्थ्य भनेको के हो ?

(ख) सामुदायिक स्वास्थ्य भन्नाले के बुझिन्छ ?

(ग) नेपालमा गुणस्तरीय स्वास्थ्य सेवामा जनताको पहुँचको वृद्धि गर्नका लागि भएका कुनै दुई प्रयास उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा स्वास्थ्य सम्बन्धमा भएका संवैधानिक व्यवस्थाहरू लेख्नुहोस् ।

(ख) नेपालमा गुणस्तरीय स्वास्थ्य सेवामा जनताको पहुँचको वृद्धि गर्नका लागि भएका प्रयास उल्लेख गर्नुहोस् ।


(ग) "रोग र दुर्वलताबाट मुक्त हुनुमात्र नभई शारीरिक, मानसिक तथा सामाजिक तवरले पूर्ण रूपमा तन्दुरुस्त हुनुलाई नै स्वास्थ्य भनिन्छ" भन्ने भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) सामुदायिक सहभागिता भन्नाले के बुझिन्छ ? सामुदायिक सहभागिताले स्वास्थ्य सेवा प्रवर्धनमा के कस्तो भूमिका निर्वाह गर्न सक्छ ? छोटकरीमा व्याख्या गर्नुहोस् ।

## पाठ २ आधुनिक र परम्परागत स्वास्थ्य सेवा पद्धति

नेपालमा आधुनिक र परम्परागत दुवै किसिमका स्वास्थ्य सेवा पद्धति अभ्यासमा रहेको पाइन्छ । आधुनिक स्वास्थ्य सेवा पद्धतिलाई एलोप्याथी र परम्परागत स्वास्थ्य सेवा पद्धतिलाई आर्युवेदिक भन्ने गरेको पाइन्छ ।




नेपालमा प्रचलित दुवै स्वास्थ्य पद्धतिका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ :

### १. परम्परागत स्वास्थ्य सेवा पद्धति

आर्युवेद शब्द आयु र वेद दुई शब्द मिलेर बनेको छ । जसमा आयुको अर्थ जीवन र वेदको अर्थ विज्ञान भन्ने हुन्छ । त्यसैले आर्युवेद चिकित्सा विज्ञान मात्र नभएर समस्त मानव जातिलाई स्वस्थ, सुखी र सामाजिक जीवनयापन गर्नका लागि मार्गदर्शन गर्ने विज्ञान हो । आर्युवेद चिकित्सा पद्धतिलाई संसारकै सबैभन्दा पुरानो उपचार पद्धति मानिन्छ । आर्युवेद चिकित्सा पद्धतिमा जडीबुटीलाई उपयोग गरी औषधी बनाई उपचार गरिन्छ । यस्ता औषधीको साइड इफेक्ट अत्यन्त कम हुन्छ । यो वैदिक र परम्परागत ज्ञानमा आधारित छ । काठमाडौँको नरदेवीमा रहेको नरदेवी चिकित्सालय नेपालकै पहिलो आर्युवेदिक अस्पताल हो । सिंहदरबार वैद्यखाना पहिलो औषधी उत्पादन गर्ने कम्पनी हो । आर्युवेद मौलिक एवम् राष्ट्रिय चिकित्सा पद्धति भएकाले सरकारी अस्पतालहरू नै केन्द्र, प्रदेश र स्थानीय स्तरमा पनि रहेका छन् ।

### २. होमियोप्याथिक चिकित्सा पद्धति

होमियोप्याथिक उपचार पद्धति सर्वप्रथम सन् १७९६ मा जर्मनी चिकित्सक समुएल हन्नेमानले (Samuel Hahnemann) गरेका हुन् । होमियोप्याथिक चिकित्सा पद्धति रोगका उस्तै लक्षणहरू उब्जाउने पदार्थद्वारा नै कुनै रोगको निदान गर्ने सिद्धान्तमा आधारित एक

चिकित्सा पद्धति हो । वि.सं. २०१० मा सरकारी स्तरबाट ललितपुरको पुल्चोकमा पशुपति होमियोप्याथिक चिकित्सालय स्थापना भई सेवा प्रदान गर्दै आएको छ ।

### ३. योग तथा प्राकृतिक चिकित्सा पद्धति

औषधीको प्रयोग नगरीकन शारीरिक व्यायाम, साधना र कसरत आदिबाट गरिने उपचार पद्धति योग तथा प्राकृतिक चिकित्सा पद्धति हो । यस विधिबाट उपचार गर्नका लागि पृथ्वी, जल, तेज, वायु र आकाशमा आधारित प्राकृतिक रूपमा पाइने वस्तुहरूको समिश्रणबाट उपचार गर्ने गरिन्छ । यस चिकित्सा पद्धतिमा योग तथा ध्यान, मालिस, अकुपन्चर, अकुप्रेसर, उपवास, शारीरिक व्यायाम, भोजन परामर्श आदि जस्ता विभिन्न उपचार पद्धति अपनाइन्छ । यस पद्धतिले रोगीलाई निरोगी र निरोगीलाई दीर्घजीवी बनाउँछ भन्ने विश्वास गरिन्छ ।

### ४. युनानी चिकित्सा पद्धति

युनानी चिकित्सा पद्धति रोगको निदानसँग सम्बन्धित छ । यस उपचार पद्धतिमा बिरामीमा देखिएका लक्षणको अवलोकन गरेर रोगलाई निदान गर्ने गरिन्छ । शरीरमा प्राकृतिक शक्ति वृद्धि गरी विकारलाई हटाएर उपचार गरिन्छ । यो चिकित्सा पद्धति युनानबाट सुरु भएको मानिन्छ । नेपालमा पनि सरकारी स्तरबाट युनानी औषधालय स्थापना भई सञ्चालनमा रहेको छ ।

### ५. परम्परागत स्थानीय उपचार पद्धति

उपचार पद्धति स्थान वा जाति विशेषमा भर पर्दछ । स्थानीय स्तरमा पहिलेदेखि नै प्रचलनमा रहेका जुन अहिले पनि अभ्यासमा रहेका छन्, तिनीहरूलाई परम्परागत स्थानीय उपचार पद्धति भनिन्छ । यस पद्धतिमा परम्परागत स्थानीय जडीबुटीको प्रयोग मन्त्रोच्चारण, झारफुक, धामी, झाँक्री लामा आदि द्वारा उपचार गरिन्छ । यो पनि विभिन्न जाति र सम्प्रदायअनुसार फरक फरक पद्धति प्रचलनमा रहेको देखिन्छ । कतिपय अवस्थामा यस उपचार पद्धतिलाई अन्धविश्वासयुक्त पनि मानिन्छ ।

### ६. आधुनिक स्वास्थ्य सेवा पद्धति

आधुनिक स्वास्थ्य सेवा पद्धतिलाई एलोप्याथी उपचार पद्धति पनि भनिन्छ । एलोप्याथी चिकित्सा पद्धति विज्ञानमा आधारित चिकित्सा पद्धति हो । यस उपचार पद्धतिमा डाक्टर नर्सहरूद्वारा बिरामीमा देखिएका लक्षण र शरीरका विभिन्न अङ्गहरूको परीक्षणपश्चात् रोग पत्ता लगाएर औषधी वा शल्यक्रियाद्वारा उपचार गरिन्छ । नेपालमा यस किसिमको उपचारका लागि केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू कार्यरत छन् । नेपालमा वि.सं. १९४७ मा वीर अस्पतालको स्थापनासंगै आधुनिक उपचार पद्धतिको सुरुआत भएको हो । मानिसलाई शारीरिक, मानसिक र सामाजिक तवरले तन्दुरुस्त राख्न प्रदान गरिने सेवा नै स्वास्थ्य सेवा हो । उपचार सेवा, रोग नियन्त्रण, स्वास्थ्य सुधार गतिविधि तथा प्राथमिक स्वास्थ्योपचार प्रणालीलाई व्यवस्थापन गर्न र नीति निर्माण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

आधुनिक स्वास्थ्य चिकित्सकले निरोधात्मक, प्रवर्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । रोग लाग्नुभन्दा अगावै रोकथाम गर्न दिने स्वास्थ्य सेवालाई निरोधात्मक स्वास्थ्य सेवा भनिन्छ, जस्तैः स्वास्थ्य संस्थाहरूद्वारा सञ्चालित सुरक्षित मातृत्व कार्यक्रम, खोप कार्यक्रम, परिवार नियोजन तथा मातृशिशु कल्याण कार्यक्रम आदि । रोग लागिसकेपछि प्रदान गरिने स्वास्थ्य सेवालाई उपचारात्मक स्वास्थ्य सेवा भनिन्छ, जस्तै : अस्पताल, स्वास्थ्य चौकी, नर्सिङ होम आदिबाट प्रदान गरिने सेवा । कुनै पनि स्वास्थ्य स्थितिलाई सुधार्नका लागि प्रदान गरिने सेवालाई प्रवर्धनात्मक स्वास्थ्य सेवा भनिन्छ, जस्तै : स्वास्थ्य, शिक्षा, सन्तुलित आहार तथा पोषण, वातावरणीय शिक्षा आदि । आधुनिक चिकित्सामा हाल ई स्वास्थ्य र दुर उपचारका अवधारणाहरू पनि आएका छन् । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विद्युतीय माध्यामबाट स्वास्थ्यसम्बन्धी स्रोत साधनहरू सूचना र स्वास्थ्य सेवा हस्तान्तरण गर्नुलाई ई स्वास्थ्य भनिन्छ । त्यस्तै गरी सूचना प्रविधिको प्रयोग गरी टाढैबाट बिरामीको उपचार, परामर्श आदि उपलब्ध गराउने स्वास्थ्य सेवालाई दूर उपचार सेवा भनिन्छ । यस पद्धतिमा बिरामीले भिडियो संवादमार्फत विशेषज्ञबाट स्वास्थ्यसम्बन्धी सेवा लिन सक्छन् । अनलाइनका माध्यामबाट विवरण भर्ने र परामर्शका लागि समय निर्धारण गर्न सक्छन् । स्वास्थ्यसम्बन्धी मोबाइल एप्सको प्रयोग गरी आफ्नो स्वास्थ्य स्थितिका बारेमा सूचना प्राप्त गर्न सक्छन् ।

### ई-स्वास्थ्य सेवाका मूलभूत पक्षहरू

१. विद्युतीय माध्यामबाट स्वास्थ्य स्थितिको रेकर्ड राख्ने

२. दूर उपचार

३. उपभोक्ता स्वास्थ्य सूचना प्रणाली

४. स्वास्थ्यसम्बन्धी ज्ञानको व्यवस्थापन

५. मोबाइल स्वास्थ्य सेवा

६. स्वास्थ्य हेरचाह सूचना प्रणाली

## क्रियाकलाप

१. परम्परागत स्वास्थ्य सेवा पद्धतिभन्दा आधुनिक स्वास्थ्योपचार पद्धतिलाई बढी भरपर्दो मानिनुका कारण खोजी गरी लेख्नुहोस् ।

२. तपाईंको समुदायमा सञ्चालित परम्परागत चिकित्सा पद्धतिका सम्बन्धमा सोधखोज गरी तिनको अवस्था, उपलब्ध सेवा र सेवाप्रति समुदायका मानिसको विश्वासको अवस्था सम्बन्धमा खोजी गरी लेख्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा अभ्यासमा रहेका परम्परागत स्वास्थ्य सेवा पद्धतिको नाम लेख्नुहोस् ।

(ख) एलोप्याथी उपचार पद्धति भनेर कस्तो उपचार पद्धतिलाई भनिन्छ ?

(ग) तपाईँको समुदायमा प्रचलनमा रहेका कुनै दुई परम्परागत स्थानीय उपचार पद्धतिको नाम लेख्नुहोस् ।

(घ) होमियोप्याथी उपचार पद्धतिमा कसरी उपचार गरिन्छ ?

(ङ) योग तथा प्राकृतिक चिकित्सा पद्धति भनेको के हो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालको समुदायमा अभ्यासमा रहेका परम्परागत स्वास्थ्य उपचार पद्धतिहरूका बारेमा छोटो परिचय दिनुहोस् ।

(ख) प्राकृतिक चिकित्सा पद्धतिका विशेषता लेख्नुहोस् ।

(ग) हिजोआज ई-स्वास्थ्य सेवा र दूर उपचारसम्बन्धी प्रविधि व्यापक बन्दै जानुका कारणहरू उल्लेख गर्नुहोस् ।

(घ) होमियोप्याथी कस्तो उपचार पद्धति हो ? छोटो परिचय दिनुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा हाल प्रचलनमा रहेका परम्परागत र आधुनिक स्वास्थ्य सेवा पद्धतिको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) नेपाल सरकारले परम्परागत र आधुनिक स्वास्थ्य सेवा प्रवर्धनका लागि गरेका प्रयास उल्लेख गर्नुहोस् ।

(ग) आधुनिक स्वास्थ्य उपचार पद्धति अरू स्वास्थ्य सेवाभन्दा बढी भरपर्दो र विश्वसनीय मानिनुका कारणको व्याख्या गर्नुहोस् ।

## पाठ ३ स्वस्थ जीवनशैली र सामाजिक जीवन

तल दिइएको घटना अध्ययन गरौँ :

कपिल उच्च शिक्षा अध्ययनका लागि काठमाडौँमा बसेका थिए । उनी शारीरिक रूपमा स्वस्थ, तन्दुरुस्त र बलिया देखिन्थे । केही समय सहरमा बसेपछि उनीमा परिवर्तन आउन थाल्यो । उनी आफैँले निद्रा नलाग्ने, छिट्टै रिसाउने, कब्जियत हुने, काममा मन नलाग्ने र कमजोरी अनुभूति गर्न थाले । बिस्तारै दुब्लाउँदै पनि जान थाले । बिहान कलेज पढ्थे भने दिनभर कोठामा सुतेर फिल्म हेर्थे । सामाजिक सञ्जाल र भिडियो गेममा समय बिताउँथे । खानाको ठेगान थिएन । मन लागे पकाएर खान्थे नलागे चाउचाउ खाएर सुत्थे । पानी दिनभरिमा यसो दुई तीन गिलास मात्र पिउँथे । उनलाई कोल्ड ड्रिङ्स पिउन मन पर्थ्यो र कहिलेकाहीँ पिउने गर्थे । रातभरि पनि कि पुस्तक पढ्ने कि मोबाइल फोनमा नै व्यस्त हुने गर्थे । उनका दाइ गाउँबाट आएर उनलाई अस्पताल जँचाउन लगे । डाक्टरले सबै जाँच गरे । उनमा खासै शारीरिक समस्या देखिएन । अनि डाक्टरले उनका सबै इतिहास बुझे । अन्त्यमा केही भिटामिनका चक्की दिएर भने 'यिनको खाने कुरा र निद्राको सन्तुलन बिग्रेको हो । शारीरिक समस्या छैन । पछि डाक्टरको सल्लाहअनुसार ठिक टाइममा पौष्टिक खानेकुरा खाने, दैनिक छ सात घण्टा सुत्ने र व्यायाम गर्ने गर्न थाले । सामाजिक सञ्जाललाई सूचना र जानकारीका लागि मात्र उपयोग गर्न थाले । भिडियो गेमको लत पनि छाडिदिए । दैनिक दुईतीन लिटर पानी पिउने र व्यायाम गर्ने गर्न थाले । अहिले उनी स्वस्थ छन् ।

(क) कपिलको स्वास्थ्यको अवस्था बिग्रनाका कारणहरू के के होलान् ?

(ख) कपिलको स्वास्थ्यमा पछि कसरी सुधार हुँदै गयो ?

### स्वस्थ जीवनशैली

जीवन जिउने तरिकालाई जीवनशैली भनिन्छ । स्वस्थ जीवनशैलीबाट मात्र स्वस्थ शारीरिक तथा सामाजिक जीवनयापन सम्भव छ । त्यसैले स्वस्थ जीवनशैली बनाउनका लागि हरेक व्यक्तिले खानपान, काम गराई, आराम, शारीरिक व्यायाम जस्ता पक्षहरूलाई ध्यान दिनु जरुरी हुन्छ । यदि हामी स्वस्थ भयौँ भने सधैँभरि खुसी र सुखी हुन्छौँ । स्वस्थ जीवनशैली नै उत्पादनमूलक सामाजिक जीवनयापनको महत्त्वपूर्ण आधार हो । स्वस्थ जीवनशैलीका उपायहरू निम्नअनुसार रहेका छन् :

१. नियमित शारीरिक व्यायाम गर्ने

२. पोषणयुक्त तथा सन्तुलित आहार ग्रहण गर्ने

३. हानिकारक चिल्लो पदार्थयुक्त खाना कम खाने

४. सकारात्मक सोचको विकास गर्ने

५. असल साथीसँग सङ्गत गर्ने

६. शारीरिक आराम र पर्याप्त निद्रामा ध्यान दिने

७. मितव्ययिता अपनाउने

८. व्यक्तिगत तथा वातावरणीय सरसफाइमा ध्यान दिने

९. धुमपान, मद्यपान वा लागूपदार्थका कुलतमा नलाग्ने

१०. सामुदायिक कार्य एवम् समुदायमा हुने विकास निर्माणका कार्यहरूमा सक्रिय रहने

११. स्वास्थ्यसम्बन्धी शिक्षा र सचेतना लिने

स्वस्थ जीवनशैली यापनका लागि शारीरिक, मानसिक, आत्मिक स्वास्थ्य, पोषणयुक्त खानपान र सक्रिय सामाजिक जीवनयापनमा विशेष ध्यान दिनुपर्छ । यिनीहरूको यहाँ चर्चा गरिने छ ।

## शारीरिक स्वास्थ्य

शरीरसँग सम्बन्धित स्वास्थ्य अवस्थालाई शारीरिक स्वास्थ्य भनिन्छ । यसले शरीरका बाहिरी र भित्री अङ्गहरूको अवस्थालाई जनाउँछ । शरीरका यिनै बाहिरी वा भित्री अङ्गहरूले सही रूपमा काम गर्नु निरोगिता हो भने यी अङ्गहरूमा समस्या आउनु वा सही रूपमा काम गर्न नसक्नु अस्वस्थता हो । शारीरिक स्वास्थ्य राम्रो भएमा व्यक्तित्व विकास हुन्छ । काम गर्ने उत्साह, जाँगर र बल बढ्छ । यसले कार्यक्षमतामा वृद्धि गर्दछ । शारीरिक रूपमा स्वस्थ रहनका लागि समय समयमा शारीरिक स्वास्थ्य जाँच गराउने, योग र व्यायाम गर्ने र सन्तुलीत र पोषणयुक्त खानपानमा ध्यान दिनुपर्छ । अहिले विज्ञान प्रविधिको विकाससँगै आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको छ । जसले गर्दा मानिसले गर्ने काम सजिलै ढोका ढोकासम्म पुग्ने र शारीरिक मिहिनेत पनि धेरै गर्नु नपर्ने अवस्था सिर्जना भएको छ । त्यसैले मानिस दिन प्रतिदिन अल्छी बन्दै गएको देखिन्छ । यसर्थ शारीरिक व्यायाम जस्ता गतिविधिलाई ध्यानमा राखेर जीवनलाई अगाडि बढाउनुपर्ने आजको मुख्य आवश्यकता रहेको छ ।

## मानसिक स्वास्थ्य

मानसिक स्वास्थ हाम्रो मन र मस्तिष्कसँग सम्बन्धित स्वास्थ्यको अवस्था हो । मानसिक स्वास्थ्यमा हाम्रो भावनात्मक, मनोवैज्ञानिक र सामाजिक कल्याण समावेश हुन्छ । मानसिक स्वास्थ्यले हाम्रो सोचाइ, काम गराइ र सिर्जनशीलतामा प्रभाव पार्दछ । मानसिक स्वास्थ राम्रो हुँदा तनाव व्यवस्थापन गर्न, अरूसँगको सम्बन्ध सुमधुर बनाउन र सही निर्णयमा पुग्न मदत गर्दछ । मानसिक स्वास्थ्य जीवनका हरेक चरणमा महत्त्वपूर्ण छ । मानसिक स्वास्थ्य बिगार्ने सबैभन्दा खराब तत्त्व तनाव हो । तनावको मुख्य कारण कि विगतमा गरेका काममा पश्चाताप गर्ने वा गल्ती भयो भनेर पछुताउनु हो । त्यसै गरी भविश्यमा के गर्ने होला भनी धेरै चिन्ता गर्नाले पनि मानसिक तनाव हुन्छ । विगत र भविष्यको चिन्ताले वर्तमानलाई पनि बिगार्छ । त्यसैले विगतप्रति पश्चात्ताप र भविष्यप्रति धेरै चिन्तित नभई वर्तमानमा रमाउने प्रयत्न गरेमा मानसिक तनाव हुँदैन । यसबाट जीवन सुखी हुन्छ । व्यस्त रहने, सकारात्मक सोच राख्ने, समय व्यवस्थापन गर्ने जस्ता कार्य गर्नाले मानसिक तनाव आउन दिँदैन । क्षमताअनुसारका काममा व्यस्त रहने, सामाजिक मूल्यमान्यतालाई अवलम्बन गर्ने गरेमा पनि मानसिक स्वास्थ कायम गर्न मदत पुग्छ ।

## आत्मिक स्वास्थ्य

शारीरिक र मानसिक स्वास्थ्य जस्तै आत्मिक स्वास्थ्य पनि हाम्रो जीवनमा महत्त्वपूर्ण हुन्छ । यसले शरीर र मनलाई नियन्त्रण गरी सन्तुलन कायम गर्दछ । यो आत्मअनुशासनसँग सम्बन्धित हुन्छ । आत्मिक स्वास्थ्य राम्रो बनाउन सकारात्मक कार्यहरू गर्नुपर्छ, जस्तै: सकारात्मक सोच राख्नु, रिस राग र वैरभाव नराख्नु एवम् सबैप्रति प्रेम, सद्भाव र सम्मान प्रकट गर्नु हो । त्यसै गरी मनलाई शान्त राख्नु, घमन्ड नगर्नु, क्षमाशील हुनु र प्राणी हिंसा नगर्नु पनि आत्मिक रूपमा स्वस्थ रहने उपाय हुन् । समग्र स्वास्थ्य अवस्थालाई आत्मिक स्वास्थ्यले सकारात्मक प्रभाव पार्छ । उदाहरणका लागि कुनै व्यक्तिको जीवनमा कहिलेकाहीँ सोच्दै नसोचेका घटना पनि घट्न सक्छन् । यस्तो अवस्थामा पनि उसमा भएको आत्मिक स्वास्थ्यका कारणले उक्त घटनालाई सामना गरेर अगि बढ्न सक्छ ।

## पोषणयुक्त खानपान

हाम्रो शरीरलाई तन्दुरुस्त राख्नका लागि सही खानाको जरुरत पर्दछ । स्वस्थ खानेकुराले शरीरलाई आवश्यक पोषण प्रदान गर्दछ । शरीर र मनलाई स्वस्थ राख्नका लागि हामीले सन्तुलित आहार लिनुपर्छ । सन्तुलित आहारमा चिल्लो पदार्थ, प्रोटिन, कार्बोहाइड्रेट, भिटामिन, खनिजहरू र पानी गरी छओटा मुख्य पोषक तत्त्व पर्दछन् । तेल, घिउ, ओखर, आलस, नौनी, मखन आदिबाट चिल्लो पदार्थ पाइन्छ । एक पटकभन्दा बढी तताएको र घन्टौँसम्म तताएको चिल्लो पदार्थ विषालु बन्दै जान्छ । यस्तो चिल्लो पदार्थ मुटु रोगको मुख्य कारणहरूमध्ये एक हो । सामान्यतया बजारमा पाइने समोसा, पकौडा, पानीपुरी, चिकेन रोस्ट, तारेका माछा आदिमा प्रयोग गरिने घिउ र तेल पटक पटक प्रयोगमा आएको हुन्छ । दही, दुध, दाल, टुसा उमारेका गेडागुडी, माछा, मासु, अन्डा आदिबाट प्रोटिन प्राप्त हुन्छ । फलफूलहरू, कन्दमुल, हरिया सागसब्जी, तरकारी आदिबाट भिटामिन र खनिज प्राप्त हुन्छ । काँचै खाइने मुला, गाजर, काँक्रोलगायतका सलाद पनि यस वर्गमा पर्दछन् । धान, मकै, गहुँ, कोदो, जौलगायतका सम्पूर्ण अन्न र आलुबाट कार्बोहाड्रेड प्राप्त हुन्छ । यसरी यी सबै चिजहरू मिलाएर सन्तुलित आहार खाएमा शरीरलाई आवश्यक पोषक तत्त्वको आपूर्ति हुन्छ । खाना छनोट गर्दा खानाको प्रकृति, मनको इच्छा र शरीरको अवस्थालाई ख्याल गर्नुपर्दछ । यसरी छनोट गरिएका खानाले शरीरलाई स्वस्थ राख्न, रोग प्रतिरोधक क्षमता बढाउन, शरीरमा विभिन्न तत्त्वको कमीले लाग्ने रोगहरूबाट बचाउन सहयोग पुग्छ ।

## सामाजिक जीवन

स्वस्थ रहनका लागि जसरी व्यक्तिगत स्वास्थ्यमा ध्यान दिनुपर्छ, त्यसै गरी सामाजिक जीवनलाई पनि व्यवस्थित बनाउनु पर्छ । किनकि यसले हामीलाई व्यक्तित्व विकास गर्न र मनलाई तनावमुक्त बनाउन सहयोग गर्छ । तपाई हामी बिहान उठे देखि राती नसुतेसम्म विभिन्न व्यक्तिहरूसँगको सम्पर्कमा हुन्छौँ । कामको सिलसिलामा, मनोरञ्जन र अध्ययन अध्यापनको सिलसिलामा वा फुर्सदको समय बिताउँन पनि हामी अरूसँगको सम्पर्कमा नै हुन्छौँ । यसैलाई सामाजिक जीवन भनिन्छ । सक्रिय सामाजिक जीवन व्यक्तिको समयको त्यो अंश हो जुन अरूसँग उत्पादनशील कामहरू गर्नमा खर्च गरिन्छ । यो एक व्यक्तिको समाजसँगको पारस्परिक सम्बन्ध पनि हो । गफगाफ मात्र गरि बस्ने, सामाजिक सञ्जालमा लिप्त हुने, खेल र मनोरञ्जनमा मात्र

धेरै समय बिताउने जस्ता कार्यले सक्रिय सामजिक जीवनमा बाधा पुऱ्याउँछ । सामाजिक जीवन समस्याको सहज समाधान गर्ने माध्यम हो । एउटा व्यक्ति जन्मेदेखि मृत्युसम्म कुनै न कुनै रूपमा समाजसँग आबद्ध हुन्छ । उसको सत्कर्मले समाजको प्रतिष्ठा बढाएको हुन्छ । त्यस्तै गरी व्यक्ति स्वयम्मा आत्मसन्तुष्टि प्रदान गर्छ । त्यसकारण हामीले कुनै कार्य गर्दा यसको असर समाजमा कस्तो पर्दछ भन्ने राम्रोसँग सोच्नुपर्छ । समाजलाई नकारात्मक असर गर्ने काम गर्नु हुँदैन ।

## विभिन्न दुर्व्यसन, कुलत तथा लागु पदार्थप्रतिको सजगता

शरीरलाई हानी गर्ने, शारीरिक, मानसिक रूपमा उत्तेजित गराउने पारिवारिक सामाजिक सम्मानलाई असर पुऱ्याउने वस्तुहरूको सेवन स्थायी रूपले गर्ने बानी परेको अवस्थालाई कुलत भनिन्छ । कुलतप्रतिको आशक्ति दुर्व्यसन हो । मद्यपान, धुमपान, जुवातास आदि पदार्थलाई लागुपदार्थ भनिन्छ त्यस्तै अश्लिल क्रियाकलाप र डिजिटल गेमहरूको लत बस्नु पनि कुलत वा दुर्व्यसन नै हो । कुलतमा फसेपछि व्यक्तिले न त समाजका निम्ति योगदान गर्न सक्छ । न त सामाजिक मूल्य मान्यता र मर्यादाहरू कायम गर्न सक्छ । यस्तो कुलतमा फसेका व्यक्तिको व्यक्तिगत जीवन र पारीवारिक जीवन दुवै अस्तव्यस्त हुन्छ । व्यक्ति, परिवार र समाज पुरैलाई नकारात्मक असर पुऱ्याउँछ । दुर्व्यसन, कुलत र लागुपदार्थले कहिल्यै पनि कसैको हित गर्दैन । विशेष गरी दुर्व्यसन, कुलत र लागुपदार्थबाट प्रत्यक्ष रूपमा असर पर्ने उमेर समूह भनेको किशोरावस्था हो । यहाँ कुलत तथा दुर्व्यसनीका कारणले सामाजिक जीवनमा पारेको प्रभावसम्बन्धी कथा दिइएको छ ।

हरिभद्र कक्षा ११ मा पढ्दै थिए । बाबुआमाको एक्लो छोरा भएकाले होला सायद उनीलाई कुनै पनि कुराको अभाव महसुस नहुने गरी राखिएको थियो । उनलाई उनका बुबाआमाले आवश्यकताभन्दा बढी नै खर्च दिनुहुन्थ्यो । उनी आफूलाई साथीहरूका माझमा निकै ठुलो हुँ भन्ने ठान्थे र सबै साथीहरूले खाएको पनि उनी आफू नै तिर्थे । साथीहरूको लहै लहैमा लागेर हरिभक्त पनि चुरोट, जाँड, रक्सी सेवन गर्न थाले । बिस्तारै उनीमा लागु पदार्थको लत बस्न थाल्यो । घरबाट कलेज जान भनेर हिँड्ने तर कलेज नगईकन साथीहरूसँग नसालु पदार्थ सेवन गर्ने गर्न थाले । लामो सयमदेखि कलेज नगएका कारणले कलेजले हरिभक्तको घरमा सम्पर्क गरी उनका बारेमा सोधखोज गऱ्यो । त्यसपछि पो उनका बुबाआमा झसङ्ग भए र छोराका बारेमा चासो दिन थाले । आफ्नो छोरा लागु पदार्थको दुर्व्यसनीमा फसेको थाहा पाए । समुदायका मानिसले छोरालाई जति माग्यो त्यति पैसा दिने, उसले के गर्दैछ कहाँ जाँदैछ वास्ता नगरेका कारणले आज यो दिन देख्नु पऱ्यो भनेर कुरा काट्न थाले । हरिभक्तका बुबाआमालाई पनि गल्ती आफूहरूकै हो भनेर पश्चात्ताप हुन थाल्यो । त्यसपछि तीन महिना सुधार केन्द्रमा लगेर राखे । बिस्तारै हरिभक्तको अवस्थामा पनि सुधार आयो बल्ल उनको होस खुल्यो र म अब कहिल्यै पनि यस्तो नराम्रो काम गर्दिन भनेर बुबाआमासँग माफी मागे । उनले आफूले आफूलाई सुधार गर्ने निधो गरे । खराब साथीहरूको सङ्गत छोडे । गाउँमा युवा क्लब खोले । त्यहाँ युवाहरूका लागि सिपमूलक तालिम कार्यक्रम सञ्चालन गरेका छन् । त्यस्तै वातावरण संरक्षणसम्बन्धी युवा अभियान पनि सञ्चालन गरेका छन् । बिहान योग शिविर चलाएका छन् । दिउँसो एउटा व्यवसायमा पनि संलग्न छन् । उनमा आएको परिवर्तनले सबै छिमेकी र साथीहरू पनि खुसी छन् ।

## किशोरावस्था र स्वस्थ जीवनशैली

मानव विकासका विभिन्न अवस्थामध्ये किशोरावस्था एक महत्त्वपूर्ण अवस्था हो । यो बाल्यावस्था र वयस्क अवस्थाका बिचको सङ्क्रमणकालीन अवस्था हो । यसमा वयस्कावस्था र बाल्यावस्था दुवैका लक्षणहरू देखिन्छन् । विश्व स्वास्थ्य सङ्गठनकाअनुसार १० देख १९ वर्षको उमेरलाई किशोरावस्था भनिन्छ । यो अवस्थामा शारीरिक, सामाजिक र मानसिक परिवर्तनहरू स्पष्ट रूपमा देखापर्छन् । यो दिवास्वप्नको अवस्था भएकाले किशोर किशोरीलाई सही मार्गदर्शनको आवश्यकता पर्छ । किशोरावस्थामा सही व्यवस्थापन गर्न सक्यो भने सुनौलो भविष्य निर्माणमा सहयोग पुग्छ ।

किशोरावस्थामा गरिने हरेक व्यवहार स्वस्थकर हुनुपर्छ । स्वस्थ खाना, पर्याप्त निद्रा र शारीरिक व्यायामले किशोर किशोरीलाई फुर्तिलो र स्वस्थकर राख्न मदत पुग्छ । किशोरावस्थाको स्वस्थ जीवनशैलीले निरोगी बनाउने मात्र नभई उसको सामाजिक जीवन पनि स्वस्थ र सक्रिय बनाउँछ । किशोर किशोरीहरूको व्यक्तिगत र वातावरणीय स्वास्थ्यप्रतिको सजगता, अध्ययन र खेलकुदमा सक्रियता तथा नेतृत्व विकास र जिम्मेवारी बहनमा उत्सुकता राख्ने बानी व्यवहारले उसको सामाजिकीकरणमा सकारात्मक भूमिका खेल्छ ।

किशोरावस्थाको समय जिज्ञासु समय भएकाले नयाँ कुराहरूको अनुभव लिन खोज्ने, नयाँ साथी बनाउने, नयाँ क्रियाकलाप गर्न मन लाग्ने हुन्छ । यसै क्रममा यदि गलत साथीको सङ्गतमा परे भने अपराध र दुर्व्यसनीमा फस्न सक्छन् । त्यसैले यो पढ्ने र सिक्ने उमेरमा किशोर किशोरीका लागि असल वातावरण बनाउन हामी सबै संवेदनशील हुनु जरुरी छ । किशोरावस्थामा आइपर्ने हरेक चुनौतीहरूको सामना गर्दै सकारात्मक र स्वस्थ जीवनशैली अपनाउँदै अगि बढ्न सकेमा व्यक्तिगत एवम् सामाजिक जीवन सफल हुन्छ । निम्नअनुसारका कार्यहरू गर्न सकेमा किशोरावस्थाको जीवनशैली स्वस्थ हुन सक्छ ।

१. खराब साथीको सङ्गतबाट सधैँ टाढा रहने

२. कुलत र दुर्व्यसनीमा नलाग्ने

३. सामाजिक कार्य र सिर्जनात्मक कार्यमा व्यस्त रहने

४. स्वस्थ र सन्तुलित खानपानमा ध्यान दिने

५. पर्याप्त आराम, स्वच्छ मनोरञ्जन र घुमफिरलाई समेत समय छुट्याउने

६. सकारात्मक सोचका साथ काम गर्ने

७. आफूभन्दा मान्यजनका मार्गदर्शनमा रहेर काम गर्ने

### क्रियाकलाप

१. शारीरिक, मानसिक र आत्मिक स्वास्थ्यले सामाजिक जीवनमा पार्ने सकारात्मक प्रभावका सम्बन्धमा सम्पादकीय तयार गर्नुहोस् ।

२.	दुर्व्यसन र कुलतबाट सधैँ टाढा रहनुपर्छ भनी किशोरावस्थामा स्वस्थ जीवनशैलीका लागि गर्नुपर्ने कार्यहरूका बारेमा समेत सम्झाउँदै सहरमा बसेर अध्ययन गरिरहेका दाजुलाई चिठी लेख्नुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) स्वस्थ जीवनशैली भन्नाले के बुझिन्छ ?

(ख) स्वस्थ जीवनशैलीका लागि मुख्य कुन कुन कुरामा ध्यान दिनुपर्छ ?

(ग) आत्मिक स्वास्थ्य भनेको के हो ?

(घ) किशोरावस्था भन्नाले कुन समयलाई बुझिन्छ ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) स्वस्थ जीवनशैलीका उपायहरू लेख्नुहोस् ।

(ख) सामाजिक जीवन सन्तुलित बनाउने उपाय लेख्नुहोस् ।

(ग) सन्तुलित खानाको परिचय दिनुहोस् ? स्वास्थ्यका लागि सन्तुलित खाना किन महत्त्वपूर्ण मानिन्छ ?

(घ) किशोरावस्था जीवनको महत्त्वपूर्ण अवस्था हो, किन ?

(ङ) विभिन्न दुर्व्यसन, कुलत तथा लागु पदार्थको सेवनबाट पर्ने असरको सूची बनाउनुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) किशोरावस्थाका चुनौतीहरू उल्लेख गर्दै किशोरकिशोरीहरूले स्वस्थ जीवनशैली अपनाउन किन जरुरी छ, कारण लेख्नुहोस् ।

(ख) स्वस्थ जीवनशैली र सामाजिक जीवनका लागि शारीरिक, मानसिक र आत्मिक स्वास्थ्यको महत्त्वको चर्चा गर्नुहोस् ।

## पाठ ४ योग तथा ध्यानको महत्त्व र अभ्यास

तपाईंहरूले योग गर्नुभएको छ कि छैन ? नगरेको भए पनि टेलिभिजनमा वा युटुबमा पक्कै पनि भिडियो देख्नुभएकै होला । स्वस्थ जीवनशैलीका लागि पोषणयुक्त खानपान, आराम, निद्रा र व्यायामका साथै योग र ध्यानको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । योग तथा ध्यानको अभ्यासले शारीरिक, मानसिक र आत्मिक स्वास्थ्यलाई सुदृढ बनाउँछ । योग तथा ध्यान गर्दा नियमपूर्वक गरिनु पर्दछ । जथाभावी गरिएको योग तथा ध्यानले फाइदाको सट्टा शरीरलाई हानि नोक्सानी पुऱ्याउन सक्छ । योग तथा ध्यान वैदिक तथा परम्परागत पद्धतिसँग जोडिएर आएको हो तर पछिल्लो समयमा योग तथा ध्यानको महत्त्व बढ्दै गएको देखिन्छ । संयुक्त राष्ट्रसङ्घले प्रत्येक वर्ष जुन २ लाई विश्व योग दिवसका रूपमा मनाउँदै आएको छ ।

### योग



योग (Yoga) शब्द संस्कृत शब्द 'युज' बाट निर्माण भएको हो । युज शब्दको अर्थ जोड्नु हो जसलाई एकता पनि भनिन्छ । सामान्य अर्थमा योगलाई शारीरिक लचकता एवम् बल प्रदान गर्ने, श्वासप्रश्वासमा सुधार गर्ने र मन मस्तिष्कलाई आराम दिने व्यायाम भन्ने बुझिन्छ । योगका आठ अङ्गहरू रहेका छन् । त्यसैले योगलाई अष्टाङ्ग योग पनि भनिन्छ । यी आठ अङ्गहरूको अभ्यास एकैसाथ वा मिश्रित रूपमा पनि गर्न सकिन्छ । आठ अङ्गहरूका नाम र नियमलाई तल क्रमैसँग प्रस्तुत गरिएका छ :

#### (क) यम

यस अन्तर्गत पाँचओटा सामाजिक एवम् नैतिक आचरणका नियम पर्दछन् जुन निम्नानुसार छन् :

१. अहिंसा (मन, वचन र कर्मले कुनै पनि प्राणीको हत्या हुने कार्य नगर्ने)

२. सत्य (सत्कर्म गर्ने वा सत्यको पक्ष लिने)

३. अस्तेय (चोरी नगर्नु)

४. ब्रम्हचर्य (विवाहितले बफादार रहने, अविवाहितले कुमारीत्व भङ्ग नगर्ने)

५. अपरिग्रह (अर्काको सम्पत्ती, मानपदवीको लोभ वा चाहना नगर्ने)

### (ख) नियम

यसअन्तर्गत पाँच आत्मअनुशासनका नियम पर्छन् :

१. शौच (शारीरिक र मानसिक शुद्धता तथा सरसफाइ)

२. सन्तोष (जति छ त्यतिमै खुसी रहने)

३. तपस (तपस्या गर्ने)

४. स्वाध्याय (आत्म अध्ययन)

५. ईश्वर प्राणिधान (ईश्वरमाथि आस्था एवम् श्रद्धा राख्ने)

### (ग) आसन

यसअन्तर्गत योगका विभिन्न शारीरिक आसनहरू पर्दछन्, जस्तै भुजङ्गासन, बज्रासन आदि ।

भुजङ्गासन : सास लिँदै शरीरलाई अलिकति अगाडि लैजाने र दुवै हातले बलियोसँग जमिनमा टेक्दै कम्मर माथिको भागलाई उठाउने

### (घ) प्राणायाम

विभिन्न श्वासप्रश्वासका प्रक्रियाहरूद्वारा शक्तिको सही परिचालन गरी शरीरमा उर्जा प्राप्त गर्नु हो ।

(ङ) प्रत्याहार : शरीरका पाँच इन्द्रियलाई नियन्त्रण गर्नु

(च) धारण : एकाग्र हुने

(छ) ध्यान : एकाग्र हुने

(ङ) **समाधि :** यो चेतनाको उच्चतम स्थिति, सुख र दुःखको चिन्ताबाट मुक्त भई परम आनन्द प्राप्त गरेको स्थिति र ध्यानको चरम अवस्था हो ।

## योगका प्रचलित दुई अङ्गहरू

योगका विभिन्न आठ अङ्गहरू मध्य आसन र प्राणायाम बढी प्रचलित भएकाले यी दुई अङ्गका बारेमा यहाँ चर्चा गरिएको छ ।

### (क) आसन

योगासनले शरीरका हाडजोर्नी, मांशपेशी आदिलाई बलियो बनाउनुका साथै रक्तसञ्चारलाई सन्तुलन कायम गराउने काम गर्छ । योगासनअन्तर्गत योग गर्नुभन्दा अगाडि गरिने शरीर तताउने किया, जोर्नीहरू घुमाउने क्रियाकलाप आदि पर्दछन् ।

### (ख) सूर्य नमस्कार




योगासनका धेरै रूपमध्ये सूर्य नमस्कार किशोर र युवाहरूका लागि धेरै नै उपयुक्त आसन मानिन्छ । सूर्य नमस्कार धेरैओटा योगासनहरूको संयुक्त रूप हो । यसका बाह्र गन्तीमा बाह्रओटा आसनहरू पूरा गरिन्छन् । यस आसनलाई तल चित्रमा देखाएअनुसार गर्न सकिन्छ ।

यो प्रक्रिया १० पटक दोहोऱ्याउने र क्रमसः आवश्यकताअनुसार थप्दै जानुपर्छ ।

### (ग) योग निद्रा

सूर्य नमस्कारपछि योग निद्रा गर्नु आवश्यक ठानिन्छ । उत्तानो परेर सुत्ने दुवै खुट्टा फट्याउने र दुवै हात शरीरको छेउमा फैलाई हत्केलालाई आकाशतिर फर्काउने, खुट्टादेखि टाउकोसम्मका भाग एकपछि अर्को अङ्गलाई विश्राम दिँदै जाने क्रियालाई योग निद्रा भनिन्छ ।

## योगका फाइदाहरू

मानिस एक शारीरिक, मानसिक र आत्मिक प्राणी हो । योगले यी तीनै पक्षलाई सन्तुलनमा राख्ने काम गर्छ । योग गर्दा मन, शरीर र श्वासमा ध्यान दिँदै एकाग्रतालाई स्थापित गराइन्छ । योगले शरीरलाई लचकता प्रदान गर्दै मनलाई शान्त र एकाग्र बनाउँछ । योगका फाइदाहरू निम्नअनुसार रहेका छन् :

१. योगले श्वासप्रश्वास प्रणालीमा सुधार गर्छ र दमको रोगीका लागि योग अत्यत्न लाभदायक हुन्छ ।

२. योग आसनले शरीरमा लचकता, शारीरिक बल तथा आत्मबल पनि प्रदान गर्छ ।

३. नियमित योगको अभ्यासले शारीरिक मोटोपना घटाउन सहयोग गर्छ ।

४. योगले रोग प्रतिराधात्मक क्षमता बढाउँछ ।

५. योगले आत्म उपचार प्रवर्धन गर्नुका साथै मानिसलाई फुर्तिलो र सक्रिय रहन मदत गर्छ ।

६. नियमित योग गर्नाले मानिसलाई मानसिक तनाबबाट मुक्त गर्छ ।

७. योग बाथ रोगीका लागि पनि अत्यन्त लाभदायक मानिन्छ ।

## प्राणायाम

प्राणायाम शब्द प्राण र आयाम दुई शब्द मिलेर बनेको छ । प्राणको शाब्दिक अर्थ जीवनदायी उर्जा हो र आयामको अर्थ निश्चित दिसा प्रदान गर्नु हो । त्यसैले प्राणायाम श्वासलाई नियन्त्रणका साथ सञ्चालन गर्ने एक प्रकारको योग विधि हो । हामीले फेर्ने श्वासमा जीवनदायी प्राणशक्ति निहित हुन्छ । प्राणायमका माध्यामबाट श्वासलाई नियन्त्रण गरी शरीरमा उर्जा पैदा गर्न सकिन्छ । प्राणायामका विभिन्न तरिकाहरू छन्, जुन निम्नानुसार छन् :

### (क) भ्रामरी प्राणायाम

माहुरीको आवाजसँग मिल्ने भएकाले यसलाई भ्रामरी प्राणायाम भनिएको हो । यो प्राणायाम केवल पूरक र रेचक प्रक्रिया हो । यस प्राणायामका लागि सबैभन्दा पहिले मेरुदण्ड सिधा राखी, काँधलाई सजिलो गरी पल्याँटी मारेर बस्नुपर्छ । त्यसपछि दुवै हातका साहिँली औँलाले नाकका दुवै प्वाल हलुका बन्द गर्नुपर्छ । बुढीऔँलाले दवै कान बन्द गर्नुपर्छ । त्यसपछि माझीऔँला र चोरऔँलाले विस्तारै दुवै आँखा बन्द गर्नुपर्छ । अब लामोसँग ओम उच्चारण गर्दै दुवै नाकका प्वालबाट विस्तारै सासलाई बाहिर फाल्नुपर्छ । यसलाई हरेक दिन तीन पटकसम्म गर्न सकिन्छ । यस प्राणयाम नियमित गर्नाले मानसिक तनाव, उत्तेजना तथा मनको हडबढी नियन्त्रण गर्दछ । आवाजमा मिठास ल्याउँछ । उच्च रक्तचापलाई नियन्त्रण गर्न मदत गर्छ । गर्भवती महिलाका लागि लाभदायक हुन्छ ।

### (ख) कपालभाँती प्राणायाम

मानव मस्तिष्कलाई सक्रिय र स्वच्छ बनाउनका लागि यो प्राणायाम उपयोगी हुन्छ । यसले मानिसको बुढ्यौलीपनसमेत नियन्त्रण गर्न मदत गर्छ भन्ने गरिन्छ । यो प्राणायाम भस्त्रिका जस्तै लागे तापनि भस्त्रिकाभन्दा केही फरक छ । भस्त्रिकामा पूरक र रेचक गरिन्छ तर यसमा पूरकलाई वास्ता गरिँदैन । जोड जोडले रेचक गरिन्छ । यस प्राणायामका लागि पद्मासनमा सजिलो गरी बस्ने र दुवै हात घुँडामाथि राख्नुपर्छ । यसमा नाकका दुवै प्वालबाट श्वास लिने र अलिकति बलपूर्वक श्वास बाहिर फ्याँक्दा थोरै बल लगाएर पेटलाई भित्र धकेल्नु पर्छ । हरेक दिन पाँच मिनेटजति यो प्राणायाम गर्दा मस्तिष्क, मुटु, कलेजो, फोक्सो, कब्जियत, मोटोपना आदि समस्यामा लाभदायक हुन्छ । पेटमा भएको मोटोपन कम गर्न मदत गर्छ । छालामा चमक आउँछ । शरीरका विभिन्न अङ्गहरूमा रगतको आपूर्ति गर्न मदत गर्छ ।

### (ग) नाडीसोधन अनुलोमबिलोम प्राणायाम

अनुलोम बिलोम भनेको नाकका प्वालहरूबाट पालैपालो सास लिने र छाड्ने प्रक्रिया हो । सबैभन्दा पहिले पद्मासनमा सजिलो गरी बस्ने र बायाँ हातलाई बायाँ घुँडामा विश्राम गराउने गर्नुपर्छ । त्यसपछि सामान्यतया बुढीऔँलाले नाकको दायाँ प्वाल बन्द गरेर बायाँ प्वालबाट लामो र गहिरो सास भर्नुपर्दछ । पुरै सास भरिसकेपछि सोही हातको साहिँली औँलाले नाकको बायाँ प्वाल बन्द गर्नुपर्छ । यसपछि दायाँ प्वालबाट बुढीऔँला झिकेर रेचक गर्नुपर्छ । यसो गर्दा पुरै सासलाई बाहिर फाल्नुपर्छ र सोही प्वालबाट पुन: पूरक

गर्नुपर्छ । अब फेरि बुढीऔँलाले सोही प्वाललाई बन्द गरेर साहिँली औँलाले बन्द गरिराखेको देब्रे प्वाललाई खोल्नुपर्छ । यसपछि फेरि देब्रे प्वालबाट पुरै सास बाहिर फाल्नु पर्छ । यही प्रक्रियाले ३ मिनेटदेखि १० मिनेटसम्म अनुलोमबिलोम गर्दा हाम्रो मुटु, फोक्सो तथा मस्तिष्क स्वच्छ बन्छ । यस्तो गर्नाले श्वासप्रश्वाससम्बन्धी समस्यामा लाभदायक हुन्छ । तनाव व्यवस्थापन र डर कम गर्न मदत गर्छ । मधुमेह, कब्जियत, थाइराइड र पिनासको रोगका लागि यो प्राणायाम अति उत्तम मानिन्छ ।

### ध्यान

ध्यान भनेको अस्थिर मनलाई शान्त र स्थिर बनाएको अवस्था हो अर्को शब्दमा भन्नुपर्दा मानिसमा भएको ज्ञान तथा क्षमतालाई जागृत गर्नु र चेतनाको विकास गर्नु ध्यान हो । मानिसका मनमा उब्जेका विचारहरूको बेवास्ता गर्नु ध्यान हो । ध्यानले मानिसको मनलाई विश्राम दिन्छ । नियमित रूपमा गरिने ध्यानले हामीमा सकारात्मक मनोभावना विकास हुन्छ । ध्यानका माध्यामबाट हामीले मन र इन्द्रियहरूलाई नियन्त्रण गरी आफ्नो लक्ष्य पूरा गर्न सक्छौँ । सुदर्शन क्रिया ध्यान, विपश्यना ध्यान र ओशो ध्यान गरी ध्यान विभिन्न प्रकारका छन् । पछिल्लो समयमा कार्य बोझ, पढाइको प्रेसर, विभिन्न किसिमका तनाव आदि बाट मुक्तिका लागि मानिस ध्यान केन्द्रमा धाउने गरेको देखिन्छ ।

### ध्यानका फाइदा

१. स्मरण शक्तिको विकास हुन्छ ।
२. तनाव नियन्त्रण गर्न मदत गर्छ ।
३. सकारात्मक सोच र भावनात्मक स्थिरता कायम गर्छ ।
४. शरीरको पाचन शक्ति सन्तुलन राख्छ ।
५. रक्तचाप नियन्त्रण गर्न मदत गर्छ ।
६. अनिद्रासम्बन्धी समस्या समाधान गर्छ ।
७. शारीरिक तन्दुरुस्ती र स्फुर्ति पैदा गर्छ ।
८. चैतन्य प्राप्ति हुन्छ ।

### ध्यान गर्दा विचार गर्नुपर्ने पक्ष

१. ध्यान गर्ने व्यक्तिले आफूलाई ध्यान भङ्ग गर्ने तत्त्वबाट आफूलाई मुक्त राख्नुपर्छ ।
२. ध्यान गर्ने व्यक्ति शान्त वातावरणमा बस्नुपर्छ ।
३. मेरुदण्डलाई सिधा पारेर सुखासनमा बसेर ध्यान गर्नुपर्छ ।
४. आँखा बन्द गर्नुपर्छ ।
५. प्राकृतिक रूपमा श्वासप्रश्वास हुन दिनुपर्छ ।
६. ध्यानमा बस्ने समय बिस्तारै क्रमशः बढाउँदै जानुपर्छ ।
७. दिमागमा आएका नकारात्मक कुराहरूलाई हटाउने कोसिस गर्नुपर्छ ।

### क्रियाकलाप

१. माथि दिइएका योग, ध्यान र प्राणायाम सम्बन्धमा कोही जानकार व्यक्तिको प्रत्यक्ष सरसल्लाह र निगरानीमा नियमित रूपमा अभ्यास गर्नुहोस् र त्यसले पारेका सकारात्मक प्रभावका सम्बन्धमा आफ्ना साथीलाई सुनाउनुहोस् ।

## अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) प्राणायामको अर्थ लेख्नुहोस् ।

(ख) योगलाई किन अष्टाङ्ग योग पनि भनिएको हो ?

(ग) योगका कुनै दुई फाइदा लेख्नुहोस् ।

(घ) ध्यानको परिचय एक वाक्यमा लेख्नुहोस् ।

(ङ) सूर्य नमस्कारका कुनै दुई फाइदा उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) प्राणायाम भनेको के हो ? प्राणायामका विभिन्न तरिकाहरूको व्याख्या गर्नुहोस् ।

(ख) योग तथा ध्यानको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) योग तथा ध्यान गर्दा विचार पुऱ्याउनुपर्ने कुरा उल्लेख गर्नुहोस् ।

(घ) योगका आठ अङ्ग र तिनका नियम लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) योग र ध्यानले शरीर र मनलाई स्वस्थ राख्दै व्यक्तित्व विकासमा मदत गर्छ । यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

# स्वस्थ जीवनशैली र हाम्रो दैनिकी




आधुनिकताको विकाससँगै मानिसमा कार्य व्यस्तता पनि दिनप्रतिदिन बढ्दै गएको पाइन्छ । कतिपय समयमा दैनिक नियमित कार्यबाहेकका केही थप कार्यहरूकै कारणले पनि मानिस अत्यन्तै व्यस्त हुन्छ । गास, बास, कपासको व्यवस्थापनकै लागि गरिने व्यापार, व्यवसाय, नोकरी आदि जस्ता काम गरिसकेर बाँकी रहेको समयलाई फुर्सदको समय भन्न सकिन्छ । यसरी प्राप्त फुर्सदको समयलाई उपभोग गर्ने सौभाग्य ज्यादै कम मानिसलाई मात्र हुन्छ । व्यस्त जीवन आर्थिक हिसाबले लाभदायक त हुन्छ नै तर शारीरिक र मानसिक दृष्टिकोणबाट पनि त्यति नै कष्टकर हुन्छ । त्यसैले कार्य र फुर्सदलाई सन्तुलनमा राख्न सकियो भने मात्र हाम्रो जीवनशैली स्वस्थकर बन्न सक्छ । फुर्सदको समयलाई सदुपयग गर्ने क्रममा कहिलेकाहीँ मानिस गलत कार्यमा लागेको पनि देखिन्छ जसको परिणाम नकारात्मक हुन सक्छ । त्यसैले फुर्सदको समयलाई सही कार्यको छनोट गरेर व्यवस्थापन गर्नुपर्छ । फुर्सदको समयलाई सदुपयोग गर्नका लागि खेलकुद, मनोरञ्जन, आराम, निद्रा र विभिन्न रचनात्मक कार्यहरू गर्न सकिन्छ ।

## फुर्सदको समयको सदुपयोगको रूपमा खेलकुद

फुर्सदको समयको सदुपयोग गर्ने एउटा महत्त्वपूर्ण माध्यम खेलकुद हुन सक्छ । खेलले मानिसमा शारीरिक, मानसिक स्फुर्ति प्रदान गर्ने, धैर्यता र सङ्कल्पित हुने सिपको विकासका साथै मनोरञ्जन पनि प्रदान गर्छ । त्यस्तै दिमागी खेलले योजना बनाउने क्षमता र स्मरणशक्तिको विकास गर्न मदत गर्छ । खेलकुदबाट हुने फाइदा निम्नअनुसार उल्लेख गरिएको छ :

१. खेलकुदले शरीरलाई लचिलो, फुर्तिलो, स्वस्थ एवम् तन्दुरुस्ती राखी स्वस्थ रहन मदत गर्छ ।

२. खेलकुद समूहमा खेलिने भएकाले यसबाट सहयोग, मेलमिलाप, सहकार्य, नेतृत्व विकास जस्ता सामाजिकीकरणका सिपहरूको विकास गर्न सकिन्छ ।

३. खेलमा सहभागी हुँदा खेलमै ध्यान केन्द्रित हुने हुँदा अनावश्यक कुराहरू मस्तिष्कमा आउने समय नै हुँदैन त्यसैले खेलले चिन्तामुक्त गर्छ ।

४. फुर्सदको समयमा खेल खेल्नाले समयको उचित व्यवस्थापन हुन्छ ।

५. खेल निश्चित नियममा बसेर खेलिने हुनाले अनुशासित जीवन जीउने बानीको विकास हुन्छ ।

६. खेलकुदबाटै राम्रो गर्न सक्नेका लागि खेल जीवीकोपार्जनको बलियो आधार बन्न सक्छ ।

### फुर्सदको समयको सदुपयोगको रूपमा मनोरञ्जन

स्वस्थ जीवनशैलीका लागि काम र फुर्सदको समयका बिचमा तालमेल मिलाउनु अति आवश्यक हुन्छ किनभने धेरै व्यस्तताका कारणले मानिसमा रचनात्मक सोचको विकासमा बाधा पुग्न सक्छ । फुर्सदको समयको सदुपयोगका विभिन्न माध्यममध्ये मनोरञ्जन पनि एक हो । मनलाई खुसी बनाउने तथा दिल बहलाउने कामलाई मनोरञ्जन भनिन्छ । रमाइलो, खुसी र हाँसोको वातावरणले मनोरञ्जन प्रदान गर्छ, जस्तै : गीत सुन्ने, नाच्ने, नाटक हेर्ने, सत्सङ्ग गर्ने, घुम्ने, हाँस्यव्यङ्ग्यका कार्यक्रम हेर्ने वा सुन्ने, पुस्तकहरू पढ्ने आदि गर्नाले मनोरञ्जन प्राप्त हुन्छ । हिजोआज सूचना प्रविधिको विकाससँगै मनोरञ्जनका साधनहरूमा पनि परिवर्तन आएको छ । सूचना प्रविधिको प्रयोगबाट फिल्म हेर्ने, डिजिटल गेमहरूमा भुल्ने जस्ता गतिविधिले पारिवारिक र सामाजिक सम्बन्धबाट बालबालिकाहरूलाई टाढा बनाएको देखिन्छ । यस्ता मनोरञ्जनात्मक गतिविधिको प्रयोगलाई आवश्यकताअनुसार मात्र गरेर परिवार र साथीभाइहरूसँग गरिने मनोरञ्जनलाई बढाउँदै जानेतर्फ ध्यान दिनुपर्छ ।

### फुर्सदको समयको सदुपयोगका रूपमा आराम र निद्रा

कार्य व्यस्तताबाट फुर्सद लिएर विश्राम गर्ने कामलाई आराम भनिन्छ । त्यस्तै शारीरिक विश्राम लिएर निदाएको अवस्थालाई निद्रा भनिन्छ । हामीले जीवन जिउने क्रममा गरिने विभिन्न काममध्ये आराम र निद्रा पनि हाम्रो जीवनका अभिन्न अङ्ग हुन् किनभने आरामले मानिसमा कार्यक्षमता अभिवृद्धि गराउन मदत गर्छ । आरामले मानिसलाई पुर्नताजगी बनाउँछ र थप उर्जा प्रदान गर्छ । लामो समयसम्म एकोहोरो काम गर्दा बढी थकान महसुस हुने हुँदा शरीरलाई स्वस्थ बनाउनका लागि आरामको जरुरत पर्छ । त्यस्तै निद्राले पनि हाम्रा दिमागी कोषिकाहरूको मर्मत गर्न र तन्दुरुस्त राख्न मदत गर्छ । मानिसले कति समय सुत्ने र आराम गर्ने भन्ने कुरा पनि उसको शारीरिक अवस्था र उमेरअनुसार फरक फरक हुन्छ, जस्तै : युवाहरूका लागि ७ देखि आठ घण्टा र वयस्कहरूका लागि ६ देखि ७ घण्टा निदाउनु पर्छ । सामान्यतया बेलुका चाँडै सुत्ने र बिहान चाँडै उठ्नुलाई स्वास्थ्यका दृष्टिकोणले राम्रो मानिन्छ । निद्राको कमीले विभिन्न किसिमका शारीरिक समस्याहरू उत्पन्न हुन्छन्, जस्तै चिडचिडाहट र अल्छी हुनु, थाकेको जस्तो अनुहार देखिनु, बारम्बार बिरामी परिरहनु, शारीरिक तौलमा घटबढ हुनु, सिर्जनशिलता र कामको प्रगतिमा ह्रास आउने आदि जस्ता समस्याहरू देखा पर्छन् । त्यसैले कामको चाप अलि बढी भएको समयमा पौष्टिक आहार बढी मात्रामा सेवन गर्ने, प्रशस्त पानी पिउने, योग ध्यान गर्ने जस्ता क्रियाकलापमा ध्यान दिनुपर्छ ।

### सामुदायिक सहभागिता : सामुदायिक कार्य र स्काउट

नेपालमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू कार्यरत रहेका छन् । तीमध्ये नेपाल स्काउट पनि एक हो । नेपाल स्काउटको स्थापना वि.सं. २००९ सालमा भएको हो । नेपालका बालबालिका तथा युवा वर्गको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित र स्वावलम्बी बनाई देश विकास कार्यमा सहभागी गराउनु नेपाल स्काउटको मुख्य उद्देश्य हो । स्काउटले नेपालमा सामुदायिक कार्यका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । सामुदायिक कार्यका लागि स्काउटले पुऱ्याएको योगदानसम्बन्धी घटना अध्ययन गरौँ ।

## स्काउटले गरायो काभ्रे मङ्गलटारका युवाहरूमा आमूल परिवर्तन

काभ्रे मङ्गलटारका युवाहरूले स्काउटको तालिम लिएपछि साँच्चै नै उक्त ठाउँको मुहार नै परिवर्तन भएको छ । नेपाल स्काउटको केन्द्रीय कार्यालयबाट प्रतिनिधिहरू काभ्रे जिल्लाको मङ्गलटार पुग्नु भएको थियो । उहाँहरूले नै मङ्गलटारका युवाहरूलाई स्काउटको तालिम दिनुभयो । अहिले मङ्गलटारका युवाहरू भनेपछि छिमेकी गाउँका मानिसले पनि सम्भने गरेका छन् । काभ्रे जिल्लाभरि नै कतै प्राकृतिक प्रकोप भयो भने उक्त ठाउँमा तुरुन्तै पुग्ने र घाइतेहरूको उद्धार गर्ने र राहात वितरण गर्ने गरेका छन् । त्यस्तै पनौतीको १२ बर्से मेलालगायत जिल्लाभरि हुने सांस्कृतिक तथा धार्मिक कार्यक्रमहरूमा उनीहरूको सक्रिय सहभागिता रहने गरेको छ । काभ्रेमा भएका हरेक विद्यालयमा जाने विद्यार्थीलाई कर्तव्यपरायण, अनुशासित, स्वावलम्बी र चरित्रवान् बन्नका लागि तालिम दिने काम पनि गर्दै आएका छन् । उनीहरूकै प्रेरणाबाट विद्यार्थी पनि सामुदायिक कार्यमा सक्रिय रूपमा सहभागी भएको देखेर अभिभावकहरू आफ्ना छोराछोरीप्रति ज्यादै नै खुसी हुनुहुन्छ । मङ्गलटारका युवाहरूको पहलमा जिल्लाभरि वेला वेलामा नि:शुल्क स्वास्थ्य शिविर पनि सञ्चालन हुने गरेको छ । टोल टोलमा त्यहाँका बासिन्दालाई समेत सहभागी गराएर समुदायमा स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रमका साथै वृक्षरोपण कार्यक्रम पनि सञ्चालन हुने गरेका छन् । स्काउटको तालिम लिनुभन्दा अगि काम नभएर जाँड रक्सी सेवन गरेर गाउँभरि बरालिएर हिँड्ने गरेका थिए । स्काउटको तालिमपछि तिनै युवाहरू धुमपान, मद्यपान र लागुपदार्थ सेवन गर्नुहुँदैन भन्दै अरूलाई सम्भाउँदै हिँड्ने गरेका छन् । कारोना भाइरसको महामारीको समयमा पनि माक्स सेनिटाइजर वितरण गर्ने, काम नभएर समस्यामा परेकालाई राहात वितरण गर्ने, जनचेतना जगाउने जस्ता कामहरू गरेका थिए । मङ्गलटारका युवाहरूले सामुदायिक कार्यमा पुऱ्याएको योगदानका कारण सन् २०२० मा अन्तर्राष्ट्रिय पुरस्कार समेत पाएका थिए ।

### क्रियाकलाप

१. तपाईंले आफ्नो फुर्सदको समयको कसरी सदुपयोग गर्ने गर्नुभएको छ, टिपोट गर्नुहोस् र पाठमा उल्लिखित उपायहरू अपनाएर अभ्र व्यवस्थित किसिमले फुर्सदको समयको सदुपयोग गर्नका लागि योजना बनाउनुहोस् ।

२. काभ्रे मङ्गलटारका युवाहरूले जस्तै तपाईंको जिल्लामा नेपाल स्काउटको सदस्यता लिएर सामुदायिक कार्यमा सक्रिय सहभागी युवाहरूको खोजी गरी लेख लेख्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) फुर्सदको समय भन्नाले कस्तो समयलाई बुझिन्छ ?

(ख) खेलकुदले फुर्सदको समयको कसरी सदुपयोग हुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(ग) मनोरञ्जन कसरी प्राप्त गर्न सकिन्छ ?

(घ) मनोरञ्जनका लागि सही तरिका अपनाउन नसकेमा त्यसको परिणाम कस्तो हुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(ङ) निद्रा हाम्रो शरीरका लागि किन आवश्यक हुन्छ ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) खेलकुदबाट हुने फाइदा लेख्नुहोस् ।

(ख) फुर्सदको समयका लागि मनोरञ्जन किन आवश्यक छ र मनोरञ्जनका उपाय के के हुन सक्छन् ?

(ग) पर्याप्त आराम र निद्राले दैनिक जीवनमा उर्जा प्रदान गर्छ । यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(घ) सामुदायिक सहभागिता वृद्धि गर्नका लागि नेपालमा स्काउटले पुऱ्याएका योगदान उल्लेख गर्नुहोस् ।

## पाठ ६ मितव्ययी जीवनशैली र आर्थिक व्यवस्थापन

तपाईँले आफ्नो खर्चको व्यवस्थापन कसरी गर्ने गर्नुभएको छ ? असीमित आवश्यकतालाई कसरी पूरा गर्ने गर्नुभएको छ ? भविष्यका लागि बचत गर्ने गर्नुभएको छ कि छैन ? अकस्मात आइपर्ने सोच्दै नसोचेका खर्च कसरी टार्ने गर्नुभएको छ ? यिनै प्रश्नहरूको जवाफसँगै हामीले मितव्ययिता भनेको के हो ? मितव्ययी जीवनशैलीका लागि आर्थिक व्यवस्थापन कसरी गर्ने भन्ने बारेमा प्रस्ट रूपमा बुझ्ने छौँ । यहाँ एक जना तपाईँ जस्तै साथीको मितव्ययी जीवनशैली र आर्थिक व्यवस्थापन सम्बन्धमा घटना अध्ययन गरौँ है त ?

आकाश कक्षा ११ मा अध्ययन गर्छन् । उनी अध्ययनका लागि सहरमा कोठा भाडा लिएर बसेका छन् । उनलाई घरबाट आमाबुबाले खर्च पठाउनुहुन्छ । उक्त खर्चलाई उनले आवश्यकताको प्राथमिकीकरण गरेर मात्र खर्च गर्ने गरेका छन् । उनी हरेक महिना बुबाआमाले पठाउनु भएको पैसाबाट कोठाभाडाका लागि, कलेजको फी तिर्न, खाजा खर्च, कापीकिताब किन्नका लागि र भैपरिआउने अति आवश्यक खर्चका लागि भनेर छुट्याउने गरेका छन् । खानेकुरा कहिल्यै खेर फाल्दैनन् । कतै जानु पर्दा नजिकैको बाटो छ भने किन बस चढ्ने आखिर हिँडेरै गए पनि त पुगिहालिन्छ नि भनेर हिँड्ने गरेका छन् । कहिले काहीँ साथीहरूले कतै घुम्न जाउँ भन्दाखेरि आफ्नो योजनाअनुसारको खर्चले भेट्दैन भनेर जान चाहँदैनन् । कतिपटक त साथीहरूबाट लोभी अहिले यही उमेरमा रमाइलो नगरे कहिले गर्ने हो र ? भन्ने जस्ता भनाइ पनि उनले खानु परेको छ । तैपनि साथीहरूलाई केही नराम्रो भन्दैनन् । उल्टै साथीहरूलाई हाम्रो अहिले कमाउने वेला भएको छैन । बुबाआमाले कसरी खर्च पुऱ्याइरहनु भएको छ तिमीहरूलाई थाहा छ ? चाहिनेभन्दा बढी खर्च नगरौँ साथी हो । मितव्ययी जीवनशैली बनाउनु पर्छ । हामी मितव्ययी जीवनशैली बनाउन सक्यौँ भने हामीलाई कहिल्यै दुःख पर्दैन रे । आफ्नो आर्थिक अवस्था हेरेर खर्च गर्ने बानी पर्छ रे । त्यसैले आजैदेखि आवश्यकतामा मात्र खर्च गर्ने, अनावश्यक खर्च नगर्ने, भविष्यका लागि आफ्नो खर्चबाट कटाएर केही भाग बचत गर्ने गरौँ भनी सम्झाउने गर्छन् । उनीहरूकै एक जना साथी बुबाआमाले दिनुभएको खर्चले कहिल्यै नपुऱ्याउने, अनावश्यक कुराहरूमा धेरै खर्च गर्ने गर्थे । त्यस्तै कलेजमा फी तिर्नका लागि दिएको पैसा फी नतिरेर बाहिर चुरोट जाँड रक्सी सेवनमा खर्च गर्ने गर्थे । कुलतमा फसेकै कारण पढाइ पनि छाडे । लागुऔषधी सेवन गर्नका लागि उनलाई पैसा धेरै चाहिन थाल्यो । बुबाआमाले पठाएको पैसाले पुगेन । यसै क्रममा एक दिन एउटा पसलमा पैसा चोरेको कारणले पुलिस चौकी जानु परेको उदाहरण दिँदै साथीहरूलाई सम्झाउने गर्छन् ।

मितव्ययी जीवनशैली जीवन जीउने उत्तम कला हो । मितव्ययिताको कुरा गर्दा मुख्य गरी आर्थिक कुरालाई लिने गरिन्छ । यसका साथ साथै समयको मितव्ययिता, खानेकुराको मितव्ययिता, लुगा कपडाको मितव्ययिता, पानीको मितव्ययिता र सरसामानको मितव्ययिता पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छन् । यी सबै कुराहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक मितव्ययितासँग नै सम्बन्धित हुन्छन् । समयको मितव्ययिता भनेको समय खेर नफाल्नु हो । यो अमूल्य समयलाई कत्ति पनि खेर नफाली उत्पादनशील र सिर्जनशील कार्यमा लगाउनु समयको मितव्ययिता हो । खानेकुरा एक सिताक पनि खेर नफाली खानु खानाको मितव्ययिता हो । कतिपय मानिस घरमा वा भोज भतेरमा प्लेटभरि खाना लिन्छन् । आधा खान्छन् र आधा फल्छन् । त्यो निकै खराब बानी हो किनकि विश्वमा एक छाक खान नपाउने र भोकले छटपटिइरहेका करोडौं व्यक्तिहरू छन् । हामीले दुई छाकमा फालेको खानाले एक जनाको भोक टर्न सक्छ । त्यसैले खाना खाँदा मितव्ययी बनेर खाने गरौं । संसारमा थोपा थोपा पानीको निकै महत्त्व छ । विश्वमा पानीको लागि सङ्घर्ष चलिरहेको हुन्छ । त्यसैले खाने पानीको सदुपयोग गर्नुपर्छ । खानेपानी खेर जाने गरी कुनै पनि काम गर्नु हुँदैन । हिजोआज फेसनका नाउँमा धेरै कपडा किन्ने र नयाँ नयाँ डिजाइनका कपडा थुपार्ने होडबाजी चलेको देखिन्छ । एकातर्फ आफ्नो आम्दानी नभएका किशोर किशोरी वर्गले फेसनका नाममा फजुल खर्च गर्नु उपयुक्त होइन भने अर्कोतर्फ मध्यम र निम्न आय वर्गका व्यक्तिहरूले अरूको देखासिकी गरेर अनावश्यक कपडा बटुल्नु पनि राम्रो होइन । सफा, चिटिक्क सुहाउने र मौसमअनुसारका कपडा लगाउने गर्नुपर्छ । ती कपडालाई समय समयमा धुने, जतन गरेर राख्ने र आवश्यकताअनुसार आइरन गर्ने गर्नुपर्छ । अनि मात्र हामीले चाहेको वेला उपयुक्त पोसाक लगाएर हिँड्न पाउँछौं । भनिन्छ नि कपडाको इज्जत हामीले राख्यौं भनेमात्र कपडाले पनि हाम्रो इज्जत राख्छ ।

| मितव्ययी जीवनशैलीका लागि गर्नुपर्ने कुराहरू | |
|---|---|
| १. | आवश्यक कार्यका लागि मात्र खर्च गर्ने |
| २. | समय र स्रोत खेर नफाली भरपुर सदुपयोग गर्ने |
| ३. | आम्दानी र खर्चको नियमित हिसाब राख्ने |
| ४. | बचत गर्ने बानीको विकास गर्ने |
| ५. | बिलासी वस्तुको उपभोग नगर्ने |
| ६. | भविष्यका लागि आर्थिक योजना बनाउने |
| ७. | उद्यमशीलताको विकास गर्ने |
| ८. | सिर्जनशील सहयोगी बन्ने |

अब हामी आर्थिक मितव्ययिताका बारेमा छलफल गरौं है ? किनबि मितव्ययी जीवनशैलीलाई खास गरी आर्थिक मितव्ययिताका कुरासँग जोड्ने गरिन्छ । हाम्रा आवश्यकता पूरा गर्नका लागि हामी बजारबाट आवश्यक वस्तु तथा सेवा खरिद गर्दछौं । यसरी वस्तु तथा सेवा खरिद गर्दा हाम्रो आम्दानीअनुसारको खर्च गर्नुपर्छ । हाम्रो आम्दानी जति छ सोअनुसार योजना बनाएर खरिद गर्ने बानी भएमा हामी समस्यामा पर्दैनौं । मुद्रा अर्थात् पैसा एक महत्त्वपूर्ण तर सीमित साधन भएकाले यसको अधिक सदुपयोग गर्न जरुरी हुन्छ । हामीले चाहँदैमा तत्काल पैसाको मात्रा बढाउन सकिँदैन । पैसा कमाउनु निकै कठिन काम हो । यसका लागि प्रशस्त मिहिनेत, परिश्रम, समय, बुद्धि र अवसरको आवश्यकता पर्दछ । कुनै पनि व्यक्तिले थोरै कमाउँ भन्दैन । उसको बल, बुद्धि,

क्षमताले भ्याएसम्म उसले बढी नै कमाउने प्रयत्न गरिरहेको हुन्छ । तर जे जति आम्दानी हुन्छ त्यसैमा चित्त बुझाउनु पर्ने हाम्रो बाध्यता हो । त्यसैले मुद्रालाई सीमित वा दुर्लभ साधन भनिएको हो । जब हामी आम्दानी वा मुद्राको मात्रा बढाउन सक्दैनौं भने हाम्रा आवश्यकता पूरा गर्ने एक मात्र उपाय उक्त आम्दानीलाई सही सदुपयोग गर्नु, त्यसबाट नै आफ्ना बढी भन्दा बढी आवश्यकता कसरी पूरा गर्ने भन्ने योजना बनाउनु र सोअनुसार खर्च गर्ने बानीको विकास गर्नु नै हो । यसैलाई आर्थिक व्यवस्थापन वा मितव्ययी जीवनशैली भनिन्छ । हाम्रा असीमित आवश्यकता सीमित धनले एकै पटकमा पूरा गर्न सम्भव हुँदैन । यसका लागि हामीले आवश्यकताको प्राथमिकीकरण गर्नुपर्छ । प्राथमिकीकरण गर्दा छिटो पूरा गर्नुपर्ने महत्त्वपूर्ण आवश्यकतालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ र उक्त आवश्यकतालाई पूरा गर्नुपर्छ । सीमित धनलाई अधिक सदुपयोग गर्ने, अनावश्यक खर्च नगर्ने, सञ्चय वा बचत गर्ने जस्ता बानीको विकासले मितव्ययी जीवनशैली अपनाउन सहजता प्रदान गर्छ ।

### क्रियाकलाप

१. तपाईंको खर्चालु साथीलाई मितव्ययी बानी व्यवहारका लागि के के सल्लाह सुझाव दिनुहुन्छ, उल्लेख गर्नुहोस् ।

२. तपाईंमा भएका मितव्ययी बानी व्यवहारहरूको सूची बनाउनुहोस् र त्यसमा सुधार गर्नुपर्ने के के बानी व्यवहारहरू छन् हेरेर मनन गरेर सुधार गर्नुहोस् ।

### अभ्यास

अति छोटो उत्तर आउने प्रश्नहरू

(क) मितव्ययी जीवनशैलीको परिचय दिनुहोस् ।

(ख) तपाईंको खर्चालु साथीलाई दिने एउटा सुझाव लेख्नुहोस् ।

(ग) खर्चालु बानी व्यवहारले पर्ने कुनै दुई असर उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) घाँटी हेरी हाड निल्नु भन्ने उखानलाई आर्थिक मितव्ययीतासँग जोडेर पुष्टि गर्नुहोस् ।

(ख) तपाईंले कुन कुन पक्षमा मितव्ययितालाई व्यवहारमा अवलम्बन गर्दै आउनु भएको छ, उल्लेख गर्नुहोस् ।

(ग) आफ्नो जीवनलाई मितव्ययी बनाउन के के कुरामा ध्यान दिनुपर्छ, लेख्नुहोस् ।

(घ) फजुल खर्च गर्ने बानीले निम्त्याउन सक्ने समस्याको सूची बनाउनुहोस् ।

# भाग दुई

# कक्षा १२

# एकाइ १ सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अवधारणा

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको छ :

१. सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अन्तरसम्बन्ध उल्लेख गर्न

२. जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ जीवनशैलीबिचको अन्तरसम्बन्ध पहिचान गर्न



# पाठ १ सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अन्तरसम्बन्ध

## परिचय

सामाजिक अध्ययन बहुविषयक विषयवस्तुसहितको बहुआयामिक विषय हो । यस विषयमा विभिन्न सामाजिक विज्ञान जस्तैः भूगोल, इतिहास, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, मनोविज्ञान आदिका मानिसको सामाजिक जीवनसँग सम्बन्धित विषयवस्तु अध्ययन गरिन्छ । यसमा धर्म, संस्कृति, कला र विज्ञानका विषयवस्तु पनि अध्ययन गरिन्छ । यो विषय मानव र उसको भौतिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा आर्थिक वातावरणसँगको अन्तरक्रियाका सम्बन्धमा अध्ययन गर्ने एक महत्त्वपूर्ण विषय हो । सामाजिक अध्ययन समाजका विभिन्न पक्षसँग सम्बन्धित ज्ञान प्रदान गर्ने विषय हो । सामाजिक अध्ययनको मुख्य उद्देश्य व्यक्तिलाई चरित्रवान्, सिर्जनात्मक, प्रजातान्त्रिक, व्यावहारिक र असल व्यक्तित्वको विकास गराई राष्ट्रको असल नागरिकका रूपमा तयार गर्नु हो । यसमा समाज र मानवसँग सम्बन्धित विभिन्न पक्षका बारेमा खोजी गर्ने, त्यसको गहन अध्ययन गर्ने र विश्लेषण गर्ने गरिन्छ । समुदाय तथा वातावरणमा मानवले पार्ने प्रभाव र वातावरण तथा समुदायले मानवको जीवनमा पार्ने दोहोरो प्रभावको अध्ययन गरिन्छ । त्यसैले सामाजिक अध्ययनलाई नागरिक सक्षमता विकास गर्नका लागि गरिने सामाजिक विज्ञानको एकीकृत अध्ययनका रूपमा स्वीकार गरिन्छ ।

मानिसको जीवनलाई सरल, सहज र सफल बनाउन सहयोग हुने सिपलाई जीवनोपयोगी सिप भनिन्छ । सञ्चार सिप, निर्णय निर्माण सिप, समस्या समाधान, संवेग व्यवस्थापन, आत्मबोध, समालोचनात्मक चिन्तन आदि जीवनोपयोगी सिपहरू हुन् । मनोसामाजिक दक्षतासम्बन्धी सिप, प्राविधिक र पेसागत सिप, सामाजिक व्यवहार र चरित्र विकाससम्बन्धी सिप, व्यक्तित्व विकाससम्बन्धी सिप तथा सिर्जनात्मकतासम्बन्धी सिप यसका विभिन्न आयामहरू हुन् । विश्व स्वास्थ्य सङ्गठन (WHO) ले सन् १९९९ मा जीवनोपयोगी सिपका छओटा मुख्य क्षेत्रहरू पहिचान गरेको छ । ती जीवनोपयोगी सिपहरू यस प्रकार छन् :

१. सञ्चार र अन्तरवैयक्तिक सिप

२. निर्णय निर्माण र समस्या समाधान सिप

३. सिर्जनात्मक सोचाइ र समालोचनात्मक सोचाइ सिप

४. आत्मजागरुकता र समानुभूति

५. दृढता र समभाव वा आत्मनियन्त्रण

६. उत्थानशीलता र समस्यालाई सम्बोधन गर्ने क्षमता

जीवनोपयोगी शिक्षा भनेको विभिन्न जीवनोपयोगी सिप सिकाउने एक सिकाइ प्रक्रिया हो । मानव जीवनमा जुनसुकै पेसाका व्यक्तिका लागि अत्यावश्यक सिपको सिकाइसँग सम्बन्धित विषय नै जीवनोपयोगी शिक्षा हो । यसले मानिसलाई जीवनयापनका क्रममा आइपर्ने विभिन्न

समस्याहरूलाई समाधान गरी सफल जीवनयापन गर्ने सिपहरू सिकाउँछ । मानिसमा सकारात्मक भावनाको विकास गराई असल व्यवहार ग्रहण गर्ने क्षमताको विकास गराउँछ । त्यसैले जीवनोपयोगी शिक्षा जीवनोपयोगी सिपको मुख्य आधार हो ।

### सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अन्तरसम्बन्ध

सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा एकअर्कासँग सम्बन्धित विषय हुन् । दुवै विषय ज्ञान, सिप र अभिवृत्तिसँग आधारित विषय हुन् । यी दुई विषयबिचको अन्तरसम्बन्धलाई निम्नलिखित बुँदामा प्रस्ट पार्न सकिन्छ :

१. सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा दुवैको उद्देश्य चरित्रवान्, सिर्जनात्मक, प्रजातान्त्रिक, व्यावहारिक र असल व्यक्तित्व भएका असल नागरिक तयार पार्नु हो । उक्त उद्देश्य पूरा गर्न दुवै विषय एकअर्काका पूरक हुन् ।

२. सामाजिक अध्ययनमा विभिन्न सामाजिक विज्ञानका विषयवस्तुको ज्ञान दिइन्छ भने त्यसको व्यावहारिक प्रयोग जीवनोपयोगी शिक्षाको विषयवस्तु हुन्, जस्तैः ग्रीष्म ॠतुमा पानी पर्छ भन्ने कुरा भूगोलको विषयवस्तु हो । यस ॠतुमा पानी पर्ने हुनाले छाता वा रेनकोट लिएर हिँड्नुपर्छ भन्ने सामाजिक अध्ययनको विषयवस्तु हो । हरेक व्यक्तिमा ग्रीष्म ॠतुमा छाता वा रेनकोट लिएर हिँड्ने बानीको विकास गर्नु जीवनोपयोगी सिप शिक्षाको विषयवस्तु हो ।

३. सामाजिक अध्ययनले अपेक्षा गरेका सिपहरूको व्यावहारिक प्रयोग जीवनोपयोगी शिक्षाका माध्यमबाट सम्भव छ ।

४. सामाजिक अध्ययनअन्तर्गत मानव र मानव समाजसँग सम्बन्धित विभिन्न पक्षबारे गरिने खोजी, अध्ययन एवम् विश्लेषणका क्रममा जीवनोपयोगी सिप पनि अपरिहार्य हुन्छ । सामाजिक अध्ययन विषयका सिकाइ क्रियाकलाप गर्ने क्रममा समूहमा काम गर्ने, एकअर्कामा कुराकानी गर्ने, सहकार्य गर्ने, सहयोग गर्ने, नेतृत्व गर्ने, समस्या समाधान गर्ने एवम् सिर्जनात्मक कार्य गर्ने प्रशस्त अवसर प्राप्त हुन्छन् ।

५. जीवनोपयोगी शिक्षाले जीवनोपयोगी सिपलाई मुख्य विषयवस्तु बनाउँदै सामाजिक अध्ययनका विषयवस्तु पनि ज्ञान गराइरहेको हुन्छ ।

### क्रियाकलाप

१. "सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अन्तरसम्बन्ध" भन्ने शीर्षकमा एक वक्तृता तयार पार्नुहोस् ।

२. आजसम्म तपाईंको जीवनमा घटेका विभिन्न घटनाहरूबाट सिकेका व्यवहार कुशल सिपहरूका बारेमा आफ्नो अनुभव एक अनुच्छेदमा लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) सामाजिक अध्ययन कस्तो विषय हो ? एक वाक्यमा लेख्नुहोस् ।

(ख) तपाइँले दैनिक प्रयोग गर्ने कुनै दुई जीवनोपयोगी सिप उल्लेख गर्नुहोस् ।

(ग) जीवनोपयोगी शिक्षा भनेको के हो ?

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) "सामाजिक अध्ययन बहुविषयक विषयवस्तुसहितको बहुआयामिक विषय हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ख) सामाजिक अध्ययन र जीवनोपयोगी सिप शिक्षाबिचका समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

(ग) "सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा एकअर्कासँग सम्बन्धित विषय हुन् ।" भन्ने कुरा प्रस्ट पार्न आफ्ना भनाइ पाँच बुँदामा लेख्नुहोस् ।

# पाठ २ जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ जीवनशैलीको अन्तरसम्बन्ध

जीवनोपयोगी शिक्षा एक त्यस्तो सिकाइ प्रक्रिया हो, जसले व्यक्तिलाई आफ्नो जीवन सफल बनाउन चाहिने विभिन्न जीवनोपयोगी सिप सिकाउँछ । हरेक व्यक्तिलाई दैनिक जीवनलाई सहज र सफल बनाउन आवश्यक पर्ने सिपहरू जीवनोपवयोगी सिप हुन् । एक्काइसौँ शताब्दीको विभिन्न व्यवहारकुशल सिपहरू जस्तैः सूचना तथा प्रविधिसम्बन्धी सिप, तनाव तथा द्वन्द्व व्यवस्थापन सिप, निर्णय सिप, नेतृत्व सिप, समस्या समाधान सिप आदि जीवनोपयोगी सिपका उदाहरण हुन् । शारीरिक, मानसिक, सामाजिक र आत्मिक रूपमा पूर्णतया स्वस्थ रहन स्वास्थ्यसम्बन्धी सकारात्मक आचरण र व्यवहारलाई दैनिक जीवनमा अवलम्बन गर्नु नै स्वस्थ जीवनशैली हो । जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ जीवनशैली एकअर्कामा अन्तरसम्बन्धित छन् । एकले अर्काको विकासमा सहयोग गर्छन् । यी तीनैओटा विषयवस्तुहरू सफल जीवनका लागि अत्यावश्यक छन् । जीवनोपयोगी सिप जीवनोपयोगी शिक्षाका विषयवस्तुहरू हुन् भने यी विषयहरू स्वस्थ जीवनशैलीका लागि आवश्यक छन् । व्यक्तिलाई जीवनोपयोगी सिपको प्रयोग गर्न र स्वस्थ जीवनशैली अवलम्बन गर्न जीवनोपयोगी शिक्षाले सहयोग गर्छ । मानव स्वास्थ्यसँग सम्बन्धित जीवनोपयोगी सिप, योग, ध्यान, व्यायाम, उपचार पद्धति आदि जीवनोपयोगी शिक्षाका मुख्य विषयवस्तु हुन् । यिनै विषवस्तुहरूका माध्यमबाट मानिसको सफल जीवनका लागि जीवनोपयोगी शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ । जीवनोपयोगी सिपहरूबिना जीवनोपयोगी शिक्षा कुनै अर्थ हुँदैन भने स्वास्थ्य जीवनशैलीबिना जीवनोपयोगी सिपको प्रयोग हुन सक्दैन । त्यसैले यिनीहरू एकआपसमा अन्तरसम्बन्धित छन् । जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ जीवनशैलीबिचको अन्तरसम्बन्ध निम्नलिखित बुँदाहरूमा अझ प्रस्ट पार्न सकिन्छ :

१. जीवनोपयोगी शिक्षाले स्वस्थ जीवनशैली अवलम्बन गर्नका लागि सहयोग गर्छ भने यसको दक्षता प्रदान जीवनोपयोगी सिपले गर्छ ।

२. असल, स्वस्थ र चरित्रवान् व्यक्तिका लागि स्वस्थ जीवनशैली आवश्यक पर्छ भने यसको विकासका लागि जीवनोपयोगी सिप र जीवनोपयोगी शिक्षाको आवश्यकता पर्छ ।

३. योग, ध्यान, असल चरित्र, संस्कृति आदि जीवनोपयोगी शिक्षाबाट हासिल गरिने जीवनोपयोगी सिपहरू हुन् । यिनीहरूले स्वस्थ जीवनशैली निर्माणमा सहयोग गर्छ ।

४. स्वस्थ जीवनशैलीले जीवनोपयोगी शिक्षामार्फत जीवनोपयोगी सिप हासिल गर्न सहयोग गर्छ ।

५. सकारात्मक सोच, समालोचनात्मक चिन्तन, अन्तरवैयक्तिक सिप आदि जीवनोपयोगी शिक्षाबाट प्राप्त गरिने जीवनोपयोगी सिप हुन् । यसको व्यावहारिक प्रयोगबाट स्वस्थ जीवनशैलीको निर्माण हुन्छ ।

जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ जीवनशैलीबिचको अन्तरसम्बन्ध पूर्वीय तथा पाश्चात्य चिन्तन परम्परा र भइरहेको अभ्यासबाट पनि प्रस्ट हुन्छ । यसका बारेमा छोटो चर्चा गरौँ ।

## पूर्वीय तथा पाश्चात्य चिन्तन परम्परा र भइरहेको अभ्यास

चिन्तन परम्परा कुनै पनि विचार तथा जानकारी बुझ्ने र त्यसका बारेमा चिन्तन गर्ने वा सोच्ने क्षमतासँग सम्बन्धित छ । चिन्तन बुद्धिको प्रयोग र गहन सोचाइसँग सम्बन्धित हुन्छ भने परम्पराले पहिल्यै चलिआएको भन्ने अर्थ लाग्छ । यसको शाब्दिक अर्थले पहिल्यैदेखि चलिआएको सोच भन्ने हुन्छ । प्राचीन समयदेखि नै विद्वान्हरूले जीवन, जगत्, कला, साहित्य, धर्म, ज्ञान, विज्ञान, शिक्षा, समाज र संस्कृतिका बारेमा गहन चिन्तन गरेर विभिन्न विचार प्रतिपादन गर्दै आएका छन् । राजनीति, मानिसका व्यवहार, जीवन आदि लगायतका मानव जीवनसँग सम्बन्धित विभिन्न विषयमा पनि गहन अध्ययन हुँदै आएको छ । गहन अध्ययनबाट प्रतिपादन भएका विचार पुस्तौँ पुस्ता हस्तान्तरण हुँदै आउँदा सुधार गर्दै वा नयाँ विचारको प्रतिपादन गर्दै आएका छन् । यहीलाई नै चिन्तन परम्परा भनिन्छ । यस्तो चिन्तन परम्पराले कुनै पनि विषयको गहन अध्ययन र त्यसप्रतिको समालोचनात्मक विचार एवम् दृष्टिकोणको विकास गर्छ । जीवन र जगत्लाई हेर्ने, बुझ्ने तथा व्याख्या गर्ने दृष्टिकोणको विकास गर्छ । यसलाई दर्शन भनिन्छ । यस्ता दर्शनहरू प्रतिपादन गर्ने विद्वान्हरूलाई दार्शनिक भनिन्छ ।

दर्शनको विकास क्रममा सामान्यतया भौगोलिक हिसाबले नेपाल, भारत, चीन, जापान, कोरियालगायतका एसियाली देशका विद्वान् र दार्शनिकहरूले प्रस्तुत गर्दै आएका धारणालाई पूर्वीय चिन्तन भनिन्छ । प्राचीन ग्रिस, इटालीलगायत युरोपीय राष्ट्रहरू र अमेरिकी विद्वान्हरूको धारणालाई पश्चिमा अथवा पाश्चात्य चिन्तन भनिन्छ । पूर्वमा विकसित भएको इस्लामिक चिन्तन परम्परा अन्य पूर्वीय चिन्तन परम्पराभन्दा यहुदी र इसाई जस्ता पश्चिमेली चिन्तन परम्परासँग मिल्दो पाइन्छ । त्यसै गरी भौगोलिक रूपमा पश्चिममा पर्ने देशहरूमा विकसित भएका दर्शनहरू संस्कृति र सभ्यताका आधारमा पूर्वीय दर्शनमा समावेश गरिएको पाइन्छ । त्यसैले भौगोलिक आधारमा भन्दा सांस्कृतिक र धार्मिक आधारमा वर्गीकरण गरिएको पाइन्छ तैपनि भौगोलिक आधारमा भएको वर्गीकरणलाई नै मुख्य आधारका रूपमा स्विकार्ने प्रचलन भने छँदै छ । यस पाठमा हामी पूर्वीय तथा पाश्चात्य चिन्तन परम्परा र वर्तमान अवस्थाका बारेमा छोटकरीमा अध्ययन गर्छौं ।

## पूर्वीय चिन्तन परम्परा र वर्तमान अभ्यास

पूर्वीय चिन्तन परम्परा पूर्वीय दर्शन, धर्म, संस्कार, संस्कृति, सभ्यता, रीतिथिति, कला आदिमा आधारित चिन्तन परम्परा हो । यो वेदमा आधारित चिन्तन परम्परा हो । एसियाका पूर्वी, दक्षिण पूर्वी र दक्षिणी भूभागमा उद्भव एवम् विकास भएकाले यस चिन्तन परम्परालाई एसियन चिन्तन परम्परा पनि भनिन्छ । भारत वर्षीय दर्शन, चिनियाँ दर्शन, कोरियाली दर्शन, जापानी दर्शन, भियतनामी दर्शन आदि यस चिन्तन परम्पराअन्तर्गत पर्छन् । यी दर्शनको उत्पत्ति र विकास भौगोलिक दृष्टिले पूर्वका देशमा भएकाले पूर्वीय दर्शन भनिएको हो । यस चिन्तन परम्पराअन्तर्गत हिन्दु धर्म एवम् दर्शन, बौद्ध धर्म एवम् दर्शन, जैन धर्म एवम् दर्शन, किराँत धर्म एवम् दर्शन, शिख

धर्म एवम् दर्शन, कन्फुसियस दर्शन, ताओ दर्शन आदि पर्छन् । यिनै विभिन्न धर्म तथा धार्मिक परम्पराअनुसार पूर्वीय चिन्तन परम्पराको विकास भएको हो । पूर्वीय परम्पराअन्तर्गत पर्ने केही धार्मिक दर्शन यस प्रकार छन् :

| क्र.स.. | विभिन्न धर्महरू | धार्मिक परम्पराअन्तर्गत पर्ने दर्शन |
|---|---|---|
| १. | हिन्दु | • सत्यको अवलम्बन गर्ने, धर्मको पालना गर्ने संस्कार, व्यक्तित्व विकास, अहिंसाजन्य जीवनशैली, मानवता, विश्वबन्धुत्व, सामूहिकतालगायतका कुराहरूमा जोड दिन्छ ।<br>• धृति (धैर्य), क्षमा (क्षमाशील हुनु), दम (आफ्नो वासनाहरूमाथि नियन्त्रण गर्न सक्नु), अस्तेय (चोरी नगर्नु वा आफ्नो अधिकार नभएको वस्तु नलिनु), शौच (शरीर, मन एवम् बुद्धिलाई शुद्ध एवम् पवित्र राख्नु), इन्द्रिय निग्रह (इन्द्रियहरूलाई बसमा राख्नु), धी (बुद्धिमानी हुनु), विद्या (ज्ञान आर्जन गर्नु), सत्य (मन, वचन र कर्मबाट सत्यको पालन गर्नु) र अक्रोध (क्रोध नगर्नु) गरी धर्मका १० ओटा लक्षण हुन्छन् भन्ने कुरामा विश्वास छ ।<br>• वैदिक दर्शनले माता, पिता, आचार्य (गुरु) आदिलाई देवतुल्य मानी सम्मान गर, आत्मज्ञानका लागि सधैँ प्रयत्न गर र ईश्वरीय शक्तिको उपासना गर भन्ने प्रेरणा दिन्छ ।<br>• वैदिक परम्परामा धर्म, अर्थ, काम र मोक्षलाई मानव जीवनका चारओटा लक्ष्य (पुरुषार्थ चतुष्ट्य) मानिएको छ । हिन्दु वैदिक परम्परामा उल्लिखित यी सबै लक्षण र अभ्यास जीवनोपयोगी छन् । |
| २. | बौद्ध | चार आर्य सत्य, आठ असल मार्गहरू (आर्य अष्टाङ्गिक मार्ग) र पञ्चशीलको उपदेश बौद्ध धर्मले अगि सारेका जीवनोपयोगी शिक्षा हुन् । ती यस प्रकार छन् :<br>• चार आर्य सत्यहरू :<br>१. संसारमा दु:ख छ । २. दु:खका कारण छन् ।<br>३. दु:खको निवारण छ ।<br>४. निवारणका लागि अष्टाङ्गिक मार्ग छन् ।<br>• आठ असल मार्गहरू<br>१. सम्यक् दृष्टि (चार आर्यसत्यमा विश्वास गर्नु)<br>२. सम्यक् सङ्कल्प (मानसिक र नैतिक विकासको प्रतिज्ञा गर्नु) |

| | | |
|---|---|---|
| | | ३. सम्यक् वाक् (हानिकारक कुरा र झुठो नबोल्नु)<br>४. सम्यक् कर्म (हानिकारक कर्म नगर्नु)<br>५. सम्यक् जीविका (कुनै पनि स्पष्ट र अस्पष्ट हानिकारक पेसा, व्यवसाय, व्यापार नगर्नु)<br>६. सम्यक् प्रयास (आफूले आफैँलाई सुधार्ने कोसिस गर्नु)<br>७. सम्यक् स्मृति (स्पष्ट ज्ञानले देख्न सक्ने मानसिक योग्यता प्राप्त गर्ने कोसिस गर्नु)<br>८. सम्यक् समाधि (निर्वाण प्राप्त गर्ने कोसिस गर्नु)<br>● पञ्चशीलको उपदेश : प्राणी हिंसा नगर्ने, झुटो नबोल्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने र मद्यपान नगर्ने । |
| ३. | जैन | प्राणीहरूमा दया भाव राख्नु, पवित्रता, सच्चरित्रता र अहिंसामा जोड, सम्यक दर्शन, ज्ञान र चरित्रको सहारा लिनुपर्नेमा जोड आदि । |
| ४. | कन्फ्युसियस | ● असल नैतिक आचरणले दुःखकष्ट, झगडा, झमेला आदिबाट मुक्त हुन सकिन्छ ।<br>● सिक्ने कुरा सुनेरभन्दा देखेर र देखेरभन्दा बढी अभ्यास गरेर बढी प्रभावकारी हुन्छ भन्ने कुरामा जोड । |
| ५. | ताओ | ● अन्तरिक्षमा आकार, प्रकार, रूप, रङ आदि केही नभएको महाशक्ति विद्यमान छ ।<br>● यही महाशक्ति सबै कुराको स्रोत हो जसलाई ताओ भनिन्छ । ताओ नै मुक्तिको बाटो हो ।<br>● नैतिकता, इमानदारिता, कर्तव्यपरायणता, अहिंसा, पश्चाताप, अभयदान, क्षमदान जस्ता मानवीय गुणको अनुसरणले मुक्तिको बाटो पहिल्याउन सकिन्छ । |

## पूर्वीय चिन्तन परम्पराको वर्तमान अभ्यास

हरेक मानिसलाई जुन दर्शनले प्रभाव पारेको हुन्छ, उसको जीवनशैली पनि उही दर्शनअनुसार हुन्छ । मानवको चरित्र निर्माणमा धर्म, संस्कार, संस्कृति, सामाजिकीकरण, शिक्षा, कला, सिप आदिको प्रत्यक्ष प्रभाव पर्छ । पूर्वीय चिन्तन परम्परामा मानव जीवनमा चरित्रलाई निकै महत्त्व दिइन्छ । परिवार, कुल, समुदाय र समाजलाई महत्त्व दिनु पनि पूर्वीय मान्यताको साझा विशेषता हो । धार्मिक सम्प्रदायमा आधारित, असल संस्कार र चरित्र निर्माणमा जोड, समुदाय र समाजलाई महत्त्व, सामूहिक भावना तथा सहकार्यको विकास गराउने आदि यस चिन्तन परम्पराका अन्य विशेषता हुन् । हिन्दु र बौद्धबाहेक जैन, किराँत, इस्लाम, ताओ, शिन्तोलगायत अन्य धर्मका चिन्तन परम्परा पनि पूर्वीय चिन्तन परम्पराअन्तर्गत पर्छन् । वर्तमान जीवनमा पूर्वीय दर्शनलाई मानव

जीवनमा कसरी प्रयोग गरिएको छ भन्ने कुरा नै पूर्वीय चिन्तन परम्पराको वर्तमान अभ्यास हो । पूर्वीय दर्शनमा आहार, आचार विचार र दैनिक व्यवहारमा तिनीहरूको तादात्म्यमा जोड दिइएको पाइन्छ । हिन्दु र बौद्ध दुवैले जीवनोपयोगी शिक्षा, जीवनोपयोगी सिप र स्वस्थ जीवनशैलीलाई आपसमा अन्तरसम्बन्धित मानेको छ । जसअन्तर्गत खानपिन, सङ्गत, जीवनशैली आदिले मानिसको चिन्तन र व्यवहारमा प्रत्यक्ष प्रभाव पार्ने कुरामा जोड दिन्छ । त्यसैले ती सबै कुराहरू मानव मर्यादाअनुसारको हुनुपर्ने मानिएको छ । हिन्दु र बौद्धबाहेक जैन, किरात, इस्लाम, ताओ, शिन्तोलगायत अन्य धर्ममा पनि अनुशासन, आदर्श जीवन, मानव कल्याण, परोपकार आदिलाई महत्त्व दिने हुनाले ती धार्मिक परम्परामा पनि हिन्दु र बौद्ध परम्परासँग मिल्दाजुल्दा जीवनोपयोगी शिक्षाको अभ्यास गरिन्छ ।

पूर्वीय चिन्तनको विकास र अभ्यासमा नेपालको ठुलो भूमिका छ । नेपालमा प्राचीन कालदेखि नै पूर्वीय चिन्तन परम्परा अभ्यासमा ल्याइएको पाइन्छ । पूर्वीय दर्शनले सिकाएको ज्ञान, सिप, शिक्षा, कला, नैतिकता, सत्चरित्रता, संस्कार, संस्कृति आदिको नेपाली जीवनशैलीमा प्रत्यक्ष प्रभाव रहेको छ । यहाँ पूर्वीय दर्शनले सिकाएका विभिन्न कुराहरू दैनिक जीवनमा अवलम्बन गरिन्छ । यहाँ मातापिताको सम्मान गर्ने, प्रकृतिको सम्मान गर्ने, दीनदुःखीको सेवा गर्ने, मितव्ययी बन्ने आदि जस्ता जीवनोपयोगी शिक्षा र सिपको अभ्यास गरिन्छ । हिजोआज भूमण्डलीकरण, परसंस्कृतिकरण, उपभोक्तावादको असर यस परम्परामा परेको छ । यसका साथै आयुर्वेद, योग, विपश्यना, शाकाहारी जीवनशैलीप्रति जनचासो हालसालैका वर्षहरूमा बढ्दो क्रममा देखिन्छ ।

### पाश्चात्य चिन्तन परम्परा र वर्तमान अवस्था

पश्चिमी देशहरूमा विकास र विस्तार भएको चिन्तन परम्परालाई पाश्चात्य चिन्तन परम्परा भनिन्छ । प्राचीन ग्रिसलाई पाश्चात्य चिन्तन परम्पराको मूल स्रोत मानिन्छ । यो प्राचीन ग्रिसका दार्शनिकहरू सोक्रेटस, प्लेटो, एरिस्टोटल आदिले जीवन जगत्, मानवीय विश्वास र व्यवहारलगायत विभिन्न विषयप्रति राखेका समालोचनात्मक दृष्टिकोणबाट विकसित भएको हो । पाश्चात्य दर्शन ग्रिस, इटाली, बेलायत, फ्रान्स, अमेरिकालगायत पश्चिमी देशका दार्शनिकहरूको अथक प्रयासले प्रतिपादित भएको दर्शन हो । यसले प्राचीन ग्रिस र रोमन चिन्तन परम्परालगायत आधुनिक युरोप, अमेरिका आदि पश्चिमी देशहरूमा प्रचलित चिन्तन परम्परालाई समेटेको छ । यस चिन्तनको सुरुआत प्रकृति, कट्टरतावाद र परम्पराप्रतिको आलोचनात्मक दृष्टिकोणका रूपमा भएको पाइन्छ । देखेका कुरालाई विश्वास मानेर ग्रहण गर्नुभन्दा त्यसप्रति चिन्तन गरी समालोचनात्मक दृष्टिकोण बनाउनु पाश्चात्य चिन्तनको प्रमुख विशेषता हो । सामाजिक यथार्थबारे तर्क, भौतिकवादी चिन्तन, चिन्तन परम्परालाई विज्ञान र अध्यात्मबाट अलग राख्न खोजिएको, तर्कवाद आदि पाश्चात्य चिन्तनका अन्य विशेषता हुन् । प्रकृति, मानव र मानवता केन्द्रित चिन्तन र मानवीय स्वतन्त्रतालाई यस चिन्तनले महत्त्व दिन्छ । पाश्चात्य चिन्तन परम्परालाई निम्नलिखित तीन मुख्य काल खण्डमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

- प्राचीन काल (इसापूर्व ५०० सम्मको समय) : यो ग्रिक र रोमन चिन्तकहरूले प्रतिपादन गरेका सिद्धान्त र विचारको समय हो । सोक्रेटस, प्लेटो, एरिस्टोटल आदि जस्ता मानवतावादी विद्वान्हरूले यस चिन्तन परम्पराको विकास गरेका थिए । सोक्रेटसले

राजनीतिक, सामाजिक, नैतिक विषयमा व्यक्त गरेका विचारलाई उनका शिष्य प्लेटोले प्रकाशनमा ल्याएका थिए । त्यसै गरी एरिस्टोटलले पनि विभिन्न विषयमा सान्दर्भिक विचार प्रस्तुत गर्दै आएका थिए । प्राचीन कालमा उनले प्रस्तुत गरेका ती विचारहरू अझै पनि सान्दर्भिक छन् ।

- मध्य काल (इसापूर्व ५०० देखि इस्वी संवत् पन्ध्रौं शताब्दीसम्म) : यो पाश्चात्य चिन्तन परम्परामा क्रिस्चियन मतको अत्यधिक प्रभाव परेको समय हो । यस समयमा युरोपमा चर्च नै सबै क्षेत्रमा शक्तिशाली अवस्थामा रहेको थियो । यस समयमा चर्चले प्रकृति विज्ञान, आलोचनात्मक अध्ययन विचारलाई दमन गर्थ्यो । त्यसैले यस समयमा साहित्य, कला र दर्शनको राम्रो विकास हुन पाएन । त्यसैले यस युगलाई अँध्यारो युग नाम दिइएको छ ।

- आधुनिक काल (इसाको पन्ध्रौं शताब्दीभन्दा पछिको समय) : युरोपको पुनर्जागरण, धर्मअनुसारको आन्दोलनपछिको समयलाई पाश्चात्य चिन्तन परम्पराको आधुनिक काल मानिन्छ । भौतिकवादी विद्वान्हरू जस्तैः रेने डेकार्ट, लक, हेगल, रुसो, मार्क्स आदिले विकास गरेको आधुनिक चिन्तन परम्परा आधुनिक कालका पाश्चात्य चिन्तन परम्परा हो । यस समयमा दर्शन, कला, संस्कृति आदिमा स्थापित मूल्यमान्यतालाई चुनौती दिँदै नयाँ नयाँ विचार विकास भए । कुनै कुराको एउटै मात्र सत्य नभएर हरेक कुरा व्याख्या र मानवीय दृष्टिकोणमा आधरित हुन पुग्यो । पितृसतात्मक सोचले स्थापित गरेको महिलासम्बन्धी अवधारणामा परिवर्तन भई महिला अधिकार र महिला सशक्तीकरणको सोचको विकास भयो । कुनै पनि वस्तुको एउटै मात्र सत्य नभई यसका विभिन्न स्वरूपहरू हुन्छन् भन्ने सोचको विकास भयो । इतिहास शक्तिको आडमा लेख्ने कुरा हो, यसलाई पनि समालोचनात्मक ढङ्गले अध्ययन गर्नुपर्छ भन्ने सोच आयो । तसर्थ कुनै पनि कुरालाई तर्कसहित विश्लेषण गर्ने र बुझ्ने परिपाटीको विकास पनि आधुनिक कालमा नै भयो ।

### पाश्चात्य चिन्तन परम्पराको हाल भइरहेको अभ्यास

पाश्चात्य चिन्तन परम्परामा उपभोगवादी र भौतिकवादी चिन्तनको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यसले मानिसको जीवनशैलीमा धेरै परिवर्तन ल्याएको देखिन्छ । ज्ञान प्राप्त गर्ने विभिन्न तरिकामा यस चिन्तनको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा सकारात्मक प्रभाव पारेको छ । महिला, अपाङ्गता भएको व्यक्ति, अश्वेत मानिसहरूप्रति प्रचलित भेदभाव र पुरातन विचारमा सकारात्मक परिवर्तन ल्याएको छ । सरकार, राज्य, लोकतन्त्र आदि जस्ता विषयमा व्यापक छलफल भई लोकतान्त्रिक संस्कारको विकास विश्वव्यापी रूपमा फैलिएको छ । विज्ञान र प्रविधिको विकासले समाजमा सकारात्मक परिवर्तन ल्याएको छ । निर्णय निर्माण सिप, समस्या समाधान सिप, सञ्चार सिप, तनाव व्यवस्थापन सिप आदि जस्ता जीवनोपयोगी सिपहरूको प्रयोग दैनिक जीवनमा हुन थालेको छ । समालोचनात्मक चिन्तन सिप, सिर्जनात्मक चिन्तन सिप, समानुभूति सिप र आत्मबोधसम्बन्धी सिप पनि पाश्चात्य चिन्तन परम्पराकै उपज हुन् ।

सरसर्ती हेर्दा पाश्चात्य चिन्तन परम्परा हाल मानिसको जीवनमा सकारात्मक परिवर्तन ल्याउनका लागि अभ्यास गरिएको देखिन्छ । पाश्चात्य चिन्तन परम्पराको केही नकारात्मक पक्ष पनि छन् ।

यस अभ्यासले विश्वमा केही नकारात्मक प्रभाव पनि पारेको छ । त्यसैले यसलाई व्यक्तिवाद चिन्तन पनि भनेर विश्लेषण गरिन्छ । यस चिन्तनमा जीवनको अर्थ 'म' लाई केन्द्र बिन्दुमा राखेर बुझ्ने गरेको पाइन्छ । यस चिन्तनका कारण विश्वमा प्रतिस्पर्धा हुँदै जान थालेको छ । यसका कारण मानव जीवनमा औद्योगीकरण, व्यापारमा विस्तार र युरोपेली देशहरूमा उपनिवेश स्थापना गर्ने प्रतिस्पर्धा सुरु भई यस क्रममा दुई विश्व युद्धलगायत अन्य क्षेत्रीय युद्धहरू पनि भए । औद्योगीकरणका साथमा प्राकृतिक साधनहरूको विनाशकारी दोहन बढ्दै गएको छ । अत: हाल विश्वमा पाश्चात्य चिन्तन परम्पराको वातावरण, विज्ञान, प्रविधि, शिक्षा, सञ्चार आदिका क्षेत्रमा विभिन्न सकारात्मक तथा नकारात्मक प्रभावसहितको अभ्यास भइरहेको छ ।

### क्रियाकलाप

१. हामी स्वास्थ्य रहनका लागि कस्ता जीवनोपयोगी सिपहरू चाहिन्छ ? पुष्टि गर्नुहोस् ।

२. पूर्वीय तथा पाश्चात्य चिन्तन परम्पराका उद्‌गम र विकासका बारेमा आफ्नो विचार लेख्नुहोस् ।

३. पूर्वीय तथा पाश्चात्य चिन्तन परम्पराका हाल भइरहेको अभ्यासबारे तपाईँलाई थाहा भएका कुराहरू टिपोट गर्नुहोस् ।

### अभ्यास

अति सङ्क्षिप्त उत्तर प्रश्नहरू

(क) जीवनोपयोगी शिक्षा भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

(ख) स्वस्थ जीवनशैलीअन्तर्गत पर्ने कुनै दुई क्रियाकलाप उल्लेख गर्नुहोस् ।

(ग) जीवनोपयोगी सिप भन्नाले के बुझ्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(घ) दर्शन भन्नाले के बुझिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(ङ) पूर्वीय र पाश्चात्य चिन्तन परम्पराका उद्‌गमस्थल उल्लेख गर्नुहोस् ।

(च) पाश्चात्य दर्शनको विकासमा योगदान पुऱ्याउने कुनै दुई विद्वान्‌को नाम लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर प्रश्नहरू

(क) जीवनोपयोगी सिप र जीवनोपयोगी शिक्षाबिचको सम्बन्ध वर्णन गर्नुहोस् ।

(ख) स्वस्थ जीवनशैलीले जीवनोपयोगी शिक्षा र जीवनोपयोगी सिपलाई कसरी सहयोग गर्छ ? आफ्नै शब्दमा लेख्नुहोस् ।

(ग) "स्वस्थ जीवनशैली सुखी जीवनको आधार हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(घ) दर्शनको छोटो परिचय दिई यसको दैनिक जीवनमा कस्तो महत्त्व छ ? वर्णन गर्नुहोस् ।

(ङ) हिन्दु दर्शन र बौद्ध दर्शनमा के के समानता र भिन्नता छन्, लेख्नुहोस् ।

(च) बौद्ध दर्शनका मुख्य सारहरू बुँदामा प्रस्तुत गर्नुहोस् ।

(छ) पूर्वीय चिन्तन परम्परा र पाश्चात्य चिन्तन परम्पराबिचका कुनै दुई समानता र तीन फरक उल्लेख गर्नुहोस् ।

(ज) "पूर्वीय चिन्तन परम्परा धर्ममा आधारित र पाश्चात्य चिन्तन परम्परा विचार समालोचनात्मक दृष्टिकोणमा आधारित छ ।" यस भनाइलाई आफ्नै शब्दमा व्याख्या गर्नुहोस् ।

## परियोजना कार्य

पूर्वीय तथा पाश्चात्य चिन्तन परम्पराले हाल विश्वमा कस्तो योगदान पुऱ्याएको छ ? यसबारे इन्टरनेट तथा अन्य स्रोतहरूमा विभिन्न विषयवस्तु खोजेर एउटा लेख तयार पार्नुहोस् ।

# एकाइ २ जीवनोपयोगी सिपका रूपमा डिजिटल सिप तथा सामान्य अनुसन्धान सिप

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको छ :

१. सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षामा प्रयोग हुने विधि, तथ्याङ्क, सूचनाको परिचय र अन्तरसम्बन्ध बताउन

२. सामाजिक अध्ययनमा सहसम्बन्ध तथा कार्यकारण सम्बन्धको अवधारणा बताउन र प्रयोग गर्न

३. अध्ययन प्रस्तावना तयार गर्दा ध्यान दिनुपर्ने पक्ष बताउन र अध्ययन प्रस्तावनाको सामान्य खाका कोर्न

४. सामाजिक अध्ययनका लागि समस्याको पहिचान र अध्ययन विधिको चयन गर्न

५. सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षामा तथ्याङ्क सङ्कलन एवम् विश्लेषणका साधनको प्रयोग र प्रस्तुत गर्न



# पाठ १ सामाजिक अध्ययनमा खोज तथा अनुसन्धान

## १. अनुसन्धानको परिचय

अनुसन्धानको अर्थ बारम्बर खोज गर्नु हो । कुनै पनि समस्याको बारम्बार खोजी गरेर यथार्थ पत्ता लगाउने प्रक्रियालाई नै अनुसन्धान भनिन्छ । यो कुनै समस्या वा विषयवस्तुमा केन्द्रित रहेर त्यससम्बन्धी व्यवस्थित अध्ययन गरी त्यसको समाधान गर्ने, निष्कर्षमा पुग्ने वा त्यसबाट नयाँ तथ्यहरू पत्ता लगाउने प्रक्रिया हो । अनुसन्धान ज्ञान प्राप्तिको एक व्यवस्थित अध्ययन हो । कुनै एउटा घटना, क्षेत्र, स्थान, मुद्दा वा विषयवस्तुमा केन्द्रित रहेर तथ्याङ्क सङ्कलन, व्यवस्थापन र विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्यलाई अनुसन्धान भनिन्छ । अमेरिकन समाजशास्त्री Earl Robert Babbie ले "अवलोकन गरिएका प्रक्रियालाई वर्णन, व्याख्या, पूर्वानुमान र नियन्त्रण गर्ने व्यवस्थित खोज नै अनुसन्धान हो ।" भनी अनुसन्धानलाई परिभाषित गरेका छन् ।

मानिस स्वभावैले जिज्ञासु हुन्छन् । मानिसका जिज्ञासा मेटाउँदै जाँदा धेरै नयाँ नयाँ कुराहरूका बारेमा थाहा पाइन्छ । त्यसैले मानिसको जिज्ञासु प्रवृत्ति नै अनुसन्धानको मूल आधार हो । मानव समाज, मानवीय गतिविधि र क्रियाकलापका बारेमा जान्नका लागि गरिने खोजीलाई सामाजिक अनुसन्धान भनिन्छ । मानिस र उसको समाजको शिक्षा, व्यवहार, धर्म, संस्कृति, परम्परा आदिका बारेमा खोज तथा अध्ययन गर्ने व्यवस्थित कार्यलाई नै सामाजिक अनुसन्धान भनिन्छ । सामाजिक अध्ययनमा समाजका भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक, राजनीतिक, आर्थिक गतिविधिहरू र सामाजिक समस्या जस्ता विषयमा अनुसन्धान गर्न सकिन्छ । त्यसै गरी जीवनोपयोगी शिक्षामा द्वन्द्व, तनाव, संवेग आदिका कारण, प्रभाव र तिनीहरूको व्यवस्थापन गर्ने सिपका बारेमा अनुसन्धान गरी नयाँ अवधारणा वा सिद्धान्तको प्रतिपादन गरिन्छ । त्यसैले सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षामा खोज तथा अनुसन्धान एक महत्त्वपूर्ण कार्य हो ।

## २. सामाजिक अध्ययनमा प्रयोग हुने विधिहरू

सामाजिक अध्ययनमा विभिन्न विधिहरूको प्रयोग गरिन्छ । त्यसमध्ये खोज तथा अनुसन्धान एक प्रमुख विधि हो । यस विधिअन्तर्गत धेरै विधिको प्रयोग गरिन्छ । सामाजिक अध्ययनमा खोज तथा अुनसन्धानका लागि प्रयोग गरिने विधि यस प्रकार छन् :

(क) **छलफल विधि :** यो कनै विषयवस्तु वा समस्याका बारेमा छलफल गरी निष्कर्षमा पुग्ने एक विधि हो । यसमा मानिसबिच विचार आदानप्रदान गरी निष्कर्षमा पुगिन्छ । पहिले अध्ययन गरिएका विषयवस्तुका आधारमा नयाँ अवधारणा बनाउन, पुनरवलोकन गर्न आदिका लागि यो विधि उपयुक्त हुन्छ ।

(ख) **प्रश्नोत्तर विधि :** प्रश्नोत्तर विधि आफूलाई आवश्यक पर्ने विषयवस्तुसम्बन्धी प्रश्न जानकार व्यक्तिलाई सोधेर विषयवस्तुसम्बन्धी जानकारी प्राप्त गर्ने उपयुक्त विधि हो । यस विधिबाट अध्ययन गरिएका विषयवस्तुसम्बन्धी अवधारणाहरू स्पष्ट पार्न र विषयवस्तुलाई पुनरावलोकन गर्न सकिन्छ ।

(ग) **अन्तर्वार्ता विधि :** यो एक प्रकारको प्रश्नोत्तर विधि नै हो । यो अनुसन्धानको उद्देश्य हासिल गर्न उत्तरदाता र अन्तर्वार्ता कर्ताबिच गरिने दोहोरो वार्तालाप हो । सामाजिक अनुसन्धानमा यो विधि लोकप्रिय, प्रचलित र विश्वसनीय मानिन्छ । यस विधिमा प्रश्नोत्तर विधिमा विषयवस्तुसम्बन्धी विविध जानकारीको अपेक्षा गरिन्छ ।

(घ) **अवलोकन विधि :** अनुसन्धानमा केन्द्रित भएर अनुसन्धान गर्नुपर्ने विषयहरूलाई अनुसन्धानकर्ताले प्रत्यक्ष रूपमा नियाल्नुलाई अवलोकन भनिन्छ । यस विधिमा कुनै कार्य, घटना, व्यवहार वा अन्य कुराहरूमा आउने भिन्नता वा परिवर्तन अवलोकन गरेर विषयवस्तुसम्बन्धी जानकारी प्राप्त गरिन्छ । सामाजिक अध्ययनका विभिन्न विषयमा मानवीय अन्तरसम्बन्ध, व्यवहार, गतिविधि आदि बुझ्नका लागि अवलोकन विधि उपयुक्त मानिन्छ ।

(ङ) **प्रश्नावली विधि :** यो अनुसन्धानका क्रममा सूचीबद्ध प्रश्नहरूलाई उत्तरदातासम्म पुऱ्याई आवश्यक सूचना सङ्कलन गर्ने एक महत्त्वपूर्ण विधि हो । सामाजिक अनुसन्धानमा यो एक महत्त्वपूर्ण विधि मानिन्छ । प्रश्नावली खुला, बन्द, मिश्रित, चित्रमय आदि विभिन्न प्रकारको हुन्छ । धेरै क्षेत्रलाई समेटी सहज ढङ्गले तथ्याङ्क सङ्कलन गर्न यो विधिको प्रयोग गरिन्छ ।

(च) **समस्या समाधान विधि :** विभिन्न समस्याहरूको पहिचान, समस्याका कारणहरू र समाधानका उपायहरूको समाधान खोज्ने एक प्रकारको विधि हो । यस विधिबाट सामाजिक अनुसन्धान गर्दा आआफ्ना ज्ञान र सिपको प्रयोग गरेर सूचना सङ्कलन गरी दिइएको समस्याको समाधान खोजिन्छ ।

(च) **क्षेत्र भ्रमण विधि :** सामाजिक अध्ययनमा खोज तथा अनुसन्धानको अर्को महत्त्वपूर्ण विधि क्षेत्र भ्रमण हो । कुनै भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, औद्योगिक वा पर्यटकीय क्षेत्रमा गएर त्यससम्बन्धी अध्ययन गर्ने विधिलाई क्षेत्र भ्रमण विधि भनिन्छ । यस विधिका माध्यमबाट प्रत्यक्ष ज्ञान प्राप्त गर्न सहयोग पुग्छ ।

(छ) **परियोजना विधि :** कुनै कुराको अनुभव गराएर सिकाइने सिद्धान्तमा आधारित विधि नै परियोजना कार्य हो । यसमा काम गरेर त्यसको अनुभवबाट सिक्न सकिन्छ । यसबाट काम गरेर सिक्ने बानीको विकास पनि हुन्छ । यसमा परियोजनाको छनोट, उद्देश्य निर्माण, योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन र प्रतिवेदन लेखन जस्ता चरणहरू पूरा गरिन्छ । सामाजिक अनुसन्धानमा यो विधि निकै महत्त्वपूर्ण विधि मानिन्छ ।

(ज) **घटना वा मामला अध्ययन विधि :** जीवनमा घटेका विभिन्न घटनाले सिकाइमा प्रत्यक्ष असर पार्छ । समाजमा घट्ने विभिन्न घटना विषयवस्तुसँग सम्बन्धित गराई व्यवस्थित तरिकाले अध्ययन गर्ने विधिलाई घटना अध्ययन विधि भनिन्छ । सामाजिक अनुसान्धानमा यस विधिको प्रयोग एक महत्त्वपूर्ण विधि हो ।

## ३. तथ्याङ्क र सूचनाको परिचय

सामाजिक अनुसन्धानमा तथ्याङ्क र सूचना दुवै महत्त्वपूर्ण कुराहरू हुन् । यी दुवै एकअर्कामा अन्तरसम्बन्धित छन् । अनुसन्धानमा प्रयोग हुने प्रमाणलाई तथ्य अर्थात् तथ्याङ्क भनिन्छ । बिना प्रमाण कुनै पनि अनुसन्धान नहुने हुनाले अनुसन्धानमा तथ्याङ्कको आवश्यकता पर्छ । तथ्याङ्कलाई प्रशोधन तथा सङ्गठित गरेपछि सूचनाको निर्माण हुन्छ । अनुसन्धानमा संशोधित तथ्याङ्कलाई सूचना भनिन्छ । त्यसैले सूचना तथ्याङ्कमा आधारित हुन्छ । स्रोतका आधारमा तथ्याङ्क प्राथमिक र द्वितीय गरी दुई प्रकारका हुन्छन् । अध्ययन गर्ने व्यक्ति वा समूहले आफैँले सङ्कलन गरेको तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ । सर्वेक्षण, अन्तर्वार्ता, क्षेत्र भ्रमण, अवलोकन आदि तथ्याङ्क सङ्कलन गर्ने प्राथमिक स्रोत हुन् । अनुसन्धानकर्ताले अनुसन्धानका क्रममा अरू कसैले फरक उद्देश्यका लागि सङ्कलन गरी प्रकाशित गरेको तथ्याङ्कलाई प्रयोग गर्छन् । यस्ता तथ्याङ्कलाई द्वितीय तथ्याङ्क भनिन्छ । विभिन्न पुस्तक, पत्रपत्रिका, जनगणना आदिबाट अनुसन्धानकर्ताले प्राप्त गरेको तथ्याङक द्वितीय तथ्याङ्क हुन् ।

## ४. अनुसन्धान प्रस्तावनाको संरचना

अनुसन्धानकर्ताले अनुसन्धान प्रारम्भ हुनुभन्दा अघि अनुसन्धानको औचित्य प्रस्ट पार्दै सम्बद्ध संस्था प्रमुख समक्ष प्रस्तुत गर्ने अनुसन्धान कार्ययोजनालाई अनुसन्धान प्रस्तावना भनिन्छ । यो अनुसन्धानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न तयार गरिएको एउटा विस्तृत योजना हो । कुनै पनि अनुसन्धानको प्रारम्भ प्रस्तावना लेखनबाट सुरु हुन्छ । त्यसैले प्रस्तावना अनुसन्धानको एक महत्त्वपूर्ण प्रारम्भिक काम हो । अनुसन्धान प्रस्तावनाका परिचय, पूर्वकार्यको समीक्ष, अध्ययन विधि र सन्दर्भ सामग्री गरी मुख्य चार अङ्ग (खण्ड) हरू हुन्छन्, जुन यस प्रकार छन् :

(क) **परिचय खण्ड :** यो अनुसन्धानको पहिलो महतत्वपूर्ण खण्ड हो । यसमा अनुसन्धानको शीर्षक, समस्याको कथन, उद्देश्य, पूर्वानुमान र अुनसन्धानको सीमा जस्ता कुराहरू समावेश गरिएको हुन्छ । यसअन्तर्गत पर्ने मुख्य अङ्गहरू यस प्रकार छन् :

(अ) शीर्षक : शीर्षक अनुसन्धान तथा अनुसन्धान प्रस्तावनाको पहिलो खण्डमा पर्ने एक महत्त्वपूर्ण अङ्ग हो । अनुसन्धानकर्ताले कुनै पनि अनुसन्धानको मूल भावलाई प्रतिनिधित्व गर्ने खालको अनुसन्धानको शीर्षक चयन गर्छ । शीर्षक धेरै लामो वा धेरै छोटो हुनु हुँदैन । यो छोटो र अर्थपूर्ण हुनुपर्छ, जस्तै : विद्यार्थीमा कोभिड-१९ को प्रभाव ।

(आ) परिचय/पृष्ठभूमि : यो कुनै पनि अनुसन्धानको सङ्क्षिप्त महत्त्वपूर्ण जानकारी र औचित्य पुष्टि गर्ने पहिलो खण्डअन्तर्गतको महत्त्वपूर्ण अङ्ग हो । यसमा अध्ययन गर्न लागेको कुनै पनि सामाजिक समस्याको ऐतिहासिक पृष्ठभूमि स्पष्ट पार्दै वर्तमानमा समस्याको सन्दर्भ प्रस्ट पारिन्छ ।

(इ) समस्याको कथन : यस अङ्गमा अनुसन्धानको मुख्य मुद्दा (Issue) का बारेमा स्पष्ट पारिन्छ ।

(ई) अनुसन्धानको उद्देश्य : यो अङ्ग अनुसन्धानको महत्त्वपूर्ण अङ्ग हो । कुन उद्देश्यले अनुसन्धान गर्न खोजिएको हो भन्ने कुरा यस अङ्गमा उल्लेख गरिन्छ ।

(उ) पूर्वानुमान : अनुसन्धानमा पूर्वानुमान एक महत्त्वपूर्ण अङ्ग हो । यसले अनुसन्धानलाई एक निश्चित बाटो पहिल्याउन मदत गर्छ । यसमा अनुसन्धानको सम्भावित नतिजाको पूर्वानुमान गरिन्छ ।

(ऊ) अध्ययनका सीमा : कुनै पनि अनुसन्धानमा अध्ययनको सीमा निर्धारण गर्नुपर्छ । यसमा के कुरा, कुन क्षेत्र र विधिमा सीमित रहेर अनुसन्धान गर्ने हो स्पष्ट पार्नुपर्छ ।

(ख) **पूर्वकार्यको समीक्षा :** यस खण्डमा आफूले अध्ययन गर्न चाहेको विषयमा भएका पूर्वकार्यको अध्ययन गरी समीक्षा गरिन्छ । यसमा आफ्नो विषयसँग सम्बन्धित कम्तीमा तीनओटा पूर्व अनुसन्धानको प्रतिवेदनहरू अध्ययन गरी समीक्षा गरी आफूले किन र केका लागि थप अनुसन्धान गर्नुपरेको हो प्रस्ट पारिन्छ । पूर्वकार्यको समीक्षाले अनुसन्धान कार्यलाई अगि बढाउन सहज गराउँछ ।

(ग) **अध्ययन विधि :** यसअन्तर्गत अनुसन्धानको ढाँचाका साथै तथ्याङ्क सङ्कलन र विश्लेषण र विश्वसनीयता मापन विधि उल्लेख गरिन्छ ।

(घ) **सन्दर्भ सामग्री :** यस खण्डमा अनुसन्धान प्रस्तावना तयार पार्दा अध्ययन गरिएका विभिन्न सन्दर्भ सामग्रीको सूची तयार पारिन्छ ।

## क्रियाकलाप

१. सम्पर्क कक्षामा सहजकर्ता शिक्षकको सहयोगमा अनुसन्धान प्रस्तावना लेखनका विषयमा छलफल गरी यसका विभिन्न खण्डमा लेख्नुपर्ने कुराहरू पत्ता लगाउनुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अनुसन्धान भनेको के हो ?

(ख) अुनसन्धान किन गर्नुपर्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(ग) तथ्याङ्क र सूचनाका बिचको कुनै एक फरक लेख्नुहोस् ।

(घ) अनुसन्धान प्रस्तावनाको खण्ड एकमा कुन कुन कुरा समावेश गरिन्छन् ?

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अनुसन्धानको महत्त्व पाँच बुँदामा प्रस्ट पार्नुहोस् ।

(ख) प्रश्नोत्तर विधि र अन्तर्वार्ता विधिका बिचका समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

(ग) स्रोतका आधारमा तथ्याङ्का प्रकार कुन कुन हुन्, वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षामा प्रयोग हुने विधि उल्लेख गरी कुनै दुई विधिको वर्णन गर्नुहोस् ।

(ख) सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षामा प्रयोग हुने विधि, तथ्याङ्क र सूचनाबिचको अन्तरसम्बन्धका बारेमा वर्णन गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको समुदायमा देखिएका समस्याहरूमध्ये कुनै एक समस्याको छनोट गरी त्यससँग सम्बन्धित अनुसन्धान गर्नका लागि एक अनुसन्धान प्रस्तावना तयार पार्नुहोस् ।

पाठ २

# सामाजिक अध्ययनमा सहसम्बन्ध तथा कार्यकारण सम्बन्धको अवधारणा

सामाजिक अनुसन्धानमा विभिन्न स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिन्छ । सङ्कलित तथ्याङ्कहरूको आवश्यकताअनुसार मापन, गणना वा तुलना गरिन्छ । अध्ययनका क्रममा मापन वा तुलना गरिने कुनै वस्तु, व्यक्ति वा घटनालाई चर भनिन्छ । अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले मापन गर्न चाहेको वस्तु, स्थान, अवस्था आदि नै चर हो । चरलाई स्वतन्त्र र निर्भर गरी दुई प्रकारमा वर्गीकरण गरिन्छ । अर्कोको प्रभाव नपर्ने चरलाई स्वतन्त्र चर भनिन्छ । यस्तो चरमा अर्को चरमा परिवर्तन आउँदा कुनै परिवर्तन देखिँदैन । त्यसै गरी अर्को चरको प्रभाव पर्ने चर निर्भर चर हो । यसलाई पराधीन चर पनि भनिन्छ । पराधीन चरमा अर्को चरमा आएको परिवर्तनले प्रभाव पर्छ, जस्तै : हिउँदे झरी हुँदाका वर्ष सुन्तला, जुनार आदि जस्ता रसदार फलफूलहरूको उत्पादन बढी हुन्छ । यसमा फलफूल निर्भर चर हो भने हिउँदे झरी स्वतन्त्र चर हो किनकि हिउँदे झरीको प्रभाव फलफूलमा पर्छ भने फलफूलको प्रभाव हिउँदे झरीमा पर्दैन । अर्थात् हिउँदे झरी परेको कारणले फलफूलको उत्पादन बढी भएको हो भने फलफूल उत्पादन बढी भएका कारणले हिउँदे झरी भएको होइन ।

अनुसन्धानमा चरहरूबिचको सम्बन्धलाई सहसम्बन्ध भनिन्छ । यो अनुसन्धानमा प्रयोग हुने महत्त्वपूर्ण अवधारणा हो । वर्षाको समयमा छाता, रेनकोट आदिको माग बढ्नु र हिउँदमा जाडो भएकाले ज्याकेट र स्वेटरको माग बढ्ने चरहरूबिचको सम्बन्ध हो । यस सम्बन्धलाई नै सहसम्बन्ध भनिन्छ । सहसम्बन्ध दुई वा दुईभन्दा बढी चरहरूबिचको सम्बन्ध हो । सहसम्बन्ध सकारात्मक, नकारात्मक र शून्य गरी तीन प्रकारका हुन्छन् ।

एउटा चरमा आएको परिवर्तनले अर्को चरमा सकारात्मक प्रभाव पर्छ भने त्यस्तो सहसम्बन्धलाई सकारात्मक सहसम्बन्ध भनिन्छ, जस्तै: वर्षाको समयमा पानी बढी पर्ने हुनाले रेनकोटको माग बढ्नु सकारात्मक सहसम्बन्ध हो । यस्तो सहसम्बन्धलाई धनात्मक सहसम्बन्ध भनिन्छ । कुनै एउटा चरमा वृद्धि हुँदा अर्को चरमा गिरावट आउनु नकारात्मक सहसम्बन्ध हो, जस्तै: जाडो बढ्दै जाँदा मानिस पातलो लुगा कम किन्ने हुनाले जाडामा पातलो लुगाको माग घट्छ । नकारात्मक सहसम्बन्धलाई ऋणात्मक सहसम्बन्ध भनिन्छ । अनुसन्धानका क्रममा यस्तो चरहरूको पनि विश्लेषण गर्नुपर्छ कि जसमा कुनै एक चरमा आएको परिवर्तनमा अर्कोमा कुनै पनि असर पर्दैन । जाडो वा गर्मीको कारण बसको भाडादरमा कुनै प्रभाव पर्दैन । बसको भाडादरको घटबढले पनि वायुमण्डलीय अवस्थामा कुनै असर पर्दैन । यसलाई शून्य सहसम्बन्ध भनिन्छ ।

सहसम्बन्धलाई ०.० देखि १.० बिचको सूचकाङ्कमा नापिन्छ । यसमा ०.७ देखि १.० सम्मलाई सबल, ०.४ देखि ०.७ सम्मलाई मध्यम र ०.१ देखि ०.४ सम्मको सहसम्बन्धलाई कमजोर सहसम्बन्ध मानिन्छ । चरहरूको सहसम्बन्धको विश्लेषण गरी कुनै पनि कुराको पूर्वानुमान गर्न सकिन्छ । यसको माध्यमबाट चरहरूमा आएको परिवर्तनको अवस्था थाहा पाउन सकिन्छ । यसले अनुसन्धानका क्षेत्रमा दुई वा बढी घटनाहरूबिचको सम्बन्ध विश्लेषण गर्न सहज बनाउँछ । सहसम्बन्धको विश्लेषणका आधारमा गरिएको पूर्वानुमान विश्वसनीय हुन्छ ।

## कार्यकरण सम्बन्ध

कुनै दुई चरहरूबिच एउटाको कारक तत्त्व अर्को चर हुने अवस्था भएमा चरहरूबिच कार्यकरण सम्बन्ध रहन्छ । अशिक्षा र गरिबीबिचमा कार्यकरण सम्बन्ध हुन्छ किनकि गरिबीको कारण शिक्षा आर्जनमा स्रोतको कमी हुन गई अशिक्षाको अवस्था सिर्जना हुन्छ । त्यसै गरी बेरोजगारी बढ्दै गएको कारणले गरिबी पनि बढ्दै जान्छ । त्यसैले दुई चरहरूमा सहसम्बन्ध भएमा कार्यकारण सम्बन्ध स्थापित हुन्छ । कार्यकारण सम्बन्ध भनेकै कुनै काम र त्यसको परिणाम अर्कोमा सम्बन्धित छन् भन्ने बुझिन्छ । यो एउटा विषयमा परिवर्तन आउन अर्को कसरी कारण बन्न सक्छ भनी गरिने अध्ययन हो । यसमा कुनै एक चरको प्रभावले सकारात्मक परिणाम निस्कियो भने सकारात्मक कार्यकरण सम्बन्ध भनिन्छ भने नकारात्मक परिणाम निस्कियो भने नकारात्मक कार्यकराण सम्बन्ध भनिन्छ । कार्यकरण सम्बन्धले कुनै एक घटनाले अर्को घटना वा चरलाई कस्तो प्रभाव पाऱ्यो भनेर अध्ययन गर्छ । त्यसैले यसले गुणात्मक सम्बन्धलाई देखाउँछ । अनुसन्धानमा यसले चरहरूबिचको गहिरो अध्ययन गर्छ ।

### क्रियाकलाप

१. विभिन्न स्रोतहरूबाट चरका प्रकार खोजी गरेर एउटा चार्टमा लेख्नुहोस् ।

२. सम्पर्क कक्षामा सहपाठीहरूसँग कार्यकरण सम्बन्धका बारेमा छलफल गरी बुँदा टिपोट गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) चर भनेको के हो ?

(ख) अनुसन्धानमा किन चरको प्रयोग हुन्छ ?

(ग) स्वतन्त्र र आश्रित चरहरूबिचको कुनै एक फरक लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अनुसन्धानमा सहसम्बन्धको महत्त्वबारे प्रकाश पार्नुहोस् ।

(ख) कार्यकरण सम्बन्ध उदाहरणसहित वर्णन गर्नुहोस् ।

(ग) सहसम्बन्धका प्रकारहरू उल्लेख गरी कुनै एकको वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सहसम्बन्ध र कार्यकरण सम्बन्धबिचको समानता र भिन्नता चर्चा गर्नुहोस् ।

(ख) सहसम्बन्धको छोटकरीमा परिचय दिई अनुसन्धानमा यसको भूमिका कस्तो रहन्छ, लेख्नुहोस् ।

# पाठ ३ लेखन कार्यमा अरूको लेख रचनाको प्रयोग गर्दा ध्यान दिनुपर्ने नैतिक पक्ष

अनुसन्धानका क्रममा अनुसन्धानकर्ताले विभिन्न पुस्तक, लेख रचना, तथ्याङ्क आदिको प्रयोग गर्नुपर्ने हुन्छ । यस्तो कार्यमा अनुसन्धानकर्ताले सजकता अनाउनुपर्ने हुन्छ । अनुसन्धानका क्रममा कुनै कुराहरू जस्ताको त्यस्तै राख्नुपर्ने अवस्था आएमा साभार गरिएको सन्दर्भ सामग्री स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ । अरूलाई हानिनोक्सानी नगरी निश्चित नैतिकतामा रही अनुसन्धान कार्य अगि बढाउनु नै अनुसन्धान नैतिकता हो । अनुसन्धान नैतिकताले बौद्धिक सम्पत्तिको चोरी हुनबाट जोगाउँछ ।

सामान्यतया कुनै व्यक्तिले कला, साहित्य, विज्ञान, लेखन आदिका क्षेत्रमा मौलिक रूपले प्रस्तुत गरिएको रचनालाई बौद्धिक सम्पत्ति भनिन्छ । यसअन्तर्गत विभिन्न पुस्तकहरू, लेख रचनाहरू, शोधपत्र, गीत, श्रव्य दृश्य सामग्रीहरू, चित्रकला, कम्प्युटरका प्रोग्रामिङ आदि पर्छन् । यस्ता बौद्धिक सम्पत्तिहरू प्रतिलिपि अधिकारद्वारा संरक्षित गरिएको हुन्छ । यसले यस्ता रचनाहरू बौद्धिक चोरी हुनबाट जोगाउँछ । अरूका लेख रचना, गीत, सङ्गीत आदि स्रोत उल्लेख नगरी या स्रष्टाको अनुमति बिना प्रयोग गर्नु बौद्धिक चोरी हो । हिजोआज इन्टरनेटको अत्यधिक प्रयोग भएका कारण बौद्धिक चोरीका घटनाहरू बढी हुने गरेको छ । त्यसबाहेक विद्यालय तहदेखि नै इन्टरनेटको प्रयोग गरेर गृहकार्य गर्ने प्रवृत्तिको विकास हुनु, बौद्धिक चोरी भए नभएको पत्ता लगाउने प्रविधिको विकास नहुन, बौद्धिक चोरीसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन नहुनु आदि यसका अन्य कारण हुन् । हिजोआज मानिसको अध्ययन गर्ने बानीको कमी र लापरबाहीका कारण पनि यस्ता घटना बढ्दो क्रममा छन् ।

बौद्धिक चोरी जानाजान हुने र अन्जानमा हुने दुई प्रकृतिका हुन्छन् । अरूको लेख रचनालाई आफ्नो भनी प्रकाशित गर्नु, साभार गरिएका कुराहरूको स्रोत नखुलाई प्रकाशित गर्ने, अर्काको रचना आफ्नो नाममा प्रकाशित गर्नु आदि जानाजान बौद्धिक चोरीअन्तर्गत पर्छन् । प्रतिलिपि अधिकारसम्बन्धी ज्ञान नभएका कारण अर्काको लेख रचना सार्नु, इन्टरनेटबाट हुबहु सार्नु, सही तरिकाले उद्धरण नगर्नु आदि अन्जानमा हुने बौद्धिक चोरीअन्तर्गत पर्छन् । जुनसुकै तरिकाले बौद्धिक चोरी गर्ने कार्य कानुनी रूपले दण्डनीय हुन्छ । हाम्रो संविधानले बौद्धिक सम्पत्तिलाई पनि व्यक्तिगत सम्पत्तिका रूपमा मान्यता दिएको छ । प्रतिलिपि अधिकार ऐनले बौद्धिक सम्पत्तिको चोरीलाई नियमन गरेको छ । यसले बौद्धिक सम्पत्तिको चोरीमा रु. १०,००० देखि १,००,००० सम्मको जरिमाना  वा ६ महिना कैद वा दुवै हुने व्यवस्था गरेको छ । सोही कार्य दोहोरिएका रु. २०,००० देखि २,००,००० सम्मको जरिमाना वा एक वर्षसम्मको कैदको व्यवस्था गरेको छ । त्यसैले बौद्धिक चोरीमा कानुनअनुसार सजय गरिन्छ । त्यसैले अरूको लेख रचनाको प्रयोग गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्छ :

१. अरूको लेख रचना जस्ताको तस्तै आफ्नो नाममा प्रकाशित नगर्ने

२.	कसैको भनाइ, मुख्य विषयवस्तु, लेख रचना आदि प्रयोग गर्दा लेखकको नामसहित स्रोत खुलाएर लेख्ने

३.	आफूले तयार गरेको प्रतिवेदन, लेख रचना जानकारहरूलाई पढ्न दिने र उहाँहरूको सुझावअनुसार सुधार गर्ने

४.	कुनै स्रोतबाट लिइएको सामग्रीहरू उद्धरण चिह्न "  " भित्र उपर्युक्त तरिकाले राख्ने

५.	उद्धरण गर्दा नेपालमा बढी प्रयोग भएको APA(American Psychological Association) र MLA (Modern Language Association) विधिको प्रयोग गर्ने । APA ढाँचामा उद्धरण गर्दा उद्धरण गरिएको वाक्यको पछि कोष्ठकमा लेखकको अन्तिम नाम र पुस्तक वा लेखको प्रकाशन मिति लेखिन्छ । जस्तैः (शर्मा, २०७९) । त्यसै गरी MLA विधिको प्रयोग गर्दा उद्धरण गरिएको वाक्यांश पछाडि लेखकको अन्तिम नाम र उक्त वाक्यांश लिइएको पृष्ठ नम्बर राखिन्छ, जस्तै : (शर्मा, १४५)

६.	पटक पटक अर्काको भनाइ प्रयोग गर्न पर्ने अवस्था आएमा सोको अध्ययन गरी आफ्नै शब्दमा पुनर्लेखन गर्ने

७.	अनुसन्धान तथा पुस्तकको अन्तिममा आफूले अध्ययन गरेका स्रोत सामग्रीहरूको सूची राख्ने

८.	सन्दर्भ सामग्रीहरू व्यवस्थापन गर्दा नेपालमा बढी प्रचलित विधिहरू APA र MLA को प्रयोग गर्ने । MLA ढाँचाको प्रयोग गरी सन्दर्भ सूची तयार पार्दा सर्वप्रथम लेखकको थर, नाम, कृतिको नाम, संस्करण, प्रकाशन स्थान, प्रकाशकको नाम र प्रकाशन मिति लेखिन्छ । APA विधिको प्रयोग गरी सन्दर्भ सूची तयार पार्दा सर्वप्रथम लेखकको थर, नाम, कोष्ठकमा मिति, कृतिको नाम, संस्करण, प्रकाशन सस्था, प्रकाशकको नाम क्रमशः लेखिन्छ । नेपालमा विश्वविद्यालयहरूमा सामान्यतया भाषा विषयहरूमा MLA प्रयोग गरिन्छ भने समाजशास्त्र, शिक्षाशास्त्र आदि विषयमा APA ढाँचाको प्रयोग गरिन्छ ।

### क्रियाकलाप

१.	विभिन्न पत्रपत्रिकाबाट बौद्धिक चोरीका घटनाहरूसँग सम्बन्धित समाचारहरू सङ्कलन गरी सम्पर्क कक्षामा पालैपालो वाचन गर्नुहोस् र वाचन गरिएका सामचारको विश्लेषण गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क)	कस्तो खालको चोरीलाई बौद्धिक चोरी भनिन्छ ?

(ख)	बौद्धिक चोरीलाई कसरी अपराधका रूपमा लिइन्छ ? आफ्नो तर्क वाक्यमा लेख्नुहोस् ।

(ग) बौद्धिक चोरी गर्नेलाई पहिलो पटक कस्तो कारबाही हुन्छ ?

(घ) बौद्धिक चोरी हुनुका कुनै दुई कारण उल्लेख गर्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) बौद्धिक सम्पत्ति भनेको के हो ? यसको संरक्षणमा प्रतिलिपि अधिकारको भूमिका वर्णन गर्नुहोस् ।

(ख) लेख लेखन लाग्नुभएको तपाईंको साथीलाई बौद्धिक चोरी हुनबाट जोगाउन के सुझाव दिनुहुन्छ ? पाँच बुँदामा लेख्नुहोस् ।

(ग) प्रस्तावना तथा प्रतिवेदन लेखनमा प्रयोग हुने APA र MLA विधिका बारेमा वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) बौद्धिक चोरी भनेको के हो ? जानाजान र अन्जानमा गरिने बौद्धिक चोरीका बारेमा उदाहरणसहित वर्णन गर्नुहोस् ।

(ख) नेपालमा बौद्धिक चोरीसम्बन्धी के कानुनी प्रावधान छ ? उल्लेख गरी बौद्धिक चोरविाट बच्ने उपायहरू लेख्नुहोस् ।

## पाठ ४ सामाजिक अध्ययनका लागि समस्या निर्माण, अध्ययन विधि र साधन

सामाजिक अध्ययनका लागि समस्या निर्माण, अध्ययन विधि र अध्ययनका लागि विभिन्न साधनको छनोट महत्त्वपूर्ण कार्य हुन्। यस पाठमा हामीले यिनीहरूका बारेमा छोटो चर्चा गर्छौं।

### समस्या निर्माण

अनुसन्धानमा समस्या निर्माण एक महत्त्वपूर्ण कार्य हो। यो अनुसन्धानकर्ताले अध्ययन गर्न खोजेको मुख्य विषय हो। अनुसन्धानको शीर्षक छनोट पछि उक्त शीर्षकसँग नजिक हुनु र त्यसका बारेमा विस्तृत रूपमा अध्ययन गरी समस्यालाई स्पष्ट रूपमा वर्णन गर्नु समस्याको कथन हो। कुनै पनि अनुसन्धानको सुरुआत गर्नुभन्दा अगाडि के कुराको अध्ययन गर्ने हो ? किन गर्ने हो, भन्ने कुरा स्पष्ट भएपछि समस्याको निर्माण गर्न सकिन्छ । समस्याको पहिचान राम्रोसँग गर्न सकेमा अनुसन्धानका अन्य कार्यहरू सजिलै गर्न सकिन्छ। अनुसन्धानको समस्या चयन गर्दा निम्नलिखित कुराहरूलाई ख्याल गर्नुपर्छ :

१. पहिले नै अनुसन्धान भइसकेका कुरा पुनः दोहोऱ्याएर अनुसन्धान नगरिने हुनाले अनुसन्धानबाट प्राप्त नयाँ ज्ञान समाजका लागि उपयोगी हुने खालको अनुसन्धानको समस्या निर्माण गर्नुपर्छ।

२. अनुसन्धान लामो र जटिल कार्य भएकाले आफूलाई रुचि भएको विषयको क्षेत्रको छनोट गरी अनुसन्धान समस्या निर्माण गर्नुपर्छ।

३. समस्या निर्माण गर्दा कसैलाई पनि नकारात्मक प्रभाव पर्ने खालको समस्या चयन गर्नु हुँदैन।

४. आफ्नो बौद्धिक तथा आर्थिक क्षमताले सक्ने खालको समस्याको छनोट गर्नुपर्छ।

५. आफूले पत्ता लगाएका कुराहरू अरूलाई स्रोत सामग्री हुन सक्ने खालका विषयवस्तु छनोट गर्नुपर्छ।

६. कुनै निश्चित समयावधिमा भित्र सकिने खालको विषयवस्तु छनोट गर्नुपर्छ।

### सामजिक अध्ययनका लागि अध्ययनका विधि र साधन

सामाजिक अध्ययनसँग सम्बन्धित विषयको अनुसन्धानमा प्रयोग हुने विधि र साधन नै अध्ययनका विधि र साधनहरू हुन्। यी अुनसन्धानका त्यस्ता विधि र साधन हुन् जसले अनुसन्धान कसरी गर्ने भन्ने कुराको पुष्टि गर्छन् । अनुसन्धानका क्रममा तथ्याङ्क वा सूचनाको सङ्कलन, वर्गीकरण, विश्लेषण र प्रस्तुतीकरण गर्नका लागि अवलम्बन गरिने तरिकालाई नै अनुसन्धान विधि हो । अनुसन्धान कसरी गर्ने, कुन कुन विधिको प्रयोग गरेर प्राथमिक र द्वितीय तथ्याङ्कहरू सङ्कलन गर्ने, त्यसलाई कसरी विश्लेषण गर्ने आदि कुरा अध्ययन विधिअन्तर्गत पर्छन्। त्यसैले यो अत्यन्त

महत्त्वपूर्ण काम हो । यसले अनुसन्धान कसरी गर्ने भन्ने कुराको खाका प्रस्तुत गर्छ । अनुसन्धान विधिले सामान्यतया निम्नलिखित पक्ष समेट्नु पर्छ :

१. अनुसन्धान कुन उद्देश्यका लागि कस्ता प्राथामिक तथ्याङ्क सङ्कलन गरिन्छ भन्ने कुरा उल्लेख हुनुपर्छ ।

२. अनुसन्धानमा मामला अध्ययन, सर्वेक्षण, परीक्षण, कार्यमूलक अनुसन्धान कुन रणनीति अपनाउने हो स्पष्ट पारेको हुनुपर्छ ।

३. तथ्याङ्क सङ्कलनमा प्रश्नावली, अन्तर्वार्ता, अवलोकन कुन विधि अप्नाउने हो र किन स्पस्ट पार्नुपर्छ ।

४. सङ्कलिन तथ्याङ्कको प्रशोधन, तालिकीकरण, विश्लेषण आदि कसरी गर्ने हो स्पष्ट हुनुपर्छ ।

५. अनुसन्धानसँग सम्बन्धीात समस्या वैधता र विश्वासनीयताको मूल्याङ्कन विधिका बारेमा प्रस्ट पार्नुपर्छ ।

अनुसन्धानमा मुख्यतया परिमाणात्मक, गुणात्मक र मिश्रित विधिहरू अपनाइन्छ । यीमध्ये शोध कार्यको विषय र प्रकृतिअनुसार कुनै पनि पद्धतिको अवलम्बन गर्न सकिन्छ । अब अनुसन्धानमा अपनाइने यी विधिका बारेमा छोटो चर्चा गरौँ ।

१. परिमाणात्मक विधि : अनुसन्धानका क्रममा प्राप्त तथ्याङ्क सङ्ख्या, परिमाण वा मात्राका आधारमा विश्लेषण गरेर अनुसन्धान गर्ने विधिलाई परिमाणात्मक विधि भनिन्छ । यस विधिमा प्राप्ताङ्क, तौल, उमेर आदि सङ्ख्यामा सूचनाहरू सङ्कलन गर्ने र तिनीहरूको विश्लेषण गर्दा तथ्याङ्कशास्त्रीय विधि प्रयोग गरिने गरिन्छ ।

२. गुणात्मक विधि : अनुसन्धानका क्रममा प्राप्त हुने मानिसका भावना, विचार, व्यवहार जस्ता कुराहरूसँग सम्बन्धित सूचनाहरू सङ्ख्यामा उल्लेख गर्न सकिँदैन । यद्यपि अनुसन्धानमा यस्ता विवरणहरू सङ्कलन गरी विश्लेषण गर्ने गरिन्छ । यसमा कुनै पनि अनुसन्धान समस्याको विषयमा अमूर्त अवधारण निर्माण गरिन्छ । यसको परिणामका विषयमा पूर्वानुमान गरिन्छ । त्यहीअनुरूप प्रश्नावली तयार गरी अनुसन्धान गरिन्छ । यस्तो अनुसन्धान विधिलाई गुणात्मक विधि भनिन्छ । यो एक खालको विवणात्मक विधि हो ।

३. मिश्रित विधि : अनुसन्धानमा माथिका यी दुवै विधिको प्रयोग हुने विधिलाई मिश्रित भनिन्छ । यस्तो विधिमा आवश्यकताअनुसार परिमाणात्मक र गुणात्मक विधिको प्रयोग गरिन्छ ।

### अनुसन्धानमा तथ्याङ्क सङ्कलन विधि

सामाजिक अनुसन्धानमा विभिन्न विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिन्छ । यसका लागि कुनै एउटा विधिको मात्र प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्न मिल्दैन । कुनै कुरा सामान्य प्रश्न सोधेर पत्ता लगाउन सकिन्छ भने कुनैका लागि अन्तर्वार्ता, अवलोकन र सर्वेक्षणको आवश्यकता पर्छ । अनुसन्धानमा प्रायः प्रयोग हुने विधिहरू यस प्रकार छन् :

(क) **सर्वेक्षण विधि :** सर्वेक्षण विधि अनुसन्धानमा सबैभन्दा बढी प्रचलित विधि हो । यस विधिमा प्रश्नावली तयार गरी नमुनाका लागि लिइएको जनसङ्ख्यामा मात्र तथ्याङ्क सङ्कलन गरिन्छ । तथ्याङ्क सङ्कनलका क्रममा तयार गरिएको प्रश्नावली विभिन्न माध्यममार्फत सङ्कलन गरिन्छ, जस्तैः गुगल फर्ममा प्रश्नहरू राखेर, प्रश्नावली हुलाकमार्फत पठाएर र उत्तरदाता स्वयम्लाई भेटेर आदि । यसरी प्राप्त सूचनालाई विश्लेषण गरी नतिजा प्राप्त गरिन्छ ।

(ख) **अन्तर्वार्ता विधि :** यो दुई व्यक्ति प्रत्यक्ष भेटेर कुराकानी गरी सूचना सङ्कलन गर्ने विधि हो । यस विधिमा अनुसन्धानकर्ताले उत्तरदातालाई प्रत्यक्ष भेटेर, फोन गरेर, भिडियो कल गरेर आदि जुनसुकै माध्यमबाट दोहोरो वार्तालाप गरेर सूचना सङ्कलन गरिन्छ । यस विधिबाट सूचना सङ्कलन गर्दा उत्तरदाताको अनुमति लिएर कुराकानीलाई रेकर्डिङ गर्ने काम गरिन्छ । अन्तर्वार्ता संरचित, अर्धसंरचित र असंरचित गरी तीन प्रकारका हुन्छन् । प्रश्नकर्ताले पहिले नै तयार पारेको प्रश्नका आधारमा लिइने अन्तर्वार्तालाई संरचित अन्तर्वार्ता भनिन्छ । पहिले नै तयार पारेको प्रश्नका आधारमा अन्तर्वार्ता लिने क्रममा आएका थप प्रश्नहरूसमेत समावेश गरी लिइएको अन्तर्वार्ता अर्धसंरचित अन्तर्वार्ता हो । त्यसै गरी अन्तर्वार्ताकार आफैँले आवश्यकताअनुसार तत्कालै प्रश्न गर्दै लिइएको अन्तर्वार्ता असंरचित अन्तर्वार्ता भनिन्छ । यसमा अनुसन्धानकर्ता स्वयम् नै उत्तरदातासँग भेटी यो अन्तर्वार्ता लिने गरिन्छ ।

(ग) **क्षेत्र अवलोकन विधि :** यो सूचनाका स्रोतको अवलोकन गरी तथ्याङ्क सङ्कलन गर्ने एक सरल र सहज विधि हो । यसमा कुनै व्यक्ति वा संस्थालाई अवलोकनकर्ता आफैँले लामो समयसम्म अवलोकन गरेर तथ्याङ्क सङ्कलन गरिन्छ । अवलोकनकर्ताले निष्पक्ष भएर सूचना सङ्कलन गर्नुपर्ने हुनाले क्षेत्र अवलोकन विधिबाट प्राप्त तथ्याङ्क विश्वसनीय हुन्छ । यस विधिमा अवलोकन कर्ताले रुजुसूची प्रयोग गर्न सक्छन् ।

## सामाजिक तथ्याङ्क सङ्कलनका साधन

समाजमा विभिन्न जातजातिको अध्ययनका क्रममा प्राप्त हुने भाषा, धर्म, पेसा, आर्थिक गतिविधि, चाडपर्व आदि सम्बन्धित तथ्याङ्कलाई सामाजिक तथ्याङ्क भनिन्छ । यी तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिने प्रश्नावली, अन्तरर्वार्ता मार्गदर्शन रुजुसूची आदि सामाजिक तथ्याङ्क सङ्कलनका साधन हुन् । अनुसन्धानका प्रकार, उद्देश्य, तथ्याङ्कका प्रकार, परिस्थिति, स्रोत र साधनको उपलब्धता आदिलाई ध्यानमा राखी तथ्याङ्क सङ्कलनका साधन छनोट गरिन्छ । अनुसन्धानकर्ताको क्षमताका अधारमा आवश्यकताअनुसार एकभन्दा बढी साधनको प्रयोग गरी अनुसन्धान गरिन्छ । यहाँ हामी अनुसन्धानका केही साधनहरूका बारेमा चर्चा गरौँ ।

(क) **प्रश्नावली :** सामाजिक सर्वेक्षणमा सबैभन्दा बढी प्रचलित अनुसन्धानका साधन प्रश्नावली हो । अनसन्धानको आवश्यकताअनुसार विभिन्न सूचना प्राप्त गर्नका लागि तयार पारिएको विभिन्न प्रश्नको सूचीलाई प्रश्नावली भनिन्छ । यो विशेष गरी अनुसन्धानकर्ताले उत्तरदाताहरूसँग मौखिक, लिखित वा इमेलमार्फत सूचना सङ्कलनका लागि तयार पारिएको प्रश्नको सङ्गालो हो । यो थोरै समयमा धेरै जनाको विचार लिनुपर्ने अवस्थामा प्रयोग गरिन्छ ।

(ख) अन्तर्वार्ता मार्गदर्शन : यो अन्तर्वार्ताका लागि अन्तर्वार्ताकारले आफ्नो सजिलोका लागि तयार पारेको प्रश्नको सङ्गालो हो । अन्तर्वार्ताकारले अन्तर्वार्ता लिनुभन्दा अगि विभिन्न परिस्थितिको अवलोकन गरी तयार पार्छ । अन्तर्वार्ताका क्रममा आवश्यकताअनुसार यसको प्रयोग गरिन्छ ।


(ग) अवलोकन मार्गदर्शन : कुनै ठाउँ तथा घटनाको अवलोकन गर्नका लागि अवलोकन कर्ताले तयार पार्ने साधन हो । यो अनुसन्धान कर्ताले कुनै ठाउँ या घटनासँग सम्बन्धित रहेर आफ्नो अनुसन्धानलाई आवश्यक पर्ने बुँदाहरू समावेश गरी तयार पार्छ ।

(घ) रुजुसूची : यो अनुसन्धानकर्तालाई दुविधा भएको विषयमा दुविधा हटाउन प्रयोग गरिने साधन हो । अनुसन्धानका क्रममा विभिन्न गतिविधिहरूको मूल्याङ्कन गर्न पनि यसको प्रयोग गरिन्छ ।

## तथ्याङ्क व्यवस्थापनमा डिजिटल साधनको प्रयोग

विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएका तथ्याङ्कलाई क्रमबद्ध र व्यवस्थित तरिकाले तालिकीकरण र भण्डारण गर्ने कामलाई तथ्याङ्क व्यवस्थापन भनिन्छ । तथ्याङ्क व्यवस्थापनमा गुगल फर्म, सामाजिक सञ्जाल, भिडियो अनुप्रयोग आदिको प्रयोग गरिन्छ ।

(क) गुगल फर्म : गुगल कम्पनीले आफ्ना जिमेल प्रयोगकर्ताहरूलाई दिने एउटा सुविधा हो । यसमा प्रश्नावली तयार गरी इमेलमार्फत वा अन्य सञ्चारका साधनमार्फत उत्तरदातासमक्ष प्रश्नहरू पठाएर सूचना सङ्कलन गर्न सकिन्छ । यो सुविधा प्रयोगकर्ताले स्मार्ट फोन, आइप्याड, डेस्कटप, ल्यापटपलगायतका सबै डिजिटल डिभाइसमा चलाउन सक्छन् । उत्तरदाताले दिइएको लिङ्क खोलेपछि प्रश्नहरू प्राप्त गर्छन् र उत्तर भरेपछि submit बटनमा थिचेर जम्मा गर्नुपर्छ । उत्तरदाताले पठाएको उत्तर Google Spreadsheet मा रहन्छ र प्रश्नकर्ताले चाहिएको बखत हेर्न मिल्छ ।




(ख) सामाजिक सञ्जाल : हिजोआज हजारौँ मानिस सामाजिक सञ्जालमार्फ एकआपसमा जोडिएका छन् । फेसबुक, ट्विटर, इन्स्टाग्राम, युट्युब, पिन्ट्रेस्ट, मेसेन्जर आदि मानिसलाई एकआपसमा जोड्ने अनलाइन प्लेटफर्महरू हुन् । यिनै सामजिक सञ्जालमा अनुसन्धानका प्रश्नहरू पठाएर, भिडियो कलमार्फत अन्तर्वार्ता लिएर र फाटो तथा भिडियो जम्मा गरी अवलोकन गरेर तथ्याङ्क सङ्कलन गर्न सकिन्छ । त्यसैले सर्वेक्षणका लागि सामाजिक सञ्जालहरू सजिला डिजिटल माध्यम हुन् ।

(ग) **भिडियो सम्मेलन अनुप्रयोग :** भिडियो सम्मेलन अनुप्रयोग (Video Conferencing Application ) को प्रयोग गरेर एकैपटकमा धेरै जनासँग कुराकानी र छलफल गर्न सकिन्छ । यसका लागि जुम, गुगल मिट, माइक्रोसफ्ट टिम्स आदि सफ्टवयरहरूको प्रयोग गरेर अनुसन्धानका लागि तथ्याङ्क सङ्कलन गर्न सकिन्छ ।

### क्रियाकलाप

१. अनुसन्धान समस्या निर्माणका क्रममा अपनाउनुपर्ने उपायसम्बन्धी बुँदा टिपोट गर्नुहोस् ।

२. सामाजिक अनुसन्धानमा तथ्याङ्क सङ्कलन विधि र साधनका बिचको अन्तरसम्बन्ध चर्चा गर्नुहोस् ।

## अभ्यास

### अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अुनसन्धानमा समस्या पहिचान भनेको के हो ?

(ख) सामाजिक अनुसन्धानमा प्रचलित कुनै दुई विधि उल्लेख गर्नुहोस् ।

(ग) परिमाणात्मक अध्ययन विधि भनेको कस्तो विधि हो ?

(घ) कस्तो अन्तर्वार्तालाई असंरचित अन्तर्वार्ता भनिन्छ ?

(ङ) तथ्याङ्क वयवस्थापन भनेको के हो ?

### सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अनुसन्धान समस्या पहिचान गर्दा के के कुरामा ध्यान पुऱ्याउनुपर्छ ? पाँच बुँदामा लेख्नुहोस् ।

(ख) तपाईंको समुदायमा अनुसन्धान गर्न सकिने कुनै दुई समस्या पहिचान गरी किन अनुसन्धान गर्न उपयुक्त छन् ? कारणसहित वर्णन गर्नुहोस् ।

(ग) सामाजिक अनुसन्धानमा सर्वेक्षण विधिको महत्त्व छोटकरीमा वर्णन गर्नुहोस् ।

(घ) तथ्याङ्क सङ्कलनका लागि प्रयोग हुने साधन उल्लेख गरी कुनै एकको वर्णन गर्नुहोस् ।

(ङ) तथ्याङ्क सङ्कलनमा डिजिटल साधनको प्रयोगको उपयोगिता उल्लेख गर्नुहोस् ।

(च) तथ्याङ्क सङ्कलनमा प्रश्नावलीलाई किन महत्त्वपूर्ण साधन मानिन्छ, पुष्टि गर्नुहोस् ।

(छ) अन्तर्वार्ता मार्गदर्शन र अवलोकन मार्गदर्शनबिचका समानता र भिन्नता लेख्नुहोस् :

### लामो उत्तर आउने प्रश्नहरू

(क) परिमाणात्मक विधि र गुणात्मक विधिबिचका समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

(ख) सामाजिक अनुसन्धानमा अपनाइने परिमाणात्मक, गुणात्मक र मिश्रित अध्ययन विधिका बारेमा आफ्नो विचार राखी साथीलाई चिठी लेख्नुहोस् ।

# पाठ ५ तथ्याङ्क र सूचनाको विश्लेषण र प्रस्तुतीकरण

अनुसन्धानका क्रममा विभिन्न स्रोतहरूबाट सङ्कलित तथ्याङ्कहरू जटिल, अव्यवस्थित र असङ्गाठित हुन्छन् । सङ्कलित तथ्याङ्कहरू अनुसन्धानका लागि सबै चाहिँदैनन् । त्यसैले सङ्कलित तथ्याङ्कहरू व्यवस्थित गर्नुपर्छ । त्यसका लागि सङ्कलित तथ्याङ्कलाई तयारी, प्रशोधन, विश्लेषण र प्रबोधीकरण गरिन्छ । यसका बारेमा यस पाठमा छोटो चर्चा गरौँ ।

१. तथ्याङ्कको तयारी : अनुसन्धानमा तथ्याङ्क सङ्कलनको कार्य सकिएपछि तथ्याङ्कको तयारी गरिन्छ । यसमा तथ्याङ्कलाई सम्पादन गरी गलत सूचना वा तथ्याङ्क सच्याउने, अनावश्यक तथ्याङ्क हटाउने, छनोट भएका तथ्याङ्कहरूको सूची बनाउने कार्य गरिन्छ ।

२. तथ्याङ्क प्रशोधन तथा विश्लेषण : यो तथ्याङ्कको तयारी पछिको चरण हो । यस चरणमा सङ्कलित कोरा तथ्याङ्कहरूलाई प्रशोधन गरी विभिन्न तथ्याङ्कको शास्त्रीय विश्लेषण
गरिन्छ । परिमाणत्मक तथ्याङ्कहरूलाई मध्यक, मध्यिका, स्तरीय भिन्नता जस्ता तथ्याङ्क शास्त्रीय विश्लेषण गर्ने कार्य यसमा चरणमा गरिन्छ । यसका लागि Ms Excell को प्रयोग पनि गरिन्छ । तथ्याङ्क विश्लेषण गर्दा विशेष ध्यान पुऱ्याउनुपर्छ ।

३. तथ्याङ्क भण्डारण : अनुसन्धानका क्रममा निर्माण गरिएका प्रश्नावली, सङ्कलित तथ्याङ्कहरू, तथ्याङ्कको विश्लेषण आदि कार्यहरूको विवरण सुरक्षित तरिकाले गर्ने कार्यलाई भण्डारण भनिन्छ । अनुसन्धानकर्ताले अनुसन्धानमा प्रयोग भएका सम्पूर्ण तथ्य तथा प्रमाणहरू पछि चाहिन सक्ने हुनाले विभिन्न डिभाइसहरूमा भण्डारण गरेर राख्नुपर्छ । यसका लागि कम्प्युटर तथा ल्यापटपका हार्डडिक्स, एक्स्टरनल हार्डडिक्स, अनलाई स्टोरेज जस्तै गुगल क्लाउडमा भण्डारण गरेर राख्नुपर्छ ।

४. तथ्याङ्क प्रबोधीकरण : यो अनुसन्धानको अन्तिम चरण हो । सङ्कलित तथ्याङ्क तथा सूचना सम्बन्धित पक्षहरूलाई जानकारी गराउने कार्यलाई नै तथ्याङ्क प्रबोधीकरण भनिन्छ । किताब, लेख, प्रतिवेदन आदि बनाएर तथ्याङ्क प्रबोधीकरण गरिन्छ । प्रबोधीकरण शुद्ध भाषामा प्रस्तुति गर्नुपर्छ । जुन पक्षलाई लक्षित गरेर बनाइएको हो, उक्त समूहको शैक्षिक स्तरलाई ख्याल गरेर तथ्याङ्कको प्रस्तुतीकरण गर्नुपर्छ ।

## तथ्याङ्क प्रस्तुतीकरण

आजको युग तथ्याङ्कको युग हो । विभिन्न प्रयोजनका लागि सङ्कलित तथ्याङ्कलाई प्रस्तुत गर्ने कार्यलाई तथ्याङ्क प्रस्तुतीकरण भनिन्छ । तथ्याङ्कलाई प्रस्तुतिकरण आवश्यकताअनुसार विभिन्न तरिकाले गर्न सकिन्छ । तथ्याङ्क प्रस्तुतीकरणका केही तरिकाहरू यस प्रकार छन् :

१. शाब्दिक प्रस्तुतीकरण : अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई लेखेर शब्द वा वाक्यमा प्रस्तुत गर्ने कार्यलाई शाब्दिक प्रस्तुतीकरण भनिन्छ । शाब्दिक प्रस्तुतीकरणमा भाषाको ठुलो भूमिका

हुन्छ । लक्षित समूहको शैक्षिक स्तरलाई हेरेर भाषाको तह निर्धारण गरी तथ्याङ्क प्रस्तुति गरिन्छ । भाषा सरल र शुद्ध हुनुपर्छ जसले गर्दा लक्षित समूहले तथ्याङ्क प्रस्तुतीकरणको भाव र अर्थ बुझ्न सहज हुन्छ । अत्यन्त कठिन र दोहोरो अर्थ लाग्ने शब्दको प्रयोग नगरी तथ्याङ्को शाब्दिक प्रस्तुतीकरण गर्नुपर्छ । शाब्दिक प्रस्तुतिमा वाक्यहरू लामो लेख्नु हुँदैन । छोटो र सटिक वाक्यहरू लक्षित समूहलाई बुझ्न सजिलो हुन्छ ।

२. **तालिकीकरण :** प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्ने कार्यलाई तालिकीकरण भनिन्छ । तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्न कम्प्युटरमा Ms Word र Ms Excel को प्रयोग गर्न सकिन्छ । यसरी तालिकामा प्रस्तुत गरिएको तथ्याङ्क व्याख्या, विश्लेषण, तुलना आदि कार्यका लागि सजिलो हुन्छ । चित्रमा प्रस्तुत गरिएको तथ्याङ्क सजिलै बुझ्न पनि सकिन्छ । तालिका निर्माण गर्दा शीर्षक, उपशीर्षक, तथ्याङ्कको एकाइ, तथ्याङ्कको स्रोत

मातृभाषाअनुसार जनसङ्ख्याको बनोट (जनगणना वि.सं. २०६८ र २०७८)

| भाषा | जनगणना २०६८ अनुसार (प्रतिशतमा) | जनगणना २०७८ अनुसार ( प्रतिशतमा) |
|---|---|---|
| नेपाली | ४४.६४ | ४४.८६ |
| मैथली | ११.७ | ११.०५ |
| भोजपुरी | ६.० | ६.२४ |
| थारू | ५.८ | ५.८८ |
| तामाङ | ५.१ | ४.८८ |
| नेवार | ३.२ | २.९६ |
| बज्जिका | ३.० | ३.८९ |
| मगर | ३.० | २.७८ |
| डोटेली | ३.० | १.७ |
| अवधि | १.८९ | २.९३ |


*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८*

३. **चित्रात्मक प्रस्तुति :** अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई चित्र, ग्राफ, चार्ट आदि बनाएर प्रस्तुत गर्न सकिन्छ । तथ्याङ्कको प्रकृतिअनुसार विभिन्न खालको चित्र, चार्ट, ग्राफ आदिमा देखाउने कार्य चित्रात्मक प्रस्तुति हो । यस्तो प्रस्तुतिका माध्यमबाट तथ्याङ्लाई छिटो र सहज तरिकाले बुझ्न सकिन्छ ।

(क) स्तम्भचित्र : दिइएको तथ्याङ्कलाई Ms Excel को प्रयोग गरी स्तम्भचित्र बनाएर प्रस्तुत गर्न सकिन्छ ।

No of Students in Different House,2079


| Houses | No of Students |
|---|---|
| Karnali | 250 |
| Rapti | 300 |
| Seti | 370 |
| Trishuli | 280 |




Source: School Adminstration

(ख) रेखाचित्र : सङ्कलित तथ्याङ्कलाई रेखाचित्रमा प्रस्तुत गर्न सकिन्छ । यसले विभिन्न चरहरूका बिच तुलना गर्न सजिलो हुन्छ ।

| Age | Women | Men |
|---|---|---|
| 15–19 | 1.9 | 2.2 |
| 20–24 | 1.9 | 2.1 |
| 25–29 | 2.1 | 2.1 |
| 30–34 | 2.2 | 2.3 |
| 35–39 | 2.3 | 2.4 |
| 40–44 | 2.5 | 2.4 |
| 45–49 | 2.6 | 2.6 |





Sourcx: Wikipidia

(ग) वृत्तचित्र : कुल योग भएका तथ्याङ्कहरूलाई वृत्तचित्रमा देखाउन सकिन्छ । यसका लागि दिइएको तथ्याङ्कलाई हिसाब गरेर डिग्रीमा रूपान्तरण गर्नुपर्छ । त्यसका लागि निम्नलिखित सूत्रको प्रयोग हुन्छ ।

सूत्र: $\dfrac{\text{दिइएका तथ्याङ्कको एक एकाइ}}{\text{दिइएका तथ्याङ्कको कुल योग}} \times ३६०$


फरक घरका विद्यार्थी सङ्ख्या-२०७९

| घरहरू | विद्यार्थीङ्ख्या |
|---|---|
| कर्णाली | २५० |
| राप्ती | ३०० |
| सेती | ३७० |
| त्रिसुली | २८० |





(घ) चार्ट : माथि उल्लिखित तथ्याङ्कीय प्रस्तुतिका साथै अनुसन्धानमा प्राप्त तथ्याङ्क र सूचनालाई विभिन्न खालका चार्ट बनाएर प्रस्तुत गर्न सकिन्छ । यसले प्रस्तुत गरिएको तथ्याङ्क र सूचनाहरू बुझ्न सहज हुन्छ ।


(अ) सम्बन्ध चार्ट : अनुसन्धानमा प्राप्त सूचनाहरूबिचको अन्तरसम्बन्ध देखाउन सम्बन्ध चार्टको प्रयोग गर्न सकिन्छ ।





(आ) वर्गीकरण चार्ट : अनुसन्धानमा प्राप्त सूचनालाई वर्गीकरण गर्नुपर्ने भएमा निम्नानुसारको वर्गीकरण चार्टको प्रयोग गर्न सकिन्छ :



(इ) सङ्गठनात्मक चार्ट : कुनै सङ्घसङ्गठनको सङ्गठनात्मक ढाँचा देखाउनुपरेमा यो चार्टको प्रयोग गरिन्छ :




(ई) फ्लो/प्रवाह चार्ट : अनुसन्धानमा प्राप्त सूचना माथिबाट तलतिर गएको विचनल देखाउनु परेमा प्रवाह चार्टमा देखाउन सकिन्छ ।




| |
|---|
| नोट : यहाँ प्रस्तुत गरिएका तथ्याङ्कको केही चित्रात्मक प्रस्तुति निर्माण प्रक्रियाका बारेमा एकाइ पाँचमा विस्तृत रूपमा दिइएको छ । |

## क्रियाकलाप

१. तपाईंको सम्पर्क कक्षाका सहपाठी साथीहरूले कक्षा ११ मा ल्याएको ग्रेडका आधारमा निम्नलिखित तालिका भर्नुहोस् र त्यसलाई वृत्तचित्रमा देखाउनुहोस् :

| क्र.स. | ग्रेड | जम्मा सङ्ख्या |
|---|---|---|
| १ | ३.६ भन्दा माथि | |
| २ | ३.२-३.६ | |
| ३. | २.८-३.२ | |
| ४. | २.४-२.८ | |
| ५ | २.४ भन्दा कम | |

२. तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणको महत्त्वका बारेमा सहपाठीहरूसँग छलफल गरी उपयुक्त कुराहरू बुँदा टिपोट गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) तथ्याङ्क भनेको के हो ?

(ख) तथ्याङ्क तयारीमा के के गरिन्छ ? कुनै दुई कुरा उल्लेख गर्नुहोस् ।

(ग) तथ्याङ्क प्रबोधीकरण भन्नाले के बुझिन्छ ?

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अनुसन्धानमा तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणको आवश्यकता किन पर्छ, वर्णन गर्नुहोस् ।

(ख) सम्बन्ध चार्ट कस्तो चार्ट हो ? यसका बारेमा सचित्र वर्णन गर्नुहोस् ।

(ग) स्तम्भचित्र र वृत्तचित्रबिचको फरक लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) चित्रात्मक प्रस्तुति भनेको के हो ? यसको महत्त्व र प्रयोगका बारेमा छोटकरीमा वर्णन गर्नुहोस् ।


(ख) तथ्याङ्क तयारी, प्रशोधन, विश्लेषण र प्रबोधीकरणका बारेमा आफूले जानेका कुराहरू छोटकरीमा लेख्नुहोस् ।

# पाठ ६ तथ्याङ्क प्रशोधन र विश्लेषणमा माइक्रोसफ्ट एक्सेल (Ms Excel) को प्रयोग

हिजोआज धेरै कामका लागि कम्प्युटरको प्रयोग हुँदै आएको छ । यसले मानव जीवनमा सहजता प्रदान गरेको छ । कुनै पनि काम मानिसले गर्दा भन्दा कम्प्युटरमा सफ्टवेरको प्रयोग गरी गर्दा छिटो, छरितो, शुद्धता र सही हुने हुनाले यसको प्रयोगकर्ता दिनहुँजसो बढ्दै गएको हो । अनुसन्धानका क्रममा पनि ATLAS.it, NVivo, Qorkos,MAXQDA आदि जस्ता विभिन्न सफ्टवेयरहरू प्रयोगमा आइसकेका छन् । यी सफ्टवेयरले कुनै पनि खालका तथ्याङ्क र सूचनालाई विश्लेषण गर्न सहज बनाउँछ । यी सफ्टवेयरहरू प्रयोग गर्न विशेष खालको दक्षता आवश्यक पर्छ ।

तथ्याङ्कको प्रशोधन र विश्लेषणमा सजिलो र सहज हुने सफ्टवेयरहरूमध्ये Ms Excel एक हो । यसमा तथ्याङ्कहरूको योगफल, औसत, मध्यक, बहुलक स्तरीय विचलन आदि निकाल्न सजिलो हुन्छ ।


(क) **जम्मा योग निकाल्ने :** सबैभन्दा पहिले Ms Excel मा तथ्याङ्क Entry गर्ने र तथ्याङ्कहरू सबै तल्लो Cell मा cursor राखेर Menu मा equation चिह्नमा click गरी जोडेर देखाउँछ । त्यसै गरी menu bar मा Formula Type गरे पनि हुन्छ ।




| Result of sme students in class 10 | | | |
|---|---|---|---|
| Subject: Social Studies (Theory ) | | Full Marks 75 | |
| Roll no | Name of Students | Obtained Marks | Remarks |
| 1 | Akash | 68 | |
| 2 | Banal | 69 | |
| 3 | Cristina | 60 | |
| 4 | Dinesh | 64 | |
| 5 | Enu | 45 | |
| 6 | Fulmaya | 56 | |
| 7 | Gaumaya | 39 | |
| 8 | Hari | 62 | |
| 9 | Ishpandhan | 45 | |
| 10 | Janus | 30 | |
| 11 | kabita | 28 | |
| 12 | Lamu | 50 | |
| 13 | Naresh | 30 | |
| Total | | 646 | |

To find total Formula =SUM(C8:C20)

(ख) **मध्यक निकाल्ने :** मध्यक सबैभन्दा सजिलो औसत निकाल्ने तरिका हो । यसका लागि सबै चरहरूको योगफललाई जम्मा सङ्ख्याले भाग गर्नुपर्छ । सूत्र: $\frac{\sum x}{n}$ प्रयोग गर्न सकिन्छ । जसमा x को अर्थ तथ्य, $\sum x$ को अर्थ तथ्यहरूको योगफल र n को अर्थ चरहरूको सङ्ख्या भन्ने बुझाउछ । यसलाई Ms Excel मा तथ्याङ्हरू सबैभन्दा तल्लो Cell मा cursor राखेर Menu मा equation चिह्नमा click गर्ने average छनोट गरी देखाउन सकिन्छ । त्यसै गरी menu bar मा Formula Type गरे पनि हुन्छ ।





(ग) **मध्यिका निकाल्ने :** मध्यिका भनेको तथ्याङ्कहरूको मध्यमान हो । यसले परिमाणका आधारमा क्रममा मिलाइएको तथ्याङ्कलाई ठिक दुई भागमा विभाजन गर्छ । तथ्याङ्हरू सबैभन्दा तल्लो Cell मा cursor राखेर menu bar मा निम्न Formula Type गरेर पत्ता लगाउन सकिन्छ । सूत्र =median (G8:G20) ( पहिलो तथ्यको cell no : र अन्तिम तथ्यको cell no ) टाइप गरेर bracket बन्द गरी Enter थिचे पछि कम्प्युटरले आफैं हिसाब गरेर देखाउँछ ।



| Result of sme students in class 10 | | | |
|---|---|---|---|
| Subject: Social Studies (Theory ) | | Full Marks 75 | |
| Roll no | Name of Students | Obtained | Remarks |
| 1 | Akash | 68 | |
| 2 | Banal | 69 | |
| 3 | Cristina | 60 | |
| 4 | Dinesh | 64 | |
| 5 | Enu | 45 | |
| 6 | Fulmaya | 56 | |
| 7 | Gaumaya | 39 | |
| 8 | Hari | 62 | |
| 9 | Ishpandhan | 45 | |
| 10 | Janus | 30 | |
| 11 | kabita | 28 | |
| 12 | Lamu | 50 | |
| 13 | Naresh | 30 | |
| Median | | 50 | |

To find total Formula =median(G8:G20)


(घ) **बहुलक निकाल्ने :** तथ्याङ्कमा सबैभन्दा बढी पटक दोहोरिने मान हो, जस्तै : २०, २१, १२, २०, २२, ३३ यो सेट मा २० सबै भन्दा धेरैपटक दोहोरिने मान हो । यसलाई Ms Excel मा Mode को सूत्र प्रयोग गरेर निकाल्न सकिन्छ । सूत्र : =mode (G8:G21) ( पहिलो तथ्यको cell no : र अन्तिम तथ्यको cell no ) टाइप गरेर bracket बन्द गरी Enter थिचे पछि कम्प्युटरले आफैं हिसाब गरेर देखाउँछ ।



| Result of sme students in class 10 | | | |
|---|---|---|---|
| Subject: Social Studies (Theory ) | | Full Marks 75 | |
| Roll no | Name of Students | Obtained Marks | Remarks |
| 1 | Akash | 68 | |
| 2 | Banal | 69 | |
| 3 | Cristina | 60 | |
| 4 | Dinesh | 64 | |
| 5 | Enu | 45 | |
| 6 | Fulmaya | 56 | |
| 7 | Gaumaya | 39 | |
| 8 | Hari | 62 | |
| 9 | Ishpandhan | 45 | |
| 10 | Janus | 30 | |
| 11 | kabita | 28 | |
| 12 | Lamu | 50 | |
| 13 | Naresh | 30 | |
| Median | | 45 | |

To find total Formula =mode (G8:G21)

(ङ)  **स्तरीय भिन्नता निकाल्ने :** यो तथ्याङ्कको सेटभित्र तथ्यहरू (Values) मध्यकबाट कति टाढा वा नजिक छन् भन्ने मापन गर्ने सूचकाङ्क हो । यसलाई Ms Excel मा standard Deviation को सूत्र प्रयोग गरेर निकाल्न सकिन्छ । सूत्र : =STDEV.P (G8:G21) ( पहिलो तथ्यको cell no : र अन्तिम तथ्यको cell no ) टाइप गरेर bracket बन्द गरी Enter थिचे पछि कम्प्युटरले आफैं हिसाब गरेर देखाउँछ ।



| Result of sme students in class 10 | | | |
|---|---|---|---|
| Subject: Social Studies (Theory) | | Full Marks 75 | |
| Roll no | Name of Students | Obtained Marks | Remarks |
| 1 | Akash | 68 | |
| 2 | Banal | 69 | |
| 3 | Cristina | 60 | |
| 4 | Dinesh | 64 | |
| 5 | Enu | 45 | |
| 6 | Fulmaya | 56 | |
| 7 | Gaumaya | 39 | |
| 8 | Hari | 62 | |
| 9 | Ishpandhan | 45 | |
| 10 | Janus | 30 | |
| 11 | kabita | 28 | |
| 12 | Lamu | 50 | |
| 13 | Naresh | 30 | |
| Standard Deviation | | 14.18224576 | |

To find total Formula =STDEV.P (F9:F21)

## क्रियाकलाप

१. तपाईंको सम्पर्क कक्षाका साथीहरूको कक्षा ११ को अन्तिम सत्रको नतिजा विद्यालयको रेकर्डबाट लिनुहोस् र आफ्नै तरिकाले विश्लेषण गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क)  मान भनेको के हो ?

(ख)  तथ्याङ्कीय प्रस्तुतीकरणमा प्रयोग हुने मध्यकको अर्थ लेख्नुहोस् ।

(ग)  Ms Excel मा स्तरीय भिन्नता निकाल्ने सूत्र लेख्नुहोस् ।

**सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू**

(क) Ms Excel **मा बहुलक कसरी निकालीनछ ? सबै प्रक्रिया उल्लेख गर्नुहोस् ।**

(ख) **मध्यक र मध्यिकाबिचको फरक लेख्नुहोस् ।**

**लामो उत्तर आउने प्रश्नहरू**

(क) Ms Excel **मा तपाईंको घरको वार्षिक आम्दानी र खर्चको विवरण** spread sheet **मा तयार पार्नुहोस् र मासिक औसत आम्दानी निकाल्नुहोस् ।**

## परियोजना कार्य

**तपाईंको विद्यालयमा कक्षा ८ को विद्यार्थीको पहिलो सत्रको नतिजा प्रकाशनका वेलामा उक्त कक्षाको कक्षा शिक्षकलाई** Mx Excel **मा** Result Sheet **तयार गर्न सहयोग गर्नुहोस् । तपाईंले गरेका सबै कामको विवरणसहित एक प्रतिवेदन लेख्नुहोस् ।**

पाठ ७

# शाब्दिक जानकारीलाई प्रस्तुत गर्ने तरिका

योजना निर्माण, प्रस्तावानाको तयारी, प्रश्नावली निर्माण, तथ्याङ्क सङ्कलन आदि जस्ता विभिन्न चरण पूरा गरी अनुसन्धान कार्य सम्पन्न हुन्छ । प्रतिवेदन लेखन कार्य अनुसन्धानको महत्त्वपूर्ण कार्य हो । अनुसन्धानका क्रममा विभिन्न विधिको प्रयोग गरी तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिन्छ । अनुसन्धानका क्रममा सङ्कलित तथ्याङ्क र सूचनाहरू सङ्ख्यात्मक तथा गुणात्मक दुवै खालका हुन्छन् । गुणात्मक सूचनाहरू शाब्दिक र व्याख्यात्मक हुन्छन् । यस्ता जानकारीहरूलाई विभिन्न विधिको प्रयोग गरी प्रस्तुत गरिन्छ । अनुसन्धानको प्रतिवेदन लक्षित समूहलाई पेस गरिने हुनाले सम्बन्धित समूहको क्षमता, परिवेश र रुचिलाई समेत ध्यानमा राखी प्रतिवेदन लेखन कार्य गरिन्छ । त्यसैले अनुसन्धान प्रतिवेदन सही शब्दको छनोट गरी शुद्ध र स्पष्ट भाषामा लेख्नुपर्छ । यसै क्रममा पाठकको सहजताका लागि शाब्दिक जानकारीहरू दिने र प्रविधिक तथा जटिल शब्दहरूको परिभाषा लेख्ने गर्नुपर्छ । धेरै पटक दोहोरिएका शब्दको छोटो रूप प्रयोग गर्दा पढ्न र बुझ्न सहज हुन्छ । त्यसैले शाब्दिक जानकारी दिने, पारिभाषिक शब्दको परिभाषा दिने र दोहोरिएका शब्दको छोटो रूप लेख्ने गर्दा प्रतिवेदन लेखन व्यवस्थित तथा वैज्ञानिक हुन्छ । यस पाठमा हामी अनुसन्धानमूलक लेखहरूमा प्रयोग हुने यस्ता कुराहरूका बारेमा चर्चा गर्छौं ।

(क) छोटो रूपको प्रयोग : अनुसन्धानको प्रतिवेदन लेखनका क्रममा पटक पटक दोहोरिने शब्द तथा वाक्यहरूको छोटो रूप प्रयोग गर्नुपर्छ । यसले लेख तथा प्रतिवेदन अध्ययन गर्न सरल र सहज बनाउँछ । यो विधिको उचित प्रयोग गर्न सकेमा अनुसन्धान प्रतिवेदन छोटो र प्रभावकारी

हुन्छ । लेख तथा प्रतिवेदनको गुणस्तर पनि बढाउँछ । त्यसैले अनुसन्धानात्मक लेख तथा प्रतिवेदनमा सङ्क्षिप्त रूपको प्रयोग गर्नु राम्रो हो । यसको प्रयोग गर्दा पूरा रूप पहिला र सङ्क्षिप्त रूप पछि लेखिन्छ । लेखनका क्रममा उक्त वाक्यांश वा शब्द पहिलो पटक प्रयोग गर्दा पूरा रूप र सङ्क्षिप्त रूप दुवै प्रयोग गर्ने र त्यसपछि सङ्क्षिप्त रूप प्रयोग गर्नु राम्रो हो । लेखमा प्रयोग भएका यस्ता सङ्क्षिप्त रूप र पूरा रूपको सूची प्रारम्भिक पानाको विषय सूची पछि राख्नुपर्छ । यदि लेख तथा प्रतिवेदनमा तालिका र चित्र सूची राखिएको छ भने सङ्क्षिप्त रूपको सूची त्यसपछि मात्र लेख्नुपर्छ ।

उदाहरण

- गापा - गाउँपालिका
- नपा - नगरपालिका
- राखेप - राष्ट्रिय खेलकुद परिषद्
- पनिका - परीक्षा नियन्त्रण कार्यालय
- SAARC – South Asian Association for Regional Co-operation
- TU – Tribhuwan  University

(ख) **प्राविधिक शब्दहरूको सूची :** अनुसन्धानात्मक लेख तथा प्रतिवेदनमा विभिन्न प्राविधिक तथा पारिभाषिक शब्दको प्रयोग गरिन्छ । केही त्यस्ता शब्दहरू पाठकले सजिलै नबुझ्ने खालका पनि हुन्छन् । त्यस्ता शब्दहरूको परिभाषा लेखको प्रारम्भिक पृष्ठमा सङ्क्षिप्त रूपको सूची पछाडि राखिन्छ ।

जस्तै :

१. प्रधानाध्यापक : विद्यालयको प्रशासन तथा व्यवस्थापन गर्न तोकिएको प्रमुख व्यक्ति (शिक्षक) लाई प्रधानाध्यापक भनिन्छ ।

२. क्याम्पस प्रमुख : क्याम्पस तथा कलेजको प्रशासन तथा व्यवस्थापन गर्न तोकिएको प्रमुख व्यक्तिलाई क्याम्पस प्रमुख भनिन्छ ।

३. Deviation: The distance between the mean and a particular data point in a given distribution is called deviation.

४. Phonology: The study of the ways in which speech sounds from systems in language is known as phonology.

(ग) **पाद टिप्पणी तथा अन्त्य टिप्पणी :** कुनै पनि शब्द वा विषयवस्तुका बारेमा थप जानकारी दिनु पर्ने अवस्था आएमा सम्बन्धित पेजको पुछारमा सोसम्बन्धी जानकारी राखिन्छ । यसरी राखिने जानकारी तथा टिप्पणीलाई पाद टिप्पणी भनिन्छ । पाद टिप्पणी लेख्दा पाठमा दिइएको शब्दको पछाडि superscript मा अङ्क राखी उक्त अङ्क सोही पृष्ठको तल लेखी त्यसको पछाडि विवरण लेखिन्छ । प्रतिवेदन, लेख, रचना, प्रस्तावना आदिमा राखिएको विषयवस्तुका बारेमा थप जानकारी दिनु परेमा लेखको अन्तिममा लेखिन्छ । लेखको अन्तिममा दिइने यस्ता जानकारीलाई अन्त्य टिप्पणी भनिन्छ । छोटा जानकारीहरू पाद टिप्पणीअन्तर्गत लेखिन्छन् भने लामो जानकारी अन्त्य टिप्पणीअन्तर्गत लेखिन्छन् । माइक्रोसफ्ट वर्ड (Ms Word) मा References भित्रको Insert Footnote मा क्लिक गरेर पाद टिप्पणी राख्न सकिन्छ भने Insert Endnote मा क्लिक गरेर अन्त्य टिप्पणी राख्न सकिन्छ ।

## क्रियाकलाप

१. आजसम्म तपाईँले पढ्नुभएका पुस्तकहरूमध्ये आफूलाई राम्रो लागेको पुस्तक पुन: पढ्नुहोस् । त्यस पुस्तकमा प्रयोग भएका, तपाईँलाई राम्रो लागेका सङ्क्षिप्त रूपहरू, प्राविधिक शब्दहरू, पाद टिप्पणी तथा अन्त्य टिप्पणीको सङ्कलन गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अनुसन्धानको प्रतिवेदनमा सङ्क्षिप्त रूप कहाँ लेखिन्छ ?

(ख) अनुसन्धानात्मक लेखमा पारिभाषिक शब्दको प्रयोग किन गरिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(ग) प्रतिवेदनमा कस्ता शब्दको सङ्क्षिप्त रूप लेखिन्छ ?

(घ) त्रिविवि र रापबोको पूरा रूप लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) सङ्ख्यात्मक तथा गुणात्मक सूचना भनेका कस्ता खालका सूचना हुन् ? आफ्नै शब्दमा लेख्नुहोस् ।

(ख) शाब्दिक जानकारी प्रस्तुत गर्ने तरिका कुन कुन हुन् ? तिनीहरूका बारेमा आफ्नै शब्दमा लेख्नुहोस् ।

(ग) अनुसन्धानात्मक लेखमा सङ्क्षिप्त रूपको प्रयोगको महत्त्वका बारेमा वर्णन गर्नुहोस् ।

(घ) पाद टिप्पणी र अन्त्य टिप्पणीका फाइदा उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) पाद टिप्पणी र अन्त्य टिप्पणीका समानता र भिन्नता लेख्नुहोस् ।


(ख) अुनसन्धानात्मक लेखमा सङ्क्षिप्त रूपको प्रयोग किन गरिन्छ ? शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रयोग हुने कुनै चार चारओटा सङ्क्षिप्त रूप र त्यसका पूरा रूप वर्णन गर्नुहोस् ।

# एकाइ ३ जीवनोपयोगी सिप

सिकाइ उपलब्धि

१. जीवनोपयोगी सिपको ऐतिहासिक पृष्ठभूमि बताउन र वर्गीकरण गर्न ।

२. समालोचनात्मक चिन्तन, सिर्जनात्मक चिन्तन, समानुभूति, संवेग व्यवस्थापन जस्ता जीवनोपयोगी सिपको महत्त्व बताउन र व्यावहारिक अभ्यास गर्न



# पाठ १ जीवनोपयोगी सिपको ऐतिहासिक पृष्ठभूमि, वर्गीकरण र अभ्यास

हरेक पेसामा सफलता प्राप्तिका लागि मानिसले सभ्य, सिर्जनशील र मर्यादित सामाजिक जीवन बिताउनु पर्ने हुन्छ । जसका लागि अत्यावश्यक सिपहरू नै 'जीवनोपयोगी सिपहरू' हुन् र यिनै जीवनोपयोगी सिप सिकाउने कार्यलाई जीवनोपयोगी शिक्षा भनिन्छ । जीवनोपयोगी सिपको ऐतिहासिक पृष्ठभूमि निकै पुरानो मानिन्छ । प्राचीन समयदेखि नै मानिसले जीवनोपयोगी सिप विकासको अभ्यास गरेको पाइन्छ । मानव विकासको प्रारम्भिक चरणमा विभिन्न किसिमका घरेलु हतियार तथा सामाग्रीहरू बनाउने, सुरक्षित बासस्थानको बन्दोबस्त मिलाउने, पूजा पाठका विधि विधान बनाउने जस्ता जीवनोपयोगी सिपहरूको उपयोग हुन्थ्यो । मध्यकालमा कला, संस्कृति तथा धर्महरू जस्ता पक्षहरूको विकासका लागि जीवनोपयोगी सिपको प्रयोग भएको पाइन्छ । पूर्वीय परम्पराको बैदिक तथा बौद्ध चिन्तन परम्परामा जीवनोपयोगी सिपको अभ्यास नैतिक धर्म र आचरणसँग जोडेर गरिन्थ्यो । पश्चिमी परम्परामा पनि प्राचीन ग्रिसदेखि नै यसको अभ्यास भएको पाइन्छ । सन् १९९० मा थाइल्यान्डको जोमटिन सहरमा शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय सम्मलेन भएको थियो । उक्त सम्मेलनले 'सबैका लागि शिक्षा' घोषणा पत्र जारी गऱ्यो । उक्त घोषणा पत्रमा बाँच्न, क्षमता विकास गर्न र गुणस्तरीय जीवनका लागि जीवनोपयोगी सिपलाई पनि समावेश गऱ्यो । त्यसपछि सन् १९९८ को अप्रिल ६ र ७ मा विश्व स्वास्थ्य सङ्गठनको कार्यालय जेनेभामा जीवनोपयोगी सिप शिक्षासँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय निकायको बैठक बसी जीवनोपयोगी सिपहरूको कार्यढाँचा तयार गरे । सन् २००० मा सेनेगलको राजधानी डकारमा भएको 'सबैका लागि शिक्षा' सम्मेलनले जीवनोपयोगी सिपलाई थप व्यवस्थित गर्न मदत गऱ्यो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार "दैनिक जीवनमा आइपर्ने हरेक माग र चुनौतीहरूको सामना गर्दै प्रभावकारी रूपमा सामान्जस्य गर्ने सकारात्मक र सक्षम व्यवहार नै जीवनोपयोगी सिप हुन् ।" त्यस्तै संयुक्त राष्ट्रसङ्घीय बालकोशका अनुसार "व्यक्तिको स्वभाव, परिवर्तन वा व्यक्तिको ज्ञान, सिप र अवधारणाको सन्तुलित विकासका लागि तयार पारिएको पद्धति नै जीवनोपयोगी सिप हो ।" जीवनोपयोगि सिपअन्तर्गत विभिन्न परिस्थितिहरूमा घुलमिल हुन सक्ने र कठिन परिस्थितिमा पनि सफलताको सम्भावना देख्न सक्ने आशावादी स्वभाव पनि पर्छ ।

अहिले पछिल्लो समयमा दैनिक जीवनलाई सरल, सहज र अर्थपूर्ण बनाउने प्रयोजनका लागि प्रयोग र अभ्यास भएको पाइन्छ । बोलाइ सिप, निर्णय गर्ने सिप, सञ्चार सहकार्य गर्ने सिप, समस्या समाधान सिप आदि हाम्रा दैनिक जीवनका लागि अति आवश्यक सिप हुन् ।

## जीवनोपयोगी सिपको वर्गीकरण

विश्व स्वास्थ्य सङ्गठनले सन् १९९७ मा १० प्रकारका जीवनोपयोगी सिपहरूको निर्धारण गरेको छ जुन निम्नानुसार छन् :

१. निर्णय प्रक्रिया

२. समस्या समाधान सिप

३. प्रभावकारी सञ्चार सिप

४. तनाव व्यवस्थापन सिप

५. अन्तरवैयक्तिक सिप र सम्बन्ध

६. समालोचनात्मक सिप

७. सिर्जनात्मक सिप

८. समानुभूति सिप

९. आत्मबोध सिप

१०. संवेग व्यवस्थापन सिप

यसरी आजको विज्ञान र प्रविधिको युगमा जीवनोपयोगी सिपको महत्त्व दिनप्रतिदिन बढ्दै गएको पाइन्छ । जीवनोपयोगी सिपले मानव जीवनलाई सरल, सहज, व्यवस्थित र प्रभावकारी बनाउन मदत गर्छ । जीवनमा आइपर्ने हरेक चुनौती तथा समस्यालाई धैर्यपूर्वक समाधान गर्न सक्ने क्षमताको विकास गराउँछ । व्यक्तिको क्षमता विकास तथा अगि बढ्नका लागि हौसला प्रेरणा प्रदान गर्ने मुख्य माध्याम पनि जीवनोपयोगी सिप नै हो । व्यक्तिलाई आफ्नो दिमागलाई ठिक तरिकाले परिचालन गर्न सघाउँछ । जीवनमा आइपर्ने हरेक किसिमका समस्या समाधान गरी अगि बढ्न सहयोग पुग्छ । ठिक समयमा ठिक तरिकाले निर्णय लिन सक्ने क्षमता बढाउँछ । अरूसँग छिटै घुलमिल हुन सक्ने बनाउँछ र जोसुकैसँग पनि सहकार्य गर्न सक्ने क्षमताको विकास हुन्छ । अरूका कुरा राम्रोसँग बुझ्ने र आफ्ना कुरा पनि प्रस्टसँग राख्ने क्षमताको विकास हुन्छ । त्यसैले पछिल्लो समयमा जीवनेपयोगी सिपलाई हरेक देशले आफ्नो शिक्षामा समावेश गरेका छन् ।

### क्रियाकलाप

१. तपाईंको विचारमा एक्काइसौँ शताब्दीका लागि आवश्यक जीवनोपयोगी सिप के के हुन सक्छन्, सूची बनाउनुहोस् ।

२. जीवनोपयोगी शिक्षाअनुसारको सिप तपाईं आफ्नो जीवनमा कसरी प्रयोग गर्नुभएको छ ? उदाहरण प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) जीवनोपयोगी सिप भनेको के हो ?

(ख) औपचारिक रूपमा जीवनोपयोगि सिपको विकास कहिले भएको मानिन्छ ?

(ग) विश्व स्वास्थ्य सङ्गठनका अनुसार जीवनोपयोगी सिप भनेको के हो ?

(घ) विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेका कुनै दुई जीवनोपयोगी सिप उल्लेख गर्नुहोस् ।

(ङ) संयुक्त राष्ट्रसङ्घीय बालकोशका अनुसार जीवनोपयोगी सिपको परिभाषा लेख्नुहोस् ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) तपाईंमा भएका जीवनोपयोगी सिपको सूची बनाउनुहोस् ।

(ख) जीवनोपयोगी सिपको ऐतिहासिक पृष्ठभूमिको व्याख्या गर्नुहोस् ।

(ग) विश्व स्वास्थ्य सङ्गठनले सन् १९९७ मा निर्धारण गरेका १० प्रकारका जीवनोपयोगी सिपको सूची बनाउनुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) विद्यार्थीका लागि किन जीवनोपयोगी सिपको महत्त्व हुन्छ ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।

## पाठ २ जीवनोपयोगी सिप र तिनको व्यावहारिक प्रयोग

### समालोचनात्मक चिन्तन सिप

समालोचनात्मक चिन्तन सिप पनि जीवनोपयोगी सिपमध्ये एक हो । समालोचनात्मक चिन्तन चिन्तनको एउटा प्रक्रिया हो अर्थात् उच्च तहको चिन्तन प्रक्रिया वा संज्ञानात्मक ज्ञान हो । जहाँ विचार र विवेचनालाई तथ्य र कारणसहित पुष्टि गर्ने, सोचाइलाई समालोचनात्मक बनाउने जस्ता कार्यहरू पर्छन् । यसरी हेर्दा स्वनिर्देशित, आत्मअनुशासित र कुनै पनि तथ्यलाई सकारात्मक रूपले विश्लेषण, मूल्याङ्कन र विवेचना गर्न सक्ने क्षमतालाई समालोचनात्मक चिन्तन सिप भन्न सकिन्छ । समालोचनात्मक चिन्तन सिप दैनिक व्यावहारिक जीवनलाई सफल बनाउन मात्र नभई विद्यार्थी वर्गका लागि अति नै आवश्यक हुन्छ । किनभने यसले विद्यार्थीमा सिकाइका लागि स्वउत्प्रेरित भई प्रतिबिम्बात्मक कार्यहरू सम्पादन गर्न सक्ने, बहस वादविवादमा आत्मविश्वासका साथ भाग लिने र आफ्ना तर्क र मान्यतालाई दृढताका साथ पूरा गर्न सक्ने क्षमताको विकास गर्छ । सिकाइ सहजीकरण क्रियाकलापमा विद्यार्थीसँग भएका ज्ञान तथा सिपलाई परिवर्तन गर्ने, नयाँ ज्ञान तथा सिपहरू विकास गर्ने, सिकेका कुरालाई व्यवहारमा उतार्ने वातावरण सिर्जना गर्नका लागि प्रयोग गर्ने तरिकालाई समालोचनात्मक चिन्तन सिप भनिन्छ । हामीले समालोचनात्मक चिन्तन गर्दा चरणबद्ध रूपमा गर्न सकेमा यसबाट कुनै पनि समस्या वा विषयवस्तुका बारेमा गहिरिएर अध्ययन गर्न सकिन्छ । समालोचनात्मक चिन्तन सिपका चरणहरूका बारेमा विभिन्न अवधारणा रहेका पाइन्छन् । तीमध्ये यहाँ केही प्रचलित चरणहरू यहाँ उल्लेख गरिएका छन् :

१. समस्याको पहिचान

२. तथ्य तथा प्रमाण सङ्कलन

३. तथ्याङ्क तथा सूचनाहरू सही भए वा नभएको यकिन गर्ने

४. घटनाको विश्लेषण

५. सम्भावित विकल्पहरूमाथि विचार गरी निष्कर्ष निकाल्ने

६. निष्कर्ष वा निर्णयलाई सञ्चार गर्ने

### समालोचनात्मक चिन्तनको महत्त्व

समालोचनात्मक चिन्तन मानव जीवनका हरेक पक्षमा आवश्यक छ । समालोचनात्मक चिन्तनले तर्कपूर्ण विश्लेषण गर्ने, जीवनमा आइपरेका हरेक समस्यालाई सुझबुझपूर्ण ढङ्गबाट सोचविचार गरेर मात्र समाधान गर्न सक्ने र उचित निर्णयका साथ काम गर्न सक्ने क्षमताको विकास हुन्छ । यो स्वनिर्देशित, स्वमूल्याङ्कन र स्वचिन्तनमा आधारित भएकाले ज्यादै महत्त्वपूर्ण छ । समालोचनात्मक चिन्तनको महत्त्वलाई यहाँ प्रस्तुत गरिएको छ :

### (क) सिर्जनात्मक क्षमताको विकास

समालोचनात्मक चिन्तन भनेकै कुनै पनि काम गर्दा वा निर्णय लिँदा पूर्ण सक्रियताका साथ सिपपूर्ण तरिकाले कुनै विषयवस्तुका बारेमा अवधारणा लिने, विश्लेषण गर्ने, संश्लेषण गर्ने, प्रयोग गर्ने र मूल्याङ्कन गर्ने भएकाले सिर्जनात्मक क्षमताको विकास गराउँछ ।

### (ख) आत्ममूल्याङ्कन तथा आत्म प्रतिबिम्बनका लागि

समालोचनात्मक चिन्तन स्वनिर्देशित, स्वमूल्याङ्कन र स्वचिन्तनमा आधारित भएकाले निर्णय प्रक्रियाको निष्कर्ष वा परिणामका आधारमा व्यक्तिले आत्ममूल्याङ्कन तथा आत्म प्रतिबिम्बन गर्ने मौका पाउँछ ।

### (ग) कुनै पनि समस्या वा मुद्दालाई निष्कर्षमा पुऱ्याउन

समालोचनात्मक चिन्तनले व्यावहारिक जीवनमा आइपर्ने कुनै पनि समस्या वा मुद्दालाई निष्कर्षमा पुऱ्याउन मदत गर्छ । यदि व्यक्तिमा समालोचनात्मक चिन्तन क्षमता छैन भने उसलाई त्यही समस्याले रोगी, असफल बनाउन सक्छ । त्यसैले कुनै पनि समस्या वा मुद्दालाई निष्कर्षमा पुऱ्याउन समालोचनात्मक चिन्तन क्षमता ज्यादै महत्त्वपूर्ण हुन्छ ।

### (घ) समय र परिस्थितिअनुसार आवश्यक तथ्य तथा प्रमाणहरू छुट्याउन

समालोचनात्मक चिन्तनले व्यक्तिलाई कस्तो समस्यामा कस्ता तथ्य वा प्रमाणहरूको आवश्यकता पर्छ भन्ने छुट्याउन सक्ने बनाउँछ । यसरी परिस्थितिबमोजिमका तथ्य तथा प्रमाण सङ्कलन गरेर काम गर्दा हरेक समस्या समाधान गर्न सहज हुन्छ ।

### (ङ) वैज्ञानिक खोज, आविष्कार तथा प्रयोगका लागि

आज विश्वमा जे जति वैज्ञानिक खोज, अनुसन्धान र नयाँ नयाँ विज्ञान र प्रविधिको आविष्कार तथा प्रयोग भएका छन् ती सबै समालोचनात्मक चिन्तन क्षमताका कारणले सम्भव भएका हुन् ।

### (च) प्राज्ञिक वृत्ति विकासका लागि

समालोचनात्मक चिन्तन क्षमता प्राज्ञिक वृत्ति विकासको मुख्य आधार हो किनभने कुनै पनि अनुसन्धानकर्ता वा आविष्कारकहरू यही समालोचनात्मक चिन्तन क्षमताकै कारणले सफल भएका हुन् ।

### (छ) विद्यार्थीको सिकाइमा सुधारका लागि

समालोचनात्मक चिन्तन क्षमता व्यावहारिक समस्याहरूको मात्र नभएर सिकारुहरूको सिकाइमा सुधारका लागि पनि महत्त्पूर्ण आधार बन्न सक्छ । समालोचनात्मक चिन्तन क्षमताले सिकारुहरू खोजी गर्न, तर्क गर्न, समस्या समाधान गर्न, सिकेका कुराहरूलाई व्यवहारमा उतार्न सक्षम हुन्छन् । जसका कारणले सिकारुको सिकाइमा सुधार हुन्छ ।

### (ज) शिक्षकको शिक्षण क्षमता विकासका लागि

समालोचनात्मक चिन्तन क्षमताले शिक्षकलाई सिकारुको वैयक्तिक क्षमता पहिचान गरी पृष्ठपोषण प्रदान गर्न मदत गर्छ । त्यस्तै सिकारुमा भएको जिज्ञासा मेटाउन, कक्षाकोठा शिक्षणमा नवीनतम प्रविधिको प्रयोग तथा परम्परागत शिक्षण प्रविधिलाई निरुत्साहित गर्नका लागि मदत गर्छ । यस्ता कार्यबाट शिक्षकको शिक्षण क्षमताको विकास हुन्छ ।

समालोचनात्मक चिन्तन सिप एक किसिमको उच्च तहको ज्ञान तथा सिप हो । त्यसैले व्यक्तिले यस सिपको व्यावहारिक प्रयोग गर्दा अन्य सिपहरूको पनि प्रयोग हुन्छ । समालोचनात्मक चिन्तन सिपअन्तर्गत समावेश हुने अन्य सिपहरूको यहाँ चर्चा गरिएको छ ।

अवलोकन : समालोचनात्मक चिन्तनका लागि अत्यन्तै गहिरिएर अध्ययन तथा अवलोकन गर्नुपर्ने हुनाले अवलोकन सिपको प्रयोग हुन्छ ।

तार्किक सिप : समालोचनात्मक चिन्तनबाट व्यक्ति सजिलै निष्कर्षमा पुग्न सक्छ । निष्कर्ष पछि उसमा तार्किक क्षमताको विकास हुन्छ ।

विश्लेषण : कुनै पनि घटना वा समस्याको समाधानका लागि व्यक्तिले उपयुक्त तथ्य, तथ्याङ्क वा प्रमाण सङ्कलन गर्नुपर्छ । उक्त तथ्य, तथ्याङ्क वा प्रमाणहरूको उपयुक्त विश्लेषणपछि मात्र निष्कर्षमा पुग्न सक्छ ।

संश्लेषण : संश्लेषण भनेको छरिएर रहेका तथ्य तथ्याङ्कलाई जोड्ने प्रक्रिया हो । समालोचनात्मक चिन्तन गर्दा सङ्कलित तथ्य तथा प्रमाणलाई जोडेर विश्लेषण गर्नुपर्ने भएकाले संश्लेषण पनि समालोचनात्मक चिन्तनमा प्रयोग हुने सिप हो ।

सिर्जनशिलता : जोसँग सिर्जनात्मक क्षमता छैन उसले समालोचनात्मक चिन्तन गर्न सक्दैन । त्यसैले सिर्जनशिलता पनि समालोचनात्मक चिन्तनमा प्रयोग हुने महत्त्वपूर्ण सिप हो ।

खुला विचार सिप : समालोचनात्मक चिन्तन गर्दा कुनै पनि व्यक्तिले आफ्नो विचारलाई खुला राखेर सोच्नु पर्छ किनभने समालोचनात्मक चिन्तन सिप स्वनिदेर्शित र स्वचिन्तनमा आधारित हुने भएकाले यसका लागि व्यक्तिले खुला विचार सिपको प्रयोग गर्ने अवसर पाउँछ ।

समस्या समाधान सिप : समालोचनात्मक चिन्तन सिपले व्यक्तिमा हरेक किसिमका समस्या समाधान गर्न सक्षम बनाउँछ । त्यसैले समस्या समाधान सिप पनि समालोचनात्मक चिन्तनमा प्रयोग हुने सिप हो ।

यसरी हेर्दा समालोचनात्मक चिन्तन सिप व्यावहारिक समस्या समाधानका लागि अति नै महत्त्वपूर्ण हुन्छ भन्न सकिन्छ ।

आत्मआलोचना

आत्मआलोचना भनेको के हो ? भन्ने बुझ्नका लागि तल दिइएको घटना अध्ययन गरौँ है त ?

हरिश खुला विद्यालयमा कक्षा १२ मा अध्ययन गर्ने असल, मिहिनेती र जेहनदार विद्यार्थी थिए । उनी पढाइमा पनि ज्यादै अब्बल थिए । उनका केही साथी खासै पढाइमा ध्यान नदिने, रमाइलोमा मात्र भुल्न मन पराउने र जाँड रक्सी चुरोटको लतमा समेत फसिसकेका थिए । हरिशले साथीहरूलाई आफू जस्तै बनाउने धेरै कोसिस गरेका थिए । तर साथीहरूले हरिशको कुरा सुन्दैनथे । साथीहरूले रमाइलो गर्ने उमेर यही हो । अहिले रमाइलो नगरे कहिले गर्ने भनेर फकाउँदा फकाउँदै हरिश पनि साथीहरूसँगै कुलतमा फस्न थाले र पढाइमा ध्यान दिन छाड्दै गए । परिणाम स्वरूप कक्षा १२ को बोर्ड परीक्षामा सबै विषयमा अनुत्तीर्ण भए । त्यसपछि हरिश निद्राबाट झल्याँस्स ब्युउँझिए जस्तै भए । उनी आफूलाई आफैँ देखेर रिस उठ्न थाल्यो । अनि आफू असफल हुनाका कारण के के होलान् त भनेर समिक्षा गरे । साथीहरूको लहै लहैमा लागेर पढाइमा पटक्कै ध्यान नदिएको, जाँड रक्सी, चुरोट सेवन गर्न थालेको, पढ्न भन्दा साथीहरूसँग घुम्नलाई पहिलो प्राथमिकता दिएको, आमाबुबासँग साथीकामा पढ्न जान्छु भनेर ढाँटेर विद्यालय नगई बाहिर जाँड रक्सी, चुरोट सेवन गर्दै बसेको, म विद्यार्थी हुँ पढाइ मेरो पहिलो कर्तव्य हो भन्ने बिर्सेको, बुबाआमाको सपना पूरा गर्नुछ भन्ने कुरालाई वास्ता नगरेको जस्ता कारणहरूले कक्षा १२ को परीक्षामा अनुत्तीर्ण भएका कारणहरू पत्ता लगाए । त्यसपछि बुबाआमा र शिक्षकहरूसँग आफूबाट भएका गल्ती, कमीकमजोरीहरू औँल्याउँदै यिनै कारणहरूले गर्दा आज यो अवस्था आएको हो भन्दै आत्मआलोचना गरे । त्यसपछि अर्को वर्ष साथीहरूबाट टाढै रहे, जाँड रक्सी, चुरोट सेवन गर्न छाडे । रुटिङ बनाएर राम्रोसँग पढ्न थाले, सबै विषयको नोट बनाए, नजानेका कुराहरू शिक्षकहरूसँग टेलिफोन र मेसेन्जरबाट सोध्ने गरेर राम्रोसँग पढी राम्रो ग्रेड ल्याएर कक्षा १२ पूरा गरे ।

माथिको घटनाबाट आत्मआलोचना भनेको के हो ? भन्ने प्रस्टसँग बुझ्न सकिन्छ । आफ्ना सबल पक्ष र कमजोर पक्षहरूलाई केलाई आफैँले आफ्ना कमी कमजोरी पत्ता लगाई सुधार गर्ने कार्यलाई आत्मआलोचना भनिन्छ । आत्मआलोचनाले मानिसलाई महान् बनाउँछ । आफ्ना कमी कमजोरी सुधार गर्ने मौका प्रदान गर्छ । आफ्ना असफलताका कारणको गहिराइसम्म पुगेर अध्ययन गर्ने र त्यसमा भएका सबल र कमजोर पक्षहरू पत्ता लगाई कमजोर पक्षमा सुधार गर्ने मौका प्रदान गर्छ ।

कहिले काहिँ धेरै आत्मआलोचनाले समस्या पनि उत्पन्न हुन सक्छ । यसप्रति सधैँ सजग र सचेत हुनुपर्छ । सानो सानो कुरामा पनि आत्मालोचना गर्ने गर्दा कहिलेकाहिँ पछुताउनु पर्ने अवस्था पनि आउन सक्छ । धेरै आत्मआलोचित हुने बानी बसेमा आत्मग्लानि बढ्दै जान सक्छ । यसबाट जतिखेर पनि मबाट गल्ती मात्र हुने रहेछ भनी आफूलाई असक्षम ठान्ने पनि हुन सक्छ । मानसिक तनाव उत्पन्न हुन सक्छन् । तसर्थ आत्मआलोचना सिपलाई पनि सन्तुलित रूपमा प्रयोग गर्नुपर्छ । हाम्रो दैनिक जीवनमा सानातिना गल्ती कमी कमजोरीहरू भइरहन्छन् । त्यस्ता सानातिना गल्ती कमजोरीमा आत्मालोचना गरेर अलमलिनु हुँदैन । हाम्रा कामले पारेको गम्भीर वा ठुलै परिणामका आधारमा मात्र आत्मालोचना सिपको प्रयोग गरी आफूले आफैँलाई सच्याउने प्रयत्न गर्नु पर्छ ।

## स्वरूपान्तरण

स्व भनेको आफैं र रूपान्तरण भनेको परिवर्तन हो । यसरी आफैंले आफैंलाई आफ्नै कोसिसबाट परिवर्तन गर्ने प्रक्रिया स्वरूपान्तरण हो । वर्तमान समयमा जो व्यक्तिले आफूलाई समय परिस्थितिअनुसार आफैं परिवर्तन गर्न सक्छ वा परिवर्तनका लागि पहल गर्छ ऊ नै सफल व्यक्ति बन्छ । स्वरूपान्तरण परिवर्तनलाई व्यवस्थित गर्ने एउटा तरिका हो । स्वरूपान्तरण एकातिर आफ्ना कमीकमजोरी पत्ता लगाएर त्यसमा सुधार गर्ने प्रक्रिया हो भने अर्कोतिर आफूलाई समयसापेक्ष बनाउन स्वयम् बदलिने प्रक्रिया पनि हो । यसका लागि हरेक व्यक्तिले आफ्नो मूल्यांकन आफैं गर्ने, घमण्ड त्याग्ने, कमी कमजोरी पत्ता लगाई आत्मआलोचना गर्ने, सत्य र न्यायको पक्षमा आवाज उठाउने गर्न सक्नुपर्छ । त्यस्तै सत्यलाई आफ्नो जीवनको आदर्श बनाउने, असम्भव कुराप्रति बढी महत्वाकांक्षी नबन्ने, वास्तविक लक्ष्य मात्र निर्धारण गर्ने, झुटा प्रशंसा गर्ने व्यक्तिहरूबाट टाढा रहने, काम गर्दा आइपर्ने असहजतालाई स्विकार गर्ने जस्ता क्रियाकलापहरूको अबलम्बन गर्नुपर्छ । अर्को महत्त्वपूर्ण कुरा भनेको आत्मबोधको विकास गरी सर्वप्रथम आफैंलाई बुझ्ने र आफ्ना लागि के कस्ता परिवर्तनहरू आवश्यक छन् भनी मनन गर्नुपर्छ । जीवनको स्पष्ट लक्ष्य निर्धारण गर्ने र आफ्ना गतिविधिहरू लक्ष्यतिर निर्देशित छन् कि छैनन् चिन्तन गर्ने जस्ता पक्षमा ध्यान पुऱ्याउनुपर्छ । जो कोहीले पनि जीवनमा सफलता चाहन्छ भने स्वरूपान्तरणलाई आत्मसात् गर्नु अति नै आवश्यक हुन्छ । त्यस्तै स्वरूपान्तरणको महत्त्व यहाँ प्रस्तुत गरिएको छ :

१. आत्मसन्तुष्टि प्राप्तिका लागि
२. सकारात्मक सोच र चिन्तनको विकासका लागि
३. सहनशीलता, धैर्यता र समर्पणका लागि
४. चुनौतीलाई अवसरमा बदल्नका लागि
५. नयाँ दृष्टिकोणका लागि
६. हरेक क्षेत्रमा सफलता प्राप्तिका लागि
७. आफ्ना कमीकमजोरीमा सुधारका लागि
८. समय परिस्थितिअनुसार आफूलाई बदल्नका लागि

## आत्मआलोचना र स्वरूपान्तरणको सम्बन्ध

स्वरूपान्तरण र आत्मआलोचना एक अर्कामा अन्तरसम्बन्धित छन् किनभने मानिसले आफूले आफैंलाई परिवर्तन गर्नका लागि सकारात्मक आत्मआलोचनापछि आफ्ना कमीकमजोरीमा सुधार गरी स्वरूपान्तरण गर्नुपर्छ । स्वस्थ आत्मआलोचनाले मानिसलाई असल, उत्पादनमूलक र सफल बन्न मदत गर्छ । यसरी मानिसमा आउने परिवर्तन नै स्वरूपान्तरण हो । अरूको प्रयत्न र प्रयासबाट भएको रूपान्तरण दीर्घकालीन नहुन सक्छ । त्यसैले आफूले आफैंलाई पहिचान गर्ने, नकारात्मक र सकारात्मक पक्षहरू निर्धारण गर्ने, नकारात्मक पक्षहरूलाई दृढ सङ्कल्पका साथ पूरा गर्न सक्ने व्यक्तिले मात्र स्वरूपान्तरण गर्न सक्छ । यसका लागि मानिसमा भएका घमण्ड,

लोभ, इर्ष्या, मोह, बदला, प्रतिशोध आदि जस्ता पक्षको निराकरण गर्नुपर्छ । त्यसपछि मात्र आत्मआलोचना र स्वरूपान्तरण गर्न सकिन्छ ।

## कार्य तथा घटनाको समालोचनात्मक चिन्तन विकास र अभ्यास

कुनै पनि विचार वा सिद्धान्त सधैँका लागि मान्य र अकाट्य हुँदैन । वर्तमानमा अभ्यास भइरहेका विषयवस्तुहरू सदाका लागि ठिक हुँदैनन् । नयाँ पुस्ताहरूले छलफल र चिन्तन गर्दै जाँदा नयाँ विचारको जन्म हुन्छ, जस्तै: प्राचीन गुरुकुलीय पद्धतिमा समयक्रमअनुसार चिन्तन, मनन, छलफल हुँदै जाँदा वैज्ञानिक ज्ञान र विज्ञानको विकास भएको देखिन्छ । नेपालको सन्दर्भमा कुरा गर्दा वि.सं. १९०३ देखि वि.सं. २००७ सम्म राणाहरूको शासन चलेको थियो । सुरु सुरुमा जनताहरूले राणा शासनलाई राम्रो वा नराम्रो जस्तो सुकै मानेको भए तापनि आत्मसात् गरेका थिए । जब जनताहरूमा कार्य तथा घटनाको समालोचनात्मक चिन्तन र विकास हुँदै गयो त्यसपछि राणा शासनको विरुद्धमा विस्तारै सक्रिय हुँदै जान थाले । परिणाम स्वरूप वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भयो । त्यस्तै वि.सं. २०१७ सालमा पुन: पञ्चायति शासन व्यवस्थाको स्थापना भयो । यो शासन पनि ३० वर्षसम्म चल्न सफल भएको थियो । पञ्चायती शासनलाई पनि जनताले सुरु सुरुमा सजिलै आत्मसात् गरे । पछि विस्तारै निरंकुशताको अनुभव हुँदै गयो । मौलिक हक अधिकारको हनन हुँदै गएको अनुभव हुन थाल्यो । त्यसपछि विस्तारै पञ्चायति शासनका विरुद्धमा आवाज उठ्न थाले । अन्तत राजनीतिक दल र जनताको एक्येबद्धतामा बहुदलीय व्यवस्थाको पुर्नस्थापना भयो । हाम्रो समाजमा वैदिक कालदेखि बहस, छलफल र वादविवादको माध्यमबाट समालोचनात्मक चिन्तन गर्ने अभ्यासको विकास भएको पाइन्छ ।

यसरी  कार्य तथा घटनाको समालोचनात्मक चिन्तन विकास र अभ्यासले परिवर्तन सम्भव हुन्छ किनभने यस चिन्तनले कुनै घटना तथा तथ्यलाई सतही रूपमा मात्र हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउँछ । कुनै व्यक्ति वा शासकका विचारहरू शक्तिको बलमा कार्यान्वयन हुन सक्दैनन् ।

कुनै पनि घटना वा कार्यमा आवश्यक पर्ने केही समालोचनात्मक चिन्तन सिप यहाँ प्रस्तुत गरिएका छन् :

१. के, कहाँ, कहिले, कसरी, किन भनेर प्रश्न गर्ने

२. खास समस्या पहिचान गर्ने

३. तथ्य र प्रमाणहरू सङ्कलन र परीक्षण गर्ने

४. मान्यता र पक्षधरता विश्लेषण गर्ने

५. संवेगात्मक तर्कहरू हटाउने

६. अति सामान्यीकरण हुनबाट बच्ने

७. अरूको विचारलाई ध्यान दिने

८. फरक विचार र द्विविधालाई सहज रूपमा स्वीकार गर्ने

यी सिपहरूबाट कुनै पनि कार्य वा घटनाको समालोचनात्मक चिन्तन विकास र अभ्यासमा मदत पुग्छ ।

### क्रियाकलाप

१. तपाईँका विचारमा समालोचनात्मक चिन्तन सिपको विकास गर्न तपाईँमा कुन कुन सिपको आवश्यकता पर्छ होला ? कारणसहित उल्लेख गर्नुहोस् ।

२. "आत्मआलोचनाले स्वरूपान्तरणमा मदत गर्छ ।" भन्ने भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

३. तल दिइएको घटना अध्ययन गरी चरणबद्ध रूपमा समालोचनात्मक चिन्तन कसरी गर्न सकिन्छ भनी नमुना प्रस्तुत गरिएको छ । त्यस्तै गरी तपाईँले तपाईँको जीवनमा देख्नुभएका वा सुन्नु भएका कुनै घटनालाई चरणबद्ध रूपमा समालोचनात्मक चिन्तन गर्नुहोस् ।

राम कक्षा १२ मा अध्ययन गर्थे । उनी कक्षामा साथीहरूसँग र शिक्षकसँग धेरै बोल्दैनथे । विद्यालय पनि नियमित रूपमा जाँदैनथे । उनी प्रायः सधैँजसो चिन्तित अवस्थामा देखिन्थे । पढाइमा पनि त्यति राम्रो ध्यान दिँदैनथे । साथीहरूले किन तिमी धेरै बोल्दैनौ ? तिमीलाई के भएको छ ? भन्दा मलाई केही भएको छैन मात्र भन्थे । यत्तिकैमा उनी विद्यालय आउन पनि छाडे । परीक्षा दिन पनि आएनन् । त्यसपछि उनका साथीहरूले उनको खोजी गरे । उनका घरमा बुबाले रक्सी खाएर आउने, झगडा गर्ने, घरपविारलाई त्यति वास्ता नगर्ने गर्दा रहेछन् । त्यस्तै उनको घरको आर्थिक अवस्था पनि दिन प्रतिदिन खस्कँदै गएकाले घरायसी समस्या बढ्दै गएको भन्ने कुरा एक दिन उनका एक जना साथीले रामको छिमेकीबाट थाहा पाएर शिक्षकलाई सुनाएका थिए ।

(क) समस्याको पहिचान : माथि दिइएको घटनामा रामले पढ्न नसकेर विद्यालय छाड्नु नै मुख्य समस्या हो ।

(ख) तथ्य तथा प्रमाण सङ्कलन :

१. राम कक्षामा साथीहरूसँग र शिक्षकसँग धेरै बोल्दैनन् ।

२. विद्यालय पनि नियमित रूपमा जाँदैनन् ।

३. राम प्रायजसो चिन्तित अवस्थामा देखिन्छन् ।

४. रामले पढाइमा पनि खासै राम्रो ध्यान दिँदैनन् ।

५. राम विद्यालय आउन पनि छाडे ।

६. घरबाट विद्यालय जाने भनेर हिँड्ने तर बाटामा नै साथीहरूसँग बस्ने गरेका छन् ।

७. राम कुलतमा फसेका हुन् ।

(ग) तथ्याङ्क तथा सूचनाहरू सही भए वा नभएको यकिन गर्ने :

सङ्कलित तथ्य तथा प्रमाण सही भए वा नभएको यकिन गर्नुपर्छ । यदि कुनै तथ्याङ्क घटनासँग मिलेका आधारमा अन्य घटनासँग सामान्यीकरण गरेर सङ्कलन गरिएको भेटिएमा उक्त तथ्याङ्कलाई छाडेर अन्य घटनासँग सम्बन्धित तथ्याङ्कलाई लिएर समालोचनात्मक चिन्तन गर्नुपर्छ, जस्तै : माथि सङ्कलित तथ्य तथा प्रमाणमा "राम घरबाट विद्यालय जाने भनेर हिँड्ने तर बाटामा नै साथीहरूसँग बस्ने गरेका छन् । राम कुलतमा फसेका हुन् ।" यी दुई तथ्यहरू माथि उल्लिखित घटनालाई सामान्यीकरण गरेर सङ्कलन गरिएका हुन् त्यसैले यिनीहरूलाई छाडेर अन्य तथ्यहरूका आधारमा विश्लेषण गरिनुपर्छ ।

(घ) घटनाको विश्लेषण

घटनाको विश्लेषणमा घटनासँग सम्बन्धित सकारात्मक र नकारात्मक दुवै पक्षको समालोचनात्मक चिन्तन गरिनुपर्छ, जस्तै: केही घटनासँग सम्बन्धित सम्भावित नकारात्मक तथ्यहरू :

१. रामको घरको आर्थिक अवस्था कमजोर छ ।

२. रामका आमा र बुबाको बारम्बार झगडा परिरहन्छ ।

३. रामका बुबालाई घरमा बस्न मन लाग्दैन ।

४. रामका बुबालाई उनकी श्रीमती मन परेको छैन उनी बाहिर अन्य महिलासँग हिँड्ने गरेका छन् ।

(ङ) सम्भावित विकल्पहरूमाथि विचार गरी निष्कर्ष निकाल्ने :

रामको अवस्थाका बारेमा जानकारी लिनका लागि सङ्कलन गरिएका सकारात्मक र नकारात्मक दुवै तथ्यहरूको अध्ययन अनुसन्धान गर्दा उनले विद्यालयमा देखाएको व्यवहारका आधारमा विद्यालयमा उनको मिल्ने साथीहरू र घरमा बुबा, आमा, छरछिमेकीहरू आदिसँग सोधपुछ गर्ने र सही विकल्पहरूका आधारमा निष्कर्ष निकालीनु पर्छ ।

(च) निष्कर्ष वा निर्णयलाई सञ्चार गर्ने

प्राप्त निष्कर्ष वा निर्णयलाई प्रचार प्रसार गर्ने, जस्तै: यस घटनामा रामका बुबाको आफ्नो घरपरिवार

## अभ्यास

अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) समालोचनात्मक चिन्तन भनेको के हो ?

(ख) कुनै दुईओटा समालोचनात्मक चिन्तन सिप उल्लेख गर्नुहोस् ।

(ग) स्वरूपान्तरण भनेको के हो ?

(घ) स्वरूपान्तरणका कुनै दुई उपाय उल्लेख गर्नुहोस् ।

(ङ) आत्मआलोचना भनेको के हो ?

(च) आत्मआलोचना र स्वरूपान्तरणबिचको सम्बन्धलाई एक वाक्यमा उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) समालोचनात्मक चिन्तन सिपको महत्त्व लेख्नुहोस् ।

(ख) स्वरूपान्तरणका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको सूची बनाउनुहोस् ।

(ग) स्वरूपान्तरणको महत्त्वका सम्बन्धमा चर्चा गर्नुहोस् ।

(घ) "आत्मआलोचनाले व्यक्तिलाई कमजोर होइन सबल बनाउँछ ।"यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ङ) कार्य तथा घटनाका समालोचनात्मक चिन्तनका सिप उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) आत्मआलोचना र स्वरूपान्तरणको सम्बन्ध उल्लेख गर्दै "आत्मआलोचना सधैँ सकारात्मक हुनुपर्छ नत्र गलत परिणाम आउन सक्छ ।" भन्ने तथ्यलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(ख) समालोचनात्मक चिन्तन सिपहरूको व्याख्या गर्नुहोस् ।

(ग) आत्मआलोचना र स्वरूपान्तरणले व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्छ, यस भनाइलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

## पाठ ३ सिर्जनात्मक चिन्तन

सिर्जनाको अर्थ कुनै पनि नयाँ तथ्य, कुरा वा वस्तुको निर्माण गर्नु भन्ने हुन्छ भने चिन्तनको अर्थ कुनै पनि विषयवस्तुलाई गहन रूपमा अध्ययन र विचार गर्नु भन्ने हुन्छ । यसरी हेर्दा कुनै पनि विषयवस्तुलाई नवीन तरिकाले सोच्ने, चिन्तन गर्ने र बुझ्ने क्षमता नै सिर्जनात्मक चिन्तन हो । कुनै पनि काममा नयाँ मार्गको पहिचान तथा खोजी नै सिर्जनात्मक चिन्तन हो । अर्थात् कुनै पनि समस्यालाई हेर्ने नयाँ दृष्टिकोण, द्वन्द्व समाधानको उपाय र प्राप्त तथ्याङ्कको विश्लेषण गर्ने उपाय नै सिर्जनात्मक चिन्तन हो । सिर्जनात्मक चिन्तन व्यक्तिमा भएको एक किसिमको प्रतिभा वा क्षमता हो । जसले रचनात्मक चिन्तनलाई अझै बलियो र प्रभावकारी बनाउँछ । विद्यार्थीमा सिर्जनात्मक चिन्तनले विषयवस्तुलाई नयाँ ढङ्गले सोच्ने, तर्क गर्न सक्ने, नयाँ नयाँ रचनात्मक क्रियाकलाप गर्न सक्ने क्षमताको विकास गराउँछ, जस्तै : कथा, गीत, कविताको रचना गर्नु, चित्र बनाउनु, नयाँ नयाँ खोज अनुसन्धान गर्नु आदि विद्यार्थीले गर्ने सिर्जनात्मक कार्यहरूका उदाहरण हुन् । त्यस्तै कुनै पनि पेसा तथा व्यापार व्यवसायमा सफलताका लागि पनि सिर्जनात्मक चिन्तनको नै आवश्यकता पर्छ । जस्तै कुनै पनि पेसा व्यवसायलाई नयाँ ढङ्गले सञ्चालन गर्नु, नयाँ प्रविधिको विकास गर्नु र नयाँ वस्तुहरूको उत्पादन गर्नु आदि पेसा तथा व्यापार व्यवसायमा गरिने सिर्जनात्मक चिन्तनका उदाहरण हुन् ।

सिर्जनात्मक चिन्तनका विशेषता

१. नयाँ नयाँ ज्ञान, सिप, आविष्कार र सिर्जनालाई बढावा दिन्छ ।

२. व्यक्तिलाई चिन्तनशील, जिज्ञासु र स्वतन्त्र विचार राख्न सक्ने बनाउँछ ।

३. व्यक्तिमा कल्पनाशिलताको विकास हुन्छ ।

४. व्यक्तिलाई जीवनमा आइपर्ने हरेक किसिमका समस्या समाधानका लागि अग्रसर बनाउँछ ।

५. रचनात्मकतामा जोड दिन्छ ।

६. सिर्जनात्मक चिन्तनले अन्य जीवनोपयोगी सिपहरूका लागि पनि आधार प्रदान गर्छ ।

७. व्यक्तिलाई परिपक्व र सक्षम बनाउँछ ।

८. सिर्जनात्मक चिन्तन तथ्यपरक हुन्छ ।

९. सिर्जनात्मक चिन्तन मौलिकतामा आधारित हुन्छ ।

१०. सिर्जनात्मक चिन्तन सङ्गठित हुन्छ ।

११. सिर्जनाले व्यक्तिलाई आनन्दित र खुसी बनाउँछ ।

## सिर्जनात्मक चिन्तन प्रक्रियाका चरणहरू

सामान्य रूपमा हेर्दा हरेक परिस्थितिमा सिर्जनात्मक सिपको जन्म हुन सक्छ । तर पनि यसलाई व्यवस्थित र परिपक्व बनाउनका लागि सिर्जनात्मक चिन्तन चरणवद्ध रूपमा गर्नु आवश्यक हुन्छ । सिर्जनात्मक चिन्तन प्रक्रियाका पाँच चरणहरू रहेका छन् ।

### (क) तयारीको चरण

सिर्जनात्मक चिन्तन गर्नुभन्दा अगाडि कुनै पनि घटना, प्रक्रिया, शैली वा अवस्थाको विश्लेषण गरी निष्कर्ष निकाल्नुपर्ने हुन्छ । यसका लागि पर्याप्त तयारी आवश्यक हुन्छ । विज्ञहरूसँग छलफल, तथ्य वा सूचनाको भरपर्दो स्रोतको पहिचान, मस्तिष्क मन्थन जस्ता कार्य पर्दछन् ।

### (ख) विकास चरण

यस चरणमा सङ्कलित स्रोत सूचना वा तथ्य तथ्याङ्कहरूको सम्बन्धमा चिन्तन गरी समस्याप्रति ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ । समस्या समाधानका लागि थप योजना, चेतनशील र अचेतनशील दिमागका बिचमा संयोजन गर्ने र कार्यलाई परिपक्व हुन दिने आदि कार्यहरू यस चरणमा पर्दछन् ।

### (ग) नयाँ विचारको प्रादुर्भाव

यस चरणमा आइपुग्दा के गर्ने, कसरी गर्ने, के गर्दा अझ राम्रो गर्न सकिन्छ जस्ता विचारको जन्म भइसकेको हुन्छ । जसले नवीन विचारलाई प्रश्रय दिनुका साथै समस्या समाधानमा मदत पुग्छ ।

### (घ) मूल्याङ्कन चरण

यस चरणमा काम सुरु भइसकेको हुनाले काम के कसरी सञ्चालन भइरहेको छ । लक्ष्य तथा उद्देश्य केन्द्रित छ कि छैन जस्ता कुराहरूको अवलोकन तथा मूल्याङ्कन गरिन्छ । कहिलेकाहीँ अनुसन्धान समेत गर्नुपर्ने अवस्था आउन सक्छ ।

### (ङ) प्रमाणीकरण चरण

यो चरण भनेको कामलाई पूरा भयो कि भएन भनेर प्रमाणीकरण गर्ने चरण हो । प्रमाणीकरणका लागि विचारलाई कार्यान्वायनमा ल्याइन्छ ।

यसरी सिर्जनात्मक चिन्तन प्रक्रियाका चरणहरू पूरा हुन्छन् । कहिलेकाहीँ समस्या समाधान सन्तोषजनक नभएमा फेरि सुरुको चरणदेखि सिर्जनात्मक चिन्तन प्रक्रियामा फर्कनुपर्ने पनि हुन सक्छ ।

## सिर्जनात्मक चिन्तनको अभ्यास

सिर्जनात्मक चिन्तन प्रक्रिया हरेक क्षेत्रमा सफलताका लागि उत्तिकै आवश्यक हुन्छ किनभने सिर्जनात्मक चिन्तनले सबै उमेर समूह तथा पेसा व्यवसायका मानिसलाई फाइदा गर्छ, जस्तै: एउटा व्यावसायीलाई आफ्नो व्यवसाय कसरी राम्रो बनाउने, अरूले भन्दा फरक ढङ्गले कसरी

काम गर्न सकिन्छ भनेर सोच्नै पर्ने हुन्छ । त्यस्तै शिक्षकलाई आफ्नो शिक्षण सिकाइमा कसरी नवीनतम प्रविधि भित्र्याउन सकिन्छ ? शिक्षणलाई कसरी सिकारु केन्द्रित वा प्रभावकारी बनाउन सकिन्छ भनी सिर्जनात्मक चिन्तन गर्नै पर्ने हुन्छ । विद्यार्थीलाई पनि आफ्नो सिकाईमा आइपर्ने हरेक समस्या समाधानका लागि नयाँ नयाँ सिर्जनात्मक तथा रचनात्मक कार्यहरू गर्न सिर्जनात्मक चिन्तन गर्नै पर्ने हुन्छ । सिर्जनात्मक चिन्तनको अभ्यास कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा यहाँ चर्चा गरिएको छ ।

१. कुनै पनि काम गर्नुभन्दा अगि म यो कामका लागि योग्य छु कि छैन भनी आफैँलाई प्रश्न गर्ने र उक्त कामका लागि आफूसँग भएको ज्ञान, सिप र क्षमता राम्रोसँग परीक्षण गरेर मात्र कामको थालनी गर्ने
२. काम सुरु गरी सकेपछि उक्त कामसँग सम्बन्धित आवश्यक सूचनाहरू सङ्कलन गर्ने र सोहीबमोजिम कामको थालनी गर्ने
३. कामलाई तनाब वा बोझका रूपमा नलिईकन साधारण प्रक्रिया सम्झेर काम गर्ने
४. आफूमा भएको सिर्जनात्मकतालाई प्रयोगमा उतार्ने
५. सिर्जनात्मकताका लागि प्रशस्त समय निकाल्ने र पटक पटक अभ्यास गरिरहने
६. आफ्नो कामको प्रकृतिसँग मिल्ने घटना, विचार वा समस्यालाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्ने
७. सुधारका लागि प्रशस्त मनन, चिन्तन र समय निकाल्ने
८. आफ्नो कार्य प्रक्रिया वा बुझाइलाई व्यापक बनाउने
९. नयाँ अवसरहरू अङ्गाल्ने र नयाँ अनुभवहरू बटुल्ने
१०. सामाजिक सम्बन्धको सञ्जाल निर्माण र साथीभाइसँगको अन्तरक्रिया बढाउने
११. नयाँ विचार एवम् विषयवस्तुलाई सधैँ प्रश्रय दिने

### क्रियाकलाप

१. तपाईँमा सिर्जनात्मक चिन्तन सिपहरूको विकासका लागि कस्ता किसिमका सिपहरू आवश्यक पर्छन् ? सूची बनाउनुहोस् ।
२. माथि उल्लिखित पाँच चरण अपनाएर सिर्जनात्मक चिन्तन गरी सफल भएको एउटा घटना अध्ययन गरी तल दिइएका प्रश्नको उत्तर लेख्नुहोस् ।

(क) तयारीको चरण

तपाइँ जस्तै एक जना विद्यार्थी आफ्नो अभिभावकलाई काम सघाउन खेतमा गएछन् । उनका अभिभावकले उनलाई कोदालीले खेत खन्न सिकाए । उनले एक घण्टा जति के खेत खनेका थिए हातभरि फोका उठेर दुख्यो । थकाइ लाग्यो । कम्मर दुखेर निहुरिनै भएन ।

त्यस पछि उनले खेत खन्ने काम कसरी सरल बनाउन सकिएला भन्ने सम्बन्धमा सोच्न थाले । उनले विभिन्न विकल्पहरूमा विचार गरे, जस्तै :

१. ट्याक्टरले जोत्ने । त्यसका लागि धेरै पैसा लाग्ने रहेछ । गाउँमा ट्याक्टर पनि त छैन् ।

२. गोरु जोत्ने । त्यसका लागि एक हल पुग्ने खेत छैन् । थोरै कामका लागि टाढाबाट गोरु ल्याउने कुरा भएन

३. अभिभावकसँग सल्लाह गरे । अभिभावकबाट हामीले बर्सौंदेखि यसै गरी खेत खन्दै काम चलाउँदै आएका छौं । कम्मर दुखेको भए लामो बिँड भएको चाँदे (फरुवा) ले खन । भन्ने जवाफ आयो । चाँदेले अलिक सजिलो त हुने रहेछ तर दुःख त उस्तै हुने रहेछ । उनले अब भविष्यमा म सजिलैसँग कम दुःखमा धेरै खेत खन्ने जुक्ति निकाल्छु भन्ने अठोट गरे ।

(ख) विकास चरण

त्यस दिन जसोतसो खेत खनेर आए । तर मनमा खेत खन्ने कामलाई कसरी सरल बनाउन सकिएला भन्ने कुराले छाडेको थिएन । उनी आफ्नो पढाइतर्फ लागिरहे । वेला वेलामा खेत खन्न कसरी सजिलो गराउने होला भन्ने सोच मनमा आइरहन्थ्यो ।

(ग) नयाँ विचारको प्रादुर्भाव

एक वर्षपछि उनी १२ कक्षा सकेर कलेज जान थाले । उनी साइकल चढेर कलेज जाँदै थिए उनका मनमा अचानक एउटा जुक्ति आयो । जसरी यो साइकल सरर गुड्छ त्यसै गरी खेत खन्ने मेसिन पनि सरर गुड्ने बनाउन पाए कति सजिलो हुन्थ्यो । उनलाई नयाँ जुक्ति फुरेकोमा निकै खुसी लाग्यो अब साइकलमा पछाडिपट्टी खन्ने फाली जोडिएको मेसिन बनाएर जोड्ने । अनि खेतमा साइकल चलाउने । खेत जोतिहालिन्छ भनी सोहीबमोजिम आफ्नो कामलाई अगि बढाए ।

(घ) मूल्याङ्कन चरण

अब ती व्यक्तिले फलामको काम गर्ने वर्कसपमा गएर आफूले सोचे जस्तै औजार बनाउन लगाए । वर्कशपका मिस्त्रीले उनलाई अर्को सुझाव दिए । पाउदानी चलाएर खन्ने काम गर्न कठिन हुन्छ । धेरै बल लगाउनु पर्छ । यस्तो गर्नुभन्दा त कोदालीले नै खन्नु बेस । उनको सुझावअनुसार साइकलमा एउटा सानो मोटर र ब्याट्री पनि फिट गर्ने । साइकल चलाउँदा ब्याट्री चार्ज हुन्छ । ब्याट्रीले मोटर घुमाउँछ । मोटरले जोत्ने मेसिन र साइकलको अगाडिको पाङ्ग्रा घुमाउँछ । अनि थोरै दुःखमा नै सरर खेत जोतिन्छ । उनीहरूले त्यस्तै

मेसिन बनाए । मेसिनले काम गर्छ कि गर्दैन भनेर परीक्षण पनि गरिहेरे । मज्जाले काम गर्‍यो तर उक्त उपकरण लड्ने समस्या देखियो । त्यसका लागि दायाँ बायाँ ससाना दुईओटा पाङ्ग्रा थपे । त्यसपछि सरर गुड्न सक्ने भयो ।

(ङ) प्रमाणीकरण चरण

अनि ती विद्यार्थीले आफूले बनाएको सरल उपकरण प्रदर्शन गर्न गाउँका कृषक, कृषि प्राविधिक र गाउँपालिकाका पदाधिकारीलाई पनि बोलाए र नेपाली ट्याक्टरले खेत जोतेर देखाए । सबै जना खुसी भए । उनीसँग अरूले पनि ट्याक्टर बनाइदिन अनुरोध गर्न थाले ।

(क) माथिका घटनामा जस्तै तपाईंले पूरा गर्न लाग्नु भएको कुनै एउटा सिर्जनात्मक कार्यलाई तपाईंले चरणबद्ध रूपमा के के गर्नुहुन्छ, उल्लेख गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) सिर्जनात्मक चिन्तन भनेको के हो ?

(ख) सिर्जनात्मक चिन्तनका कुनै दुई विशेषता उल्लेख गर्नुहोस् ।

(ग) सिर्जनात्मक चिन्तन एउटा कला हो यस भनाइलाई एक वाक्यमा पुष्टि गर्नुहोस् ।

(घ) सिर्जनात्मक चिन्तनको अभ्यासको कुनै दुई तरिका लेख्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) सिर्जनात्मक चिन्तनका विशेषता बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ख) सिर्जनात्मक चिन्तनको अभ्यासका तरिकाहरू लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सिर्जनात्मक चिन्तनका चरणहरूको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) "कुनै पनि परिस्थिति वा परिदृश्यमा नयाँ विकल्पहरू सोच्नु र त्यसलाई वास्तविकतामा बदल्नु नै सिर्जनात्मक चिन्तन हो ।" यसका चरण र व्यावहारिक अभ्यासहरू लेख्नुहोस् ।

## पाठ ४ समानुभूति

समानुभूति के हो ? भन्ने बुझ्नका लागि तल दिइएको घटना अध्ययन गरौँ :

राजु आफ्नो कार्यकक्षमा अनुहार मलिन र निन्याउरो पारेर बसिरहेका थिए । उनी फुर्तिका साथ काम गर्न सकिरहेका थिएनन् । उनी वेला वेला पेटमा हात लैजाने, सुस्केरा हाल्दै कहिले उठ्ने त कहिले बस्ने गरिरहेका थिए । त्यो देखेर उनका साथी मोहनले के भयो राजु जी आज तपाईंलाई ? भनी सोधे । उनले केही भएको छैन भनी जवाफ दिए । त्यसपछि मोहनले उनलाई आज तपाईंको अनुहार र व्यवहारले केही त पक्कै भएको छ भन्ने जनाउँछ भन्दै तातो पानी पिउन दिए र एकछिन आराम गर्न लगाए । नजिकैको स्वास्थ्य चौकीमा उपचारका लागि लगे । उनलाई ग्याँस्ट्रिकका कारणले पेट दुख्ने र दिसा लाग्ने भएको रहेछ । डाक्टरले केही औषधी दिएर प्रशस्त पानी पिउनु, चिल्लो अमिलो पिरो नखानु भनी सल्लाह दिएर पठाए । मोहनले राजुलाई उनको घरमा पुऱ्याएर कार्यालय फर्किए र राजुको काम पनि गरिदिए । यस घटनामा मोहनले राजुलाई उनको व्यवहार हेरेर उनलाई बुझेर सहयोग गरे । त्यसैले यसलाई समानुभूति भन्न सकिन्छ ।

समानुभूति शब्द समान र अनुभूति दुई शब्द मिलेर बनेको छ । जसअनुसार एक व्यक्तिले अर्को व्यक्तिको परिस्थिति, भावना र आशयसँग परिचित हुनु, महसस गर्नु र सोहीबमोजिम अरूलाई सहयोग गर्नुलाई समानुभूति भनिन्छ । अर्को शब्दमा भन्दा समानुभूति अरूको अनुभव र आवेगहरूप्रतिको चेतना हो । यही चेतनाले नै मानवलाई अरू व्यक्तिसँग जोड्ने काम गर्छ ।

### समानुभूतिका तत्त्व

डेनियल गोलम्यानले समानुभूतिका मुख्य पाँच तत्त्व भएको उल्लेख गरेका छन् । जसको यहाँ क्रमैसँग चर्चा गरिएको छ :

(क) **अरूलाई बुझ्नु**

अरूलाई भित्रैदेखि बुझ्न सक्नु नै समानुभूतिको आधारभूत तत्त्व हो । अरूको अवस्था, अनुभव, विचार आदिका बारेमा चासो राखेर अरूलाई बुझ्नु वा बुझ्ने प्रयास गरेर नै अरूसँग भावनात्मक रूपमा गहिरो सम्बन्ध कायम हुन्छ र समानुभूतिपूर्ण व्यवहार हुन्छ ।

(ख) **अरूको विकासका लागि काम गर्नु**

समानुभूतिको अर्को महत्त्वपूर्ण पाटो भनेको सहयोग हो । अरूको आवश्यकता र सरोकारलाई आफूले ग्रहण गर्नु र उनीहरूको आवश्यकता परिपूर्ति गर्नु सहयोग हो । सहयोगबाट अरूको विकास हुन सक्छ र उसमा भएको अन्तरनिहित प्रतिभाको समेत प्रस्फुटन हुन सक्छ ।

(ग) **सेवामुखी कार्य**

सेवामुखी कार्य पनि समानुभूतिको अर्को महत्त्वपूर्ण तत्त्व हो किनभने कसैलाई नजिकबाट बुझ्ने तर सहानुभूति मात्र प्रकट गर्ने गरियो भने त्यो समानुभूति हुन सक्दैन । त्यसैले समानुभूति हुनका लागि अरूको आवश्यकतालाई प्राथमिकतामा राखेर खुसी र सुखी पार्नुपर्दछ ।

### (घ) विविधताको सदुपयोग लाभ

सबै किसिमका जाति भाषा, धर्म, वर्ग र लिङ्गलाई सम्मान गर्ने र समान व्यवहार गर्ने गरेमा समानुभूति हुन सक्छ । विविधताको सम्मान र उपयोगले समानतामा आधारित व्यवहारभन्दा पनि समतामा आधारित व्यवहारमा जोड दिन्छ ।

### (ङ) राजनीतिक सचेतना

राजनीतिक सचेतना भनेको विभिन्न समूहहरूबिचको आपसी सम्मान र समझदारी हो । एक समूह वा व्यक्तिले अर्को समूह वा व्यक्तिको सम्मान गर्नु पनि समानुभूति हो ।

## समानुभूतिका प्रकार

डेनियल गोलम्यानले समानुभूतिका मुख्य तीन प्रकार भएको उल्लेख गरेका छन् । तिनीहरूको यहाँ क्रमैसँग चर्चा गरिएको छ :

### (क) संज्ञानात्मक समानुभूति

संज्ञानात्मक क्षमता भनेको एक किसिमको भावनात्मक वा व्यक्तिगत क्षमता हो । कुनै पनि व्यक्तिले के कस्तो अनुभूति गरिरहेको छ उसको सोचाइ कस्तो छ ? भनी सजिलै अरूको भावना बुझ्न सक्नुलाई संज्ञानात्मक समानुभूति भनिन्छ, जस्तै: साथीको अनुहार मलिन भएको देखेर उसप्रति चासो राखेर सहयोग गर्नु संज्ञानात्मक समानुभूति हो ।

### (ख) संवेगात्मक समानुभूति

अरूको संवेग वा अभिव्यक्ति देखेर आफूले पनि त्यस्तै व्यवहार गर्नु संवेगात्मक समानुभूति हो, जस्तै : साथीलाई पिर परेर रुँदा आफू पनि सँगसँगै रुनु, सिनेमामा हिरोले राम्रो काम गर्दा उत्तेजित हुनु

### (ग) दयालु समानुभूति

अरूलाई परेको दु:ख, पिर, मर्का वा बाधा आफूलाई परे जस्तै सम्झिएर सहयोग गर्नु दयालु अनुभूति हो, जस्तै: बाढी पहिरोमा घरबार विहीन भएकालाई सहयोग गर्नु

## समानुभूति सिप विकास र अभ्यास

समानुभूति सिप भनेको एक किसिमको पक्षपातरहित सिप हो । यस सिपले समाजमा शान्ति कायम गर्न मदत गर्छ । भ्रष्टाचार, नातावाद, कृपावाद जस्ता समस्याहरू जसले देश विकासमा बाधा पुऱ्याएका छन् । त्यस्ता कार्यहरूलाई निरुत्साहित गर्नका लागि समानुभूतिक सिप महत्त्वपूर्ण हुन सक्छ । समानभूति सिपले समाजमा सकारात्मक सोचको विकास गराउँछ । विद्यालयमा शिक्षक, कार्यालय प्रमुख नेतृत्व ग्रहण गर्ने व्यक्तिहरू सबैका लागि समानुभूति सिप अति नै महत्त्वपूर्ण हुन्छ । समानुभूति सिप विकासका लागि विभिन्न उपाय अवलम्बन गर्न सकिन्छ ।

### (क) अरूमा भएको फरक पनको सम्मान तथा अनुभूति गर्ने

अर्को व्यक्तिमा भएको फरकपनलाई सम्मान र अनुभूति गर्नाले समानुभूतिको विकास हुन्छ । शान्ति स्थापनामा मदत पुग्छ । अरूको अस्थित्व स्विकार गर्ने र फरक विचार वा भावनाको कदर गर्ने बानीको विकास हुन्छ । जसबाट समानुभूतिको अभ्यास हुन्छ ।

### (ख) कुनै घटना वा परिस्थितिका बारेमा अरूको विचारको कदर गर्ने

कुनै घटना वा परिस्थितिका बारेमा अरूको विचारको कदर गर्ने बानीले समानुभूति सिपको विकास गराउँछ

### (ग) उत्सुकता जगाउने

अर्काको पिर, मर्का, बाधा वा समस्याप्रति उत्सुकता जगाउने बानीले अरूका बारेमा बुझ्न मदत गर्छ । जसबाट समानुभूति सिपको विकास र अभ्यास हुन्छ ।

### (घ) आरामदायी स्थितिबाट बाहिर आउने

आरामदायी र सुखसयलको जीवनभन्दा बाहिर आएर समाजको वास्तविक अवस्थाको पहिचान गर्न सकेमा त्यहाँको अवस्थाको जानकारी हुन्छ । जसले समानुभूति सिपको विकास गर्न मदत गर्छ ।

### (ङ) पृष्ठपोषण

वेला वेलामा आफ्नो कार्य वा व्यवहारका बारेमा अरूसँग पृष्ठपोषण लिने गर्नुपर्दछ । जसबाट आफूप्रति अरूको विचार वा भावनाको जानकारी हुन्छ र समानुभूति सिपको विकास तथा अभ्यास गराउँछ ।

### (च) पूर्वाग्रहको परीक्षण

कतिपयको स्वभाव अनावश्यक रूपमा अरूको टीकाटिप्पणी, निन्दा, चियो र चर्चो गर्ने हुन्छ । यस्ता कार्यहरू पूर्वाग्रही पनि हुन सक्छन् । त्यसैले पूर्वाग्रही भएर हुने कुनै पनि कार्यहरूलाई निरुत्साहित गरी सबैसँग समान व्यवहार गर्ने, घुलमिल हुने, सहयोग गर्ने जस्ता क्रियाकलाप गरियो भने समानुभूतिपूर्ण व्यवहारको अभ्यास हुन्छ ।

## क्रियाकलाप

१. तपाईं आफूमा समानुभूतिपूर्ण सिप विकासका लागि आवश्यक सिपहरू के के हुन सक्छन् ? सूची बनाउनुहोस् ।

२. तपाईंले देख्नुभएको, सुन्नुभएको वा आफैँले भोग्नुभएको समानुभूतीपूर्ण व्यवहारसँग सम्बन्धित कुनै छोटो घटना लेख्नुहोस् ।

३. दिइएको घटना अध्ययन गरी उक्त घटना समानुभूतिको कुन तत्वसँग सम्बन्धित छ र किन उल्लेख गर्नुहोस् ।

रवि र दिनेश सँगै काम गर्ने साथी थिए । रविले गरेको काममा उनका हाकिम खुसी भइरहेका थिएनन् । काम खोसिएला भनेर रवि निकै चिन्तित थिए । दिनेशले रवि चिन्तित अवस्थामा भएको बुझेर उनलाई राम्रोसँग काम गर्ने तरिका सिकाउन थाले । रविले राम्रो काम गर्दा दिनेशले 'हो यसै गरी काम गर्नुपर्छ ' भनी हौसला दिन्थे । वेला वेलामा सल्लाह सुझाव पनि दिन्थे र भ्याएका वेला आफैँ पनि रविको काम सघाइदिन्थे । यसबाट विस्तारै रविको काममा निखार आउन थाल्यो । हाकिम खुसी हुन थाले । उनले कामबाट हात धुनु परेन ।

दिनेशकै सहयोगका कारण रवि कार्यालयको कामका लागि योग्य भए । यो दिनेशको रविप्रतिको समानुभूतिका कारण सम्भव भएको हो । हाकिमले पनि रविमा आएको परिवर्तनलाई सकारात्मक रूपमा लिएर सहयोग गर्न थाले । उनले सानोतिनो काम बिगारे पनि राम्रोसँग सम्झाउँथे । त्यस्तै प्रकृतिका अरू काम दिएर अभ्यासको मौका दिन्थे । यो हाकिमको रविप्रतिको समानुभूति हो । दिनेश र हाकिमको समानुभूतिपूर्ण व्यवहारका कारणले रविले आफूलाई सुधार गर्ने अवसर पाए ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) समानुभूति भनेको के हो ?

(ख) समानुभूतिपूर्ण व्यवहारका लागि आवश्यक पर्ने कुनै दुई सिप उल्लेख गर्नुहोस् ।

(ग) संज्ञानात्मक समानुभूति भनेको के हो ?

(घ) संवेगात्मक समानुभूतिका कुनै दुई उदाहरण उल्लेख गर्नुहोस् ।

(ङ) समानुभूतिपूर्ण सिप विकास तथा अभ्यासका कुनै दुई उपाय उल्लेख गर्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) समानुभूतिपूर्ण व्यवहारको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) समानुभूतिका प्रकारको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ग) समानुभूतिका मूल तत्त्वको व्याख्या गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

१. समानुभूतिपूर्ण सिप विकासका लागि अवलम्बन गर्न सकिने उपायहरूका सम्बन्धमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

२. समानुभूतिका प्रकारसँग जोड्दै यी सबै किसिमका समानुभूतिपूर्ण सिपको विकासले विविधतामा एकता कायम गर्न मदत गर्छ भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

पाठ ५ **आत्मबोध**

दिइएको घटना अध्ययनबाट आत्मबोधका बारेमा प्रस्ट हुन सकिन्छ :

एक युवाले टेलिफोन बुथबाट एक कम्पनीको म्यानेजरलाई फोन गर्छ । फोन उठेपछि उसले कम्पनीको म्यानेजरलाई नमस्कार गर्दै भन्छ, "सर, मैले केही समय पहिले एउटा कम्पनीमा गाडी चलाउथेँ । खै के कारणले हो, त्यो कम्पनी बन्द भयो र म अहिले बेरोजगार भएँ । मेरो परिवारको आर्थिक अवस्था निकै नाजुक छ । तपाईंको कम्पनीमा गाडी चलाउने काम पाइएला कि भनेर फोन गरेको हुँ ।" उताबाट जबाफ आउँछ, "भाइ हाम्रो कम्पनीमा ड्राइभर चाहिएको छैन । हामीसँग ड्राइभर पहिलेदेखि छँदै छ ।" युवाले भने, "सर मैले कम्पनीको कामसँगै तपाईंको घरको काम पनि सघाउँछु । म तपाईंको बच्चालाई विद्यालय पुऱ्याउने, ल्याउने, बजारबाट सामान ल्याउने काममा पनि सघाउँछु । निकै लगनशील भएर काम गर्छु ।" म्यानेजरले भन्छ, "भाइ, मैले भनिसकेँ, नि हाम्रो कम्पनीमा एउटा ड्राइभर चाहिने हो, त्यो पहिल्यैदेखि छँदै छ । फेरि नि भाइ, हाम्रो कम्पनीको अहिलेको ड्राइभर जस्तो सक्षम, इमानदार र कुशल अरू ड्राइभर होलान् जस्तो मलाई लाग्दैन । हामी उसको कामबाट निकै सन्तुष्ट छौँ । त्यसैले फोन राख र अरू कम्पनीमा कोसिस गर ।" यति भनेर म्यानेजरले फोन राखिदिन्छ । टेलिफोन बुथको साहुले फोनमा बोलेको कुरा सुनिरहेको हुन्छ । युवाले फोनको पैसा बुझाउँदै गर्दा उसले भन्छ, "बाबु, मेरो छोरो पनि एउटा कम्पनीको म्यानेजर हो । उसको कम्पनीमा ड्राइभर चाहिएको छ । म छोरालाई भनेर तिमीलाई त्यहाँ काम लगाइदिन सक्छु । तिमी भरे ५ बजेपछि आउनु ल ।" साहुको कुरा सुनेर युवाले भन्छ, "तपाईंलाई धन्यवाद, मलाई काम चाहिएको हैन । अगि मैले फोन गरेको कम्पनीको म्यानेजरले कुरा गर्नुभएको ड्राइभर म नै हुँ ।" प्रस्तुत कथामा ड्राइभरले आफूलाई अरूले कसरी बुझेका रहेछन् भनी आत्मबोध गरेका छन् । उनले आफ्ना कार्यप्रति अरू कतिको सन्तुष्ट रहेछन् भनी थाहा पाएर सुधार गर्ने मौका खोज्दैछन् । यसरी अरू मानिसले आफूलाई कस्तो रूपमा हेर्छन् भनेर जान्न र बुझ्न खोज्नु आत्मबोध हो ।

आत्मबोध भन्नाले आफैँले आफैँलाई मूल्याङ्कन गर्नु भन्ने बुझिन्छ । त्यस्तै आफ्ना विचार, भावना तथा कार्यहरू ठिक छन् कि छैनन् भनी हेर्नु हो । आना चारित्रिक, व्यवहारगत एवम् अन्य सबल तथा दुर्वल पक्षहरूबारे स्वयम्ले बोध गर्न सक्ने मानिसको क्षमता आत्मबोध हो । आफूले अपनाएका मूल्य र मान्यताहरूसँग आफ्ना व्यवहार र कार्यहरू मिल्दाजुल्दा छन् कि छैनन् भनी मूल्याङ्कन गर्नु पनि आत्मबोध हो । आत्मबोध गर्न सक्ने व्यक्तिले अरूले हेर्ने दृष्टिकोणबाट आफूलाई हेरेर आफ्ना विचार, भावना र कार्यहरूको उचित मूल्याङ्कन गर्छन् । त्यसका आधारमा आफ्ना संवेगहरूलाई नियन्त्रण गर्न र तिनीहरूलाई आफ्ना मूल्यमान्यतासँग मिल्ने गरी समायोजन गर्न सक्छन् ।

### आत्मबोधको महत्त्व

आत्मबोध हरेक व्यक्तिका लागि महत्त्वपूर्ण मानिन्छ किनभने आत्बोधबाट नै व्यक्तिले आफ्नो प्रगतिको सही मार्ग पहिचान गरी दिशानिर्देश गर्न सक्छ । मानिसले आफ्नो जीवनलाई नियन्त्रणमा

राख्न, आफूले चाहेको कुरा प्राप्त गर्न र सुनिश्चित भविष्य निर्माणका लागि आत्मबोधलाई नै पहिलो महत्त्वपूर्ण खुट्किलाका रूपमा लिन सकिन्छ । आत्मबोधको महत्त्वहरूलाई यहाँ चर्चा गरिएको छ :

### (क) भावनात्मक बौद्धिक क्षमतामा सुधारका लागि

भावनात्मक बौद्धिक क्षमता भनेको प्रत्यक्ष देख्न नसकिने तर अनुभव गर्न सकिने व्यक्तिगत संस्कारसँग सम्बन्धित विषय हो । यस्तो संस्कारको विकासका लागि आत्मबोधले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । व्यक्तिले म कस्तो छु, मैले अरूसँग गर्ने व्यवहारका कारण उनीहरूले मलाई कस्तो व्यक्तिका रूपमा चिन्छन् भनी आत्ममूल्याङ्कन गर्न सक्छ । जसबाट आत्मबोध गरी आफूलाई सुधार गर्न मौका प्राप्त हुन्छ ।

### (ख) असल नेतृत्वकर्ताका लागि

आत्मबोध नभएको व्यक्ति कुनै पनि समूह, संस्था वा सङ्गठनको असल नेतृत्वकर्ता हुन सक्दैनन् । असल नेतृत्वकर्ता बन्नका लागि आत्मबोध अति आवश्यक गुण हो । तसर्थ जीवनको लक्ष्य निर्धारण गर्न र सही बाटो अवलम्बन गर्न व्यक्तिले आत्मबोध गर्न वा आफैँलाई चिन्न सक्नुपर्दछ । त्यसैले आत्मबोधको ठुलो महत्त्व रहेको हुन्छ ।

### (ग) व्यक्तिका कमी कमोजोरी पहिचान गरी सुधारका लागि

आत्मबोधबाट व्यक्तिले आफूमा भएका कमी कमजोरी सजिलै पहिचान गर्न सक्छन् । आफूले के के राम्रा काम गर्न सकिन्छ र के के सुधार गर्न आवश्यक छ पत्ता लगाई आफूलाई सुधार गर्ने मौका प्राप्त हुन्छ ।

### (घ) कार्यक्षमतामा वृद्धि गर्नका लागि

व्यक्तिलाई कार्यक्षमतामा वृद्धि गर्नका लागि आत्ममूल्याङ्कन गरी आफ्नो अवस्था पहिचान गर्नुपर्ने हुन्छ । जसबाट आफूमा भएका गल्ती र कमी कमजोरीहरूको पहिचान गरी कार्यक्षमतामा सुधार गर्न सकिन्छ ।

### (ङ) व्यक्तिगत सम्बन्ध बलियो बनाउनका लागि

व्यक्तिगत सम्बन्ध बलियो बनाउने मुख्य उपाय भनेको पनि आत्मबोध नै हो । आफूलाई अरूले कस्तो व्यवहार गर्छन् । अरूको आफूलाई हेर्ने दृष्टिकोण कस्तो छ आत्ममूल्याङ्कन गरी सोहीबमोजिम आफूमा परिवर्तन गरी सबैसँग राम्रो सम्बन्ध कायम गर्न सकिन्छ ।

### (च) संवेगहरूलाई व्यवस्थापन गरी उचित व्यवहार प्रदर्शन गर्न

आत्ममूल्यांकनबाट आफ्ना संवेगहरूले अरूलाई कस्तो प्रभाव पारेको छ भन्ने पत्ता लगाउन सकिन्छ । त्यसपछि नकारात्मक प्रभाव पारेका संवेगहरूलाई नियन्त्रण गरी उचित व्यवहार प्रदर्शन गर्न र सुमधुर सम्बन्ध कायम गर्न सकिन्छ ।

### (छ) तनाव नियन्त्रणका लागि

आफूलाई अरूले गलत दृष्टिकोणले हेरेमा, गलत व्यवहार प्रदर्शन गरेमा, काममा असफलता प्राप्त भएमा तनाव हुन्छ । आत्मबोधले यस्ता आफूलाई मन नपर्ने काम वा तनाव दिने कामहरू कम गरी तनाव नियन्त्रण गर्न मदत मिल्छ ।

### (ज) कामप्रति उत्प्रेरणा जगाउन

आफूलाई काममा जाँगर नलाग्ने अवस्था आएमा वा कार्यक्षमतामा कमी आएमा आत्म मूल्याङ्कन गर्न सकिन्छ । त्यसबाट अरूलाई कस्तो प्रभाव परेको छ । त्यो पनि पत्ता लगाएर कामप्रति उत्प्रेरणा जगाउने उपायहरूको अवलम्बनबाट आफूलाई सुधार गर्न सकिन्छ ।

## आत्मबोधको तरिका र अभ्यास

आत्मबोध त्यसै प्राप्त गर्न सकिने वस्तु होइन । यसका लागि विभिन्न प्रयत्न आवश्यक हुन्छ । आत्मबोधको मुख्य तत्त्व भनेको आफूले आफैँलाई चिन्न सक्नु हो । यसका लागि विभिन्न तरिकाहरूको अवलम्बन गर्न सकिन्छ । यहाँ आत्मबोधका केही तरिका यहाँ उल्लेख गरिएका छन् :

## सबल र दुर्बल पक्षको आत्मबोध

आत्मबोधको महत्त्वपूर्ण तरिकामध्ये सबल र दुर्बल पक्षको पहिचान पनि एक हो । हरेक मानिसमा केही न  गुण, क्षमता, सौन्दर्यता हुन्छन् । त्यस्तै दुर्बलता वा कमीकमजोरी पनि हुन्छन् । त्यसैले आफूमा रहेको त्यो अलौकिक गुण, क्षमता वा सौन्दर्यताको पहिचान गरी अगि बढ्नु नै सबल पक्षको आत्मबोध हो र दुर्बलता वा कमी कमजोरीको पहिचान गरी छाड्दै र सुधार गर्दै अगि बढ्नु पनि आत्मबोध हो ।

## स्वनियमन

आत्मबोधका विभिन्न तरिकामध्ये आफूले आफैँलाई नियममा बाँध्ने पनि एउटा तरिका हो । आत्मनियमन तथा नियन्त्रणका लागि सदाचार, सत्यनिष्ठा, ध्यान, सङ्कल्प जस्ता पक्षहरूमा विशेष ध्यान दिनुपर्छ । त्यस्तै सामाजिक आचारसंहिता, नैतिक जीवन, स्वच्छ विचार पनि अति आवश्यक हुन्छ । यसरी स्वनियमनबाट पनि आत्मबोध कायम हुन सक्छ ।

## सामाजिक सिप

आत्मबोधको एउटा तरिका सामाजिक सिपहरू पनि हुन् । सामाजिक सिपअन्तर्गत आदर सम्मान गर्ने, अतिथि सत्कार गर्ने, सहयोग गर्ने, प्राकृतिक सम्पदाको संरक्षण गर्ने, विविधताको सम्मान गर्ने, सबैलाई समान व्यवहार गर्ने जस्ता सिप पर्दछन् । यस्ता सामाजिक सिपबाट आत्मबोध गर्न सकिन्छ ।

### समानुभूति

समानुभूतिपूर्ण व्यवहार पनि आत्मबोधको एउटा तरिका हो । समानुभूतिपूर्ण कार्यमा संलग्नताले सहअस्थित्वको जगेर्ना गर्छ र सबैप्रति समान व्यवहार, सम्मान, सहयोग आदिको भावना बढ्न जान्छ । जसबाट आत्मबोधको अभ्यास हुन्छ ।

### उत्प्रेरणा

उत्प्रेरणा पनि आत्मबाधको अति आवश्यक तरिका हो । उत्प्रेरणाले व्यक्तिलाई कुनै पनि काममा उत्प्रेरित गराउँछ । अरूबाट प्रेरणा लिन सिकाउँछ । यसरी अरूबाट प्रेरणा प्राप्तिले आत्मबोधलाई प्रोत्साहन गर्छ ।

### व्यक्तिगत परीक्षण

वेला वेलामा आफ्नो व्यक्तिगत क्षमताको परीक्षण गर्न सक्यो भने पनि आत्मबोध गर्न सकिन्छ । यसले व्यक्तिलाई आफ्नो बानी व्यवहार बुझ्ने अवसर प्रदान गर्छ ।

### दैनिकी लेखन

दैनिकी लेखनले पनि आत्मबोधको विकास हुन्छ । दैनिक रूपमा दैनिकी लेख्दा व्यक्तिमा आफ्ना अतित र कमी कमजोरीहरू सजिलै पहिचान गर्न सकिन्छ । जसबाट आफ्ना अन्तरआत्माका भावनाहरू अभिव्यक्त हुन्छन् । जसले मानिसलाई सबल र सक्षम बनाउँछ । यसरी दैनिकी लेखनबाट आत्मबोधको विकास हुन्छ ।

### पृष्ठपोषण

सत्य पृष्ठपोषण पनि आत्मबोधका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ । परिवार, आफन्त साथीभाई र इष्टमित्रहरूबाट वेला वेलामा आफ्ना पृष्ठपोषण लिने गरेमा त्यस्ता सुझावलाई कार्यान्वायन गर्दा व्यक्तिमा आत्मबोधको विकास हुन्छ ।

### ध्यान गर्ने

योगाभ्यास तथा ध्यान गर्दा मानिसले आफैँले आफूलाई मूल्याङ्कन गर्ने मौका पाउँछ । ध्यानले मस्तिष्कलाई केन्द्रित गर्न सकिन्छ । दैनिक रूपमा केही समय ध्यान गर्ने वा एकान्तमा बस्ने गर्दा आत्मबोध गर्न सजिलो हुन्छ । यसले मस्तिष्कलाई शान्त र खाली बनाइदिन्छ । तनावहरू हटाइदिन्छ । सोचाइ क्षमतालाई बढाइदिन्छ । अनावश्यक सोचाइलाई नियन्त्रण गरिदिन्छ । जसले गर्दा हामीले खुला भएर सोच्न र निर्णय लिन सक्छौँ ।

यसरी माथि उल्लेखित आत्मबोधका तरिकाहरूको अभ्यासबाट व्यक्ति सुखी, खुसी र सन्तुष्ट हुन सक्छ । साथै हरेक काममा सफलता प्राप्त गर्न सक्छ ।

### आत्ममूल्याङ्कन

कुनै पनि वस्तुको मूल्य निर्धारण गर्ने प्रक्रियालाई मूल्याङ्कन भनिन्छ भने आफूले आफ्नो मूल्याङ्कन गर्ने कार्य आत्ममूल्याङ्कन हो । आत्ममूल्याङ्कन आत्म र मूल्याङ्कन दुई शब्द मिलेर बनेको छ । जसमा आत्माको अर्थ अन्तःस्करण वा भित्री मन हो भने मूल्याङ्कनको अर्थ कुनै पनि

कुराको अध्ययन गरी त्यसको सार तत्त्व पत्ता लगाउने तरिका हो । यसरी हेर्दा कुनै पनि व्यक्तिले आफूमा धैर्यताको विकास गर्ने र आफ्ना गतिविधिहरू तथा क्रियाकलापहरूमा सुधार ल्याउन सक्छ । यसका लागि गहन अध्ययन र अवलोकन गर्ने प्रक्रिया नै आत्म मूल्याङ्कन हो । आत्ममूल्याङ्कनलाई स्वमूल्याङ्कन प्रक्रिया पनि भनिन्छ ।

### आत्ममूल्याङ्कनको महत्त्व

आत्ममूल्याङ्कन व्यक्तिको स्वरूपान्तरणको एउटा प्रक्रिया हो । यसले व्यक्तिका भौतिक तथा आध्यात्मिक गतिविधिहरूमा सुधार ल्याउँछ । मानिसले आत्ममूल्याङ्कनकै कारणबाट आफ्ना सकारात्मक र नकारात्मक पक्षको पहिचान गर्ने अवसर पाउँछ र नकारात्मक पक्षहरूमा सुधार गरी सकारात्मक पक्षहरू अंगाल्न मदत पुग्छ । आत्ममूल्याङ्कनको महत्त्वलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

(क) आत्ममूल्याङ्कनले व्यक्तिलाई विभिन्न कामहरूका लागि सक्रिय बनाउँछ ।

(ख) यसले व्यक्तिमा चिन्तन शक्तिको विकास गर्छ ।

(ग) कुनै पनि विषयवस्तुलाई अरूको दृष्टिकोणबाट हेर्न र बुझ्न सहयोग गर्छ ।

(घ) व्यक्तिलाई निर्णय प्रक्रियाका लागि सहयोग गर्छ ।

(ङ) व्यावसायिक जीवनमा सफलता प्राप्तिका लागि मदत गर्छ ।

(च) व्यक्तिको कार्यक्षमतामा सुधार गर्छ ।

(छ) व्यक्तिलाई आफूलाई मूल्याङ्कन गर्ने व्यक्ति आफैँ भएको अनुभूति गराउँछ ।

(ज) व्यक्तिले आफ्नो अनुगमन आफैँ गर्ने भएकाले उच्च मनोबलका साथ कार्य गर्न सक्ने बनाउँछ ।

### आत्ममूल्याङ्कनका चरण

(अ) प्रमाण सङ्कलन

(आ) प्रमाणहरूको विश्लेषण

(इ) आफूलाई अरूको नजरले नियाल्ने

(ई) आफूप्रति अरूको दृष्टिकोणलाई पहिचान गर्ने

(उ) अनुगमन र कार्यान्वायन गर्ने

(ऊ) आफ्नो निर्णय गर्ने

यसरी चरणबद्ध रूपमा आत्ममूल्याङ्कन गरेर पनि आफूमा भएका कमी कमजोरीहरू पहिचान गरी सुधार गर्न सकिन्छ । आफूले गरेका कामहरू वा व्यवहारका सम्बन्धमा उपलब्ध भएसम्मका सत्यतथ्य प्रमाणहरू सङ्कलन गर्ने अनि ती प्रमाणहरूको विश्लेषण गर्ने, विश्लेषणबाट आफूप्रति अरूको कस्तो दृष्टिकोण वा धारणा रहेको छ राम्रोसँग पहिचान गर्ने । त्यसपछि फेरि आफू अरूले

सोचे जस्तो छु कि छैन त पुन: आफैं परिक्षण गर्ने । अन्त्यमा आफूमा भएका कमीकमजोरीहरू हटाउँदै र सच्याउने प्रयत्न गर्दै आफ्नो निर्णय आफैं गर्ने जस्ता चरण अपनाएर प्रक्रियागत रूपमा आत्ममूल्याङ्कन गर्न सकिन्छ ।

## आत्ममूल्याङ्कनका तरिका तथा प्रयोग

आत्ममूल्याङ्कन भनेको स्वयम्ले आफ्नो मूल्याङ्कन गर्नु हो । त्यसैले आत्ममूल्याङ्कन सबै व्यक्तिको जीवनमा र हरेक काम तथा व्यवसायमा सफलता प्राप्तिका लागि अति आवश्यक हुन्छ । आत्ममूल्याङ्कन लागि यही नै तरिका अति उत्तम भन्नुभन्दा पनि समय परिस्थितिअनुसार र आफ्ना कामको प्रकृतिअनुसार फरक फरक हुन सक्छन् । यहाँ केही प्रचलनमा रहेका आत्ममूल्याङ्कनका तरिका सम्काबन्धमा चर्चा गरिएको छ :

### (क) भावी जीवनको लक्ष्य तथा उद्देश्य निर्धारण

हामीले हरेक काम गर्दा लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरेर मात्र गर्नुपर्छ । यसो गर्दा आफूले राखेको लक्ष्य तथा उद्देश्य पूरा भयो कि भएन चिन्तन मनन गर्न सकिन्छ । यसो गर्दा पूरा नभएका लक्ष्य तथा उद्देश्यको आत्ममूल्याङ्कन गरी फेरि प्रयत्न गरेर पूरा गर्न सकिन्छ ।

### (ख) खुला संवाद

आत्ममूल्याङ्कनका लागि अरूसँग गरिने छलफल, संवाद, वार्ता पनि राम्रो तरिका हुन सक्छ । यसरी खुला संवाद गर्दा पहिले अरूको कुरा राम्ररी सुन्ने र त्यसपछि मात्र आफ्ना कुराहरू प्रस्टसँग राख्ने गर्नुपर्छ । आफूमा केही त्यस्ता आक्रामक बानी व्यवहार भएमा सुधार गर्ने र नम्र व्यवहार प्रस्तुत गर्नुपर्छ । यस्तो खुला संवादबाट पनि आत्ममूल्याङ्कन गर्न सकिन्छ ।

### (ग) प्रश्न सोधाइ

अन्य व्यक्तिहरूसँग आफ्नो व्यवहारका बारेमा पटक पटक प्रश्नहरू सोधिनु पर्छ । जसबाट पनि आत्ममूल्याङ्कन हुन सक्छ । त्यस्तै आफ्नै मनसँग पनि मैले के के गरेँ, कसरी गरेँ, काम गर्दा आइपरेका समस्या तथा चुनौतीहरू के के थिए ? अवसरहरू के के छन् ? जस्ता विभिन्न प्रश्न गरिरहँदा पनि आत्ममूल्याङ्कन गर्न सकिन्छ ।

### (घ) कमी कमजोरीहरूमा सुधार

हरेक व्यक्तिमा केही न केही कमी कमजोरीहरू रहेका हुन सक्छन् । सर्वप्रथम आफूमा रहेका त्यस्ता कमी कमजोरीहरू पत्ता लगाउने प्रयत्न गर्नुपर्छ । त्यस्ता कमी कमजोरीहरू के के छन् ? त्यसका लागि के के गर्न सकिन्छ ? भनी आत्ममूल्याङ्कन गरी सुधारका लागि प्रयत्न गर्नुपर्छ ।

(ङ) **तालिम तथा सेमिनारमा सहभागिता**

आत्ममूल्याङ्कनको एउटा राम्रो तरिका तालिम वा सेमिनारमा सहभागिता पनि हो । तालिम वा सेमिनारमा सहभागी हुँदा आफ्नो वास्तविक अवस्था पहिचान हुन्छ र आत्ममूल्याङ्कन गरी सुधार गर्न सकिन्छ ।

(छ) **सकारात्मक सोच**

हाम्रा जीवनमा विभिन्न किसिमका घटना घटिरहेका हुन्छन् । त्यस्ता घटनाहरू वा हाम्रा व्यवहारका कारणले कसैलाई चित्त दुखेको हुन सक्छ । त्यस्ता समयमा हामीलाई सल्लाह सुझाव दिन सक्छन् । उक्त सल्लाह सुझावलाई आत्ममूल्याङ्कन गरी सकारात्मक रूपमा ग्रहण गर्न सक्नुपर्छ ।

(ज) **उपलब्धिको अभिलेखीकरण**

जीवनमा काम गर्ने सिलसिलामा सकारात्मक तथा नकारात्मक दुवै किसिमका परिणामहरू आउन सक्छन् । ती सबैको अभिलेखीकरण गरेर राख्ने बानी बसाल्नु पर्छ । उक्त अभिलेखीकरणबाट आत्ममूल्याङ्कन गरी राम्रा काममा निरन्तरता र नराम्रा काम छाड्दै जान सकिन्छ ।

## क्रियाकलाप

१. तपाईँ आफ्नै जीवनमा वा अन्य कोही व्यक्तिको जीवनमा आत्मबोधका कारणले पाएको सफलताको कथा उल्लेख गर्नुहोस् ।

२. तपाईँ आफू सफल हुनका लागि तपाईँमा कुन कुन आत्मबोधका तरिका अबलम्बन गर्नुपर्ने हुन्छ ? सूची बनाउनुहोस् ।

३. तपाईँले आफ्नो आत्ममूल्याङ्कनका लागि कुन कुन तरिका अवलम्बन गर्ने गर्नुभएको छ ? आफ्ना अनुभव समेटेर एउटा लेख लेख्नुहोस् ।

## अभ्यास

अति सङक्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) आत्मबोध भनेको के हो ?

(ख) आत्मबोधका कुनै दुई महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) आत्मबोधका कुनै दुई तरिका लेख्नुहोस् ।

(घ) दैनिकी लेखनलाई कसरी आत्मबोधको तरिका मान्न सकिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(ङ) आत्ममूल्याङ्कन भनेको के हो ?

(च) आत्ममूल्याङ्कनका कुनै दुई तरिका लेख्नुहोस् ।

(छ) आत्ममूल्याङ्कनका कुनै दुई महत्त्व लेख्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) आत्मबोधको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) आत्ममूल्याङ्कनले कसरी आत्मबोधलाई सहयोग गर्छ ? छोटकरीमा लेख्नुहोस् ।

(ग) आत्मबोधका महत्त्वहरू उल्लेख गर्नुहोस् ।

(घ) वर्तमानमा आत्ममूल्याङ्कनको महत्त्व दिन प्रतिदिन बढ्दै जानाका कारणहरू उल्लेख गर्नुहोस् ?

(ङ) समानुभूतिले कसरी आत्मबोधलाई सहयोग पुऱ्याउँछ पुष्टि गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) आत्मबोधका तरिकाहरू के के हुन् ? ती तरिकाहरूले आत्ममूल्याङ्कनलाई कसरी सहयोग पुऱ्याएको हुन्छ ? विश्लेषणात्मक उत्तर लेख्नुहोस् ।

(ख) आत्ममूल्याङ्कनका तरिका तथा प्रयोग सम्बन्धमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

पाठ ६ **संवेग व्यवस्थापन**

जिल्ला समन्वय समितिको सभाहलमा संवेग व्यवस्थापन सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन भइरहेको छ । जसमा मनोचिकित्सक र विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू पनि उपस्थित हुनुभएको छ । उक्त अन्तरक्रिया कार्यक्रमको अंश यहाँ प्रस्तुत गरिएको छ :

उद्घोषक : उपस्थित सम्पूर्णमा नमस्कार ।

आज यहाँ हामी संवेग व्यवस्थापनका उपायहरू सम्बन्धमा अन्तक्रिया कार्यक्रमका लागि सहभागी भएका छौँ । यसै क्रममा आफ्नो प्रस्तुति लिएर आउँदै हुनुहुन्छ मनोचिकित्सक देवेन्द्र पाण्डेज्यू ।

उपस्थित सम्पूर्णमा नमस्कार,

म मनोचिकित्सक देवेन्द्र पाण्डे यहाँहरू समक्ष संवेग व्यवस्थापनका अवधारणा, सिप र उपायहरू सम्बन्धमा प्रस्तुत गर्न गइरहेको छु । संवेग भन्नाले व्यक्तिको मनमा आइरहने रिस, खुसी, इर्ष्या, लोभ, घमण्ड, दुःख, विस्मात, क्रोध, घृणा आदि हुन् । संवेग एक प्रकारको मानसिक अवस्था हो । त्यसैले संवेग सबै व्यक्तिमा समान किसिमले र सधैँ एकैनासको हुँदैन । संवेग वास्तवमा विचार, धारणा, व्यवहार, प्रतिक्रियाहरूमा आएको खुसी वा बेखुसिपनका मात्राहरू हुन् । संवेग नकारात्मक र सकारात्मक दुवै किसिमका हुन्छन् । सकारात्मक संवेगले व्यक्तिको जीवनमा सफलता ल्याउन मदत गर्छ भने नकारात्मक संवेगले असहज वा अप्ठ्यारो परिस्थिति सिर्जना गर्छ । यसरी संवेगलाई आवश्यकताअनुसार सन्तुलनमा राख्नु नै संवेग व्यवस्थापन हो । संवेगले मानिसमा काम गर्ने प्रेरणा प्रदान गर्छ । जीवनमा गतिशीलता ल्याउँछ । सहयोगी बानीको विकास गर्छ । निर्णय प्रक्रियालाई सहज बनाउँछ र सिर्जनात्मकता बढाउँछ । यि संवेगका सकारात्मक प्रभावहरू हुन् । त्यस्तै संवेगका नकारात्मक प्रभावहरू पनि हुन्छन् । तिनीहरूमा मानिस असन्तोषी र लोभी हुनु, अनावश्यक विवाद बढाउन सक्नु, मानसिक समस्या सिर्जना हुन सक्नु, व्यक्ति तनावमा पर्न सक्ने सम्भावना हुनु, अरूसँगको सम्बन्धमा तिक्तता आउनु आदि हुन् ।

सहभागीको जिज्ञासा : संवेग व्यवस्थापनका सिप के के हुन् सर ?

जिज्ञासाका लागि यहाँलाई धन्यवाद !

संवेग व्यवस्थापन गर्दा सकारात्मक र नकारात्मक दुवै किसिमका संवेग व्यवस्थापन गर्नुपर्छ । अति खुसी र अति दुःख दुवै किसिमका संवेग हानिकारक हुन्छन् । संवेग व्यवस्थापनका लागि फरक फरक सिपहरू प्रयोग गरिरहेको पाइन्छ । मलाई उपयुक्त लागेका केही संवेग व्यवस्थापनका सिपहरू म यहाँहरू समक्ष बताउने छु । सबैभन्दा महत्त्वपूर्ण सिप भनेको व्यक्तिगत सचेतना कायम गर्नु नै हो । यसका आफूमा उत्पन्न संवेगात्मक भावको अध्ययन गरी त्यसको प्रभाव पहिचान गरिन्छ । यसअन्तर्गत आत्ममूल्याङ्कन गरी आत्म विश्वास बढाउने र संवेगका नकारात्मक असरप्रति सतर्क रहने गरिन्छ । त्यस्तै सामाजिक सचेतनाको विकास पनि अर्को महत्त्वपूर्ण सिप हो । यसका लागि संवेग व्यवस्थापनमा परिस्थितिको अध्ययन गर्ने र आफ्नो संवेगलाई नियन्त्रण गर्ने कुरा पर्दछ । यसो गर्दा आफूमा उत्पन्न संवेगात्मक व्यवहार देखेर अरूले

के सोच्लान् भनेर सचेत भइन्छ । त्यस्तै अरूको संवेगका कारण आफूमा नकारात्मक संवेग उत्पन्न हुन दिइँदैन । यसले अरूका भावना बुझ्न सक्ने सक्षमताको विकास गर्छ । अर्को सिप रहेको छ आत्म व्यवस्थापन संवेग व्यवस्थापनको यो सिपअन्तर्गत संवेगका नकारात्मक परिणामहरूलाई नियन्त्रण गर्ने प्रयास गरिन्छ । यसका लागि व्यक्ति स्वयम्ले परिस्थितिसँग समायोजन हुन र संवेगको प्रभाव नियन्त्रणका लागि प्रयत्न गर्दछ । सामाजिक सिपको विकास गरेर पनि संवेग व्यवस्थापन गर्न सकिन्छ । यसअन्तर्गत नेतृत्व सिप, सञ्चार सिप, सहकार्य आदिका सहायताले आफ्नो आत्मविश्वास बढाउन सकिन्छ । आफैंले आफैंलाई नियन्त्रण गरी संवेग व्यवस्थापन गरिन्छ । आत्ममूल्याङ्कन तथा आत्मबोध सिपबाट पनि संवेग व्यवस्थापन हुन्छ । यसअन्तर्गत आफ्नो भावनाको पहिचान गर्ने, बुझ्ने र परिस्थिति विचार गरेर व्यवहार गर्नुपर्छ । अरूप्रति गरिने समानुभूतिपूर्ण व्यवहारले व्यक्तिलाई सकारात्मकतातिर उन्मुख गर्छ । जसका कारणले अरूप्रति माया दयाको भाव राख्ने, अरूले आफूप्रति गरेको कुनै पनि राम्रो कार्यका लागि कृतज्ञता व्यक्त गर्ने, अरूको अति आलोचना गर्नबाट बच्ने , आफूमा नकारात्मक सोचाइ आएमा त्यसको प्रमाण खोजेर मात्र विश्वास गर्ने र अनुमानका आधारमा नकारात्मक सोचाइ राखेर योजना बनाउनेतर्फ लाग्नु हुँदैन भनी सचेत रहने किसिमका व्यवहार गर्न सक्छ ।

संवेग व्यवस्थापन सिप र संवेग व्यवस्थापनका उपायहरू मिल्दा जुल्दा हुन्छन् । संवेग व्यवस्थापन सिपको बारेमा जानकारी हुँदाहुँदै पनि यदि यसलाई सही अभ्यास गरिएन भने यसको कुनै अर्थ रहँदैन त्यसैले संवेग व्यवस्थापनका थप उपायहरूका सम्बन्धमा म प्रस्ट पार्न गइरहेको छु ।

संवेग व्यवस्थापनका लागि पर्याप्त मात्रामा अभ्यासको जरुरत पर्छ । नकारात्मक संवेगबाट बच्नका लागि तत्कालको घटनाबाट टाढा रहने प्रयत्न गर्ने, योग तथा ध्यान गर्ने, गीत सङ्गीततिर ध्यान लैजाने जस्ता कार्यहरूको अभ्यास गर्नुपर्छ । त्यस्तै यस संसारमा रहेका सम्पूर्ण प्राणीहरूप्रति दयाभाव राखेर व्यवहार गर्ने बानी गर्नाले आफूमा भएको नकारात्मक संवेगलाई व्यवस्थापन गर्न सकिन्छ । आफ्ना विचारलाई खुला राख्ने अर्थात् प्रस्ट कुराकानी गर्ने बानीले पनि संवेग व्यवस्थापन गर्न सकिन्छ । मनमा कुरा खेलाउने, अरूसँग आफ्ना विचार व्यक्त गर्न नसक्ने भयो भने त्यसले संवेग व्यवस्थापनमा नकारात्मक प्रभाव पर्छ । संवेग व्यवस्थापनका लागि कम बोल्नेभन्दा पनि प्रस्ट बोल्नेलाई राम्रो मान्न सकिन्छ । कुनै घटना वा विचारले तनाव सिर्जना गरिरहेको छ भने उक्त घटना वा विचारलाई बिर्सने प्रयत्न गर्नुपर्छ अर्थात् तत्कालको परिस्थितिबाट बाहिर आउने प्रयत्न गर्नुपर्छ । यसका लागि आफ्नो ध्यानलाई अन्यत्र मोड्ने, मनमा कुविचारहरू आउन नदिने जस्ता व्यवहारहरू अपनाउनु पर्छ । मानिसको मनमा कहिलेकाहीँ विभिन्न किसिमका नकारात्मक चिन्तनहरू आउन सक्छन् । यस्ता चिन्तनले तनाव उत्पन्न हुन्छ । काममा ध्यान जाँदैन । थाहा नै नभईकन पनि अरूप्रति गलत व्यवहार हुन सक्छ । त्यसैले नकारात्मक चिन्तनको परित्याग गर्ने बानी गर्नुपर्छ । त्यस्तै असल व्यक्तिसँगको सङ्गत, कुराकानी, बहस एवम् छलफलबाट पनि धेरै राम्रा कुराहरू सिक्न सकिन्छ । जसले संवेग व्यवस्थापनमा मदत पुग्छ । तनाव नियन्त्रण गर्न, शारीरिक तथा मानसिक रूपमा स्वस्थ रहन र संवेग व्यवस्थापनका लागि योग तथा ध्यान पनि अति उत्तम उपाय हो । मानिसलाई अन्य कुराका साथसाथै मनोरञ्जन पनि अति आवश्यक हुन्छ । काममा धेरै व्यस्त हुँदा, अनावश्यक कुरा दिमागमा आइरहँदा पनि मानिसलाई तनाव हुन्छ । त्यसैले खेलकुद, गीत सङ्गीत सुन्ने, नाच्ने घुमफिर गर्ने जस्ता आफूलाई मन पर्ने मनोरञ्जनात्मक

क्रियाकलापबाट पनि संवेग व्यवस्थापन गर्न सकिन्छ । मेरो मन्तव्यलाई धैर्यपूर्वक सुनेर सहयोग गरिदिनुभएकामा हार्दिक कृतज्ञता ज्ञापन गर्दै मेरा भनाइहरू यहीँ अन्त्य गर्दछु हस् त धन्यवाद् ।

उद्घोषक : आफ्नो अमूल्य प्रस्तुतिका लागि मनोचिकित्सक देवेन्द्र पाण्डेज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै अर्का प्रस्तोता जिल्ला बालकल्याण समितिका प्रतिनिधि अञ्जु श्रेष्ठलाई आफ्नो प्रस्तुतिका लागि हार्दिक अनुरोध गर्दछु ।

उपस्थित सम्पूर्णमा नमस्कार,

म अञ्जु श्रेष्ठ जिल्ला बालकल्याण समितिको अध्यक्ष । आज म यहाँहरू समक्ष किरोरावस्थामा संवेग र यसको व्यवस्थापन सम्बन्धमा आफ्ना विचारहरू राख्न गइरहेको छु । उपस्थित महानुभावहरू मध्ये कतिपय किरोरावस्थाका भाइबहिनीहरूको उपस्थिति पनि मैले देखिरहेकी छु । विश्व स्वास्थ्य संगठनले १० देखि १९ वर्ष उमेर समूहका बालबालिकालाई किशोरावस्था मानेको छ । यो अवस्थालाई बालमनोवैज्ञानिकहरूले सङ्क्रमणकालीन अवस्था मानेका छन् किनभने यस उमेरका बालबालिकामा बाल्यावस्था र बयस्कावस्था दुवैका विशेषता पाइन्छन् । यस समयमा बालबालिकाको शारीरिक तथा मानसिक अवस्थामा अप्रत्यासित रूपमा परिवर्तन हुने हुनाले यिनीहरू अस्थिर स्वभावका देखिन्छन् । शारीरिक रूपले वयस्क जस्तै देखिने र बानी व्यहारमा बालापन रहिरहने भएकाले यस अवस्थाका संवेगहरू पनि मिश्रित खालमा हुन्छन् । किशोरकिशोरीहरू आफूलाई स्वतन्त्र बनाउन अभिभावकहरूसँग सङ्घर्ष गरिरहन्छन् । अभिभावकसँग भन्दा आफ्ना साथीहरूलाई बढी महत्त्व दिने र उनीहरूसँग बढी समय बिताउन रुचाउँछन् । किशोरावस्थाका केही संवेगहरूका बारेमा म यहाँ प्रस्ट पार्न गइरहेकी छु । क्रोध किशोरावस्थाको संवेग हो । किशोरावस्थामा अप्रत्यासित रूपमा हार्मोनको परिवर्तन हुने हुनाले उनीहरू कुनै पनि कुरामा चाँडै उत्तेजित हुने स्वभावका हुन्छन् । कसैले केही भन्यो भने पनि सोचविचार नगरी छिट्टै रिसाइहाल्ने स्वभाव उनीहरूमा हुन्छ । किशोरावस्थाको अर्को संवेग भय हो । उनीहरू सानो कुरामा डराइहाल्ने स्वभावका हुन्छन् । उनीहरू एक्लोपना, अँध्यारो ठाउँ, जनावर आदिसँग डराउँछन् । विद्यालयमा पढाइको विषयमा, गृहकार्य नगर्दा, आमाबुबाले केही भन्नुहुन्छ कि भन्ने जस्ता कुराहरूमा पनि डराइरहेका हुन्छन् । किशोरावस्थाको अर्को संवेग चिन्ता हो । उनीहरू साना साना कुरामा पनि बढी चिन्तित हुने, कल्पना गरेका कुराहरू पूरा हुँदैनन् कि भनेर चिन्तित हुने स्वभावका हुन्छन् । ईर्ष्या पनि यस उमेर समूहको संवेग हो । यस उमेर समूहका बालबालिका ईर्ष्यालु स्वभावका हुन्छन् । उनीहरू साथीले पढाइमा प्रगति गर्दा, शिक्षकले साथीहरूलाई आफूलाई भन्दा राम्रो गरेको महसुस गरेमा त्यस्तै बुबाआमाले आफूभन्दा धेरै भाइबहिनीलाई माया गरेमा ईर्ष्या गर्छन् । किशोरावस्थाका बालबालिकाहरू खेल तथा पढाइमा साथीहरूसँग प्रतिस्पर्धाको भावना राख्छन् । कहिलेकाहीँ सकारात्मकभन्दा नकारात्मक प्रतिस्पर्धा बढी भयो भने त्यसले नराम्रो हुन पनि सक्छ । किशोरकिशोरीहरूमा स्नेहको भाव पनि धेरै हुन्छ । यिनीहरू बाबुआमाभन्दा पनि साथीहरूलाई धेरै स्नेह गर्ने गर्छन् । विपरीत लिङ्गप्रतिको स्नेह र प्रेम विवाहमा परिणत भएको पनि देखिन्छ । किशोरकिशोरीहरू सानो कुरामा पनि छिट्टै नै खुसी हुने गर्छन् । खुसी हुँदा हाँस्ने, नाच्ने, अरूलाई सहयोग गर्ने, मनका कुरा खुलेर गर्ने स्वभावका हुन्छन् । किशोरकिशोरीहरू जिज्ञासु स्वभावका हुन्छन् । उनीहरूमा नयाँ कुराप्रति धेरै चासो राख्ने, विपरीत लिङ्गप्रतिको चासो बढी नै हुन्छ ।

सहभागीको जिज्ञासा : किशोरावस्थाको संवेग व्यवस्थापनका लागि के के गर्न सकिन्छ ?

प्रश्नका लागि धन्यवाद ।

किशोरावस्था जीवनको संवेदनशील अवस्था भएकाले यस उमेर समूहका बालबालिकालाई सही मार्गनिर्देशनको आवश्यकता पर्छ । यस उमेर समूहका बालबालिका हेर्दा वयस्क जस्तो देखिने तर व्यवहार बालपनको पनि आउने हुनाले संवेग व्यवस्थापनका लागि बाबुआमा, शिक्षक र उनीहरू स्वयम्ले पनि विशेष ध्यान पुऱ्याउनु पर्छ ।

किशोरावस्थामा संवेग व्यवस्थापनका लागि निम्नलिखित उपायहरू अपनाउन सकिन्छ :

(क) किशोरावस्थामा हुने उमेरजन्य आकस्मिक शारीरिक परिवर्तनका बारेमा उनीहरूलाई सुसुचित गराउने

(ख) कुलत तथा दुर्व्यसनबाट बचाउनका लागि सामाजिक गतिविधिहरूमा संलग्न गराउने

(ग) किशोरकिशोरीहरूलाई शारीरिक कसरत हुने खालका खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापहरूमा भाग लिन प्रेरित गर्ने

(घ) शारीरिक तथा मानसिक रूपमा स्वस्थ रहनका लागि योग तथा ध्यान गर्न लगाउने

(ङ) निर्णय प्रक्रियामा किशोरकिशोरीहरूलाई पनि भाग लिन प्रेरित गर्नाको साथै उनीहरूको विचार र भावनाको कदर तथा सम्मान गर्ने

(च) किशोर किशोरीहरूलाई कुनै पनि काम योजनाबद्ध ढङ्गबाट र लक्ष्य तथा उद्देश्य निर्धारण गरेर मात्र गर्नका लागि प्रेरित गर्ने

(छ) किशोरकिशोरीहरूलाई कुनै पनि समस्याका सम्बन्धमा खुलेर संवाद, कुराकानी र छलफल गर्नका लागि प्रेरित गर्ने

(ज) अरूको लहै लहैमा नलागी अरूले भनेका कुरा के कति सही वा गलत हो भनेर राम्रोसँग बुझेर मात्र अगि बढ्नका लागि प्रेरित गर्ने

योग तथा ध्यान पनि किशोरावस्थाको संवेग व्यवस्थापनको उत्तम उपाय हो किनभने योग तथा ध्यानले शारीरिक तथा मानसिक अवस्थालाई सन्तुलनमा राख्न मदत गर्छ । योग तथा ध्यानले मानव मस्तिष्कमा विभिन्न किसिमका हार्मोनहरू उत्पादन गर्न र रक्त सञ्चार प्रणालीलाई सन्तुलनमा

> प्राणायाम : अनुलोम विलुलोम (नाडी सोधन), भ्रामरी, भस्त्रिका, कपालभाँति, उज्जयनी आदि
>
> योगासन : भुजङ्गासन, शलभासन, मर्कटासन, धनुरासन, पश्चिमोत्तासन, बज्रासन, सर्वाङ्गासन, ताडासन, पद्मासन, आदि । सूर्य नमस्कारमा यीमध्ये केही आसन गर्नुपर्ने हुनाले सूर्य नमस्कार नियमित गर्न सकेमा पनि निकै लाभ हुन्छ ।
>
> ध्यान : सहज समाधी ध्यान (मनलाई आराम दिने), निर्देशित ध्यान (गुरुले भन्दै गएअनुसार मनलाई त्यसैमा केन्द्रित गर्दै जाने ध्यान), कुनै वस्तु वा केही कुरामा ध्यान केन्द्रित गरी गरिने ध्यान आदि ।

राख्छ । ध्यानले हाम्रो स्नायु प्रणालीलाई सक्रिय बनाउँछ र अचानक मस्तिष्कमा आउने तरङ्गलाई नियन्त्रण गर्छ । ध्यान केन्द्रित तथा एकीकृत गर्नका लागि पनि योग तथा ध्यान अति नै उपयोगी हुन सक्छ । यसले शरीरका अङ्ग अङ्गमा अक्सिजन पुऱ्याउन मदत गर्छ । त्यस्तै श्वासप्रश्वास प्रक्रियालाई व्यवस्थित बनाउँछ । शरीरलाई फुर्तिलो, तन्दुरुस्त र जाँगरिलो बनाई राख्छ । त्यसैले किशोरकिशोरीहरूमा आउने संवेग नियन्त्रणका लागि योग तथा ध्यान निकै महत्त्वपूर्ण हुन सक्छ । यसअन्तर्गत प्राणायाम, योगासन र ध्यान पर्दछन् ।

हजुरहरू सम्पूर्णमा सक्रिय पूर्वक सुनिदिनु भएकामा धन्यवाद ज्ञापन गर्दै मेरा भनाइहरू यहीँ अन्त्य गर्छु हस् त धन्यवाद !

*नोट : योग तथा ध्यानका सम्बन्धमा भाग १ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।*

## क्रियाकलाप

१. दिइएको घटना अध्ययन गरी तलका प्रश्नको जवाफ दिनुहोस् :

कल्पना र शिलु सँगै पढ्ने साथी हुन् । एक दिन शिलु विद्यालय आएकी थिइनन् । त्यसदिन मिना र कल्पनासँगै बसेका थिए । मिनाले शिलुका बारेमा के के नचाहिँदा कुरा कल्पनालाई लगाइछन् । भोलिपल्टदेखि कल्पना शिलुसँग बोल्नै छोडिन् । शिलुले कल्पना टाढिनाको कारण बुझ्नै सकिनन् । उनलाई त्यो कुराले चिन्ता लागिरह्यो । तर उनले उक्त कुराको पर्वाह नै गरिनन् । आफ्नो पढाइमा ध्यान दिइरहिन् । पछि कल्पनालाई मैले कुरै नबुझी टाढिएछु कि भन्ने महसुस भयो । उनले मिनाले शिलुका सम्बन्धमा लगाएका कुराहरूको प्रमाण खोजी गरिन् । पछि थाहा भयो कि मिनााले उनलाई गलत कुरा सुनाएकी रहिछन् । कल्पनालाई आफूबाट गल्ती भएको महसुस भयो । त्यसैले उनले शिलुलाई भेटेर सबै कुरा बताइन् । उनीहरू बिचको मित्रता कायमै रह्यो ।

(क) शिलुसँग कल्पना किन टाढिएकी होलिन् ?

(ख) कल्पना र शिलुले आफ्ना संवेगको कसरी व्यवस्थापन गरे ?

(ग) यस घटनाबाट तपाइँले के सिक्नुभयो ?

२. तपाइँका धेरै मिल्ने साथी तपाइँसँग रिसाउनुभयो र अरूका अगाडि तपाइँलाई गाली गर्न थाल्नुभयो भने यस अवस्थामा तपाइँ के गर्नुहुन्छ ?

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) संवेग भनेको के हो ?

(ख) संवेग व्यवस्थापनका कुनै दुई सिप उल्लेख गर्नुहोस् ।

(ग) संवेग नियन्त्रणका कुनै दुई उपाय लेख्नुहोस् ।

(घ) किशोरावस्थामा संवेग व्यवस्थापनमा योग तथा ध्यानको महत्त्व एक वाक्यमा लेख्नुहोस् ।

(ङ) किशोरावस्थाको संवेग नियन्त्रणका लागि गर्न सकिने कुनै दुई योग तथा ध्यानको नाम लेख्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) संवेग व्यवस्थापनका सिपको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) किशोरावस्थाका संवेगहरूका बारेमा उल्लेख गर्नुहोस् ।

(ग) किशोरावस्थामा संवेग व्यवस्थापनका लागि उपनाउन सकिने उपायहरू लेख्नुहोस् ।

(घ) किशोरावस्थाको संवेग नियन्त्रणका लागि योग तथा ध्यानको महत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) किशोरकिशोरीले संवेग नियन्त्रण गर्न किन आवश्यक छ, लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

१. किशोरावस्था गम्भीर उथलपुथल तथा तनावको अवस्था हो । यस अवस्थामा विभिन्न किसिमका सकारात्मक तथा नकारात्मक संवेगहरू देखा पर्न सक्छन् । यस्ता संवेगहरू नियन्त्रणका लागि आवश्यक व्यावहारिक अभ्यासका बारेमा लेख्नुहोस् ।

२. कुनै वस्तु वा परिस्थितिप्रतिको चेतनायुक्त मानसिक प्रतिक्रिया संवेग हो । किशोरावस्थामा देखा पर्ने संवेग व्यवस्थापनका सिपहरू सम्बन्धमा उल्लेख गर्नुहोस् ।

# एकाइ ४ मानव समाजको विकास र दर्शन

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको छ :

१. वर्तमान विश्वको सामाजिक विविधताको विशेषता बताउन र सम्मान गर्न

२. सामाजिक सम्बन्ध विकासका आधार पहिचान गरी सामाजिक अन्तर्निर्भरताको महŒव बताउन

३. दर्शन, विश्वदृष्टिकोण र जीवनमा दर्शनका आधारमा वस्तु र घटनाको बोध र विश्लेषण गर्न

४. जीवनदर्शन र मानवीय मूल्यमान्यताहरूको बोध गरी सामाजिक व्यवहारमा प्रदर्शन गर्न

५. समुदायमा आएका परिवर्तनका कारण खोजी गर्न र सामाजिक रूपान्तरणको व्याख्या गर्न



## पाठ १ वर्तमान विश्वका सामाजिक विविधता र विशेषता

विविधता भनेको फरकपन हो । समाजमा रहेका जातजाति, भाषा, धर्म, एवम् संस्कृति आदिमा भएको विविधतालाई सामाजिक विविधता भनिन्छ । सामाजिक विविधता व्यक्तिहरूबिचको भिन्नता, व्यक्ति र समाजबिचको अन्तर्निर्भरता र सामाजिक तथा सांस्कृतिक गतिशीलतामा आधारित छ । विश्वका सबै देशहरूमा सामाजिक विविधता पाइन्छ । त्यसैले सामाजिक विविधता विश्वको स्वाभाविक विशेषता हो । समाजमा विविधताको स्वरूप निर्धारण समाजमा बसोबास गर्ने मानिसका बिचको साझा विशेषता वा अलग विशेषताका आधारमा हुन्छ । विविधता हरेक समाजको विशेषता हो । सामाजिक विविधता विश्वका सबै खालको समाजमा देखिन्छ । समाज विकासको आधार सामाजिक विशेषता नै हो । सामाजिक विविधताका कारण मानिसमा विभिन्न मानवीय सम्बन्धको विकास भएको छ । सामाजिक विविधताले पर्यटन विकासमा सहयोग गरेको छ । यसले कुनै पनि देशको नागरिकलाई विश्व समुदायमा परिचित बनाउन सहयोग गरेको छ । सामाजिक विविधताका विभिन्न आयामहरू हुन्छन् । यस पाठमा केही सामाजिक विविधताका आयामका बारेमा चर्चा गरौँ ।

### सामाजिक विविधताका विभिन्न आयामहरू

सामाजिक विविधता एक बहुआयामिक अवधारणा हो । यसमा विभिन्न समाजको सामाजिक प्रकृतिअनुसार फरक फरक आयाम भएको पाइन्छ । तीमध्ये केही सामाजिक विविधताका आयाम यस प्रकार छन् :

### १. धार्मिक आयाम

अलौकिक शक्तिमाथिको विश्वासलाई सामान्य अर्थमा धर्म भनिन्छ । विश्वमा विभिन्न धर्म मान्ने मानिस छन् । जनसङ्ख्याका आधारमा विश्वमा हिन्दु, बौद्ध, इसाई र इस्लाम धर्म मान्ने मानिसको सङ्ख्या धेरै छ । यी धर्महरूबाहेक पनि विश्वमा जैन, यहुदी, ताओ, शिन्तो आदि धर्महरू प्रचलित छन् । सबै धर्मका आआफ्नै संस्कृति र परम्परा छन् । विभिन्न धार्मिक सम्प्रदाय, धार्मिक स्थल, चाडपर्व, धार्मिक अगुवा आदिका आधारमा धर्ममा विविधता पाइन्छ । वैष्णव, शैव र शाक्त हिन्दु धर्मका सम्प्रदायहरू हुन् । हीनयान, महायान, बज्रयान, तन्त्रयान आदि बौद्ध धर्मका सम्प्रदायहरू हुन् । सिया र सुन्नी इस्लाम धर्मका सम्प्रदायहरू हुन् । हिन्दुहरू मठमन्दिरमा पूजा गर्छन् भने गुम्बा, चैत्य र गुम्बाहरू बौद्ध धर्मका धार्मिक स्थलहरू हुन् । त्यसै गरी इसाई धर्म मान्नेहरू गिर्जाघर जान्छन् भने इस्लाम धर्म मान्नेहरू मस्जिद जान्छन । यी विभिन्न धर्महरूले मनाउने चाडपर्वमा पनि विविधता छन् । यी सबै धर्मका आआफ्नै धर्म अगुवाइहरू छन् । सबै धर्म मान्नेहरूले आआफ्नै तरिकाले पूजाआजा गर्छन् । त्यसैले धार्मिक विविधता सामाजिक विविधताको एक महत्त्वपूर्ण पक्ष हो ।

### २. भाषिक आयाम

विश्वमा करिब ७००० भन्दा बढी भाषाहरू बोलिन्छन् । विश्वमा म्यान्डरिन, स्पेनिस र अङ्ग्रेजी सबैभन्दा बढी मानिसले बोल्ने भाषाहरू हुन् । यसबाहेक चाइनिज, हिन्दी, अरबिक,

रसियन, पोर्तुगिज आदि भाषाहरू बहुसङ्ख्या मानिसले बोल्ने भाषाभित्रै पर्छन् । एउटै देशमा पनि विभिन्न भाषाहरू बोलिन्छन् । जनगणना २०७८ का अनुसार नेपालमा १२४ भाषा बोलिन्छन् । विश्वमा एउटै देशमा सबैभन्दा बढी भाषा बोलिने देश पपुवा न्युगिनी हो । यहाँ ८४० भन्दा बढी भाषा बोलिन्छन् । यसरी अनेक भाषाहरू बोलिने अवस्था नै भाषिक विविधता हो । भाषिक विविधता राष्ट्रिय पहिचान हो । त्यसैले भाषाको संरक्षण, प्रवर्धन र सम्मान गर्नुपर्छ ।

### ३. सांस्कृतिक आयाम

सांस्कृतिक विविधता सामाजिक विविधताको एक महत्त्वपूर्ण आयाम हो । एउटै समाजमा फरक फरक संस्कृतिका मानिस बसोबास गर्ने अवस्थाले सांस्कृतिक विविधतालाई जनाउँछ । यो मानिसका बिच भाषिक, धार्मिक र जातीय भिन्नता रहने अवस्था हो । सामान्यतया फरक जाति, भाषा र धर्म हुने मानिसको संस्कृति पनि फरक हुन्छ । विश्वमा फरक जातजाति, भाषाभाषी र फरक धर्म मान्ने मानिस भएकाले सांस्कृतिक विविधता देखिएको हो । नेपाल विभिन्न जातजाति, भाषाभाषी र धार्मिक परम्परा भएको मानिस बसोबास गर्ने एक बहुसांस्कृतिक देश हो । विश्वमा बसाइँसराइ, शिक्षा, व्यापार, पर्यटन, मिडियामा पहुँच आदिका कारणले सांस्कृतिक विविधता बढ्दो क्रममा छ । त्यसैले सांस्कृतिक विविधतालाई समन्वय गरी समाजमा सामञ्जस्य कायम राख्नु आजको आवश्यक हो ।

### ४. कलामा विविधता :

आफ्ना मनको भावना विभिन्न माध्यमबाट अभिव्यक्त गर्ने विधालाई कला भनिन्छ । यो मानिसको सिर्जनात्मक सिप र कल्पनाको अभिव्यक्ति हो । यसअन्तर्गत चित्रकला, मूर्तिकला, सङ्गीत, नृत्य, साहित्य, नाटक आदि पर्छन् । कुनै पनि देशको धार्मिक, सामाजिक तथा सांस्कृतिक परम्पराले कलालाई प्रभाव पारेको हुन्छ । विश्वमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधता भएकाले कलामा पनि विविधता देखिन्छ । विश्वमा सूचना र प्रविधिको विकासका साथै कलामा विविधता आएको छ । विश्वको एक ठाउँमा विकसित भएको सहित्य, गीत, सङ्गीत, अन्य रचनात्मक प्रस्तुति विभिन्न माध्यमबाट संसार भर फैलिन्छ । हिजो आज पश्चिमी राष्ट्रहरूमा विकसित भएको पप, रक, ब्लुज आदि गीतहरू विश्वभर नै फैलिएको छ । निग्रो समुदायमा विकसित भएको ऱ्याप गीत विश्वका युवाहरूमा लोकप्रिय बन्दै गएको छ । विश्वमा अङ्ग्रेजी भाषाको प्रयोग बढेसँगै अङ्ग्रेजी साहित्यको प्रचारप्रसार भएको छ । कुनै पनि देशको कला र साहित्यले उक्त देशको मौलिक पहिचान विकास गरेको हुन्छ । त्यसैले कलाको संरक्षण, प्रवर्धन र सम्मान गर्नु हरेक नागरिकको दायित्व हो ।

### ५. प्रजातीय तथा जातीय विविधता

समान शारीरिक बनोट जस्तै : छालाको रङ, कपालको प्रकार, टाउकाको स्वरूप आदि भएका मानिसको समूहलाई प्रजाति भनिन्छ । युरोप तथा अमेरिकाका गोरा, अफ्रिकाका निग्रोइड, उत्तरी एसियाका मङ्गोलियन आदि विभिन्न प्रजातिका उदाहरणहरू हुन् । त्यसै गरी समान जीवनशैली, ऐतिहासिक पृष्ठभूमि र भाषा तथा सांस्कृतिक विशेषता भएका

मानिसको समूहलाई जाति भनिन्छ । प्रजातीय तथा जातीय विविधता सामाजिक विविधताको एक आयाम हो । विश्वमा यातायातको विकाससँगै मानिसको विभिन्न देशहरूमा बसाइँ सर्ने प्रवृत्तिको विकासले प्रजातीय तथा जातीय विविधता बढ्दो छ । एउटै देशमा पनि विभिन्न जातजाति तथा प्रजातिहरूको बसोबास बढ्दै आएको छ । कतिपय देशहरू क्षेत्रफलको हिसाबले सानो भए तापनि जातीय विविधता बढी छ भने कतिपय देशहरू क्षेत्रफलको हिसाबले ठुलो भए तापनि जातीय विविधता कम छ । यसको ज्वलन्त उदाहरण नेपाल र चीनलाई लिन सकिन्छ । नेपाल चीनभन्दा कम क्षेत्रफल भएको सानो देश भए तापनि यहाँ १२५ जातजातिका मानिस बसोबास गर्छन् । नेपालभन्दा ज्यादै ठुलो क्षेत्रफल भएको देश चीनमा जम्मा ५६ जातीय समूह मात्र बसोबास गर्छन् । विश्वमा सञ्चार र यातायातको विकासका कारण जातीय तथा प्रजातीय विविधता बढ्दो छ ।

रोजगारी, व्यापार, शिक्षा तथा पर्यटन जस्ता प्रयोजनका लागि विश्वमा आन्तरिक तथा अन्तर्राष्ट्रिय बसाइँसराइ बढ्दो छ । बसाइँसराइका क्रममा मानिसले आफ्ना धार्मिक आस्था, भाषा, संस्कृति, कला, वेशभूषा आदि जस्ता पहिचान पनि सँगै लिएर जान्छन् । त्यसैले विश्वका अधिकांश देशहरूमा धार्मिक, सांस्कृतिक, भाषिक एवम् जातीय विविधता बढ्दो छ । विश्वमा हाल करिब ६ सय ५० जातीय, ४ हजार ३ सय धार्मिक र ७ हजारभन्दा बढी भाषिक समुदाय छन् । यसले सामाजिक विविधता विश्वको एक महत्त्वपूर्ण पहिचान बनेको छ । त्यसैले सामाजिक विविधतामा एकता आजको आवश्यकता हो । यसका लागि विश्व समुदायका हामी सबैले आआफ्नो क्षेत्रबाट सामाजिक एकता कायम राख्नका लागि प्रयास गर्नुपर्छ ।

### क्रियाकलाप

१. विभिन्न स्रोतहरूबाट नेपालमा विभिन्न धर्म मान्ने मानिसको सङ्ख्या पत्ता लगाउनुहोस् । त्यसलाई आधार बनाएर नेपालमा धार्मिक सहिष्णुताको महत्त्व र यसलाई कायम राख्ने उपायहरूका बारेमा आफूले जानेका कुराहरू बुँदा टिपोट गर्नुहोस ।

### अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) सामाजिक विविधता भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ?

(ख) नेपालमा धार्मिक विविधताको कुनै एक उदाहरण प्रस्तुत गर्नुहोस् ।

(ग) हिन्दु धर्मका कुनै दुई सम्प्रदायको नाम उल्लेख गर्नुहोस् ।

(घ) विश्वका विभिन्न देशहरूमा जातीय विविधता बढ्नुका कुनै दुई कारण लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) सामाजिक विविधताको महत्त्व वर्णन गर्नुहोस् ।

(ख) विश्वमा सामाजिक विविधतालाई समन्वय गर्नु किन आवश्यक छ ? आफ्नो तर्क एक अनुच्छेदमा लेख्नुहोस् ।

(ग) "सामाजिक विविधतामा एकता आजको आवश्यकता हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सामाजिक विविधताका आयाम उल्लेख गरी कुनै दुईको वर्णन गर्नुहोस् ।

(ख) "विश्वमा सामाजिक विविधता छ ।" यस भनाइलाई पुष्टि गर्दै सामाजिक विविधतामा एकता कायम गर्न सकिने कुनै पाँच उपाय उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

विभिन्न स्रोतहरूको अध्ययन गरी विश्व समुदायमा भएको भाषिक, धार्मिक, सांस्कृतिक र जातीय विविधता पत्ता लगाउनुहोस् । निम्न उपशीर्षकहरूका आधारमा एक छोटो प्रतिवेदन लेख्नुहोस् :

(क) परिचय

(ख) उद्देश्य

(ग) अध्ययन क्षेत्र र विधि

(घ) पत्ता लगाइएका कुराहरू

(ङ) निष्कर्ष

(च) सन्दर्भ सामग्रीको सूची

# पाठ २ सामाजिक सम्बन्धहरूको विकास र सामाजिक अन्तर्निर्भरता

## १. सामाजिक सम्बन्धको विकास

मानिस सामाजिक प्राणी हो । व्यक्ति व्यक्ति मिलेर समाज बनेको हुन्छ । त्यसैले व्यक्तिलाई समाजको आधारभूत एकाइ मानिन्छ । समाजमा धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक तथा अन्य प्रकारका संस्थाहरू रहेका हुन्छन् । यिनै विविध संस्थाहरूमा आबद्ध मानिसहरूका बिचको सम्बन्धलाई नै सामाजिक सम्बन्ध भनिन्छ । सामजिक सम्बन्ध भनेको व्यक्ति व्यक्ति, व्यक्ति संस्था, संस्था संस्थाबिचको सम्बन्ध हो । एउटा डाक्टर र किसानबिचको सम्बन्ध व्यक्ति व्यक्तिबिचको सम्बन्ध हो । एउटा शिक्षक र विद्यालयको सम्बन्ध व्यक्ति र संस्थाबिचको सम्बन्ध हो । मानवशास्त्रमा परिवार, समुदाय र समाजलाई संस्थाको रूपमा स्विकार्ने हुनाले एउटा परिवार र अर्को परिवार, परिवार र समुदाय, एउटा समुदाय र अर्को समुदायबिचको सम्बन्धलाई संस्था संस्थाबिचको सम्बन्ध मानिन्छ । सामाजिक सम्बन्धमा परिवार, कुल, कुटुम्ब, समुदाय र समाजका तहमा संरचनाहरू रहेका हुन्छन् । साथै राष्ट्रिय र वैश्विक संरचनाहरूको पनि समाजमा प्रभाव परेको हुन्छ । यसको निर्माण सामाजिक अन्तरक्रियाबाट भएको हुन्छ । सामाजिक सम्बन्धको विकासका सन्दर्भमा कुरा गर्दा यो निकै पुरानो अवधारणा मानिन्छ । ऋग्वेद र अथर्ववेदका अनुसार व्यक्तिबाट दम्पती, परिवार, समुदाय, समाजलगायत राज्य र वैश्विक संस्थाजस्ता व्यापक र विस्तारित सामाजिक संरचनाहरू विकसित हुँदै गएको मानिन्छ । वैदिक वाङ्मयमा गरिएका चिन्तनका अनुसार व्यक्ति र दम्पतीको अस्तित्वलाई सामाजिक सम्बन्धको प्रारम्भ मानिएको देखिन्छ । अथर्ववेदका अनुसार, सबैभन्दा पहिले बनेको संस्था परिवार थियो, जसलाई 'गार्हपत्य' भनिन्थ्यो । 'गार्हपत्य' एक परिवार सङ्गठन हो । यसपछिको संस्थालाई तत्कालीन समयमा 'आहवनीय' भनिन्थ्यो । 'आहवनीय' को अर्थ आव्हान गरिएको समयमा जम्मा हुने व्यक्तिहरूको समूह हो । 'आहवनीय' पछि 'दक्षिणाग्नी' संस्थाको चर्चा पाइन्छ । 'दक्षिणाग्नी' लाई 'जनपद' पनि भन्न सकिन्छ । 'दक्षिणाग्नी' भन्दा ठुलो संस्थालाई अथर्ववेदमा 'गण' भनिएको छ । त्यसै गरी ऋग्वेदमा पनि विभिन्न तहको सामाजिक संस्थाहरूका बारेमा चर्चा गरिएको छ । यसमा एउटै घरका महिला तथा पुरुष दुवैको सहभागिता हुने संस्थालाई परिवार अर्थात् 'विदथ' भनिन्थ्यो । विदथले धार्मिक अनुष्ठान, कुलको सुरक्षा, परिवारका आवश्यकताहरूको पूर्तिलगायत कुलसँग सम्बन्धित विभिन्न विषयमा छलफल र निर्णय गर्थे ।

ऋग्वेदका अनुसार 'जन्मन' लाई गोत्र अर्थात् एउटा परिवारका गोष्ठी भन्न सकिन्छ । परिवार, ग्राम, जनपद हुँदै सभा र समिति जस्ता राष्ट्रिय संस्थाहरूको उद्भव र विकास भएको देखिन्छ । पूर्वीय चिन्तन परम्परामा जस्तै पाश्चात्य चिन्तन परम्परामा पनि सामाजिक सम्बन्धका बारेमा धेरै मतहरू आएका छन् । ग्रिस र रोममा विकसित भएको दैविक सिद्धान्तअनुसार राज्यको उत्पत्ति ईश्वरबाट भएको मानिन्छ । यसमा ईश्वरको प्रतिनिधिका रूपमा कोही व्यक्तिले राज्य निर्माण गरेको मानिन्छ । दार्शनिक जिन ज्याक

रुसो, जोन लक र थोमस हब्सले अगि सारेका सिद्धान्तअनुसार राजनीतिक र सामाजिक संरचनाहरू थिएनन् । त्यस बखत मानिसले विभिन्न खालका लडाइँ र झगडा रोक्न र व्यक्तिगत सम्पत्तिको रक्षा गर्नका लागि राज्य तथा नियम कानुनको निर्माणका साथै सामाजिक सम्झौताका विकास गरे । त्यसै गरी केहीले उत्पादनका साधनहरूमा स्वामित्वका कारणले परिवार तथा अन्य सामाजिक संरचनाहरू निर्माण भएको तर्क गरेका छन् । अत: पूर्वीय तथा पाश्चात्य चिन्तन परम्परामा व्यक्ति, परिवार र समाज आपसमा सम्बद्ध एकाइहरू हुन् भन्नेमा सबै मतहरूको धारणा मिल्छ ।

## २. व्यक्तित्वका आधार, व्यक्तिका कर्तव्य र अधिकार

समाजमा सबैले पालना गर्नुपर्ने साधारण कर्तव्य, व्यक्तिको जिम्मेवारी र आवश्यकताअनुसार निर्धारण हुने कर्तव्यको समष्टिमा व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा देश, समय तथा परिस्थितिको प्रत्यक्ष प्रभाव परेको हुन्छ भन्ने मान्यता छ । व्यक्तित्व निर्माणमा चरित्रलाई धेरै महत्त्व दिइएको छ । संस्कार, संस्कृति र सदाचारको पालनाले असल पात्र हुने र कर्तव्यको पालनाले अधिकार प्राप्त हुने मान्यता छ । हिन्दु र जैन शाास्त्रहरूको उपदेशअनुसार जीवनको अन्तिम लक्ष्य मोक्ष हो भन्ने छ र बौद्ध मतमा निर्वाणलाई परम् लक्ष्य मानिएको छ । यसलाई व्याख्या गर्न वैदिक हिन्दु, बौद्ध तथा जैन धर्म दर्शनमा साधारण धर्म र विशेष धर्मको अवधारणा रहेको पाइन्छ । साधारण धर्म भन्नाले विश्वभरिका सबै मानिसका लागि लागु हुने नीति नियमहरू मानिन्छन् भने विशेष धर्म भन्नाले व्यक्तिको व्यक्तित्व, समय, स्थान, परिवेशलगायतका कुराहरू परिवर्तन हुँदा फरक पर्न जाने नीति नियमहरू मानिन्छन् ।

मानिसको व्यक्तित्व र समाजप्रति उसको दृष्टिकोण साथै कर्तव्य बोधले पनि सामाजिक सम्बन्धको स्वरूप निर्धारण गर्छन् । उदाहरणका लागि पाश्चात्य समाजमा व्यक्तिले समाजलाई भन्दा आफूलाई महत्त्व दिने हुँदा पूर्वीय समाजमा जस्तो व्यक्ति व्यक्तिबिचमा आत्मीयता कम पाइन्छ । व्यक्तित्व निर्माणका सन्दर्भमा चरित्रको महत्त्वपूर्ण भूमिका हुन्छ । चरित्र विकासका लागि आफ्ना कर्तव्य र समाजका नीति नियमको पालना गर्नुपर्छ । त्यसैले पूर्वीय दर्शनमा साधारण र विशेष धर्मको पालना गर्नु व्यक्तिको कर्तव्य ठानिएको छ । कुनै पनि व्यक्तिको चरित्र, व्यवहार, समाजमा उसले निर्वाह गर्ने भूमिका, कर्तव्य र जिम्मेवारीहरू उसको व्यक्तित्व निर्धारणका आधारहरू हुन् । यी आधारहरूले व्यक्तिको व्यक्तित्व कस्तो हुन्छ भन्ने कुराको निर्धारण गर्छ ।

कर्तव्य र अधिकार एक सिक्काका दुई पाटा हुन् । यिनीहरू एकअर्कासँग सम्बन्धित हुन्छन् । कुनै पनि अधिकार प्राप्तका लागि त्यससँग सम्बन्धित कर्तव्य पूरा गर्नुपर्छ । पूर्वीय दार्शनिक मान्यताअनुसार कर्तव्यले मानिसको लौकिक जीवन सार्थक बनाउनुका साथै मृत्युपश्चात मोक्ष प्राप्त गराउँछ । त्यसैले हिन्दु शास्त्रहरूमा पुरुषार्थ चतुष्ट्य वा धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्नुलाई मानिसको जीवनको प्रमुख उद्देश्य मानिएको छ । हिन्दु धर्मका मान्यताअनुसार मानिसको जीवन ऋषिमुनि, देवता र कुल पितृहरूको आशीर्वादले चलेको हुन्छ । यसले गर्दा व्यक्ति जन्मसँगै ऋषिमुनि, देवता र पितृहरूप्रति ऋणी हुन्छ । जीवनमा

ऋषि ऋण, देव ऋण र पितृ ऋण तिर्नु पनि उसको कर्तव्य मानिन्छ । यिनै कर्तव्य पूरा गर्ने व्यक्तिले मोक्षको अधिकार प्राप्त गर्छ । यस मान्यताले  गर्दा हरेक व्यक्तिमा दया, माया, करुणाजस्ता गुणहरूको विकास हुन्छ । उसमा हिंसा, क्रोध, लोभ जस्ता अमानवीय गुणहरू उत्पन्न हुन पाउँदैनन् । हिन्दु धर्म ग्रन्थहरूको प्रमुख उद्देश्य व्यक्तिलाई कर्तव्यनिष्ठ बनाउनु रहेको देखिन्छ । यी ग्रन्थहरूमा व्यक्तिले गरेका पुण्य कर्मको फल स्वयम्ले मात्र प्राप्त गर्छ भन्ने मान्यता राखिएको छ । त्यसै गरी उसका सामाजिक व्यवहारले व्यक्ति र समाज अन्तरसम्बन्धित हुने हुँदा उसले गरेका राम्रा वा नराम्रा सामाजिक कार्यको फल समाजका अन्य सदस्यसमेतले प्राप्त गर्छन् भन्ने मान्यता राखिएको छ । नेपाली समाजमा यसै मान्यताले व्यक्तिको व्यक्तित्व र सामाजिक सम्बन्धलाई प्रभाव पारेको देखिन्छ । पाश्चात्य समाजमा भने व्यक्तिको व्यक्तित्व, उसका व्यवहार र सामाजिक सम्बन्धबारे वैयक्तिकतावादी मान्यताको प्रभाव रहेको पाइन्छ । जसले गर्दा  व्यक्तिले समुदायभन्दा स्वयम्को हितलाई प्राथमिकता दिन्छ ।

आधुनिक युगको वर्तमान परिवेशमा व्यक्तित्व निर्माणमा शिक्षालाई प्राथमिकता दिइएको छ । विज्ञान आधारित शिक्षा, प्रविधि केन्द्रित सिप, बजार निर्देशित उपभोग र सूचना तथा मनोरञ्जनका लागि मिडियामा निर्भरता जस्ता कारणहरू व्यक्तित्व निर्माणमा बढी निर्णायक बन्दै गएको पाइन्छ । शिक्षा र प्राविधिक ज्ञान आर्जन गरेर आफ्नो ज्ञानले समाजका लागि योगदान गर्न सकेमा व्यक्तित्व विकास हुन्छ भन्ने पछिल्लो मान्यताले पनि व्यक्तिलाई समाजप्रति जिम्मेवार र कर्तव्यनिष्ठ बनाउँछ । सामाजिक सम्बन्ध विकास र सामाजिकीकरणमा व्यक्तिको व्यक्तित्व, उसको सामाजिक सहभागिता, शिक्षा, प्रविधिको पहुँच, सञ्चारको प्रभावकारी भूमिका रहन्छ ।

## ३. परिवार र पारिवारिक आदर्श

व्यक्ति व्यक्ति मिलेर परिवार बन्छ । मानवशास्त्र तथा समाजशास्त्रमा परिवारलाई संस्थाका रूपमा लिइन्छ । त्यसैले व्यक्ति समाजको आधारभूत एकाइ हो भने समाज आधारभूत संस्था हो । हरेक व्यक्तिको जन्म परिवारमा हुन्छ, र ऊ परिवारमा नै हुर्कन्छ, त्यसैले हरेक व्यक्तिको सामाजिकीकरणको प्रक्रिया उसको परिवारबाट सुरु हुन्छ । प्रत्येक व्यक्तिले परिवारबाटै सामाजिक आदर्श, मूल्यमान्यता, संस्कृति, परम्परा आदि विषयमा अनुभव र ज्ञान हासिल गर्छ । पारिवारिक आदर्श भनेको परिवारले स्विकार गरेका मान्यताहरू हुन् । यस्ता मान्यताहरूले व्यक्तिको सोच, दृष्टिकोण र जीवनशैली प्रभावित हुन्छ । परिवार हरेक व्यक्तिले अरूसँग गर्ने व्यवहार सिक्ने थलो हो । व्यक्तिले आफ्नो पारिवारिक वातावरणअनुसार समाजप्रति दृष्टिकोण बनाउँछ र यही दृष्टिकोणबाट उसको सामाजिक सम्बन्धको स्वरूप निर्धारण हुन्छ । तसर्थ एउटा परिवारको आदर्श, संस्कार, संस्कृति र मान्यताले पनि सामाजिक सम्बन्धको स्वरूप निर्धारण गर्छ । मिलेर बस्नु, मिलेर काम गर्नु, अप्ठ्यारामा परेका वेला अरूलाई सहयोग गर्नु, एकअर्काको दुःखसुखमा सहभागी हुनु हाम्रा पारिवारिक आर्दश, संस्कृति एवम् परम्परा हुन् । समाजमा सामूहिक भावना, एकता, सहयोग र सद्भावको विकास गर्नमा यी आदर्शहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसले

व्यक्ति, परिवार तथा समुदायबिच सामाजिक सम्बन्ध मजबुत बनाउँदै लैजान्छ । त्यसैले सामाजिक सम्बन्धको विकासमा पारिवारिक आदर्शले महत्त्वपूर्ण भूमिका खेल्छ ।

## ४. सामाजिक अन्तर्निर्भरता

कुनै एक व्यक्तिको उद्देश्य वा लक्ष्य अर्को व्यक्ति वा समूहसँग आपसी क्रियाकलापबाट मात्र सम्भव हुने अवस्था नै सामाजिक अन्तर्निर्भरता हो । यो समाजमा बसोबास गर्ने मानिस र सङ्घसंस्थाबिच सामाजिक समूहलाई एकीकृत गर्न सहयोग हुने सहयोगी व्यवहार हो । कुनै पनि व्यक्ति, समाज र राष्ट्रले आफूलाई आवश्यक पर्ने सम्पूर्ण कुराहरू आफैँले पूरा गर्न नसक्ने हुनाले आफ्ना आवश्यकता पूरा गर्न एकअर्कामा निर्भर रहन्छन् । आफ्ना आवश्यकता पूर्तिका लागि दुई व्यक्ति, समाज वा राष्ट्रहरू एकअर्कामा निर्भर हुनुलाई पनि अन्तर्निर्भरता भनिन्छ । सामाजिक अन्तर्निर्भरता व्यक्ति परिवार तथा कुल कुटुम्बमा रहेको पाइन्छ । व्यक्ति र परिवार पछिको सामाजिक संरचना कुल हो । आफ्ना कुलका मानिस र आफन्तहरूसहितको समुदायलाई कुटुम्ब भनिन्छ । पहिले पहिले परिवार, कुल कुटुम्बको अन्तरसम्बन्ध महत्त्वपूर्ण मानिन्थ्यो । ग्राम र जनपदमा रहेका अन्य कुलसँगको सम्बन्ध र सामाजिक अन्तर्निर्भरता पनि महत्त्वपूर्ण मानिन्थ्यो । विदुर नीतिमा कुलभन्दा ग्राम ठुलो एकाइ र चाणक्य नीतिमा कुलभन्दा ग्राम ठुलो एकाइ रहेको देखिन्छ । धर्मशास्त्रअनुसार ग्रामभन्दा जनपद ठुलो एकाइ थियो । 'कुल' जन्मसँग सम्बद्ध र 'गण' जनपदसँग सम्बद्ध रहेको पाइन्छ । प्राचीन कालमा गोष्ठी (गुठी) जस्ता संरचनाले सामाजिक अन्तरनिर्भरतालाई व्यवस्थित गर्थे । त्यस समयका सामाजिक संरचना बहुआयामिक देखिन्छ । परिवार, कुल र कुटुम्बको अन्तरसम्बद्धता महत्त्वपूर्ण मानिन्थ्यो साथै ग्राम र जनपदमा रहेका अन्य कुलसँगको सम्बन्ध र सामाजिक अन्तर्निर्भरता पनि महत्त्वपूर्ण थियो ।

प्राचीन समयमा जस्तै हिजोआज पनि सामाजिक अन्तर्निर्भरता कायमै छ । प्राचीन कालको समाजको अन्तर्निर्भरता आर्थिक क्रियाकलापका आधारमा थियो । खेतीपाती गर्ने, व्यापार गर्नेलगायत समाजमा आवश्यक पर्ने हरेक सेवा सुविधा र वस्तुहरूको व्यवस्थाका लागि छुट्टाछुट्टै सामाजिक वर्गको व्यवस्था थियो । त्यस वेलाका समाजमा पाठ पूजा गर्ने, कर्मकाण्ड गराउने काम कुनै एक वर्गको हुन्थ्यो । केहीले राज्यको रक्षाका लागि सेनामा काम गर्थे । कोहीले प्रशासनिक काम गर्थे भने कोही धातुका सामान निर्माण गर्ने, गरगहना बनाउनेलगायतका काम गर्थे । अहिलेको आधुनिक विश्वमा यातायात, सूचना प्रविधि, उपभोगवाद, व्यापार, पर्यटन, वैदेशिक रोजगारी जस्ता कुराहरूले पारस्परिक निर्भरता बढाएको देखिन्छ । राजनीतिक दल, गैरसरकारी सङ्गठनहरू, व्यापारिक संस्थाहरू, व्यावसायिक सङ्गठनहरू तथा पैरवी समूहहरूले सामाजिक अन्तर्निर्भरतामा प्रत्यक्ष प्रभाव पार्छन् । संयुक्त राष्ट्रसङ्घ र यसका विभिन्न निकायहरू जस्ता वैश्विक सङ्गठनहरू, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) जस्ता क्षेत्रीय सङ्गठन, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदिले पनि वर्तमान युगमा सामाजिक अन्तर्निर्भरतालाई प्रवर्धन गरेको छ ।

### क्रियाकलाप

१. "सामाजिक अन्तर्निर्भरता अहिलेको आवश्यकता हो ।" भन्ने शीर्षकमा वक्तृता तयार गरी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) गार्हपत्य भनेको के हो ?

(ख) गण र ग्रामबिचको कुनै एक फरक लेख्नुहोस् ।

(ग) सामाजिक सम्बन्ध भनेको के हो ?

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) सामाजिक सम्बन्धका प्रकार के के हुन् ? सबैको छोटकरीमा परिचय लेख्नुहोस् ।

(ख) पारिवारिक आदर्श भनेको के हो ? सामाजिक सम्बन्धको विकासमा यसको आवश्यकता उल्लेख गर्नुहोस् ।

(ग) सामाजिक अन्तर्निर्भरताको परिचय दिई यसको महत्त्व उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) आधुनिक विश्वमा विद्यमान बढ्दो विश्वव्यापीकरणले सामाजिक अन्तर्निर्भरता कसरी बढाएको छ ? यसका बारेमा आफ्नो तर्कसहित वर्णन गर्नुहोस् ।

(ख) सामाजिक सम्बन्ध भनेको के हो ? यसको महत्त्व वर्णन गर्दै सामाजिक सम्बन्ध स्थापित गर्न समाजिक अन्तर्निर्भरताले खेलेको भूमिका वर्णन गर्नुहोस् ।

### सामुदायिक कार्य

तपाईंको समुदायका मानिससँग भेटी त्यहाँ मनाइने मुख्य चाडपर्व, जात्रा, मेला, उत्सव आदिका बारेमा छलफल गर्नुहोस् । चाडपर्व, जात्रा, मेला, उत्सव आदिमा सामाजिक अन्तर्निर्भरता कसरी रहेको हुन्छ भन्ने कुरा पत्ता लगाई विश्लेषण गर्नुहोस् । तपाईंले गरेको अध्ययनका आधारमा एक प्रतिवेदन लेख्नुहोस् ।

## पाठ ३ जीवन दर्शन, सामाजिक मूल्य मान्यता र सामाजिक व्यवहार

दर्शनको अङ्ग्रेजी रूप Philosophy हो । यो शब्द ग्रिक भाषाको Philos र Sophia मिलेर बनेको हो । यसमा Philos को अर्थ प्रेम र Sophia को अर्थ विवेक हुन्छ । अतः Philosophy को अर्थ विवेकप्रतिको प्रेम भन्ने बुझिन्छ । नेपालीमा दर्शन संस्कृतको 'दृश्' धातुमा 'अन' प्रत्यय लागेर 'दर्शन' शब्द बन्छ । संस्कृतको 'दृश्' शब्दको नेपाली अर्थ देख्नु वा हेर्नु भन्ने बुझिन्छ । यस अर्थमा कुनै वस्तु, घटना, व्यक्ति, व्यवहार, विचार, सिद्धान्त र विश्व ब्रह्माण्डलाई हेर्ने दृष्टिकोण भनिन्छ । तसर्थ शाब्दिक अर्थमा कुनै कुरालाई हेर्ने र बुझ्ने कुरालाई बुझाउँछ । नेपाली बृहत् शब्दकोशका अनुसार प्रकृति, ईश्वर, ज्ञान, विज्ञान र चेतनाको विवेचना र विश्लेषणलाई दर्शन भनिन्छ । दर्शन मानव समाज र प्रकृतिलाई बुझ्ने भित्री आँखा हो । यसले कुनै पनि वस्तुलाई हेर्ने, बुझ्ने र सोहीअनुरूप आफ्नो धारणा र व्यवहार निर्धारण गर्न सघाउँछ ।

सामान्य अर्थमा दर्शन भनेको ज्ञानको खोजी हो । यो जीवन, जगत्, आत्मा, ब्रह्माण्डलाई हेर्ने दृष्टिकोण हो । जिज्ञासा र तार्किक चिन्तनका साथ शाश्वत सत्यको खोजी हो । जीवन र जगत्को आरम्भ र अन्त्य वा लक्ष्यसम्बन्धी रहस्यको खोजी तथा बौद्धिक र तार्किक व्याख्या दर्शन हो । दर्शनले जीवन र जगत्को यथार्थ अन्वेषण, विश्लेषण एवम् चिन्तन गर्न सिकाउँछ । दर्शनमा तर्कपूर्ण, विधिपूर्वक एवम् क्रमबद्ध विचारको पद्धति हुन्छ । दर्शनले जीवन र जगत्बारे मानव अनुभव र अनुभूतिलाई व्याख्या तथा विश्लेषण गर्न तथ्य, तर्क र विचारको प्रयोगका विधिहरू सिकाउँछ ।

### १. दर्शनको वर्गीकरण

तत्त्व विज्ञान वा तत्त्वमीमांसा, ज्ञानमीमांसा वा प्रमाणविज्ञान वा प्रमाणमीमांसा, सत्त्वमीमांसा, तर्कशास्त्र, नीतिविज्ञान वा नीतिशास्त्र, सौन्दर्यमीमांसा आदि दर्शनका मुख्य क्षेत्रहरू हुन् । दर्शनलाई विभिन्न आधारमा विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ, जुन यस प्रकार छन् :

१. ईश्वर मान्ने र नमान्ने आधारमा : आस्तिक (ईश्वर मान्ने) वा नास्तिक (ईश्वर नमान्ने)

२. दर्शनको विकास भएको भूगोलका आधारमा : पूर्वीय दर्शन, पाश्चात्य दर्शन, ग्रिसेली दर्शन, भारतीय दर्शन, युरोपेली दर्शन आदि

३. विषयवस्तुका आधारमा : सामाजिक दर्शन, राजनीतिक दर्शन, आर्थिक दर्शन, नैतिक दर्शन आदि

४. धार्मिक परम्पराका आधारमा : हिन्दु दर्शन, बौद्ध दर्शन, किरात दर्शन, इस्लाम दर्शन, इसाई दर्शन, जैन दर्शन आदि

## २. विभिन्न विश्वदृष्टिकोणको बोध

विश्वदृष्टिकोण भनेको विश्वलाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने दृष्टिकोण हो । यसले विश्वमा मानव र मानवको स्थानका बारेमा बुझाउँछ । विश्व वा जगत्को अवलोकन र विश्लेषण गरी आफ्नो अनुभूतिसमेतका आधारमा विश्वबारे बनाइएको धारणा नै विश्वदृष्टिकोण हो । यो आफू बाँचिरहेको विश्वबारे मानिसमा रहेको सोच, मान्यता, दृष्टिकोण तथा अपेक्षाको समष्टि धारणा हो । विश्वदृष्टिकोणले मानिसको विचारधारामा प्रभाव पार्छ । विश्वदृष्टिकोण जन्मजात विशेषता होइन । यो त सामाजिकीकरण, संस्कृतीकरण, शिक्षा, जीवनभोगाइ आदिबाट सिकिने र ग्रहण गरिने धारणा हो । विश्वलाई बुझ्नका लागि चेतनालाई मात्र प्रधान मान्ने, पदार्थलाई मात्र प्रधान मान्ने र चेतना र पदार्थ दुवैलाई सत्य मान्ने गरी तीन विश्वदृष्टिकोणहरू छन् । तपाईंले संसार जस्तो छ, त्यस्तै बुझ्नु सक्नुहुन्न बरु जस्तो देख्नुहुन्छ, त्यस्तै बुझ्नुहुन्छ । जीवन र दर्शनलाई बुझ्ने तरिका दर्शनअनुसार फरक फरक हुन्छ । आध्यात्मवादीहरू यस लोकमा गरेको कर्मको फल परलोकमा पाइन्छ भन्ने विश्वास राख्छन् । त्यसै गरी यही संसार नै एक मात्र सत्य हो र जे गर्नुछ, यही संसारमा नै गर्नुपर्छ भन्ने दृष्टिकोण राख्छन् । यहाँ विश्वदृष्टिकोणमा आधारित जीवन र जगत्सम्बन्धी मानिसहरूका फरक फरक बुझाइहरूबारे चर्चा गरिएको छ ।

(क) **आध्यात्मिक दृष्टिकोणका आधारमा जीवन र जगत् :** ईश्वरलाई सृष्टिकर्ताको रूपमा मान्ने दृष्टिकोण आध्यात्मिक दृष्टिकोण हो । यो दृष्टिकोणमा मानवले जे जस्तो कार्य गर्छ, त्यो पनि ईश्वरका कारणबाट भएको भन्ने कुरामा विश्वास राख्छ । ईश्वरीय शक्ति नै सबैभन्दा सर्वोच्च शक्ति हो । सारा ब्रह्माण्डको सृष्टि ईश्वरले गरेको हो । प्रकृतिका जे कुरा प्राप्त हुन्छ, त्यो ईश्वरकै कारण हो भन्ने कुरामा विश्वास राख्छ । यसले मानिस र उसको वातावरणको सम्बन्धमा ईश्वरकै कारण सम्भव भएको हो भन्ने कुरा यस दृष्टिकोणमा राखिन्छन् ।

(ख) **भौतिकवादी दृष्टिकोणका आधारमा जीवन र जगत् :** जे कुरा देख्न र छुन सकिन्छ, त्यही नै सत्य हो । यही संसार नै वास्ताविकता हो । अर्को कुनै संसार छैन भन्ने दृष्टिकोण नै भौतिकवादी दृष्टिकोण हो । यस दृष्टिकोणले पदार्थलाई बढी प्राथमिकता दिन्छ । संसार बोधगम्य छ, पदार्थबाट चेतनाको निर्धारण वा विकास हुन्छ, ईश्वर मानिसको कल्पना मात्रै हो भन्ने कुरालाई जोड दिन्छ । भौतिकवादी दृष्टिकोणले वैज्ञानिक दृष्टिकोणका तथ्यहरूको चर्चा गर्छ । दार्शनिक कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवाद यसको उदाहरण हो । उनका अनुसार जगत् भौतिक जगत्को उपज हो । उनले विश्व ब्रहमाण्ड, यसका अनगिन्ती पिण्डहरू, पृथ्वी, हरेक वस्तु र मानव समाज गतिशील नियमलाई वस्तुवादी तथा भौतिकवादी दृष्टिकोणका आधारमा व्याख्या गरेका छन् । उनका अनुसार विज्ञान, कला, साहित्य, दर्शन आदिको क्षेत्रमा लाग्नु अगि मानिसलाई गाँस, बास र कपासको आवश्यकता पर्छ । यसका लागि मानिसले श्रम गरेर जीवनका लागि चाहिने सम्पत्ति र अन्य आवश्यक पर्ने साधनहरूको उत्पादन गर्नुपर्छ । मानिसको सामाजिक जीवन उत्पादन कार्य र प्रक्रियामा निर्भर रहन्छ । उसको सामाजिक तथा सांस्कृतिक स्वरूप तिनै आर्थिक

उत्पादनको जगमा स्थापित हुने संरचना मात्र हुन् । दर्शन,कानुन, परम्परा, विश्वास, प्रथा, रीतिरिवाज, राज्य, संविधान आदि जस्ता सामाजिक संस्थाहरू विस्तारै विकसित हुँदै जान्छन् । जीवन र जगत्लाई भौतिकवादी दृष्टिकोणले यसरी वर्णन गर्छ ।

## ३. जीवन दर्शन परिचय

जीवन दर्शन भनेको कुनै दर्शन विशेषलाई जीवनको मार्गनिर्देशक रूपमा अवलम्बन गर्नु हो । यो मानिसले जीवन र जगत्बारे राखेको महत्त्वपूर्ण दृष्टिकोण हो । मानिसले जीवन र जगत्लाई हेर्ने विवेकशील धारणा नै जीवन दर्शन हो । यसमा कुनै एक दर्शनलाई मार्गनिर्देशक मानेर दैनिक जीवनका क्रियाकलापहरू सोही दर्शनका विधि र मान्यताअनुसार गरिएको हुन्छ । मानिसका तर्क र विचारहरू पनि सोही दृष्टिकोणका आधारमा नै गरिन्छ । भौतिकवादी र आध्यात्मवादी व्यक्तिहरूको जीवनशैली, सोच, आचारविचार आदिमा फरक हुनु यसैको कारण हो ।

विभिन्न विश्वदृष्टिकोणले मानिसको जीवन दर्शनलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । मानिसले आफूले अवलम्बन गरेको दृष्टिकोणका आधारमा संसारलाई बुझेको हुन्छ । त्यसैका आधारमा आफ्नो लक्ष्य निर्धारण र आफ्ना व्यवहारहरू केन्द्रित गर्छ र उसको जीवन दर्शन पनि निर्धारण हुन्छ । हिन्दु तथा बौद्ध परम्पराअनुसारको विश्व दृष्टिमा संसारलाई ईश्वरको सिर्जना मानिन्छ । मृत्युपछि कर्मका आधारमा अर्को जन्ममा सुख वा दु:ख भोग्नुपर्छ भन्ने विश्वास गरिन्छ । जीवनमा नैतिकता र आदर्शलाई महत्त्व दिइन्छन् । यसैका आधारमा उनीहरूको व्यवहारहरू केन्द्रित भएको हुन्छ । कोही मानिसले जीवनलाई सुख भोग र रमाइलो गर्ने अवसरका रूपमा लिने र भौतिक सुखलाई केन्द्रमा राखेर जीवन जिउने गर्नु र कोही परोपकारलाई जीवनको उद्देश्य ठानी धर्मकर्म गरेर आध्यात्मिक जीवन बिताउनु जीवन दर्शनमा विभिन्न दृष्टिकोणको प्रभाव हो । शून्यवाद, अस्तित्ववाद, वैराग्यतावाद, मार्क्सवाद, सापेक्षतावाद आदि जीवन दर्शनलाई प्रभाव पार्ने विभिन्न विश्वदृष्टिकोणहरू हुन् । यिनै विभिन्न जीवन दर्शनका दृष्टिकोणहरूका कारण विश्वमा विभिन्न विचार, व्यवहार, आचरण भएका मानिसहरू हुन्छन् किनकि जीवनमा मानिसले कुन दर्शन विशेषलाई अवलम्बन गऱ्यो त्यही नै उसको जीवन दर्शन हो ।

## ४. समतामूलक विश्व दृष्टिकोण

समतामूलक विश्व दृष्टिकोण विषयका बारेमा बुझ्नुभन्दा पहिले समता र समनताका बारेमा बुझ्न जरुरी छ । समता र समानता एउटै जस्तो देखिए तापनि यी दुईबिच भिन्नता छ । सबै वर्ग र समुदायलाई समान सुविधा र अवसर प्रदान गर्नु समनता हो । समता भनेको फरक हैसियत र क्षमता भएका व्यक्ति र समुदायहरूलाई फरक व्यवहार गरी समानताको बाटो निर्माण गर्नु हो । समाजमा विभिन्न आर्थिक, सामाजिक तथा राजनीतिक हैसियत भएका मानिसलाई समान अवसर दिनु समानता हो भने उनीहरूको वास्तविक पहिचान गरी सकारात्मक विभेदको नीति अबलम्बन गरी विगतमा विभिन्न कारणले पिछडिएका वर्ग र समुदायलाई विशेष अवसर र सुविधा प्रदान गरी समानताको बाटो निर्माण गर्नु समता हो । अहिले नेपालमा विभिन्न वर्ग र समुदायलाई आरक्षणको व्यवस्था

गरिएको छ । जसले गर्दा विगतमा विभिन्न कारणले पछाडि परेका वर्ग र समुदायलाई राज्यको मुलधारमा ल्याउन र समानताको बाटो पहिल्याउन मदत पुगेको छ । समतामूलक विश्वदृष्टिकोणबाट समतामूलक समाजको स्थापनाका लागि लोकतान्त्रिक शासन व्यवस्था, विविधताको सम्मान, कानुनी शासन, सशक्तीकरण, आरक्षण, नागरिक सर्वोच्चता, समानुपातिक प्रतिनिधित्व आदिको आवश्यकता पर्छ । यसका लागि समावेशीकरण तथा सकारात्मक विभेदको नीति, सामाजिक जागरण, सीमान्तकृत वर्ग तथा समुदायको सशक्तीकरण र मूलप्रवाहीकरण आदि जस्ता उपायहरू अवलम्बन गर्नुपर्छ । नेपालमा समानताका लागि संवैधानिक व्यवस्थाअनुसार विभिन्न नीतिनियमहरू निर्माण गरी कार्यान्वयन गरिएको छ ।

## ५. दैनिक जीवनमा दर्शनको उपयोगिता

हामीमध्ये कसैलाई लाग्न सक्छ, दर्शन भनेको आदर्शवादी कुरा हो । यो वास्तविक जीवनभन्दा फरक हुन्छ । आदर्शवादी कुरा गर्नेहरू मात्र दार्शनिक हुन् । ठुला ठुला अध्ययन अनुसन्धान गर्ने आदर्शवादीहरूले मात्र दर्शनको उपयोग गर्नुपर्छ । हाम्रा यस्ता विचारहरू सबै गलत हुन् । दर्शन जीवनको महत्त्वपूर्ण पक्ष हो । जीवनका हरेक पक्षमा कुनै न कुनै रूपमा दर्शनको उपयोग भइरहेका हुन्छन् । जीवन र जगत्लाई तर्क प्रयोग गरेर बुझ्ने कोसिस गर्नु दर्शनको उपयोग गर्नु हो । हाम्रो जीवनमा दर्शनको उपयोगितालाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

१. जीवनमा आइपर्ने कुनै पनि समस्याको समाधान गर्न समस्याका कारण, समस्या समाधानका प्रक्रियाहरू, समाधानका उपायहरू आदि कुराको विश्लेषण गर्न दर्शनको आवश्यकता पर्छ । यसले समस्यासँग सम्बन्धित कुराहरूको तर्कसहित विश्लेषण गर्न सहयोग गर्छ ।

२. दर्शनले अभिव्यक्ति र सञ्चार सिपको विकासमा मदत गर्छ । विभिन्न समयमा दार्शनिकहरूले निर्माण गरेका व्यवस्थित तर्कहरूको मदतबाट आफ्ना विचारहरू प्रस्तुत गर्दा जुनसुकै क्षेत्रमा पनि अरूको ध्यानार्कषण गर्न सहज हुन्छ । अरूलाई तर्कले आफ्नो पक्षमा ल्याउन सहयोग गर्छ ।

३. दर्शन मानव जीवनका लागि महत्त्वपूर्ण विचार हो । यसले जीवनको महत्त्व, कर्तव्य र लक्ष्य निर्धारण गर्न मदत गर्छ ।

४. जीवन र जगत्का बारेमा आफ्ना अनुभूति र अनुभवलाई व्याख्या र विश्लेषण गर्न र प्रमाणिक ज्ञान हासिल गर्न दर्शनको उपयोग गरिन्छ ।

५. कानुन, सरकार, धर्म, परिवार, समुदाय, व्यवसाय, शिक्षा आदि जस्ता मानव जीवनका महत्त्वपूर्ण पक्षहरू दर्शनमा नै आधारित हुन्छन् । विभिन्न दार्शनिक विचारहरूको ज्ञानले समाजका यी पक्षहरूसँग समायोजित हुन सहयोग गर्ने हुनाले दर्शनको उपयोग गरिन्छ ।

६. दर्शन मानिसको जिज्ञासु स्वभावले विकास भएको हुन्छ । यो विभिन्न तर्क र त्यसको व्यावहारिक प्रयोगबाट जीवन र जगत्मा परीक्षण भएको हुन्छ । तसर्थ यसको उपयोगले हरेक व्यक्तिमा समालोचनात्मक चिन्तनको विकास गर्न मदत गर्छ ।

७. दर्शनले हरेक व्यक्तिलाई अध्ययनशील, परिश्रमी र सिर्जनशील बनाउँछ ।

८. दर्शनको उपयोगले कुनै पनि कुरालाई तर्कसहित प्रमाणित गराउने हुनाले उच्च शिक्षा र रोजगारीमा थप अवसर प्राप्त गर्न सकिन्छ ।

९. वर्तमान विश्वमा उब्जेका विभिन्न समस्याको समाधानमा सही चिन्तन र तर्कको प्रयोग गर्न दर्शनले मदत गर्छ । त्यसैले दर्शनको उपयोग गरी हाम्रा दैनिक जीवनमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ ।

## क्रियाकलाप

१. तपाईंले आफ्नो दैनिक जीवनमा दर्शनको उपयोग कसरी गरिरहनुभएको छ ? यसका बारेमा एक अनुच्छेद लेखी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू :

(क) तपाइँको विचारमा दर्शन भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

(ख) यस लोकमा गरेको कर्मको फल परलोकमा पाइन्छ भन्ने विश्वास कुन विचारधाराका व्यक्तिहरूले राख्छन् ?

(ग) कस्तो दृष्टिकोणलाई भौतिकवादी दृष्टिकोण भनिन्छ ?

(घ) जीवन दर्शन भनेको के हो ?

(ङ) समतामूलक समाज भनेको के हो ?

(च) सकारात्मक विभेदको एक वाक्यमा परिचय दिनुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) दर्शनको छोटकरीमा परिचय दिनुहोस् ।

(ख) तपाइँको जीवनमा दर्शनले कस्तो प्रभाव पारेको छ ? उदाहरणसहित छोटकरीमा लेख्नुहोस् ।

(ग) समता र समनताका बिचको फरक उदाहरणसहित पुष्टि गर्नुहोस् ।

**लामो उत्तर आउने प्रश्नहरू**

(क) हाम्रो दैनिक जीवनमा दर्शनको उपयोगिताको महत्त्व आठ बुँदामा प्रस्तुत गर्नुहोस् ।

(ख) आध्यात्मिक तथा भौतिकवादी दर्शनका जीवन जगत्मा परेको प्रभाव उदाहरणसहित प्रस्ट पार्नुहोस् र तपाईँलाई लागेका यी दुवैको दुई दुईओटा राम्रा कुराहरूको सूची बनाउनुहोस् ।

## परियोजना कार्य

विभिन्न स्रोतहरूबाट अध्ययन गरी नेपालमा समतामूलक समाजको निर्माणमा भइरहेका प्रयासका बारेमा अध्ययन गर्नुहोस् । ती प्रयासहरूको प्रभावकारिताका बारे आफ्नै तरिकाले मूल्याङ्कन गरी “नेपालमा समतामूलक समाजको निर्माण प्रयास” भन्ने शीर्षकमा एक सम्पादकीय तयार पार्नुहोस् ।

पाठ ४

# समुदायमा आएका परिवर्तन र सामाजिक रूपान्तरण

*यस पाठमा नेपालमा बस्ने एक जना दिदीले आफ्ना भाइलाई लेखेको एउटा इमेल राखिएको छ । उक्त इमेल पढेर समुदायमा आएको परिवर्तन र सामाजिक रूपान्तरणका बारेमा बुझ्ने कोसिस गर्नुहोस् ।*

प्यारो भाइ विमल

आशीर्वाद छ !

हामी यहाँ सन्चै छौँ । त्यहाँ तिमीलगायत काका र काकी पनि सन्चै हुनुहोला भन्ने आशा गर्छु । हिजोआज समयको व्यस्तताले गर्दा तिमीसँग अनलाइनमा कुराकानी नभएको पनि धेरै लामो समय भइसकेको रहेछ । हुन त यहाँ रात पर्दा त्यहाँ दिन हुन्छ र यहाँ दिन हुँदा त्यहाँ रात पर्छ । यसले पनि तिम्रो र मेरो कुराकानी हुन नपाएको हो । अस्ति तिमीले पठाएको इमेल मैले आज पढेँ । समुदायमा आएका परिवर्तन र सामाजिक रूपान्तरणका बारेमा जिज्ञासा राखेका रहेछौ । म समाजशास्त्र र मानवशास्त्रको विद्यार्थी भएकाले यस विषयमा जानेको केही कुरासहित हाम्रो गाउँमा आएको परिवर्तनका बारेमा यस इमेलमार्फत तिमीलाई बुझाउने कोसिस गर्दै छु ।

भाइ, कुनै निश्चित सामूहिक उद्देश्य, हामी भन्ने भावना र साझा जीवनशैली र संस्कृति बोकेको मानिसहरूको समूहलाई समुदाय भनिन्छ । यो एकै प्रकारको अनुभव बोकेका मानिसको समूह हो । समाजमा विभिन्न जातीय, धार्मिक, भाषिक आदि जस्ता पहिचान भएका मानिसको समूह हुन्छन् । त्यसैलाई हामी विभिन्न जातीय, धार्मिक तथा भाषिक समुदायका रूपमा चिन्छौँ । हाम्रो गाउँमा पनि विभिन्न समुदायका मानिस मिलेर बसेका छन् । गाउँको विकासमा सबै जना मिलेर काम गर्छौं । विभिन्न ठाउँबाट आएका मानिससँगै बसेको हुनाले यहाँ मिश्रित सामाजिक परिवेश निर्माण भएको छ । अहिले यहाँ पहिलेको जस्तो एउटै खालको धर्म, संस्कृति, जीवनशैली भएको सामाजिक परिवेश केही परिवर्तन भएको छ । सामाजिक परिवेश, क्रियाकलाप, मूल्यमान्यता तथा सामाजिक सम्बन्धमा परिवर्तन आई एउटा अवस्थाबाट अर्को अवस्थामा परिवर्तन हुने अवस्थालाई सामाजिक रूपान्तरण भनिन्छ । हाम्रो गाउँमा यातायात र सञ्चारको विकासका कारण समाजका सामाजिक संरचना, व्यवहार, सामाजिक प्राथमिकता, रहनसहन, व्यवसाय आदिमा रूपान्तरण भएको देखिन्छ ।

भाइ, अब म सामाजिक रूपान्तरणमा प्रभाव पार्ने तत्वहरूको प्रभावका कारण हाम्रो गाउँको समुदायमा आएको परिवर्तनका बारेमा छोटो जानकारी दिन चाहन्छु ।

१. शिक्षा र सूचनामा वृद्धि : शिक्षा र सूचनाको पहुँचले मानिसमा चेतना र दृष्टिकोणमा परिवर्तन ल्याउँछ । यसले सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा र सूचनामा पहुँच हुने बित्तिकै मानिसको सोच, जीवनशैली, रोजगारीको अवस्था, स्वास्थ्यसम्बन्धी चेतनालगायत विविध कुरामा सकारात्मक प्रभाव देखिन थाल्छ । औद्योगिक

युगपछि सूचनाको कारोबार हुन थालेको हुनाले उत्तर औद्योगिक युगलाई सूचना युग पनि भन्ने गरिन्छ । उत्तर औद्योगिक युगलाई डानियल वेलले सूचनाको युग (Age of Information) भनी नामकरण गरेका हुन् । अन्य व्यवसायलाई भन्दा सूचनाको कारोबार बढी गर्ने समाजलाई जापानी लेखक योनेजी मासुदाले सूचना समाज भनेका छन् । समाजको अर्थतन्त्रको मुख्य आधार सूचना कारोबार हुनु सूचना समाजको प्रमुख विशेषता हो । शिक्षा र सूचनाको पहुँचमा वृद्धि हुँदा धेरै परिवर्तन ल्याएको छ ।

भाइ, हाम्रो गाउँमा अहिले शिक्षा र सूचनाको पहुँचका कारण समुदायका चेतनाको स्तर बढ्दै गएको छ । यसका कारण यहाँ जातीय विभेद, छुवाछुत, बालविवाहलगायत समाजमा विद्यमान अन्धविश्वास र कुप्रथाहरू हराउँदै हराउँदै गएको छ । अहिले विद्यालयमा जाने छात्राहरूको सङ्ख्यामा निकै वृद्धि भएको छ । सबैजसोका हात हातमा मोबाइल फोन पुगेको छ । गाउँमा विभिन्न इन्टरनेट प्रदायकहरूले इन्टरनेको सुविधा पुऱ्याएकाले धेरैले दिनहुँ इन्टरनेटको प्रयोग गर्न पाएका छन् । घरमा ल्यापटप, कम्प्युटर र टिभी प्रयोग नगर्ने त कमै होलान् । यसले सामाजिक रूपान्तरणमा सकारात्मक भूमिका खेलेको छ ।

२. **बढ्दो मानव अन्तरक्रिया, अन्तर्निर्भरता तथा बसाइँसराइ :** अहिलेको युग सूचना र प्रविधिको युग हो । विश्वमा सूचना र प्रविधिको विकासले मानिसबिच अन्तरक्रिया धेरै नै बढेको छ । विभिन्न देशमा बसोबास गर्नेहरू एकआपसमा सजिलै जोडिन सकेका छन् । विभिन्न कुटनीतिक सम्बन्ध, व्यापार, वैदेशिक रोजगारी, तीर्थाटन, पर्यटन, खेलकुद आदिका कारण मानिस एकआपसमा जोडिन सकेका हुन् । मानिसबिचको अन्तरक्रियाका साथै अन्तर्निर्भरता पनि बढ्दो क्रममा छ । सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक क्रियाकलाप गर्दा अन्तर्निर्भरता र अन्तरक्रिया आवश्यक पर्ने हुनाले यो अवस्था सिर्जना भएको हो । यसका साथै संयुक्त राष्ट्र सङ्घलगायत विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले मानिसलाई एकअर्कासँग जोडिन मदत गरेका छन् । त्यसै गरी मानिस बसाइँसराइ विभिन्न कारणले गर्छन् । जुनसुकै कारणले बसाइँसराइ गरे तापनि त्यसले उद्गम स्थान र गन्तव्य स्थान दुवैतिर प्रत्यक्ष प्रभाव पार्छ । धेरै जनसमुदाय एकै ठाउँमा थुप्रिएर नयाँ स्वरूपको समाज बन्ने प्रक्रियामा एकातिर द्वन्द्वको सम्भावना हुन्छ भने अर्कोतिर बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक एवम् बहुभाषिक अन्तरक्रियाका लागि अवसर पैदा हुन्छ । सामाजिक विविधतालाई दैनिक जीवनको अपरिहार्य आयामका रूपमा साक्षात्कार गर्ने अवस्था वर्तमान विश्वमा रहेको छ ।

भाइ, हाम्रो गाउँमा पनि विभिन्न ठाउँहरूबाट बसाइँ सरेर आउने र यहाँबाट अन्यत्र बसाइँ सरेर जाने गरेका छन् । यसले विभिन्न क्षेत्रमा विकसित समाजका विभिन्न सामाजिक तथा सांस्कृतिक पक्षहरूमा परिवर्तन आएको छ ।

३. **प्रविधिको प्रयोग :** हिजोआज विश्वमा प्रविधिको प्रयोग जुनसुकै क्षेत्रमा पनि बढ्दो क्रममा छ । कृषि, व्यापार, उद्योग, शिक्षा, स्वास्थ्य, सञ्चार, मनोरञ्जन, खेलकुद आदि जस्ता विभिन्न क्षेत्रमा प्रविधिको प्रयोग गरेर उत्पादन, उत्पादकत्व र प्रभावकारितामा वृद्धि गर्न सकिएको छ । यसको प्रयोगले मानिसको जीवन पनि सहज र सरल भएको छ । सूचना तथा

सञ्चारमा प्रविधिको प्रयोगले सामाजिक सम्बन्ध अझै व्यापक बन्दै गएको छ । विभिन्न सामाजिक सञ्जालहरूबाट मानिस एकआपसमा जोडिनुका साथै सामाजिक सम्बन्ध र अन्तरक्रिया व्यापक बन्दै गएको छ । त्यसैले प्रविधिको प्रयोगले सामाजिक रूपान्तरणमा प्रत्यक्ष प्रभाव पारेको छ । विश्व समुदायमा जस्तै हाम्रो समुदायमा पनि यसको व्यापक प्रभाव रहेको छ । अहिले हामी घरमै बसेर भर्चुअल कक्षामा सहभागी हुन पाएका छौँ । सानाठुला विभिन्न आर्थिक कारोबारहरू अनलाइन माध्यमबाट नै गर्न सकेका छौँ ।

४. मिडिया : समुदायमा आएको परिवर्तन र सामाजिक रूपान्तरणमा प्रभाव पार्ने विभिन्न तत्त्वहरूमध्ये मिडिया पनि एक हो । रेडियो तथा टेलिभिजन, डिजिटल मिडिया, सामाजिक सञ्जाल आदि जस्ता मिडियाहरूले विश्वका मानिसबिच सूचना आदानप्रदान भएको छ । स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय स्तरमा सञ्चालित मिडियाहरूमार्फत जनचेतना फैलाउन सम्भव भएको छ । भाइ, हाम्रो गाउँमा पनि यसको प्रभाव विभिन्न समुदायमा परेको छ । मिडियाको प्रयोगले यहाँको सूचना, शिक्षा, सामाजिकीकरण, मनोरञ्जन जस्ता क्षेत्रहरूमा प्रभाव परेको छ ।

भाइ, यीबाहेक वैचारिक विस्तारमा सहजता, अन्तर्राष्ट्रिय संस्थाहरू, खुला बजार अर्थतन्त्र, सामाजिकीकरण र संस्कृतीकरणका परिवर्तित प्रवृत्ति जस्ता तत्त्वहरूले पनि सामाजिक रूपान्तरणमा प्रत्यक्ष प्रभाव पार्छन् । विश्वमा एक ठाउँबाट सम्प्रेषण गरिएका विचार तथा सिद्धान्त अर्को ठाउँमा सजिलै प्रचारप्रसार गर्न सकिएको छ । मिडिया र सामाजिक सञ्जालको विकासले वैचारिक प्रचारप्रसारलाई ज्यादै सहज तुल्याएको हो । मानव अधिकारका सवाल, दिगो विकास, धार्मिक तथा राजनीतिक अभियानले हाम्रो समाजमा जागरण ल्याउन मदत पुगेको छ । खुला बजार अर्थतन्त्रले विश्वमा मानिसबिच अन्तर्निर्भरता र सामाजिक अन्तरसम्बन्ध बढाइरहेको यस अवस्थामा हाम्रो गाउँमा पनि त्यसको प्रत्यक्ष प्रभाव परेको छ । यहाँका मानिसहरू विभिन्न बहुराष्ट्रिय कम्पनीहरूबाट उत्पादित सामानहरू उपयोग गर्न पाएका छन् ।

भाइ, हाम्रो गाउँको सामाजिकीकरण र संस्कृतीकरणको तौरतरिकामा धेरै नै परिवर्तन आएको छ । चाडपर्वमा विभिन्न आधुनिक परिकारहरू बनाएर खाने, पश्चिमीशैलीमा जन्मदिन मनाउने, वनभोज खाने आदि शैलीमा व्यापक परिवर्तन आएको छ । पारिवारिक संरचना, समुदायको संरचना, सामाजिक मूल्यमान्यता आदिमा परिवर्तनहरू देखिएका छन् । यी र यस्तै कुराले यहाँको सामाजिक रूपान्तरण भएको छ ।

लौ त भाइ, इमेल अलि लामो भयो । यसले तिमीले राखेको जिज्ञासा पनि केही हदसम्म मेटाउन सक्यो होला अब केही बाँकी रहेमा अर्को ईमेलमा लेखुँला । धन्यवाद !

तिमीलाई माया गर्ने दिदी

मनिषा

### क्रियाकलाप

१. पाठमा दिइएको चिठीमा दिइएका मुख्य मुख्य कुराको बुँदा टिपोट गर्नुहोस् ।

२. सूचना प्रविधिको प्रयोग र यसले समुदायमा पारेको प्रभावका बारेमा तपाईँले जानेका महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) सामाजिक रूपान्तरण भनेको के हो ?

(ख) शिक्षाको पहुँचले तपाइँको समुदायमा आएका कुनै दुई परिवर्तन उल्लेख गर्नुहोस् ।

(ग) समुदायमा प्रविधिको प्रयोगले ल्याउन सक्ने कुनै दुई सकारात्मक परिवर्तन लेख्नुहोस् ।

(घ) संस्कृतीकरण भनेको के हो ?

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) सामाजिक रूपान्तरण भनेको के हो ? यसबाट व्यक्तिको जीवनमा पर्ने महत्त्वपूर्ण प्रभाव उल्लेख गर्नुहोस् ।

(ख) मिडियाको परिचय दिई समुदायमा यसले कसरी परिवर्तन ल्याउँछ, लेख्नुहोस् ।,

(ग) वैचारिक विस्तारमा सहजता, अन्तर्राष्ट्रिय संस्थाहरू र खुला बजार अर्थतन्त्रले समुदायका कस्तो प्रभाव पार्छ ? आफ्नै शब्दमा विश्लेषण गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) समुदायमा आएका परिवर्तन र सामाजिक रूपान्तरणमा प्रभाव पार्ने तत्त्वहरू के के हुन् ? तीमध्ये कुनै दुईका व्याख्या गर्नुहोस् ।

(ख) सामाजिक रूपान्तरणमा सूचना प्रविधि र मिडियाको प्रभावका बारेमा वर्णन गर्दै विदेशमा बस्ने कुनै एक आफन्तलाई चिठी लेख्नुहोस् ।

एकाइ ५

# भूगोल र सामाजिक जीवन

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको छ :

१. नेपालका प्रशासनिक प्रदेशको परिचय दिन र तिनका विशेषताहरू बताउन

२. विभिन्न आयामहरूका आधारमा अन्तरदेशिक सम्बन्ध खोजी गर्न

३. नेपालमा विपत्का प्रकार, कारण, प्रभाव तथा संयन्त्र पहिचान गर्न र विपत् व्यवस्थापनका उपायहरू अवलम्बन गर्न

४. सूचना प्रविधिको प्रयोग गरी सामाजिक तथ्य तथा सूचनाको प्रस्तुतिकरण गर्न

५. सामाजिक र भूसूचनाको सङ्कलन र विश्लेषणमा जिआइएस, आरएस, जिपिएस प्रविधिको महत्त्व बताउन र सामान्यतः प्रयोग गर्न





# पाठ १ नेपालका प्रशासनिक प्रदेशको परिचय र तिनका विशेषता

नेपालको संविधानअनुसार नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । नेपाललाई भौगोलिक विशेषताका आधारमा हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ । प्रशासनिक हिसाबले नेपाललाई ७ प्रदेशमा विभाजन गरिएको छ । यहाँ विकेन्द्रीकरणका सिद्धान्तअनुरूप प्रशासनिक कार्यका लागि ७७ जिल्ला, ६ महानगरपालिका, ११ उपमहानगरपालिका २७६ नगरपालिका, ४६० गाउँपालिका र ६७४३ ओटा वडाहरू छन् । त्यसै गरी नेपाल भौगोलिक, धार्मिक, जातीय, भाषिक, संस्कृति र सामाजिक विविधता भएको देश हो । यिनै विविधताका कारण नेपालको सामाजिक आर्थिक र सांस्कृतिक जनजीवनमा विविधता सिर्जना भएको पाइन्छ । नेपालमा क्षत्री, ब्राह्मण, मगर, थारू, तामाङ, नेवार, मुसलमान, यादव, राई, गुरुङलगायत १२५ जातजातिका मानिसहरूको बसोबास रहेको छ । भाषा आयोगका अनुसार यी विभिन्न जातजातिहरूले बोल्ने भाषाको सङ्ख्या १२४ ओटा छन् । नेपालमा हिन्दु, बौद्ध, इस्लाम, इसाई, किराँत, शिख, बोनलगायतका विभिन्न १० धर्महरू मानिन्छन् । यी विभिन्न धार्मिक सम्प्रदायहरूको पनि आआफ्नै धर्मअनुसारका चाडपर्व, धार्मिक गतिविधि र धार्मिक स्थलहरू छन् । नेपालका सात प्रदेशहरूको भौगोलिक, जनसाङ्ख्यिक, सामाजिक, आर्थिक र सांस्कृतिक विशेषताका आधारमा सङ्क्षिप्त परिचय यस प्रकार छ :

## कोसी प्रदेश




भौगोलिक अवस्था : कुनै पनि प्रदेशको भौगोलिक अवस्थाका बारेमा अध्ययन गर्दा यसको अवस्थिति, क्षेत्रफल, सिमाना, धरातलीय स्वरूप, हावापानी र वनस्पितिका बारेमा अध्ययन गर्नुपर्छ । यसले प्रदेशको भौगोलिक परिचय दिन्छ । कोसी प्रदेश नेपालको सबैभन्दा पूर्वमा रहेको प्रदेश हो । यो प्रदेश २६°३' उत्तरी अक्षांशदेखि २८°२' उत्तरी अक्षांश र ८६°१' पूर्वी देशान्तरदेखि ८८° १२' पूर्वी देशान्तरसम्म फैलिएको छ । यस प्रदेशको पूर्वतर्फ भारतको पश्चिम बङ्गाल र सिक्किम राज्य पर्छन् । दक्षिणतर्फ विहार राज्य, उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत पर्छन् । त्यसै गरी पश्चिमतर्फ मधेस प्रदेश र बाग्मती प्रदेश पर्छन् । यसले पूर्वका १४ ओटा जिल्लालाई समेटेको छ । यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर (नेपालको कुल क्षेत्रफलको १७.६० प्रतिशत) रहेको छ । हाल यस प्रदेशको राजधानी विराटनगर (मोरङ) हो ।

यस प्रदेशमा पहाड, डाँडा, नदी, बेँसी, मैदान आदि जस्ता विभिन्न खालका धरातलीय स्वरूपहरू रहेका छन् । यी विविध धरातलीय स्वरूपलाई हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ । यो प्रदेशमा विश्वकै अग्लो हिमाल सगरमाथा (८८४८.८६ मि.) र तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा (८५८६ मि.) लगायत ल्होत्से, मकालु, चोयु, नुप्से, जनक, पुमोरी आदि हिमाल रहेका छन् । यहाँ उचाइका आधारमा तराईको उष्ण (गर्मी) हावापानीदेखि पहाडको समशीतोष्ण (मध्यम) हुँदै हिमालमा चिसो ध्रुवीय हावापानी पाइन्छ । यहाँ अर्धोष्ण सदाबहार जङ्गल, पतझर जङ्गल, कोणधारी जङ्गल, लेकाली र टुन्ड्रा वनस्पति पाइन्छ । सप्तकोसी र यसका सहायक नदीहरू (तमोर, अरुण, दुधकोसी, तामाकोसी, सुनकोसी आदि) यस प्रदेशका मुख्य नदीहरू हुन् । यहाँ माइपोखरी, सभापोखरी र दुधकुण्ड जस्ता तालतालैयाहरू अवस्थित छन् ।

जनसाङ्ख्यिकी अवस्था : जनगणना २०७८ को नतिजाअनुसार यस प्रदेशको जनसङ्ख्या ४९,६१,४१२ रहेको छ । यहाँ पुरुषको सङ्ख्या २४,१७,३२८ र महिलाको सङ्ख्या २५,४४,०८४ रहेको छ । यहाँको लैङ्गिक अनुपात ९५.०२ रहेको छ । यहाँको घरपरिवार सङ्ख्या ११,९१,५५६ रहेको छ । यहाँको जनघनत्व १९२ रहेको छ ।

## सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा जातजाति, भाषाभाषी, धर्म, चाडपर्व आदिका साथै विभिन्न पेसा व्यवसायको अवस्थाका बारेमा अध्ययन गरिन्छ । यस प्रदेशको हिमाली क्षेत्रमा शेर्पा जातिको बहुलता छ भने पहाडी र तराई क्षेत्रमा मिश्रित बसोबास छ । यस प्रदेशमा मुख्य रूपमा राई, लिम्बू, तामाङ, गुरुङ, मेचे, कोचे, यादव, धिमाल, राजवंशी, थारू आदि जातिका मानिस बसोबास गर्छन् । नेपाली, मेचे, बान्तवा, मैथिली, किराती, तामाङ, लिम्बु, गुरुङ आदि यहाँ बोलिने मुख्य भाषा हुन् । यहाँ हिन्दु, बौद्ध, किरात, इस्लाम धर्म मान्ने मानिस बसोबास गर्छन् । यस प्रदेशमा ल्होसार, उँधौली, उँभौली, दसैँ, तिहार, सिरुवा आदि चाडपर्व मनाइन्छ । यस प्रदेशमा रहेका किरातहरू प्रकृति पूजामा विश्वास गर्छन् । हलेसी महादेव, बुढा सुब्बा, पिण्डेश्वर धाम, पाथीभरा, वराह क्षेत्र, सतासी धाम आदि यहाँका मुख्य तीर्थस्थलहरू हुन् ।

कृषि, पशुपालन, उद्योग, व्यापार, सेवालगायत वैदेशिक रोजगार आदि यस प्रदेशमा बसोबास गर्ने मानिसका मुख्य पेसाहरू हुन् । यहाँ ८१.९ प्रतिशत मानिसहरू कृषि पेसामा संलग्न छन् । उर्वरा माटो, उपयुक्त हावापानी, प्रशस्त कामदार र कृषि बजार आदिका कारण यहाँ कृषि व्यवसाय फस्टाएको छ । यहाँ धान, आलु, मकै र गहुँलगायतका खाद्यबालीहरू उत्पादन हुन्छ । यहाँ उत्पादन हुने नगदे बालीहरू जुट, चिया, उखु, सुर्ती आदि हुन् । यस प्रदेशमा जुट मिल, चिनी कारखाना, सुर्ती कपडा उद्योग, चिया उद्योग आदि रहेका छन् । विराटनगर, विर्तामोड, धनकुटा, धरान यस प्रदेशका मुख्य व्यापारिक केन्द्रहरू हुन् । बिर्तामोड, धरान, गाईघाट र कटारी पहाड र तराईलाई जोड्ने प्रमुख नाकाहरू हुन् । काकडभिट्टा, रानी भन्सार, विराटनगर, पशुपतिनगर आदि यस प्रदेशमा अवस्थित भारतसँग जोडिएका व्यापारिक नाकाहरू हुन् । त्यसै गरी उत्तरमा ओलाङचुङ्गोला र किमाथाङ्का चीनसँग जोडिएको व्यापारिक नाकाहरू हुन् । विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८.८६ मिटर) लगायत अरू थुप्रै ८००० मिटरभन्दा अग्ला हिमशृङ्खला, कोसीटप्पु वन्यजन्तु आरक्ष, सगरमाथा, मकालु वरुण राष्ट्रिय निकुञ्ज, विभिन्न धार्मिक स्थलका साथै गुफा, झर्ना र तालहरू रहेकाले पर्यटन उद्योगको विकासको सम्भावना देखिन्छ ।

## मधेस प्रदेश

**भौगोलिक अवस्था :** यो नेपालको सबैभन्दा सानो प्रदेश हो । यो तराईका भूभाग मात्र समेटिएको प्रदेश हो । यो प्रदेश २६°३' उत्तरी अक्षांशदेखि २७°७' उत्तरी अक्षांश र ८४°१' पूर्वी देशान्तरदेखि ८७°१' पूर्वी देशान्तरसम्म फैलिएको छ । यसको कुल क्षेत्रफल ९६६१ वर्ग किलोमिटर छ । यो कुल क्षेत्रफलको ६.५६ प्रतिशत मात्र हो । यसको पूर्वतर्फ कोसी प्रदेश, उत्तरतर्फ कोसी प्रदेश र बाग्मती प्रदेश पर्छन् । यसको पशिचममा बाग्मती प्रदेश र दक्षिणमा भारतको विहार राज्य पर्छन् । यस प्रदेशमा सप्तरी, धनुषा, सिराहा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट गरी तराईका आठ जिल्ला पर्छन् । यस प्रदेशको राजधानी जनकपुर हो । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला सप्तरी (१,३६३ व.कि.मि.) र सानो जिल्ला महोत्तरी (१,००२ व.कि.मि.) हो ।




यस प्रदेशले नेपालको पूर्वमा सप्तरीदेखि पश्चिममा पर्सासम्मको समथर भूभाग ओगटेको छ । यस प्रदेशको सम्पूर्ण भूभाग तराई खण्डमा पर्ने चुरे, भाबर र मुख्य तराईमा पर्छ । यहाँको हावापानी गर्मी र ओसिलो खालको छ । यहाँ हिउँदका केही दिन भने शीतलहर चल्ने गर्छ । अर्धोष्ण सदाबहार जङ्गल यहाँको मुख्य वनस्पति हो । यहाँ ग्रीष्ममा मनसुनी वायुले सालाखाला ११०० देखि २१०० मि.मि. र हिउँदमा पश्चिमी वायुले हलुका वर्षा गराउँछ । बाग्मती, कमला, रातु र कमला यस प्रदेशका मुख्य नदी हुन् । बाराको कामिनी दह, धनुषाको गङ्गा सागर, मोहत्तरीको नैनी पोखरी यहाँका मुख्य ताल हुन् ।

**जनसाङ्ख्यिकी अवस्था :** जनगणना २०७८ को नतिजाअनुसार यस प्रदेशको जनसङ्ख्या ६१,१४,६०० रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या ३०,६५,७५१ र महिलाको सङ्ख्या ३०,४८,८४९ रहेको छ । यहाँको लैङ्गिक अनुपात १००.५५ रहेको छ । यहाँको घरपरिवार सङ्ख्या ११,५६,७१५ रहेको छ । यहाँको जनघनत्व ६३३ रहेको छ ।

## सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

मधेस प्रदेश जातीय तथा भाषिक विविधता रहेको प्रदेश हो । यहाँ यादव, मुसलमान, ब्राह्मण, थारू, तामाङलगायतका जातजातिहरूको बसोबास गर्छन् । यस प्रदेशमा तेली, कुशवाह, चमार, धानुक, मुसहर, कुर्मी, दुषाद, मल्लाह, कानु आदि जस्ता सीमान्तकृत र लोपोन्मुख समूहका

जातजातिहरू पनि बस्छन् । भोजपुरी, बज्जिका, उर्दु, मैथिली, तामाङ, नेपाली, थारू यस प्रदेशमा बोलिने मुख्य भाषाहरू हुन् । जनकपुरधाम, छिन्नमस्ता, गढीमाई, सलहेस दरबारको बगैँचा यहाँका प्रसिद्ध धार्मिक स्थलहरू हुन् । जनकपुर र सिम्रौनगढ प्रसिद्ध यहाँका ऐतिहासिक र पर्यटकीय स्थल हुन् ।

यो प्रदेश हाम्रो देशको आर्थिक विकासको ठुलो सम्भावना रहेको प्रदेश हो । देशका धेरैजसो उद्योगधन्दाहरू, कृषिजन्य उब्जाउ जमिन, बजारको सुविधा आदि यसै प्रदेशमा छन् । यस प्रदेशका मानिसहरू कृषि, उद्योग, सेवालगायत विभिन्न पेसामा संलग्न छन् । यहाँको लगभग ६६ प्रतिशत मानिस कृषि पेसामा संलग्न छन् । यस प्रदेशको मुख्य खाद्य उत्पादन धान र गहुँ हुन् । यस प्रदेशले देशको २४.९६ प्रतिशत धान र २९.०९ प्रतिशत गहुँ उत्पादन गर्छ । धान र गहुँबाहेक यहाँ मकै, दलहन, तेलहन आदि जस्ता विभिन्न खाद्य तथा नगदे बालीहरू उत्पादन गरिन्छ । त्यसैल यस प्रदेशलाई नेपालको अन्नको भण्डार पनि भनिन्छ । यहाँका मानिसले पशुपालन व्यवसाय पनि अँगालेका छन् । त्यसैले पशुपालन यस प्रदेशको अर्थतन्त्रको अभिन्न अङ्ग बनेको छ । यो प्रदेश नेपालको प्रमुख माछा उत्पादन केन्द्रका रूपमा विकास भइरहेको छ । वीरगन्ज, लाहान, राजविराज, चन्द्रनिगाहापुर, सिमरा र जनकपुर यहाँका मुख्य व्यापारिक केन्द्र हुन् । नेपालमा विदेशबाट हुने अधिकांश व्यापार वीरगन्ज नाकाबाट हुने गर्छ । अत: यो प्रदेश उद्योग, व्यापार, कृषि व्यवसायका दृष्टिले उन्नत प्रदेश पनि मानिन्छ ।

### बाग्मती प्रदेश




भौगोलिक अवस्था : बाग्मती प्रदेश नेपालको राजधानी काठमाडौँ अवस्थित भएको प्रदेश हो । यो प्रदेश २६°५५' उत्तरी अक्षांशदेखि २८°२३' उत्तरी अक्षांश र ८३°५५' पूर्वी देशान्तरदेखि ८६°३४' पूर्वी देशान्तरसम्म फैलिएको छ । यसको पूर्वतर्फ कोसी प्रदेश र पश्चिमतर्फ गण्डकी प्रदेश छन् । उत्तरमा चीन र दक्षिणतर्फ मधेस प्रदेश र भारत रहेका छन् । बाग्मती प्रदेशमा रसुवा, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, रामेछाप, दोलखा, सिन्धुली, नुवाकोट, धादिङ, चितवन, काठमाडौँ, ललितपुर र भक्तपुर गरी १३ जिल्लाहरू रहेका छन् । यस प्रदेशको कुल क्षेत्रफल २०,३०० वर्ग किलोमिटर छ । यो नेपालको कुल क्षेत्रफलको १३.७९५ प्रतिशत हो । यस प्रदेशको राजधानी हेटौँडा (मकवानपुर) हो । यस प्रदेशको ठुलो जिल्ला सिन्धुपाल्चोक (२,५४२ व.कि.मि.) र सानो जिल्ला भक्तपुर (११९ व.कि.मि.) हुन् ।

बाग्मती प्रदेशमा धरातलीय विविधता छ । यहाँ पहाड, उपत्यका, मैदान, नदी बेँसी आदि जस्ता विभिन्न खालका भूस्वरूपहरू छन् । यस प्रदेश भौगोलिक रूपमा हिमाल, पहाड र तराई गरी तीन

भागमा विभाजन गरिएको छ । यस प्रदेशमा गणेश हिमाल, लाङटाङ हिमाल, जुगल, गौरीशङ्कर यहाँका मुख्य हिमालहरू हुन् । यहाँ उचाइको आधारमा तराईको उष्ण (गर्मी) हावापानीदेखि पहाडको समशीतोष्ण (मध्यम) हुँदै हिमालमा चिसो ध्रुवीय हावापानी पाइन्छ । पहाडी क्षेत्र र काठमाडौँ उपत्यकामा समशीतोष्ण हावापानी पाइन्छ । भित्रीमधेसका जिल्लामा ग्रीष्ममा गर्मी र हिउँदमा थोरै मात्र चिसो हुन्छ । यहाँ ग्रीष्ममा मनसुनी वायुले सालाखाला ११०० देखि ३००० मि.मि. र हिउँदमा पश्चिमी वायुले हलुका वर्षा गराउँछ । यहाँ अर्धोष्ण सदाबहार जङ्गल, पतझर जङ्गल, कोणधारी जङ्गल, लेकाली र टुन्ड्रा वनस्पति पाइन्छ । बाग्मती, तामाकोसी, भोटेकोसी, त्रिशूली, नारायणी (सप्त गण्डकी) आदि यहाँका मुख्य नदीहरू हुन् । गोसाइँकुण्ड, नन्द भाउजू ताल, टौदह आदि यहाँका तालहरू हुन् ।

जनसाङ्ख्यिकी अवस्था : जनगणना २०७८ को नतिजाअनुसार यस प्रदेशको जनसङ्ख्या ६१,१६,८६६रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या ३०,४८,६८४ र महिलाको सङ्ख्या ३०,६८,१८२ रहेको छ । यहाँको लैङ्गिक अनुपात ९९.३६ रहेको छ । यहाँको घरपरिवार सङ्ख्या १५,७०,९२७ रहेको छ । यहाँको जनघनत्व ३०१ रहेको छ ।

### सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा तामाङ, ब्राह्मण, क्षत्री, नेवारलगायतका जातजातिहरूको बसोबास रहेको छ । यहाँ मुख्य रूपमा नेपाली, नेवारी, तामाङ भाषाहरू बोलिन्छन् । शेर्पा र तामाङ यस प्रदेशको हिमाली क्षेत्रका मुख्य जातिहरू हुन् । बाहुन, क्षत्री, मगर, दलित आदि पहाडी क्षेत्रमा बसोबास गर्ने जातजातिहरू हुन् भने काठमाडौँ उपत्यका, धुलिखेल, बनेपामा नेवार जातिहरूको बसोबास रहेको छ । यस प्रदेशको भित्रीमधेसका मुख्य जाति थारू हुन् । यहाँ सीमान्तकृत समूहका चेपाङ, बोटे, थामी आदि पनि बसोबास गर्छन् । गोसाइँकुण्ड, पशुपतिनाथ, स्वयम्भूनाथ, बौद्धनाथ, जामे मस्जिद, कृष्णमन्दिर यस प्रदेशका महत्त्वपूर्ण धार्मिक स्थलहरू हुन् ।

बाग्मती प्रदेश आर्थिक विकासको प्रशस्त सम्भावना भएको प्रदेश हो । कृषि, उद्योग, व्यापार, पर्यटन आदि यहाँका मानिसका मुख्य पेसाहरू हुन् । यहाँ ६० प्रतिशत भन्दा बढी मानिसहरू कृषि पेसामा संलग्न छन् । यहाँ धान, मकै, गहुँ, कोदो, फापर, दलहन, तेलहन बाली बढी मात्रामा उत्पादन हुन्छन् । यस प्रदेशको चितवन, धादिङ र काभ्रेपलान्चोक जिल्लामा कुखुरापालन व्यवसाय र तरकारी खेती फस्टाएको छ । बाग्मती प्रदेश फलफूल, तरकारी, मासु र दुध उत्पादनमा आत्मनिर्भरतातर्फ उन्मुख रहेको छ । काठमाडौँ, भक्तपुर, ललितपुर, बनेपा, हेटौँडा, नारायणगढ, धुलिखेल यहाँका प्रमुख व्यापारिक सहरहरू हुन् । यहाँ हेटौँडा, पाटन, बालाजु औद्योगिक क्षेत्र पनि रहेका छन् । चितवन राष्ट्रिय निकुञ्ज, काठमाडौँका दरबार क्षेत्रहरू (पाटन, भक्तपुर, वसन्तपुर), बौद्धनाथ जस्ता प्रसिद्ध पर्यटकीय स्थलहरू यसै प्रदेशमा छन् । यसले यस प्रदेशको पर्यटन विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस प्रदेशमा भोटेकोसी, तामाकोसी, चिलिमे, सुनकोसी, त्रिशूली, देवीघाट, कुलेखानी पहिलो र दोस्रो आदि ठुला र साना जलविद्युत् आयोजनाहरू सञ्चालनमा छन् । यसले विद्युत् उत्पादनमा यस प्रदेशलाई अघि बढाएको छ । यो प्रदेशसँग देशका सबै प्रदेशहरू र अन्य देशहरू हवाई मार्गबाट पनि जोडिएका छन् । त्रिभुवन राजपथ, हेटौँडा राजमार्ग, पृथ्वीराजमार्ग अरनिको राजमार्ग पासाङ ल्हामु राजमार्ग आदि जस्ता देशका ठुला राजमार्गहरूले

बाग्मती प्रदेशलाई अन्य प्रदेशहरूसँग जोड्ने काम गरेका छन् । यसले यस प्रदेशको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुगेको छ ।

## गण्डकी प्रदेश




भौगोलिक अवस्था : गण्डकी प्रदेश नेपालको करिब बिच भागमा अवस्थित छ । यो प्रदेश २७°२०' उत्तरी अक्षांशदेखि २९°२०' उत्तरी अक्षांश र ८२°५२' पूर्वी देशान्तरदेखि ८५°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ । गण्डकी प्रदेशको पूर्वमा बाग्मती प्रदेश, पश्चिममा कर्णाली र लुम्बिनी प्रदेश प्रदेश पर्छ । उत्तरमा चीन र दक्षिणतर्फ लुम्बिनी प्रदेश र भारतको विहार राज्यसँग यसको सिमाना जोडिएको छ । यस प्रदेशमा गोरखा, मुस्ताङ, स्याङ्जा, तनहुँलगायत ११ जिल्ला छन् । यस प्रदेशको कुल क्षेत्रफल २१,५०४ वर्ग किलोमिटर छ । यो नेपालको कुल क्षेत्रफलको १४.६१ प्रतिशत हो । यस प्रदेशको राजधानी पोखरा (कास्की) हो ।

गण्डकी प्रदेशको भूस्वरूपलाई हिमाली क्षेत्र, पहाडी क्षेत्र र भित्रीमधेस क्षेत्र गरी तीन भागमा विभाजन गर्न सकिन्छ । पहाडी क्षेत्रले धेरै भूभाग ओगटेको छ । यस प्रदेशको उचाइ समुद्र सतहबाट १०३ मिटर (त्रिवेणी) देखि ८१६७ मिटर (धवलागिरि) सम्म फैलिएको छ । यस प्रदेशको हिमाली भेगमा चिसो, पहाडमा मध्यम र भित्रीमधेसमा गर्मी हावापानी पाइन्छ । यहाँ उचाइअनुसार अर्धोष्ण सदाबहार जङ्गल, पतझर जङ्गल, कोणधारी जङ्गल, लेकाली र टुन्ड्रा वनस्पति पाइन्छ । बुढीगण्डकी, कालीगण्डकी, सेतीगण्डकी यहाँका नदीहरू हुन् । फेवा, रूपा, तिलिचो आदि तालहरू यस प्रदेशमा अवस्थित छन् ।

जनसाङ्ख्यिकी अवस्था : जनगणना २०७८ को नतिजाअनुसार यस प्रदेशको जनसङ्ख्या २४,६६,४२७ रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या ११,७०,८३३ र महिलाको सङ्ख्या १२,९५,५९४ रहेको छ । यहाँको लैङ्गिक अनुपात ९०.३७ रहेको छ । यहाँको घरपरिवार सङ्ख्या ६,२२,४८० रहेको छ । यहाँको जनघनत्व ११५ रहेको छ ।

## सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

यस प्रदेशमा मगर, गुरुङ ब्राह्मण, क्षत्री, नेवार, थकाली, थारूलगायतका विभिन्न जातजातिहरूको बसोबास रहेको छ । यहाँ मगर, गुरुङ, नेवारी, थकाली, थारू, नेपाली आदि भाषा बोलिन्छन् । यहाँ

भौगोलिक क्षेत्रअनुसार जातजातिको बसोबास फरक फरक छन् । पहाडी क्षेत्रमा क्षेत्री, ब्राह्मण, दलित, नेवार, ठकुरी, मगर आदि बस्छन् । भित्री मधेसमा ब्राम्हण, क्षेत्री, मगर, थारु, माझी र अन्य जाति रहेका छन् । हिमाली क्षेत्रमा थकाली, गुरुङ, ल्होमी आदि जातजातिको बसोबास छ । अरू प्रदेशहरूमा जस्तै यहाँ विभिन्न धर्मावलम्बीहरू बसोबास गर्छन् । दसैं, तिहार, छठ, ल्होसार, होली आदि यहाँका मुख्य चाडहरू हुन् । यस प्रदेशमा रहेका गुरुङहरूको रोधीं संस्कृति यस प्रदेशको मौलिक पहिचान हो । घाटु, कौरा र सोरठी नृत्यले यस प्रदेशको सांस्कृतिक पहिचान बोकेको छ । मुक्तिनाथ, बाग्लुङ कालिका, मनकामना, विन्ध्यवासिनी आदि यहाँका महत्त्वपूर्ण धार्मिक स्थलहरू हुन् ।

यस प्रदेशका मानिसको मुख्य पेसा कृषि, पशुपालन, माछापालन, सेवा, उद्योग, पर्यटन आदि हुन् । यहाँका अधिकांश मानिस (७२.४ प्रतिशत) कृषि पेसामा संलग्न छन् । धान, मकै, आलु, कोदो, फापर र गहुँ यहाँका मुख्य खाद्यबाली हुन् । कफी, तरकारी, फलफूल आदि यहाँ उत्पादित हुने नगदे बालीहरू हुन् । कावासोती, गैंडाकोट, पोखरा, दमौली, बेनी, कुस्मा, बाग्लुङ, जोमसोम आदि यहाँका मुख्य व्यापारिक केन्द्रहरू हुन् । नवलपुरको सुस्ता र मुस्ताङको कोरला नाकाहरूले व्यापार बिस्तारको सम्भावना बोकेका छन् । यहाँका मानिसहरू जीविकोपार्जनका लागि विभिन्न उद्योगमा पनि संलग्न छन् । पोखरा औद्योगिक क्षेत्रभित्र विभिन्न उद्योगहरू छन् । पर्यटन व्यवसाय यहाँका मानिसको अर्को मुख्य पेसा हो । नेपाल भित्रिने करिब ३३ प्रतिशत विदेशी पर्यटकहरू गण्डकी प्रदेशमा आउँछन् । पर्यटन व्यवसायलाई प्रवर्धन गर्नका लागि घले गाउँ, सिरुवारी र विभिन्न क्षेत्रहरूमा होमस्टे सञ्चालन गरिएको छ । यस प्रदेशमा कालीगण्डकी, मर्स्याङ्दी, मध्य मर्स्याङ्दी, मोदी, अपर मोदी आदि जस्ता साना ठुला जलविद्युत् परियोजना सञ्चालनमा छन् । यसले यहाँको विद्युत् आपूर्तिमा सहजता ल्याएको छ । त्यसै गरी पोखरा अन्तर्राष्ट्रिय विमानस्थललगायत विभिन्न राजमार्गहरूले यहाँको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

### लुम्बिनी प्रदेश




भौगोलिक अवस्था : लुम्बिनी प्रदेश नेपालको मध्य तराई र मध्य पहाडी भागमा अवस्थित छ । यो प्रदेश २७°३७' उत्तरी अक्षांशदेखि २८°५०' उत्तरी अक्षांशसम्म र ८०°५८' पूर्वी देशान्तरदेखि ८४° पूर्वी देशान्तरसम्म फैलिएको छ । यस प्रदेशको पूर्वतर्फ गण्डकी प्रदेश, पश्चिमतर्फ कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश पर्छन् । यसको उत्तरतर्फ गण्डकी प्रदेश र कर्णाली प्रदेश र दक्षिणतर्फ भारत पर्छन् । यस प्रदेशमा रूपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मीलगायत १२ जिल्ला रहेका छन् । यस प्रदेशको कुल क्षेत्रफल २२,२८८ वर्ग किलोमिटर छ । यो नेपालको कुल क्षेत्रफलको १५.१५ प्रतिशत हो । यसको राजधानी भालुवाङ (दाङ) हो । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला दाङ (२,९५५ व.कि.मि.) र सानो जिल्ला परासी (६३४ व.कि.मि.) रहेका छन् । यो

प्रदेशको धरातलीय स्वरूपमा विविधता छ । यो प्रदेश तराई, दुन र केही पहाडी खण्ड मिलेर बनेको छ । लुम्बिनी प्रदेशमा उपोष्ण, समशीतोष्ण, लेकाली र टुन्ड्रा प्रकारको हावापानी पाइन्छ । यहाँको दक्षिणमा गर्मी हावापानी पाइन्छ भने उत्तरतर्फ मध्यम हावापानी पाइन्छ । यहाँ वर्षामा मनसुनी वायुले वर्षा गराउँछ भने हिउँदमा पश्चिमी वायुले हलुका वर्षा गराउँछ । अर्धोष्ण सदाबहार र पतझर जङ्गल यहाँका मुख्य जङ्गल हुन् । राप्ती, तिनाउ र बढीगाड नदी तथा सत्यवती, बारकुने, जगदीशपुर जस्ता ताल यस क्षेत्रमा पर्छन् । यस प्रदेशमा दाङ, देउखुरी, रामपुर, माडी आदि ठुला उपत्यकाहरू पनि रहेका छन् ।

जनसाङ्ख्यिक अवस्था : जनगणना २०७८ को नतिजाअनुसार यस प्रदेशको जनसङ्ख्या ५१,२२,०७८ रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या २४,५४,४०८ र महिलाको सङ्ख्या २६,६७,६७० रहेको छ । यहाँको लैङ्गिक अनुपात ९२.०१ रहेको छ । यहाँको घरपरिवार सङ्ख्या ११,४१,९०२ रहेको छ । यहाँको जनघनत्व २३० रहेको छ ।

## सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

लुम्बिनी प्रदेशको भौगोलिक क्षेत्रअनुसार मिश्रित जातजातिहरू बसोबास गर्छन् । यहाँ मुख्य रूपमा ब्राह्मण, क्षत्री, मगर, थारू, तामाङलगायतका जातिहरूको बसोबास छ । मगर, क्षत्री, ब्राह्मण, दलित, ठकुरी, सन्न्यासी आदि यहाँको पहाडी क्षेत्रका मुख्य जातजातिहरू हुन् । तराई र भित्रीमधेस क्षेत्रमा मुख्य रूपमा थारू, यादव, मुसलमान र सीमान्तकृत समूहका चमार, केवट, कहर र पासवान आदि जातजतिहरू बसोबास गर्छन् । यस प्रदेशको कपिलवस्तु र बाँके मुसलमान जातिको बाहुल्यता भएका जिल्ला हुन् । त्यस्तै दाङ र बर्दिया थारूको बाहुल्यलता छ । लुम्बिनी प्रदेशमा हिन्दु धर्मालम्बीहरूको बाहुल्यताा रहेको छ । यसबाहेक यहाँ बौद्ध, इस्लाम, इसाई र प्रकृति धर्मालस्बीहरूको पनि बसोबास रहेको छ । लुम्बिनी प्रदेशमा बोलिने भाषाहरू थारू, भोजपुरी, अवधि, उर्दु, बज्जिका, मगर आदि हुन् । विश्वकै प्रसिद्ध तीर्थस्थल लुम्बिनी यसै प्रदेशमा पर्छ । यसबाहेक यहाँ वाल्मीकि आश्रम, स्वर्गद्वारी, वागेश्वरी जस्ता प्रसिद्ध धार्मिक स्थलहरू पनि रहेका छन् ।

लुम्बिनी प्रदेशको मुख्य आय स्रोत कृषि नै हो । धान, गहुँ, कोदो र मकै यहाँका मुख्य खाद्यबाली हुन् । कफी, उखु, कपास यहाँका मुख्य नगदे बालीहरू हुन् । यस प्रदेशको पहाडी क्षेत्रमा हावापानीअनुसार कफी, सुन्तला, तरकारी, फलफूल खेतीको सम्भावना रहेको छ । यस प्रदेशमा पर्ने गुल्मी, अर्घाखाँची र पाल्पा सुन्तला, कफी र कागतीका लागि प्रसिद्ध छन् । पाल्पा ढाका कपडा र करुवाका लागि पनि प्रसिद्ध छ । यहाँका मानिसले कुखुरा तथा माछा पालन, दुध, तरकारी र फलफूल खेती व्यावसायिक रूपले गर्न थालेका छन् । बर्दिया राष्ट्रिय निकुञ्ज र बाँके राष्ट्रिय निकुञ्जसमेत रहेको यो प्रदेश पर्यटकीय दृष्टिले सम्भावना बोकेको प्रदेश हो । पश्चिम नेपालको महत्त्वपूर्ण व्यापारिक केन्द्र नेपालगन्ज, बुटवल, दाङ र भैरहवा लुम्बिनी प्रदेशका आर्थिक केन्द्रहरू हुन् । यहाँ विभिन्न साना तथा घरेलु उद्योगहरूलगायत मझौला तथा ठुला उद्योगहरू सञ्चालनमा छन् । यहाँका झिमरुक, रिडी हाइड्रोपावर र बुटवल पावर कम्पनी जस्ता विभिन्न हाइड्रो पावर कम्पनीहरूबाट विद्युत् उत्पादन भइरहेको छ । त्यसै गरी सिद्धार्थ राजमार्ग, पूर्वपश्चिम राजमार्गलगायत भैरहवा, नेपालगन्ज र दाङका विमानस्थलहरूले यहाँको यातायातको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यसले गर्दा यहाँको आर्थिक अवस्था राम्रो रहेको छ ।

## कर्णाली प्रदेश




**भौगोलिक अवस्था :** कर्णाली प्रदेश २८° १०' उत्तरी अक्षांशदेखि ३०°२६' उत्तरी अक्षांशसम्म र ८०°५८' पूर्वी देशान्तरदेखि ८३°४०' पूर्वी देशान्तरसम्म फैलिएको छ । कर्णाली प्रदेशको पूर्वतर्फ गण्डकी प्रदेश र लुम्बिनी पर्छ । पश्चिमतर्फ सुदूरपश्चिम प्रदेश र चीन, उत्तरतर्फ चीन र दक्षिणतर्फ लुम्बिनी र सुदूरपश्चिम प्रदेश रहेका छन् । यस प्रदेशमा सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्लालगायत १० जिल्लाहरू रहेका छन् । यस प्रदेशको कुल क्षेत्रफल २७,९८४ वर्ग किलोमिटर (नेपालको कुल क्षेत्रफलको १९.०१५ प्रतिशत) रहेको छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला डोल्पा (७,८८९ व.कि.मि.) र सानो जिल्ला रुकुम पश्चिम (१,२१३.४९ व.कि.मि.) हुन् । यस प्रदेशको राजधानी वीरेन्द्रनगर (सुर्खेत) मा रहेको छ । यस प्रदेशको अधिकांश भूमि हिमाली, भित्री हिमाली र विकट पहाडी क्षेत्रमा रहेको छ । यहाँको धरातलीय स्वरूप र उचाइको प्रभावका कारण विभिन्न खालको हावापानी पाइन्छ । यस प्रदेशको उत्तरी क्षेत्रमा लेकाली र टुन्ड्रा, पहाडी क्षेत्रमा समशीतोष्ण र भित्रीमधेसमा उपोष्ण हावापानी पाइन्छ । यहाँको औसत वार्षिक तापक्रम २६° से. सम्म पुग्छ भने न्यूनतम तापक्रम ० ° से भन्दा कम हुन्छ । यहाँको हिमाली जिल्लाहरूमा हिउँदमा हिउँ पर्छ । यहाँ सालाखाला वार्षिक वर्षा १४७९ मि.मि. भन्दा बढी हुन्छ । यहाँ हावापानीअनुसार मिश्रित खालका वनस्पति पाइन्छन् । कर्णाली र यसका सहायक नदीहरू यस क्षेत्रमा बग्ने नदीहरू हुन् । बुलबुले ताल, सेफोक्सुन्डो र राराताल पनि यही प्रदेशमा रहेका छन् ।

**जनसाङ्ख्यिकी अवस्था :** जनगणना २०७८ को नतिजाअनुसार यस प्रदेशको जनसङ्ख्या १६,८८,४१२ रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या ८,२३,७६१ र महिलाको सङ्ख्या ८,६४,६५१ रहेको छ । यहाँको लैङ्गिक अनुपात ९५.२७ रहेको छ । यहाँको घरपरिवार सङ्ख्या ३,६२,२५५ रहेको छ । यहाँको जनघनत्व ६० रहेको छ ।

### सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

यस प्रदेशमा ब्राह्मण, ठकुरी, क्षत्री, शेर्पा, गुरुङ, मगर, राजी, बादी, राउटेलगायतका विभिन्न जातजातिको बसोबास रहेको छ । यहाँ नेपाली, गुरुङ, मगर भाषा मुख्य रूपमा बोलिन्छन् । थारू, बादी, राउटे, राजी आदि यहाँका लोपोन्मुख तथा सीमान्तकृत समूहका जातजातिहरू हुन् । यस प्रदेशमा हिन्दु धर्म मान्ने मानिसको बहुलता रहेको छ भने बौद्ध, इसाई, इस्लामलगायत अन्य धर्म मान्ने मानिसको पनि बसोबास छ । ल्होसार, दसैँ, तिहार, जनैपूर्णिमा, साउने सङ्क्रान्ति आदि यस प्रदेशमा मनाइने चाडपर्वहरू हुन् । सुर्खेतका देउतीबज्यै, काँक्रेविहार, डोल्पाको शे गुम्बा, जुम्लाको चन्दननाथ यस प्रदेशका प्रमुख धार्मिक स्थल हुन् । यसै गरी त्रिपुरासुन्दरी र पञ्चदेवल जस्ता धार्मिक स्थलहरू यसै प्रदेशमा पर्छन् । यस प्रदेशमा मस्टो देवताको पूजा गर्ने समुदाय पनि छन् । यस प्रदेशमा बसोबास गर्ने डोल्पो जातिमा लासलाई काटेर गिद्धलाई खुवाउने अनौठो परम्परा रहेको पाइन्छ । यसरी यो प्रदेश सामाजिक सांस्कृतिक रूपमा समुन्नत छ ।

कर्णाली प्रदेशका मानिस जीविकोपार्जनका लागि कृषि, व्यापार, पर्यटन, उद्योग आदिमा आबद्ध छन् । कृषि र पशुपालन यहाँका मानिसका मुख्य आर्थिक क्रियाकलाप हुन् । यस प्रदेशका करिब ७५ प्रतिशत मानिसहरू कृषि पेसामा संलग्न छन् । यहाँको हिमाली प्रदेशमा आलु, फापर, कोदो, स्याउ खेती गरिन्छ । हिमाली प्रदेशका मानिस जीविकोपार्जनका लागि यार्सागुम्बालगायतका विभिन्न जडीबुटी सङ्कलन गर्ने काममा संलग्न हुन्छन् । यहाँ सङ्कलित जडीबुटीहरू विदेशमा निकासी गरिन्छ । त्यसबाट देशले प्रशस्त आम्दानी गर्छ । यहाँको पहाडी क्षेत्रमा मकै, कोदो, जौ, उवा आदिको खेती गरिन्छ । त्यसै गरी नदीका बेँसी र उपत्यकामा धान खेती गरिन्छ । वीरेन्द्रनगर, खलङ्गा, छिन्चु, चौरभारी, दुनै आदि यस प्रदेशका मुख्य व्यापारिक केन्द्र हुन् । नेपालगन्ज र प्रदेश राजधानी सुर्खेतबाट हुम्ला, मुगु, डोल्पा, जुम्ला आदि जिल्लामा हवाई यातायातको सुविधा उपलब्ध छ । यहाँ कर्णाली, महाकाली र सेती नदीका सहायक नदीहरूबाट प्रशस्त जलविद्युत् उत्पादन गर्न सकिन्छ । यहाँ कान्जिरोबा हिमाल, रारा ताल र फोक्सुन्डोताललगायतका सुन्दर पर्यटकीय गन्तव्यहरू छन् । यिनै पर्यटकीय गन्तव्यहरूको उपयोग गरी यहाँको पर्यटकीय विकास गर्न सकिन्छ । विकट भूस्वरूप, यातायातको सुविधाको कमी र जनचेतनाको अभाव आदिका कारण यस प्रदेश आर्थिक गतिविधिका दृष्टिले अन्य प्रदेशहरूभन्दा पछाडि परेको देखिन्छ । यहाँको जलस्रोत, जडीबुटी, पर्यटकीय गन्तव्यको उचित उपयोग गरी यस प्रदेशको विकास गर्न सकिन्छ ।

## सुदूरपश्चिम प्रदेश

भौगोलिक अवस्था : सुदूरपश्चिम प्रदेश नेपालको सबैभन्दा पश्चिममा अवस्थित प्रदेश हो । यो प्रदेश २८°२२' उत्तरी अक्षांशदेखि ३०° ०९' उत्तरी अक्षांशसम्म र लगभग ८०°०३' पूर्वी देशान्तरदेखि ८१°२५' पूर्वी देशान्तरसम्म फैलिएको छ । सुदूरपश्चिम प्रदेशको पूर्वमा कर्णाली प्रदेश र लुम्बिनी प्रदेश, पश्चिममा भारतको उत्तराखण्ड राज्य, उत्तरमा कर्णाली प्रदेश र चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा भारतको उत्तर प्रदेश राज्य पर्छन् । यस प्रदेशले नेपालको कञ्चनपुर, डोटी, अछाम, बझाङ, बाजुरा, डडेलधुरा, बैतडी, दार्चुला र कैलाली गरी ९ जिल्लाहरू

समेटेको छ । यस प्रदेशको कुल क्षेत्रफल १९,५३९ वर्ग किलोमिटर छ । यो नेपालको कुल क्षेत्रफलको १३.२७ प्रतिशत रहेको छ । यस प्रदेशको राजधानी गोदावरी (कैलाली) हो ।




यस प्रदेशमा पहाड, डाँडा, नदी, बेँसी, मैदान आदि जस्ता विभिन्न खालका धरातलीय स्वरूपहरू रहेका छन् । यी विविध धरातलीय स्वरूपलाई हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ । यहाँको धरातलीय स्वरूप र उचाइको प्रभावका कारण यहाँ विभिन्न खालका हावापानी पाइन्छन् । यस प्रदेशको उत्तरी क्षेत्रमा लेकाली र टुन्ड्रा, पहाडी क्षेत्रमा समशीतोष्ण र भित्रीमधेसमा उपोष्ण हावापानी पाइन्छ । यहाँ सालाखाला वार्षिक वर्षा २०० मि.मि. भन्दा बढी हुन्छ । सेती, बुढीगङ्गा, चौलानी र महाकाली यस प्रदेशका प्रमुख नदीहरू हुन् । घोडाघोडी ताल (कैलाली), झिलमिला ताल, बेदकोट ताल (कञ्चनपुर), आलिताल (डडेलधुरा), छतिवान ताल (डोटी) पनि यसै प्रदेशमा पर्छन् ।

जनसाङ्ख्यिकी अवस्था : जनगणना २०७८ को नतिजाअनुसार यस प्रदेशको जनसङ्ख्या २६,९४,७८३ रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या १२,७२,७८६ र महिलाको सङ्ख्या १४,२१,९९७ रहेको छ । यहाँको लैङ्गिक अनुपात ८९.५१ रहेको छ । यहाँको घरपरिवार सङ्ख्या ५,७७,१०२ रहेको छ । यहाँको जनघनत्व १३८ रहेको छ ।

### सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

सुदुरपशिचम प्रदेशमा ब्राह्मण, क्षत्री, ठकुरी, थारू, दलित आदि मिश्रित जातजातिहरूको बसोबास रहेको छ । यहाँ डोटेली, खस, थारू, बैतडेली, अछामी, बझाङी आदि भाषाहरू मुख्य रूपमा बोलिन्छन् । सुदूरपश्चिम प्रदेशमा हिन्दु धर्मावलम्बीहरूको बुहलता (९७.२%) रहेको छ । यहाँ बौद्ध, इसाई, इस्लाम, प्रकृति र अन्य धर्मावलम्बीको पनि बसोबास छ । यस प्रदेशको देउडा नाच सामाजिक तथा सांस्कृतिक महत्त्व बोकेको नाच हो । उग्रतारा, त्रिपुरासुन्दरी, शैलेश्वरी, बडीमालिका, बैजनाथ आदि यहाँका प्रसिद्ध धार्मिक स्थलहरू हुन् ।

यस प्रदेशहरूका मानिस विभिन्न पेसामा संलग्न छन् । यहाँका मानिसको मुख्य पेसा कृषि र पशुपालन हुन् । यहाँका लगभग ६० प्रतिशतभन्दा धेरै मानिस कृषि पेसामा संलग्न छन् । धान, मकै, गहुँ, कोदो, आलु, दाल, तेलहन आदि यहाँ उत्पादन हुने प्रमुख बालीहरू हुन् । यस प्रदेशको हिमाली भागमा आलु, कोदो, फापर, जौ आदि विभिन्न बालीहरू उत्पादन गरिन्छ । यहाँ खेतीपातीका साथै भेँडा, चौँरी, च्याङ्ग्रा आदि जनावरहरू पालिन्छन् । यसको पहाडी भेगमा मकै, धान, गहुँ, कोदो फलफूल उत्पादन गरिन्छ । तराईमा मुख्य रूपमा धानको उत्पादन गरिन्छ । धानबाहेक यहाँ गहुँ, मकै, तरकारी, तेलहन र फलफूल खेती पनि गरिन्छ । धनगढी, महेन्द्रनगर, टीकापुर, अत्तरिया, डडेलधुरा, दिपायल आदि यहाँका औद्योगिक तथा व्यापारिक क्षेत्रहरू हुन् । त्यसै गरी गौरीफन्टा, गड्डाचौकी, झुलाघाट आदि यहाँका प्रमुख नाकाहरू हुन् । यिनै नाकाहरूबाट

यहाँका मानिस रोजगार र व्यापारका लागि भारतसँग आउजाउ र व्यापार गर्छन् । बुढीनन्दा, सुर्मासरोबर, पाताल भुमेश्वर, दोगडाकेदार, घोडाघोडी ताल, अजयमेरुकोट, अपी, सैपाल हिमाल, अमरगढी, बडीमालिका, रामारोसन क्षेत्र आदि यहाँका मुख्य पर्यटकीय क्षेत्रहरू हुन् । त्यसै गरी यस प्रदेशमा सेती, चौलानी, बुढीगङ्गा र महाकाली नदीबाट जलविद्युत् उत्पादन गर्ने प्रशस्त सम्भावना रहेको छ । यहाँका विभिन्न सडक यातायातले यस प्रदेशलाई अन्य प्रदेशहरू र भारत र चीनसँग जोडेको छ । यसले यस प्रदेशको आर्थिक विकासमा सहयोग पुगेको छ ।

### क्रियाकलाप

१. एउटा चार्टपेपरमा तलको दिइएको जस्तै तालिका बनाई नेपालका विभिन्न प्रदेशहरूको भौगोलिक, सामाजिक र आर्थिक विशेषता भर्नुहोस् ।

| प्रदेशहरू | भौगोलिक विशेषता | सामाजिक तथा सांस्कृतिक विशेषता | आर्थिक विशेषता |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) नेपालमा कतिओटा जिल्ला, नगरपालिका र गाउँपालिका छन् ?

(ख) तपाइँ कुन प्रदेश, जिल्ला र गाउँपालिका वा नगरपालिकामा बस्नुहुन्छ ?

(ग) नेपालको सबैभन्दा बढी जनघनत्व भएको प्रदेश कुन हो ? यसको जनघनत्वसमेत लेख्नुहोस् ।

(घ) नेपालको कुन प्रदेशमा सबैभन्दा बढी लैङ्गिक अनुपात छ ? लैङ्गिक अनुपातसमेत लेख्नुहोस् ।

(ङ) सुदूरपश्चिम प्रदेशका कुनै दुई मुख्य धार्मिक स्थल उल्लेख गर्नुहोस् ।

(च) नेपालको सबैभन्दा कम जनसङ्ख्या भएको प्रदेश कुन हो ? यसको जनसङ्ख्यासमेत लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) तपाईंको प्रदेशको विकासका सम्भावना र चुनौतीहरू के के छन् ? उल्लेख गर्नुहोस् ।

(ख) नेपालको कुनै एक प्रदेशको छोटकरीमा भौगोलिक परिचय दिनुहोस् ।

(ग) विभिन्न प्रदेशको विकासमा पर्यटकीय स्थलहरूको भूमिका वर्णन गर्नुहोस् ।

(घ) नेपालको कुन प्रदेश एउटै पर्यावरणीय प्रदेशमा पर्छ ? यसको सामाजिक र आर्थिक विशेषता उल्लेख गर्नुहोस् ।

(ङ) प्रदेशहरूको विकासमा यातायातको भूमिका वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालको नक्सा कोरी तलका ठाउँहरू देखाउनुहोस् :

(कञ्चनजङ्घा हिमाल, रारा ताल, मुक्तिनाथ, शुक्लाफाँट राष्ट्रिय निकुञ्ज, विराटनगर )

(ख) तपाईंको प्रदेश र अर्को कुनै एक प्रदेशबिचको भौगोलिक, सामाजिक तथा आर्थिक विशेषतामा देखिएका समानता र भिन्नता तालिका बनाई उल्लेख गर्नुहोस् ।

(ग) अन्य प्रदेशहरूका तुलनामा कर्णाली प्रदेश आर्थिक विकासमा पछि पर्नुका कारणहरू के के हुन् ? उल्लेख गर्नुहोस् र यसका आर्थिक विकासका सम्भावनाहरू उल्लेख गर्दै यस प्रदेशको विकासका लागि आवश्यक सुझाव दिनुहोस् ।

## परियोजना कार्य

नेपालको विभिन्न प्रदेशका मुख्य मुख्य भूस्वरूप, हावापानी, सामाजिक तथा सांस्कृतिक र आर्थिक विशेषता उल्लेख गरी एक प्रतिवेदन तयार पार्नुहोस् ।

## पाठ २ अन्तरप्रादेशिक सम्बन्धका आयाम

नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । पहिचान र सामर्थ्यको आधारमा नेपाललाई सातओटा प्रदेशमा विभाजन गरिएको छ । राजनीतिक रूपले यी सबै प्रदेशलाई स्वायत्त अधिकार दिइएको छ । यी प्रदेशबिचमा प्राकृतिक स्रोतसाधन, यातायात, आर्थिक तथा सामाजिक गतिविधिलगायतका विविध पक्षमा समभ्रुदारी कायम हुनुपर्छ । देशमा उपलब्ध साधन र स्रोतको न्यायोचित वितरण, दिगो आर्थिक विकास, वातावरणीय दिगोपन र सामाजिक दिगोपनलाई कायम राख्न यी प्रदेशहरूबिच सम्बन्ध स्थापित हुनुपर्छ । स्रोतसाधन बाँडफाँड, गरिबी निवारण, असमानता र बेरोजगारी समस्याको अन्त्य गर्नका लागि सबै प्रदेशहरूबिच साझेदारीको अवधारणालाई विकास गर्नुपर्छ । यसका लागि प्रदेशहरूबिच विविध पक्षमा सम्बन्ध स्थापना हुन्छ । यसरी एक प्रदेशको अर्को प्रदेशबिचको सम्बन्धलाई नै अन्तरप्रादेशिक सम्बन्ध भनिन्छ । सङ्घीयतामा प्रदेशहरूबिचको सम्बन्धलाई नै अन्तरप्रादेशिक सम्बन्ध भनिन्छ । नेपालका सङ्घीय प्रदेशहरू भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक र कानुनी रूपमा अन्तरसम्बन्धित छन् । प्रदेशहरूबिचको सम्बन्धका यिनै विविध पक्षहरू नै अन्तरप्रादेशिक सम्बन्धका आयाम हुन् । यस पाठमा नेपालका प्रदेशहरूबिचको अन्तरप्रादेशिक सम्बन्धका यिनै आयामका बारेमा छोटो चर्चा गर्ने छौँ ।

१. **भौगोलिक अन्तरसम्बन्ध :** हरेक प्रदेशका आआफ्नै भौगोलिक विशेषता छन् । भूस्वरूप, हावापानी, प्राकृतिक वनस्पति, नदीनाला, तालतलैया आदि भौगोलिक विशेषताका आधारमा प्रदेशहरू एकअर्कासँग अन्तरसम्बन्धित छन् । नेपालका अधिकांश स्थायी नदीहरू हिमाली प्रदेशबाट उत्पत्ति भई विभिन्न भौगोलिक तथा प्रशासनिक प्रदेश भएर बग्छन् । यी नदीहरूको विभिन्न प्रदेशमा विद्युत् उत्पादन गर्न, सिँचाइ गर्न र खानेपानी वितरण गर्नका लागि प्रयोग भएको छ । कोसी प्रदेशमा पर्ने विभिन्न जिल्लामा उपयुक्त भौगोलिक अवस्था भएका कारण चिया खेती हुन्छ । यस प्रदेशमा उत्पादित चिया अन्य प्रदेशमा पनि बिक्री वितरण गरिन्छ ।

२. **कानुनी अन्तरसम्बन्ध :** नेपालको संविधानको भाग ५ मा राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड तथा भाग २० मा सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धको व्यवस्था गरेको छ । यो संविधानको धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । यसले राष्ट्रिय महत्त्वका विषयमा नेपाल सरकारले संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक निर्देशन दिन सक्ने र त्यसलाई पालन गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषद्को कर्तव्य हुने व्यवस्था गरेको छ । त्यसै गरी नेपालको संविधानले धारा २३३ मा प्रदेश प्रदेशबिचको सम्बन्धका लागि निम्नलिखित व्यवस्था गरेको छ :

(क) एक प्रदेशले अर्को प्रदेशको कानुनी व्यवस्था वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्ने छ ।

(ख) एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितका विषयमा सूचना आदानप्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्यका बारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्ने छ ।

(ग) एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुनबमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनुपर्ने छ ।

३. **आर्थिक अन्तरसम्बन्ध :** नेपालका सङ्घीय प्रदेशहरू आर्थिक रूपमा एकअर्काबिचमा अन्तरसम्बन्धित छन् । कुनै एक प्रदेशको नागरिकले नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्न र उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन गर्न पाउँछन् । आर्थिक क्षेत्रलाई स्वच्छ, जवाफदेही र प्रतिस्पर्धी बनाउन लगानीकर्तालाई सबै प्रदेशमा परिचालन गरिन्छ । प्रदेशहरूमा उपलब्ध स्रोतसाधन र आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण हुन्छ । औद्योगिक विकास, निर्यात, प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तारका लागि पनि अन्तरप्रादेशिक सम्बन्धले सकारात्मक भूमिका खेल्छ । नेपालका विभिन्न प्रदेशहरू सडकमार्ग तथा हवाइमार्गबाट एकअर्कामा जोडिएका छन् । यसले कुनै एक प्रदेशमा उत्पादित वस्तुहरू अर्को प्रदेशमा बिक्री वितरण गर्न सहयोग पुगेको छ । त्यसै गरी धेरै भूभाग पहाडी र हिमाली प्रदेशमा भएका बाग्मती, गण्डकी र कर्णाली प्रदेशहरूले मधेस प्रदेश र लुम्बिनी प्रदेशबाट खाद्यान्न र कृषिजन्य वस्तु प्राप्त गरेका छन् जसबाट यी प्रदेशहरूले आफ्ना खाद्यान्नको आपूर्ति गरेका छन् । प्राकृतिक स्रोतहरूको साझा उपयोगका लागि पनि प्रदेशहरूबिच आपसी सम्बन्ध कायम भएको हुन्छ ।

४. **सामाजिक तथा सांस्कृतिक सम्बन्ध :** नेपाल विविधताले भरिपूर्ण बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहसांस्कृतिक पहिचान भएको देश हो । यहाँ क्षत्री, ब्राह्मण, मगर, थारू, तामाङ, नेवार, मुसलमान, कामी, यादव, राई, गुरुङ आदि १३१ जातजातिका मानिस बसोबास गर्छन् । यी विभिन्न जातजातिका मानिसले गुरुङ, नेवारी, मगर, मैथिली, लिम्बू आदि विभिन्न भाषाहरू मातृभाषाका रूपमा बोल्छन् । नेपालमा विभिन्न धर्म मान्ने मानिस बसोबास गर्छन् । भौगालिक विविधताका कारण यहाँ विभिन्न प्रदेशमा सामाजिक तथा सांस्कृतिक विविधता पाइन्छ । नेपाल यिनै विविधतामा एकता भएको देश हो । त्यसैले यसलाई विभिन्न जातजाति, भाषाभाषी र धर्मसंस्कृतिको साझा फूलबारी मानिन्छ । सुदूरपश्चिममा प्रचलित देउडा नाच, कोसी प्रदेशमा प्रचलित धान नाच र चण्डीनाच, गण्डकी प्रदेशमा प्रचलित घाँटु, सोरठी, मारुनी र कौडा आदि विभिन्न प्रदेशहरू गाउने र नाच्ने गरिन्छ । विभिन्न प्रदेशका मानिसबिच विवाह हुन्छ । विभिन्न प्रदेशका मेलापर्वमा अन्य प्रदेशहरूबाट मानिस आउने जाने गर्छन्, जस्तै: रामनवमी र विवाह पञ्चमीमा विभिन्न प्रदेशहरूबाट मधेस प्रदेशको राजधानी जनकपुर जान्छन् । शिवरात्रिका वेलामा बाग्मती प्रदेशमा पर्ने पशुपतिनाथको दर्शन गर्ने विभिन्न प्रदेश तथा भारतबाट मानिस आउने गर्छन् । यसले विभिन्न प्रदेशहरूबिचको अन्तरसम्बन्ध स्थापित गरेको छ ।

५. **अन्तरप्रदेश परिषद्को व्यवस्था :** नेपालको संविधानको धारा २३४ मा सङ्घ र प्रदेशबिच तथा प्रदेश प्रदेशबिच उत्पन्न राजनीतिक विवाद समाधान गर्न निम्नानुसारको एक अन्तरप्रदेश परिषद्को व्यस्था गरेको छ :

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) नेपाल सरकारका गृहमन्त्री - सदस्य

(ग) नेपाल सरकारका अर्थमन्त्री - सदस्य

(घ) सम्बन्धित प्रदेशका मुख्यमन्त्री - सदस्य

### क्रियाकलाप

१. तपाईंको प्रदेशसँग अन्य प्रदेशको कुन कुन कुरामा अन्तरसम्बन्ध छ भन्ने कुरा पत्ता लगाई बुँदा टिपोट गर्नुहोस् ।

२. अन्तरप्रदेश सम्बन्धका विविध आयामका बारेमा आफ्नो विचार बुँदागत रूपमा लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अन्तरप्रदेश सम्बन्ध भनेको के हो ?

(ख) प्रदेशहरूबिचको अन्तरसम्बन्धका कुनै दुई आयाम उल्लेख गर्नुहोस् ।

(ग) अन्तरप्रदेश परिषद् किन आवश्यक छ ? एक वाक्यमा लेख्नुहोस् ।

(घ) प्रदेशहरूबिचको अन्तरसम्बन्ध स्थापित गर्ने तपाईंको प्रदेशमा भएको कुनै एक सांस्कृतिक कुरा उल्लेख गर्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अन्तरप्रदेशको अवधारणा आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ख) अन्तरप्रादेशिक सम्बन्धका विभिन्न आयामहरूमध्ये भौगोलिक आयामका बारे छोटकरीमा वर्णन गर्नुहोस् ।

(ग) अन्तरप्रादेशिक सम्बन्धका फाइदा उल्लेख गर्नुहोस् ।

(घ) तपाईंको प्रदेश र अन्य प्रदेशबिचको सामाजिक तथा सांस्कृतिक सम्बन्धका बारेमा छोटकरीमा वर्णन लेख्नुहोस् ।

(ङ) नेपालको संविधानले कस्तो प्रकारको अन्तरप्रदेश परिषद्को व्यवस्था गरेको छ ? यसको संरचनासमेत उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा अन्तरप्रादेशिक सम्बन्धका बारेमा कस्तो कानुनी व्यवस्था छ ? यसको औचित्यलाई विश्लेषण गरी आफ्नै शब्दमा पुष्टि गर्नुहोस् ।

(ख) नेपालमा प्रादेशिक अन्तरसम्बन्धको महत्त्वलाई आफ्नै शब्दमा वर्णन गरी यसलाई सबल र प्रगाढ बनाउन के के उपाय अवलम्बन गर्न सकिन्छ, उल्लेख गर्नुहोस् ।

## पाठ ३ नेपालमा विपत्

### विपत्को अर्थ र परिभाषा

जनधनको क्षति वा समुदायको दैनिक दिनचर्यालाई खल्बलाउने एउटा आपत्कालीन अवस्था विपत् हो । एकै पटक धेरै धनजनको क्षति हुने गरी आकस्मिक रूपमा आउने प्राकृतिक वा अन्य घटनालाई विपत् भनिन्छ । यो जीवनको सामान्य तौरतरिकालाई नराम्रोसँग अवरुद्ध पार्ने गरी अचानक आइपर्ने घटना हो । खानपिन, लुगाफाटा, घरबास, औषधोपचार, सुरक्षा आदि आवश्यकीय प्रणाली अवरुद्ध हुने हुनाले विपत्को अवस्थामा मानिस नि:सहाय हुन्छन् । परिवार र समुदायसँग तत्काल यी सुविधाहरू परिपूर्ति गर्न सक्ने क्षमता हुँदैन । यसबाट मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति हुन्छ र सामान्य सामाजिक अवस्था अवरुद्ध हुन्छ । नेपाल जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन, (२०७४) ले विपत्लाई यसप्रकार परिभाषित गरेको छ :

> "कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जनधनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक घटनाहरू विपत् हुन् ।"- नेपाल जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन, (२०७४)

सामान्यतया बोलीचालीको भाषामा प्रकोप र विपत् शब्दलाई एउटै अर्थमा लिने गरिन्छ तर यी शब्दहरूको अर्थ फरक छ । जैविक तथा प्राकृतिक क्षति गराउने, सम्पत्ति एवम् वातावरण नष्ट गराउने सम्भावना बोकेको घटनालाई प्रकोप भनिन्छ । त्यसै गरी विपत् भनेको त्यस्ता प्रकोपले निम्त्याउने सङ्कटकालीन अवस्था हो । प्रकोप विरुद्ध जुध्न वा प्रकोपको सामना गर्न अन्य व्यक्ति, समुदाय वा सङ्घसंस्था वा देशको सहयोग चाहिने अवस्था सिर्जना हुनु विपत् हो ।

### विपत्का प्रकार

विपत् एक आकस्मिक घटना हो । विपत् कहिले र कसरी आउँछ भन्ने कुरा अनुमान गर्न सकिँदैन । विपत्ले मानिसको जीवनमा खतरा र जोखिम दुवै उत्पन्न गराउँछ । सिर्जना हुने मुख्य कारणका आधारमा विपत् प्राकृतिक र मानव सिर्जित गरी दुई प्रकारका हुन्छन्, जुन निम्नानुसार छन् :

१. **प्राकृतिक विपत् :** विपत् जोखिम न्यूनीकरण तथा व्यवस्था ऐन २०७४ का अनुसार हिमपात, हिमपहिरो, हिमताल विस्फोटन, असिना, अतिवृष्टि, अनावृष्टि, बाढी, डुबान, पहिरो तथा भूस्खलन, खडेरी, आँधी, हुरीबतास, शीत लहर, तातो हावाको लहर (लू), चट्याङ, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो र यस्तै अन्य प्राकृतिक प्रकोपबाट उत्पन्न जनुसुकै आपत्तिलाई प्राकृतिक विपत् भनिन्छ । यो विभिन्न प्राकृतिक घटनाहरूका कारण उत्पन्न हुने आपत्कालीन अवस्था हो । प्राकृतिक विपत् भौतिक, जलवायु परिवर्तन, जैविक तथा महामारी आदि कारणबाट उत्पन्न हुन्छन् ।

२. **मानव सिर्जित विपत् :** मानवीय असावधानी र मानवले गरेका विभिन्न गतिविधिका कारणबाट उत्पन्न हुने विपत् मानव सिर्जित विपत् हुन् । यस्ता विपत् मानवीय

क्रियाकलापबाट पृथ्वीमा उपलब्ध स्रोतसाधनलाई अत्यधिक दोहन गर्दा उत्पन्न हुन्छ । हवाइसडक, जल वा औद्योगिक दुर्घटना, ग्यास विस्फोटन, विषाक्त खाद्य सेवन आदि मानवीय क्रियाकलापबाट सिर्जना हुन्छ । महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, बर्डफ्लु, सर्पदंश, जनावर आतङ्क आदिका कारण मानव सिर्जित विपत्को उत्पत्ति हुन्छ । खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस चुहावट, रसायन वा विकीरण चुहावट, ग्यास विस्फोटन आदिबाट पनि विपत्को सिर्जना हुन्छ । मानव सिर्जित विपत् विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश आदि जस्ता गैरप्राकृतिक कारणबाट पनि उत्पन्न हुन्छ ।

## विपत्का कारण

विपत् आकस्मिक रूपमा घट्ने प्राकृतिक तथा मानव सिर्जित घटना हो । यो कहिले र कसरी आउँछ अनुमान लगाउन सकिँदैन । विपत्का घटनाहरू निरन्तर घटिरहने हुनाले नेपाललाई विपत्का दृष्टिले निकै जोखिमपूर्ण देश मानिन्छ । नेपालमा विपत्को जोखिम उच्च हुनुका कारण यसप्रकार छन् :

१. भूबनोट र भौगोलिक अवस्था : नेपाल एक पहाडी मुलुक हो । यहाँको अधिकांश भूभाग पहाडी र भिरालो धरातलीय स्वरूपले बनेको छ । त्यसै गरी नेपाल उष्ण मनसुनी हावापानीको क्षेत्रमा पर्छ । ग्रीष्म ऋतुमा भारी वर्षाका कारण पहाडी क्षेत्रमा पहिरो र बेँसी तथा तराईमा बाढी एवम् डुबानले ठुलो धनजनको क्षति गराउँछ । नेपालको उच्च पहाडी क्षेत्रमा ठुलो भूभाग हिउँले ढाकिएको छ । यसले गर्दा यहाँ हिम पहिरो र हिमपातको जोखिम रहेको छ । वेला वेलामा हिमताल फुट्नाले तल्लो भागका नदी किनारका बस्तीमा आकस्मिक बाढीको जोखिम रहेको छ । त्यसै गरी नेपाल भारतीय र तिब्बतीय भौगर्भिक प्लेट जोडिएको ठाउँमा रहेको हुनाले यहाँ भूकम्पको ठुलो जोखिम छ ।

२. अनियमित वर्षा : अतिवृष्टि, खण्डवृष्टि र अनावृष्टि हुनु अनियमित वर्षा हो । यसका कारणले नेपालमा बर्सेनि बाढी, पहिरो, ढुवानका साथै सुक्खा खडेरी लाग्ने जस्ता समस्याहरूले गर्दा विपत् सिर्जना हुन्छ । खण्डवृष्टि र अनावृष्टिका कारण सुक्खा भई उत्पादनमा कमी आउँछ । यसले गर्दा भोकमरीको अवस्था सिर्जना हुन्छ ।

३. जलवायु परिवर्तन : जलवायु परिवर्तनका कारण वायुमण्डलको तामक्रम नियमित बढ्दै जनाले वायुमण्डलमा असन्तुलन पैदा भएको छ । यसले खडेरी, अतिवृष्टि, अनावृष्टि, बाढी र प्रतिकूल मौसमी अवस्था सिर्जना गरेको छ । यसका कारण नेपालमा विपत्को सम्भावना बढ्दै गएको छ ।

४. जनचेतनाको अभाव : मानिस शिक्षित र सचेत हुँदा विभिन्न खालका प्राकृतिक तथा मानव सिर्जित विपत्हरूको न्यूनीकरण गर्न सकिन्छ । नेपालमा जनचेतनाका कमीले गर्दा वेला वेलामा विभिन्न रोगका महामारी फैलने गरेको छ । जनचेतनाकै अभावका कारण भिरालो जमिनमा खेती गर्ने, जङ्गल फँडानी गर्ने, प्रदूषण बढ्ने जस्ता समस्याहरू उत्पन्न हुन्छ । यसले गर्दा विभिन्न खालका महामारी, बाढी, पहिरो आदि जस्ता विपत्का घटनाहरू

निरन्तर घटिरहेको छ । रूढिवादी सोचका कारण विपत्को पूर्वतयारी नगर्ने कारण विपत्का वेला धेरै क्षति हुने गरेको पाइन्छ ।

५. जनसहभागिताको अभाव : नेपाली समाजमा विपत् व्यवस्थापनका लागि सहभागितामूलक योजना निर्माण र कार्यान्वयनको अभाव देखिन्छ । विपत्बाट क्षति कम गर्न जनचेतना फैलाउने, पूर्वतयारी गर्ने, विपत्मा प्रयोग हुने सामग्रीको व्यवस्थापन गर्ने, सुरक्षित स्थान पहिचान गर्ने र आपत्कालीन राहत व्यवस्थापन गर्ने कार्यका लागि जनसहभागिता जुटाउनुपर्ने देखिन्छ ।

६. कमजोर प्राविधिक तथा आर्थिक क्षमता : नेपालमा कमजोर प्राविधिक तथा आर्थिक क्षमताका कारण साँघुरा र कमजोर सडक, पुल, भवन आदिको निर्माण भएका छन् । यिनै कमजोर संरचनाका कारण विपत्का घटनाहरू घटिरहेका छन् ।




## विपत्को प्रभाव

नेपालमा सहरीकरण, प्रदूषण, जनचेतनाको कमी, अनियन्त्रित बसाइँसराइ, कमजोर प्राविधिक तथा आर्थिक क्षमता आदिका कारण विपत्का घटनाहरू बढिरहेका छन् । नेपालमा बाढी, डुबान, पहिरो, आगलागी, महामारी, भूकम्प, हिमताल विस्फोट, अनियमित वर्षा, सुक्खा खडेरी जस्ता विपत्का घटनाहरू निरन्तर घटिरहेका छन् । यसको प्रत्यक्ष प्रभाव कृषि उत्पादन, समुदायको जीविकोपार्जन,अनुकूलन पद्धति र वातावरण सन्तुलनमा परिरहेको छ । नेपालमा विपत्का घटनाहरूबाट बर्सेनि धनजनको ठुलो क्षति भइरहेको देखिन्छ । यहाँ महामारविाट सबैभन्दा धेरै मानवीय क्षति भएको देखिन्छ । बाढी तथा पहिरो, आगजनी र चट्याङ आदिबाट बर्सेनि धेरै धनजनको क्षति हुने गरेको छ । यहाँ विगतमा विभिन्न समयमा आएको भूकम्पबाट ठुलो भौतिक क्षति भएको थियो । बाढी र डुबानले बर्सेनि तराईको जनजीवन अस्तव्यस्त बनाउँछ । बाढीबाट

तराईमा सयौँ हेक्टर खेतीबाली बगेर नष्ट हुन्छन् भने कैयौँ मानिस घरबारविहीन बन्न पुग्छन् । पहाडी क्षेत्रमा पहिरो र हिमाली क्षेत्रमा हिमपातको कारणले धेरै मानिसको ज्यान गएको छ ।

### नेपालमा विपत् व्यवस्थापन संयन्त्र र योजना निर्माण

विपत् व्यवस्थापन भनेको विपत्को सामना गर्नका लागि पूर्वतयारी, पुनर्निर्माणका योजना निर्माण र कार्यान्वयन गर्ने कार्य हो । सामान्यतया विपत् पूर्वको तयारी, विपत्को समयमा खोज तथा उद्धार र विपत्पछि राहत तथा पुनर्स्थापना कार्य गरी विपत्का तीन चरण हुन्छन् । विपत् व्यवस्थापनमा विशेष गरी यिनै तीन चरणहरूमा गरिने कार्यहरू पर्छन् । यसमा विपत् आउनुपूर्व, विपत्को समयमा र विपत्पछिको अवस्थामा के के कार्यहरू गर्ने हो भन्ने कुराको विश्लेषण गरिन्छ । यसअन्तर्गत विपत् व्यवस्थापन चक्रअनुसारका कार्यहरू गरिन्छ । यस चक्रअन्तर्गत अल्पीकरण, तयारी, प्रतिकार्य र पुनर्प्राप्ति पर्छन् । अल्पीकरणमा विपत् अघि गरिने भवन निर्माण आचारसंहिता, विपत् नक्साङ्कन, जोखिम विश्लेषण, जनचेतना आदि जस्ता कार्यहरू गरिन्छन् । यसले विपत्को प्रभावलाई न्यूनीकरण गर्ने कार्यलाई सहयोग गर्छ । विपत्सँग कसरी जुध्ने भन्ने योजनाहरू जस्तैः तयारी योजना, आपत्कालीन व्यवस्थापन अभ्यास तथा तालिम विपत् व्यवस्थापन चक्रको तयारीअन्तर्गत पर्छन् । विपत्बाट उत्पन्न जोखिमलाई कम गर्ने खोज, उद्धार आपत्कालीन राहत वितरण जस्ता कार्यहरू प्रतिकार्यअन्तर्गतका कार्यहरू हुन् । विपत् व्यवस्थापन चक्रमा पुनर्प्राप्तिअन्तर्गत समुदायलाई सामान्य अवस्थामा फर्काउने कार्य गरिन्छ । यसअन्तर्गत आवास पुनर्निर्माण, अनुदान तथा राहत वितरण, चिकित्सा सेवा आदि पर्छन् । विपत् व्यवस्थापनले विपत्बाट सिर्जना हुने जोखिम न्यूनीकरणमा सहयोग गर्छ ।




नेपालमा विपत् व्यवस्थापनका लागि विभिन्न योजना, रणनीति र संयन्त्रहरू विकास गरेको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) नेपालमा विपत् व्यवस्थापनका लागि गृह मन्त्रालय मुख्य सरोकारवाला मन्त्रालय हो । यस मन्त्रालयले नेपाल सरकारको सहसचिवको संयोजकत्वमा एक विपत् तथा द्वन्द्व व्यवस्थापन महाशाखाको स्थापना गरेको छ । उक्त महाशाखाअन्तर्गत निम्नलिखित शाखाहरू छन् :

- विपत् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा
- विपत् पूर्वतयारी तथा प्रतिकार्य शाखा
- शान्ति प्रवर्धन शाखा

- राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा

यी शाखाहरूले विपत् व्यवस्थापनका लागि विभिन्न कार्यहरू गर्छन् । विपत्को अवस्थाको अध्ययन गर्ने र जोखिम न्यूनीकरणको काम विपत् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाले गर्छ । विपत्को अवस्थाको पूर्व तयारी गर्ने र विपत्मा परेकाहरूका निम्ति प्रतिकार्यसम्बन्धी काम विपत् पूर्वतयारी तथा प्रतिकार्य शाखाले गर्छ । शान्ति प्रवर्धन शाखाले द्वन्द्वरत समूहलाई वार्तामार्फत शान्ति स्थापनाका लागि काम गर्छ भने राहत तथा तथ्याङ्क व्यवस्थापन शाखाले विपत्ले ल्याएको क्षतिको विवरण लेखाजोखा गर्ने र विपत्मा परेकालाई उद्धार र राहत वितरण गर्ने काम गर्छ । यी सबै शाखाहरूले 'विपत् तथा द्वन्द्व व्यवस्थापन महाशाखा' अन्तर्गत रहेर काम गर्छन् ।

(ख) नेपालले विपत् व्यवस्थापनका लागि जापानको सेन्डाईमा आयोजना भएको विश्व सम्मेलनले पारित गरेको राष्ट्रिय विपत् न्यूनीकरण नीति तथा रणनीतिक योजना २०१७-२०३० (सेन्डाई फ्रेमवर्क) लाई स्विकार गरेको छ ।

(ग) नेपाल सरकारले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ सँग सम्बन्धित नियमावली २०७५ तयार गरी लागु गरेको छ ।

(घ) नेपालको संविधानले नागरिकलाई विपत्बाट सुरक्षित गराउन सबै तहका सरकारको प्राथमिक दायित्व हुने व्यवस्था गरेको छ । संविधानको अनुसूची ७ मा विपत् व्यवस्थापन सङ्घ र प्रदेश सरकारहरूको संयुक्त अधिकार, अनुसूची ८ ले स्थानीय सरकारको एकल अधिकार र अनुसूची ९ ले सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारलाई उल्लेख गरेको छ ।

(ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपत् व्यवस्थापनमा स्थानीय सरकारको प्रमुख भूमिका रहने व्यवस्था गरेको छ ।

(च) नेपालका ७७ ओटै जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला तथा स्थानीय विपत् व्यवस्थापन समितिसम्बन्धी व्यवस्था छ ।

## विपत् व्यवस्थापनमा स्थानीय ज्ञानको प्रयोग

स्थानीय समुदायमा स्थानीय वातावरणसँगको अन्तरक्रियाबाट विकसित ज्ञान र अभ्यासलाई स्थानीय ज्ञान भनिन्छ । स्थानीय समुदाय यस ज्ञानको सर्जक र प्रयोगकर्ता हुन् । यो एक पुस्ताले सिकाएको कुरा अर्को पुस्ताले ग्रहण गर्दै जाँदा एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको हुन्छ । उदाहरणका लागि भूकम्प आउनु अगि कुकुर अनौठो आवाज निकालेर भुकेको र परेवाको आवाजबाट स्थानीयले सजकता अपनाउने गर्छन् । त्यसै गरी भूकम्प आइरहेको वेलामा भुँइ कोतरेर माटो समाउँदा शुभ हुन्छ भन्ने विश्वासका कारण उक्त समयमा यताउता दौडने कार्य कम भई बढी मानवीय क्षति हुनबाट जोगिन्छ । आगलागीपछि स्वस्ति शान्तिका लागि पूजा लगाउनाले मानसिक रूपमा विपत्को पीडा कम हुन्छ । विपत्पछि विपत्मा परेकालाई सहयोग गर्ने प्रचलनले पुनर्स्थापनामा सहयोग पुग्छ । यसरी विपत् व्यवस्थापनमा स्थानीय ज्ञानको प्रयोग महत्त्वपूर्ण मानिन्छ ।

### क्रियाकलाप

१. विभिन्न स्रोत सामग्रीको अध्ययन गरी विपत् पूर्वको अवस्था, विपत्को समय र विपत्पछिको अवस्था मा गरिने कार्यहरूको सूची बनाई सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईंको समुदायमा विपत् व्यवस्थापन कसरी गरिन्छ ? यस विषयमा छलफल गर्नका लागि केही प्रश्नहरू तयार गर्नुहोस् र सम्पर्क कक्षामा सहपाठीहरूसँग छलफल गर्नुहोस् ।

### अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू :

(क) विपत् भनेको के हो ?

(ख) विपत् र प्रकोपबिचको फरक लेख्नुहोस् ।

(ग) विपत् व्यवस्थापनमा सहयोग गर्ने कुनै दुई संस्थाको नाम लेख्नुहोस् ।

(घ) नेपालमा कोरोनाको महामारीको समयमा तपाईंले सुरक्षाका लागि अपनाउनुभएको कुनै दुई उपायहरू उल्लेख गर्नुहोस् ।

(ङ) विपत् व्यवस्थापन भनेको के हो ?

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) विपत् व्यवस्थापनका लागि नेपाल सरकारले गरेका कुनै पाँचओटा कार्य उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा विपत् व्यवस्थापनका लागि बनेको संयन्त्रका बारेमा आफ्नो विचार लेख्नुहोस् ।

(ग) विपत् व्यवस्थापन चक्र सचित्र वर्णन गर्नुहोस् ।

(घ) नेपालमा विद्यालय तहबाटै विपत् व्यवस्थापनका बारेमा सिकाउनाका कुनै पाँच कारणहरू उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा कोरोना भाइरसका कारण आएका समस्याहरू विश्लेषण गरी त्यसको समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

(ख) तपाईंको समुदायमा प्रचलित विपत् व्यवस्थापनका स्थानीय ज्ञानको उपयोग र महत्त्वका बारेमा आफ्नो विचार राख्दै विदेशमा बस्ने आफन्तलाई चिठी लेख्नुहोस् ।


### सामुदायिक कार्य

तपाईंको समुदायका कुनै पाँच जना मानिसलाई भेटी विपत् व्यवस्थापनमा समुदायले चाल्नुपर्ने कदमहरू, त्यसका फाइदाहरूका बारेमा छलफल गर्नुहोस् । छलफलमा आएका कुरहरू समेटी एक छोटो अध्ययन प्रतिवेदन लेख्नुहोस् ।


## पाठ ४ भूगोल र सामाजिक जीवनमा सूचना प्रविधि

पृथ्वीको विभिन्न पक्षहरूको अध्ययन गर्ने विषय भूगोल हो । यो मानिसको सामाजिक जीवनसँग पनि सम्बन्धित छ । भूगोलमा मानिस र वातावरणबिचको सम्बन्धका बारेमा अध्ययन गरिन्छ । यसै क्रममा भूगोलमा विभिन्न तथ्याङ्क सङ्कलन र प्रस्तुति गरिन्छ । अध्ययनका क्रममा मानिसको सामाजिक जीवनसँग सम्बन्धित् सूचनाहरूका साथै तापक्रम र वर्षासम्बन्धी तथ्याङ्क प्रस्तुत गर्नुपर्ने हुन्छ । तथ्याङ्क प्रस्तुतीकरणले कुनै पनि अङ्कमा दिइएको तथ्याङ्कहरू सजिलै अध्ययन गर्न सकिन्छ । उक्त तथ्याङ्कलाई विभिन्न सूचना प्रविधिको प्रयोग गरेर देखाउन पनि सकिन्छ । यसका लागि कम्प्युटरमा सफ्टवेरको प्रयोग गरिन्छ । कम्प्युटरमा Ms Excel को प्रयोग गरी तथ्याङ्कलाई विभिन्न चार्ट, चक्रचित्र, स्तम्भचित्र र रेखाचित्र बनाई प्रस्तुत गर्नुपर्छ । परम्परागत रूपमा चक्रचित्र, स्तम्भचित्र र रेखाचित्रहरू हातैले तयार पारी प्रस्तुत गरिन्थ्यो । हिजोआज कम्प्युटरमा सफ्टवेयरको प्रयोग गरी प्रस्तुत गर्ने प्रचलन आएको छ । सूचना प्रविधिको प्रयोगले तथ्याङ्क सङ्कलन, विश्लेषण, तालिकीकरण र प्रस्तुतीकरण गर्न सजिलो भएको छ । त्यसैले सामाजिक जीवनमा सूचना प्रविधिको प्रयोगले महत्त्पूर्ण भूमिका खेलेको छ ।

१. **स्तम्भचित्र :** कुनै पनि वस्तुको उत्पादन र वितरण आदिको तथ्याङ्कलाई स्तम्भका माध्यमबाट देखाउने चित्रलाई स्तम्भचित्र भनिन्छ । यो तथ्याङ्कको मात्रा प्रदर्शन गर्ने एक सरल विधि हो । यसलाई सामान्यतया ग्राफको प्रयोग गरेर हातैले नापोअनुसार कोर्ने गरिन्थ्यो । हिजोआज कम्प्युटरको प्रयोग गरी सजिलै देखाउने सकिन्छ । यसका लागि Ms Excel खोल्ने र तथ्याङ्कलाई तालिका बनाई राख्नुपर्छ । त्यसपछि menu bar मा गएर Insert मा click गर्ने त्यहाँ दिइएको चार्टहरूमध्ये Bar मा गएर दिइएका विभिन्न Bar graph मध्ये आफूलाई आवश्यक परेको Bar graph छनोट गरेपछि उक्त तथ्याङ्कलाई सजिलै Bar graph मा कम्प्युटरले नै देखाउँछ । त्यसपछि chart मा click गरेर Lay out मा गएर आफ्नो अनुकूलको Chat Title, Axis Title र Legend छनोट गरी स्तम्भचित्र पूरा गर्न सकिन्छ । यहाँ सोहीअनुरूप तयार गरिएको चित्र राखिएको छ । यस चित्रमा एउटै तथ्याङ्कको प्रयोग गरिएकाले Legend देखाइएको छैन ।



२. **रेखाचित्र :** रेखाचित्र एउटा सरलीकृत रेखाका माध्यमबाट तथ्याङ्क प्रस्तुत गर्ने विधि हो । रेखाचित्रमा ग्राफको माध्यमबाट वस्तु र परिमाणबिचको सम्बन्धलाई X र Y अक्षको सहायताले चित्रण गरिन्छ । यसको प्रयोग तथ्याङ्कबिचको तुलना गर्न, अन्तर छुट्याउन र परिवर्तन देखाउन प्रयोग गरिन्छ । यसलाई Ms Excel मा तथ्याङ्क राखेर सजिलै निर्माण गर्न सकिन्छ । यसका लागि Ms Excel  खोल्ने र तथ्याङ्कहरूलाई तालिका बनाई राख्ने । त्यसपछि menu bar मा गएर  Insert मा click  गर्ने त्यहाँ दिइएको चार्टहरूमध्ये Line मा गएर दिइएका विभिन्न Line graph मध्ये आफूलाई आवश्यक परेको Line graph छनोट गरेपछि उक्त तथ्याङ्कलाई सजिलै Line graph मा कम्प्युटरले नै देखाउँछ । त्यसपछि chart मा click गरेर Lay out मा गएर आफ्नो अनुकूलको Chat Title, Axis Title  र Legend  छनोट गरी रेखाचित्र पूरा गर्न सकिन्छ । यहाँ सोहीअनुरूप तयार गरिएको चित्र राखिएको छ ।





३. **वृत्तचित्र :** वृत्तद्वारा तथ्याङ्क प्रदर्शन गराइने चित्रलाई वृत्तचित्र भनिन्छ । यसलाई चक्रचित्र पनि

भनिन्छ । यो तथ्याङ्क प्रस्तुतिमा सबैभन्दा बढी प्रयोगमा ल्याइने विधि हो । यसमा गोलाकार वृत्तको कुल क्षेत्रफल ३६०° को हुन्छ र यसले तथ्याङ्कको कुल मात्रालाई देखाउँछ । पहिले पहिले यसलाई दिइएका तथ्याङ्कको एक एकाइलाई दिइएका तथ्याङ्कको कुल योगले भाग गरी ३६० ले गुणन गरेर पत्ता लगाइएको डिग्रीलाई प्रोटेक्टरको सहयोगले चित्र बनाएर देखाइन्थ्यो तर हिजोआज कम्प्युटरको सहायताले सजिलै देखाउन सकिन्छ ।


सूत्र : $\dfrac{\text{दिइएको तथ्याङ्कको एक एकाइ}}{\text{दिइएको तथ्याङ्कको कुल योग}} \times ३६०$

Ms Excel मा वृत्तचित्र निर्माण गर्न सबैभन्दा पहिले Ms Excel खोल्ने र तथ्याङ्कलाई तालिका बनाई राख्ने । त्यसपछि menu bar मा गएर Insert मा click गर्ने त्यहाँ दिइएको चार्टहरूमध्ये Pie मा गएर दिइएका विभिन्न Pie chart मध्ये आफूलाई आवश्यक परेको Pie छनौट गरेपछि उक्त तथ्याङ्कलाई सजिलै Pie chart मा देखाइदिन्छ । त्यसपछि chart मा click गरेर Lay out मा गएर आफ्नो अनुकूलको Chat Title, Data Levels र Legend छनोट गरी वृत्तचित्र पूरा गर्न सकिन्छ । यहाँ सोहीअनुरूप तयार गरिएको चित्र राखिएको छ ।





४. चार्ट : चार्ट विषयवस्तुको मुख्य शीर्षकलाई चित्रात्मक प्रस्तुति गर्ने एक माध्यम हो । यसमा तथ्य र विचारहरूको सम्बन्धलाई क्रमबद्ध र तार्किक दृश्यबाट प्रस्तुत गरिन्छ । कुनै पनि विषयवस्तुहरूबिच तुलना गर्न, वर्गीकरण गर्न र सङ्गठनको संरचना देखाउन प्रयोग गरिन्छ । धेरै विषयवस्तुका मुख्य विषयवस्तु सङ्कुचन गरी चार्टमा प्रस्तुत गर्दा सजिलोसँग बुझ्न सकिन्छ । चार्ट विभिन्न प्रकारका हुन्छन् जसलाई विषयवस्तुको आवश्यकताअनुसार प्रयोग गर्न सकिन्छ । चार्टका केही मुख्य प्रकारहरू यसप्रकार छन् :


(क) सम्बन्ध चार्ट : विभिन्न वस्तु तथा घटनाहरूको अन्तरसम्बन्ध देखाउन प्रयोग गरिने चार्टलाई सम्बन्ध चार्ट भनिन्छ । सामाजिक अध्ययन र सामाजिक विज्ञानबिचको सम्बन्ध देखाउन चार्टको प्रयोग गर्न सकिन्छ ।





(ख) वर्गीकरण चार्ट : विषयवस्तुको वर्गीकरण गरेर देखाउने चार्टलाई वर्गीकरण चार्ट भनिन्छ । यसमा कुनै मुख्य विषयवस्तुका प्रकार देखाउनु परेमा प्रयोग गरिन्छ, जस्तै: यहाँ नेपालका जङ्गलको प्रकार देखाउन यस चार्टको प्रयोग गरिएको छ :




(ग) सङ्गठनात्मक चार्ट : कुनै पनि कार्यालय वा सङ्घसंस्थाको प्रशासनिक ढाँचा प्रदर्शन गर्न सङ्गठनात्मक चार्टको प्रयोग गरिन्छ । यो चार्ट सङ्गठनको तहगत संरचना देखाउन उपयुक्त हुन्छ । उदाहरणका लागि नगरपालिकाको सङ्गठनात्मक चार्ट देखाइएको छ ।




(घ) **वंशावली चार्ट :** कुनै वंशको विकासक्रम देखाउन वंशावली चार्टको प्रयोग गरिन्छ । यसबाट वंशको अगाडिका पुस्तादेखि पछिल्ला पुस्तासम्मका विभिन्न पुस्ताका मानिसको नाम पुस्ताअनुसार वंशावली चार्टमा देखाइन्छ । यहाँ गौतम बुद्धको वंशावली देखाइएको छ :




माथि उल्लिखित सबै प्रकारका चार्ट कम्प्युटरको सहायताले पनि निर्माण गर्न सकिन्छ । Ms word र Ms Excel मा उक्त चार्टहरू निर्माण गर्न file खोली menu bar मा Insert भित्र भएका आवश्यकताअनुसारको chart छनोट गरी उक्त chart मा आवश्यकताअनुसार आफ्नो विषयवस्तु प्रस्तुत गर्न सकिन्छ ।

### क्रियाकलाप

१. तपाईंको परिवारको पाँच पुस्ता माथिको जस्तै वंशवली चार्ट तयारी पारी सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. पाठमा उल्लेख गरिएअनुसार Ms word र Ms Excel मा विभिन्न चार्ट तथा चित्रहरू निर्माण गर्नुहोस् र कम्प्युटर ल्याबमा गएर सहपाठीहरूलाई त्यसको अभ्यास गर्न लगाउनुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) रेखाचित्र भनेको के हो ?

(ख) तथ्याङ्क प्रस्तुतिको आवश्यकता किन पर्छ ?

(ग) चार्टको अर्थ लेख्नुहोस् ।

(घ) वंशावली चार्टको महत्त्व एक वाक्यमा लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) भूगोल र सामाजिक जीवनमा सूचना प्रविधिको प्रयोगको छोटो परिचय दिई यसको महत्त्व वर्णन गर्नुहोस् ।

(ख) वृत्तचित्र र स्तम्भचित्रबिचका समानता र फरक लेख्नुहोस् ।

(ग) चार्टका प्रकार उल्लेख गरी कुनै एकको वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) भूगोल र सामाजिक जीवनमा सूचना प्रविधिको प्रयोगको छोटो परिचय दिई यसका महत्त्व वर्णन गर्नुहोस् ।

(ख) विभिन्न स्रोतहरूबाट नेपालको प्रदेशअनुसारको जनसङ्ख्या पत्ता लगाई त्यसलाई वृत्तचित्रमा देखाउनुहोस् । उक्त चित्रको आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

### परियोजना कार्य


तपाईंको सम्पर्क विद्यालयका कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थी सङ्ख्या पत्ता लगाउनुहोस् । उक्त सङ्ख्यालाई विभिन्न समूह (जस्तैः कक्षागत छात्र छात्राको सङ्ख्या, विभिन्न सदनमा आबद्ध भएकाको सदनअनुसारको सङ्ख्या, विभिन्न परीक्षामा ल्याएको अङ्कअनुसार आदि) मा वर्गीकरण गर्नुहोस् । उक्त तथ्याङ्कलाई स्तम्भचित्र, रेखाचित्र र वृत्तचित्रमा प्रदर्शन गरी विश्लेषण गरी एक प्रतिवेदन लेख्नुहोस् ।

## पाठ ५ सामाजिक नक्साङ्कनमा भूसूचना प्रणालीको प्रयोग

अहिलेको युग विज्ञान र प्रविधिको युग हो । विश्वमा आएको विज्ञान र प्रविधिको विकासले मानिसको जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको छ । घरायसी कामदेखि शिक्षा, स्वास्थ्य, सञ्चार, उद्योग वाणिज्यलगायत हरेक क्षेत्रमा प्रविधिको प्रयोग हुँदै आएको छ । यसले गर्दा मानिसको जीवन सहज बन्दै गएको छ । कम्प्युटर र इन्टरनेटको विकाससँगै भूगोलवेत्ता (Geographer) हरूले यिनै प्रविधिहरूलाई भौगोलिक अध्ययनका क्षेत्रमा पनि उपयोग गर्दै आएका छन् । भौगोलिक अध्ययनका क्रममा भौगोलिक सूचना प्रणाली, ग्लोबल पोजिसनिङ सिस्टम र दूरसंवेदन जस्ता सूचना प्रविधिको प्रयोग भइरहेको देखिन्छ । यस पाठमा हामी यिनै भूसूचना प्रणालीको प्रयोगका बारेमा छोटो चर्चा गरौँ ।

### १. भौगोलिक सूचना प्रणाली (जिआइएस)

पृथ्वीको सतहमा विभिन्न स्थानमा अवस्थित वस्तु वा घटनाहरूको स्थान, समय, विशेषतासम्बन्धी सूचना वा जानकारी प्राप्त गर्न सकिने प्रविधिलाई भौगालिक सूचना प्रणाली (Geographical Information System- GIS Technology) भनिन्छ । यो नक्सा बनाउने, उतार्ने, विश्लेषण गर्ने, आफ्नो आवश्यकताअनुसार पुनः उत्पादन गर्ने र व्यवस्थापन गर्ने एक प्रकारको प्रविधि हो । यो जिआइएस (GIS) सफ्टवेयरका माध्यमबाट स्याटलाइटबाट प्राप्त नक्सा वा पहिले नै तयार पारेको नक्सालाई स्क्यान गरेर GPS बाट प्राप्त सूचना र तथ्याङ्कलाई प्रशोधन गरी तयार पारिने प्रविधि हो । यस विधिमा नक्सासँगै कुनै ठाउँको विभिन्न विवरणहरूसमेत देखाउन सकिन्छ । भौगोलिक तथ्याङ्क लिन, भण्डारण गर्न र पुनः प्राप्त गर्न यो विधि उपयोगी हुन्छ । यसमा सूचनाहरू आवश्यताअनुसार हेरफेर गर्न, विश्लेषण गर्न, व्यवस्थापन र प्रस्तुत गर्न सकिने गरी डिजाइन गरिएको हुन्छ ।



Source and use of data while drawing map in GIS


जिआइएस प्रविधिलाई भौगोलिक सूचना विज्ञान पनि भनिन्छ । भौगोलिक सूचना प्रणालीको सुरुवआत सन् १९६२ मा रोजर तोमिल्सनले गरेका हुन् । जिआइएसले भूसूचना भण्डारण गरी नक्साका रूपमा प्रस्तुत गर्न मदत पुग्छ । यसको प्रयोगले मौसम पूर्वानुमान गर्न, भूउपयोगको योजना बनाउन र माटाको विशेषता पहिचान गर्न सकिन्छ । यसबाट भविष्यमा पर्न सक्ने विपत्का क्षेत्रहरू अनुमान गरी त्यसबाट पर्न सक्ने जोखिम न्यूनीकरण गर्न पनि सकिन्छ । यसबाट बाटोघाटोको अवस्था अनुमान र व्यवस्थापन गर्न पनि सकिन्छ ।

## २. ग्लोबल पोजिसनिङ सिस्टम



ग्लोबल पोजिसनिङ सिस्टम उपग्रहमा आधारित रेडियो नेभिगेसन प्रणाली हो । यसबाट कुनै ठाउँको सही अवस्थिति, समय, जमिनको भाग आदिको जानकारी प्राप्त गर्न सकिन्छ । यो आकाशमा रहेको भूउपग्रहको सहायताले पृथ्वीको कुन स्थान कति अक्षांश, कति देशान्तर र कति उचाइमा रहेको छ भन्ने सूचनाहरू प्राप्त गर्ने एक आधुनिक विधि हो । यो रेडियो तरङ्गहरूमा आधारित सूचना प्रणाली हो । सबैभन्दा पहिले सन् १९७३ मा अमेरिकाको रक्षा विभागले सुरक्षा प्रयोजनका लागि यसको प्रयोग गरेको थियो । त्यसैले यसलाई अमेरिकी नेभिगेसन प्रणाली पनि भनिन्छ । यस प्रणालीमा मोबाइल जस्तै एक रिसिभर हुन्छ । जसले उपग्रहबाट आएका सङ्केतहरूलाई रेकर्ड गरी एकअर्काबिचको दुरी गणना गर्न प्रयोग गरिन्छ । सन् १९८३ पछि मात्र जिपिएसलाई सार्वजनिक गरिएको थियो । सन् १९९० को सुरुमा जिपिएस सेवाहरू मूल रूपमा मानव स्थिति सेवामा विभाजित गरिएको थियो । एनड्रोइड मोबाइलमा पनि जिपिएसको सुविधा हुने भएकाले हिजोआज यसको प्रयोग व्यापक रूपमा हुन थालेको छ । यसको प्रयोग उद्योगहरूको सर्वेक्षण र नक्सा तयार गर्न, समय मापन गर्न, अवस्थिति वा स्थान पहिचान गर्न र सवारी साधनलाई नेभिगेट गर्न प्रयोग गरिन्छ । प्रयोग गर्न सजिलो र धेरै सूचनाहरू प्राप्त गर्न सकिने हुनाले यसका प्रयोगकर्ताहरूको सङ्ख्या दिनहुँ बढिरहेको छ ।

## ३. दूरसंवेदन (आर.एस.)




दूरसंवेदन अर्थात् रिमोट सेन्सिङ विकिरणका माध्यमबाट पृथ्वीमा भएका वस्तुहरूको फोटो खिच्ने प्रक्रिया हो । यो टाढाबाट पृथ्वीमा भएका सूचनाहरू प्राप्त गर्ने एक प्रविधि हो । यसले भूउपग्रहको माध्यमबाट पृथ्वीमा रहेका सूचनालाई सेन्सिङ गरेर अभिलेख राख्ने काम गर्छ । भौगोलिक अध्ययनमा पृथ्वीका सतहका विविध तथ्यहरूलाई पृथ्वीको सतहभन्दा माथिबाट तस्बिर खिचेर नक्साको निर्माण गर्ने यो प्रविधिलाई रिमोट सेन्सिङ भनिन्छ । यो बिनासम्पर्क भौतिक रूपमा टाढा रहे तापनि भूउपग्रहको माध्यमबाट सूचना प्राप्त गर्ने प्रणाली हो । यसका

लागि पृथ्वीको सतहबाट माथि आकाशमा मानवरहित बेलुन, ड्रोन, हवाइजहाज, हेलिकप्टर आदि पठाएर विशेष प्रकारका क्यामेरा र स्क्यान गर्ने उपकरणबाट फोटो खिच्ने र तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिन्छ । यसको माध्यमबाट भूउपग्रह र विमानको क्यामेराबाट खिचिएका आँखाले देख्न सक्नेभन्दा पनि टाढाको पृथ्वीको ठुलो क्षेत्रको तस्बिर हेर्न सकिन्छ । यसको मध्यमबाट समुद्रको भित्री भागमा नगई समुद्रको भित्री भागको गतिविधि अवलोकन गर्न सकिन्छ । यसको माध्यमबाट बादलको अध्ययन गरी मौसम परिवर्तनको भविष्यवाणी गर्न सकिन्छ । दूरसंवेदनमा ठुला ठुला आयोजनाको निर्माणको योजना बनाउनुपूर्व सम्भाव्यता अध्ययन गर्न ड्रोनको प्रयोग गरी नक्सा निर्माण गर्न प्रयोग गरिन्छ ।

## क्रियाकलाप

१. पाठको अध्ययनबाट भौगोलिक सूचना प्रणाली ंर ग्लोबल पोजिसनिङ सिस्टमको उपयोगका बारेमा आफ्नो विचार एक अनुच्छेदमा लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) जिआइएस कस्तो प्रविधि हो ? एक वाक्यमा लेख्नुहोस् ।

(ख) जिपिएसको प्रयोग गरेर के गर्न सकिन्छ ? कुनै एक काम लेख्नुहोस् ।

(ग) दूरसंवेदन प्रणाली भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) जिआइएस र जिपिएसका समनता र भिन्नता लेख्नुहोस् ।

(ख) जिपिएस प्रविधि केका लागि प्रयोग गरिन्छ ? आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ग) जिआइएस प्रणालीको आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) दूरसंवेदन, जिआइएस र जिपिएसको छोटो परिचय दिई  महत्त्व वर्णन गर्नुहोस् ।

(ख) दूरसंवेदन र जिपिएस प्रणालीका उपयोगिता आफ्नै शब्दमा लेख्नुहोस् ।

एकाइ ६

# नेपालको इतिहास

१. नेपालको प्राचिन इतिहासको परिचय दिन र त्यस समयको आर्थिक सामाजिक, राजनीतिक अवस्था विश्लेषण गर्न

२. मध्यकालीन इतिहासमा ससाना राज्यहरूको उदय र अवसानको अवस्था उल्लेख गरी सो समयको अर्थतन्त्र, संस्कृति र कला कौशलको अवस्था विवेचना गर्न

३. आधुनिक नेपालको ऐतिहासिक विकासक्रम, राज्यसत्ता, अर्थतन्त्र, कानुन, संस्कृति तथा कला कौशलको वर्णन गर्न

४. आफ्नो समुदायमा घटेका महत्त्वपूर्ण घटनालाई समय तालिकामा देखाउन





## पाठ १ नेपालको प्राचीन इतिहास

विगतमा घटेका घटना, तथ्य तथा प्रमाणहरूसहितको अध्ययनलाई इतिहास भनिन्छ । नेपालको इतिहासलाई तल दिइएबमोजिम तीन कालमा विभाजन गरिएको पाइन्छ ।

प्राचीन काल

वि.सं. ९३६ भन्दा अगि

नेपाल संवत सुरु हुनुभन्दा अगि

आधुनिक काल

वि.सं. १८२५ देखि हालसम्म

पृथ्वीनारायण शाहबाट उपत्यका विजय गरेदेखि हालसम्म

मध्यकाल

वि.सं. ९३६ देखि १८२५ सम्म

नेपाल संवत सुरु भएदेखि नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहबाट कान्तिपुर विजय नभएसम्म

नेपालको प्राचीनकालीन इतिहासका बारेमा चर्चा गर्नुभन्दा अगाडि हामी नेपालको उत्पत्ति सम्बन्धमा चर्चा गर्ने छौँ ।

### नेपालको उत्पत्ति

नेपालको नामाकरण र उत्पत्ति सम्बन्धमा विभिन्न इतिहासकारहरूको फरक फरक मत रहेको पाइन्छ । नेपाल नाम प्राचीनकालदेखि नै प्रचलित थियो भन्ने भनाइ रहेको छ । यहाँ हामी भाषाका आधारमा, पौराणिक आधारमा र ऐतिहासिक आधारमा नेपालको उत्पत्ति सम्बन्धमा रहेका किंवदन्तीहरूका बारेमा अध्ययन गर्ने छौँ ।

#### (क) भाषाका आधारमा नेपालको नामकरण

| भाषा | नामकरण विवरण |
|---|---|
| किराँती भाषा | 'नेपाल' पौराणिक किराँती शब्द 'नेपा' को सांस्कृतिक रूप हो । किराँती र नेवारी भाषामा 'ने' को अर्थ देश अर्थात् मध्यदेश हुन्छ । मध्यपर्वतीय खण्डमा रहेको नेपामा पछि ल प्रत्यय जोडिन गएर नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेको छ । |

| | |
|---|---|
| नेवारी भाषा | नेवारी भाषामा ने को अर्थ मध्य र पा को अर्थ देश हो । नेवारहरूले नेपाललाई नेपा मात्र भन्ने गर्दथे । यही पछि गएर नेपाल बन्न गयो । |
| तिब्बती भाषा | तिब्बती भाषामा ने को अर्थ घर र पालको अर्थ ऊन भन्ने हुन्छ । उक्त समयमा यहाँ प्रशस्त मात्रामा ऊनको उत्पादन हुने भएकाले नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेको छ । |
| लेप्चा भाषा | लेप्चा भाषामा ने को अर्थ पवित्र र पालको अर्थ गुफा हुन्छ । यो ठाउँ पवित्र पुन्यभूमि वा धार्मिक स्थल भएकाले पछि गएर नेपाल भन्न थालियो । |
| लिम्बु भाषा | लिम्बु भाषामा नेपालको अर्थ समथल भूमि हुन्छ । वरिपरि पहाडका बिचमा अत्यन्त ठुलो मैदानी उपत्यका भएकाले यसको नाम नेपाल रहन गएको हो भनिन्छ । |
| तामाङ् भाषा | नेपालका तामाङहरूले तीर्थलाई ने भन्थे । लामा धर्मग्रन्थमा ने को अर्थ पवित्र स्थान हो । नेपालमा प्रशस्त धार्मिक स्थल भएकाले तामाङ् भाषाअनुसार पुण्य भूमिका रूपमा नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेको छ । |
| संस्कृत भाषा | संस्कृत भाषामा नीपः भनेको पहाडको फेदी हुन्छ । आलको अर्थ घर हुन्छ । सो शब्दको उपसर्ग आल जोडिएर नेपाल भएको हो भन्ने गरिन्छ । पहाडि काखमा रहेको उपत्यका भएको हुनाले यसलाई नेपाल भन्न थालियो । |

*स्रोत : डा. बमबहादुर अधिकारी, प्राचीन तथा मध्यकालीन इतिहास*

### (ख) पौराणिक आधारमा नेपालको उत्पत्ति

नेपाल महात्म्यअनुसार उक्त समयमा यहाँ ने नाम गरेका ऋषिमुनि बस्थे । यसरी ने नाम गरेका ऋषिमुनिले लालनपालन गरेर बसेको ठाउँ भएकाले नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेको छ ।

### (ग) ऐतिहासिक आधार

प्राचीन कालमा यहाँ गोपाल वंशावलीहरूले शासन गर्थे । गोपाल वंशावलीलाई निप भनिन्थ्यो । यिनै निपहरूले शासन गरेका हुनाले नेपाल नाम रहन गएको हो भन्ने भनाइ रहेको छ ।

## प्राचीन कालमा नेपालको अवस्था

नेपालको प्राचीन कालीन इतिहासको चर्चा गर्नका लागि सबैभन्दा पहिले गोपाल वंश, महिषपाल वंश र किराँत वंशका बारेमा नै चर्चा गर्नुपर्ने हुन्छ ।

### (क) गोपाल वंश

संस्कृत साहित्य वंशावलीका आधारमा गोपालहरू द्वापर युगमा भारतको मथुराबाट नेपाल आएका थिए । उनीहरू गाई गोठाला थिए । काठमाडौँ उपत्यकामा आठओटा गोपाल वंशीय राजाहरूले शासन गरेका थिए । गोपाल वंशका प्रथम शासक भुक्तमान र अन्तिम शासक जीत गुप्ता थिए । भूमि गुप्त ८६ वर्ष, जय गुप्त ७३ वर्ष, धर्म गुप्त ९१ वर्ष, हर्ष गुप्त ६७ वर्ष, भिम गुप्त ३४ मणि गुप्त ३७ वर्ष, विष्णु गुप्त ४६ वर्ष, जीत गुप्त ७१ वर्ष गरी गोपालवंशका राजाहरूले शासन गरेका थिए भन्ने कुरा इतिहासमा उल्लेख छ । काठमाडौँको मातातीर्थबाट उनीहरूले शासन गरेका थिए । गोपाल वंशहरूकै समयमा पशुपतिनाथको निर्माण भई पूजाआजा सुरु गरिएको हो भन्ने उल्लेख गरिएको छ । यसै समयमा उपत्यकामा व्यवस्थित मानव बस्ती थियो भन्ने भनाइ रहेको छ ।

### (ख) महिषपाल वंश

गोपालवंशी शासकलाई महिषपाल वंशी शासकले विस्थापित गरी शासन गरेका कुरा इतिहासकारले प्रस्ट पारेका छन् । यिनीहरू भैँसीपालन गर्ने हुनाले यिनीहरूलाई महिषपालवंशी भनिएको थियो । महिषपालहरू दक्षिण भारतबाट नेपाल प्रवेश गरेका थिए । प्राचीन भारतमा हिन्दु र अहिन्दुबिचको लडाइँमा पराजित भएकाहरू नेपाल प्रवेश गरेका थिए र नेपालमा शासन गरिरहेका गोपालवंशीहरूलाई पराजित गरी शासन सञ्चालन गरेका थिए । यिनीहरू बडा लडाकु, बलिया र रिसाहा स्वभावका थिए । तीन जना महिषपाल वंशीले जम्मा १६१ वर्ष २ महिना शासन गरेका थिए । वरसिंहले ४९ वर्ष, जय सिंहले ७१ वर्ष र भुवन सिंहले ४१ वर्ष शासन गरेका थिए भन्ने कुरा इतिहासकारहरूले उल्लेख गरेका छन् । तर कर्कप्याट्रिक र भाषा वंशावलीअनुसार महिषपालवंशीहरूको शासन अवधि १११ वर्ष थियो ।

### (ग) किराँत वंश

नेपालमा तेस्रो राजवंशको रूपमा किराँत शासनकाल प्रारम्भ भएको मानिन्छ । महिषपाल वंशका अन्तिम शासक भूवनसिंहको राज्यकालमा पूर्वतिरबाट प्रवेश गरेका किराँतहरूले महिषपालवंशीहरूलाई युद्धमा पराजित गरी किराँतीहरूले शासन गरेका थिए । किराँतीहरूलाई लडाकु जातिका नामले पनि चिनिने गरेको थियो । किराँतीहरूको राजधानी काठमाडौँको मातातीर्थमा रहेको थियो । किराँत वंशका ३२ राजाहरूले करिब १५०० वर्ष नेपालमा शासन गरेका थिए भन्ने इतिहासकारहरूको भनाइ रहेको छ । यलम्बर किराँती वंशका पहिलो शासक थिए । सातौँ किराँती राजा जितेदास्ती थिए । उनको शासनकालमा भगवान् बुद्ध काठमाडौँ उपत्यकामा आएका थिए । त्यसपछि उपत्यकामा बौद्ध धर्मको सुरुआत भएको मानिन्छ । चौँधौँ किराँती राजा स्थुङ्को थिए । उनको समयमा भारतका मौर्य सम्राट अशोक आफ्ना प्रजा र परिवारका सदस्यहरू लिएर नेपाल आएका थिए र उनले उपत्यकामा थुप्रै चैत्यहरू निर्माण गरेका थिए । लुम्बिनीमा उनले बनाएको स्तम्भ अहिले पनि अशोक स्तम्भको नामले प्रख्यात छ । सम्राट अशोकले आफ्नी छोरी चारुमतीको विवाह कान्तिपुरका देवपालसँग गराएका थिए । चारुमतीले चावहिलमा बौद्ध विहार निर्माण गर्न

लगाएकी थिइन् । उनकै नामबाट त्यहाँ एक वस्तीको निर्माण भएको थियो । जसलाई देवपाटन भनेर चिनिन्छ । अन्तिम किराँती राजा गस्ती थिए ।

## गोपाल, महिषपाल र किराँतीहरूको शासनकालको राजनीतिक, सामाजिक र आर्थिक अवस्था

गोपाल, महिषपाल वंशावलीको समयमा मुख्य आर्थिक क्रियाकलाप पशुपालन थियो । काठमाडौँ उपत्यकामा तलैया माटो भएका कारणले प्रशस्त मात्रामा घाँसे मैदान थियो । त्यसैले गोपालवंशीहरूले गाइपालन गर्थे भने महिषपाल वंशीहरूले भैँसीपालन गरेका थिए । किराँतकालमा मानिस सिकार पनि गर्थे ।

किराँतीहरूको शासन पद्धति राजतन्त्रात्मक थियो । शासन व्यवस्थालाई व्यवस्थित बनाउनका लागि यिनीहरूले कुथेर, शुल्ली, लिङ्गवल तथा माप्चोकको व्यवस्था गरेका थिए । नामअनुसार यिनीहरूको कार्य विभाजन गरिएको थियो । कुथेरको काम कर उठाउने, शुल्लीको काम पञ्चअपराध (हत्या, चोरी, राजद्रोह, परस्त्रीकरण, मिलेमतो) मा सजायँ दिने, लिङ्गवलको यातायात, पानीको धारा, पाटीपौवा, वन, गौचरण आदिको व्यवस्था गर्ने काम गर्थे । त्यस्तै माप्चोकको काम विवाह, पारपाचुके, यौन अपराध, ठगी, जाली जस्ता मुद्दा हेर्ने जिम्मेवारी थियो ।

किराँती समाज नारीप्रधान थियो । पारिवारिक निर्णय र व्यवस्थापनमा पनि नारीको स्थानलाई महत्त्वपूर्ण ठानिएको थियो । यसकालमा संयुक्त परिवार प्रथा कायम रहेको थियो । माछा, मासु, दुध, मदिरा र हरिया सागपात यस कालका मानिसले भोजनका रूपमा प्रयोग गर्थे ।

किराँतीहरूले किराँती धर्म मान्थे र प्रकृतिको पूजा गर्थे । पारुहाङ र सुम्निमा किराँतीहरूका मूल देवता र देवी हुन् । बिरामी पर्दा उपचारका लागि धामी राख्ने र पशुवली दिने यिनीहरूको चलन थियो । पशुपालन, खेतीपाती, व्यापार, कुटीर उद्योग आदि किराँतकालका आर्थिक क्रियाकलापहरू थिए । किराँतकालमा नेपालबाट कस्तुरी, फलाम, तामा, मृगको छाला, भारतको पाटली पुत्रमा निकासी हुन्थ्यो ।

## लिच्छविकाल

नेपालको प्राचीन इतिहासकालमा लिच्छवि शासनले महत्त्वपूर्ण स्थान ओगटेको छ । किराँतकालपछि आरम्भ भएको लिच्छवि शासनको स्थापनाको सम्बन्धमा विभिन्न इतिहासकारहरूको फरक फरक मत पाइन्छ । प्रसिद्ध इतिहासकार रमेश चन्द्र मजुमदारले भाषा वंशावली र मानदेवको मितिलाई आधार मान्दै इसाको पहिलो वा दोस्रो शताब्दीमा लिच्छविहरूले राज्य स्थापना गरेको उल्लेख गरेका छन् । त्यस्तै अलेक्जेन्डर कनिघङ्मले इसाको चौँथो शताब्दीलाई बताएका छन् । यसरी फरक फरक मत भए तापनि अधिकांश विद्वानहरू लिच्छवि शासनको स्थापना काल इसाको पहिलो शताब्दी हो भन्ने कुरामा एकमत भएका छन् ।

लिच्छवि शासनकालमा जनहितलाई बढी स्थान दिने, उच्च शैक्षिक स्तर, उन्नत आर्थिक अवस्था थियो । त्यस्तै आकर्षक कलाकौशल, सङ्गठित जनजीवन, उच्चकोटिको संस्कृति आदि कुराले सु सङ्गठित राज्यको रूपमा विकसित भई नेपालको इतिहासमा लिच्छवि कालले विशिष्ट स्थान लिएको थियो । लिच्छविहरू भारतको वैशालीबाट नेपाल प्रवेश गरेका थिए । यिनीहरूको किराँतीहरूसँग युद्ध भएको थियो । सो युद्धमा किराँतीलाई हराएर आफ्नो शासन स्थापना गरेका

थिए । लिच्छवि शासनकाललाई नेपालको इतिहासमा स्वर्णयुग तथा प्रामाणिक समयका रूपमा लिइन्छ । अहिलेसम्म लिच्छविकालका करिब २५० ओटा अभिलेख पाइएका कारणले प्रामाणिक समय भनिएको हो । कला, साहित्य, धर्म, शासनशैली, प्रशासन, व्यवस्थापन, परराष्ट्र सम्बन्ध, व्यापार ,सभ्यता आदि हरेक दृष्टिले उन्नत रहेको कारणले लिच्छवि शासनकाललाई स्वर्ण युग भनिएको हो । लिच्छविकालका राजा मानदेवलाई नेपालको इतिहासमा प्रामाणिक राजाका रूपमा चिनिन्छ । कुनै इतिहासकारहरूले सुपुष्पलाई लिच्छवि कालका प्रथम राजा मानेका छन् भने कसैले जयदेव प्रथमलाई प्रथम राजा मानेको पाइन्छ । जयवर्मा, मानदेव, शिवदेव प्रथम, अंशुवर्मा र नरेन्द्रदेव लिच्छवि शासनकालका प्रसिद्ध राजाहरू हुन् ।

| राजाको नाम | लिच्छवि वंशका राजाहरूले गरेका महत्त्वपूर्ण काम |
|---|---|
| सुपष्प देव | लिच्छवि शासन स्थापना गर्ने राजा सुपुष्प थिए भनी कतिपय इतिहासकारहरूको भनाइ रहेको छ । उनले वर्ण व्यवस्था सुरु गरी नेपालमा शासन सञ्चालन गरेका थिए भन्ने इतिहासकारहरूको भनाइ रहेको छ । सुपुष्पले नै पशुपतिनाथको मन्दिरमा सुनको छाना र गजुर हाल्न लगाएका थिए । |
| राजा जयवर्मा | वि.सं. २४७ को अभिलेख नै नेपालको सबैभन्दा पुरानो अभिलेख मानिएको छ । यसको निर्माण राजा जयवर्माले गरेका हुन् । यही अभिलेखको आधारमा जयवर्मालाई कतिपय इतिहासकारहरूले प्रथम लिच्छवि राजा मानेका हुन् । |
| राजा मानदेव | जयवर्मा र मानदेवको शासनकालका बिचको समयमा कुनै लिखित दस्तावेजहरू उपलब्ध छैनन् । मानदेवले चाँगुनारायणको शिलालेखमा आफ्ना पुर्खाहरू वृषदेव, शङ्करदेव र धर्मदेवको नाम उल्लेख गरेका थिए । मानदेव अत्यन्त प्रतापी राजा थिए । उनले आफ्नी आमालाई सती जानबाट रोकेका थिए । उनले आफ्नो राज्यलाई पूर्वमा कोशी र पश्चिममा मल्ल पुरीसम्म पुऱ्याएका थिए । यिनले चाँगुनारायणमा शिलालेख स्थापना, विष्णु विक्रान्तको सुन्दर मूर्ती निर्माण, मान विहारको निर्माण, मानाङ्क नामक धातु मुद्राको प्रचलन, मानगृह नामक दरबारको निर्माण आदि काम गरेका थिए । |
| राजा शिवदेव प्रथम | मानदेवका नाती बसन्तदेव पछि १३ औँ पुस्ताका राजा शिवदेव प्रथम थिए । बसन्तदेवको शासनकालपछि राजनीतिक अस्थिरता कायम भई राजा र भारदारको द्वैध शासन चलेको थियो । शिवदेव प्रथमले भौम गुप्तालाई प्रधान अमात्यबाट हटाई अंशुवर्मालाई प्रधान अमात्य बनाएर द्वैध शासनको अन्त्य गरेका थिए । यिनले ग्राम पाञ्चालीहरूलाई विकेन्द्रीकरणको सिद्धान्तअनुसार अधिकार सम्पन्न बनाएका<br>थिए । यिनले स्थायी र अस्थायी गरी दुई प्रकारको कर प्रणालीको व्यवस्था गरेका थिए । लिच्छवि कालमा गोष्ठि प्रणालीको सुरुआत पनि यिनैले नै गरेका थिए । यिनले बौद्धनाथ स्तुपाको पनि निर्माण गरेका थिए । |

| | |
|---|---|
| अंशुवर्मा | राजा अंशुवर्मा राजकुमार थिएनन् । यिनी शिवदेव प्रथमका महासामन्त थिए । त्यसैकारण उनी नेपालको राजा बन्ने अवसर पाए । अंशुवर्माको शासनकाललाई नै लिच्छविकालीन स्वर्ण युगका रूपमा लिइन्छ । यिनी चन्द्रवंशीय ठकुरी थिए । नेपालको इतिहासमा पहिलो पटक महाराजाधिराजको उपाधि प्राप्त गर्ने राजा अंशुवर्मा थिए । यिनले तिब्बतका राजा स्रङ्चङ् गम्पोसँग भृकुटीको विवाह गराएर तिब्बतसँगको सम्बन्ध सुधार गरेका थिए । त्यस्तै भारतका राजा हर्षवर्धनसँग सन्धि गरेर भारतसँगको सम्बन्ध सुधार गरेका थिए । उनी दिनरात प्रजा कसरी खुसी हुन्छन् भन्ने चिन्तनमा लागि रहन्थे । यिनी शिक्षाप्रेमी, समाज सुधारक, व्याकरणका रचनाकार, किसानलाई मर्का पर्नबाट बचाउन कुतको व्यवस्था र सिँचाइको सुविधा उपलब्ध गराएका थिए । पशुपालनलाई प्रोत्साहन, वैदेशिक व्यापारमा वृद्धि, घरेलु उद्योगलाई प्रोत्साहन, मुद्राको प्रचलन आदि जस्ता थुप्रै महत्त्वपूर्ण काम गरेका थिए । शिक्षा, साहित्य, भाषा र कलाको क्षेत्रमा पनि अंशुवर्माको योगदान थियो । |
| नरेन्द्रदेव | नरेन्द्रदेव कुशल राजनीतिज्ञ थिए । आफ्नो कुटनीतिक चातुर्यताको बलमा अंशुवर्मापछि नेपालमा चलेको द्वेध शासनको अन्त्य राजा नरेन्द्रदेवले चिनियाँहरूको सहायतामा सम्पन्न गरेका थिए । राजा नरेन्द्रदेवले देशमा न्याय स्थापना गरेका थिए । यिनले प्रत्येक गाउँमा ग्राम पाञ्चाली गठन गर्न लगाएका थिए । यिनले तिब्बत र भारतसँग राम्रो सम्बन्ध स्थापना गरेका थिए । नापतौलमा एकरूपता कायम गराएका थिए । भद्राधिवास नामक दरबार निर्माण, द्वैध शासनको अन्त्य, गर्भवती श्रीमतीको मृत्यु भएमा श्रीमान्लाई दण्ड दिने व्यवस्था आदि जस्ता कामहरू गरेका थिए । |

*स्रोत : डा. बमबहादुर अधिकारी, प्राचीन तथा मध्यकालीन इतिहास, नेपाल परिचय नवौँ संस्करण*

## लिच्छविकालको राजनीतिक, सामाजिक र आर्थिक अवस्था

### सामाजिक अवस्था

लिच्छविकालीन सामाजिक व्यवस्था वर्णाश्रममा आधारित थियो । समाजलाई ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र गरी चार भागमा विभाजन गरिएको थियो । मानिसको जीवन पद्धतिलाई ब्रम्हचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम, र सन्यासाश्रम गरी चार खण्डमा विभाजन गरिएको थियो । उक्त समयमा अठार जातका मानिस समाजमा मिलेर बसेकाले अष्टादश प्रकृति भन्ने चलन थियो र तत्कालीन समाज आदर्शवादी समाज थियो । लिच्छविकालमा मानिस संयुक्त परिवारमा बस्ने गर्दथे । हिन्दु र बौद्ध धर्ममा आधारित जन्म, विवाह, मृत्यु संस्कारहरू सञ्चालन हुन्थे । नेपाल त्यति वेला हिन्दु र बौद्ध दर्शनको शिक्षाको केन्द्र थियो । कला, कौशल, नाचगान र जात्राहरूको विकास भएको थियो । विवाह प्रणालीलाई धार्मिक बन्धन सन्तान प्राप्ति आदिका आधारमा स्विकारिएको थियो । समाजमा बहुविवाह, विधवा बिवाह, पुर्नविवाह आदि प्रचलनमा रहेका थिए ।

सामाजिक कार्यहरूलाई संयुक्त रूपमा चलाउनका लागि गोष्ठीको व्यवस्था गरिएको थियो । गोष्ठी विभिन्न प्रकारका थिए र फरक फरक कामको जिम्मेवारी तोकिएको थियो ।

- पानीय गोष्ठी : पानी खुवाउने व्यवस्था मिलाउन
- प्रवहण गोष्ठी : बग्गी, गाडा जस्ता यातायातको व्यवस्था मिलाउन
- मल्लयुद्ध गोष्ठी : कुस्ती जस्ता मनोरञ्जनको व्यवस्था गर्न
- अर्चा गोष्ठी : मूर्ति बनाउने
- मोर्गोनमार्जन गोष्ठी : समुदायमा धारा, बाटो, पोखरी सफा राख्ने
- वादित्व गोष्ठी : चाडपर्व, जात्रा र मन्दिरमा बाजा बजाउने
- प्रदीप गोष्ठी : बत्तीको व्यवस्था गर्ने
- धूप गोष्ठी : मन्दिरमा धूपको व्यवस्था गर्ने
- ध्वज गोष्ठी : ध्वजाको व्यवस्था गर्ने
- सना गोष्ठी : मृत्यु संस्कार गर्ने

### राजनीतिक अवस्था

लिच्छविकालमा राज्यसत्ताको केन्द्रबिन्दु राजा हुन्थे र उनको इच्छाअनुसार राजकाज सञ्चालन गरिन्थ्यो । राज्यलाई केन्द्र र स्थानीय गरी दुई तहमा विभाजन गरी प्रशासन सञ्चालन गरिन्थ्यो । केन्द्रका प्रशासक राजा हुन्थे भने स्थानीय प्रशासनका लागि विभिन्न पदहरूको सिर्जना गरिएको हुन्थ्यो । देशमा व्यवस्थित र बलियो सैनिक सङ्गठन गरिएको थियो । सेनाको परिचालनका लागि विभिन्न किसिमका सैनिक पदहरूको समेत व्यवस्था गरिएको थियो । राजा सैनिक र गैरसैनिक दुवै प्रशासनका प्रमुख हुन्थे । राजा मानदेवले आफ्नो बलियो सैनिक शक्तिको प्रयोग गरी पूर्वमा कोसी र पश्चिममा मल्लपुरीसम्म आफ्नो राज्यको एकीकरण गरेका थिए । देशको केन्द्रीय प्रशासनमा राजालाई सहयोग पुऱ्याउनका लागि मन्त्रिपरिषद्को व्यवस्था गरिएको थियो । केन्द्रबाट टाढा पर्ने भूभागको प्रशासन सञ्चालन गर्नका लागि विभिन्न जनपदहरूको व्यवस्था गरिएको थियो । जनपदहरूमा शासन गर्ने सम्पूर्ण अधिकार सामन्त शासकहरूलाई दिइएको थियो । गाउँको मुद्दा मामिला हेर्ने, विकास कार्यमा स्थानीय जनसहभागिता जुटाउने जिम्मेवारी पाञ्चालीहरूको थियो । राजाले प्राचीन धर्मशास्त्रअनुसार न्याय सम्पादन गर्थे । दण्ड विधान निकै कडा थियो । लिच्छविकालीन प्रान्तीय तथा जिल्ला प्रशासनले शान्ति सुरक्षा कायम गर्ने, कर उठाउने, केन्द्रबाट जारी गरिएका नीति नियम जनतालाई प्रशारण गर्ने, स्थानीय मुद्दा मामिलाको छिनोफानो गर्ने जस्ता कार्य गर्थे । लिच्छविकालीन न्याय प्रणाली  नसिहत दिने, हप्काउने, धनदण्ड र बधदण्ड दिने आदिमा आधारित थिए ।

## आर्थिक अवस्था

लिच्छविकालीन समाजमा कृषि र पशुपालन मुख्य पेसाका रूपमा थियो । व्यापार व्यवसाय सञ्चालनका लागि विभिन्न केन्द्रहरू अस्थित्वमा थिए र यस्ता केन्द्रलाई द्रङ भनिन्थ्यो । उक्त समयमा व्यापार व्यवसाय पनि निकै नै फस्टाएको थियो । व्यापारलाई सुव्यवस्थित गर्न भन्सार कार्यालय सञ्चालनमा थिए । उक्त समयमा घरेलु कपडा बुन्ने उद्योग समेत सञ्चालनमा थिए । यस कालमा आन्तरिक तथा बाह्य दुवै किसिमका व्यापार व्ष्वसाय फस्टाएका थिए । दैनिक उपभोगका लागि अन्न, फलफूल सागसब्जी, माछा, मासु, भाँडाकुँडा लत्ताकपडा आदि देशभित्रकै बजारमा बिक्री वितरण गरिन्थे । तिब्बती बजारमा नेपालबाट निर्यात गरिने वस्तुहरूमा अन्न, फलफूल, मसला, लत्ताकपडा, ऊनी लुगा कपडा, जडीबुटी र धातुका हातहतियारहरू पर्दथे । यी वस्तुहरू बाहिर निर्यात गर्दा राज्यले भन्सार लगाउँथ्यो । त्यस समयमा सुन, चाँदी, हार, कुण्डल, जस्ता धातुका गहनाहरू बन्ने गरेका थिए । महिलाले लगाउने फरिया लगाएका तत्कालीन मूर्तिहरू पनि नेपालमा नै निर्माण गरिन्थे । लिच्छविकालमा विभिन्न कर प्रणाली प्रचलनमा थिए ।

१. भाग कर : कृषिमा लगाइने कर

२. भोग कर : पशुपालन कर

३. दस्तुर कर : वाणिज्य व्यापारमा लगाइने कर

४. सिङ्कर कर : काठ वा दाउरामा लगाइने कर

५. चैलकर : कपडाको उत्पादनमा लगाइने कर

६. तैलकर : तेल उत्पादनमा लगाइने कर

७. पलाण्डु कर : तरकारी खेतीमा लगाइने कर

## क्रियाकलाप

१. किराँतकालीन र लिच्छविकालीन आर्थिक, सामाजिक र राजनीतिक अवस्थाहरूको बारेमा इन्टरनेट वा विभिन्न स्रोत सामग्रीहरू अध्ययन गरी थप जानकारी लिनुहोस् ।

२. किराँतकालीन आर्थिक, सामाजिक र राजनीतिक अवस्था र हालको आर्थिक, सामाजिक र राजनीतिक अवस्थाका बिचमा तुलना गर्नुहोस्

३. किराँतकालीन शासन व्यवस्थाका बारेमा प्रशस्त जानकारी पाउन सकिएको छैन, किन होला ? कतै हाम्रो वर्तमान अवस्था पनि पछि त्यस्तै गरी लोप हुने त होइन ? ऐतिहासिक तथ्यहरूलाई संरक्षण गरेर राख्नका लागि के के गर्नुपर्ला, उल्लेख गर्नुहोस् ।

४. नेपालको इतिहासमा लिच्छविकाललाई किन स्वर्ण युग भनिएको होला ? पुष्टि गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) स्वर्ण युग भनेर नेपालको इतिहासमा कुन कालखण्डलाई भनिन्छ, उल्लेख गर्नुहोस् ।

(ख) गोपाल वंशका कतिजना राजाहरूले नेपालमा शासन गरेका थिए ?

(ग) चौधौँ किराँती राजा को थिए ?

(घ) किराँतीहरूको शासन पद्धति कस्तो खालको थियो ?

(ङ) लिच्छविकालमा प्रवहण गोष्ठिको व्यवस्था किन गरिएको थियो ?

(च) कैलाशकुट भवन कसको पालामा बनेको थियो ?

(छ) लिच्छविकालमा कस्तो शासन व्यवस्था कायम थियो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) किराँतकालीन अर्थव्यवस्थाका विशेषता उल्लेख गर्नुहोस् ।

(ख) किराँतकालीन सामाजिक अवस्थाको वर्णन गर्नुहोस् ?

(ग) किराँतकालीन राजनीतिक अवस्थाको वर्णन गर्नुहोस् ?

(घ) लिच्छविकालीन अर्थव्यवस्थाको विशेषता लेख्नुहोस् ।

(ङ) लिच्छविकालीन सामाजिक अवस्थाको वर्णन गर्नुहोस् ?

(छ) लिच्छविकालीन राजनीतिक अवस्थाको विशेषता लेख्नुहोस् ।

(ज) मानदेव प्राचीन नेपालका एकीकरण कर्ता हुन् भन्ने कुरालाई उदाहरण दिएर प्रस्ट पार्नुहोस् ।

(झ) प्राचीनकालीन कर प्रणालीका बारेमा चर्चा गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपाल उपत्यकाको उत्पत्ति र नामकरण सम्बन्धमा छोटकरीमा व्याख्या गर्नुहोस् ।


(ख) गोपाल, महिषपाल र किराँतकालको राजनीतिक र आर्थिक अवस्थाका बारेमा चर्चा गर्नुहोस् ।

(ग) लिच्छविकालीन आर्थिक अवस्था र हालको आर्थिक अवस्थाका बिचमा तुलना गर्नुहोस् ।

## पाठ २ मध्यकालीन राजनीतिक अवस्था

मध्यकालीन इतिहासको सुरुआत वि.सं. ९३६ बाट भएको मानिन्छ । नेपालको इतिहासमा वि.सं. ९३६ देखि नेपाल संवत सुरु भएका कारणले यो समयलाई महत्त्वपूर्ण मानिन्छ । मध्यकालीन राजनीतिक अवस्थाको सुरुआत नेपाल संवतसँग जोडिएको हुनाले नेपाल संवतको सुरुआत कसरी भयो भन्ने सम्बन्धमा एउटा रोचक कथा रहेको छ । त्यसका बारेमा जानकारी राखौँ है त ।

भाषा वंशावलीअनुसार लिच्छविकालमा राघवदेव नाम गरेका एक जना राजा थिए । एक जना ज्योतिषले राजालाई भाचाखुसी र विष्णुमतीको दोभानमा लखुँतीर्थ भन्ने ठाउँको बालुवा भोलि बिहान सुनमा परिणत हुने कुरा बताए । भाचाखुसी र विष्णुमती काठमाडौँ उपत्यकामा रहेका पुराना नदीहरू हुन् । राजाले पनि भोलिपल्ट बिहानै सो दोभानको बालुवा दरबारमा ल्याउनका लागि एक जना भरियालाई पठाए । भरियाले बगरमा बालुवा उठाउँदै गरेको एक जना स्थानीय धनी व्यापारीले देखे । भरियासँग बालुवा उठाउनुको कारण सोधे । भरियाले राजाको आदेशमा सो बालुवा उठाएर दरबार लान लागेको कुरा बताए । यस कुरामा शंका गर्दै ती व्यापारीले भरियालाई धेरै रकम दिएर पहिले उसको घरमा बालुवा लान लगाए । भरियाले पनि पहिलो भारी बालुवा व्यापारीको घरमा र त्यसपछिको भारी दरबारमा लगे । ज्योतिषीले भनेअनुसार अर्को दिन दरबारमा ल्याएको बालुवा सुन नभएर जस्ताको तस्तै रह्यो । राजाले ज्योतिषीले भनेअनुसार किन उक्त बालुवा सुन भएन भनेर छानबिन गर्दा व्यापारीका घरमा लगेको सबै बालुवा सुनमा परिणत भएको थाहा भयो । । उक्त व्यापारी शङ्धर साख्वा थिए । त्यसपछि शङ्धर हरेक दिन बिहान स्नान गर्नका लागि नदीमा जाँदा बालुवा लिएर आउँथे । बालुवासँगै सुन मिसिएको हुन्थ्यो । बालुवामा मिसिएको सुन उनले हरेक दिन केलाएर छुट्याउँथे । केही वर्षमा उनले यसरी छुट्याएको सुन धेरै जम्मा भयो । उनको आर्थिक अवस्था धेरै कमजोर नभएका कारण जम्मा भएको सुन गाउँका गरिबहरूलाई बाँडिदिने विचार गरे । राजासँग सल्लाह गरेर गाउँलेहरूको सबै ऋण तिरिदिए । शङ्धर साख्वाले गरिवहरूको ऋणमोचन गरेको सम्झनामा वि.सं. ९३६ को तिहारको गोवर्द्धन पूजाका दिनदेखि नयाँ सम्बतको सुरुआत गरियो । यसैलाई नेपाल सम्वत भन्न थालियो । यसरी हरेक वर्ष गोवर्द्धन पूजाका दिनलाई नेपाल सम्वतअनुसार नयाँ वर्षका रूपमा मनाउने गरिएको छ । नेपाल सम्वत विशेष गरी काठमाडौँ उपत्यकाका नेवा: समुदायमा बढी प्रचलनमा रहेको पाइन्छ । शङ्खधर साख्वाले हातमा शङ्ख लिएको आफ्नो शालिक पशुपतिमा राख्न लगाएका थिए । त्यसैले उनको नाम शङ्खधर रहेको मानिन्छ । गरिबको हितका लागि काम गरेका कारण सम्मान स्वरूप उनलाई नेपाल सरकारले वि.सं. २०५६ साल मङ्सिर १ गते राष्ट्रिय विभूति घोषणासमेत गरेको छ । यसरी हेर्दा नेपाल सम्वत १ बाट मध्यकालको सुरुआत भएको मानिन्छ ।




नेपालको इतिहासमा मध्यकाललाई पूर्व मध्यकाल र उत्तर मध्यकाल गरी दुई भागमा बाँडेर अध्ययन गरिन्छ । वि.सं. ९३६ देखि यक्षमल्लको शासनकाल वि.सं. १५३७ सम्मको ६ सय १ वर्षको अवधिलाई पूर्व मध्यकाल र १५३७ देखि वि.सं. १८२५ सम्मको २ सय ८८ वर्षको अवधिलाई उत्तर मध्यकाल भनिन्छ । पूर्व मध्यकालको सुरुआतको ३२२ वर्ष नेपाल राज्यमा लिच्छविहरूको शासन थियो । वि.सं. ९३६ देखि १२५८ सम्म यहाँ लिच्छवि वंशका राघवदेव, गुणकामदेव, शिवदेव, इन्द्रदेव, मानदेव चतुर्थ, नरेन्द्र देव, अनन्द देव, रुद्र देव, अमृत देव, लक्ष्मी कामदेवलगायतका राजाहरूले शासन गरेका थिए । ती राजाहरूमध्ये गुणकामदेवलाई धेरै प्रसिद्ध राजा मानिन्छ । वि.सं. १२५८ मा मल्लहरूले आक्रमण गरी लिच्छवि कालको अन्त्य गरी मल्ल वंशको सुरुआत गरे । लिच्छवि वंशका अन्तिम राजा विजय कामदेव हुन् ।

### मल्ल वंशको उदय

मल्ल वंशको उदयका सम्बन्धमा इतिहासकारहरूले फरक फरक धारणा व्यक्त गरेका छन् । धेरैजसो इतिहासकारहरू मल्लहरू भारतको कुशीनगर र त्यस आसपासको क्षेत्रबाट नेपाल प्रवेश गरेको धारणा राख्छन् । सुरुमा उनीहरू नेपालको गण्डकी क्षेत्र वरपर शरणार्थीका रूपमा बसोबास गर्ने गरेको भनिन्छ । गण्डकी क्षेत्र वरपर बसोबास गरेका मल्लहरू समय क्रमसँगै विभिन्न ठाउँमा छरिएर बस्न थाले । त्यसै क्रममा राजल्लदेव र कठय मल्ल नामका दुई जना मल्ल वर्तमान ललितपुर जिल्लाको दक्षिणमा पर्ने चम्पागिरि भन्ने ठाउँमा बसोबास गर्न थाले । त्यही ठाउँलाई अहिले चापागाउँ भनिन्छ । त्यस समयमा काठमाडौँ उपत्यकामा लिच्छविहरूको शासन थियो । चम्पागिरिमा बसोबास गर्ने क्रममा राजल्लदेव र कठय मल्लले बस्तीको नेतृत्व आफ्नो हातमा लिए । बस्तीका मानिसको सहयोगमा उनीहरूले उपत्यकाका लिच्छविहरूमाथी राजनीतिक प्रभाव बढाउन थाले । मल्लहरूले उपत्यकामा प्रभाव बढाउँदै जाँदा विस्तारै लिच्छवि शासकहरू कमजोर हुँदै गए । लिच्छविहरू कमजोर भएको मौका छोपेर वि.सं. १२५८ मा अरिदेव मल्ल उपत्यका माथि विजय हाँसिल गर्न सफल भए । उनी मल्ल युद्ध वा कुस्तीमा निकै सिपालु थिए । त्यसैले उनले आफ्नो नामबाट देवलाई हटाएर मल्ल राखे भन्ने विश्वास रहिआएको छ । अरिदेवले वि.सं. १२५८ देखि १५ वर्षसम्म नेपाल राज्यमा शासन गरे र वि.सं. १२७४ मा उनको निधन भयो । अरि मल्लपछि अभय मल्लले ३८ वर्षसम्म यहाँ शासन गरे ।

## पूर्व मध्यकालीन राजनीतिक अवस्था

पूर्व मध्यकालमा अर्थात् एघारौँ शताब्दीको अन्त्यतिर आइपुग्दा नेपाल टुक्रिएर तीन राज्यमा विभाजन भएको थियो । ती राज्यहरू यसप्रकार रहेका थिए :

(क) अरिदेव मल्लले शासन गरेको नेपाल मण्डलको मल्ल राज्य

(ख) दक्षिणपूर्वको सिम्रौनगढ (मिथिला) नान्यदेवले स्थापना गरेको तिरहुत राज्य वा डोय राज्य

(ग) पश्चिम नेपालको कर्णाली प्रदेशमा नागराज जागेश्वरले स्थापना गरेको खस मल्ल राज्य

### (क) अरिदेव मल्लले शासन गरेको नेपाल मण्डलको मल्ल राज्य

मल्लकालको सुरुआती चरणमा उपत्यका विभाजन भएको थिएन । एकीकृत नेपालको राजधानी भक्तपुर थियो । जयस्थिति मल्ल पूर्वमध्य कालका एक प्रभावशाली राजा हुन् । उनी राजवंशका व्यक्ति नभए तापनि विवाहपछि श्रीमतीसँगको सम्बन्धका कारणले उनले नेपालको शासनमा प्रवेश पाएका थिए । यक्ष मल्ल जयस्थिति मल्लका नाती हुन् । यिनले आफ्नो राज्यको सिमाना पूर्वमा बङ्गाल, पश्चिममा गोरखा पाल्पा, उत्तरमा सिकारजोङ तथा दक्षिणमा गङ्गाको तटसम्म फैलाएका थिए तर उनको शेषपछि यो राज्य छिन्नभिन्न भयो । काठमाडौँ उपत्यकामा स्वतन्त्र तीन राज्यहरू बने ।

### (ख) दक्षिणपूर्वको सिम्रौनगढ (मिथिला) नान्यदेवले स्थापना गरेको तिरहुत राज्य वा डोय राज्य

अहिलेको बारा जिल्ला र त्यसपूर्व सिम्रौनगढ नामको राज्य थियो । त्यहाँका राजा हरिसिंहदेवको मृत्युपछि उनकी रानी देवलदेवी आफ्ना छोरालाई लिएर नेपालका राजा रुद्रमल्लसँग राजनीतिक शरण लिएर बसेकी थिइन् । उता रुद्रमल्लका छोरा थिएनन् भने नायकदेवी नाम गरेकी एक जना छोरी थिइन् । छोरा नभएका कारणले नायकदेवी नै गद्दीको हकदार थिइन् । उनी सक्षम नहुँदै बाबु रुद्र मल्लको निधन हुन पुग्यो । देवलदेवी पनि छोरा जगत्सिंहसँगै दरबारमै रहेका कारण उनले नायक देवीको संरक्षकका रूपमा राजकाजमा सहयोग गर्न थालिन् । राजकुमारी नायक देवीको विवाह देवलदेवीका छोरा जगत्सिंहसँग भयो । उनीहरूबाट राजल्लदेवी नामकी छोरी जन्मिइन् । दुर्भाग्यवश बच्चा जन्मिएको दश दिनमा नै नायक देवीको मृत्यु भयो । नायक देवीको निधनपछि राजल्लदेवी नाबालक भएका कारणले उनको संरक्षकका रूपमा हजुरआमा देवलदेवीले नै पुन: शासन गर्न थालिन् । नातिनी राजल्लदेवी ठुली भएपछि देवलदेवीले उनको विवाह जयस्थिति मल्लसँग गरिदिइन् । जयस्थिति मल्ल घरज्वाइँका रूपमा दरबारमा नै बस्न थाले । जयस्थिति मल्ल कर्णाटकवंशी राजकुमार थिए । उनी सुरुमा सहयोगीका रूपमा राजल्लदेवीलाई शासनमा सहयोग गर्न थाले । जयस्थिति मल्लको शासन सत्तामा प्रमुख भूमिका रहन थाल्यो । समयक्रमसँगै उनले आफैँलाई राजा घोषित गरे । वंशाणुगत हिसाबले शासन सत्तामा आएको नभए तापनि जयस्थिति मल्लले सुधारका धेरै काम गरेको पाइन्छ । उनले न्याय, खानेपानी, सिँचाइ, श्रम विभाजन जस्ता क्षेत्रहरूमा धेरै सुधार गरेका थिए । त्यस्तै कुम्भेश्वर मन्दिरको निर्माण, घरहरूको श्रेणी विभाजन तथा जग्गा किनबेचमा तिरो तिर्ने व्यवस्था जस्ता क्षेत्रहरूमा उनले सुधार गरेको पाइन्छ । जयस्थितिमल्लको निधनपछि उनका तीन जना छोराहरू धर्म

मल्ल, ज्योतिर्मल्ल र कीर्ति मल्लले संयुक्त रूपमा शासन चलाएका थिए । उनीहरूको शासनकालपछि ज्योतिर्मल्लका छोरा यक्ष मल्ल नेपालका राजा भए । वि.सं. १५३७ मा यक्षमल्लले शासन गरुञ्जेल एक भएको उपत्यकाको मल्ल राज्य उनको निधनपछि कान्तिपुर, पाटन र भक्तपुर गरी ३ राज्यहरूमा टुक्रियो । यससँगै पूर्व मध्यकालको पनि समाप्ति भयो ।

(ग) पश्चिम नेपालको कर्णाली प्रदेशमा नागराज जागेश्वरले स्थापना गरेको खस मल्ल (सिंजा) राज्य

सिंजा राज्यको स्थापना नागराजले बाह्रौँ शताब्दीमा गरेका हुन् । यो राज्य हालको कर्णाली प्रदेशमा पर्थ्यो र यसको राजधानी सिंजामा थियो । राजा अभय मल्ल निःसन्तान रहँदा वि.सं. १४५० देखि यो साम्राज्य छिन्नभिन्न भएको थियो । यी राजाहरू खस वंशका भएकाले सिंजा राज्यलाई खस राज्यका नामले समेत चिनिन्थ्यो । क्राचल्ल सिंजाका छैटौँ राजा थिए । कुमाउँको बालेश्वर महादेवको मन्दिरमा राखिएको शिलालेखमा राजा क्राचल्ल प्रतापको चर्चा गरिएको छ । यिनको राज्य पछि प्रामाणिक इतिहास सुरु भएको मानिन्छ । अशोक चल्ल क्राचल्लका छोरा हुन् । यिनी न्यायप्रेमी तथा धार्मिक राजा थिए । अशोक चल्लका छोरा जितारी मल्लले मल्ल उपाधि ग्रहण गरेका हुन् । यिनले तीन पटकसम्म काठमाडौँ उपत्यका माथि आक्रमण गरेका थिए । पृथ्वी मल्ल प्रतापी खस राजा थिए । यिनले देशको प्रशासनिक आर्थिक तथा सामाजिक सुधार गरेका थिए । भोट र भारतसँग व्यापार गर्न सजिलो होस् भनेर सडक निर्माणसमेत गराएका थिए । दुल्लुको किर्तिस्तम्भको निर्माण पृथ्वी मल्लले नै गरेका हुन् । सिंजाका अन्तिम राजा अभय मल्ल थिए । सिंजाका भारदार मलय बर्माले सत्ता कब्जा गरेसँगै खस राज्यको अस्थित्व समाप्त भएको थियो । खस राजाहरूले कर्णाली प्रदेशभन्दा टाढाको शासनको जिम्मा त्यहाँका स्थानीयहरूलाई दिएका थिए । राजा नै राज्यको सर्वेसर्वा मानिन्थे । सम्भव भएमा जेठा छोरा र नभएमा ज्वाइँलाई समेत उत्तराधिकारी बनाउने गर्दथे । राजकाजमा सहयोग गर्नका लागि विभिन्न किसिमका प्रशासनिक पदहरूको सिर्जना गरिएको थियो ।

## उत्तर मध्यकालीन राजनीतिक अवस्था

वि.सं. १५३७ मा नेपाल मण्डल टुक्रिएदेखि वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नुभन्दा अगाडिको समयावधिलाई नै नेपालको इतिहासमा उत्तर मध्यकाल भनिन्छ ।

यक्ष मल्लको शासनकालमा छोराहरूबिचको आपसी सम्बन्ध बिग्रन गयो । त्यसैले उनले आफ्नो शासनको अन्तिम समयमा आफ्ना चार भाइ छोरालाई राज्य बाडिँदिए । जसअन्तर्गत उनले जेठो छोरा राय मल्ललाई भक्तपुर, माहिलो छोरा रणमल्ललाई बनेपा, कान्छा छोरा रत्न मल्ललाई कान्तिपुर र छोरी पट्टिका नातिलाई पाटन भाग लगाइदिए । कतिपय विद्वानहरूले यक्ष मल्लका छोराहरूबिचको आपसी कलहका कारण राज्य टुक्रिन गएको भन्ने मत पनि राखेका छन् । उपत्यकाको एकीकृत राज्य टुक्रिएपछि ती राज्यहरू कमजोर भए । यसका कारणले ती राज्यहरूका अधीनमा रहेका उपत्यका वरपरका विभिन्न अधीनस्त स्थल र राज्यहरू क्रमशः स्वतन्त्र हुन थाले । यसो हुनाले उपत्यकाका आसपासमा ससाना राज्यहरूको उदय हुन पुग्यो ।

यसरी छुट्टिएर बनेका ससाना राज्यहरूलाई ठुला राज्यहरूले वेला वेलामा एकीकरणको प्रयास गर्ने, कहिले ती राज्यहरू आपसमा मिल्ने र कहिले छुट्टिने भइरहन्थ्यो । तसर्थ मध्यकालीन नेपालको भौगोलिक अवस्था कहिले एकीकृत हुने, कहिले फैलिने र कहिले खुम्चिने भइरहन्थ्यो । यक्ष मल्लको शासनकालपछि टुक्रिन पुगेको उपत्यकाका तीन मल्ल राज्यहरूमा पृथ्वीनारायण शाहले एकीकरण गर्नुपूर्व २८८ वर्षको अवधिमा विभिन्न राजाहरूले शासन गरका थिए । जसमध्ये कान्तिपुर राज्यमा १३ जना राजाहरूले शासन गरेको देखिन्छ । रत्न मल्ल कान्तिपुरका पहिलो राजा थिए भने जयप्रकाश मल्ल अन्तिम राजा थिए । पहिलो र अन्तिम राजासँगै कान्तिपुरका अन्य राजाहरू निम्नलिखित रहेका छन् :

उपत्यकाका मल्ल राजाहरू

| कान्तिपुरका राजा | पाटनका राजा | भादगाउँका राजा |
|---|---|---|
| १. रत्न मल्ल | १. रण मल्ल | १. राय मल्ल |
| २. सूर्य मल्ल | २. विष्णु मल्ल | २. सुवर्ण मल्ल |
| ३. अमर मल्ल | ३. नरसिंह मल्ल, | ३. प्राण मल्ल |
| ४. महेन्द्र मल्ल | ४. हरिहरसिंह मल्ल | ४. विश्व मल्ल |
| ५. शिवसिंह मल्ल | ५. सिद्धिनरसिंह मल्ल | ५. जगज्योति मल्ल |
| ६. लक्ष्मीनरसिंह मल्ल | ६.श्रीनिवास मल्ल | ६. नरेन्द्र मल्ल |
| ७. प्रताप मल्ल | ७. योगनरेन्द्र मल्ल | ७. जगत्प्रकाश मल्ल |
| ८. नृपेन्द्र मल्ल | ८. लोकप्रकाश मल्ल | ८. जितामित्र मल्ल |
| ९. पार्थिवेन्द्र मल्ल | ९. इन्द्र मल्ल | ९. भूपतीन्द्र मल्ल |
| १०. भूपालेन्द्र मल्ल | १०. महीन्द्र मल्ल | १०. रणजित मल्ल |
| ११. भाष्कर मल्ल | ११. वीरनरसिंह मल्ल | |
| १२. जयज्जय मल्ल | १२. ऋद्धिनरसिंह मल्ल | |
| १३. जयप्रकाश मल्ल | १३. भाष्कर मल्ल | |
| | १४. योगप्रकाश मल्ल | |
| | १५. विष्णु मल्ल | |
| | १६. राज्यप्रकाश मल्ल | |
| | १७. विश्वजित मल्ल | |
| | १८. जयप्रकाश मल्ल | |
| | १९. रणजित मल्ल | |
| | २०. दलमर्दन शाह | |
| | २१. तेजनरसिंह मल्ल | |

उपत्यकाभित्रका तीन राज्यअन्तर्गत पाटन सबैभन्दा कमजोर थियो । पाटनका स्थानीय छ जना प्रधानहरूले सम्पूर्ण राज्यशक्ति आफ्नो हातमा लिएका थिए । उनीहरू आफूले भनेको नमान्ने

राजालाई शक्तिबाट हटाउँथे र आफूले भनेजस्तो व्यक्तिलाई पुन: राजा बनाउँथे । उदाहरणका लागि उनीहरूले भक्तपुरका राजा रणजीत मल्ल, काठमाडौँका राजा जयप्रकाश मल्ल र पृथ्वीनारायण शाहका भाइ दलमर्दन शाहलगायतलाई विभिन्न समयमा पाटनको राजा बनाएका थिए । पृथ्वीनारायण शाहले कीर्तिपुर विरुद्ध तेस्रो पटक आक्रमण गर्दा पाटनमा उनकै भाइ दलमर्दन शाह राजा थिए । त्यसैले पनि पृथ्वीनारायण शाहले सहजै कीर्तिपुरमाथी विजय हाँसिल गरे ।

उत्तर मध्यकालमा उपत्यकामा तीन राज्य र उपत्यका बाहिर कर्णाली क्षेत्रमा बाइसी राज्य, गण्डकी क्षेत्रमा चौबिसी राज्य र पूर्वमा सेन राज्य थियो ।

### (क) कर्णाली प्रदेश

कर्णाली प्रदेशमा अभय मल्ल पछि खस मल्ल राज्यहरू विस्तारै टुक्रिन थालेको अनुमान गरिएको छ । यसरी कर्णाली प्रदेशमा मध्यकालमा नै विशाल खस राज्य स्थापना भएर करिब २५० वर्ष शासन चलेको थियो । तिनै राज्यहरू टुक्रिँदै गएर बाइसी राज्यको निर्माण भएको पाइन्छ । कर्णाली प्रदेशको सिँजा तथा नेपाल मण्डलको अधीनमा रहेका ससाना सामन्त राज्य वा जिल्लाहरू गण्डकी प्रदेशमा थिए । मध्यकालको अन्त्यतिर खस, नेपाल मण्डल र डोय राज्यहरू कमजोर भएका वेलामा ती ससाना राज्यहरूले आफैँ स्वतन्त्र भएको घोषणा गरे । यसरी पूर्वमा त्रिशूली नदीदेखि पश्चिममा रापती नदीको आसपासमा चौबिसओटा राज्यहरूको स्थापना भयो । ती राज्यहरूलाई नै मध्यकालमा चौबिसी राज्य भनिन्थ्यो । कर्णाली प्रदेशका बाइसी राज्यहरू निम्नअनुसार रहेका छन् ।

१. जुम्ला २. जाजरकोट ३. डोटी ४. सल्यान ५. अछाम ६. रुकुम ७. बाँफी ८. फलावाङ ९. दैलेख १०. छिल्लीकोट ११. मुसिकोट १२. दर्ना १३. धुलिकोट १४. गजुल १५. खुम्री १६. बाजुरा १७. मालनेटा १८. बझाङ १९. दाङ २०. जहारी २१. थलारा २२. दुल्लु

### (ख) गण्डकी प्रदेश

कर्णाली प्रदेशको सिँजालाई राजधानी बनाई खस मल्ल राजाहरूले लगभग ३०० वर्ष शासन गरेका थिए । खस राज्यका अन्तिम राजा नि:सन्तान भएकाले यो राज्य क्रमश: कमजोर बन्दै गयो । राजपरिवारका सदस्य, भाइभारदार, सामन्त तथा राज्यद्वारा नियुक्त पदाधिकारीहरूले स्वतन्त्र राज्य स्थापना गरी शासन गर्न थाले । कर्णाली प्रदेशका यिनै स्वतन्त्र राज्यहरूलाई नै मध्यकालमा बाइसी राज्यका नामले चिनिन्थ्यो । गण्डकी प्रदेशअन्तर्गत पर्ने चौबीसी राज्यहरू निम्नअनुसार रहेका छन् :

१. पर्वत २. गलकोट ३. धुर्कोट ४. अर्घा ५. खाँची ६. गुल्मी चारपाला ७. पल्लो नुवाकोट ८. पाल्पा ९. इस्मा १०. मुसिकोट ११. प्युठान १२. तनहुँ १३. ढोर १४. लमजुङ १५. सतहुँ १६. रिसिङ् १७. घिरिङ १८. गह्रौं १९. भिरकोट २०. पैयुँ २१. रामपुर २२. विनायकपुर/ बुटवल २३. बलिहाङ २४. कास्की

### (ग) पूर्वका सेन राज्य

मध्यकालमा एघारौँ शताब्दीमा मुसलमानको आक्रमणबाट जोगिन सेनहरू बङ्गालबाट नेपाल प्रवेश गरेका थिए । वि.सं. १९५० मा रुद्र सेनले पाल्पा राज्यको स्थापना गरे । रुद्र सेनका उत्तराधिकारी मुकुन्द सेनले पाल्पा राज्यको सिमाना विस्तार गरी पूर्वमा कोसी नदीसम्म पुऱ्याएका थिए । मुकुन्द सेनले पाल्पा राज्यलाई विभाजन गरे र आफ्ना छोराहरूलाई छुट्टाछुट्टै राज्यको राजा बनाए । विनायक सेनले विनायकपुर, माणिक्य सेनले पाल्पा, भृङ्गी सेनले तनहुँ र लोहाङ् सेनले मकवानपुर राज्यको जिम्मा पाए । पछि गृहकलहका कारण मकवानपुर राज्य फेरि टुक्रिएर विजयपुर र चौदण्डी राज्यहरूको स्थापना भयो । यिनै मकवानपुर, चौदण्डी र विजयपुरलाई पूर्वका सेन राज्य भनेर चिनिन्थ्यो । मकवानपुर राज्यको स्थापना वि.सं. १६१० मा लोहाङ् सेनले गरेका हुन् । लोहाङ सेनले मकवानपुर राज्यलाई पूर्व र दक्षिणतिर विस्तार गरी पूर्वमा टिस्टा नदीसम्म पुऱ्याएका थिए । हाल चतरामा रहेको बराहा क्षेत्रको स्थापना पनि यिनैले गरेका हुन् । लोहाङ सेनका नातिले मकवानपुरलाई अझ विस्तार गरेर पश्चिममा टिस्टा, उत्तरमा काठमाडौँ उपत्यका र दक्षिणमा चम्पारनसम्म पुऱ्याएका थिए । पछि फेरि गृहकलहका कारण मकवानपुर राज्य टुक्रिएर विजयपुर र चौदण्डी राज्यहरूको स्थापना भयो । चौदण्डी राज्यको स्थापना वि.सं. १६६४ मा भएको थियो । यस राज्यका संस्थापक राजा जगत सेन हुन् । अन्तिम राजा कर्ण सेन हुन् । चौदण्डी राज्यलाई नेपाल एकीकरण अभियानका क्रममा पृथ्वीनारायण शाहले वि.सं. १८३० मा नेपालको सिमानामा गाभेका थिए । विजयपुरका संस्थापक राजा विधाता इन्द्र सेन हुन् । विजयपुर राज्य पनि नेपाल एकीकरणको क्रममा वि.सं. १८३१ मा पृथ्वीनारायण शाहले नेपालको सिमानामा गाभेका थिए ।

### ससाना टुक्रे राज्यहरूको उदय हुनाका कारण

मध्यकालीन इतिहास हेर्दा कर्णाली प्रदेशमा बाइसी राज्य, गण्डकी प्रदेशमा चौबिसी राज्य, उपत्यकामा मल्ल राज्यहरू र पूर्वी क्षेत्रमा सेन राज्यहरूको स्थापना भएको देखिन्छ । यसरी टुक्रे राज्यहरूको उदय हुनाका कारणहरू यसप्रकार रहेका छन् :

१. भौगोलिक विकटता र दुरीका कारणले गर्दा प्रशासनिक दृष्टिकोणले टाढाका क्षेत्रहरू केन्द्रको नियन्त्रणमा रहन नसक्नु

२. तत्कालीन शासकहरू दुराचारी हुनु

३. शासकहरूले जनचाहानालाई भन्दा पारीवारिक तथा व्यक्तिगत हितलाई महत्त्व दिनु

४. केन्द्रबाट नियुक्त भएका सामन्तहरू विस्तारै शक्तिशाली हुँदै जानु र स्वतन्त्र राजा घोषित गर्नु

५. राज परिवार, भारदारहरू र राजाबिचको द्वन्द्वले गर्दा दरबारमा अविश्वास र षड्यन्त्र बढ्दै जानु र केन्द्रीय प्रशासन कमजोर हुँदै जानु

६. साना राज्यहरूको ठुलो र शक्तिशाली बन्ने महत्वाकाङ्क्षाका कारण आपसी भिडन्तले पनि राज्य कमजोर हुँदै जानु

## ससाना टुक्रे राज्यहरूको अवसान हुनाका कारण

१. साना राज्यहरू एकआपसमा प्राय: युद्धमा संलग्न रहन्थे । यसले गर्दा छिमेकी राज्यसँग वैरभाव हुनु

२. विभिन्न समयमा भएका एकीकरण अभियान स्थायी हुन नसक्नु

३. साना राज्यका दरबारमा षड्यन्त्र र मनमुटावका कारण एक पक्ष शासन गर्थ्यो भने अर्को पक्ष गोरखालाई एकीकरणका लागि आमन्त्रण गर्ने जस्ता कार्य गरिरहेका हुन्थे ।

४. भारतमा अङ्ग्रेजको साम्राज्यवादी नीतिका कारण नेपालीहरूमा विशाल र स्वतन्त्र राष्ट्र बनाउने आकाङ्क्षा बढ्दै जानु

५. काठमाडौँ उपत्यका (नेपाल मण्डल) विजयपछिको उत्साहले गर्दा पृथ्वी नारायण शाह र गोरखाली सेनामा बाइसीचौबिसी र सेन राज्य पनि जित्ने उत्साह बढेर आउनु

६. पृथ्वी नारायण शाहको एकीकरण अभियान सुरु हुनु जसले गर्दा साना राज्यहरूको अवशान हुन पुग्नु

७. काठमाडौँका मल्लहरू र पूर्वका सेनहरू एउटै परिवारका थिए । यिनीहरूका बिचमा फुट हुँदा गोर्खा राज्यलाई एकीकरणमा मदत पुग्नु

## क्रियाकलाप

१. मध्यकालीन राजनीतिक अवस्थाबाट सिक्न सकिने वा सुधार गर्नुपर्ने पक्षहरू पहिचान गर्नुहोस् ।

२. तपाईंको विचारमा मुकुन्द सेनले आफ्ना छोराहरूलाई अंश दिए जस्तैगरी राज्य वितरण गर्नु ठिक थियो ? लेख्नुहोस् ।

३. मध्यकालीन राजनीतिक इतिहास हेर्दा कहिले टुक्रिने कहिले एकीकरण भएको अवस्था छ ? यसरी यी ससाना राज्यहरू कहिले टुक्रिने, कहिले एकीकरण हुनाका कारण उल्लेख गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) बाइसी राज्यमध्ये कुनै चार राज्यहरूको नाम लेख्नुहोस् ।

(ख) मध्यकालमा काठमाडौँ उपत्यकालाई के भनिन्थ्यो ?

(ग) नेपालको इतिहासमा पूर्व मध्यकाल र उत्तर मध्यकाल भन्नाले कुन कुन समयलाई बुझिन्छ ?

(घ) मध्यकालमा काठमाडौँ उपत्यकामा कुन कुन राज्य थिए ?

(ङ) खस राज्यका संस्थापक को हुन् ?

(छ) सिंजा राज्यको स्थापना कसले गरेको थियो र सिंजा राज्य कहाँ पर्थ्यो ?

(ज) मध्यकालमा ससाना राज्यहरूको उदय र अवसान हुनाका एक एकओटा कारण लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) राजा जयस्थिति मल्ललाई किन समाज सुधारक राजा भनिएको हो ? उनको योगदानका आधारमा चर्चा गर्नुहोस् ।

(ख) मध्यकालमा ससाना राज्यहरूको उदय हुनाका कारण लेख्नुहोस् ।

(ग) मध्यकालमा ससाना राज्यहरूको अवसान हुनाका कारण लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) मध्यकालीन राजनीतिक अवस्थाको व्याख्या गर्नुहोस् ।

(ख) उत्तर मध्यकालका तीन राज्यहरूका बारेमा व्याख्या गर्नुहोस् ।

(ग) पूर्व मध्यकालका तीन राज्यहरूका बारेमा व्याख्या गर्नुहोस् ।

## पाठ ३ मध्यकालीन अर्थतन्त्र, कानुन, संस्कृति र कलाकौशल

मध्यकालीन नेपालमा नेपाल राज्यमा विभिन्न समयमा विभिन्न व्यक्तिहरू शासक भए । काठमाडौँ उपत्यकाको मल्ल राज्य एकीकृत हुँदा तथा कान्तिपुर, भादगाउँ र पाटन राज्यमा विभाजन भएपछि त्यहाँ राजा भएका विभिन्न मल्ल राजाहरूले महत्त्वपूर्ण कार्यहरू गरेका थिए । ती शासकमध्ये केही शासकहरूका महत्त्वपूर्ण केही योगदानलाई यहाँ प्रस्तुत गरिएको छ :

### जयस्थिति मल्ल

जयस्थिति मल्ल एक समाज सुधारवादी राजा थिए । उनले आफ्नो राज्यका जनतालाई सिप र क्षमताअनुसार श्रमको विभाजन गरेका थिए । उनको समयमा राज्यका जनतालाई चार वर्ण चौसट्ठी जातको सामाजिक व्यवस्था गरे भने जातअनुसारको पेसा र पहिरनको समेत व्यवस्थापन गरिएको थियो । त्यस्तै इतिहासको अभिलेखका लागि उनले गोपाल राजवंशावलीको रचनासमेत गर्न लगाए । उनले जग्गालाई अब्बल, दोयम, सिम र चाहार गरी चार श्रेणीमा विभाजन गरे भने घर, जमिन बेचबिखन गर्न र बन्धक राख्न पाइने व्यवस्थासमेत भयो । उनकै समयमा माना, पाथी, ढक तराजु जस्ता नाप तौलका लागि प्रयोग हुने साधनलाई व्यवस्थित गरे । एकीकृत काठमाडौँ उपत्यकाका अन्तिम राजा यक्ष मल्ललाई पनि सुधारवादी राजाका रूपमा लिइन्छ । उनको शासनकालमा भक्तपुर तौमडी टोलको मन्दिर, दत्तात्रय मन्दिर, यक्षश्वर मन्दिर र ललितपुरको भीमनाथ मन्दिरको स्थापना भएको थियो ।

### सिद्धिनरसिंह मल्ल

पाटनका पाचौँ राजा सिद्धिनरसिंह मल्लका पालामा पाटनको कृष्ण मन्दिर तथा भण्डारखालको धारा पोखरीको निर्माण भएको थियो ।

### महेन्द्र मल्ल

यसैगरी पाटन राज्यका दशौँ मल्ल राजा महीन्द्र मल्लले उपत्यकामा चाँदीको मोहरको प्रचलन गराएका थिए । यस मोहरलाई महेन्द्र मल्ली भनिन्थ्यो । उनले तलेजु नजिकै महेन्द्रेश्वर महादेवको मन्दिर निर्माण गर्न लगाएका थिए । उनी आफ्ना राज्यका सबै प्रजाले खाना खाएपछि मात्र आफू खाना खान्थे भन्ने भनाइ रहेको छ भने उनी आफ्नो राज्यमा कुनै प्रजाको मृत्यु भएमा छाक छोडेर शोक मनाउँथे ।

### लक्ष्मीनरसिंह मल्ल

कान्तिपुर राज्यका छैटौँ राजा लक्ष्मीनरसिंह मल्लले वि.सं. १६९९मा तलेजु भवानीको मन्दिरअगाडि खम्बा गाडेर सुनको जलप लगाइएको धातुको सिंह स्थापना गर्न लगाएका थिए । त्यस्तै उनले हनुमान ढोका दरबारको विस्तार, मोहनचोक, सुन्दरी चोक, नासलचोक, भण्डारखाल बगैँचाको निर्माण, हनुमानढोका, दरबारक्षेत्रमा विश्वरूपको सुनौलो मूर्ति स्थापना, हनुमानढोका बाहिर हनुमानको मूर्ति स्थापना, नासलचोकमा नृसिंहको मूर्ति स्थापना, गुहेश्वरी, दक्षिणकालीको स्थापना, पशुपतिमा कोटिलिङ्ग स्थापना जस्ता थुप्रै कामहरू गरेका थिए ।

## प्रताप मल्ल

कान्तिपुर राज्यका सातौँ राजा प्रताप मल्लले रानीपोखरीको निर्माण गरेका थिए भने गाईजात्राको प्रचलन पनि उनैले चलाएका थिए । उनले बज्रयोगिनीलगायत धेरै मन्दिरको निर्माण समेत गर्न लगाएका थिए । उनी एक कुशल साहित्यकार, सङ्गीत प्रेमी र न्यायप्रेमी राजा थिए । उनी धेरै भाषाका ज्ञाता रहेको कुरा इतिहासमा उल्लेख छ ।

## यक्ष मल्ल

यक्ष मल्ल पछि कान्तिपुरको राजा बनेका रत्न मल्लले तामाको मुद्राको प्रचलन गराएका थिए भने उनकै समयमा तलेजु भवानीको मन्दिर पनि निर्माण भएको थियो । उनले पशुपतिमा दक्षिणकाली, सप्तर्षि र अष्टमातृकाका मूर्ति स्थापना गरेका थिए ।

## जयप्रकाश मल्ल

पाटनका अठारौँ राजा जयप्रकाश मल्लको पालामा कुमारीचोकको स्थापना भएको थियो भने कुमारीको रथयात्राको आरम्भ पनि उनैले गराएका थिए । उनको पालामा बालाजुको २२ मध्ये २१ धाराको निर्माण भएको थियो । भक्तपुरका पाँचौँ राजा जगज्योति मल्लले भक्तपुरमा बिस्केट जात्राको चलन पनि चलाएका थिए ।

## भूपतीन्द्र मल्ल

भक्तपुरका नवौँ राजा भूपतीन्द्र मल्ललाई पनि सुधारवादी मल्ल राजाका रूपमा लिइन्छ । उनले भक्तपुर दरबारक्षेत्रलाई कलाकृतिले सिँगारेका थिए भने उनकै पालामा भक्तपुरको प्रसिद्ध ५५ झ्याले दरबार र मालती चोकको निर्माण भएको पाइन्छ ।

## मध्यकालीन नेपालको शासनसत्ताको अवस्था

मध्यकालीन नेपालमा राजतन्त्रात्मक शासन पद्धति कायम थियो । न्याय, सेना र प्रशासन प्रमुख राजा हुन्थे । राजकाजका लागि मन्त्रिपरिषद् बनाउँथे । मन्त्रिपरिषद्मा प्राय: गरी पाँच मन्त्री हुन्थे । तीमध्ये एक जना मुख्य मन्त्री हुन्थे । स्थानीय प्रशासन चलाउन वडा हाकिम र ससाना बस्तीको प्रशासन चलाउन द्वारेको व्यवस्था गरिएको हुन्थ्यो । स्थानीय प्रशासन कार्यलाई सहयोग गर्नका लागि पाटी पौवा, बाटोघाटो, मन्दिर, पुल, फड्के आदि निर्माण गरिन्थे । धर्म तथा संस्कृतिसम्बन्धी काम गर्न पञ्चायतको व्यवस्था गरिएको हुन्थ्यो । त्यस समयमा पञ्चायतलाई पञ्च कचहरी, पाञ्चाली वा पञ्च समुच्चय भनिन्थ्यो । प्रशासन चलाउनका लागि मुख्य सहरलाई विभिन्न टोलमा विभाजन गरिएको थियो । टोलको रेखदेख गर्ने जिम्मा प्रधानको हुन्थ्यो ।

## कानुन

मध्यकालमा गाउँटोलमा पञ्चकचहरीको निर्णयपछि चित्त नबुझेमा अपिल गर्नका लागि राजासँग उजुरी गर्न पाइने व्यवस्था गरिएको थियो । राजाहरू नै राज्य शक्तिको मुख्य स्रोत केन्द्र हुन्थे । धार्मिक परम्परा, रीतिरिवाज आदिलाई आधार मानी न्याय दिने गरिन्थ्यो । जस्तै : गोरखाका राजा रामशाहले समाजलाई व्यवस्थित बनाउन न्याय सेवा प्रदान गर्दथे । उनको पालामा न्याय नपाए गोरखा जानु भन्ने उक्ती नै चलेको थियो । राजा जगजयको ताम्रपत्रमा आफूलाई मर्का परे फूल

लिएर राजा कहाँ उपस्थित हुने र प्रजाको उजुरीमा चित्त बुझ्यो भने राजाले फूल ग्रहण गर्ने भन्ने कुरा उल्लेख गरिएको थियो । यसबाट प्रस्ट हुन्छ कि मल्ल राजाहरू प्रजालाई निष्पक्ष रूपमा न्याय प्रदान गर्थे । साधारण अपराध गर्ने अभियुक्तलाई आर्थिक दण्ड र ठुलो अपराध गर्नेलाई दण्ड वा मृत्यु दण्ड दिने प्रचलन थियो । आर्थिक दण्ड संहितालाई धादण्ड पनि भन्ने गरिन्थ्यो । त्यति वेला विशेष गरी चार प्रकारको दण्ड विधान प्रचलित रहेको पाइन्छ । वाकदण्ड, धिकदण्ड, धनदण्ड, वधदण्ड प्रचलित थिए । जयस्थिति मल्लले विभिन्न सुधार अभियान चलाउँदा न्याय व्यवस्थामा पनि परिमार्जन गरेका थिए । अर्का पाटनका राजा सिद्धिनरसिंह मल्लले गोरखाका राजा रामशाहको न्याय व्यवस्थालाई अङ्गीकार गरेका थिए । त्यस्तै प्रताप मल्ल र केही मल्ल शासकहरूले अभियुक्तसँग बयान लिँदा आकाश भैरव, कोटिलिङ्गेश्वरको शपथ खुवाउने गर्थे ।

### मध्यकालीन अर्थतन्त्र

प्राचीन कालदेखि नै नेपालको व्यापार तिब्बत, भारत, र चीनसँग रहि आएको थियो । उद्योग वाणिज्य र व्यवसायको विकासले मध्यकालको आर्थिक विकासमा तीव्रता पाएको थियो । पूर्व मल्लकालीन नेपालको आर्थिक जनजीवन तत्कालीन बाइसी चौबीसी र सेन राज्यहरूको भन्दा निकै नै समुन्नत थियो । मध्यकालमा घरेलु उद्योगको विकास पनि राम्रैसँग भएको थियो । घरेलु उद्योग तर्फ गरगहना बनाउने, कपडा बुन्ने, कपडा रङ्ग्याउने, माटाका भाँडा बनाउने, इँट पोल्ने , झिँगटी पोल्ने, तेल पेल्ने, युद्धको लागि बन्दुक र हातहतियारहरू निर्माण गर्ने जस्ता उद्योगहरू निकै नै विकसित भएका थिए ।

बागमती, विष्णुमती, मनोहरा, टुकुचा आदि नदी नालाहरूबाट सिँचाइ सुविधा उपलब्ध गराई खाद्यान्न र नगदेबाली पनि प्रशस्त मात्रामा उब्जनी भएका थिए । उपत्यकाका बस्तीहरूलाई ग्राम, द्रङ्ग कोट्ट, तल  गरी चार प्रकारमा वर्गीकरण गरिएका थिए । त्यति वेला व्यापारलाई प्रोत्साहन दिनुको अतिरिक्त अन्तःशुल्क, भन्सार, मालपोत, अपराधीहरू आदिबाट उठाइएका करहरू राष्ट्रिय आम्दानीका स्रोत थिए । सेवा कर, जिन्सी कर, जग्गा कर, नगद कर, झारा, तिब्बत र भारतसँगको व्यापार र आन्तरिक व्यापार व्यवसायबाट पनि अर्थतन्त्र सुदृढीकरणका लागि मदत पुगेको थियो । नेपालमा भोटबाट सुन, नुन, भेँडा, च्याङ्ग्रा आदि आयात गरिन्थ्यो । नेपालबाट ऊन, कस्तुरी, चमर, काठ, जडीबुटी, खुर्सानी, लप्सीका बियाँ, चामल र हाडका सामान भारत तथा तिब्बतमा निर्यात गरिन्थ्यो । भोजको युक्तिकल्प तरु भन्ने पुस्तकमा नेपालमा बनेका तरबार भारतको बजारमा निकै नै लोकप्रिय रहेको कुरा उल्लेख गरिएको छ । त्यस्तैगरी रस रत्नसमुच्चय भन्ने पुस्तकमा नेपालबाट भारतमा निर्यात गरिने तामाको वर्णन गरिएको छ ।

### मध्यकालीन संस्कृति र कलाकौशल

चार वर्ण अठार जातिमा विभाजित लिच्छविकालीन समाज मध्यकालमा बढेर चार जात छत्तीस वर्णमा वृद्धि हुन पुग्यो । जातका पनि उपजात थपिँदै जाँदा जाति प्रथाले खानपान र रहनसहनमा विभेद उत्पन्न गर्दै सामाजिक जीवनलाई जटिल परिस्थितिमा पुर्‍याइदिएको थियो । जातिअनुसार नै जन्म, विवाह, मृत्यु संस्कार, गास, बास, कपाससमेतको निर्धारण हुन्थ्यो । धेरै मन्दिर र देवीदेवताका मूर्तिहरू स्थापना भएसँगै विभिन्न चाडपर्वहरूको पनि विकास भएको थियो । मल्ल राजाहरू बिलासी थिए । उनीहरू ऐस आरामका लागि नाचगान, बजान, जात्रा, मेला पर्व, उत्सव

आदिमा भाग लिन्थे । त्यसैले मल्लकालमा धेरै जात्राहरू र पर्वहरू प्रचलनमा थिए । जुन अहिलेसम्म पनि नेवारी समुदायमा कायमै छन् ।

मल्लकालमा धर्म, संस्कृति, भाषा र साहित्यको राम्रो विकास भएको थियो । हिन्दु धर्म संस्कृतिको आधारमा धर्म तथा संस्कृतिको संरक्षण गरिन्थे । संस्कृत भाषा, नेपाली भाषा र नेपाल भाषा साहित्यको विकास भएको थियो । मठ मन्दिरहरूमा उत्कृष्ट वास्तुकलाको नमुना देखिन्थ्यो । चित्रकला र मूर्तिकलाको विकास पनि मल्लकालमा चरम उत्कर्षमा पुगेको थियो । मध्यकालीन चित्रकलाहरूमा लाम्चो मुखमण्डलको बढी प्रयोग भएको पाइन्छ । चित्रहरूमा धार्मिक भाव झल्कन्थ्यो र बढी गरगहना र कपडाहरूको प्रयोग गरिएको हुन्थ्यो । भित्ते चित्र, ग्रन्थ चित्र र थाङ्का सबै किसिमका चित्रहरूको विकास भएको पाइन्छ । मध्यकालमा मूर्ति बनाउने कलाको पनि निकै नै विकास भएको पाइन्छ । नवौँ र दसौँ शताब्दीदेखि नै माटो, काठ, प्रस्तर आदि मूर्तिहरू बनाइएको थियो । सत्रौँ शताब्दीतिर ढलोटका मुर्तिहरू समेत निर्माण गर्न थालिए । मध्यकालको चर्चित वास्तुकला प्यागोडा शैलीको थियो । प्यागोडा शैलीपछि शिखर शैली र चैत्य शैलीहरू प्रचलनमा आएको देखिन्छ ।

मध्यकालीन सामाजिक अवस्थालाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

### (क) संयुक्त परिवार प्रथा

मध्यकालमा राजनीतिक रूपमा संयुक्त शासन चलेका कारणले समाजमा पनि संयुक्त परिवार प्रथा नै कायम थियो । सामाजिक, धार्मिक तथा आर्थिक कारणहरूले गर्दा मध्यकालमा मानिस संयुक्त परिवारमा बस्थे ।

### (ख) वंशको नामाकरण

मध्यकालमा डोटी र काठमाडौँ उपत्यकाका मल्ल राजाहरूले आफूलाई सूर्यवंशी भनी परिचित गराएका थिए भने उपत्यका बाहिरका शाहहरूले चन्द्रवंशी भन्न थाले । यसरी सूर्यवंशी र चन्द्रवंशीका नामले वंश परम्परा सामाजिक संरचनामा स्थापित भएको पाइन्छ ।

### (ग) थरको उत्पत्ति

मध्यकामा कामका आधारमा थर लेख्ने प्रचलन थियो, जस्तै : कर्णाली प्रदेशमा वैद्य, खड्का, भण्डारी, जोशी आदि थिए । त्यस्तै काठमाडौँ उपत्यकामा राजा जयस्थिति मल्लको शासनकालमा मन्त्रीलाई मुल्मी, भारदारलाई शिष्ट वा श्रेष्ठ, प्रधान मन्त्रीलाई महाथ भन्ने चलन थियो ।

### (घ) डोलाजी प्रथा

मध्यकालमा दुलाहालाई दुलहीका घरमा झिकाएर विवाह गर्ने प्रचलनलाई डोलाजी प्रथा भनिन्छ । यस प्रथामा विवाह गर्ने दुलाहाले दुलहीको थर ग्रहण गर्नुपर्थ्यो, जस्तै: जयस्थिति मल्लले राजकुमारी राजल्लदेवीसँग विवाह गरेपछि मल्ल थर ग्रहण गरेका थिए ।

### (ङ) विधवा वा पुनः विवाह प्रथा

मध्यकालमा विधवा वा पुनः विवाहको प्रचलन रहेको थियो । यसै चलनका कारणले भक्तपुरका राजा रुद्र मल्लकी छोरी नायकदेवीको पहिलो विवाह कासीका राजकुमार हरिश्चन्द्रसँग र दोस्रो तिरहुतका राजकुमार जगतुसिंह कुम्हरसँग भएको थियो ।

### (च) नारीको स्थान

मध्यकालमा नारीलाई सम्मानपूर्वक व्यवहार गरिन्थ्यो । सिम्रौनगढका राजा हरिसिंहदेवको रानी देवलदेवी काठमाडौं आई आफ्नो प्रभुत्व जमाउन सफल भएकी थिइन् ।

## क्रियाकलाप

१. मध्यकालीन नेपालको अर्थतन्त्र र हालको अर्थतन्त्रकोबिचमा तुलना गर्नुहोस् ।

२. मध्यकालीन कलाकौशल झल्काउने कुनै मठ मन्दिर, दरबार, मुर्ति, चित्रकला आदिको नाम र तिनको निर्माण गराउने शासकको नाम खोजी गरी लेख्नुहोस् ।

३. तपाईँको समुदायमा विधवा विवाह र पुनः विवाहलाई कसरी लिइन्छ ? समाजमा हुनु भएका अग्रजहरूसँग सोधखोज गरी उल्लेख गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) मल्लकालमा राज्य शक्तिका स्रोत को हुन्थे ?

(ख) चौतारा भनेर कुन प्रशासनिक पदलाई भनिन्थ्यो ?

(ग) मल्लकालमा गाउँटोलको झैझगडाको समस्या समाधानको निर्णय कोबाट हुन्थ्यो ?

(घ) डोलाजी प्रथा भनेको के हो ?

(ङ) मल्लकालमा नेपालले आयात निर्यात गर्ने गरेका एक एकओटा वस्तुको नाम लेख्नुहोस् ।

(च) मल्लकालमा केका आधारमा न्याय दिने गरिन्थ्यो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) मध्यकालको कानुनी व्यवस्थाका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।

(ख) मध्यकालीन संस्कृति र कलाकौशलको अवस्थाका बारेमा लेख्नुहोस् ।

(ग) मध्यकालमा नारीलाई कसरी हेरिन्थ्यो ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(घ) मध्यकालीन सामाजिक अवस्थाका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) मध्यकालीन नेपालको राज्यसत्ता, कानुन र अर्थतन्त्रका बारेमा चर्चा गर्नुहोस् ।

(ख) मध्यकालमा मल्लवंशीय शासकहरूको योगदानको चर्चा गर्नुहोस् ।

पाठ ४

# आधुनिक कालको राजनीतिक अवस्था

वि.सं. १८२५ मा राजा पृथ्वीनारायण शाहले उपत्यका विजय गरेपछिको समयावधिलाई नेपालको इतिहासमा आधुनिक काल भनिन्छ । नेपाल आज जुन अवस्थामा एकीकृत, स्वतन्त्र र सार्वभौम छ । यो पृथ्वीनारायण शाहकै कारणले सम्भव भएको हो । पृथ्वीनारायण शाहले छरिएर रहेका स साना टुक्रे राज्यहरू जस्तै उपत्यकाका कान्तिपुर, भादगाउँ र पाटन, त्यस्तै बाइसी चौबिसी राज्यहरूलगायत नुवाकोट मकवानपुर एवम् पूर्वमा रहेका चौदण्डी, माझ किराँत, विजयपुर आदिलाई मिलाई एउटा सिङ्गो नेपाल बनाएका थिए । त्यसैले पृथ्वी नारायण शाहलाई राष्ट्रनिर्माता भनिन्छ ।




## पृथ्वीनारायण शाहदेखि राणा शासनकालको सुरुआतको नेपालको राजनीतिक अवस्था

पृथ्वीनारायण शाहको जन्म बाबु नरभूपाल शाह र आमा कौशल्यावतीबाट वि.सं १७७९ पौष २७ गते भएको थियो । पृथ्वीनारायण शाहको रेखदेख र शिक्षादीक्षा भने उनकी जेठी आमा चन्द्रप्रभावतीबाट भएको थियो । उनी साम, दाम, दण्ड र भेद विद्याका पारङ्गत थिए । पृथ्वी नारायण शाह २० वर्षकै कलिलो उमेरमा गोरखाका राजा भएका थिए । उनी राजा हुँदा नेपालमा करिब ५३ स साना राज्यहरू थिए । पृथ्वीनारायण शाहको मृत्यु उनी ५२ वर्षका हुँदा भएको थियो । उक्त ५२ वर्ष मध्ये ३१ वर्ष उनले युद्धमा बिताएका थिए ।

पृथ्वीनारायण शाहले वि.सं. १८०१ म नुवाकोटमाथि आक्रमण गरेपछि नेपाल एकीकरणको सुरुआत भएको हो । पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा काठमाडौं उपत्यका विजय गरेपछिको समयावधिबाट नै नेपालको इतिहासमा आधुनिक काल सुरु भएको मानिन्छ । पृथ्वीनारायण शाहद्वारा सुरु गरिएको एकीकरण अभियानलाई उनको मृत्युपछि उनका उत्तराधिकारीहरू प्रतापसिंह शाह, राजेन्द्र लक्ष्मी देवी शाह, बहादुर शाह रणबहादुर शाह, भिमसेन थापा आदिले निरन्तरता दिएका थिए । त्यसपछि नेपालको सिमाना पूर्वमा टिष्टादेखि पश्चिममा सतलज, उत्तरी सिमा गढवाल र दक्षिणी सिमा गङ्गा नदीसम्म फैलिएको थियो । यसरी नेपाल एकीकरण अभियान वि.सं १८७१ सम्म नै कायम रहेको थियो ।

नेपाल एकीकरण अभियानका केही महत्त्वपूर्ण घटनाक्रम

| क्र.सं. | मिति वि.सं. | घटना |
|---|---|---|
| १. | १८०० | नुवाकोट आक्रमण असफल |
| २. | १८१५ असोज १५ | नुवाकोट माथिको विजय |
| ३. | १८११ साउन | दहचोक, नाल्दुम र महादेव पोखरी माथि विजय |
| ४. | १८१४ भाद्र ९ | कीर्तिपुरमाथि पहिलो असफल आक्रमण |
| ५. | १८१९ भाद्र ९ | मकवानपुरमाथि विजय |
| ६. | १८१९ पुष २७ | बङ्गाली फौजसँगको लडाइँ |
| ७. | १८२१ भदौ ३० | कीर्तिपुरमाथि दोस्रो असफल आक्रमण |
| ८. | १८२२ चैत्र ३ | कीर्तिपुरमाथि विजय प्राप्त |
| ९. | १८२५ असोज १३ | कान्तिपुरमाथि विजय |
| १०. | १८२४ असोज १३ | ललितपुरमाथि विजय |
| ११. | १८२६ मंसिर १ | भक्तपुरमाथि विजय |
| १२. | १८३० र १८३१ | पूर्वी सेन राज्यहरू चौदण्डी माझ किराँत विजयपुर विजय |

पृथ्वीनारायण शाहले यता नेपाल एकीकरण कार्य सुरु गरिरहँदा अङ्ग्रेजहरूले नेपालमाथि आँखा गाडिरहेका थिए । त्यसैले पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुङ्गाको तरुलको संज्ञा दिँदै नेपाललाई यस परिस्थितिबाट जोगाउने प्रयत्न गरिरहेका थिए । पृथ्वीनारायण शाहले मृत्यु हुनुभन्दा अगि आफ्ना भारदारहरूलाई राखेर केही अर्ति उपदेशहरू दिएका थिए । त्यसैलाई दिव्योपदेश भन्ने गरिन्छ ।

एकीकरण अभियानको समाप्तिपछि नेपालको दरबारमा दरबारीया षडयन्त्र सुरु भएको थियो । सीमा सुरक्षा र विकासमा केन्द्रित हुनुपर्नेमा दरबार आन्तरिक कलह र सत्ता हत्याउने दाउपेचमा फसेपछि नेपालको सेना तथा राज्य सत्ता कमजोर हुन थाल्यो । आफ्नो शक्ति जोगाउनका लागि अङ्ग्रेजको सहयोगको अपेक्षा गर्ने भारदारहरूका कारण अरू अङ्ग्रेजले पनि नेपालको राजनीतिमा चासो राख्न थाले । नेपाल एकीकरणका क्रममा नेपालमा मिलाइएका राज्यका रजौटाहरू राजकुमारहरू र भारदारहरूले नेपालसँग बदला लिन सक्ने भरपर्दो मित्रका रूपमा अङ्ग्रेजलाई नै देखेका थिए । त्यसैले उनीहरू अङ्ग्रेजलाई उचालेर नेपालमाथि आक्रमण गराई बदला लिन

चाहन्थे । नेपालको अपार स्रोत तथा उपयुक्त हावापानीदेखि अङ्ग्रेज पनि लोभिएका थिए । कुनै निहुँ झिकेर नेपाललाई आक्रमण गर्न चाहन्थे । यसैबिच बुटवल र स्युराजको विवाद निस्कियो । बुटवल, पाल्पा र स्युराजको जमिन प्युठानले अवधका नवावसँग वार्षिक तिरो तिर्ने गरी भाडामा लिएका थिए । अवध राज्यलाई अङ्ग्रेजले नियन्त्रणमा लियो भने पाल्पा र प्युठान नेपाल राज्यको नियन्त्रणमा आयो । अब अङ्ग्रेजले अवध आफूले जितेको हुँदा बुटवल र स्युराज पनि आफ्नै हुने दावी गर्‍यो भने नेपालले आफूले जितेको भूभाग भनेर छाड्न मानेन । परिणाम स्वरूप वि.सं. १८७१ म नेपाल अङ्रेज युद्ध भयो । यस युद्धमा अमरसिंह थापा, भक्ति थापा, उजिरसिंह थापा बलभद्र कुँवरलगायतका बहादुरहरूले बहादुरीका साथ लडे । नेपालले अङ्ग्रेज सेनातर्फ ठुलो क्षति पुर्‍यायो तर जित्न सकेन । नेपाल अंग्रेज बिचमा वि.सं. १८७१ मा युद्ध भएको थियो । सो युद्धमा नेपालतर्फ धेरै क्षति भएकाले युद्ध जारी राख्ने सम्भावना नभएकाले नेपाल सरकारले सन्धिको प्रस्ताव पठायो । नेपाल सरकार र अङ्ग्रेजहरूका बिचमा सुगौली सन्धि भयो । सुगौली सन्धिका कारण नेपालले पूर्वमा मेचीदेखि पूर्व र पश्चिममा महाकालीदेखि पश्चिमको भूभाग तथा तराईको ठुलो क्षेत्र छाड्नु पर्ने भयो । त्यसपछि नेपालले कुल भूभागको एकतिहाई भूभाग गुमाउनु पर्‍यो । नेपालको सिमाना मेची महाकालीमा सीमित भयो । भारतमा ब्रिटिस शासन विरुद्ध भएको सिपाही विद्रोह दबाउन अङ्ग्रेजले नेपाल सरकारसँग सहायता माग्यो । जङ्गबहादुरले आफ्नै नेतृत्वमा सिपाही विद्रोह दबाएर अङ्ग्रेजलाई खुसी पारेकाले वि.सं. १९१७ मा अङ्ग्रेजबाट तराईका भूमिहरू बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता पाए । त्यसपछि नेपालको हालको आकृति र सिमाना कायम रहेको हो ।




पृथ्वीनारायण शाहको मृत्युपश्चात् नै नेपालको राजदरबारमा षड्यन्त्रको सुरुआत भएको थियो । खास गरी सानो उमेरमा राजा हुने, राजाको नायब वा मुख्तियार भएर रानीहरू वा नातेदारले शासन गर्नुपर्ने अवस्थाको फाइदा उठाई भारदार शक्तिशाली हुने अवस्था सिर्जना भएको देखिन्छ । रणबहादुर शाह अढाइ वर्षमा, गीर्वाण युद्धविक्रम शाह दुई वर्षमा र राजेन्द्रविक्रम पनि सानैमा राजा भएका थिए । यी नाबालक राजाहरूका तर्फबाट राजमाताहरू, काका र भारदारहरूले मुख्तियार भएर शासन चलाउँदै आएका थिए । यिनीहरू बिचमा शक्तिका लागि सङ्घर्ष चलिरहथ्यो । रणबहादुर शाह बालक राजा हुँदा बहादुर शाह र राजेन्द्रलक्ष्मीले मुख्तियार भई शासन गरे । रणबहादुर शाह राजा भएपछि पनि उनले बिचैमा नाबालक छोरालाई राजा बनाई सन्यासी भएका थिए । त्यसैले गीर्वाणयुद्ध विक्रम शाहको मुख्तियार भएर उनका रानी सुवर्णप्रभा, राजराजेश्वरी र स्वयम् रणबहादुर शाहले नायव भएर काम गरे । यसै वेला भीमसेन थापा नेपालको शासनमा शक्तिशाली भएका थिए । गीर्वाणयुद्धविक्रम शाहको पनि युवावस्थामा नै निधन भएको हुनाले उनका नावालक छोरा राजेन्द्र विक्रम शाह राजा भए । नावालक नातिको नायव

भएर राजमाता ललित त्रिपुरासुन्दरीले शासन गरिन् । राजेन्द्र विक्रम उमेर पुगेर आधिकारिक राजा भइसकेपछि पनि उनी निकै डरपोक र अयोग्य राजा भएकाले उनले पहिले आफ्नी जेठी रानी साम्राज्य लक्ष्मीदेवी र पछि कान्छी रानी राज्यलक्ष्मीलाई शासनको सम्पूर्ण अधिकार दिएर आफू दरबारकै मोजमस्तीमा व्यस्त भएका थिए । परिणामस्वरूप दरबारमा गुटबन्दी र षड्यन्त्रको वातावरण सिर्जना भयो ।

नेपाल एकीकरणमा ककसको पालामा कुन कुन ठाउँ नेपालको सिमानामा गाभिएको थियो भन्ने प्रस्ट हुनका लागि तल दिइएको तालिका हेरौँ है त ।

| एकीकरणको नेतृत्व | साल | नेपालको सिमानामा गाभिएको राज्य | नेतृत्व गर्ने सेनाहरू |
|---|---|---|---|
| प्रतापसिंह शाह | १७७७ | कविलासपुर र सोमेश्वर गढी | स्वरूप सिंह कार्की, अभिमानसिंह बस्नेत |
| राजेन्द्रलक्ष्मी | १७८२ | लम्जुङ र तनहुँ | भद्र शाह, दामोदर पाँडे, अमर सिंह थापा, वंशराज पाँडे, नरु शाह |
| | १७८४ | पर्वत | |
| | १७८५ | कास्की | |
| | १७८५ | गरहुँ, सतहुँ, रिसिङ, भिरकोट, पैयुँ, चरिकोट, ढोर (विनायुद्ध नेपालको अधीनता स्वीकार) | |
| बहादुर शाह | १७८६ | गुल्मी (बिना युद्ध), अर्घा, खाँची (विनायुद्ध), धुरकोट, इस्मा, पर्वत, मुसिकोट, गलकोट, प्युठान, दाङ | अमरसिंह थापा, पारस शाह, जोगनारायण मल्ल, शिवनारायण खत्री, प्रबल राना, श्याम नारायण क्षेत्री, रणवीर सिंह, रणजित पाण्डे, शुरवीर थापा, कप्तान कालु पाँडे, नरु शाह |
| | १७८९ | दुल्लु, दैलेख, जुम्ला, हुम्ला, | |

| | | | |
|---|---|---|---|
| | | अछाम (नेपालको अधीनता स्वीकार), डोटी, धुरकोट, नारीकोट, | |
| | १७९०, १७९१ | कुमाउँ, गढवालको राजधानी श्रीनगर कब्जा गरी नेपाललाई तिरो तिर्ने गरी छाडियो | |
| रणबहादुर शाह | १८०४ | गढवाल, देहरादुन, त्यस क्षेत्रका १२ राज्य र १८ ठकुराइ कब्जा, पाल्पा | अमरसिंह थापा, बडाकाजी अमर सिंह थापा, भक्ति थापा, हस्तिदल शाह, नयनसिंह थापा |
| जङ्गबहादुर राणा | १८६० | बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, (इस्ट इन्डिया कम्पनीबाट उपहरस्वरूप प्राप्त भूमि) | नयाँ मुलुक भनिने, अङ्ग्रेजहरूबाट उपहार स्वरूप प्राप्त |

### राणाकालको सुरुआतदेखि प्रजातन्त्र प्राप्तिसम्मको समयावधि (वि.सं १९०३ देखि २००७ सम्म)

राजा राजेन्द्र विक्रमले राजकाजको सम्पूर्ण अधिकार रानी राज्य लक्ष्मीलाई सुम्पेका थिए । प्रधानमन्त्री फत्तेजङ नाम मात्रका प्रधानमन्त्री थिए । गगनसिंह भण्डारी नै राज्यका सर्वेसर्वा थिए । गगनसिँह रानी राज्य लक्ष्मीका प्रिय प्रात्र थिए । वि.सं. १९०३ भदौ ३१ गते रातको १० बजेतिर गगनसिंहको हत्या भयो । गगनसिंहको हत्याको छानबिन गर्न रानीले सबै भारदारहरूलाई कोतमा भेला हुन आदेश दिइन् । जङ्गबहादुर राणा आफ्नो मातहतका तीन पल्टन सेना र भाइहरूसहित कोतमा उपस्थित भए । जङ्गबहादुरका सेना र उनका भाइहरूले कोतको पटाङ्गिनीलाई चारैतर्फबाट घेरा हालेका थिए । जङ्गबहादुरका विपक्षीहरू सबै काटिए र रगतको खोलो बग्यो । जसलाई नेपालको इतिहासमा कोतपर्व हत्याकाण्ड भनिन्छ । उक्त कोतपर्वको हत्याकाण्डपछि जङ्गबहादुर राणा नेपालका प्रधामन्त्री र प्रधान सेनापति बनाइए । यसरी वि.सं. १९०३ मा नेपालमा राणा शासनको बिजारोपण भयो । त्यसै गरी अलौ पर्व र भण्डारखाल पर्वले जङ्गबहादुर अझ शक्तिशाली बन्ने मौका पाए । जङ्गबहादुरका कोत पर्वमा बाँकी रहेका शत्रुहरूलाई सिध्याउने अवसर मिल्यो ।

राणा शासनकालमा नेपालमा १०४ वर्षसम्म चलेको थियो । नेपालको शासनसत्ता एउटै परिवारका मातहतका सदस्यहरूमा केन्द्रित रहन पुग्यो । पारिवारिक निरङ्कुशता र हुकुमी शासनले निरन्तरता पायो । जनताका मौलिक हक अधिकार माथि बन्देज लगाइन्थ्यो । जनताका लागि वाक् स्वतन्त्रता, समानता, न्याय भन्ने कतै पनि थिएन । जातीय परम्परा र छुवाछुत प्रथा अत्यन्तै

व्याप्त थियो । त्यसैले नेपालको इतिहासमा राणाकालीन समयावधिलाई अन्धकारको युग पनि भनिन्छ । मुलुकी ऐन २०१० ले त झन् जातीय तथा छुवाछुत प्रथालाई महत्त्व दिएको थियो । जङ्गबहादुरले नेपालमा बेलायतको जस्तो प्रजातान्त्रिक व्यवस्थाको माग गर्ने पण्डीत सोमनाथ सिग्देललाई सर्वस्वहरण गरी देश निकाला गरेका थिए । नेपालका पहिलो सहिद लखन थापालाई जङ्गबहादुर विरुद्ध विद्रोह गरेको आरोपमा मारिएको थियो । राणा शासन विरुद्धको पहिलो राजनीतिक दल नेपाल प्रजा परिषद् वि.सं. १९९३ जेठ २२ गते स्थापना भएको थियो । प्रजा परिषद्ले राणा शासनको विरोधमा सशक्त आन्दोलन चलाएकै आधारमा शुक्रराज शास्त्री, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द र धर्मभक्त माथेमालाई मृत्युदण्ड दिइएको थियो । पछि वि.सं. २००४ श्रावण १ गते नेपाल प्रजातन्त्र काङ्ग्रेसको स्थापना भयो भने वि.सं. २००६ साल भाद्र ३० गते नेपाल कम्युनिष्ट पार्टी स्थापना भयो । यसरी क्रमशः राजनीतिक दलहरू स्थापना हुँदै जाँदा राणा शासनको आन्दोलनको लागि थप बल पुग्यो र अन्ततः वि.सं. २००७ फागुन ७ मा १०४ बर्से लामो राणा शासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भयो ।

### सङ्क्रमणकालीन अवधि वि.सं २००७ देखि २०१७ सम्म

राणाविरोधी आन्दोलन चरमसिमामा पुग्दा र सफलता पाइरहँदा वि.सं २००७ साल पुष २४ गते राणा, नेपाली काङ्ग्रेस र राजाका बिचमा दिल्लीमा त्रिपक्षीय सम्झौता भयो । सबै राजबन्दीहरूलाई रिहा गर्ने, आन्तरिक मन्त्रिमण्डल बनाउने र त्रिभुवनलाई नै राजा मान्ने सर्तमा दिल्ली सम्झौता भयो । तत्पश्चात् वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भयो । प्रजातन्त्र स्थापनापश्चात् राणाका तर्फबाट पाँच र नेपाली काँग्रेसको तर्फबाट पाँच जना गरेर १० जनाको मन्त्रिमण्डल बन्यो ।

| राणाका तर्फका पाँच जना मन्त्री | नेपाली काँग्रेसका तर्फबाट पाँच जना मन्त्री |
|---|---|
| मोहन शमशेर (प्रधानमन्त्री र परराष्ट्रमन्त्री) | विश्वेश्वरप्रसाद कोइराला (गृह मन्त्री) |
| बबरशमशेर राणा (रक्षा मन्त्री) | सुवर्ण शमसेर राणा (अर्थ मन्त्री) |
| चुडाराजशसशेर राणा (वन मन्त्री) | गणेशमान सिंह (उद्योग तथा वाणिज्य मन्त्री) |
| नृपजङ्ग राणा (शिक्षा मन्त्री) | भद्रकाली शर्मा (यातायात मन्त्री) |
| यज्ञ बहादुर बस्नेत (स्वास्थ्य तथा स्वायत्त शासन मन्त्री) | भरतमणि शर्मा (खाद्य तथा कृषि मन्त्री) |

शासन सञ्चालनका लागि अन्तरिम शासन विधान वि.सं. २००७ साल चैत्र १३ गते जारी भयो । राणा र नेपाली काङ्ग्रेसको संयुक्त सरकार लामो समय टिक्न सकेन । वि.सं. २००८ कात्तिकमा नै विगठन भयो र वि.सं. २००८ साल मङ्सिर १ गते मातृकाप्रसाद कोइरालाको नेतृत्वमा १४ सदस्यीय मन्त्रिमण्डल गठन भयो । मातृकाप्रसाद कोइरालाको नेतृत्वमा बनेको सरकारको नेपाल कम्युनिस्ट पार्टी, गोरखा दल र प्रजा परिषद्ले संयुक्त सरकारको माग गरी विरोध गरे । त्यसपछि

नेपाल प्रजा परिषद्लगायत अस्तित्वमा रहेका अन्य राजनीतिक दलहरू र विभिन्न सङ्घसंस्थाहरू मिली जनतान्त्रिक संयुक्त मोर्चा गठन भयो । यस मोर्चाले सर्वदलीय सरकार गठन गर्न दबाब दियो । उता प्रधानमन्त्री मातृकाका आफ्नै भाइ बी.पी. कोइरालाले पनि दाजुको विरोध गरेका थिए । पार्टी अध्यक्ष र र प्रधानमन्त्री एउटै व्यक्ति हुनुहुन्न भन्ने उनको मत थियो । डा. के. आई. सिंहले त मातृका सरकार विरुद्ध विद्रोह नै सुरु गरे । तसर्थ उनलाई डाँकु घोषित गरी कडा पहराका साथ सिंहदरबारमा कैद गरियो । २००८ माघ ८ र ९ गते राति डा. के.आई. समर्थक विद्रोही सेनाले सिंहदरबार आक्रमण गरी उनलाई जेलमुक्त बनाए । फलस्वरूप चारैतिरबाट घेराबन्दीमा परेको उक्त सरकार असफल भयो । श्री ५ त्रिभुवनले परामर्श दातृहरूको सल्लाह लिएर आफैँ प्रत्यक्ष शासन गर्ने उद्देश्यले जनरल केशर शमशेरसहित पाँच जना सदस्य रहेको परामर्श दातृ सरकार वि.सं. २००९ श्रावण ३० गते गठन गरे । यसरी वि.सं. २००७ देखि २०१७ को समयावधिमा स्थिर सरकार रहन सकेन, पटक पटक सरकार गठन र विघठनको क्रम चलि नै रह्यो । विधान सभाबाट संविधान जारी हुन सकेन, वि.सं.२०११ सालमा राजा त्रिभुवनको मृत्यु भयो र राजा महेन्द्र राजगद्दीमा बसे । राजा त्रिभुवनको इच्छाअनुरूप विधान सभाको चुनाव हुन सकेन । त्यसैले राजा महेन्द्रले वि.सं. २०१५ मा केही विज्ञहरूको सहयोगमा संविधान बनाई जारी गरे । सोही संविधानअनुसार नेपालमा पहिलो पटक जनताले आफ्ना प्रतिनिधि छान्ने आम निर्वाचन सम्पन्न भयो । सो निर्वाचनमा दुईतिहाइ बहुमतका साथ नेपाली काङ्ग्रेस विजयी भयो । विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा प्रथम जन निर्वाचित मन्त्रिमण्डल गठन भयो । प्रजातान्त्रिक सरकारको देश विदेशमा चलेको चर्चा महत्वाकाङ्क्षी राजा महेन्द्रलाई सैह्य भएन । उनले अनेकन् आरोप लगाएर वि.सं.२०१७ पुस १ गते मन्त्रिमण्डल भङ्ङ गरी सबै राजनीतिज्ञहरूलाई जेल हाले र बहुदलीय व्यवस्था अन्त्य गरे र वि.सं. २०१७ साल पुष २२ गते निर्दलीय पञ्चायती व्यवस्था सुरु गरे ।

### वि.सं. २००७ सालदेखि २०१७ सालसम्मका मन्त्रिमण्डलको विवरण

| क्र.सं. | मन्त्रिमण्डलको नाम | अवधि |
|---|---|---|
| १. | अन्तरिम मन्त्रिपरिषद् | वि.सं २००७ फागुन ७ देखि २००८ कार्तिक २६ सम्म |
| २. | नेपाली काङ्ग्रेसको एकलौटी सरकार | वि.सं २००८ साल मङ्सिर १ देखि २००९ श्रावण २६ सम्म |
| ३. | परामर्श दार्त सरकार | वि.सं. २००९ श्रावण ३० देखि २०१० असार २ सम्म |
| ४. | राष्ट्रिय प्रजा पार्टीको मन्त्रिमण्डल | वि.सं २०१० असार २ देखि २०११ चैत्र ३० सम्म |
| ५. | शाही सल्लाहकार सभा | वि.सं २०१२ वैशाख १ देखि २०१२ माघ १३ सम्म |
| ६. | टङ्कप्रसाद आचार्य | वि.सं २०१२ माघ १३ देखि २०१४ असार ३१ सम्म |

| | | |
|---|---|---|
| | मन्त्रिमण्डल | |
| ७. | डा. के. आई. सिंह मन्त्रिमण्डल | वि.सं २०१४ श्रावण ११ देखि २०१४ कात्तिक २९ सम्म |
| ८. | राजा महेन्द्रको प्रत्यक्ष शासन | वि.सं २०१४ कात्तिक ११ देखि २०१६ जेठ १३ सम्म |
| ९. | प्रथम जननिर्वाचित नेपाली काङ्ग्रेसको सरकार | वि.सं २०१६ जेठ १३ देखि २०१७ पुष १ सम्म |

पञ्चायत काल (२०१७ देखि २०४७ सम्म)

वि.सं. २०१७ पुष २२ गते राजा महेन्द्रद्वारा जननिर्वाचित सरकारलाई अपदस्थ गरी दलहरू माथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्था लागु भयो । नेपालको संविधान २०१५ को धारा ५५ ले दिएको अधिकारको दुरुपयोग गरेको देखिन्छ । साथै "जनताको पिर, मर्का र बाधा जस्ताको तस्तै रह्यो । यसबाट देशको शान्ति खल्बलिएको मात्र होइन कि नेपाल राष्ट्रको मौलिक एकता र सार्वभौमिकतामा पनि आघात पुग्ने आशङ्का देखा पर्न गयो । राजनीतिक दलहरू राष्ट्रको स्वार्थलाई छोडेर व्यक्तिगत र पार्टीगत स्वार्थमा लिप्त भए, अन्तर्राष्ट्रिय सम्बन्ध बिग्रियो, भ्रष्टाचार मौलायो ।" भन्ने आरोप लगाई जनताको रगत, पसिना र बलिदानीबाट प्राप्त बहुदलीय प्रजातन्त्रलाई राजा महेन्द्रले अपहरण गरेका थिए । वि.सं. २०१७ पुस १ गते भएको यस घोषणाले जनताका मानव अधिकार तथा मौलिक अधिकार खोसिए । यस दिनलाई नेपालको इतिहासमा कालो दिनका रूपमा चिनिन्छ । राजनीतिक दलहरूप्रति इङ्गित गरिएको यो घोषणासँगै नेपाल अधिराज्यको संविधान, २०१५ को दफा ५५ प्रयोग गरी महेन्द्रले संसद् निलम्बन गरे । उनले राजनीतिक पार्टीहरूमाथि प्रतिबन्ध लगाए । नेपाली राजनीतिले २०१७ पुस २२ बाट तिस बर्से निर्दलीय व्यवस्थाको सामना गर्नुपऱ्यो । राजा महेन्द्रले पञ्चायत टिकाउन र बलियो प्रणाली बनाउन पञ्चायत मन्त्रालय तथा विभाग गठन गर्नुका साथै देशलाई चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरे । पञ्चायतलाई कानुनी वैधता दिन २०१९ पुस १ गते नेपालको संविधान, २०१९ घोषणा गरी लागु गरे । सबै नेपाली पञ्च र सबै पञ्च नेपाली भन्ने नारा दिइयो । गाउँफर्क अभियान लागु गरियो । पञ्चायती व्यवस्थाभित्र नै जनप्रतिनिधि चुन्ने व्यवस्था गरिएको थियो तर त्यसरी निर्वाचनमा भागलिने उम्मेदवार पञ्चायती व्यवस्थाको समर्थक हुनुपर्थ्यो । विरोध गर्नेलाई मृत्युदयड दिने, जेल हाल्ने वा देश निकाला गर्ने कार्य गर्थे । वि.सं. २०२८ सालमा राजा महेन्द्रको मृत्यु भयो । वीरेन्द्र राजा भए । वीरेन्द्र अलिक उदारवादी जनताले रुचाइएका राजा थिए । वि.सं. २०३३ सालमा विद्यार्थी आन्दोलन भयो । भारतमा निर्वासनमा रहेका बी.पी. कोइरालासहित काङ्ग्रेसका नेताहरू नेपाल प्रवेश गरे । यति वेलासम्म नेपालमा बामपन्थीदलहरूको प्रभाव पनि बढिसकेको थियो । यसले गर्दा देशभरि नै पञ्चायत व्यवस्था विरोधी लहर सिर्जना भयो । सुरुमा पञ्चायतले दबाउन खोजे पनि आन्दोलन बढ्दै गएपछि वि.सं. २०३६ मा राजा वीरेन्द्रले जनताको मत पञ्चायत व्यवस्थाप्रति बढी छ कि बहुदलीय व्यवस्थाप्रति भन्ने बुझ्न जनमत सङ्ग्रहको घोषणा गरे । वि.सं. २०३७ वैशाख २० मा भएको सो जनमत सङ्ग्रहमा सुधाररिएको पञ्चायती व्यवस्थाप्रति जनमत बढी देखियो । राष्ट्रिय पञ्चायतबाट प्रधानमन्त्री

निर्वाचित हुने र हटाउन सकिने व्यवस्था लागु भयो । विभिन्न टुक्रामा विभाजित कम्युनिस्टहरूले संयुक्त वाममोर्चा गठन गरी एकजुट भएका थिए । यसैबिच परस्पर विपरीत राजनीतिक विचार बोकेका दलहरू नेपाली काङ्ग्रेस र कम्युनिस्टहरू पञ्चायती व्यवस्था विरुद्धमा संयुक्त आन्दोलन गर्न सहमत भए । फलस्वरूप राजनीतिक दलप्रति जनताको विश्वास बढ्यो । २०४६ फागुन ७ बाट जन आन्दोलन सुरु भयो । जताततै बन्द हड्ताल भए । पञ्चायती व्यवस्था विरुद्धमा जनता कर्फ्यु तोड्दै सडकमा उत्रिए । अन्त्यमा २०४६ चैत २६ गते राति ११ बजे रेडियो नेपालबाट राजा वीरेन्द्रले पञ्चायती व्यवस्था हटेको र प्रजातन्त्र पुनःबहाली भएको घोषणा गरे । यसरी पञ्चायती व्यवस्थाको अन्त्य भयो । वि.सं. २०४६ चैत २६ गते दलमाथिको प्रतिबन्ध हट्यो । जन आन्दोलनको भावनाअनुरूप राजा वीरेन्द्रबाट २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान, २०४७ घोषणा भयो ।

### बहुदलीय लोकतन्त्र (वि.सं. २०४७ देखि २०६३ सम्म)

वि.सं. २०४७ को संविधान संवैधानिक राजतन्त्रको व्यवस्थासहित कार्यान्वायन भयो । सो संविधानअनुसार आम निर्वाचन पनि सम्पन्न भयो । त्यस चुनावमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गऱ्यो । गिरिजाप्रसाद कोइराला देशका प्रधानमन्त्रीमा नियुक्त भए । दलभित्रको आन्तरिक द्वन्द्वका कारण यो सरकारले पुरा अवधि कार्य नगरी संसद् विगठन भयो । २०५१ कार्तिकमा संसद्को मध्यावधि निर्वाचन भयो । यस निर्वाचनमा कुनै पनि दलले बहुमत ल्याउन सकेन । निर्वाचन परिणामपश्चात् ठुलो दलका नाताले ने.क.पा. एमालेका अध्यक्ष मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा सरकार गठन भयो । त्यसपछि सरकार बन्ने र भङ्ग हुने क्रम चलिरह्यो । संविधानको विरोध र राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी गणतन्त्रको स्थापना गर्नुपर्छ भन्ने मागसहित तत्कालीन ने.क.पा. (माओवादी) ले २०५२ साल फागुन १ गतेबाट सशस्त्र सङ्घर्ष सुरु गऱ्यो । २०५८ जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको वंशनाश हुने गरी नारायणहिटी हत्याकाण्ड भयो । यस घटनाले नेपालको राजनीतिक अवस्थालाई नयाँ मोड दियो । वीरेन्द्रका माहिला भाइ ज्ञानेन्द्र शाह राजा भए । वि.सं. २०५९ असोज १८ गते राजा ज्ञानेन्द्रले जनताद्वारा निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त गरी सम्पूर्ण अधिकार आफ्नो हातमा लिए । वि.सं. २०६१ माघ १९ गते ज्ञानेन्द्रले राजनीतिक दलका मुख्य नेताहरूलाई नजरबन्द गरी कार्यकारी अधिकार आफूमै निहित भएको घोषणा गरे । ज्ञानेन्द्रको यो कदमबाट राजनीतिक दलहरू लगायत सशस्त्र द्वन्द्वमा रहेको ने.क.पा. माओवादी आक्रोसित भए । सात राजनीतिक पार्टी र ने.क.पा. (माओवादी) बिचमा राजाको कदमको विरुद्धमा शान्तिपूर्ण जन आन्दोलन गर्ने भनी दिल्लीमा १२ बुँदे सम्झौता भयो । त्यसैअनुसार २०६२ चैत्र २४ देखि दोस्रो जन आन्दोलन प्रारम्भ भयो । जनताले सडकमा निस्किएर आन्दोलन गरे । राजतन्त्रले घुँडा टेक्नुपर्ने अवस्था आयो । लगातार उन्नाइस दिनसम्म देशभर सरकार र राजाको विरोधमा आन्दोलन भयो । आन्दोलनको रूपलाई मध्यनजर गदै तत्कालीन राजा ज्ञानेन्द्रले २०६३ वैशाख ११ मा राष्ट्रको नाममा सम्बोधन गरे । सम्बोधनका क्रममा जनताको नासो जनतालाई नै फिर्ता गरेँ भन्दै वि.सं. २०६३ वैशाख ११ गते जन निर्वाचित प्रतिनिधि सभा पुनःस्थापित भयो र लोकतन्त्र स्थापना भयो ।

### दोस्रो सङ्क्रमणकालीन अवधि (वि.सं. २०६३ देखि २०७२ सम्म)

लोकतन्त्रको पुन:स्थापनापछि वि.सं. २०६३ वैशाख १५ गते प्रतिनिधि सभाको पहिलो बैठक बस्यो । त्यसपछि गिरिजाप्रसाद कोइराला नयाँ सरकारको प्रधानमन्त्री भए र जेठ ४ गते प्रतिनिधि सभाको घोषणा भयो । प्रतिनिधि सभाको घोषणाले राजाका सबै अधिकार कटौती गरी राजालाई अन्य नेपाली नागरिक सरह बनायो । त्यसपछि २०६३ मङ्सिर ५ गते सशस्त्र द्वन्द्वरत ने.क.पा. (माओवादी) र नेपाल सरकारविच बृहत् शान्ति सम्झौता सम्पन्न भयो । यस सम्झौताले दस बर्से जनयुद्धको अन्त्य र शान्ति स्थापनाको बाटो खोल्यो । २०६३ माघ १ गते राजनीतिक सहमतिको दस्तावेजका रूपमा नेपालको अन्तरिम संविधान, २०६३ जारी गरियो । संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनको रोहवरमा नेकपा माओवादीले हतियार बिसायो र जनसेना विघटन गर्‍यो । वि.सं. २०६४ चैत्र २८ मा पहिलो संविधान सभाको निर्वाचन सम्पन्न भयो । २०६५ साल जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले २०६५ साल जेठ १५ मा नेपाललाई गणतन्त्रात्मक राज्य घोषणा गर्‍यो । यसरी सदियौँदेखि चल्दै आएको राजतन्त्रात्मक व्यवस्थाको अन्त्य भयो । राजा ज्ञानेन्द्रले नारायणहिटी दरबारबाट सार्वजनिक सम्बोधन गरी शान्तिपूर्ण रूपमा स्वेच्छाले गद्दी त्याग गरे । त्यसपछि संसद्का रूपमा समेत काम गरेको संविधान सभाले सामान्य जनताका छोरा डा. रामवरण यादवलाई नेपालको पहिलो राष्ट्रपतिका रूपमा निर्वाचित गर्‍यो । २०६५ भदौ २ मा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) प्रधानमन्त्री बने । अन्तरिम संविधानमा तोकिएको मितिमा संविधान बन्न सकेन । त्यसैले सो संविधान सभा वि.सं. २०६९ जेठ १४ मा विघटन गरियो र पुन: वि.सं. २०७० मङ्सिर ४ मा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भयो । वि.सं. २०७२ वैशाख १२ मा विनाशकारी भूकम्प गएपछि राष्ट्रिय समस्या समाधानका लागि सबै दलहरू एक ठाउँमा जुटे । सुशील कोइरालाको नेतृत्वमा रहेको संयुक्त सरकारले विभिन्न वार्ता र छलफलमार्फत संविधानलाई अन्तिम रूप दियो । वि.सं. २०७२ असोज ३ गते संविधानसभाबाट नेपालको संविधान जारी भयो । दोस्रो जनआन्दोलनको भावनाअनुरूप कानुनी रूपमा नै नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति भएको देशका रूपमा स्थापित भयो ।

### सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक काल (वि.सं. २०७२ देखि हालसम्म)

संविधानको घोषणापछि सातओटा प्रदेश र ७५३ ओटा स्थानीय तह रहने गरी राज्य पुनर्संरचना गरियो । सोअनुसार मिति २०७४ वैशाख ३१, असार १४ र असोज २ गरी तीन चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भयो । त्यसपछि वि.सं. २०७४ मङ्शीर १० र मङ्सिर २१ मा प्रतिनिधि सभा र सातओटै प्रदेश सभाको निर्वाचन सम्पन्न भयो । सो निर्वाचनमा नेकपा एमाले सबैभन्दा ठुलो दल बन्न पुग्यो । यसबाट देशमा सङ्घीयता कार्यान्वयनमा आयो ।

नेपालको वर्तमान संविधानअनुसार भएको सो निर्वाचनपछि वि.सं. २०७४ फागुन ३ गते के.पी.शर्मा ओलीको नेतृत्वमा नेकपा एमाले, माओवादी केन्द्र र मधेसवादी दलहरूसहितको संयुक्त सरकार बन्यो । त्यसपछि नेकपा एमाले र नेकपा माओवादी केन्दका बिचमा एकीकरण भयो । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेपछि भने सो सरकार बहुमतको शक्तिशाली सरकार बन्नपुग्यो । प्रधानमन्त्रीका रूपमा ओलीले कालापानी र लिपुलेक क्षेत्रलाई नेपालको नक्सामा समेट्नु सबैभन्दा ठुलो र महत्त्वपूर्ण कदमका रूपमा लिन सकिन्छ ।

वि.सं. २०७८ जेठ ७ मा ओली मन्त्रिमण्डलले प्रतिनिधि सभा विघटन गर्न सिफारिस गर्‍यो । १४९ सांसद्ले देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गरियोस् भनेर सर्वोच्च अदालतमा रिट हाले । वि.सं. २०७८ जेठ २८ मा संविधानको धारा ७६ को उपधारा ५ बमोजिमको प्रधानमन्त्रीका लागि आह्वान भएपछि १४९ सांसद्को हस्ताक्षरसहित दाबी गरेका आधारमा २०७८ असार २९ अपरान्ह ५ बजेभित्र देउवालाई प्रधानमन्त्रीमा नियुक्ति गर्न सर्वोच्च अदालतले परमादेश जारी गर्‍यो ।

वि.सं. २०७९ वैसाख ३० गते स्थानीय तहको निर्वाचन (गाउँपालिका र नगरपालिका) सम्पन्न भयो र मङ्सिर ४ गते देशभरि एकै चरणमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यका लागि निर्वाचन सम्पन्न भयो । यस निर्वाचनमा प्रत्यक्षतर्फ सबैभन्दा बढी सिट नेपाली काङ्ग्रेसको र समानुपातिक तर्फ ने.क.पा. एमालेले प्राप्त गर्‍यो । कुनै पनि दलको स्पष्ट बहुमत नआएका कारणले पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा नेपाली काङ्ग्रेस, ने.क.पा. माओवादी केन्द्रलगायतका दलहरू मिली संयुक्त सरकार गठन भयो ।

## क्रियाकलाप

१. नेपाल एकीकरण अभियानका घटनाक्रमहरूको सूची तयार गरी समय रेखामा देखाउनुहोस् ।

२. प्रजातन्त्रको अन्त्य गर्ने वेलामा राजा महेन्द्रले राजनीतिक दल र तत्कालीन सरकारलाई के आरोप लगाएका थिए खोजी गरी लेख्नुहोस् ? तपाईंका विचारमा ती आरोपहरू सत्य थिए होलान् ? उपयुक्त तर्क लेख्नुहोस् ।

३. वि.सं. २००७ देखि २०१७ र २०६२/०६३ पछिको समय भनेको देशले प्रजातान्त्रिक व्यवस्था पाएको समय हो । तर पनि नेपालको राजनीतिमा विभिन्न उतार चढावहरू आएर सङ्क्रमणकाल जस्तो देखिन्छ ? नेपालको राजनीतिमा किन यस्तो अवस्था आएका होलान् ? तपाईंको समुदायमा राजनीतिसँग सरोकार राख्ने व्यक्तिहरूसँग छलफल गरी उपयुक्त कारण लेख्नुहोस् ।

४. "राजनीतिक दलहरू लोकतन्त्रका खम्बा हुन् ।" भूमिका शीर्षकमा कुनै एउटा पत्रिकाका लागि बनाइएको सम्पादकीयको नमुना

**सम्पादकीय**

### राजनीतिक दलहरू लोकतन्त्रका खम्बा हुन

गोरखापत्र राष्ट्रिय दैनिक,

लोकतन्त्र अङ्ग्रेजी शब्द Democracy को नेपाली रूपान्तरण हो । Democracy ग्रिक शब्द Demos र Kratia दुई शब्द मिली बनेको छ । यसलाई जनताको शक्ति भनेर पनि बुझ्न सकिन्छ । अर्को शब्दमा लोकतन्त्र भनेको जनताले जनताका लागि जनताद्वारा गरिने शासन व्यवस्था हो ।

समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूको सङ्गठनलाई राजनीतिक दल भनिन्छ । लोकतन्त्र देशको शासन व्यवस्थामा जनता आफैँ वा आफ्नो प्रतिनिधिमार्फत सहभागी हुने र निर्णय गर्न पाउने अधिकारसहितको शासन व्यवस्था हो । लोकतन्त्रमा जनताले लेख्ने, बोल्ने, सभा, सङ्गठन गर्ने, पार्टी खोल्ने, प्रतिनिधि चयन गर्ने सरकार बनाउने जस्ता राजनीतिक अधिकार प्राप्त गर्छन् । जनताले ती अधिकारहरू राजनीतिक दलमार्फत आन्तरिक र बाह्य रूपमा उपयोग गर्ने गर्छन् । यसरी हेर्दा लोकतन्त्र बहुलबादमा आधारित हुन्छ । विभिन्न राजनीतिक दलले आवधिक रूपमा स्वतन्त्र र निष्पक्ष निर्वाचनका माध्यामबाट आफ्ना प्रतिनिधि छनोट गरी लोकतान्त्रिक सरकार स्थापित गरी मुलुकको शासन सञ्चालनमा सहभागी हुन्छन् । लोकतन्त्रमा विभिन्न राजनीतिक दल र उम्मेदवारबिच स्वच्छ र स्वतन्त्र प्रतिस्पर्धा हुन्छ । जनताले फरक फरक राजनीतिक दललाई छनोट गर्ने अवसर प्राप्त गर्छन् । राजनीतिक दलमार्फत नै जनता शासनमा सहभागी हुन्छन् । कानुनको सर्वोच्चता रहन्छ । अल्पमतलाई सम्मान गर्दै प्रमुख प्रतिपक्षको भूमिका प्रदान गरिन्छ । राजनीतिक दलले सुशासन र अभिव्यक्ति एवम् प्रेस स्वतन्त्रताका लागि भूमिका निर्वाह गर्छन् । त्यसैले राजनीतिक दलहरू लोकतन्त्रका खम्बा हुन् ।

(क) माथि उल्लिखित सम्पादकीयका आधारमा लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिका लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) नेपालको इतिहासमा आधुनिक काल भन्नाले कुन समयावधिलाई भनिन्छ ?

(ख) नेपाल एकीकरणको सुरुआत कुन राज्यबाट भएको थियो ?

(ग) बहादुर शाहको समयावधिमा नेपालको सिमाना कहाँसम्म पुगेको थियो ?

(घ) नेपाल अङ्ग्रेजबिचको युद्ध कसरी अन्त्य भयो ?

(ङ) त्रिपक्षीय सन्धि भनेको के हो ?

(च) वि.सं. २०१७ साल पुष १ गतेको दिनलाई किन नेपालको इतिहासमा कालो दिन भनिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

(छ) वि.सं. २०६२/०६३ मा किन जनआन्दोलन भएको थियो ? एक वाक्यमा लेख्नुहोस् ।

(ज) संविधान सभाबाट जारी भएको संविधान कुन हो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) वि.सं. २००७ देखि २०१७ सम्मको समयावधिलाई नेपालको इतिहासमा किन सङ्क्रमणकालीन अवधि भनिन्छ ? उपयुक्त कारण लेख्नुहोस् ।

(ख) पञ्चायति शासनकालको राजनीतिक अवस्थाका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।

(ग) नेपाल एकीकरण अभियानका कुनै पाँच घटना तालिकामा देखाउनुहोस् ।

(घ) बाह्रबुँदे सम्झौता कहिले भएको थियो ? नेपालको इतिहासमा यो सम्झौतालाई किन महत्त्वपूर्ण मानिन्छ ?

(ङ) नेपालमा सङ्घीयताको स्थापना हुनाका कारण उल्लेख गर्नुहोस् ।

(च) सङ्घीय शासनलाई संस्थागत गर्नका लागि भएका प्रयास उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) वि.सं. २०४६ देखि हालसम्मका राजनीतिक घटनाक्रमहरूका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) राजालाई नेपाली जनता सरह नागरिक बनाएर राजतन्त्रको अन्त्य कहिलेबाट भएको थियो ? यसरी २४० वर्षदेखिको लामो इतिहास बोकेको राजनन्त्र अन्त्य हुनाका कारण लेख्नुहोस् ।

(ग) सङ्घीय कार्यान्वायनपश्चात्को नेपालको राजनीतिक अवस्थाका सकारात्मक र नकारात्मक पक्षहरू टिप्पणी गर्नुहोस् ।

## पाठ ५ आधुनिक कालः राज्यसत्ता अर्थतन्त्र, कानुन, संस्कृति र कलाकौशल

### राज्यसत्ता

पृथ्वी नारायण शाहको शासनकालमा राजतन्त्रात्मक शासन पद्धति अभ्यासमा थियो । राज्य सञ्चालनमा जनताको पहुँच र जनसहभागितामा वृद्धि भएको पाइन्छ । राजा र प्रजाका बिचमा अत्यन्त नजिकको सम्बन्ध थियो । पृथ्वीनारायण शाह हरेक कामहरू जनताको सल्लाह, सहकार्य र सहयोगबाट मात्र गर्थे । त्यसैले जनतामा पनि राष्ट्रियताको भावना अत्यन्त मजबुत भएको पाइन्छ । उनले बिराज बखतीको सट्टा जनताद्वारा रुचाइएका कालु पाण्डेलाई काजी पद दिएर जन भावनाको कदर गरेका थिए । त्यस्तै बिसे नगर्चीको सल्लाहबमोजिम चलेर नै एकीकरण अभियानमा सफलता प्राप्त गरेका थिए ।

१०४ बर्से राणा शासनकालमा नेपालको सम्पूर्ण शासन र शक्ति प्रधानमन्त्रीमा निहित थियो । उनीहरू राष्ट्रका सर्वेसर्वा थिए । यो हुकुमी शासनमा उनीहरू आफ्ना सन्तान, आफन्त र कुटुम्बको राम्रो भविष्य सुनिश्चित गर्नतिर लागेको देखिन्छ । त्यसैले उनीहरू जनताको समस्याप्रति खासै चासो राख्दैनथे । त्यसैले नै राणा शासनको समयावधिलाई विकासको दृष्टिकोणले अन्धकारको युग र जनताको हक अधिकारको दृष्टिकोणले निरङ्कुश शासन मान्न सकिन्छ । उक्त समयमा भारतमा अङ्ग्रेजहरूको शासन चलेको थियो । अङ्ग्रेजहरूले अङ्गीकार गरेको नीतिलाई नै अनुकरण गरेका थिए र बाह्य हस्तक्षेपलाई शिरोधार्य गरेको पाइन्छ । राणा शासन पारिवारिक शासन प्रणाली थियो । राणा परिवारमा जन्मेको व्यक्ति मात्र प्रधानमन्त्री र प्रधान सेनापति हुन पाउँथ्यो । देशका उच्च पदमा उनीहरूकै परिवारका सदस्य मात्र रहन्थे । त्यस्तै शिक्षा, रोजगारीमा पनि राणाकै छोराछोरीले मात्र अवसर पाउँथे । यस समयमा सैनिक शासन चलेको थियो । प्रधानमन्त्री, सैनिक उच्च पद तथा राज्यका अन्य पदमा राणाहरू रोलक्रमका आधारमा भर्ती हुन्थे ।

वि.सं. २००७ फागुन ७ मा प्रजातन्त्र स्थापना भयो । त्यसपछि दलीय राजनीतिको सुरुआत भएको पाइन्छ । नेपाली काङ्ग्रेस र राणाका बिचमा संयुक्त सरकार बन्यो । त्यसपछि त्रिपक्षीय सन्धिअनुसार विधान सभाको निर्वाचन गर्ने भन्ने सम्झौता थियो तर हुन सकेन । शासन सत्ता सञ्चालनका लागि २००७ सालमा नेपालको अन्तरिम शासन विधान जारी भयो । २००७ देखि २०१७ सम्मको समयावधिको विश्लेषण गर्दा प्रजातान्त्रिक सरकारले नै शासनसत्ता सञ्चालन गरेको पाइन्छ । तर २०१५ मा आम निर्वाचनपछि मात्र जननिर्वाचित सरकारले शासनसत्ता सञ्चालन गरेका थिए । राजनीतिक दलहरूको आपसी खिचातानी र सत्ताप्रतिको मोहका कारण पटक पटक सरकार गठन र विघटन हुने क्रम जारी नै रह्यो । २०१५ मा आम निर्वाचनबाट नेपाली काङ्ग्रेसको बहुमत आएका कारणले वि.पी. कोइरालाले नेपालका पहिलो जननिर्वाचित प्रधानमन्त्री बने । तर लामो समयसम्म यो सरकार टिक्न सकेन । वि.सं. २०१७ पुष १ गते राजा महेन्द्रद्वारा विभिन्न आरोपहरू लगाएर प्रधानमन्त्रीलगायत सबैलाई अपदस्थ गरी आफ्नो हातमा शासनसत्ता लिए । त्यसपछि वि.सं. १०१७ पुष २२ गते निर्दलीय पञ्चायति व्यवस्थाको सुरुआत गरी ३० वर्षसम्म कायम रह्यो ।

वि.सं. २०१७ पुष २२ गते राजा महेन्द्रले पञ्चायती व्यवस्थाको घोषणा गरे । त्यसपछि ३० वर्षसम्म यो शासन चलिरह्यो । यो निर्दलीय व्यवस्था भएकाले कुनै पनि दलको सहभागिता थिएन । यो एकात्मक केन्द्रीकृत शासन व्यवस्था थियो । केन्द्रबाट जे निर्देशन आयो त्यसलाई तल्लो तहका निकायले मान्नै पर्ने हुन्थ्यो । जनताका मौलिक हक अधिकारहरूलाई कुण्ठित गरिएको थियो । राजा नै शासनसत्ता सञ्चालनका लागि सर्वेसर्वा हुन्थे । जनतालाई स्वतन्त्रताको हक अधिकार थिएन ।

वि.सं. २०४६ मा नेपालमा बहुदलीय व्यवस्थाको पुर्नबहाली भयो । त्यस्तै वि.सं. २०६२/०६३ मा लोकतन्त्र र वि.सं. २०६५ मा गणतन्त्र र हाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति चलेको छ । यी सबै व्यवस्थाहरू नाम र रूप फरक र व्यवस्था एउटै हुन् । यी सबै व्यवस्थामा जनताहरू सार्वभौमसत्ता अधिकार  सम्पन्न नेपाली जनता बनेका छन् । जनताले जिताएर पठाएका जनप्रतिनिधिहरूले देशको शासन सञ्चालन गर्छन् र जनप्रतिनिधिहरू देश र जनताप्रति उत्तरदायि रहन्छन् ।

### अर्थतन्त्र

पृथ्वीनारायण शाहको एकीकरण अभियानमा हातहतियार, सेनालाई तालिम जस्ता कुराहरूमा प्रशस्त खर्च भएको थियो । त्यसैले आर्थिक सुधारका कामहरू त्यति धेरै हुन सकेका थिएनन् । उनको शासनकालमा भएका केही आर्थिक सुधारका कामहरू मध्य सामाजिक संस्थाहरूको गठनलाई मान्न सकिन्छ । जस्तै : राज्य, गुठी, विर्ता र किपट आदि ।  धेरै जसो जनताहरू खेतीपाती र पशुपालन कार्यमा नै संलग्न थिए । राज्य सञ्चालनका लागि जनताबाट राजस्व सञ्चालन गर्ने गरिन्थ्यो । गोरखा राज्यले नुवाकोट विजयपछि कान्तिपुरका राजा जयप्रकाश मल्ल र पृथ्वी नारायण शाहले दुवै देशका प्रतिनिधिहरू तिब्बतमा राखेर नुवाकोटको बाटो गरी तिब्बतमा व्यापार गरेका थिए । साना तथा घरेलु उद्योग पनि सञ्चालनमा थिए । राणा शासनकालमा मुलुकमा छिटपुटबाहेक खासै धेरै आर्थिक विकासका कार्यहरू भएका थिएनन् । राष्ट्रिय आम्दानी राणा शासकहरू आफ्नो स्वार्थ पुर्तिका लागि खर्च गर्थे । राणाहरूले आफ्नो सम्पत्ति विदेशी बैङ्कमा जम्मा गरेका हुनाले उक्त समयमा नेपालको पुँजी बाहिरिएको थियो पनि भन्ने गरिन्छ । राणाहरू अति नै धनी र जनताहरू अति नै गरिबीमा बाँचिरहेका थिए । राणा शासन कालमा भएका केही आर्थिक क्रियाकलापहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

| क्र.सं. | राणा प्रधानमन्त्री | आर्थिक क्रियाकलापका कार्यहरू |
|---|---|---|
| १. | जङ्गबहादुर राणा | इलाम र सोक्तिममा व्यवस्थित चिया खेती |
| २. | चन्द्र शमशेर | सप्तरी जिल्लाको त्रियुगा नदीबाट नेपालको पहिलो नहर चन्द्र नहरको निर्माण |
| ३. | भिमशमशेर | कपास खेतीमा प्रोत्साहन, कपास र नुनको आयातमा भन्सार शुल्क कम गरिएको थियो । |

| | | |
|---|---|---|
| ४. | जुद्ध शमशेर | कृषि विद्यालयको स्थापना, उद्योग परिषद्को स्थापना, विराटनगर जुटमिल, कटन मिल, जुद्ध सलाई उद्योग तथा अन्य घरेलु उद्योगहरूको स्थापना भएको थियो । वि.सं. १९९४ मा नेपाल बैङ्कको स्थापना भई कार्य प्रारम्भ भएको, वि.सं. २००२ मा सदर मुलुकी खानाले रु १००, रु.१०, र रु.५ का कागजी नोटहरू प्रचलनमा आएका थिए । |
| ५. | रणोद्धिप सिंह | टेलिफोन, बिजुली र रोपवे सञ्चालन गर्न विदेशी विशेषज्ञलाई नेपाल झिकाएका थिए । |

२००७ सालमा प्रजातन्त्र प्राप्तिपछि देशमा आर्थिक क्रियाकलापहरूमा विस्तारै वृद्धि हुन थालेका थिए । वि.सं. २००८ श्रावणमा पहिलोपटक नेपालमा बजेट प्रस्तुत तथा प्रकाशन गरियो । २०१३ भाद्र १७ मा भूमि ऐन जारी भयो जसले मोहियानी हकको व्यवस्था गऱ्यो । २०१२ आश्विन २२ मा पञ्चवर्षीय योजनाको घोषणा भयो र वि.सं. २०१३ मा पहिलो पञ्चवर्षीय योजना लागु भई योजनाबद्ध विकासको सुरुआत भयो । २०१३ वैशाख १४ गते नेपाल राष्ट्र बैङ्कको स्थापना भयो त्यसपछि वि.सं. २०१६ बाट नोट छाप्ने कामको सुरुआत भयो ।

२०१६ सालमा नै राष्ट्रिय औद्योगिक विकास निगमको स्थापना भयो । जसका कारणले देशभित्रै उद्योग, व्यापार, र पर्यटन क्षेत्रको विकास भयो । वि.सं. २०२२ मा राष्ट्रिय वाणिज्य बैङ्कको स्थापना भयो । त्यस्तै वि.सं. २०२३ मा बिमा समितिको गठन भयो । वि.सं. २०२४ मा कृषि विकास बैङ्कको स्थापना भयो । पञ्चायती शासन कालमा व्यापारमा निर्यातभन्दा आयात बढेको कारणले व्यापार घाटाको अवस्था थियो । पञ्चायती शासन कालमा सरकारको आम्दानीको मुख्य स्रोत कर राजस्व थियो । वि.सं. २०४६ मा प्रजातन्त्र प्राप्तिपछि आठौँ पञ्चवर्षीय योजनाले खुला बजार अर्थनीति लियो । त्यसपछि निजी क्षेत्रको लगानीमा शिक्षा, स्वास्थ्य, बैङ्किङ् क्षेत्रलगायत थुप्रै व्यवसायहरू सञ्चालनमा आउन थाले । नेपालले सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्यता लियो । सन् २००६ मा (साफ्टा) दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्रको स्थापनापछि वैदेशिक व्यापारमा सहजता हुन थाल्यो । वि.सं. २०५२ फागुन १ गतेबाट सुरु भएको माओवादी सशस्त्र दश बर्से जनयुद्धका कारण देशमा बनेका केही भौतिक संरचना ध्वस्त हुन पुगे । विकास निर्माणका काम पनि राम्रोसँग सञ्चालन हुन सकेनन् । वि.सं. २०६३ मा लोकतन्त्रको स्थापनापश्चात् आर्थिक उदारवादको नीतिलाई आत्मसात् गर्दै आर्थिक विकासका ढोका खुल्न थालेको देखिन्छ । वि.सं. २०७२ को महाभूकम्पबाट पनि ठुलो धनजनको क्षति बेहोर्नु परेको थियो । त्यसपछि २०७२ असोज ३ मा नेपालको संविधान जारी भयो । सङ्घीय शासनअनुसार तीन तहका सरकार रहेका छन् । २०७२ मा भारतले नेपालमाथि गरेको आर्थिक नाकाबन्दी कारण उद्योग, व्यापार व्यवसाय, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा प्रतिकुल असर पऱ्यो । वि.सं. २०७४ मा पन्ध्रौँ पञ्चवर्षीय योजना कार्यान्वायनमा आएपछि सुखी नेपाली समृद्ध नेपालको परिकल्पना साकार पार्नका लागि तीनओटै तहका सरकारले काम गरिरहेका छन् ।

## कानुन

ऐतिहासिक रूपमा नेपालको कानुन प्रणाली हिन्दु दर्शनमा आधारित रहँदै आएको थियो । एकीकरण अभियानले नेपालको न्यायिक प्रशासनलाई व्यवस्थित गर्न मदत गरेको थियो । नेपाल एकीकरणपछि पृथ्वी नारायण शाहले विगतका अड्डा अदालत सबै खारेज गरी अधिकांश जिल्लामा अदालतको स्थापनाको साथै राजधानीमा पनि नयाँ अदालतको स्थापना गरेका थिए । पृथ्वी नारायण शाहले स्थापना गरेका कानुन र संस्थाहरू जङ्गबहादुर राणा सत्तामा आउनुभन्दा अघिसम्म प्रचलनमा थियो ।

राणा शासकहरूको बोलि नै कानुनको रूपमा चल्थ्यो । राणाहरूको व्यक्तिगत चाहाना र इच्छाअनुसार जो कोहीलाई थुनामा राख्ने र मृत्युदण्डको सजाय दिइन्थ्यो । जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्केपछि वि.सं. १०१० मा मुलुकी ऐन जारी गरेका थिए । यो नेपालको पहिलो लिखित कानुन हो । राणा प्रधानमन्त्री चन्द्र शमशेरले वि.सं. १९७७ मा सतिप्रथा र वि.सं. १९८१ मा दासप्रथाको कानुनी रूपमा अन्त्य गरेका थिए । प्रधानमन्त्री भिमशमशेरले मृत्युदण्डलाई कैदमा परिणत गरेका थिए । चन्द्र शमशेरका पालामा वि.सं. १९६८ मा प्रथम जनगणना लिने कार्यको सुरुआत भएको थियो । प्रधामन्त्री जुद्ध शमशेरले न्यायपालिकालाई सरकारको कार्यपालिकाबाट अलग गरेका थिए । प्रधान न्यायालयलाई मुलुकको सबैभन्दा उच्च अदालत मानिएको थियो तर अन्तिम मानिएको थिएन किनभने कुनै पनि मुद्दाको निर्णय माथि प्रधामन्त्रीले पुनरवलोकन गर्न सक्ने अधिकार थियो । वि.सं. २००४ मा पद्मशमशेरले नेपालको पहिलो संविधान नेपाल सरकारको वैधानिक कानुन जारी गरेका थिए । २००७ सालमा नेपालको अन्तरिम शासन विधान जारी भयो र सोहीबमोजिम अन्य ऐन कानुनहरूको निर्माण भयो । वि.सं. २०१५ मा फेरि नेपाल अधिराज्यको संविधान २०१५ जारी भयो । पञ्चायती शासनको सुरुआतपश्चात् पञ्चायती व्यवस्थालाई संस्थागत गर्नका लागि नेपालको संविधान २०१९ लागु भयो । वि.सं २०२० सालमा मुलुकी ऐन आयो । यसले समाजमा प्रचलित छुवाछुत तथा जातीय विभेदलाई गैरकानुनी कार्य मानेको थियो । त्यस्तै भूमि ऐन २०२१ ले जग्गाजमिनको असमान वितरणमा देखिएको समस्या समाधान गर्ने कोसिस गरेको देखिन्छ । वि.सं. २०४७ मा बहुदलीय व्यवस्था अनुकुलको संवैधानिक राजतन्त्रको व्यवस्थासहितको संविधान लागु भयो । वि.सं. २०६३ मा लोकतन्त्रको

स्थापना पश्चात समतामूलक र समावेशिताको व्यवस्थासहितको नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । वि.सं. २०७२ असोज ३ मा संविधान सभाबाट नेपालको संविधान जारी भयो । समाजलाई व्यवस्थित गर्नका लागि वि.सं. २०७४ सालमा मुलुकी संहितामार्फत परिमार्जित कानुनी व्यवस्था लागु भयो ।

## संस्कृति र कला कौशल

नेपालमा प्राचीनकालदेखि नै धार्मिक सहिष्णुता कायम थियो । अहिले धार्मिक सहिष्णुता नेपाली संस्कृतिको मुख्य पहिचान बनेको छ । नेपाल एकीकरणपश्चात् पृथ्वी नारायण शाहले विभिन्न सांस्कृतिक मूल्य तथा परम्परालाई निरन्तरता र सम्मान दिई सांस्कृतिक एकीकरण गरेका थिए । वास्तुकला, चित्रकला र मूर्तिकलाका क्षेत्रमा पृथ्वीनारायण शाहको शासनकालमा मध्यकालकै प्रभाव परेको पाइन्छ ।

जङ्गबहादुर राणा युरोप भ्रमणबाट फर्केपछि नेपालको कला, संस्कृति र कौशलमा परिवर्तन आएको थियो । उनले परम्परागत वास्तुकलाबाट आधुनिक ढाँचाका भवनहरू निर्माण गरेको देखिन्छ । त्यसैले शिखर, प्यागोडा शैलीका सट्टा पश्चिमेली शैलीका भवन बनेका थिए । त्यस्तै घरहरूमा पुराना रङहरूको सट्टा तेल रङको प्रयोग गरेको भेटिन्छ । चित्रकलामा सिकार दृश्य र मानव आकृति सिर्जना गर्ने चलन थियो । वसन्तपुर दरबार क्षेत्रमा निर्मित गद्दी बैठक पश्चिमी वास्तुकलाको नमुना हो । यसरी हेर्दा नेपालमा प्राचीन कालदेखि नै वास्तुकला, चित्रकला र मूर्तिकलाको विकास भएको थियो । शाहवंशीय राजाहरू हिन्दु धर्मावलम्बी तथा आर्य संस्कृतिका अनुयायी थिए । शाहकालमा नेपालमा हिन्दु, बौद्ध, किराँत, इस्लाम, जैन, क्रिस्चियन र शिख धर्म प्रचलनमा थिए । अहिलेसम्म पनि यिनै धर्महरू प्रचलनमा रहेको पाइन्छ । वि.सं २०६८ को जनगणनाले नेपालमा १० ओटा धर्म रहेको तथ्याङ्क सार्वजनिक गरेको थियो । नेपाल हिन्दु अधिराज्यका रूपमा विश्वसामु चिनिन्थ्यो । वि.सं. २०६३ जेठ ४ को प्रतिनिधि सभाको घोषणापछि नेपाल धर्म निरपेक्ष राष्ट्र घोषित भयो । चन्द्रशमशेरले २५ आषाढ १९७७ मा सती प्रथा अन्त्य भएको घोषणा गरे । उनले सती पठाउनेलाई मृत्यु दण्ड दिइने कडा कानुनी व्यवस्था गरे । यसपछि भने सती प्रथा पूर्णरूपमा अन्त्य भयो । वि.सं. १९८१ म चन्द्रशमशेरले टुँडिखेलको जनसभामा दास प्रथा उन्मूलनको घोषणा गरे । मानिसलाई किनबेच गरेर निःशुल्क काममा लगाउने यो अमानवीय कुप्रथाको पनि अन्त्य भयो । समाजमा बालविवाह, अनमेल विवाह र बहुविवाहको प्रचलन थियो भने विधवा विवाह र पारपाचुकेमा प्रतिबन्ध थियो । केही जातिमा जारी प्रथा पनि कायम थियो । जारी प्रथा भनेको अर्काकी श्रीमती लगेमा उसले पहिलेको लोग्नेलाई रकम बुझाउनुपर्ने चलन हो । वि.सं. २०२० को मुलुकी ऐनले बालविवाह, अनमेल विवाह र बहुविवाहको प्रचलनमा प्रतिबन्ध लगायो भने विधवा विवाह र पारपाचुकेलाई कानुनी मान्यता दिएको थियो । त्यस्तै समाजमा विद्यमान छुवाछुत तथा जातीय विभेदको अवस्थालाई गैरकानुनी मानि कानुनी सजाय तोकिएको थियो । पञ्चायत कालमा वि.सं. २०३३ मा सामाजिक व्यवहार सुधार ऐन २०३३ जारी गरियो । यस ऐनले विवाहलगायतका संस्कारमा फजुल खर्च, दाइजो, तडकभडकलगायतका विकृतिलाई नियन्त्रण गर्ने प्रयास गरेको थियो । तिलक (दाइजो लिनदिन नपाइने र यसरी लिने दिने कार्य गरेमा त्यस्तो गर्नेलाई बिगो जफत गरी १२ हजारदेखि २५ हजार रुपियाँसम्म जरिवाना वा ३० दिनसम्म कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था गरिएको थियो । समाजको आर्थिक सामाजिक अवस्थालाई व्यवस्थित गर्नका लागि देवानी र फौजदारी अपराध छुट्याई जनतालाई न्याय दिलाउने उद्देश्यले मुलुकी संहिता २०७४ लागु गरी कार्यान्वायनमा ल्याइएको छ । परम्परादेखि नै हाम्रो नेपालमा फरक फरक जाति, भाषा, धर्म र क्षेत्रअनुसारका चाडपर्व, जात्रा, नाच गान, वेशभूषाहरू प्रचलनमा रहेको पाइन्छ । समयअनुसार केही परिवर्तन भए पनि सबैले आआफ्नो संस्कृतिको पालना गर्दै मौलिक पहिचान कायम राखेको देखिन्छ ।

### क्रियाकलाप

१. आधुनिक कालको अर्थतन्त्र, कानुन र संस्कृति तथा कला कौशलका बारेमा थप अध्ययन सामग्रीहरूबाट खोजी गरी थप जानकारी लिनुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) पृथ्वीनारायण शाहको शासनकालमा राजा र जनताका बिचमा कस्तो सम्बन्ध रहेको थियो ? कुनै एउटा उदाहरण लेख्नुहोस् ।

(ख) राणा शासनलाई किन अन्धकारको समय भनिएको हो ? एक वाक्यमा लेख्नुहोस् ।

(ग) नेपाललाई कहिले धर्म निरपेक्ष राष्ट्र घोषणा गरियो ?

(घ) दास प्रथा र सती प्रथाको अन्त्य कहिले भएको थियो, मिति लेख्नुहोस् ।

(ङ) वि.सं. २०२० को मुलुकी ऐनमा समाज परिवर्तनका लागि भएको कुनै एउटा व्यवस्था उल्लेख गर्नुहोस् ।

(छ) नेपाली वास्तुकलामा पश्चिमेली शैली कहिले भित्रिएको थियो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) राणा शासनकालको कुनै पाँच आर्थिक क्रियाकलापहरू उल्लेख गर्नुहोस् ।

(ख) आधुनिक कालको संस्कृति र कला कौशलको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ग) वि.सं. २०४७ देखि पछिको कानुनी व्यवस्थाका बारेमा उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) लोकतन्त्र प्राप्ति पछिका आर्थिक र कानुनी उपलब्धिहरूको सूची बनाउनुहोस् ।

(ख) आधुनिक कालको संस्कृति कला र कौशलको व्याख्या गर्नुहोस् ।

### परियोजना कार्य

तपाईंको समुदायमा कुनै बौद्धिक तथा राजनीतिक कर्मी हुनुहुन्छ होला, उहाँलाई भेटी जनआन्दोलन २०६२/०६३ पछिको राजनीतिक अवस्थाका बारेमा सोधखोज गर्नुहोस् । उहाँबाट प्राप्त विचारलाई समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

प्रतिवेदनको नमुना

## जनआन्दोलन २०६२/०६३ पछिको राजनीतिक अवस्था

### १. परिचय

सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयमा परियोजना कार्य दिइएको छ । उक्त परियोजना कार्य सम्पन्न गर्नका लागि मैले मेरो समुदायमा हुनुभएका बौद्धिक तथा राजनीतिक कर्मीलाई भेटेँ । उहाँसँग २०६२/०६३ को जनआन्दोलन पछिको राजनीतिक अवस्थाका बारेमा विभिन्न प्रश्नावलीहरू निर्माण गरी सोधखोज गरेँ । उहाँबाट प्राप्त जानकारीलाई प्रतिवेदनका रूपमा प्रस्तुत गर्ने जमर्को गरेको छु ।

### २. अध्ययनको उद्देश्य

यस परियोजना कार्यको मुख्य उद्देश्य भनेको जनआन्दोलन २०६२/०६३ को बारेमा जानकारी हासिल गर्नु थियो भने विशेष उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

(क) जनआन्दोलन २०६२/०६३ ले प्राप्त गरेका प्रमुख उपलब्धिहरू पत्ता लगाउने

(ख) वि.सं. २०६२/०६३ पछिको राजनीतिक गतिविधिहरूको सफलता र असफलताका कारणहरू पहिचान गर्ने

### ३. अध्ययन विधि

उक्त परियोजना कार्य सम्पन्न गर्नका लागि निम्नअनुसारका विधिहरू अपनाइएको थियो :

(क) प्राथमिक स्रोत : समुदायमा हुनुभएका बौद्धिक तथा राजनीतिक कर्मीसँग लिइएको औपचारिक अन्तर्वार्ता

(ख) द्वितीय स्रोत : इन्टरनेटमा खोजी, इतिहासका पुस्तकको अध्ययन

### ४. पत्ता लगाइएका कुरा

मैले मेरो समुदायका समाजसेवी तथा राजनीतिकर्मी रामप्रसाद शर्मासँग लिइएको अन्तर्वार्ता वि.सं. २०६२/०६३ पछिको राजनीतिक गतिविधि, परिवर्तन तथा राजनीतिक अवस्थाका बारेमा केन्द्रित थियो । उक्त कुराकानीबाट प्राप्त जानकारीलाई मैले निम्नअनुसार प्रस्तुत गरेको छु :

१. जनआन्दोलन २०६२/०६३ को आन्दोलनलाई जनआन्दोलन भाग दुई पनि भनिने रहेछ भन्ने जानकारी प्राप्त भयो ।

२. यस आन्दोलन गरिनुको मुख्य कारण तत्कालीन राजा ज्ञानेन्द्रले प्रजातान्त्रिक संसदीय व्यवस्था माथि गरेको हमलाको विरोध जनाई संसद् पुनःस्थापना गर्नु थियो ।

३. यस आन्दोलन वि.सं. २०६२ चैत्र २४ बाट सुरु भई वि.सं. २०६३ वैशाख ११ सम्म भई वैशाख ११ मा लोकतन्त्रको स्थापनाको घोषणापछि अन्त्य भएको थियो ।

४. वि.सं. २०६३ वैशाख १५ मा प्रतिनिधि सभा पुन:स्थापनापछि बसेको पहिलो बैठकले संविधान सभाको चुनाव गर्ने घोषणा गरेको थियो ।

५. वि.सं. २०६३ जेठ ४ गते नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरियो ।

६. वि.सं. २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ घोषणा भयो ।

७. वि.सं. २०६३ चैत्र १८ गते माओवादीसहितको अन्तरिम सरकार गठन भयो ।

८. वि.सं. २०६४ चैत्र २८ गते पहिलो संविधान सभाको चुनाव सम्पन्न भयो र ने.क.पा. माओवादीको सरकार बन्यो ।

९. वि.सं. २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा भयो ।

१०. पहिलो संविधान सभाको म्याद २ वर्षको थियो । उक्त समयमा संविधान बन्न नसकेर पहिलो पटक दुई वर्ष फेरि दोस्रो पटक दुई वर्ष गरेर दुई म्याद थपियो तर चार वर्षमा पनि संविधान बन्न नसकी वि.सं २०६९ जेठ १४ गते संविधान सभा विगठन भयो ।

११. देशव्यापी रूपमा दबाब सिर्जना भएपछि प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा चुनावी सरकार गठन भयो र वि.सं. २०७० मसिर ४ गते संविधान सभाको गठन भयो र वि.सं. २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो ।

## ५. निष्कर्ष तथा सुझाव

जनआन्दोलन २०६२/०६३ लाई वास्तवमै नेपालको इतिहासमा महत्त्वपूर्ण मानिन्छ । यस आन्दोलनको उपलब्धिस्वरूप देशमा लोकतन्त्र/गणतन्त्रको स्थापना भयो । मेरो विचारमा जनआन्दोलन पछि घोषणा भएका धर्म निरपेक्षता, सङ्घीयता, गणतन्त्र जस्ता राजनीतिक उपलब्धिहरूलाई सिधै सहमतीमा घोषणा गर्नुभन्दा जनमत सङ्ग्रहबाट निर्धारण गरेको भए अझ राम्रो हुने थियो कि जस्तो लाग्छ । पहिलो संविधान सभाले संविधान दिन नसकेता पनि दोस्रो संविधान सभाले संविधान जारी भयो र यो संविधान जनताको इच्छा, आकांक्षाअनुसारको भएकाले यस संविधानलाई जनताको संविधान भनिन्छ । संविधानले जनताको हक हितको संरक्षण र संवर्धन गर्नुका साथै तीन तहको सरकार र जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने व्यवस्था गरेको छ । यसलाई अत्यन्त राम्रो उपलब्धिका रूपमा लिन सकिन्छ ।

एकाइ ७

# सामाजिक पहिचान र विविधता

१. समाजमा वर्गको अवधारणा र वर्ग विभाजनका आधार बताउन एवम् वर्ग र समाजिक रूपान्तरणबिचको पहिचान गर्न

२. लैङ्गिक र अपाङ्गताका विविध पक्षहरूको पहिचान गर्न

३. धार्मिक तथा क्षेत्रीय पहिचानको परिचय र अवधारणा उल्लेख गर्न

४. समावेशीकरणका माध्यमबाट समतामूलक समाज निर्माणका उपायहरू खोजी गर्न



## पाठ १ सामाजिक वर्ग, वर्ग विभाजन र सामाजिक रूपान्तरण

ढुङ्गे युगमा मानिसको स्तर र जीवनशैली एकै प्रकारको थियो । त्यसैले सामाजिक वर्ग अस्थित्वमा थिएन जब मानिसमा स्थायी बसोबास, कृषि, उद्योग व्यापारको विकास भयो त्यसपछि सामाजिक वर्गको निर्माण हुन थाल्यो । यसरी हेर्दा विभिन्न पेसा, उमेर, लिङ्ग, धर्म, संस्कृति आर्थिक हैसियत आदिका आधारमा विभाजित मानिसको समूहलाई नै सामाजिक वर्ग भन्न सकिन्छ । सामाजिक वर्ग शब्दको प्रयोग सबैभन्दा पहिले जर्मन अर्थशास्त्री कार्ल मार्क्सले उन्नाइसौँ शताब्दीमा गरेका हुन् । उनले समाजमा बुर्जुवा र सर्वहारा गरी दुई वर्ग हुन्छन् भनेका थिए । जसमा बुर्जुवा भनेको उच्च वर्ग हो र सर्वहारा भनेको निम्न वर्ग हो । त्यस्तै अर्का अर्थशास्त्री गिन्डसले सामाजिक वर्गको निर्माण आर्थिक स्तरका आधारमा हुने उल्लेख गरेका छन् । वर्ग विभाजनका सम्बन्धमा फरक फरक अर्थशास्त्रीहरूको फरक फरक मत रहेको पाइन्छ । कुनै पनि समाजमा एउटै किसिमका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक स्तर वा मानव जीवनयापन हुँदैन । सामान्यतया समाजमा तीन वर्गका मानिस बसोबास गर्छन् । पुँजीपति, उद्योगपती, व्यवसायीहरू उच्च वर्गमा पर्छन् । अर्थात समाजमा शक्ति, इज्जत, र सम्पत्ति भएकाहरूलाई उच्च वर्गका रूपमा मान्यता दिएको पाइन्छ । त्यस्तै कर्मचारी, प्राध्यापक, शिक्षक, वकिल आदि मध्यम वर्गमा पर्छन् । यिनीहरूको शैक्षिक हैसियत राम्रो हुन्छ । दैनिक व्यावहारिक समस्याहरू पनि सजिलै समाधान गर्न सक्छन् तर पनि उच्च वर्गको अधिनस्थ सहनु परेको हुन्छ र आर्थिक सञ्चय पनि प्रशस्त मात्रामा हुँदैन । समाजमा अर्का एक थरी वर्ग हुन्छन् । उनीहरू शिक्षा र धन दुवै किसिमबाट कमजोर हुन्छन्, जस्तै: ज्यामी, मजदुर, किसान आदि जो आर्थिक वा सामाजिकलगायतका विविध पक्षमा कमजोर हुन्छन् तिनीहरूलाई निम्न वर्गका रूपमा लिइएको हुन्छ ।

त्यसैले विभिन्न आधारमा वर्ग विभाजन गरिएको हो । वर्ग विभाजनका केही आधारहरूका सम्बन्धमा यहाँ प्रस्तुत गरिएको छ ।

### वर्ग विभाजनका आधार

(क) शक्ति : शक्ति भन्नाले राजनीतिक शक्ति भन्ने बुझिन्छ । यस आधारमा समाजमा शासक र शासित गरी दुई वर्गमा विभाजित हुन्छन् ।

(ख) इज्जत र सम्मान : इज्जत र सम्मानका आधारमा पनि समाजमा वर्ग विभाजन भएको हुन्छ । समाजमा एक थरी समूह उच्च कुलका वा सम्भ्रान्त वर्गका हुन्छन् तिनीहरूलाई समाजले नै इज्जत र सम्मान दिने गर्दछ । भने अर्का थरी समूह अपहेलित भएका निम्न आर्थिक सामाजिक स्तरका हुन्छन् ।

(ग) सम्पत्ति : समाजमा प्रशस्त सम्पत्ति भएका समूहलाई धनी र बिहान बेलुकाको छाक टार्नकै लागि सङ्घर्ष गर्नुपर्ने वर्गलाई गरिब भनिन्छ । धनीहरू सम्पन्न र विलासी जीवन बिताउँछन् भने गरिब वर्गका मानिस निम्न स्तरको जीवनयापन गरिरहेका हुन्छन् ।

(घ) पेसा : पेसाका आधारमा पनि समाजमा वर्ग विभाजन भएको देखिन्छ । शारीरिक परिश्रम गर्नुपर्ने र नपर्ने पेसा, त्यस्तै राम्रो आम्दानी हुने र नहुने पेसा आदिका आधारमा पनि वर्ग विभाजन भएको देखिन्छ ।

(ङ) शिक्षा : शिक्षा पनि वर्ग विभाजनको मुख्य आधार हो, जस्तै: शिक्षित जनशक्ति र अशिक्षित जनशक्तिले गर्ने काम, व्यवहार, बोलिचाली आदि फरक फरक हुन्छन् । त्यसैले समाजमा शिक्षामा पहुँच भएका र शिक्षा हाँसिल गरेका मानिस शिक्षित वर्गमा पर्दछन् भने शिक्षामा पहुँच नहुने र शिक्षा हाँसिल नगरेका मानिस अशिक्षित वर्गमा पर्दछन् ।

(च) जाति : समाजमा जातीय आधारमा पनि वर्ग विभाजन गरेको पाइन्छ । समाजले उच्च जाति र निम्न जाति भनी छुट्याएर वर्ग विभाजन गरेको पाइन्छ ।

(छ) पद : राज्यका उच्च ओहोदाका पदाधिकारीहरू र कर्मचारीहरूलाई उच्च वर्गका रूपमा लिइन्छ र सोही अनुसारको मान सम्मान इज्जत दिइन्छ । त्यस्तै तल्ला पदहरूमा कार्यरत कर्मचारीलाई निम्न वर्गको हैसियतमा राखिन्छ र व्यवहार पनि सोहीबमोजिम गरेको पाइन्छ ।

## सामाजिक रूपान्तरण

मानिसका जीवनका सामाजिक सांस्कृतिक, आर्थिक तथा राजनीतिक पक्षमा पुर्नसंरचना हुनुलाई नै सामाजिक रूपान्तरण भनिन्छ । कार्ल माक्सका अनुसार सामाजिक वर्गहरूबिचको द्वन्द्व नै सामाजिक रूपान्तरणको आधार हो । माक्सका अनुसार उच्च वर्ग र तल्लो वर्गका बिचमा आपसमा द्वन्द्व भइरहन्छ । यही वर्ग सङ्घर्षकै कारण समाज रूपान्तरण हुन्छ । विश्व परिवर्तनशील र गतिशील अवस्थामा रहेको छ । वर्तमान समय विज्ञान र प्रविधिको युग भएकाले हिजो असम्भव भन्ने हरेक कुराहरू आज सम्भव भएका छन् । त्यसैले सामाजिक तथा आर्थिक विकासका लागि सामाजिक रूपान्तरण अति आवश्यक तत्त्व हो । नेपालमा पहिलो संविधान सभाको निर्वाचन पछि यो सबालमा अत्याधिक बहस भएको थियो । जबसम्म समाजमा वर्ग विभाजनका आधारहरू सक्रिय रहन्छन् तबसम्म सामाजिक रूपान्तरणको गतिले उचाई लिन सक्दैन ।

नेपालमा प्राचीनकालदेखि नै सामाजिक रूपान्तरणका लागि विभिन्न प्रयास हुँदै आएका छन् । लिच्छविकालमा राजा मानदेव र अंशुवर्माले समाज सुधारका लागि विभिन्न कार्यहरू गरेको भनी इतिहासमा पढ्न पाइन्छ । राणा शासनकालमा चन्द्र शमशेरका पालामा सती प्रथा र दास प्रथाको अन्त्य हुनु पनि सामाजिक रूपान्तरणकै रूपमा लिन सकिन्छ । वि.सं. २०२० को मुलुकी ऐनले छुवाछुत, बालबिवाह, बहुविवाह, अनमेल विवाह आदिलाई गैरकानुनी घोषित गरी दण्डनीय बनाए । त्यस्तै विधवा विवाहलाई कानुनी मान्यता दिइएको थियो । यस व्यवस्थाले जातीय उत्थान र महिला सशक्तीकरणमा मदत पुगेको थियो । वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको पुर्नस्थापना पश्चात सामाजिक रूपान्तरणका लागि थुप्रै कामहरू भएका देखिन्छन् । नेपाल अधिराज्यको संविधान २०४७ ले छुवाछुत विरुद्धको हकलाई मौलिक हकका रूपमा समावेश गरेको थियो । वि.सं. २०५६ सालमा नेपाल सरकारले कमैया मुक्तिको घोषणा गऱ्यो । दोस्रो जनआन्दोलन २०६२/०६३ पछि अन्तरिम संविधान २०६३ जारी भयो । उक्त संविधानमा सामाजिक रूपान्तरणका लागि समावेशीता तथा समतामूलक समाज निर्माणका लागि कानुनी आधार तय

गरेको थियो, जस्तैः राज्यको मूल धारबाट बञ्चित रहेका वर्ग, जाति, लैङ्गिक वा अल्पसङ्ख्यकलाई मूल धारमा समेट्ने कुरा नेपालको संविधानमा नै उल्लेख गरिएको छ । त्यस्तै महिला, जनजाति, दलित, अपाङ्ग तथा मधेसी समुदायकालाई आरक्षणको व्यवस्था गरिएको छ । राज्यका हरेक तह र तप्कामा समान प्रतिनिधित्व सुनिश्चित गरिएको छ । त्यस्तै छुवाछुत तथा जातीय भेदभाव अन्त्य गर्नका लागि विभिन्न कानुनी व्यवस्थाहरू गरिनुका साथै छुवाछुत विरुद्धको हक मौलिक हकमा व्यवस्था गरिएको छ । यिनै व्यवस्थाहरूलाई नेपालको संविधानमा पनि निरन्तरता दिएको देखिन्छ । यस्ता व्यवस्थाहरूले पनि सामाजिक रूपान्तरणका लागि थप योगदान पुऱ्याएका छन् । पन्ध्रौं पञ्चवर्षीय योजनामा पनि समृद्ध नेपाल सुखी नेपालीको मुल नारासहित गरिबी निवारण र आर्थिक सामाजिक समानतासहितको न्यायपूर्ण समाज निर्माण गर्ने भन्ने कुरा उल्लेख गरिएको छ । राज्यले ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको छ । त्यसैले समयसापेक्ष समाजमा विद्यमान सामाजिक अन्धविश्वास, असमानता, विभेद जस्ता कुराहरूमा परिवर्तन पनि गर्दै जानुपर्छ । यसका लागि व्यक्ति, समाज र राज्य सबैका तर्फबाट समान प्रयत्न जरुरी हुन्छ ।

वर्तमान विश्वको कुरा गर्ने हो भने विश्वव्यापीकरण, सूचना प्रविधिको विकास, औद्योगिकीकरण, अग्रगामी राजनीति, शैक्षिक विकास, चेतनाको विकास आदि कारणहरूले सामाजिक रूपान्तरणमा मदत पुगेको देखिन्छ । आम गरिबी, बेरोजगारी, शोषण, विभेद, असमानता, मानव अधिकार हनन आदि जस्ता समाज विकासका बाधक तत्त्वहरूका कारणले सामाजिक रूपान्तरणमा बाधा उत्पन्न भएको देखिन्छ । यस्ता बाधक तत्त्वहरूलाई हटाउनका लागि शान्ति, मानव अधिकार, समानता, भातृत्व, सहिष्णुता र विभेदरहित समाज निर्माणमा जोड दिनुपर्छ । अबको सामाजिक रूपान्तरण सामाजिक समावेशिता, समानता, सहअस्थित्व विकासका लागि हुनुपर्छ ।

### क्रियाकलाप

१. तपाईंको समाजमा सामाजिक रूपान्तरणका लागि के कस्ता प्रयास भएका छन् ? खोजी गरी लेख्नुहोस् ।

२. सामाजिक रूपान्तरणमा तपाईं र तपाईंको परिवारले पुऱ्याउन सक्ने योगदान के के हुन सक्छन् बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

### अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) सामाजिक वर्ग भनेको के हो ?

(ख) वर्ग विभाजनका कुनै दुई आधारको नाम लेख्नुहोस् ।

(ग) नेपालमा सामाजिक रूपान्तरणका लागि भएका कुनै दुई प्रयास उल्लेख गर्नुहोस् ।

(घ) सामाजिक रूपान्तरणमा प्रभाव पार्ने कुनै दुई तत्त्व के के हुन सक्छन् ?

छोटा उत्तर आउने प्रश्नहरू

(क) सामाजिक वर्ग भन्नाले के बुझिन्छ ? वर्ग विभाजनका आधारको व्याख्या गर्नुहोस् ।

(ख) समाजमा वर्ग विभाजनका कारणले पर्ने असर उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा सामाजिक रूपान्तरणका लागि भएका कुनै पाँच प्रयास उल्लेख गर्नुहोस् ।

(घ) नेपालमा सामाजिक रूपान्तरणका लागि भएका कानुनी व्यवस्था लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सामाजिक रूपान्तरणले पार्ने सकारात्मक र नकारात्मक असर उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा सामाजिक रूपान्तरणका लागि भएका प्रयास उल्लेख गर्नुहोस् ।

## पाठ २ धार्मिक तथा क्षेत्रीय पहिचान र समावेशीकरण

### धार्मिक पहिचान

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगोलिक विविधतायुक्त पहिचान बोकेको मुलुक हो । विविधताबिचको एकता भन्ने नेपालको पहिचान बनिसकेको छ । हाम्रो देशमा विभिन्न धर्म र संस्कृतिलाई मान्ने सम्प्रदायहरू बसोबास गर्छन् । तर कहिल्यै पनि एक धर्म र अर्को धर्म मान्ने सम्प्रदायहरूका बिचमा लडाइँ झगडा भएको छैन । धर्मको आधारमा हेर्दा प्राचीन कालदेखि नै नेपालमा धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ भन्ने प्रशस्त प्रमाणहरू हामी इतिहासको अध्ययनबाट पाउन सक्छौँ । एक धर्म मान्ने व्यक्तिले अर्को धर्म मान्ने व्यक्तिलाई सम्मान गर्ने वा समभाव राख्ने सभ्यतालाई धार्मिक सहिष्णुता भनिन्छ । नेपालीहरू धर्म, संस्कृति र परम्परामा विश्वमै धनी मानिन्छन् । हाम्रो धर्म, संस्कृति र परम्परा हाम्रा पुर्खाहरूले हामीलाई दिएर गएको सबैभन्दा ठुलो पहिचान हो । हामीले यस्ता पहिचानप्रति गर्व गर्न सक्नुपर्छ । विभिन्न जातजातिको सुन्दर फूलबारीका रूपमा परिचित हाम्रो देश नेपाल धर्म र संस्कृतिमा विश्वकै उदाहरणीय देश मध्येमा पर्छ । नेपालको मिश्रित समाज र हरेक जातजातिको आफ्नै छुट्टै पहिचान, धर्म, परम्परा, संस्कृति र एक सम्प्रदायले अर्को सम्प्रदायको धर्म, संस्कृतिप्रति गर्ने सम्मान र माया नै हाम्रो उदाहरणीय पहिचान हो । हाम्रो राष्ट्रिय गानमा समेटिएको सयौँ थुङ्गा फूलका हामी एउटै माला नेपाली भन्ने पङ्क्तिले पनि हाम्रो धार्मिक सहिष्णुतालाई देखाउँछ । नेपालको विशेषता र पहिचानको रूपमा रहेको धार्मिक सहिष्णुतालाई अझै मजबुत पार्ने कार्यमा सबै सजग रहनु पर्छ । संस्कृति र धर्म एक अर्काका परिपुरक भएका हुँदा धार्मिक पले सद्भाव कायम गरी हाम्रो विशेष पहिचानलाई अझै उचाइमा पुऱ्याउनु हामी सबैको साझा कर्तव्य पनि हो ।

धार्मिक पहिचान भन्नाले आफ्नो धर्म निर्वाध रूपले मान्न पाउने, आफ्नो धर्मअनुसार संस्कारहरूको अभ्यास गर्न पाउने र धर्मका आधारमा आफ्नो पहिचान कायम राख्न पाउने अधिकार भन्ने बुझिन्छ । नेपालमा वि.सं. २०६८ को जनगणनाअनुसार १० ओटा धार्मिक सम्प्रदाय रहेका देखिन्छन् । हिन्दु, बौद्ध, इस्लाम, इसाई, किराँत, जैन, शिख, बोन, बहाई आदि धर्म मान्ने मानिस रहेको कुरा तथ्याङ्कले देखाएको छ । यसबाट पनि नेपाली समाज धार्मिक विविधतामा आधारित समाज हो भन्न सकिन्छ ।


नेपालको संविधानले पनि धार्मिक पहिचान कायम राख्नका लागि विशेष व्यवस्था गरेको छ । जुनसुकै धर्म मान्ने नागरिक भए तापनि नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने, पेसा रोजगार गर्ने, उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्न पाउने स्वतन्त्रता मौलिक हकका रूपमा उल्लेख गरिएको छ । कुनै पनि धर्ममा आस्था राख्ने हरेक नागरिकलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता प्रदान गरिएको छ । प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुने व्यवस्था गरिएको छ । कसैको धर्म परिवर्तन गराउने वा अर्काका धर्ममा खलल पर्ने कार्यलाई दण्डनीय मानिएको छ । नेपाल सरकारले वि.सं. २०६३ जेठ ४ गते धर्म निरपेक्ष राज्य घोषणा गरेको छ । नेपालको वर्तमान संविधानमा पनि राज्यको परिभाषाअन्तर्गत "नेपाल स्वतन्त्र,

अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो ।" भनी उल्लेख गरिएको छ । नेपालको संविधानमा धर्म निरपेक्ष भन्नाले "सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ ।" भनी उल्लेख गरिएको छ । यसको आधारमा राज्यबाट नै सबै धर्मलाई समान व्यवहार गर्ने र आफ्नो धर्मअनुसारको संस्कारहरू अभ्यास गर्न पाउने अधिकारको सुनिश्चितता गरिनुलाई धर्म निरपेक्षता भन्न सकिन्छ ।

### क्षेत्रीय पहिचान

क्षेत्रीय पहिचान भन्नाले कुनै निश्चित क्षेत्र वा स्थानीय पहिचान भन्ने बुझिन्छ । कुनै पनि क्षेत्रसँग सम्बन्धित विशेषताहरू वा गौरव वा उक्त क्षेत्रलाई चिनाउने विशेष कुराहरू नै त्यो क्षेत्रको पहिचान हो । नेपालमा विभिन्न भौगोलिक तथा प्रशासनिक क्षेत्रहरू रहेका छन् । ती क्षेत्रहरूले आआफ्नै छुट्टै पहिचान बोकेका छन् र मौलिक विशेषताहरू रहेका छन् । भौगोलिक विभाजनको आधारमा नेपाललाई हिमाली, पहाडी र तराई क्षेत्रमा विभाजन गरिएको छ ।

#### (क) हिमाली क्षेत्र




नेपालको उत्तरी भेगलाई हिमाली क्षेत्र भनिन्छ । हिमाली क्षेत्रले नेपालको कुल क्षेत्रफलको १५ प्रतिशत भुभाग ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार हिमाली क्षेत्रमा बसोबास गर्ने मानिसहरूको सङ्ख्या ६.०९ प्रतिशत रहेको छ । हिमाली क्षेत्रमा शेर्पा, थकाली, डोल्पो, मुगाली भोटे आदि जातका मानिस सोबास गरेका छन् । ठण्डा हावापानी, कम उर्वर भूमि, कष्टकर जनजीवन आदि यस क्षेत्रका विशेषता हुन् । जटीबुटी सङ्कलन, पशुपालन, स्याउ खेती र पर्यटन व्यवसाय यहाँका प्रमुख आर्थिक क्रियनाकलाप हुन् ।

#### (ख) पहाडी क्षेत्र

नेपालको कुल भूभागको ६८ प्रतिशत भूभाग पहाडी क्षेत्रले ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार पहाडी क्षेत्रमा बसोबास गर्ने मानिसको सङ्ख्या ४०.२५ प्रतिशत रहेको छ । ब्राम्हण, क्षेत्री, राई, लिम्बु, मगर, गुरुङ, तामाङ, नेवार आदि पहाडी क्षेत्रमा बसोबास गर्ने मुख्य जातजातिहरू हुन् । कृषि, उद्योग, व्यापार र सेवा क्षेत्र यहाँका आर्थिक क्रियाकलाप हुन् । पछिल्लो समयमा वैदेशिक रोजगारीमा जानेहरूको सङ्ख्या पनि बढ्दै गएको देखिन्छ ।

## (ग) तराई क्षेत्र

तराई क्षेत्रले नेपालको कुल क्षेत्रफलको १७ प्रतिशत भूभाग ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार तराई क्षेत्रमा बसोबास गर्ने मानिसको सङ्ख्या ५३.६६ प्रतिशत रहेको छ । तराईमा खेती योग्य जमिन प्रशस्त मात्रामा रहेकाले र प्रशस्त खाद्यान्न उत्पादन हुने कारणले तराईलाई नेपालको अन्नको भण्डार पनि भनिन्छ । यहाँको जनघनत्व पनि अन्य क्षेत्रको तुलनामा धेरै रहेको छ । यहाँ प्रशस्त खाद्यान्न र नगदेबालीलगायत तेलहन, दलहन, आँप, केरा, कटहरलगायतका फलफूलहरू प्रशस्त उत्पादन हुन्छन् । तराई क्षेत्रमा उद्योग र व्यापार पनि फस्टाएको देखिन्छ ।

देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा विभाजन भएपछि सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहका सरकार रहेका छन् । कोसी प्रदेश, मधेस प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बीनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश गरी सात प्रशासनिक प्रदेशमा विभाजन गरिएको छ ।




(क) मधेस प्रदेश : मधेस प्रदेशमा १४ ओटा जिल्ला रहेका छन् । यस प्रदेशले नेपालको कुल भूभागको १७.६ प्रतिशत भूभाग ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार प्रदेश नं. १ मा बसोबास गर्ने मानिसको सङ्ख्या १७.०३ प्रतिशत रहेको छ । यस प्रदेशको राजधानी विराटनगर हो । यस प्रदेशमा हिमाली, पहाडी र तराई तीनओटै क्षेत्रको भूभाग पर्छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला ताप्लेजुङ हो भने सबैभन्दा सानो जिल्ला तेह्रथुम हो । सगरमाथा र कञ्चनजङ्घा हिमाल, चिया बगान आदि यस प्रदेशका मुख्य पहिचान हुन् ।

(ख) मधेस प्रदेश : मधेस प्रदेशमा आठओटा जिल्ला रहेका छन् । यस प्रदेशले तराई क्षेत्रको भूभाग मात्र ओगटेको छ । यस प्रदेशले नेपालको कुल भूभागको ६.५ प्रतिशत भूभाग ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार मधेस प्रदेशमा बसोबास गर्ने मानिसको सङ्ख्या २०.९९ प्रतिशत रहेको छ । यस प्रदेशको राजधानी जनकपुर हो । यो प्रदेशमा तराईका जिल्लाहरू मात्र रहेका छन् । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला सप्तरी र सबैभन्दा सानो जिल्ला महोत्तरी हो । जनकपुर धाम र अन्नको भण्डार, मैथिली भाषा र संस्कृति, भोजपुरी भाषा र संस्कृति आदि मधेस प्रदेशका मुख्य पहिचान हुन् ।

(ग) बाग्मती प्रदेश

यस प्रदेशमा नेपालको राजधानी काठमाडौँ रहेको छ । यस प्रदेशले नेपालको कुल भूभागको १३.८ प्रतिशत भूभाग ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार बाग्मती प्रदेशमा बसोबास गर्ने मानिसको सङ्ख्या २०.८४ प्रतिशत रहेको छ । बाग्मती प्रदेशमा १३ ओटा जिल्ला रहेका छन् । यस प्रदेशको राजधानी हेटौँडा हो । यस प्रदेशमा हिमाली, पहाडी र तराई तीनओटै क्षेत्रको भूभाग पर्छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला सिन्धुपाल्चोक हो भने सबैभन्दा सानो जिल्ला भक्तपुर हो । नेपालको सङ्घीय राजधानी र पशुपतिनाथ बाग्मती प्रदेशका मुख्य पहिचान हुन् ।

(घ) गण्डकी प्रदेश

यस प्रदेशले नेपालको कुल भूभागको १३.८ प्रतिशत भूभाग ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार बाग्मती प्रदेशमा बसोबास गर्ने मानिसको सङ्ख्या २०.८४ प्रतिशत रहेको छ । गण्डकी प्रदेशमा ११ ओटा जिल्ला रहेका छन् । यस प्रदेशको राजधानी कास्कीको पोखरा हो । यस प्रदेशमा हिमाली, पहाडी र तराई तीनओटै क्षेत्रको भूभाग पर्छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला गोरखा हो भने सबैभन्दा सानो जिल्ला पर्वत हो । पर्यटकीय नगरी पोखरा, मुक्तिनाथ आदि गण्डकी प्रदेशका मुख्य पहिचान हुन् ।

(ङ) लुम्बिनी प्रदेश

यस प्रदेशले नेपालको कुल भूभागको १५.१ प्रतिशत भूभाग ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार लुम्बिनी प्रदेशमा बसोबास गर्ने मानिसको सङ्ख्या १७.५५ प्रतिशत रहेको छ । लुम्बिनी प्रदेशमा १२ ओटा जिल्ला रहेका छन् । यस प्रदेशको राजधानी दाङको भालुवाङ हो । यस प्रदेशमा पहाडी र तराई क्षेत्रको भूभाग रहेको छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला दाङ् हो भने सबैभन्दा सानो जिल्ला नवलपरासी वर्दघाट सुस्ता पश्चिम हो । गौतम बुद्धको जन्म स्थल लुम्बिनी, तराईको अन्नको भण्डार लुम्बिनी प्रदेशका मुख्य पहिचान हुन् ।

(च) कर्णाली प्रदेश

यस प्रदेशले नेपालको कुल भूभागको १९ प्रतिशत भूभाग ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार कर्णाली प्रदेशमा बसोबास गर्ने मानिसको सङ्ख्या ५.८१ प्रतिशत रहेको छ । कर्णाली प्रदेशमा १० ओटा जिल्ला रहेका छन् । यस प्रदेशको राजधानी सुर्खेत जिल्लाको विरेन्द्रनगर हो । यस प्रदेशमा हिमाली र पहाडी क्षेत्रको भूभाग रहेको छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला डोल्पा हो भने सबैभन्दा सानो जिल्ला रुकुम पश्चिम हो । जडीबुटी र सिँजा सभ्यता कर्णाली प्रदेशका मुख्य पहिचान हुन् ।

(छ) सुदूरपश्चिम प्रदेश

यस प्रदेशले नेपालको कुल भूभागको १३.३ प्रतिशत भूभाग ओगटेको छ । वि.सं. २०७८ को जनगणनाअनुसार सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने मानिसको सङ्ख्या ९.२९ प्रतिशत रहेको छ । सुदूरपश्चिम प्रदेशमा ९ ओटा जिल्ला रहेका छन् । यस प्रदेशको राजधानी कैलाली जिल्लाको गोदावरी हो । यस प्रदेशमा हिमाली, पहाडी र तराई तीनओटै क्षेत्रको भूभाग पर्छ । यस प्रदेशको सबैभन्दा ठुलो जिल्ला डोल्पा हो भने सबैभन्दा सानो जिल्ला रुकुम पश्चिम हो । महाकाली नदी र देउडा संस्कृति आदि सुदूपश्चिम प्रदेशका मुख्य पहिचान हुन् ।

## समतामूलक समाज

समतामूलक समाजलाई पनि धेरैले समावेशी समाज जस्तै नै हो भन्ने गरेको पाइन्छ तर समतामूलक समाज समावेशी समाजभन्दा एकस्तर माथिको समाज हो । सामाजिक सांस्कृतिक, आर्थिक, कानुनी, वातावरणीय क्षेत्र र विकासमा जनताको आधिकार र पहुँच विस्तार गर्दै उपलब्ध स्रोतमाथि जनताको समान सहभागिता सुनिश्चित गर्न सक्यो भने समतामूलक समाज निर्माणमा मदत पुग्छ । राज्य निर्माणमा सबै नागरिकले समान योगदान दिन सकुन्, कसैले पनि अपहेलित र पछिडिएको महसुस गर्न नपरोस् भन्ने दृष्टिकोण राखि राज्य संयन्त्रलाई पूर्ण रूपमा नागरिकमैत्री बनाई समानताको भावना अभिवृद्धि गर्नु नै समतामूलक समाजको मुख्य आशय हो । समतामूलक समाज भनेको समुन्नत, सभ्य र विकसित समाज हो । लोक कल्याणकारी राज्य तथा समाजलाई हामी समतामूलक समाज भन्न सक्छौं । यस्तो समाजमा शान्ति, अमनचयन, सुव्यवस्था, सुशासन, समावेशीकरण, मानव अधिकार तथा सामाजिक न्यायको प्रत्याभूत हुन्छ । समाजका प्रत्येक सदस्यहरूप्रति समानतापूर्वक तथा विभेदरहित व्यवहार गरी सहकार्य र सहयोगको माध्यामबाट न्याय र नैतिकतामा आधारित रहेर सबैको समान पहुँच स्थापित गर्न सकेमा मात्र समतामूलक समाजको जग बसाल्न सकिन्छ ।

## समतामूलक समाज निर्माणका आधार

### (क) समावेशीकरण

विभिन्न अवसरबाट पछाडि परेका वा पारिएका वा विकासको मूल धारबाट बञ्चित वर्गलाई राज्यको मूल धारमा समाहित गर्ने प्रक्रियालाई समावेशीकरण भनिन्छ । नेपालमा लोकतन्त्रको स्थापनापछि राष्ट्रका सम्पूर्ण नागरिकहरूलाई विभिन्न अवसर र स्रोतहरूमा समान पहुँच प्रदान गर्ने उद्देश्यले समावेशिताको अवधारणाको विकास भएको हो । समावेशिताले नागरिकमा राष्ट्रपति प्रेमभाव विकास गर्न र देश विकासमा सहभागी हुन प्रेरित गर्छ । नेपालको संविधानले समावेशितालाई उच्च प्राथमिकतामा राख्दै हरेक क्षेत्र, लिङ्ग, वर्ग, जाति, जनजाति तथा अल्पसङ्ख्यक समुदायको समान सहभागिताको सुनिश्चितता गरेको छ । सामाजिक रूपले पछाडि परेका सबै समुदायलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा समान सहभागिताको व्यवस्था गरिएको छ । निजामती कर्मचारी, सेना, प्रहरी, शिक्षकलगायतका सरकारी सेवा आदिमा महिला, जनजाति, दलित, अपाङ्गता भएका, मधेसी समुदाय र पिछडिएको क्षेत्र आदिलाई आरक्षण

कोटाको व्यवस्था गरिएको छ। सामाजिक आर्थिक रूपले पछाडि परेका वा पारिएका डोल्पा, हुम्ला, जाजरकोट, कालिकोट, जुम्ला, बझाङ, अछाम र बाजुरा जिल्लालाई पिछडिएको क्षेत्र घोषणा गरी सेवा सुविधा प्रदान गरिएको छ । त्यस्तै नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकार प्रदान गरिएको छ। आदिबासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति गरिएको छ । त्यस्तै आफ्नो समुदायसँग सरोकार राख्ने कुनै पनि निर्णयमा सहभागी हुन पाउने व्यवस्था गरिएको छ । आफ्ना नागरिकलाई सामाजिक सुरक्षा प्रदान गर्नका लागि जेष्ठ नागरिक, अपाङ्गता, एकला महिला आदिलाई भत्ताको व्यवस्था गरिएको छ । संवैधानिक अङ्गका रूपमा समावेशी आयोग, दलित आयोग, मधेसी आयोग, महिला आयोग, थारु आयोग र मुस्लिम आयोगको व्यवस्था गरिएको छ । महिला र पुरुष दुवैलाई पारिश्रमिकमा समानताको व्यवस्था गरिएको छ । त्यस्तै युवा वर्गलाई तालिम तथा स्वरोजगार कार्यक्रमको सञ्चालन गरिएको छ । दलित तथा जनजातिलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ। छुवाछुत, कमैया, हलिया, कमलरी, देउकी, झुमा, छाउपडीलगायतका कुप्रथाको अन्त्यका लागि कानुनी व्यवस्था र विशेष कार्यक्रमहरू सञ्चालन गरिएका छन् । श्रमिकको हक हित संरक्षणका लागि न्यूनतम ज्यालाको निर्धारण गरिएको छ।

### (ख) सशक्तीकरण

पिछडिएका वर्ग वा जातिलाई अगाडि बढ्नका लागि दिइने हौसला वा प्रेरणालाई सशक्तीकरण भनिन्छ । जबसम्म समाजमा पछिडिएका र अवसरबाट वञ्चित वर्ग तथा जातिका मानिसलाई अगाडि बढ्ने मौका प्रदान गर्न सकिँदैन तबसम्म समतामुलक समाज निर्माण हुन सक्दैन । त्यसैले साक्षरता, शिक्षा, सिपमुलक तालिम, सहुलियत ऋण सुविधा आदि प्रदान गरेर सशक्तीकरणमा जोड दिनुपर्छ।

### (ग) मूल प्रवाहीकरण

देशको विकासका लागि देशमा बसोबास गर्ने सबै नागरिकहरूको जीवनस्तरमा सुधार हुनुपर्छ । यसका लागि देशमा आर्थिक तथा सामाजिक रूपले पछाडि परेका वा पारिएका वर्गलाई मूलधारमा समाहित गर्नुपर्छ । त्यसैले नेपालको संविधानले सामाजिक न्यायको सिद्धान्तअनुसार सकारात्मक विभेदको नीति लिएको छ र सबै पिछडिएका वर्ग तथा जातिलाई उत्थान गर्नका लागि आरक्षण कोटाको व्यवस्था समेत गरिएको छ।

### (घ) रोजगारमूलक लक्षित कार्यक्रम

रोजगार जनताको जीवन जिउने आधार हो। त्यसैले निम्न आर्थिक अवस्था भएका लक्षित समूहका लागि विशेष किसिमका रोजगारका कार्यक्रम ल्याइनुपर्छ। यसरी लक्षित समूहका लागि रोजगार प्रदान गर्न सकियो भने उनीहरूको जीवनस्तरमा वृद्धि गर्न सकिन्छ र समतामूलक समाज निर्माणमा मदत पुग्छ। रोजगार भनेको

पिछडिएका क्षेत्र, जाति, लिङ्ग र आर्थिक पछौटेपन भएका वर्गहरूलाई मुलधारमा ल्याउने उत्तम उपाय हो । यसले उनीहरूको आर्थिक अवस्थामा सुधार आई शसक्तीकरणमा मदत पुग्छ ।

### (ङ) सहज र न्यायोचित पहुँचको सुनिश्चितता

समाजमा धनी र गरिब गरी दुई वर्ग हुन्छन् । राज्यले कसैलाई काखा कसैलाई पाखा नगरीकन उपलब्ध स्रोत साधनको न्यायोचित वितरण गर्नुपर्छ । धनी र गरिबबिचको खाडल कम गर्नका लागि सहज र न्यायोचित पहुँचको सुनिश्चतता गर्नुपर्छ । जातीय, भाषिक, लैङ्गिक, शारीरिक अवस्था एवम् आर्थिक कारणले पछाडि परेका वर्गलाई मूल धारमा समाहित गर्ने एउटा महत्त्वपूर्ण उपाय भनेको सहज र न्यायोचित पहुँचको सुनिश्चितता हो ।

### (च) सुशासन

सुशासन भनेको असल शासन हो । सुशासन बिना समतामुलक समाज निर्माणको परिकल्पना निरर्थक हुन्छ । सुशासनले भ्रष्टाचार नियन्त्रण हुन्छ । पदीय जिम्मेवारी पाएका व्यक्तिमा पारदर्शिता तथा जवाफदेहिताको भावना हुन्छ । नागरिकमा राज्यप्रति अपनत्वको भावनामा अभिवृद्धि हुन्छ र राज्यका नागरिकहरूमा सामाजिक न्याय कायम हुन सक्छ ।

### (छ) हस्तक्षेपकारी नीति

हस्तक्षेपकारी नीतिले पनि समतामुलक समाज निर्माणमा मदत पुग्छ । राज्यमा मूल प्रवाहिकरणमा आउन नसकेका वर्ग तथा समुदायलाई ऐन नियम तथा कानुनको व्यवस्था गरी मुल धारमा समाहित गर्ने प्रक्रिया भनेको नै हस्तक्षेपकारी नीति हो, जस्तै: आरक्षणको व्यवस्था, समान सहभागिता आदि यसका उदाहरण हुन् ।

### (ज) धर्म निरपेक्षता

नेपालमा वि.सं. २०६३ जेठ ४ गते प्रतिनिधि सभाको घोषणाले धर्म निरपेक्ष राज्य घोषणा गरेको छ । धर्म निरपेक्षताले राज्यद्वारा कानुनी रूपमा नै सबै धर्मप्रति समान व्यवहार गरेको हुनाले समतामुलक समाज निर्माणमा मदत पुग्छ ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा धार्मिक तथा क्षेत्रीय पहिचान कायम गर्नका लागि भएका प्रयासको खोजी गर्नुहोस् ।

२. नेपालमा समतामुलक समाज निर्माणका लागि भएका प्रयासको सूची बनाउनुहोस् र तपाईंको विचारमा यी प्रयासहरू समतामूलक समाज निर्माणका लागि पर्याप्त छन् कि छैनन्, उल्लेख गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) धार्मिक पहिचान भन्नाले के बुझिन्छ ?

(ख) समतामूलक समाज भनेको के हो ?

(ग) नेपालमा प्रचलित कुनै चार धर्मको नाम उल्लेख गर्नुहोस् ।

(घ) नेपालमा क्षेत्रीय पहिचानको कुनै एक उदाहरण लेख्नुहोस् ।

(ङ) नेपाललाई कहिले धर्म निरपेक्ष राज्यका रूपमा घोषणा गरिएको हो ?

छोटा उत्तर आउने प्रश्नहरू

(क) धार्मिक पहिचान भन्नाले के बुझिन्छ ? नेपालमा धार्मिक पहिचानको अवस्था छोटकरीमा लेख्नुहोस् ।

(ख) क्षेत्रीय पहिचान भनेको के हो ? नेपालमा क्षेत्रीय पहिचानको अवस्थाका बारेमा चर्चा गर्नुहोस् ।

(ग) नेपालमा धार्मिक तथा क्षेत्रीय पहिचान कायम गर्नका लागि भएका प्रयास उल्लेख गर्नुहोस् ।

(घ) समतामूलक समाज निर्माणका आधारका सम्बन्धमा संवाद तयार गर्नुहोस् ।

(ङ) समावेशीकरण भनेको के हो ? नेपालमा समावेशीकरणका लागि भएका प्रयासको चर्चा गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा समावेशीकरणका मुख्य चुनौतीहरू र तिनको समाधानका उपायहरू सम्बन्धमा उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा समावेशीकरणको आवश्यकता किन अपरिहार्य छ ? नेपालको संविधानले समावेशीकरणलाई कसरी प्राथमिकता दिएको छ, लेख्नुहोस् ।

(ग) नेपालमा धार्मिक तथा क्षेत्रीय पहिचान कायम राख्नका लागि समुदायबाट र राज्यस्तरबाट भएका प्रयासहरू छुट्टाछुट्टै लेख्नुहोस् ।

## पाठ ३ लैङ्गिक सवाल

### लैङ्गिकताको निर्माण

सामान्य अर्थमा लैङ्गिकता भनेको समाजले महिला र पुरुषलाई गर्ने व्यवहार वा हेर्ने दृष्टिकोण हो । अर्थात् लैङ्गिकता एउटा मनोवैज्ञानिक पक्ष हो, जस्तैः जन्मजात रूपमा छोरा वा छोरी भनी छुट्याइनु लिङ्ग हो भने समाजमा महिलाले घरभित्रको र छोरा छोरी स्याहार सुसार गर्ने काम गर्ने र पुरुषले घर बाहिरको काम गर्ने भन्ने अवधारणा राखेको देखिन्छ जसलाई लैङ्गिकता भनिन्छ । त्यसैले लिङ्ग प्राकृतिक हुन्छ भने लैङ्गिकता सामाजिक हुन्छ । लिङ्ग सामान्यतया अपरिवर्तनीय हुन्छ भने लैङ्गिकता परिवर्तनीय हुन्छ । लैङ्गिकताको निर्माणमा मुख्य दुई आधार छन् :

#### (क) जैविक लैङ्गिकता

बच्चा जन्मँदा लिङ्गका आधारमा छोरा वा छोरी भनी छुट्याइन्छ । यो नै जैविक लैङ्गिकता हो । यसरी जैविक लिङ्ग नै सामाजिक लिङ्ग निर्धारणको मुख्य आधार हो अर्थात् महिला र पुरुष छुट्याउने आधार भनेकै महिला र पुरुषमा देखिने छुट्टाछुट्टै शारीरिक विशेषता हुन्, जस्तैः महिलाले बच्चा जन्माउन सक्नु, जुँगा दारी नआउनु, पुरुषले बच्चा जन्माउन नसक्नु, जुगाँ दारी आउनु आदि ।

#### (ख) सामाजिक लैङ्गिकता

महिला र पुरुषलाई समाजले तोकेको भिन्नता वा भूमिका नै सामाजिक लैङ्गिकता हो । यस्ता भिन्नता समाजपिच्छे फरक फरक हुन सक्छन् । अविकसित समाजमा छोरी घरबाट बाहिर अबेरसम्म बस्नु हुँदैन । धेरै बोल्नु हुँदैन जस्ता कुराहरू भन्ने गरिन्छ भने विकसित वा शिक्षित समाजमा छोरीलाई पनि छोरा सरह नै पढाउनु पर्छ । छोरीले पनि छोरा सरह काम गर्न सक्छन् भनिन्छ ।

#### जैविक लिङ्ग र सामाजिक लिङ्गबिच फरक

| जैविक लैङ्गिकता | सामाजिक लैङ्गिकता |
|---|---|
| १. जैविक लिङ्ग प्रकृतिद्वारा जन्मकै आधारमा निर्धारण हुन्छ । | १. सामाजिक लिङ्ग समाजद्वारा निर्धारण गरिएको भूमिका हो । |
| २. यो प्राकृतिक हुन्छ अर्थात् प्राकृतिक रूपमा नै भिन्नता कायम हुन्छ । | २. यो कृत्रिम हुन्छ अर्थात सामाजिक चालचलनमा निर्भर हुन्छ । |
| ३. यो अपरिवर्तनीय हुन्छ । | ३. यो परिवर्तनीय हुन्छ । |
| ४. जैविक लिङ्गको प्रकृति सर्वव्यापक | ४. सामाजिक लिङ्गको स्वरूप समाज पिच्छे |

| | |
|---|---|
| वा संसारभरि एकै किसिमको हुन्छ । | फरक फरक हुन्छ । |
| ५. महिला र पुरुषकाबिचमा प्राकृतिक रूपमा नै आकर्षण कायम हुन्छ । | ५. कतिपय समाजमा महिला र पुरषका बिचमा विभेद गरी महिला शोषणमा समेत परिरहेका हुन्छन्, जस्तै : महिलालाई बोक्सीको आरोप लगाइनु, महिनाबारीमा घरबाहिर गोठमा राखिनु आदि |

## लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक

सामान्यतया महिला र पुरुषभन्दा फरक पहिचान भएका व्यक्तिलाई लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भनिन्छ । यिनीहरू शारीरिक वा मानसिक रूपमा पनि महिला र पुरुषभन्दा अलि फरक नै हुन्छन् । कतिपय मानिस जन्मँदा एक लिङ्ग भएर जन्मने तर व्यवहार अर्को लिङ्गको गर्ने गरेको पनि पाइन्छ । त्यस्ता मानिस जन्मँदा केटा भएर जन्मेका हुन्छन् भने व्यवहार चाहिँ केटीको गर्छन् । नेपालमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई तेस्रो लिङ्गी, समलिङ्गी, द्विलिङ्गी तथा अन्तरलिङ्गीका रूपमा पहिचान गरिएको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले पहिलो पटक लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई राज्यबाट विशेष संरक्षण आवश्यक पर्ने समूहका रूपमा उल्लेख गरिएको थियो । पछि नेपालको संविधानले पनि उक्त कुरालाई निरन्तरता दिएको पाइन्छ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई अङ्ग्रेजीमा LGBTIQ भनिन्छ । जसको पूरा रूप हो:

Lesbian (महिला समलिङ्गी)

Gay (पुरुष समलिङ्गी)

Bisexuality (उभयलिङ्गी)

Transgender (अङ्ग बदल्ने)

Intersexual (तेस्रो लिङ्गी)

Questioning (अन्तरलिङ्गी)

तेस्रो लिङ्गी महिला र पुरुषभन्दा फरक हुन्छन् । यिनीहरू मध्ये कसैको जन्मदा शारीरिक रूपमा लिङ्ग नै छुट्टिएको हुँदैन भने कसैको महिला र पुरुष दुवैको लिङ्ग हुन्छ । Transgender (अङ्ग बदल्ने) हरू कसैको शारीरिक रूपमा महिला जस्ता देखिए तापनि उनीहरूको व्यवहार पुरुषको जस्तो हुन्छ भने कसैको शारीरिक रूपमा पुरुष जस्ता देखिए तापनि उनीहरूको व्यवहार महिलाको जस्तो हुन्छ । यिनीहरू समान लिङ्गका जीवनसाथी रोज्ने, विपरीत लिङ्गको बस्त्र लगाउन मन पराउने स्वभावका हुन्छन् । आजकल कतिपयले लिङ्ग परिवर्तन गराएर बसेको समेत देखिन्छ । गे, लेस्बियन र बाइसेक्सुअललाई समलिङ्गी भनिन्छ । गेहरू शारीरिक रूपमा पुरुष जस्ता देखिन्छन् र पुरुषहरूसँग नै उनीहरूको आकर्षण हुन्छ । लेस्बियनहरू शारीरिक रूपमा महिला जस्तै देखिन्छन्

र महिलाहरूसँग नै उनीहरू आकर्षित हुन्छन् । बाइसेक्सुअलहरू आफू जुन लिङ्गका छन् त्यही लिङ्गका महिला वा पुरुषहरू र त्योभन्दा ठिक विपरीत लिङ्गप्रति पनि आकर्षित हुन्छन् । समलिङ्गीहरूले १२/१३ वर्षको उमेरदेखि १८/१९ वर्षको उमेरसम्ममा बल्ल आफू को हो भन्ने पहिचान गर्छन् ।

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पनि हामी जस्तै नागरिक हुन् । उनीहरूका पनि आफ्नै इच्छा चाहना र आवश्यकता हुन्छन् । त्यसैले उनीहरूलाई पनि हामीले अरू सरह समान व्यवहार गर्नुपर्छ । उनीहरूलाई फरक दृष्टिकोणबाट हेर्ने, हेला गर्ने, असमान व्यवहार गर्ने, विभेद गर्ने जस्ता अमानवीय व्यवहार गर्नुहुँदैन । उनीहरूले पनि आफ्नो मर्यादा कायम राखेर, समाजको चालचलन रीतिरिवाज र संस्कृतिलाई सम्मान गरेर जीवन बिताउनु पर्छ ।

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायकालाई पनि आफ्नै किसिमको समस्या रहेको पाइन्छ । त्यसैले उनीहरूले आफ्नो छुट्टै पहिचान र नागरिकताका लागि आवाज उठाएका थिए । सोहीबमोजिम वि.सं. २०६४ पुष ६ गतेको सर्वोच्चको फैसलाले आफ्नो हक अधिकार प्राप्तिका लागि सफल भए । नेपालको संविधानको धारा १२ मा लैङ्गिक पहिचानसहितको नेपाली नागरिकता पाउने उल्लेख गरेको छ । जसअनुसार अहिले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकले आफ्नो पहिचानसहितको नेपाली नागरिकताको प्रमाणपत्र पाएका छन् । नेपालमा सन् २००१ मा LGBTIQ का अधिकार सुरक्षित गर्न Blue Diamond Society नामक गैरसरकारी संस्था स्थापना भएको छ । विश्वमा हालसम्म समलिङ्गी विवाहलाई मान्यता दिने राष्ट्रहरू २८ ओटा रहेका छन् । नेपालको संविधानले पनि अल्पसङ्ख्यक समुदायको समान अधिकारको प्रत्याभूत गरेको छ र सामाजिक न्यायको हक पनि प्रदान गरेको छ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायकाहरूलाई छुट्टै शौचालयको पनि आवश्यकता पर्ने महसुस सरोकारवालाहरूले गरेको देखिन्छ । त्यसैले यसका लागि राज्यका तर्फबाट र नागरिकका तर्फबाट पहल हुनु जरुरी देखिन्छ । त्यस्तै नेपालको कानुनमा संसोधना गरी लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि अरूसरह छुट्टै आरक्षण कोटाको व्यवस्था गर्नुपर्ने देखिन्छ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका नागरिकलाई नेपाली समाजमा अहिले पनि प्राकृतिक नियमको सिद्धान्त विपरीतका सम्बन्ध भन्ने गरेको पाइन्छ । जसका कारण उनीहरू खुलेर आफ्नो पहिचानसहित समाजमा आउन नसकेको देखिन्छ । त्यसैले उनीहरूका लागि छुट्टै कानुनी व्यवस्था गरी यस्ता समस्याहरूको दीर्घकालीन रूपमा नै समाधान गरिनुपर्छ ।

### लैङ्गिक समावेशिता

राज्यको हरेक निकायमा बिना लैङ्गिक भेदभाव पुरुष सरह महिलाका अधिकार, आवाज र छनोटको स्वतन्त्रता स्थापित गर्ने कार्यलाई लैङ्गिक समावेशिता भनिन्छ । अहिले विश्वभरी नै लैङ्गिक समावेशितालाई मुल मुद्दाको रूपमा जोड दिइएको पाइन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने अझै पनि महिला र तेस्रो लिङ्गी समुदायकाहरूको विकासको मूल धारमा कम सहभागिता देखिन्छ । पौराणिक कथाहरू अध्ययन गर्दा नारीलाई उच्च सम्मान गर्दै आदि शक्तिका रूपमा लिइएको पाइन्छ । त्यस्तै मध्यकालमा पनि नारीको स्थान उच्च रहेको थियो तर जब पुरुष प्रधान समाजको विकास हुँदै गयो त्यसपछि महिलालाई बच्चा जन्माउने, हुर्काउने, घरभित्रका काममा

सिमित राखेको देखिन्छ । शासकीय अधिकारमा समेत महिला पछि पर्दै गए । अहिले पछिल्लो समयमा विज्ञान, प्रविधिको विकास र महिला शिक्षामा वृद्धि हुँदै जाँदा हरेक क्षेत्रमा महिला सहभागिता हुनुपर्ने कुरामा जोड दिन थालिएको छ । लैङ्गिक समावेशिताअन्तर्गत निम्नलिखित पक्षहरू पर्दछन् :

१. महिलामा विद्यमान सिर्जनशील सिपलाई विकास प्रक्रियामा प्रयोग गर्नु

२. महिलाको सक्षमता र श्रमको पूर्ण उपयोग गरी उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाई आर्थिक स्तरमा सुधार ल्याउने

३. महिला अधिकारमा व्यापक वृद्धि गरी लैङ्गिक असमानता कम गर्ने

४. महिलालाई नीति निर्माण गर्ने तहमा स्थापित गरी विकासको प्रमुख बाहकका रूपमा महिलाको नेतृत्व स्विकार गर्ने

विकासमा महिला सहभागिता अभिवृद्धि गर्ने प्रयास १६ औँ र १७ औँ शताब्दीदेखि नै सुरु भएको पाइन्छ । उन्नाइसौँ शताब्दीमा राजनीतिमा महिला सहभागिता, सम्पत्ति माथिको समान अधिकार र विकासमा महिला सहभागिता जस्ता मुद्दाका विषयमा जोड दिएको पाइन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने जबसम्म आधाभन्दा बढी जनसङ्ख्या भएको महिलालाई समान सहभागिताको अवसर प्रदान गरिँदैन तबसम्म देश विकासको परिकल्पना पनि गर्न सकिँदैन । सन् १९७९ मा संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा महिला विरुद्धका सबै भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि पारित भएपछि महिलाका अधिकार सम्बन्धमा विश्वव्यापी रूपमा सैद्धान्तिक बहस हुन थालेका हुन् । नेपालले पनि यस महासन्धिमा हस्ताक्षर गरिसकेको छ । त्यसपछि सन् १९७० को दशकमा महिला र विकाससम्बन्धी अवधारणा ल्याइयो । संयुक्त राष्ट्रसङ्घको पहलमा सन् १९८० मा डेनमार्कको कोपेनहेगनमा दोस्रो महिला सम्मेलन, सन् १९८५ मा केन्याको नैराबीमा तेस्रो महिला सम्मेलन, सन् १९९५ मा चीनको बेइजिङ्मा चौँथो महिला सम्मेलन सम्पन्न भए । यी सबै प्रयास महिला सशक्तीकरण र महिला हक अधिकार स्थापित गर्ने उद्देश्यले नै भएका हुन् ।

### नेपालमा लैङ्गिक समावेशीकरणका लागि भएका प्रयास

नेपालले लैङ्गिक समावेशीकरणका लागि महिलासम्बन्धी विभिन्न विश्वव्यापी सम्मेलनहरूमा प्रतिबद्धता जाहेर गर्नुका साथै महिलासम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था पनि गरेको छ । नेपालको संविधानमा व्यवस्था गरिएका महिला सशक्तीकरण र हक अधिकार यहाँ प्रस्तुत गरिएका छन् :

१. धारा ११ मा आमाको नामबाट नेपाली नागरिकता प्रदान गरिने व्यवस्था

२. धारा १८ मा समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने व्यवस्था

३. धारा ३८ मा मौलिक हकअन्तर्गत महिलाका हकमा निम्नलिखित व्यवस्था उल्लेख गरिएका छन् :

- लैङ्गिक भेदभाव बिना समान वंशीय हक
- सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक
- महिला विरुद्धका धार्मिक, सामाजिक, सांस्कृतिक परम्पराका आधारमा गरिएका शारीरिक, मानसिक, मनोवैज्ञानिक र यौन तथा हिंसाजन्य कार्य दण्डनीय हुने
- शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा महिलालाई विशेष अवसर प्रदान गर्ने
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुने

४. धारा ४२ मा महिलालाई सामाजिक न्यायको हक

५. धारा ५१ मा सामाजिक न्याय र समावेशीकरण नीतिमा निम्नलिखित व्यवस्था गरिएका छन् :

- असहाय, एकल महिलालाई सिप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने
- जोखिममा परेका, सामाजिक र पारीवारिक बहिष्करणमा परेका तथा हिंसापिडित महिलालाई पुनः स्थापना, संरक्षण, सशक्तीकरण गरी स्वाबलम्बी बनाउने
- प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने
- बालबच्चाको पालनपोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने

६. धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग र समुदायको हुनुपर्ने व्यवस्था

७. धारा ९१, ९२ र १८२ मा सभामुख, उपसभामुख, राष्ट्रियसभा अध्यक्ष, प्रदेश सभा सभामुख र उपसभामुखमध्ये एक जना फरक लिङ्गको हुनुपर्ने व्यवस्था

८. धारा ८४ मा समानुपातिक निर्वाचन प्रणालीमा महिलाको उपस्थिति अनिवार्य गरिएको

९. धारा ८६ मा राष्ट्रिय सभाको गठनका लागि प्रत्येक प्रदेशबाट कम्तीमा ३ जनाका दरले र राष्ट्रपतिबाट मनोनित १ जना गरेर २२ जना महिला सदस्य हुनुपर्ने

१०. स्थानीय तहमा प्रमुख र उपप्रमुख फरक लिङ्गको हुनुपर्ने, वडा सदस्यमा दुई जना, गाउँ कार्यपालिकामा चार र नगर कार्यपालिकामा पाँच जना महिला सदस्य हुनुपर्ने व्यवस्था

११. निजामती, शिक्षक, सेना प्रहरी लगायतका सरकारी सेवामा प्रवेशका लागि पुरुषको उमेर ३५ र महिलाको उमेर ४० कायम गरिएको, महिलाको लागि ३३ प्रतिशत आरक्षण कोटा छुट्याइएको

१२. प्रहरी कार्यालयमा महिलासम्बन्धी समस्यामा उजुरी गर्न छुट्टै महिला सेलको व्यवस्था गरिएको

१३. विद्यालयमा छात्राहरूलाई छात्रवृत्तिको व्यवस्था गरिएको

१४. महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको व्यवस्था गरिएको

१५. संवैधानिक आयोगका रूपमा महिला आयोगको व्यवस्था

## लैङ्गिक समावेशीकरण र सशक्तीकरणका उपायहरू

### (क) मूल प्रवाहीकरण

मूल प्रवाहीकरण भनेको अवसरबाट वञ्चित वर्गलाई अवसर प्रदान गर्ने मुख्य माध्याम हो । त्यसैले मूल प्रवाहीकरण लैङ्गिक समावेशीकरण र सशक्तीकरणका लागि अति उत्तम उपाय बन्न सक्छ । किनभने पिछडिएका र अवसरबाट वञ्चित महिलालाई अगाडि बढ्नका लागि हौसला बढाउने काम मूल प्रवाहीकरणले गर्छ ।

### (ख) लैङ्गिक विभेदको अन्त्य

लैङ्गिक विभेदका लागि कानुनी तथा नीतिगत व्यवस्था नेपालको संविधानले गरेको छ । उक्त कानुनको सही रूपमा कार्यान्वायन गर्नुपर्छ । महिलालाई हरेक ठाउँमा पुरुष सरह समान अवसर प्रदान गरिनुपर्छ । यसरी लैङ्गिक विभेदको अन्त्य भएमा लैङ्गिक समावेशीकरण र सशक्तीकरणमा मदत पुग्छ ।

### (ग) सशक्तीकरण

महिलालाई शिक्षा, सिपमूलक तालिम, हौसला प्रेरणा प्रदान गरेर सशक्तीकरण गर्न सकिन्छ । महिला सशक्तीकरणमार्फत महिलाको क्षमता अभिवृद्धि गरी लैङ्गिक समावेशीकरण गराउन सकिन्छ ।

### (घ) राजनीतिक प्रतिबद्धता

कुनै पनि देश विकासको मुख्य आधार भनेको लैङ्गिक समावेशीकरण हो । यसका लागि अन्य व्यवस्थापनका साथै राजनीतिक प्रतिवद्धता पनि ज्यादै महत्त्वपूर्ण हुन्छ ।

### (ङ) सहभागिता

नेपालको संविधानले नै सबैलाई समान सहभागिताको हक प्रदान गरेको छ । यसरी राज्यका सबै तहमा महिलाको समान सहभागिताबाट लैङ्गिक समावेशीकरण तथा महिला सशक्तीकरण गर्न सकिन्छ ।

### (च) प्रभावकारी अनुगमन मूल्याङ्कन

लैङ्गिक समावेशीकरण र महिला सशक्तीकरणका लागि सरकारी तथा गैरसरकारी सङ्घ संस्थाबाट गरिएका कामहरूको प्रभावकारी अनुगमन मूल्याङ्कन गरी अझ सुधार गर्न सकिन्छ ।

### (छ) पहुँच बढाउने

राज्यबाट प्राप्त सेवा सुविधा र वृत्ति विकासका लागि पहुँचभन्दा बाहिर रहेका वर्गलाई पहुँच वृद्धिका लागि सेवा सुविधा र अवसर प्रदान गरेर पनि लैङ्गिक समावेशीकरण र महिला सशक्तीकरण गर्न सकिन्छ ।

### (ज) कानुनी आधार

लैङ्गिक समावेशीकरण र महिला सशक्तीकरणका लागि प्रभावकारी कानुनी आधारको आवश्यकता पर्छ । त्यसैले संविधान तथा अन्य कानुनी आधारहरूको कार्यान्वायनको अवस्था अध्ययन गरी वेला वेलामा आवश्यकताअनुसार परिमार्जन गरिनुपर्छ ।

## क्रियाकलाप

१. "लैङ्गिक समावेशिता आजको आवश्यकता" शीर्षकमा कुनै राष्ट्रिय पत्रिकाका लागि सम्पादकीय तयार गर्नुहोस् ।

२. नेपालमा लैङ्गिक समावेशीकरणका लागि भएका प्रयासहरू खोजी गरी लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) लैङ्गिक समावेशीकरण भनेको के हो ?

(ख) जैविक लैङ्गिकता र सामाजिक लैङ्गिकताका बिचमा एक वाक्यमा फरक छुट्याउनुहोस् ।

(ग) LGBTIQ को पूरा रूप लेख्नुहोस् ।

(घ) नेपालमा लैङ्गिक समावेशीकरणका लागि भएका कुनै दुई प्रयास लेख्नुहोस् ।

(ङ) लैङ्गिक समावेशीकरणका कुनै दुई उपाय उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) जैविक लैङ्गिकता र सामाजिक लैङ्गिकताबिचमा फरक छुट्टयाउनुहोस् ।

(ख) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूह भनेर कस्ता समूहका मानिसलाई भनिन्छ ? तिनीहरूको सम्बन्धमा नेपालमा भएको व्यवस्था उल्लेख गर्नुहोस् ।

(ग) लैङ्गिक समावेशीकरणका कुनै पाँच उपायको छोटकरीमा व्याख्या गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा लैङ्गिक समावेशीकरणका लागि विभिन्न प्रयासहरू भए तापनि यसबाट सोचे जस्तो उपलब्धि हुन नसक्नाका कारणको समिक्षा गर्नुहोस् ।

एकाइ ८

# संविधान र नागरिक चेतना

१. सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूको गठन प्रक्रिया र काम, कर्तव्य, अधिकार बताउन

२. सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूबिचको अन्तरसम्बन्धको खोजी गर्न


३. नागरिक अधिकारप्रति सचेत रही कर्तव्य र उत्तरदायित्वको बोध एवम् पालन गर्न

४. किशोरकिशोरीका अधिकार सम्बन्धमा सचेत रही कर्तव्य पालनामा जिम्मेवार बन्न

५. मुलुकी संहिताको व्यावहारिक पक्षहरूको बोध र परिपालन गर्न

६. सूचनाको हकसँग परिचित हुन र यसको उपयोग गर्न

७. सदाचार र सामाजिक जवाफदेहीको अनुसरण गर्न



## पाठ १ सरकारको गठन प्रक्रिया

सरकार, राज्यको आधारभूत तत्त्वहरूमध्ये एक हो । सरकार राज्य सञ्चालनको माध्यम वा साधन पनि हो । नेपाली बृहत् शब्दकोशका अनुसार, सरकारको अर्थ 'देश वा राज्यसंस्था वा शासन व्यवस्था भन्ने रहेको छ । मुलुकको व्यवस्थालाई सुचारु ढङ्गले सञ्चालन गर्नका लागि सरकारको आवश्यकता पर्दछ । सबै सरकारको प्रमुख लक्ष्य सार्वजनिक व्यवस्था कायम गर्नु र नागरिकहरूको जीवनलाई सहज र सुखमय बनाउनु हुन्छ । त्यस्तै नागरिकलाई आवश्यक सेवाहरू उपलव्ध गराउनु र नागरिकको आधारभूत स्वतन्त्रता र अधिकारहरूको संरक्षण गर्नु पनि राज्यको दायित्व हो । सरकारले राज्यको प्रतिनिधित्व गरी राज्यका नाममा काम गर्दछ । सरकारको अभावमा राज्यको कल्पना पनि गर्न सकिँदैन । नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको देश हो । यो शासन प्रक्रिया बहुदलीय प्रतिस्पर्धाको आधारमा जनताद्वारा निर्वाचित जनप्रतिनिधिले शासन गर्ने प्रणाली हो । सङ्घीय शासन प्रणाली भएको मुलुकमा केन्द्रमा सङ्घीय सरकार, प्रत्येक प्रदेशमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकार गरेर तीन तहका सरकार रहन्छन् ।

### राष्ट्राध्यक्ष

नेपालको संविधानको भाग ६, धारा ६१ देखि ७३ सम्म राष्ट्रपति र उपराष्ट्रपतिसम्बन्धी व्यवस्था रहेको छ । नेपालमा राष्ट्राध्यक्षका रूपमा एक राष्ट्रपति रहने र राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरू सम्पादन गर्नका लागि एक उपराष्ट्रपति रहने संवैधानिक व्यवस्था छ । नेपालको संविधानको धारा ६२ ले राष्ट्रपति तथा धारा ६९ ले उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था गरेको छ । राष्ट्रपति र उपराष्ट्रपति पदको निर्वाचनमा दुई चरण निर्वाचन प्रणाली अपनाउने संवैधानिक व्यवस्था रहेको छ । जसमा राष्ट्रपतिको निर्वाचन प्रक्रिया, योग्यता, पदावधि नै उपराष्ट्रपतिको लागि समेत हुने व्यवस्था रहेको छ । राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुने छ भने पदावधि समाप्त भएको राष्ट्रपतिले अर्को निर्वाचित राष्ट्रपतिले पदभार नसम्हालेसम्म संविधानबमोजिम कार्य सम्पादन गर्नेछ । निर्वाचन आयोगले राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनअगि वा अन्य कुनै कारणले सो पद रिक्त हुन आएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र निर्वाचन हुने गरी निर्वाचनको मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनुपर्छ भने सोहीअनुसार निर्वाचन हुने मिति तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिन्छ । राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन प्रयोजनको लागि सङ्घीय संसद्का सदस्य र प्रदेश सभाका सदस्य रहेको एक निर्वाचक मण्डल रहने छ । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन बहुमतीय निर्वाचन प्रणालीबाट हुन्छ । यसरी निर्वाचन गर्दा कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारबिच पुन मतदान हुने छ र त्यस्तो मतदानमा कुल मतको पचास प्रतिशतभन्दा बढी (५० प्रतिशत ˙१) मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुने छ । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्ने व्यवस्था संविधानमा गरिएको छ । राष्ट्रपतिले नेपालको संविधान र सङ्घीय कानुनबमोजिम आफ्नो कार्य सम्पादन गर्ने छन् ।

राष्ट्रपतिको मुख्य काम कर्तव्य राष्ट्रिय एकताको प्रवर्धन गर्नु, संविधानको पालन गर्नु र संरक्षण गर्नु हो ।

### सङ्घीय सरकारको गठन प्रक्रिया

नेपालको कार्यकारिणी अधिकार सङ्घीय मन्त्रिपरिषद्मा निहित हुन्छ । यसअनुसार सङ्घ वा केन्द्रमा सङ्घीय मन्त्रिपरिषद् रहन्छ । यसलाई सङ्घीय सरकार वा नेपाल सरकार पनि भनिन्छ । सङ्घीय मन्त्रिपरिषद्का प्रमुख प्रधानमन्त्री हुन्छन् । सङ्घीय सरकारको गठन प्रक्रियालाई दुई चरणहरूमा बाँडेर पहिलो चरणमा प्रधानमन्त्रीको नियुक्ति र दोस्रो चरणमा अन्य मन्त्रीहरूको नियुक्ति गरिन्छ । प्रधानमन्त्री प्रतिनिधिसभाबाट चुनिन्छन् । प्रधानमन्त्रीको अध्यक्षतामा सङ्घीय सरकारको गठन हुन्छ ।

नेपालको संवैधानिक व्यवस्था अनुसार चारओटा विकल्पका आधारमा सरकार गठन गरिन्छ ।

(क) बहुमतका आधारमा बहुमतीय सरकार : कुनै एउटा दलले प्रतिनिधि सभामा स्पष्ट बहुमत आएको अवस्थामा बहुमत प्राप्त दलको नेतालाई राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त गरिन्छ र प्रधानमन्त्रीको अध्यक्षमा अन्य मन्त्रीहरूको नियुक्त गरेर सरकारको गठन हुन्छ । ५०% भन्दा बढी संसद् सदस्यको समर्थन पाएर गठन हुने सरकार

(ख) संयुक्त सरकार : कुनै एउटा दलले प्रतिनिधि सभामा बहुमत नल्याउँदा दुई वा दुईभन्दा धेरै दलहरूको समर्थनमा विश्वासमो मतसहित गठन हुने सरकार वा दुई वा सोभन्दा बढी दल मिलेर बन्ने संयुक्त सरकार

(ग) अल्पमतको आधारमा बन्ने अल्पमतको सरकार : संयुक्त सरकार गठन गर्न दलहरूबिचमा सहमति हुन नसकेमा विश्वासको मतबिना नै संसद्को ठुलो दलले गठन गर्ने सरकार

(घ) माथि उल्लिखित कुनै पनि विकल्पबाट सरकार गठन हुन नसकेमा प्रतिनिधि सभाको कुनै पनि सदस्यले आफूलाई संसद्को बहुमत सदस्यको समर्थन छ भनी आधार प्रस्तुत गरेमा राष्ट्रपतिद्वारा त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गरिने छ । यसरी नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्नेछ प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने बाध्यकारी व्यवस्था संविधानले गरेको छ । प्रतिनिधि सभामा जम्मा २७५ जना सदस्य रहन्छन् । यदि एउटै दलले ५० प्रतिशतभन्दा बढी सदस्य सङ्ख्या जितेमा उक्त दलको बहुमत कायम रहन्छ । प्रतिनिधि सभामा दलहरूले प्राप्त गरेका सदस्य सङ्ख्याको आधारमा सरकार गठन प्रक्रिया निम्नानुसार हुने व्यवस्था रहेको छ :

(क) संविधानको धारा ७६ उपधारा १ बमोजिम राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छन् र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने छ ।

(ख) धारा ७६ उपधारा (२) मा व्यवस्था भएअनुसार उपधारा (१) बमोजिम प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा

प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्न सक्ने प्रावधान छ ।

(ग) धारा ७६ उपधारा (३) मा प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्न सक्ने प्रावधान छ ।

(घ) धारा ७६ उपधारा (५) मा व्यवस्था भएअनुसार उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा ( २) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्नसक्ने प्रावधान
छ ।

(ङ) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रधानमन्त्रीसहित बढीमा २५ जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था नेपालको संविधानमा रहेको छ । यस्तो मन्त्रिपरिषद्मा संसद्को सदस्य नभएको व्यक्तिलाई पनि समावेश गर्न सकिने छ, तर उक्त व्यक्ति छ महिनाभित्र संसद्को सदस्य बन्नुपर्ने प्रावधान छ । उक्त प्रतिनिधि सभाको निर्वाचनमा पराजित भएको व्यक्ति भने यस प्रक्रियाबाट पनि मन्त्री पदमा नियुक्ति हुन नसक्ने व्यवस्था रहेको छ । संविधानको धारा ७६ उपधारा ७ अनुसार उपधारा (५) बमोजिमनियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्न सक्ने व्यवस्था छ ।

### प्रदेश सरकारको गठन

१. नेपालमा सात प्रदेशमा प्रत्यक्ष निर्वाचित सदस्य ३३० र समानुपातिक निर्वाचनबाट निर्वाचित २२० गरी जम्मा ५५० जना सदस्य रहने व्यवस्था छ । सङ्घीय शासन बमोजिम हरेक प्रदेशमा प्रदेश सरकार रहेको हुन्छ । प्रत्येक प्रदेशमा सरकारको प्रतिनिधिका रूपमा प्रदेश प्रमुख रहन्छन् । राष्ट्रपतिले प्रत्येक प्रदेशका लागि एक प्रदेश प्रमुखको नियुक्ति गर्नेछ । राष्ट्रपतिको पदावधि समाप्त हुनुभन्दा अगावै निजलाई पदमुक्त गरेमा बाहेक प्रदेश प्रमुखको पदावधि पाँच वर्षको हुनेछ । एउटै व्यक्ति एक पटकभन्दा बढी एकै प्रदेशमा प्रदेश प्रमुख हुन सक्ने छैन ।

२. प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषद्मा निहित हुन्छ । यसअनुसार प्रदेशमा प्रदेश मन्त्रिपरिषद् रहन्छ । यसलाई प्रदेश सरकार पनि भनिन्छ । प्रदेश सरकारको गठन प्रक्रिया २ चरणमा सम्पन्न गरिन्छ । पहिलो चरणमा मुख्यमन्त्रीको नियुक्ति र दोस्रो

चरणमा अन्य मन्त्रीहरूको नियुक्ति गरिन्छ । संविधानबमोजिम भएको प्रदेश सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा मुख्यमन्त्रीको पद रिक्त भएको मितिले पैँतिस दिनभित्र मुख्यमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने छ । मुख्यमन्त्री प्रदेशसभाबाट चुनिन्छन् र मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारको गठन हुन्छ । उनको नियुक्ति प्रदेश प्रमुखले गर्छन् ।

३. प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सभाका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेश सभाका कुल सदस्य सङ्ख्याको बिस प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने छन् । प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नसक्ने संवैधानिक व्यवस्था रहेको छ ।

४. यसरी मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेश सभामा सबैभन्दा बढी सदस्य भएको दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ । यसरी नियुक्त मुख्यमन्त्रीले नियुक्ति भएको ३० दिनभित्र प्रदेश साभामा विश्वासको मत लिनुपर्ने हुन्छ ।

५. मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा मुख्यमन्त्री नियुक्त हुन नसकेमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले प्रदेश सभालाई विघटन गर्ने छन् । नयाँ सरकार गठनका लागि जनादेश लिन छ महिनाभित्र अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नसक्ने व्यवस्था छ ।

### स्थानीय सरकारको गठन

स्थानीय सरकारका रूपमा हरेक गाउँपालिकामा गाउँकार्यपालिका र नगरपालिकामा नगरकार्यपालिका रहेको हुन्छ । स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहेको छ भने व्यवथापकीय अधिकार गाउँसभा र नगरसभामा निहित रहेको हुन्छ । स्थानीय सरकारका पदाधिकारीहरूको पदावधि पाँच वर्ष हुन्छ । गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुन्छ ।

### गाउँ सभा

(क) गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, सबै वडाका वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य तथा गाउँसभाबाट निर्वाचित दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित दुई जनासमेत सदस्य रहन्छन् ।

(ख) गाउँ सभाका लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र हरेक वडामा एक जना अध्यक्ष तथा चार जना सदस्यको निर्वाचन प्रत्यक्ष रूपले हुन्छ । यसमा सम्बन्धित वडाका मतदाताले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र हरेक वडामा एक जना अध्यक्ष तथा चार जनालाई

मतदान गर्छन् । यसरी भएको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने तथा बढी मत प्राप्त गर्ने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइन्छ ।

(ग) स्थानीय सरकारका रूपमा गाउँ कार्यपालिका अध्यक्षको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुन्छ । सम्बन्धित गाउँपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतका आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम अध्यक्ष र उपाध्यक्ष निर्वाचित हुनेछन् । प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्षहरू गाउँ कार्यपालिका सदस्य हुन्छन् ।

(घ) गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्यसमेत कार्यपालिकाका सदस्य रहने व्यवस्था छ ।

(ङ) गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका दुई जना दलित वा अल्पसङ्ख्यक समुदायका सदस्य गाउँ कार्यपालिकाको सदस्य रहने व्यवस्था छ ।

(च) यसरी गाउँ कार्यपालिकामा : अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू र गाउँ सभाबाट निर्वाचित थप छ जना सदस्य हुन्छन् ।

उदाहरणका लागि ७ ओटा वडा भएको स्याङ्जाको हरिनास गाउँपालिकाको गाउँ कार्यपालिकाको गठन निम्नानुसार हुन्छ :

अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, वडा अध्यक्षहरू ७ जना, महिला सदस्यहरू ४ जना दलित वा अल्पसङ्ख्यक सदस्यहरू २ जना रहन्छन् । यसरी हरिनास गाउँ कार्यपालिकाको जम्मा पदाधिकारी सङ्ख्या १५ जना हुन्छन् ।

### नगर सभा

(क) नगर सभामा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र नगर सभाबाट निर्वाचित दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित ३ जना सदस्य रहन्छन ।

(ख) नगर सभाका लागि नगरपालिका प्रमुख, उपप्रमुख र हरेक वडामा एक जना अध्यक्ष तथा चार जना सदस्यको निर्वाचन प्रत्यक्ष हुन्छ । यसमा सम्बन्धित वडाका मतदाताले नगरपालिका प्रमुख, उपप्रमुख र हरेक वडामा एक जना अध्यक्ष तथा चार जना सदस्यलाई मतदान गर्छन् । यसरी भएको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने तथा बढी मत प्राप्त गर्ने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइन्छ । स्थानीय सरकारका रूपमा नगर कार्यपालिका प्रमुखको अध्यक्षतामा नगर कार्यपालिका गठन हुन्छ ।

(ग) प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्षहरू नगर कार्यपालिका सदस्य हुन्छन् । नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र नगर सभाका सदस्यहरूले

आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्यसमेत नगर कार्यपालिका सदस्य रहने व्यवस्था छ ।

(घ) नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका तीन जना दलित वा अल्पसङ्ख्यक समुदायका सदस्य नगर कार्यपालिकाको सदस्य रहने व्यवस्था छ ।

(ङ) यसरी नगर कार्यपालिकामा : प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू र नगर सभाबाट निर्वाचित थप आठ जना सदस्य हुन्छन् ।

उदाहरणका लागि २९ ओटा वडा भएको ललितपुर महानगरपालिकाको नगर कार्यपालिकाको गठन निम्नानुसार हुन्छ :

प्रमुख १ जना, उपप्रमुख १ जना, वडा अध्यक्षहरू २९ जना, महिला सदस्यहरू ५ जना, दलित वा अल्पसङ्ख्यक सदस्यहरू ३ जना । यसरी, ललितपुर महानगरमा नगर कार्यपालिकाको जम्मा पदाधिकारी सङ्ख्या ३९ जना हुन्छ ।

## क्रियाकलाप

१. नेपालको संविधानमा सङ्घीय, प्रदेश र स्थानीय सरकारको गठन सम्बन्धमा खोजी गरी थप जानकारी लिनुहोस् ।

२. नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन प्रक्रिया काम, कर्तव्य र अधिकार सम्बन्धमा खोजी गर्नुहोस् ।

३. तपाईंको गाउँकार्यपालिका/नगरकार्यपालिका जम्मा कति जना सदस्य रहन्छन् । पूरा गठन प्रक्रिया लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) नेपालमा कति तहका सरकारहरूको व्यवस्था गरिएको छ ?

(ख) प्रदेश व्यवस्थापिकामा जम्मा कति प्रतिनिधिहरू निर्वाचित हुन्छन् ?

(ग) सङ्घीय सरकार र प्रादेशिक सरकारमा कति कति जना मन्त्रीहरू निर्वाचित हुन्छन् ?

(घ) नेपालमा जम्मा कतिओटा स्थानीय तहहरू रहेका छन् ?

(ङ) गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा कसमा निहित हुन्छ ?

(च) नेपालको सङ्घीय व्यवस्थापिकाअन्तर्गतका दुई सदनात्मक संसदहरू के के हुन् ?

(छ) नेपालमा प्रादेशिक सरकारको कार्यकारिणी अधिकार कस कसमा निहित रहने व्यवस्था छ ?

छोटा उत्तर आउने प्रश्नहरू

(क) सङ्घीय सरकारको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ?

(ख) प्रदेश सरकारको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ?

(ग) आफ्नो स्थानीय सरकारको गाउँपालिका/नगरपालिकाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

(घ) कस्तो अवस्थामा प्रधानमन्त्री तथा मुख्य मन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव पेश गरिन्छ ? अविश्वासको प्रस्ताव र विश्वासको मत लिने संवैधानिक व्यवस्था र प्रक्रिया उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सङ्घीय र प्रदेश सरकारहरूको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ?

(ख) सङ्घीय कार्यपालिका अन्तर्गत सरकार गठनका विकल्प उल्लेख गर्दै सङ्घीय मन्त्रीपरिषद्को संरचना उल्लेख गर्नुहोस् ।

## पाठ २ सरकारका काम कर्तव्य र अधिकार

सङ्घीय शासन प्रणालीमा सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार गरी तीन तहका सरकार हुन्छन् । यी तीन ओटै तहका सरकारको काम कर्तव्य र अधिकारको सम्बन्धमा नेपालको संविधानमा उल्लेख गरिएको छ । सङ्घीय सरकारले सिङ्गो देशभरि, प्रदेश सरकारले आफ्नो प्रदेशभित्र र स्थानीय सरकारले आफ्नो गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र काम गर्छन् । यसका लागि संविधानको अनुसूची पाँचदेखि नौसम्म प्रत्येक सरकारको एकल र साझा अधिकार सूची तय गरिएका छन् । संविधानअनुसार अनुसूची ५ मा सङ्घीय सरकार, अनुसूची ६ मा प्रदेश सरकार र अनुसूची ८ मा स्थानीय सरकारका एकल अधिकार क्षेत्रको व्यवस्था गरिएको छ । अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकार सूचीको व्यवस्था गरिएको छ । यस अनुसूचीको अधिकार सङ्घ र प्रदेश दुवैले कानुनबमोजिम प्रयोग गर्न पाउँछन् । अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीको व्यवस्था गरिएको छ । अनुसूची ९ को अधिकार तीनओटै सरकारले कानुनबमोजिम प्रयोग गर्न पाउँछन् ।

### सङ्घीय सरकारको काम, कर्तव्य र अधिकार

नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहेको छ । नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पनि मन्त्रिपरिषद्मा रहेको छ । नेपालको सङ्घीय कार्यकारिणीसम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुन्छ । सङ्घीय सरकारले प्रदेश र स्थानीय तहलाई बजेट उपलब्ध गराउने कार्य गर्छ । नेपालको संविधानको अनुसूची ५ मा सङ्घको अधिकारसम्बन्धी व्यवस्था रहेको छ । यस अन्तर्गत जम्मा ३५ ओटा विषय रहेका छन् । सङ्घको अधिकार भित्र पर्ने कुराहरू निम्नानुसार रहेका छन् :

१. रक्षा र सेनासम्बन्धी

   (क) राष्ट्रिय एकता र भौगोलिक अखण्डताको संरक्षण (ख) राष्ट्रिय सुरक्षासम्बन्धी

२. युद्ध र प्रतिरक्षा

३. हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धी

४. केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान, शान्ति सुरक्षा

५. केन्द्रीय योजना, केन्द्रीय बैङ्क, वित्तीय नीति, मुद्रा र बैङ्किङ, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण

६. परराष्ट्र तथा कूटनीतिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध र संयुक्त राष्ट्रसङ्घसम्बन्धी

७. अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता, सुपुर्दगी, पारस्परिक कानुनी सहायता अन्तर्राष्ट्रिय सीमा, अन्तर्राष्ट्रिय सीमा नदी

८. दूरसञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, रेडियो, टेलिभिजन र हुलाक

९. भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिबाना

१०. सङ्घीय निजामती सेवा, न्याय सेवा र अन्य सरकारी सेवा

११. जलस्रोतको संरक्षण र बहुआयामिक उपयोगसम्बन्धी नीति र मापदण्ड

१२. अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत् प्रसारण लाइन

१३. केन्द्रीय तथ्याङ्क (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानक र गुणस्तर)

१४. केन्द्रीय स्तरका ठुला विद्युत, सिँचाइ र अन्य आयोजना तथा परियोजना

१५. केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय

१६. स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन,

१७. राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण

१८. सङ्घीय संसद्, सङ्घीय कार्यपालिका, स्थानीय तहसम्बन्धी मामिला, विशेष संरचना

१९. अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन

२०. हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल

२१. राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन

२२. सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तथा न्याय प्रशासनसम्बन्धी कानुन

२३. नागरिकता, राहदानी, भिसा, अध्यागमन

२४. आणविक ऊर्जा, वायुमण्डल र अन्तरिक्षसम्बन्धी

२५. बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकारसमेत)

२६. नापतौल

२७. खानी उत्खनन

२८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा

२९. बिमा नीति, धितोपत्र, सहकारी नियमन

३०. भूउपयोग नीति, बस्ती विकास नीति, पर्यटन नीति, वातावरण अनुकूलन

३१. फौजदारी, देवानी कानुनको निर्माण

३२. सुरक्षित छापाखाना

३३. सामाजिक सुरक्षा र गरिबी निवारण

३४. संवैधानिक निकाय, राष्ट्रिय महत्वका आयोगहरू

३५. पुरातात्विक महत्त्वका स्थान र प्राचीन स्मारक

नेपालको संविधानको अनुसूची ५ मा उल्लेख गरिएका सङघको अधिकारहरू सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा अधिकार सूचीमा उल्लेख नभएका विषय तथा यो संविधान र सङ्घीय कानुनमा नतोकिएका विषय रहेका छन् ।

## प्रदेश सरकारको काम, कर्तव्य र अधिकारहरू

प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषद्मा निहित हुन्छ । सङ्घीय शासन लागु भएका कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा नेपाल सरकारको निर्देशनबमोजिम प्रदेश प्रमुखले प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्छन् । प्रदेशको शासनव्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहेको छ । प्रदेशको कार्यकारिणी कार्यहरू प्रदेश सरकारको नाममा हुने छन् । नेपालको संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूचीसम्बन्धी व्यवस्था गरिएको छ । प्रदेशको अधिकार अन्तर्गत जम्मा २१ ओटा विषय रहेका छन् ।

१. प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा

२. नेपाल राष्ट्र बैङ्कको नीतिअनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग

३. रेडियो, एफ. एम, टेलिभिजन सञ्चालन

४. घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना

५. प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा

६. प्रदेश तथ्याङ्क

७. प्रदेश स्तरको विद्युत, सिचाइ र खानेपानी सेवा, परिवहन

८. प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय

९. स्वास्थ्य सेवा

१०. प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद्सम्बन्धी

११. प्रदेशभित्रको व्यापार

१२. प्रदेश लोकमार्ग

१३. प्रदेश अनुसन्धान ब्युरो

१४. प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय

१५. प्रदेश लोक सेवा आयोग

१६. भूमि व्यवस्थापन, जग्गाको अभिलेख

१७. खानी अन्वेषण र व्यवस्थापन

१८. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग

१९. प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन

२०. कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात

२१. गुठी व्यवस्थापन

## सङ्घीय र प्रदेश सरकारको साझा अधिकार

नेपालको संविधानको अनुसूची ७ मा सङ्घीय सरकार र प्रदेश सरकारको साझा अधिकारको व्यवस्था गरिएको छ। यसअन्तर्गत जम्मा २५ ओटा विषय रहेका छन्।

१. फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)

२. आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन

३. देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था

४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण

५. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन

६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना

७. करार, सहकारी, साझेदारी र एजेन्सीसम्बन्धी

८. टाट पल्टेको र दामासाहीसम्बन्धी,

९. औषधी र विषादि

१०. योजना, परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापन

११. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवादसम्बन्धी कार्य

१२. कानुन व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेसा

१३. प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता

१४. सञ्चार माध्यम सम्बन्धी

१५. उद्योग, खनिज तथा भौतिक पूर्वाधार

१६. क्यासिनो, चिट्ठा

१७. प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ

१८. पर्यटन, खानेपानी तथा सरसफाइ

१९. चलचित्र, सिनेमा हल, खेलकुद

२०. बिमा व्यवसाय सञ्चालन र व्यवस्थापन

२१. गरिबी निवारण र औद्योगिकीकरण

२२. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास

२३. अन्तरप्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग

२४. भूमि नीति र सोसम्बन्धी कानुन

२५. रोजगारी र बेरोजगार सहायता

### स्थानीय सरकारको काम, कर्तव्य र अधिकार

स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित रहेको हुन्छ । स्थानीय तहले नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेख भएबमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्छन् । गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुन्छ । गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने व्यवस्था संविधानले गरेको छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था रहेको छ । यस अन्तर्गत जम्मा २२ ओटा विषयहरू रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारका सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

१. नगर प्रहरी

२. सहकारी संस्था

३. एफ.एम. सञ्चालन

४. स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क तथा दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत) दण्ड, जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन

५. स्थानीय सेवाको व्यवस्थापन

६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू

८. आधारभूत र माध्यमिक शिक्षा

९. आधारभूत स्वास्थ्य र सरसफाइ

१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ

१२. गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

१३. स्थानीय अभिलेख व्यवस्थापन

१४. घर जग्गा धनी पुर्जा वितरण

१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

१६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

१७. बेरोजगारको तथ्याङ्क सङ्कलन

१८. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण

१९. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा

२०. विपत् व्यवस्थापन

२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

२२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

### सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार

नेपालको संविधानको अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची उल्लेख गरिएका छन्। यसअन्तर्गत जम्मा १५ ओटा विषय रहेका छन्।

१. सहकारी

२. शिक्षा, खेलकुद र पत्रपत्रिका

३. स्वास्थ्य

४. कृषि

५. विद्युत्, खानेपानी, सिँचाइ जस्ता सेवाहरू

६. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

७. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

८. खानी तथा खनिज

९. विपत् व्यवस्थापन

१०. सामाजिक सुरक्षा र गरिबी निवारण

११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क

१२. पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय

१३. सुकुम्बासी व्यवस्थापन

१४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

१५. सवारी साधन अनुमति

## सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्ध

नेपालको संविधानको भाग २० मा धारा २३१ देखि २३६ सम्म सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धको व्यवस्था गरेको छ । नेपालमा सङ्घ, प्रदेश र स्थानीय तीनओटै तहका सरकारबिचमा अन्तरसम्बन्ध रहेको छ । तीनओटै सरकारको गठन तथा सञ्चालनको मूल आधार संविधान नै हो । त्यस्तै संविधानको अनुसूची ७ मा सङ्घ तथा प्रदेशबिचको अधिकारको साझा सूचीको व्यवस्था गरिएको छ भने अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीयबिचको अधिकारको साझा सूची राखिएको छ । यसबाट पनि ती तीनओटै सरकारका बिचमा अन्तरसम्बन्ध छ भन्ने देखिन्छ । त्यसै गरी सङ्घीय सरकारले बनाएको कानुन प्रदेश र स्थानीय तहमा समेत क्रियाशील हुन्छ भने प्रदेश र स्थानीय तहले कानुन बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउनुपर्छ । सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धलाई बुँदागत रूपमा निम्नअनुसार उल्लेख गरिएको छ ।

१. सङ्घ, प्रदेश र स्थानीय सरकार एक अर्कामा स्वायत्त रहे तापनि तिनीहरूबिचमा सहकार्य, समन्वय र सहअस्तित्वको सम्बन्ध रहेको हुन्छ ।

२. नेपाल सरकारले राष्ट्रिय महत्त्वका विषयमा र प्रदेशहरूकाबिचमा समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्री परिषद्लाई सङ्घीय कानुन बमोजिम आवश्यक निर्देशन दिन सक्ने

३. प्रदेशका क्रियाकलाप नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनता विरोधी भएमा राष्ट्रपतिले सचेत गराउने प्रदेश मन्त्रीपरिषद्लाई बढीमा ६ महिनासम्म निलम्बन गर्ने वा विघटन गर्न सक्ने

४. नेपाल सरकारले आफैँ वा प्रदेश सरकारमार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक सहयोग गर्ने र निर्देशन दिन सक्ने छ । त्यस्तो निर्देशनको पालन गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुने ।

५. एक प्रदेशले अर्को प्रदेशको कानुनी व्यवस्था वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्ने छ ।

६. एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्ने छ।

७. एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुनबमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्ने छ।

८. स्थानीय तहले वैदेशिक सहायता लिनुपर्दा सङ्घीय सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ र सङ्घले सङ्कलन गरेको राजस्व सङ्घले प्रदेश र स्थानीय तहलाई समेत न्यायोचित रूपमा वितरण गर्नुपर्ने व्यवस्था रहेको छ।

९. प्रदेश र स्थानीय तहले सङ्कलन गरेका राजस्व, रोयल्टीको केही हिस्सा केन्द्र, प्रदेश र स्थानीय तहमा कानुनमा तोकिएअनुसार रहने व्यवस्था छ।

१०. प्रदेश र स्थानीय तहको निर्वाचन पनि सङ्घीय कानुनबमोजिम हुन्छ  र निर्वाचन आयोगले तीनओटै तहको निर्वाचन गराउँछ।

यसरी हेर्दा प्रदेश, सङ्घ र स्थानीय तह एक अर्काका परिपूरक हुन्। तीनओटै सरकारको सहकार्य र समन्वयबाट मात्र देशको समानुपातिक विकास र जनतालाई सुविधाहरू उपलब्ध गराउन सम्भव हुन्छ। कुनै एक तहले समन्वय नगर्दा जनतालाई मर्का पर्न सक्छ।

सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ ले सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धका आधार निम्नानुसार उल्लेख गरेको छ।

१. राष्ट्रिय हितका आधारभूत विषय

२. राष्ट्रिय गौरव र एकताको संरक्षण

३. राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन

४. मौलिक हकको कार्यान्वयन

५. राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान

६. संविधानका व्यवस्थाहरूको समग्रता र सामञ्जस्यता

७. लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण

८. संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान

९. नेपाली नागरिकबिच समान व्यवहार र सुरक्षा

१०. कानुन, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श, सहयोग तथा सूचनाको आदान प्रदान

११. प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण

१२. प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण

१३. भ्रष्टाचार निवारण र सुशासन प्रवर्धन

१४. पारस्परिक सहयोग र सहकार्य

१५. समानुपातिक समावेशी तथा सहभागितामूलक शसन व्यवस्था अवलम्बन

१६. नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता

१७. व्यापार, वस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय

१८. सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानुनमा व्यवस्था भएको अन्य विषय

## क्रियाकलाप

१. सङ्घ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धका बारेमा नेपालको संविधानमा भएका व्यवस्थाहरू अध्ययन गरी थप जानकारी लिनुहोस् ।

२. तपाइँ बसोबास गर्नुभएको स्थानीय तहमा संविधानको अनुसूचीमा व्यवस्था भएबमोजिमका एकल र साझा अधिकारहरू कसरी प्रयोग भएका छन् ? खोजी गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार सूची संविधानको कुन कुन अनुसूचीमा उल्लेख गरिएका छन्, लेख्नुहोस् ।

(ख) नेपालको संविधानले तोकेको सङ्घीय सरकारका कुनै दुई अधिकार लेख्नुहोस् ।

(ग) नेपालको संविधानले तोकेको सङ्घ, प्रदेश र स्थानीय तहका कुनै दुई साझा अधिकार उल्लेख गर्नुहोस् ।

(घ) नेपालको संविधानले तोकेको स्थानीय तहका कुनै दुई अधिकार लेख्नुहोस् ।

(ङ) सङ्घ, प्रदेश र स्थानीय तहकोबिचमा अन्तरसम्बन्ध छ भन्ने कुनै दुई आधार लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालको संविधानले तोकेबमोजिम सङ्घीय सरकारको कुनै १० ओटा अधिकारको सूची बनाउनुहोस् ।

(ख) नेपालको संविधानले तोकेबमोजिम प्रदेश सरकारको कुनै १० ओटा अधिकारको सूची बनाउनुहोस् ।

(ग) नेपालको संविधानले तोकेबमोजिम स्थानीय सरकारको कुनै १० ओटा अधिकारको सूची बनाउनुहोस् ।

(घ) सङ्घ, प्रदेश र स्थानीय तहका बिचमा अन्तरसम्बन्ध छ भन्ने कुरा पाँच बुँदामा उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सङ्घ, प्रदेश र स्थानीय तहका बिचमा अन्तरसम्बन्ध पुष्टि गर्नुहोस् ।

(ख) सङ्घ, प्रदेश र स्थानीय तह हरेकको १०, १० ओटा अधिकार सूचीहरू लेख्नुहोस्

# पाठ ३ नागरिक अधिकार र कर्तव्य

खुला विद्यालयमा कक्षा १२ का सिकारुहरूको सम्पर्क कक्षाको समयमा नागरिक अधिकार र कर्तव्य शीर्षकमा छलफल गर्नका लागि (सहजीकरणका लागि) कानुनविद् रामेश्वर श्रेष्ठलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गरिएको छ। हामी पनि अध्ययन गरौँ है त कानुनविद् र सिकारुहरूका बिचमा भएको छलफल।

विद्यालयको शिक्षक : आज तपाईँहरूसँग नागरिक अधिकार र कर्तव्य शीर्षकमा छलफल गर्नका लागि कानुनविद् रामेश्वर श्रेष्ठ सरलाई हामीले आमन्त्रण गरेका छौँ । आज तपाईँहरू उहाँसँग छलफल गर्दै सिक्नुस् है त।

विद्यार्थी : हस् सर झन् आजको सम्पर्क कक्षा त रमाइलो हुने भयो। नमस्कार ! सर

कानुनविद् : यहाँहरू सम्पूर्णमा नमस्कार ! तपाईँहरू आफ्नो शिक्षकसँग त सधैँ सिकिरहनु भएको छ नि होइन त ? ल आज चाहिँ मसँग सिक्ने है त ? तपाईँहरू खुसी हुनुहुन्छ नि ?

विद्यार्थी : खुसी छौँ सर।

कानुनविद् : नागरिक अधिकार र कर्तव्यको सम्बन्धमा सिक्नुभन्दा अगाडि नागरिक भनेको के हो ? बुझ्नुपर्ने हुन्छ। ल एक जनाले भन्नुस् त नागरिक भनेको के हो ?

कल्पना : हामी यो देशमा बसोबास गर्ने सबै जनता नै यस देशका नागरिक होइनौँ त सर ?

कानुन्विद् : हो तपाईँले भन्न खोज्नु भएको पनि ठिकै हो। बृहत् नेपाली शब्दकोशले नागरिकका बारेमा यस्तो भनेको छ। "नागरिक भन्नाले कुनै देश वा राष्ट्रको विधानअनुसार सामाजिक राजनीतिक आदि अधिकार पाएको र तदअनुसार निश्चित कर्तव्यमा रहनुपर्ने व्यक्ति भनी परिभाषित गरेको छ।"

राकेश : ए सर यो परिभाषा सुन्दा त नागरिक अधिकार र कर्तव्यको एकआपसमा सम्बन्ध छ भन्ने पो बुझिने रहेछ है ?

कानुनविद् : स्याबास् ! राम्रो कुरा गर्नुभयो। तपाईँले भने जस्तै यो परिभाषालाई विश्लेषण गर्दा कुनै पनि व्यक्ति नागरिक बन्नका लागि राष्ट्रले प्रदान गरेका अधिकार प्राप्त गर्नुका साथसाथै आफ्नो राष्टप्रतिको तोकिएको जिम्मेवारी तथा कर्तव्य पनि पूरा गर्नुपर्छ भन्ने बुझिन्छ। कुनै पनि देशको नागरिक भएको हैसियतले उक्त देशको संविधान तथा कानुनद्वारा प्रदान गरिने हक अधिकारलाई मौलिक हक तथा अधिकार भनिन्छ भने एउटा जिम्मेवार नागरिकले अधिकार प्राप्त गर्नका लागि पूरा गर्नुपर्ने हरेक दायित्व तथा जिम्मेवारीलाई कर्तव्य भनिन्छ। नागरिक राज्य निर्माणको अनिवार्य तत्त्व पनि हो। नागरिकबिनाको राज्यको परिकल्पना पनि गर्न सकिँदैन। नागरिकले राज्यबाट अपेक्षा गरेका हक र अधिकारलाई जनताको हितका लागि जनताको चाहनाबमोजिम संविधान र कानुनद्वारा प्रत्याभूत गरेको हुन्छ। राज्यको नागरिक

भएको हैसियतले नागरिकले पनि राज्यप्रति निश्चित दायित्व पूरा गर्नुपर्ने हुन्छ । जसलाई कर्तव्य भनिन्छ । कर्तव्य अरूले कर गरेर अथवा अरूले के भन्ला भनेर गर्ने नभई आफैँले बुझेर पालना गर्नुपर्ने हुन्छ ।

कल्पना : हामीले सानै कक्षादेखि नै अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् भनेर पढेका थियौँ नि सर ?

कानुनविद् : ए हो र, त्यसो भए अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् भन्ने कुरालाई उदाहरणसहित प्रस्ट पार्न सक्नुहुन्छ त ?

कल्पना : सक्छु सर । घर परिवार र समाजमा पनि हामीले अधिकार प्राप्तिसँगै कर्तव्यलाई पनि ख्याल गर्नुपर्छ । जस्तै बुबाआमाले जन्म दिनुभयो, हुर्काउनु भयो, पढाउनु भयो एउटा जिम्मेवार असल नागरिक बनाउनुभयो । फेरि हामी सोचिरहेका हुन्छौँ कि यो त बुबाआमाको कर्तव्य नै हो पूरा गर्नुपर्छ र बुबाआमाको माया ममतालगायत हरेक कुराहरू प्राप्त गर्नु हाम्रो अधिकार हो । तर हामीले बुबाआमाबाट अधिकार मात्र लिने होइन । उहाँहरूले भनेको मान्ने, उहाँहरूको सम्मान गर्ने, उहाँहरूका हरेक सुख दुखमा साथ दिने र कहिल्यै पनि उहाँहरूका आँखामा आँशु बग्न नदिने हाम्रो कर्तव्य हो । यसबाट पनि हामी भन्न सक्छौँ की अधिकारको उपयोग गर्न चाहने कुनै पनि व्यक्तिले सो अधिकारले सिर्जना गरेका हरेक कर्तव्य र दायित्वको व्यवास्ता गर्नुहुँदैन ।

कानुनविद् : साह्रै चित्त बुझ्दो कुरा गर्नुभयो नानु तपाईंले । अब अर्को उदाहरण पनि सुन्नुस् है त । हामी नागरिकले राष्ट्रबाट प्राप्त मौलिक हक अधिकारको उपयोग गर्दैजाँदा नागरिक कर्तव्य पनि त्यसको अभिन्न अङ्ग भएर उपस्थित भइरहेका हुन्छन्, जस्तै : यदि कसैले हाम्रो मौलिक हक अधिकारको हनन गऱ्यो भने हामीले न्यायालयमा उजुरी दिन पाउने हक अधिकार संविधानले प्रदान गरेको छ र न्यायालयले हामीलाई न्याय दिलाई दोषी माथि कानुनी सजाय दिने छ भने हामीले पनि राज्यद्वारा जारी गरिएका ऐन, नियम र कानुनको पालना र संरक्षण गर्नु हाम्रो दायित्व हो भनी आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ ।

राकेश : सर, हामीलाई कानुनी रूपमा हक अधिकार दिलाउने त संविधानमा गरिएको कानुनी व्यवस्थाअनुसार नै होइन त ?

कानुनविद् : हो हो देशभित्र हामीलाई हक अधिकार दिलाउने संविधान र अन्य कानुनी दस्तावेजहरू रहेका छन् भने अन्तर्राष्ट्रिय रूपमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ रहेको छ ।

कल्पना : मानव अधिकारको विश्वव्यापी घोषणापत्रको बारेमा हामीले कक्षा १० पनि अध्ययन गरेका थियौँ ।

कानुनविद् : ए त्यसो भए त तपाईंहरूलाई बुझाउन मलाई साह्रै सजिलो हुने भयो । हामी आज चाहिँ नेपालको संविधान तथा कानुनी दस्तावेजहरूले र मानव अधिकारको

विश्वव्यापी घोषणापत्रले व्यवस्था गरेका नागरिक अधिकार र कर्तव्यको सम्बन्धमा छलफल
गर्नेछौं ।

राकेश : सर नेपालको संविधानले भाग ३ मा धारा १६ देखि ४६ सम्म ३१ ओटा मौलिक हकहरूको व्यवस्था गरेको छ नि तिनिहरू पनि हामीलाई राज्यले प्रदान गरेका मौलिक अधिकारहरू होइनन् त ?

कानुनविद् : हो हो ल तपाईंहरूलाई कुन कुन हकको बारेमा थाहा छ भन्नुस् त ?

कल्पना : शिक्षा सम्बन्धी हक, बालबालिकाको हक, स्वतन्त्रताको हक, समानताको हक, छुवाछुतको हक यत्ति नै याद भयो सर ।

कानुनविद् : ठिक छ त यति भएपनि सम्झीहाल्नु भयो नि । ल अब हामी नेपालको संविधान र अन्य कानुनी दस्तावेजले प्रत्याभुत गरेका अन्य हक तथा अधिकारहरूको बारेमा छलफल गर्नेछौं । सुरुमा शिक्षा सम्बन्धी हकको कुरा गरौं है त ? शिक्षा सम्बन्धी मौलिक हक नेपालको संविधानको धारा ३१ मा रहेको छ । यस अन्तर्गत भएका अधिकारहरू निम्न अनुसार रहेका छन् । प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क र माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने अधिकारको व्यवस्था रहेको छ । त्यस्तै अपगता र आर्थिक रुपले विपन्न नागरिकलाई उच्च तहसम्मको शिक्षा निशुल्क पाउने अधिकार रहेको छ । अनि दृष्टिबिहिन नागरिकलाई ब्रेललिपि तथा कान सुन्न र बोल्न नसक्ने अपांगताका लागि सांकेतिक भाषाको माध्यामबाट निशुल्क शिक्षा पाउने अधिकार पनि रहेको छ । प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकार पनि रहेको छ । त्यस्तै नेपाल सरकारले प्राथमिक तहसम्म मातृभाषामा शिक्षा आर्जन गर्न पाउने अधिकारको पनि व्यवस्था गरेको छ ।

राकेश : देशका सबै नागरिकहरूले शिक्षा प्राप्त गर्न पाउने व्यवस्था संविधानले गरेको छ तर, अझै पनि विद्यालय नजानेहरू पनि देखिन्छन् नि होइन त सर ?

कानुनविद् : हो र ? तपाईंले विद्यालय नगएकाहरू देख्नु भएको छ ? त्यसरी विद्यालय नगएकाहरू के कारणले पढ्न नगएका हुन् बुझ्नुपर्छ र हाम्रो देशको कानुनले शिक्षा सम्बन्धी यस्तो व्यवस्था गरेको छ भनी बुझाउनु पर्छ । हामी अधिकार र कर्तव्यको बारेमा छलफल गर्दैछौं । त्यसरी शिक्षा हाँसिल गर्न नपाएका वा नगएकाहरूलाई शिक्षाका लागि प्रेरित गर्नु पनि हाम्रो कर्तव्य हो ।

कल्पना : मैले त त्यसरी देखेका कतिपयलाई पढ्नुपर्छ शिक्षा हाँसिल गर्ने भनेको हाम्रो उज्ज्वल भविष्यका लागि हो भनेर सम्झाउने गरेको छु सर ।

कानुनविद् : धेरै राम्रो गर्नुभयो । ल अब बालबालिकाको हकमा भएका व्यवस्थाहरू पनि तपाइंहरू बालबालिकाहरूसँग प्रत्यक्ष जोडिएको हुनाले एक पटक सम्झौं है त । हरेक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको अधिकार रहेको छ

। प्रत्येक बालबालिकालाई परिवार र राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन र शारीरिक तथा मानसिक विकासको अधिकार हुन्छ । कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा पनि शारीरिक मानसिक वा कुनै किसिमको यातना दिन नपाइने हकको व्यवस्था गरिएको छ । त्यति मात्र हो र प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा सहभागिताको हक पनि रहेको छ । सहभागिताको हक भनेको बालबालिकाहरूलाई आफूले सकेका हरेक गतिविधि तथा क्रियाकलापमा सहभागी हुन पाउने र आफ्नो विचार व्यक्त गर्न पाउने हक तथा अधिकार हो ।

राकेश : सर हामी किशोरकिशोरीको हक अधिकारको बारेमा पनि छलफल गरौँ है ?

कानुनविद् : किन तपाईँहरू किशोरकिशोरी भएकाले हो कि के हो ?

राकेश : त्यो पनि हो सर । अगिल्लो कक्षामा किशोरावस्था जीवनको अत्यन्त संवेदनशील र महत्त्वपूर्ण समय हो भनेर पढेका थियौँ त्यसैले सिक्न मन लाग्यो ।

कानुनविद् : हामीले यहाँ छलफल गरेका सबै अधिकारहरू किशोकिशोरीहरूका पनि त हुन् नि । यी अधिकारहरूको प्राप्तिका लागि किशोरकिशोरीहरू पनि सचेत हुनु नै पर्छ ।

राकेश : त्यो त हो सर ।

कानुनविद् : प्रत्येक नागरिक कानुनको दृष्टिमा समान हुने छन् र कानुनद्वारा समान संरक्षणको अधिकार हुने छ भनेर संविधानमा समानताको मौलिक हकअन्तर्गत उल्लेख गरिएको छ । सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने कुरा पनि समानताको हकअन्तर्गत उल्लेख गरिएको छ । यसको मतलब हामीले कसैलाई पनि भेदभाव गर्नु गैरकानुनी काम हुने छ । कसैलाई पनि समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गर्न नहुने व्यवस्था पनि समानताको हकअन्तर्गत नै रहेको छ । कुनै नागरिकलाई सरकारी वा सार्वजनिक पदमा नियुक्ति गर्दा कानुनले निर्धारण गरेको योग्यताका आधारमा मात्र गरिने र त्यसरी नियुक्ति गर्दा कुनै पनि नागरिकमाथि उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने तर लिङ्ग, जात, वर्ग, अपाङ्गता आदि प्रति कानुनद्वारा विशेष व्यवस्था भएकामा भेदभाव गरेको नमानिने व्यवस्था पनि नेपालको कानुनले गरेको छ । यही विशेष व्यवस्था भएकाले नै महिला, दलित, जनजाति, अपाङ्ग, पिछडिएको वर्ग र क्षेत्रका जनतालाई आरक्षणको व्यवस्था गरिएको हो ।

कल्पना : यति राम्रा कानुनी व्यवस्थाहरू हुँदाहुँदै पनि हाम्रो समाजमा अझै पनि छुवाछुत, असमान व्यवहार, भेदभाव गरेको देखिन्छ होइन त सर ?

कानुनविद् : हो नि, त्यसैले त न्यायका लागि अदालत जान सकिन्छ र अदालतले न्याय दिलाउँछ भनिएको हो त । त्यस्तै गरी कानुनको अधीनमा रही प्रत्येक नागरिकलाई आफ्नो विचार राख्ने तथा अभिव्यक्त गर्ने र बिना हातहतियार शान्तिपूर्वक भेला हुने तथा सभा, सम्मेलन गर्ने स्वतन्त्रता तथा अधिकार पनि रहेको छ । त्यस्तै सङ्घसंस्था खोल्ने, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने, कुनै पेसा, रोजगार, उद्योग, व्यवसाय गर्ने स्वतन्त्रता वा अधिकारको पनि कानुनी व्यवस्था रहेको छ ।

राकेश : सर नेपालको कानुनले यति धेरै अधिकार दिएको रहेछ अनि नागरिकहरूले यी अधिकारहरूको उपयोग गरेका छन् त ?

कानुनविद् : छन् त, तपाइँहरू उमेरले अलि सानै भएकाले थाहा नभएको हो । यिनै अधिकारको प्रयोग गरेर त नागरिकले विभिन्न किसिमका सङ्घसंस्थाहरू खोलिरहेका छन् । विभिन्न कामका सिलसिलामा खुलेआम एक ठाउँबाट अर्को ठाउँमा आवतजावत र बसाइँसराइ गरिरहेका छन् । त्यस्तै विभिन्न किसिमका पेसा तथा रोजगारीमा आबद्ध हुने, उद्योग व्यवसाय सञ्चालन गर्ने अवसर पनि प्राप्त गरिरहेका छन् । अर्को सुन्नुस् है त ? नागरिकले आफूले चाहेको शिक्षा वा आफ्नो मातृभाषामा शिक्षा आर्जन गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, हस्तान्तरण गर्ने र सम्पत्तिको अन्य कुनै कारोबार गर्न पाउने स्वतन्त्रता र अधिकारको पनि व्यवस्था गरिएको छ ।

राकेश : अरू के के अधिकार छन् सर ?

कानुनविद् : आफ्नो समुदायको धर्म, भाषा, लिपि वा संस्कृतिको अभ्यास संरक्षण र संवर्धन गर्ने, धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन गर्ने, आफ्नो जिउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको रक्षा गर्ने वा गोप्य राख्न पाउने अधिकारको पनि कानुनी व्यवस्था रहेको छ ।

कल्पना : गोप्य राख्ने भनेर के भन्न खोजेको हो सर ?

कानुनविद् : गोपनियता भन्नाले कुनै पनि व्यक्तिको अनुमतिबिना उसको बासस्थानमा प्रवेश गरेमा त्यस्तै गरी कसैको चिठीपत्र खोले वा प्रयोग गरेमा, टेलिफोन वा अन्य प्रविधिको माध्यामबाट भएको कुराकानी, बोली, ध्वनिको टेप वा रेकर्ड गरेमा वा सुनेमा, कुनै व्यक्तिको निजी जीवनको व्यवहार, आचरणको चियोचर्चो, प्रकाशन, प्रशारण, वा प्रचार गरेमा, कसैको आकृति वा तस्बिर उसको अनुमतिबिना खिचेमा, अरूको आकृति, तस्बिर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा गोपनियताको अधिकार हनन भएको मानिन्छ भनेर भन्न खोजिएको हो । त्यसैले विद्यार्थी हामी यस्ता कुरामा सधैँ सचेत हुनुपर्छ ।

कल्पना : मानव अधिकारको विश्वव्यापी घोषणपत्रले दिएको अधिकारको त कुरै गरेको छैन है सर ?

कानुनविद् : हो, नेपालको कानुनले व्यवस्था गरेका अधिकारका बारेमा छलफल गर्दैछौँ । त्यसपछि गरौँला नि ! हुँदैन र ? कुनै व्यक्तिको सम्पत्ति आयमा कानुनबमोजिम मात्र कर

लगाउन सकिने व्यवस्था गरिएको छ । यसको मतलब कुनै पनि व्यक्तिको सम्पत्ति र आम्दानीमा कानुनले तोकको सिमाभन्दा बढी भए मात्र कर लगाउने व्यवस्था रहेछ भनी हामी बुझ्न सक्छौँ । त्यस्तै कानुनबमोजिम सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले अधिकारको सिर्जना गर्न नपाउने व्यवस्था पनि रहेको छ । यदि राज्यले नागरिकको सम्पत्तिको प्रयोग सार्वजनिक प्रयोगका लागि गर्‍यो भने कानुनले तोकेबमोजिम क्षतिपूर्ति तथा मुआब्जा दिनुपर्ने कानुनी व्यवस्था रहेको छ । त्यस्तै गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैँले वा निजका तर्फबाट जोसुकैले बन्दीप्रत्यक्षीकरणको आदेशका लागि सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालतमा उजुरी दिन सक्ने छ ।

राकेश : बन्दीप्रत्यक्षीकरण भनेको के हो सर ?

कानुनविद् : बन्दीप्रत्यक्षीकरण भनेको बन्दीलाई अदालत वा न्यायाधीशसमक्ष दाखिला गर भन्ने आदेश हो । कुनै व्यक्तिलाई गैरकानुनी रूपमा थुनामा राखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरण रिट जारी गरिन्छ । निज उपर परेको उजुरी जाँचबुझ गर्दा कानुन विपरीत गिरफ्तार गरिएको वा थुनिएको देखिएमा सम्बन्धित अदालतले त्यसरी गिरफ्तार गरिएको वा थुनिएको व्यक्तिलाई तुरुन्त थुनाबाट छाड्न आदेश दिने छ ।

कल्पना : मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा ३० ओटा धाराहरू छन् होइन त सर ?

कानुनविद् : हो तपाईंले सम्झनु भएको रहेछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्टसङ्घको घोषणापत्रले अनुमोदन गरेको हो । यस घोषणापत्रमा भएका मुख्य मुख्य अधिकारहरूका सार सङ्क्षेप म तपाईंलाई बताउँछु है ? सबै व्यक्ति जन्मजात रूपमा स्वतन्त्र छन् । सबैको स्वतन्त्र अस्थित्व र अधिकार रहेको हुन्छ । त्यसैले हामीले सबैसँग परस्परमा समान व्यवहार र भातृत्वको भावना राख्नुपर्छ । अर्को छ जाति, भाषा, धर्म, वर्ण, लिङ्ग, राजनीतिक आस्था, राष्ट्रियता, सामाजिक अवस्था, उत्पत्ति आदि कुनै पनि आधारमा कसैलाई पनि भेदभाव गर्नुहुँदैन । त्यस्तै गरी हरेक व्यक्तिको स्वतन्त्रतापूर्वक जिउने, सुरक्षित रहने र बाँच्ने अधिकार पनि हुन्छ । अनि कुनै पनि व्यक्तिलाई अनावश्यक रूपमा दण्ड सजाय र अमानवीय व्यवहार गर्न पाइँदैन । हरेक व्यक्तिले समान कानुनको प्रयोग गर्न पाउने र कानुनको प्रयोगमा कसैले पनि कसैलाई भेदभाव गर्न नहुने कुरा पनि उक्त घोषणा पत्रमा उल्लेख गरिएको छ । त्यस्तै राज्यले कसैलाई पनि बिना कारण थुनामा राख्ने, देश निकाला गर्ने वा नजरबन्दमा राख्न नपाइने कुरा पनि उल्लेख गरिएको छ । अर्को महत्त्वपूर्ण कुरा प्रत्येक नागरिकलाई शान्तिपूर्वक भेला हुने तथा आफ्ना विचारहरू राख्न पाउने, स्वतन्त्र रूपमा एक ठाउँबाट अर्को ठाउँमा आवतजावत र हिँडडुल गर्ने अधिकार सबै नागरिकलाई हुने कुरा पनि उक्त घोषणापत्रमा उल्लेख गरिएको छ । हरेक नागरिकलाई आफ्नो सम्पत्तिको प्रयोग गर्न पाउने अधिकार छ । त्यस्तै हरेक नागरिकलाई आफ्नो सांस्कृतिक तथा धार्मिक क्रियाकलापमा स्वतन्त्रतापूर्वक सहभागी हुन पाउने अधिकार पनि छ । विश्वभरिका

मानव सबै एक हुन् भन्ने ध्येय मानव अधिकारको विश्वव्यापी घोषणापत्रले राख्छ । विश्वव्यापी मानव अधिकारको घोषणापत्रमा उल्लिखित अधिकारहरूलाई हाम्रो देश नेपालको संविधानले पनि निरन्तरता दिएको छ ।

राकेश : हो त है सर, अगि संविधानले प्रदान गरेका अधिकार अहिले मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा पनि मिल्दा जुल्दा छन् त ।

कानुनविद् : ल अब हामी कर्तव्यका प्रकार सम्बन्धमा छलफल गर्छौं है त ? सामान्यतया नागरिकका कर्तव्य नैतिक कर्तव्य, कानुनी कर्तव्य, सामाजिक कर्तव्य र नागरिक कर्तव्य गरी चार किसिमका हुन्छन् । नैतिक कर्तव्य भन्नाले कुनै पनि व्यक्तिको भित्री मन वा चेतनाबाट आएर निर्वाह गर्ने कर्तव्यलाई नै नैतिक कर्तव्य भनिन्छ । जस्तै : आमाबाबु गुरुजन, ज्येष्ठ नागरिकलाई आदर गर्नु, बालबालिका र असहायप्रति माया र सद्भाव राख्नु त्यस्तै सबै मानिसप्रति मैत्रीभाव एवम् सम्मानजनक व्यवहार गर्नु आदि जस्ता कर्तव्यहरू नैतिक कर्तव्यअन्तर्गत पर्छन् । कुनै पनि देशको संविधान वा कानुनले किटान गरेका अधिकार क्षेत्रभित्र रहेर आफ्नो कर्तव्य पूरा गर्नुलाई कानुनी कर्तव्य भनिन्छ । जस्तै : देशको संविधानको पालना गर्नु, प्रचलित अन्य ऐन नियम र कानुनको पालना गर्नु, कानुनको कार्यान्वयनमा सरोकारवालाहरूलाई सहयोग पुऱ्याउनु, कानुनको आवश्यक सुधारमा सहयोग पुऱ्याउनु आदि जस्ता कर्तव्य कानुनी कर्तव्य हुन् । सामाजिक कर्तव्यहरूका बारेमा केही भन्न सक्नुहुन्छ ?

कल्पना : सामाजिक मूल्य मान्यता र परम्पराप्रति जागरुक हुनु र चाडपर्व तथा सामाजिक उत्सवहरूमा सहभागी हुनु सामाजिक कर्तव्य होइनन् त सर ?

कानुनविद् : स्यावास् ! सही अनुमान गर्नुभयो । हो यसरी सामाजिक प्राणी भएको हैसियतले आफू बसेको समाजको हक हित र भलाइका लागि नागरिकले पूरा गर्नुपर्ने कर्तव्यलाई सामाजिक कर्तव्य भनिन्छ, जस्तै : अरूलाई पनि सहभागी हुन प्रेरित गर्नु, धार्मिक स्थल मठ मन्दिरको संरक्षण, संवर्धन र सरसफाइमा सहभागी हुनु, धार्मिक सहिष्णुता, सामाजिक सद्भाव कायम गर्न सहयोग पुऱ्याउनु आदि जस्ता कर्तव्यहरू सामाजिक कर्तव्यअन्तर्गत पर्छन् ।

कुनै पनि देशको नागरिक भएको हैसियतले उक्त राष्ट्रको हक, हित र भलाइका लागि पूरा गर्ने कर्तव्य नागरिक कर्तव्यहरू हुन्, जस्तै : देशको शान्ति र सुरक्षाका लागि सबै नागरिकले आ आफ्नो क्षेत्रबाट सकारात्मक योगदान पुऱ्याउनु, विकासका कार्यक्रमहरूमा सहभागिता जनाउनु, सरकारले राज्य सञ्चालनका लागि न्यायोचित ढङ्गबाट लगाएका प्रत्यक्ष वा अप्रत्यक्ष कर तिर्नु, कुनै प्रलोभन र दबाबमा नपरी मतदानको अधिकारको प्रयोग गर्नु, सधैँ सत्य र न्यायको पक्षमा आवाज उठाउनु, देशको सीमा मिचिँदा, मौलिक अधिकार हनन हुँदा त्यसको विरुद्धमा आवाज उठाउनु आदि जस्ता कर्तव्य नागरिक कर्तव्यअन्तर्गत पर्छन् ।

कल्पना : हामी नागरिकले पूरा गर्नुपर्ने कर्तव्य पनि धेरै हुने रहेछन् है सर ?

कानुनविद् : ठिक भन्नु भयो । नेपालको संविधानको धारा ४८ मा नागरिकका कर्तव्यहरूको व्यवस्था गरिएको छ । ती हुन्: राष्टप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु आदि कर्तव्यहरू संविधानले नागरिकका लागि तोकेका कर्तव्यहरू हुन् ।

राकेश : सर संविधानमा मौलिक हक मात्र होइन रहेछ कर्तव्यको पनि व्यवस्था गरिएको रहेछ है ?

कानुनविद् : छन् त, विद्यार्थी हामी नागरिकले आफ्नो अधिकारको उपभोग गर्दा अरूको अधिकारको सम्मान गर्नुपर्छ र अरूको अधिकारको सीमालाई सधैँ ख्याल गर्नुपर्छ । नागरिकले नागरिकका हकको उपयोग गर्न पाउने अवस्था सिर्जना गर्नु राज्यको दायित्व हो भने हामी प्रत्येक नागरिकले आफ्नो हकको उपभोग गर्दै राज्यप्रति गर्नुपर्ने कर्तव्य पनि पूरा गर्नुपर्छ ।

## क्रियाकलाप

१. विश्व स्वास्थ्य सङ्गठनले परिभाषित गरेअनुसार मानव जीवनको १० वर्ष देखि १९ वर्षबिचको उमेर समूहलाई किशोरावस्था भनिन्छ । किशोर अवस्थालाई जीवनको अत्यन्त महत्त्वपूर्ण उमेर मानिन्छ किनभने यसै उमेरमा किशोरकिशोरीहरूको मानसिक बौद्धिक र शारीरिक अवस्थामा पनि परिवर्तन आइसकेको हुन्छ । किशोरावस्थामा सिकेका सामाजिक मूल्य मान्यता र सिपले उसको भविष्यको बाटो निर्धारण गर्दछ त्यसैले यस उमेरलाई संवेदनशील उमेर पनि भनिन्छ । माथि पाठमा उल्लिखित अधिकार तथा कर्तव्य किशोरकिशोरीहरूका लागि पनि हुन् । तसर्थ किशोरकिशारीहरूको वृत्तिविकासका लागि आवश्यक पर्ने अधिकार तथा कर्तव्यलाई यहाँ तालिकामा प्रस्तुत गरिएको छ :

| किशोरकिशोरीहरूको अधिकार | किशोरकिशोरीहरूको कर्तव्य |
|---|---|
| १. अभिभावकबाट माया र संरक्षणको अधिकार<br>२. घर, परिवार र समाजमा किशोराकशोरीहरू प्रभावित हुने निर्णयमा सहभागिताको अधिकार<br>३. शारीरिक, मानसिक एवम् संवेगात्मक विकासको अधिकार | १. आफ्नो शारीरिक, मानसिक एवम् संवेगात्मक विकासका शिक्षा, स्वास्थ्य, रोजगारी आदि जस्ता विषयहरूमा संवेदनशील भएर लाग्ने कर्तव्य<br>२. घर परिवार र समुदायमा आफूले सकेका कामहरू गर्नु ।<br>३. खराब साथी, कुलत तथा दुर्व्यसनीबाट सधैँ आफूलाई टाढा राख्ने कर्तव्य<br>४. यौन तथा प्रजनन् स्वास्थ्यका बारेमा |

| | |
|---|---|
| ४. उपयुक्त उमेरमा आफ्नो रोजाइमा विवाह गर्न पाउने अधिकार<br>५. पारिवारिक तथा सामुदायिक कार्यमा सहभागी हुन पाउने अधिकार<br>६. यौन तथा प्रजनन् स्वास्थ्यको अधिकार<br>७. असहाय, अपाङ्गता भएका वा जोखिममा रहेका किशोकिशोरीलाई राज्यबाट विशेष संरक्षण र उद्धारको हक<br>८. आर्थिक रूपले विपन्न अशक्त असहाय, किशोरकिशोरीका लागि कानुनबमोजिम सामाजिक सुरक्षाको हक | जानकारी राख्ने कर्तव्य<br>५. स्वस्थ आनीबानीको विकास र सचेतना<br>६. घरपरिवार र समाजमा रहेका कुरीति, कुसंस्कार, अन्धविश्वास, विसङ्गतिहरूका विरुद्ध जुटेर लाग्ने कर्तव्य<br>७. सामाजिक मुल्य मान्यता, रीतिरिवाज र संस्कारहरूको संरक्षण गर्ने कर्तव्य<br>८. समाजमा सञ्चालित सामुदायिक कार्यहरूमा आफूलाई सहभागी गराउने कर्तव्य<br>९. प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउनु<br>१०. आफूभन्दा ठुला मान्यजन तथा ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता आदिलाई आदर, सम्मान र सहयोग गर्ने<br>११. आफ्नो संवेगलाई नियन्त्रण गर्ने |

(क) माथि तालिकामा उल्लिखित किशोरकिशोरीका अधिकार र कर्तव्यमध्ये तपाईंले प्राप्त गर्नुभएको अधिकार र पूरा गर्नुभएका कर्तव्य छुट्याउनुहोस् ।

(ख) पाठमा र तालिकामा उल्लिखित अधिकार र कर्तव्यमध्य तपाईँलाई आफ्नो वृत्ति विकासका लागि आवश्यक पर्ने अन्य अधिकारहरू र कर्तव्य छन् जस्तो लागेमा थप गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) अधिकार भनेको के हो ?

(ख) कर्तव्य भन्नाले के बुझिन्छ ?

(ग) किशोरकिशोरी भन्नाले कुन उमेर समूहका बालबालिकालाई मानिन्छ ?

(घ) मानव अधिकारको विश्वव्यापी घोषणापत्र कहिले जारी भएको हो ? यसका कति धारा रहेका छन् ?

(ङ) नेपालको संविधानमा कुन भागमा कतिदेखि कतिसम्म कतिओटा धाराहरू रहेका छन् ?

(च) शिक्षासम्बन्धी र बालबालिकाको मौलिक हक नेपालको संविधानमा कति कति धारामा रहेका छन् ?

(छ) नेपालको संविधानको कति धारामा नागरिक कर्तव्यको व्यवस्था गरिएको छ ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) "अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन्" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ख) शिक्षासम्बन्धी मौलिक हकमा व्यवस्था गरिएका हक उल्लेख गर्नुहोस् ।

(ग) किशोरकिशोरीहरूले प्राप्त गर्नुपर्ने हक अधिकारको सूची बनाउनुहोस् ।

(घ) किशोरकिशोरीहरूले पूरा गर्नुपर्ने कर्तव्यहरूको सूची बनाउनुहोस् ।

(ङ) नेपालको संविधानमा उल्लेख भएका कर्तव्यहरूका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।

(च) किशोरकिशोरीका लागि यौन तथा प्रजनन स्वास्थ्य अधिकार तथा कर्तव्य दुवै हो यस भनाइलाई पुष्टि गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालको संविधानमा उल्लेख भएका मौलिक हकका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।


(ख) मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेख भएका अधिकारका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ग) किशोरकिशोरीहरूले प्राप्त गर्नुपर्ने हक अधिकार र कर्तव्यको सूची बनाउनुहोस् ।

## पाठ ४ मुलुकी संहिता

मुलुकी संहिता भनेको मुलुकमा व्यवस्थित समाजको निर्माण गरी सबैलाई न्याय प्रदान गर्न तथा समाजमा हुने मानवीय व्यवहारलाई सुव्यवस्थित तरिकाले नियन्त्रण गर्नका लागि निर्माण गरिएको कानुन हो । हाम्रा दैनिक जीवनसँग सम्बन्धित कानुनको समूह नै मुलुकी संहिता हो अर्थात् हाम्रो जीवनमा जन्मेदेखि मृत्यु नभएसम्म हुने गतिविधिमा आधारित कानुन नै मुलुकी संहिता हो । पहिला यस्ता कानुन मुलुकी ऐनका नाममा रहेका थिए भने अहिले मुलुकी संहिताका नाममा प्रचलित छन् । नेपालमा हालसम्म तीन पटक यस्ता कानुन जारी गरिएका छन् । नेपालको पहिलो औपचारिक लिखित कानुनका रूपमा तत्कालीन राणा प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणाले वि.सं. २०१० सालमा जारी गरेको मुलुकी ऐनलाई लिइन्छ । यो ऐन सर्वप्रथम तत्कालीन राजा सुरेन्द्र विक्रम शाहका शासनकालमा वि.सं. १९१० पुस महिनाबाट लागु भएको हो । तत्कालीन राजा सुरेन्द्रले तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणलाई हुकुम बक्सेर यो ऐन आएको हो भन्ने लिखित प्रमाण पाइन्छ । जङ्गबहादुर राणा सन् १८०४ को नेपोलियन कोडबाट प्रभावित भएकाले नेपाल फर्केपश्चात् मुलुकी ऐन निर्माण भएको हो भन्ने पनि कथन रहेको छ । यसैगरी वि.सं. २०२० सालमा यस कानुनका केही असान्दर्भिक दफाहरू संशोधन गरी समयसापेक्ष सुधार गरेर नयाँ 'मुलुकी ऐन' जारी गरियो । वि.सं. १९१० को मुलुकी ऐन जारी भएको करिब १६५ वर्षसम्म मुलुकी ऐन नै नेपालको कानुन प्रणालीको अभिन्न अङ्ग बन्यो । वि.सं. २०७५ साल भदौ १ गतेबाट मुलुकी ऐनलाई विस्थापित गर्ने गरी व्यवस्थापिका संसद्ले वि.सं. २०७४ सालमा मुलुकी संहिता जारी गऱ्यो । यसअन्तर्गत पाँचओटा ऐन रहेका छन्, ती हुन् :

१. मुलुकी देवानी संहिता, २०७४
२. मुलुकी देवानी कार्यविधि संहिता, २०७४
३. मुलुकी अपराध संहिता, २०४७
४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
५. फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४



यीमध्ये मुलुकी देवानी संहिता २०७४ र मुलुकी अपराध संहिता २०७४ सर्वसाधारण, न्यायिक निकाय तथा कानुन कार्यान्वयन गर्ने अधिकारी सबैका लागि बनेका कानुन हुन् भने मुलुकी देवानी कार्यविधि २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी (कसुर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ न्यायिक निकाय तथा कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि बनेका कानुन हुन् । मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि संहिता देवानी प्रकृतिका मुद्दाको निरुपण गर्नका लागि बनेका हुन् भने बाँकी तीनओटा कानुन फौजदारी मुद्दा निरूपण गर्नका लागि बनेका हुन् । यी कानुनको कार्यान्यनका क्रममा कसैले पनि कानुन थाहा छैन भन्न पाउँदैन भन्ने मान्यतामा राखिएको छ । कानुन थाहा थिएन गल्ती भयो भनेर कुनै पनि अपराधबाट छुट पाइँदैन । सबै नागरिकले कानुन जानेको छ भन्ने मान्यता राखेर कारबाही गरिन्छ । त्यसैले यस पाठमा सो कानुनका केही महत्त्वपूर्ण बुँदाका बारेमा जानकारी गराइएको छ । यी सबै कानुनको मुख्य उद्देश्य देशमा शान्ति, सुरक्षा र न्याय कायम गर्नु हो । अन्यायमा परेकालाई न्याय दिलाउनु र अन्याय गर्ने व्यक्ति वा अपराधीलाई कानुनबमोजिम सजाय दिलाई समाजमा नैतिक आचरण, अनुशासन र सदाचार कायम गराउनु हो । कानुनद्वारा प्रदत्त हक अधिकार उल्लङ्घन भएको अवस्थामा सोको प्रचलनका लागि वा कानुनले कसुरजन्य घोषित गरेको कार्य गर्नेलाई दण्डसजाय दिलाउने, क्षतिपूर्ति भराउने माग दावी लिई अदालतमा परेका निवेदनउपर छानबिन गरी ठहर निर्णयमा पुग्नुपर्ने झगडा, असमझदारी वा विवादलाई मुद्दा भनिन्छ । मुद्दा देवानी मुद्दा र फौजदारी मुद्दा गरी दुई प्रकारका हुन्छन् जुन यहाँ दिइएको छ :

### (क) देवानी मुद्दा

यसअन्तर्गत कानुनबमोजिम फौजदारी मुद्दाका रूपमा परिभाषित गरिएबाहेकका कानुनी हक, दायित्व, हैसियत, पद, पारिवारिक सम्बन्ध वा सम्पत्तिसम्बन्धी मुद्दा पर्दछन्, जस्तै :

(क) नाता कायम वा सम्बन्ध विच्छेद

(ख) दस्तुर, पारिश्रमिक, तलब, भत्ता, ज्याला

(ग) अंश, अपुताली, दान, बकस, संरक्षक, माथवर, मातृक तथा पैतृक अख्तियारी, धर्म पुत्र वा धर्म पुत्री

(घ) कुनै करार, अर्ध करार, अनुचित समृद्धिअन्तर्गतका कुनै हक वा दावी

(ङ) दुष्कृति, अर्ध दुष्कृति वा त्रुटिपूर्ण उत्पादनसम्बन्धी हक वा दावी

(च) सुविधाभार, क्षतिपूर्ति र देवानी प्रकृतिको अन्य कुनै विषय

### (ख) फौजदारी मुद्दा

यसअन्तर्गत मारपिट, चोरी, डकैती, ज्यान आदि विषयसम्बन्धी मुद्दा पर्छन् । फौजदारी कानुनको उल्लङ्घनकर्तालाई सजायको माग गरी दायर गरिने मुद्दालाई फौजदारी मुद्दा भनिन्छ । देवानी मुद्दाबाहेकका मुद्दाहरू फौजदारी मुद्दा हुन्, जस्तै :

(क) ज्यानसम्बन्धी, कुटपिट वा अङ्गभङ्गसम्बन्धी कसुर

(ख) राज्य विरुद्धका कसुर

(ग) मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर

(घ) नागरिकतासम्बन्धी कसुर

(ङ) लागु औषधसम्बन्धी कसुर

(च) सवारी साधनले गर्ने दुर्घटनासम्बन्धी कसुर

(छ) राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरुद्धको कसुर

(ज) करणीसम्बन्धी कसुर

(झ) चोरी, डाँका, लुटपिट, ठगी, नाप तौलसम्बन्धी कसुर

(ण) गोपनीयता र गाली बेइज्जतीसम्बन्धी कसुर

(त) अपराध संहिता २०७४ को भाग २ र ३ मा उल्लिखित सबै अपराधसम्बन्धी कसुरहरू

## मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को परिचय

मुलुकी देवानी संहिता, २०७४ को प्रस्तावनामा उल्लेख भएअनुसार

'मुलुकमा कानुन र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवम् आर्थिक हित कायम राख्न तथा आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात, जाति वा सम्प्रदायहरूबिचको सुसम्बन्ध कायम राख्नका लागि मुलुकी ऐन तथा अन्य कानुनमा रहेका देवानीसम्बन्धी व्यवस्थालाई संशोधन र एकीकरणसमेत गरी समयानुकूल बनाउनका लागि मुलुकी देवानी संहिता, २०७४ बनाइएको हो ।'

१. यहाँ उल्लेख भएअनुसार मुलुकमा कानुन र व्यवस्था कायम गर्न यो संहिता बनेको हो ।

२. यसले सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवम् आर्थिक हित कायम राख्न मदत गर्छ ।

३. आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न सहयोग गर्छ ।

४. विभिन्न जात, जाति वा सम्प्रदायबिचको सुसम्बन्ध कायम राख्नका लागि पनि यसले मार्गदर्शन गर्छ ।

५. मुलुकी देवानी संहिताको भाग १ मा देवानी कानुनका सामान्य सिद्धान्त, भाग २ मा व्यक्तिसम्बन्धी कानुन, भाग ३ मा पारिवारिक कानुन, भाग ४ मा सम्पत्तिसम्बन्धी कानुन, भाग ५ मा करार तथा दायित्वसम्बन्धी कानुन र भाग ६ मा निजी अन्तर्राष्ट्रिय कानुनसम्बन्धी कानुनी व्यवस्था रहेको छ ।

**मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को प्रस्तावनामा उल्लेख भए अनुसार**

'देवानी मुद्दाको दायरी, कारबाही, सुनुवाइ र किनारा तथा सोसँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको निर्णय कार्यान्वयनसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गरी कार्यविधि कानुनलाई सरलीकृत र समयानुकूल बनाउनका लागि मुलुकी देवानी कार्यविधि संहिता, २०७४ बनाइएको हो ।'

देवानी मुद्दाको दायरी गर्ने, यसको कारबाही गर्ने, यस्ता मुद्दाको सुनुवाइ र किनारा गर्ने तथा सोसँग सम्बन्धित अन्य कार्यविधिका लागि मुलुकी देवानी कार्यविधि संहिता २०७४ बनाइएको हो । यसले देवानी मुद्दाको दायरीदेखि किनारा गर्नेसम्मको कार्यप्रणालीलाई मार्गदर्शन गरेको हुन्छ ।

## देवानी कानुनको सामान्य सिद्धान्त

देवानी कानुनका सामान्य सिद्धान्तका सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ को भाग १ परिच्छेद २ मा उल्लेख गरिएका छन् । अब हामी यिनै देवानी कानुनका सामान्य सिद्धान्तका बारेमा विस्तृत रूपमा चर्चा गर्ने छौँ ।

१. कानुनको अज्ञानता क्षम्य नहुने : कानुनको अज्ञानता क्षम्य हुने छैन । कानुन सबैले जानेको अनुमान गरिने छ । (अर्थात् कसैले मलाई कानुनका बारेमा ज्ञान छैन भन्दैमा क्षमा पाउन सक्दैन ।)

२. सार्वजनिक हित विपरीत हुने गरी काम गर्न नपाउने : कसैले पनि सार्वजनिक हित विपरीत हुने गरी कुनै काम कारबाही गर्न नपाउने व्यवस्था गरिएको छ ।

३. कानुन विपरीतको काम अमान्य हुने : कानुन विपरीतको काम अमान्य हुने छ । (अर्थात् कसैले कानुनको विपरीत हुने काम गरेमा त्यस्तो कामले मान्यता पाउने छैन ।)

४. गल्ती गर्नेले क्षति व्यहोर्नु पर्ने : कुनै काम गर्दा वा गराउँदा कसैको गल्तीले अरूलाई हानि, नोक्सानी हुन गएमा त्यसरी हानि, नोक्सानी भएको क्षतिको दायित्व त्यस्तो गल्ती गर्ने वा गराउने व्यक्तिले व्यहोर्नुपर्ने छ । प्रत्येक व्यक्तिले आफूले गरेको गलत कार्यको परिणाम आफैँले व्यहोर्नुपर्ने छ ।

५. अरूलाई दु:ख दिने गरी काम गर्न नहुने : कसैले पनि अन्य व्यक्तिलाई दु:ख दिने, हैरानी हुने वा निजको इज्जत, प्रतिष्ठा वा सम्पत्तिमा क्षति पुग्ने गरी कुनै काम गर्न वा गराउन हुँदैन ।

६. गल्तीको फाइदा लिन नपाउने : कसैले पनि आफूले गरेको गल्तीबाट भएको फाइदा लिन पाउने छैन ।

७. हित विपरीतको काम अमान्य हुने : आफ्नो संरक्षकत्व, माथवरी, अधीन वा प्रभावमा रहेको वा प्रभाव पर्न सक्ने व्यक्तिको हित विपरीत गरिएको काम अमान्य हुने छ ।

८. व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने : प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने छ ।

९. असल छिमेकीपन कायम गर्नुपर्ने : प्रत्येक व्यक्तिले आफू रहे बसेको ठाउँको समुदाय वा छिमेकीलाई हानि नोक्सानी नहुने गरी असल छिमेकीपन कायम गर्नुपर्ने छ ।

१०. देवानी दायित्वबाट छुटकारा नपाउने : कुनै व्यक्ति उपर फौजदारी कसुरमा मात्र कारबाही चलाएका वा नचलाएका आधारमा त्यस्तो व्यक्तिले कानुनबमोजिमको देवानी दायित्वबाट छुटकारा पाउने छैन ।

११. कानुन विपरीतका प्रथा वा परम्परालाई मान्यता नदिइने : कानुन विपरीतका प्रथा वा परम्परालाई  न्यायको रोहवरमा मान्यता दिइने छैन ।

१२. विदेशीको हकमा पनि लागु हुने : विषय, प्रसङ्ग वा प्रकृतिले कुनै कानुनी व्यवस्था नेपाली नागरिकलाई मात्र लागु हुने अवस्थामा बाहेक यो संहिता वा देवानी कानुनसम्बन्धी अन्य प्रावधान विदेशीको हकमा पनि समान रूपमा लागु हुने छ ।

## मुलुकी देवानी संहिता, २०७४ मा भएका मुख्य कानुनी प्रावधानहरू

### १. नागरिक अधिकारसम्बन्धी भएको व्यवस्था अनुसार :

(क) प्रत्येक नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कुनै पनि नागरिकलाई कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(ख) कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन ।

(ग) कानुन बमाजिम बाहेक कुनै व्यक्तिको सम्पत्ति वा आयमा कर लगाउन सकिने छैन ।

(घ) कुनै पनि व्यक्तिलाई निजको इच्छा विरुद्ध कुनै काममा लगाउन पाइने छैन ।

### २. व्यक्तिसम्बन्धी भएको कानुनी व्यवस्थाअनुसार

(क) प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिका रूपमा मान्यता पाउने छ र निज जीवित रहेसम्म कानुनबमोजिमको अधिकार उपभोग गर्न पाउने छ । प्रत्येक व्यक्तिलाई नामको अधिकार हुने छ र आफ्नो नामको सम्मानजनक तवरले उपयोग गर्न पाउने छ ।

(ख) १८ वर्ष उमेर पूरा भएको प्रत्येक व्यक्ति बालिग भएको मानिने छ र सोही हैसियतमा निज कानुनी रूपमा सक्षम भएको मानिने छ ।

(ग) कुनै पनि व्यक्तिले कानुनको अधीनमा रही आफ्नो शरीरको परीक्षण, उपचार, अङ्ग परिवर्तन वा शरीरको कुनै अङ्गको कुनै अंश वा त्यसको कुनै नमुना सङ्कलन गर्न वा गराउन सक्ने छ ।

(घ) कुनै व्यक्ति बिना सूचना लगातार १२ वर्षदेखि बेपत्ता भएमा वा त्यस्तो व्यक्तिको सम्बन्धमा स्वभाविक रूपमा जानकारी पाउने व्यक्तिले १२ वर्षदेखि कुनै जानकारी नपाएमा त्यस्तो व्यक्ति जीवित रहेको प्रमाण प्राप्त भएकामा बाहेक त्यस्तो व्यक्तिको मृत्यु भएको मानिने छ ।

## ३. पारिवारिक कानुनका अनुसार

(क) प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुने छ । विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनुपर्ने छ ।

(ख) पुरुष र महिलाबिच देहायको अवस्थामा विवाह हुनसक्ने छ :

- पुरुष र महिलाले एक अर्कालाई पति पत्नीका रूपमा स्वीकार गर्न मञ्जुर गरेमा
- कानुनबमोजिम पुरुष र महिला हाडनाता करणीमा सजाय हुने नाताको नभएमा
- पुरुष र महिला दुवैको वैवाहिक सम्बन्ध कायम रहेको अवस्था नरहेमा
- २० वर्ष उमेर पूरा भएमा

(ग) पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह स्वत: बदर हुने छ ।

(घ) हाडनाता करणीमा सजाय हुने नाताका व्यक्तिहरू बिच भएको विवाह बदर हुने छ ।

(ङ) कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी शिशु जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिलाबिच स्वत: विवाह भएको मानिने छ । तर बहु विवाह भएको, जबर्जस्ती करणी भएको, उमेर नपुगी विवाह भएको र हाडनाता करणी भएको अवस्थामा भने शिशु जन्मिए पनि स्वत: विवाह भएको मानिँदैन ।

(च) पति तथा पत्नीले कानुनबमोजिम तोकिएको अधिकारी समक्ष निवेदन दिई आफ्नो विवाह दर्ता गराउनु पर्ने छ ।

(छ) विवाहिता महिलाले विवाहपछि बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै प्रयोग गर्न सक्ने छिन् ।

(ज) पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्ने छन् ।

(झ) प्रत्येक व्यक्तिले जन्मेपछि आआफ्नो धर्म, संस्कृति, चलन र परम्पराअनुसार निजको आमा वा बाबुले राखेको नाम पाउने छ ।

(ञ) बच्चा जन्मेको तीन महिनाभित्र जन्म दर्ता गराउनु पर्ने छ ।

(ट) पति पत्नीबिचको वैवाहिक सम्बन्ध अन्त्य भए तापनि निजहरूबाट जन्मिएका छोरा छोरीको, बाबु आमा माथिको कानुनी अधिकार र निज प्रतिको बाबु आमाको दायित्व कायमै रहने छ ।

(ठ) प्रत्येक छोराछोरीले आफ्ना आमा बाबुलाई आदर तथा सम्मानका साथ व्यवहार गर्नुपर्ने छ ।

(ढ) आमा बाबुले आफ्नो छोरा छोरीबिच कुनै किसिमको भेदभाव गर्नु हुँदैन ।

(ण) सगोलको सम्पत्ति अंशवण्डा गर्दा पति, पत्नि, बाबु, आमा, छोरा, छोरी अंशको समान हकदार हुने छन् ।

(त) सगोलको सम्पत्ति अंशबण्डा गर्दा अंशियारहरू बिच लिखित रूपमा बण्डापत्र गर्नुपर्ने छ ।

(थ) घरको मुख्य भई काम गर्ने व्यक्तिले सबै अंशियारको मञ्जुरी लिई सगोलको सम्पत्ति कुनै अंशियारलाई दिन सक्ने छ ।

## ४. सम्पत्तिसम्बन्धी कानुनी व्यवस्था अनुसार

(क) कसैले पनि अन्य व्यक्तिको सम्पत्ति निजको मञ्जुरी बिना उपभोग गर्न पाउने छैन ।

(ख) कसैले पनि सगोलको अंशियारको लिखित मञ्जुरी नलिई सगोलको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न पाउने छैन ।

(ग) कसैले पनि कानुनबमोजिम लिखत नगरी लेनदेन गर्न हुँदैन ।

(घ) कसैले पनि अन्य व्यक्तिको हक, भोग र स्वामित्वको जग्गा निजको मञ्जुरी नलिई भोगचलन गर्न वा गराउन हुँदैन ।

## ५. करार तथा अन्य दायित्वसम्बन्धी भएको व्यवस्थाअनुसार

(क) कम्तीमा १४ वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई निजको मञ्जुरी लिई काममा लगाउन सकिने छ तर १६ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन सकिने छैन ।

(ख) कसैले कुनै व्यक्तिलाई काममा लगाउँदा सामान्यत : १ दिनमा ८ घण्टाभन्दा बढी अवधिको लागि काम लगाउन सकिने छैन । ८ घण्टाभन्दा बढी अवधि कसैलाई काममा लगाउनु पर्दा काम गर्ने व्यक्तिको मञ्जुरी हुनु पर्दछ ।

(ग) कसैले आफूले लिन नहुने कुनै वस्तु भूलवश लिएमा वा प्राप्त गरेमा निजले जसबाट त्यस्तो वस्तु लिएको वा प्राप्त गरेको हो सो निजलाई नै फिर्ता गर्नुपर्ने छ ।

(घ) कसैले त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा विक्री, वितरण गर्न गराउन हुँदैन ।

## ६. निजी अन्तर्राष्ट्रिय कानुनसम्बन्धी व्यवस्थाअनुसार

(क) नेपाली नागरिकले विदेशी मुलुकमा विवाह गर्दा नेपालको कानुनबमोजिम निर्धारित सक्षमता, योग्यता र सर्त पूरा गर्नुपर्ने छ ।

(ख) विवाह गर्ने प्रत्येक व्यक्तिले आआफ्नो नागरिकता रहेको मुलुकको कानुनबमोजिम निर्धारित सक्षमता, योग्यता र सर्तबमोजिम हुनुपर्दछ ।

## देवानी मुद्दासम्बन्धी उजुरी र त्यसको न्यायिक निरूपण सम्बन्धमा

देवानी मुद्दासम्बन्धी उजुरी र त्यसको न्यायिक निरूपणका बारेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा स्पष्ट व्यवस्था रहेको छ। जसको यहाँ चर्चा गरिने छ।

१. मुद्दाको कारबाही, सुनुवाइ र किनारा खुला इजलासमा, कानुनबमोजिम अधिकार प्राप्त अदालतबाट मात्र र मुद्दाका पक्षहरूको समान हैसियतमा हुने छ।

२. कुनै पनि मुद्दाको दायरी, कारबाही, सुनुवाइ र किनारा गर्न कानुनबमोजिम कुनै अदालत वा अधिकारीलाई अधिकारक्षेत्र तोकिएको हुने छ।

३. न्यायाधीशले कानुन अपर्याप्त वा अस्पष्ट भएको आधार लिई मुद्दाको निर्णय गर्नबाट पन्छिन पाउने छैन।

४. अदालतले कुनै पनि मुद्दाको फैसला गर्नु अगि त्यस्तो मुद्दामा मिलापत्र गर्न वा मेलमिलापको प्रक्रिया अपनाई मिलापत्र गर्न पक्षहरूलाई अवसर दिनुपर्ने छ।

५. अदालतले एक पटक मुद्दा परी फैसला भएपछि उही बादी र प्रतिबादी रहेको सोही विषयको मुद्दामा पुनरावेदन गरेकामा वा मिलापत्र कार्यान्वयन नभएको विषयमा बाहेक एक पटकभन्दा बढी सुनुवाइ र फैसला गर्नु हुँदैन।

६. कुनै मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने छ।

७. लिखत तयार गर्दा जुन विषयको लिखत तयार गरिने हो सो विषय स्पष्ट रूपमा खुलाई त्यसमा कुनै अशुद्धि र केरमेट नहुने गरी छापी, टाइप गरी वा हातले लेखी तयार गर्नु पर्ने छ र त्यस्तो लिखतसँग सम्बन्धित कारणीले सहीछाप गर्नु पर्ने छ।

८. मुद्दाको कुनै पक्षले आफ्नो तर्फबाट अदालतमा मुद्दासँग सम्बन्धित कुनै काम गर्न कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्त गर्न सक्ने छ। यसलाई वारिस नियुक्त गरिएको मानिने छ।

९. मुद्दाका पक्षले प्रमाणका रूपमा उल्लेख गरेका साक्षीलाई साक्षी परीक्षणका लागि तोकिएको तारिखका दिन आफैँले उपस्थित गराउनु पर्ने छ।

१०. मुद्दाको सुनुवाइ सम्पन्न भएपछि सामान्यत : सोही दिनमा नै अदालतले विवादको निर्णय गर्नु पर्ने छ। निर्णयका आधारमा अदालतले २१ कार्यदिनभित्र फैसला तयार गरिसक्नु पर्ने छ।

११. सुरु मुद्दा हेर्ने अदालतले गरेको फैसला उपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले ३० दिनभित्र सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्न सक्ने छ।

१२. पुनरावेदन सुन्ने अदालतले पुनरावेदन दर्ता भएपछि सम्बन्धित अदातलबाट सो मुद्दाको मिसिल झिकाउनु पर्नेछ । पुनरावेदन सुन्ने अदालतले मिसिल प्राप्त भएपछि पुनरावेदकको मागबमोजिम प्रत्यार्थीलाई झिकाई मुद्दाको सुनुवाइ गर्नु पर्ने छ ।

१३. कुनै मुद्दाको फैसला जुनसुकै तहको अदालतबाट भए पनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन फिरादपत्र वा उजुरी दायर भएको जिल्ला अदालतले गर्ने छ ।

१४. कानुनबमोजिम क्षतिपूर्ति पाउन सक्ने मुद्दामा सम्बन्धित व्यक्तिले क्षतिपूर्तिको दाबी गरेको रहेछ भने अदालतले मुद्दाको निर्णय गर्दा क्षतिपूर्ति निर्धारण गर्नु पर्ने छ ।

## मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिचय

**मुलुकी अपराध संहिता, २०७४ को प्रस्तावनामा उल्लेख भएअनुसार**

मुलुकमा कानुन तथा व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न विभिन्न धार्मिक तथा साँस्कृतिक समुदायबिचको सुसम्बन्ध तथा शान्ति कायम गर्न, फौजदारी कसुर निवारण र नियन्त्रण गर्न र तत्सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गरी समयानुकूल फौजदारी कसुरसम्बन्धी संहिताको व्यवस्था गर्न मुलुकी अपराध संहिता, २०७४ बनाइएको हो ।

१. प्रस्तावनामा उल्लेख भएअनुसार, देशमा विभिन्न क्षेत्रबाट विभिन्न तरिकाले हुन सक्ने अपराध नियन्त्रण गरी देशमा शान्ति सुव्यवस्था कायम गर्नका लागि मुलुकी अपराध संहिता लागु गरिएको हो ।

२. यसले अपराधीलाई कानुनी दायराभित्र ल्याई सजाय दिलाउन र त्यस्ता अपराधबाट पीडितलाई न्याय दिलाउन सहयोग गर्छ ।

३. मुलुकी अपराध संहिता फौजदारी अपराधसँग सम्बन्धित छ ।

४. यस संहिताको भाग १ मा सामान्य प्रावधान रहेको छ । जसअन्तर्गत परिच्छेद दुईमा फौजदारी न्यायसम्बन्धी सामान्य सिद्धान्तको व्यवस्था रहेको छ । भाग दुईमा फौजदारी कसुरहरू र भाग तीनमा व्यक्तिगत गोपनीयता तथा प्रतिष्ठा विरुद्धको कसुरसम्बन्धी व्यवस्थाहरू रहेका छन् ।

**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को प्रस्तावनामा उल्लेख भएअनुसार**

फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरी, कारबाही, सुनुवाइ र किनारा तथा सोसँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको फैसला कार्यान्वायनसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गरी कार्यविधि कानुनलाई सरलीकृत र समयानुकूल बनाउन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बनाइएको हो ।

फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरी, कारबाही, सुनुवाइ र किनारा गर्ने र सोसम्बन्धी अन्य कार्यविधिका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बनाइएको हो ।

## फौजदारी न्यायका सामान्य सिद्धान्त

मुलुकी अपराध संहिता, २०७४ को भाग १ परिच्छेद २ मा फौजदारी न्यायका सामान्य सिद्धान्त उल्लेख गरिएका छन् । यिनै फौजदारी न्यायका सामान्य सिद्धान्तका बारेमा यहाँ विस्तृत रूपमा चर्चा गर्ने छौं :

१. कानुनबामोजिमको काम कसुर नहुने : कानुनबमोजिम गर्नु पर्ने वा कानुनले क्षम्य मानेको कामलाई कसुर मानिने छैन ।

२. कानुनबमोजिम बाहेक सजाय नहुने : कानुनले सजाय नहुने कुनै पनि काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय हुने छैन ।

३. तथ्यको भ्रममा परी गरेको काम कसुर नहुने : तथ्यको भ्रममा परी कानुनबमोजिम गर्नु पर्ने वा क्षम्य मानिएको विश्वास गरी असल नियतले गरेका कुनै काम कसुर मानिने छैन । तर कानुनको अनभिज्ञतामा गरेको काम क्षम्य हुने छैन ।

४. एउटै कसुरमा दोहोरो सजाय नहुने : कुनै व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन ।

५. स्वच्छ सुनुवाइबाट वञ्चित नहुने : कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनुवाइबाट वञ्चित हुने छैन ।

६. आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने : कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो बिरुद्ध साक्षी हुन कर लाग्ने छैन ।

७. कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने : कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई त्यस्तो कसुर गरेको प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।

८. बालबालिकाले गरेको काम कसुर नहुने : १० वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसुर मानिने छैन ।

९. होस ठेगानमा नभएको व्यक्तिले गरेको काम कसुर नमानिने : कुनै काम गर्दाका बखत मानसिक अस्वस्थताको कारणले त्यस्तो कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसुर मानिने छैन् ।

१०. मन्जुरी लिई गरेको काम कसुर नहुने : ज्यान लिने वा अङ्गभङ्ग गर्ने नियतले वा ज्यान जान वा अङ्गभङ्ग हुन सक्छ भन्ने थाहा भई गरेकामा बाहेक कसैले १८ वर्ष माथिको कुनै

व्यक्तिको मञ्जुरी लिई गरेको कुनै कामबाट त्यस्तो मञ्जुरी दिने व्यक्तिलाई कुनै क्षति पुग्न गएमा सो काम कसुर मानिने छैन ।

११. डर त्रासमा परी गरेको काम कसुर नहुने : कसैले जोखिमी हातहतियार वा विषालु वा विस्फोटक पदार्थ लिई कुनै व्यक्तिलाई निजले तत्काल कुनै काम नगरे निज वा निजको नजिकको नातेदारको ज्यान लिने वा शारीरिक अङ्गभङ्ग गराउने डर त्रास देखाएको र तत्काल त्यस्तो काम नगरे आफ्नो वा आफ्नो नजिकको नातेदारको ज्यान जान वा शारीरिक अङ्गभङ्ग हुन सक्ने खतरा छ भनी त्यस्तो व्यक्तिले गरेको काम कसुर मानिने छैन ।

१२. अन्य हानि, नोक्सानीबाट बचाउन असल नियतले गरेको काम कसुर नहुने : कसैलाई कुनै हानि, नोक्सानी हुने कुनै काम तत्काल नगरे आफ्नो वा अरू सकैको जिउ, ज्यान वा सम्पत्तिमा त्यसभन्दा ठुलो हानि, नोक्सानी हुने निश्चित भई आपराधिक नियतविना र संभावित ठुलो हानि, नोक्सानी रोक्ने वा टार्ने उद्देश्यले असल नियतले त्यस्तो हानि, नोक्सानी हुने काम गरेमा त्यस्तो काम कसुर मानिने छैन ।

१३. निजी रक्षाका लागि गरेको काम कसुर नमानिने : निजी रक्षाको अधिकार प्रयोग गर्दा भए गरेको कुनै काम कसुर मानिने छैन ।

१४. ज्यान लिने अधिकार नहुने : निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार हुने छैन ।

१५. मामुली हानि, नोक्सानी भएकोमा कसुर नहुने : साधारण समझको व्यक्तिले गरेको मामुली किसिमको हानि, नोक्सानीलाई कसुर मानिने छैन ।

१६. बालबालिकाबाट गराएको कसुरमा उमेर पुगेकालाई सजाय हुने : कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसुर गर्न लगाएको रहेछ भने त्यसरी कसुर गर्न लगाउने व्यक्तिलाई निज आफैले त्यस्तो कसुर गरे सरह सजाय हुने छ ।

१७. सङ्गठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने : कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यस संहिता वा कानुनबमोजिम कसुर मानिने कुनै काम गरेको वा गराएकामा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेकामा फर्मको हकमा सम्बन्धित धनी वा हिस्सेदारहरू र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नु पर्ने छ ।

१८. समूहबाट भएको कसुरमा सबै सदस्यलाई सजाय हुने : दुई वा दुईभन्दा बढी व्यक्तिको समूहबाट कुनै कसुर भएकामा सो समूहका सबै सदस्यलाई त्यस्तो कसुरको सजाय हुने छ ।

१९. अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने अधिकार हुने : अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुने छ । अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।

## मुलुकी अपराध संहिता, २०७४ मा भएका केही प्रावधान

मुलुकी अपराध संहिता, २०७४ मा भएका केही प्रावधान यसप्रकार रहेका छन् :

१. आपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन र मतियार सम्बन्धमा

कसैले कुनै आपराधिक षड्यन्त्र गर्नु हुँदैन । कुनै कसुर गर्ने उद्योग गर्नु हुँदैन कसुर गर्न दुरुत्साहन दिनु हुँदैन र कुनै कसुरको मतियार हुनु हुँदैन ।

२. सजाय र अन्तरिम क्षतिपूर्तिसम्बन्धी व्यवस्थाअनुसार

(क) मुलुकी अपराध संहितामा उल्लिखित कसुर गरेमा जन्मकैद, कैद, जरिबाना, कैद र जरिबाना दुवै, क्षतिपूर्ति, जरिबाना वा क्षतिपूर्ति नतिरेबापत कैद, कैदको सट्टा सामुदायिक सेवा

(ख) सर्वस्व हुने गरी सजाय गरिने छैन । एक रुपियाँभन्दा कम जरिवाना र एक दिनभन्दा कम कैद हुने गरी सजाय गरिने छैन ।

२. जन्म कैदको सजाय गर्दा देहायको कसुर गर्ने कसुरदारलाई जीवित रहेसम्म कैद हुने छ :

क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको, वायुयान अपहरण गरी वा वायुयान विस्फोट गरी ज्यान मारेको, अपहरण गरी वा शरीरबन्धक बनाई ज्यान मारेको, सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको, कुनै जात, जाति वा सम्प्रदायको अस्थित्व नै लोप गर्ने जाति हत्या (जेनोसाइड) गरेको वा गर्ने उद्देश्यले कसुर गरेको वा जबर्जस्ती करणी गरी ज्यान मारेको

(क) यी माथि उल्लिखित अवस्थामा बाहेक जन्म कैदको अवधि २५ वर्षको हुने छ ।

(ख) कसुर गर्नेको उमेर १४ वर्ष नपुगेको भए कुनै सजाय हुँदैन । १० वर्षभन्दा माथि १४ वर्षसम्मको भए जरिवाना लाग्दैन र ६ महिनासम्म कैद वा १ वर्षसम्म सुधार गृहमा राख्न सकिने छ व्यवस्था रहेको छ ।

(ग) १४ वर्षदेखि १६ वर्षसम्म भए कानुनबमोजिम हुने सजायको आधा सजाय हुने छ । १६ देखि १८ वर्ष उमेरकालाई दुईतिहाइ सजाय हुने छ । जघन्य कसुर, गम्भीर कसुर वा पटके कसुर गरेकामा बाहेक बालबालिकालाई कैदको सजाय गर्नु हुँदैन ।

## मुलुकी अपराध संहिता, २०७४ मा भएका केही कसुर र सजायसम्बन्धी व्यवस्था

१. कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकता उपर खलल पार्ने कार्य गरेमा जन्मकैद सम्मको सजाय हुन्छ।

२. कसैले पनि राष्ट्रहित प्रतिकूल हुने कुनै काम गर्ने र गराउने गरेमा ५ वर्षसम्म कैद र ५० हजार रुपियाँसम्म जरिवाना हुन्छ।

३. कसैले धर्म वर्ण जातजाति सम्प्रदाय वा भाषाका आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदायमा व्यक्तिहरूका बिचको सुसम्बन्धमा खलल पार्ने काम गरेमा १ वर्षसम्म कैद र १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ।

४. सार्वजनिक सेवा अवरुद्ध गर्ने गराउने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ।

५. झुठा अफवाह फैलाउने व्यक्तिलाई १ वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ।

६. झुठा जानकारी दिएमा १ वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ। झुठा प्रमाण बनाएमा ५ वर्ष कैद र ५० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्छ। झुठा उजुरी गरेमा कसुरदारले पाउनेभन्दा बढी सजाय हुने छ।

७. खाद्य पदार्थमा मिसावट गरेमा ५ वर्षसम्म कैद र ५० हजार रुपियाँसम्म जरिवाना हुने छ। बिक्री गर्नुपर्ने वस्तु विक्री नगरी जम्माखोरी गरेमा ५ वर्ष सम्म कैद र ५० हजार रुपियाँसम्म जरिवाना हुन्छ।

८. पशुपक्षी छाडा छाडेमा ३ महिनासम्म कैद र ५ हजार रुपियाँसम्म जरिवाना हुने छ।

९. सार्वजनिक स्थानमा अश्लील क्रियाकलाप वा व्यवहार गर्न, यौनाङ्ग देखाउन वा कसैलाई अश्लील शब्द बोल्ने वा इसारा गर्ने कार्य गरेमा ६ महिनासम्म कैद वा ५ हजार रुपियाँ जरिवाना वा दुवै सजाय हुन सक्छ।

१०. राष्ट्रिय झन्डा, राष्ट्रिय गान वा निसान छापको अपमान वा क्षति गरेमा ३ वर्षसम्म कैद वा ३० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ।

११. जातिपातीका आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गरेमा ३ वर्षसम्म कैद र ३० हजार रुपियाँसम्म जरिवाना हुन्छ।

१२. महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राखेमा ३ महिनासम्म कैद वा ३ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने छ।

१३. ज्यान मार्ने नियतले वा ज्यान जान सक्ने थाहा हुँदाहुँदै कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई जन्म कैदको सजाय हुने छ।

१४. कसैले कसैलाई कुटपिट गरेमा ३ वर्षसम्म कैद वा ३० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ।

१५. कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेमा करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी ७ वर्षदेखि जन्मकैद सम्मको सजाय हुन्छ ।

१६. कसैले कसैलाई यौन दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, अप्राकृतिक मैथुन गरेमा ३ वर्षसम्म कैद र ३० हजार रुपियाँसम्म जरिवाना हुने छ ।

१७. नाप्ने, तोलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गरेमा ३ वर्षसम्म कैद र ३० हजार रुपियाँसम्म जरिवाना हुने छ ।

१८. दुई वा बढी व्यक्तिको कुराकानी उनीहरूको अनुमति बेगर कुनै उपकरण प्रयोग गरी सुनेमा वा रेकर्ड गरेमा २ वर्षसम्म कैद वा २० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ ।

१९. अनुमतिविना कसैको तस्बिर खिचेमा वा तस्बिरको स्वरूप बिगारेमा १ वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

२०. कसैले कसैलाई गाली गरेमा १ वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ । बेइज्जती गरेमा २ वर्षसम्म कैद वा २० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ । विद्युतीय माध्यमबाट बेइज्जती गरेमा सो सजायमा थप १ वर्षसम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना हुन्छ ।

## क्रियाकलाप

१. मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता, २०४७, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ सम्बन्धमा मुलुकी संहिता ऐन २०७५ अध्ययन गरी थप जानकारी लिनुहोस् ।

२. तपाईंको विचारमा मुलुकी देवानी संहिता र मुलुकी अपराधी संहिताले ल्याएका प्रावधानहरूबाट समाजमा कस्तो प्रभाव पर्न सक्छ ? उल्लेख गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) मुलुकी ऐन र संविधानबिचको एउटा फरक लेख्नुहोस् ।

(ख) देवानी कानुन भनेर कस्तो कानुनलाई भनिन्छ ?

(ग) फौजदारी अभियोग कस्तो अभियोग हो ?

(घ) नेपालमा हालसम्म जारी भएका मुलुकी ऐनको मिति लेख्नुहोस् ।

(ङ) मुलुकी संहिता २०७४ को कुनै एउटा व्यावहारिक पक्ष लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने वाक्यलाई देवानी संहिता २०७४ को प्रावधानसँग जोड्दै पुष्टि गर्नुहोस् ।

(ख) देवानी र फौजदारी मुद्दामा फरक छुट्याउनुहोस् ।

(ग) मुलुकी देवानी संहिता र मुलुकी अपराधी संहिताले ल्याएका प्रावधानबाट समाजमा पर्ने प्रभाव उल्लेख गर्नुहोस् ।

(घ) मुलुकी अपराध संहिता, २०७४ मा भएका कुनै पाँच कसुर र सजायसम्बन्धी व्यवस्थाहरू उल्लेख गर्नुहोस् ।

(ङ) देवानी कानुनका सामान्य सिद्धान्तमध्ये कुनै पाँचओटा सिद्धान्त लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) मुलुकी संहितामा भएका प्रावधान मध्ये तपाईंको उमेर समूहले थाहा पाइराख्नुपर्ने कुनै १० ओटा प्रावधान उल्लेख गर्नुहोस् ।

(ख) नेपालको मुलुकी अपराध संहिता २०७४ ले कसुर ठहर गरेका कुनै १० गतिविधिलाई सूचीबद्ध गर्नुहोस् ।

## पाठ ५ सूचनाको हक

### दिइएको घटना अध्ययन गरौँ :

नरेश र रोशनी कक्षा १२ मा खुला विद्यालयमा अध्ययन गर्ने सिकारु हुन् । सम्पर्क कक्षामा सूचनाको हक भन्ने पाठको विषयमा छलफल भएअनुसार उनीहरूले आफू बसेको स्थानीय निकायमा सूचनाको हक प्रदान गर्नका लागि भएका गतिविधिहरू खोजी गरी कक्षामा प्रस्तुत गर्नुपर्ने परियोजना कार्य सहजकर्ताले दिनुभएको थियो । उक्त परियोजना कार्य गर्नका लागि उनीहरू गाउँपालिका कार्यालयमा गएका थिए । सबैभन्दा पहिले उनीहरूले गाउँपालिकाका अध्यक्षलाई भेटे र आफूहरूले गाउँपालिकामा सूचनाको हक सम्बन्धमा भएका व्यवस्थाहरूको जानकारी लिन आएको कुरा सविस्तार सुनाए । अध्यक्षले उनीहरूको सिक्न चाहने बानीको प्रशंसा गर्दै सूचना अधिकारीले तपाईंहरूका हरेक जिज्ञासाको समाधान गर्नुहुने छ भनी सूचना अधिकारीलाई भेट्न पठाए । रोशनी र नरेशले सूचना अधिकारीसँग आफूहरूले गाउँपालिकामा सूचनाको हक दिनका लागि के कस्तो व्यवस्था गरिएको रहेछ भनी जानकारी हासिल गर्न आएको कुरा पुनः बताए । सूचना अधिकारीले एउटा निवेदनको फाराम भर्नुस् जहाँ तपाईंलाई आवश्यक विवरण पनि प्रस्ट रूपमा खुलाएर लेख्नुहोस् अनि हामीले दिन मिल्ने हो कि नमिल्ने सूचना हो छानविन गरेर दिन्छौँ भन्नुभयो । सूचना अधिकारीले हाम्रो गाउँपालिकाबाट सम्पादन भएका र हुने सूचनाहरू हामीले वर्षको दुई पटक सुशासन र भ्रष्टाचाररहित गाउँपालिका हाम्रो प्रतिबद्धता भन्ने नाराका साथै बुलेटिन निकाल्ने गरेका छौँ भनी एउटा बुलेटिन पनि झिकेर दिनुभयो । यसमा हाम्रो गाउँपालिकाको सबै गतिविधिहरू, आम्दानी खर्च, वार्षिक प्रतिवेदन र भावी योजनाका बारेमा समेत तपाइँहरूले सबै जानकारी पाउनुहुने छ भनी बताउनुभयो । त्यसपछि हामीले नागरिक वडापत्रको पनि व्यवस्था गरेका छौँ । जसमा हाम्रो दैनिक क्रियाकलाप र गतिविधि लेखेर राख्ने गरेका छौँ तपाइँहरूले आफैँ गएर हेर्न सक्नुहुन्छ भनी सूचना पाटी हेर्न पनि अनुरोध गर्नुभयो ।

(क) उक्त घटनाका आधारमा सूचनाको हक भन्नाले के बुझ्नुहुन्छ ?

(ख) सार्वजनिक निकायबाट सूचना प्राप्त गर्नका लागि कुन कुन प्रक्रिया अपनाउनु पर्ने रहेछ ?

प्रत्येक नागरिकलाई सार्वजनिक महत्त्व तथा सरोकारका विषयसँग सम्बन्धित सूचना माग गर्ने पाउने हक तथा अधिकारलाई नै सूचनाको हक भनिन्छ । अर्थात् सार्वजनिक निकायमा रहेको कुनै लिखत सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
राष्ट्रिय सूचना प्रविधि विकास समिति
राष्ट्रिय सूचना प्रविधि केन्द्र
सिंहदरबार, काठमाडौं

नागरिक बडापत्र

| क्र.सं. | कामको विवरण | आवश्यक कागजातहरु | काम गर्ने अवधि | शाखा | लाग्ने दस्तुर | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | Domain Registration | केन्द्रको ढाँचा अनुसारको अनुरोध पत्र | ३ दिन भित्र | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| २. | Internet सेवा प्रदान गर्ने | सिंहदरबार भित्रका कार्यालयबाट अनुरोध पत्र | ३ दिन भित्र | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| ३. | Web Hosting गर्ने | सरकारी कार्यालयबाट Web Security Audit सहितको अनुरोध पत्र | ३ दिन भित्र | GIDC शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| ४. | प्राविधिक परामर्श प्रदान गर्ने | सम्बन्धित सेवाको ब्यहोरासहित अनुरोध पत्र | १ दिन भित्र | प्रशासन / योजना शाखा | शुल्क नलाग्ने | कार्यकारी निर्देशक |
| ५. | जनशक्ति तालिम प्रदान गर्ने | सम्बन्धित कार्यालयबाट आवश्यक तालिमको ब्यहोरा सहितको अनुरोध पत्र | ३ दिन भित्र | प्रशासन / योजना शाखा | शुल्क नलाग्ने | कार्यकारी निर्देशक |
| ६. | Server Co-location गर्ने | सरकारी कार्यालयबाट सेवाको अनुरोध साथै आवश्यकता अनुसारको उपकरणहरु | ३ दिन भित्र | GIDC शाखा | शुल्क नलाग्ने | कार्यकारी निर्देशक |
| ७. | E-gatepass संचालन गर्ने | सिंहदरबार भित्रका कार्यालयहरुबाट सेवाको लागि माग पत्र | तत्काल | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| ८. | Singhadurbar Optical Fiber Network | सम्बन्धित मन्त्रालय/आयोग/विभाग तथा कार्यालयबाट अप्टिकल फाईबर वा नेटवर्क बिग्रिएको मर्मत गर्न अनुरोध पत्र वा फोनबाट सूचना | १ दिन भित्र | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |
| | Email Account खोल्ने | सम्बन्धित कार्यालयबाट अनुरोध पत्र | १ दिन भित्र | Internet & Maintenance शाखा | शुल्क नलाग्ने | उप निर्देशक |

नमुना लिने आदि सम्पूर्ण अधिकारहरूलाई सूचनाको हक भनिन्छ । सूचनाको हकसम्बन्धी ऐन २०६४ ले सूचनाको हक सम्बन्धमा निम्नअनुसार परिभाषित गरेको छ । सूचना भन्नाले “सार्वजनिक निकायबाट सम्पादन हुने वा भएका सार्वजनिक महत्त्वका काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनुपर्छ ।” त्यस्तै गरी नेपालको संविधानको भाग ३ मा रहेको मौलिक हकअन्तर्गत धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ । “जसमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन” भन्ने कुरा उल्लेख गरिएको छ । सार्वजनिक निकाय भन्नाले के बुझिन्छ ? थाहा छ ? सार्वजनिक सेवा प्रदान गर्ने नेपाल सरकार तथा यस मातहतका अन्य निकायहरूको पूर्ण वा आंशिक स्वामित्व भएका कुनै पनि कार्यालय प्रतिष्ठान र संस्थानलाई सार्वजनिक निकाय भन्ने बुझिन्छ, जस्तैः सबै सरकारी निकाय तथा कार्यालयहरू, सरकारी स्वामित्वमा भएका सबै निकाय तथा बैङ्कहरू, कानुनअनुसार सञ्चालित सङ्घसंस्था, सङ्गठन तथा समिति, सरकारी समूह तथा गुठीहरू, विद्यालय, कलेज अस्पताल पुस्तकालय, सङ्ग्रहालय, बाटो पुल, धार्मिक स्थल, सिँचाइ, खानेपानी, विद्युत्, टोल सुधार समिति आदि विकास निर्माणसँग सम्बन्धित समितिहरू सबै जनतासँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्रहरू हुन् । सूचनाको हकको सम्मान, संरक्षण र प्रत्याभूति दिलाउनका लागि प्रत्येक सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित सूचनाहरू पारदर्शी गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसैले हरेक सार्वजनिक निकायका सम्पूर्ण गतिविधि सबलै बुझ्ने र देख्ने गरी राखिएको हुन्छ ।

### सूचनाको हकको कार्यान्वायन गर्दा सार्वजनिक निकायले ध्यान दिनुपर्ने पक्ष

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सरोकारवाला सबैका लागि व्यवस्था गरेका सूचनाका हकहरू निम्नअनुसार रहेका छन् । सूचनाको हकको कार्यान्वायन गर्न मदत पुऱ्याउँछ ।

१. सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने । त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने

२. सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने

३. हरेक सार्वजनिक निकायले अनिवार्य रूपमा आफ्नो कार्यालय वा निकायको सूचनाका स्रोतका रूपमा सूचना अधिकारी तोक्नुपर्ने

४. सूचना माग गरिएका निवेदन दर्ता गर्नुपर्ने र दर्ता गरेर भरपाई दिनुपर्ने

५. पाँच पृष्ठसम्मको सूचना निःशुल्क दिनुपर्ने

६. सूचना माग गर्नेलाई बढीमा १५ दिनभित्रमा सूचना दिनुपर्ने

७. कुनै पनि सूचना वा जानकारी प्राप्त गरेकामा त्यस्तो सूचना दिने व्यक्ति, संस्था वा निकायको पहिचान गोप्य राख्नु सूचना प्रापकको कर्तव्य हुने

८. बिनाकारण सूचना दिन ढिलाइ गरेमा सूचना दिनुपर्ने अधिकारीलाई प्रतिदिन २०० का दरले ढिलो भएको जम्मा दिनको हिसाबले जरिवाना हुने

९. मनासिब कारणबिना सूचना दिन इन्कार गर्ने, आंशिक वा गलत सूचना दिने अधिकारीलाई रु.१००० देखि रु. २५००० सम्म जरिवाना गरी विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने

यसरी हरेक सार्वजनिक निकायहरूले आफ्नो कार्यालयको काम बारबाहीलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउनका लागि विभिन्न कुरामा ध्यान दिनुपर्छ । सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक रूपमा सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्छ । आफ्नो कार्यालयबाट सार्वजनिक, प्रकाशन तथा प्रसारण गरिने सूचनाहरू केसँग सम्बन्धित हुन्, कस्ता प्रकारका सूचना हुन् भनी वर्गीकरण गरेर पहिलेको काममा केही नयाँ काम थपिएको भए अद्यावधिकसमेत गरेर सार्वजनिक गर्नुपर्छ । सूचनामा नागरिकको पहुँचलाई सरल र सहज बनाउनुपर्छ । सूचना प्राप्तिमा नागरिकको पहुँच सरल र सहज बनाउनका लागि अनिवार्य रूपमा सूचना अधिकारीको व्यवस्था गर्नुपर्छ । नागरिकले सूचना माग्न आएमा उसको निवेदन उपर छानबिन गरी तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले १५ दिनभित्र सूचना उपलब्ध गराउनु पर्छ । आफ्नो कार्यालयबाट सम्पादन गरिने र नियमले सार्वजनिक गर्नुपर्ने सूचनाहरू खुला र पारदर्शी गर्नुपर्छ । आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने, सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्ने जस्ता कुराहरूमा ध्यान दिनुपर्छ ।

| सूचनाको हकअन्तर्गत पर्ने हकहरू | सूचनाको हकअन्तर्गत नपर्ने हकहरू |
|---|---|
| १. सम्बन्धित क्षेत्रको उद्देश्य, तिनले गरिरहेका काम तथा भावी योजनाको सूचना<br>२. सार्वजनिक निकायको आम्दानी, खर्च तथा वार्षिक प्रतिवेदन<br>३. कुनै सार्वजनिक निकायको कागजात | १. नेपालको सार्वभौम सत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति, सुव्यवस्था, स्थिरता र नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई गम्भीर असर पार्ने सूचना ।<br>२. अपराधीहरूको अनुसन्धान, जाँच र अभियोगलाई सिधा प्रभाव पार्ने सूचना |

| | |
|---|---|
| तथा अभिलेख जाँच गर्न<br>४. डकुमेन्ट रेकर्ड तथा प्रमाणित फोटोकपी माग्न<br>५. प्रिन्ट पेपर पेनड्राइभ अडियो तथा भिडियो टेप आदि मार्फत सूचना दिन | ३. आर्थिक, व्यापार वा मौद्रिक रुचि वा बौद्धिक सम्पत्ति वा बैङ्किङ वा व्यापारिक गोपनीयताको सुरक्षामा गम्भीर प्रभाव पार्ने प्रकृतिका सूचनाहरू<br>४. विभिन्न जाति वा समुदायहरूको सम्बन्धलाई प्रत्यक्ष रूपमा असर पार्ने सूचना<br>५. व्यक्तिगत गोपनियता र व्यक्तिको जिउ ज्यान सम्पत्ति स्वास्थ्य सुरक्षामा खतरा पुऱ्याउने सूचना |

नेपालमा सूचनाको हकको संरक्षण, सवर्धन र प्रवर्धन गर्ने कामका लागि राष्ट्रिय सूचना आयोगको व्यवस्था गरिएको छ । कसैले कानुनबमोजिम सूचना प्राप्त गर्न नसकेमा वा कुनै कार्यालय वा अधिकारीले सूचना दिन नमानेमा वा आनाकानी गरेमा सूचना आयोगमा उजुरी गर्न सकिन्छ । प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना अधिकारीले सूचना नदिएको वा आंशिक रूपमा दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन आदेश दिने छ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्ने छ ।

### क्रियाकलाप

१. तपाईं बसोबास गर्नुभएको स्थानीय तहमा सूचनाको हक कार्यान्वायनका लागि के के कार्य गरिएका रहेछन् ? सोधखोज गर्नुहोस् ।

२. नेपालमा सूचनाको हक प्रवर्धनका लागि के कस्ता व्यवस्थाहरू भएका छन् ? खोजी गरी समपर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) सूचनाको हक भनेको के हो ?

(ख) नेपालको संविधानको कति धारामा सूचनाको हकसम्बन्धी व्यवस्था गरिएको छ ?

(ग) सूचनाको हकसम्बन्धी ऐन २०६४ अनुसार सूचनाको हकको परिभाषा लेख्नुहोस् ।

(घ) मनासिब कारणबिना सूचना दिन इन्कार गर्ने, आंशिक वा गलत सूचना दिने अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन २०६४ ले कस्तो सजायको व्यवस्था गरेको छ ?

(ङ) कति पृष्ठसम्मको सूचना नि:शुल्क लिन पाउने व्यवस्था रहेको छ ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) सार्वजनिक निकायबाट सूचना प्राप्त गर्नका लागि अपनाउने प्रक्रिया उल्लेख गर्नुहोस् ।

(ख) सूचनाको हकअन्तर्गत पर्ने र नपर्ने पाँच पाँचओटा हकको सूची बनाउनुहोस् ।

(ग) सूचनाको हकको महत्त्व उल्लेख गर्नुहोस् ।

(घ) सार्वजनिक निकायहरूले सूचनाको हक प्रदान गर्दा ध्यान दिनुपर्ने कुनै पाँचओटा कुरा उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सूचनाको हकसम्बन्धी ऐन २०६४ ले सरोकारवालाहरूका लागि व्यवस्था गरेका सूचनाका हकको सूची बनाउनुहोस् ।

(ख) सूचनाको हक हनन भएमा पुन: सूचनाको हक प्राप्तिका लागि कस्तो प्रक्रिया अपनाउनु पर्छ ? सूचना नदिने व्यक्ति वा निकायलाई कस्तो सजायको व्यवस्था गरिएको छ, उल्लेख गर्नुहोस् ।

## पाठ ६ सदाचार र सामाजिक जवाफदेही

सदाचार सद् र आचार दुई शब्द मिलेर बनेको छ । जसमा सद् भनेको राम्रो तथा असल र आचार भनेको आचरण वा व्यवहार भन्ने बुझिन्छ । कुनै पनि व्यक्तिले आफ्नो दैनिक गतिविधि तथा क्रियाकलाप सञ्चालन गर्दा अवलम्बन गर्ने मूल्य, मान्यता, नैतिकताको समष्टि रूप नै आचरण हो । आचरण पनि खराब र असल गरी दुई किसिमका हुन्छन् । यसरी हेर्दा राम्रो आचरण, असल चालचालन तथा सद्व्यवहार हुनुलाई सदाचार भनेर बुझ्न सकिन्छ भने खराब आचरण चाहीँ दुराचार हो । दुराचार सदैव अमान्य र अस्वीकार्य हुन्छ । यसले सामाजिक सम्बन्ध, सहयोग र सहकार्यमा समस्या सिर्जना गर्छ । त्यसैले हरेक व्यक्तिले आफूलाई असल आचरणतर्फ ढाल्ने प्रयत्न गर्नुपर्छ । हाम्रो समाजमा एउटा प्रशिद्ध भनाइ नै छ, हामीले सम्पत्ति गुमायौँ भने खास केही गुम्दैन, स्वास्थ्य गुमायौँ भने केही गुम्छ तर सदाचार गुमायौँ भने सबै थोक गुम्छ यसरी हेर्दा सम्पत्ति कमाउन सकिन्छ स्वास्थ्योपचार पनि गर्न सकिन्छ तर गुमेको आचरण फेरि फर्काउन सकिँदैन । त्यसैले हामीले सधैँ सदाचारी बन्ने र सदाचारी आचरणलाई जोगाई राख्ने प्रयत्न गरौँ । सदाचारले परिवार, समाज, राष्ट्र र विश्व परिवेशमा शान्ति, सहकार्य, विकास र सुशासनको वातावरण सिर्जना गर्छ । सदाचार नैतिकतासँग जोडिएको विषय हो । नैतिकता व्यक्तिको भावना र अन्तरमनसँग जोडिएको हुन्छ, जुन व्यवहारद्वारा प्रदर्शित हुन्छ । त्यसैले हामीले सधैँ आफ्नो व्यवहार शुद्ध बनाउनेतर्फ ध्यान दिनुपर्छ । सार्वजनिक निकाय, संस्था, सामाजिक उत्तरदायित्व बोकेका संस्थाहरू र त्यहाँ कार्यरत व्यक्ति एवम् पदाधिकारीहरूमा त सदाचार हुनु अति नै आवश्यक हुन्छ किनभने व्यक्तिहरू दुराचारी भए भने दुराचार, भ्रष्टाचार, घुसखोरी, ढिलासुस्ती र कुशासनको स्थिति आइपर्छ । सदाचारको महत्त्व निम्नानुसार प्रस्तुत गरिएको छ :

१. सदाचारिताले व्यक्तिलाई सही बाटामा अगि बढ्न प्रेरणा प्रदान गर्छ ।

२. सदाचार व्यक्तिले आफ्ना कमीकमजोरीको आत्ममूल्याङ्कन गरी प्रभावकारी व्यक्तित्वको विकास गर्न सक्छ ।

३. सदाचारले सार्वजनिक सेवालाई राजनीतिबाट तटस्थ, निष्पक्ष र पारदर्शी बनाउन मदत गर्छ ।

४. सार्वजनिक प्रशासनमा हुने ढिलासुस्ती, लापरबाही, भ्रष्टाचार र अधिकारको दुरुपयोगलाई पनि निरुत्साहित गर्छ ।

५. सेवाग्राहीहरूको सरकार तथा सार्वजनिक सेवाप्रतिको विश्वास अभिवृद्धि गर्न मदत गर्छ ।

६. सरकारी काम, कारबाहीलाई पारदर्शी, चुस्त, दुरुस्त र छिटो छरितो बनाउन सघाउँछ ।

७. महत्त्वपूर्ण सरकारी अभिलेख तथा गोपनीयता कायम राख्नुपर्ने तथ्य वा तथ्याङ्कको संरक्षण गराउँछ ।

८. सरकारी सेवा सुविधा र विकास निर्माण कार्यलाई प्रभावकारी बनाउँछ ।

९. राज्यमा सुशासन कायम गर्न मदत पुग्छ ।

### नेपालमा सदाचारिता कायम गर्नका लागि भएका प्रयास

१. भ्रष्टाचार नियन्त्रण गरी सदाचारी संस्कृतिको विकास गर्नका लागि विभिन्न संस्थागत संयन्त्रहरूको व्यवस्थापन गरिएको छ ।

२. गृहमन्त्रालयले आफ्नो मन्त्रालयअन्तर्गतका कर्मचारीहरूको सदाचार संहिता तयार पारी लागु गरेको छ ।

३. विभिन्न किसिमका अपराधजन्य क्रियाकलाप रोक्नका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, अपराध अनुसन्धान विभाग तथा पालिकास्थित गाउँ तथा नगर प्रहरीहरू क्रियाशील रहेका छन् ।

४. भ्रष्टाचार घुस लेनदेन, अख्तियार दुरुपयोग तथा आर्थिक अपचलनजन्य घटनालाई नियमन, नियन्त्रण तथा निरुत्साहित गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण विभाग, राष्ट्रिय सतर्कता केन्द्र, महालेखा परिक्षक तथा महालेखा नियन्त्रक कार्यालय, राजश्व अनुसन्धान विभाग जस्ता निकाय निरन्तर क्रियाशील रहेका छन् ।

५. जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतलगायत स्थानीय न्यायिक समिति पनि सदाचारिताका लागि निरन्तर खटिइरहेका देखिन्छन् । यी सबै निकायहरूको मुख्य उद्देश्य भनेको पनि सदाचारी संस्कृतिको विकास गर्नु हो ।

६. नेपालको संविधानमा सदाचार र सुशासानका लागि संविधानको निर्देशक सिद्धान्तमा सावर्जनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने भन्ने कुरा उल्लेख गरिएको छ ।

७. आर्थिक योजनाहरूले सार्वजनिक संस्थामा कार्यरत व्यक्तिहरूमा सदाचार र नैतिकताको विकासका लागि विभिन्न व्यवस्थाहरू गरेका छन् । तीमध्ये पन्ध्रौं आवधिक योजनाले सार्वजनिक प्रशासनलाई सङ्घीय संरचनाअनुरूप सबल, सक्षम र सुदृढ बनाई दक्ष, सेवामुखी र व्यावसायिक बनाउनु भन्ने उद्देश्य राखेको छ ।

८. सार्वजनिक सेवालाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी बनाउनु तथा सेवा प्रवाह र शासन प्रणालीमा बहुपक्षीय साझेदारीको विकास गर्नु पर्ने कुरा पनि उल्लेख गरेको छ ।

९. मन्त्रालय र सङ्घसंस्था, प्रदेश स्तरका कार्यालयहरू र स्थानीय तहले पनि यस्ता सदाचार संहिता वा आचारसंहिता कार्यान्वायनमा ल्याएका हुन्छन् ।

१०. विद्यालयमा पनि शिक्षक, विद्यार्थी र व्यवस्थापन समितिका आचार संहिता तयार गरेर टाँसिएका हुन्छन् ।

सार्वजनिक पद धारण गरेको व्यक्ति भन्नाले सरकारी कोषबाट सेवा सुविधा प्राप्त गर्ने सम्पूर्ण व्यक्तिहरू जस्तै प्रधानमन्त्री, मन्त्री, सांसद्, गाउँपालिका नगरपालिकाका पदाधिकारीहरू कर्मचारी, शिक्षक, सेना, प्रहरीलगायत सबै हुन् । सार्वजनिक पद धारण गरेका व्यक्तिहरू जनताको सेवा

गर्नका लागि खटिने जिम्मेवार व्यक्ति हुन् । राष्टसेवकहरू सदाचारी भएनन् भने जनताले सुलभ सेवा पाउन सक्दैनन्, देशमा विकासका गतिविधिहरूमा अवरोध आउन सक्छ । राष्ट्रको ढुकुटीको दुरुपयोग हुन सक्छ । काममा ढिलासुस्ती भएर जनताले अनावश्यक दुःख पाउन सक्छन् । त्यसैले राष्ट बनाउने जिम्मेवारी बोकेका व्यक्तिहरू सधैँ सदाचारी हुनैपर्छ । राज्यलाई सधैँ सदाचारी मानिसको खाँचो हुन्छ । सार्वजनिक जीवन निर्वाह गर्ने व्यक्तिमा सिप र दक्षताका साथै नैतिकता, इमानदारिता र सदाचारीपन पनि हुनुपर्छ । उनीहरू योग्य, इमानदार र जवाफदेही हुनुपर्छ । सर्वसाधारणको मन जित्न सक्नुपर्छ । उनीहरूले सार्वजनिक जीवनका पाँच सिद्धान्त स्वार्थहीनता, सदाचार, वस्तुपरकता, जवाफदेही र खुलापनलाई मार्गदर्शकका रूपमा ग्रहण गरेको हुनुपर्छ । सार्वजनिक पद धारण गरेका हरेक व्यक्तिहरूले देश जनता र समाजका लागि निस्वार्थ भावनाले प्रेरित भएर काम गर्नुपर्दछ । आफू कुन ठाउँमा छु म को हुँ । मलाई कसले हेरिरहेको छ र मेरो जिम्मेवारी के हो भन्ने भावनालाई कहिल्यै बिर्सनु हुँदैन । त्यस्तै गरी सधैँ असल, चरित्रवान् नैतिकवान् भएर जनताको सेवा गरी आफ्नो सदाचारी पनको प्रदर्शन गर्नु पनि सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको मुख्य दायित्व हो । समाजमा राम्रा कामहरू द्वारा आफूलाई एक उदाहरणीय व्यक्तिको रूपमा स्थापित गराउनु पनि सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको मुख्य दायित्व हो । सदाचारी व्यक्तिले आफूलाई सदाचारी बनाउनका लागि निर्वाह गर्नुपर्ने दायित्वहरू निम्नानुसार छन् :

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमानदारीसाथ पालना गर्नु

(ख) सबैप्रति शिष्ट व्यवहार देखाउनु

(ग) जुवा, तास खेल्ने तथा सार्वजनिक रूपमा मादक पदार्थ सेवनलगायतका खराब आचरण नगर्नु

(घ) आफ्नो कामसँग सम्बन्धित सबै कानुनको जानकारी राख्नु

(ङ) पेसाको सम्मान गर्ने तथा आफ्नो क्षमता विकास गर्न प्रयत्नशील रहने

(च) कार्यालय समयमा कार्यालयसँग सम्बन्धित काम मात्र गर्ने

(छ) कार्यालयका सामान तथा सुविधाको दुरुपयोग नगर्ने

(ज) पेसागत कार्य गर्दा राजनीतिक तटस्थता कायम गर्ने

(झ) आफ्नो काम कारबाही आर्थिक रूपमा मितव्ययी तथा किफायतपूर्वक गर्ने

(ञ) सार्वजनिक सम्पत्तिको संरक्षण र हिफाजत गर्न सदा तत्पर रहने

(त) सामाजिक विभेद नगर्ने

## सामाजिक जवाफदेही

आफ्नो व्यवहार र गतिविधिको जिम्मेवारी बहन गर्ने दायित्वलाई जवाफदेहिता भनिन्छ । जवाफदेही भन्ने शब्दले आफूले गरेको काममा जोसुकैले प्रश्न उठाए पनि त्यसको जवाफ दिन सक्ने गरी काम गर्नु भन्ने बुझाउँछ । सामाजिक जवाफदेहितालाई नागरिक, समुदाय, स्वतन्त्र सञ्चार माध्याम र नागरिक समाज जस्ता संस्थाहरूले सरकारी कर्मचारीहरूलाई जनताप्रति उत्तरदायी बनाउन गरिने गतिविधि तथा संयन्त्र भनेर पनि बुझ्न सकिन्छ । सामाजिक जवाफदेहिताले शासकीय सुधार, प्रभावकारी सेवा प्रभाह र नागरिक सशक्तीकरणका माध्यामबाट तीव्र विकासमा योगदान गर्छ । कुनै पनि लोकतान्त्रिक शासन व्यवस्थामा सरकारलाई जनताको हक र अधिकारको प्रत्याभूति दिन र उनीहरूको जीवनमा सुधार ल्याउन गरेका प्रतिबद्धताहरूप्रति नागरिक समाज जस्ता संस्थाहरूले उत्तरदायी बनाउन गरिने विभिन्न गतिविधिहरू पनि सामाजिक जवाफदेहिताअन्तर्गत नै पर्दछन् । सामाजिक जवाफदेहितामार्फत नागरिक र सरकारबिच राम्रो सम्बन्ध स्थापित हुन्छ । सामाजिक जवाफदेहिताका गतिविधिहरूले जनसहभागिताको अवसर प्रदान गर्छ । जसबाट शिक्षा, स्वास्थ्य र आवश्यक पूर्वाधारहरू जस्ता आधारभूत आवश्यकताहरूको विकासमा

सामाजिक जवाफदेहिताको महत्त्व

१. इमान्दारिता कायम गर्न
२. समाजमा व्याप्त सामाजिक समस्या तथा विकृतिको अन्त्य गर्न
३. भ्रष्टाचारको अन्त्य गरी देशमा सुशासन कायम गर्न
४. विकास निर्माणका कार्य सुचारु ढङ्गले सञ्चालन गर्न
५. सरकारी योजनाहरु सफल बनाउन
६. विकास निर्माणका लागि जनसहभागिता जुटाउन
७. देशमा दिगो विकासको अवधारणालाई आत्मसात् गर्न ।
८. लोकतान्त्रिक मूल्य मान्यतालाई प्रश्रय प्रदान गर्न
९. देशमा बनेका ऐन, कानुन र नीतिनियमको सही रूपमा कार्यान्वायन गर्न
१०. सार्वजनिक पद धारण गरेका व्यक्तिहरूमा जवाफदेहिताको वातावरण तयार गर्न

सकारात्मक प्रभाव पर्दछ । त्यसैले साजाजिक जवाफदेहिता व्यक्ति वा समुदायको कल्याणप्रति समर्पित हुन्छ भनेर भन्न सकिन्छ । त्यस्तै सामाजिक जवाफदेहिताले आधारभूत मानव अधिकार, अभिव्यक्तिको अधिकार, समूह तथा संस्था निर्माण गर्ने अधिकार, परिवर्तनका लागि सहभागिताको अधिकारको संरक्षण एवम् प्रवर्धन गर्छ ।

## सामाजिक जवाफदेहिताका आधार

१. सहयोगी भावना : सामाजिक जवाफदेहिताका लागि व्यक्तिमा सहयोगी भावनाको विकास हुनुपर्छ ।

२. नि:स्वार्थी मन : समाजमा हरेक जिम्मेवार व्यक्तिले आआफ्नो जिम्मेवारीलाई पूरा गर्नुपर्दछ । जिम्मेवारी सम्हालेका हरेक व्यक्तिको मन स्वच्छ र सफा हुनुपर्दछ ।

३. इमान्दारिता : सदाचार र सामाजिक उत्तरदायित्वका लागि प्रत्येक व्यक्ति इमान्दार बन्नुपर्छ । व्यक्तिमा रहेको स्वार्थ, इर्ष्या, द्वेष डाहा, घमन्ड आदिलाई त्याग्नुपर्छ ।

४. निष्पक्षता : सामाजिक जवाफदेहीताका लागि निष्पक्षताको पनि जरुरत पर्दछ । यसका लागि जाति, लिंग, धर्म, पेसा, विचार, सम्पत्ति आदिको आधारमा कसैले कसैलाई भेदभाव गर्न पाइने छैन ।

५. पारदर्शिता : सामाजिक कार्यलाई पारदर्शी बनाउने कार्य सामाजिक उत्तरदायित्वभित्र पर्छ । पारदर्शिता भनेको सार्वजनिक कामबारे सबैलाई जानकारी गराउनु हो ।

६. उत्तरदायित्व : आफूले गरेको कामको उत्तरदायित्व आफैँले लिनुपर्छ । राम्रो काम भए त्यसको जस आफूले लिने अनि गल्ती भए अर्काका टाउकामा थोपर्ने काम कहिल्यै गर्नु हुँदैन अर्थात् आफ्नो दायित्वमा पर्ने काम गर्दा त्यसको जस अपजस दुवै आफूले नै लिनुपर्छ ।

## सामाजिक जवाफदेहिताका लागि गरिएका प्रयास

१. सामाजिक परीक्षण गर्ने

सार्वजनिक सरोकारका विषयमा सरोकारवालाको समूहबाट अन्वेषण, अध्ययन, परीक्षण गर्ने विधिलाई सामाजिक परीक्षण भनिन्छ । सार्वजनिक परिक्षण कार्यविधि २०६७ ले सामाजिक परिक्षणलाई निम्नअनुसार परिभाषित गरेको छ । सामाजिक जिम्मेवारी तथा कार्यसम्पादनको लेखाजोखा गर्ने कार्यलाई सामाजिक परीक्षण भनिन्छ । सामाजिक परीक्षण सामाजिक जवाफदेहीताको बलियो संयन्त्र हो ।

२. सार्वजनिक सुनुवाइ गर्ने

सामान्यतया सार्वजनिक सामाजिक जवाफदेहिताका दुई पक्षहरू सेवा प्रदायक र सरोकारवालालाई एकै थलोमा राखेर जिम्मेवारी बोध, सेवा प्रवाह, स्रोत साधनको परिचालन, योजना निर्माण र कार्यान्वायन जस्ता विषयहरूमा प्रत्यक्ष सवालजवाफ गर्ने प्रणाली नै सार्वजनिक सुनुवाई हो ।

३. सार्वजनिक परीक्षण गर्ने

स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि २०६७ ले सार्वजनिक परीक्षणलाई निम्नअनुसार परिभाषित गरेको छ । सार्वजनिक परीक्षण भन्नाले स्थानीय निकायले सञ्चालन गर्ने कार्यक्रम आयोजनाको लक्ष्य उद्देश्य बजेट तथा यसबाट प्राप्त नतिजा उपलब्धि र खर्च आदिका बारेमा सरोकारवालाहरूबिच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनुपर्छ ।

४. डिजिटल अन्तरक्रिया गर्ने

सार्वजनिक सरोकारका कामहरू माथि निगरानी राख्ने अर्को पक्ष आमसञ्चार पनि हो । सूचना प्रविधिको पहुँचमा रहेका जनताहरूसँग अनलाइनमार्फत सार्वजनिक सरोकारका विषयहरूमा अन्तरक्रिया गराउन सकिन्छ भने सूचना प्रविधिसँग पहुँचमा नहुनेहरूका लागि पनि टेलिभिजन, पत्रपत्रिका, रेडियो आदिबाट प्रशारण हुने सन्देश, सूचना तथा जानकारीले

केही हदसम्म सार्वजनिक महत्त्वका व्यक्ति तथा निकायहरूलाई जवाफदेही बन्न बाध्य पार्दै आएको छ ।

५. सामाजिक सञ्जालको प्रयोग

सामाजिक सञ्जाल मार्फत सार्वजनिक सरोकारका विषयहरूमा भए गरेका गलत र गैरजिम्मेवारपूर्ण कार्यहरू तथा त्यसमा संलग्न व्यक्ति र निकायहरूका बारेमा विभिन्न सामग्रीहरू क्षणभरमा नै विश्वभर प्रभाह हुने र सरोकारवालाहरूलाई आवश्यक जानकारी तत्कालै पुग्ने गरेको छ । यसकारण सामाजिक सञ्जालले पनि सामाजिक जवाफदेहिता कायम गराउन ठुलो भूमिका निर्वाह गरेको छ ।

६. सार्वजनिक निकायका कामहरूको स्थिति पत्र प्रकाशन गर्ने

हरेक सार्वजनिक निकायहरूले आफ्नो कार्यालयको बजेट, खर्च, कामको विवरण, आम्दानीका स्रोत आदि कुराहरूको नियमित प्रकाशनबाट पनि सामाजिक जवाफदेहितामा मदत पुगेको छ ।

७. सामाजिक संवाद तथा अन्तर्क्रियाका माध्याम खुला गर्ने

सार्वजनिक निकायले समय समयमा सर्वसाधारणका लागि सामाजिक संवाद र अन्तर्क्रियाका माध्यामहरू खुला गर्ने गरेका छन् । यसबाट पनि सामाजिक जवाफदेहितामा मदत पुगेको छ ।

८. सम्पादित कामको तेस्रो पक्ष अनुगमन गर्ने

सार्वजनिक निकायबाट सम्पादन भएका विवरणहरू के कति सत्य छन् भनी त्यसको अनुगमन गर्ने तथा सामाजिक लेखा परीक्षण गर्ने व्यवस्था रहेको छ यसबाट पनि सामाजिक जवाफदेहितामा मदत पुगेको छ ।

## सदाचार र सामाजिक जवाफदेहिताबिचको अन्तरसम्बन्ध

१. सदाचारलाई सामाजिक जवाफदेहिताको आधारशीला मान्न सकिन्छ । सदाचारी व्यक्तिले आफ्नो व्यवहार र गतिविधिको जिम्मेवारी बहन गर्ने हुँदा ऊ सामाजिक सांस्कृतिक, राजनीतिक जस्ता जिम्मेवारीहरूबाट पन्छिन सक्दैन ।

२. हरेक व्यक्ति समाजमा घट्ने घटना तथा गतिविधिप्रति जवाफदेहि हुनुपर्छ । सदाचारी व्यक्तिले सकारात्मक दृष्टिकोण राख्ने हुँदा उसले असहज परिस्थितिमा पनि आशा र जोश बढाउन सफल भई आफ्नो कर्तव्य पूरा गर्दछ ।

३. अप्ठेरो परेको वेला एकले अर्कालाई सहयोग गर्नु हामी नागरिकको कर्तव्य हो । त्यसैगरी हामी कसैको कारणले अरू कसैलाई परेको असरको बारेमा हामीले जवाफ दिन सक्नुपर्छ त्यो सामाजिक जवाफदेहिता हो ।

४. हामीले आफ्नो अधिकारको प्रयोग गर्दा यदि अरूको अधिकारको हनन हुन गएमा जवाफ दिन सक्नुपर्छ । सदाचारी व्यक्तिले सधैँ सचेत भएर अरूको अधिकारको हनन नहुने गरेर काम गर्दछ ।

५. सदाचारी व्यक्ति सधैँ मिहिनेती हुन्छन् । जसले गर्दा जटिल कार्य सम्पन्न गर्न पनि सधैँ तत्पर रहन्छ र त्यसका बारेमा स्पष्ट जवाफ पनि दिन सक्छ ।

६. अन्याय आफू पनि गर्नु हुँदैन र अन्याय सहनु पनि हुँदैन भन्ने मान्यता सदाचार हो । त्यसैले सदाचारी व्यक्तिले अर्काको अधिकारको सम्मान गर्ने र अन्यायको बिरुद्धमा लड्ने आफ्नो दायित्व ठान्दछ र आवाज उठाउँछ त्यो जवाफदेहिता हो ।

७. सदाचार व्यक्तिले आफ्नो व्यक्तिगत स्वार्थका लागि मात्र नभइ सामूहिक हितका लागि कार्य गर्दछ र सामाजिक हितका लागि आवाज उठाउन सक्छ ।

## क्रियाकलाप

१. “सामाजिक जवाफदेही असल शासनको एक प्रमुख अङ्ग हो ।” यसलाई स्थानीय तहमा भएका कामहरूसँग जोड्दै पुष्टि गर्नुहोस् ।

२. तपाइँ यदि राष्ट्रसेवक कर्मचारी बन्नु भयो भने सदाचारिता कायम गर्नका लागि के के गर्नुहुन्छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) सदाचार भन्नाले के बुझिन्छ ?

(ख) सामाजिक जवाफदेहिता भनेको के हो ?

(ग) सदाचार र सामाजिक जवाफदेहिताबिचको अन्तरसम्बन्धलाई एक वाक्यमा उल्लेख गर्नुहोस् ।

(घ) सदाचारका कुनै दुई महत्त्व लेख्नुहोस् ?

(ङ) सामाजिक जवाफदेहिताका लागि नेपालमा भएका कुनै दुई प्रयास उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) सदाचार भनेको के हो ? यसका महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) “सदाचारले सामाजिक जवाफदेहिताका लागि प्रेरित गर्छ ”यस भनाइलाई पुष्टि गर्नुहोस् ।

(ग) सदाचारलाई आदर्श मानवीय जीवनको महत्त्वपूर्ण पक्ष मानिन्छ किन ? कारण खुलाउनुहोस् ।

(घ) सामाजिक जवाफदेहिका लागि गरिएका प्रयासको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ङ) नेपालमा सदाचारिता कायम गर्नका लागि भएका प्रयास उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सदाचार र सामाजिक जवाफदेहिताबिचको अन्तरसम्बन्ध व्याख्या गर्नुहोस् ।

(ख) नेपालमा सदाचारिता कायम गर्नका लागि भएका प्रयास उल्लेख गर्नुहोस् ।

एकाइ ९

# सहरीकरण र बसाइँसराइ

यस एकाइमा निम्नानुसारका सिकाइ उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको छ :

१. सहरीकरणको अवधारणा र विश्वव्यापी प्रवृत्तिसँग परिचित हुन

२. नेपालमा सहरीकरणको मापदण्ड, विस्तार र प्रवृत्तिको चर्चा गरी अवसर र चुनौतीको विश्लेषण गर्न

३. बसाइँसराइको अवधारणा, विशेषता र प्रभाव बताउन र सुरक्षित बसाइँसराइका उपायहरू खोजी गर्न





# पाठ १ सहरीकरण

## परिचय

विशेषता र कार्यका आधारमा मानव बस्तीलाई ग्रामीण र सहरी बस्ती गरी दुई भागमा विभाजन गरिन्छ । सहरी बस्ती ग्रामीण बस्तीको विकसित रूप हो । ग्रामीण बस्तीमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार जस्ता सेवा सुविधाहरू थपिँदै जाँदा गैरकृषि पेसामा संलग्न मानिसको सङ्ख्यामा वृद्धि हुन जान्छ । ग्रामीण बस्तीमा घरहरूको सङ्ख्यामा थपिँदै सहरको रूप लिन्छ । यहाँका मानिस व्यापार, उद्योग, सेवा आदि जस्ता गैरकृषि व्यवसायमा संलग्न हुन्छन् । विभिन्न देशले कुनै एउटा मानव बस्तीलाई सहर हुनका आआफ्नै मापदण्ड राखेका हुन्छन् । आइसल्यान्डमा ३०० जनसङ्ख्या, जापानमा ३०,०००, नेदरल्यान्डमा २०,०००, संयुक्त राज्य अमेरिकामा २५,००० जनसङ्ख्या भएको बस्तीलाई सहरी बस्तीको रूपमा लिइन्छ । यसका साथै यी देशहरूमा न्यूनतम सहरी जनसङ्ख्याको साथै विभिन्न नगरीय सेवा तथा सुविधा प्रशासनिक सेवा हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । मानव बस्ती सुरुको अवस्थामा एकल बस्ती, ह्यामलेट हुँदै गाउँमा रूपान्तरण हुने गर्थ्यो । हिजोआज ग्रामीण बस्ती विस्तारै सहरी बस्तीका विभिन्न स्वरूपमा विकसित भएको छ । यातायातको विकासको प्रभावले बजार केन्द्रका रूपमा रहेका बस्तीहरू नगरका रूपमा, नगरका रूपमा भएका बस्तीहरू सहरका रूपमा, सहरहरू उच्च महानगरका रूपमा, उच्च महानगरहरू बृहत् महानगर, बृहत् महानगरहरू नगरमालका रूपमा परिणत भएको छ ।

सहरीकरण शब्द अङ्ग्रेजीको Urbanization शब्दको नेपाली रूपान्तरण हो । अङ्ग्रेजी शब्द Urbanization ल्याटिन भाषाको Urbans र urbal बाट आएको मानिन्छ । यी दुवै शब्दहरूको समष्टिगत अर्थ परिष्कृत र सभ्य समाज भन्ने हुन्छ । अतः यसको शाब्दिक अर्थले समाज विस्तारै सभ्य र परिष्कृत हुँदै जाने प्रक्रियालाई बुझाउँछ । Oxford Dictionary का अनुसार सहरीकरण एक त्यस्तो प्रक्रिया हो, जसमा धेरैभन्दा धेरै मानिस सहरमा बस्न र काम गर्न थाल्छन् । अतः सहरीकरण भन्नाले कुनै देश वा भौगोलिक तथा प्रशासनिक क्षेत्रमा नयाँ नयाँ सहरी क्षेत्रहरूको विस्तार हुँदै जानुलाई बुझाउँछ । देशको कुल जनसङ्ख्यामा सहरी क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको अनुपातमा वृद्धि हुँदै जाने प्रक्रियालाई पनि सहरीकरण भनिन्छ । सहरीकरणमा गाउँ नगरमा परिणत हुँदै जान्छन् भने नगर क्षेत्रहरू ठुला ठुला सहरी क्षेत्रको रूपमा विकसित हुँदै जान्छन् । यसै क्रममा मानिसलाई चाहिने सेवा र सुविधाहरू पनि बढ्दै गएको देखिन्छ । विभिन्न देशहरूमा सहरीकरणलाई परिभाषित गर्ने आधार फरक फरक पाइन्छ । रुसमा जनसङ्ख्याको आकार र गैरकृषि क्रियाकलापमा सहभागिताका आधारमा सहरी क्षेत्र घोषणा गरिन्छ । त्यसै गरी ब्रिटेनमा स्थानीय सरकारका आधारमा सहरी क्षेत्र घोषणा गरिन्छ । विश्वका केही देशहरूमा सहरीकरणलाई मानव बस्तीमा जनसङ्ख्या र सेवा सुविधाको विकास हुने प्रक्रिया मात्र नभई प्रशासनिक क्षेत्र विस्तारका रूपमा पनि लिने प्रचलन छ । यस्ता क्षेत्रहरूमा प्रशासनिक केन्द्रहरूलाई सहरीकरणको रूपमा स्वीकार्ने गरिन्छ । नेपालमा पनि नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको घोषणाको प्रक्रियालाई सहरीकरणका रूपमा स्विकारिएको छ ।

सहरीकरणका विशेषताहरू

- जनसङ्ख्या र जनघनत्व बढ्दै जानु
- धेरै मानिस विभिन्न गैरकृषि पेसामा संलग्न हुनु
- घरहरूको सङ्ख्यामा वृद्धि हुँदै गएकाले मानव बस्तीको आकारमा वृद्धि हुनु
- उद्योग तथा कलकारखानाको सङ्ख्यामा वृद्धि हुनु
- विभिन्न पूर्वाधारहरू र सेवा सुविधाको उपलब्धता वृद्धि हुँदै जानु आदि

## सहरीकरणको विश्वव्यापी प्रवृत्ति

विश्वमा सहरी क्षेत्रको अवधारणा कहिले र कहाँबाट विकास भएको हो भन्ने कुराको खासै केही प्रमाणहरू नभेटिए तापनि सहरीकरण प्रक्रियालाई मानव सभ्यतासँग जोडेर हेर्ने गरिन्छ । मानिस जङ्गली युगबाट खेतीपाती युगमा प्रवेश गर्न थालेसँगै सहरीकरणको प्रक्रिया अगि बढेको देखिन्छ । मानिस सुरक्षित र कृषिका लागि मलिलो माटो भएको ठाउँ खोज्दै जाँदा नदी किनारमा घना बस्ती भई सहरी क्षेत्रको विकास भएको मानव समाजको इतिहासमा पाइन्छ । ई.सं. सुरु हुनुभन्दा करिब ६०० वर्ष पहिले बेबिलोन सहर रहेको र त्यस सहरमा ३,५०,००० जनसङ्ख्या रहेको कुरा ऐतिहासिक प्रमाणहरूबाट थाहा पाइन्छ । ई.सं. सुरु हुनुभन्दा करिब एक शताब्दी पहिला पतलीपुत्र (हालको भारतको पटना सहर) को जनसङ्ख्या ७,००,००० र ई.सं.को दोस्रो शताब्दीतिर रोम सहरको जनसङ्ख्या करिब ११,००,००० रहेको कुरा ऐतिहासिक प्रमाणहरूबाट थाहा हुन आउँछ ।

अठारौँ शताब्दीतिर एसियाका गङ्गा, ब्रम्हपुत्र, याङ सिक्याङ आदि ठुला नदीहरूका किनारमा ठुला ठुला सहरको विकास भएको पाइन्छ । त्यसै गरी बिसौँ शताब्दीको सुरुदेखि नै सहरीकरणको प्रक्रियामा द्रुतगतिले विकास भएको पाइन्छ । प्रथम र दोस्रो विश्व युद्धपछि सहरीकरण तीव्र गतिमा भएको पाइन्छ । विश्वमा सहरीकरणको प्रवृत्तिलाई निम्न तालिकामा देखाइएको छ :

| विश्वमा सहरीकरणको प्रवृत्ति (१९२०-२०१६) प्रतिशतमा | | | | |
|---|---|---|---|---|
| मुख्य क्षेत्रहरू | सन् १९२० | सन् १९५० | सन् १९७० | सन् २०१६ |
| विश्व | १४.३ | २१.२ | ३६.९ | ५२ |
| एसिया | ६.५ | १२.५ | २३.६ | ४६ |
| युरोप | ३४.७ | ४०.७ | ६६.१ | ७२ |
| अफ्रिका | ४.८ | ९.५ | २२.९ | ४० |
| उत्तर अमेरिका | ४१.४ | ५०.८ | ७३.८ | ८० |
| दक्षिण अमेरिका | १४.४ | २५.१ | ५७.४ | ७९ |
| ओसिनिया | ३६.५ | ४५.७ | ७०.८ | ६७ |

स्रोत: *the world population data sheet, 2016*

| विकसित र विकासशील देशहरूमा सहरीकरणको प्रवृत्ति (१९२०-२०१६) प्रतिशतमा | | | | |
|---|---|---|---|---|
| क्षेत्रहरू | सन् १९२० | सन् १९५० | सन् १९७० | सन् २०१६ |
| विश्व | १४.३ | २१.२ | ३६.९ | ५२ |
| विकसित देशहरू | २९.४ | ४० | ६४.४ | ७८ |
| विकासशील देशहरू | ५.८ | ११.५ | २५.२ | ४८ |

स्रोत : *the world population data sheet, 2016*

माथिको तालिकाअनुसार विश्वमा सहरीकरणको प्रवृत्तिअनुसार सहरमा बस्ने जनसङ्ख्या प्रतिशत विगतदेखि वृद्धि हुँदै गएको देखिन्छ । विश्वमा सन् १९२० मा कुल जनसङ्ख्याको १४.३ प्रतिशत जनसङ्ख्या सहरमा बस्थे । त्यो जनसङ्ख्या क्रमशः बढ्दै सन् २०१६ मा ५२ प्रतिशत पुगेको छ । तालिकामा उल्लिखित क्षेत्रहरूको स्थितिमा पनि त्यस्तै अवस्था देखिन्छ । विकसित र विकासशील देशहरूको तुलना गर्दा विकसित राष्ट्रहरूमा सहरीकरण तीव्र रूपले बढेको देखिन्छ । सन् १९२० मा विकसित राष्ट्रहरूमा २९.४ % र विकासशील राष्ट्रहरूमा जम्मा ५.८% थियो भने त्यो सङ्ख्या बढेर सन् २०१६ मा क्रमशः ७८% र ४८% पुगेको छ । यी तथ्याङ्कहरूबाट यो प्रस्ट हुन्छ कि विश्वमा सहरीकरण बढ्दो अवस्थामा छ ।

### क्रियाकलाप

१. स्टेफिन एम. ग्राप्सअनुसार जनसङ्ख्याका आधारमा बस्तीलाई निम्नानुसार वर्गीकरण गरेको पाइन्छ । के जनसङ्ख्याका आधारमा मात्रै बस्तीलाई वर्गीकरण गर्नु राम्रो हुन्छ ? यदि हुँदैन भने, किन हुँदैन ? कारण उल्लेख गर्नुहोस् ।

| बस्ती पदानुक्रम | न्यूनतम् जनसङ्ख्या |
|---|---|
| एकल बस्ती | १-१० (एकल परिवार) |
| ह्यामलेट | १०-१०० |
| गाउँ | १००-२५०० |
| साना सहर | २५००-२५, ००० |
| ठुला सहर | २५,०००-१५०,००० |

| | |
|---|---|
| सहर | १५0000-५00,000 |
| उपनगरीय विस्तार | २ मिलियनभन्दा माथि |
| बृहत् सहर | १0 मिलियनभन्दा माथि |

२. तपाईंको वरिपरि रहेका बस्तीहरू कुन कुन प्रकारमा पर्छन् ? तर्कसहित लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) सहर भनेको के हो ?

(ख) सहरीकरणको परिभाषा आफ्नै शब्दमा लेख्नुहोस् ।

(ग) विश्वमा सहरीकरणको प्रवृत्ति कस्तो छ ? एक वाक्यमा लेख्नुहोस् ।

(घ) विभिन्न राष्ट्रहरूमा सहर हुनका आआफ्नै मापदण्ड राख्नुका कारण के होलान् ? आफ्नो तर्क एक वाक्यमा लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) सहरीकरणका विशेषता आफ्नै शब्दमा लेख्नुहोस् ।

(ख) "हालको विश्वव्यापी सहरीकरणको प्रवृत्तिले सिर्जना भएको हो ।" यस वाक्यलाई (भनाइलाई) आफ्नै शब्दमा व्याख्या गर्नुहोस् ।

(ग) विश्वका विकसित र विकासशील देशहरूको सहरीकरणको प्रवृत्ति नेपालको सहरीकरणको प्रवृत्तिसँग तुलना गर्दा के के समानता वा भिन्नता पाउनुहुन्छ ? छोटकरीमा लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) विकसित देशहरूमा भन्दा कम विकसित देशहरूमा सहरीकरणको प्रवृति तीव्र हुनुका कारण उल्लेख गर्नुहोस् ।

(ख) सहर र सहरीकरणका बारेमा तपाईंको धारणा आफ्नै शब्दमा व्याख्या गर्नुहोस् ।

## पाठ २ नेपालमा सहरीकरणका मापदण्ड, विस्तार र प्रवृत्ति

### नेपालमा सहरीकरणका मापदण्ड

नेपालमा ग्रामीण क्षेत्रलाई गाउँपालिका र सहरी क्षेत्रलाई नगरपालिका गरी दुई स्थानीय निकायमा विभाजन गरेको छ । हाल विद्यमान ७५३ ओटा स्थानीय निकायहरूमध्ये ४६० गाउँपालिका छन् भने २९३ ओटा नगरपालिकाहरू छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यमान सहरीकरणका मापदण्डलाई संशोधन गरी निम्न प्रावधान राखेको छ :

१. नगरपालिका : नगरपालिका घोषणा हुनका लागि हिमाली जिल्लाको हिमाली भागमा कम्तीमा १०,०००, हिमाली जिल्लाको पहाडी भाग र पहाडी जिल्लामा ४०,०००, भित्री मधेसका जिल्लाहरूमा ५०,०००, तराईका जिल्लाहरूमा ७५००० र काठमाडौँ उपत्यकामा १,००,००० जनसङ्ख्या भएको, पछिल्लो पाँच वर्षको वार्षिक औसत आय हिमाली क्षेत्रमा एक करोड र अन्य क्षेत्रमा तीन करोड रुपियाँसहित अन्य सहरी सुविधा जस्तैः विद्युत्, स्वास्थ्य, शिक्षा, खानेपानी, सडक र सञ्चार आदि भएको हुनुपर्ने

२. उपमहानगरपालिका : निम्न मापदण्ड पूरा गरेका नगरपालिकाहरूलाई उपमहानगरपालिका घोषण गर्न सकिने प्रावधान यस ऐनले गरेको छ :

(क) कम्तीमा दुई लाख जनसङ्ख्या

(ख) पछिल्लो पाँच वर्षको वार्षिक औषत आय कम्तीमा पच्चिस करोड रुपियाँ

(ग) एक अस्पतालमा एक सय शैयासहितको कम्तीमा दुई सय शैयाको अस्पताल

(घ) फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्रणाली, सभाहल तथा विद्युत्, स्वास्थ्य, शिक्षा, खानेपानी, सडक र सञ्चार आदि जस्ता पूर्वाधारहरूसहित अन्य तोकिएबमोजिमको सहरी सुविधा आदि ।

३. महानगरपालिका : निम्न मापदण्ड पूरा गरेका उपमहानगरपालिकाहरूलाई महानगरपालिका घोषणा गर्न सकिने प्रावधान यस ऐनले गरेको छ :

(क) कम्तीमा पाँच लाख जनसङ्ख्या

(ख) पछिल्लो पाँच वर्षको वार्षिक औसत आय कम्तीमा एक अर्ब रुपियाँ

(ग) विशेषज्ञ सेवासहित एक अस्पतालमा एक सय शैया कम्तीमा एक साधारण अस्पतालसहितको कम्तीमा पाँच सय शैयाको अस्पताल

(घ) अन्तर्राष्ट्रिय स्तरको खेलकुद सञ्चालन गर्न उपयुक्त रङ्गशाला, अन्तर्राष्ट्रिय स्तरको होटल, व्यापारिक प्रदर्शनी स्थल र अन्तर्राष्ट्रिय विमानस्थलसँगको आवगमनमा पहुँच आदि लगायत अन्य सहरी सुविधाहरू

यसरी नगर घोषणाको विभिन्न मापदण्ड पूरा गरेका नगर बस्तीहरूलाई नेपालमा नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका गरी तीन समूहमा वर्गीकरण गरेको पाइन्छ । हाल नेपालको ७५३ ओटा स्थानीय तहमध्ये २९३ ओटा नगर बस्तीहरू छन् । तीमध्ये ६ ओटा महानगरपालिका, ११ ओटा उपमहानगरपालिका र २७६ ओटा नगरपालिका छन् ।

### नेपालमा सहरीकरणका प्रवृत्ति

नेपालमा सन् १९६१ मा दशओटा सहर भएकामा हाल त्यो सङ्ख्या बढेर २९३ पुगेको छ । तीमध्ये ६ महानगरपालिका, ११ उपमहानगरपालिका र २७६ नगरपालिका छन् । विगतमा सहरी क्षेत्रलाई प्रस्ट नगरिनुका साथै सहरी क्षेत्र घोषणाको मापदण्ड परिवर्तन भइरहेको हुनाले विभिन्न समयको सहरीकरणको प्रवृत्तिलाई तुलना गरी अध्ययन गर्न मिल्दैन । तापनि तलको तालिकाबाट हालसम्मको नेपालमा सहरीकरणको प्रवृत्तिलाई प्रस्तुत गर्न सकिन्छ :

| नेपालमा सहरीकरणको प्रवृत्ति (सन् १९५२/५४-२०२१ सम्म) | | |
|---|---|---|
| जनगणना वर्ष (सन्) | सहरी क्षेत्र सङ्ख्या | सहरी जनसङ्ख्या (प्रतिशतमा) |
| १९५२/५४ | १० | २.९ |
| १९६१ | १६ | ३.६ |
| १९७१ | १६ | ४ |
| १९८१ | २३ | ६.३ |
| १९९१ | ३३ | ९.२ |
| २००१ | ५८ | १३.९४ |
| २०११ | ५८ | १७ |
| २०२१ | २९३ | ६६.०८ |

*केन्द्रीय तथ्याङ्क विभाग, नेपाल*

## नेपालमा सहरीकरणको विस्तार

नेपालमा सहरीकरणको सुरुआत कहिलेबाट भयो भन्ने कुरा अस्पष्ट छ । यद्यपि नेपालमा सहरको सुरुआत काठमाडौँ उपत्यकाबाट भएको मानिन्छ । काठमाडौँ उपत्यका तिब्बतसँगको व्यापारिक मार्गमा रहेको थियो । काठमाडौँ उपत्यका बाहिर पहाडी क्षेत्रमा थुम, गढ, किल्ला, कोटहरू आदिले ठुलो रूप लिँदै व्यापारिक केन्द्रमा परिवर्तन हुँदै गए । यी केन्द्रहरू नेपाल एकीकरणपछि गौँडा तथा खलङ्गा जस्ता प्रशासनिक केन्द्रहरू हुँदै कालान्तरमा सहरमा परिवर्तन हुँदै गएको देखिन्छ । प्राचीन कालको किराँतको शासन कालमा नेपालमा केही मानिस सहरमा बसेको कुरा इतिहासमा पाइन्छ । लिच्छवि कालका सहरी बस्तीहरूको ऐतिहासिक प्रमाण पनि पाउन सकिन्छ । काठमाडौँ,

नुवाकोट, दोलखा, बनेपा, पनौती आदि क्षेत्रहरूमा सहरीकरण बढ्दै गएको इतिहासमा उल्लेख छ । त्यसै गरी मल्ल कालमा काठमाडौँ तिब्बत र भारतको इन्टरपोर्ट व्यापार क्षेत्रको रूपमा विकसित भएकाले समृद्ध सहरको रूपमा परिचित थियो । यसै समयमा बाइसी र चौबिसी राज्यहरूका राजधानीहरूलाई सहरका रूपमा विकसित गरिएको पाइन्छ तर यी राज्यहरू एकआपसमा युद्ध गरिरहने हुनाले ती सहरहरूमा आर्थिक वृद्धि भने हुन सकेको थिएन । तत्कालीन समयमा पोखरा, तानसेन, बन्दिपुर आदि जस्ता ठाउँ पहाडी सहरका रूपमा प्रसिद्ध थिए । त्यसै गरी विराटनगर, वीरगन्ज, नेपालगन्ज, जनकपुर तराईका सहर हुन् । तराईका यी सहरहरू भारतीय सामानको बजारीकरणसँगै विकसित भएका हुन् । तर यी कसैलाई पनि औपचारिक रूपमा सहर घोषणा गरिएको थिएन । त्यसै गरी औलो उन्मूलन भएपछि हिमाल, पहाडबाट तराईमा भएको बसाइँसराइले सहरीकरण प्रक्रिया तीव्र गतिले हुन थालेको देखिन्छ । पहाडबाट तराईमा बसाइँ सर्ने क्रमसँगै पूर्वी तराईबाट सहरीकरण प्रक्रिया सुरु भएको थियो ।

नेपालमा सन् १९५२/५४ को जनगणनामा पहिलो पटक सहरी र ग्रामीण क्षेत्रअनुसार तथ्याङ्क सङ्कलन गरिएको थियो । यस जनगणनामा सहरी क्षेत्रको कुनै औपचारिक परिभाषा गरिएको थिएन । बजार क्षेत्र, राजस्व र मालपोत उठ्ने बस्ती तथा सरकारले उपयुक्त लागेका ठाउँलाई सहरी क्षेत्र घोषणा गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यस वेला काठमाडौँ, भक्तपुर, ललितपुर, ठिमी, कीर्तिपुर, विराटनगर, वीरगन्ज, जनकपुर, मलङ्गवा र नेपालगन्ज दशओटा बस्तीलाई सहरी क्षेत्र घोषणा गरिएको थियो ।

सन १९६१ को जनगणनामा पहिलो पटक औपचारिक रूपमा सहरी क्षेत्रलाई परिभाषित गरिएको थियो । उक्त जनगणनाले विद्यालय, क्याम्पस, सरकारी कार्यालय, न्यायपालिका तथा बजारको सुविधा जस्ता पूर्वाधारहरूसहित कम्तीमा ५००० जनसङ्ख्या भएको बस्तीलाई सहरी क्षेत्र भनी परिभाषित गरेको थियो । त्यस जनगणनामा १६ बस्तीलाई सहरी क्षेत्र घोषणा गरी तथ्याङ्क सङ्कलन गरेको पाइन्छ । सन् १९६२ मा नगर पञ्चायत ऐन, २०१९ तर्जुमा गरी लागु गरियो । यसले अन्य कुनै पनि आधार नतोकी नगर वा सहर क्षेत्र घोषणा गर्न बस्तीमा कम्तीमा १०,००० जनसङ्ख्या हुनुपर्ने प्रावधान राखेको थियो ।

सन् १९७६ मा नगर पञ्चायत ऐनलाई पाँचौँ पटक संशोधन गरी नगर पञ्चायत हुनलाई नौ हजार जनसङ्ख्या हुनुपर्ने प्रावधान राखियो । जसअनुसार सन् १९८१ को जनगणनामा नेपालमा २३ ओटा नगर थिए । यस प्रावधानलाई प्रजातन्त्र पुनर्स्थापनपछिको नगरपालिका ऐन २०४७ ले कायमै राख्यो । त्यसपछि नगरपालिका ऐन २०४८ ले पहिलो पटक नेपालमा जनसङ्ख्याको आकार, आयस्रोत र अन्य सहरी सुविधाहरू जस्ता न्यूनतम आधारहरू तोकेर नगरपालिका वा नगर क्षेत्रलाई स्पष्ट र व्यवस्थित ढङ्गले परिभाषित गरेको पाइन्छ । यस ऐनअनुसार नगरपालिका हुनलाई कम्तीमा २०,००० जनसङ्ख्या, वार्षिक आय कम्तीमा १० लाख रुपियाँ र अन्य सहरी सुविधा जस्तैः विद्युत्, स्वास्थ्य, शिक्षा, खानेपानी, सडक र सञ्चार आदि जस्ता आधारभूत सुविधा हुनुपर्ने व्यवस्था गरेको थियो । यस ऐनले सहरी क्षेत्रलाई जनसङ्ख्याको आकार, राजस्व सङ्कलनको स्रोत र अन्य सहरी वातावरणका आधारमा नगर क्षेत्रलाई नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका गरी ३ भागमा वर्गीकरण गरेको थियो । नगर विस्तारकै क्रममा विभिन्न नीतिनियमका साथसाथै सहरी सुविधाको वृद्धि भइरहेको पाइन्छ ।

सहरी क्षेत्रको विस्तारसँगै विभिन्न प्रदेशमा सहरी क्षेत्रको वितरण फरक फरक छ । हाल नेपालको भौगोलिक प्रदेशअनुसारको सहरी क्षेत्रको वितरण यसप्रकार छ :

| भौगोलिक प्रदेश | जिल्ला सङ्ख्या | नगरपालिका सङ्ख्या प्रतिशतमा |
|---|---|---|
| हिमाली प्रदेश | २१ | ११.६ |
| पहाडी प्रदेश | ३१ | ३३.४ |
| भित्री मधेस | ७ | ९.९ |
| तराई प्रदेश | १८ | ५१.५ |

## सहरीकरणका अवसर र चुनौती

सहरीकरण आफैँमा नराम्रो कुरा होइन । यसले मानव समाजको चौतर्फी विकासमा नयाँ नयाँ अवसरहरू थपिदिन्छ । मानव समाजलाई परिष्कृत र सभ्य बनाउन सहयोग गर्छ । तर सहरीकरण प्रक्रियालाई व्यवस्थित तरिकाले अगाडि बढाउन सकिएन भने यसले मानव समाजमा विभिन्न प्रकारका चुनौती सिर्जना गरिदिन्छ । विश्वका धेरै जसो देशहरूमा सहरीकरण व्यवस्थित रूपले नगरिएको हुँदा त्यहाँका मानिसले विभिन्न खालका चुनौती सामना गर्नुपरेको छ । नेपालको सन्दर्भमा सहरी सङ्ख्याको वृद्धिसँगै सहरी जनसङ्ख्या बढ्दै छ । यसले सहरी क्षेत्रको विभिन्न सामाजिक, आर्थिक, सांस्कृतिक र वातावरणीय पक्षमा सकारात्मक तथा नकारात्मक प्रभाव परेको छ । त्यसैले सहरीकरण एक अवसर पनि हो र चुनौती पनि हो । सहरीकरणका केही अवसर र चुनौती निम्नानुसार छन् :

### सहरीकरणका अवसर

१. सहरी क्षेत्रमा बच्चा जन्माउने र हुर्काउने लागत बढी हुने हुनाले दम्पती कम बच्चा जन्माउने गर्छन् जसले गर्दा तीव्र जनसङ्ख्या वृद्धिदरमा नियन्त्रण हुन्छ ।

२. सहरीकरणको विकाससँगै नयाँ नयाँ उद्योग तथा कलकारखानाहरूको स्थापना हुने हुनाले रोजगारीका नयाँ नयाँ अवसरहरू सिर्जना हुन्छ ।

३. सहरीकरणको विकाससँगै शिक्षा, स्वास्थ्य, यातायात र सञ्चार जस्ता सुविधाको माग बढ्ने र उक्त मागहरू परिपूर्ति गर्दै जाँदा ती सुविधामा अभिवृद्धि हुँदै जान्छ ।

४. सहरी क्षेत्रमा मानव जीवनमा आवश्यक पर्ने धेरैजसो सुविधा उपलब्ध हुने हुनाले जीवनस्तरमा सुधार हुँदै जान्छ ।

५. विभिन्न प्रकारका वस्तुको उत्पादन तथा निर्यात गरी देशको आर्थिक विकासमा सहयोग गर्छ ।

६. भूमण्डलीकरण र सूचना प्रविधिको विकाससँगै सहरमा आर्थिक विकासको अवसर प्राप्त हुन्छ । यसले स्थानीय उत्पादन, ग्रामीण श्रम र सिपले सहरमा अवसर प्राप्त गर्छ ।

## सहरीकरणका चुनौती

१. सहरी क्षेत्रमा उपलब्ध सुविधाका कारणले मानिसको त्यस क्षेत्रतर्फ आकर्षित हुने हुनाले ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतिर बसाइँ सर्ने हुँदा सहरी क्षेत्रमा जनसङ्ख्याको चाप अत्यधिक रूपले
बढ्छ ।

२. सहरी क्षेत्रमा अनियन्त्रित तथा अव्यवस्थित तरिकाले जनसङ्ख्याको वृद्धि हुने हुँदा अति आवश्यक सेवा तथा सुविधाहरूको वितरणमा कठिनाइ हुन्छ ।

३. सहरी क्षेत्रमा जीवनशैली बढी खर्चिलो र बेरोजगारीको सङ्ख्यामा वृद्धि हुने हुनाले बेरोजगार मानिसहरू विकृतिजन्य क्रियाकलापमा लाग्ने हुँदा सामाजिक विकृतिहरू बढ्छ ।

४. अव्यवस्थित सहरीकरणले अव्यवस्थित औद्योगिकीकरण हुँने हुँदा वातावरणीय प्रदूषण बढ्छ ।

५. सहरीकरणले सहरी जनसङ्ख्याको तीव्र वृद्धि गराउने हुँदा शिक्षा, स्वास्थ्य, सडक, विद्युत्, खानेपानी आदिको व्यवस्थापन गर्न कठिन हुन्छ ।

६. सहरीकरणले विभिन्न ठाउँका मानिसहरू बसाइँ सरेर सहरमा आउने हुनाले विभिन्न स्वभावका मानिसहरू जम्मा हुने हुँदा शान्ति सुरक्षाका साथै सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा समस्या सिर्जना गर्छ ।

७. सहरमा मानिसहरू गैर कृषि व्यवसायमा आबद्ध हुन्छन् । मानिसका सिप, क्षमता, परम्परागत पेसामा निर्भरता आदिका कारणले मानिस अझै पनि कृषि क्षेत्रमा निर्भर देखिन्छन् । त्यसैले सहरीकरणसँगै रोजगारीका अवसर सीमित हुँदै जान्छन् ।

## क्रियाकलाप

१. हाम्रो देशमा सहरीकरणका अवसर र चुनौती के के हुन सक्छन् ? बुँदा टिपोट गर्नुहोस् ।

२. यदि तपाईँ कुनै नगरपालिकाको स्थायी बासिन्दा हुनुहुन्छ भने तपाईंको क्षेत्रमा सहरीकरणको विस्तार कसरी भयो ? छोटकरीमा लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) नेपालको तराईमा कुनै एक सहरी बस्ती नगरपालिका घोषित हुन पछिल्लो पाँच वर्षको वार्षिक औसत आय कति हुनुपर्छ ?

(ख) नेपालमा हाल कतिओटा नगरपालिका र उपमहानगरपालिका छन् ?

(ग) नेपालमा नगरको विकास कुन ठाउँबाट भएको मानिन्छ ?

(घ) हिमाली जिल्लामा कम नगरपालिका हुनुका कारण के हो ? एक वाक्यमा लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) तपाईंको नगरपालिकाको आन्तरिक आयका स्रोत के के हुन् ? विभिन्न स्रोतहरूको अध्ययन गरी सूची बनाउनुहोस् ।

(ख) के तपाईं नेपालमा सहरीकरणको प्रवृत्ति र विकाससँग सन्तुष्ट हुनुहुन्छ ? तर्कसहित उत्तर लेख्नुहोस् ।

(ग) कुनै एउटा उपमहानगरपालिकालाई महानगरपालिका घोषणा गर्न के के मापदण्ड पूरा गरेको हुनुपर्छ ? उल्लेख गर्नुहोस् ।

(घ) नेपालमा सहरीकरणका चुनौती के के छन् ? उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) तल तालिकामा नेपालमा प्रदेशअनुसार नगरपालिकाको वितरण दिइएको छ । उक्त तथ्याङ्कलाई वृत्तचित्रमा देखाउनुहोस् ।

| प्रदेशहरू | नगरपालिका सङ्ख्या प्रतिशतमा |
|---|---|
| १. कोसी प्रदेश | १६.७ प्रतिशत |
| २. मधेस प्रदेश | २६.३ प्रतिशत |
| ३. बाग्मती प्रदेश | १५.४ प्रतिशत |
| ४.गण्डकी प्रदेश | ९.२ प्रतिशत |
| ५.लुम्बिनी प्रदेश | १२.३ प्रतिशत |
| ६.कर्णाली प्रदेश | ८.५ प्रतिशत |
| ७.सुदूरपश्चिम प्रदेश | ११.६ प्रतिशत |

(ख) नेपालमा नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका घोषणा गर्न आवश्यक पर्ने मापदण्डको सूची बनाउनुहोस् ।

## परियोजना कार्य


तपाईंको गाउँपालिका वा नगरपालिका कार्यालयमा गई सबै वडाका जनसङ्ख्या र क्षेत्रफल पत्ता लगाउनुहोस् र त्यसको विश्लेषण गरी एक प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ३

# गाउँ सहर सम्बन्ध

गाउँ र सहर दुई भिन्न प्रकारका मानव बस्ती हुन् । यी दुई बस्ती भौतिक, सामाजिक जीवनशैली, आर्थिक गतिविधि आदिका आधारमा एक अर्काभन्दा फरक छन् । सामान्यतया ग्रामीण बस्तीमा थोरै जनसङ्ख्या हुने हुनाले यहाँका घरहरू एकअर्काभन्दा केही छुट्टिएर बनेका हुन्छन् । त्यसैले ग्रामीण बस्तीमा पातलो र छिरलिएर बनेका घरहरू हुन्छन् । यहाँ साँघुरा बाटाहरू हुन्छन् । सहरी बस्ती घना आवादी भएको ठुला मानव बस्ती हो । यहाँ धेरै जनसङ्ख्या बसोबास गर्ने हुनाले सघन बस्ती हुन्छ । संस्कृति र परम्पराप्रतिको विश्वास सहरको तुलनामा गाउँमा निकै बलियो हुन्छ । मानिसमा एकता, सामाजिक सद्भाव र सामूहिकताको भावना सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी हुन्छ । त्यसैले सहरी तथा ग्रामीण बस्तीका मानिस फरक सामाजिक र सांस्कृतिक जीवनशैली भएका हुन्छन् । ग्रामीण क्षेत्रका मानिस कृषि व्यवसायमा लागेका हुन्छन् भने सहरी क्षेत्रका मानिस गैरकृषि व्यवसायमा लागेका हुन्छन् । विभिन्न आधारमा गाउँ र सहरबिच धेरै कुराहरूमा विषमता पाइन्छ तर तिनीहरूबिचको सम्बन्ध भने निकै घनिष्ठ हुन्छ । यी दुई बस्ती एकअर्काका पूरक हुन् ।





गाउँ र सहरबिच हुने वस्तु, सेवा तथा सूचनाको आदानप्रदान र सामाजिक सम्बन्ध आदिको प्रवाहलाई गाउँ सहर सम्बन्ध भनिन्छ । गाउँ सहर सम्बन्ध ग्रामीण र सहरी क्षेत्रलाई जोड्ने एक स्थानिक अवधारणा हो । यो सम्बन्धले ग्रामीण र सहरी क्षेत्रको संरचनात्मक परिवर्तनमा मदत गर्छ । गाउँ सहर सम्बन्धले यी दुवै क्षेत्रको जनजीवन, आर्थिक क्रियाकलाप र अन्य सामाजिक संरचनालाई प्रभावित गर्छ । सहरी क्षेत्रले सडक यातायात, सञ्चार र व्यापारीहरूको सञ्जाल तयार गर्छ । विभिन्न सङ्घसंस्था र सञ्जालले गाउँ र सहरको सम्बन्धमा परस्पर सहयोग

गरिरहेका हुन्छन् । गाउँ सहरबिचको सम्बन्धले कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन र वितरणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । ग्रामीण क्षेत्रमा उत्पादन हुने कृषिजन्य वस्तुहरू जस्तैः तरकारी, दुध, फलफूल, काठ आदिको सहरी क्षेत्रमा खपत हुन्छ । यसले ग्रामीण क्षेत्रको उत्पादन प्रक्रियालाई प्रोत्साहन गर्छ । ग्रामीण क्षेत्रको रोजगारी र आय आर्जनमा सहयोग पुग्छ । गाउँ सहरको सम्बन्धले ग्रामीण क्षेत्रको वस्तु उत्पादन र बजारीकरणको माध्यमबाट सामाजिक आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

सहर र गाउँबिचको सामाजिक आर्थिक सम्बन्धलाई एकीकरण गर्ने हुनाले देशको सन्तुलित र दिगो विकासका लागि गाउँ सहर सम्बन्ध अपरिहार्य हुन्छ । यसले गाउँको विकासमा सहरको भूमिकालाई जोड दिन्छ ।

### गाउँ सहर सम्बन्धका आयाम

गाउँ र सहरबिचको सम्बन्ध स्थापित गर्न विभिन्न तत्त्वहरूले मदत गरेको हुन्छ । गाउँ सहरबिच सम्बन्ध स्थापना गराउन सहयोग गर्ने तत्त्वहरूलाई गाउँ सहर सम्बन्धका आयाम भनिन्छ । बजार केन्द्र, पृष्ठ प्रदेश र यातायात तथा सञ्चार प्रणाली गाउँ सहर सम्बन्धका मुख्य आयाम हुन् । यी आयामले गाउँ र सहरबिच आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध स्थापना गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

बजार केन्द्र : सामान्यतया ग्रामीण क्षेत्र वरपरका व्यापारिक, प्रशासनिक तथा सांस्कृतिक केन्द्रका रूपमा रहेको बजारलाई बजार केन्द्र भनिन्छ । बजार केन्द्रअन्तर्गत साना बजार केन्द्रदेखि ठुला सहरलाई समेत समावेश गर्न सकिन्छ । ग्रामीण क्षेत्रका मानिस सेवा तथा सुविधा लिन, आफ्ना कृषिजन्य उत्पादनको बिक्री वितरण गर्न तथा आवश्यक वस्तुहरू खरिद गर्न बजार केन्द्रमा जान्छन् । त्यसैले बजार केन्द्रले गाउँ सहर सम्बन्ध स्थापनामा सहयोग पुऱ्याउँछ ।

पृष्ठ प्रदेश : सहर केन्द्रभन्दा बाहिर रहेका बस्तीहरूलाई पृष्ठ प्रदेश भनिन्छ । यो गाउँ सहर सम्बन्धको अर्को महत्त्वपूर्ण आयाम हो । पृष्ठ प्रदेशले सहरलाई चाहिने खाद्यान्न, दुध, तरकारी, काठ, दाउरा, जडीबुटी, श्रमशक्तिलगायत विभिन्न कुरा उपलब्ध गराउँछ । सहरी बस्ती प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा यिनै पृष्ठ प्रदेशसँग निर्भर रहन्छ । त्यसैले पृष्ठ प्रदेश गाउँ सहरबिचको सम्बन्ध स्थापित गराउने एक महत्त्वपूर्ण आयाम हो ।

यातायात र सञ्चार प्रणाली : यातायात र सञ्चार प्रणालीले मानिसलाई आवतजावत गर्न, सामान ओसारपसार गर्न र मानिसबिच सम्बन्ध स्थापित गर्न सहयोग गर्छ । त्यसै गरी गाउँ र सहरबिच आवतजावत, व्यापार तथा सेवा प्रवाहमा यस प्रणालीको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले यातायात र सञ्चार प्रणाली गाउँ सहर सम्बन्धका महत्त्वपूर्ण आयाम हुन् ।

### गाउँ सहर सम्बन्धको महत्त्व

गाउँ सहर सम्बन्धले गाउँलाई केन्द्रमा राखेर सहरलाई हेर्ने गर्छ । यसले आर्थिक रूपान्तरण गरी गाउँको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । गाउँमा उत्पादित वस्तु सहरी क्षेत्रमा खपत गरिने हुनाले वस्तुको उत्पादनमा विविधीकरण हुन्छ । परम्परागत प्रविधिको प्रवर्धन, स्थानीय स्रोत र साधनको परिचालन गरिबी निवारणमा मदत पुग्छ । गाउँ सहर सम्बन्धले आय र रोजगारीमा

विविधीकरण सिर्जना गरी आय र रोजगारीको असमानतामा कमी ल्याउँछ । यसले स्थानीय विकासमा सहयोग पुऱ्याउँछ ।

### गाउँ सहर सम्बन्ध र जीविकोपार्जन शैली

जीविकोपार्जन मानिसले आफ्नो जीविका चलाउनका लागि गर्ने काम हो । त्यसै गरी शैली काम गराईको ढाँचा हो । तसर्थ जीविकोपार्जन शैली भनेको हरेक व्यक्तिले आफ्ना आवश्यकता परिपूर्ति गर्न गरिने काम गर्ने पद्धति हो । गाउँ सहर सम्बन्धले मानिसको जीविकोपार्जन शैलीमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । सेसिलिया टाकोलीका अनुसार मानिसको प्रवाह, सामानको आदानप्रदान, बजार केन्द्रको भूमिका र जीविकोपार्जनमा विविधीकरणले गाउँ सहरबिचको सम्बन्ध सिर्जना गराउँछ । सामान्यतया गाउँबाट मानिस विभिन्न उद्देश्यले सहरतिर बसाइँ सरेर जान्छन् । त्यहाँ काम गरेर गाउँमा बस्ने परिवारका सदस्यलाई पैसा पठाउँछन् । यसले गाउँमा बस्ने मानिसको जीवनशैलीमा परिवर्तन ल्याउँछ । बिस्तारै सहरको सुविधा गाउँतिर विस्तार हुँदै जान्छ । गाउँमा उत्पादित वस्तुहरू सहरमा लगेर बेच्ने र सहरका वस्तु गाउँमा ल्याएर प्रयोग हुनाले गाउँ र सहरबिच सामानको आदानप्रदान हुन्छ । बजारकेन्द्रले सहर र गाउँबिचको सम्बन्ध प्रगाढ गर्ने हुनाले गाउँका मानिसको जीवनशैलीमा परिवर्तन ल्याउन मदत गर्छ । गाउँ सहरको सम्बन्धका कारण गाउँको जीविकोपार्जनमा विविधीकरण ल्याउँछ । कृषिमा आधारित गाउँको जीविकोपार्जन शैलीमा विस्तारै विविधीकरण हुँदै जाँदा मानिस गैरकृषि व्यवसायमा आकर्षित हुन्छन् । मानिसले जीविकोपार्जनका लागि गर्ने विभिन्न पेसा व्यवसायमा पनि विविधीकरण हुन्छ ।

### क्रियाकलाप

१. तपाईंको क्षेत्रमा उत्पादित वस्तुहरू कहाँ कहाँ आपूर्ति र तपाईंको क्षेत्रमा वस्तुहरू कहाँ कहाँबाट आयात हुन्छ ? खोजी गरी बुँदा टिपोट गर्नुहोस् ।

२. "गाउँ सहर सम्बन्ध" भन्ने शीर्षकमा एक वक्तृता तयार पार्नुहोस् ।

### अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) गाउँ सहर सम्बन्ध भनेको के हो ?

(ख) सहरमा खपत हुने गाउँमा उत्पादित कुनै दुई वस्तु उल्लेख गर्नुहोस् ।

(ग) किन मानिस गाउँबाट सहरतिर बसाइँ सरेर जान्छन् ? कुनै दुई कारण उल्लेख गर्नुहोस् ।

(घ) पृष्ठ प्रदेश भनेको के हो ?

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) गाउँ सहरबिचको अन्तर सम्बन्ध पाँच बुँदामा वर्णन गर्नुहोस् ।

(ख) गाउँ सहर सम्बन्धले मानिसको जीविकोपार्जन शैलीमा कस्तो प्रभाव पार्छ ? आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

(ग) गाउँ सहर सम्बन्धका पाँचओटा महत्त्व आफ्नै शब्दमा वर्णन गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्न

(क) गाउँ र सहर सम्बन्धले जीविकोपाजर्नको विविधीकरणमा कस्तो असर पार्छ ? तपाईंको नजिकैको गाउँ र सहरका बिचको सम्बन्ध र त्यसले जीविकोपार्जनमा पारेको असरका आधारमा वर्णन गर्नुहोस् ।

(ख) गाउँ सहर सम्बन्धका विविध आयामहरू के के हुन् ? गाउँ सहर सम्बन्ध विस्तारमा तिनीहरूको प्रभाव वर्णन गर्नुहोस् ।

## पाठ ४ बसाइँसराइ



सामान्य बोलीचालीका भाषामा बसाइँसराइ भन्नाले कुनै व्यक्ति वा समुदाय एक ठाउँबाट अर्को ठाउँमा बसोबासका लागि जाने प्रक्रिया हो । मानिसको बसोबास परिवर्तन हुनु नै बसाइँसराइ हो । बसाइँसराइ कुनै एक जैविक घटना नभएर ठाउँ, समय र दुरीका आधारमा चलिरहने एक जनसाङ्ख्यिकी प्रक्रिया हो । पृथ्वीमा मानव जाति अस्तित्वमा आएपछि आफ्ना आवश्यकता परिपूर्तिका लागि एक ठाउँबाट अर्को ठाउँमा जाने नयाँ नयाँ बासस्थानको खोजी गरेर त्यहाँ वासस्थान सार्ने आदि जस्ता क्रियाकलापसँगसँगै बसाइँसराइ प्रक्रिया चलेको हो । बसाइँसराइको सम्बन्ध दक्ष र अदक्ष जनशक्तिसँग हुने हुनाले अर्थशास्त्रीहरूका लागि र सामाजिक समस्यासित सम्बन्धित रही जनसङ्ख्यामा परिवर्तन ल्याउने कारक तत्त्वका रूपमा समाजशास्त्रीहरूका लागि यो महत्त्वपूर्ण विषय हो ।

बसाइँसराइका सम्बन्धमा गरिएका केही परिभाषा यसप्रकार छन् :

१. "मानिसले प्राय: बसोबास गर्दै आएको स्थान स्थायी या अस्थायी रूपले परिवर्तन गरी एक प्रशासनिक वा भौगोलिक क्षेत्रबाट अर्को प्रशासनिक वा भौगोलिक क्षेत्रमा सर्नुलाई बसाइँसराइ भनिन्छ ।" - जनसङ्ख्याको पारिभाषिक शब्दकोश

२. जनसाङ्ख्यिकी दृष्टिकोणअनुसार, "एक निश्चित वासस्थानको परावर्तनमा सरिक भएका मानिसको भौगोलिक चाललाई बसाइँसराइ भनिन्छ ।"

३. "बसाइँसराइ एक भौगोलिक क्षेत्रबाट अर्को भौगोलिक क्षेत्रमा सर्ने प्रक्रिया हो । जसमा प्राय: जन्मेको ठाउँबाट वासस्थान सरेर लक्षित स्थानतर्फ गइन्छ ।"-संयुक्त राष्ट्र सङ्घको बहुभाषिक शब्दकोश

४. "व्यक्ति, परिवार वा समूहको एक ठाउँबाट अर्को ठाउँमा आवास स्थानान्तरणलाई बसाइँसराइ भनिन्छ, जुन पर्यटन वा अन्य छोटो अवधिका भ्रमणभन्दा फरक हुन्छ ।" मानव भूगोलको शब्दकोश

माथिका परिभाषाबाट यो प्रस्ट हुन्छ कि बसाइँसराइ आफू बसिरहेको क्षेत्रबाट अर्को क्षेत्रमा वासस्थान सार्ने प्रक्रिया हो । जसका लागि निश्चित समयावधि किटान हुनु जरुरी हुन्छ । तसर्थ बसाइँसराइलाई परिभाषित गर्नका लागि परिभाषित क्षेत्र र समयावधि किटान गर्ने कुरामा ध्यान दिनु आवश्यक हुन्छ । वि.सं. २०६८ को जनगणनामा बसाइँसराइ हुनका लागि कुनै व्यक्ति आफ्नो जन्म जिल्ला छोडेर कम्तीमा ६ महिना अर्को जिल्लामा बसोबास गरेको हुनुपर्छ भनी उल्लेख गरेको थियो ।

## बसाइँसराइसम्बन्धी मुख्य अवधारणा

१. बसाइँसराइको धार : कुनै एक निश्चित अवधिमा बसोबासका लागि एक भौगोलिक वा प्रशासनिक क्षेत्रबाट अर्को भौगोलिक वा प्रशासनिक क्षेत्रमा हुने प्रवाहलाई बसाइँसराइको धार भनिन्छ । नेपालको पहाडी क्षेत्रबाट तराईतर्फ बसाइँ सरेर जानु यसको उदाहरण हो ।

२. बसाइँसराइको अन्तराल : बसाइँसराइ एक निरन्तर चलिरहने प्रक्रिया भएकाले कुनै निश्चित समयमा विभाजन गरी तथ्याङ्क लिनुपर्छ । विशेष समयको अन्तरालमा हुने बसाइँसराइलाई बसाइँसराइको अन्तराल भनिन्छ ।

३. उत्पत्ति र गन्तव्यको स्थान : जुन ठाउँबाट बसाइँ सरेर अन्यत्र गइन्छ, त्यस ठाउँलाई उत्पत्तिको स्थान भनिन्छ । जुन ठाउँमा बसाइँ सरेर गइन्छ त्यस ठाउँलाई गन्तव्यको स्थान भनिन्छ । यदि पोखराबाट काठमाडौँ बसाइँ सरेर गइन्छ भने पोखरा उत्पत्तिको स्थान हो भने काठमाडौँ गन्तव्यको स्थान हो ।

४. बसाइँ सर्ने व्यक्ति : विभिन्न उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सरेर जाने व्यक्तिलाई बसाइँ सर्ने व्यक्ति भनिन्छ ।

## बसाइँसराइका कारण (Causes)

बसाइँसराइ एक जैविक घटना नभई जटिल जनसाङ्ख्यिकी प्रक्रिया भएकाले बसाइँसराइ यही कारणले नै हुन्छ भन्न सकिँदैन । सामान्यतया मानिस तुलनात्मक रूपमा कम विकसित र आफ्ना आधारभूत आवश्यकताहरू पूरा हुन नसक्ने ठाउँबाट विकसित र यी आकाङ्क्षा पूरा हुन सक्ने ठाउँतिर बसाइँ सर्छन् । यद्यपि मानिस बसाइँ सर्ने कारण थुप्रै छन् । यी कारणहरूलाई मुख्यतया निम्नलिखित दुई समूहमा विभाजन गर्न सकिन्छ :

(क) आकर्षणका कारण **(Pull Factors or causes of attraction):** बसाइँसराइको गन्तव्य स्थानमा सक्रिय हुने विभिन्न तत्त्वहरूले मानिसलाई आफू बसिरहेको ठाउँ छाडी आउन आकर्षण गर्छन् । तिनै तत्त्वहरू नै आकर्षणका कारणहरू हुन् । रोजगारीका अवसरहरू, शिक्षा तथा स्वास्थ्य सेवा तथा सुविधाहरू, यातायात तथा सञ्चारका सुविधाहरू, उब्जाउयुक्त कृषिभूमि, शान्ति सुरक्षाको व्यवस्था, मनोरञ्जनका साधनहरूको उपलब्धता, विभिन्न सरकारी निकायहरूको अवस्थिति, व्यापार व्यवसायको सम्भावना, औद्योगिक तथा सहरीकरणको विकास आदि आकर्षणका तत्त्वहरू हुन् ।

(ख) विकर्षणका कारण **(Push Factors or causes of attraction) :** बसाइँसराइको उद्गम स्थानमा सक्रिय हुने विभिन्न तत्त्वहरूले मानिसलाई आफू बसिरहेको ठाउँ छाडी बाहिर बसाइँ सरेर जान बाध्य गर्छन् । तिनै तत्त्वहरू नै विकर्षणका कारण हुन् । सामान्यतया माथि उल्लिखित आकर्षणका कारक तत्त्वहरूका अभाव नै विकर्षणका कारणहरू हुन् । मानिस आफू बसिरहेको स्थानमा कृषिभूमिको अभाव, जिउनका लागि आवश्यक पर्ने विभिन्न सेवा सुविधा जस्तै: शिक्षा, स्वास्थ्य, रोजगारी, यातायात, सञ्चार आदिको अभावका कारण बसाइँ सरेर अन्यत्रै जाने गर्छन् । यी सामाजिक तथा आर्थिक तत्त्वहरूबाहेक

प्राकृतिक प्रकोपका घटनाहरू जस्तै: बाढी पहिरो, ज्वालामुखी, भूकम्प आदिले पनि मानिसलाई बसाइँ सरेर जान बाध्य तुल्याउँछन् ।

सामान्यतया कुनै एउटा क्षेत्रमा आकर्षण वा विकर्षणका तत्वहरू मात्र क्रियाशील हुन्छ भन्ने हुँदैन । वास्तवमा एउटै ठाउँमा दुवै आकर्षण र विकर्षणका तत्वहरू क्रियाशील भइरहन्छन् । कोहीलाई त्यहाँका आकर्षक तत्वहरूले आकर्षण गरिरहेका हुन्छन् भने कोहीलाई सोही ठाउँको विकर्षण तत्वहरूले प्रभाव पारिरहेका हुन्छन् ।

## बसाइँसराइको वर्गीकरण

जनसाङ्ख्यिकी दृष्टिकोणका आधारमा बसाइँसराइलाई मुख्य रूपमा दुई भागमा वर्गीकरण गर्न सकिन्छ, जुन यसप्रकार छन् :

(क) आन्तरिक बसाइँसराइ (Internal Migration)

(ख) अन्तर्राष्ट्रिय बसाइँसराइ (International Migration)

(क) आन्तरिक बसाइँसराइ **(Internal Migration ) :** एउटै देशको सिमानाभित्र एक भौगोलिक वा प्रशासनिक क्षेत्रबाट तोकिएको समय वा सोभन्दा बढी अर्को भौगोलिक वा प्रशासनिक क्षेत्रमा गई बसोबास गर्ने जनसाङ्ख्यिकी प्रक्रियालाई आन्तरिक बसाइँसराइ (Internal Migration) भनिन्छ । यसमा बसाइँ सरेर आउने प्रक्रियालाई आप्रवासन (In-migration) र जाने प्रक्रियालाई प्रवासन (out-migration) भनिन्छ । कुनै पनि तथ्यको वर्गीकरण गर्दा कुनै न कुनै आधारमा गरिन्छ । विभिन्न आधारमा आन्तरिक बसाइँसराइलाई निम्नलिखित भागमा वर्गीकरण गर्न सकिन्छ :

(क) बसोबासका आधारमा : (गाउँबाट सहरतिर, गाउँबाट गाउँमा, सहरबाट गाउँमा, सहरबाट सहरमा)

(ख) समयावधिका आधारमा : (मौसमी, अस्थायी, अर्धस्थायी र स्थायी)

(ग) भौगोलिक क्षेत्रका आधारमा : (अन्तरप्रदेशीय र अन्त: प्रदेशीय )

(घ) जनसाङ्ख्यिकीका आधारमा : (जनचापबाट हुने, ग्रहणबाट हुने र विवाहबाट हुने )

(ख) अन्तर्राष्ट्रिय बसाइँसराइ **(International Migration ) :** कुनै एक देशको सिमाना पार गरेर अर्को देशतर्फ हुने बसाइँसराइलाई अन्तर्राष्ट्रिय बसाइँसराइ (International Migration) भनिन्छ । कुनै बाहिरको देशबाट बसाइँ सरेर आउने प्रक्रियालाई अप्रवासन वा अध्यागमन (Immigration) भनिन्छ । बाहिरी देशबाट बसाइँ सरेर आउने व्यक्तिलाई आप्रवासी वा अध्यागमनकारी (Immigrants) भनिन्छ । त्यसै गरी कुनै एक देशबाट अर्को देशमा बसाइँ सरेर जाने प्रक्रियालाई प्रवासन वा प्रत्यागमन (Emigratyion) भनिन्छ । देश बाहिर बसाइँ सरेर जाने व्यक्तिलाई प्रवासी वा प्रत्यागमनकारी (Emigrants) भनिन्छ ।

अन्तर्राष्ट्रिय बसाइँसराइलाई विभिन्न आधारमा निम्नलिखित भागमा वर्गीकरण गर्न सकिन्छ :

(क) समयावधिका आधारमा : (स्थायी र अस्थायी )

(ख) बसाइँसराइको प्रकृतिका आधारमा : (स्वैच्छिक र बाध्यात्मक)

(ग) वैधानिकताका आधारमा : (वैधानिक, अवैधानिक र शरणार्थी)

## बसाइँसराइका विशेषता (Characteristics of Migration)

बसाइँसराइ आफू बसिरहेको स्थान छोडेर अर्को स्थानमा वासस्थान सार्ने एक प्रक्रिया हो । यसका विशेषताहरू निम्नानुसार छन् :

१. बसाइँसराइ कुनै एक जैविक घटना नभएर ठाउँ, समय र दुरीका आधारमा चलिरहने एक जनसाङ्ख्यिकी प्रक्रिया हो ।

२. पृथ्वीमा मानव जाति अस्तित्वमा आएपछि बसाइँसराइ सुरु भएको र यो प्रक्रिया कहिलेसम्म चल्ला भन्ने अनुमान लगाउन नसक्ने हुनाले बसाइँसराइ प्रक्रियाको आदि र अन्त्य पहिल्याउन गाह्रो छ ।

३. बसाइँसराइ जनसङ्ख्याविद्लाई मात्र नभई अर्थशास्त्रीहरू र समाजशास्त्रीहरूका लागि पनि उत्तिकै महत्त्वपूर्ण विषय हो ।

४. बसाइँसराइ एक प्रशासनिक वा भौगोलिक क्षेत्रबाट अर्को प्रशासनिक वा भौगोलिक क्षेत्रमा तोकिएको निश्चित अवधिभन्दा बढी बसोबास गर्ने प्रक्रिया हो ।

५. बसाइँसराइ एक छनोटपूर्ण प्रक्रिया हो । यसमा उद्गम स्थानमा नकारात्मक र गन्तव्य स्थानमा सकारात्मक कुराहरू देखेर मानिस बसाइँ सर्ने गर्छन् ।

६. बसाइँसराइ उमेरअनुसारको छनौट प्रक्रिया पनि हो किनकि सामान्यतया युवा अवस्थाका मानिसहरू अन्य उमेर समूहका भन्दा बढी बसाइँ सरेको देखिन्छ ।

## क्रियाकलाप

१. निम्न लिखित आन्तरिक बसाइँसराइका वर्गीकरणका बारेमा आफूले जानेका कुराहरू लेख्नुहोस् ।

- बसोबासका आधारमा गरिएको वर्गीकरण
- समयावधिका आधारमा गरिएको वर्गीकरण
- भौगोलिक क्षेत्रका आधारमा गरिएको वर्गीकरण
- जनसाङ्ख्यिकीका आधारमा गरिएको वर्गीकरण

२. अन्तर्राष्ट्रिय बसाइँसराइका प्रकार उल्लेख गर्दै प्रत्येकको छोटो परिचय लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) बसाइँसराइ भनेको के हो ?

(ख) बसाइँसराइको धार भन्नाले के बुझिन्छ ?

(ग) बसाइँसराइले उद्गम स्थलको जनसङ्ख्यामा कस्तो असर पार्छ ?

(घ) स्वैच्छिक र बाध्यात्मक बसाइँसराइबिचको कुनै एक फरक लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) आन्तरिक तथा बाह्य बसाइँसराइबिचको फरक लेख्नुहोस् ।

(ख) आन्तरिक बसाइँसराइका बारेमा छोटकरीमा लेख्नुहोस् ।

(ग) बसाइँसराइका कारणहरू के के हुन् ? आफ्नै शब्दमा लेख्नुहोस् ।

(घ) अप्रवासन र प्रवासनबिचको फरक आफ्नै शब्दमा लेख्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) बसाइँसराइका विशेषता के के हुन् ? बुँदागत रूपमा लेख्नुहोस् ।

(ख) कस्तो बसाइँसराइलाई अन्तर्राष्ट्रिय बसाइँसराइ भनिन्छ ? विभिन्न आधारमा गरिएको वर्गीकरणअनुसार यसका प्रकारहरूको छोटकरीमा वर्णन गर्नुहोस् ।

## परियोजना कार्य

तपाईंको गाउँपालिका/नगरपालिकामा गएर पञ्जिकाधिकारीसँग भेट्नुहोस र गत एक वर्षभित्र बाहिर बसाइँ सरेर बाहिर गएका मानिसको तथ्याङ्क सङ्कलन गरी बसाइँसराइ गर्नाका कारणहरू के के थिए ? पत्ता लगाउनुहोस् । उक्त कार्यको एक छोटो प्रतिवेदन तयार पार्नुहोस् र सम्पर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।।

## पाठ ५ बसाइँसराइको प्रवृत्ति र प्रभाव

बसाइँसराइ एक जटिल जनसाङ्ख्यिकी प्रक्रिया हो । जन्मले जनसङ्ख्या बढाउँछ, मृत्युले घटाउँछ भने बसाइँसराइले बसाइँ सरी छाडेर गएको ठाउँमा जनसङ्ख्या घटाउँछ भने गन्तव्य स्थानको जनसङ्ख्या बढाउँछ । जन्म र मृत्युले जनसङ्ख्या परिवर्तनमा पार्ने असर पूर्वानुमान लगाउन सकिन्छ भने बसाइँसराइले पार्ने असर भने पूर्वानुमान लगाउन सकिँदैन किनकि बसाइँसराइलाई सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, जनसाङ्ख्यिकी, वातावरणीय तथा मनोवैज्ञानिक तत्त्वहरूको उपजका रूपमा लिइन्छ । हामी यस पाठमा बसाइँसराइको प्रवृत्ति र प्रभावका बारेमा छोटो चर्चा गर्छौं ।

### अन्तर्राष्ट्रिय बसाइँसराइको प्रवृत्ति

सामान्य अर्थमा अन्तर्राष्ट्रिय बसाइँसराइको प्रवृत्तिले विभिन्न देशहरूबिच कुन समयमा कहाँबाट कतातिर कुन सङ्ख्यामा बसाइँसराइ भएको छ भन्ने देखाउँछ । संयुक्त राष्ट्र सङ्घको अन्तर्राष्ट्रिय आप्रवासी प्रतिवेदन (२०२०) का अनुसार विश्वमा आप्रवासीको सङ्ख्या सन् २००० मा १७३ मिलियन थियो । यो सङ्ख्या सन् २०२० मा २७२ मिलियन पुगेको छ । अहिले भूमण्डलीकरण र सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनले विश्वमा तीव्र गतिमा बसाइँसराइ भइरहेको छ । यो कुरा तलको तालिकाले प्रस्ट पार्छ :

| अन्तर्राष्ट्रिय आप्रवासीको विवरण (सन् १९७० -२०१९) | | |
|---|---|---|
| साल (सन्) | आप्रवासीको सङ्ख्या | आप्रवासीको प्रतिशत |
| १९७० | ८४४६०१२५ | २.३ |
| १९८० | १०१९८३१४९ | २.३ |
| १९९० | १५३०११४७३ | २.९ |
| २००० | १७३५८८४४१ | २.८ |
| २०१० | २२०७८१९०९ | ३.२ |
| २०१९ | २७१६४२१०५ | ३. |

*स्रोत: बसाइँसराइका लागि अन्तर्राष्ट्रिय सङ्गठन, २०२०*

### नेपालमा बसाइँसराइको प्रवृत्ति

नेपालमा बसाइँसराइको प्रचलन धेरै पहिलेदेखि नै भएको कुरा इतिहासले देखाउँछ । धेरै पहिलेदेखि मानिस एक ठाउँबाट अर्को नयाँ ठाउँमा गएर बस्ती बसाल्ने र जीवन निर्वाह गर्ने कुरा हाल प्रचलनमा आएको वंशावलीको अध्ययनले पनि प्रस्ट पार्छ । तापनि नेपालमा बसाइँसराइका तथ्याङ्कहरू सन् १९६१ को जनगणनाबाट सङ्कलन गरेको पाइन्छ । नेपालमा जनगणनामा व्यक्ति जन्मेको ठाउँ र हाल बसोबास गरिरहेको ठाउँलाई आधार मानी तथ्याङ्क सङ्कलन गर्ने

चलन छ । यसले आफ्नो जन्म थलो छाडी अन्यत्र बसोबास गर्ने व्यक्तिलाई जीवनपर्यन्त बसाइँ सरुवा (Lifetime Migrants) का रूपमा लिने गर्छ । सन् १९६१ देखि २०११ सम्मको नेपालमा रहेको जीवनपर्यन्त बसाइँसराइको प्रवृत्तिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

| नेपालमा भौगोलिक क्षेत्रअनुसार खुद बसाइँसराइको प्रवृत्ति (१९७१-२०११) | | | | | |
|---|---|---|---|---|---|
| भौगोलिक क्षेत्र | १९७१ | १९८१ | १९९१ | २००१ | २०११ |
| हिमाल | -३९९५९ | -२६१४६७ | -१६१६५५ | -२५५१०३ | -३४९१३२ |
| पहाड | -३५९९६६ | -४२४७११ | -७५३९२३ | -८३०७५९ | -७२२४५६ |
| तराई | +३९९९२५ | +६८६१७८ | +९१५५७८ | +१०८५८६२ | +१०७१५८८ |
| *स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०१४* | | | | | |

| नेपालमा जीवनपर्यन्त बसाइँसराइको प्रवृत्ति १९६१-२०११ | | |
|---|---|---|
| जनगणना वर्ष (सन्) | जीवनपर्यन्त बसाइँ सरुवाको सङ्ख्या | वृद्धिदर |
| १९६१ | ४,२२,४०२ | - |
| १९७१ | ४,४५,१२८ | ३.९ |
| १९८१ | ९,२९,५८५ | ६.२ |
| १९९१ | १२,२८,३५६ | ६.६ |
| २००१ | १७,२७,३५० | ७.५ |
| २०११ | ३७,८८,०४९ | १४.३ |
| *स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०१४* | | |

माथिको तालिकहरूबाट यो प्रस्ट हुन्छ कि नेपालमा आन्तरिक बसाइँसराइको प्रवृत्ति दिन प्रतिदिन बढ्दो छ । सन् १९६१ मा जीवनपर्यन्त बसाइँ सरुवाको सङ्ख्या ४,२२,४०२ थियो भने त्यो सङ्ख्या बढेर सन् २०११ मा ३७,८८,०४९ पुगेको छ । त्यसै गरी नेपालमा भौगोलिक क्षेत्रअनुसार खुद बसाइँसराइको प्रवृत्तिलाई अध्ययन गर्दा हिमाल र पहाडबाट तराईतर्फ बसाइँ सर्नेको सङ्ख्या बढ्दो छ ।

## बसाइँसाइको प्रभाव

मानिस किन बसाइँ सर्छन् भन्ने कुरा विश्लेषण गर्न गाह्रो छ । यसको प्रभावको लेखाजोखा गर्न पनि गाह्रो हुन्छ । त्यसैले बसाइँसराइ एक जटिल जनसाङ्ख्यिकी प्रक्रिया मानिएको हो । बसाइँसराइ आफैँमा नराम्रो कुरा होइन । हाल बसाइँसराइका कारणले उद्गम र गन्तव्य स्थानमा मानिसले भोगिराखेका समस्याहरू अनियन्त्रित र अव्यवस्थित बसाइँसराइका कारणले सिर्जना गरेका हुन् । यसलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न सकेको खण्डमा यो राष्ट्रिय एकता र आर्थिक तथा सामाजिक विकासको एउटा प्रभावकारी माध्यम बन्न सक्छ । नयाँ अवसरको खोजी भई सामाजिक र आर्थिक उन्नति हुन सक्छ । बसाइँसराइको जनसाङ्ख्यिकीय, आर्थिक, सांस्कृतिक र सामाजिक प्रभावलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

### आर्थिक प्रभाव

बसाइँसराइको सबैभन्दा मुख्य आर्थिक प्रभाव विप्रेषणको प्रभाव हो । कुनै पनि देशका नागरिकले अन्य देशमा गएर कमाइ गरी पठाएको पैसालाई विप्रेषण भनिन्छ । नेपालको आर्थिक अवस्थालाई हेर्ने हो भने विदेशमा गएका नेपालीहरूले पठाएको विप्रेषणले यहाँको बजेटको ठुलो हिस्सा ओगटेको छ । नेपालबाट दिनहुँ धेरै मानिस वैदेशिक रोजगारमा जाने गरेको तथ्याङ्कहरूले देखाउँछ । त्यहाँबाट उनीहरूले पठाएको विप्रेषणले यहाँको आर्थिक उन्नयनमा महत्त्वपूर्ण योगदान रहेको छ । यसबाहेक बसाइँसराइको केही आर्थिक प्रभावहरू यसप्रकार छन् :

१. सामान्यतया काम गर्न सक्ने युवाशक्ति बसाइँ सरेर अन्यत्र जाने हुनाले उद्गम स्थलमा काम गर्ने जनशक्तिको कमी हुन्छ भने गन्तव्य स्थानमा जनशक्तिको चाप बढ्न गई बेरोजगारीको समस्या एउटा विकराल समस्याको रूपमा देखा पर्छ ।

२. उद्गम स्थानको स्रोत र साधनहरूको उचित प्रयोग हुन नसकी प्रयोगविहीन अवस्थामा रहन्छ । त्यसै गरी गन्तव्य स्थानमा अकस्मात् जनसङ्ख्याको वृद्धिका कारणले आवास, खानेपानी आदिको समस्या देखा पर्छ ।

३. कुनै कुनै अवस्थामा गन्तव्य स्थानबाट मानिस पुनः फर्केर उद्गम स्थानतिर नै जाने गर्छन् । यस्तो अवस्थामा नयाँ ठाउँबाट सिप र दक्षता पनि लिएर जाने हुनाले त्यहाँको विकास राम्रो सहयोग पुग्छ ।

४. कुनै ठाउँबाट अन्यत्र गएका मानिसले आफूले आर्जन गरेको सम्पत्ति उद्गम स्थानतर्फ पठाउने हुनाले उक्त क्षेत्रको विकासमा टेवा पुग्छ ।

५. बसाइँसराइले परम्परागत पेसामा परिष्कृत भई नयाँ प्रविधिको ज्ञान र उत्पादन प्रक्रियामा परिवर्तन आउँछ ।

### जनसाङ्ख्यिकीय प्रभाव

१. अधिकांश मानिस बसाइँ सरेर अन्यत्र जाने हुनाले उद्‌गम स्थानमा जनसङ्ख्याको चाप घट्छ भने गन्तव्य स्थानमा जनसङ्ख्याको चाप बढ्छ ।
२. बसाइँसराइका कारण उद्‌गम स्थानमा महिला, केटाकेटी र ज्येष्ठ नागरिकको सङ्ख्या बढी हुन्छ ।
३. ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा अस्थायी बसोबासमा जाने युवाहरू ढिलो विवाह गर्छन् यसले जनसङ्ख्या नियन्त्रणमा केही सकारात्मक प्रभाव पारेको छ ।
४. रोजगारीको खोजीका क्रममा अधिकांश पुरुषहरूको अस्थायी बसाइँसराइका हुने हुनाले लामो समयसम्म दम्पतीहरू अलग बस्ने हुनाले जन्मान्तर कम भई जनसङ्ख्या नियन्त्रणमा सहयोग पुग्छ ।

### सामाजिक प्रभाव

१. बसाइँसराइको गन्तव्य स्थानमा विभिन्न क्षेत्रबाट विभिन्न जात/जाति, भाषा/भाषी र धर्म मान्ने मानिस जम्मा हुने हुनाले सामाजिक विविधता देखा पर्छ ।

२. बसाइँसराइको गन्तव्य स्थानमा विभिन्न विचार भएका मानिसको जमघट भएको हुनाले चोरी, डकैती, लुटपाट, जुलुस, हड्‌ताल आदि जस्ता सामाजिक विकृति देखा पर्छन् ।

३. बसाइँसराइका कारण विभिन्न ठाउँका मानिस एउटै ठाउँमा बसोबास गर्ने हुनाले जातीय विभेद कम हुन्छ ।

४. बसाइँसराइले परिवारहरू छुट्‌टिएर बस्नुपर्ने बाध्यता सिर्जना गर्ने हुनाले संयुक्त परिवार विभिन्न एकल परिवारको संरचनामा परिवर्तन हुन्छ ।

### सांस्कृतिक प्रभाव

१. बसाइँसराइका कारण भाषिक, सांस्कृतिक र सामाजिक समायोजनमा समस्या आउँछ ।

२. विभिन्न सांस्कृतिक पहिचान भएका मानिस एकै ठाउँमा बसोबास हुने हुनाले सांस्कृतिक अन्तरघुलन हुन्छ ।

३. देशका नागरिकहरूमा विदेशी संस्कृतिको नक्कल गर्ने प्रवृत्तिको विकास हुन्छ ।

४. आफ्नो वास्तविक पहिचानसहितको संस्कृति लोप भएर जान सक्ने डर हुन्छ ।

### क्रियाकलाप

१. तपाईंको क्षेत्रमा विभिन्न क्षेत्रबाट बसाइँ सरेर आएका मानिस हुन सक्छन् । उहाँहरू अहिलेको ठाउँमा बसाइँ सरेर आउनुका कारण के के होलान् ? सोधेर पत्ता लगाई त्यसका कारणहरूको विश्लेषण गर्नुहोस् ।

२.	पाठमा नेपालमा जीवनपर्यन्त बसाइँसराइको प्रवृत्तिअन्तर्गत दिइएको तथ्याङ्कलाई विश्लेषण गरी एक अनुच्छेद लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क)	बसाइँसराइको प्रवृत्ति भनेको के हो ?

(ख)	विप्रेषणको आफ्नै शब्दमा परिभाषा लेख्नुहोस् ।

(ग)	सन् २००० र २०२० मा विश्वमा आप्रवासीको सङ्ख्यामा कति फरक पाइयो ?

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क)	"बसाइँसराइ एक जटिल जनसाङ्ख्यिकी प्रक्रिया हो ।" यस भनाइलाई आफ्नै शब्दमा पुष्टि गर्नुहोस् ।

(ख)	बसाइँसराइ आफैँमा किन नराम्रो कुरा होइन ? तर्कसहित पुष्टि गर्नुहोस् ।

(ग)	बसाइँसराइले उद्गम र गन्तव्य स्थानमा पार्ने कुनै पाँच प्रभाव उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क)	नेपालमा भौगोलिक क्षेत्रअनुसार खुद बसाइँसराइको प्रवृत्तिअन्तर्गत पाठमा दिइएको तथ्याङ्कलाई व्याख्या गर्नुहोस् ।

(ख)	तपाईँ बसेको क्षेत्रमा बसाइँसराइले ल्याएका समस्याहरू र समाधानका उपायहरूको सूची बनाउनुहोस् ।

(ग)	कुनै स्थानमा महिला, केटाकेटी र ज्येष्ठ नागरिकको मात्रै सङ्ख्या बढी हुँदा समाजमा पर्न सक्ने सामाजिक तथा आर्थिक समस्याहरू उल्लेख गर्दै एक निबन्ध लेख्नुहोस् ।

पाठ ६

# सुरक्षित एवम् मर्यादित आप्रवासन

आप्रवासन र प्रवासन बसाइँसराइमा प्रयोग हुने दुई महत्त्वपूर्ण शब्दावलीहरू हुन् । कुनै पनि देशमा अन्य मुलुकबाट मानिस आउने प्रक्रियालाई आप्रवासन भनिन्छ । त्यसै गरी आफ्नो देशबाट अर्को देशमा स्थानान्तरण भएर जाने प्रक्रियालाई प्रवासन भनिन्छ । गन्तव्य देशमा बसोबास गर्ने विभिन्न बाह्य देशहरूबाट आएका मानिस त्यहाँका आप्रवासीहरू हुन् । गन्तव्य देश अर्थात् विदेशमा बस्ने आप्रवासीहरूले भिन्न संस्कृति, नियम कानुन, सामाजिक व्यवहार आदिका कारण विभिन्न खालका समस्याहरू भोग्नुपर्ने हुन सक्छ । अन्जानमा विभिन्न प्रशासनिक झन्झट तथा कानुनी कारबाही जस्ता  समस्यामा पर्न सक्छ । विदेशमा त्यहाँको आप्रवासी भएर बस्दा सुरक्षित रहनु सुरक्षित आप्रवासन हो । सुरक्षित आप्रवासन अन्तर्गत आप्रवसानमा जोडिएका कानुनी पक्ष, मर्यादित काम, बस्ने व्यवस्था आदि पर्छन् । स्वास्थ्य, सूचना तथा सञ्चार सेवामा पहुँच बढाउनु पनि सुरक्षित आप्रवासनअन्तर्गत पर्छन् । सुरक्षित आप्रवासनले मुख्यतया आप्रवासी श्रमिकलाई सर्तअनुसारको सेवा र सुविधा पाउन र आप्रवासीहरूको अधिकारको संरक्षण गर्न सहयोग गर्छ ।

अहिले विकासोन्मुख मुलुकहरूबाट विभिन्न विकसित देशहरूमा रोजगारका लागि मानिस जाने क्रम बढी रहेको छ । गरिबी र बेरोजगारीको समस्याका कारण आफ्नो देश छाडी अन्य देशमा गएर काम गर्ने मानिसको सङ्ख्या हिजोआज बढ्दो छ । यस्ता बाध्यताका कारण केही नबुझी अन्य देशमा गएर काम गर्ने प्रवासीहरू गन्तव्य देशमा आप्रवासी जीवन बिताउने क्रममा विभिन्न समस्या भोग्दै आएका छन् । श्रमिकहरूको आप्रवासन र रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन श्रम स्वीकृति र समझदारीपत्रहरूको आवश्यकता पर्छ । नेपालले पनि ११० देशसँग वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको समझदारी पत्र पाएको छ ।

आप्रवासी कामदारहरूका लागि सुरक्षित आप्रवासन सुधार गर्न विश्वमा विभिन्न प्रयासहरू हुँदै आएको छ । यस क्षेत्रमा  विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले काम गर्दै आएको छ । यस्ता सङ्घसंस्थाहरूले सुरक्षित आप्रवासन सुधारका विभिन्न कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गर्दै आएका छन् । बसाइँसराइका लागि अन्तर्राष्ट्रिय सङ्गठन, बहुपक्षीय दातृ निकाय, नागरिक समाजहरू र विभिन्न परियोजनाहरूले आप्रवासी श्रमिकहरूले भोग्नुपरेको समस्याहरूका समाधानका लागि छलफल, बहस र पैरवी गर्दै आएका छन् । बसाइँसराइका लागि अन्तर्राष्ट्रिय सङ्गठनले सन् २०१३ देखि २०१५ सम्म आप्रवासी कामदार, तिनीहरूका परिवारको सूचनामा पहुँच र प्रवासी श्रमिकहरूका सुरक्षित आप्रवासन सुधार परियोजना सञ्चालन गरेको थियो । सन् २००० को मानव विकास प्रतिवेदनले पनि मजदुरहरूको आप्रवासनलाई वैधानिक बनाउँदा आप्रवासीको हितमा सकारात्मक योगदान पुग्ने कुरा उल्लेख गरेको छ । संयुक्त राष्ट्र सङ्घको महासभाले १९९० मा आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूका अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको थियो । विभिन्न सङ्घसंस्थाहरूले गरेका प्रयासहरूका कारण सुरक्षित एवम् मर्यादित आप्रवासनमा सुधार आए तापनि चुनौतीहरू अझै कायमै छन् । प्रवासमा रहँदा हुन सक्ने विभिन्न समस्याहरूबाट बच्न आप्रवासीहरूले सुरक्षित आप्रवासनका लागि निम्न कुराहरूमा ध्यान दिन जरुरी छ :

- गन्तव्य देशमा आप्रवासीका लागि बनाइएका नियम तथा आचारसंहिता (Code of Conduct) पूर्ण रूपले पालना गर्ने
- त्यहाँको नीतिनियम, भाषा, संस्कृति र चालचलनबारे जानकारी राख्ने र सोहीअनुरूप आफूलाई समायोजन गर्ने
- आफ्नो देशको राजदुतावास (Embassy) वा महावाणिज्य दूतको कार्यालय (Consulate) को सम्पर्क नम्बर राख्ने र अप्ठ्यारो परेमा तत्काल जानकारी सहयोग माग्ने
- आप्रवासीहरूसँग सम्बन्ध कायम गरी एकले अर्कालाई आपत्विपत्मा सहयोग गर्ने
- कुन देशमा कुन कामका लागि जाने हो सोहीअनुरूपको अल्पकालीन तथा दीर्घकालीन तालिमहरू लिने
- विभिन्न खालका श्रमिक तस्करहरूबाट बच्न कानुनी रूपमा वैध भएपछि मात्र गन्तव्य राष्ट्रमा जाने

### नेपालमा सुरक्षित आप्रवासन

नेपाल एक विकासोन्मुख देश हो । यहाँका केही मानिस विदेशमा गएर बस्दै आएका छन् । यसरी नेपालबाट अन्य देशमा जाने परम्परा धेरै अगाडिदेखि नै सुरु भएको हो । परिवारको आर्थिक र सामाजिक सांस्कृतिक समृद्धिको आशा लिएर दैनिक करिब १५००-२००० युवाहरू वैदेशिक रोजगारीमा जाने गरेका छन् । यसमध्ये अधिकांश अदक्ष श्रमिक रहेका छन् । विश्वमा नेपालीहरूको प्रवाहको अवस्था हेर्ने हो भने प्रवासी नेपालीहरूको सङ्ख्या बढ्दो छ । सन् १९५२/५४ को जनगणनाको तथ्याङ्कअनुसार १,९८,१३० सङ्ख्यामा नेपालीहरू बिदेशिएको देखिन्छ । त्यसै गरी सबैभन्दा बढी करिब ९१ प्रतिशत नेपालीहरू एसियन मुलुकहरूमा गएको देखिन्छ । नेपालीहरू अरेबियन राष्ट्रहरूलगायत जापान, मलेसिया, कोरिया आदि जस्ता एसियन राष्ट्रहरू जाने परम्परा पहिलेदेखि नै थियो । हिजोआज एसियाबाहेक अमेरिका, अफ्रिका, युरोप तथा अस्ट्रेलियामा नेपाली गएर बसोबास गरेको पाइन्छ । ती देशहरूमा नेपालीहरू व्यापार, निजी तथा संस्थागत रोजगारी, अध्ययन आदिका लागि जाने गरेको अध्ययनले देखाउँछ ।

वैदेशिक रोजगारविाट प्राप्त विप्रेषण राज्यको प्रमुख आम्दानीको स्रोत भएको छ । हिजोआज विभिन्न उद्देश्यका लागि विदेश जाने र सम्बन्धित देशको कानुनी प्रक्रिया पूरा गरी त्यहीँको नागरिकता लिने चलन पनि बढ्दो छ । १९ औँ शताब्दीको सुरुबाटै बिदेसिने चलन भए तापनि सुरुको अवस्थामा बिदेसिने व्यक्तिहरूको सङ्ख्या ज्यादै कम थियो । पछि गएर यो सङ्ख्यामा तीव्र वृद्धि भएको पाइन्छ । नेपालको जनगणनामा देशमा अनुपस्थित सङ्ख्या भनी गणना गर्न थालेदेखि प्रवासी नेपालीहरूको सङ्ख्याका बारेमा जानकारी प्राप्त हुन थालेको हो । नेपालबाट बिदेसिने मानिसको सङ्ख्या दिनहुँ बढ्दै गएको छ । उनीहरूले वैदेशिक रोजगारीमा जाने तयारीदेखि गन्तव्य देशसम्म थुप्रै जोखिमहरू झेल्नुपरेको छ । तीमध्ये केही जोखिमपूर्ण समस्याहरू यसप्रकार छन् :

१. रोजगारीको समयमा भिसाको प्रक्रियादेखि नै अधिक शोषण

२. रोजगारीमा जाने व्यक्तिको सुरक्षामा कमी

३. प्रवासी कामदारहरूको अधिकार र सम्मानित कामको ग्यारेन्टीको अभाव

४. वैदेशिक रोजगारमा जाने कैयौँ युवाहरू घरवारविहीन र बेपत्ता

५. भ्रामक, गैरपारदर्शी छनोट प्रक्रिया र अत्यधिक शुल्क

६. आप्रवासीहरू चर्को ब्याजदर, भेदभाव, नजरबन्द र बेचबिखन जस्ता समस्याबाट ग्रसित आदि ।

## नेपालमा सुरक्षित आप्रवासनका लागि गरिएका प्रयासहरू

नेपालमा सुरक्षित आप्रवासनका लागि विभिन्न प्रयास भएका छन् । जसमध्ये केही प्रयास यसप्रकार छन् :

१. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जितखसिप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्धन गर्नेतर्फ पनि जोड दिएको छ ।

२. नेपालमा श्रमलाई मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सिर्जना, रोजगारीका लागि सिपयुक्त जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्धन, बालश्रम निवारण आदिमा चासो दिँदै आएको छ ।

३. वैदेशिक रोजगार ऐन र नियमावलीले अन्तर्राष्ट्रिय श्रम मापदण्ड र मर्यादित श्रमको एजेन्डालाई प्रतिबिम्बित गर्ने विस्तृत, गैर भेदभावपूर्ण, समावेशी र पारदर्शी प्रावधानहरूको तर्जुमा रखकार्यान्वयन गर्ने अवसर प्रदान गर्ने प्रावधान राखेको छ ।

४. स्थानीय तहबाट सुरक्षित श्रम आप्रवासनका लागि सूचनाको प्रचारप्रसार, तथ्याङ्क सङ्कलन, सिपमूलक तालिम, वित्तीय साक्षरता र सामाजिक तथा आर्थिक पुनः एकीकरणका कार्यक्रमहरू गर्नुपर्ने प्रावधान राखेको छ ।

५. राष्ट्रिय रोजगार नीति २०७२, श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जस्ता प्रमुख नीति तथा कानुनको तर्जुमा गर्न सहकार्य गर्दै आएको छ ।

६. परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय, वैदेशिक रोजगार न्यायाधिकरण, वैदेशिक रोजगार बोर्डलगायतका निकायहरूले यो क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन धेरै प्रयत्न गरिरहेका छन् ।

## क्रियाकलाप

१. हिजोआज वैदेशिक रोजगारीमा जाने कैयौँ नेपाली युवाहरूको हत्या भएको छ । धेरै मानिस विदेशी भूमिमा लुटिएका छन् । उनीहरूले अन्जानमा विभिन्न झुठा मुद्दामा जेल सजाय भोग्नुपरेको छ । यस्तो अवस्थामा आप्रवासी नेपालीहरूको सुरक्षित आप्रवासनका लागि के गर्नुपर्ला ? आफ्नो विचार समेटी एउटा छोटो लेख लेख्नुहोस् ।

२.	तपाईंका छिमेकीहरू विभिन्न देशहरूमा काम गरेर बसेको हुन सक्छन् । उहाँहरू अहिले कुन कुन देशमा हुनुहुन्छ ? किन त्यस देशमा जानुपरेको हो ? यसको असर परिवारमा कस्तो परेको छ ? के भइदियो भने उहाँहरू देशमा फर्कनुहुन्छ ? आदि कुराहरूमा आधारित भई छोटो अनुच्छेद गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) आप्रवासन र प्रवासनबिचको फरक एक वाक्यमा लेख्नुहोस् ।

(ख) सुरक्षित आप्रवासन भनेको के हो ?

(ग) आप्रवासनसम्बन्धी काम गर्ने कुनै एक अन्तर्राष्ट्रिय संस्थाको नाम लेख्नुहोस् ।

सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) विश्वमा आप्रवासनको अवस्थाका बारे छोटकरीमा लेख्नुहोस् ।

(ख) विश्वमा सुरक्षित आप्रवासनका लागि भएका प्रयासहरू वर्णन गर्नुहोस् ।

(ग) नेपालको वैदेशिक रोजगारका कुनै पाँच समस्या उल्लेख गर्नुहोस् ।

(घ) मानौँ तपाईं तीव्र बसाइँसराइ हुने कुनै एक गाउँपालिकाको अध्यक्ष हुनुभएको भए आफ्नो गाउँपालिकाबाट बसाइँ सरेर बाहिरिने क्रम रोक्नका लागि के कस्ता रणनीति अवलम्बन गर्नुहुन्थ्यो ? उल्लेख गर्नुहोस् ।

लामो सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) आप्रवासीहरूले सुरक्षित आप्रवासनमा ध्यान दिनुपर्ने कुराहरू आफ्नै शब्दमा विश्लेषण गर्नुहोस् ।

(ख) नेपालमा सुरक्षित आप्रवासनका लागि भएका प्रयास आठ बुँदामा लेख्नुहोस् ।

### परियोजना कार्य

तपाईंको समुदायका मानिससँग विदेशमा नेपालीहरूको प्रवाहले पारेको सकारात्मक र नकारात्मक असर छलफल गर्नुहोस् । विभिन्न स्रोतहरूबाट नेपालबाट बाहिर जानेहरूको सङ्ख्यासम्बन्धी तथ्याङ्क अध्ययन गरी विश्लेषण गर्नुहोस् । तपाईंको अध्ययनबाट पत्ता लागेका कुराहरू समेटी एक प्रतिवेदन लेख्नुहोस् ।

प्रतिवेदन लेखनको ढाँचा

१. शीर्षक : (जस्तै: 'विदेशमा नेपालीको प्रवाहले पारेको असर २०८०)

२. परिचय : (सुरक्षित एवम् मर्यादित आप्रवासनका बारेमा पाठमा दिइएको विषयवस्तु अध्ययन गरी छोटो परिचय दिने, विदेशमा नेपालीहरूको प्रवाहले पारेको सकारात्मक र नकारात्मक असरहरू छन् भन्ने कुराको निश्कर्षसहित पृष्ठभूमि लेख्ने )

३. उद्देश्य : (अध्ययनको उद्देश्य लेख्ने )

*उदाहरण :* यस अध्ययनको मुख्य उद्देश्य विदेशमा नेपालीहरूको प्रवाहले पारेको सकारात्मक र नकारात्मक असरहरू पत्ता लगाउनु हो । यसका साधारण उद्देश्यहरू यसप्रकार छन् :

(क) विदेशमा नेपालीहरूको प्रवाहले पारेका सकारात्मक प्रभाव पत्ता लगाउनु

(ख) विदेशमा नेपालीहरूको प्रवाहले पारेको नकारात्मक असर पत्ता लगाउनु

(ग) नेपालबाट बाहिर जानेहरूको सङ्ख्या पत्ता लगाई विश्लेषण गर्ने

४. अध्ययन विधि : (प्रश्नावली निर्माण र प्रयोग, अन्तर्वार्ता, अवलोकन, स्रोत सामग्री अध्ययन आदि कुन कुन विधिहरू प्रयोग गरिएको हो उल्लेख गर्ने )

५. पत्ता लगाइएका कुराहरू : (उद्देश्यअनुरूप पत्ता लगाइएका कुराहरू लेख्ने, तथ्याङ्कहरू, तथ्याङ्क प्रस्तुतीकरणका लागि विभिन्न ग्राफ, चार्ट, चित्र आदि प्रयोग गर्ने र तथ्याङ्कहरू विश्लेषण गरी वर्णन गर्ने)

६. निष्कर्ष : पत्ता लगाइएका कुराहरूका आधारमा ध्यानाकर्षण गर्नैपर्ने महत्त्वपूर्ण कुरा उल्लेख गर्ने र आफ्नो सुझाव लेख्ने

एकाइ १०

# अर्थतन्त्र र विकास

सिकाइ उपलब्धि

१. नेपालको अर्थतन्त्र र वैदेशिक सम्बन्धका आयाम उल्लेख गरी छिमेकी देशहरूसँगको सम्बन्धका बारेमा विवेचना गर्न

२. नेपालको वैदेशिक व्यापार सन्तुलन र घाटाको अवस्था समीक्षा गर्न

३. क्षेत्रीय तथा वैश्विक सङ्गठनको परिचय दिई तिनको भूमिका व्याख्या गर्न

४. नेपालको वैदेशिक श्रमसम्बन्धी नीतिको सामान्य जानकारी लिन र तिनको कार्यान्वायनका चुनौती र समस्या समाधान गर्न

५. आर्थिक वृद्धि, मानव विकास तथा दिगो विकासको अवधारणा बताउन र नेपालको आर्थिक विकासमा यिनको चर्चा गर्न

६. गरिबी चक्रको अवधारणा बताउन र नेपालको सन्दर्भमा यसका कारण, प्रभाव एवम् सम्बोधनका उपायहरू बताउन

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका समसामयिक घटनाहरूको खोजी ,सङ्कलन र प्रभावको विश्लेषण गर्न

पाठ १

# नेपालको अर्थतन्त्र र विकास

## अर्थतन्त्रको परिचय

अर्थतन्त्र वा अर्थव्यवस्था भनेको मुलुकमा सञ्चालन हुने विभिन्न आर्थिक क्रियाकलापहरू उत्पादन, उपभोग, विनिमय, वितरण तथा सरकारी राजस्वको समष्टीगत रूप हो । अर्को शब्दमा, अर्थतन्त्र एक प्रणाली हो, जहाँ घरपरिवार, व्यावसायिक क्षेत्र, सरकारी क्षेत्र, अन्तर्राष्ट्रिय क्षेत्र एक अर्कोमा अन्तरक्रिया गर्न थाल्छन् । यसरी अर्थतन्त्र चलायमान हुन जान्छ । घरपरिवारले वस्तु तथा सेवाको उपभोग गर्नुको साथै श्रम तथा पुँजीको प्रयोग गरी उत्पादनमा प्रत्यक्ष सहयोग पुऱ्याउँछ । व्यावसायिक क्षेत्रले श्रम र पुँजीको प्रयोग गरी वस्तु तथा सेवाको उत्पादन गर्दछ । सरकारले घरपरिवार तथा व्यावसायिक क्षेत्रलाई आवश्यक पर्ने सार्वजनिक सेवा प्रवाह गर्दछ र अन्तर्राष्ट्रिय क्षेत्रले वस्तु तथा सेवाको आयात निर्यातका साथै सहयोग आदान प्रदानमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी अर्थतन्त्र भनेको यी सबै इकाइहरूको अन्तरक्रिया हो । अर्थतन्त्रमा सीमित साधनहरूको उचित वितरण र प्रयोगद्वारा मानवीय आवश्यकता पूरा गर्ने उद्देश्य लिइएको हुन्छ । त्यसकारण अर्थतन्त्रमा हुने विभिन्न आर्थिक गतिविधीहरूको समग्र स्वरूप नै अर्थव्यवस्था हो, जस्तैः हाम्रो देश नेपाल नेपाली अर्थतन्त्र हो र यहाँ विभिन्न आर्थिक क्रियाकलापहरू सञ्चालन भइरहेका छन् ।

## अर्थतन्त्रका प्रकार

विश्वका विभिन्न देशहरूले आफ्नो देशको आर्थिक विकास तथा नागरिकहरूको कल्याणका लागि आफू अनुकूलको आर्थिक प्रणालीको अवलम्बन गरेका हुन्छन् । वर्तमान समयमा पुँजीवादी, समाजवादी र मिश्रित गरी तीन प्रकारका आर्थिक प्रणाली रहेका छन् ।

### (क) पुँजीवादी अर्थव्यवस्था

पुँजीवादी अर्थव्यवस्था भनेको सरकारको हस्तक्षेप र नियन्त्रण नहुने, माग र पूर्तिको अन्तरक्रियाबाट मूल्य निर्धारण हुने तथा निजी क्षेत्रको प्रमुख भूमिका रहने स्वतन्त्र आर्थिक प्रणाली हो । यसलाई बजार अर्थव्यवस्था पनि भनिन्छ । यो अर्थव्यवस्था अमेरिका, बेलायत, क्यानडा तथा पश्चिमी युरोपका देशहरूले अँगालेका छन् । वस्तु तथा सेवा छनोटको सुविधा, आर्थिक स्वतन्त्रता, जनताको जीवनस्तरमा सुधार, आर्थिक दक्षता, स्रोत र साधनको उचित प्रयोग हुनु आदि पुँजीवादी अर्थव्यवस्थाका फाइदा हुन् । त्यस्तै आर्थिक असमानता, फजुल खर्चको प्रतिष्पर्धा, एकाधिकारीको जन्म, आर्थिक अस्थिरता आदि जस्ता बेफाइदा यस अर्थव्यवस्थामा रहेका छन् ।

### (ख) समाजवादी अर्थतन्त्र

समाजवादी अर्थव्यवस्था भनेको राज्यद्वारा पूर्ण रूपमा नियन्त्रित तथा निर्देशित, निजी क्षेत्रको कुनै भूमिका नहुने, सरकारले योजनाबद्ध रूपमा सम्पूर्ण आर्थिक समस्याको समाधान गर्ने आर्थिक प्रणाली हो । यसलाई केन्द्रीय वा योजनाबद्ध अर्थ व्यवस्था पनि भनिन्छ । यस प्रणालीको अभ्यास विश्वमा निरपेक्ष रूपमा नरहे पनि चीन, उत्तर कोरिया, क्युवा, भियतनाम जस्ता देशहरूले अँगालेका छन् । विकास निर्माणका कार्यमा सरकार पूर्ण

क्रियाशील रहने, ठुला ठुला परियोजना र पूर्वाधार निर्माण गर्न सहज हुने, आम जनताको जिम्मेवारी सरकारले नै लिने आदि जस्ता फाइदाहरू यस अर्थतन्त्रमा रहेका छन् भने सरकारप्रति जनताको निर्भरता बढेर जाने, सन्तुलित विकासमा कठिनाइ हुने, सरकारको स्वेच्छाचारीताको सम्भावना बढ्न सक्ने आदी जस्ता बेफाइदाहरू यस अर्थव्यवस्थामा रहेका छन ।

### (ग) मिश्रित अर्थव्यवस्था

मिश्रित अर्थव्यवस्था भनेको पुँजीवादी तथा समाजवादी दुईओटा आर्थिक प्रणालीबिचको समायोजन हो । पुँजीवादी र समाजवादी अर्थव्यवस्थाका राम्रा पक्ष र गुणलाई समावेश गरी बनाइएको आर्थिक प्रणालीलाई मिश्रित अर्थव्यवस्था भनिन्छ । यो अर्थव्यवस्था नेपाल भारतलगायतका अतिकम विकसित तथा विकासशील राष्ट्रहरूले अवलम्बन गरेका छन् । सरकार र निजी क्षेत्रको सहकार्य, सन्तुलित विकास, स्रोत र साधनको उचित प्रयोग आदि जस्ता फाइदा यस अर्थव्यवस्थामा रहेका छन् भने आर्थिक असमानता बढ्न सक्ने, अस्वस्थ प्रतिस्पर्धा हुन सक्ने, जिम्मेवारीमा दुविधाको सम्भावना हुन सक्ने आदि जस्ता बेफाइदा यस अर्थव्यवस्थामा रहेका छन् ।

## विकासको परिचय

विकास भनेको सकारात्मक परिवर्तन हो । अर्थात् पहिलेको अवस्थाबाट अझै सुधारिएको अवस्थातर्फ उन्मुख हुनु विकास हो । जुन पहिलेको अवस्था भन्दा उन्नत र समृद्ध हुन्छ । देशको आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक, सांस्कृतिक आदि क्षेत्रमा हुने सकारात्मक परिवर्तन नै विकास हो । देशको आर्थिक विकास सम्बन्धमा विभिन्न अर्थशास्त्रीहरूको फरक फरक मत रहेको पाइन्छ । हामीले समग्रमा देशको आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक, सांस्कृतिक आदि क्षेत्रमा हुने सकारात्मक परिवर्तन संगै उच्च मानविय कल्याण भएको स्थिति नै आर्थिक विकास मान्न सकिन्छ ।

## आर्थिक वृद्धि

आर्थिक वृद्धिले अर्थतन्त्रमा वस्तु तथा सेवाको उत्पादनमा हुने परिमाणात्मक वृद्धिलाई देखाउने भएकाले यो एउटा परिमाणात्मक अवधारणा हो । एक वर्षमा वस्तु तथा सेवाको उत्पादनमा आउने वृद्धिलाई आर्थिक वृद्धि भनिन्छ । आर्थिक वृद्धि आर्थिक विकासको पूर्वसर्त अर्थात समृद्धितर्फको यात्रा हो । यसलाई राष्ट्र विकसित भएको सुरुआती अवस्था पनि मानिन्छ । यो विकासको यस्तो साधन हो जुन वृद्धि मोडलमा आधारित हुन्छ । यसमा कुनै एक क्षेत्रको मात्र वृद्धि भएको हुन्छ, त्यसैले यसले अर्थतन्त्रको समग्रतालाई समेट्न सक्दैन । राष्ट्रको सबै क्षेत्रको वृद्धि राम्रो नभए तापनि आर्थिक वृद्धि दर उच्च हुन सक्छ । यसलाई व्यापक अर्थमा भन्दा कुल राष्ट्रिय आय, कुल उत्पादन, कुल रोजगार, कुल उपभोग, कुल बजार माग, कुल निर्यात, कुल बचत, कुल लगानी आदिको आकारमा वृद्धि भएको अवस्था नै आर्थिक वृद्धि हो । विकसित देशहरूले आर्थिक वृद्धि भन्ने गरेको पाइन्छ भने अति कम विकसित र विकासोन्मुख देशहरूले आर्थिक विकास भनेको पाइन्छ । किन यसरी फरक फरक आर्थिक अवस्थाका राष्ट्रहरूले फरक फरक नामकरण गरेको होला त ? एकछिन आर्थिक वृद्धि र आर्थिक विकासका बिचमा के फरक रहेछ चर्चा गरौँ है त ?

१. आर्थिक विकास प्रतिव्यक्ति आम्दानीमा आउने दीर्घकालीन परिवर्तन हो । अर्थतन्त्रका विभिन्न पक्षहरू जस्तै: राष्ट्रिय आम्दानी, प्रतिव्यक्ति आम्दानी र पुँजीगत सम्पत्तिमा हुने परिवर्तनलाई आर्थिक वृद्धि मान्न सकिन्छ । विकसित देशहरूमा आर्थिक विकास भइसकेको छ र त्यस विकासलाई वृद्धिको अवस्थातर्फ लैजानु उनीहरूको उद्देश्य हो भने अतिकम विकसित तथा विकासोन्मुख देशहरूमा आर्थिक विकास नै नभएकाले यी देशहरूको आर्थिक विकास गर्ने उद्देश्य हुन्छ ।

२. आर्थिक विकास गुणात्मक तथा परिमाणात्मक अवधारणा हो र जसले मानिसको जीवनस्तरको सुधारको सङ्केत गर्छ भने आर्थिक वृद्धि सङ्ख्यात्मक अवधारणा हो र यसले कुनै वस्तुको कति उत्पादन भयो भन्नेतर्फ सङ्केत गर्छ ।

३. आर्थिक वृद्धिमा आएको परिवर्तनको प्रभाव छोटो समयमै सजिलै मापन गर्न सकिन्छ तर आर्थिक विकासको प्रभाव मापन गर्न लामो समय लाग्छ र कठिन पनि हुन्छ ।

४. आर्थिक वृद्धि आर्थिक विकासको पूर्वसर्त तथा साधन हो भने आर्थिक विकास राष्ट्रको लक्ष्य र साध्य हो ।

५. आर्थिक वृद्धिको दायरा सीमित हुन्छ भने आर्थिक विकासको दायरा फराकिलो हुन्छ ।

### दिगो विकास

सन् १९८० को दशकदेखि वातावरणप्रति बढेको चासोले दिगो विकासको अवधारणालाई प्रकाशमा ल्याएको देखिन्छ । वातावरण तथा विकासमा विश्व आयोगले सन् १९८७ मा हाम्रो साझा भविष्य नामक प्रतिवेदनबाट दिगो विकासप्रतिको चासोलाई अगाडि बढाएको देखिन्छ । दिगो विकास भनेको भावी पुस्ताको आवश्यकतालाई मध्यनजर गर्दै वातावरण संरक्षण र पृथ्वीको बहन क्षमतालाई मध्यनजर गरेर लामो समयसम्म प्रतिफल दिन सक्ने गरी गरिने विकास हो । दिगो विकासलाई विकास, जनसङ्ख्या र वातावरणबिचको सन्तुलनको अवस्था पनि भनिन्छ । दिगो विकाससम्बन्धी मार्गचित्र (सन् २०१६ - २०३०) ले नेपाललाई सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना गरेको छ । सन् २०३० मा दिगो विकासका लक्ष्यहरू पूरा गर्ने अठोटका साथ विश्वव्यापी रूपमा १७ ओटा लक्ष्य, १६९ ओटा परिमाणात्मक लक्ष्य र २३२ लक्ष्य सूचक निर्धारण गरिएका छन् । नेपालको सन्दर्भमा स्रोत र साधनको अभाव रहेकाले लक्ष्यहरूलाई स्थानीयकरण गरी तलैदेखि काम सुरु गर्नुपर्ने अवस्था रहेको छ । राष्ट्रिय योजना आयोगले दिगो विकासका लागि वित्तीय स्रोतको आकलन र स्रोतको सम्भाव्य क्षेत्रको पहिचान गरिसकेको छ । दिगो विकासका लक्ष्यहरूको कार्यान्वायनलाई अझ प्रभावकारी बनाउन प्रधानमन्त्रीको संयोजकत्वमा ६ सदस्यीय उच्च स्तरीय निर्देशक समिति गठन गरिएको छ । दिगो विकासका केही आवश्यक सर्तहरू रहेका छन् । यसप्रति सबैको समान चासो र सरोकार रहनुपर्ने आजको मुख्य आवश्यकता रहेको छ ।

१. मानिसले आफूले निर्माण गरेका वातावरण प्रदुषण गर्ने कृत्रिम वस्तुको नियन्त्रण गर्नुपर्ने

२. प्राकृतिक तथा खनिज पदार्थको प्रयोग वायुमण्डलीय अवस्थामा असर नपर्ने गरी गर्ने

३. मानवीय आवश्यकता पूरा गर्ने बाहानामा पारिस्थितिक तथा पर्यावरणीय जीवन पद्धतिलाई क्षति पुऱ्याउन नहुने

४. विकास र वातावरणलाई परिपूरक सम्बन्धका आधारमा लिने

५. खतरनाक प्रविधि माथिको निर्भरतालाई हटाउनु पर्ने

६. प्रकृतिले नपचाउने उर्जाको प्रयोग घटाउने

७. प्रकृतिलाई नै नष्ट गरेर खाद्य सङ्कटको समाधान गर्न नपाइने

आर्थिक विकासका सुचकहरू

१. उच्च प्रतिव्यक्ति आय
२. उच्च राष्ट्रिय आय
३. उच्च जीवनको भौतिक गुण
४. उच्च मानव विकास सुचकाङ्क
५. आधारभूत आवश्यकताहरूको परिपूर्ति
६. गरिबी, बेराजगारी र असमानता कम भएको अवस्था
७. मानव कल्याणमा वृद्धि
८. सम्पदाको उचित प्रयोग तथा संरक्षण
९. वातावरणीय सन्तुलन
१०. मानव खुसी

दिगो विकासको अवधारणामा मुख्य तीन पक्ष/आयामलाई समेटिएको छ । ती आयामहरू हुन्, आर्थिक विकास, सामाजिक विकास र वातावरण संरक्षण

### दिगो विकासका तीन आयाम

| आर्थिक विकास | सामाजिक विकास | वातावरण संरक्षण |
|---|---|---|
| सम्पूर्ण क्षेत्रमा आर्थिक व्यवस्थापन गर्ने<br>गरिबी निवारणसँगै जोडेर आर्थिक विकास विकास गर्दै जाने<br>तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान र विकास गर्ने<br>दिगो रूपले उत्पादनमा वृद्धि गर्ने<br>स्रोत साधनको न्यायोचित वितरण गरी रोजगारी सिर्जना गर्ने | वितरणमा समन्यायिकता प्रदान गर्ने<br>आधारभूत सामाजिक सेवा सहज बनाउने<br>लैङ्गिक समता कायम गर्ने<br>राजनीतिक उत्तरदायित्व विकास गर्ने ।<br>सांस्कृतिक विविधता र सम्पदाको संरक्षण गर्ने । | प्राकृतिक साधनको दिगो व्यवस्थापन गर्ने<br>प्राकृतिक स्रोत साधनको उपयोगमा विवेकशीलता अवलम्बन गर्ने<br>विकास निर्माणका कार्यहरूले जल, स्थल, वायुमण्डल, सामाजिक सांस्कृतिक पर्यावरणका क्षेत्रलाई हानि नोक्सानी पुऱ्याउन नहुने |

दिगो विकासका १७ लक्ष्यहरू, १६९ परिमाणत्मक लक्ष्य र २३२ ओटा सूचकहरू निर्धारण गरी सन् २०16 देखि कार्यान्वायनमा आएको छ । दिगो विकासका १७ लक्ष्यहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

१. सबै ठाउँबाट सबै किसिमका गरिबीको अन्त्य गर्ने

२. भोकमरीको अन्त्य गर्ने

३. सबैलाई स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने

४. सबैलाई समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने

५. लैङ्गिक समानता हासिल गर्ने

६. सबैका लागि स्वच्छ पानीको सुनिश्चिता गर्ने

७. उर्जामा पहुँचको सुनिश्चितता गर्ने

८. दिगो आर्थिक वृद्धि, रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने

९. पूर्वाधार तथा दिगो औद्योगीकरणको प्रवर्धन गर्ने

१०. मुलुकभित्र तथा मुलुकहरूबिचको असमानता हटाउने

११. मानव बसोबासलाई समावेशी, सुरक्षित र दिगो बनाउने

१२. उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

१३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने

१४. महासागर, समुद्र र समुद्री स्रोतको दिगो प्रयोग तथा संरक्षण गर्ने

१५. पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयागको प्रवर्धन गर्ने

१६. जवाफदेही, न्याय तथा शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने

१७. विश्वव्यापी साझेदारी सशक्त बनाउने रहेका छन्

### नेपालको अर्थतन्त्र

नेपालले मिश्रित आर्थिक प्रणालीलाई अङ्गीकार गरेको छ । नेपालको अर्थव्यवस्थामा सरकार र निजी क्षेत्र दुवैको समान सहभागिता रहेको छ । शिक्षा, स्वास्थ्य, रोजगारीलगायत विभिन्न सेवा क्षेत्रमा निजी र सरकारी दुवैको सहभागितामा अर्थतन्त्र चलेको छ । नेपालको अर्थव्यवस्थाका प्रमुख आधार कृषि, उद्योग, व्यापार, पर्यटन, वैदेशिक रोजगार आदि रहेका छन् । नेपालको आर्थिक प्रणालीलाई योगदान दिने क्षेत्रहरूलाई प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र र तृतीय क्षेत्र गरी विभाजन गरिएको छ । प्राथमिक क्षेत्र कृषि उत्पादनसँग सम्बन्धित आर्थिक गतिविधीहरू, द्वितीय क्षेत्र औद्योगिक उत्पादनसँग सम्बन्धित आर्थिक गतिविधीहरू र तृतीय क्षेत्र सेवा प्रवाहसँग सम्बन्धित आर्थिक गतिविधि पर्दछन् । नेपालको अर्थतन्त्रको अवस्थालाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

१. आर्थिक वर्ष २०७८/७९ अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि (प्राथमिक क्षेत्र) क्षेत्रको योगदान २३.९ प्रतिशत रहेको छ भने उद्योग (द्वितीय क्षेत्र) १४.३ प्रतिशत र सेवा (तृतीय क्षेत्र) ६१.८ प्रतिशत रहेको छ । उक्त तथ्याङ्कअनुसार कुल गार्हस्थ उत्पादनमा पछिल्लो समयमा कृषि क्षेत्रभन्दा पनि सेवा क्षेत्रको योगदान बढेको पाइन्छ ।

२. आर्थिक सर्वेक्षण २०७७/०७८ अनुसार कुल गार्हस्थ उत्पादन ४२ खर्ब ६६ अर्ब ३२ करोड रहेको छ । जसमा बाग्मती प्रदेशबाट सबैभन्दा धेरै ३७.७५ प्रतिशत र कर्णाली प्रदेशबाट सबैभन्दा कम ४ प्रतिशत योगदान रहेको छ । नेपालमा कुल गार्हस्थ उत्पादनको आकार बढाउनका लागि गाउँ गाउँबाट उत्पादनमुखी र निर्यातमुखी वस्तु उत्पादनमा जोड दिनुपर्ने देखिन्छ ।

३. आर्थिक वर्ष २०७८/०७९ को चार महिनामा मा कुल वस्तु निर्यात १०४.३ प्रतिशतले वृद्धि भई करिब रु. ८२ अर्ब १२ करोड पुगेको छ । आयातमा भने ६१.६ प्रतिशतले वृद्धि भई व्यापार घाटा ५६.८ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

४. आर्थिक वर्ष २०७८/०७९ मा विप्रेषणको दर पहिलेभन्दा कमी आएको देखिएको छ । जुन ७.५ प्रतिशतले घटेर ३ सय १२ अर्ब ४२ करोड कायम भएको देखिन्छ ।

*स्रोत : अध्ययन प्रतिवेदन, नेपाल राष्ट्र बैङ्क २०७८/०७९*

समग्रमा नेपालको अर्थतन्त्रको अवस्था विश्लेषण गर्दा नेपालमा उच्च गरिबी, कृषिमा उच्च निर्भरता, न्यून प्रतिव्यक्ति आम्दानी, प्राकृतिक सम्पदाको न्यून उपयोग, उच्च बेरोजगारी, उच्च आय असमानता, उच्च व्यापार घाटा, न्यून मानव विकास सूचकाङ्क जस्ता समस्या रहेका देखिन्छन् ।

नेपालमा अहिले पनि गरिबीको रेखामुनिको जनसङ्ख्या १८.७ प्रतिशत र बहुआयामिक गरिबी २८.६ प्रतिशत रहेको छ । त्यस्तै प्रति व्यक्ति आम्दानी ११९६.४ रहेको छ । जुन अवस्थालाई अत्यन्त न्यून भन्न सकिन्छ । पन्ध्रौं पञ्चवर्षीय योजनाले करिब ६६.४ प्रतिशत जनसङ्ख्या कृषिमा आबद्ध रहेको देखाएको छ । जसबाट कृषिमा उच्च निर्भरताको अवस्था छर्लङ्ग देख्न सकिन्छ । त्यस्तै हाल नेपालको कुल जनसङ्ख्याको करिब २३ प्रतिशत जनसङ्ख्या आंशिक तथा पूर्ण बेरोजगार रहेको अनुमान गरिएको छ । नेपाल सरकारले पन्ध्रौं पञ्चवर्षीय योजनाको अन्त्यसम्ममा बेरोजगारी दरलाई पहिलेको अवस्थाबाट ११.४ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । सन् २०२२ को संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (यु.एन.डि.पी.) को तथ्याङ्क अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०२ रहेको छ । विश्वका १८९ देशमा नेपाल १४३ औं स्थानमा पर्छ ।

## क्रियाकलाप

१. नेपालको अर्थतन्त्रको बारेमा अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np नेपाल राष्ट्रबैङ्कको वेबसाइट www.nrb.org.np र केन्द्रीय तथ्याङ्क विभागको वेबसाइट www.cbs.gov.np मा लगइन गरी थप जानकारी लिनुहोस् ।

२. नेपालको वर्तमान अर्थतन्त्रको अवस्थामा सुधारका लागि के के गर्न सकिन्छ ? समाजमा जानकार व्यक्तिहरूसँग सोधखोज गरेर अथवा विभिन्न स्रोत सामग्रीको अध्ययन गरी सूची बनाउनुहोस् ।

३. नेपालका लागि दिगो विकासका यी १७ ओटा लक्ष्यहरू कतिको उपयेगी छन् ? यी लक्ष्यहरू हासिल गर्नका लागि नेपालले कस्तो रणनीति अवलम्बन गर्नुपर्ला आफ्ना विचार लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) अर्थतन्त्र भनेको के हो ?

(ख) अर्थव्यवस्था कति प्रकारका हुन्छन् र ती के के हुन् ?

(ग) नेपालले कस्तो अर्थव्यवस्था अवलम्बन गरेको छ ?

(घ) आर्थिक विकास भनेको के हो ? कुनै दुई सूचकहरूको नाम लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) अर्थव्यवस्था कति प्रकारका हुन्छन् ? तिनीहरूको व्याख्या गर्नुहोस् ।

(ख) आर्थिक वृद्धि र आर्थिक विकासमा फरक छुट्याउनुहोस् ।

(ग) नेपालको अर्थतन्त्रको विकासमा देखिएका समस्याको सूची बनाउनुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) आर्थिक विकासका सूचकहरूको नेपालको अर्थतन्त्रको अवस्थासँग जोड्दै व्याख्या गर्नुहोस् ।

# पाठ २ नेपालको विदेश नीति र नेपाल भारत तथा नेपाल चीन सम्बन्ध

एक देशको अन्य देशहरूसँग रहेको कुटनीतिक, राजनीतिक, आर्थिक र सामाजिक सम्बन्धलाई नै अन्तर्राष्ट्रिय सम्बन्ध भनिन्छ । नेपालले प्राचीनकालदेखि नै छिमेकी मुलुकहरूसँग सम्बन्ध राख्दै आएको थियो । सन् २०२२ भाद, ११ सम्म नेपालले १७३ ओटा देशसँग कुटनीतिक सम्बन्ध कायम गरेको छ र १७३ औं देश एसियाको पूर्वी टिमुर हो । एक मुलुकले अर्को मुलुकसँग राख्ने सम्बन्धलाई व्यवस्थित र मर्यादित बनाउनका लागि हरेक देशले आफ्नो देशको विदेश नीति तय गरेका हुन्छन । जसलाई परराष्ट्र नीति पनि भनिन्छ र नेपालले स्वतन्त्र परराष्ट्र नीति लिएको छ । नेपालको परराष्ट्र नीतिको मूल उद्देश्य विश्वशान्ति, सद्भाव र सुरक्षामा योगदान दिनु हो । यसरी नेपालले संसारका सबै देशसँग पहिलेदेखि नै भातृत्व, सौहार्द तथा सहअस्तित्वका आधारमा कूटनीतिक सम्बन्ध कायम राख्दै आएको छ ।

नेपाल भूगोल र जनसङ्ख्याको दृष्टिकोणले सानो भए तापनि आफ्नो मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई ध्यान दिँदै आएको छ । त्यस्तै देशको सामाजिक आर्थिक विकास गर्न द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सम्बन्धलाई प्रवर्धन गर्न विश्वका सबै देशहरूसँग सन्तुलित सम्बन्ध कायम गरेको छ र विशेष गरी छिमेकीहरूसँग मित्रवत् सम्बन्धलाई अझै प्रगाढ बनाउने लक्ष्य लिएको छ । सार्वभौम समानता, पारस्परिक सम्मान, विश्वास, सद्भाव र समझदारीका आधारमा संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तर्राष्ट्रिय संस्थाका बिचमा सक्रियताका साथ व्यवहार गर्दै आएको छ र विश्वमा शान्ति, सुरक्षा तथा विकासको प्रवर्धन र विस्तारका लागि अर्थपूर्ण र सकारात्मक भूमिका निर्वाह गर्ने नीति समेत लिएको छ । नेपालको संविधानको धारा ५१ को उपधारा 'ङ' मा नेपालको विदेश नीतिका बारे निम्नलिखित दुई कुरा उल्लेख गरिएको छ :

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने

(ख) विगतमा भएका सन्धिहरूको पुनरवलोकन गर्दै समानता र पारस्परिक हितका आधारमा सन्धि सम्झौताहरू गर्ने

त्यसैगरी धारा ५० मा राज्यको निर्देशक सिद्धान्तको उपधारा (४) मा: "नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने छ ।" संविधानमा उल्लिखित यी विषयवस्तुका आधारमा नेपाल सरकारले तय गरेका विदेश नीतिहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

१. सबैको सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान गर्ने

२. कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने

३. समानता र पारस्परिक हितका आधारमा नयाँ सन्धि सम्झौताहरू गर्ने

४. पारस्परिक समानताको सम्मान गर्ने

५. विवादको शान्तिपूर्ण निरुपण गर्ने

६. पारस्परिक लाभका आधारमा व्यवहार गर्ने

७. संयुक्त राष्ट्रसङ्घको बडापत्रप्रति प्रतिबद्ध हुने

८. पञ्चशीलको सिद्धान्तका आधारमा व्यवहार गर्ने

९. विश्वशान्तिको मान्यतालाई अङ्गीकार गर्ने

१०. विगतका सन्धिहरूको पुनरवलोकन गर्दै जाने

## नेपाल भारत सम्बन्ध



नेपाल र भारतका बिचको सम्बन्ध प्राचीन कालदेखि नै थियो भन्ने प्रमाणहरू पौराणिक कथाहरू, कौटिल्यको अर्थशास्त्र, लिच्छविकालीन इतिहास आदिबाट पाउन सकिन्छ । परम्परागत सम्बन्ध प्राचीन कालदेखि नै

भएता पनि कूटनीतिक सम्बन्धको औपचारिक सुरुआत सार्वभौम समानता, पारस्परिक सम्मान, आपसी विश्वास र समझदारीसहित सन् १९४७ मा भएको हो । यी दुवै मुलुकको रहनसहन, भाषाशैली, जीवनशैली, कला, सङ्गीत, पहिरन, भोजन आदिका बिचमा समानता छ । नेपालको पूर्वी, दक्षिणी र पश्चिमी सीमाना भारतसँग जोडिएको छ । दुवै मुलुकबिच खुला सीमाना भएका कारण नागरिकहरू एकअर्काको मुलुकमा स्वतन्त्रपूर्वक आवत जावत गर्न पाउने सुविधा रहेको छ । हामी भारतसंग भौगोलिक, सामाजिक सांस्कृतिक, राजनीतिक एवम् आर्थिक रूपले अत्यन्त घनिष्ट छौं । नेपाल र भारतबिचको सम्बन्धलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरेर अध्ययन गर्दा अझ प्रस्ट रूपमा बुझ्न सकिन्छ ।

### (क) सामाजिक सांस्कृतिक धार्मिक सम्बन्ध

नेपाली हिन्दु तीर्थयात्रीहरू भारतको चार धामको यात्रामा जाने गर्दछन् भने भारतीय हिन्दु तीर्थयात्रीहरू पशुपतिनाथ, स्वर्गद्वारी, मुक्तिनाथ आदि धार्मिक क्षेत्रमा तीर्थयात्रा गर्न आउने गर्छन् । नेपाली र हिन्दी भाषा एकै संस्कृत मूलबाट आएकाले यी दुई देशको भूमिलाई सांस्कृतिक एकीकृत भूमिका रूपमा पनि लिने गरिन्छ । नेपाल र भारतका कतिपय संस्कृतिहरू पनि मिल्दा जुल्दा रहेका छन् । नेपाल र भारतको केही महत्त्वपूर्ण क्षेत्रलाई

सिस्टर सिटी पनि घोषणा गरिएको छ । जस्तैः काठमाडौं र बनारस, जनकपुर र अयोध्या, लुम्बिनी र बोधगया । अहिले पनि दुई देशका सीमाक्षेत्रमा बसोबास गर्ने नागरिक एकआपसमा विवाह गर्ने प्रचलन छ । यसले गर्दा पनि यी दुई देशहरूका बिचमा सामाजिक सम्बन्ध धेरै प्रगाढ बनाएको देखिन्छ ।

### (ख) राजनीतिक सम्बन्ध

राजनीतिक रूपमा नेपालले भारतसँग सधैँ स्वतन्त्र तथा सार्वभौम सम्पन्न देशको हैसियतबाट सम्बन्ध राख्दै आएको छ । समय समयमा भारतको उच्च राजनीतिक नेतृत्व नेपाल आउने गर्छन् । त्यसैगरी नेपालको राजनीतिक नेतृत्वबाट पनि समय समयमा भारतको भ्रमण गर्ने गरेको देखिन्छ । नेपालमा भारतका संवेदनशील सुरक्षा सरोकारहरूप्रति नेपाल सरकारले निरन्तर तथा प्रमाणित प्रतिबद्धताको नीति अवलम्बन गरेको छ । समय समयमा नेपाल र भारतका बिचमा भएका सन्धि सम्झौताहरूले पनि दुई देशको सम्बन्धलाई अझ प्रगाढ बनाउन मदत पुऱ्याएको देखिन्छ । यसरी दुई देशका बिचको राजनीतिक सम्बन्ध अधिकांश समय सौहार्दपूर्ण रहे तापनि कहिलेकाहीँ सीमा विवाद र तराईको सम्बन्धमा विवादको अवस्था आएको थियो, जस्तैः नेपालले सन् २०१९ मा लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटेर नयाँ नक्सा सार्वजनिक गरेपछि नेपाल र भारतबिचको सम्बन्धमा दरार आएको थियो ।

### (ग) आर्थिक सम्बन्ध

काम वा जागिर, पेसा व्यवसाय तथा आर्थिक सहयोग आदान प्रदानको हिसाबले नेपाल भारतको सम्बन्ध अत्यन्तै नजिकको छ ।

हाल सञ्चालनमा रहेका भारतीय सहयोगका परियोजना

१. बुटवल नारायणगढ सडक विस्तार परियोजना

२. दक्षिणकाली कुलेखानी सडक विस्तार परियोजना

३. राष्ट्रिय ट्रमा सेन्टर निर्माण परियोजना

४. रक्सौल विरगन्ज रेल परियोजना

५. महेन्द्रनगर टनकपुर सडक परियोजना

दुई देशबिचको खुला सिमाना र भाषिक समानताका कारण ठुलो सङ्ख्यामा नेपालीहरू भारतमा र भारतीयहरू नेपालमा बसी कार्य गरेका छन् । नेपाल भारत व्यापार तथा पारवहन सन्धि वि.सं. २०३५ सालमा भयो र वि.सं. २०५३ सालमा भारतसँग व्यापार सन्धि पनि भएको थियो । फलस्वरूप अहिले पनि नेपालका लागि आयात निर्यातको प्रमुख बजार भारत नै बनेको छ । नेपालको वैदेशिक व्यापारको करिब ६५ प्रतिशत व्यापारको हिस्सा भारतले नै ओगटेको छ । नेपालले भारतबाट आयात गर्ने प्रमुख वस्तुहरूमा पेट्रोलियम पदार्थ, सवारी साधन, स्पेयर पार्ट्स, मेसिनरी सामान, औषधी, विद्युतीय उपकरण, खाद्यान्न आदि छन् । त्यसैगरी नेपालले भारतमा निर्यात गर्ने प्रमुख वस्तुहरूमा तयारी पोसाक, जुट, धागो, जस्ता पाता, पोलिस्टर धागो, टेक्सटाइल, कृषिजन्य वस्तुहरू आदि रहेका छन् । नेपाल र भारतका बिचमा आर्थिक सहयोग पनि आदान प्रदान

हुने गर्छ । सन् १९५१ मा नेपाल भारत आर्थिक सहयोग कार्यक्रमको सुरु भएदेखि नै द्विपक्षीय सहयोगअन्तर्गत शैक्षिक पूर्वाधार, अस्पताल, विमानस्थल, सडक सञ्जाल, रेलवे, विद्युत् प्रशारण, उर्जा आदि क्षेत्रमा नेपालले उल्लेख्य उपलब्धि हासिल गरेको छ । त्यस्तै नेपालले पनि भारतको विकासमा ठुलो योगदान गर्दै आएको छ । चाहे भारतको स्वतन्त्रताको लडाइमा होस् वा भारतीय सीमाको सुरक्षामा, नेपालीद्वारा दिइएको बलिदान अभूतपूर्व छ । नेपालमा कुल वैदेशिक लगानी तथा सहयोगको अवस्था हेर्दा भारत अगाडि नै देखिन्छ । नेपाल राष्ट्र बैङ्क (२०२०) को तथ्याङ्क हेर्दा कुल वैदेशिक प्रत्यक्ष लगानी मध्ये सन् २०१८ मा भारतको १९.८ प्रतिशत हिस्सा भारतले नेपालको आर्थिक विकासका लागि साना स्तरका करिव ४७४ र मझौला तथा ठुला स्तरका करिव ३६ गरी ५१० परियोजनाहरूमा आर्थिक सहयोग गरिसकेको छ । उदाहरणका लागि त्रिभुवन अन्तर्राष्टिय विमानस्थल, पूर्व पश्चिम राजमार्ग, हुलाकी सडक, कोसी ब्यारेज, कर्णाली पुल, जनकपुर जयनगर रेल, नेपाल भारत पुस्तकालय, नेपाल भारत विद्युत् प्रशारण लाइन, सिद्धार्थ राजमार्ग, वीर अस्पताल आदि भारतको सहयोगमा बनेका हुन् ।

## नेपाल चीन सम्बन्ध



चीन नेपालको उत्तरी भूभागमा अवस्थित छिमेकी देश हो । भौगोलिक जटिलताले सहज रूपमा सडकमार्गबाट आवात जावात गर्न केही कठिनाइहरू रहेका छन् । नेपाल र चीनका बिचमा भाषिक, सामाजिक तथा सांस्कृतिक रूपमा पनि भिन्नता पाइन्छ । तथापि चीनसँग नेपालको परापूर्वकालदेखि नै सामाजिक तथा सांस्कृतिक सम्बन्ध रहँदै आएको छ ।

### (क) सामाजिक तथा सांस्कृतिक सम्बन्ध

नेपाल र चीनबिचमा लिच्छवि शासनकालदेखि नै वैवाहिक सम्बन्ध कायम भएको देखिन्छ । लिच्छवि शासक अंशुवर्माले आफ्नी छोरी भृकुटीको विवाह तिब्बतका सम्राट स्रङ्चङ्गाम्पोसँग गराएका थिए । त्यस्तै मल्लकालमा कलाकार अरनिको चीन गएर प्यागोडा शैलीका मन्दिरहरू बनाएका थिए । आजभन्दा करिब १६ सय वर्षअगि चिनियाँ महान् भिक्षु फा सियान र नेपाली महान् भिक्षु बुद्धभद्रले एक अर्काको देशमा भ्रमण गरेका थिए र संयुक्त रूपमा बौद्ध धर्मका शास्त्रपदहरूको अनुवाद गरेका थिए भनी इतिहासकारहरूको भनाइ रहेको छ । यी दुई देशको सीमाक्षेत्रमा बसोबास गर्ने मानिस एकआपसमा वैवाहिक सम्बन्ध पनि कायम हुने गरेको छ । नेपालमा पर्यटकीय भ्रमणको हिसाबले चीन चौथो देश हो । नेपाल सरकार अर्थ मन्त्रालय (२०७८) का अनुसार सन् २०२० मा नेपालमा ८.४ प्रतिशत पर्यटकहरू चीनबाट आएका थिए । चीन सरकारले नेपालको शिक्षा क्षेत्रको विकासमा धेरै नै योगदान पुऱ्याएको छ, जस्तै: पुस्तकायलयको विकास तथा विस्तार गर्न, शिक्षण संस्थाका भवनहरू निर्माण गर्न आदिका लागि ठुलो रकम सहयोग गरेको छ ।

नेपालीहरूलाई उच्च शिक्षा अध्ययनका लागि चीनका विश्वविद्यालयहरूमा छात्रवृत्तिको व्यवस्था समेत गरिएको छ । चीनले विद्यालय तथा विश्वविद्यालयका शिक्षक तथा विद्यार्थीलाई चीनको भ्रमणका लागि निमन्त्रणा गर्दै आएको छ । चीनमा नेपाली भाषाको अध्ययन अध्यापन हुने गर्छ । नेपाली भाषा शिक्षणका लागि त्रिभुवन विश्वविद्यालयले शिक्षक पठाउँदै आएको छ । नेपालमा पनि चिनियाँ भाषा अध्ययन गर्नेहरूको सङ्ख्या उल्लेख्य रूपमा बढ्दै गइरहेको छ ।

### (ख) राजनीतिक सम्बन्ध

नेपाल र चीनको बिचमा सन् १९५५ मा औपचारिक रूपमा कूटनीतिक सम्बन्ध कायम भएको थियो । नेपालले चीनसँग सार्वभौम समानता, पारस्परिक सम्मान, विश्वास, सद्भाव र समझदारीका आधारमा सम्बन्ध राख्दै आएको छ । चीनको एक चीन नीतिप्रति नेपालले सधैँ समर्थन जनाएको छ । साथै यी दुई देश सधैँ एकअर्कालाई सम्मान गर्छन्, विश्वास गर्छन् र सहयोग गर्छन् । समय समयमा चीनको उच्च राजनीतिक नेतृत्व नेपाल आउने गर्छन् । त्यसैगरी नेपालको राजनीतिक नेतृत्वबाट पनि समय समयमा चीनको भ्रमण हुँदै आएको छ । यसले पनि यी दुई देशका बिचमा राजनीतिक सम्बन्ध प्रगाढ छ भन्न सकिन्छ । राजनीतिक रूपमा दुवै देशले एक अर्काको आन्तरिक मामिलामा कुनै हस्तक्षेप नगर्ने नीति अवलम्बन गरेका छन् ।

### (ग) आर्थिक सम्बन्ध

चीन नेपालको दोस्रो ठुलो आर्थिक साझेदार मुलुक हो । नेपाल र चीनका बिचमा निकै पुरानो आर्थिक सम्बन्ध रहेको छ । नेपालको उत्तरी सीमाबाट नेपालीहरू चीनको स्वशासित क्षेत्र तिब्बतमा नुन, सुन, उन जस्ता वस्तुहरू खरिद गर्न जान्थे र तिब्बतीहरू नेपालको उत्तरी क्षेत्रमा रहेको बजारमा खाद्यान्न खरिद गर्न जाने आउने चलन थियो भनी इतिहासमा उल्लेख गरिएको पाइन्छ । हाल नेपालले ठुलो मात्रामा चीनियाँ सामान आयात गर्ने गरेको छ भने नेपालबाट पनि नेपाली वस्तु निर्यात हुने गरेका छन् । नेपाल चीन कूटनीतिक सम्बन्ध कायम भएपश्चात् नेपालले चीनबाट थुप्रै आर्थिक लाभ लिएको छ । चीनले नेपाललाई थुप्रै क्षेत्रमा सहयोग गरेको छ । चिनियाँ आर्थिक सहयोग सन् १९५६ अन्तर्गत चीनले नेपाललाई ६० मिलिएन भारतीय रुपियाँ बराबर नगद र जिन्सी सहयोग गरेको छ । सन् १९५५ देखि १९८२ का वर्षहरूमा चीनद्वारा

**हाल निर्माणको प्रक्रियामा रहेका चिनियाँ सहायताका केही परियोजनाहरू**

१. माथिल्लो त्रिशुली हाइड्रोपावर परियोजना
२. काठमाडौँ चक्रपथ सुधार परियोजना
३. पोखरा अन्तर्राष्ट्रिय एयरपोर्ट निमार्ण परियोजना
४. स्याफ्रुबेँसी रसुवागढी सडक निर्माण
५. सिभिल अस्पताल स्तरोन्नति परियोजना
६. कोदारी राजमार्ग स्तरोन्नति कार्यक्रम
७. भेरी बबई डाइभर्सन बहुउद्देश्य परियोजना

नेपाललाई ७४७.५ मिलियन अनुदान सहयोग प्राप्त भएको थियो । चीनद्वारा प्रस्तावित गरिएको बहुउद्देश्य परियोजना वेल्ट एन्ड रोड इनिसिएटिभ (Belt and Road Initiatives [BRI) अवधारणामा नेपालले हस्ताक्षर गरिसकेको छ । जसलाई ONE BELT ONE ROAD परियोजना पनि भनिन्छ । जहाँ ROAD ले समुन्द्री मार्ग जनाउँछ भने BELT ले चीनको पश्चिमी भागलाई मध्य एसिया, युरोप र अफ्रिकासँग समुन्द्र मार्फत जोड्छ । यसरी यस परियोजनामार्फत नेपाल रेलवे कनेक्टिभिटीमा जोडिन सक्यो भने विश्वसँग जोडिने मौका प्राप्त हुने छ । फलस्वरूप समुद्रसँग पनि नेपालको सोझै सम्पर्क हुने छ । चीनले नेपाललाई पूर्वाधार विकास, अनुदान, ब्याजमुक्त ऋण र सहुलियत ऋणका रूपमा सहयोग गर्दै आएको छ । त्यसैगरी चीनले नेपालमा परियोजना निर्माण र विकासमा पनि उलेख्य सहयोग गर्दै आएको छ । अरनिको राजमार्ग, विरेन्द्र अन्तराष्ट्रिय सम्मेलन केन्द्र, बनेपा पोलिटेक्नीक, आयुर्वेद अनुसन्धान केन्द्र, काठमाडौँ चकपथ, पृथ्वी राजमार्ग, राष्ट्रिय सभागृह, भक्तपुर इँटा कारखाना आदी जस्ता दर्जनौँ परियोजना सम्पन्न गरेको छ ।

## क्रियाकलाप

१. नेपाल भारत र नेपाल चीनबिचको सम्बन्धका बारेमा विभिन्न स्रोत साग्रीहरूको अध्ययन गरी थप जानकारी प्राप्त गर्नुहोस् ।

२. नेपाल र भारतबिचमा खुला सिमाना रहेको छ । यस्तो खुला सिमानाका कारणले नेपाललाई के कस्ता फाइदा तथा बेफाइदाहरू रहेका छन् भन्ने विषयलाई समेटेर संवाद तयार गर्नुहोस् ।

३. नेपाल र चीनबिचको सम्बन्धले नेपाललाई पारेको प्रभाव सम्बन्धमा राष्ट्रिय दैनिक पत्रिकाको लागि समाचारको नमुना तयार गर्नुहोस् ।

४. यदि नेपालको चीन र भारतसँग सम्बन्ध कायम नभएको भए के हुन्थ्यो होला ? तर्कसहित लेख्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) विदेश नीति भन्नाले के बुझिन्छ ?

(ख) नेपालको विदेश नीतिका कुनै दुई आधार उल्लेख गर्नुहोस् ।

(ग) नेपालमा भारतको सहयोगमा निर्माण भएका कुनै दुई राजमार्गहरूको नाम लेख्नुहोस् ।

(घ) नेपाल र चीनबिच कहिले औपचारिक रूपमा दौत्य सम्बन्ध कायम भयो ?

(ङ) नेपाल र भारतबिच कहिले औपचारिक रूपमा दौत्य सम्बन्ध कायम भयो ?

(च) नेपाल र चीनबिच प्राचीन कालदेखि नै सम्बन्ध कायम भएको थियो भन्ने कुनै दुई प्रमाणहरू उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) नेपालको संविधानमा उल्लिखित वैदेशिक नीतिहरू लेख्नुहोस् ।

(ख) नेपाल र भारतबचको राजनीतिक सम्बन्धको समीक्षा गर्नुहोस् ।

(ग) नेपाल चीनबिचको आर्थिक सम्बन्ध उल्लेख गर्नुहोस् ।

(घ) नेपालको परराष्ट्र नीतिका आधार उदाहरणसहित व्याख्या गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालको समग्र विकासमा भारत र चीनले पुऱ्याएको योगदानको सूची तयार गर्नुहोस् ।

(ख) नेपाल भारत र चीनबिचको सामाजिक सांस्कृतिक अन्तरसम्बन्धको पृष्ठभूमिको विवेचना गर्नुहोस् ।

# पाठ ३ नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध

कुनै पनि देशले आफ्ना सबै आवश्यकता आफ्नो एकल प्रयासबाट मात्र पूरा गर्न सक्दैन । जसरी हामीलाई समुदायमा बसेपछि छिमेकीको सरसहयोग र साथ चाहिन्छ त्यस्तै गरी एक देशलाई विभिन्न देशहरूको साथ र सहयोगबाट मात्र सुचारु ढङ्गले अगि बढ्न सम्भव हुन्छ । तसर्थ अहिले सूचना प्रविधि तथा विश्वव्यापीकरणको युगमा हरेक मुलुक अन्य मुलुकहरू र अन्तर्राष्ट्रिय सङ्घसंसथाहरूसँग आबद्ध भएका हुन्छन् । यसरी एक देशको अन्य देशहरूसँग तथा सङ्घसंसथाहरूसँग रहेको कुटनीतिक, राजनीतिक, आर्थिक र सामाजिक सम्बन्धलाई अन्तर्राष्ट्रिय सम्बन्ध भनिन्छ ।

## क्षेत्रिय र वैश्विक सङ्गठनको सामाजिक र आर्थिक भूमिका

आपसी सहयोग र व्यापारका माध्यमबाट सदस्य मुलुकहरूको जीवनस्तर माथि उठाउनका लागि विभिन्न क्षेत्रीय र वैश्विक सङ्गठनहरू पनि स्थापना भएका छन । विश्वका धेरै मुलुकहरू यस्ता क्षेत्रिय र वैश्विक सङ्गठनमा आबद्ध पनि भएका छन् । विश्वमा सिर्जना भएका अवसरहरूलाई सबै देशहरूले साझा रूपमा उपभोग गर्न तथा विश्वमा आइपरेका विविध समस्यालाई साझा संकल्पका साथ समाधान गर्न वैश्विक सङ्गठनको अवधारणा विकास भएको पाइन्छ । वैश्विक सङ्गठनका माध्यामबाट विश्वभरका राष्ट्रहरूले साझा चासो भएका विषयहरूमा छलफल गर्छन् । वैश्विक सङ्गठनमार्फत सदस्य राष्ट्रहरूले आफूलाई परेका समस्या समाधान गर्न र फाइदाको उपभोग गर्न सक्छन्, जस्तै: संयुक्त राष्ट्र सङ्घ, विश्व व्यापार सङ्गठन, विश्व स्वास्थ्य सङ्गठन, अन्तर्राष्ट्रिय मुद्रा कोष आदि वैश्विक सङ्गठन हुन् । निश्चित भौगोलिक तथा राजनीतिक क्षेत्र तथा उपक्षेत्रहरूलाई समेटेर स्थापना भएका सङ्घसंस्थाहरू क्षेत्रीय सङ्गठन हुन् । यस्ता सङ्गठनले आफ्ना सदस्य राष्ट्रहरूको उन्नयनका लागि काम गरिरहेका हुन्छन् । त्यस्तै साझा समस्या र चासोका विषयमा छलफल र समस्या समाधान गर्ने गर्छन्, जस्तै: सार्क, बिमिस्टेक साफ्टा आदि क्षेत्रीय सङ्गठन हुन भने र क्षेत्रीय सङ्गठनमा भने सीमित सदस्य अर्थात् केही मुलुक मात्र आवद्ध भएका हुन्छन् ।

दोस्रो विश्व युद्धभन्दा पहिले सीमित देशहरूका बिचमा मात्र आर्थिक सहयोग तथा ऋण, अनुदान लिने दिने आदि कार्यहरू प्रचलनमा थियो । अधिकांश देशहरू उपनिवेशमा थिए । उपनिवेश भनेको शक्तिशाली देशहरूले कमजोर मुलुकलाई आफ्नो नियन्त्रणमा वा प्रभावमा राख्नु हो तर नेपालले उपनिवेशको कहिल्यै पनि सामना गर्नु परेन । जब (सन् १९५०) को दशकमा संसारका अधिकांश देशहरू उपनिवेशबाट मुक्त भए तब आर्थिक विकास, सम्पन्नता, उत्पादन, प्रविधि बिस्तारका लागि आर्थिक रूपमा शक्तिशाली देशहरूले विश्व बजारलाई आफ्नो पहुँचभन्दा बाहिर जान नदिनका लागि आर्थिक सहयोग, अनुदान, ऋण आदिको प्रचलन सुरु गरेका थिए । त्यसैको फलस्वरूप नेपालले पनि सन् १९५० को दशकमा विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषले चलाएको संरचनागत समायोजनका कार्यक्रमहरूमा सहभागिता जनायो र आर्थिक उदारीकरण, निजीकरण र विश्वव्यापीकरणको नीति लियो । तथापि नेपालले राष्ट्रिय हितका आधारभूत उद्देश्य प्राप्त गर्ने दृष्टिकोणबाट अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तार गरेर सहयोग आदान प्रदान गर्दै आएको छ ।

संविधानद्वारा निर्देशित अन्तर्राष्ट्रिय सम्बन्धको ढाँचाभित्र रही अति कम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुने, दिगो विकासका लक्ष्यहरू र राष्ट्रिय सोँच हासिल गर्नेतर्फ नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध रहेको छ । नेपाल पनि आबद्ध भएका केही क्षेत्रीय र वैश्विक सङ्गठनहरूको बारेमा अब हामी चर्चा गर्ने छौं ।

## दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (SAARC)

सन् १९४५ मा स्थापना भएको संयुक्त राष्ट्रसङ्घको धारा ५२ ले दिएको अधिकार प्रयोग गरी बङ्गलादेशका तत्कालीन राष्ट्रपति जियाहुर रहमानको पहलमा सन् १९८५ डिसेम्बर ८ मा ढाकामा भएको प्रथम शिखर सम्मेलनले सार्कको स्थापना गरेको हो । अर्थात् सन् १९८५ मा दक्षिण एसियाका सात राष्ट्रहरूले क्षेत्रीय विकासका निम्ति स्थापना गरेको सङ्गठनलाई दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन भनिन्छ । सार्कको स्थापना कालमा सात राष्ट्रहरू नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, भुटान, माल्दिभ्स थिए भने सार्कको १४ औं शिखर सम्मेलनबाट अफगानिस्तान जोडिए पछि ८ सदस्यीय सङ्गठन बनेको हो । सार्कका गतिविधि नियमन गर्न विभिन्न पर्यवेक्षकको व्यवस्था गरिएको छ । यसका पर्यवेक्षक राष्ट्रहरू चीन, जापान, युरोपियन युनियन, दक्षिण कोरिया, अमेरिका, अस्ट्रेलिया, इरान, मौरिसस र म्यानमार हुन् । सार्क राष्ट्रहरूमध्ये नेपाल, भुटान र अफगानिस्तान भूपरिवेष्ठित राष्ट्र हुन् । श्रीलङ्का र माल्दिभ्स महासागरका बिचमा रहेका टापुहरू मिलेर बनेका देशहरू हुन ।

सार्क राष्ट्रहरूमध्ये सबैभन्दा ठुलो भारत र सबैभन्दा सानो माल्दिभ्स हो । सार्कका सबै राष्ट्रहरूमा भौगोलिक, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, सामाजिक परिवेशमा विविधता छ । सन् २०१४ मा सार्कको अठारौँ शिखर सम्मेलन काठमाडौँमा भएको थियो । सार्कको सचिवालय पनि नेपालको राजधानी काठमाडौँमा नै छ । त्यसैगरी सार्क क्षयरोग तथा HIV/AIDS केन्द्र पनि भक्तपुर अर्थात नेपालमै छ । शिखर सम्मेलनको अध्यक्षता सदस्य राष्ट्रहरूले वर्णानुक्रमअनुसार गर्छन् ।

| सार्कको उद्देश्यहरू | सार्कका सिद्धान्त |
|---|---|
| १. दक्षिण एसियाका जनताको हित अभिवृद्धि गर्नु | १. सार्वभौम समानता |
| २. सामूहिक आत्मनिर्भरतालाई सुदृढ पार्नु | २. क्षेत्रीय अखण्डता |
| ३. विभिन्न क्षेत्रमा सक्रिय सहयोग र आपसी सहयोगलाई बढाउनु | ३. राजनीतिक स्वतन्त्रता |
| ४. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूसँग सहकार्य गर्नु रहेको छ । | ४. सदस्य देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने |
| | ५. आपसी हित प्रवर्धन गर्नु |

## सार्कका सहकार्यका क्षेत्र

सार्कका सहकार्यका क्षेत्रहरू १४ ओटा रहेका छन् जसलाई निम्नानुसार देखाइएको छ :

१. कृषि र ग्रामीण विकास २. उर्जा ३. सूचना, सञ्चार र मिडिया ४. लगानी प्रवर्धन ५. शिक्षा र संस्कृति ६. वातावरण ७. गरिबी निवारण ८. सामाजिक विकास ९. बायोटेक्नोलोजी १०. पर्यटन ११. शान्ति र सुरक्षा १२. आर्थिक, व्यापार र वित्त १३. विज्ञान र प्रविधि १४. जनसम्पर्क

## दक्षिण एसियाली क्षेत्रीय स्वतन्त्र व्यापार क्षेत्र (South Asian Free Trade Area-SAFTA)

पाकिस्तानको राजधानी इस्लामावादमा (सन् 2004) मा सम्पन्न सार्कको १२ औं शिखर सम्मेलनबाट साफ्टा सम्झौता अनुमोदन भएको हो । साफ्टामा सार्कका आठ राष्ट्रहरू रहेका छन् । यस क्षेत्रको व्यापार र विकासको सम्भाव्यतालाई अधिकतम बनाउन एवम् अन्तरसार्क क्षेत्रको आर्थिक सहयोगलाई सुदृढीकरण गर्न साफ्टाको स्थापना भएको हो । साफ्टाको कार्यान्वायनसँगै कतिपय भन्सारसँग सम्बन्धित अवरोधहरू हटेका छन् । साफ्टाको मुख्य उद्देश्य भनेको दक्षिण एसियाभित्र एउटा गहनतम उद्देश्यका साथ साझा र स्वतन्त्र बजार स्थापित गर्नु हो ।

साफ्टाबाट नेपालले लिन सक्ने पक्षहरू

१. दैनिक उपभोग्य वस्तु सरल र सुपथ तरिकाबाट उपलब्ध गराउन

२. शिशु उद्योगहरूको क्षमता विकासका लागि प्राविधिक सहयोग प्राप्त गर्न

३. सार्कका सदस्य अन्य राष्ट्रहरूबिच प्रविधि आदान प्रदान गरी औद्योगिकीकरणमा टेवा पुऱ्याउन

४. सार्कका सदस्य राष्ट्रहरूका बिचमा निर्वाध रूपमा बिना अवरोध वस्तुहरू निकासी गर्न

| साफ्टाका उद्देश्य | साफ्टाका सिद्धान्त |
|---|---|
| १. सदस्य राष्ट्रहरूबिच वस्तुको अन्तरसीमा आवागमनमा अवरोध हटाएर सरलीकरण गर्ने<br>२. स्वतन्त्र व्यापार क्षेत्रमा स्वच्छ प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने<br>३. सम्झौताको कार्यान्वायनका लागि प्रभावकारी संयन्त्र स्थापना गर्ने<br>४. परस्पर लाभको विस्तार र वृद्धिबाट अरू थप क्षेत्रीय | १. सदस्य राष्ट्रहरूमा हुने वस्तु र सामानको ओसार पोसारलाई सहजीकरण गर्दै व्यापारसँग सम्बन्धित व्यवधानहरूलाई हटाउने<br>२. सदस्य राष्ट्रहरूको समग्र र समानुपातिक फाइदालाई सुनिश्चित गर्दै खुला व्यापार क्षेत्रमा स्वस्थ प्रतिस्पर्धाको वातावरणलाई प्रवर्धन गर्ने<br>३. सम्झौताको कार्यान्वयन र यसबाट पर्ने प्रभावको अध्ययनका लागि तथा संयुक्त प्रशासन एवम् विवाद समाधानका लागि समेत प्रभावकारी |

| | |
|---|---|
| सहयोगका लागि आवश्यक संरचना तयार गर्ने । | पद्धति बनाउने<br>४. प्रस्तुत सम्झौताबाट हुने आपसी लाभलाई बढावा र विस्तार गर्न थप क्षेत्रीय सहयोगका खाका तयार गर्ने |

५. सदस्य राष्ट्रहरूका बिचमा सम्बन्ध प्रगाढ बनाउन

६. सार्कका सदस्य राष्ट्रहरूमा लगानी र रोजगारीको अवसरमा वृद्धि गरी गरिबी कम गर्न

साफ्टाको सदस्य राष्ट्र भएर विभिन्न किसिमका फाइदा हुँदाहुँदै पनि नेपाल एक विकासोन्मुख र भुपरिवेष्टित राष्ट्र भएका कारणले विभिन्न समस्या तथा चुनौती आउन सक्छन् । नेपालमा सञ्चालित परम्परागत घरेलु उद्योगहरूलाई आधुनिक उद्योगसँग प्रतिस्पर्धी बनाउनु, गुणस्तरीय सामान उत्पादन र अन्य देशबाट उत्पादित सामाग्रीहरूसँग प्रतिस्पर्धा गर्ने कुरा नेपालको लागि चुनौती हुन सक्छ । त्यस्तै नेपालमा विदेशी वस्तुको प्रभुत्व बढ्न गई स्वदेशी उद्योग धाराशायी हुने सम्भावनाबाट पनि नेपाल सचेत रहनु पर्छ ।

## बिम्स्टेक (BIMSTEC)




बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहयोगका लागि बङ्गालको खाडी प्रयास बिम्स्टेक (The Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Co-operation BIMSTEC) सबैभन्दा कान्छो क्षेत्रीय सङ्गठन हो । यसको स्थापना सन् १९९७ जुन ६ मा भएको हो ।

हाल बिमस्टेकमा नेपाल, भुटान, बङ्गलादेश, भारत, श्रीलङ्का, थाइल्यान्ड र म्यानमार सदस्य रहेका छन् । सन् २००४ मा नेपाल र भुटान यसको सदस्य बनेका थिए । बिम्स्टेकले व्यापार, लगानी, पर्यटन, उर्जा, यातायात, सञ्चार, मानव संसाधन, कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, निर्माण, जलवायुलगायतका क्षेत्रमा सहयोग आदान प्रदान गर्ने उद्देश्य बिम्स्टेकले राखेको छ । यी राष्ट्रहरू विश्वका सामु एउटा अलग पहिचानका साथ उपस्थित छन् । बिम्स्टेकले दक्षिण र दक्षिण पूर्वी एसियाबिच पूलको काम गर्दछ ।  बिम्स्टेकले सार्क र आसियान सदस्यहरूबिच अन्तरक्षेत्रीय सहयोगका लागि प्लेटफर्म स्थापना गरेको छ । विश्व जनसङ्ख्याका करिब २२ प्रतिशत मानिस यही क्षेत्रमा बसोबास गर्छन् भने करिब २.७ मिलियन अमेरिकी डलर कुल गार्हस्थ्य उत्पादन रहेको छ । बिम्स्टेकका विभिन्न केन्द्रहरू स्थापना गरेर काम गर्दै आएको छ । जस्तै सूचना केन्द्र, सुनामी सचेतता केन्द्र, ऊर्जा केन्द्र र Network of Traditional Medicine भारतमा स्थापना गरिएको छ । बिम्स्टेकको कुल खर्चको ३३ प्रतिशत खर्च भारतले नै बेहोर्दै आएको छ ।

| बिम्स्टेकका उद्देश्यहरू | बिम्स्टेकका सिद्धान्त |
|---|---|
| १. तीव्र आर्थिक विकास गर्न सक्षम वातावरणको सिर्जना गर्नु<br>२. विकासका उपक्षेत्रको सामाजिक विकासको गतिमा तीव्रता ल्याउनु<br>३. साझा चासोका मामिलामा सक्रिय साझेदारी र आपसी सहयोगमा वृद्धि गर्नु<br>४. प्रशिक्षण र अनुसन्धान सुविधामा वृद्धि गर्न एक अर्कालाई सहयोग प्रदान गर्नु<br>५. सदस्य राष्ट्रहरूको राष्ट्रिय विकास योजनाहरूको सफलताका लागि प्रभावकारी सहयोग गर्नु<br>६. वर्तमान अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूसँग घनिष्ट र लाभदायक सम्बन्ध कायम राख्नु । | १. बिम्स्टेकका सदस्य राष्ट्रका बिच<br>• सार्वभौम समानताको सिद्धान्त<br>• क्षेत्रीय अखण्डता<br>• राजनीतिक स्वतन्त्रता<br>• आन्तरिक मामिलामा हस्तक्षेप नहुने<br>• शान्तिपूर्ण सहअस्तित्व<br>• र आपसी फाइदाका आधारमा व्यवहार गर्ने<br>२. सदस्य राष्ट्रहरूबिचको सहकार्य द्विपक्षीय, क्षेत्रीय वा बहुपक्षीय सहयोगका रूपमा विकास गर्ने |

### नेपाल र बिम्स्टेकको सम्बन्ध

सन् १९९८ मा ढाकामा सम्पन्न बिम्स्टेकको सम्मेलनमा नेपाललाई सुपरिवेक्षकका रूपमा आमन्त्रण गरिएको थियो । नेपालले उक्त समयमा यस सङ्गठनका गतिविधिलाई नजिकबाट बुझ्ने मौका पाएको थियो । नेपालले बिम्स्टेकको सदस्यका रूपमा गरिबी निवारणका क्षेत्रमा बढी काम गरेको छ । नेपालले  सन् २०१२ मा काठमाडौँमा गरिबी निवारणसम्बन्धी बिम्स्टेक मन्त्रिस्तरीय बैठकको आयोजना गऱ्यो । उक्त बैठकले गरिबी निवारण योजना पारित गऱ्यो । सन् २०१७ मा नेपालले बिम्स्टेकका वरिष्ट अधिकारीहरूको बैठक काठमाडौँमा आयोजना गरेको थियो । पहिलो थाइल्यान्ड सन् २००४, दोस्रो भारत सन् २००८, तेस्रो म्यानमार सन् २०१४ र चौथो बिम्स्टेक शिखर सम्मेलन सन् २०१८ मा नेपालको राजधानी काठमाडौँमा सम्पन्न भएको थियो । त्यसैगरी नेपालले समय समयमा आतङ्कवाद नियन्त्रण, कृषिको विकास, व्यापारको विस्तार आदि विषयमा बिम्स्टेक स्तरीय बैठकहरूको आयोजना गर्ने, योजना निर्माण गर्ने तथा ती योजनाहरू बैठकबाट अनुमोदन गर्ने जस्ता कार्य गर्दै आएको छ ।

### विश्व व्यापार सङ्गठन (World Trade Organization)

विश्व व्यापार सङ्गठन व्यापार तथा वाणिज्यसम्बन्धी कारोबार गर्ने विश्वको नै सबैभन्दा ठुलो व्यापारिक सङ्गठन हो । यस संस्थाले विश्वका सवै मुलुकलाई खुला सदस्यता राखेकाले यसलाई वैश्विक सङ्गठन भनिएको हो । दोस्रो विश्वयुद्धपछि ध्वस्त संरचनाको पुनर्निर्माण तथा पिछडिएका देशहरूको आर्थिक विकासका लागि विश्वका प्रमुख व्यापारिक राष्ट्रहरूको सन् १९४६ मा "व्यापार र रोजगार विषयक अन्तर्राष्ट्रिय सम्मेलन" सम्पन्न भयो । उक्त सम्मेलनले "अन्तर्राष्ट्रिय व्यापार सङ्गठन" निर्माण गर्नुपर्ने सम्बन्धमा निर्णय गऱ्यो । सन् १९४८ मा २३ ओटा मुलुकको

सक्रियतामा (General Agreement on Tariffs and Trade:GATT) स्थापित भएको थियो । GATT सम्झौताले अन्तर्राष्ट्रिय व्यापारका सबै क्षेत्र समेट्न नसकेको र सन् १९८० को दशकपछि विश्वभर फैलिएको आर्थिक उदारीकरणको लहरलाई पनि यसले समेट्न नसकेका कारणले गर्दा गाट (GATT) मा सदस्य रहेका १२५ मुलुकहरूको हस्ताक्षर सहित सन् १९९५ जनवरी १ मा विश्व व्यापार सङ्गठनको स्थापना भएको हो । अन्तर्राष्ट्रिय व्यापारलाई नियमित तथा व्यवस्थित गरी विश्व अर्थतन्त्रलाई व्यापारका माध्यामबाट समुन्नत पार्ने उद्देश्यले विश्व व्यापार सङ्गठनको स्थापना भएको हो । विश्व व्यापार सङ्गठन विभिन्न देशहरूबिच हुने व्यापारलाई व्यवस्थित गर्न स्थापित एक अन्तर्राष्ट्रिय विशिष्टीकृत संस्था हो । यसको मुख्य कार्यालय स्विट्जरल्यान्डको जेनेभामा छ । यसका आधिकारीक भाषा अङ्ग्रेजी, फ्रेन्च र स्पेनिस हुन् । हाल WTO मा नेपालसहित १६४ सदस्य राष्ट्रहरू छन् । १६४ औं सदस्य राष्ट्र अफगानिस्तान हो । यसका हालसम्म ११ ओटा सम्मेलन सम्पन्न भइसकेका छन् ।

| विश्व व्यापार सङ्गठनका उद्देश्य | विश्व व्यापार सङ्गठनका कार्य |
|---|---|
| १. जनताको जीवनस्तर अभिवृद्धि गर्ने<br>२. पूर्णरोजगार तथा उच्च एवम् स्थिर गतिको वास्तविक आम्दानीको परिमाणमा वृद्धि ल्याउने<br>३. प्रभावकारी माग एवम् वस्तु तथा सेवाको उत्पादन तथा बिक्री विस्तार गर्ने<br>४. दिगो विकास गर्ने लक्ष्यअनुसार विश्वमा उपलब्ध साधन र स्रोतको सर्वोत्तम प्रयोग गर्न दिँदा वातावरणको रक्षा तथा संरक्षणतर्फ विशेष ध्यान दिने<br>५. विकासशील राष्ट्रहरू त्यसमा पनि खास गरी अतिकम विकसित राष्ट्रहरूबिच तिनीहरूको आर्थिक विकासको आवश्यकताअनुसार अन्तर्राष्ट्रिय व्यापारमा सहभागिता बढाउने<br>६. उपर्युक्त उद्देश्यहरू हासिल गर्न एकीकृत व्यावहारिक तथा निस्वार्थ बहुपक्षीय व्यापार प्रणाली विकास गर्ने । | १. सर्वपक्षीय तथा बहुपक्षीय सम्झौतालाई लागु तथा कार्यान्वयन गर्ने<br>२. बहुपक्षीय व्यापारसम्बन्धी वार्ताहरूका लागि मञ्चका रूपमा काम गर्ने<br>३. व्यापारसम्बन्धी विवाद निराकरणको प्रयास गर्ने<br>४. राष्ट्रिय व्यापार नीतिहरूको निरीक्षण गर्ने<br>५. विश्व आर्थिक नीतिहरूको तर्जुमामा सहभागी हुने<br>६. अन्य अन्तर्राष्ट्रिय निकायहरूसँग सहयोगात्मक सम्बन्ध कायम गर्ने |

विश्व व्यापार सङ्गठन र नेपाल

सन् १९९५ मा  WTO World Trade Organization स्थापना भएपछि नेपालले धेरै प्रयासपछि सन् २००४ अप्रिल २३ मा विश्व व्यापार सङ्गठनको सदस्यता लिएको थियो । नेपाल WTO को १४७ औं सदस्य राष्ट हो । नेपाल विभिन्न वार्ताबाट सदस्यता लिने पहिलो कम विकसित मुलुक

थियो । नेपालले कुल विश्व व्यापारको करिब ०.१ प्रतिशत मात्र अंश ओगटेको छ । नेपालले विश्व व्यापार सङ्गठनमा आबद्ध राष्ट्रहरूमध्ये अधिकांश राष्ट्रसँग व्यापारिक सम्बन्ध कायम गरेको छ ।

### विश्व व्यापार सङ्गठनको सदस्यताबाट नेपालले प्राप्त गर्न सक्ने फाइदा

विश्व व्यापार सङ्गठनबाट प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि प्राविधिक तथा वित्तीय

सहायता प्राप्त गर्न सक्छ । तुलनात्मक लागत लाभका आधारमा सदस्य राष्ट्रहरूबिच वस्तु तथा सेवाहरूको स्वतन्त्र रूपमा व्यापार गर्न सक्छ । नेपालले भूपरिवेष्ठित देश भएको नाताले भोग्नु परेको व्यापार पारवाहन समस्याको समाधानका लागि पहल गर्न सक्छ । आन्तरिक तथा बाहृय व्यापारमा घरेलु मुद्राको विनिमय दर स्थिर बनाउन सहयोग लिन सक्छ । बहुराष्ट्रिय कम्पनीहरूको पुँजी लगानी नेपालमा गराउन पहल गर्न सक्छ । गरिबी निवारणका लागि सहयोग लिन सक्छ ।

### क्रियाकलाप

१. वैश्विक र क्षेत्रीय सङ्गठनहरू (दक्षिण एसियाली सार्क सहयोग सङ्गठन, विश्व व्यापार, विम्स्टेक, साफ्टा) सँगबाट नेपालले लिन सक्ने लाभहरू के के हुन सक्छन् ? विभिन्न स्रोत सामग्रीहरूको अध्ययन गरी लेख्नुहोस् ।

२. दक्षिण एसियाली सार्क सहयोग सङ्गठन, विश्व व्यापार, बिम्स्टेक र साफ्टाहरूका बारेमा इन्टरनेट वा विभिन्न स्रोत सामग्री अध्ययन गरी थप जानकारी लिनुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न

(क) वैश्विक र क्षेत्रीय सङ्गठनको बिचमा रहेका दुई फरक लेख्नुहोस् ।

(ख) अन्तर्राष्ट्रिय सम्बन्धबाट नेपाललाई हुने कुनै दुई फाइदा लेख्नुहोस् ।

(ग) BIMSTEC, WTO, SAARC, SAFTA हरेकको पूरा रूप लेख्नुहोस् ।

(घ) सार्क स्थापनाका कुनै उद्देश्य लेख्नुहोस् ।

(ङ) विश्व व्यापार सङ्गठनको मुख्य उद्देश्य लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) सार्कका उद्देश्य लेख्नुहोस् ।

(ख) विश्व व्यापार सङ्गठनका सिद्धान्त उल्लेख गर्नुहोस् ।

(ग) साफ्टाको सदस्यताबाट नेपालले लिन सक्ने लाभका क्षेत्रहरू लेख्नुहोस् ।

(घ) विम्स्टेकको उद्देश्य तथा सिद्धान्तलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ङ) क्षेत्रीय र वैश्विक सङ्गठनका सामाजिक तथा आर्थिक भूमिका उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) सार्कको उद्देश्य र सिद्धान्त बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

(ख) विश्व व्यापार सङ्गठनको सदस्यका रूपमा नेपालका लागि अवसर तथा चुनौतीको व्याख्या गर्नुहोस् ।

## पाठ ४ नेपालको वैदेशिक व्यापार

सामान्यतया लाभ वा आर्थिक फाइदाको आशाले वस्तुको बेचबिखन गर्ने कार्य वा आयात निर्यात गर्ने कार्यलाई व्यापार भनिन्छ । यसमा विभिन्न व्यक्ति तथा संस्थाहरू संम्लग्न हुन्छन र वस्तु तथा सेवाको कारोबार वा विनिमय गर्दछन् । व्यापार दुई किसिमका हुन्छन् । एउटै देश भित्रका व्यक्ति तथा सङ्घसंस्था बिच वस्तु तथा सेवाको विनिमय हुने कार्यलाई आन्तरिक वा घरेलु व्यापार भनिन्छ भने कुनै पनि देशले आफ्नो देशको सीमाभन्दा बाहिर विभिन्न देशहरूसँग गर्ने व्यापारलाई वैदेशिक व्यापार वा अन्तर्राष्ट्रिय व्यापार भनिन्छ । वैदेशिक व्यापारको क्षेत्र आन्तरिक व्यापारको तुलनामा व्यापक हुन्छ । सन् १९९० को आर्थिक उदारीकरणपश्चात् वैदेशिक व्यापार हरेक मुलुकको अर्थतन्त्रको एउटा महत्त्वपूर्ण पाटाका रूपमा रहेको छ ।

सामान्यतया कुनै पनि देशले तुलनात्मक लागत कम लाग्ने वस्तुहरू आफ्नै देशमा उत्पादन गर्छन् भने जुन वस्तु स्वदेशमा उत्पादन गर्दा भन्दा विदेशबाट आयात गर्दा फाइदा हुन्छ त्यस्ता वस्तुहरू विदेशबाट आयात गरिन्छन् । सबै देशले आफ्नो देशलाई आवश्यक पर्ने सबै वस्तुहरू आफैँ उत्पादन गर्न नसक्ने भएकाले नै अन्तर्राष्टिय व्यापारको आवश्यकता परेको हो । त्यस्तै कुनै देशमा प्रशस्त मात्रामा प्राकृतिक सम्पदाहरू हुन्छन् भने कतै हुँदैनन् जस्तै अरेबियन देशहरूमा प्रशस्त मात्रामा पेट्रोलियम पदार्थहरू भएकाले विश्वभरि नै पेट्रोलियम पदार्थहरू निर्यात गर्छन् भने खाद्यान्नलगायत अन्य अति आवश्यक सामग्रीहरू अन्य मुलुकहरूबाट आयात गर्छन् । त्यस्तै हामी चीन, जापान, कोरिया जस्ता मुलुकहरूलाई पनि उदाहरणका रूपमा लिन सक्छौँ । यी देशहरू अहिले आफ्नो देशमा उत्पादित सामग्रीहरूको विश्वभरि नै निर्यात व्यापारबाट समृद्ध राष्ट्रको सूचीमा पर्न सफल भएका छन् ।

### व्यापार सन्तुलनको अवधारणा

कुनै एक देशले विश्वका अन्य देशसँग गर्ने वस्तु तथा सेवाको आयात निर्यातको अवस्थालाई व्यापार सन्तुलन भनिन्छ । अर्थात् कुनै एक देशले एउटा निश्चित समयावधिभित्र गरेको आयात र निर्यातको कुल कारोबारको व्यवस्थित अभिलेखलाई व्यापार सन्तुलन भनिन्छ । व्यापार सन्तुलनमा दृश्य वस्तुहरूको मात्र अभिलेख राखिन्छ भने अदृश्य सेवालाई समावेश गरिएको हुदैन । दृश्य वस्तु भन्नाले देख्न, छुन सकिने, निश्चित तौल वा आकार भएका वस्तुलाई बुझिन्छ । दृष्य वस्तुको आयात तथा निर्यातलाई मौद्रिक मूल्यमा मापन गरिन्छ । व्यापार सन्तुलनमा औद्योगिक उत्पादन, कृषिजन्य वस्तु, वनजन्य, खनिज जन्य आदि वस्तुहरूको आयात निर्यातको परिमाणको अभिलेख राखिन्छ । भुक्तान सन्तुलन व्यापार सन्तुलनभन्दा व्यापक हुन्छ । व्यापार सन्तुलन भुक्तान सन्तुलनको एउटा अंशमात्र हो । भुक्तान सन्तुलन भनेको सबै आर्थिक कारोबारको व्यवस्थित अभिलेख हो । भुक्तान सन्तुलनमा व्यापार सन्तुलन (भौतिक वा दृश्य वस्तु) का साथै अभौतिक वा अदृश्य सेवालाई पनि समावेश गरिन्छ । अभौतिक वा अदृश्य सेवाअन्तर्गत यातायात, ढुवानी, बैकिङ , बिमा र सञ्चार आदि पर्दछन् । यी अदृश्य सेवालाई पनि मौद्रिक मूल्यमा मापन गरिन्छ । त्यसैले कुनै एक निश्चित समयावधि खासगरी एक वर्षभित्रमा कुनै एक देशले विश्वका अन्य देशहरूसँग दृश्य वस्तु तथा अदृश्य सेवासँग सम्बन्धित सम्पूर्ण आर्थिक कारोबारको व्यवस्थित

अभिलेखलाई भुक्तान सन्तुलन भनिन्छ । भुक्तान सन्तुलनमा चालु खाता, पुँजी खाता र वित्तीय खाता गरी तीन किसिमका खाता हुन्छन् । यिनलाई भुक्तान सन्तुलनका अङ्ग पनि भनिन्छ । व्यापार सन्तुलनका तीन अवस्थाहरू रहेका छन् जुन निम्नानुसार छन् :

(क) अनुकुल वा बचत व्यापार सन्तुलन

आयातको कुल परिमाणभन्दा निर्यातको कुल परिमाण बढी भएको अवस्थालाई अनुकुल वा बचत व्यापार सन्तुलन भनिन्छ ।

(ख) प्रतिकुल वा घाटा व्यापार सन्तुलन :

आयातको कुल परिमाणभन्दा निर्यातको कुल परिमाण बढी भएको अवस्थालाई प्रतिकुल वा घाटा व्यापार सन्तुलन भनिन्छ ।

(ग) सन्तुलित व्यापार सन्तुलन :


आयात र निर्यात बराबर भएको अवस्थालाई सन्तुलित व्यापार सन्तुलन भनिन्छ ।

## नेपालको वैदेशिक व्यापार

नेपालको प्राचीनकालदेखि नै भारत र चीनसँग व्यापारिक सम्बन्ध रहेको थियो । लिच्छविकालमा नेपालका जडीबुटी, उनीको कम्बल, छाला, जनावरजन्य उत्पादन भारतको पाटलीपुत्रमा विक्री भएको कुरा भारतीय अर्थशास्त्री कौटिल्यले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । नेपालको वैदेशिक व्यापार सुरुदेखि नै सबैभन्दा बढी भारतसँग हुने गरेको थियो भने त्यसपछिको दास्रो ठुलो देश चीन हो । कुनै समय नेपालको ९९ प्रतिशतभन्दा बढी व्यापार भारतमा सीमित थियो । वि.सं. २००७ (सन् १९५१) भन्दा अगि नेपालको विदेश व्यापार भारत र चीनबाहेक संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका र फ्रान्समा मात्र सीमित थियो । तर नेपालको चौथो पञ्चवर्षीय योजना ( वि.सं. २०२७-२०३२) ले वैदेशिक व्यापारमा व्यापार विविधीकरणको सिद्धान्त अवलम्बन गरेपछि मात्र नेपालको वैदेशिक व्यापार समुद्रपारका देशहरूसँग हुन थालेको हो । आठौं पञ्चवर्षीय योजनाले खुला व्यापार नीति लियो । त्यसपछि नेपालले विश्वका विभिन्न मुलुकहरूसँग व्यापारिक सम्बन्ध बढाएको देखिन्छ । हाल नेपालले १५० भन्दा धेरै मुलुकसँग वैदेशिक व्यापार गर्ने गर्दछ । वैदेशिक व्यापारको प्रवृत्तिलाई तलको तालिकाबाट प्रस्ट पार्न सकिन्छ । हाल नेपालले निर्यात गरेका वस्तुहरू भटमासको तेल, उनी गलैंचा, चिया, फलफूलको जुस, अलैंची, रेडिमेड कपडा, जुटका सामान, आर्युवेदिक औषधी, चाँदीका सामान आदि छन् भने आयात गर्ने वस्तुहरूमा पेट्रोलियम पदार्थ, एल. पी. ग्याँस, टेलिभिजन, मोबाइल, कोइला, सवारी साधन पार्टपुर्जा, सुन हवाइजहाज पार्टपुर्जा, जुत्ता, तयारी कपडा, स्वास्थ्य सामग्रीहरू, विद्युतीय सामान, सञ्चार उपकरण आदि छन् । आयात निर्यातका वस्तुहरूबाट पनि हामी नेपालको वैदेशिक व्यापारको अवस्था आँकलन गर्न सक्छौं ।

नेपालको पछिल्लो चार वर्षको वैदेशिक व्यापारको अवस्था (रु. अरबमा)

| आर्थिक वर्ष | निर्यात | आयात | कुल | व्यापार सन्तुलन |
|---|---|---|---|---|
| २०७४/०७५ | ८१.४ | १२४५.१ | १३२६.५ | -११७३.७ |
| २०७५/०७६ | ९७.१ | १४१८.५ | १५१५.६ | -१३२१. ४ |
| २०७६/०७७ | ९७.७ | ११९६.८ | १२९४.५ | -१०९९.१ |
| २०७७/०७८ | ८०.७८ | ९४३.९९ | १०२४.८ | -८६३.२ |




*स्रोत : आर्थिक सर्वेक्षण २०७८/०७९*

माथिको तालिका अध्ययन गर्दा विगत चार वर्षमा निर्यातभन्दा आयात बढी देखिन्छ । पछिल्लो यसबाट नै हामी अनुमान गर्न सक्छौँ कि नेपालको व्यापार घाटामा अर्थात् प्रतिकूल अवस्थामा रहेको छ । निर्यातका सामाग्रीहरू कृषिजन्य, वनजन्य र कच्चा सामान छन् भने आयात गरिएका सामान पेट्रोलियम पदार्थ, मेसिनरी पार्टपुर्जाहरू, सुन चाँदी हिरामोती जस्ता महङ्गा सामानहरू छन् । त्यसैले पनि व्यापार घाटाको अवस्था रहेको हो भनी आकलन गर्न सकिन्छ । नेपालको व्यापार घाटा हुनुका केही कारणहरू र निर्यात प्रवर्धन गरी व्यापार घाटा नियन्त्रणका उपायहरू सम्बन्धमा तल तालिकामा प्रस्तुत गरिएको छ । नेपालमा केहीदशकदेखि यता राजस्वको दर बढ्दै गएको तथ्याङ्कले देखाएको छ । यसरी राजस्व बढ्नुमा करदाताले तत्परताका साथ कर तिरेको

कारणलेभन्दा पनि आयातमा भएको अत्यधिक वृद्धिले हो । आयातको दर बढेसँगै भन्सार कर, मूल्य अभिवृद्धि कर, अन्त शुल्क कर बढ्दै गएका कारणले राजस्वमा वृद्धि भएको देखिन्छ । यसरी आयात बढी निर्यात कम हुँदा व्यापार घाटाको अवस्था देखिन्छ ।

| व्यापार घाटा हुनुका कारण | व्यापार घाटा नियन्त्रणका उपायहरू |
|---|---|
| १. कृषि तथा औद्योगिक उत्पादन न्यून हुनु<br>२. स्वदेशी उत्पादनको वृद्धि गर्न नसक्नु ।<br>३. निर्यात प्रर्वद्दन गर्न देशगत र वस्तुगत विविधीकरण गर्न नसक्नु<br>४. खुला सीमानाका कारण चोरी निकासी कार्यलाई नियन्त्रण गर्न नसकिनु<br>५. सेवा व्यापारमा अपेक्षित वृद्धि नहुनु<br>६. औद्योगिक पूर्वाधारको विकास गर्न नसकिनु<br>७. तुलनात्मक लाभका वस्तुको पहिचानमा समस्या<br>८. निर्यातमा सामान्य वस्तुहरूको बाहुल्यता<br>९. उत्पादन तथा व्यापार सहयोगी शिक्षा प्रणालीको अभाव<br>१०. कमजोर आर्थिक कूटनीति<br>११. श्रममा आधारित परम्परागत उत्पादन प्रणालीका कारण लागत बढ्नु<br>१२. महामारीका कारण उत्पादन गतिविधी शिथिल हुनु । | १. कमजोर उत्पादनस्तरमा सुधार गर्दै जाने<br>२. प्रतिस्पर्धात्मक, तुलनात्मक लाभ र विविध किसिमका वस्तुहरूको उत्पादनमा बढोत्तरी गर्ने<br>३. धेरै उद्योगहरूसँग अन्तर आबद्धता भएका विशिष्ट वस्तुहरूको उत्पादनमा जोड दिने<br>४. उद्यमीमा विशिष्ट किसिमका वस्तुहरूको उत्पादनका लागि विविध खालको ज्ञान, सिप र क्षमताको अभिवृद्धि गराउने<br>५. विश्व व्यापार सङ्गठनले प्रदान गरेका सबै सुविधाको यथोचित उपयोग गर्ने ।<br>६. उपयुक्त लगानीको वातावरण सिर्जना गर्ने<br>७. सन्धि एवं सम्झौताको आवश्यकता अनुरूप संशोधन गरी अक्षरश: पालना गर्ने<br>८. सबल आर्थिक कूटनीति अख्तियार गरी निर्यात व्यापार बढाउने |

पन्ध्रौं योजनाले वैदेशिक व्यापार सम्बन्धमा अवलम्बन गरेका रणनीतिहरू

१. तुलनात्मक लाभ भएका कृषि, जडीबुटी, जलविद्युत् तथा पर्यटन जस्ता क्षेत्रको विकास गरी उत्पादन अभिवृदि गर्ने

२. उत्पादन अभिवृद्धि र अनावश्यक आयात नियन्त्रण गरी आयात प्रतिस्थापन गर्ने

३. वस्तुगत र देशगत निर्यात बजार विस्तार तथा व्यापार विविधिकरण गर्ने

४. शोधनान्तर स्थिति र बाह्य क्षेत्र सन्तुलित गर्ने

५. विदेशी विनिमय सञ्चिति गर्ने

## क्रियाकलाप

१. पाठमा दिइएको वैदेशिक व्यापारको अवस्थाको तालिकालाई स्तम्भ चित्रमा देखाउनुहोस् र आयात निर्यातको अवस्थाको विश्लेषण गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) वैदेशिक व्यापार भनेको के हो ?

(ख) व्यापार सन्तुलन भन्नाले के बुझिन्छ ?

(ग) बचत व्यापार भनेको के हो ?

(घ) घाटा व्यापार भनेको के हो ?

(ङ) नेपालमा व्यापार घाटा हुनुका कुनै दुई कारण लेख्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) व्यापार सन्तुलन भन्नाले के बुझिन्छ ? व्यापार सन्तुलनका तीन अवस्थाका बारेमा उल्लेख गर्नुहोस् ।

(ख) नेपालको वैदेशिक व्यापारको ऐतिहासिक विकासक्रमको बारेमा चर्चा गर्नुहोस् ।

(ग) नेपालमा वैदेशिक व्यापार घाटामा जानुका कुनै पाँच कारण उल्लेख गर्नुहोस् ।

(घ) नेपालमा वैदेशिक व्यापार घाटा नियन्त्रणका कुनै पाँच उपायहरू लेख्नुहोस् ।

(ङ) पन्ध्रौँ योजनाले वैदेशिक व्यापार सम्बन्धमा अवलम्बन गरेका रणनीति उल्लेख गर्नुहोस्

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा हरेक वर्ष वैदेशिक व्यापार घाटा बढ्दै गएको तथ्याङ्कबाट प्रस्ट रूपमा देख्न सकिन्छ । यसरी वैदेशिक व्यापार घाटा बढ्दै जानाका कारण र यसलाई नियन्त्रण गर्न सकिने उपायहरूको समीक्षा गर्नुहोस् ।

## पाठ ५ नेपालको वैदेशिक श्रमसम्बन्धी नीति

कुनै श्रमिक वा कामदारले आय आर्जनका लागि विदेशमा गएर काम गर्नुलाई वैदेशिक रोजगार भनिन्छ । नेपाली श्रम बजारमा हरेक वर्ष करिब पाँच लाख श्रमशक्ति थपिन्छन् भनी पन्ध्रौँ पञ्चवर्षीय योजनामा उल्लेख गरिएको छ । तर मुलुकमा आफ्नो योग्यता, क्षमता र आवश्यकताअनुसारको रोजगारीको अवसर नपाउँदा वैदेशिक रोजगारी महत्त्वपूर्ण विकल्पका रूपमा देखा परेको छ । नेपालमा सुगौली सन्धिपश्चात् नेपाली सेनाहरूलाई ब्रिटिस सेनामा भर्ती गर्न थालिएबाट नै वैदेशिक रोजगारीको प्रचलन सुरु भएको देखिन्छ । नेपालले वैदेशिक रोजगारीका लागि व्यक्तिगत रूपमा १६७ मुलुक र संस्थागत रूपमा ११० मुलक खुला गरेको छ तर हालसम्म नेपालले श्रम स्वीकृति लिएका मुलुकहरू क्रमश: कतार, मलेसिया, साउदी अरब, युएई, कुवेत, बहराइन, ओमान, दक्षिण कोरिया, लेबनान, इजरायल, अफगानिस्तान र जापान रहेका छन् । वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकबाट पठाएको विप्रेषण रकमको कुल गार्हस्थ उत्पादनमा योगदान राम्रै देखिन्छ । नेपाल राष्ट्र बैङ्क, २०७८ को तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७६/०७७ मा विप्रेषण आप्रवाह कुल गार्हस्थ उत्पादनको २२.५० प्रतिशत रहेकामा आर्थिक वर्ष २०७७/०७८ मा २२.४७ प्रतिशत रहेको छ । नेपाल जस्तो आर्थिक रूपमा विपन्न मुलुकका लागि वैदेशिक रोजगार धेरैका लागि बाध्यता पनि हो । वैदेशिक रोजगारीले नेपालमा गरिबी निवारण तथा जनताको जीवनस्तर उकास्नमा मदत पुऱ्याएको देखिन्छ । तसर्थ वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो, प्रतिफलयुक्त बनाउने र प्राप्त विप्रेषणलाई उत्पादनमुलक क्षेत्रमा परिचालन गर्नु नै आजको समयको माग र आवश्यकता पनि हो । उपयुक्त ज्ञान, सिप र क्षमताको अभाव, गन्तव्य मुलुकको बारेमा जानकारीको अभाव, वैदेशिक रोजगारीका नाममा बढ्दै गएको ठगी, अभिलेखमा नआएका कामदार, आवश्यकताबमोजिम सेवा तथा न्यायमा पहुँचको अभाव, कमजोर सुरक्षा तथा संरक्षण आदि जस्ता समस्याहरू वैदेशिक रोजगारीमा देखिएका छन् । वैदेशिक रोजगारीमा देखिएका यस्ता किसिमका समस्याहरूको निराकरणका लागि नेपाल सरकारले काम गरिरहेको देखिन्छ । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि राष्ट्रिय रोजगार नीति २०७१, वैदेशिक रोजगार नीति २०६८, वैदेशिक रोजगार ऐन तथा नियमावली २०६४ कार्यान्वायनमा रहेका छन् । यसै ऐन तथा नियमावलीका आधारमा पन्ध्रौँ योजनाले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने उद्देश्य लिएको छ ।

### नेपालको वैदेशिक रोजगारसम्बन्धी नीति

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नुका साथै दक्ष र व्यावसायिक श्रम शक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबिच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारबाट आर्जित पुँजी, सिप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । वैदेशिक रोजगार नीति २०६८ अनुसार, वैदेशिक रोजगारका प्रमुख नीतिहरू निम्नअनुसार रहेका छन् :

१. अन्तर्राष्ट्रिय श्रमबजारमा रोजगारीका अवसरहरू पहिचान तथा प्रवर्धन गर्ने

२. वैदेशिक रोजगारीबाट अधिकतम लाभ लिन प्रतिस्पर्धात्मक क्षमता भएका दक्ष जनशक्तिको विकास गर्ने

३. वैदेशिक रोजगारको प्रत्येक चरण सरल, पारदर्शी, विश्वसनीय, सङ्गठित र सुरक्षित बनाउने

४. श्रम बजारमा महिला कामदारहरूको सरोकारलाई सम्बोधन गर्न र समग्र आप्रवास चक्रमा उनीहरूको अधिकार सुनिश्चित गर्ने

५. वैदेशिक रोजगार व्यवस्थापनमा सुशासनको प्रत्याभूत गर्ने

६. वैदेशिक रोजगार व्यवस्थापनमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोत परिचालन गर्दै क्षेत्रगत साझेदारीको अभिवृद्धिबाट सहकार्य प्रवर्धन गर्ने

७. सम्भव भएसम्म विप्रेषणलाई मानव अधिकार र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने

पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/०७७ - २०८०/०८१) ले राखेका वैदेशिक रोजगारसम्बन्धी नीतिगत व्यवस्थाहरू निम्नअनुसार रहेका छन् :

१. वैदेशिक रोजगार कल्याणकारी कोषलाई थप प्रभावकारी बनाउन कामदारको वर्गीकरणअनुसार योगदान गर्न व्यवस्था गरिने छ।

२. वैदेशिक रोजगारमा जानेहरूलाई आवश्यक तालिम र प्रशिक्षणद्वारा सिप विकास गरेर मात्र वैदेशिक रोजगारमा पठाउन आवश्यक व्यवस्था गरिने छ।

३. वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सिप र अनुभवलाई प्रमाणिकरण गरी उद्यमशीलता विकासमा उपयोग गरिने छ।

४. रोजगारका विषयमा स्वदेश तथा विदेशमा भएका अभ्यासहरूबाट लाभ लिन ज्ञान आदानप्रदानको केन्द्र स्थापना गरिने छ।

५. प्रमुख गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गर्नुका साथै विदेशमा रहेका नेपाली श्रमिकहरूको हक हितको संरक्षण र सामाजिक सुरक्षाका लागि श्रम कुटनीति अबलम्बन गरिने छ।

६. गन्तव्य मुलुकमा कामदारको हक हित संरक्षण, प्रवर्धन र उद्दारका लागि त्यहाँ रहेका सेवा प्रदायक, गैरआवासीय तथा प्रवासी नेपाली सङ्घ सङ्गठन र प्रतिष्ठित रोजगारदाता कम्पनीसँग प्रभावकारी समन्वय कायम गरिने छ।

७. सबै सरोकारवालाको प्रतिनिधित्व रहने गरी वैदेशिक रोजगार परिषद्को स्थापना गरिने छ।

८. देशलाई आवश्यक पर्ने जनशक्तिको पहिचान र व्यवस्थापन गर्दै जगेडा श्रमिकलाई गन्तव्य मुलुकसँग श्रम सम्झौता गरी वैदेशिक रोजगारमा पठाउने व्यवस्था गरिने छ।

९. भारतमा रोजगारीका लागि जाने कामदारले स्थानीय तहमा दर्ता हुने, परिचय पत्र जारी गर्ने र बिमा कल्याणकारी कोषमा आबद्ध गराउने कानुनी व्यवस्था कार्यान्वायन गरिनेछ।

१०. वैदेशिक रोजगारमा संलग्न परिवारका सदस्यहरूमा वित्तीय साक्षरता तथा वित्तीय पहुँच अभिवृद्धि गरिने छ ।

११. वैदेशिक रोजगारमा जानेहरूका पूर्व अभिलेख राखि त्यसलाई सुरक्षित, व्यवस्थित एवम् मर्यादित बनाइने छ ।

नेपालमा वैदेशिक रोजगारीलाई व्यवस्थापन र नियमन गर्नका लागि नीतिगत मात्र नभएर संस्थागत व्यवस्थाहरू पनि गरिएका छन् । वैदेशिक रोजगारीलाई व्यवस्थापन र नियमन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र त्यसअन्तर्गत वैदेशिक रोजगार विभाग तथा अन्य विभिन्न निकायहरू पनि कार्यरत छन । वैदेशिक रोजगारीको प्रवर्द्धन, कल्याणकारी कार्य र सचेतना अभिवृद्धिसम्बन्धी कार्य सम्पादनका लागि वैदेशिक रोजगार प्रवर्धन बोर्ड क्रियाशील छ । वैदेशिक रोजगारसम्बन्धी विभागबाट भएका अध्ययन अनुसन्धानको न्यायिक पुनरवलोकनका लागि विशेषज्ञ अदालतका रूपमा वैदेशिक रोजगार न्यायाधीकरण रहेको छ । वैदेशिक रोजगारमा गएका कामदारसहित विदेशमा नेपाल र नेपालीको हित संरक्षणको लागि नेपाली दूतावासहरू रहेका छन् । वैदेशिक रोजगार व्यवसाय संचालनको लागि इजाजत प्राप्त वैदेशिक रोजगार व्यवसायीहरू रहेका छन् । कामदारको स्वास्थ्य परीक्षणका लागि वैदेशिक रोजगार स्वास्थ्य परीक्षण संस्थाहरू रहेका छन् । कामदारको बीमाका लागि बिमा कम्पनीहरू रहेका छन् । यसरी वैदेशिक रोजगारीमा जानेहरूका लागि सरकारले ल्याएको बिमा कार्यक्रमलाई प्रभावकारी रूपले कार्यान्वायन गर्नुपर्ने देखिन्छ । त्यस्तै वैदेशिक रोजगारीमा गएर मर्नेका छोराछोरीलाई दिइने हालको छात्रवृत्ति रकममा बढोत्तरी गर्नुपर्ने पनि देखिन्छ । वैदेशिक रोजगार विभागले विदेशमा काममा जानेका लागि गर्ने गरेको तालिम कार्यक्रमलाई अनिवार्य र व्यवस्थित बनाइनु पर्छ ।

वैदेशिक रोजगारलाई व्यवस्थित, प्रभावकारी र नियमनका लागि गरिएका नीतिगत र संस्थागत प्रयासहरू हुँदा हुँदै तिनीहरूको कार्यान्वयनमा चुनौती देखिएका छन् । ती चुनौतिलाई निम्नअनुसार प्रस्तुत गरिएका छन् :

१. संविधानमा उल्लिखित श्रम तथा रोजगारीको मौलिक हकको कार्यान्वयन गर्नु

२. उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्नु

३. अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु

४. श्रम निरीक्षण र नियमनलाई प्रभावकारी बनाउनु

५. श्रम बजारको मागअनुरूप सिपयुक्त श्रमशक्तिको विकास गर्नु

६. शिक्षालाई व्यावहारिक र रोजगारमुलक बनाई उद्यमशीलता विकास गर्नु

७. असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धिमार्फत आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो बनाउनु

८. प्रमुख गन्तव्य मुलुकसँग द्विपक्षीय श्रम सम्झौता गर्नु

९. गन्तव्य मुलुकमा कामदारको सुरक्षा गर्नु

१०. वैदेशिक रोजगारविाट सिर्जित संरचनागत जोखिमहरू कम गर्दै यसबाट प्राप्त पुँजि, प्रविधि तथा ज्ञान र सिपलाई उत्पादनशील क्षेत्रमा आन्तरिक उपयोग गर्नु ।

## क्रियाकलाप

१. तपाईंका आफन्त वा समुदायका वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई भेट्नुहोस् र वैदेशिक रोजगारमा रहँदा उहाँले भोगेका सहजता वा असहजताका सम्बन्धमा सोधखोज गरी एउटा दैनिक पत्रिकाका लागि लेख लेख्नुहोस् ।

२. नेपाल सरकारले वैदेशिक रोजगार सम्बन्धमा गरेका नीतिहरू र तिनको कार्यान्वायनको विषयमा समीक्षात्मक टिप्पणी गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) वैदेशिक रोजगार भन्नाले के बुझिन्छ ?

(ख) हाल नेपाल सरकारले संस्थागत रूपमा कतिओटा देशसँग वैदेशिक रोजगारीका लागि खुला गरेको छ ?

(ग) वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने उद्देश्यले नेपाल सरकारले गरेको कुनै दुई नीतिगत व्यवस्था उल्लेख गर्नुहोस् ।

(घ) वैदेशिक रोजगारको सम्बन्धमा देखिएका कुनै दुई समस्या उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) "वैदेशिक रोजगार रहर नभई बाध्यता हो ।" भन्ने वाक्यलाई उदाहरणसहित पुष्टि गर्नुहोस्

(ख) नेपालमा वैदेशिक रोजगारमा जानेहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दै जानुका कारणहरू उल्लेख
गर्नुहोस् ।

(ग) वैदेशिक रोजगार नीति, २०६८ ले व्यवस्था गरेका प्रमुख नीतिहरू लेख्नुहोस् ।

(ग) वैदेशिक रोजगारलाई अझ व्यवस्थित गर्नका लागि के के गर्नुपर्ला ? पाँच बुँदामा उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) पन्ध्रौं आवधिक योजनाले व्यवस्था गरेका वैदेशिक रोजगारसम्बन्धी नीतिगत व्यवस्थाहरू उल्लेख गर्नुहोस् ।

(ख) नेपालको वैदेशिक रोजगारसम्बन्धी नीतिगत व्यवस्थाहरू, तिनीहरूको कार्यान्वायनका चुनौती र समाधानका उपाय  उल्लेख गर्नुहोस् ।

## पाठ ६ नेपालमा गरिबी चक्र र सम्बोधनका उपायहरू

मानवीय आवश्यकताअनुसार जीवनयापन गर्न नसकेको अवस्था नै गरिबी हो । अर्थात आधारभूत आवश्यकताहरू गास, बास, कपास, शिक्षा, स्वास्थ्य, ज्ञान, सिप, क्षमता र स्रोत साधनबाट बञ्चितिको अवस्थालाई गरिबी भनिन्छ । जहाँ मानिस आफ्ना आधारभूत आवश्यकताहरू पर्याप्त र पोषणयुक्त खाना, लत्ता कपडा, आवास, स्वच्छ खानेपानी, स्वास्थ्य सुविधा र सुरक्षाबाट बञ्चित हुन्छन् । विश्व बैङ्कका प्रतिवेदनअनुसार, न्यूनतम जीवनस्तर कायम गर्न नसक्नु गरिबी हो । गरिबी निवारण नीति, २०७६ ले गरिबी मापनका केही आधारहरू तोकेको छ । ती हुन्: उपभोग, आवश्यकताको परिपूर्ति सक्षमता, गुणस्तरीय जीवन, असमानता र विभेद, मानव अधिकार । यसबाट के बुझ्न सकिन्छ भने गरिबी एक बहुआयामिक अवधारणा हो । सामान्यतया गरिबी दुई प्रकारका हुन्छन् ।

(क) **निरपेक्ष गरिबी :** एउटा व्यक्तिले आफ्ना न्युनतम आधारभूत आवश्यकता जस्तै: खाना, कपडा, घर, सुरक्षित खानेपानी, स्वास्थ्य सेवाहरू, प्राथमिक शिक्षा आदि हाँसिल गर्न सक्दैन भने त्यसलाई निरपेक्ष गरिबी भनिन्छ । स्मिथ र टोडारोका अनुसार, निरपेक्ष गरिबी भनेको न्युनतम जीवनस्तर कायम राख्न खाना, लुगा र बास जस्ता आधारभूत भौतिक आवश्यकता पूरा गर्न आवश्यक न्युनतम आयस्तर नभएको अवस्था हो । विश्व बैङ्कले दैनिक १.९ अमेरिकी डलरभन्दा कम आम्दानी हुने व्यक्तिलाई निरपेक्ष गरिबी मानेको छ । पन्ध्रौं योजनाअनुसार नेपालमा हाल १८.७ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् ।

(ख) **सापेक्ष गरिबी :** व्यक्तिले आफ्नो आम्दानीबाट आफ्ना आधारभूत आवश्यकता पूरा गर्न सक्छ तर उसको आयस्तर बाँकी समुदायको आम्दानीभन्दा कम हुन्छ । अर्को शब्दमा भन्नु पर्दा समुदायको औसत आम्दानीभन्दा न्युनस्तरको आम्दानीको अवस्थालाई सापेक्ष गरिबी भनिन्छ । यसरी हेर्दा सापेक्ष गरिबी तुलनात्मक हुन्छ आयको असमान वितरणसँग सम्बन्धित छ अर्थात अरूको तुलनामा आम्दानीस्तर न्यून हुन्छ ।

### गरिबीको चक्र


एउटा छोटो घटना अध्ययन गरौँ :

*हर्कबहादुर अशिक्षित भएका कारणले उसले सोचे जस्तो काम पाउन सकेन । उससँग खेती गर्नका लागि जमिन छैन त्यसैले मजदुरी गरेर आफ्नो जीवन गुजारा चलाउने गरेको छ । उसको ज्याला अत्यन्त न्यून भएकाले उसका छोरा छोरीले पनि पोषणयुक्त खाना, शिक्षादीक्षा आदि प्राप्त गर्न सकेनन् । त्यसैले उसका परिवारका सदस्य पनि स्वस्थ र सिपयुक्त भएनन् । शिक्षा, सिप, पुँजीको अभावमा उसका छोराछोरी पनि बाबु जस्तै अत्यन्तै न्यून ज्याला प्राप्त गर्ने मजदुरका रूपमा काम गरिरहेका छन् । त्यस्तै पर्याप्त मात्रामा पोषण तत्त्व भएका खाना खान नपाएका कारणले उनीहरूको स्वास्थ्य अवस्था पनि राम्रो छैन । त्यसैले भनेजस्तो शारीरिक परिश्रमका काम पनि गर्न सकेनन् । कार्य क्षमताका अभावका कारणले उनीहरूको आम्दानी पनि कम हुँदै गयो । आम्दानी*


*कम भएपछि हर्कबहादुरका छोराछोरी पनि बाबु जस्तै गरिबी जीवन जिउन बाध्य भए र गरिबीकै चक्रमा रुमल्लिरहेका छन् । वास्तवमा यही नै गरिबीको चक्र हो ।*

विद्यार्थी यहाँ हर्कबहादुरको अवस्था जस्तै गरिबी एउटा यस्तो चक्र हो जसले चक्रिय रूपमा गरिबीका कारणले नै गरिबीको जन्म र विस्तार हुन्छ भन्ने कुरालाई जनाउँदछ । अर्थात् गरिबीले गरिबीकै सिर्जना गर्ने एउटा चक्रलाई गरिबीको चक्र भनिन्छ यस्तो चक्रलाई गरिबीको दुश्चक्र पनि भनिन्छ । त्यसकारण गरिबी चक्र भनेको मानिसलाई गरिबीको अवस्थामा रहिरहन बाध्य पार्ने एउटा घुमाउरो संयन्त्र हो । गरिबीको चक्रले एउटा व्यक्ति वा राष्ट्र गरिब भएकै कारणले नै पुन: गरिबीमा पुग्छ भन्ने कुरा देखाउँछ । अर्थशास्त्री Ragner Nurkus भन्दछन् “एउटा देश गरिब भएकाले झन् गरिब हुन्छ ।” गरिबी एउटा यस्तो तत्त्व हो जसले निरन्तर गरिबीभित्र नै परिक्रमा गरिरहन्छ । एउटा रोटेपिङको पिर्का जुन स्थानबाट घुमाउन सुरु गरे पनि त्यसले आफ्नो चक्र पूरा गर्दा पुन: त्यही ठाउँमा आइपुग्दछ । ठिक त्यस्तै गरिबीको चक्र पनि अभावबाट सुरु भई अभावमा नै आएर टुङ्गिन्छ । नेपालमा आर्थिक विकासको अवरोधका रूपमा यस चक्रलाई लिने गरिन्छ । गरिबीलाई माग पक्ष र पुर्ती पक्षबाट हेर्न सकिन्छ ।

पूर्ति पक्षबाट गरिबी चक्र




माग पक्षबाट गरिबी चक्र




नेपाल सरकारले गरिबी निवारणका लागि प्रशस्त प्रयासहरू गर्दै आएको छ । नेपालको संविधानले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दै सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने नीति अङ्गीकार गरेको छ । विगत दुई दशकदेखि गरिबी निवारणलाई विकास प्रयासको प्राथमिकतामा राखी कार्यक्रमहरू सञ्चालन गरिएको छ । हाल ५० भन्दा बढी गरिब घर परिवार लक्षित कार्यक्रमहरू २३ जिल्लामा सञ्चालन भइरहेका छन् । यस्ता कार्यक्रमहरू वास्तविक लक्षित वर्गमा मात्र केन्द्रित हुने सुनिश्चित गर्न घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम सञ्चालन गरेको छ । आर्थिक असमानता न्यूनीकरण गर्न एवम् गरिबीको रेखामुनी रहेको जनसङ्ख्या वि.सं. २०८७ सम्म ५ प्रतिशतमा र वि.सं. २१०० सम्म शून्य प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । त्यस्तै गरी आर्थिक वर्ष २०८०/०८१ सम्ममा निरपेक्ष

गरिबीलाई १० प्रतिशतभन्दा कममा झार्ने र बहुआयामिक गरिबीलाई ११.५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ।

### नेपालका लागि गरिबी चक्रका सम्बोधनका उपाय

नेपालमा यसरी अझै पनि गरिबीको रेखामुनि रहेर बाँच्न बाध्य जनसङ्ख्या रहेका छन् । यसरी गरिबी बढ्दै जानुका कारणहरूमा तीव्र जनसङ्ख्या वृद्धि, बेरोजगारी र अर्ध बेरोजगारी, जीवन निर्वाहमुखी कृषि प्रणाली, असमानता, सुस्त ग्रामीण विकास, सुस्त औद्योगीकीकरण आदि रहेका छन् । यस्तो अवस्थामा रहेको गरिबी चक्र तोड्ने उपाय निम्नअनुसार रहेका छन् :

१. रोजगारीका अवसरहरूको सिर्जना

बेरोजगारी र अर्ध बेरोजगारी नेपालमा गरिबीको मुख्य कारण हो । त्यसैले रोजगारीका अवसरहरू सिर्जना गरी जनताको सामाजिक तथा आर्थिक स्थिति माथि उठाउन सकिएमा जनताको जीविकोपार्जनका साथै गरिबी निवारण गर्न सकिन्छ ।

२. ग्रामिण क्षेत्रमा पूर्वाधारहरूको विकास

ग्रामीण क्षेत्रमा पूर्वाधार विकासका लागि गरिएको लगानीले ग्रामीण जनतामा अवसर र उत्पादकत्व बढाउन मदत गर्छ । यसबाट कृषि क्षेत्रमा रोजगारीको अवसर बढ्नुका साथै गरिबहरूको आम्दानीमा वृद्धि हुन्छ ।

३. मानव पुँजीमा लगानी

गरिबी निवारणको अर्को महत्त्वपूर्ण उपाय भनेको मानव पुँजीमा लगानी हो । तसर्थ शिक्षा, स्वास्थ्य, रोजगार प्रवर्धनका कार्यक्रम आदिमा लगानी गरिनुपर्छ । यसबाट जनताको शारीरिक, मानसिक, शैक्षिक क्षमतामा वृद्धि हुन्छ ।

४. महिला सशक्तीकरण

महिला सशक्तीकरण लैङ्गिक समानताका क्षेत्रमा एउटा महत्त्वपूर्ण कदम हो । तसर्थ महिला सशक्तीकरणका कार्यक्रमहरूले महिलाहरूलाई उनीहरूको शिक्षा, स्वास्थ्य, रोजगार आदिमा अवसर प्रदान गर्छ र गरिबी निवारणमा मदत पुग्छ ।

५. सिप विकास कार्यक्रम र प्रशिक्षण

युवाहरूका लागि प्लम्बर, इलेक्ट्रिसियन, वेल्डर, मेकानिक्स, कुक, ब्युटिसियन जस्ता सिप विकासका कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ । यस्ता सिप विकासका प्रशिक्षण तालिमले स्वरोजगार, रोजगारको अवसर दिलाई गरिबी निवारणमा मदत पुग्छ ।

६. सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता पनि निरपेक्ष गरिबी निवारणको एउटा उपाय हुन सक्छ । यसले कमजोर वर्गलाई सुरक्षा प्रदान गर्छ, जस्तैः नेपालमा पनि वि.सं. २०५१ सालदेखि जेष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएकाहरूलाई सामाजिक सुरक्षा भत्ता दिइएको छ ।

७. लक्षित समूह कार्यक्रम

गरिबी निवारण कार्यक्रम गरिबहरूप्रति लक्षित हुनु आवश्यक छ । यस्ता कार्यक्रमहरू कम उत्पादकत्व र रोजगारीको अवसर कम भएका समुदायमा सञ्चालन गरिनु पर्छ । यस्ता कार्यक्रमहरूले गरिब, विपन्न, पिछडिएका वर्ग र समुदायका मानिसलाई उत्थान गर्न उपयोगी हुन्छ ।

८. गरिबहरूको सहभागिता र पहुँच

गरिब लक्षित कार्यक्रमले गरिबहरूको उत्पादन तथा उत्पादकत्व क्षमता अभिवृद्धि गराउने र अवसरहरू उपलब्ध गराउने किसिमको हुनुपर्छ । गरिबहरूलाई सहुलियत ऋणको व्यवस्था, कर प्रोत्साहन र अनुदान वितरण गरिनुपर्छ । यसरी गरिबी निवारणका हरेक कार्यक्रमहरूमा गरिबहरूको सहभागिता र पहुँच अभिवृद्धि हुन सकेमा गरिबी निवारणमा मदत पुग्छ ।

## क्रियाकलाप

१. नेपालमा गरिबी निवारणका लागि भएका प्रयास खोजी गरी तिनीहरूलाई समेटेर समाचारको नमुना तयार गर्नुहोस् ।

२. तपाईंको समुदायका गरिबहरूको उत्थानका लागि स्थानीय तह, समुदाय र व्यक्तिले कस्तो योगदान पुऱ्याउन सक्छ ? छुट्टाछुट्टै उल्लेख गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) गरिबी भन्नाले के बुझिन्छ ?

(ख) सापेक्ष र निरपेक्ष गरिबीका बिचमा फरक छुट्याउनुहोस् ।

(ग) गरिबीको चक्र भनेको के हो ?

(घ) पन्ध्रौँ पञ्चवर्षीय योजनाअनुसार नेपालमा हाल कति प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् ?

(ङ) गरिबी निवारणका लागि नेपालमा भएका कुनै दुई प्रयास उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) गरिबी भनेको के हो ? गरिबीका प्रकारहरूको व्याख्या गर्नुहोस् ।

(ख) गरिबीको चक्र भनेको के हो ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(ग) नेपालमा गरिबीको दर बढ्नाका कारणहरू के के हुन् ?

(घ) नेपालमा गरिबीको चक्र तोड्ने कुनै पाँच उपाय उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा विद्यमान गरिबीको चक्र तोड्नका लागि कस्ता कस्ता उपायहरू अबलम्बन गर्न सकिन्छ ? छोटकरीमा व्याख्या गर्नुहोस् ।

(ख) गरिबीको चक्रको चित्रसहित व्याख्या गर्नुहोस् ।

एकाइ ११ **शिक्षा र सामाजिक विकास**

१. शिक्षा, मानव संसाधन र रोजगारीको अन्तरसम्बन्ध वर्णन गर्न

२. शिक्षामा पहुँच, समावेशिता र सामुदायिक सहभागिताको अवस्था विश्लेषण गर्न

३. शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तन र प्रभावहरू खोजी गर्न



## पाठ १ शिक्षा र मानव संसाधन विकास

शिक्षालाई कसैले ज्ञानको ज्योति कसैले व्यक्तिमा रहेको अर्न्तनिहित प्रतिभालाई प्रस्फुटन गराउने माध्यम त कसैले मानिसलाई गुणात्मक जीवनयापनका लागि तयारी हुन दिइने तालिम वा ज्ञानका रूपमा लिइएको पाइन्छ । यी सबैका विचारहरूका आधारमा हामी भन्न सक्छौँ कि साँच्चै शिक्षा ज्ञान आर्जन गर्ने माध्यम हो । त्यस्तै गरी देश विकासको मूल मेरुदण्ड र दक्ष जनशक्ति विकासको मुख्य माध्याम पनि हो । यति मात्र हो र शिक्षाले व्यक्तिलाई विभिन्न विषयवस्तुको जानकारी प्रदान गरेर, विभिन्न सिप र तालिममार्फत राष्ट्रका लागि आवश्यक मानव संसाधन विकास गरिरहेको हुन्छ । अनुशासन, नैतिकता, जिम्मेवारी वहन, सदाचार, प्रविधिको पहुँच, संस्कार र संस्कृतिको प्रवर्धन जस्ता गुण र सिपको विकास गरी देशका लागि आवश्यक मानव संसाधन विकास गर्नु शिक्षाको मुख्य लक्ष्य हो । शिक्षाका बारेमा यति धेरै कुरा गरिरहँदा शिक्षालाई एउटै शब्दमा बहुआयामिक माध्यम भनेर पनि भन्न सकिन्छ किनभने शिक्षाले सामाजिक क्रियाकलापहरूमा सकारात्मक रूपले सोच्ने र सहभागी हुने, समाजलाई गतिशील तुल्याउन सक्ने, व्यक्तिलाई प्रतिस्पर्धी बनाउने र विश्वसमुदायबिच समाजलाई चिनाउन सक्ने मानव संसाधनको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

### मानव संसाधन र मानव संसाधन विकासको प्रक्रिया

साधारण रूपले बुझ्दा सम्पूर्ण मानव समुदाय नै मानव संसाधन हो किनभने कुनै पनि कार्य सम्पन्न गर्नका लागि सामान्य तथा प्राविधिक दुवै किसिमका जनशक्तिको आवश्यकता पर्दछ । त्यसैले मानव संसाधन विकासअन्तर्गत सामान्य कामदारदेखि उच्च तथा दक्ष प्राविधिकसम्मका सबै जनशक्ति पर्दछन् । देशको आर्थिक, सामाजिक, सांस्कृतिक र वैज्ञानिक उन्नतिका लागि मानव संसाधनको आवश्यकता पर्छ, जस्तै : किसान, व्यापारी, डाक्टर, इन्जिनियर, वकिल, पाइलट, शिक्षक, कर्मचारी, नर्स, प्रशासक, डकर्मी, सिकर्मी आदि सबै मानव संसाधनका उदाहरण हुन् ।

राष्ट्रिय योजना आयोगका अनुसार "मानव संसाधन भनेको देशका जनतामा अर्न्तनिहित काम गर्नका लागि चाहिने ज्ञान, सिप, दक्षता, शारीरिक र मानसिक क्षमता हो ।" यसबाट के बुझ्न सकिन्छ भने देशमा आर्थिक विकासका क्रियाकलाप सञ्चालनका लागि आवश्यक पर्ने मानवीय कार्यकुशलता, क्षमता, दक्षता, सिप आदि भएका मानिस नै मानव संसाधन हुन् भने यसरी देशका जनता अथवा श्रमशक्तिको गुण र दक्षतामा अभिवृद्धि गर्ने प्रक्रियालाई नै मानव संसाधन विकास भनिन्छ । मानव संसाधन विकास भनेको जनशक्तिका व्यक्तिगत तथा संस्थागत ज्ञान, सिप र क्षमता विकास गर्न सहयोग पुऱ्याउने एउटा प्रक्रिया हो । उसले संस्थाका जनशक्तिहरूका ज्ञान, सिप र क्षमतालाई उत्कृष्ट रूपमा विकास गरी संस्थाका लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने उद्देश्य राख्दछ । यसअन्तर्गत शिक्षा, तालिम, कोचिङ, कार्यगत तालिम, मानव संसाधन योजना र व्यवस्थापनलगायतका क्षमता विकासका कार्य पर्दछन् ।

## मानव संसाधन विकासका तरिका

मानव संसाधन विकास औपचारिक तथा अनौपचारिक दुवै किसिमबाट गर्न सकिन्छ, जस्तैः शिक्षालयमा दिइने शिक्षा, प्रशिक्षण केन्द्रहरूमा दिइने तालिम तथा संस्थाले योजनाबद्ध रूपमा गर्ने प्रयत्नहरू सबै औपचारिक मानव संसाधन विकासका उपायहरू हुन् । त्यस्तैगरी कार्यस्थलमा पुराना जनशक्ति वा प्रबन्धकले नयाँ कामदारलाई सिकाउने कार्य, कामदार आफैँले प्रयत्न गरेर सिक्ने कार्य आदि चाहिँ अनौपचारिक मानव संसाधन विकासका उपाय हुन् ।

> **मानव संसाधन विकासको महत्त्व**
>
> १. देशमा उपलब्ध प्राकृतिक स्रोत र साधनको सदुपयोग गर्न
> २. औद्योगिक विकास गर्न
> ३. आर्थिक विकासका पूर्वाधारहरूको विकास गर्न
> ४. देशलाई आत्मनिर्भर बनाउन
> ५. बदलिँदो प्रविधिसँग परिचित हुन र बेरोजगारी समस्या समाधान गर्न
> ६. आर्थिक विकासका योजनाको तर्जुमा र कार्यान्वायन गर्न

मानव संसाधन विकास प्रक्रिया पूर्व सेवाकालीन र सेवाकालीन गरी दुवै किसिमका हुन्छन् । कुनै व्यक्तिले कुनै संस्थाको सेवामा प्रवेश गर्नुभन्दा अगाडि उक्त सेवाका लागि आवश्यक पर्ने ज्ञान, सिप र क्षमता हासिल गर्ने वा गराउने तरिकालाई पूर्वसेवाकालीन मानव संसाधन विकास भनिन्छ । त्यस्तै गरी व्यक्तिले संस्थाको सेवामा प्रवेश गरिसकेपछि प्रदान गरिने तालिम, सल्लाह सुझाव, कार्यगत तालिमलगायतका ज्ञान, सिप र क्षमता विकास गर्ने तरिकालाई सेवाकालीन मानव संसाधन विकास भनिन्छ । नेपालमा मानव संसाधन विकासका लागि प्रयोग हुँदै आएका तरिकाहरूको सम्बन्धमा विस्तृत रूपमा चर्चा गरौँ ।

### १. शिक्षा

विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयहरूमा प्रदान गरिने औपचारिक शिक्षा नै मानव संसाधन विकास गर्ने मुख्य तरिका हो । शिक्षा मुख्यतः पूर्व सेवाकालीन भए पनि कतिपय अवस्थामा सेवाकालीन रूपमा पनि प्रदान गरिन्छ । एउटा व्यक्तिलाई उसको पेसागत जीवनमा आवश्यक पर्ने ज्ञान, सिप र क्षमता विकास गर्न शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ । त्यसकारण राज्यले मानव संसाधन विकास गर्नका लागि शिक्षामा ठुलो लगानी गरेको हुन्छ । शिक्षक, डाक्टर, नर्स, इन्जिनियर, पाइलट, वकिल, व्यवस्थापकलगायत विभिन्न प्रकारका मानव संसाधन विकास गर्ने काम शिक्षाले नै गरेको हुन्छ ।

### २. तालिम/प्रशिक्षण

तालिम तथा प्रशिक्षण पनि मानव संसाधन विकासको अर्को महत्त्वपूर्ण तरिका हो । कतिपय प्रशिक्षण केन्द्र तथा शिक्षालयहरूले विशेष सिप विकास गर्ने तालिम प्रदान गर्दछन्, जस्तै : कुक तालिम, सिकर्मी तालिम, भेटेरिनरी तालिम, शिक्षक तालिम, मेकानिक्स तालिम, ब्युटिसियन तालिम, सिलाइबुनाई तालिम आदि । यस्ता तालिमहरू पूर्वसेवाकालीन र सेवाकालीन, त्यस्तै गरी औपचारिक र अनौपचारिक दुवै प्रकारका हुन्छन् । कुनै एक क्षेत्रमा

विशेष दक्षता हासिल गराउने उद्देश्यका साथ मानव संसाधन विकास तालिम/प्रशिक्षण प्रदान गरिन्छ। तालिम छोटो तथा लामो दुवै अवधिका हुन सक्छन्।

## ३. कोचिङ

कोचिङ एउटा दैनिक रूपमा जनशक्ति र उसको निरीक्षक वा सुपरिवेक्षकबिच भइरहने अन्तरक्रिया हो। यस प्रक्रियामा निरीक्षक वा सुपरिवेक्षकले कामदारलाई सूचना, जानकारी तथा सल्लाह सुझाव प्रदान गर्दछन्। यसमा जनशक्तिको कार्यसम्पादनबारे सकारात्मक पृष्ठपोषण दिनुका साथै उसको कार्यसम्पादनमा भएका कमी कमजोरीप्रति ध्यानाकर्षण गराई त्यसलाई सुधार गर्न आवश्यक सहयोग पनि गरिन्छ। यो मुख्य गरी अनौपचारिक र सेवाकालीन रूपमा गरिन्छ। यसको उद्देश्य भनेको जनशक्तिसँग मिलेर उसका कार्यसम्पादनमा रहेका समस्या पहिचान गर्ने, ती समस्याहरूको समाधानका लागि पहल गरी उसको कार्यसम्पादनमा सुधार ल्याउनुका साथै संस्थाको उद्देश्य प्राप्तिमा समेत सहयोग पुऱ्याउनु हो।

## ४. कार्यगत तालिम

कार्यगत तालिम भनेको एउटा दक्ष र अनुभवी कामदारबाट सिकारु कामदारले संस्थागत संस्कृति तथा आवश्यक ज्ञान तथा सिप काम गर्दागर्दैको समयमा सिक्नुलाई भनिन्छ। यसमा एउटा दक्ष र अनुभवी कामदार र अर्को नयाँ वा सिकारु कामदारबिचको औपचारिक वा अनौपचारिक दुवै किसिमको सम्बन्ध हुन्छ। जस्तैः परम्परागत पेसा अँगालेका परिवारमा अग्रजहरूबाट नयाँ सदस्यले उक्त पेसाका सिपहरू सिक्नु, व्यापारीका परिवारका नयाँ पुस्ताले पुरानो पुस्ताबाट व्यापारका ज्ञान सिक्नु, सहचालकले चालकसँग सिक्दै आफू पनि चालक बन्नु आदि यसका उदाहरण हुन्।

> **नेपालमा मानव संसाधन विकासका लागि भएका प्रयास**
>
> - प्राविधिक शिक्षामा अवसर उपलब्धता
> - व्यवसायिक तथा सिपमूलक तालिम कार्यक्रम सञ्चालन
> - एकिकृत मानव संसाधन विकास
> - छात्रवृत्ति सुविधाहरूको उपलब्धता

## ५. स्वाध्याय

कामदारहरूले आफैँले आफ्नो पेसामा आवश्यक ज्ञान, सिप र क्षमता विकास गर्नका लागि गर्ने विभिन्न किसिमका प्रयत्नलाई स्वाध्याय भनिन्छ। त्यसका लागि आफूले काम गर्दागर्दै आफ्नै अनुभवबाट सिक्ने, आफ्नो पेसाका लागि आवश्यक ज्ञान र सिपका लागि पुस्तक, अडियो, भिडियो, इन्टरनेट आदिबाट अध्ययन गरेर सिक्ने वा आफैँले फुर्सदको समयमा औपचारिक शिक्षा प्राप्त गर्ने आदि गर्न सकिन्छ।

## मानव संसाधन विकास र शिक्षाको सम्बन्ध

**घटना अध्ययन गरौँ :**

लेखनाथ रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकामा बस्छन् । पहिले उनको गाउँमा प्राथमिक तहसम्म मात्र पढाइ हुने विद्यालय थियो । त्यसभन्दा माथि उच्च शिक्षा अध्ययनका लागि जिल्ला सदरमुकाम अथवा राजधानी जाने गर्दथे । घरबाट टाढा पढ्न जानका लागि आर्थिक समस्याका कारणले कतिपयले प्राथमिक तहपछि आफ्नो पढाइलाई छाडेका थिए । अहिले लेखनाथको गाउँमा नै माध्यामिक तहसम्मको विद्यालय र स्नातक तहसम्म पढ्न पाउने क्याम्पस खुलेको छ । त्यसैले स्नातक तहसम्म पढ्ने विद्यार्थीको सङ्ख्या पनि बढ्दै गएको छ । गाउँमा विभिन्न रोजगारीका अवसरहरू पनि बढ्न थालेका छन् । शिक्षित जनशक्ति अन्यत्र गएर पनि रोजगारी गर्ने अवस्था सिर्जना भएको छ । धेरै जना व्यावसायिक खेतीतर्फ पनि आकर्षित भएका छन् । उनीहरूमध्ये केहीले सरकारी तथा गैरसरकारी तहमा सञ्चालित व्यावसायिक तालिमसमेत लिएका छन् । कसैले गाउँमै बेकरी, अचार, डेरी जस्ता साना उद्योग सञ्चालन गरेका छन् । केहीले विभिन्न खालका पसलहरू खोलेका छन् । त्यस्तै वैदेशिक रोजगारबाट फर्केका केही व्यक्तिले विदेशमा सिकेका सिप र प्रविधिको प्रयोग गरी गाउँमा नै उद्योग व्यवसाय खोलेका छन् । यसरी उनीहरूले आफू र आफ्नो परिवारका सदस्यहरू मात्र होइन गाउँका अन्य व्यक्तिहरूलाई समेत रोजगारी दिएका छन् ।

(क) लेखनाथका गाउँमा परिवर्तन हुनाको मुख्य कारण के हो ?

(ख) माथि दिइएको घटनामा मानव संसाधन विकास र शिक्षाका बिचमा कस्तो सम्बन्ध रहेको छ ?

कुनै पनि देशको शिक्षाको लक्ष्य भनेको ज्ञान र सिप प्रदान गरी क्षमताले भरिपूर्ण नागरिक तयार गर्नु रहेको हुन्छ । यसरी ज्ञान, सिप र क्षमताले भरिपूर्ण नागरिक भन्नु नै मानव संसाधन हो त्यसैले शिक्षाबिना मानव संसाधन विकास असम्भव छ । व्यावसायिक तथा प्राविधिक शिक्षा मानव संसाधन विकासको एक मात्र आधार हो । व्यावसायिक तथा प्राविधिक शिक्षाले दक्ष र सिपयुक्त जनशक्ति उत्पादन गर्न सक्छ । दक्ष र सिपयुक्त जनशक्तिले परिवार, समाज र राष्ट्रको विकासमा महत्त्वपूर्ण योगदान दिन सक्छ । समग्रमा भन्दाखेरि दक्ष र सिपयुक्त जनशक्तिबिना राष्ट्रको विकास सम्भव छैन । नेपाल सरकारले दक्ष जनशक्ति उत्पादनका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिएको छ । नेपालको राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबैका लागि प्राविधिक शिक्षा भन्ने मूल नीति लिएको छ । उक्त नीतिलाई पूरा गर्नका लागि देशलाई आमूल परिवर्तन, प्रतिस्पर्धी, सिपयुक्त र प्राविधिक मानव संसाधनको उत्पादन गर्ने लक्ष्य राखेको छ । यस नीतिले देशको आवश्यकतालाई पूरा गर्ने प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक, उत्पादनमूलक शिक्षा माथि जोड दिएको देखिन्छ ।

शिक्षा र मानव संसाधन विकासका बिचमा अन्तरसम्बन्ध हुँदाहुँदै पनि केही भिन्नता हामी देख्न सक्छौँ । जस्तै शिक्षा मानव संसाधन विकासको तरिका हो शिक्षा हासिलपछि मानवमा ज्ञान, सिप र क्षमताको अभिवृद्धि हुन्छ र ऊ एक सक्षम दक्ष मानव संसाधनका रूपमा तयार हुन्छ भने मानव संसाधन विकास भनेको एउटा साधारण व्यक्ति जो ज्ञान, सिप र क्षमता आर्जन गरी कुनै निश्चित

क्षेत्रको विशिष्ट व्यक्ति बनिसकेको अवस्था हो । जस्तै डाक्टर, इन्जिनियर, वकिल आदि त्यस्तै गरी शिक्षाले व्यक्तिको सर्वाङ्गिण विकास गरी असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति द्वारा मानव संसाधन विकास गराउँछ भने मानव संसाधन विकास भइसकेपछि व्यक्तिले देशमा उपलब्ध स्रोत र साधनको प्रयोग गरी आफूपनि स्वरोजगार भई अरूलाई पनि रोजगार प्रदान गरी देशको बेरोजगारी समस्या समाधान गर्न सक्छ ।

### क्रियाकलाप

१. नेपालमा मानव संसाधन विकासका लागि भएका प्रयास खोजी गरी उल्लेख गर्नुहोस् ।

२. शिक्षा र मानव संसाधन विकासको अन्तरसम्बन्धका बारेमा एउटा समाचारको नमुना तयार गर्नुहोस् ।

### अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) शिक्षा भनेको के हो ?

(ख) शिक्षा र मानव संसाधन विकासबिचको अन्तरसम्बन्ध एक वाक्यमा उल्लेख गर्नुहोस् ।

(ग) मानव संसाधन विकास प्रक्रिया भनेको के हो ?

(घ) मानव संसाधन विकासका कुनै दुई तरिका लेख्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) मानव संसाधन विकासमा शिक्षाले खेल्ने भूमिका उल्लेख गर्नुहोस् ।

(ख) शिक्षा र मानव संसाधनबिचको अन्तरसम्बन्धलाई उदाहरणसहित प्रस्ट पार्नुहोस् ।

(ग) मानव संसाधन विकासका तरिकाहरूको छोटकरीमा व्याख्या गर्नुहोस् ।

(घ) मानव संसाधन विकासको महत्त्व उल्लेख गर्नुहोस् ।

(ङ) मानव संसाधन विकासका लागि कस्तो योजना बनाउनु पर्ला ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) शिक्षा र मानव संसाधन विकासको अन्तरसम्बन्धलाई विभिन्न उदाहरणहरूसहित पुष्टि गर्नुहोस् ।

(ख) नेपालमा मानव संसाधन विकासका लागि भएका प्रयास उल्लेख गर्नुहोस् ।

## पाठ २ शिक्षामा पहुँच र समावेशिता

### घटना अध्ययन गरौँ :

मनिषाको गाउँमा नजिकै विद्यालय थिएनन् । त्यसैले उनी दैनिक दुई घण्टा हिँडेर विद्यालय जाने आउने गर्थिन् । त्यहीँ गाउँका मनिषाका कतिपय साथीहरू विद्यालय जान पाएका थिएनन् । मनिषाले उनका साथीहरूका बुबाआमासँग उनीहरूलाई पनि मसँगै पढ्न पठाइदिनुस् न भन्दा आ ...यति टाढा बाटो हिँडाएर पनि छोराछोरी पढ्न को पठाउँछ भन्ने गर्नुहुन्थ्यो । हुन त उनीहरूले भने जस्तै विद्यालय टाढा भएका कारणले मनिषाले पनि विभिन्न समस्या भोगिरहनु परेको थियो । त्यसैले उनका बुबाआमाले पनि भो नजाउ टाढाको विद्यालय भएकाले तिमीलाई पनि अप्ठ्यारो हुने । हामीलाई पनि तिमी विद्यालयबाट घर नफर्कँदा सम्म पीर लागिरहने भनेर कुरा गर्नुभएको थियो । त्यत्तिकैमा एक दिन मनिषाकै एक जना शिक्षकले तपाईंहरू जस्तो घर नजिकै विद्यालय नभएर शिक्षाको अवसरबाट बञ्चित हुनेहरूका लागि अर्को गाउँमा खुला विद्यालय छ । तपाईं र तपाईंको गाउँका सबै विद्यार्थी खुला विद्यालयमा अध्ययन गर्नुहोस् । खुला विद्यालयमा दैनिक विद्यालय जानु पर्दैन सम्पर्क कक्षामा मात्र गए पनि हुन्छ र परीक्षा दिएर उत्तीर्ण गरेपछि अरू विद्यालयमा अध्ययन गरेसरह नै मान्यता हुन्छ भनी जानकारी गराउनु भयो । अहिले मनिषालगायत उनको गाउँका सबै साथीहरू खुला विद्यालयमा अध्ययन गरिरहेका छन् ।

तलका प्रश्नहरूको जवाफ दिनुहोस् :

(क) मनिषाका साथीहरू किन विद्यालय जान सकेनन् ?

(ख) मनिषाले के कारणले समस्या भोग्नु परेको थियो ?

(ग) मनिषा र उनका साथीहरूको समस्या कसरी समाधान भयो ?

### शिक्षामा पहुँच

पहुँच भन्नाले कुनै स्थानमा प्रवेश गर्ने वा कुनै वस्तु प्राप्त गर्ने तथा प्रयोग गर्न पाउने स्वतन्त्रता वा क्षमता भन्ने बुझिन्छ । शिक्षामा पहुँच भन्नाले नागरिकले शिक्षा प्रदायक सङ्घसंस्थाले प्रदान गरेको सेवा लिन सक्ने अवस्थालाई बुझाउँछ । कुनै पनि समूह वा क्षेत्रका जनतालाई आफ्नो सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौगोलिक अवस्थाले शिक्षाको पहुँच निर्धारण गर्छ । उदाहरणका लागि माथिको घटनामा दिइए जस्तै दुर दराजका दुर्गम क्षेत्रहरू वा गाउँ परिवेशमा शिक्षाको पहुँच कम हुनुमा त्यहाँको भौगोलिक विकटता एवम् सामाजिक, सांस्कृतिक र आर्थिक तत्त्वहरू जिम्मेवार हुन्छन् ।

### शिक्षामा पहुँचमा बाधाहरू

शिक्षामा पहँच अभिवृद्धिका लागि नीति तथा कार्यक्रमहरू ल्याइए तापनि विभिन्न तत्त्वहरूका कारणले शिक्षामा पहुँचमा बाधाहरू देखिएका छन् । शिक्षामा पहुँचमा देखिएका बाधाहरूलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

(क) राज्य स्तरका बाधाहरू : शिक्षामा पहुँच कम हुनुमा राज्यस्तरबाट गरिएका कति पय प्रयासहरू जस्तै : उपयुक्त शिक्षा प्रणालीको अभावले पनि मदत पुऱ्याएको देखिन्छ । त्यस्तै

गरी कानुनी व्यवस्था र यसको पालनाले पनि प्रभाव पारेको देखिन्छ । अनि कतिपय ठाउँहरूमा त विद्यार्थीको घर र विद्यालयबिचको दुरी टाढा भएका कारणले पनि शिक्षामा पहुँच कम भएको अवस्था छ । यी समस्याहरूको समाधानका लागि राज्यस्तरबाट नै पहल हुनु जरुरी छ ।

(ख) विद्यालय र कक्षाकोठाका बाधाहरू : कतिपय बालबालिकाहरू कक्षाकोठामा थाहा भएर वा नभएर हुने लैङ्गिक विभेदका कारण उदासिन भइरहेको देखिन्छ । कतिपय ठाउँमा तालिम प्राप्त शिक्षकको अभावका कारण विद्यार्थीहरूप्रति शिक्षकले गर्ने व्यवहार र परम्परागत शिक्षण विधि/प्रक्रियाबाट पनि विद्यार्थी असन्तुष्ट भइरहेको देखिन्छ । विद्यार्थी भाइबहिनीहरू जातप्रथा पनि अर्को अवरोध हो । जात र यससँग सम्बन्धित भेदभावका कारण दलित बालबालिकाहरू शिक्षा लिनबाट बन्चित देखिन्छन् । भाषाको समस्या पनि शिक्षाको पहुँचबाट अलग गर्ने अर्को कारण हो । विशेष गरी जनजाति समुदायका विद्यार्थी भाषागत समस्याकै कारण विद्यालय जान चाहँदैनन्, जस्तै : घर र समुदायमा मातृभाषामा मात्र कुराकानी गर्ने समुदायका बालबालिकाहरूलाई विद्यालयमा जाँदा भाषा नबुझ्केकै कारणले समस्या उत्पन्न हुन सक्छ ।  यसरी जातीय, लैङ्गिक तथा बाल अधिकारको संरक्षणमा उदासिनता, शिक्षक कर्मचारविाट भेदभाव, कम तालिम प्राप्त शिक्षकहरू, परम्परागत शिक्षण विधि/प्रक्रिया, मातृभाषी शिक्षकको अभाव र महिला शिक्षकको कमी आदि जस्ता कारणहरूले पनि शिक्षामा पहुँच कम गराएको देखिन्छ ।

(ग) आर्थिक सामाजिक बाधाहरू: अझै पनि कतिपय नेपाली समाजमा छोरा र छोरीलाई भेदभाव गर्ने किसिमका सामाजिक सांस्कृतिक मूल्य मान्यता कायम रहेको देखिन्छ जस्तै छोरीलाई सानै उमेरमा विवाह गरिदिने, घरबाट टाढा पढ्न नपठाउने आदि लैङ्गिक आधारमा हुने सामाजिक सांस्कृतिक विभेद हुन् । अर्को गरिबी पनि शिक्षामा पहुँच कम गराउने मुख्य तत्त्व हो । जस्तै कतिपय विद्यार्थी गरिबीकै कारण विद्यालयमा अध्ययनका लागि आवश्यक सामाग्रीहरू किन्न नसकेर काम गर्दै पढ्नुपर्ने बाध्यताहरू देखिएका छन् भने कतिपय विद्यार्थी घरनजिक विद्यालय नहुने अनि टाढा सहरमा राखेर पढाउन आमाबाबुको आर्थिक अवस्थाले नभ्याएर पनि शिक्षामा पहुँच कम भएको देखिन्छ । यसरी समाजमा विद्यमान महिला र पुरुषबिचको भेदभाव, गरिबी, बाल विवाह, सामाजिक भेदभाव र जातीय पेसा अँगाल्ने चलन आदिले शिक्षामा पहुँचका लागि बाधा पुऱ्याएको हुन्छ ।

(घ) सांस्कृतिक तथा धार्मिक बाधाहरू : शिक्षासम्बन्धी चेतनाको कमी, आधुनिक शिक्षाप्रतिको अविश्वास, दाइजो प्रथा, अन्धविश्वास जस्ता कुरीतिहरू आदि । अझै पनि शिक्षाको चेतना र आधुनिक शिक्षाप्रतिको अविश्वासको कमीले कतिपय नेपाली समाजमा पढेर के हुन्छ र बरु काम गर्न पठायो भने पैसा कमाउँछन् घर खर्च चल्छ भनेर छोराछोरीलाई सानैदेखि अरूको घरमा काम गर्न राख्ने, मेलापात गराउने, उद्योगहरूमा काम गर्न पठाउने गरेको देखिन्छ । अर्कोतिर अझैपनि दाइजोप्रथा व्याप्त रहेको कतिपय नेपाली समाजमा छोरीलाई धेरै पढायो भने धेरै दाइजो दिनुपर्छ भनी बिचैमा पढाइ छुटाएर सानै उमेरमा विवाह गर्ने प्रचलन रहेको देखिन्छ । यसले पनि छोरीहरूको शिक्षामा पहुँच कम गर्न मदत गरेको छ ।

(ङ) व्यक्तिगत बाधाहरू : रुचिकर विषय नहुनु, सामाजिक सांस्कृतिक मूल्य मान्यता, अपाङ्गता, शिक्षामा असफलता, न्यून आत्मसम्मान र कमजोर मनोवृत्ति आदि जस्ता तत्त्वहरूले पनि शिक्षामा पहुँच कम गराएको देखिन्छ । कतिपय विद्यार्थी रुचिकर विषय नभएको भनी पढाइ पूरा गर्न नसकेका घटनाहरू पनि हामीले सुनिरहेका हुन्छौँ । त्यस्तै गरी कति विद्यार्थी पढाइमा असफल भएपछि हरेस खाएर अगाडि बढ्न नसकेको पनि देखिन्छ । कतिपय घरपरिवारमा नै पढाइलाई खासै महत्त्व नदिएका कारणले पनि छोराछोरीले पढाइ पूरा नगरी बिचमै छाडेको देखिन्छ । त्यस्तै कति बालबालिका पढाइमा रुचि हुँदाहुँदै पनि आफ्नो शारीरिक अवस्था अथवा अपाङ्गताका कारणले पढ्न नपाएको देखिन्छ । यस्ता बालबालिकाहरूका लागि राज्य, घरपरिवार र समाजमा उनीहरूलाई साथ, सहयोग हौसला र प्रेरणा प्रदान गर्नु आवश्यक देखिन्छ ।

(च) विपत् तथा सङ्कटसम्बन्धी बाधाहरू: प्राकृतिक प्रकोप, महामारी, युद्ध र द्वन्द्व आदि जस्ता तत्त्वहरूले पनि शिक्षामा पहुँचका लागि बाधा पुऱ्याएका हुन्छन् । नेपालका कतिपय ठाउँहरूमा बालबालिकाहरू हरेक दिन खोला तरेर विद्यालय जाने आउने गर्दछन् । वर्षाको समयमा खोला बढेका कारणले विद्यालय जान आउनसमेत समस्या हुन्छ । जसले गर्दा पढाइमा समस्या उत्पन्न भएको देखिन्छ । महामारीले पनि विद्यार्थीलाई पढाइमा समस्या उत्पन्न गराइरहेको हुन्छ । जस्तै कोरोना महामारीको समयमा विद्यार्थीमा पढ्ने चाहाना हुँदा हुँदै पनि भौतिक रूपमा विद्यालयमा उपस्थित भएर पढ्न पाउने अवसरबाट बन्चित हुनुपरेको थियो । त्यस्तै युद्ध र द्वन्द्वग्रस्त क्षेत्रहरूका विद्यार्थीलाई पनि शिक्षा आर्जनमा समस्या उत्पन्न भएको हुन्छ ।

(छ) प्राविधिक बाधाहरू: विद्युत्, कम्प्युटर, इन्टरनेटजस्ता सूचना तथा सञ्चार प्रविधिमा पहुँच नहुनु जस्ता कारणहरूले पनि बालबालिकाहरू शिक्षाको पहुँचबाट टाढा हुनुपरेको देखिन्छ । जस्तै कारोना माहामारीको समयमा विद्यालयमा भौतिक रूपमा उपस्थित भएर अध्ययन गर्न नसके पनि अनलाइन कक्षाहरू, त्यस्तै गरी रेडियो र टेलिभिजनबाट विभिन्न कक्षाहरू सञ्चालन भएका थिए । त्यसमा कतिपय विद्यार्थीसँग विद्युत्, कम्प्युटर, इन्टरनेट जस्ता सूचना तथा सञ्चार प्रविधिमा पहुँच नभएका कारणले शिक्षाबाट बन्चित हुनुपरेको थियो ।

## शिक्षामा समावेशिता

समावेशी शिक्षा सबै बालबालिकाहरूलाई विद्यालय पठाउन तथा उनीहरूलाई आवश्यक सिपहरू सिकाउन र विकास गराउन सबैभन्दा प्रभावकारी उपाय हो । युनेस्कोका अनुसार सिकाइ, संस्कृति र समुदायमा सहभागिता वृद्धि गरी बालबालिका, युवा र वयस्कहरूका विविधतायुक्त आवश्यकताहरूलाई सम्बोधन गर्ने तथा शिक्षामा भएको बहिष्करणलाई घटाउने र निर्मूल पार्ने प्रक्रिया नै समावेशिता हो । समावेशी शिक्षा प्रणालीले फरक फरक पृष्ठभूमि र क्षमताका बालबालिकाहरूका योगदानलाई कदर गर्दै विविधता भएका समूहलाई सँगसँगै हुर्कन मदत गर्छ । यसरी सबै प्रकारका बालबालिकालाई एउटै कक्षामा राखेर शिक्षण गर्दा फरक क्षमता र आवश्यकता भएका तथा सामान्य बालबालिका दुवै थरीलाई फाइदा पुग्छ । समावेशी शिक्षाले शिक्षामा सहभागिताका लागि र शैक्षिक उपलब्धि हासिल गर्नबाट बञ्चित गराउने बाधाहरूलाई

सीमित पार्न, विविध क्षमता, आवश्यकता र विशेषताहरूलाई सम्मान गर्न तथा सबै प्रकारका भेदभावहरू निर्मूल गर्न सहयोग गर्छ । शिक्षामा समावेशिताले विद्यालयलाई सुधार गरी प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्दछ । त्यस्तै विशेष गरेर बहिष्करणमा परेका, सीमान्तकृत वा न्यून उपलब्धिको खतरा भएका विद्यार्थीको विद्यालयमा उपस्थिति, सहभागिता र शैक्षिक उपलब्धि वृद्धि गर्न पनि मद्धत गर्छ । यसरी पछि पारिएका र सीमान्तकृत समूहलाई शिक्षाको मूलधारमा ल्याउन र उनीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न समावेशी नीति र कार्यक्रमहरूको विकास र कार्यान्वायन गर्नुपर्दछ ।

### शिक्षामा पहुँच बढाउनका लागि भएका प्रयासहरू

नेपालमा शैक्षिक सुधारका लागि शिक्षा ऐन, नियमावली, शिक्षा योजना आयोग र कार्यक्रमहरू कार्यान्वायनमा रहेका देखिन्छन् । नेपालमा शिक्षामा पहुँच बढाउनका लागि भएका प्रयासहरूको बारेमा यहाँ उल्लेख गरिएको छ ।

१. समावेशी शिक्षा नेपालमा सन् २००० मा सबैका लागि शिक्षा  कार्यक्रमसँगै भित्रिएको हो । सन् २०११ देखि नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूका अधिकार तथा शैक्षिक अवसरका लागि विद्यालय सुधार गर्ने कार्य गरिरहेको छ ।

२. नेपालले समावेशी शिक्षा सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि र समझदारीमा हस्ताक्षर गर्नुका साथै राष्ट्रिय स्तरमा पनि कानुनी व्यवस्था गरी कार्यान्वायन गरिरहेको छ ।

३. बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९ को धारा २८ ले सबै बालबालिकाहरूलाई निःशुल्क प्राथमिक शिक्षा पाउने अधिकारको व्यवस्था गरेको छ ।

४. दिगो विकासका लक्ष्यहरूको लक्ष्य न. ४ मा सन् २०३० सम्ममा सबै बालबालिकाहरूलाई निःशुल्क, समतामूलक तथा गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा पूरा गर्न सुनिश्चितता गराउने कुरा उल्लेख गरेको छ ।

५. नेपालको संविधानले धारा ३१ मा शिक्षासम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ । जसमा आधारभूत शिक्षा माथिको अधिकार, आधारभूत तहको निःशुल्क तथा अनिवार्य शिक्षा, माध्यामिक तहसम्मको निःशुल्क शिक्षा, अपाङ्ग तथा आर्थिक रूपले विपन्न व्यक्तिलाई उच्च शिक्षाको निःशुल्क पहुँच, मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने अधिकार जस्ता अधिकारहरूको सुनिश्चितता समेत गरेको छ । दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट शिक्षा पाउने हक पनि प्रदान गरेको छ ।

६. शिक्षामा सर्वसाधारणको पहुँच बढाउने उद्देश्यकै लागि नेपाल सरकारले राष्ट्रिय शिक्षा नीति, २०७६ तर्जुमा गरी कार्यान्वायनमा रहेको छ ।

७. मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ ले अधिकारमा आधारित शिक्षाको व्यवस्था गरेको छ । जसअन्तर्गत शिक्षामा पहुँचको अधिकार, गुणस्तरीय शिक्षाको प्राप्तिको अधिकार, सिकाइ स्थलमा सम्मानपूर्वक सिक्न पाउने अधिकार रहेका छन् ।

८. नेपालमा वेला वेलामा बनेका शिक्षा आयोगका प्रतिवेदनहरूले पनि राष्ट्रिय शिक्षा प्रणालीमा विकास र सुधार गरी शिक्षामा पहुँच अभिबृद्धि गर्न मदत गरेको देखिन्छ ।

## क्रियाकलाप

१. तपाईंको समुदायमा फरक क्षमता र आवश्यकता भएका बालबालिका कति छन् ? तिनीहरूको विवरण सङ्कलन गरी तल दिइएको तालिका भर्नुहोस् ।

| सुस्तश्रवण | सङ्ख्या | शिक्षाका लागि विशेष आवश्यकता |
|---|---|---|
| बौद्धिक अपाङ्गता | | |
| दृष्टिविहीन | | |
| भाषिक अल्पसङ्ख्यक | | |
| द्वन्द्व पीडित | | |

२. “शिक्षामा सहभागिता आजको आवश्यकता” भन्ने शीर्षकमा वक्तृता तयार गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) शिक्षामा पहुँच भन्नाले के बुझिन्छ ?

(ख) शिक्षामा पहुँच वृद्धि गर्नका लागि अपनाउन सकिने कुनै एउटा उपाय लेख्नुहोस् ।

(ग) शिक्षामा पहुँचका कुनै दुई बाधा उल्लेख गर्नुहोस् ।

(घ) शिक्षामा समावेशिता भन्नाले के बुझिन्छ ?

(ङ) शिक्षामा पहुँचका लागि नेपालमा भएका कुनै एक प्रयास उल्लेख गर्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) शिक्षामा पहुँच अभिवृद्धिका लागि अपनाउन सकिने कुनै पाँच उपाय उल्लेख गर्नुहोस् ।

(ख) नेपालमा शिक्षामा पहुँचका लागि भएका प्रयास उल्लेख गर्नुहोस् ।

(ग) शिक्षामा पहुँचमा देखिएका बाधाहरूको छोटकरीमा चर्चा गर्नुहोस् ।

(घ) समावेशी शिक्षा भनेको के हो ? र समावेशी शिक्षाले शिक्षामा पहुँच बढाउनका लागि कस्तो भूमिका खेल्न सक्छ उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) शिक्षामा पहुँच अभिवृद्धिका लागि गरिएका प्रयासहरूको चर्चा गर्दै समावेशी शिक्षाका लागि तपाईंले दिने सुझावहरू उल्लेख गर्नुहोस् ।

## पाठ ३ शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तन

घटना अध्ययन गरौँ :

साना गाउँ दक्षिण ललितपुरको एउटा गाउँ हो । आजभन्दा २० वर्ष अगाडि उक्त गाउँ बत्तिमुनिको अँध्यारो भने जस्तै थियो । राजधानीबाट नजिकैको दुरीमा भएर पनि विकास हुन सकेको थिएन । उक्त गाउँमा पढ्ने कुनै पनि विद्यालय थिएन । मानिस धामीझाँक्रीमा विश्वास गर्थे । गाउँमा कोही बिरामी परे भनेपनि झारफुक र धामीझाँक्रीबाट औषधी उपचार गर्थे । छोरीलाई सानै उमेरमा विवाह गर्ने चलन थियो । परम्परागत कृषि पेसाबाट नै उनीहरूको जीवन चलेको थियो । शिक्षाको बारेमा बुझेका र आफ्नो आर्थिक अवस्था पनि राम्रो भएका केही घरपरिवारका सदस्य राजधानीमा बसेर पढ्ने गरेका थिए । त्यस्तै गरी राजधानीमा पढ्न बसेका मध्य आफ्नो गाउँको मुहार फेर्ने उद्देश्यका साथ रामहरि पुन आफ्नै गाउँ फर्के । उनले आफ्नै पहलमा गाउँमा माध्यामिक तहसम्म पढाइ हुने विद्यालयको स्थापना गरे । त्यसपछि गाउँमा प्रत्येक घर घरमा गएर शिक्षाको महत्त्व बुझाउँदै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराए । राजधानीबाट कृषि विशेषज्ञ झिकाई गाउँका किसानहरूलाई कृषिसम्बन्धी तालिम दिलाए । त्यस्तै गरी गाउँमा बरालिएका युवाहरूलाई सम्झाउने बुझाउने गरेर राजधानीमा सिपमूलक तालिम लिने व्यवस्था मिलाए । अहिले साँच्ची नै साना गाउँको मुहार फेरिएको छ । बाबुआमाले आफ्ना छोराछोरीलाई माध्यामिक शिक्षा पास गरेपछि राजधानीमा क्याम्पस पढ्न पठाउने गरेका छन् । त्यस्तै गरी किसानहरू पनि आधुनिक र व्यवसायिक खेती तर्फ आकर्षित भएर प्रशस्त आम्दानी गर्न थालेका छन् । हिजो गाउँमा बरालिएर हिँड्ने युवाहरू आज सिपमूलक तालिम सिकेर गाउँमै बसेर व्यवसाय सञ्चालन गरेका छन् । राजधानीबाट गाउँसम्म पुग्ने बाटो पिच भएको छ । त्यस्तै गरी गाउँमा बिजुली बत्ती पनि पुगिसकेको छ । अहिले उक्त गाउँका बुढापाकाहरू भन्ने गर्छन यो शिक्षा भन्ने चिज कस्तो अचम्मको रहेछ हिजो कस्तो अवस्थामा रहेको हाम्रो गाउँ अहिले कस्तो हुन पुग्यो ।

(क) साना गाउँको मुहार फेरिनुमा केको हात रहेको छ ?

(ख) माथि दिइएको घटनामा सामाजिक विकासमा शिक्षाले कसरी प्रभाव पारेको छ ?

फरक फरक पहिचान र परिवेश भएका व्यक्ति र परिवारहरूको समष्टि रुप नै समाज हो । समाजमा अभ्यासमा रहेका रीतिरिवाज वा चालचलनहरूले सो समाजको संस्कृतिलाई प्रतिनिधित्व गरेको हुन्छ । संस्कृतिमा आएको सुधार वा परिस्कारले समाजलाई विकसित बनाउँछ । समाज र संस्कृति एक अर्कासँग अन्तरघुलित रहेका हुन्छन् अर्थात् समाजअनुसार संस्कृति पनि फरक फरक हुन सक्छन् । त्यसैले शिक्षाले समाज र त्यस समाजको संस्कृतिलाई प्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । शिक्षाको मुख्य उद्देश्य व्यक्तिमा ज्ञानको प्रवाह गरी समाजको अवस्थामा सुधार ल्याउनु हो । समाजको सांस्कृतिक पक्षमा परिस्कार नहुन्जेलसम्म समाज विकास सम्भव छैन । त्यसकारण शिक्षाबिना सामाजिक तथा सांस्कृतिक विकासको परिकल्पना पनि गर्न सकिँदैन ।

समाज एक अवस्थाबाट अर्को अवस्थामा बदलिनु वा परिवर्तन हुनुलाई सामाजिक परिवर्तन भनिन्छ । त्यस्तै गरी समाजको कुनै पनि क्षेत्रमा देखा पर्ने फरकपन नै सामाजिक परिवर्तन हो । त्यसैले समाजको सफलता त्यहाँका सदस्यहरूको सफलतासँग जोडिने भएकाले समाजका प्रत्येक व्यक्तिले आफ्नो क्षमताको उच्चतम तहसम्म पुग्न सक्ने गरी उनीहरूको सुविधामा सुधार गर्नु नै सामाजिक विकास हो । संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमले शिक्षा, स्वास्थ्य र आम्दानीलाई मानव विकासका तीन महत्त्वपूर्ण क्षेत्र मानेको छ । त्यसमध्ये शिक्षा र स्वास्थ्यलाई चाहिँ सामाजिक विकासका पक्षहरू मानिएको छ ।

## सामाजिक विकासमा शिक्षाको भूमिका

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, मुलुक हो । त्यसैगरी यहाँको सामाजिक बहुलता तथा भौगोलिक विविधताकै कारणले बहुसांस्कृतिकताको जन्म हुन पुगेको मानिन्छ । अलग अलग संस्कृतिका कारण यहाँका मानिसको सामाजिक विशेषता र अभ्यास अर्थात् जीवनशैली, चालचलन र संस्कार पनि अलग अलग नै छन् । धेरैजसो यस्ता सामाजिक विशेषता र अभ्यास अनुकरणीय पनि छन् भने कतिपय चाहिँ सामाजिक कलङ्कका रूपमा पनि देखा परेका छन् । यस्ता गलत र हानिकारक व्यवहारहरूलाई समाजबाट हटाउन नसक्दा हाम्रो समाजको विकासको गति नै रोकिन पुगेको छ । जस्तै लैङ्गिक तथा घरेलु हिंसा, जातीय विभेद तथा छुवाछुत, दाइजो प्रथा, बालबिबाह, बहुबिबाह, तिलक प्रथा, छाउपडी प्रथा, बालश्रम आदि हाम्रो समाजका त्यस्तै कलङ्कहरू हुन् । समाजमा रहेका यस्ता कलङ्कहरू र अन्धविश्वास, रुढीवादी चिन्तन धर्म तथा संस्कारका नाममा भएका यस्ता गलत मूल्य मान्यता तथा परम्परादेखि स्थापित त्रुटिपूर्ण र हानिकारक सामाजिक अभ्यासका कारण अझै पनि धेरै समाजमा जरा गाडेर बसेको पाइन्छ । यस्ता गलत अभ्यासहरूलाई निर्मूल परिमार्जन तथा सुधार गर्ने एकमात्र बाटो समाजमा शिक्षाको माध्यामद्वारा सचेतना फैलाउनु हो । सामाजिक विकासमा शिक्षाको भूमिकालाई बुँदागत रूपमा निम्नअनुसार उल्लेख गरिएको छ ।

१. सामाजिकीकरण : मानिस एक सामाजिक प्राणी भएकाले उसलाई समाजमा सबैसँग स्वस्थ सम्बन्ध राख्न आवश्यक हुन्छ । यसका लागि उसमा सामाजिकीकरणको गुण हुन आवश्यक हुन्छ । यसरी मानिसलाई समाजको मूल्य मान्यता, नैतिकता, नीति नियम, परम्परा, रीतिरिवाज, कला, साहित्य आदि जस्ता सामाजिकीकरणका प्रक्रिया सिकाउने एउटा महत्त्वपूर्ण माध्यम शिक्षा हो ।

२. क्षमता विकास : समाज परिवर्तनका लागि योग्य सक्षम र क्षमतावान् जनशक्तिको आवश्यकता पर्दछ । शिक्षा मात्र त्यस्तो माध्याम हो जसले व्यक्तिलाई ज्ञान, सिप र प्रविधि दिएर दक्ष जनशक्ति बनाउँछ । यसरी सामाजिक विकासका लागि आवश्यक परेको ज्ञान, सिप र प्रविधि प्राप्त गर्ने क्षमतासमेत शिक्षाले नै विकास गराउँछ ।

३. आर्थिक समृद्धि : राष्टको आर्थिक समृद्धिको मुख्य आधार भनेको ज्ञान सिप र प्रविधिले भरिपूर्ण जनता हो भने यस्ता जनताले आफैँ रोजगारी सिर्जना गरी अरूलाई पनि रोजगारीको अवसर प्रदान गर्न सक्छन् । त्यस्तै यिनीहरू दक्ष जनशक्ति भएकाले स्वदेशी वा वैदेशिक रोजगारी पनि सहजै प्राप्त गर्न सक्छन् । अदक्ष जनशक्तिभन्दा दक्ष जनशक्तिको

आम्दानी बढी हुने भएकाले यिनीहरूले चाँडै आफ्नो आर्थिक अवस्थामा सुधार पनि गर्न सक्छन् । यसरी शिक्षाले गरिबी निवारणमा सहयोग पुऱ्याउँछ ।

४. सबल अर्थतन्त्र : व्यक्ति व्यक्तिको विकासको समग्र रूप नै राष्ट्रिय विकास हो । शिक्षाले व्यक्तिहरूको क्षमता विकास गरी आर्थिक विकाससमेत गर्ने भएकाले यसले राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन सहयोग गर्दछ । त्यस्तै ज्ञान सिप र क्षमता भएका व्यक्तिले देशमा उपलब्ध स्रोत साधनको प्रयोग गरी विभिन्न किसिमका व्यवसायहरू पनि सञ्चालन गर्न सक्छन् यसबाट पनि राष्ट्रिय अर्थतन्त्र सबल र सक्षम बन्न मदत पुग्छ ।

५. असल स्वास्थ्य : शिक्षित व्यक्तिहरू आफ्नो स्वास्थ्यप्रति सधैँ सचेत हुन्छन् किनभने असल स्वास्थ्यबिना व्यक्ति काम गर्न सक्षम हुँदैन भन्ने उसलाई राम्रोसँग थाहा हुन्छ । त्यसैले उनीहरू काम, आराम र खानाबिचमा सन्तुलन कायम गर्न सक्षम हुन्छन् । त्यस्तै गरी सन्तुलित भोजन, शारीरिक परिश्रम र आरामको बारेमा पनि उनीहरूलाई ज्ञान हुन्छ त्यसैले आफू पनि सचेत रही अरूलाई समेत सचेत गराउन सक्छन् ।

६. गुणस्तरीय जीवनस्तर : शिक्षाले रोजगारको अवसर प्रदान गर्ने हुँदा कुनै पनि समाजले आर्थिक उन्नति गर्न सक्छ । त्यस्तै गरी समाजका मानिसहरूको आम्दानीमा बृद्धि भई क्रयशक्ति पनि वृद्धि हुन्छ । यस्ता मानिसले आफ्नो जीवनलाई सहज र आरामदायी कसरी बनाउन सकिन्छ भनी अभ्यास गरिरहन्छन् त्यस्तै गरी घर परिवारका सबै सदस्यहरूको जीवनस्तरलाई पनि राम्रो बनाउन सक्षम हुन्छन् । त्यसैले यिनीहरूको जीवन गुणस्तरीय हुन्छ ।

७. लोकतान्त्रिक समाज निर्माण : लोकतन्त्र एउटा राजनीतिक व्यवस्था मात्र नभएर लोकतान्त्रिक व्यवहार पनि हो । शिक्षित व्यक्तिहरूले लोकतान्त्रिक मूल्य र मान्यता आत्मसात् गर्ने भएकाले यिनीहरूले लोकतन्त्रको स्थापना र सुदृढीकरणमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । शिक्षाले नै मानिसलाई असल जीवन यापनका लागि आवश्यक पर्ने प्रजातान्त्रिक सोच, मूल्य र मान्यताको विकास गराउँछ । शिक्षाद्वारा नै स्वतन्त्रता, समानता, भाइचारा, न्याय, सहिष्णुता, आपसी सहयोग र सम्मान जस्ता लोकतान्त्रिक मूल्य मान्यताको पनि विकास हुन्छ । यी मूल्यमार्फत् सामाजिक परिवर्तनमा मदत पुग्छ ।

८. सशक्तीकरणको साधन : शिक्षा नै समाजमा पछि पारिएका वा सीमान्तकृत समूहलाई सशक्तीकरण गराउने पहिलो उपाय हो । नेपालमा महिला, जनजाति, दलित, अल्पसङ्ख्यक आदि समूहका मानिसलाई सशक्तीकरण गराउन उनीहरूको शिक्षामा पहुँच वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएका हुन्छन् । यसले उनीहरूको क्षमता तथा चेतनास्तरमा वृद्धि गराउँछ । त्यस्तै उनीहरूको आर्थिक स्थितिमा पनि सुधार गराउँछ । शिक्षाकै कारणले अन्यायका बिरुद्ध आवाज उठाउने, अन्धविश्वास हटाउने, जातीय तथा वर्गीय भेदभावको अन्त्य गर्ने आदि जस्ता सामाजिक सुधारको भावना समेत जागृत गराउँछ ।

९. असमानता न्यूनीकरण : शिक्षाले मानिसमा सचेतना बढाउने भएकाले यसले समाजमा भएका आर्थिक, जातीय, लैङ्गिक, क्षत्रीय आदि असमानताहरूलाई न्यूनीकरण गर्न मदत गर्दछ । त्यस्तै शिक्षाले समाजमा भएका विविधतालाई समस्या होइन अवसरका रूपमा

ग्रहण गर्न सिकाउँछ । यसरी परम्परागत रूपमा भेदभाव युक्त समाज भेदभाव रहित समाजमा परिवर्तन हुन्छ ।

१०. द्वन्द्व तथा अपराध न्यूनीकरण : शिक्षाले नागरिकमा सचेतना वृद्धि गर्छ । सचेत नागरिकहरूलाई द्वन्द्व होइन एकआपसमा सहयोग, समझदारी र मेलमिलाप हुनुपर्छ भन्ने कुरा राम्रोसँग थाहा हुन्छ । त्यस्तै शिक्षाका कारण मानिसले रोजगारी प्राप्त गर्ने तथा रोजगार व्यक्तिहरू आफ्ना काममा व्यस्त रहने भएकाले उनीहरू द्वन्द्व तथा विवादित कार्यमा संलग्न हुन पनि चाहँदैनन् । यसरी शिक्षाले समाजमा द्वन्द्व र अपराध न्यूनीकरणमा पनि सहयोग गर्दछ ।

११. सक्षम नेतृत्व छनोट : शिक्षित व्यक्तिहरूले आफ्नो नेतृत्व छनोट गर्दा धेरै विचार पुऱ्याउँछन् । यसरी छनोट गर्दा सक्षम र उपयुक्त नेतृत्व छनोट हुन्छ । सक्षम र उपयुक्त नेतृत्वबाट नै देशमा शुसासन कायम गर्न र देशको विकास गर्न मदत पुग्छ ।

१२. दिगो विकास : शिक्षित व्यक्तिहरूलाई दिगो विकासको बारेमा राम्रो ज्ञान हुन्छ र उनीहरूले मानिस र वातावरणको सम्बन्ध राम्ररी बुझ्ने भएकाले उनीहरू दिगो विकासप्रति सधैँ सचेत हुन्छन् । उनीहरू कुनै पनि स्रोत वा साधनको अनावश्यक रूपमा प्रयोग गर्दैनन् बरु त्यसको सट्टा स्रोतसाधनको पुनःप्रयोग, पुनःनवीकरण र संरक्षणमा ध्यान दिन्छन् ।

१३. व्यक्तित्व निर्माण : शिक्षाका प्रमुख उद्देश्यहरूमध्ये व्यक्तिको व्यक्तित्व निर्माण पनि एक हो । एउटा साधारण व्यक्तिलाई सक्षम, असल र सुझबुझले भरिपूर्ण नागरिक तयार गर्न शिक्षाले नै मदत गर्दछ । यसका लागि सांस्कृतिक जमघटहरूमा सहभागी भई सामाजिक अन्तरक्रिया, व्यक्तिगत क्षमता विकास, सामाजिक गतिशीलता जस्ता पक्षहरू महत्त्वपूर्ण हुन्छन् । शिक्षाले यी पक्षहरूमा सबल तथा सक्षम बनाउने भएकाले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ ।

१४. वातावरण संरक्षण : शिक्षित व्यक्तिहरूलाई वातावरणको मानव जीवनमा कति महत्त्व हुन्छ भन्ने ज्ञान हुन्छ त्यसैले उनीहरू वातावरण संरक्षणप्रति सचेत हुने भएकाले उनीहरू वातावरण संरक्षण गर्ने कार्यहरू जस्तै समुदायको सरसफाइ, वृक्षरोपण जस्ता कार्यहरूमा आफू पनि संलग्न हुन्छन् र अरूलाई पनि संलग्न हुन अभिप्रेरित गर्छन् ।

### शिक्षाले सांस्कृतिक विकासमा पार्ने प्रभाव

समाज विकासमा मात्र होइन । सांस्कृतिक विकासमा पनि शिक्षाले उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षाले मानिसको विविध सांस्कृतिक पक्षहरू जस्तै सामाजिक सांस्कृतिक मूल्य मान्यता, भौतिक संस्कृति, विचार, पारिवारिक सम्बन्ध राजनीतिक संस्कार, प्रशासनिक तौरतरिका एवम् व्यवहारमा परिवर्तन ल्याइदिन्छ त्यसैले शिक्षालाई सांस्कृतिक विकास र परिवर्तनको पनि वाहक भनिन्छ । शिक्षाले संस्कृतिमा पार्ने प्रभावहरूलाई बुँदागत रूपमा निम्नअनुसार उल्लेख गरिएको छ ।

१. संस्कृतिको संरक्षण : शिक्षाले पुराना संस्कृतिलाई सामाजिकीकरणका माध्यामबाट निरन्तरता दिन्छ भने नयाँ ज्ञान र अनुभवका आधारमा पुराना संस्कृतिलाई परिमार्जन तथा

नयाँ संस्कृतिको सिर्जना पनि गर्दछ । यसरी औपचारिक तथा अनौपचारिक शिक्षाले समाजमा भएका परम्परा, रीतिरिवाज, मूल्य मान्यता, कला, नैतिकता आदिलाई सिकारुको मस्तिष्कमा राखिदिने कार्य गर्दछ । जसबाट संस्कृति र सामाजिक सम्पदाको संरक्षण गर्न मदत पुग्छ ।

२. संस्कृतिको प्रसारण : हामी संस्कृति विनाको समाज कल्पना पनि गर्न सक्दैनौँ । समाजमा असल संस्कृतिको विकास गर्न शिक्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । एक पुस्ताबाट अर्को पुस्तामा संस्कृतिको हस्तान्तरण गर्ने कार्य पनि शिक्षाबाट मात्र सम्भव हुन्छ । यसरी संस्कृतिको हस्तान्तरण गर्ने कार्य शिक्षाले पूरा गर्न सक्छ ।

३. संस्कृतिको प्रवर्धन : शिक्षाले संस्कृतिको संरक्षण र प्रसारण गर्नुका साथै परिवर्तित परिस्थितिअनुसार संस्कृतिमा परिवर्तन र सुधार पनि ल्याउँछ । पुराना असान्दर्भिक सांस्कृतिक मूल्य मान्यताहरूलाई विस्थापित गर्ने वा सुधार गर्ने कार्य पनि शिक्षाले नै गर्दछ । संस्कृतिको प्रचार प्रसारमा पनि शिक्षाको नै महत्त्वपूर्ण भूमिका रहन्छ जस्तै आजको सूचना तथा प्रविधिको युगमा शिक्षाकै कारणले हाम्रो देशको संस्कृतिको विश्व सामु प्रचार प्रसार भएको छ ।

४. परिवर्तित संस्कृतिमा समायोजन : समाज परिवर्तनशील भएकाले समाजको संस्कृति पनि समयअनुसार परिवर्तन भइरहन्छ । तर सामान्यतया: मानिस परिवर्तनलाई आत्मसात् गर्न तयार हुँदनन् । शिक्षाले मानिसलाई यस्ता सांस्कृतिक परिवर्तनलाई आत्मसात् गरी आफूलाई समायोजन गर्न सिकाउँछ ।

५. सांस्कृतिक अन्तरघुलन : यातायात तथा सञ्चारको विकासले गर्दा अहिले विश्व एउटा सानो गाउँ बनेको छ । विश्वका एक कुनामा भएको संस्कृति अर्को कुनासम्म विस्तार भइरहेको छ । त्यस्तै एउटै स्थानमा पनि विभिन्न संस्कृतिहरू प्रचलनमा रहेका हुन्छन् । शिक्षाले यस्ता विभिन्न संस्कृतिहरूबिच अन्तरघुलन गराउन सहयोग गर्दछ । त्यसैले हाम्रो समाजमा अहिले आफ्नो मात्र नभएर अरूको संस्कृतिमा समेत रमाउने र अरूको संस्कृतिको सम्मान गर्ने संस्कार बसेको छ ।

६. सांस्कृतिक पछौटेपन : विज्ञान तथा प्रविधिको विकासले मानिसको भौतिक संस्कृतिको छिट्टै विकास हुन्छ । यसले गर्दा मानिसले आधुनिक जीवनयापन गर्न थाल्छन् अनि गैरभौतिक संस्कृतिलाई उपेक्षा गर्दछन् । यस अवस्थालाई नै सांस्कृतिक पछौटेपन भनिन्छ । यसलाई हटाउनका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकमा सांस्कृतिक कुराहरू समावेश गरिएको छ । शिक्षाले मानिसमा एकआपसमा सहिष्णुताको भावनाको विकास गराउँछ । राम्रा र नराम्रा संस्कृतिबिच फरक छुट्याउन सक्ने क्षमताको विकास गराउँछ । राम्रा संस्कृतिको संरक्षण र जगेर्ना गर्दै नराम्रा संस्कृतिहरूको परिवर्तनका लागि आवाज उठाउन सक्ने नागरिकको उत्पादन गर्न मदत गर्छ ।

### क्रियाकलाप

१. शिक्षाले सामाजिक तथा सांस्कृतिक विकासमा ल्याउने परिवर्तनहरू सम्बन्धमा समुदायमा बहस कार्यक्रम सञ्चालन गर्नुहोस् र उक्त कार्यक्रमको निचोड निकाल्नुहोस् ।

### अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) सामाजिक विकास भन्नाले के बुझिन्छ ?

(ख) शिक्षाले सामाजिक विकासमा पार्ने कुनै दुईओटा प्रभाव उल्लेख गर्नुहोस् ।

(ग) शिक्षाले सांस्कृतिक परिवर्तनमा पार्ने कुनै दुईओटा प्रभाव उल्लेख गर्नुहोस् ।

छोटा उत्तर आउने प्रश्नहरू

(क) शिक्षाले सामाजिक विकासमा पुऱ्याउन सक्ने कुनै पाँच योगदान उल्लेख गर्नुहोस् ।

(ख) संस्कृतिको विकास र प्रवर्धनमा शिक्षाको कस्तो भूमिका हुन्छ ? उल्लेख गर्नुहोस् ।

(ग) 'सांस्कृतिक पछौटेपन हटाउन शिक्षाको भूमिका महत्त्वपूर्ण हुन्छ' यस भनाइलाई आफ्नो तर्कसहित पुष्टि गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) शिक्षाले सामाजिक र सांस्कृतिक परिवर्तनमा पार्ने प्रभावको व्याख्या गर्नुहोस् ।

## पाठ ४ शिक्षामा समुदायको सहभागिता

हामी बसेको समाजमा रहेका व्यक्तिहरू, समुदायमा कार्यरत विभिन्न सङ्घसंस्थाहरू, आमा समूह, महिला समूह, युवा क्लब, बाल क्लब, गुठी, सहकारी संस्था आदि सबैलाई समुदाय भनिन्छ । विकासको पहल आफैँ गर्ने, योजना निर्माणमा आफैँ सहभागी हुने, निर्णय पनि समुदायबाटै गर्ने, स्रोत साधनको परिचालनमा पनि समुदायको नै सक्रिय सहभागिता हुने, निर्णय कार्यान्वायन, अनुगमन, मूल्याङ्कनमा पनि समुदायकै मानिस सहभागी हुने र उक्त योजनालाई निरन्तरता र निर्मित संरचनाको संरक्षण आदिमा समेत समुदायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागिता हुनुलाई नै सामुदायिक सहभागिता भनिन्छ । अथवा सरल भाषामा भन्दाखेरि समुदायका मानिसलाई उनीहरूको आफ्नो समस्या समाधानमा उनीहरूलाई नै सहभागी गराउनु सामुदायिक सहभागिता हो ।

### शिक्षा र समुदायको सम्बन्ध

समुदायको सहभागिताले शिक्षाको विकासमा पार्ने प्रभावहरू

१. शिक्षालयको भौतिक स्रोत साधनमा वृद्धि गर्न
२. विद्यार्थीको सिकाइमा उच्च सफलता कायम गर्न
३. विद्यालयमा भर्ना दर र नियमितता वृद्धि गर्न
४. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न
५. विद्यालयमा टिकाउ स्रोतसाधनको विकास र संरक्षण गर्न
६. विद्यालयमा जवाफदेहिता र पारदर्शिताको वातावरण तयार गर्न
७. विद्यालय सुधार योजना निर्माण र कार्यान्वायनमा सहयोगका लागि
८. स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वायनमा सहयोगका लागि

समुदायमा रहेको शिक्षासम्बन्धी कुनै पनि समस्याको समाधान गर्न समुदायको सहभागिता हुनुलाई शिक्षामा समुदायको सहभागिता भनिन्छ । शिक्षा प्राप्त गर्ने प्रमुख थलो अर्थात् औपचारिक संस्था भनेको विद्यालय हो त्यसैले समाजशास्त्रीहरूले विद्यालयलाई सानो समुदाय पनि भन्ने गरेका छन् । विद्यालय समुदायको एक अभिन्न अङ्ग हो भने विद्यालयले समुदायलाई अग्रगति प्रदान गर्न मदत गर्छ । विद्यालय त्यस्तो ठाउँ हो जहाँ समुदायका बालबालिकाहरू आफ्नो भविष्य निर्माण गर्न आउँछन् । समुदायमा पाइने विविधता एवम् एकता विद्यालयमा पनि पाउन सकिन्छ । समुदायमा हुने हरेक घटनाको प्रत्यक्ष प्रभाव विद्यालयमा परिरहेको हुन्छ भने विद्यालयमा हुने विविध घटना वा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव समुदायमा परेको हुन्छ । त्यसैले भनिन्छ No community no school अर्थात् समुदाय नरहे विद्यालय रहँदैन । यसरी हेर्दा विद्यालय र समुदायलाई एकअर्काको परिपूरक पनि मान्न सकिन्छ । विद्यालयको स्थापना व्यक्ति र समाजको भलाइका लागि भएको हुन्छ । विद्यालयले समुदायको सामाजिक सांस्कृतिक मूल्य मान्यता आदर्श नयाँ पुस्तामा हस्तान्तरण गर्न र संस्कृतिको संरक्षण र संवर्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । त्यस्तै गरी समुदायको सहभागिताबाट नै विद्यालयको स्थापना र विकास हुन्छ । यसरी हेर्दा विद्यालय बिना समाजको प्रगति सम्भव छैन भने समाज बिना विद्यालयको अस्थित्व नै रहँदैन ।

समुदायले आफ्ना बालबालिकाको शिक्षाका लागि विद्यालय स्थापना गर्छ भने उक्त विद्यालयले समाजलाई अग्रगति प्रदान गर्न सक्छ । यसरी हेर्दा विद्यालयबाट प्रदान गरिने सहि शिक्षाले समाज उन्नत हुन्छ । जसरी समुदायको विकासका लागि शिक्षाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ त्यसै गरी समुदायले पनि शिक्षालयको विकासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । विद्यालय सञ्चालनका लागि मुख्य स्रोत भनेका विद्यार्थी हुन् भने विद्यार्थी प्राप्त गर्ने मुख्य स्रोत समुदाय हो । विद्यालयको भौतिक तथा आर्थिक आदि व्यवस्थापन समुदायको सहयोग बिना सम्भव छैन । विद्यालय वास्तवमा समुदायको प्रतिबिम्ब पनि हो । त्यसैले सामाजिकीकरणका लागि विद्यालयले समुदायबाट सहयोग लिनु पर्छ । विद्यार्थीको विद्यालय पूर्वको उमेर घर, समाज वा समुदायमै व्यतित हुन्छ । त्यसैले समुदाय सचेत नभई विद्यार्थीको स्तर उच्च हुँदैन । समुदायलाई शैक्षिक चेतना प्राप्त गर्न विद्यालय चाहिन्छ ।

## नेपालमा प्राचीनकालदेखि हालसम्मको शिक्षामा समुदायको भूमिका

विभिन्न ऐतिहासिक अध्ययनहरूका आधारमा शिक्षाको सुरुआत नै समुदायबाट भएको मानिन्छ । मानव विकासको क्रममा समुदायले नै शिक्षा दिने व्यवस्था सुरु गरेको थियो । वैदिक कालमा शिक्षा धर्मबाट प्रभावित भएको देखिन्छ । हिन्दु धर्ममा गुरुकुल शिक्षा प्रणाली थियो । विद्यार्थी गुरुको आश्रममा बस्ने आफैँ समुदायमा गई भिक्षा सङ्कलन गरेर ल्याउने गर्थे । समुदायमा रहेका व्यक्ति र परिवारहरू विद्यार्थीलाई भिक्षा दिनु आफ्नो कर्तव्य सम्झन्थे । त्यस्तै गरी बौद्ध धर्मावलम्बीमा गुम्बाहरूमा शिक्षा दिइन्थ्यो । गुम्बा पनि समुदायबाट नै संरक्षित थियो । विद्यार्थी भिक्षु भिक्षुणी बनेर गुम्बामा बस्ने शिक्षा लिने आफ्ना गुरुहरूको सेवा गर्ने गर्थे । समुदायका मानिसले बालबालिकाहरूलाई शिक्षा लिनका लागि भिक्षु भिक्षुणी बनाएर गुम्बामा ल्याएर राख्थे । त्यस्तै गरी इस्लाम धर्ममा शिक्षा लिनका लागि मदरसा प्रचलनमा थियो । मदरसा पनि इस्लाम समुदायबाटै ज्ञानगुनका कुरा सिक्न, शिक्षा लिन, प्रार्थना गर्नका लागि खुलेका थिए । त्यतिवेला सञ्चालित गुरुकुल शिक्षा, गुम्बामा प्रदान गरिने शिक्षा, मदरसा शिक्षा कुनैमा पनि राज्यले नियमित रूपमा जिम्मेवारी लिँदैनथे ।

समुदायले नै संरक्षण गरेर राखेका देखिन्थे । तर वर्तमान समयमा सञ्चालित सबै किसिमका शिक्षाका लागि सरकारले पनि नियमित रूपमा आर्थिक सहयोग गर्दछन् । यस्तै सहयोगहरूबाट नै विद्यालयको भौतिक संरचना निर्माण गर्ने गरिन्छ त्यस्तै शिक्षकलाई तलब भत्ताको व्यवस्था गर्ने, विद्यार्थीलाई छात्रवत्ति प्रदान गर्ने, निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने विज्ञान प्रयोगशाला, कम्प्युटर कक्षाको व्यवस्थापन आदि जस्ता कामहरू गरिन्छन् ।

नेपालमा जङ्गबहादुर राणाले वि.सं. १९१० मा दरबार हाइस्कुलको स्थापना गरेपछिको समयलाई आधुनिक शिक्षाको सुरुआत भएको मानिन्छ । यस दरबार हाइस्कुलबाट नै नेपालमा अङ्ग्रेजी शिक्षाको सुरुआत भएको थियो । तर त्यति वेला अङ्ग्रेजी शिक्षा दिने उद्देश्यले यो विद्यालय सञ्चालन भएकाले यसमा समुदायको कुनै किसिमको सहभागिता देखिँदैनथ्यो । राणा शासन कालको पछिल्लो समयमा देशका विभिन्न ठाउँहरूमा समुदायकै पहलमा विद्यालय स्थापना र सञ्चालन भएका थिए । जसमा समुदाय स्तरबाट विद्यालय सञ्चालनका लागि जग्गा प्रदान गर्ने, शिक्षकको व्यवस्थापन गर्ने, जनश्रमदानबाट विद्यालय भवन बनाउने जस्ता कामहरू गरिएका हुन्थे ।

राणा शासको अन्त्य र प्रजातन्त्रको स्थापना भएपछि थुप्रै विद्यालय खोलिएका थिए । प्रजातन्त्रको स्थापनापछि जनताहरूले पनि स्वतन्त्रता महसुस गर्न थाले । त्यस्तै गरी शिक्षाको महत्त्व पनि जनमानसमा बढ्दै गयो । त्यसैले सरकारको लगानीसँगै समुदाय स्तरबाट पनि विद्यालय खुल्ने क्रम बढ्दै जान थाल्यो । सरकारले वार्षिक रूपमा केही रकम दिन्थ्यो । विद्यालय सञ्चालनको जिम्मा समुदायलाई नै दिइएको थियो । हरेक विद्यालयमा सञ्चालक समितिको व्यवस्था गरिएको थियो । सरकारी अनुदानबाट विद्यालयका लागि सबै खर्च नपुग्ने भएकाले विद्यालय सञ्चालक समितिले श्रमदान जुटाएर विद्यालय भवन निर्माण गर्ने, चन्दा उठाएर शिक्षकका लागि तलबलगायत अन्य सेवा सुविधाहरू दिने गर्दथे भने कतिपय विद्यालयमा गुठीको समेत व्यवस्था गरिएको थियो ।

राष्टिय शिक्षा पद्धतिको योजना २०२८ लाई नयाँ शिक्षा योजना भनिन्छ । यस योजना लागु भएपछि राज्यले शिक्षालाई पूर्ण रूपले सरकारीकरण गऱ्यो । भइरहेको विद्यालय सञ्चालक समितिलाई परिवर्तन गरी विद्यालय सहयोग समिति भनी व्यवस्था गरेको थियो । विद्यालय सहयोग समिति विद्यालयलाई सहयोग गर्ने निकायकै रूपमा व्यवस्था गरिएको थियो तर पनि विद्यालयको भौतिक व्यवस्थापनमा भने समुदायकै प्रमुख भूमिका रहेको पाइन्छ । वि.सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको पुर्नस्थापना भयो । यसपछि त सरकारले नै शिक्षामा समुदायको भूमिका बढाउने नीति लियो । वि.सं २०२८ मा भएको विद्यालय सहयोग समितिको सट्टामा विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरेको थियो । यो व्यवस्था हालसम्म पनि रहेको छ । यसरी सरकारले प्रजातन्त्र पुर्नस्थापनापछि नेपालको शिक्षामा सामुदायिक सहभागिता बढाउने उद्देश्यले निश्चित अनुदान दिएर अरू व्यवस्थापन समुदायले नै गर्ने व्यवस्था गरी विद्यालय व्यवस्थापनको जिम्मा समुदायलाई लगाइएको थियो । अरू व्यवस्थापन भन्नाले विद्यालयको शैक्षिक योजना, व्यवस्थापन, मूल्याङ्कन, रेखदेख र नियन्त्रण गरी राम्रो शैक्षिक व्यवस्थापन र स्थानीय समुदायको क्षमतालाई शसक्त बनाउने भनेको हो । प्रजातन्त्र पुर्न स्थापनापछि नै विद्यालयलाई सामुदायिक विद्यालय र संस्थागत विद्यालय भनेर नामकरण गर्न थालियो । समुदायबाट सञ्चालित विद्यालयलाई सामुदायिक विद्यालय र निजी क्षेत्रबाट सञ्चालित विद्यालयलाई संस्थागत विद्यालय भनिन्थ्यो । नेपालका कतिपय ठाउँमा अभिभावकहरूले आफ्नो गास कटाएर विद्यालयलाई सहयोग गरेका छन् । स्थानीय मानिसको श्रमदान र आर्थिक सहयोगबाट विद्यालयको भौतिक संरचना निर्माण भएको छ । त्यस्तै गरी अभिभावकहरूले चन्दा उठाएर, सामुदायिक वनबाट भएको आम्दानी आदि जस्ता कामहरूबाट पैसा उठाएर शिक्षकलाई तलब खुवाउनेसमेत गरेका छन् । यसलाई पनि शिक्षाको विकासमा समुदायको सहभगिता भनेर भन्न सकिन्छ ।

### शिक्षामा समुदायको सहभागिता बढाउनका लागि नेपालमा भएका केही व्यवस्थाहरू

१. शिक्षा ऐन सातौँ संसोधन २०५८ र शिक्षा नियमावली २०५९ ले शिक्षामा सामुदायिक सहभागिता बढाउने उद्देश्यले केही व्यवस्थाहरू गरेका थिए ।

(क) ग्रामीण क्षेत्रमा ग्रामीण शिक्षा समितिको व्यवस्थापन

(ख) जिल्ला शिक्षा समितिमा स्थानीय निकायको प्रतिनिधि राख्ने व्यवस्था

(ग) विद्यालय व्यवस्थापन समितिमा अभिभावकको सहभागिता

(घ) विद्यालय व्यवस्थापन समितिलाई शिक्षक नियुक्ति शिक्षकका सेवा सुविधासम्बन्धी सर्तहरू कायम गर्ने अधिकार प्रदान

(ङ) विद्यालयको कोष व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिलाई पूर्ण रूपले स्वायत्तता प्रदान

२. स्थानीय स्वायत्त शासन ऐन २०५५ ले पनि विद्यालयलाई सामुदायिक बनाउनु पर्ने भनी उल्लेख गरेको थियो ।

३. नेपालको संविधानले स्थानीय सरकारलाई शिक्षासम्बन्धी नीति निर्माण गर्ने अधिकारको व्यवस्था गरेको छ । यसै अधिकारअन्तर्गत रहेर स्थानीय सरकारले स्थानीय सरोकारवालाहरूसँग उचित परामर्श र छलफल गर्ने र स्थानीय परिवेश, प्राथमिकता र आवश्यकतालाई ध्यानमा राखी नीति बनाउने काम गर्दछ । यसबाट पनि विद्यालयमा समुदायको सहभागिता बढ्ने आशा गर्न सकिन्छ ।

४. विद्यालय क्षेत्र विकास योजनाले विद्यालयको शैक्षिक योजना निर्माण, व्यवस्थापन, मूल्याङ्कन र रेखदेखमा स्थानीय समुदायका सरोकारवालाहरूलाई सहभागी गराउनु पर्ने कुरा उल्लेख गरिएको छ ।

### क्रियाकलाप

१. शिक्षाको विकासमा सरकारको भूमिकाभन्दा समुदायको भूमिका बढी महत्त्वपूर्ण हुन्छ । भन्ने सम्बन्धमा स्थानीय समाजसेवीसँग छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

२. शिक्षामा समुदायको सहभागिता बढाउन नेपाल सरकारद्वारा भएका प्रयासको लेखाजोखा गर्नुहोस् ।

## अभ्यास

अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू

(क) शिक्षामा समुदायको सहभागिता भन्नाले के बुझिन्छ ?

(ख) शिक्षामा समुदायको सहभागिताबाट हुने कुनै दुई फाइदा उल्लेख गर्नुहोस् ।

(ग) नेपालको सामुदायिक शिक्षामा समुदायको सहभागिता बढाउन तपाईँले अवलम्बन सक्ने कुनै एक उपाय लेख्नुहोस् ।

(घ) प्राचीन समयमा शिक्षा लिने दिने काम कसरी गरिन्थ्यो ?

(ङ) शिक्षाले समुदायको विकासमा खेल्न सक्ने कुनै एक भूमिका उल्लेख गर्नुहोस् ।

छोटो उत्तर आउने प्रश्नहरू

(क) शिक्षामा सामुदायिक सहभागिताको महत्त्व माथि प्रकाश पार्नुहोस् ।

(ख) शिक्षाको विकासमा समुदायले पुऱ्याउन सक्ने योगदानबारे चर्चा गर्नुहोस् ।

(ग) शिक्षाको कारणले परिवर्तन भएको तपाईंको समुदाय वा तपाईंको जिल्लामा रहेका कुनै समुदायको अवस्था अध्ययन गरी समाचारको नमुना बनाउनुहोस् ।

## समाचारको नमुना

### शिक्षामा समुदायको सहभागिता

*गोरखापत्र राष्ट्रिय दैनिक*

*काठमाडौँ, मङ्सिर ८,*

*नुवाकोट जिल्लाको लिखु गाउँपालिकामा आजभन्दा २० वर्ष अगाडि कुनै विद्यालय थिएनन् । सहरमा आफन्त हुने र साहुमहाजन भनाउँदाहरूले भने छोराछोरीलाई राजधानी काठमाडौँ राखेर पढाएका*

*थिए । हरिकृष्ण सहरमा स्नातकोत्तरसम्म पढाइ सकेर आफ्नै गाउँ फर्के । उनका बुबालाई गाउँमा सबैले मुखिया बा भनेर भन्ने गर्थे । सायद मुखियाकै छोरा भएकाले होला हरिकृष्णले सहरमा बसेर पढ्ने अवसर पाएका । हरिकृष्णले आफ्नो बुबासँग आफूलाई गाउँमा विद्यालय खोलेर सबै गाउँलेलाई शिक्षित बनाउने इच्छा भएको कुरा व्यक्त गरे । हरिकृष्णका बुबाले आफूले छोरालाई पढ्नका लागि राजधानी पठाएकामा सारै राम्रो गरेको भनी खुसी व्यक्त गरे र विद्यालय स्थापनाका लागि आफूले जग्गा दिने कुरा छोरालाई सुनाए । दुई बाबुछोरा मिलेर एकदिन गाउँलेलाई भेला गराएर गाउँमा नै विद्यालय खोल्न खोजेको र सबैको साथ र सहयोगको आवश्यकता पर्ने कुरा दर्शाए । बाबुछोराको कुरामा सबै गाउँलेहरूले सहमति जनाए र विद्यालय भवन बनाउन सबै मिलेर श्रमदान गर्ने कुरा बताए । यसरी हरिकृष्ण र उनका बाबुको पहलमा माध्यामिक तहसम्म पढाइ हुने विद्यालय स्थापना भयो । उक्त विद्यालयमा पढाउनका लागि हरिकृष्णले जिल्ला शिक्षा कार्यालयमा गएर भनसुन गरेर आफूसँगै सहरमा पढेका दुई जना साथीहरूलाई ल्याए । उनीहरूलाई बस्ने खाने व्यवस्था गाउँलेले नै मिलाए । सबै गाउँलेका छोराछोरीहरूले पढ्ने अवसर पाए । अभिभावक पनि आफूले पढ्न नपाए पनि छोराछोरीले आफ्नै गाउँमा नै पढ्ने अवसर पाएकामा अत्यन्त खुसी देखिन्छन् ।*

*समाचारदाता*

लामो उत्तर आउने प्रश्नहरू

(क) शिक्षाको विकासमा समुदायले पुऱ्याउन सक्ने योगदानहरू उल्लेख गर्दै नेपालमा शिक्षामा सामुदायिक सहभागिता बढाउन भएका प्रयास लेख्नुहोस् ।

पाठ ५

# शिक्षा र रोजगार

दिइएको समाचार अध्ययन गरौँ :

## शिक्षा र रोजगार

*गोरखापत्र राष्ट्रिय दैनिक*

*ललितपुर, पुष १०*

*कमलका बुबाआमा गाउँमा खेती किसान गर्नुहुन्थ्यो । उहाँहरूमा आफू पढ्न नपाए पनि छोराछोरीलाई पढाउनुपर्छ भन्ने सोच थियो । त्यसैले आफूहरूले दुःख गरेर पनि कमललाई सहरमा राखेर पढाउनु भयो । कमलले पनि बुबाआमाको दुःख सम्झेर बडो मिहिनेतका साथ स्नातकोत्तरसम्मको पढाइ पूरा गरे । पढाइ पूरा गरेपछि उनले सहरमा आफ्नो योग्यताअनुसारको नोकरी पनि पाएका थिए तर २, ३ महिना नोकरी गरेपछि उनलाई आफ्नै गाउँ फर्कन मन लाग्यो र गाउँमै बसेर एकिकृत कृषि फार्म सञ्चालन गर्ने निर्णय गरे । आफ्नो निर्णय बुबाआमालाई पनि सुनाए । उनको बुबाआमाले पढेलेखेको मानिस भएर हामीले जस्तो कृषि पेसा गर्ने हो र तिमीले त जागिर खानुपर्छ भन्ने सल्लाह दिनुभयो । उनले बुबाआमालाई राम्रोसँग सम्झाए । पछि बल्ल तल्ल बुबाआमा सहमत हुनुभयो । त्यसपछि उनले व्यावसायिक तरकारी खेती र सँगसँगै गाई फर्म र कुखुरापालन पनि सुरु गरे । अहिले उनको व्यवसायमा उनको परिवारका सदस्य सबै जनालाई काम पुगेको छ राम्रो आम्दानी गर्न पनि सफल भएका छन् । १० जना अन्य मानिसलाई समेत रोजगारी दिएका छन् ।*

*समाचारदाता*

(क) माथिको समाचारमा शिक्षा र रोजगारको सम्बन्ध कसरी प्रस्ट पार्न खोजिएको छ ?

शिक्षा र रोजगार एक अर्काका परिपूरक हुन् । सामान्यतया रोजगारी प्राप्त गर्नका लागि व्यक्तिसँग सम्बन्धित क्षेत्रको ज्ञान, सिप र शैक्षिक योग्यताको जरुरत पर्छ । उक्त ज्ञान, सिप र योग्यता औपचारिक वा अनौपचारिक शिक्षाबाट प्राप्त गर्न सकिन्छ । त्यसैले शिक्षालाई रोजगारीको आधारका रूपमा लिन सकिन्छ । शिक्षाले जीवनोपयोगी साथै सामाजिक सिपको पनि विकास गर्छ । यी सिपहरूबाट रोजगारीको अवसर प्राप्त गर्न मदत पुग्छ । व्यक्तिको गुणस्तरीय र सफल जीवनका लागि शिक्षालाई साधन र रोजगारीलाई साध्यको रूपमा लिन सकिन्छ । शिक्षामा व्यावहारिक अभ्यासको सुविधाले गर्दा रोजगारीको अवसर सुनिश्चित गर्न सकिन्छ । जसले शिक्षा आर्जन गरेको हुन्छ उसले सजिलैसँग राम्रो रोजगारीको अवसर पाउँछ र आफैँ पनि स्वरोजगार गर्न सक्छ । त्यस्तै गरी जसले शिक्षा आर्जन गरेको हुँदैन उसलाई रोजगारको अवसर पाउन पनि मुस्किल हुन्छ र राम्रो आम्दानी हुने किसिमको रोजगारी पनि पाउँदैन । त्यसैले शिक्षा र रोजगारको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ भनेर भन्न सकिन्छ । फेरी अर्को घटनाको अध्ययन गरौँ है त ?

कल्पनाको गाउँमा साधारण विषयको साथसाथै कक्षा ९ बाट नै प्राविधिक शिक्षा हाँसिल गर्ने विद्यालय पनि खोलिएको छ । साधारण विद्यालयमा Management, Humanities विषय र प्राविधिक विद्यालयमा पशुविज्ञान र सिभिल इन्जिनियरिङ विषयमा पढाइ हुन्छ । प्राविधिक शिक्षा पढेका विद्यार्थीको हातमा सिप भएका कारणले १२ कक्षा पास गरेपछि कसैले विभिन्न सरकारी र गैरसरकारी संस्थामा रोजगारी पाएका छन् भने कसैले गाउँमै भेटनरी क्लिनिक खोल्ने, कसैले घर जग्गाको कारोबारसम्बन्धी कन्सल्टेन्सी खोलेका छन् । साधारण विषय पढेकाहरू कतिपयले स्नातक तहमा अध्ययन गर्दैछन् भने कतिपयले हातमा सिप नभएका कारणले सानातिना रोजगारी गर्न बाध्य भएका छन् । कल्पना चाहिँ १२ कक्षा पास गरेर पशुविज्ञान विषयमा स्नातक गरिरहेकी छन् ।

(क) रोजगारीको अवसरका लागि साधारण र प्राविधिक शिक्षामध्ये कुन शिक्षा महत्त्वपूर्ण हुँदोरहेछ र किन ? माथिको घटनाबाट प्रस्ट पार्नुहोस् ।

## नेपालमा रोजगारीको वर्तमान अवस्था

नेपालमा रोजगारीको वर्तमान अवस्था सन्तोषजनक छैन । एकातिर देशमा आवश्यक मात्रामा रोजगारीका अवसरहरू उपलब्ध नहुँदा लाखौँ युवाहरू शैक्षिक बेरोजगार हुने गरेका छन् । अर्कोतिर देशको सक्रिय उमेर समूहको ठुलो शिक्षित मानिसको युवाशक्ति देशभित्रै रोजगारीका सम्भावनाहरूको खोजी गरी स्वावलम्बी र स्वरोजगार भएर देशभित्रै सङ्घर्ष गर्ने मानसिकतामा नरहेको देखिन्छ । त्यस्तै एकथरी युवाको ठुलो सङ्ख्या वैदेशिक रोजगारीका लागि बाहिर गएको अवस्था छ । नेपालमा रोजगार गर्नेहरू पनि कोही निजी सङ्घसंस्थाहरूमा र कोही सरकारी सङ्घसंस्थाहरूमा कार्यरत देखिन्छ । सरकारी क्षेत्रमा रोजगारीका लागि अत्यत्त प्रतिस्पर्धा देखिन्छ । निजी अनौपचारिक रोजगार तथा स्वरोजगारको क्षेत्र पनि त्यति फराकिलो छैन । नेपालमा आर्थिक क्रियाकलाप पनि सीमित, उत्पादन तथा सेवाको क्षेत्र पनि सीमित र कलकारखानाहरू पनि सीमित रहेको छ । त्यसैले रोजगारीका लागि सरकारी सेवामा जस्तै तीव्र प्रतिस्पर्धा रहने अनुमान गर्न सकिन्छ । पुँजी निर्माणका लागि सक्षम उद्यमीहरूको सङ्ख्या पनि कम रहेकाले लगानीयोग्य वातावरणको सम्भावना पनि कम नै देखिन्छ । वर्तमान शिक्षा पद्धतिले पनि व्यक्तिमा श्रमप्रतिको सम्मान जगाउन सकेको देखिँदैन । तसर्थ कामलाई ठुलो वा सानोको रूपमा श्रेणीकरण गर्ने प्रचलन बढेको पाइन्छ । यसले समाजमा शिक्षित व्यक्तिले सानो काम गर्न हुँदैन भन्ने गलत मानसिकता पनि बढेको देखिन्छ । यसले देशमा कमाएर खाने वर्गभन्दा पनि कमाएको खाने वर्ग उत्पादन हुन पुगेको अवस्था छ ।

देश विकासको मुख्य आधार शिक्षा हो र शिक्षित जनशक्तिले सजिलै रोजगारीका अवसरहरू पाउँछन् भन्दा भन्दै पनि नेपालमा विविध कारणहरूले बेरोजगार जनशक्तिको सङ्ख्या बढ्दै गएको देखिन्छ । यसरी बेरोजगारी जनशक्तिको सङ्ख्या बढ्दै जानुका कारणहरू निम्नअनुसार रहेका छन् ।

१. विश्वविद्यालयले उत्पादन गरेका श्रमशक्तिमा पर्याप्त मात्रामा सैद्धान्तिक ज्ञान भए तापनि प्राविधिक, व्यावहारिक तथा प्रयोगात्मक ज्ञानको कमीका कारणले थोरैले मात्र रोजगारी पाइरहेको अवस्था देखिन्छ ।

२. सम्भावना बोकेका श्रमशक्ति विदेश पलायन हुँदा पनि नयाँ रोजगारीका अवसर सिर्जना हुन नसकेको देखिन्छ ।

३. नेपाली श्रमशक्तिसँगको सिप तथा दक्षताअनुसारको अवसर नेपाली श्रम बजारमा नभएका कारणले गर्दा पनि बेरोजगार जनशक्तिको सङ्ख्या बढ्दै गएको देखिन्छ ।

४. देशमा प्रशस्त मात्रामा उद्योगधन्दा कलकारखानाहरू खुल्न नसकेको कारणले पनि प्रशस्त मात्रामा रोजगारीका अवसर उपलब्ध हुन सकेका छैनन् ।

५. नेपालमा ठुलो सङ्ख्यामा जनशक्ति कृषिमा निर्भर हुनु र कृषिमा आधुनिकीकरण हुन नसक्नु पनि बेरोजगारीको मुख्य कारण हो ।

६. देशमा प्रशस्त मात्रामा व्यापार व्यवसाय बढ्न नसकेका कारणले पनि रोजगारीका अवसरहरूको सिर्जनामा कमी आएको देखिन्छ ।

७. नेपाली श्रमबजारमा कामलाई ठुलो सानो मान्ने प्रवृत्ति हावी रहेका कारणले पनि बेरोजगारी समस्या बढ्दै गएको देखिन्छ । साँच्चै भन्दाखेरि जुन देशमा बेरोजगारी समस्या हुँदैन त्यो देश विकसित हुन्छ र जुन देशमा बेरोजगारी समस्या मुख्य समस्याका रूपमा रहेको हुन्छ त्यो देशमा हरेक क्षेत्रहरूमा समस्या उत्पन्न भइरहेका हुन्छन्  किनभने कुनै पनि देश विकासको मुख्य आधार भनेका जनता हुन् र बेरोजगारी समस्या भनेको जनताले आफूसँग भएको सिप र क्षमताअनुसार काम नपाएको अवस्था हो । त्यसैले राज्यले बेरोजगारी समस्याको समाधानका लागि विभिन्न उपाय अवलम्बन गर्नुपर्ने हुन्छ ।

   १. गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा : प्राविधिक तथा व्यावसायिक शिक्षा भनेको रोजगारमूलक शिक्षा हो किनभने प्राविधिक तथा व्यावसायिक शिक्षाले व्यक्तिलाई ज्ञान, सिप र क्षमता प्रदान गर्छ । जसबाट रोजगारी तथा स्वरोजगारीको अवसर प्राप्त हुन सक्छ र बेरोजगारी समस्या समाधान हुन्छ ।

   २. कृषिमा आधुनिकीकरण र बजारीकरण : नेपालमा बेरोजगारी समस्या समाधानका लागि कृषिको विकास गर्नु अति नै आवश्यक छ यसका लागि व्यावसायिक तथा आधुनिक कृषि प्रणालीमा जोड दिइनुपर्दछ । किसानलाई तालिम, आधुनिक कृषि औजारका सामग्रीहरूको उपलब्धता, सिँचाइ सुविधा आदि प्रयत्नबाट नेपालमा कृषिको विकास गर्न सकिन्छ ।

   ३. तीव्र औद्योगिकीकरण : देशमा प्रशस्त मात्रामा उद्योगहरूको स्थापना भयो भने ति उद्योगमा काम गर्नका लागि प्रशस्त जनशक्तिको आवश्यकता पर्दछ । त्यस्तै गरी कच्चा पदार्थ उत्पादनमा संलग्न हुने र उत्पादित सामाग्रीको बिक्री वितरणमा संलग्न हुने जनशक्तिहरूले पनि रोजगारी पाउँछन् जसबाट देशमा भइरहेको बेरोजगारी समस्या समाधानमा मदत पुग्छ ।

   ४. जनसङ्ख्या व्यवस्थापन : हाम्रो नेपाल जस्ता विकासोन्मुख मुलुकमा तीव्र जनसङ्ख्या वृद्धिका कारणले पनि बेरोजगारी समस्या बढ्दै गएको भनिन्छ । त्यसैले जनसङ्ख्या शिक्षा, जनचेतनामूलक कार्यक्रम सञ्चालन, महिला शिक्षा र परिवार योजना जस्ता

उपायहरूबाट जनसङ्ख्या वृद्धि नियन्त्रण गर्न सकिएमा पनि बरोजगारी समस्या केही हदसम्म कम गर्न सकिन्छ ।

५. पुँजी निर्माण : जनताले आफ्नो आम्दानीको केही भाग कटौतीबाट भएको बचतलाई पुन: आम्दानी योग्य कार्यमा लगानी गर्नुलाई पुँजी निर्माण भनिन्छ । यदि देशमा पुँजी निर्माण तथा आम्दानी योग्य लगानीमा जोड दियो भने बेरोजगारी समस्या समाधान गर्न मदत पुग्छ ।

६. लगानीमैत्री वातावरण : लगानी मैत्री वातावरण भयो भने देशमा उद्योग, व्यापार तथा विकास निर्माणका कार्यहरूमा लगानी गर्नेहरूको सङ्ख्यामा वृद्धि हुन्छ । त्यसैले राज्यले स्वदेशी तथा विदेशी लगानी कर्ताहरूलाई आकर्षित गर्ने खालको नीति लिनुपर्दछ । यसबाट देशमा भएको स्रोत साधनको परिचालन हुनाको साथै बेरोजगारी समस्या समाधानमा पनि मदत पुग्छ ।

७. छोटो तथा लामो अवधिका सिपमूलक तालिम : देशका जनतालाई लामो तथा छोटो अवधिका सिपमूलक तालिम दिइनुपर्दछ जसबाट ज्ञान, सिप र क्षमता विकासमा मदत पुग्छ । यसरी ज्ञान, सिप र क्षमताले भरिपूर्ण मानिसले रोजगारको अवसर प्राप्त गर्न वा स्वरोजगारको अवसर सिर्जना गर्न सक्छ जसबाट ऊ आफू मात्र नभई अरूलाई समेत रोजगार दिन सक्छ ।

८. वैदेशिक सिप तथा दक्षताको उपयोग : हाम्रो देशबाट पछिल्लो समयमा वैदेशिक रोजगारमा जानेहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको छ । यसरी वैदेशिक रोजगारमा गएकाहरूलाई स्वदेशमा फिर्ता ल्याएर उनीहरूमा भएको सिप र दक्षताको उपयोग गरी विभिन्न व्यावसायिक गतिविधिहरूमा लगानी गर्न सकियो भने पनि देशमा बढ्दै गइरहेको बेरोजगारी समस्या समाधानमा मदत पुग्छ ।

९. सुशासन र कुशल नेतृत्व

यदि देशमा कुशल नेतृत्व, सुशासित सेवा प्रवाह, राजनीतिक स्थिरता भयो भने आर्थिक विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन हुन्छन् । जसबाट रोजगारीका अवसर सिर्जना भई बेरोजगारी समस्या समाधान गर्न मदत पुग्छ ।

१०. रोजगार प्रवर्धनका कार्यक्रमहरू सञ्चालन : देशमा नयाँ नयाँ रोजगार प्रवर्धनका प्रशस्त सम्भावनाहरू रहेका छन् । त्यस्ता क्षेत्रहरू जस्तै कृषिको विकास, खनिज सम्पदाको सदुपयोग जलस्रोतको उपयोग गरी तिनीहरूको विकास गर्न सकेमा रोजगारका अवसरहरूको सिर्जना भई गरिबी निवारण तथा बेरोजगारी समस्या समाधानमा मदत पुग्छ ।

११. उद्यमशिलताको विकास

राज्यले आफ्ना नागरिकलाई उद्यमशिलताको क्षमता विकासका लागि तालिम र व्यवसाय सञ्चालनका लागि ऋण सुविधा उपलब्ध गराइनुपर्दछ । यदि देशमा भएका बढीभन्दा बढी जनशक्तिलाई उद्यमी बनाउन वा उद्यमशिलताको विकास गराउन

सकियो भने देशमा प्रशस्त मात्रामा उद्योग तथा व्यवसायहरू सञ्चालन हुने छन् जसबाट बेरोजगारी समस्या समाधानमा मदत पुग्छ ।

### क्रियाकलाप

१. पढेलेखेको मानिसले गाइवस्तु पाल्ने तथा खेतीपाती गर्ने जस्ता साना कामहरू गर्नुहुँदैन भन्ने तपाईंका छिमेकीलाई के सल्लाह दिनुहुन्छ ?

२. शिक्षाले रोजगारीको ढोका खोलिदिन्छ भनेर ढुक्क हुनुभन्दा कुनै विषयमा सिपमूलक शिक्षा हाँसिल गरेर रोजगार नपाएमा स्वरोजगार गर्नुपर्छ भन्ने मानसिकता तयार गर्न सल्लाह दिँदै सहरमा गएर पढ्न बसेको साथीलाई चिठी लेख्नुहोस् ।

३. शिक्षा र रोजगार शीर्षकमा वक्तृत्ता तयार गर्नुहोस् ।

### अभ्यास

अति सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू

(क) शिक्षा र रोजगारको सम्बन्धलाई एक वाक्यमा उल्लेख गर्नुहोस् ।

(ख) बेरोजगार भनेको के हो ?

(ग) बौद्धिक पलायन भनेको के हो ?

छोटो उत्तर आउने प्रश्नहरू

(क) साधारण शिक्षा र व्यावसायिक शिक्षाबिचमा फरक छुट्याउनुहोस् ।

(ख) बौद्धिक पलायन रोक्नका लागि गर्नुपर्ने उपायहरू उल्लेख गर्नुहोस् ।

(ग) शिक्षा र रोजगारको सम्बन्धलाई व्याख्या गर्नुहोस् ।

(घ) नेपालमा बेरोजगारी समस्याका कुनै पाँच कारण उल्लेख गर्नुहोस् ।

लामो उत्तर आउने प्रश्नहरू

(क) नेपालमा बेरोजगारी समस्याका कारण र समाधानका उपायक उल्लेख गर्नुहोस् ।

(ख) शिक्षा र रोजगारको सम्बन्धलाई विभिन्न उदाहरणहरूसहित विश्लेषण गर्नुहोस् ।